नेपाल

मानवअधिकार वर्ष पुस्तक २००४

यस वर्षको उल्लेख्य

अवरुद्ध प्रजातान्त्रिक अभ्यास

मानवअधिकार वर्ष पुस्तक २००४

(०५९ पुस १७ गतेदेखि ०६० पुस १६ गतेसम्म अर्थात् सन् २००३ भरिका घटनाहरुको संकलन)

मुख्य संयोजक
कुन्दन अर्याल

सम्पादक
कृष्ण गौतम

सम्पादन मण्डल
योगीश खरेल
प्रकाश ज्ञवाली

मानवअधिकार र सामाजिक न्यायका निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

कलंकी, स्युचाटार
पोष्ट बक्स २७२६, काठमाडौं, नेपाल
फोन नं. ४२७८७७०, फ्याक्स नं. ४२७०५५१
e-mail: insec@insec.org.np
Web-site: www.insec.org.np

मानवअधिकार वर्ष पुस्तक २००४

संयोजक

प्रेक्षा ओझा
(प्रमुख, मानवअधिकार प्रलेख, प्रसार तथा संरक्षण केन्द्र)

प्रकाशन मिति

०६० चैत २७ गते

संख्या

तीन हजार प्रति

प्रकाशक

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

सर्वाधिकार

इन्सेकमा सुरक्षित

(यस पुस्तकमा प्रकाशित सामग्री इन्सेकको श्रोत उल्लेख गरी पुनर्मुद्रण गर्न सकिनेछ।)

आई.एस.बी.एन. ९९९३३-८५८-१-६

आवरण तथा ले-आउट

गोविन्द प्रसाद त्रिपाठी

तथ्यांक प्रशोधन

सुरेश रन्जित
प्रमीन घिमिरे

मूल्य

रु. २००।-

मुद्रक

इन्द्रेणी अफसेट प्रेस
अनामनगर, फोन नं. ४७७१४४८

अर्को वर्ष यस्तो लेख्न नपरोस

मानवअधिकार वर्ष पुस्तकको बाह्रौं श्रृंखला तपाईंको हातमा छ। तर दु:खको कुरा, मानवअधिकार अवस्था वितेका वर्षहरुभन्दा झन विग्रिएको यथार्थ, यसमा समेटिएका तथ्य तथ्याङ्कले प्रस्तुत गरेका छन्। यो दस्तावेज पढ्दा युद्धरत् पक्षहरुले जनतामा लादेको विभिषिकाको वर्णन मिल्ने छ।

सन् २००३ अवसरहरुवाट वञ्चित पारिएका जनता र उनीहरुको प्रतिनिधित्व गर्ने राजनीतिक दलहरुको वेवास्ता र अपमानको वर्षका रुपमा वित्यो। हिंसा र अशान्तिका कारण आमजनता आधारभूत मानवअधिकारवाटै वञ्चित रहे। तर जनताले शान्तिकालागि प्रयास जारी राखे। आज जनता सामाजिक न्याय र शान्तिको वहालीको आशा साँचेर अवरुद्ध प्रजातान्त्रिक अभ्यासलाई सच्याउन क्रियाशील छन्। आम नेपालीको यही एक्काइशौं शताब्दीसापेक्ष चेतनामा देशको भविष्य सन्निहित छ। हामी यही आधारमा भोलिको प्रजातन्त्र र मानवअधिकारको उन्नत भविष्यको कामना गर्दछौं।

हामी नेपाली एकीकृत राष्ट्र निर्माणको झण्डै साढे दुई सय वर्ष वितिसक्दा पनि आधुनिक मनोविज्ञान र सामाजिक न्यायप्रतिको मानव चेतना अंगीकार गर्न नसक्नाको पीडावोध गरिरहेका छौं। तसर्थ: नेपालमा राजतन्त्रको प्रजातान्त्रिकरण वा संविधानको पालनाको सवाल मानवअधिकार संस्कृति र सामाजिक न्यायको वहालिका निम्ति अत्यन्त महत्वपूर्ण छ। आशा गरौं आउँदो वर्ष पुस्तकमा हामीले यस दिशामा भएको सकारात्मक परिवर्तनकावारेमा लेख्न पाउनेछौं। हाम्रा प्रधानमन्त्रीले हाम्रो तमाम कानूनी व्यवस्था र नेपालको अन्तर्राष्ट्रिय प्रतिवद्धतालाई पच्चीस बुँदामा समेटेर संसारसमक्ष दोहोऱ्याउनु परेको कुरा अर्को वर्ष पुस्तकमा समेटिने छ। सरसर्ति हेर्दा यो विषयमा सरकारलाई धन्यवाद दिनु पर्ने हो। तर सरकारले मानवअधिकार उल्लंघनका क्रममा कमाएको कुख्यातीका कारण नै यसरी विद्यमान कानुनी व्यवस्थालाई दोहोऱ्याउनु पर्ने अवस्था आएको हो। तसर्थ: सरकारले फेरि फेरि पनि खोक्रो प्रतिवद्धता दोहोऱ्याउने काम मात्र नगरोस् भन्ने कुरामा जोड दिन जरुरी छ।

प्रजातन्त्र र सामाजिक न्यायको सम्मान गर्ने राज्यको फौज सिमानाभित्रै एकलौटी विजयका लागि खट्दैन। जनताको सुरक्षाका लागि खट्छ। तर यो वर्ष पनि प्रजातन्त्र र मानवअधिकारको सवाललाई हिंसा र प्रतिहिंसाको चपेटामा ज्यादै कम्जोर पारियो। माओवादी समस्याको निराकरणको वाध्यकारी उपायका रुपमा राज्यकातर्फवाट वल प्रयोग हुन थालेपछिको सवा दुई वर्षमा निर्दोष मानिसमाथि गरिएको स्वेच्छाचारी आक्रमणले समस्यालाई झनझन वल्झाउन थालेको छ। यही कारण नेपालको मानवअधिकार अवस्थाका सम्वन्धमा अन्तर्राष्ट्रिय रुपमै ज्यादै चिन्ता गर्न थालिएको छ।

माओवादीहरुवाट भइरहेको मानवअधिकारमाथिको ज्यादती निश्चय पनि ठूलो चिन्ताको विषय हो। प्रजातन्त्रको रक्षाकै नाममा माओवादीहरुउपर पनि वल प्रयोग गरिंदैछ। राज्यले माओवादीहरुसंग ज्यादतीको मामिलामा प्रतिस्पर्धा गर्न पाउँदैन्। त्यसो गर्न थालियो भने कानुनी राज र प्रजातन्त्रको अस्तित्व पूरै नामेट हुन पुग्नेछ।

माओवादी समस्याको सम्पूर्ण समाधान सैन्य वलको प्रयोगवाट हुन सक्दैन भन्ने कुरा सरकार र सैन्य रणनीतिका हस्तीहरुलाई पनि थाहा छ। यस सन्दर्भमा अझ डरलाग्दो कुरा के छ भने वलको अनुचित, स्वेच्छाचारी र गैरकानूनी ढंगले प्रयोग हुन थाल्यो भने माओवादी समस्या अझ वल्झिन जाने प्रवल सम्भावना रहन्छ। यस सन्दर्भमा, सेनाले आधिकारिक रुपमा केही घट्नामा आफ्नोतर्फवाट भएको वलको गलत प्रयोग स्वीकार गर्नु सकारात्मक कुरा हो। तर अत्यन्तै चिन्ताजनक र डरलाग्दो प्रवृति के छ भने कारवाहीका क्रममा गलत ढंगले सर्वसाधारणको मृत्यु भएको तथ्य सार्वजनिक हुँदा पनि ढाकछोप गर्न खोजिन्छ। ज्यादै वढी दवाव परेपछि यदाकदा सुरक्षाफौजले गल्ति स्वीकार गर्छ। सरकार भने रत्तिभर उत्तरदायित्व निर्वाह गर्दैन र सम्पूर्ण मामिलामा उसको स्थान कहीं देखिदैन।

हामीले वर्षपुस्तकमा मानवअधिकारका सम्वन्धमा हाम्रो अध्ययन मात्र प्रस्तुत गरेका छैनौं। मानवअधिकारको सवालमा सरोकारको घेराभित्र पर्ने सवैको धारणा समेट्न खोजेका छौं। यस क्रममा सन् २००३ को मानवअधिकार अवस्थाका सम्वन्धमा आ-आफ्नो धारणा उपलव्ध गराई सहयोग गर्नु भएकोमा राष्ट्रिय मानवअधिकार आयोग लगायत राजनीतिक पार्टीहरु, विभिन्न संघ-संस्था र सरकारका विभिन्न निकायहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

मानवअधिकार वर्ष पुस्तक सन् २००४ तयार गर्ने काममा संलग्न सर्मपूण साथीहरु र हामीलाई नैतिक, भौतिक तथा वौद्धिक सहयोग गर्ने नोराड, इको तथा इइडीप्रति आभार व्यक्त गर्दछु। यससन्दर्भमा गएको वर्ष नोराडले विगतका वर्ष पुस्तकहरुको समीक्षा गरी कतिपय सुधारका निम्ति हामीलाई गरेको सहयोग ज्यादै महत्वपूर्ण रहेको कुरा पनि उल्लेख गर्दछु। यो वर्ष इन्सेकका महासचिव कुन्दन अर्यालको नेतृत्वमा सम्पूर्ण परिच्छेद् तयारीको कार्य पनि संस्थाभित्रैवाट सम्पन्न गरिएको छ। यसक्रममा परिच्छेद् लेखक र समीक्षकका रुपमा आफ्नो भूमिका निर्वाह गर्नु हुने सम्पूर्ण सहकर्मीहरुमा विशेष धन्यवाद ज्ञापन गर्दछु। कठिन परिस्थितिमा पनि मानवअधिकार उल्लंघनका घटनाहरुको विवरण संकलन गर्ने जिल्ला-जिल्लाका प्रतिनिधिहरु विशेष धन्यवादका हकदार छन्। विभिन्न परिच्छेदलाई अंग्रेजीवाट नेपालीमा वा नेपालीवाट अंग्रेजीमा रुपान्तर गरी सहयोग गरी दिनु भएकोमा पत्रकारहरु विनोद भट्टराई, सुरेश आचार्य, चुनवहादुर गुरुङ र विधुप्रकाश कायस्थप्रति आभार व्यक्त गर्दछु।

नयाँ वर्ष ०६१ सवैका निम्ति मंगलमय होस् र आउँदो वर्ष मानवअधिकारका सम्वन्धमा हामीलाई उपलव्धीका विवरण प्रस्तुत गर्ने मौका मिलोस्।

सुझाव र प्रतिक्रियाको अपेक्षा सहित।

सुबोधराज प्याकुरेल
अध्यक्ष

०६० चैत २७ गते

विषय सूची

पृष्ठ संख्या

भूमिका

परिच्छेदहरु

परिच्छेद १	सन् २००३ को मानवअधिकार स्थिति : समग्र मूल्यांकन	१
परिच्छेद २	अवरुद्ध प्रजातान्त्रिक अभ्यास	२१
परिच्छेद ३	राज्य र मानवअधिकार	
	३.१ न्यायपालिका	३७
	३.२ कार्यपालिका	४९
	३.३ व्यवस्थापिका	६९
परिच्छेद ४	बढ्दो वर्बरता र अमानवीय क्रियाकलाप	८७
परिच्छेद ५	सशस्त्र द्वन्द्व र आन्तरिक विस्थापन	९५
परिच्छेद ६	आदिवासी जनजाति र मानवअधिकार	१०७

अनुसूचीहरु

अनुसूची १	सन् २००३ र मानवअधिकार उल्लंघनका तथ्यहरु	
	१. पूर्वाञ्चल	१३१
	२. मध्यमाञ्चल	२१९
	३. पश्चिमाञ्चल	३५५
	४. मध्यपश्चिमाञ्चल	४२५
	५. सुदूर पश्चिमाञ्चल	५२५
अनुसूची २	मानवअधिकार उल्लंघन तथ्यांक २००३	५७७
अनुसूची ३	सन् २००३ को मानवअधिकार स्थितिबारे राजनीतिक पार्टीका धारणा	५९३
अनुसूची ४	सन् २००३ को मानवअधिकार स्थितिबारे विभिन्न क्षेत्रका धारणा	६०५
अनुसूची ५	क्रिया प्रतिक्रिया	६१५
अनुसूची ६	नेकपा (माओवादी) को तर्फबाट वार्ताका क्रममा प्रस्तुत प्रस्तावको सारसंक्षेप	६२५
अनुसूची ७	वर्ष पुस्तक २००४ तयारीका क्रममा संलग्न व्यक्तिहरु	६३३
अनुसूची ८	सन् २००३ मा राज्यद्वारा पीडित भएकाहरुको संख्या	

जिल्लागत विषय सूची

१. पूर्वाञ्चल

१.१ झापा १३५
१.२ इलाम १३८
१.३ पाँचथर १४३
१.४ ताप्लेजुङ १४९
१.५ मोरङ १५२
१.६ सुनसरी १६१
१.७ धनकुटा १६५
१.८ तेह्रथुम १६९
१.९ भोजपुर १७५
१.१० संखुवासभा १७८
१.११ सप्तरी १८४
१.१२ सिराहा १८९
१.१३ उदयपुर १९८
१.१४ खोटाङ २०४
१.१५ ओखलढुङ्गा २१२
१.१६ सोलुखुम्बु २१५

२. मध्यमाञ्चल

२.१ धनुषा २२१
२.२ महोत्तरी २२९
२.३ सर्लाही २३५
२.४ सिन्धुली २४२
२.५ रामेछाप २५१
२.६ दोलखा २५९
२.७ रौतहट २६५
२.८ बारा २७५
२.९ पर्सा २८०
२.१० चितवन २८४
२.११ मकवानपुर २९०
२.१२ ललितपुर २९७
२.१३ काभ्रे ३०३
२.१४ भक्तपुर ३११
२.१५ काठमाडौं ३१५
२.१६ धादिङ ३३२
२.१७ सिन्धुपाल्चोक ३४१
२.१८ नुवाकोट ३४७
२.१९ रसुवा ३५१

३. पश्चिमाञ्चल

३.१ तनहुँ ३५७
३.२ गोरखा ३६१
३.३ लमजुङ ३६४
३.४ स्याङ्जा ३६८
३.५ कास्की ३७१
३.६ मनाङ ३७८
३.७ नवलपरासी ३७९
३.८ रुपन्देही ३८६
३.९ पाल्पा ३९१
३.१० कपिलवस्तु ३९५
३.११ अर्घाखाँची ४०२
३.१२ गुल्मी ४०६
३.१३ वाग्लुङ ४११
३.१४ पर्वत ४१५
३.१५ म्याग्दी ४१९
३.१६ मुस्ताङ ४२२

४. मध्यपश्चिमाञ्चल

४.१ दाङ ४२७
४.२ प्युठान ४३६
४.३ रोल्पा ४४०
४.४ सल्यान ४४६
४.५ रुकुम ४५६
४.६ बाँके ४६२
४.७ वर्दिया ४७०
४.८ सुर्खेत ४७९
४.९ जाजरकोट ४९०
४.१० दैलेख ४९७
४.११ डोल्पा ५०२
४.१२ जुम्ला ५०४
४.१३ कालिकोट ५०९
४.१४ मुगु ५१५
४.१५ हुम्ला ५१९

५. सुदूरपश्चिमाञ्चल

५.१ कैलाली ५२७
५.२ अछाम ५३६
५.३ डोटी ५४४
५.४ बाजुरा ५४७
५.५ बझाङ ५५३
५.६ कञ्चनपुर ५५६
५.७ डडेलधुरा ५६३
५.८ बैतडी ५६९
५.९ दार्चुला ५७४

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सन् १९८८ देखि मानवअधिकार तथा सामाजिक न्यायका लागि कार्यरत छ। लगभग ५० वटा आवद्ध संस्थाहरु मार्फत यसका कार्यक्रमहरु देशभर संचालित छन्। मानवअधिकार उल्लंघनका घटनाहरुलाई अध्ययन अनुगमन गर्नका लागि यसले देशका पचहत्तरै जिल्लामा प्रतिनिधिहरुको व्यवस्था गरेको छ। पाँचवटै विकास क्षेत्रमा यसका क्षेत्रीय कार्यालयहरु छन्।

०५९ चैत २८ गते सम्पन्न साधारण सभाले ३ वर्षका लागि चयन गरेको कार्यसमिति

सल्लाहकार - सुशील प्याकुरेल
- प्रा. पवनकुमार ओझा
- विनयकुमार कसजू

निवर्तमान अध्यक्ष - डा. शिव शर्मा

अध्यक्ष - सुवोधराज प्याकुरेल
महासचिव - कुन्दन अर्याल
कोषाध्यक्ष - सुजिता शाक्य

सदस्यहरू
- हमिद अन्सारी
- आर के मण्डल
- पुष्पा कर्ण
- मुक्तसिंह लामा
- योगेन्द्र गुरुङ
- ज्ञानु गैरे
- विजन पन्त
- गंगादेवी कसजू

निर्देशकहरु तथा निम्न केन्द्रहरु मार्फत् इन्सेकको दैनान्दिन कार्य सम्पादन गरिन्छ ।

मानवअधिकार शिक्षा तथा तालिम केन्द्र (HRE)

साक्षरता संचेतना मार्फत ग्रामीण क्षेत्रमा मानवअधिकार शिक्षा, मानवअधिकार सम्बन्धी तालिम, मानवअधिकारको सम्वर्द्धनमा स्थानीय क्षेत्रका मानवअधिकार संस्थाहरुसँग सहकार्य।

अलाभान्वित समुदायका लागि सामाजिक अभियान केन्द्र (DGC)

वालवालिका, महिला, दलित, कृषिमजदुर, शान्ति र विकासका लागि द्वन्द्व व्यवस्थापन, जनजाति तथा अन्य पीछडिएका समुदायको अधिकार प्राप्तिको लागि उनीहरुलाई नै सक्रिय वनाउँदै विभिन्न अभियान कार्यक्रम मार्फत शसक्तीकरण कार्यक्रम, बाल अधिकार सचेतना समूह (२३५), महिला सचेतना समूह।

मानवअधिकार प्रलेख तथा प्रसारण केन्द्र (DDC)

मानवअधिकार उल्लंघन सम्वन्धी घटनाहरुको अध्ययन, अनुसन्धान, मानवअधिकार उल्लंघन तथा ज्यादतीका घटनाका सम्बन्धमा स्थलगत अध्ययन, दैनिक रुपमा मानवअधिकार सम्वन्धी घटनाहरुको अध्यावदिक विभिन्न प्रकाशनहरु मानवअधिकार वर्ष पुस्तक, मानवअधिकार स्थिति सूचक (त्रैमासिक), प्राची (द्वैमासिक), इन्फर्मल (त्रैमासिक), इन्सेक अभियान (मासिक), वेब पेज, इ-वुलेटिन (साप्ताहिक), मानवअधिकार रेडियो शिक्षा कार्यक्रम प्रत्येक शनिवार विहान ८.३५ वजे रेडियो नेपालवाट मार्फत प्रसारण एवं वितरण, रेडियो श्रोता क्लब (८३०)।

मानवअधिकार सन्धी अनुगमन केन्द्र (TMC)

मानवअधिकार सम्वन्धी विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन, नियम, नियमावली, सन्धी, सम्झौताको नियमित अध्ययन, अनुसन्धान, प्राथमिकता ६ महासन्धीहरु ICCPR, ICESCR, CAT, CRC, CEDAW,CERD यिनीहरुको सम्वन्धमा राज्य पक्षको दायित्व नियमित प्रतिवेदन पठाउने, जनवकालत, पठाइएका प्रतिवेदनको अनुगमन तथा वैकल्पिक एवं छायाँ प्रतिवेदन पठाउन अन्य मानवअधिकार एवं नागरिक समाजका विभिन्न संस्थाहरुसंग संयोजन, सहजीकरण, सञ्चारमाध्यमवाट राजनीतिक, नागरिक, सामाजिक, आर्थिक र सांस्कृतिक पक्षहरुवाट प्राप्त सूचना, अभिव्यक्ति एवं लेख रचनाहरुको नियमित विश्लेषण।

व्यवस्थापन सहयोग केन्द्र

माथिका सवै कार्यक्रमहरुको व्यवस्थापनमा सहयोग।

क्षेत्रीय कार्यालयहरू :

- **पूर्वाञ्चल क्षेत्रीय कार्यालय**, जनपथ टोल, विराटनगर। फोन नं. ०२१-५२४०२५, ५२८५२१
- **मध्यमाञ्चल क्षेत्रीय कार्यालय**, कलंकी, स्युचाटार, काठमाण्डौ। फोन नं. ०१- ४२८५४६१
- **पश्चिमाञ्चल क्षेत्रीय कार्यालय**, नागढुंगा, पोखरा। फोन नं. ०६१- ५२६५१२
- **मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय**, आदर्शनगर, सुर्खेतरोड, नेपालगञ्ज। फोन नं. ०८१- ५२४५०४, ५२२०६८
- **सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय**, हसनपुर, धनगढी। फोन नं ०९१- ५२३२४४, ५२१०८९

परिच्छेद १

सन् २००३ को मानवअधिकार स्थिति : समग्र मूल्यांकन

इतिहासले सन् २००३ लाई हत्या, हिंसा र अन्यौलको वर्षको रुपमा चित्रण गर्नेछ। यो वर्ष राज्य र माओवादी दुवै पक्षबाट मानिसको बाँच्न पाउने अधिकारको व्यापक हनन् भयो। नेपाली समाजका कुनै पनि वर्ग, समुदाय वा पेशाका मानिस यसको मारबाट अछुतो रहेनन्। यस वर्ष माओवादी र सरकारबीच तीन चरणसम्म शान्तिवार्ता भयो। वार्ता अवधिमा माओवादी र राज्यपक्षबाट प्रति दिन सरदर एकजना मानिस मारिने गरेका थिए। तर तेस्रो चरणको वार्ता टुंगिनासाथ माओवादीले युद्धविराम भंग गरेपछि सात महिना मत्थर भएको हत्या हिंसाको श्रृङ्खला बढ्न थाल्यो। त्यसपछि प्रतिदिन सरदर १२ जनाको हत्या हुन थाल्यो।

आठ वर्षदेखि शुरु भएको सशस्त्र द्वन्द्वका असरहरु सतहमा देखा पर्न थालेका छन्। तिनलाई यसरी बुँदागत रुपमा प्रस्तुत गर्न सकिन्छ:

- विस्थापन (आन्तरिक र बाह्य)
- राज्यपक्षबाट बेपत्ता पारिने घटनामा वृद्धि
- माओवादीबाट विभिन्न आरोपमा आफ्नो उद्देश्य पूर्ति गर्न अपहरण
- राज्यपक्षबाट गिरफ्तारी पछि हत्या
- राज्यपक्षबाट गैरकानुनी गिरफ्तारी
- कानुनी शासनप्रति आमजनता उदासीन
- दण्डहीनतामा वृद्धि
- आपराधिक क्रियाकलपमा वृद्धि

यसबीच बाँच्न पाउने अधिकार बाहेक मानवअधिकारका अन्य सवाललाई गौण रुपमा लिइएका कारणले मानवअधिकार सम्बर्द्धनमा प्रतिकूल प्रभाव पर्‍यो।

जनादेश प्राप्त प्रधानमन्त्री शेरबहादुर देउवालाई ०५९ असोज १८ गते पदमुक्त गरिएपछि उत्पन्न जटिलता यो वर्ष पनि कायम रह्यो। प्रतिनिधिसभाको अनुपस्थिति आफैंमा संवैधानिक समस्या मात्रै भएको छैन, मानवअधिकारको क्षेत्रमा त्यही कारण निम्न असर परेको छ :

- सरकारको का-कारवाही उपर नियन्त्रण गर्ने संवैधानिक निकायको अभाव
- विधि निर्माण प्रक्रियादेखि शान्ति वार्तामा आधिकारिक जनप्रतिनिधिको अनुपस्थिति
- व्यवस्थापिका र कार्यपालिकाको भूमिका एउटै संयन्त्रबाट निर्वाह गरिएको हुँदा न्यायपालिकाको आदेश पालना नभएकोले न्यायपालिका कमजोर देखिएको छ
- संसदमा प्रतिनिधित्व गर्ने पाँच दलहरुद्वारा संचालित प्रतिगमनविरुद्ध आन्दोलन दवाउन सरकारले ज्यादतीपूर्ण र गैर न्यायिक कारवाही चलाएको छ
- कानुनी शासनको मर्यादामा आघात पुगेको छ।

वर्ष पुस्तक २००४ को अघिल्लो भागमा यिनै विषयमा केन्द्रीत परिच्छेद र सरकारका तीन अंगको कामको समीक्षा प्रस्तुत गरिएको छ। दोस्रो भागमा जिल्ला-जिल्लामा भएका मानवअधिकार उल्लंघन / ज्यादतीका घटना विवरण एवम् तथ्यांक प्रस्तुत गरिएको छ। यस आलेखमा उल्लेखित तथ्य-तथ्यांकको आधारमा मानवअधिकारको समग्र स्थिति विश्लेषण गर्नुका साथै परिच्छेदहरुको सार प्रस्तुत गर्ने प्रयास गरिएको छ।

वर्ष पुस्तकमा समेटिएका मानवअधिकार उल्लंघनका घटनाहरुको पछिल्लो अवस्था सम्बन्धी जिज्ञासा पछि-पछिसम्म पनि रहने गरेको देखिन्छ। वर्ष पुस्तक श्रृङ्खलाबद्ध निरन्तरता कायम राख्दै प्रकाशित हुँदै आएको छ। त्यसैले पनि कतै न कतै अनुगमन र अघिल्लो वर्षको पुष्टि हुन बाँकी घटना पुष्टि पश्चात् उल्लेख गरिनै पर्ने थियो। यस वर्षदेखि त्यही कमीलाई पूरा गर्न जिल्ला जिल्लाको घटना विवरणमा एउटा उपशीर्षक थपिएको छ- विगतको अनुगमन।

सन् २००३ को उल्लेख्य विषय तथा राज्य र मानवअधिकार

अवरुद्ध प्रजातान्त्रिक अभ्यास

छयालीस सालमा प्राप्त प्रजातन्त्रलाई संस्थागत गर्न निर्मित नेपाल अधिराज्यको संविधान २०४७ बमोजिम नेपालमा संसदीय शासन प्रणाली अपनाइएको छ। प्रतिनिधिमूलक शासन प्रणाली संसदीय प्रणालीको प्रमुख विशेषता हो। जनताले चुनेको प्रतिनिधिमार्फत् आफ्नो हितमा शासित हुने अवसरको स्वतन्त्रता नै प्रजातन्त्रको कसी हो। प्रजातन्त्रको कुरा गर्दा जनप्रतिनिधि जनताप्रति कुन हदसम्म उत्तरदायी छन् र प्राप्त जनादेश बमोजिम उनीहरुले काम गरे वा गरेनन् भन्ने कुरामा केन्द्रित हुनु पर्छ। चाहे त्यो स्थानीय होस् वा केन्द्रीय शासन।

स्वतन्त्र एवं वयस्क मताधिकारको आधारमा नेपाली जनताले छानेर पठाएका प्रतिनिधिहरुको संस्था प्रतिनिधि सभा चुनिएको तेस्रो वर्षमा भंग गरियो। राजाबाट तत्कालीन प्रधानमन्त्रीलाई असक्षम ठहर गरी पदमुक्त गरिएपछि केन्द्रीय शासनमा एकजना पनि जनप्रतिनिधि रहेनन्। संवैधानिक हिसाबले केवल दुईजना जनप्रतिनिधिको हैसियत यथावत रह्यो- सभामुख र उपसभामुख। तर दुवैले शासकीय अभिभारा बोकेका हुँदैनन्।

कार्यकारी अधिकार मन्त्रिपरिषद् र श्री ५ मा संयुक्त रुपमा निहित हुने व्यवस्था संविधानले गरेको छ।

संविधानमा श्री ५ ले आफ्नो स्वविवेकमा गर्ने काम तोकिएको छ। तोकेवाहेकको काम कारवाही मन्त्रिपरिषद्को सल्लाह र सम्मतिबाट मात्रै गर्न पाउने व्यवस्था छ। तर देउवा सरकार बर्खास्त गरिए पछि धारा १२७ प्रयोग गरी प्रधानमन्त्री नियुक्त गर्ने परम्परा चलाइएको छ। त्यसैले संविधान 'हुनु र नहुनु' को दोमाँधमा छ। संवैधानिक दृष्टिकोणले मुलुकमा हाल प्रजातन्त्र छैन। ००७ सालको प्रजातन्त्र दश वर्षपछि जसरी राजाको हातमा पुगेको थियो त्यसैगरी ०४६ मा प्राप्त प्रजातन्त्र राजाको हातमा पुगेको छ।

"नेपाली प्रजातन्त्रको यो पक्षाघातग्रस्त अवस्था रातारात भने उत्पन्न भएको होइन। बाह्र वर्षअघि निरंकुशतावादलाई परास्त गरी स्थापित बहुलवादविरुद्धको निरन्तरको षड्यन्त्र आजको अवस्थाको एउटा कारक अवश्य हो। तर, ०४६ सालको ऐतिहासिक आन्दोलनका वाहकहरुले प्रजातान्त्रिक आचरण, सिद्धान्तनिष्ठा र स्वच्छतालाई उदाहरणीयरुपमा प्रस्तुत गर्न सकेको भए प्रतिगमनको प्रयत्न पूर्णतः परास्त हुन सक्ने थियो। त्यसैले प्रजातन्त्रका आधारस्तम्भहरुको पुनर्निर्माण र प्रजातान्त्रिक हकअधिकारको पुनःप्राप्तिका निम्ति विगतका कमजोरीहरुको समीक्षा आवश्यक छ।" *(परिच्छेद २, यस वर्षको उल्लेख्य : अवरुद्ध प्रजातान्त्रिक अभ्यास, पृष्ठ २१)*

न्यायपालिका

नेपाल अधिराज्यको संविधान २०४७ ले न्यायपालिकालाई अत्यन्त शक्तिशाली एवम् संविधानकै संरक्षकको रुपमा उभ्याउने अवधारणा राखेको छ। नेपालको न्यायपालिका दक्षिण एशियाली मुलुकका न्यायपालिकामध्ये नमूनाका रुपमा प्रस्तुत हुन सक्ने संवैधानिक स्थिति छ। संविधानको धारा ९५ ले सर्वोच्च अदालत र अन्य अदालतलाई सहयोग गर्नु श्री ५ को सरकार र मातहतका पदाधिकारी समेतको बाध्यात्मक कर्तव्य हो भनी तोकेको छ। तर, सुदृढ संवैधानिक व्यवस्था भए पनि सरकारले न्यायपालिकाको निर्णय र आदेशलाई कार्यान्वयनमा ल्याउन सकेको छैन। फलस्वरुप न्यायपालिकाले जनताको विश्वास गुमाउने परिस्थितिको सृजना भएको छ। अर्कोतिर माओवादीद्वारा गठित "जनअदालत"ले न्यायिक क्षेत्रमा आघात पुऱ्याएको छ। अदालतमा गई मुद्दा दायर गरेमा कारवाही गर्ने धम्की माओवादीले दिने गरेका छन्। त्यसकारण अन्याय सहेर बस्नु पर्ने बाध्यता जनता सामु रहेको छ।

न्याय प्रणालीप्रति अनास्था उत्पन्न हुने धेरै कारण हुन सक्छन्। तीमध्ये अदालतमा हुने गरेको भ्रष्टाचार प्रमुख हुन सक्छ। अदालतको भ्रष्टाचारका सम्बन्धमा यो वर्ष कानुन व्यवसायी र न्यायाधीशबीच आरोप प्रत्यारोप भयो। न्यायधीशले भ्रष्टाचारको दोष कानुन व्यवसायीमाथि थोपरे। सर्वोच्च अदालतका न्यायाधीशहरुकै विषयमा "नेपाल बार एशोसिएसनका एकजना माथिल्लो तहका अधिकारीले एक अन्तर्राष्ट्रिय भ्रमण टोलीलाई जानकारी गराए अनुसार वर्तमान न्यायाधीशको नियुक्ति पूर्व ९० प्रतिशत न्यायाधीश घुस लिने गर्दथे, तर अहिले त्यस्ता न्यायाधीशहरुको संख्या ५० प्रतिशतमा झरेको छ।" अर्को एक सर्वेक्षण अनुसार, अदालतमा भ्रष्टाचार हुन्छ कि हुँदैन भनी राखिएको खुला प्रश्नमा ६८ प्रतिशत उत्तरदाताले "हुन्छ" भन्ने जवाफ दिए। अदालतबाट न्याय पाइन्छ भन्ने धारणा ४३ प्रतिशतले व्यक्त गरेको तथ्यांक नेपाल कानुन समाजले प्रकाशित गरेको छ। *(परिच्छेद ३१, न्यायपालिका, पृष्ठ ३७)*

सरकारले अदालतको निर्णय र आदेश पालना नगरी न्यायपालिकाको स्वतन्त्र हैसियतमाथि नै प्रश्न चिन्ह खडा गरिदिएको छ। यो वर्ष राज्यका सुरक्षा संयन्त्र विशेष गरी सेना र प्रहरीद्वारा अदालतको आदेशको बेवास्ता गर्दै ढाँट्ने काम समेत भयो। यसरी अदालतप्रति अनास्था उत्पन्न भएको परिस्थितिले गर्दा बन्दी प्रत्यक्षीकरणको रिटमा समेत कमी आएको छ।

आन्तरिक सशस्त्र युद्धको समयमा आकर्षित हुने जेनेभा महासन्धि पालना गर्न प्रधानमन्त्रीको कार्यालय समेतलाई विपक्षी बनाई गत वर्ष दिइएको रिट निवेदन उपर यो वर्ष निर्णय हुन सकेन। जनउत्तरदायी व्यवस्थापिका र कार्यपालिका दुवैको अधिकार प्रयोग गर्ने

तालिका - १

सन् २००३ मा युद्धविरामपूर्व, युद्धविरामको अवधि र युद्धविराम भंग भएपछि हत्या भएका

	०५९ पुस १७ - माघ १४		०५९ माघ १५ - ०६० भदौ १०		०६० भदौ ११ -पुस १६	
	माओवादीबाट पीडित	राज्यबाट पीडित	माओवादीबाट पीडित	राज्यबाट पीडित	माओवादीबाट पीडित	राज्यबाट पीडित
	५९	६७	८३	१२४	५०५	१०१८
प्रतिदिन सरदर	२.१९	२.८५	०.३९	०.६०	४.१४	८.३३

जनउत्तरदायित्व विहीन सरकार विद्यमान रहेकोले न्यायपालिका निर्धो र रुग्ण हुँदै गएको छ।

कार्यपालिका

यो वर्ष पनि सरकार परिवर्तन भयो। वर्षको अघिल्लो पाँच महिना लोकेन्द्रबहादुर चन्द प्रधानमन्त्री थिए। त्यसपछि सूर्यबहादुर थापाले कार्यभार सम्हाले। बहुदलीय व्यवस्था पुनर्स्थापना भएपश्चात्को चौधौं प्रधानमन्त्रीका रुपमा सूर्यबहादुर थापा संविधानको धारा १२७ बमोजिम प्रधानमन्त्री नियुक्त हुने दोस्रो व्यक्ति हुन्। त्यसअघि लोकेन्द्रबहादुर चन्द यही धाराको प्रयोगबाट प्रधानमन्त्री भएका थिए।

यी दुवै पूर्व पञ्च हुन्। बहुदलीय पद्धतिभित्र दुवै राप्रपाका नेता हुन्। एक-एक पटक संयुक्त सरकारको नेतृत्व दुवैले गरिसकेका छन्। चन्दले एमाले-राप्रपाको संयुक्त सरकारको नेतृत्व गरेका थिए भने थापाले कांग्रेस-राप्रपाको। ०५३ देखि ०५६ सालसम्म सरकार ढाल्ने र बनाउने खेलमा लिप्त रहेको राप्रपा नेपालको संसदीय प्रणालीमा विकृति र मूल्यहीन राजनीतिक संस्कृतिको संवाहक मानिन्छ।

सर्वदलीय सरकार गठन हुने चर्चा व्यापक भयो। तर राजनीतिक दलहरुले यो वर्ष पनि कार्यकारी अधिकार विनाको सरकारमा जान कुनै रुची देखिएनन्। धारा १२७ बमोजिम नियुक्त भए पनि दुवैको प्रधानमन्त्रीत्वमा केही फरक देखाउने प्रयत्न भयो। जेठ २१ गते सूर्यबहादुर थापालाई प्रधानमन्त्री नियुक्त गर्दा 'असोज १८ गते' देखि आफूमा निहित कार्यकारी अधिकार धारा ३५ बमोजिम हुने भनी श्री ५ बाट फिर्ता गरिएको घोषणा भएको थियो।

यो वर्ष सरकार माओवादी वार्ता नै सबैभन्दा ठूलो उपलब्धीका रुपमा गणना भयो। "पुरानो सत्ता राजाको हातमा छ, त्यसैले वार्ता उनैसँग हुन्छ" भन्ने माओवादीले चन्द सरकारलाई 'अवैधानिक' भने पनि त्यही सरकारका मन्त्री नारायण सिंह पुनलाई वार्ता टोलीको संयोजक स्वीकार गरे। "युद्धविरामको घोषणासँगै जनताले शान्तिको सास फेर्न पाएका थिए। सात वर्ष लामो हत्या हिंसाको भूमरीमा अल्मल्याइएका जनता शान्ति बहाली हुन सक्ने आशमा थिए।" *(परिच्छेद ३.२, कार्यपालिका)*

तर जनताका आशा पूरा नहुने संकेत त्यतिखेर देखा पर्न थाल्यो जब दुवै थरि आफूले प्रतिबद्धता जनाएको आचारसंहिता विपरीत काम गर्न थाले। एकले अर्को पक्षलाई आचारसंहिता पालना नगरेको दोषारोपण गर्ने क्रम युद्धविराम भंग नहुन्जेल चलिरह्यो। त्यसबीच माओवादी पक्षबाट चन्दा उठाउने काम तीव्र भयो। वार्ताको सफलताप्रति उत्पन्न शंका त्यतिखेर प्रवल हुन पुग्यो, जब सुरक्षाकर्मीले रामेछापको दोरम्बामा नियन्त्रणमा लिइसकेपछि नि:शस्त्र माओवादीहरुको हत्या गरे। यसबीच माओवादी पक्षबाट हत्या, अपहरण र धम्की जस्ता क्रियाकलाप कम गरिएका थिए।

यो वर्ष सरकारले शान्ति सुरक्षासँग सम्बन्धित तीन वटा काम गऱ्यो। भदौ १५ गते सुरक्षाको कारण देखाई राजधानीका विभिन्न क्षेत्रलाई दंगा क्षेत्र घोषित गर्दै कर्फ्यू आदेश जारी गऱ्यो। कार्तिक १८ गते संयुक्त सुरक्षा संयन्त्रको घोषणा गरियो। त्यही क्रममा गाउँ सुरक्षा बल निर्माण गरी माओवादीविरुद्ध सशस्त्र प्रतिकारमा गैर सैनिकलाई संगठित पार्ने नीति अघि सारियो। यी सबै निर्णय माओवादी समस्याप्रति लक्षित रहेका थिए। "यसरी हतियारको दुरुपयोग हुन सक्ने सम्भावना पनि झन् बढेको छ।" *(परिच्छेद ३.२, कार्यपालिका)*

मृत्युदण्डको कानुन बनाउन निषेध गरिएको संविधान भएको देशमा यो वर्ष गिरफ्तार गरेर नियन्त्रणमा लिएपछि माओवादीको नाममा हत्या गर्ने क्रम बढ्यो। यस्ता क्रियाकलाप आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन ०५८ को आडमा भइरहे। 'असोज १८ गते' को शाही कदमलाई प्रतिगामी ठहर गर्दै संसद पुनर्स्थापना वा सर्वदलीय सरकार गठन हुनुपर्ने माग राख्दै आएका पाँच राजनीतिक दलको आन्दोलन दबाउन सरकारले "राजधानीलाई दंगाक्षेत्र" घोषणा गऱ्यो। त्यही क्रममा विरोध ऱ्याली जुलुस निकाल्न नपाउने, पाँच जना भन्दा बढी मानिस एकै ठाउँमा भेला हुन नपाउने निषेधाज्ञा जारी गरियो। तर दलहरुले निषेधाज्ञाको उल्लंघन गरे। त्यस क्रममा कैयौं आन्दोलनकारीलाई गिरफ्तार गरियो। लाठी प्रहारबाट कैयौं घाइते भए।

न सरकारी निकायले न्यायपालिकाको आदेश मानिरहेको छ न राष्ट्रिय मानव अधिकार आयोगको सुझाव र सल्लाहलाई सरकारले सकारात्मकरुपमा लिएको छ। प्रतिनिधिसभामार्फत् निर्मित, निर्देशित र नियन्त्रित नभएकोले सरकार स्वेच्छाचारी र निरंकुश बन्दै गएको छ। स्वतन्त्र मानवअधिकार आयोगलाई कम्जोर पार्ने मानवअधिकार प्रवर्द्धन केन्द्र गठन गर्ने सरकार वर्ष भरि नै मानवअधिकार उल्लंघनमा संलग्न भइरह्यो।

व्यवस्थापिका

व्यवस्थापिकालाई सरकारको संचालन तथा नीति निर्धारणको कार्यमा जनताको सहभागिता तथा प्रतिनिधित्वको अधिकार प्रयोग गर्ने माध्यमका रुपमा लिइन्छ। व्यवस्थापिकाकै माध्यमबाट जनताले आफ्नो

सार्वभौम अधिकारको प्रयोग गरी सरकारको गठन तथा यस्तो सरकारको कार्यको सुपरिवेक्षण पनि गर्दछन्। नेपाल अधिराज्यको संविधान २०४७ को धारा ४४ ले संसद र व्यवस्थापिकालाई एउटै अर्थमा लिएको छ। सदन राष्ट्रिय सभा, प्रतिनिधिसभा र श्री ५ को संयुक्त संरचना हो।

यद्यपि संविधानले ६ महिनाभन्दा बढी प्रतिनिधिसभाविहीन संसदको कल्पना समेत गरेको छैन। प्रतिनिधिसभा भंग भएको २१ महिना भइसकेको छ। तसर्थ, संसदको क्षेत्राधिकार भित्रका जे जति काम कारवाही भए, ती संविधान अनुरुप भएनन्। प्रधानमन्त्रीको नियुक्ति संविधानको धारा ३६(१) बमोजिम हुनु पर्नेमा धारा १२७ बमोजिम भएको छ। यसकारण पनि अहिले संविधान "हुनु र नहुनुको दोसाँधमा अल्झिरहेको छ।"*(परिच्छेद ३.३ व्यवस्थापिका)*

यस वर्ष गरिएका सन्धि, माओवादी सरकार वार्ता, संवैधानिक नियुक्ति आदि विषय अत्यन्त विवादित रहे। अख्तियार दुरुपयोग अनुसन्धान आयोगका दुईवटा वार्षिक प्रतिवेदन श्री ५ समक्ष प्रस्तुत गरिए पनि संसद नभएको कारण सार्वजनिक हुन सकेनन्।

०६० जेठ १४ र १५ गते निवर्तमान सांसदहरुले सडकमा दुई दिने अधिवेशन गरे। सो अवसरमा समानान्तर सरकार घोषणा गरिने कुरा समेत उठ्यो। तर, सन् २००३ को अन्त्यसम्मै त्यसो भएन। गत वर्ष नै प्रतिनिसभाको विघटन संविधानसम्मत ठहर गर्ने सर्वोच्च अदालतमा पुनरावलोकन गर्न निवेदन परे तापनि त्यसउपर यो वर्ष निर्णय भएन।

नेपाल अधिराज्यको संविधान २०४७ को अस्तित्व प्रतिनिधिसभासँग गाँसिएको प्रष्ट छ। तर प्रतिनिधिसभाविहीन संसदले कुनै कानुन बनाउन नसक्ने भएकोले सरकारको सिफारिसमा राजाद्वारा अध्यादेश जारी भइरहेको छ। यस अर्थमा कार्यपालिका, व्यवस्थापिका दुवैको काम सरकार आफैले व्यवस्थित गर्दै आएको छ। शक्ति पृथकीकरणको सिद्धान्तविपरीत एउटै संस्थाले दुई अंगको काम गर्दा तेस्रो अंग कमजोर हुँदै जान्छ। नेपालमा त्यही भइरहेको छ।

स्थायी सदन राष्ट्रिय सभाका सदस्यहरुको विशेष बैठक ०६० जेठ १२ गते सिंहदरबारको मूल ढोका सामुन्ने बस्यो। दोस्रो बैठक जेठ २३ र २४ गते रत्नपार्कमा बसेको थियो। यो बैठकमा विघटित प्रतिनिधिसभाका सदस्यहरुले पारित गरेका ६ वटा प्रस्ताव पनि पारित गरिएका थिए। विभिन्न मितिमा भएका राष्ट्रिय सभाका दुर्गम क्षेत्र विकास समिति, सरकारी आश्वासन समिति, सामाजिक न्याय समिति र प्रत्यायोजित व्यवस्थापन समितिका बैठकले संसदको सजीवताको प्रमाण प्रस्तुत गरे।

सशस्त्र द्वन्द्व र आन्तरिक विस्थापन

माओवादी 'जनयुद्ध' शुरु भएदेखि नै विस्थापनको लहर बढ्दो छ। विस्थापित भएर छिमेकी मुलुक भारत लगायत अन्य मुलुक जानेको संख्या पनि कम छैन। नेपालका दुर्गम भूभागबाट आंशिक रोजगारीका निम्ति भारत छिर्ने परम्परा धेरै नै पुरानो भएकोले, द्वन्द्वकै कारण विस्थापित हुनेहरुको संख्या यकीन गर्न सम्भव छैन। भारतीय राजदूतावासले यो संख्या १ लाख बताएको छ। सञ्चार माध्यमहरुले यो संख्या २-३ लाखसम्म रहेको तथ्यांक सार्वजनिक गरेका छन्। हाम्रो अध्ययन भने आन्तरिक विस्थापनमा सीमित छ।

आन्तरिक विस्थापनको समस्यालाई अन्तर्राष्ट्रिय र राष्ट्रिय गैससहरुले जति गम्भीरता पूर्वक लिंदै आएका छन्, त्यति सरकारले लिएको देखिएन। नर्वेजियन रिफ्युजी काउन्सिलद्वारा यस वर्ष संचालित कार्याशालामा इन्सेकका तर्फबाट प्रस्तुत अवधारणा पत्रमा आन्तरिक विस्थापनको विस्तृत अध्ययन गर्न आधारभूत सर्वेक्षण गरिनु पर्ने कुरा उठाइएको थियो।

सरकारले त्यस्ता व्यक्तिलाई विस्थापित मानेर काम गरिरहेको छ, जो प्रत्यक्ष रुपमा माओवादीबाट पीडित छन्। सुरक्षाकर्मीका तर्फबाट पीडित भएकाहरुको भने कतै वास्ता गरिएको पाइँदैन। स्थानीय र केन्द्रीय तहमा सरकारले माओवादीका

सन् २००३ मा भएका मानवअधिकार उल्लंघनका घटनामा पीडित संख्या (महासन्धि अनुसार)

महासन्धि	घटना संख्या	पुरुष	महिला	अन्य	जम्मा
CAT	२८९	५५९	७१		६३०
CEDAW	६७२	१८	८७०		८८८
CRC	२८६	१६९	२४२	१२२६	१६३७
ICCPR	४७६५	७८०३	१०५४	१३७४१	२२५९८
ICERD	५१	५२	२३	३	७८
ICESCR	३७९	२०६७	३८५	१०२६७	१२७१९
जम्मा	६४४२	१०६६८	२६४५	२५२३७	३८५५०

नोट: कतिपय अवस्थामा एउटा घटनामा पीडित भएकाको संख्यालाई दुई वा सोभन्दा बढी महासन्धि अन्तर्गत पनि गणना गरिएको छ ।

कारणवाट विस्थापित भएकालाई मात्र धेरथोर सहयोग पुऱ्याइरहेको छ। द्वन्द्वरत् दुवै पक्षवाट प्रत्यक्ष पीडित नभएका तर द्वन्द्वकै कारण विस्थापित भएकाप्रति ध्यान समेत पुगेको देखिदैन।

पचहत्तरै जिल्लाका विस्थापितहरुको राहदानी बनाउने जिम्मा ललितपुर जिल्ला प्रशासन कार्यालयलाई दिइएको छ। विस्थापनले दैनिक जीवन निर्वाहमा व्यवधान त पुऱ्याएकै हुन्छ। भविष्यमा त्यसले मतदानको अधिकारको हनन लगायत जन्मदर्ता, विवाह दर्ता, नागरिकता आदि सम्वन्धी विवाद निम्त्याउँनेछ। तर, उपरोक्त विषयबारे व्यवस्था मिलाउन कुनै निकाय तोकिएको छैन।

विस्थापन वा आन्तरिक विस्थापन वर्तमानमा देखिएको यस्तो मानवीय समस्या हो, जसले भविष्यमा आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक जटिलता उत्पन्न गर्न सक्छ। तसर्थ: यो समस्याको समयमै यथोचित सम्बोधन र उपचार अपरिहार्य छ। आन्तरिक विस्थापन सम्वन्धी कानुन निर्माण लगायत उपयुक्त उपाय अवलम्बन गर्न ढिलो भइसकेको छ।

आदिवासी-जनजातिको मानवअधिकार स्थिति

वि.सं. १९१० को मुलुकी ऐनले नेपाली समाजलाई विदेशी समाज र संस्कृति भन्दा पृथक देखाउँदै कानुनी रुपमा श्रेणी विभाजन गऱ्यो। त्यसक्रममा शासक वर्गलाई श्रेणी क्रमको टुप्पामा विराजमान गराइयो। मुलुकी ऐनले उच्च जातिका हिन्दू शिरानमा, त्यसपछि अन्य गैर हिन्दू पहाडे समूह, त्यसपछि भोटे र पुछारमा हिन्दू अछुतलाई राख्यो। त्यस ऐनले सामाजिक, धार्मिक, आर्थिक र प्रशासनिक कार्य व्यवस्थित गर्ने प्रावधान राख्यो। भूस्वामित्वको अधिकार र रोजगारी जातीय आधारमा गर्नु पर्ने त्यस व्यवस्थाबाट जनजाति/आदिवासी लगायत् कथित अछुत वा दलित समुदायलाई थिच्ने प्रणाली कायम भएको इतिहासले बताउँछ। त्यतिमात्र होइन, गैर हिन्दूलाई हिन्दू पद्धतिमा बाँध्ने बलात् प्रयास पनि त्यही क्रममा भयो।

तीस वर्षे पञ्चायत कालमा 'एउटै भाषा एउटै भेष' अपनाई 'प्राणभन्दा प्यारो देश' बनाउने लहडले काम भयो। पञ्चायतकालका शासकहरु जनजाति आदिवासीलाई सन्तुष्ट पार्न राजनीतिक नियुक्तिमा भागवण्डा लगाउँथे। आदिवासी जनजातिमध्येबाट नयाँ शासक वर्गको उत्पत्ति गराई चित्त बुझाउने रणनीति त्यतिबेला अवलम्बन गरिएको थियो। आदिवासी जनजातिको सबै क्षेत्रमा समान पहुँच पुऱ्याउन दीर्घकालीन योजना भने लागू गरिएन। छयालीस सालपछिका दिनमा पनि अपेक्षाकृत रुपमा त्यस दिशामा काम हुन सकेन।

जनजाति आदिवासीको अधिकार मूलरुपमा विश्व समुदायवाट स्वीकृत समानताको अधिकारबाट अभिप्रेरित छ। उनीहरुलाई समान स्तरमा पुऱ्याउन विशेष योजना तय

तालिका २

सन् २००३ मा भएका मानवअधिकार उल्लंघनका घटनामा पीडित संख्या (महासन्धि अनुसार)



गर्दै राज्यले आवश्यक सुविधा उपलब्ध गराउनु पर्छ। यस सन्दर्भमा ०६० कार्तिक १० गते महिला, दलित र जनजाति आदिवासीका निम्ति आरक्षणको विशेष व्यवस्था गर्ने घोषणा भयो। तर आदिवासी जनजातिमध्ये जुन समुदाय सबैभन्दा पछि परेको छ, त्यही अनुसार क्रम निर्धारण गरी प्राथमिकता दिन सकिएन भने नयाँ समस्या सृजना हुन सक्नेछ।

यस प्रसंगमा कमलप्रकाश मल्लको 'हिमाल' ०५० प्रकाशित लेखको अंश स्मरणीय छ- "अहिलेसम्म त ती गुनासाहरु जनजातिको आपसी भेलामा, समाचारपत्रका स्तम्भमा वा सद्भावना पार्टीका सभाहरुमा र यदाकदा राजनीतिक भेलाहरुमा लाक्षणिक तवरले मात्र अभिव्यक्त भइरहेछन्। तर गणेशमान सिंह, गजेन्द्रनारायण सिंह, गोपाल गुरुङ, सुरेश आले, एम. एस. थापा, पद्मरत्न तुलाधर जस्ता राजनीतिक व्यक्तिहरुद्वारा अभिव्यक्त ती गुनासाले संगठित राजनीतिक आन्दोलनले सशस्त्र रुप लिएको खण्डमा नेपालको स्वरुप अर्कै हुनेछ। त्यो एउटा राष्ट्रिय आत्मघात वा हाराकिरी हुनेछ र नेपाल उत्तरको श्रीलंका बन्न पुग्नेछ।"

सन् २००३ मा मानवअधिकार उल्लंघन

यस आलेखमा सन् २००३ भित्रका मानवअधिकार उल्लंघनका घटना र तथ्यांकलाई नेपालले अनुमोदन गरेका प्रमुख ६ महासन्धिहरु आईसीसीपीआर, आईसीइएससीआर, सीइडीएडब्लु, सीआरसी, सीएटी, सीइआरडी र नेपाल अधिराज्यको संविधान २०४७ को आधारमा विश्लेषण गरिएको छ। यी महासन्धिहरु बमोजिमका अधिकारको संरक्षणको प्रत्याभूति गर्नु राज्यको दायित्व हो। दुईपटक सरकारसँग वार्ता गर्ने माओवादी उच्च संविदाकारी पक्ष हुन्। उनीहरुले पनि अन्तर्राष्ट्रिय मानवीय कानुन पालना गर्नुपर्ने मान्यता मानवअधिकार समुदायको छ। राज्य र माओवादी पक्षबाट भएका मानवअधिकार उल्लंघनका घटना र तथ्यांक बाहेक गैरराज्य पक्षबाट भएका ज्यादतीका सूचना पनि यहाँ समावेश गरिएका छन्। तर त्यस्ता घटनालाई मानवअधिकार उल्लंघनको कोटीमा राखिएको छैन। त्यस्ता घटनालाई मानवअधिकार उल्लंघनको तथ्यांकमा गणना गरिएको पनि छैन। नीति निर्माणको तहमा सकारात्मक भूमिका निर्वाह गर्न सक्छन् भन्ने अभिप्रायले त्यस्ता सूचना संकलन, प्रकाशन र प्रसार गरिँदै आएको हो।

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध (आईसीसीपीआर)

जीवन र व्यक्तिगत सुरक्षाको अधिकार (धारा ६)

यो वर्ष गत वर्ष भन्दा बढी मानिसले ज्यान गुमाए। सरकार माओवादी वार्ता अवधिमा यो क्रम घटेको थियो। तर युद्धविराम भंग भएपछि हत्याको श्रृङ्खला बढ्न थाल्यो। नेपाल अधिराज्यको संविधान २०४७ ले मृत्युदण्ड दिने कानुन बनाउन समेत निषेध गरेको छ। तर आतंककारी नियन्त्रणको नाममा आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ को दुरुपयोग गरियो। गिरफ्तार गरी नियन्त्रणमा लिएपछि घेरा तोडेको आरोपमा हत्या गरिएका कैयन् घटना इन्सेकको अभिलेखमा छ।

सर्लाही जिल्ला अचलगढ गाविस-८ का एमाले कार्यकर्ता ३५ वर्षीय शंकर सहनी र सोही गाविस-५ का ३० वर्षीय रामईश्वर सहनीलाई माओवादीको आरोपमा सुदामा गाविसका केही व्यक्तिहरुले समाती रातभरि स्थानीय

राज्य तथा माओवादीबाट हत्या भएका पीडितहरु आर्थिक स्थिति अनुसार

(१ जनवरी - ३१ डिसेम्बर २००३)

पीडित हुनेहरुको आर्थिक स्थिति	माओवादीबाट पीडित					राज्यपक्षबाट				
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
उच्च वर्ग	३	३	१		४	२	२			२
मध्यम वर्ग	६६	९३	३		९६	१४	१८	७		२५
निम्नमध्यम वर्ग	१३४	१८१	८		१८९	१००	१४४	२३		१६७
निम्न वर्ग	४३	४४	५		४९	६०	७८	७		८५
उपलब्ध नभएको	१३९	३०३	४	१	३०८	३४५	६८३	१०१	१५४	९३८
जम्मा	३८५	६२४	२१	१	६४६	५२१	९२५	१३८	१५४	१२१७

विद्यालयको कोठामा थुने। दुवैलाई भोलिपल्ट बिहानै सुरक्षाकर्मी समक्ष बुझाइयो। सुरक्षाकर्मीले उनीहरुलाई खाडल खन्न लगाए। त्यसपछि दुवैलाई बन्दुक बोक्न लगाइए। फोटो खिचेर उनीहरुलाई खाडलमा राखी गोली हानी हत्या गरियो। पीडितहरु सर्वसाधारण थिए।

उच्च संविदाकारी पक्ष माओवादीले निशस्त्र सुरक्षाकर्मी, तिनका परिवार, राजनीतिक पार्टीका नेता, कार्यकर्ता र सर्वसाधारण समेतको हत्या गर्ने क्रम यो वर्ष पनि रोकिएन। विभिन्न आरोपमा अपहरण गरी विभत्स ढंगले हत्या गरिएका थुप्रै घटना जानकारीमा आए। कुटपिट गरेर, ढुंगाले हानेर, घाँटी छिनाएर, छाला तासेर, शरीरमा बम विस्फोट गराएर वा घनले हानेर विभत्स ढंगले उनीहरुले हत्या गरे। यसरी गोली, बम प्रहार गरेर वा अन्य तरिकाबाट ६ सय ३५ जनाको हत्या गरियो। मारिएका ६ सय ३५ जना मध्ये ६५ जना निम्न वर्गका र १ सय ९ जना निम्न मध्यम वर्गका थिए। गत वर्षको तुलनामा यो वर्ष व्यक्ति हत्याको घटनामा वृद्धि भयो। यस्तो आपराधिक कृत्य बढ्नुको कारण दण्डहीनताको हो वा कसैको ज्यान लिने काम सहज प्रतित: हुनु हो अध्ययन गरिनु पर्ने विषय हो।

धनुषा जिल्ला गोविन्दपुर गाविस-२ का नेपाली कांग्रेस कार्यकर्ता २८ वर्षीय पुरुषोत्तम मण्डललाई माओवादीले सत्तोखर गाविसस्थित भट्टियन चोकबाट अपहरण गरी घाँटीमा खुकुरी रेटी हत्या गरे। हत्यामा संलग्न माओवादीले उनलाई सुराकीको आरोप लगाए।

मानवीय गरिमामा चोट पुऱ्याउने यस्ता जंगली व्यवहारका विषयमा यस वर्ष छुट्टै परिच्छेदमा चर्चा गरिएको छ।

गैरकानुनी गिरफ्तारी/व्यक्तिगत सुरक्षा (धारा ९)

स्वेच्छाचारी ढंगले गिरफ्तार गर्ने र गिरफ्तार गरिएको व्यक्तिलाई बेपत्ता पार्ने क्रम बढ्दै गएको पाइयो। यस्ता क्रियाकलापले नेपाल अधिराज्यको संविधान २०४७ को धारा १४ ले प्रदान गरेको फौज्दारी न्याय सम्बन्धी हकको बेवास्ता गरेको छ। सरकार आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन २०५८ को दफा ५(क) को विपरीत गएको पाइयो। माओवादीको आरोपमा वा आशंकामा वा सोधपुछका लागि भनेर अपहरणको शैलीमा गिरफ्तार गर्ने प्रकृति देखियो। पीडितमध्ये कसैलाई कुटपिट गरी सोधपुछ गरेपछि घटनाका बारेमा कसैलाई बताएमा झन दु:ख पाउलास् भनी धम्की दिइने, प्रचलन सामान्य भयो। यस्तो गिरफ्तारी र वेपत्ता पार्ने घटना सबैभन्दा बढी काठमाडौंमा भएको पाइयो। जिल्लाका यस्ता धेरै घटना पीडितले नै प्रकाशमा ल्याउन नचाहेको पनि भेटियो।

काठमाडौं जिल्ला कामनपा-३५ कोटेश्वर स्थित घरबाट जनमोर्चा नेपाल, काभ्रे जिल्लाका सल्लाहकार ४५ वर्षीय गोपीकृष्ण थपलियालाई एका बिहानै सादा पोशाकमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरे। उनलाई घरबाट १ २ मिनेट हिंडाए पछि पीकअप गाडीमा राखी सम्पूर्ण अनुहार

तालिका ३

राज्य तथा माओवादीबाट हत्या भएका पीडितहरू आर्थिक स्थिति अनुसार (१ जनवरी - ३१ डिसेम्बर २००३)



नोट: वर्ष पुस्तक प्रतिनिधिले पीडित पक्षसँग सोधपुछ गरेको आधारमा वर्गीकरण गरिएको

छोपेर कुनै एक व्यारेकमा लागि आधा घण्टा बयान लिइएको थियो। पीडितका अनुसार १५ मिनेटपछि पुन: बयान लिँदा उनलाई बुट, मुक्का, कोर्रा र पोलिथिन पाइपले दुई घण्टासम्म लगातार कुटिएको थियो। दुई दिनपछि पुन: बयान लिने क्रममा अघिल्लो पटकको जस्तै यातनाको क्रम दोहोऱ्याइएको थियो। अभद्र व्यवहार, चिसो पेटीको वास, दुषित पानी र खाना पीडितका निम्ति हरेक दिनको यातना थिए। आँखामा बाँधिएको पट्टी रिहा हुने समयमा मात्र खोलिएको थियो। बाँधिएको हात खाना खाँदा र शौचालय जाँदा बाहेक राति सुतेको अवस्थामा पनि कायमै रहन्थ्यो। पीडित गोपिकृष्णलाई सिंहदरबारस्थित श्रीजङ्ग गणबाट हाजिर हुने शर्तमा दश दिनपछि रिहा गरियो। उनको गिरफ्तारीको जानकारी दिइएको भए पनि राखिएको स्थानबारे परिवारको सदस्यलाई सूचना दिइएको थिएन।

एमनेस्टी इन्टरनेशनलको लण्डनस्थित मूख्यालयले नेपालमा बेपत्ता पार्ने क्रम रोक्न ०६० असोज २९ गते विज्ञप्ति जारी गरेको थियो। बेपत्ता पारिएका परिवारका सदस्य एवम् आफन्त वा नातेदारको जीवनरक्षा गरी पाउन मानवअधिकार संस्था, राष्ट्रिय मानवअधिकार आयोग तथा सञ्चारकर्मीलाई गुहार्ने क्रम वर्ष भरि चलिरह्यो। बेपत्ता पारिएकाहरुको जीवन रक्षाका लागि पहल गरिदिने अनुरोध गर्दै यस वर्ष इन्सेकमा १ सय ९८ निवेदन परेका थिए। इन्सेकको अभिलेखअनुसार सन् २००३ भित्र ३ सय ६६ जनालाई बेपत्ता पारियो।

चन्दा नदिएको, राजनीति गरेको, सुराकी गरेको र आफ्नो पार्टीको विरोध गरेको जस्ता आरोपमा नेता, सुरक्षाकर्मी तथा तिनका परिवार, शिक्षक, पत्रकार, व्यापारी सबै पेशाका मानिस माओवादीबाट यो वर्ष पनि अपहरित भए। अपहरण गरेपछि धम्क्याउने, कुटपिट गर्ने, पैसा दिने शर्तमा कागज गराउने र जस्ता कैयन घटना अभिलेख गरियो। यस वर्ष माओवादीले १ हजार १ सय ७६ जना पुरुष ७५ जना महिलाको अपहरण गरे।

निष्पक्ष अदालती कारवाही तथा सुनुवाईको अधिकार (धारा १४)

अदालतले बन्दी प्रत्यक्षीकरण रिटका सम्बन्धमा विपक्षीलाई पत्र लेखी पठाउँदा शाही नेपाली सेनाका केही गणले बुझ्न अस्वीकार गरे। अदालतले खानतलासी गर्न पाउने आफ्नो अधिकार प्रयोग नगरेका कारण अदालती कारवाही तथा सुनुवाईको अधिकारबाट जनता वञ्चित हुनु पऱ्यो। *(परिच्छेद ३.१, न्यायपालिकामा)*

बन्दीहरुको अधिकार

जेलको भौतिक अवस्था दयनीय हुनु र क्षमता भन्दा बढी बन्दी राखिनु सामान्य कुरा हुन पुगेको पाइयो। अन्तर्राष्ट्रिय मापदण्डका आधारमा हेर्ने हो भने सबै जेल सुविधाविहीन छन्। सुधार गृहका रुपमा रहनु पर्ने जेल, यातना गृह भन्दा फरक रहन सकेको छैन। चितवन जिल्ला कविलास गाविस-१ जुगेडीका गोविन्द पौडेललाई सुरक्षाकर्मीले गिरफ्तार गरी हिरासतमा पुऱ्यायो। करिब एक महिनापछि उनको लास उनकै पत्नी उमा पौडेललाई जेल प्रशासनले बुझायो। स्थानीय प्रशासनले उनको मृत्यु पिसाब नली काम नलाग्ने भएपछि उपचार गर्दागर्दै भएको बतायो। मानवअधिकार संरक्षण मञ्च (मासम) को चितवन शाखाको टोलीले छानबिन गर्दै हिरासतमा दिइएको यातनाका कारण उनको मृत्यु भएको ठहर गऱ्यो। मृतकलाई जेलबाट पटक-पटक अस्पताल लगिएको थियो। तर उपचार यथासमयमा प्रभावकारीरुपमा नभएको कुरा छानविनका क्रममा पत्ता लागेको बताइयो।

राजनीतिक जीवनमा सहभागिताको अधिकार (धारा २५)

म्याद समाप्त भई स्थानीय निकायको पद रिक्त भए पनि यस वर्ष निर्वाचन भएन। सरकारले स्वेच्छाचारी ढंगमा मनोनित गरी केही जिविस, नपा, गाविसमा पदपूर्ति गऱ्यो। जनताले आफ्नो मताधिकार प्रयोग गर्ने र राजनीतिक जीवनमा सहभागी हुन पाउने अधिकार गुमाउनु पऱ्यो।

राज्यपक्षबाट माओवादीका नाममा विभिन्न राजनीतिक दलका कार्यकर्ता गिरफ्तार गरी मारिए। काभ्रे जिल्ला नारायणस्थान गाविस-३ का २५ वर्षीय धर्मराज लामा, ताप्लेजुङ जिल्ला तापचोक गाविसका पूर्व अध्यक्ष

राज्य र माओवादीद्वारा मारिएका

(सन् १९९६ – २००३)

वर्ष	राज्यबाट	माओवादी	जम्मा
1996	५९	२२	८१
1997	१६	३२	४८
1998	३३४	७५	४०९
1999	३२८	१४१	४६९
2000	१७९	२१९	३९८
2001	२४४	३९०	६३४
2002	३२९७	१३५१	४६४८
2003	१२१७	६४६	१८६३
जम्मा	५६७४	२८७६	८५५०

एवं कांग्रेस कार्यकर्ता ४३ वर्षीय चितवीर लिखु माओवादीको आरोपमा सुरक्षाकर्मीद्वारा मारिए। यसरी यो वर्ष राज्यबाट संसदवादी पार्टीका १५ जना पूर्णकालिक कार्यकर्ताको हत्या भयो।

माओवादीले अरु राजनीतिक दलका नेता कार्यकर्ताको राजनीतिक गतिविधि संचालन गरेकै कारण विभिन्न निहुँमा यो वर्ष पनि हत्या गरे। भोजपुर जिल्ला अन्नपूर्ण गाविस-८ का नेकपा (एमाले) का कार्यकर्ता तथा पूर्व शिक्षक ५५ वर्षीय शालिकराम अधिकारीलाई सुराकीको आरोपमा तत्कालीन अवस्थामा माओवादी निकट मानिने किराँत वर्कर्स पार्टीका कार्यकर्ताले घरबाटै अपहरण गरे। अठाह्र दिनपछि टाउकोविहीन अवस्थामा पाइलाढुंगा नजिकै उनको लास फेला पऱ्यो। यो वर्ष माओवादीले विभिन्न दलका अन्य पेशामा संलग्न नरहेका ३३ जना पूर्णकालिक कार्यकर्ताको हत्या गरे।

शान्तिपूर्ण भेला हुने अधिकार (धारा २१)

मुलुकमा आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन २०५८ क्रियाशील छ। यस ऐनले पनि "शान्तिपूर्वक भेला तथा गोष्ठीहरु विना हातहतियार उपस्थित भएर विचार व्यक्त गर्ने तथा राज्यको एक स्थानबाट अर्को स्थानमा हिंडडुल गर्न पाउने" अधिकार दिएको छ। तर संसद पुनर्वहाली वा सर्वदलीय सरकार गठन गर्नुपर्ने माग लिएर आन्दोलनरत् पाँच राजनीतिक दलको शान्तिपूर्ण जुलुसमाथि दमन गरियो।

पर्सा जिल्ला घर भई काठमाडौं बस्ने प्रयुसंघका नेता तथा नेकपा (एमाले) पर्सा-काठमाडौं सम्पर्क मञ्चका अध्यक्ष ३६ वर्षीय रमेश शर्माको प्रतिगमनका विरुद्ध रत्नपार्कबाट मसाल जुलुस निकाल्ने क्रममा प्रहरीको लाठिचार्जका कारण आँखा फुट्यो। प्रहरीले तीखो किल्ला ठोकिएको लाठीको पटक-पटक प्रहार गरी शर्माको आँखा फुटाएको थियो।

स्वतन्त्रतापूर्वक हिंडडुल गर्न पाउने तथा बसोबासको अधिकार (धारा १२)

यो वर्ष विभिन्न जिल्लामा समय-समयमा स्थानीय प्रशासन ऐन २०५८ को दफा ६ बमोजिम कर्फ्यू आदेश जारी गरियो। ०६० भदौ १५ गते सुरक्षाको कारण देखाई राजधानीका विभिन्न क्षेत्रलाई दंगाक्षेत्र घोषित गरी राति-राति खानतलासी लिइयो। विरोध ऱ्याली, जुलुस निकाल्न नपाउने, एकै ठाउँमा पाँचजना भन्दा बढी मानिस भेला हुन नपाउने भनी निषेधाज्ञा पनि जारी भयो। यस्ता घटना अधिराज्यका विभिन्न क्षेत्रमा भए।

विचार तथा अभिव्यक्ति स्वतन्त्रता (धारा १९)

२०४७ सालमा राष्ट्रिय आमसञ्चारमा खुलापन आयो। त्यो दशकमा पत्रपत्रिकाको क्षेत्रमा संख्यात्मक एवं गुणात्मक विकास भयो। सञ्चार र सूचनाको मामलामा उदार संविधानको धारा १२(२) क अन्तरगत विचार र अभिव्यक्ति स्वतन्त्रता, धारा १३(१) (२) अन्तरगत छापाखाना र पत्रिपत्रिकासम्वन्धी हक तथा धारा १६ अन्तरगत सूचनाको हकको उल्लेख भएको छ।

यस वर्ष २१ जना पत्रकारलाई गिरफ्तार गरियो। आफ्नो अनुकूल समाचार प्रेषित नगरेका कारण माओवादीले पत्रकारहरुलाई धम्की दिने र ज्यानसमेत लिने

तालिका ४



काम यो वर्ष पनि गरे। माओवादीले भोजपुरका चित्रांगत चौलागाईंलाई घर छाड्ने धम्की दिए भने सिन्धुपाल्चोकका ज्ञानेन्द्र खड्काको हत्या गरे।

जिल्लामा पेशागतरुपमा पत्रकारिता नफस्टाएको कारणले पत्रकारहरु अन्य पेशा पनि अपनाउन बाध्य छन्। त्यसैले पीडित पत्रकारहरुको तथ्यांकमा एकरुपता नरहेको देखिन्छ। (हेर्नुहोस् तालिका : ६)

यस वर्ष पनि माओवादीले आम सञ्चारका संशाधनमाथि आक्रमण गरी आमजनताको सूचनाको हकमा प्रतिकूल असर पारे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार (आईसीसीएससीआर)

संविधानले आर्थिक अधिकार प्रत्याभूत गरेको छैन। तर संविधानको निर्देशक सिद्धान्तले जनताको आर्थिक अधिकारलाई मान्यता प्रदान गरेको छ।

संसारको निर्धनतम् यो देशमा ३८ प्रतिशत जनता गरिबीको रेखामुनि छन्। प्रतिव्यक्ति वार्षिक सरदर आय २ सय ३० डलर छ। मुलुकको आर्थिक वृद्धिदर १९९०-९५ को तुलनामा २००१-२ मा ऋणात्मक अवस्थामा पुग्यो। १९९०-९१ मा सुरक्षा खर्चमा १ अरब थियो, २०००-०३ मा आइपुग्दा ७ अरब पुग्यो। १२ वर्षको अवधिमा सुरक्षा खर्च ७ गुना वृद्धि भइसकेको छ।

मुलुकको अर्थतन्त्र वैदेशिक रोजगार र सहयोगमा निर्भर भएको छ।

युद्धविराम भंग भएपछि माओवादीले स्कूल, गाविस भवन, विद्युत कार्यालय, दूरसञ्चार टावर, पुल जस्ता संरचनामा आगजनी, र विस्फोट गराई क्षति पुऱ्याए। क्षतिबाट पुगेको नोक्सानीको मूल्यांकन भने भएन।

जीवन यापनका लागि काम गर्न पाउने अधिकार (धारा ६)

काम गर्न पाउने अधिकारले कुनै पनि व्यक्तिलाई आर्थिक क्षेत्रमा संलग्न रहने सुनिश्चितता प्रदान गर्दछ। मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा २३ ले "काम गर्न पाउने अधिकार, स्वतन्त्र रोजगारीको अधिकार, कामको न्यायोचित तथा बेरोजगारीबाट सुरक्षा" को अधिकारलाई प्रत्याभूत गरेको छ।

नेपालको कूल १ करोड १७ लाख श्रमशक्तिको ८० प्रतिशत मात्र कृषिमा संलग्न छ। तर श्रमशक्तिको ठूलो भाग पारिश्रमिक प्राप्त नहुने पारिवारिक श्रम साथै स्वरोजगार श्रममा संलग्न भएको मानव विकास प्रतिवेदन १९९८ मा उल्लेख गरिएको छ। श्रमशक्तिको ४.९ प्रतिशत पूर्ण रुपमा बेरोजगार छन्। ४७ प्रतिशत अर्धबेरोजगारको रुपमा कृषिमा संलग्न छन्। यो तथ्यले श्रमशक्तिको आधा संख्या पूर्णकालीन रोजगारीबाट वञ्चित भएको देखाउँछ।

यो वर्ष रोजगारी वृद्धि गर्न कुनै प्रयत्न भएन। सन् १९९८ मा प्रत्येक संसदीय क्षेत्रबाट २ सय जनालाई रोजगारी दिइने, १ लाख २० हजारलाई तालिम दिने र तत्कालै १ लाख ४० हजार नोकरी सृजना गर्ने वचन सरकारले दिएको थियो। यो वर्ष पनि त्यो वचन पूरा गर्ने प्रयासको त कुरै छाडौं, त्यसको स्मरण समेत गरिएन। माओवादी प्रभावित क्षेत्रमा निर्माणसम्बन्धी सबै काम ठप्प पारिएकोले त्यस क्षेत्रको आंशिक रोजगारीमा पनि कमी आयो। सम्पन्न किसानको जमिन माओवादीले कब्जा गरेको देखिएको छ। त्यसकारण खेत बाँझै रहेको स्थितिले मौसमी रोजगारीमा समेत प्रभाव पारेको छ।

८० प्रतिशत श्रमशक्ति कृषि क्षेत्रमा संलग्न भएको कारणले त्यसै क्षेत्रमा रोजगारीको सम्भावना खोज्न पट्टि राज्यको ध्यान गएन। सिंचाई र कृषिजन्य उद्योगलाई प्रोत्साहन दिने कुनै नीति सरकारले अवलम्बन गरेन। आफूले इच्छाएको रोजगारी गर्न मानिस स्वतन्त्र भए पनि मुलुकका केही क्षेत्रमा परम्परागत रुपमा जातको आधारमा अपनाइएको पेशा कायम राख्न, ठूला जातिका भनिनेले दवाव सृजना गर्ने काम यो वर्ष पनि गरे। सप्तरी जिल्लाको शम्भुनाथ गाविसमा रामहरुलाई थारु समुदायका मानिसले नाकाबन्दी गरे।

दासताबाट मुक्त हुन पाउने अधिकार (धारा ६)

०५७ साउन २ गते सरकारले कमैया मुक्तिको घोषणा गरेको थियो। इन्सेकले सन् १९९८ मा गरेको अध्ययन अनुसार नेपालमा २६ हजार पुरुष, १५ हजार महिला र ५ हजार बालबालिका कमैया प्रथा अन्तरगत बाँधा श्रम प्रणालीमा संलग्न थिए।

कमैयाको रुपमा कसैले कसैलाई काममा लगाउन नपाउने निर्णय भएता पनि गाँस, वास, कपासको न्यूनतम् आवश्यकता पूर्ति हुन सकेको छैन। तसर्थ: उनीहरुले पुन: कमैया हुनुपर्ने स्थिति चुनौतिको रुपमा उठेको छ। आफ्नो समस्या समाधानका लागि यो वर्ष पनि कमैयाहरुले आन्दोलन गरे।

बाँके, बर्दिया, कैलाली, कञ्चनपुर र दाङबाट आफ्नो नाम कमैयाहरुको सूचीमा छुटेको भनी २० हजार निवेदन पऱ्यो। त्यसपछि सरकारले यो वर्ष छानविनको लागि उच्चस्तरीय टोली खटायो।

शिक्षाको अधिकार (धारा १३)

समाज तथा व्यक्तिको समग्र विकासको माध्यम भनेकै शिक्षा हो। शिक्षाबाट वञ्चित गराइनु भनेको समाज र व्यक्तिलाई अधोगतितर्फ धकेल्नु हो। नेपालमा ५४ प्रतिशत जनता साक्षर छन्। ग्रामीण क्षेत्रमा ३७ प्रतिशत र शहरी क्षेत्रमा ६७ प्रतिशत साक्षरता हुनुले के बताउँछ भने शिक्षा-सुविधा शहरमा केन्द्रित छ। महिला साक्षरता ३९ प्रतिशत छ भने पुरुष साक्षरता ६१ प्रतिशत रहेको छ। शैक्षिक क्षेत्रमा रहेको विभेद यो तथ्यांकले देखाएको छ।

शिक्षाको अधिकारलाई संविधानले प्रत्याभूत गरेको छैन। तर राज्यको निर्देशक सिद्धान्त तथा नीतिमा जनताको शैक्षिक स्तरको विकास गराउनुलाई राज्यको जिम्मेवारीका रुपमा उल्लेख गरिएको छ।

कक्षा १ मा भर्ना हुने ४४ प्रतिशत मात्र कक्षा ५ मा पुग्ने गरेको स्थितिलाई सुधार्न यो वर्ष कुनै नीति बनेन। माओवादी समस्याका कारण ०५९ सालमा विद्यालयहरु १ सय २० दिन मात्र खुले। माओवादीले स्कूलका शिक्षक-विद्यार्थीलाई अपहरण गरेर आफ्नो कार्यक्रममा लैजाने गरेका छन्। विद्यार्थीहरुलाई आफ्नो काममा लगाउने उनीहरुको क्रियाकलापले शैक्षिक क्षेत्रमा व्यवधान उत्पन भएको छ। सिन्धुपाल्चोकका पत्रकार एवम् शिक्षक ज्ञानेन्द्र खड्काको हत्या भएपछि जिल्लाको अधिकांश विद्यालय लामो समयसम्म बन्द रहे। शिक्षा विभागले जनाएअनुसार ३ हजार शिक्षक विस्थापित भएका छन्। यसबाट १ लाख ५० हजार विद्यार्थीको शिक्षामा प्रत्यक्ष असर परेको छ। यो वर्ष ४३ विद्यार्थी, २ शिक्षक राज्यबाट मारिए भने माओवादीबाट १३ शिक्षक, २१ विद्यार्थीले ज्यान गुमाउनु पऱ्यो। माओवादीबाट २ सय १९ जना विद्यार्थी, १ सय ४५ शिक्षकको अपहरण गरियो। राज्यबाट ५८ विद्यार्थी, १२ शिक्षकलाई बेपत्ता पारियो।

मुगु जिल्ला खत्याड भेगका ४५ विद्यालयका १ सय ४४ शिक्षक/शिक्षिकासँग माओवादीले मासिक तलबको पाँच प्रतिशत आफ्नो पार्टीका नाममा र दुई प्रतिशत जिल्लाका भातृसंगठनको नाममा लेबी चन्दा माग गरे। माओवादीले त्यस बमोजिम नभए कुनै पनि शिक्षक/शिक्षिका आफ्नो पार्टीको कारवाहीमा पर्न सक्छ भनी धम्की दिए। यसैगरी अनेरास्ववियु (क्रान्तिकारी) को शैक्षिक क्यालेण्डर लागू नगरे ०६० पुस १ गतेदेखि विद्यालयहरू बन्द गर्नुपर्ने उर्दी जारी गरे। त्यसो नगरिए शिक्षक शिक्षिकाको ज्यान लिने धम्की उनीहरुले दिए। त्यस भेगमा यस वर्षको अन्त्यसम्म विद्यालयहरू बन्द रहे।

स्कूल परिसरभित्र माओवादी र सुरक्षाकर्मीको भिडन्त समेत भयो। डोटी जिल्ला मुडभरा गाविस-१ स्थित शारदा उच्च माविका विद्यार्थी सुशीला जोशी, यदुनाथ जोशी, मिना विक र हरिना भण्डारीको सुरक्षाकर्मीको गोलीबाट विद्यालय परिसरमै ज्यान गयो। पीडितहरूलाई माओवादीले आफ्नो सांस्कृतिक कार्यक्रम हेर्न जबरजस्ती उपस्थित गराएका थिए।

यस वर्ष देशको निजी तथा बोर्डिङ विद्यालय संघ (प्याब्सन) ले ११ बुँदे आचार संहिता जारी गरी पुन: भर्ना शुल्क लगायत् दर्ता शुल्क र भौतिक सुधार सम्बन्धी चन्दा नलिने साथै मासिक शुल्क १० देखि २५ प्रतिशत घटाउने निर्णय गऱ्यो। यो निर्णय पछिसम्म कुन हदसम्म पालना हुने हो त्यो त हेर्न बाँकी नै छ। निर्णयलाई भने सकारात्मक रुपमा ग्रहण गरियो।

नेपाल विश्व शिक्षा मञ्च २००० को सदस्य राष्ट्र हो। मञ्चको लक्ष्य सन् २०१५ सम्म सबैका लागि शिक्षा हो। नेपालले पनि यसमा आफ्नो बचनबद्धता जनाएको थियो। नवौं योजनासम्म साक्षरता ७० प्रतिशत पुग्ने अनुमान गरिए पनि ५४ प्रतिशत भन्दा बढी हुन सकेन। पाठ्यक्रममा मानवअधिकारलाई पनि समावेश गर्ने सरकारी प्रतिबद्धता दोहोऱ्याइयो। तर पाठ्यक्रम सम्बन्धी नयाँ निर्णय गरिएन।

मातृभाषामा पाठ्यपुस्तक तयार गर्ने सम्बन्धमा यो वर्ष पनि कुनै काम भएन।

खान पाउने अधिकार (धारा ११)

खानेकुरा जीवनदायी हुने भए पनि संविधानले खान पाउने अधिकारको प्रत्याभूति गरेको छैन। दुई दशकअघि खाद्यान्न निर्यातकर्ताको रुपमा रहेको नेपालका ७५ मध्ये ४५ जिल्लालाई खाद्यान्न अभाव क्षेत्र तोकिसकियो। यो परिस्थिति दिनानुदिन बिग्रँदै गइरहेको छ। हिमाली तथा पहाडी क्षेत्र खाद्यान्न रहित क्षेत्रका रुपमा परिणत हुन थालेका छन्। तराईका केही जिल्लामा उपभोग हुन सक्ने भन्दा बढी खाद्यान्न उत्पादन भएता पनि अभाव भएका क्षेत्रमा पठाउने समुचित व्यवस्थाको छैन। यसबाट खास गरी कुपोषणका कारण बालबालिकाको शारीरिक र मानसिक स्वास्थ्यमा प्रभाव पर्न गएको देखिन्छ।

सुदुर पश्चिमाञ्चल र मध्यपश्चिमाञ्चल क्षेत्रमा खाद्य असुरक्षा बढेको छ। यस क्षेत्रमा सुरक्षाकर्मी र माओवादी दुवैले व्यवधान खडा गरेका छन्। माओवादीले यो वर्ष पनि खाद्यान्न लुटेर खाद्यान्न डिपो तथा कामको लागि खाद्यान्न कार्यक्रम बन्द गराए।

आवास तथा बसोबासको अधिकार (धारा ११.१)

यथोचित आवासको व्यवस्था गराउने कुनै पनि

कानुनी प्रावधान नेपालमा छैन। संविधानको धारा २६(१) मा भने आवास नीतिले ठाउँ पाएको छ।

सन् १९९१ पछि नेपालमा राष्ट्रिय आवास सर्वेक्षण गरिएको छैन। त्यो सर्वेक्षणले ८.३ प्रतिशत आवासलाई मात्र स्थायी प्रकृतिको भनेर किटान गरेको थियो। माओवादी समस्याका कारण उत्पन्न आन्तरिक विस्थापन दिन प्रति दिन बढ्दै गएकोले अस्थायी प्रकृतिको आवासको संख्या बढेको हुन सक्ने अनुमान गर्न सकिन्छ। शहरी क्षेत्र तथा जिल्ला सदरमुकाममा बसोबासको चाप बढेको केही अध्ययनले देखाएको छ।

महिला विरुद्ध हुने गरेका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि (सीइडीएडब्लु)

बाह्र वर्ष अघि नेपालले महिलाविरुद्ध हुने गरेका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धिमा सम्मिलन गरेको हो। तर सो अनुरुप काम भने हुन सकेको छैन। कानुनले महिला अधिकारलाई समग्रमा राखेर हेर्नु पर्नेमा विवाहित र अविवाहित भनेर वर्गीकरण गरिएको छ। वैवाहिक स्थितिका आधारमा गरिएको यस्ता विभेदले नेपालको कानुनलाई समानताको हकमा रुपान्तरण गर्नुपर्ने काम अझै बाँकी रहेको पुष्टि हुन्छ। कानुनी प्रावधान बाहेक परम्परागत रुपमा चलिरहेका विभेदकारी व्यवहारलाई समेत सुधार्न सकिएको छैन। फलस्वरुप नेपाली महिला हिंसा पीडित भइरहेका छन्।

महिला कानुन र विकास मञ्चले गरेको एक अध्ययन अनुसार अहिले पनि विभिन्न ऐन, कानुनमा १ सय ३७ वटा विभेदकारी प्रावधानहरु रहेका छन्। त्यस्ता प्रावधानहरु महिला विरुद्ध हुने गरेका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धिको मर्म र प्रावधानहरु विपरीत छन्।

नेपालमा संविधान लगायत ५६ वटा कानुनका १ सय ५० प्रावधानहरुले महिलाका निमित्त विशेष व्यवस्था गरेका छन्। महिला, कानुन तथा विकास मञ्चले ०५९ कार्तिकमा प्रकाशित गरेको एक पुस्तिकामा उल्लेख गरिए अनुसार ती प्रावधानहरुमा महिलाका निमित्त विशेष व्यवस्थाअवश्य गरिएको छ। तर महिलाहरुको अवस्थामा त्यसबाट पनि अपेक्षित सुधार आउन सकेको छैन।

किनकि विद्यमान विशेष कानुनी व्यवस्थाहरु गुणात्मक तथा संख्यात्मक दुवैरुपमा अपर्याप्त छन्। विषयगत विशेष व्यवस्थाहरु मध्ये राजनीतिक र सार्वजनिक जीवनमा सहभागिताको क्षेत्रमा परिमाणात्मक रुपमा केही उपलब्धी देखिएका छन्। तर पनि अन्य क्षेत्रमा भएका विशेष व्यवस्थाले महिलाको स्थितिमा परिवर्तन गर्न सकेको छैन। कतिपय विशेष व्यवस्था कार्यान्वयनमा नै आएका छैनन्। कतिपय विशेष व्यवस्थाले महिलामाथि सकारात्मक भन्दा नकारात्मक असर पारिरहेका छन्।

महिला विरुद्ध हुँदै आएका पारिवारिक हिंसा र बहुविवाहका घटनाहरु बढी रहेका छन्। बेचबिखन, बोक्सीको आरोप आदिबाट उनीहरु उत्तिकै पीडित छन्। यो वर्ष महिला विरुद्ध हुने गरेका हिंसा मध्ये बोक्सीको आरोप विशेष छलफलको विषय बन्यो। इन्सेक लगायतका मानवअधिकार संस्थाले छुट्टै कानुन बनाउनु पर्ने माग राखे। ०६० कार्तिक २५ गते सरकारले बोक्सीको आरोप लगाई यातना दिने लगायत्का सामाजिक अपराध उपर कारवाही गर्न जिल्ला प्रशासनलाई निर्देशन दियो। तर व्यवहारमा भने परिवर्तन भएको देख्न पाइएन।

महोत्तरी जिल्ला माइस्थान गाविस-३ की ललीता रानालाई बोक्सीको आरोपमा सोही ठाउँका ४५ वर्षीय मकरध्वज राना, ३८ वर्षीय इन्द्रमाया राना, १७ वर्षीय आशा राना, २० वर्षीय ज्योति राना र २४ वर्षीय अञ्जु रानाले मानव मलमूत्र खुवाए। पीडकहरुलाई धरौटीमा रिहा गरियो।

महिला विरुद्धको हिंसाका मुद्दामा पीडित पक्षको हकमा फैसला भएका विवादको संख्या न्यूनतम रहेको सेलर्डद्वारा सन् २००१ मा सार्वजनिक गरिएको तथ्यांकले बताएको छ। त्यो स्थितिमा अझै सुधार गर्ने प्रयत्न भएको पाइएन। बलात्कारका घटनामा पीडित र पीडक दुवै पक्ष बीच समाजले आर्थिक लेनदेनका आधारमा दबाब दिएर मिलापत्र गराएको घटना इन्सेकको अभिलेखमा छ।

राजविराज-२ की एक १८ वर्षीय युवतीलाई राजविराज नपा-२ का देवकुमार दास, उमेश दास, दुखी दास तथा विजय दासले बलात्कार गरे। पीडित पीडक बीच मिलापत्र गरिएको बताइयो।

बलात्कार र बेचबिखनका घटनामा लोकलाजका डरले तुरुन्तै जाहेरी नदिने चलन छ। यसले गर्दा मुद्दाको छानबिनमा बाधा पुग्छ र प्रमाण नष्ट हुन्छ। यो वर्ष राष्ट्रिय महिला आयोगले दीर्घकालीन योजना बनाउँदै गरेको जानकारी दिने बाहेक उल्लेखनीय कार्य गर्न सकेन। आयोगको सक्रियता बढाउन सरकारले पनि कुनै चासो देखाएन। महिलालाई विभिन्न क्षेत्रमा आरक्षण प्रदान गर्नु पर्छ भन्ने टुंगोमा भने सरकार पुग्यो।

महिलालाई घरेलु हिंसाबाट सुरक्षित गर्ने कानुन बनाउने क्रममा ०५८ चैतमा प्रतिनिधिसभाले घरेलु हिंसा (अपराध र दण्ड) विधेयक २०५८ पारित गरेको थियो। राष्ट्रिय सभामा विचाराधीन रहेको सो विधेयकले अहिलेसम्म ऐनको रुप लिन सकेको छैन।

यो वर्ष मानवअधिकारकर्मीबीच प्रत्येक अदालतमा महिला बेन्च र महिला न्यायाधीश हुनु पर्ने विषयमा बौद्धिक छलफल भयो। सर्वोच्च अदालतका पूर्व न्यायाधीश लक्ष्मणप्रसाद अर्यालले राजधानीमा आयोजित एक कार्यक्रममा त्यस्तो धारणा व्यक्त गर्नु भएको थियो। (परिच्छेद ३.१, न्यायपालिका)

बालअधिकार सम्बन्धी महासन्धि (सीआरसी)

चौध वर्ष अघि नेपालले बालअधिकार महासन्धि अनुमोदन गरेको थियो। महासन्धिको दुई ऐच्छिक प्रोटोकलमा हस्ताक्षर गरेको पनि तीन वर्ष बितिसक्यो। बालबालिकासम्बन्धी ऐन बनेको पनि बाह्र वर्ष भयो। तर नेपाली बालबालिकाको अवस्था फेरिएन। गमलाका फूलले जे जति स्याहार सम्भार पाउने गरेका छन्, त्यति पनि साझा फूलबारीका भोलिका मालीले पाएनन्। संख्याको हिसाबले हेर्ने हो भने ४१ प्रतिशत अंश उनीहरुको भागमा पर्दछ। ४९ प्रतिशत संख्यामा रहेका उनीहरुका अभिभावकले सन् २००३ मा माया, स्नेह सद्भावको साटो ज्यूज्यांन समेत खतरामा पारिदिए।

१२ देखि १६ वर्ष उमेरका बालबालिकाद्वारा कानुनले दण्डनीय भनेको अपराध भएमा सोही कसुरमा बालिग व्यक्तिलाई हुने दण्ड सजायको आधा मात्र सजाय हुने व्यवस्था मुलुकी ऐनले गरेको छ। तर, विनाकसुर पनि सुरक्षाकर्मीबाट बालबालिका मारिएको घटना अभिलेखमा आएका छन्।

तनहुँ जिल्ला छिरिङ सुन्धारा गाविस-८ की पवित्रा कुमालको "अपराध" के थियो भने सुरक्षाकर्मीबाट पिटिँदै गरेका आफ्ना बाबुलाई जोगाउन उनी अघि सरिन। कक्षा

राज्य तथा माओवादीबाट हत्या भएका पीडितहरु पेशा अनुसार

(१ जनवरी – ३१ डिसेम्बर २००३)

पीडितको प्रकार	माओवादीबाट पीडित					राज्यपक्षबाट पीडित				
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
कृषक	१०७	१३४	५		१३९	१००	१४१	१२		१५३
उद्योग व्यवसायी	१२	१३	१		१४	९	११	१		१२
जागिरे, कर्मचारी	१५	१४	२		१६		९			९
डाँका	१	१			१					
ईन्जीनियर	१	१			१					
स्वास्थ्य सहायक	१		१		१					
गृहिणी	१		१		१	१		१		१
पत्रकार	१	१			१	१	१			१
मजदूर	६	७	१		८	१३	१६	३		१९
कानुन व्यवसायी	१	१			१					
सेना	४६	१०९			१०९	१	२			२
फोटोग्राफर	१	२			२					
प्रहरी	९३	२१२			२१२	६	६			६
राजनीतिक कार्यकर्ता	४६	६५	२		६७	२८६	६१७	९५	१४२	८५४
वन्दी						१	१			१
सामाजिक कार्यकर्ता	२	२			२	१	१			१
विद्यार्थी	१४	१८	३		२१	२९	३४	९		४३
शिक्षक	१३	१२	१		१३	२	२			२
नखुलेको	३०	३२	४	१	३७	७१	८४	१७	१२	११३
जम्मा	३९१	६२४	२१	१	६४६	५२१	९२५	१३८	१५४	१२१७

४ की छात्रा पवित्रालाई सुरक्षाकर्मीले गोली हानी हत्या गरे। उनको लासको पोस्टमार्टम गरिएन। अन्तिम संस्कार परिवारजनले गरे।

यो वर्ष राज्यपक्षबाट १ हजार २ सय १७ जना र माओवादीबाट ६ सय ४६ जनाको हत्या भयो। २ हजार ७ सय १६ जना गिरफ्तार भए ३ सय ६८ जना बेपत्ता पारिए। १ हजार ३ सय ४ जनाको माओवादीले अपहरण गरे। गत वर्ष झैं माओवादीले "जनप्रतिरोध कार्यक्रम" अन्तरगत ८ कक्षा भन्दा माथिका विद्यार्थीलाई अपहरण गरी आफ्ना कार्यक्रममा लगे। राज्य र माओवादी पक्ष दुवैबाट त्रसित तिनका अभिभावकले घटना सार्वजनिक गर्न चाहेनन्। युद्धरत पक्षहरु बीचको मुठभेडमा पनि बालबालिका पीडित बने।

लहान नपा-१ का नैनीलाल रामको घरमा ढोका खोल्न नमानेको कारण राति माओवादीले घरभित्र फालेको बम विस्फोट हुँदा घाइते भएकी १३ वर्षीय बालिका सरीताकुमारी रामको धरानस्थित वीपी मेमोरियल अस्पतालमा उपचार गराउँदा-गराउँदै दुई दिनपछि मृत्यु भयो। सो घटनामा ७ वर्षीय बालिका नितुकुमारी राम, ३५ वर्षीय जलेश्वरीदेवी राम र ४५ वर्षीय जुरनीदेवी रामसमेत घाइते भए। नैनीलालले क्षतिपूर्ति र उपचार खर्चका लागि सम्बन्धित निकायमा पटक-पटक धाउँदा पनि पाउन सकेनन्।

सिविनका अनुसार, आन्तरिक द्वन्द्वका कारण ४ हजार बालबालिका विस्थापित भएका छन्। ताप्लेजुङ जिल्ला ढुंगेसाँगु गाविस-३ का १५ वर्षीय अनिलकुमार बस्नेत र १२ वर्षीय विशाल बस्नेतका बाबु श्रीप्रसाद बस्नेतको माओवादीले हत्या गरेपछि दुवै दाजुभाई विस्थापित भई सुनसरी जिल्लामा बस्दै आएका छन्।

सबै प्रकारका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि (सीइआरडी)

संविधानले सबै नेपालीलाई बराबर मानेको छ। 'छुवाछूत' लाई मुलुकी ऐनको अदलको १० नं. अपराध मान्दामान्दै पनि 'छुवाछूत' सामाजिक रोगका रुपमा रहेको छ। यस्तो अपराधलाई सरकारी मुद्दा सरह कारवाही चलाउने उचित व्यवस्था गर्न दिनेशकुमार अच्छामी समेतले गत वर्ष सर्वोच्च अदालतमा निवेदन दिएका थिए। सर्वोच्चले रिट खारेज गरेको थियो। *(विस्तृत विवरण पृष्ठ ३३-३४, मानवअधिकार वर्ष पुस्तक २००३)।*

०६० साउन १२ गते सरकारले दलित जाति भनिनेप्रति छुवाछूतको व्यवहार गरेमा सरकारी मुद्दा

तालिका ५

सन् २००३ मा राज्य र माओवादीबाट हत्या भएका बालबालिका संख्या (१८ वर्ष भन्दा मुनिका)

सम्बन्धी ऐन २०४९ बमोजिम मुद्दा चलाउने निर्णय गर्‍यो। यस बाहेक दलितहरुलाई आरक्षण दिने घोषणा पनि यो वर्ष भयो। *(परिच्छेद ३.२, कार्यपालिका)*

तनहुँ जिल्ला पोखरीभञ्ज्याङ गाविस-५ का दलितहरुलाई मगर जातिका केही व्यक्तिहरुले परम्परागत कुवाको पानी उपभोग गर्न दिएनन्। तुलबहादुर थापामगर सहितको एक समूहले कुवा समेत भत्काइदियो। जिल्ला प्रशासनले पीडकहरुलाई भत्काएको कुवा मर्मत गर्न र दलित जातिलाई विना रोकटोक उपभोग गर्न दिने शर्तमा मिलापत्र गरायो। हाल पीडित परिवारले कुवाको पानी पूर्ववत् अवस्थामा प्रयोग गर्न पाएका छन्।

विस्थापित एवं शरणार्थीको अधिकार

विगत १४ वर्षदेखि नेपालमा बस्दै आएका भुटानी शरणार्थीलाई उनीहरुकै मुलुकमा फर्काउने सम्बन्धमा मन्त्रीस्तरीय वार्ता भयो। शरणार्थीहरुको चार श्रेणीमा वर्गीकरण गरियो। *(परिच्छेद ३.२, कार्यपालिका)*

सशस्त्र द्वन्द्वका कारण विस्थापन प्रमुख समस्याका रुपमा देखा पर्न थालेको सन्दर्भमा यो वर्ष पनि सरकारी क्षेत्रबाट उल्लेखनीय चासो लिइएन। (परिच्छेद ५, सशस्त्र द्वन्द्व र आन्तरिक विस्थापन)

इन्सेकको अभिलेखकका अनुसार यो वर्ष ११ हजार ६ सय ३८ जना आन्तरिक विस्थापित भए।

यातना तथा क्रुर अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्धको महासन्धि (सीएटी)

यातना त्यस्ता आपराधिक कार्य मानिन्छ जो राज्यपक्षबाट थुना/नजरबन्दमा सोधपुछका क्रममा हुने गरेको पाइन्छ। शारीरिक र मानसिक रुपमा दिइने यातना नेपालमा सामान्य प्रचलनमा रहेको छ। संविधानको धारा १४ को उपधारा ४ मा यातना दिइने छैन, दिइएमा कानुन बमोजिम क्षतिपूर्ति दिइने छ भन्ने व्यवस्था छ। संविधान लागू भएको ६ वर्षपछि यातना सम्बन्धी क्षतिपूर्ति ऐन पनि लागू भयो।

सिभिक्टले २००१ मा गरेको सर्वेक्षण अनुसार ७० प्रतिशत कैदीहरुलाई हिरासतमा यातना दिइएको थियो। मुलुकमा संकटकाल घोषणा भएपछि गिरफ्तारी र यातनाको संख्या बढेको तथ्याङ्क इन्सेक अभिलेखले देखाउँछ।

माओवादी र सरकार बीच वार्ता भंग भएपछि बेपत्ता पार्ने क्रम र यातना दुवैको वृद्धि भयो। सोधपुछका लागि सैनिक क्याम्पमा लगिएका व्यक्तिले यातना पाउनु सामान्य जस्तै देखियो। तर प्रत्याक्रमणको डरले निवेदन नदिने सामान्य प्रचलन रह्यो। (हेर्नुहोस् यसै आलेखको उपशीर्षक गैरकानुनी गिरफ्तारी)

सन् २००३ मा गिरफ्तारी र यातनाबाट २ हजार ६ सय १६ जना पीडित भए।

धेरै घटनामा माओवादी पक्षबाट यातना दिने गरेको देखियो। सकेसम्म आफ्नो पक्षमा परिचालित् होस् नभए विरोध गर्ने हिम्मत नगरोस् भन्ने अभिप्रायले यातना दिइएको पाइयो। हत्या गर्नु पूर्व प्रशस्त यातना दिइएको पीडितहरुको लासको प्रकृतिबाट नै पुष्टि हुन्छ। त्यसैगरी अपहरितहरुलाई पनि यातना दिइएको पाइयो।

आदिवासी तथा अल्पसंख्यकहरुको अधिकार

नेपाल बहुजातीय बहुधार्मिक एवम् बहुभाषिक देश हो। पञ्चायत कालमा उपरोक्त तीन विलक्षणलाई कुनामा थन्काउने काम भयो। एक भाषा एक भेषको नारा लगाउने क्रममा शासकहरुले 'तराईको गर्मीमा दौरा सुरुवालले शितलता दिदैन, हिमालको जाडो दौरा सुरुवालले छेक्दैन' भन्ने कुरा पनि बिर्सिए। तर प्रजातान्त्रिक व्यवस्था पुनर्स्थापित भएपछि वर्षौंदेखि दबाएर राख्नु परेका भावना मुखरित भयो। आदिवासी जनजातिको भाषालाई नेपाली भाषाले, धर्मलाई हिन्दू धर्मले र संस्कृतिलाई पहाडे संस्कृतिले उठ्न नदिएको यथार्थ सबै क्षेत्रबाट महसुस गरियो। इतिहासको लामो कालखण्डदेखि माथिल्लो स्तरको मानिने काम गर्नबाट समेत वञ्चित गराइएका जनजाति/आदिवासी समेतलाई समानस्तरमा पुर्‍याउन आरक्षणको व्यवस्था हुनुपर्ने माग हुन थाल्यो। सरकारले यो वर्ष आरक्षणको घोषणा गर्‍यो।

मानवअधिकार रक्षकका सामु उत्पन्न चुनौति

सन् २००३ को अन्त्यसम्म आइपुग्दा मानवअधिकार र मानवीय गरीमाउपर प्रहार गर्ने गृहयुद्धको गम्भीर असर प्रष्टै देखियो। सशस्त्र द्वन्द्वका कारण नेपालका मानवअधिकार रक्षकका जटिलताहरु दिन परदिन झन्झन् बढ्दै नै गइरहेका छन्। हिंसामा संलग्न दुवै पक्षबाट मानवअधिकार रक्षकहरुले दबाबको सामना गर्नु परिरहेको छ। मानवअधिकारको संरक्षण र सम्वर्द्धनका निम्ति अनुगमनको महत्वका सम्बन्धमा धेरै चर्चा गरिरहनु आवश्यक छैन।

तर यतिखेर अनुगमन कार्यका सामु पहिलेको भन्दा निकै बढी चुनौति थपिएका छन्। मानवअधिकार वर्ष पुस्तकका जिल्ला-जिल्लामा रहेका प्रनिनिधिहरुको काममा द्वन्द्वका कारण उत्पन्न समस्याहरुको लामो सूची बन्न

सक्दछ। सूचना प्रवाहप्रति युद्धरत दुवै पक्षको करिब करिब उस्तै नकारात्मक सोच गम्भीर समस्याका रुपमा देखिएको छ। दुवै पक्ष मानवअधिकारका सवालमा गम्भीर छैनन्। बरु दुवै सूचनाको प्रवाह आफ्नो युद्ध रणनीति अनुकूल होस् भन्ने चाहन्छन्। यस वर्ष मानवअधिकार वर्ष पुस्तकका प्रतिनिधिहरुले छिटफुट बाहेक कुनै ठूलो समस्या प्रत्यक्ष रुपमा भोग्नु परेन। तर कतिपय ठाउँमा हाम्रा प्रतिनिधिलाई पीडितपक्षले आफ्नो मानवअधिकार उल्लघंनका सम्वन्धमा केही नलेख्ने अनुरोध गरे। यो प्रवृत्ति आमनागरिकमा रहेको त्रासको परिचायक हो।

अनाम 'बलिदानी'

यसवर्ष दोरम्बामा मारिएका अठाह्र माओवादी कार्यकर्ताहरुमध्ये चार जनाको नाम पछिसम्म खुलेन। मानवअधिकार आयोगले उनीहरुको छद्म नाम मात्र फेला पार्न सक्यो संगीता, जर्मन, सोम र विमला। त्यही घटनामा बेपत्ता पारिएकी एउटी महिलाको नाम पनि पत्ता लाग्न सकेन, प्रतिवेदनमा उनको छद्मनाम नै लेखियो- उषा।

दिनहूँ जसो हुने भीडन्त वा नक्कली भीडन्तमा मारिने कैयन माओवादी वा सर्वसाधारणको सनाखत पनि हुन छाडेको छ। त्यसरी मारिनेहरु अनाम नै रहने गरेका छन्। मानवअधिकार वर्ष पुस्तकको तयारीका क्रममा हामीले विभिन्न घटनामा मारिएकाहरुको परिचय समेत गुमनाम रहेको र उनीहरुको सद्गत समेत हुन नपाएको देख्दै आएका छौं।

मानवअधिकार वर्ष पुस्तकका प्रतिनिधिहरुले कडा परिश्रम र धेरै सोधखोज गर्दा समेत त्यस्ता मृतकहरुको नाम प्राप्त गर्न नसकेका घटना धेरै छन्। माओवादीका स्थानीय नेतृत्व पनि हाम्रो मान्छे हो भनेर जिम्मेवारी लिने कुरासम्म मात्र सीमित रहेको देखिन्छ। हामी वर्ष पुस्तकमार्फत खासगरी माओवादी नेतृत्वसमक्ष आफ्ना मारिएका कार्यकर्ता वा छापामारको परिचय नलुकाउन आव्हान गर्दछौं। मानवअधिकारको संरक्षण र सम्वर्द्धनका निम्ति तथ्यपूर्ण अभिलेखको महत्वका सम्बन्धमा धेरै चर्चा गरिरहनु पर्ने कारण सबै सामु प्रष्टै छ। मानवअधिकार अभिलेखीकरण मानिसलाई संख्यामा बदल्ने अमानवीय प्रक्रिया विरुद्धको प्रयास हो। यो प्रयास सबैको सहयोग विना सफल हुन सक्दैन।

आत्मसमर्पण : जीवनका निम्ति

आफ्नो आत्माकै समर्पण गर्ने नागरिकको जमात बनाउने राज्यको नीति मानवीय गरीमा विरुद्ध छ। त्यसैले माओवादी हिंसाप्रति असहमत हुनुलाई नै आत्मसमर्पणको संज्ञा दिनु उपयुक्त हुँदैन। माओवादी प्रभावित दुर्गम गाउँ-गाउँमा आत्मसमर्पण जीवन जोगाउने एउटा उपायबाहेक केही होइन। कतिपय गाउँमा माओवादीले एक व्यक्ति एक पदको नीति जबरजस्ती कार्यान्वयन गराएपछि युवा, वृद्ध सबैको नाम उनीहरुका तथाकथित एकाईहरुमा राखियो। त्यसरी नाम राखिएका सर्वसाधारणउपर कुनै छानबिनबेगर कारवाही हुन थाल्यो।

त्यस्तो कारवाहीबाट बच्न शान्तिपूर्ण जीवन यापन गर्ने आशाका साथ माओवादीमा कहिल्यै आवद्ध नभएकाहरु पनि माओवादीका रुपमा आत्मसमर्पण गर्न थाले। दैलेखलगायत् कतिपय जिल्लामा त्यस्ता पीडितहरुले मानवअधिकार वर्ष पुस्तकका प्रतिनिधिहरुसमक्ष तथाकथित आत्मसमर्पणको प्रकृयाका सम्बन्धमा सोधेका थिए।

हिंसाका कारण सञ्चार क्षत विक्षत हुन पुगेको छ। माओवादी प्रभावित दुर्गम जिल्लाहरुमा हुलाक सेवा पूरै अवरुद्ध भइसकेको छ। हाम्रा जिल्ला प्रतिनिधिहरुले आफ्नो भोगाईका आधारमा दिएको जानकारी अनुसार, जुम्ला, कालिकोट, हुम्ला, जाजरकोट, रुकुम र रोल्पामा यतिखेर जनताका निम्ति एक लाईनभन्दा बढी टेलिफोन सुविधा छैन। ती एक-एक लाइन पनि बिहानको समयमा सुरक्षाकर्मीहरुका निम्ति छुट्टयाएका छन्। मुगुका चार थान सार्वजनिक फोनमध्ये एक लाइन सेनाको नियन्त्रणमा छ र अर्को एक लाइन उठाउन मात्र मिल्ने एकतर्फी किसिमको छ।

निष्कर्ष र सुझाव

सन् २००३ को मानवअधिकारको स्थितिलाई एकै वाक्यमा भन्ने हो भने 'ओरालो लाग्न थालेको' भन्नु पर्छ। मानवअधिकार र प्रजातन्त्र एक अर्काका परिपूरक मानिन्छन्। सन् ०४६ सालमा पुन: प्राप्त प्रजातन्त्र यो वर्षसम्म आइपुग्दा 'मानार्थ' भएको छ। 'कार्यार्थ' को लागि

सन् २००३ मा राज्यपक्षबाट गिरफ्तारपछि हत्या गरिएका पीडितहरुको संख्या

(१ जनवरी – ३१ डिसेम्बर

घटनाको प्रकार	राज्यबाट पीडित			
	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	८४	१४०	२६	१६६

जनताको आदेश चाहिन्छ। ती आदेश पालना गर्न जनताद्वारा चुनिएका प्रतिनिधि सहितको संस्था चाहिन्छ। जसको अभावमा प्रजातन्त्र सार्थक रहँदैन।

सशस्त्र द्वन्द्वको समाधान वार्तावाट मात्र सम्भव छ। वार्ताबाटै सम्भावना निस्कन्छ भन्ने मान्यताअनुरुप इन्सेकले ०६० साउन २८ गते शान्ति कार्य योजना प्रस्तुत गरेको थियो। वार्तालाई स्थायी समझदारीमा पुऱ्याउन गर्नुपर्ने प्रारम्भिक कामलाई यो कार्ययोजनामा समेट्न खोजिएको छ। यसको सान्दर्भिकता यथावत भएकोले सुझावका रुपमा यहाँ प्रस्तुत गरिएको छ।

शान्तिको प्रारम्भिक कार्ययोजना

हिंसा र द्वन्द्वको समाप्ति मानवअधिकार वहालीको तत्कालीन उपाय हुनेछ। दीर्घकालिन शान्तिका निम्ति सामाजिक न्यायको दिशामा उल्लेखनीय र ठोस सुधार गरिनै पर्छ। तर शुरुवात शान्तिको स्थापनाबाटै गरिनु पर्छ। त्यसका निम्ति सवभन्दा पहिले शान्ति वार्ता हुन सक्ने वातावरण बनाइनु पर्छ। हामीले त्यसैका लागि यो कार्ययोजना प्रस्तुत गरेका हौं। शान्तिको स्थापना र प्रजातान्त्रिक अभ्यासमा देखिएको अवरोधलाई पन्छाउन खुड्किले प्रक्रिया पार गर्नु पर्छ। एक चरणको उपलब्धी पछि अर्को चरणको उपलब्धीको ढोका खोल्नु पर्छ। अघिल्लो सफलताका कारण पछिल्लो सफलतापछि धैर्य गर्ने मानसिकता बढाउनु पर्छ। द्वन्द्वमा सामेल पक्षका सदस्यहरुले परिवार, समाज र राष्ट्रको मूल धारमा समाहित हुने, एकीकृत हुने वातावरण पाउनु पर्छ। यो साह्रै कठिन कुरा होइन। द्वन्द्वरत पक्षहरु सहिष्णु भइदिए भने यो प्रक्रिया स्वत: अगाडि बढ्नेछ।

यो कार्ययोजनाको बन्धन के छ भने- एउटा चरण पूरा नगरी अर्कोमा प्रवेश गर्न सकिदैन। सबै चरण एक अर्कामा श्रृंखलावद्ध रुपमा जोडिएका छन्।

प्रथम चरण : श्री ५ को सरकार, आन्दोलनरत् दलहरु र नेकपा (माओवादी) का वीचमा त्रिपक्षीय वार्ता हुनुपर्छ।

वार्ताको एजेण्डा- आन्दोलनरत दलहरुको सहमतिकासाथ सर्वस्वीकार्य व्यक्तिको नेतृत्वमा सर्वदलीय सरकारको गठन हुने पर्ने छ।

दोश्रो चरण : नयाँ प्रधानमन्त्रीको चयनपछि माओवादी समेत, संसदमा रहेका सबै पार्टीको सर्वदलीय सरकारको गठन हुन सक्नेछ। मन्त्रिपरिषद्को प्रथम बैठकद्वारा संसद पुनर्स्थापनाको निर्णय श्री ५ मा जाहेर गर्नु पर्नेछ। संसद पुनर्स्थापनाको घोषणा पछि पनि माओवादीका मन्त्रीहरुको शपथ ग्रहण भने बाँकी रहन सक्ने छ।

तेश्रो चरण : माओवादीद्वारा आफ्ना मागहरुको समाधानका लागि दुई चरणको कार्ययोजना सार्वजनिक गरिनु पर्छ। पहिलो- नेपाल अधिराज्यको संविधान र त्यसको संशोधन समेतवाट पूरा हुनु पर्ने न्यूनतम मागहरु। दोश्रो- संविधान सभा मार्फत पूरा हुनु पर्ने मागहरु।

चौथो चरण : नवनियुक्त प्रधानमन्त्रीद्वारा, ठोसरुपमा माओवादीद्वारा प्रस्तुत हुने मागहरु तथा आन्दोलनकारी दलहरुद्वारा प्रस्तुत मागहरुका बीचमा समायोजन गरी ती माग पूरा गर्न अधिकार सम्पन्न मन्त्री स्तरीय समितिको गठन गर्ने घोषणा गरिनु पर्छ।

पाँचौ चरण : माओवादीका तर्फबाट नियुक्त

सन् २००३ मा राज्य बेपता तथा माओवादीबाट अपहरण भएका पीडित संख्या

मन्त्रीहरुले आफ्ना न्यूनतम मागहरुको फेहरिस्त सहित त्यसका बारेमा बेवास्ता भएमा शान्ति स्थापनाको यो प्रक्रियावाट अलग हुने सार्वजनिक घोषण गर्दै खुलामञ्चमा सार्वजनिक शपथ ग्रहण गर्न सक्ने छन्। यसरी उनीहरुलाई मन्त्रिमण्डलमा सामेल हुन सहज हुनेछ। पुनरस्थापित संसदको अधिवेशन शुरु हुनेछ। अधिवेशनद्वारा प्रधानमन्त्रीलाई विश्वासको मत प्रदान गरिनेछ। प्रधानमन्त्रीद्वारा राष्ट्रिय समस्या समाधान गर्ने कार्ययोजना निर्माण गर्न अधिकार सम्पन्न मन्त्री स्तरीय समितिको गठन गरिनेछ।

छैठौं चरण : मन्त्रिपरिषद्ले प्रस्ताव गरेअनुरुप संसदद्वारा शान्ति स्थापनाको स्थायी आधारहरुको निक्यौल गर्न, विगतमा देखिएका संवैधानिक अस्पष्टता र समस्या समाधान गर्न संसदीय पहल शुरु हुनेछ। सरकार र संसदलाई आवश्यक पर्ने विशेष अधिकारको व्यवस्था गर्न, निर्वाचन प्रणाली फेरबदल गर्न, प्रशासनिक क्षेत्र विभाजन गर्न र जस्तोसुकै परिस्थितिमा पनि कायम रहनुपर्ने मानवअधिकार, मानवीय कानुन सम्मत आचारसंहिता तयार गरी प्रतिबद्धता प्राप्त गर्न विशेष संसदीय समितिको गठन हुनेछ।

सातौं चरण: नागरिक समाजको समानान्तर संसदको स्थापना हुनेछ। शान्ति प्रक्रियामा जनताका सवालमा केन्द्रित भई छलफल शुरु हुनेछ। विभिन्न जनजाति, मानवअधिकार, वातावरण, ट्रेड युनियन, महिला, विद्यार्थी, दलित, विकास आदि क्षेत्रमा काम गर्ने समुदाय र वर्गहरुको अलग-अलग भेलाद्वारा सर्वसम्मत रुपमा गरिएका निर्णय सरकार समक्ष प्रस्तुत गरिनेछ। राष्ट्रव्यापी रुपमा वहस शुरु हुनेछ।

आठौं चरण : मन्त्रिपरिषद्द्वारा आ-आफ्नो भेटघाट, जाहेरी, छलफल लगायत सम्पूर्ण औपचारिक वर व्यवहारलाई पारदर्शी राख्ने र गोप्य राख्नु पर्ने विषय भए सोको कारण सार्वजनिक गर्ने प्रतिबद्धता जनाइनेछ।

नवौं चरण : हरेक राजनीतिक दलद्वारा आ-आफ्नो पार्टी सार्वजनिक चासो एवम् आलोचनाप्रति सकारात्मक रहने प्रतिवद्धता जारी गरिनेछ। वहुलवादको सम्मान गर्ने, असहमत हुनेप्रति सहिष्णु हुने र पारदर्शी व्यवहार गर्ने बचनवद्धता सरकारमा सामेल हुने पार्टीहरुले संयुक्त हस्ताक्षर गरी सार्वजनिक गर्ने छन्।

मानवअधिकार र सामाजिक न्यायको स्थापनाको दिशामा तत्कालीन कदमका रुपमा उल्लेखित कार्ययोजनालाई व्यवहारमा रुपान्तरण गर्न सकिन्छ। मानवअधिकार संस्कृतिको विकासको क्रम राजनीतिक अस्थिरता, नीति निर्माणको तहमा रहेका राजनीतिकर्मीहरुको इच्छा शक्तिको कमी र जनताको सार्वभौमसत्ताको प्रतिनिधि संस्था संसदको दुरावस्थाका कारण नराम्रोसँग रोकिएको छ। अवरुद्ध प्रजातान्त्रिक अभ्यासलाई स्वभाविक अवस्थामा नफर्काउन्जेलसम्म मानवअधिकारको बिग्रदो स्थितिमा सुधार आउने छैन। स्वतन्त्रता, समानता, जनताको सार्वभौमसत्ता अनि शासनमा सहभागी हुन पाउने अधिकारलाई चीरकाल पर्यन्त सुनिश्चित गर्ने लक्ष्य हाम्रा सामु छ। त्यो लक्ष्य प्राप्तिका निम्ति विस्तृत अध्ययनको निष्कर्षका आधारमा प्रस्तुत हाम्रो सुझावलाई शुरुवातका रुपमा ग्रहण गर्न सकिन्छ।

मानवअधिकार वर्ष पुस्तक २००४ तयारी
टोलीका तर्फबाट
कुन्दन अर्याल
मुख्य संयोजक

परिच्छेद २

अवरुद्ध प्रजातान्त्रिक अभ्यास

सन् २००३ को अन्त्यसम्म आइपुग्दा नेपालको वहुदलीय व्यवस्था अन्तर्गत वाह्र वर्षसम्म गरिएको प्रजातान्त्रिक अभ्यास अवरुद्ध भएको छर्लङ्ग देखियो। त्यसवेलासम्म सतचालीस सालको संविधानलाई पटक-पटक तोडमोड गरिसकिएको थियो। जनताको हातवाट सार्वभौमसत्ताको हरण भइसकेको थियो। संसद् भङ्ग गरिसकिएको थियो।

कार्यकारी अधिकार आफ्नो हातमा लिई राजाले दोश्रो पटक बनाएको सरकार पनि आमचुनावको चर्चा गर्न चुकेन। तर, चुनावको मिति भने वर्षको अन्त्यसम्मै तोकिएन। वर्षको अन्त्यसम्मै देशमा जनताको प्रतिनिधित्वमा जिम्मेवार र वैध सरकार बन्ने सुस्पष्ट योजना सार्वजनिक हुन सकेन। विधि निर्माणको प्रकृया पूरै ठप्प हुन पुग्यो। स्थानीय तहमा पनि जनताको सहभागिता र नियन्त्रण वर्षभरि नै कायम हुन सकेन। औपचारिकरुपमा संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्र नेपाली धर्तिमा कायमै रहेको भए पनि सन् २००३ को अन्त्यसम्म प्रजातन्त्र, मानवअधिकार र सामाजिक न्यायका आधारस्तम्भहरु भने क्षतिग्रस्त हुन पुगे।

नेपाली प्रजातन्त्रको यो पक्षघातग्रस्त अवस्था रातारात उत्पन्न भएको भने होइन। वाह्र वर्षअघि निरंकुशतावादीहरुलाई परास्त गरी स्थापित वहुलवाद विरुद्धको निरन्तरको षडयन्त्र आजको अवस्थाको एउटा कारक अवश्य हो। तर, छयालीस सालको ऐतिहासिक जनआन्दोलनका वाहकहरुले प्रजातान्त्रिक आचरण, सिद्धान्तनिष्ठता र स्वच्छताको उदाहरण प्रस्तुत गर्न सकेको भए प्रतिगमनको प्रयत्न पूर्णत: परास्त हुन सक्ने थियो। त्यसैले प्रजातन्त्रका आधारस्तम्भहरुको पुनर्निर्माण र प्रजातान्त्रिक हक, अधिकारहरुको पुनर्प्राप्तिका निम्ति विगतका कमीकमजोरीहरुको समीक्षा आवश्यक छ।

दृष्टिकोण

स्वतन्त्रता सम्वन्धी एकीकृत विचार हो- प्रजातन्त्र। प्रजातन्त्रले कुनै एउटा राजा वा सम्पन्न वर्गलाई आफ्नो सम्पूर्ण शक्तिको भरमा विपन्न वर्गमाथि शासन गर्न छुट दिदैन। व्यक्तिगत वा शासक वर्गको हित अनुरुपको काम, कारवाही र निर्णय गर्ने छुट प्रजातन्त्रमा नहुने हुँदा, सामूहिक निर्णय प्रक्रिया र सामूहिक हित नै प्रजातन्त्रको क्षेत्र हो।[1] यसकारण प्रजातन्त्रले दुई संयुक्त सिद्धान्तको अनुशरण गर्दछ, पहिलो लोकप्रिय नियन्त्रण र दोस्रो अधिकारको समानता। यी सिद्धान्तले सामूहिक निर्णयको प्रक्रिया र त्यो प्रक्रियाको अभ्यासलाई प्रतिपादन गर्दछन्। प्रायस: प्रजातन्त्र दुई प्रकारका हुन्छन्- प्रत्यक्ष र प्रतिनिधिमूलक। प्रतिनिधिमूलक प्रजातन्त्रले नागरिकको मतद्वारा उनीहरुका प्रतिनिधिहरुको छनौट गर्दछ, जसले सार्वजनिक निर्णय गर्दछन्, कानुन बनाउँदछन् र सार्वजनिक भलाइको लागि कार्यक्रमहरुको दिशा निर्देश गर्दछन्। यसै सन्दर्भमा दियान रमिचेको भनाइ सान्दर्भिक छ- "जब संविधान अनुसार प्रतिनिधिमूलक प्रजातन्त्र कार्यान्वयनमा रहन्छ, यसले सरकारको शक्तिलाई नियन्त्रण गर्दछ र सम्पूर्ण नागरिकहरुको मौलिक अधिकारको प्रत्याभूत गर्दछ। प्रजातन्त्रको यो विधा नै संवैधानिक प्रजातन्त्र हो। यस प्रकारको प्रजातन्त्र भएको समाजमा बहुमतले शासन गर्दछ र अल्पमतमा रहेकाहरुको अधिकार कानुन र संस्थागत गरिएको कानुनद्वारा रक्षा गरिन्छ।"[2]

छयालीस साल अघि पनि नेपालमा प्रजातन्त्र कुनै नौलो शब्द भने थिएन। तापनि, छयालीस सालमा पुनर्स्थापित भएपछि यो शब्दावली नेपाली जनबोलीमा झुण्डिन थाल्यो। नेपालमा 'प्रजातान्त्रिक अभ्यास' लाई त्यसपछि मात्र सुन्न र बुझ्न थालियो। तर, प्रजातान्त्रिक अभ्यासको गलत प्रयोग र सृजनात्मक छलफलको बेवास्ता र यसलाई कम प्राथमिकता दिएकै कारण नेपालमा प्रजातन्त्र आम नागरिकका व्यवहारमा अनुभूत हुन सकेन। प्रजातन्त्रको १२ वर्षे अभ्यास शासक वर्ग र उनीहरुको लागि मात्र सुखद हुन पुग्यो। जन आकांक्षा र चाहना, जनविचार र जनतन्त्रलाई बेवास्ता गर्ने र पाखा लगाउने कामलाई सुनियोजित रुपमा प्रयोगमा ल्याइयो। 'जन शासन' को नाममा शासक वर्गले आत्मकेन्द्रित संस्कृतिलाई प्राथमिकता प्रदान गरे। अहंकार र भ्रष्टाचारले नयाँ नाममा व्यापकता पायो। सामान्य नागरिकको वुझाइमा प्रजातन्त्र उनीहरुको दैनन्दिनको जीवनमा अनुभूत हुन सकेन। प्रजातान्त्रिक कमजोरीहरु यति व्यापक रुपमा देखा परे, प्रतिगामी र पुनरुत्थानवादीहरुले टाउको उठाउने अवसर पाए, जसका विरुद्ध जनताले आन्दोलन गरेका थिए, तिनीहरु फेरि उठ्ने र प्रजातान्त्रिक नीति नियम र योजनामा प्रभावकारी नियन्त्रण कायम राख्ने मौका पाए। प्रजातन्त्रवादीहरु वीचमा उत्पन्न झै-झगडा र मनोमालिन्यले गर्दा नै यी शक्तिहरु कमजोर हुन पुगे र प्रजातन्त्रलाई संस्थागत रुपमा विकास गर्न सकेनन्। राजनीति र शासन अवस्था यस्तो हुन पुग्यो- प्रमुख

प्रजातन्त्रका मूल्यहरु

- समानता, समझदारी र सामाजिक सद्भाव
- लोकप्रिय अभिमतको सम्मान
- बहुलवाद र नागरिक शासन
- आधारभूत अधिकारहरुको प्रत्याभूति
- संवैधानिक सर्वोच्चता र कानुनी शासन
- स्वतन्त्रताको प्रत्याभूति

राजनीतिक पार्टीहरु बीचको द्वन्द्व र पार्टीहरुको आन्तरिक द्वन्द्व खतरनाक ढंगले सतहमा आउन थाल्यो। वि.सं. ०५८ को मध्यमा प्रजातन्त्रमाथि गरिएको प्रहारका कारण उत्पन्न स्थिति अद्यापि कायम छ। यो आलेख नेपालमा प्रजातन्त्रको अभ्यास र यसको संकटमा केन्द्रित छ।

औचित्य, विधि र सीमा

प्रजातन्त्र पनि स्वतन्त्रताको संस्थागत विकास हो। विचार र अभिव्यक्तिको स्वतन्त्रता, वादविवाद र मत, सभा र विरोधको स्वतन्त्रता र न्यायको प्रत्याभूति प्रजातन्त्रको आधार हो। सुशासनको प्रत्याभूति प्रजातन्त्र विना असम्भव हुन्छ। यसर्थ प्रजातन्त्रको विकास सुशासनमा निर्भर रहेको हुन्छ, जहाँ सार्वजनिक सेवाको दुरावस्था, भ्रष्टाचार, अहंकार जस्ता अमानुषिक क्रियाकलापलाई प्रयोगमा ल्याईदैन। यो आलेखमा, नेपालमा भएका प्रजातान्त्रिक अभ्यासलाई सुशासनको आधार, तत्वसँग तुलना गरेर विश्लेषण गरिएको छ। प्रजातन्त्रका तत्त्वहरु/आधारहरु केवल प्रतिकात्मक मात्र हुँदैनन्। तिनीहरु प्रतिस्पर्धी, सर्वस्वीकार्य, र सुनिश्चित हुन्छन् जहाँ राज्य संचालनको तहमा रहेका निर्णयकर्ताहरु जनताद्वारा चुनिएका हुन्छन्। जनता सरकारको समालोचना गर्न स्वतन्त्र हुन्छन्।

नेपालमा प्रजातान्त्रिक अभ्यासको संकट एकाधिकार र कमजोर सार्वजनिक सेवाको परिणाम हो। प्रतिपक्षी दलहरुलाई उनीहरुको अधिकार प्रयोग गर्नवाट वञ्चित गरिनु, उनीहरुका सभा, संगठन गर्ने अधिकारमा रोक लगाउनु र सरकारले गरेका काम र कर्तव्यहरुको स्वस्थ्य/स्वच्छ आलोचना गर्न पाउने अधिकारको हनन गरिनु जस्ता सरकारी क्रियाकलाप नै प्रजातान्त्रिक अभ्यासमा संकट निम्त्याउने कारक तत्त्वहरु हुन्। यी र यस्तै अन्य जनाधिकारहरुको प्रत्याभूति या हननको पक्षलाई नकेलाइकन प्रजातान्त्रिक अभ्यासको विश्लेषण गरिनुले यो आलेखको अनुसन्धानमूलक विश्लेषणको पाटो अधुरो रहन्छ। तसर्थ, प्रजातान्त्रिक अभ्यास गर्ने क्रममा भएका कमजोरीहरुको विश्लेषण नै यो आलेखको प्रमुख विषय हो।

प्रजातन्त्र र सुशासनका विषयमा विभिन्न सन्दर्भग्रन्थहरु तयार पारिएका छन्। ती सामग्रीहरुमा वृहत रुपमा प्रजातन्त्र र सुशासनका विषयमा छलफल अघि वढाइएको छ। अध्ययनहरुको प्रायस: एउटै निचोड छ- जवसम्म प्रजातन्त्रमा प्रतिपक्षीहरुको आदर, सम्मान गरिँदैन र जनताका आवाज सुनिँदैन, प्रजातन्त्रको उपादेयता रहँदैन, त्यस्तो प्रवृत्तिका कारण प्रजातन्त्र क्रमश: कमजोर हुँदै जान्छ। यही तथ्यका आधारमा यहाँ नेपालको प्रजातान्त्रिक अभ्यासको समीक्षा गर्ने जमर्को गरिएको छ। यो आलेख प्रजातन्त्र र सुशासनको विषयमा पहिले गरिएका खोजमूलक अध्ययनमा आधारित छ। इन्सेकमा प्राप्त प्राथमिक तथ्यांकको आधारमा विश्लेषणलाई अघि वढाइएको छ। समय र स्थानको सिमितताका कारण कतिपय विषयहरु पाठकहरुकै विश्लेषणका लागि छोडिएको छ। तथापि, नेपालको प्रजातन्त्र र प्रजातान्त्रिक अभ्यास कसरी चेपुवामा पर्‍यो र त्यसका निम्ति प्रमुख दोषी को हुन् भन्ने विषयमा संक्षेपमा चर्चा गरिएको छ। यो आलेख संकटको कारण खुट्याउने प्रयास मात्र हो। तसर्थ, यसले समाधानका उपायहरुको पक्षलाई समावेश गरेको छैन। तर पनि नेपालमा प्रजातन्त्रको वर्तमान अवस्थाका विषयमा चर्चा गर्दै प्रजातन्त्रको औचित्य कहिल्यै समाप्त नहुने तथ्य अगाडि सारिएको छ।

नेपालमा प्रजातान्त्रिक अभ्यास

प्रजातन्त्रको पुनर्स्थापना

छयालीस सालको जनआन्दोलनको सफलता नै नेपालमा प्रजातन्त्रको पहिलो बिहानी भने होइन। यसपूर्व पनि प्रजातन्त्रको अभ्यास भएको पाइन्छ। ०४६ सालभन्दा पहिले ००७ सालको जनआन्दोलनलाई प्रजातन्त्रको लागि गरिएको प्रयासका रुपमा चित्रण गरिन्छ। तर त्यसपछिका दिनहरुमा उपयुक्त प्रजातान्त्रिक अभ्यासको अभाव र जनताको इच्छा अनुरुप कार्य सम्पादन नभएकै कारण प्रजातन्त्र चीरस्थायी हुन सकेन। प्रजातान्त्रिक अभ्यासको असफलतासँगै प्रजातन्त्र नै अपहरित हुन पुग्यो। ०१७ सालपछि पनि प्रजातन्त्रको स्थापनाका लागि आन्दोलनहरु भए। सबै आन्दोलनहरु परिणाममुखी नभए पनि हरेक आन्दोलनको एउटै सन्देश रह्यो- अल्पमतद्वारा वहुमत जनसंख्यामाथि गरिने शासन सँधै खतराभित्र रहन्छ। ०३७ सालको जनमत संग्रहपछि तेस्रो संशोधनद्वारा पञ्चायती व्यवस्थामा सुधार गरिएको व्यापक प्रचार गरियो। सुधारिएको पञ्चायती व्यवस्था पनि प्रजातान्त्रिक थिएन। "यो व्यवस्थाको पनि परिवर्तन अत्यावश्यक रुपमा देखा पर्‍यो, किनकि पञ्चायती व्यवस्था अंगिकार गरिएको राजनीतिक तथा आर्थिक संरचनाले नयाँ चुनौतीको सामना गर्न सकेन।"[३]

तीन दशकसम्म निरंकुशता विरुद्ध छुट्टाछुट्टै लड्ने पार्टीहरुवीच असीको दशकको अन्त्यतिर संगठित पहल देखिन थाल्यो। उनीहरुका मागमध्येका प्रमुख तीन थिए- पञ्चायती व्यवस्थाको अन्त्य, राजनीतिक पार्टीमाथि लगाइएको वन्देजको फुकुवा र बहुदलीय संसदीय व्यवस्थाको चुनावको लागि अन्तरिम सरकारको गठन। पञ्चायती व्यवस्था विरुद्ध बढ्दै गएको दलहरुको संगठित प्रयास र जनताको सहभागिताका कारण जनआन्दोलन व्यापक वन्दै गयो। आन्दोलन चर्किँदै गएपछि जनता

पञ्चायती व्यवस्थाविरुद्ध झन्-झन् आक्रामक बन्दै गए र निर्णायक आन्दोलनले आफ्नो बाटो बनायो।

मानवअधिकार र प्रजातन्त्रका लागि गरिएको त्यस आन्दोलनले अन्तर्राष्ट्रिय रुपमा मानवअधिकार समुदायका साथसाथै प्रजातन्त्रवादीहरुको समर्थन पायो। भारतीय जनता दलका नेता तत्कालीन भारतीय संसदका विधायक चन्द्रशेखरले नेपालमै आएर जनता र राजनीतिक दलको पक्षमा समर्थन जाहेर गरे। ०४६ माघ ५ गते काठमाडौंमा नेपाली कांग्रेसको राष्ट्रिय महाधिवेशनलाई संबोधन गर्ने क्रममा चन्द्रशेखरले भने- "... छिमेकी भएको नाताले, भारतले नेपालमा प्रजातन्त्रको लागि हुने आन्दोलनको समर्थन गर्नेछ। प्रजातन्त्र र मानवअधिकारको सवालमा हामी नेपाली जनताको पक्षमा उभिने छौं।"

सात कम्युनिष्ट पार्टीहरुको समूह- संयुक्त वाम मोर्चा र नेपाली कांग्रेसले संयुक्त रुपमा संचालन गरेको जनआन्दोलन चाँडै नै गाउँ तहसम्म फैलिन पुग्यो। नारा र प्लेकार्डले सशस्त्र भएका पार्टी नेता, कार्यकर्ता तथा सिंगो जनसमुदाय प्रजातन्त्र प्राप्तिका निम्ति जनआन्दोलनमा समाहित भए। फलस्वरुप ०४६ चैत २६ गते नेपालमा प्रजातन्त्रको पुनर्स्थापना भयो। परिणामत: नेपाल अधिराज्यको संविधान २०४७ जारी गरियो। जसले संवैधानिक राजतन्त्र, मानवअधिकार, कानुनी शासन र वालिग मताधिकारको प्रत्याभूति गरेको छ। संविधानले सार्वभौमसत्ता राजावाट नेपाली जनतामा हस्तान्तरण गऱ्यो। परिवर्तनपछिको प्रमुख उपलब्धीका रुपमा निर्मित संविधान र त्यसले निर्दिष्ट गरेका अधिकारहरु, नेपालको सन्दर्भमा प्रजातन्त्रको संस्थागत विकासका निम्ति कोशेढुंगा थियो। तर संविधानलाई प्रगतिशील र प्रजातान्त्रिक बनाउन सफलता प्राप्त गर्ने शक्तिहरुवाटै संवैधानिक व्यवस्थाहरुको कार्यान्वयनका सवालमा प्रशस्त कमजोरीहरु प्रदर्शन गरिए।

प्रजातान्त्रिकरणको प्रक्रिया

प्रजातन्त्रको मूल्य प्रविधि जस्तै स्वतन्त्र हुन्छ। यसले आफै राष्ट्र र विश्वलाई सुन्दर बनाउँदैन। जनताको सामाजिक तथा आर्थिक अवस्था अनुसार यसले गुण, दोष, असल र खराब दुवै पाटोलाई व्यापक बनाउँछ। सहमति, बसाईं-सराईं, युद्ध र जातीय दंगाको परिणामस्वरुप राज्यहरु स्थापित हुने भएका हुँदा, राज्य स्थापनाको निश्चित समय गुज्रिएपछि जनताका अधिकारको स्थापना र स्वतन्त्रताको प्रत्याभूतिको लागि प्रजातन्त्रको अपरिहार्यता महसुस गरिन्छ र सोको लागि प्रयास र प्रक्रिया अगाडि बढ्छ। प्रजातन्त्र विकल्परहित शासन व्यवस्थाको रुपमा चित्रण भएको छ। यस प्रकारको शासन पद्धतिमा हजारौं नीजि संगठनहरुले कार्य सम्पादन गर्न सक्छन्। संवैधानिक कानुन र प्रक्रियाहरुले नै सरकारको काम कारवाहीको निर्णय गर्दछन्। छलफलका विषय, मुद्दा, नीतिगत निर्णयमा जनताको निर्णायक सहभागिता, सरकार संचालन र स्थानीय समुदायमा जनताको अर्थपूर्ण सहभागिता प्रजातन्त्रका अवयव हुन्। तल उल्लेखित अवस्थाहरु प्रजातन्त्रका आधारस्तम्भ हुन् :

- जनताको सार्वभौमसत्ता
- शासन गरिनेहरुको स्वीकृतिमा आधारित सरकार
- बहुमतको शासन
- अल्पसंख्यकहरुको अधिकार
- आधारभूत मानवअधिकारको प्रत्याभूति
- स्वतन्त्र र निष्पक्ष चुनाव
- न्यायिक समानता
- सरकारको संवैधानिक सिमितता
- सामाजिक, आर्थिक तथा राजनीतिक बहुलवाद

नेपालको १२ वर्षे प्रजातान्त्रिक अभ्यासले जनतामा राजनीतिक चेतनाको व्यापक सञ्चार गरेको छ। मुख्य गरेर यसले नयाँ पिंढीका नागरिकहरुमा पुरानो सामाजिक संरचना र पुरानो चिन्तनलाई परिवर्तन गरिनु पर्छ भन्ने ज्ञानको सञ्चार गरेको छ। केन्द्र तथा स्थानीय तहसम्म निष्पक्ष आवधिक निर्वाचनले जनसहभागितामा अभिवृद्धि गरेको छ। यसवीच राज्य संचालनको प्रक्रियामा वल तथा धम्कीद्वारा नभएर जनअभिमतद्वारा परिवर्तन गरिनु पर्छ भन्ने चेतनाको सञ्चार भयो। राजनीतिक प्रतिपक्षी र अल्पसंख्यकहरुका अधिकारहरु सुनिश्चित गरिए। जनताले आफ्नो आवाज बुलन्द गर्न पाए। नीति निर्माणको तहमा उनीहरुको प्रभावकारी सहभागिता बढाइयो। नागरिक तथा राजनीतिक अधिकारको सुनिश्चितताले नै आम नागरिक संस्थापनपक्षबाट भएका गलत र अप्रभावकारी निर्णयका विरुद्ध प्रदर्शन गर्न तथा दवाव दिन सक्षम भए। प्रजातन्त्रको पुनर्स्थापनापछिको पहिलो जननिर्वाचित सरकारको समयमा नेपाल र भारत बीच भएको टनकपुर सन्धि प्रक्रियाले संसदमा प्रतिपक्षी दलहरुको विरोधको व्यापक सामना गर्नु पऱ्यो। सोही प्रक्रियाका सम्बन्धमा सरकारलाई विपक्षी बनाएर सर्वोच्च अदालतमा दायर गरिएको मुद्दामा सरकारले पराजयको भोग्नु पऱ्यो। त्यसैगरी, नियुक्ति प्रक्रियाको न्यूनतम शर्तहरुलाई अपहेलना गर्दै ध्रुवबहादुर प्रधानलाई प्रहरी महानिरीक्षक बनाइएको निर्णयका कारण सरकारले जनताको माझमा व्यापक विरोधको सामना गर्नु पऱ्यो। प्रतिपक्षीहरुको विरोधलाई सर्वोच्च अदालतको निर्णयले सही सावित गरायो।

प्रजातन्त्रले निर्दिष्ट गरेको जनताको सार्वभौमिकताका केही उदाहरण यस्ता छन्। प्रजातन्त्रको अर्को महत्वपूर्ण पक्ष भनेको नागरिक समाजलाई

शक्तिशाली बनाउनु हो। नेपालको सन्दर्भमा पनि यो कुरा उत्तिकै लागू भएको छ। यसले जनमानसमा बहुविचार, संगठन र क्रियाकलापको नवीन आयाम थपेको छ। नागरिक समाज नागरिकहरुका बीचमा आशाको सञ्चार गर्दै राज्यमा प्रजातान्त्रिक पद्धतिलाई सुदृढ गर्ने सशक्त समाजको रुपमा देखा परेको छ।[४] नागरिक स्वशासन, स्वतन्त्रता, न्याय र सर्वव्यापिक अधिकारको माग र प्रयोग गर्न सक्ने गरी सशक्त भएका छन्। यसकारण नेपालमा प्रजातान्त्रिक अभ्यास सदाका निम्ति अवरुद्ध हुनै नसक्ने गरी प्रजातन्त्रले जरो गाडेको छ।



प्रजातन्त्रको स्तरलाई सुशासनको आधारमा मूल्यांकन गरिन्छ। शासन निर्णय गर्ने प्रक्रिया हो, जसद्वारा निर्णयलाई लागू गरिन्छ। शासनमा केवल सरकार मात्र सहभागी भएको हुँदैन। राज्यका अन्य अंग पनि यसमा सहभागी भएका हुन्छन्। तर, तिनीहरुको सहभागिता शासन प्रक्रियामा तह, स्तर अनुसार फरक-फरक हुन्छन्। भूमिपति, श्रमिक किसानहरुको संगठन, सहकारी, गैर सहकारी, संघ-संस्था, अनुसन्धान, संगठन, धार्मिक नेता, सञ्चारकर्मीहरु, अन्तर्राष्ट्रिय दात संस्थाहरु, बहुराष्ट्रिय कम्पनी आदिले निर्णायक प्रक्रियामा प्रभाव पार्न सक्छन्। सुशासनलाई आठवटा तत्वका आधारमा परिभाषित गर्ने गरिन्छ। सुशासनले भ्रष्टाचार नियन्त्रण, अल्पसंख्यकहरुको विचारको कदर र कठिन अवस्थामा रहेका जनताको आवाजलाई सुन्ने संस्कृतिको विकास गर्दछ। सुशासनको प्रत्यक्ष सम्बन्ध रहेको र विश्वको अत्यन्तै सुन्दर व्यवस्था भनेर कहलिएको प्रजातन्त्र नेपालमा पछिल्लो पटक ०५९ असोज १८ गतेपछि संकटमा परेको छ। नेपालमा प्रजातान्त्रिक शासन व्यवस्था, प्रजातान्त्रिक प्रक्रिया असफल हुनुका प्रमुख कारणलाई सुशासनका आठ वटा तत्वसँग गाँसेर हेर्ने जमर्को गरिएको छ।

प्रजातन्त्रका तत्वहरु र नेपालको प्रजातान्त्रिक अभ्यास

सहभागिता

सहभागिता प्रजातन्त्रसँग प्रत्यक्ष सम्बन्ध राख्ने सुशासनको कोसेढुंगा हो। सहभागिताद्वारा नै मानिस एक आपसमा चिन्न र बुझ्न सक्छन्, साझा विषयमा बोल्न, मतमतान्तर राख्न र आफ्नो विषयमा बोल्न र निर्णय गर्न सक्षम हुन्छन्। समस्याको मिलिजुली समाधान गर्ने अवसर सहभागिताले प्रदान गर्छ। सहभागिता अन्तर्राष्ट्रिय प्रजातन्त्र पनि हो, जुन कुनै पनि किसिमको प्रभाव, दबाब र मोलाहिजाबाट मुक्त रहन्छ।[५]

चुनावभा निष्पक्षताको प्रश्न बहुदलीय व्यवस्थाको आगमन अघिदेखि बहुदलीय व्यवस्था पूर्ण अभ्यासका समयमा पनि उठिरह्यो। तीन-तीन वटा आमनिर्वाचनमा भएका धाँधली र अवाञ्छित शक्ति प्रयोगका घटनाहरुको व्यापक विरोध हुन थालेपछि सरकारले ०५६ पुस २८ गते निर्वाचन व्यवस्थापन सुधार सुझाव उच्चस्तरीय समिति गठन गर्‍यो। त्यस समितिसमक्ष ०५७ वैशाख १५ गते निर्वाचन व्यवस्थापन सुधार सुझाव उपसमिति तथा निर्वाचन ऐन, नियम सुधार सुझाव उपसमितिले संयुक्त रुपमा प्रतिवेदन प्रस्तुत गरे।

प्रतिवेदनमा "मतदातालाई मतदान गर्न जान, मतदान गर्न र फर्कन सक्ने पर्याप्त सुरक्षा व्यवस्था हुनु पर्ने" कुरा पनि उल्लेख गरिएको छ। प्रतिवेदनमा "मतदान केन्द्रहरुमा कडा सुरक्षा व्यवस्था मिलाई होहल्ला गर्ने, मतदान केन्द्र कब्जा गर्ने, मतदान र कर्मचारीलाई धम्क्याउने जस्ता कार्यलाई तत्काल नियन्त्रण गरी कारवाही गर्ने कानुनी व्यवस्था गर्नु पर्ने" जस्तो सुझाव प्रस्तुत गरिएको छ। "निर्वाचनको अवधिभर मदिरा बिक्री वितरणमा रोक लगाउनु पर्ने" सुझाव मात्र दिइएको छैन, प्रतिवेदनमा यस्तो सुझाव पनि प्रस्तुत गरिएको छ- "निर्वाचन अवधिभर लाठी तथा बन्दुक, पिस्तोल, भाला, खुकुरी जस्ता हतियार तथा विस्फोटक पदार्थ लिई हिंड्ने व्यक्ति वा समूहलाई तत्काल गिरफ्तार गरी कडा कारवाही गर्ने कानुनी व्यवस्था गर्ने।"[६] विगतका चुनावहरुमा देखिएका अवाञ्छित क्रियाकलापहरुलाई ध्यानमा राखी दिइएका यस्ता सुझावहरु व्यवहारमा कार्यान्वयन भने हुन पाएका छैनन्।

नेपालको सन्दर्भमा, सहभागिता राजनीतिक परिवृत्तमा मात्र सीमित रह्यो। व्यवस्थामा परिवर्तन आए पनि, केन्द्रिकृत राजनीति र प्रशासनमा परिवर्तन आउन सकेन।

यथार्थमा प्रजातन्त्रको अर्थ सहभागिता र समाजका सबै वर्गको समानता हो। सामाजिक राजनीतिक वृत्तमा आएको परिवर्तनका कारण ०४६ सालपछि राजनीतिक दलहरुको हातमा शासन सत्ता आयो। तर शताब्दीयौंदेखि नेपालको शासनको बागडोर समाजका संभ्रान्तहरुले नै चलाउँदै आएका छन्।[७] उनीहरुमा परम्परावादी सोच र संस्कारले जरो गाडेको छ। सत्तामा बाहुन र क्षेत्रीको बाहुल्यता छ। पछिल्लो तथ्यांक अनुसार,

कूल जनसंख्याको २९.१३ प्रतिशतमा रहेका यी दुई जातिले प्रशासन, सेना र प्रहरीमा ७७ प्रतिशत ओगटेका छन्। संवैधानिक निकायमा ६७ प्रतिशत र (वर्तमान) संसदमा ६३ प्रतिशत उनीहरु नै छन्।[८] जनसंख्याको ठूलो हिस्सामा रहेका दलित र अल्पसंख्यक जातिले आफूहरु राजनीतिकरुपमा बाहिरिएको अनुभूत गरेका छन्। "उनीहरु आफ्नो जीवनमा प्रभाव पार्ने निर्णय गर्न र मुलुकको विकाससँगै आर्थिक फाइदा लिनबाट वञ्चित छन्।"[९] प्रजातन्त्र पुनर्स्थापित भएपछि संसदका तीनवटा निर्वाचन भए। तर समान सहभागिताको सिद्धान्त अत्यन्तै मधुरो रह्यो। महिला र पुरुष, अल्पसंख्यक र दलित, बाहुन र क्षेत्री सबैले चुनावमा समान सहभागिता देखाए। तर पदमा बाहुन, क्षेत्री पुरुष बाहेक अरुको सहभागिता ज्यादै न्यून रह्यो।

मुलुकको ५० प्रतिशत जनसंख्या रहेका महिलाको आवाजले विकाससम्बन्धी नीति निर्माणमा प्रभाव पार्न सकेको छैन। ०४६ पछिका तीन संसदीय निर्वाचनमा कुनै पार्टीले संविधानले तोकेको पाँच प्रतिशतभन्दा बढी उम्मेदवार जिताउन सकेनन्। प्रत्यक्ष निर्वाचन नहुने ६० सदस्य रहेको राष्ट्रिय सभामा समेत जम्मा नौजना सांसद भए। यो भनेको मात्र १० प्रतिशत हो।[१०]

जनजाति, दलित र तराईका मानिसको प्रतिनिधित्व पनि लगभग उस्तै छ। ०५५ सालमा निर्वाचित सांसदहरुमा ४० प्रतिशत बाहुन थिए, जसको कूल जनसंख्या १२.६ प्रतिशत मात्र छ।[११] बाँकी क्षेत्री र संभ्रान्त नेवारको वर्चश्व रह्यो। कूल जनसंख्याको १६ प्रतिशत ओगट्ने दलितमध्ये नीति निर्माण गर्ने हैसियत एक जनाले पनि राख्दैनन्। ३० प्रतिशतको संख्यामा रहेका जनजातिको सरकार र संवैधानिक नीति निर्माणका निकायमा नगन्य प्रतिनिधित्व छ।[१२] राज्यका तीन अंग कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकामा महिलाको स्थिति उस्तै छ (तालिका १ र २)। नगन्य प्रतिनिधित्वका कारण महिलाको सामाजिक, आर्थिक र न्यायिक अधिकारमा पनि नीति, योजना र कार्यान्वयनमा जस्तै एकदमै कमजोर अवस्था छ।[१३]

प्रजातन्त्रपछि पनि पञ्चायती संस्कारमा परिवर्तन आएको छैन। नयाँ नेताहरु आफ्ना प्रतिबद्धतामा अडिग छैनन्। उनीहरुका काम कारवाही उनीहरुकै सिद्धान्तका विपरीत छन्। प्रजातान्त्रिक नेताहरु नै एकपछि अर्को सत्तामा आए। तर सत्तामा पुगेपछि उनीहरुले जनताको आशा अनुरुप काम गर्न सकेनन्। नेपाली कांग्रेस, खासगरी गिरिजाप्रसाद कोइरालाका निम्ति छयालीस सालको परिवर्तन राजनीतिक आत्मघात ठहरियो। उहाँको सरकार मुलुकमा प्रजातान्त्रिक संस्कारलाई भित्र्याउन र संस्थागत गर्न बढी जिम्मेवार हुनसक्थ्यो। तर, यसो गर्नुको सट्टा

तालिका १

नीति निर्माण र कार्यान्वयनका निकायहरुमा जाति-जनजातिहरुको सहभागिता प्रतिशतमा

क्षेत्र	बाहुन/क्षेत्री	मंगोल	मधिसे	दलित	नेवार
निजामति प्रशासन, सेना र प्रहरी	७७.०	१.०	४.०	०.०	१८.०
न्यायिक, संवैधानिक निकाय, मन्त्रिपरिषद र संसद	६७.०	८.०	१३.०	१.०	११.०

स्रोत : कनिङटन्, २००३, पृष्ठ १२२

नातावाद, कृपावादलाई प्राथमिकताको सूचीमा राखियो। सबै नेताका परिवारलाई मात्रै पार्टी ठानियो। कोइरालाका नातेदारहरुको सल्लाहकार टोली बन्यो र पार्टीमा महत्वपूर्ण सल्लाह दिनेहरु पनि उनीहरु नै भए। प्रधानमन्त्रीले के बोल्ने र कसलाई भेट्ने भन्ने पनि उनीहरुले नै निर्णय गर्न थाले। बिहान चियासँगै परिवारका सबै सदस्यको उपस्थितिमा महत्वपूर्ण निर्णय हुन थाल्यो।[१४] यसकारण प्रजातन्त्रको महत्वपूर्ण पक्ष सहभागिता कमजोर भयो। फलतः शासक र शासितबीचको खाल्डो झन् गहिरियो।

कानुनको शासन

प्रजातन्त्र निष्पक्ष कानुनी संरचनामा टिकेको हुन्छ। यसका लागि मानवअधिकारको पूर्ण सुरक्षा खासगरी अल्पसंख्यकको सुरक्षा गर्नु पर्छ। कानुनको निष्पक्ष पालनाका लागि स्वतन्त्र न्यायपालिका र निष्पक्ष र भ्रष्टाचारमुक्त प्रहरी चाहिन्छ। कानूनको शासनका लागि आधारभूत मानवअधिकार, सबै नागरिकका लागि समान कानुन, राज्यका अधिकारीहरुको अधिकारको सीमा निर्धारण र शक्ति पृथकीकरण आवश्यक हुन्छ। कानुन कार्यान्वयन गर्ने निकाय बलियो हुनुपर्छ, जसले सबै खालका अपराधमा मुद्दा चलाउन सकोस्। तर, नेपालका सन्दर्भमा, प्रजातन्त्र भ्रष्टाचार र दण्डमुक्तिको संयुक्त रुप भएको छ। कर्मचारीतन्त्र, प्रहरी र नागरिक सेवामुखी कार्यालयहरुमा अति राजनीतिकरण भएको छ। कानूनी शासनका विपरीत स्वेच्छाचारी शासन संस्थागत भएको छ र नागरिक अधिकार उल्लंघन भएका छन्।

गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री हुनासाथ ०४८ सालमा कर्मचारीहरुले गरेको पहिलो आन्दोलनका क्रममा प्रहरी ज्यादतिको प्रदर्शन गराइयो। कर्मचारीले पाइरहेको तलब र सुविधामा वृद्धि होस् भन्ने माग गरेका

थिए। तर, उनीहरुलाई छानी-छानी राख्ने र फाल्ने नीति लिइयो। विरोधमा लाग्ने कर्मचारीलाई जिल्लामा प्रमुख जिल्ला अधिकारीले कारवाही गर्न शुरु गरे। उनीहरुलाई "गैरकानूनी गतिविधि"मा लागेको भनी पक्राउ गरियो र "अवैधानिक तत्व" को अभियोग लगाइयो।[१५] यसरी कानुनी राज्यको ठाउँमा स्वेच्छाचारी कानूनले ठाउँ लिन शुरु गर्‍यो। स्वेच्छाचारिताको रुप यति खतरनाक थियो, गिरिजाप्रसाद कोइरालाको सत्तारुढ पार्टी नेपाली कांग्रेसको समर्थन नगर्नेहरुलाई नियोजित रुपमा अभियोग लगाउन थालियो। एकातिर विपक्षी र पार्टी भित्रकै आफूसँग असहमत हुनेहरुको पूरै बेवास्ता गरियो भने अर्कोतिर कोइरालाद्वारा पुराना पञ्चहरुका निम्ति पार्टीको ढोका पूरै खोलियो।

मानव अधिकार वर्ष पुस्तक १९९५ मा उल्लेख गरिए अनुसार, सत्तारुढ पार्टीका स्थानीय नेताहरुको प्रत्यक्ष नेतृत्वमा रोल्पा जिल्लाका ११ गाविसका संयुक्त जनमोर्चाका कार्यकर्ताहरुलाई पक्राउ गरेर यातना दिइयो। सुरक्षाकर्मीको अपरेशनका कारण ६ सय भन्दा बढी मानिस गाउँ छोडेर हिंडे। एक हजार बत्तीस जनालाई विना वारेण्ट पक्राउ गरियो। पक्राउ पर्नेमा ७५ वर्षसम्मका थिए।[१६] अर्को सन्दर्भ पनि यहाँ उल्लेख गर्नु पर्ने हुन्छ। पञ्चायतकालका अपराधीलाई प्रजातान्त्रिक सरकारले माफी दियो। प्रजातान्त्रिक आन्दोलनका विपक्षमा उभिएका अपराधीहरुलाई पैसाका कारण चुनावमा प्रभावशाली वनाइयो र नीति निर्माणका तहमा राखियो। चुनावमा पैसा र वल देखाउन र "पार्टीका हितमा धेरै गर्न" सक्नेहरुले पार्टीमा सुरक्षा पाए। यसरी पञ्चायतकालका अपराधीहरुले दण्डवाट पूरै मुक्ति पाए।

०४६ को जनआन्दोलनपछि व्यापक रुपमा विगतका मानवअधिकार हननकर्तालाई सजाय दिने माग उठेपछि अन्तरिम सरकारले मल्लिक आयोग र बेपत्ता पारिएका मानिस पत्ता लगाउने समिति त वनायो तर तिनको प्रतिवेदनको बेवास्ता गर्दै संगीन अपराधमा मुख्य रुपले संलग्न त्यसवेलाका प्रहरी अधिकृतहरुलाई अभयदान दिने काम गरी दण्डहीनतालाई संस्थागत गर्‍यो।[१७]

राजनीतिक क्षेत्रमा देखिएका विकृतिहरुको एउटा स्रोत नेपालको संविधानले परिकल्पना गरेको प्रधानमन्त्रीय नेतृत्वमा आधारित शासन प्रणालीको जरा भत्ताभुङ्ग हुनु हो। यसको स्रोत हो- ०५२ साल भदौ १२ गतेको संसद विघटन सम्वन्धी मुद्दामा दिइएको महत्वाकांक्षी फैसला। संविधानले उसलाई दिइएको संवैधानिक छडी उक्त फैसलाले खोसेको छ।[१८] उक्त फैसलाले विघटित प्रतिनिधिसभालाई व्युँताएको थियो।

तालिका २

निजामति सेवामा महिला सहभागिता

तह	जम्मा	महिला	महिला प्रतिशत
विशिष्ट तथा प्रथम श्रेणी	६४७	२६	४.०२
द्वितीय श्रेणी	२३५६	११३	४.८०
तृतीय श्रेणी	६५१४	३४८	५.३४
जम्मा	९५१७	४८७	५.१२

स्रोत : एफडब्लूएलडी, २००३, पृष्ठ २०

तालिका ३

न्याय सेवामा महिला सहभागिता

तह	जम्मा	महिला	महिला प्रतिशत
जिल्ला अदालत	१३३	३	२.२
पुनरावेदन अदालत	९०	२	२.२
विशेष अदालत	३	-	०
सर्वोच्च अदालत	१५	१	६.२
जम्मा	२३५	६	२.५

स्रोत : एफडब्लूएलडी, २००३, पृष्ठ २०

पारदर्शिता र जवाफदेहिता

नेता र कर्मचारीको राजनीतिक र आर्थिक हैसियतको पारदर्शिता र विश्वसनियताले सम्पूर्ण पारदर्शिता र विश्वसनियतालाई सुनिश्चित गर्दछ। यसको अर्थ निर्णय प्रक्रिया र यसको कार्यान्वयन नियम कानून अनुसार हुनुपर्छ भन्ने हो। निर्णय र कार्यान्वयनवाट असर पर्ने मानिसले निर्वाध र स्वतन्त्ररुपमा सूचना पाउनु पारदर्शिताभित्र पर्दछ।[१९] पारदर्शिता र जवाफदेहिता सुशासनका महत्वपूर्ण पक्ष हुन्। जवाफदेहिताको पालनाका लागि पहिला पारदर्शिता र कानूनको शासन जरुरी हुन्छ। तर नेपालमा आर्थिक पारदर्शिता पटक्कै छैन।

संविधानले प्रदान गरेको मत हाल्ने अधिकारले सरकारलाई जनताका आवश्यकता र चाहनाप्रति जिम्मेवार वनाउँछ। त्यसैगरी सूचनाको अधिकारले कर्मचारीलाई उत्तरदायी वनाउँछ। तर दुःखको कुरा, नेपालमा जवाफदेहिताको स्तर दक्षिण एसियाका मुलुकमा सवैभन्दा कम छ।[२०] १९९० मा प्रजातन्त्र पुनर्स्थापनापछि पहिलो निर्वाचित प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले भारतको पहिलो औपचारिक भ्रमणमा टनकपुर सन्धि गर्नु भयो। तर, उहाँले यसलाई सहमति मात्र हो भनेर संसदलाई ढाँट्नु भयो। यो मुद्दा अदालतमा पुग्यो र कोइरालाका विरुद्धमा

अदालतले फैसला दियो। पारदर्शिता र जवाफदेहिताको दिशामा न्यायालयको यो ठूलो कदम थियो।

लज्जाजनक अडानले गलत व्यवहारलाई प्रोत्साहित गऱ्यो र राजनीतिकर्मी, कर्मचारी र व्यापारीको गठबन्धन खडा गऱ्यो। सरकारका भ्रष्टाचार विरोधी निकाय समेत भ्रष्टाचारको दलदलमा फसे। नयाँ नेताले बनाएको नयाँ पद्धतिमा उनीहरुले भ्रष्टाचारको ढोका बन्द गर्न सकेनन्। उल्टै, विद्यमान भ्रष्टाचारमा नयाँ आयाम थप्ने काम भयो। अत्यन्त महत्वपूर्ण विषयमा समेत सरकार दलबीच राष्ट्रिय सहमति खोज्ने प्रयास भएन। भ्रष्टाचार निर्मूल गर्ने कुरामा सरकार अल्मलिएको मात्र होइन, यो वा त्यो ढंगमा आफै संलग्न भयो। यसले भ्रष्टहरुलाई दण्डमुक्तिका साथ त्यसमा लागिरहन प्रेरित गऱ्यो।

प्रजातान्त्रिक शासनमा भ्रष्टाचारका थुप्रै घटना भए। प्रधानमन्त्रीदेखि सांसद र उच्च कर्मचारीहरु यसमा सामेल भए। राजनीतिक पीडितका नाममा प्रजातन्त्र र समानताका लागि लडेका नेताहरुले राजनीतिक आस्थालाई नै तिलाञ्जली दिए। उनीहरुमा स्रोत र साधनको असमान वितरणलाई निर्मूल पार्ने बहुलवादी सोच र समर्पण नै देखिएन।[७१] प्रजातान्त्रिक सरकारका पालामा मोबाइल टेलिफोन सेट, लाउडा हवाइ काण्ड, सुत्केरी खर्च, राजनीतिक पीडितका नाममा भएको सहयोग भ्रष्टाचारका प्रमुख घटना रहे।

धेरै मन्त्री र सांसदहरुले सुत्केरी खर्चका नाममा ठूलो रकम हात पारे। आनन्दप्रसाद ढुंगानाले आफू र आफ्नी पत्नीको नाममा एक-एक लाख रुपैयाँ सुत्केरी खर्च लिए।[७२] कसैको बहुमत नभएको संसदका बेला सुत्केरी खर्चको व्यापक दुरुपयोग भयो। विजयकुमार गच्छेदार र खुमबहादुर खड्का सरकार बनाउने र भत्काउने खेलका माहिर खेलाडी थिए। यी हर्कुलसले औषधी खर्चका नाममा मात्र क्रमशः ९ लाख ३९ हजार ३ सय ५० र २ लाख ३२ हजार रुपैयाँ लिएका थिए।[७३] उनीहरुका लागि प्रजातन्त्र कम सानो उपलब्धी थिएन, तर यसले प्रजातन्त्रको जगलाई कमजोर बनाउँदै लगेको थियो।

थुप्रै पूर्व मन्त्री, पूर्व सांसद र सरकारका उच्च अधिकारीहरु भ्रष्टाचारको अभियोगमा थुनामा परे। खुमबहादुर खड्का र जयप्रकाश प्रसाद गुप्तालाई भ्रष्टाचारको अभियोगमा ०५९ कार्तिक १३ गते हिरासतमा लिइयो। नेपाली कांग्रेस प्रजातान्त्रिकका महामन्त्री खुमबहादुर खड्का पैसा र बलका आधारमा राजनीतिक निर्णय गराउन खप्पीस ठहरिए। उनी १९९१ मा निर्माण तथा यातायात मन्त्री थिए। १९९४ मा उनी गृहमन्त्री भए। प्रजातन्त्रलाई संस्थागत गर्न जिम्मेवार यस्ता मानिस बकाहा नदी नियन्त्रण आयोजनामा चिनियाँ कम्पनीसँग ४ करोड ५ लाख ९० हजार रुपैयाँ घुस लिएकोमा अभियुक्त भएका छन्।[७४] यसैगरी, पूर्व सूचना तथा सञ्चारमन्त्री गुप्तामाथि ३ करोड रुपैयाँ भ्रष्टाचार गरेको अभियोग लागेको छ। उनले ६० हजार थान मोबाइल ल्याउने अनुमति दिंदा र कान्तिपुर टेलिभिजनलाई प्रसारण अनुमति दिंदा राख्नु पर्ने सुरक्षा धरौटी रकम २ करोड ५० लाख रुपैयाँ मिनाहा गरी भ्रष्टाचार गरेको आरोप छ।[७५] प्रजातान्त्रिक कांग्रेसका अर्का नेता चिरञ्जीवी वाग्ले भ्रष्टाचार गरी ३ करोड भन्दा बढी रकम कमाएको अभियोगमा थुनामा परेका थिए। सन् २००३ मै कांग्रेसका सहमहामन्त्री गोविन्दराज जोशी र राप्रपाका नेता रविन्द्रनाथ शर्मा भ्रष्टाचारको अभियोगमा थुनामा परे।

भ्रष्टाचार विरोधी अभियान शुरु गर्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोगप्रति राजनीतिक नेता र पूर्व प्रधानमन्त्री समेत आक्रोशित छन्। अख्तियारले कांग्रेस नेताहरुको छानबिन गर्न थालेपछि पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले "कथित भ्रष्टाचारको आरोपमा गलत व्यवहार गरेर बदनाम गरी मुलुककै बेइज्जती गरेको" बताए। "प्रजातन्त्रलाई बदनाम गर्ने खेल भित्रभित्रै भइरहेको छ। राजनीतिक बदला लिने बाहेक यो अरु केही होइन।"[७६] नेपाली कांग्रेसका सभापति तथा पूर्व प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमाथि संविधानले निर्दिष्ट गरेको भूमिकाभन्दा बाहिर गएर राजनीतिक प्रतिशोधयुक्त काम गरेको आरोप लगाए। "अख्तियारको कारवाही राजनीतिक पूर्वाग्रहबाट प्रेरित छ।"[७७] तर, राजनीतिकर्मीहरुको आर्थिक पारदर्शिताको सवाल भने सन् २००३ को अन्त्यसम्मै अनुत्तरित रह्यो।

जिम्मेवारी

एउटा खास समयभित्र सबैलाई दिइने प्रभावकारी सेवाका आधारमा प्रजातन्त्रको स्थायित्व निर्भर गर्छ। तर नेपालका सन्दर्भमा उत्तरदायित्व र जिम्मेवारी सत्ता र सुविधाबाट बढी प्रभावित छ। अदालतको सुनुवाई र फैसलामा हुने ढिलाईका मुद्दाहरुको अभिलेख राख्ने हो भने ठेली नै तयार हुन्छ। न्यायमा ढिलाइ र अदालतको आदेशको अवज्ञा नेपालीको अनुभवमा अर्को गैरजिम्मेवार गतिविधिमा पर्दछ। यसले समाजलाई विभाजित गरेको छ। सेना, प्रहरी, अर्धसैनिक प्रहरी र स्थानीय प्रशासनको संयुक्त सुरक्षा संयन्त्र गठन भएपछि तीव्ररुपमा अदालतको तारेखको अवज्ञा गर्न थालिएको छ। केही महिना अगाडि, बन्दी प्रत्यक्षीकरणका मुद्दाहरु निकै बढेका थिए। धेरै मुद्दाहरुमा संयुक्त संयन्त्रभित्रका कुनै पनि पक्षले विपक्षी जस्तो व्यवहार गर्ने गरेको देखिएको छ। अदालतले रिटमा उठाइएका प्रश्नको जवाफ माग्छ, तर सेना अदालतको

आदेश नै मान्दैन र अदालतलाई मुद्दा अगाडि बढाउन नै अप्ठ्यारो अवस्थाको सृजना गरिदिन्छ।

दानालक्ष्मी खड्गीले भैरवनाथ गणले सुरेन्द्र खड्गीलाई बेपत्ता पारेको भनी रिट निवेदन गरिन्। तर गणले अदालतको तारिखको बेवास्ता गर्‍यो। शान्ति श्रेष्ठले मच्छेनारायण श्रेष्ठका बारेमा दिएको यस्तै प्रकृतिको मुद्दामा यही व्यवहार दोहोर्‍यायो। गणमा तारिख बुझाउन गएका एक कर्मचारीलाई दुर्व्यवहार गरिएदेखि कोही पनि तारिख बुझाउन जान तयार हुँदैन। मैले तारिख बुझ्नलाई बारम्बार आग्रह गरें। कसैले यसलाई बुझ्ने चासो लिएन। उनीहरुले उल्टै दुर्व्यवहार गरेपछि म त्यसै फर्के-[२८] ती कर्मचारीले भनेका छन्। तर यस्ता घटना थुप्रै छन्।

चेतना अभिमुख

चेतना जगाउने आन्दोलनले नै प्रजातन्त्रको जीवन सञ्चार गर्न सक्दछ। यसका लागि दिगो मानव विकास र यस्तो विकास हासल गर्न उदार र दीर्घकालीन अवधारणा आवश्यक हुन्छ। तर, नेपालमा भने यस्ता कुरामा व्यक्तिगत फाइदा हुने देखेपछि सर्वसम्मति कायम हुने गरेको देखियो।

सुत्केरी खर्च, राजनीतिक पीडित भत्ता जस्ता विषयको निर्णयमा लाजमर्दो हिसावले सांसदहरु सहमत भए। गरीवी, आदिवासी, पक्षपात, कमजोर प्रशासन जस्ता सामाजिक समस्यालाई सम्बोधन गर्ने कुरामा उनीहरुको भूमिका अस्पष्ट छ। नागरिकता, सम्पत्ति, वेचबिखन तथा यौनजन्य दुर्व्यवहार, शिक्षा, रोजगारी, स्वास्थ्य तथा प्रजनन स्वास्थ्य अधिकार, विवाह, पारिवारिक कानून पद्धति, अदालती प्रक्रिया जस्ता विषयमा महिलाउपर भेदभाव गर्ने कानुन खारेज गर्ने विषयमा राष्ट्रिय सहमति कायम नभएको पनि देखिएको छ। विभिन्न पहिचान भएका नागरिकबीच सामाजिक एकताको भावनामा सबैलाई संगठित गर्ने र समानताका आधारमा सांस्कृतिक घुलमिल गराउन प्रोत्साहित गर्ने अभ्यास कहिल्यै भएनन्। फलस्वरुप प्रजातन्त्रले विस्तारै भित्ता लाग्नु पर्ने अवस्था आयो।

समता र व्यापकता

समाज सम्पन्न भयो भने प्रजातन्त्र टिक्न सक्छ। सम्पन्नताले समाजका सबै सदस्यलाई आफ्नोपन दिन्छ र समाजको मूल धारबाट कोही बाहिर रहँदैन। यसका लागि सबै अझ खासगरी पिछडिएका समूहलाई सम्पन्न हुने अवसर दिनु पर्छ। तर नेपालमा एक दशक भन्दा लामो संसदीय अभ्यासमा निर्वाचित प्रतिनिधिहरुमा सामूहिक असफलता देखियो।[२९] सांसदहरुमा आज हामी मुलुकका लागि के गरिरहेका छौं र भविष्यमा यसको कस्तो प्रभाव पर्छ भन्ने कुरामा अज्ञानता देखियो। जनताले उनीहरु पनि सरकारकै अंग हुन् भनेर अनुभूत नै गरेनन्। पिछडिएका र दवाइएका मानिसहरुलाई नीति निर्माणका तहमा लैजानु पर्छ भन्ने अवधारणा नै बन्न सकेन। १३.६ प्रतिशत जनसंख्या रहेका दलितहरु[३०] कर्मचारी, सेना र प्रहरीको नीति निर्माणको तहमा एक जना पनि रहेनन्। तीनपटककै संसदमा उनीहरुको प्रतिनिधित्व एक प्रतिशत मात्र रह्यो। प्रतिनिधि सभाको तीन वटा प्रजातान्त्रिक निर्वाचनमा महिला प्रतिनिधित्व क्रमशः ३.४, ३.४ र ५.८ मात्र रह्यो।[३१] प्रजातन्त्रको चट्टानमा समेत पहिरो जाने एउटा कारण यो पनि हो।

प्रजातन्त्रको असफलताका परिणाम

माओवादी गतिविधि

प्रजातन्त्रपछि मात्रै व्यापक रुपमा कुशासन चलेको तर्क गर्नु सोचाईलाई सीमित बनाउनु र इतिहासलाई गलत व्याख्या गर्नु हो। बितेका बाह्र वर्षमा अपेक्षा गरिएजस्तो गरी सुशासनको दिशामा काम हुन सकेन। त्यही कारण आधुनिक नेपालको २ सय ३४ वर्षको इतिहासमा थुप्रिदै गएका समस्याहरुको पहाड ज्वालामुखीका रुपमा विस्फोटित हुन पुग्यो। प्रजातन्त्र पुनर्स्थापनापछि पनि मुलुक कैयन् सवालमा राणाको जहानिया शासन र निरंकुश पञ्चायत शासनकै निरन्तरतामै रुमल्लियो।

सत्ता केन्द्र बनेका कांग्रेस र कम्युनिष्ट आफ्ना प्रतिवद्धतामा टिक्न सकेनन्। १९९० को जनआन्दोलनको सफलताले संघर्षबाटै परिवर्तन संभव छ भन्ने सन्देश दियो। आन्दोलनको सफलताले जनताका आकांक्षालाई बढाइ दियो र बन्द रहेका संस्थाहरुलाई वैधानिकता दियो। तर, प्रजातन्त्रले जनताका चाहना अनुसार प्रजातान्त्रिक मूल्यलाई स्थापित गर्न र राज्य संयन्त्रलाई प्रजातान्त्रिकरण गर्न सकेन। राजनीतिक परिवर्तन भए पनि शासन व्यवस्था पञ्चायत जस्तै रह्यो।

कांग्रेस र कम्युनिष्टका सामाजिक र आर्थिक परिवर्तनका आकर्षक नाराहरुलाई सत्तामा पुगेपछि उनीहरुले नै भुल्न थाले। जनताको भ्रष्ट र बन्द व्यवस्था अन्त्य हुने र पारदर्शी सरकार बन्ने आकांक्षा विलायो। सरल र निष्पक्ष न्याय, स्वतन्त्र र न्यायपूर्ण प्रशासन भन्ने कुरा आफ्ना मान्छेमा सीमित रह्यो। सरकारमा आफ्ना मान्छे नहुनेहरु नियोजित रुपमा बाहिरिंदै गए। प्रजातन्त्र नेताहरुको मागी खाने भाँडो भयो। पुरानो व्यवस्थाको तालिम पाएको भ्रष्ट कर्मचारीतन्त्र हावी भयो। उनीहरुकै मर्जीमा निर्णय हुन थाले। "प्रजातन्त्रवादी नेताहरु महंगा र आयातीत जीवन शैलीका साथ धनाढ्य, आधुनिक र ज्ञानगुनले भरिपूर्ण हुन पुगे।"[३२] तर गरीव जनता असहाय दर्शक बन्नपुगे। उनीहरु केन्द्रीकरण वा विकेन्द्रीकरण,

संरचनागत विकास वा दीगो विकास र वाह्य सहयोग वा आन्तरिक सहयोग जस्ता नीतिगत विषयमा उल्लेख गरिनु पर्ने वस्तु समेत बन्न सकेनन्। शदीयौं पुरानो हिन्दू अधिराज्य भन्ने संवैधानिक कमजोरी समेत यथावत राखियो। स्रोतको असन्तुलित वितरण, अवसर विनाको स्वतन्त्रताको ग्यारेन्टी जस्ता कुराले शताब्दियौंदेखिको अल्पसंख्यक जातिको पीडामा कठोर प्रहार गऱ्यो।

१९९० को जनआन्दोलनले सामाजिक क्षेत्रमा केही परिवर्तन ल्याएको थियो। १९९३-९४ को बजेटमा आर्थिक क्षेत्रमा केही परिवर्तन देखिएको थियो। १९८० को दशकमा १७० अमेरिकी डलरमा झरेको प्रतिव्यक्ति आय १९९४ मा २०२ डलर पुगेको थियो। कृषि उत्पादनमा ७.६ र पर्यटन क्षेत्रमा ४ प्रतिशतको बृद्धिले कूल गार्हस्थ उत्पादनमा ठूलै योगदान गरेको थियो।[३३] यद्यपि १९९५ मा सरकारले गति लिन छाडेपछि अघि बढ्न शुरु गरेको आर्थिक क्षेत्र खस्कन थाल्यो। राजनीतिक अस्थिरता, कुशासन र अनियन्त्रित भ्रष्टाचारका कारण १९९५ मा बृद्धि दर स्वात्तै घट्यो।[३४]

नेपालको राजनीतिमा खासगरी वामपन्थीहरुबीच फुट र एकताको क्रम चलिरहन्छ। लामो समयदेखिका शत्रु झैं रहेका नेपाली कांग्रेस र कम्युनिष्ट आर्थिक-सामाजिक पुनर्निर्माणका लागि एकसाथ लडे र चाँडै नै पञ्चायत विरुद्ध सफलता प्राप्त गरे। तर बहुदलीय व्यवस्थाको पुनर्स्थापनापश्चात् पनि राजनीतिक दमन र आर्थिक मन्दी जस्ता प्रवृत्तिहरु टड्कारो रुपमा अस्तित्वमा रहिरहे। जमिन्दारहरु, पैसावालहरु, शहरिया व्यापारीहरु र सत्ताको वरिपरी घुम्नेहरुका लागि मात्रै नयाँ शासन उपलब्धिमूलक हुनसक्यो। सामान्य जनता ठूला मान्छेका दयाका पात्र मात्र बने।

यसरी बहुदलीय प्रजातन्त्र नयाँ खालको राजनीतिक नारा दिएर पुरानै संस्कारका साथ स्थापित हुन पुग्यो। सामाजिक रुपान्तरणका चर्का नारा कागजमा मात्र सीमित हुन पुगे। प्रशासनिक सुधारको प्रयास नै थालिएन। पिछडिएका र दबाइएका मानिसलाई नीति निर्माणको तहमा ल्याउने सोच नै बनेन। कूल जनसंख्याको ३० प्रतिशत रहेका जनजातिलाई शासकहरुले पाखा लगाए। राष्ट्रिय एकताको प्रक्रियामा दबाइएको यो समूहलाई राज्यले कुनै हैसियत दिएन।[३५] मन्त्रिपरिषद, संसद र नीति निर्माणका तहमा उनीहरुको प्रतिनिधित्व नगन्य रह्यो। उनीहरुको यस क्षेत्रमा ८ प्रतिशत मात्र हिस्सा रह्यो।[३६]

छयालीस सालपछि सबभन्दा लामो समयसम्म शासन गर्ने नेपाली कांग्रेसले जनताको आकांक्षालाई समेट्दै प्रगतिशील शासन गर्न सक्ने संकेतसम्म देखाउन सकेन। अल्पसंख्यकहरुको भाषा र धर्मलाई संवैधानिक मान्यता दिने र जनसंख्याका सबै समूहको संसदमा प्रतिनिधित्व गराउने जस्ता मागलाई ठाडै अस्वीकार गरियो। मुलुकको बहुलवादी चरित्रलाई मान्यता दिने मागलाई समेत पन्छाएर नियोजित ढंगमा सामाजिकरुपमा बाहिऱ्याउने अभ्यास भयो।[३७] प्रजातन्त्रको उदयपछि पनि भेदभावमा परेका, पिछडिएका र दबाइएका मानिसहरु प्रजातान्त्रिक पद्धतिमा भएको अन्यायका विरुद्ध माओवादीले आफ्ना आवाज बोकेको ठानेर उसैसँग लागे।

आर्थिक संकट

नेपालमा प्रजातान्त्रिक संस्कारलाई किनारमा पुऱ्याउन संवैधानिक कमजोरी र कुशासन मात्रले योगदान गरेका छैनन्। माओवादी छापामारहरुको प्रभाव आफैंमा कुशासनको कारक बनेको छ। राज्य व्यवस्थापन र सञ्चालनमा देखिएको कमजोरी, राजनीतिक अस्थिरता, सामाजिक भेदभाव, बेरोजगारी र आर्थिक मन्दी जस्ता विभिन्न खालका कारण प्रजातन्त्रलाई कमजोर बनाउन सहायक रहे।[३८] आन्तरिक द्वन्द्व देखा पर्न थालेपछि सामाजिक क्षेत्रको विकास सुरक्षाको प्रबन्ध विना संभव भएन।[३९] छापामार युद्धको स्पष्ट प्रभाव सामाजिक आर्थिक क्षेत्रमा देखिन लाग्यो। द्वन्द्वको आर्थिक प्रभावलाई सामान्य अंकगणितको हिसाबले लेखाजोखा गरियो। तर आर्थिक क्षेत्रको विकास दिनप्रति दिन खस्कँदै गएको छ। विकासमा खर्च गर्नु पर्ने ठूलो धनराशी सुरक्षामा खर्च भएको छ। राज्यलाई खतम पार्न मुलुकका आधारभूत संरचना नष्ट गर्ने र सरकारका आधारहरु भत्काउने माओवादी रणनीति र सेना परिचालन गरेर माओवादीलाई खतम गर्ने सरकारको रणनीति दुवैले हातहतियार खरीदको खर्चलाई नै बढाएको छ। "राज्यको सुरक्षाका लागि" विकास बजेटबाट ठूलो रकम कटौती गरी सुरक्षामा खर्च गरिएको छ। मुलुकमा संकटकालको घोषणा भएयता नेपालको दैनिक सुरक्षा सञ्चालन खर्च १ करोड पुगेको छ।[४०]

संकटकालको घोषणाको पहिलो महिना सेना सञ्चालनका लागि राष्ट्रिय कोषबाट ५० करोड रुपैयाँ खर्च गरिएको थियो। यो रकम छापामार युद्ध सामना गर्न छुट्याइएको कूल बजेट भन्दा बढी थियो। गाउँ विकास समितिलाई १० लाखका दरले दिइने सहायता रकमको २ अरब रुपैयाँमध्येको ५० प्रतिशत सुरक्षामा रकमान्तर गरिएको थियो।[४१] आर्थिक वर्ष २००२-२००३ मा सुरक्षा बजेट ४ अरब ५१ करोड २० लाख रुपैयाँ छुट्याइएको थियो। यो अनुमानमा संशोधन गरेर पछि १ अरब ३० लाख ९० हजार रुपैयाँ थप गरियो। यसरी यस क्षेत्रमा ५ अरब ८२ करोड १० लाख रुपैयाँ खर्च गरियो। संकटकाल लागू गरिएपछि मात्र ५ अरब रुपैयाँ सुरक्षा खर्चका लागि छुट्याइएको थियो। यसैगरी गृह मन्त्रालयबाट सुरक्षाका

लागि भनेर ७ अरब ५२ करोड ९० लाख खर्च गरियो। यसरी सुरक्षाका नाममा एक वर्षमा १८ अरब ३५ करोड खर्च भयो। त्यस वर्ष सुरक्षा खर्चका लागि छुट्याइएको रकममा ५० प्रतिशत थप गरिएको थियो।[४२] अर्थ मन्त्रालय सूत्रका अनुसार, ४ अरब रुपैयाँ विकास बजेटबाट सुरक्षामा रकमान्तर गरिसकिएको थियो।[४३] आर्थिक वर्ष २००२-२००३ को संशोधित सुरक्षा बजेट अनुमान १५ अरब १९ करोड ४० लाख रहेको छ।

२००२-२००३ मा बजेटमा गरिएको व्यवस्था र विदेशी सहयोग गरेर सुरक्षा खर्च २१ अरब २८ करोड ४० लाख रुपैयाँ पुगेको छ। यस वर्षमा सैनिक सहयोगका लागि अमेरिकाले १ करोड ७० लाख डलर अर्थात् १ अरब ३३ करोड रुपैयाँ र बेलायतले ६५ लाख पाउण्ड अर्थात ७८ करोड रुपैयाँ दिए। भारतले सैनिक उपकरणका लागि २ अरब भारतीय रुपैयाँ अर्थात ३ अरब २० करोड रुपैयाँका साथै १ अरब भारतीय रुपैयाँ बराबरको हतियार दिने वचन दिएको थियो।[४४] दुई आर्थिक वर्षमा सुरक्षाका लागि मात्र ३९ अरब ६३ करोड ४० लाख रुपैयाँ खर्च भयो।[४५] १९९०-९१ मा सुरक्षा खर्च १ अरब थियो। २००२-०३ मा आइपुग्दा यो रकम ७ अरब पुग्यो। १२ वर्षको अवधिमा सुरक्षा खर्च सात गुणा बढ्यो। छापामार युद्धको कारण यो रकम यसरी बढेको हो।

नेपालको विकास प्रक्रिया शुरु भएदेखि नै आर्थिक क्षेत्रको विकासले जनताको आवश्यकतालाई पूरा गर्न सकेको छैन। मुलुकको अर्थतन्त्र पर्यटन र बाह्य आम्दानीमा निर्भर छ। तर अहिलेको अस्थिरताले सामाजिक आर्थिक क्षेत्रको भविष्यमा दीर्घकालीन असर गरेको छ। विदेशी सहयोगको ठूलो मात्रा सुरक्षाका लागि आएको छ र विकासको क्षेत्रमा आउने सहयोग बढ्न सकेको छैन। कृषि क्षेत्रमा वार्षिक वृद्धिदर ४ प्रतिशत हुने अनुमान गरिएकोमा माओवादी युद्ध शुरु भएपछिका पाँच वर्षमा यो वृद्धि सरदर ३.३ प्रतिशतमा सीमित भएको छ।[४६] औद्योगिक उत्पादनको अवस्था पनि उस्तै छ। १९९० को दशकको पहिलो आधा अवधि उत्पादन क्षेत्रको वृद्धिदर १०.८ प्रतिशत थियो। त्यपछिको आधा अवधि उद्योगहरु नराम्ररी प्रभावित भए। आर्थिक वर्ष २००१-२००२ मा औद्योगिक उत्पादन घटेर ५.९ प्रतिशतमा झर्‍यो। पर्यटन क्षेत्र त्यसरी नै खस्कियो। नवौं पञ्चवर्षीय योजना (१९९७-२००२) मा यो क्षेत्रको आर्जन ३२ प्रतिशत घट्यो।[४७] योजना अवधिको राजश्व संकलन १९ प्रतिशत कम भयो। यसरी आर्थिक संकट बढ्दै गयो र प्रजातन्त्रमाथि नराम्रो प्रहार हुनपुग्यो।

बन्द संस्थाहरुको प्रादुर्भाव

बितेका बाह्र वर्षमा प्रजातन्त्रमाथि सबै कोणबाट प्रहार भयो। राजा आफ्नो गुमेका अधिकार जमाउने समयको पर्खाइमा थिए, समयक्रममा राजालाई सफलता मिल्यो। तर, यो अवसर राजालाई एकाएक प्राप्त भएको होइन। शान्ति सुरक्षाको खस्कँदो अवस्था, सुशासनको अभाव, मनपरी भ्रष्टाचार अरु राजनीतिक चुनौतीहरुले राजालाई संवैधानिक दायराभन्दा माथि टाउको उठाउने अवसर दिए। "असक्षम"को आरोपसहित निर्वाचित सरकारलाई अपदस्थ गरेपछि राजाको भूमिका निर्णायक हुनपुग्यो। नेपाल अधिराज्यको संविधान अनुसार, "सार्वभौम अधिकारका स्रोत स्वतन्त्र र सार्वभौम नेपालीमा" रहेको कार्यकारी अधिकार राजाबाट आफै ग्रहण गरिएको घोषणा भयो। राजाबाट संसद विघटन गरिनु र ताजा जनादेशका लागि तिथी नतोकिनुले उत्पन्न राजनीतिक तनावबाट संवैधानिक राजतन्त्रको भविष्यका विषयमा समेत प्रश्न उठाइदिएको छ। राजा आफ्नो मान्यतामा एक्लै हिड्न चाहेको संकेत भने प्रष्टै देखिएको छ।

वर्ष २००३ मा राजाबाट आफू संवैधानिक दायरा भित्रै रहेर रचनात्मक हुन चाहेको बताइयो। राजाबाट भनिएको थियो- "यो सक्रिय हुने प्रयास होइन, तर संवैधानिक दायरामा रहेर जनताप्रतिको जिम्मेवारी पूरा गर्न कन्स्ट्रक्टिभ हुन खोजेकै हो। संवैधानिक राजतन्त्रको अर्थ देश र जनताका लागि केही नगर्ने भन्ने होइन, बरु संवैधानिक राजतन्त्रलाई भिन्न अर्थ, महत्व र सम्मानका रुपमा बुझिनु पर्दछ।" राजाबाट अगाडि भनिएको छ- "विभिन्न पेशा, धर्म, विचार र संस्कृति रहेको हाम्रो जस्तो मुलुकमा उनीहरुका दुःख दर्द नसुनिएका कारण उनीहरुलाई विद्रोही बनाएको छ। म चाहन्छु, जनताले आफ्ना पीडालाई कतै राख्न सकून्।"[४८] राजाबाट पटक-पटक संवैधानिक दायराबाट बाहिर निस्केर राजनीतिमा सक्रिय हुने प्रयास भएको छ। चन्द सरकारको गठन, तीन मन्त्रीहरुलाई अभियोगसहित निष्काशन, थापा सरकारको गठन, संयुक्त सुरक्षा फौजका कार्यक्रम र कार्यान्वयन, पूर्व पञ्चहरुलाई स्थानीय निकायमा मनोनयन राजाको सक्रिय शासनका केही उदाहरण हुन्। राजा आफ्नो प्रतिज्ञामा चुकेको देखिन्छ। "मुलुकमा दिगो शान्तिका निम्ति ठोस प्रयत्न गर्न सक्ने सर्वस्वीकार्य सरकार चाहिएको थियो। तर प्रमुख राजनीतिक तनाव हटाउन राजालाई प्रधानमन्त्रीका लागि संसदीय राजनीतिक दलहरुले दिएको साझा उम्मेदवारलाई बेवास्ता गरेर हतारमा सूर्यबहादुर थापालाई नियुक्त गरियो। "राष्ट्रिय प्रजातन्त्र"को खेलमा पूर्व पञ्चहरुलाई साथ लिएर राजाको शासन शुरु भएको छ।

सैनिकीकरणको शुरुवात

माओवादीले "जनयुद्ध" शुरु गरेपछि, लडाई

सशस्त्र समूहबीच मात्र सीमित भएको छैन। सरकारले मुलुकलाई नै व्यापक सैनिकीकरण गरेर युद्ध क्षेत्र बनाइदिएको छ। गाउँका युवाहरु दवाब वा चाहनाले माओवादी छापामार बन्ने र सरकारले पनि सेना, प्रहरी र सशस्त्र प्रहरीमा व्यापक भर्ती गर्ने गरेर दुवै पक्षले मर या मारको लडाईमा मुलुकलाई गृहयुद्धमा धकेलेका छन्। सरकारले माओवादीलाई नियन्त्रण गर्न दमनको नीति लिएको छ।

संकटकालको घोषणासँगै सेना परिचालन गरियो। भ्रष्टाचार र नालायकीको मारमा परेको मुलुकमा संकटकाल लगाएपछि हरेक सरकारको असफलताको मार खेप्दै आएका जनताको जीवनमा अरु कष्ट थपियो। दुवै पक्षले "उल्लेख्य उपलब्धी" हासिल गरेको यो अवधिमा धेरै हत्या भए। संयुक्त सुरक्षा अवधारणाअन्तर्गत सैनिक योजनाका आधारमा सेनामा भर्ती शुरु गरियो। "सुरक्षाका तीन निकाय- सशस्त्र सेना ६३ हजार, सशस्त्र प्रहरी २५ हजार र जनपद प्रहरी ४२ हजार बनाएर यसलाई नदेखिने गुप्तचरहरुको सेवा र सुरक्षा कर्मचारीतन्त्रको समर्थन दिलाइयो।"[४९] यसबीच राज्यले सैनिकको संख्यामा व्यापक बृद्धि गरेको छ। माओवादीले पनि ठूलो संख्यामा मानिसहरु लगेर राज्यसँग बराबरीमा लड्ने योजना बनाएको छ। यसरी दुवै पक्षले सैनिकीकरण गरेर मुलुकलाई आक्रान्त पारेका छन्।

संविधान विपरीत गठन गरिएको संयुक्त सुरक्षा फौज मुलुकलाई सैनिकीकरण गर्ने अर्को उल्लेखनीय घटना थियो। सेनाको नेतृत्वमा सेना, प्रहरी, सशस्त्र प्रहरी र स्थानीय प्रशासन यसमा सहभागी छन्। संविधानलाई आफ्नो कब्जामा लिएपछि सेनाका सर्वोच्च कमाण्डरसमेत रहेका राजाबाट सञ्चालन गरिएका सेनाको गतिविधि मात्र बढेको छैन, उनीहरुको दुर्व्यवहार पनि बढेको छ। सेनाको निर्देशनमा मुलुकको संकट समाधान गर्ने जिम्मेवारी संयुक्त सुरक्षाफौजले पाएको छ। तर "संयुक्त सुरक्षाफौजको आधारमा संवैधानिक रुपमै गलत छ। सैनिकीकरण संकट समाधानको उपाय हुन सक्दैन।"[५०] राजनीतिक फाँटमा सैनिकीकरण गर्ने सरकारको यो एक नयाँ प्रयास हो। यो नक्कली प्रयासपछि सरकारले ०६० कार्तिक १८ गते स्थानीय जनतालाई हतियार दिएर माओवादीसँग लड्न गाउँ सुरक्षा सेना तयार गर्ने घोषणा गर्‍यो। नागरिक समाज, राजनीतिक दल र मानवअधिकारकर्मीहरुबाट यसको आलोचना भयो र यसले मूठभेडलाई निम्त्यायो। उदाहरणका लागि, इलाम जिल्लाको लारुम्वा गाविसमा आत्मानन्द लिङदेनका चार चेलाहरुलाई माओवादीले मार्‍यो। उनीहरुले सेनालाई सूचना दिने गरेको माओवादीको आरोप थियो।

प्रजातन्त्रको भविष्य

सुशासन, पारदर्शिता, उत्तरदायित्व, कानूनको शासन, सहभागिता प्रजातन्त्रको श्वास-प्रश्वास हो। यसका लागि चुनावी हक, सक्रिय सहभागिता र संगठित प्रतिस्पर्धा हुनुपर्छ। १९९० मा पार्टीले शुरु गरेको जनआन्दोलन र पछि त्यसमा जनताले देखाएको समर्थन प्रजातान्त्रिक थियो। यद्यपि, जनताको चाहना पूरा गर्न यो असफल भयो।

आन्दोलनसँगै प्रजातन्त्रका अरु पक्ष पनि उजागर भएका थिए। तर, सरकार सञ्चालनमा प्रजातान्त्रिक परिवर्तन देख्न पाइएन। नेताहरु आफ्नो पद जोगाउनमै व्यस्त रहे र जनताका कुरामा ध्यान दिएनन्। निर्वाचनका बेला "स्थानीय तहलाई अधिकार नदिई केन्द्रबाट ठाडै उम्मेद्वार तय गर्ने तरिका प्रजातान्त्रिक प्रतिनिधित्व गराइनु पर्ने कुराको बेवास्ता थियो।"[५१] दलहरुमा स्वतन्त्र प्रतिस्पर्धाको अभावले उनीहरुको क्रान्तिकारी छविलाई धुमिल बनायो। माथिबाट मूल्यांकन गर्ने प्रवृत्तिले प्रजातन्त्रलाई संकटमा पुर्‍यायो। जनताले आन्दोलनका क्रममा गरेको अपेक्षा पूरा भएन।[५२]

तीन प्रमुख पार्टीहरुप्रति मात्र विश्लेषण केन्द्रित गर्ने हो भने नेपाली कांग्रेस र राप्रपाले आफ्नो सभापतिको निर्वाचन प्रजातान्त्रिक तवरले गर्दछन् र तिनीहरुलाई प्रचुर शक्ति प्रदान गर्दछन्। पार्टीको वैचारिक दृष्टिकोणको उत्तरदायित्व सम्हाल्ने व्यक्तिहरु जस्तै: केन्द्रीय समितिका सदस्यहरु, निर्वाचित नभई पार्टी सभापतिको व्यक्तिगत निर्णयद्वारा मनोनित हुन्छन्। भट्टराईले यस्तो मनोनयनलाई पार्टीभित्रको आन्तरिक द्वन्द्वका कारण महिनौंसम्म ढिलाई गर्नुपर्‍यो। केवल नेकपा (एमाले) मा मात्र केन्द्रीय सदस्यहरु पनि प्रत्यक्ष निर्वाचनको माध्यमले राष्ट्रिय महाधिवेशनद्वारा निर्वाचित हुन्छन् र सोही महाधिवेशनप्रति यो केन्द्रीय समिति उत्तरदायी रहन्छ। नेतृत्व सम्हाल्ने यस्ता अग्रिम पार्टीहरुको संरचनामै यस्तो अप्रजातान्त्रिक परिपाटी रहेका कारण पनि समाजका सबै पक्ष तथा तहको समान एवम् व्यापक सहभागिता ज्यादै कठिन भएको छ। स्थापित भइसकेका धनाढ्यहरु, जो सबैजसो पार्टीहरुमा प्रभुत्व जमाउन सफल रहेका छन्, उनीहरुले नै समाजका अन्य समुदायको सहभागिता हुन नदिने निर्णय गर्दछन्। जस्तै- चुनावको लागि पार्टीका उम्मेदवार मनोनयन गर्ने काममा। यसले गर्दा ती समुदायहरु जो प्रजातन्त्र प्राप्तिभन्दा अघि पनि उपेक्षित रहेका थिए, तिनै समुदाय फेरि पनि उपेक्षित हुन पुगेका छन्।[५३]

तर, समय अझै बाँकी छ। मुलुकका केही तत्वबाट जोगिन सकियो भने यस क्षेत्र कै अस्थीर राजनीतिक अवस्थाबाट मुलुकलाई फेरि प्रजातन्त्रमा फर्काउन सक्ने क्षमता नेपालीसँगै छ। दुई ठूला प्रजातान्त्रिक मुलुकको

चेपमा रहेको नेपाल एक्काइशौं शताब्दीमा एक्लै हिड्न सक्दैन। राजनीतिक गल्ती र आठ वर्षको जनयुद्धमा जकडिएको मुलुकमा अझ बढी प्रजातान्त्रिकरण गरेर मात्र मुलुकलाई जोगाउन सकिन्छ। बितेका वर्षहरुमा देखिएका विकृतिहरुको अन्त्य अझ बढी प्रजातान्त्रिकरणबाट मात्र सम्भव छ। राजनीतिक खेलाडीहरुले आर्थिक, सत्ता सहभागिता, राजनीतिक भूल र गहिरो जरा गाडेको भ्रष्टाचार जस्ता विगतका गल्ती कमजोरीहरु सच्याउनु पर्दछ। अहिलेको अवस्था धूमिल देखिए पनि प्रजातन्त्रको संभावना समाप्त भएको छैन।

बाह्र वर्षको प्रजातान्त्रिक अभ्यासमा जनताले अपेक्षा गरे भन्दा कम पाए र धेरै गुमाए। अन्यौलले गर्दा उनीहरुले भड्किएका प्रजातन्त्रवादीलाई प्रजातन्त्रका परिचायकका रुपमा देख्न थाले। नीति निर्माणका तहमा जनताको सहभागिता नगन्य भएपछि प्रजातन्त्र भनेको "नेताको, नेताले, नेताका लागि" भन्ने देखियो। तर यति हुँदाहुँदै पनि हरेक सरकार जनताका नाममाा प्रतिवद्धता व्यक्त गर्न बाध्य भएको देखिएको छ। त्यसबाट पनि नेपालमा प्रजातन्त्रको विकल्प छैन भन्ने पुष्टि हुन्छ।

जो प्रजातन्त्रको मूल्यउपर प्रश्न गर्दछन्, हामी त्यस्तालाई स्मरण मात्र गराउन सक्छौं, वर्ष सन् १७६९ लाई प्रस्थान विन्दु मान्ने हो भने नेपाल कुनै किसिमको प्रजातान्त्रिक मान्यताबाट अहिलेसम्म १९ वर्षमात्र शासित भएको छ, त्यो सम्पूर्ण अवधिको ८ प्रतिशत मात्र छ। त्यसैले हाम्रो गरिवी र राजनीतिक अव्यवस्थाको दोष प्रजातन्त्रलाई लगाउन पाईदैन।[७४] एकातिर राजाको भनाई सार्वजनिक भएको छ- "नेपालको भविष्य संवैधानिक राजतन्त्र र वहुदलीय प्रजातन्त्रमा मात्रै छ।"[७५] अर्कोतिर माओवादीले भनेका छन्- "हामीले ०४६ सालको उपलब्धीलाई अझ पूर्णता प्रदान गर्नको निमित्त अथवा जनतालाई जनअधिकार सम्पन्न गर्नको निमित्त एउटा संयुक्त मोर्चा र एक नयाँ खाले ध्रुवीकरणमा अघि बढ्नु पर्छ भन्ने प्रस्ताव राखेका छौं। ... हामी यो स्पष्ट गर्न चाहन्छौं, हामीले सत्ता पक्षसँग कुरा गर्दा पनि ०४६ सालको उपलब्धी भन्दा पनि अघि बढेर अग्रगामी निकासको कुरालाई छोड्ने छैनौं। जनतालाई अधिकार सम्पन्न बनाउने कुरा मूल एजेण्डा हुन्छ।"[७६] अब नेपालमा दीर्घकालीन शान्ति व्यवहारमै जनताको हातमा सार्वभौमसत्ताको पुनर्वहाली नभएसम्म सम्भव छैन। सैन्य वलका भरमा जनअभिमतलाई युद्धरत पक्षहरुले लत्याउन खोजेका छन्। तर, उनीहरुले आफ्नो भनाई जस्तै गरी जनताप्रति इमान्दार भएर प्रजातन्त्र र वहुलवादको मिलन विन्दुमा आउन सकेको अवस्थामा मात्र प्रजातान्त्रिक अभ्यास पुनर्जीवित हुन सक्नेछ। देहायका कुराहरुले मुलुकमा प्रजातन्त्रको भविष्यलाई सबल बनाउन सक्दछन्।

- कानूनी राज्य, भ्रष्टाचार उन्मूलनजस्ता महत्वपूर्ण विषयमा यीसँग सम्वन्धित राज्यका निकायको उपस्थिति र काम हुनुपर्छ। सेनालाई प्रजातन्त्रको संभावना बढाउन प्रयोग गरिनु पर्छ।
- राजा, माओवादी, संसदीय पार्टीहरु र वुद्धिजीवी प्रजातन्त्रप्रति प्रतिवद्ध हुँदै साझा सहमतिमा पुग्नु पर्दछ। प्रजातन्त्रको स्थापना र स्थायित्वका लागि त्यस्तो साझा पहलले मात्र दिशा निर्देश गर्न सक्दछ।
- राष्ट्रिय सम्पत्ति राष्ट्रिय स्वार्थमा र प्रजातन्त्रको हितमा प्रयोग हुनुपर्छ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा निजी संघ-संस्थाहरुले दवाव र निरंकुशतामा प्रभावकारी ढंगले काम गर्न सक्दैनन्। यस्ता संस्थाहरुको सफलता नागरिकहरुको सहभागितामा मुलुकको विकासमा प्रयोग गर्न सकिन्छ।
- मध्यम वर्गको अस्तित्व र आकार संख्यात्मकरुपमा सानो भए पनि प्रजातन्त्रको सुरक्षा र विकासमा प्रभावकारी हुन्छ। त्यसैले प्रजातन्त्रको सम्वर्द्धनमा उनीहरुलाई सक्रिय तुल्याउनु पर्छ।
- जनसंख्याको प्रमुख हिस्सा ओट्ने गरीवहरुलाई लक्षित गर्न उनीहरुको जीवनस्तर उठाउने कल्याणकारी कार्यक्रमका लागि प्रजातान्त्रिक सरकारले वास्केट फण्ड खडा गर्नु पर्छ। निरंकुश शासकहरुको मार खेपेको हुनाले यो समूहले कहिल्यै अप्रजातान्त्रिक शासकसँग सम्झौता गर्दैन।
- नागरिक समाजको भावना र राजनीतिक संस्कारबारे केही गुनासो भए पनि नागरिकहरु आफ्ना समस्याहरु स्थानीय तथा केन्द्रीय सरकारसँग छलफल गरेर नै टुंग्याउन चाहन्छन्। त्यसैले प्रजातन्त्र मात्रै सवैको साझा थलो बन्नसक्छ।
- राज्यमा देखिने जातीय तनाव र क्षेत्रीय हितको सवाललाई ढाकछोप गरेर राख्न खोजियो र यस विषयमा राजनीतिक वा सामाजिक संगठनवीच बसेर छलफल हुन सकेन भने हिंसा उत्पन्न हुन्छ। एकै खालको समाज जुनसुकै शासनका लागि सहज हुन्छ र त्यस्तो समाज भनेको प्रजातान्त्रिक समाज मात्रै हुनसक्छ।
- जुनसुकै राज्यलाई वाह्य वातावरणका कारण पनि प्रजातन्त्र अपरिहार्य हुन्छ।

नोट

१. बेथाम, डेवीड र केवीन बोयल, २०००, डेमोक्रेसी : क्वेइसन्स एण्ड आन्सर, इन्डिया, नेशनल बुक ट्रष्ट
२. सिनोकोटा होवार्ड, ह्वाट इज डेमोक्रेसी ? अमेरिका : युनाइटेड स्टेट डिपार्टमेन्ट अफ स्टेट ब्युरो अफ इन्टरनेशनल इन्फरमेसन प्रोग्राम
३. शर्मा, जन, १९९७, डेमोक्रेसी विदआउट रुट्स, दिल्ली बुक फेथ इन्डिया
४. दाहाल, देवराज, २००२, क्राइसिस अफ गभरनेन्स एण्ड मोडल्स अफ कन्फ्लिक्ट रेजुलुसन इन नेपाल
५. इन्सेक, २००१, मानवअधिकार वर्ष पुस्तक, २००१, काठमाडौं, इन्सेक
६. उच्चस्तरीय समितिसमक्ष निर्वाचन व्यवस्थापन सुधार सुझाव उपसमिति तथा निर्वाचन ऐन, नियम सुधार सुझाव उपसमितिबाट संयुक्त रुपमा प्रस्तुत प्रतिवेदन
७. इन्सेक, २०००, मानवअधिकार वर्ष पुस्तक २०००, काठमाडौं, इन्सेक
८. एफडब्लूएलडी, २००३, स्याडो रिपोर्ट अन द सेकेण्ड एण्ड थर्ड पेरियोडिक रिपोर्ट गभरमेन्ट अफ नेपाल अन सिड कन्भेन्सन, काठमाण्डु, फोरम फर ओमेन, ल एण्ड डेभलपमेन्ट
९. कार्चर हेनिङ्ग, २००३, सम थट्स अन द ह्युमेन राइट्स कन्टेक्स्ट इन द अन गोइङ्ग कन्फ्लिक्ट इन नेपाल, विपिन अधिकारी (सं.), कन्फ्लिक्ट, ह्युमेन राइट्स एण्ड पिस : च्यालेन्जेज बिफोर नेपाल, काठमाडौं, राष्ट्रिय मानव अधिकार आयोग
१०. ऐजन
११. ऐजन
१२. कनिङटन, ड्याने सम २००३, पोभर्टी इन साउथ एसिया : सिभिल सोसाइटी प्रस्पेक्टिभ्स, काठमाण्डु, आर.आर.एन.
१३. एफडब्लूएलडी, २००३
१४. ऐजन
१५. शर्मा, जन, १९९७, डेमोक्रेसी विदआउट रुट्स, दिल्ली बुक फेथ इन्डिया
१६. इन्सेक, १९९५, मानवअधिकार वर्ष पुस्तक १९९५, काठमाडौं, इन्सेक
१७. इन्सेक, २००३, मानवअधिकार वर्ष पुस्तक २००३, काठमाडौं, इन्सेक
१८. भरतराज उप्रेती, नेपालको संवैधानिक कानुन
१९. दाहाल, देवराज, २००१, टुवार्ड अल्टरनेटिभ्स : मिजन अफ गुड गभरनेन्स् इन नेपाल
२०. चड्डा, माया, २०००, विल्डिङ डेमोक्रेसी इन साउथ एसिया, न्यु दिल्ली, भिष्टार पब्लिकेशन
२१. इन्सेक, २००१, मानवअधिकार वर्ष पुस्तक २००१, काठमाडौं, इन्सेक
२२. थापा, हरिबहादुर, एनाटोमी अफ करप्सन, काठमाडौं, द प्रिन्ट हाउस
२३. ऐजन
२४. स्पेसटाइम दैनिक, ०५९ पुस १० गते
२५. ऐजन
२६. ऐजन
२७. दी काठमाडौं पोष्ट, ०६० भदौ २३ गते
२८. नेपाल समाचारपत्र दैनिक, ०६० मंसिर ५ गते
२९. दाहाल, देवराज, २००१
३०. जनगणना २००२
३१. प्राची त्रैमासिक, २००३
३२. इन्सेक, २००३, मानवअधिकार वर्ष पुस्तक २००३, काठमाडौं, इन्सेक
३३. थापा, दिपक र बन्दिता सिजापति, २००३, ए किङ्डम अन्डर सिज नेपाल्स माओइस्ट इन्सरजेन्सी, १९९६-२००३, काठमाडौं, द प्रिन्ट हाउस
३४. ऐजन
३५. ऐजन
३६. कनिङटन, ड्याने सम २००३
३७. थापा, दिपक र बन्दिता सिजापति, २००३
३८. देउवा, शेरबहादुर, माओवादी समस्या समाधान उच्चस्तरीय सुझाव समितिको प्रतिवेदन ०५७, माओवादी समस्या र समाधानका लागि सुझाव, काठमाडौं, नेपाल
३९. कुमार, ध्रुव, २००३, कनसिक्वेन्सेज अफ द मिलिटराइज्ड कन्फ्लिक्ट एण्ड द कष्ट अफ भ्वायलेन्स इन नेपाल, डिल्लीराम दाहाल, सम कन्ट्रिब्युसन टु नेप्लिज स्टडिज, अंक ३०, वर्ष २, जुलाई, २००३
४०. ऐजन
४१. ऐजन
४२. ऐजन
४३. ऐजन
४४. ऐजन
४५. ऐजन
४६. कनिङटन, २००३
४७. ऐजन
४८. नेपाल पाक्षिक, ०६० असार १६-३२ गते
४९. कुमार, ध्रुव, २००३
५०. दिप्तप्रकाश शाह, शाही नेपाली सेनाका अवकाश प्राप्त जर्नेल एवं पूर्व राष्ट्रिय सभा सदस्य, दी काठमाडौं पोष्ट, ०६० कार्तिक २०
५१. माइकसेल, स्टेफेन लरेन्स, १९९९, क्लास स्टेट एण्ड स्ट्रगल इन नेपाल, न्यु दिल्ली, मनोहर पब्लिसर्स एण्ड डिस्ट्रीब्युटर्स
५२. ऐजन
५३. इन्सेक, मानवअधिकार वर्ष पुस्तक २०००, काठमाडौं, इन्सेक
५४. पाण्डे, देवेन्द्रराज, १९९९, नेपाल्स फेल्ड डेभलपमेन्ट, रिफ्लेक्सन अन द मिसन एण्ड द माल्डिज, नेपाल साउथ एसिया सेन्टर, १९९९
५५. विराटनगर (०५९ पुस १८ गते) र धनगढी (०५९ चैत २१ गते) मा अभिनन्दन ग्रहण गर्दै राजाबाट गरिएको सम्बोधन
५६. कृष्णबहादुर महरा, जनआवाज साप्ताहिक, २९ फागुन ०५९

परिच्छेद ३

राज्य र मानवअधिकार

३.१ न्यायपालिका

सन् २००३ मा अदालतमा न्याय माग्न जाने प्रवृत्तिमा अघिल्लो वर्षको तुलनामा कमी आयो। व्यापक रुपमा मानवअधिकारको हनन र उल्लंघन भइरहेको अवस्थामा नेपालका सबै अदालतमा बन्दीप्रत्यक्षीकरणको रिट दर्तामा समेत कमी आएको छ। एक दशक यता न्यायालयमा मुद्दाको चाप बढ्दै गरेको प्रवृत्ति विपरीत वर्ष २००३ मा मुद्दाका निवेदन पनि घटेका छन्। समाजमा गैरकानुनी क्रियाकपमा वृद्धि भएता पनि अदालतमा घटनाको अनुपातमा उजुरीहरु परेको देखिँदैन। सर्वोच्च अदालतको तथ्यांक अनुसार आर्थिक वर्ष ०५८-५९ मा ७५ जिल्ला अदालतहरुमा ७१ हजार मुद्दा दर्ता भएका थिए। तर आर्थिक वर्ष ०५९/६० मा जम्मा ५७ हजार मात्र दर्ता भएका छन्। यस्तो हुनुको एउटा कारण अदालतको न्याय सम्पादन र न्याय निरुपणमा सरकारी निकायहरुको असहयोग पनि हो।

न्यायपालिकालाई कार्यपालिकाका विभिन्न निकायको असहयोग यस वर्ष अझ टड्कारो रुपमा पटक-पटक देखियो। तर अपेक्षाकृत रुपमा न्यायिक सक्रियताको सवालमा न्यायालयको उदासिनताले पनि आम नागरिकलाई उत्साहहीन अवस्थामा पुऱ्याएको छ।

नेपाल अधिराज्यको संविधान २०४७ को धारा ८८ (२) मा उल्लेख गरिएको छ- "यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानुनी हकको प्रचलनको लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानुनी प्रश्नको निरुपणको लागि आवश्यक र उपयुक्त आदेश जारी गरी त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुङ्गो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ।" तर सन् २००३ भरि नै संविधानले परिकल्पना गरे बमोजिम न्यायालयको सक्रिय भूमिका व्यवहारमा देख्न सकिएन।

स्वतन्त्र न्यायपालिकाको अवधारणा

नेपालमा राज्यप्रणालीको आधारशिलाका रुपमा स्वतन्त्र न्यायपालिकाको परिकल्पना गरिएको छ। राज्यका अन्य अङ्गबाट जनताका आधारभूत मानवअधिकारको उल्लंघन र हनन भएको अवस्थामा उपचार प्रदान गर्न स्वतन्त्र न्यायपालिकाको अवधारणा अघि बढाइएको हो। शक्ति पृथकीकरणको सिद्धान्त अनुसार व्यवस्था गरिएका राज्यका प्रमुख अङ्गहरुमध्ये न्यायपालिकाको स्वतन्त्रता सबभन्दा महत्त्वपूर्ण हुन्छ। व्यवस्थापिकाले गलत कानुन बनाउन सक्दछ। कार्यपालिकाले कानुन विपरीत कार्य गर्न सक्दछ तर, ती दुई अङ्गहरूद्वारा गरिएका गलत वा असंवैधानिक कार्यलाई रोक्ने एक मात्र अङ्गका रूपमा न्यायपालिका रहेको हुन्छ। न्यायपालिका आफ्नो कार्य गर्न स्वतन्त्र छैन भने कानुनी राज्यको कल्पना गर्न सकिँदैन। न्यायपालिकाले कार्यपालिका वा व्यवस्थापिका वा दुवैको प्रत्यक्ष वा अप्रत्यक्ष अधीनमा रहेर कार्य गर्नुपर्ने अवस्था छ भने कानुनी राज्य वा कानुनी शासनको अस्तित्व रहन सक्दैन।

प्रजातान्त्रिक राज्यव्यवस्था अन्तर्गत न्यायपालिकाको स्वतन्त्रता अपरिहार्य हुन्छ। तर न्यायपालिकाको स्वतन्त्रता भन्नाले अदालतको स्वतन्त्रता मात्र बुझिनु हुँदैन। संविधान र ऐन-कानुनद्वारा न्यायपालिका र न्यायाधीशहरूको स्वतन्त्रताको प्रत्याभूति एवं न्यायाधीशको निष्पक्षता पनि त्यही स्वतन्त्रताको दायरा भित्र पर्दछ।

नेपाल अधिराज्यको संविधान २०४७ को प्रस्तावनामा नै स्वतन्त्र न्यायपालिकाको अवधारणालाई अंगिकार गरिएको छ। संविधानले कानुनी शासनको माध्यमबाट न्यायपूर्ण समाजको स्थापना गर्ने लक्ष्य राखेको छ। यसका लागि धारा ८४ ले न्याय सम्बन्धी मूख्य तथा अन्तिम अधिकार न्यायालयलाई सुम्पेको छ। संविधानको धारा ९५ मा न्याय सम्पादनको कार्यमा सर्वोच्च अदालत र अन्य अदालतहरूलाई सहयोग गर्नु र श्री ५ को सरकार र मातहतका सबै कार्यालय तथा पदाधिकारीको बाध्यात्मक कर्तव्य भएको उल्लेख गरिएको छ। अदालतको आदेश र निर्णयलाई राज्यका सबै निकाय तथा पदाधिकारीहरूले सम्मान, पालना र कार्यान्वयन गर्नुपर्ने बाध्यात्मक व्यवस्था नेपाल अधिराज्यको संविधान २०४७ को धारा ९६ मा गरिएको छ।

नेपालमा न्यायपालिकाको संरचना

नेपालमा न्यायपालिकाको व्यवस्था तीन तहमा गरिएको छ। प्रत्येक जिल्लामा प्रारम्भिक तहको अदालतका रुपमा एउटा जिल्ला अदालत रहने व्यवस्था छ। जिल्ला अदालतमा देवानी र फौज्दारी दुवै प्रकृतिका मुद्दाहरूको अधिकारक्षेत्र तोकिएको हुन्छ। दोस्रो तहको अदालतका रुपमा अधिराज्यभरि विभिन्न ठाउँमा गरी १६ वटा पुनरावेदन अदालत रहेका छन्। सर्वोच्च अदालत अन्तिम तथा माथिल्लो तहको अदालत हो। यसलाई संविधानको संरक्षक र अदालतको पनि अदालत भन्ने गरिन्छ। ७५ वटा जिल्ला अदालतहरू, १६ पुनरावेदन अदालतहरू र एउटा सर्वोच्च अदालतलाई नै समग्रमा न्यायपालिकाभित्र राखेर हेर्ने गरिन्छ। सर्वोच्च अदालतको मातहतमा अन्य सबै अदालतहरू रहन्छन्। यी बाहेक विशेष अदालत, श्रम

अदालत र प्रशासकीय अदालतहरू पनि नेपालमा न्याय निरुपणका लागि गठन गरिएका छन्।

न्यायपालिका र मानवअधिकार

नेपालको न्यायपालिकाले मौलिक वा आधारभूत मानवअधिकारको रूपमा रहेको “न्यायको अधिकार” लाई सुदृढ गर्ने जिम्मेवारी बोकेको छ। यससँग कानुन कार्यान्वयन गराउने क्षमता हुनुका साथै यसका निर्णयहरू सरकारका लागि समेत बाध्यात्मक हुन्छन्। यद्यपि सरकारबाट कतिपय अदालती निर्णयको पूर्ण पालना हुन सकेको छैन। अदालतले विभिन्न मुद्दाहरू र विवादहरूमा केवल संवैधानिक कानुनका आधारमा मात्र नभएर न्यायका सर्वमान्य सिद्धान्तहरूलाई समेत विचार गरेर दोषीविरुद्ध उपयुक्त आदेश र निर्णय दिने गर्दछ। मानवअधिकारका कतिपय प्रावधानलाई संविधानमा मौलिक अधिकारका रूपमा स्थापित गरिएको छ र यी अधिकारहरूको हननको उपचार आफ्नो असाधारण अधिकारक्षेत्र अन्तर्गत सर्वोच्च अदालतले गर्ने गर्दछ।[१]

नेपाल अधिराज्यको संविधान २०४७ भाग ३ को धारा ११ देखि २३ सम्म व्यवस्था गरिएका मानवअधिकारको उपभोग र उपयोग गर्नबाट कुनै पनि नेपाली नागरिकलाई वञ्चित गराइएमा अदालतको माध्यमबाट उपचार प्राप्त गर्न सकिने प्रावधान छ। सार्वजनिक सरोकारका विषयका मुद्दाहरूका विषयमा र मानवअधिकार हननविरुद्ध रिटका माध्यमबाट कुनै पनि नेपाली नागरिकले जहिले पनि आफ्नो हक प्रचलन गर्न, गराउन अदालतको ढोका घच्घच्याउन जान पाउने व्यवस्था गरिएको छ।

न्यायपालिका र न्यायसम्पादन प्रक्रिया

ढिला न्याय दिनु न्याय नदिनु सरह हो। न्यायपालिका जति नै स्वतन्त्र भए पनि न्याय सम्पादन गर्ने कार्यमा ढिलासुस्ती र न्याय सम्पादन वा न्याय निरुपणको कार्य खर्चिलो र जटिल हुन्छ भने पीडितले न्याय पाएको वा न्याय भएको मान्न सकिँदैन।

विगत दश वर्षमा माओवादी प्रभावित जिल्लाहरुमा मुद्दाको चापमा घटे पनि सर्वोच्च अदालतमा उल्लेखनीय किसिमले वृद्धि भएको थियो। यसरी अत्याधिक रूपमा बढेको मुद्दाको चापले सम्पूर्ण न्याय प्रणालीलाई नै प्रभाव पारेको छ जसको फलस्वरूप न्याय निरूपणमा निकै लामो समय लाग्नु स्वभाविकै हो। न्यायप्रणाली भित्रको यस्तो ढिलासुस्तीका कारण पीडितपक्षलाई एकातिर मार परिरहेको हुन्छ भने अर्कोतिर अभियोग लागेका व्यक्तिहरू विशेषगरी फौज्दारी अभियोग लागेकाहरूमा पनि अनावश्यक झन्झट पर्न जान्छ।[२]

मुद्दाको चाप, कर्मचारीको संख्या, कोषको बृद्धि गर्नुपर्ने अति आवश्यकतामा सरकारको उदासीनता र विविध कारणहरूले गर्दा नेपालको न्यायप्रणालीमा ढिलासुस्ती हुने गरेको पाइन्छ।[३]

मोतीमायाको कथा

अदालतबाट न्याय पाइसकेका पीडितहरुले व्यवहारमा भने न्याय नपाएका उदाहरणहरु यस वर्ष उल्लेखनीय रुपमा सार्वजनिक भए। अदालतको निर्णयबाट न्याय पाए पनि फैसलाको कार्यान्वयन नहुँदा पीडितहरुले न्यायको अनुभूती गर्न नसकेका उदाहरणहरु प्रकाशमा आए। अदालतको फैसला सही कार्यान्वयन नहुनुमा अदालतकै कर्मचारी, प्रहरी र प्रशासन प्रमुख जिम्मेवार रहेका तथ्यहरु पनि खुल्न आएका छन्। नेपाल कानुन समाजले सर्वेक्षण गरी प्रकाशित गरेको प्रतिवेदनमा अदालतबाट न्याय पाइन्छ भन्ने धारणामा केवल ४३ प्रतिशतले मात्र सहमती जनाएको भन्ने तथ्यांक उल्लेख गरेको छ। काठमाडौं मखन टोलकी ७९ वर्षीय मोतिमाया श्रेष्ठको हकमा सर्वोच्च अदालतले फैसला दिइसकेको छ। तर उनी प्राप्त गर्नु पर्ने घरजग्गा उपभोग गर्नबाट वञ्चित रहेकी छिन्। एक वर्ष अघि नै छिनोफानो भइसकेको उनको मुद्दाको फैसला अहिलेसम्म कार्यान्वयन हुन सकेको छैन। मुद्दाको फैसला कार्यान्वयन नभएको सूची लामो हुन सक्छ।

काभ्रे जिल्ला अदालतबाट तीन वर्ष कैद र उनले पीडित बनाएको महिलालाई आधा अंश प्रदान गर्न फैसला सुनाएको अभियुक्त कमल भन्ने विजुलीप्रसाद सापकोटा ०६० साल मंसिरसम्म पनि खुलेआम घुमिरहेका थिए। ०५८ साल मंसिरमा बनेपामा कक्षा ८ मा पढ्दै गरेकी एक किशोरीलाई जबरजस्ती करणी गर्ने सापकोटालाई कारवाही गर्न तत्कालिन न्यायाधीश प्रभा बस्नेतको इजलासले ०५९ वैशाख ३ गते फैसला सुनाएको थियो। तर सापकोटा ०५८ पुस ९ गते धरौटीमा छुटेदेखि पक्राउ परेका छैनन्। पीडित पक्षले न्यायालयको फैसला कार्यान्वयन गराउन जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयमा पटक-पटक निवेदन दर्ता गराइसकेका थिए। पीडित पक्ष निर्धन भएकाले कानून बहाल गराउने निकायहरुले फैसलाको बेवास्ता गरी पीडकलाई दण्डबाट मुक्ति प्रदान गरेको प्रष्टै देखिन्छ। त्यसबेलासम्म पीडकले पनौतिमै खुलेआम ट्याक्सी चलाइरहेको स्थानीय बासिन्दाहरुले देखेका थिए।

एकातिर न्यायपालिका आफूले गरेका निर्णयहरुको कार्यान्वयन गराउन असक्षम साबित भएको छ भने अर्कोतर्फ न्यायपालिकामा सुनुवाईमा हुने ढिलासुस्ती, समय

र व्ययभारका कारणले कतिपय पीडितहरु घरवारविहीन भएका छन्। त्यसरी पीडित भएपछि सपरिवारलेनै आत्मदाह गरेको समाचार पनि सार्वजनिक भएको छ। विरगञ्ज उपमहानगरपालिकाका नगवाटोलमा बस्ने चौरसिया परिवारका चार सदस्यहरुले आफूले तीन वर्ष अघि स्थानीय जमिन्दारबाट लिएको ऋण तिर्न नसकेर आत्महत्या गरे। मृतक चौरसियाका छिमेकीहरुका अनुसार ३८ वर्षीय परमानन्द चौरसियाले तीन वर्ष अघि मुद्दामा लाग्ने खर्च व्यहोर्नको लागि स्थानीय साहु सत्यनारायण साह तुराहासँग आफ्नो घर ३० हजार रुपैयाँ बन्धकी राखेर १० हजार रुपैयाँ लिएका थिए। उनले उक्त रकम जमिन्दार गोपाल चौरसियासँग मोहियानी हकको मुद्दाको खर्चको लागि सापट लिएका थिए। मुद्दामा लाग्ने खर्चको अभावका कारण मृतक परमानन्दका आमा, पत्नी उर्मिलादेवी र छोरा समेतले सामूहिक रुपमा आत्महत्या गरेका थिए।[४]

न्याय सम्पादनको कार्य चाँडो गराउन सर्वोच्च अदालतको नियमावलीमा संशोधन गरिएको छ। संशोधित नियमावलीमा मुद्दाको वहस सकिएको दिन निर्णय सुनाउने मिति तोक्नु पर्ने र तोकिएको मितिमा फैसला सुनाउनु पर्ने वाध्यात्मक व्यवस्था गरिएको छ। ०६० सालमा संशोधित नियमावलीमा सर्वोच्च अदालतमा मुद्दा दायर गर्दा मुद्दाको मागदावी र विवरण समावेश भएको सीडी वा फ्लपीसहित पेश गर्नुपर्ने व्यवस्था गरिएको छ। यस्तो व्यवस्था अदालतको समय बचत गर्ने उद्देश्यका साथ गरिएको छ।

नमुना अदालतको स्थापना

५८ वर्षे इतिहासमा न्यायपालिकाले धेरै आरोह-अवरोह पार गरेको छ। न्यायिक क्षेत्रमा विभिन्न परीक्षण गर्ने क्रममा पछिल्लो समयमा नमुना अदालतको गठन गरियो। अदालत व्यवस्थापन सम्वन्धी सुझाव प्रतिवेदन ०५५ को राय सुझाव अनुसार देवानी र फौज्दारी प्रकृतिको मुद्दाका आधारमा इजलास गठन गरी त्यस्ता इजलासबाट छिटो-छरितो, कम खर्चिलो पारदर्शी सेवा जनतालाई प्रदान गर्ने उद्देश्यले परीक्षणको रूपमा नेपाल अधिराज्यको चार वटा जिल्ला कपिलवस्तु, कास्की, सिरहा र चितवनमा यस्ता नमुना अदालतको गठन गरियो। यी जिल्लाका नमुना अदालतबाट ०६० साउन १ गतेदेखि देवानी र फौज्दारी इजलासबाट देवानी र फौज्दारी मुद्दाको सुनुवाई हुँदै आएको छ। नमुना अदालतको अवधारणालाई संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) को आर्थिक सहयोग रहेको छ। प्रथम चरणमा चार वर्षको लागि सम्झौता भएअनुसार न्यायपालिका सुधार कार्यक्रम अन्तर्गत यस अवधारणाको विकास भएको हो। यस्ता अदालतमा न्यायाधीश बाहेक श्रेस्तेदार (रा.प.द्वितीय) १ जना, तहसिलदार (रा.प.तृतीय) १ जना, लेखापाल १ जना, नासु १० जना, डिट्ठा १२ जना, सहलेखापाल १ जना, तामेलदार १२ जना, अमिन १ जना, टाइपिष्ट २ जना, वहिदार ३ जना, चालक १ जना र परिचर १० जना सहित जम्मा ६० जनाको जनशक्ति रहने व्यवस्था छ भने अदालतको भौतिक सुविधाहरू युएनडीपीले नै व्यवस्था गरेको छ।

"यस्तो अदालतको गठनले न्याय निरुपणको प्रक्रियामा एक फड्को मार्ने काम गरेता पनि देवानी र फौज्दारी इजलासको गठन बाहेक अरू सबै कुरा र प्रक्रिया पुरानै रहेको पाइएको छ। म्याद तामेली प्रक्रिया, दर्ता प्रक्रिया, कोर्ट फी दरका कुराहरूमा अझै पुरानै परिपाटी रहेको तथ्य पाइएको छ।"[५]

आधुनिक सञ्चार प्रविधिको प्रवेश

न्यायपालिकाको भौतिक संरचनादेखि लिएर अन्य पक्षमा पनि सुधार गरिएको छ। मुद्दाको जानकारीका लागि छुट्टै वेबसाइटको व्यवस्था गरिएको छ र उक्त वेबसाइटमा न्यायपालिकासँग सम्वन्धित विभिन्न जानकारी र सूचना राखिएको छ। जोसुकैले पनि उक्त सुविधा उपभोग गर्न सक्ने भएका छन्। वेबसाइटमा न्यायिक प्रतिवेदन, प्रधान न्यायाधीशका विचार, महत्त्वपूर्ण फैसला, नजीरहरु समेत राखिएका छन्। साथै, यसमा हरेक दिन सुनुवाई हुने मुद्दाको विवरण समेत पाउन सकिन्छ। त्यस्तै अदालतको हरेक काम कारवाही कम्प्युटर प्रणाली अनुसार राखिने योजना भएको र त्यसको लागि मुद्दामा फिरादपत्र, प्रत्युत्तर पत्र, निवेदनपत्र, बहसनोट जस्ता कागजपत्रका साथमा फ्लपी र सीडीहरु इजलाससामू पेश गर्नुपर्ने व्यवस्था गरिएको छ। यसरी म्याद तामेली प्रक्रियामा पनि आधुनिकीकरण गरिएको छ। अहिले म्याद तामेली गर्दा इमेलको प्रयोग गर्न थालिएको छ। यसले गर्दा पनि मुद्दाका पक्षलाई म्याद बुझाउन लाग्ने समयको वचत भएको छ।

ठूला-ठूला विवाद बाहेक स-साना विवादहरुको किनारा गर्न र अदालतमा बढेको मुद्दाको चापलाई कम गर्न अदालतले नै मध्यस्थता तोकिदिने र मध्यस्थताबाट चित्त नबुझ्नेबाट अदालतको क्षेत्राधिकार प्रयोग गर्नुपर्ने व्यवस्थाको शुरुवात गरिएको छ। अदालतको औपचारिक प्रक्रियालाई अबलम्बन गर्दा आमसमुदायले भोग्नु परेको समस्यालाई मध्यस्थताको माध्यमबाट धेरै नै लाभ पुग्ने देखिन्छ। कानुन व्यवसायी र वारेस राख्नु पर्ने, अदालती शुल्क तिर्नुपर्ने, साक्षी प्रमाण प्रस्तुत गर्नुपर्ने जस्ता कार्यले सानातिना विवादमा पनि विवादको विगोभन्दा बढी खर्च विवाद समाधानका क्रममा लाग्ने, अदालतमा मुद्दाहरुको

चापको कारण र अदालतबाट कुनै एक पक्षको हकमा मात्र निर्णय दिने हुँदा अर्को पक्षले चित्त नबुझाउने र आपसी सम्बन्धमा कटुता आउने भएकोले मध्यस्थता विवाद समाधानमा वैकल्पिक उपायको रुपमा प्रभावकारी भएको छ किनभने मध्यस्थताबाट दुवै पक्षको हितमा निर्णय हुन सक्छ।

न्यायपालिका र भ्रष्टाचारको विवाद

नेपालको समग्र व्यवस्था, कर्मचारीतन्त्र, प्रशासनमा व्याप्त भ्रष्टाचारको विवादले न्यायपालिका, त्यहाँ कार्यरत न्यायाधीशहरू र कर्मचारीहरू अछुतो रहन सकेनन्। आम नेपाली जनताको बुझाई व्यापक न्यायिक भ्रष्टाचार रहेको छ भन्ने छ। नेपाल बार एशोसिएसनका एकजना माथिल्लो तहका अधिकारीले एक अन्तर्राष्ट्रिय भ्रमण टोलीलाई सर्वोच्च अदालतका न्यायाधीशहरुको बारेमा जानकारी गराएअनुसार "वर्तमान न्यायाधीशहरुको नियुक्ति हुनु पूर्व ९०% न्यायाधीशहरु घुस लिने गर्दथे तर अहिले ५०% मा झरेको छ।"[६]

यसका साथै न्यायिक आचरणलाई नियमित गर्ने समस्या विद्यमान रहे पनि त्यसको कार्यान्वयन तथा उचित प्रचार प्रसार हुन सकेको छैन। अनुशासनको कारवाही गर्ने अधिकार प्राप्त न्याय परिषद्ले भ्रष्टाचारमा संलग्नलाई कारवाही गर्नुको सट्टा उनीहरुलाई बचाउ गर्ने गरेको देखिन्छ। त्यसकारण न्याय परिषद् माथि पनि जनविश्वासको कमी रहेको छ।[७]

न्यायाधीशहरुको कार्यक्षमताको अभाव, खराब आचरण लगायत्का प्रश्नमा कारवाही चलाउने अधिकारको माग गर्दै पठाइएको न्यायपरिषद् ऐन संशोधनको प्रस्तावलाई मन्त्री परिषद् सचिवालयले कानुन मन्त्रालयमा फिर्ता पठायो।

कुनै न्यायाधीशमाथि भ्रष्टाचारको अभियोगमा मुद्दा चलाउने सम्बन्धमा न्यायपरिषद् ऐन २०४७ मा विद्यमान प्रावधान अपर्याप्त रहेको बताउँदै स्पष्ट व्यवस्था गर्न ०६० असोज महिनामा कानुन तथा न्याय मन्त्रालयमा लेखी पठाएको थियो।

अख्तियार दुरूपयोग अनुसन्धान आयोग भ्रष्टाचार र अख्तियार दुरूपयोग सम्बन्धी परेका उजुरीमाथि अनुसन्धान गर्ने अधिकार प्राप्त एक गम्भीर र सापेक्षिकरूपमा प्रभावकारी संस्था हुनुको साथै अदालतका कर्मचारीहरूको आचरणको मामला समेत हेर्न सक्ने भए पनि न्यायाधीशहरूको सुपरिवेक्षण गर्न सक्ने क्षमता यसमा छैन। त्यस कारण पनि न्यायपालिकामा गरिने शक्तिको दुरूपयोग र भ्रष्टाचार व्यापकरूपमा अनियन्त्रित छ।[८]

'नेपाल कानुन समाज'ले अदालतमा हुने भनिएको भ्रष्टाचार एवं अनियमितताको बारेमा ३१ जिल्लामा गरेको सर्भेक्षणमा जम्मा ५ हजार ३७ जनाले आफ्नो राय दिएका थिए। उत्तरदाता तीन वर्गमा विभाजित थिए: (१) जनसाधारण, (२) उद्योग व्यवसायी र (३) कानुन व्यवसायी र यससँग सम्बन्धित। अध्ययनका क्रममा अदालतमा भ्रष्टाचार हुन्छ जस्तो लाग्छ वा लाग्दैन भनी सवैलाई सोधिएको प्रश्नमा ६८.४ प्रतिशतले हुन्छ भन्ने उत्तर दिएका थिए। त्यसैगरी तपाईंले कुनै मुद्दा जित्नको लागि न्यायाधीशलाई आर्थिक प्रलोभन वा अन्य प्रभाव पार्नु भएको छ भनी सोधिएको अर्को प्रश्नमा ७ सय ७५ जना उत्तरदाताहरू मध्ये ७८ जनाले आफूले मुद्दा समाधानका लागि न्यायाधीशलाई प्रभावमा पारेको कुरा बताएका थिए। यसबाट पनि अदालतले जनमानसमा नराम्रो प्रभाव पारेको पाइयो।[९] उत्तरदातालाई यस्तो स्थितिको लागि बढी कसलाई जिम्मेवार ठान्नुहुन्छ भनी सात वटा सम्भावित उत्तर मध्येबाट छान्न दिएकोमा सोधिएको प्रश्नको उत्तरमा जम्मा उत्तरदाता मध्ये ७४ प्रतिशतले कर्मचारीलाई औंल्याए भने ६६ प्रतिशतले कानुन व्यवसायीलाई। त्यसैगरी न्यायाधीशको कारण भन्नेहरूको प्रतिशत ३८.२ थियो।[१०]

पीडितहरुले सही अर्थमा न्याय प्राप्त गर्न नसक्नुको मूल कारण भ्रष्टाचार भएको कुरा यस वर्ष पनि चर्चामा आयो। यसै वर्ष संयुक्त राज्य अमेरिकाले भ्रष्टाचार विरुद्ध कार्य गर्न र अदालतको प्रभावकारिता र सुलभता वृद्धि गरी दुर्गम क्षेत्रका जनताका लागि समेत न्याय सर्वसुलभ बनाउनको लागि नब्बे हजार अमेरिकी डलर सहयोग स्वरुप प्रदान गरेबाट पनि न्यायालयको पहुँच सर्वसाधारण जनतासम्म नरहेको र न्यायालयभित्र भ्रष्टाचार रहेको पुष्टि हुन्छ।

सन् २००३ मा न्यायपालिकाबाट भएका केही उल्लेख्य मुद्दाहरू

(क) अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना गर्न गराउन परेको उजुरी

०५९ पुस १२ गते नेपाल अधिराज्यको संविधान २०४७ को धारा २३, ८८ (२) बमोजिम प्रदत्त हक अधिकार अनुसार सर्वोच्च अदालतमा उत्प्रेषण, परमादेशको रिट दर्ता भयो। उक्त रिटमा नेपाल अधिराज्यले सन् १९६४ फेब्रुवरी ७ मा अनुमोदन गरेको अन्तर्राष्ट्रिय मानवीय कानुनको व्यापक रूपमा उल्लंघन भएको, संविधान प्रदत्त विचार र अभिव्यक्तिको स्वतन्त्रता, विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, अधिराज्यभरि आवत जावत र बसोबास गर्ने स्वतन्त्रताको व्यापक रूपमा हनन र उल्लंघन भएको, नागरिकहरूको जीवनको अधिकारको रक्षा नभएको भन्दै त्यस्ता कार्यहरूले

नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२(२), २५ (१), (४) र नेपाल सन्धी ऐन २०४७ को दफा ९, उपदफा (२) र प्रथम जेनेभा महासन्धिको धारा ४९, दोस्रो महासन्धिको धारा ५०, तेस्रो महासन्धिको धारा १२९, चौथो महासन्धिको धारा १४६ तथा पहिलो सन्धिपत्रको धारा ८०, ८०(१) को विपरीतको कार्य भएको जिकिर लिंदै श्री ५ को सरकारलाई तत्काल जेनेभा महासन्धि लागू गर्न राष्ट्रिय कानुन तर्जुमा गर्न गराउन, प्रधानमन्त्रीको कार्यालय, कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालय, श्री ५ को सरकार संसद सचिवालय र राष्ट्रिय सभालाई विपक्षी बनाइ सो रिट दायर गरिएको थियो। यो वर्ष यस मुद्दाको टुङ्गो लाग्न सकेन।

(ख) यातना क्षतिपूर्तिका विषयमा परेको मुद्दा

०५९ चैत महिनामा सर्वोच्च अदालतका अधिवक्ता माधवकुमार बस्नेतद्वारा श्री ५ को सरकार मन्त्रिपरिषद्, मन्त्रिपरिषद् सचिवालय र श्री ५ को सरकार कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयलाई विपक्षी बनाएर रिट निवेदन दायर गरियो। नेपालले यातना तथा अन्य क्रुर र मानवीय व्यवहार विरूद्धको अन्तर्राष्ट्रिय महासन्धि अनुमोदन गरिसकेको छ र नेपालमा यातना क्षतिपूर्ति ऐन २०५३ विद्यमान छ। यातना क्षतिपूर्ति ऐन ०५३ ले क्षतिपूर्ति स्वरूप अधिकतम एक लाख रूपैयाँसम्म पीडितले प्राप्त गर्न सक्ने प्रावधान गरेको छ।

सर्वोच्च अदालतमा दायर गरिएको उक्त रिट निवेदनले यातना क्षतिपूर्ति ऐन २०५३ को दफा ६(१), नेपाल सन्धि ऐन २०४७ को दफा ९(१) र नेपाल अधिराज्यको संविधानको प्रस्तावना, धारा १ तथा १२६(१) सँग बाझिएको भन्दै उक्त व्यवस्थालाई असंवैधानिक र अमान्य गराइ पाउनको लागि नेपाल अधिराज्यको संविधान २०४७ को धारा २३ तथा ८८(१) बमोजिम रिट दायर गरिएको थियो। उक्त रिट मुद्दाको निर्णयमा सर्वोच्च अदालतको इजलासले यातना क्षतिपूर्तिमा उल्लेखित व्यवस्था अन्तर्राष्ट्रिय कानुनसँग बाझिएको भन्न नमिल्ने र राष्ट्रिय कानुनमा रहेको व्यवस्था पर्याप्त भएको कुरा ठहर गर्‍यो।

यस वर्ष यातना क्षतिपूर्ति सम्बन्धी मुद्दामा ८ जना पीडितको हकमा फैसला भएको छ। धनकुटा जिल्ला छिन्ताङ गाविस-१ का गणेश राईलाई चोरीको अभियोगमा वडा प्रहरी कार्यालय सिंहदरबारले ०५५ असोज २० गतेदेखि हिरासतमा लिएको र ०५५ असोज २८ गते वीर अस्पतालमा उपचार गराउँदा-गराउँदै मृत्यु भएको घटना प्रहरी यातनाका कारण भएको ठहर गर्दै काठमाडौं जिल्ला अदालतका न्यायाधीश ओमप्रकाश मिश्रको इजलासले ०६० भदौ २५ मा निजको परिवारलाई १ लाख रुपैयाँ क्षतिपूर्ति प्रदान गर्न श्री ५ को सरकारलाई आदेश गर्‍यो। यातना विरुद्ध क्षतिपूर्ति ऐन २०५३ अनुसार हदैसम्मको जरिवाना गरिएको यो पहिलो फैसला हो। इन्सेक, सिभिक्ट लगायत्का मानवअधिकार संस्थाहरुको सहयोगमा उक्त मुद्दा दायर गरिएको थियो। यसैगरी मोरङ जिल्ला अदालतले पीडित लक्ष्मी पौडेललाई ५० हजार रुपैयाँ, सुनसरी जिल्ला अदालतले रामबहादुर विश्वकर्मालाई १० हजार रुपैयाँ, धनुषाका रामपुकार यादवलाई एक हजार रुपैयाँ र धनुषाकै रामजीवन प्रसाद गुप्तालाई एक हजार रुपैयाँ, नवलपरासीका अमरनारायण लोहियालाई बुटवल पुनरावेदन अदालतले ५० हजार रुपैयाँ, ललितपुरका आश्विनकुमार दाहाललाई ५ हजार रुपैयाँ क्षतिपूर्ति पाउनु पर्ने भनी निर्णय भयो। अदालतले कानुनमा व्यवस्था गरे बमोजिम फैसला गरेता पनि पीडितहरुले क्षतिपूर्ति स्वरुपको रकम हालसम्म प्राप्त गरेका छैनन्।

(ग) अभिव्यक्तिको स्वतन्त्रताको विषयमा परेको उजुरी

नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२ (२) (क) ले विचार र अभिव्यक्तिको स्वतन्त्रता प्रदान गरेको छ। ०५७ असोज २ गते श्री ५ को सरकार गृह मन्त्रालयद्वारा जारी सूचनाले सर्वसाधारण नेपाली नागरिकको विचार र अभिव्यक्तिको स्वतन्त्रतालाई कुण्ठित गर्ने गरी मसाल जुलुसमाथि प्रतिबन्ध लगाउने गरी गरेको कार्य गैरकानुनी र असंवैधानिक रहेको जिकिर गर्दै ०५७ मा अधिवक्ता राजु चापागाईले रिट निवेदन दर्ता गर्नु भएको थियो। उक्त रिट निवेदनमा मसाल जुलुस मार्फत् विरोध प्रकट गर्न पाउने विचार र अभिव्यक्तिको स्वतन्त्रतालाई प्रचलन गराइ पाउनको लागि उत्प्रेषणको रिट दायर गरिएको थियो। सर्वोच्च अदालतले तीन वर्ष लगाएर उक्त रिट माथि निर्णय गर्‍यो। न्यायाधीशहरु केदारनाथ उपाध्याय, गोविन्दबहादुर श्रेष्ठ र मिनबहादुर रायमाझीको विशेष इजलासले नेपाल अधिराज्यको संविधान ०४७ को धारा १२(२) (क) ले विचार र अभिव्यक्तिको स्वतन्त्रता प्रदान गरेकोमा सो धाराको प्रतिबन्धात्मक खण्डको (१) ले नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात जाति वा सम्प्रदाय वीचको सुसम्बन्धमा खलल पर्ने वा राजद्रोह, गाली वेइज्जती वा अदालतको अपहेलना हुने वा अपराध गर्न दुरुत्साहन दिने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मुनासिव प्रतिबन्ध लगाउने गरी कानुन बनाउन सकिने आधारहरु भएको तथा ०४७ असोज २ गतेको गृह मन्त्रालयद्वारा प्रकाशित सूचनाले शहर वजार र घना बस्तीमा राति निकाल्ने

सर्वोच्च अदालतमा मंसिर मसान्तसम्म मुद्दाको संख्या

	जिम्मेवारी	परेको	जम्मा	फर्स्यौट	बाँकी
१. मुद्दा	११८८४	२११	१२०९५	४३	११८५२
२. रिट	३०७८	९७	३१७५	९५	३०८०
३. दोहोऱ्याई पाउँ भन्ने निवेदन	२७४४	१७१	२९५१	६८	२७४७
४. पुनरावलोकनको निवेदन	२०४	९	२१३	४	१८९
५. अनुमति निवेदन	३७९	१८	३९७	३	३९४
कूल जम्मा (सबै महलको)	१८२८९	५०६	१८७९५	५३३	१८२६२

स्रोत : सर्वोच्च अदालत

जुलुसबाट अप्रिय घटना भई जनधनमा क्षति पुग्न सक्ने भएकाले जनधनको सुरक्षाको लागि मसाल जुलुस प्रदर्शन गर्न नदिने गरी निषेध गर्न स्थानीय प्रशासनलाई दिइएको आदेश समय, आवश्यकता र स्थितिलाई विचार गरी उचित आवश्यक कार्य गर्न पाउने कुरामा नेपाल अधिराज्यभरि जुनसुकै अवस्थाको लागि निषेध गर्न गृह मन्त्रालयद्वारा प्रकाशित ०५७ असोज २ गतेको सूचना कानुन बमोजिमको देखिँदा उत्प्रेषणको आदेश बदर हुने भनी ०६० भदौ ११ गते रिट खारेज भयो।

महिलाको हकहितका पक्षमा भएको आदेश

सर्वोच्च अदालतका न्यायाधीश कृष्णकुमार वर्मा, हरिश्चन्द्र उपाध्याय र खिलराज रेग्मीको पूर्ण इजलासले मातृत्वसम्बन्ध अन्तर्राष्ट्रिय श्रम संगठनको अभिसन्धि, २०००, महिला विरुद्ध हुने सम्पूर्ण भेदभाव उन्मूलन सम्बन्धी महासन्धि १९७९ एवं नेपाल अधिराज्यको संविधान २०४७ अन्तर्गत लैंगिक न्यायसम्बन्धी व्यवस्था समेतलाई विचार गरी प्रसुती बिदामा न्यूनतम राष्ट्रिय मापदण्ड निर्धारण गर्न ०६० भदौ २५ गते आदेश जारी गऱ्यो।

स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २३९ को खारेजीको लागि परेको उजुरी

अधिवक्ता श्रीकान्त बरालले ०५९ मा स्थानीय स्वायत्त शासन ऐन २०५५ को विवादित दफा २३९ संविधान विरुद्ध रहेको जिकिर लिँदै प्रतिषेध परमादेश समेतको रिट निवेदनलाई सर्वोच्च अदालतको ०६० साउन २९ गतेको आदेशले खारेज गऱ्यो। उक्त मुद्दामा श्री ५ को सरकार र मन्त्रिपरिषद् सचिवालयलाई विपक्षी बनाई निवेदन दायर गरिएको थियो। न्यायाधीशहरु हरिप्रसाद शर्मा, दिलिपकुमार पौडेल र मिनबहादुर रायमाझीको विशेष इजलासले उक्त निवेदन उपर छलफल गरी स्थानीय स्वायत्त शासन ऐन, २०५५ को विवादित दफा २३९ स्थानीय स्वायत्त शासन (पहिलो संशोधन) अध्यादेश ०६० द्वारा ०६० साउन १ गते संशोधन भइसकेको र उक्त संशोधनले साविकमा भएको दफा २३९ को कानुनी व्यवस्थाको सट्टा छुट्टै नयाँ व्यवस्था भइसकेकोले निष्कृय वा खारेज भइसकेको कानुनलाई असंवैधानिक घोषणा गरी अमान्य हुन्छ भनिरहनु नपर्ने र स्थानीय स्वायत्त शासन ऐन २०५५ को विवादित दफा २३९ मा संशोधन भई साविकको व्यवस्था नै कायम नरहेको अवस्थामा हाल प्रचलनमा नरहेको सो कानुनी व्यवस्था संविधानसँग बाझिएको छ/छैन भनी निरोपण गरिरहनु पर्ने नदेखिएकोले रिट खारेज हुन्छ भनी आदेश गरियो।

आर्थिक ऐन २०५८ को दफा १० को खारेजीको विषयमा परेको उजुरी

अधिवक्ता प्रकाशमणि शर्माले श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालयलाई विपक्षी बनाई ०५९ मा परेको रिट निवेदन उपर न्यायाधीशहरु कृष्णकुमार वर्मा, गोपालप्रसाद खत्री र रामप्रसाद श्रेष्ठको विशेष इजलासले छलफल गरी ०६० जेठ १ गते रिट निवेदनमा लिइएको जिकिर अनुसार आदेश गर्न नपर्ने भनी निर्णय गरियो।

उक्त रिट निवेदनमा आर्थिक ऐन २०५८ को दफा १० को अनुसूची ६ को दफा ४२(१) र ४२(३) संविधानसँग बाझिएकोले अमान्य र बदर घोषित गर्नको लागि निवेदन चढाइएको थियो। नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११(१) ले व्यवस्था गरेको समानताको हकको प्रतिकूल हुने गरी आर्थिक ऐन २०५८ को उक्त दफाले नियमित करदाताहरु बीच पनि असमान व्यवहार भएको र स्वयं आय घोषणाद्वारा कर तिर्नेहरु बीच पनि फरक-फरक व्यवस्था गरिएको भनी निवेदनमा जिकिर लिई उक्त दफा अमान्य घोषित गर्न निवेदन गरिएको थियो। सर्वोच्च अदालतको विशेष इजलाशले उक्त ऐनको दफाले कर तिर्नुपर्ने तर करको दायराभित्र पर्न नआएका व्यक्तिहरुलाई कसरी करको दायराभित्र पार्ने भन्ने प्रश्न वा विषय नीनिगत विषयको कुरा भएको र श्री ५ को सरकारद्वारा सोही नीनिगत कुरा कार्यान्वयनको लागि स्वयं घोषणाद्वारा आयकर तिर्ने व्यवस्था गरेको र स्वयं घोषित आयको करदाता र नियमित करदाता बीच असमान भनी स्वयं करदाताहरुबाट यस्तो प्रश्न उठाइ सर्वोच्च अदालतमा प्रवेश पनि नगरेकोले कुनै खास प्रयोजन र उद्देश्य

परिपूर्तिको लागि व्यवस्था गरिएको कानुनको लागू पनि त्यस्तै अवस्थामा हुने अनुमान गर्नुपर्ने भएकोले राज्यद्वारा अपनाइएको विशेष नीतिगत व्यवस्थाको रुपमा उल्लेखित व्यवस्था भएकोले संविधानको धारा ९८ (१) अनुसारको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अधिकारलाई संकुचित र नियन्त्रित गरेको भन्न नमिल्ने हुनाले रिट निवेदन माग बमोजिम आर्थिक ऐन, ०५८ को दफा १० को अनुसूची ६ को दफा ४२(१) र (३) को वाक्यांशहरु अमान्य र बदर घोषित गरिरहनु नपर्ने भनी फैसला भयो।

बन्दी प्रत्यक्षीकरण मुद्दा

ईश्वरी ढकालको हकमा श्याम सुन्दर पराजुलीले श्री ५ को सरकार गृह मन्त्रालय सिंहदरबार विरुद्ध गरेको बन्दी प्रत्यक्षीकरणको रिट निवेदनमा सर्वोच्च अदालतको संयुक्त इजलासले ०६० जेठ १४ गतेको आदेशले ईश्वरी ढकाल गैरकानुनी नजरबन्दमा रहेको तथ्य उठाउँदै निजलाई तत्काल रिहा गर्न गृह मन्त्रालयलाई आदेश दियो। निवेदकलाई थुनामा राखिरहनु पर्ने कुनै मुनासिब कारण नदेखिएकोले निजलाई थुना मुक्त गर्ने आदेश दिइयो। निवेदकबाट आतंककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण तथा सजाय ऐन, २०५८ को दफा ९ मा आतंककारी तथा विध्वंसात्मक कार्य हुन सक्ने कुनै काम कुराबाट रोक्नु पर्ने विश्वास गर्न सकिने कुनै मनासिब आधारहरु कारवाही फाइलबाट देखिन नआएकोले निजलाई थुना मुक्त गरिनु पर्छ भनी आदेश दिइयो।

त्यस्तै ०५९ मा नवराज थपलियाको हकमा राजेन्द्रप्रसाद थपलियाले श्री ५ को सरकार गृह मन्त्रालयसमेतलाई विपक्षी बनाई दायर गरिएको बन्दी प्रत्यक्षीकरणको रिट निवेदनउपर सर्वोच्च अदालतको संयुक्त इजलासबाट ०६० वैशाख ८ गतेको आदेशले निज निवेदकलाई आतंककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण तथा सजाय ऐन बमोजिम नजरबन्दमा राखिरहनु पर्ने कारण मुनासिब नरहेको र निज निवेदक त्यस्तो कार्यमा लागेको भन्ने कुनै उचित र पर्याप्त आधारहरु खुलेको देखिन नआएकोले यस्तो स्थितिमा जिल्ला प्रहरी कार्यालयको पत्रमा उल्लेखित उचित र पर्याप्त आधार बेगरको कुरामा निर्भर गरी विपक्षी प्रमुख जिल्ला अधिकारीबाट नजरबन्दमा रहेका नवराज थपलियालाई ०५९ फागुन २१ गतेदेखि नजरबन्दमा राख्ने गरेको आदेश कानुन बमोजिम नदेखिएकोले निजलाई थुनामुक्त गरिनु पर्ने भनी आदेश जारी भयो।

संसद पुनर्स्थापना र सर्वोच्च अदालत

तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले श्री ५ मा सिफारिस चढाएपश्चात् प्रतिनिधिसभा विघटन भयो। प्रतिनिधिसभा विघटन कार्य गैर संवैधानिक र गैरकानुनी भएको ठहर गर्दै त्यस विरुद्ध चुनौति दिँदै सर्वोच्चमा दायर भएका आधा दर्जन रिट निवेदनलाई सर्वोच्चका ११ जना न्यायाधीशको पूर्ण इजलासको सर्वसम्मत निर्णयले ०५९ साउन २१ गते खारेज गरेको थियो। उक्त फैसला त्रुटिपूर्ण भएको र यो पुरानो नजिरको समेत विरुद्ध भएकोले उक्त फैसलालाई बदर गरी संसद पुनर्स्थापनाको लागि सर्वोच्च अदालतमा पुनरावलोकनको मुद्दा पर्‍यो। हुलाकबाट रजिष्ट्री भएर आएको उक्त पुनरावलोकन मुद्दाउपर सर्वोच्चले कारवाही अघि बढायो। एक वर्षभन्दा बढी समयसम्म थन्किएर बसेको उक्त निवेदन ०६० मंसिर ८ गते आकस्मिक रुपमा पूर्ण इजलासमा लगियो।

संसद विघटनका मुद्दामा सर्वोच्च अदालतको भूमिका चर्को र महत्त्वपूर्ण बुँदाका रुपमा अगाडि आउने गर्दछ। अधिवक्ता ध्रुव कोइरालाद्वारा सर्वोच्चमा परेको पुनरावलोकनको मुद्दालाई सर्वोच्च अदालतले ०५९ असोज १४ गते महत्त्वका साथ छलफलमा ल्याएर न्यायपालिकाले राजनीतिक निकासको लागि कदम चालेको मान्न सकिन्छ। साथै, देश राजनीतिक संकटमा रहेको समयमा न्यायपालिका चूप लागेर बस्न सक्दैन भन्ने कुराको पुष्टि पनि संसद विघटनको फैसला उपर सर्वोच्च अदालतको इजलासले गरेको छलफलबाट लिन सकिन्छ।

संसदको पुनर्स्थापना पुनरावलोकनको माध्यमबाट हुन सक्दछ र संविधानको रक्षा र क्रियाशीलता एवं संसदीय प्रजातन्त्रको रक्षा गर्ने गम्भीर दायित्वबाट सर्वोच्च अदालत पनि पन्छिन सक्दैन भन्ने विचारहरु पूर्व न्यायाधीशहरुबाट अदालतमा मुद्दा विचाराधीन भइरहेको समयमा पनि सार्वजनिक भइरहे। तथापि अदालतमा विचाराधीन मुद्दामा प्रभाव पर्ने गरी बोल्नु हुँदैन भन्ने न्यायिक सिद्धान्त छ। नेपालमा संसद पुनर्स्थापना र विघटन सम्बन्धी मुद्दामा पटक-पटक आलोचित हुन पुगेको न्यायालयको यस कदमप्रति आम जनता आशावान रहे पनि हालसम्म कुनै निर्णय भइसकेको छैन।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सार्वजनिक पद धारण गरेका व्यक्तिहरुउपर स्रोत नखुलेको सम्पत्तिको सम्बन्धमा अनुसन्धानको लागि कानुन मन्त्रालयको भवनमा रहेको आयोगको कार्यालयमा उपस्थित हुन आदेश पठाएपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई विपक्षी बनाई यस वर्ष सर्वोच्च अदालतमा रिट निवेदनहरु दर्ता भए। यसरी परेका रिट निवेदनहरुमा पक्षहरुको वैयक्तिक स्वतन्त्रताको हनन हुन जानुका साथै अख्तियारले गरेको आदेश नेपाल अधिराज्यको संविधान २०४७ विपरीत रहेको र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ कै विरुद्ध रहेको भन्दै

सर्वोच्च अदालत नियमावली २०४९ को नियम ४१ बमोजिम अन्तरिम आदेशको माग गरिएको छ।

गिरिजाप्रसाद कोइराला विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोग

०६० जेठ ६ गते सर्वोच्च अदालतमा दर्ता गरिएको यस रिट निवेदनमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, श्री ५ को सरकार मन्त्रिपरिषद्, मन्त्रिपरिषद् सचिवालय र प्रधानमन्त्रीलाई विपक्षी बनाइएको छ। उक्त रिट निवेदनमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले न्यायिक जाँचबुझ आयोगको गोप्य प्रतिवेदनको आधारमा अनुसन्धानको लागि ०६० जेठ १ गते पठाएको पत्रले अख्तियार दुरुपयोग अनुसन्धान आयोग सरकारको दमनकारी यन्त्रको रुपमा प्रयोग हुन लागेको, ०६० जेठ ६ गते आयोगले आफ्नो भवनमा उपस्थित हुन पठाएको पत्र कानुनी आधार नरहेको कुराको उल्लेख गर्दै उक्त आदेश बदर गराउन माग गरिएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ०४८ को दफा १४(१) को पनि उल्लंघन भएको र आयोगले सुनियोजित रुपमा चरित्र हत्या गर्ने बदनियतसाथ सञ्चार माध्यमको प्रयोग गरेको र भ्रष्टाचार निवारण ऐन २०५९ लागू हुनुभन्दा अगाडि नै पक्षले सार्वजनिक पदमा बहाल रहेकोले उक्त कानुनको दायरा भित्र आफू नपर्ने कुराको जिकिर लिंदै उक्त आदेश बदर गराउनको लागि दर्ता गरिएको थियो। आयोगले पठाएको उक्त पत्रले पक्षको संविधानको धारा ११(१), १२, १४, १६, १७(१), १७(२) र २२ द्वारा प्रदत्त मौलिक हकमा आघात तथा कुण्ठा पुऱ्याएकोले अन्य विकल्पको अभावमा संविधानको धारा ८८(२) अन्तर्गत निवेदन दर्ता गरिएको कुरा रिट निवेदनमा उल्लेख गरिएको छ।

यस वर्ष अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई विपक्षी बनाएर गोविन्दराज जोशीले ०६० जेठ १४ गते सर्वोच्च अदालतमा संविधान प्रद्धत मौलिक हकमा आघात पुऱ्याएको र आयोगले ०६० जेठ १२ गतेको अनुसन्धानको लागि उपस्थित हुनु भनी पठाएको पत्र कानुनी आधारमा नरहेको भन्ने जिकिर रिट निवेदन दायर गरिएको थियो।

रविन्द्रनाथ शर्माले आयोगलाई विपक्षी बनाई ०६० जेठ २० गते दायर रिट निवेदनमा पनि आयोगको आदेश बदनियतपूर्ण रहेको र भ्रष्टाचार निवारण ऐन २०५९ मृत प्रभावी नहुने हुनाले आयोगले सम्पत्ति जाँचबुझ आयोगको प्रतिवेदनको आधारमा पठाइएको अनुसन्धानको लागि उपस्थित हुनको लागि पठाइएको पत्रले निजको संवैधानिक स्वतन्त्राको हनन भएको जिकिर लिइएको छ।

हालसम्म यी मुद्दाहरुको हकमा निर्णय भएको छैन।

अदालतलाई चुनौति

अदालतका फैसलाको कार्यान्वयन नहुनु र राज्यका अन्य अंगहरूले न्याय सम्पादनका कार्यमा बेवास्ता गर्नु

न्याय दिएर मात्र हुँदैन दिएको अनुभूती पनि हुनुपर्दछ। न्याय सम्पादन गर्ने मुख्य कार्यकारिणी अधिकार न्यायपालिकाको भएता पनि न्यायपालिकाले आफूले गरेका निर्णयहरु आफैले कार्यान्वयन गर्न सक्दैन। कानुनको व्यवस्था र कानुनको पालना गर्न गराउन न्यायपालिकाले राज्यका अन्य अंगहरुलाई निर्देशन, सुझाव दिन मात्र सक्दछ। नेपाल अधिराज्यको संविधानले शक्ति पृथकीकरणको सिद्धान्तलाई अंगिकार गरिए अनुसार स्वतन्त्र र सक्षम न्यायपालिकाको अवधारणालाई अंगिकार गरेता पनि अदालतको आफ्नै कुनै त्यस्तो सुरक्षा वा कारवाही गर्ने संयन्त्र छैन। तसर्थ अदालतले प्रतिपादन गरेका सिद्धान्त र निर्णयहरुलाई राज्यका अन्य अंग विशेषगरी कार्यपालिकाले परिपालना गर्ने गर्दछ।

यस वर्ष राज्यका सुरक्षा संयन्त्रहरु विशेषगरी सेना र प्रहरीद्वारा अदालतको निर्देशन अनुरोधको बेवास्ता गर्ने कार्य भयो। आफ्नो अधीनमा कतिपय बन्दीहरु रहेता पनि सेना र प्रहरीद्वारा अदालतलाई ढाँट्ने छल्ने कार्यको व्यापकता रह्यो।

सेनाका ब्यारेकहरुले समय-समयमा सर्वोच्च अदालतबाट जारी भएका बन्दी प्रत्यक्षीकरणको रिटको म्यादपूर्जी बुझ्न इन्कार गरेका, आफ्नो हिरासतमा बन्दीहरु रहेता पनि नरहेको, पक्राउ नगरिएका भन्ने जवाफ दिने क्रम अत्यधिक रुपमा बढ्यो। यस्ता घटनाहरुबाट संविधानको एक विशेषता वा प्रजातान्त्रिक व्यवस्थाको मर्म विपरीत स्वतन्त्र न्यायपालिकाको अवधारणालाई व्यवहारिक रुपमा आघात पुऱ्याउने कार्य भयो। जसको कारणबाट पनि अहिले जनमानसमा, आम नागरिकहरुमा अदालतको सक्षमता र त्यहाँबाट हुने निष्पक्ष सुनुवाई र न्यायिक उपचारप्रति शंका वा प्रश्न चिन्ह उठ्ने गरेको छ। यही भएर पनि पीडितहरु अदालत वा राज्यका औपचारिक संरचनाभन्दा राष्ट्रिय मानव अधिकार आयोग, गैरसरकारी संस्थाहरु, कानुन व्यवसायीहरुको संस्थामा उजुरी लिएर जाने गरेका छन्। यसरी सरकार, सेना र प्रहरीले ढाँट्न, छल्न र नटेर्न थालेपछि नागरिक अधिकार खोज्न मानिसहरु अदालत नगएर मानवअधिकार संघसंस्था र व्यक्तिहरु समक्ष पुग्न थालेका छन्। माघ महिनामा सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणका नौ वटा मात्र निवेदन परे भने सोही अवधिमा जीवन रक्षाका लागि भनेर राष्ट्रिय मानव अधिकार आयोगमा परेको उजुरीको संख्या ६० रहेको थियो।

०५५ पुस २४ गते तनहुँको बेलचौतारा इलाका प्रहरी कार्यालयबाट प्रहरी निरीक्षक कुशविक्रम राणाको नेतृत्वद्वारा टोलीमा रहेको पक्राउमा परेका नेपाल बार एसोशिएसन जिल्ला कार्य समिति गोरखाका अध्यक्ष राजेन्द्रप्रसाद ढकालको स्थितिका सम्बन्धमा ०५५ चैत ९ गते तत्कालीन न्यायाधीशद्वय केशवप्रसाद उपाध्याय र केदारनाथ उपाध्यायको संयुक्त इजलासले आदेश दिएको थियो। "ढकाल नेपाल अधिराज्यभित्र जहाँ हुनुहुन्छ खोजतलास गर्न लगाई यस अदालतमा उपस्थिति गर्न लगाउनु" भन्ने आदेश दिएको पाँच वर्ष हुन लाग्दा पनि पीडितको हालको अवस्था सार्वजनिक भएको छैन। शाही नेपाली सेनाका केही ब्यारेकहरुले बन्दी प्रत्यक्षीकरणका रिटमा सर्वोच्च अदालतबाट जारी भएका म्यादपूर्जी बुझ्न इन्कार गरेका घटनाहरु सार्वजनिक हुने गरेका छन्।[११]

त्यसरी सार्वजनिक भएका समाचार अनुसार माओवादीले आशंकामा सुरक्षाकर्मीले बन्दी बनाएकाहरुलाई गैरकानुनी थुना मुक्त गर्न माग गर्दै दायर भएका करिब आधा दर्जन बन्दी प्रत्यक्षीकरणका रिट निवेदनमा लिखित जवाफ पठाउन भनी अदालतले पठाएको म्याद बुझ्न अस्वीकार गरिएको थियो। त्यसरी अस्वीकार गर्ने ब्यारेकहरुमा भैरवनाथ गण, छाउनी ब्यारेक, भद्रकाली गण र जग्दल गुल्म रहेको पुष्टि सर्वोच्च अदालतको उच्चस्रोतले गरेको छ। हालसम्म ती गुल्महरुबाट यस समाचारको खण्डन वा पुष्टि गरिएको पाइएको छैन।

प्रमुख निर्वाचन आयुक्त र संवैधानिक परिषद्को विवाद

यो वर्ष प्रमुख निर्वाचन आयुक्तको नियुक्ति सम्बन्धमा संवैधानिक परिषद् विवादको घेरामा रह्यो। नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११७ अनुसार संवैधानिक निकायका पदाधिकारीको नियुक्तिको सिफारिस गर्न एउटा संवैधानिक परिषद्को व्यवस्था गरेको छ। जसमा प्रधानमन्त्री अध्यक्ष, प्रधानन्यायाधीश, प्रतिनिधि सभाका सभामुख, राष्ट्रियसभाको अध्यक्ष र प्रतिनिधिसभामा विपक्षी दलका नेता सदस्य रहने व्यवस्था छ। संवैधानिक परिषद्ले प्रमुख निर्वाचन आयुक्तको लागि तीन जनाको नाम सिफारिस गरेर राजासमक्ष पठाएपछि यो परिषद् व्यापक विवादमा पर्‍यो। परिषद्ले विकल्पमा नाम राखेर पठाउनाले राजालाई छनौटको अवसर दिइएको हुनाले पनि परिषद्को बारेमा व्यापक टिकाटिप्पणी भयो र, कानुन व्यवसायीहरुको संस्था बार र अदालतबीच सो सिफारिसको वैधानिकताबारे खिचातानी भयो।

परिषद्को सिफारिस गैरसंवैधानिक ठहर्‍याउँदै उक्त सिफारिस बदर गराउन सर्वोच्च अदालतमा गरिएको रिट निवेदन दर्ता गर्न नमिल्ने भन्दै संवैधानिक परिषद्ले गरेको सिफारिसलाई वैधता प्रदान गरियो। संवैधानिक परिषद् सम्बन्धी बेग्लै कानुन नबनेको र संविधानमा परिषद्ले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्ने व्यवस्था हुँदा त्यस्तो सिफारिसमाथि प्रश्न उठाउन नमिल्ने ठहर सर्वोच्च अदालतले गरेको छ। आदेशमा सिफारिस बारे सर्वोच्च अदालतका अनुसार आधिकारिक निकाय वा परिषद्का पदाधिकारीले प्रमुख निर्वाचन आयुक्तको पदमा पहिले परिषद्द्वारा सिफारिस गरेको व्यक्ति परिवर्तन गरेको वा एकभन्दा बढी व्यक्तिलाई उक्त पदका लागि सिफारिस गरेको भनी आधिकारिक रुपमा सार्वजनिक भएको थिएन।

निष्कर्ष र सुझाव

संसारका न्यायालयहरुमध्ये सबैभन्दा कम बजेटबाट चल्न बाध्य न्यायालय नेपालको पर्दछ। नेपालको कूल बजेटको ०.५ प्रतिशत बजेट मात्र न्यायालयले प्राप्त गर्दछ। जसको कारणले गर्दा न्यायपालिका "स्वतन्त्र न्यायपालिकाको" अवधारणा अनुसार चल्न सकेको देखिदैन र न्याय सर्वसुलभ बनाउन, न्यायालयलाई अझ बढी प्रभावकारी बनाउन न्यायालयलाई पर्याप्त बजेट विनियोजन गरिनु पर्छ साथै प्रशासनिक क्षमता बढाउन आधुनिक सुविधाहरु उपलब्ध गराउनु पर्दछ।

न्यायपालिकाको निर्णय कार्यान्वयन गराउने क्षमता आफैमा छैन। यस अंगको कुनै त्यस्तो छुट्टै संयन्त्र छैन जसको माध्यमबाट फैसला भएका निर्णयहरु कार्यान्वयन गराउन सकियोस्। तसर्थ नेपाल अधिराज्यको संविधानले राज्यका अन्य अंगहरुलाई अदालतको सहयोगीको रुपमा गर्नुपर्ने भनी गरिएको प्रावधानको अनिवार्य पालना गरिनु पर्दछ। अवज्ञा गर्नेलाई कारवाहीका लागि सर्वोच्चबाट सरकारलाई लेखी पठाउने परम्परा बसाल्नु पर्छ।

यस वर्ष सुरक्षा निकायहरुले अदालतलाई गुमराहमा राख्ने, ढाँट्ने आफ्नो हिरासतमा रहेका बन्दीहरुको बारेमा पनि छल्ने कार्य गरेर न्यायपालिकाको अवहेलना गर्ने कार्य भयो। न्यायपालिकालाई राज्यका सुरक्षा निकायहरुले अवमूल्यन गरेर कानुनको शासन, मानवअधिकार र प्रजातान्त्रिक व्यवस्थाविरुद्ध कार्य गरे।

अहिलेको अवस्थामा न्यायपालिका निरीह बन्न पुगेको छ। आम जनताको न्यायालयप्रति विश्वास र आस्था घट्दै गएको छ भने अर्कोतिर न्यायालयले महत्त्वपूर्ण विवादहरुमा स्वतन्त्र भूमिका खेल्न सकेको छैन। न्यायिक सक्रियताको कमी रहेको छ तसर्थ अब न्यायपालिका केवल कानुनको व्याख्याताको रुपमा मात्र सिमित नरही अन्य आम सरोकार र राष्ट्रिय महत्त्वको विषयमा सक्रिय हुनु पर्दछ।

सैनिक परिचालनको प्रभाव राज्यका अन्य अंगमा

पर्‍यो र यसबाट न्यायपालिका पनि अछुतो रहन सकेन। सेनाले स्वतन्त्र न्यायपालिकाले दिएको आदेश र पठाएको म्याद समेत नबुझ्ने गरेका, अदालतमा मुद्दा पर्दा आफ्नो हिरासतमा छैन भनेर जवाफ पठाउने गरेता पनि अदालतले सोधेर पठाएका व्यक्तिहरु सेनाको ब्यारेकबाट नै छुट्ने गरेका घटनाहरुले सेनाले न्यायपालिकालाई पनि आफ्नो प्रभावमा पार्न खोजेको देखिन्छ।

न्यायपालिका भनेको केवल भौतिक संरचना मात्र होइन। न्यायापालिकाभित्र न्यायाधीश, कानुन व्यवसायी र न्यायिक प्रशासन पर्दछन्। न्यायपालिका सक्रिय हुनु भनेको न्यायमूर्तिहरु सक्रिय हुनु हो। संविधान र कानुनको प्रावधानहरुलाई बढी भन्दा बढी सक्रिय गराउने अधिकार न्यायाधीशहरुलाई छ। न्यायाधीशहरुले कुनै विवादमा दिएको निर्णयमा हस्तक्षेप हुनु हुँदैन। तर, हालसम्मको न्यायपालिकाको भूमिका नागरिक सुरक्षा एवं मानवअधिकार लगायत् अन्य विषयमा परम्परागत रहने गरेको पाइन्छ। बन्दीको स्थिति बुझ्न न्यायालयले आफै छानविन गर्न सक्ने अधिकार न्यायालयमा रहेको छ। वेला वेलामा न्यायालयले यो अधिकारको प्रयोग गरेका नजिरहरु पनि छन्। तर यस वर्ष न्यायपालिकाले यो संयन्त्रको उपयोग गर्न सकेको छैन। यसले गर्दा न्यायलयको स्वतन्त्र पहिचानमा प्रश्न चिन्ह खडा भएको छ। अदालतका अधिकृत कानुन व्यवसायीहरुको थुनाको वैधता परीक्षण गर्न चलाएका प्रक्रियाहरुमा समेत अदालतले आफ्नो सक्रियता देखाउन सकेको छैन।

अहिले न्यायपालिकाले संविधानले अंगिकार गरेको स्वतन्त्रताको अवधारणा अनुसार चल्न सकेको छैन। यो संस्था अहिले सुरक्षा निकायको गैर जवाफदेहिपन, फर्स्यौट हुन बाँकी रहेका असंख्य मुद्दाहरु र भ्रष्टाचारको दलदलले गर्दा अन्यौलमा रहेको छ। वर्तमान संकटको स्थितिमा न्यायपालिका सक्रिय हुनु अति आवश्यक छ। विशेषगरी सुरक्षा ऐन, नियम र मानवअधिकारका प्रावधानप्रति न्यायपालिका अझ अग्रसर हुनुपर्ने अपेक्षा गरिएको छ।

नोट

१. नेपालमा मानवअधिकार स्थिति एक प्रतिवेदन ०६०, राष्ट्रिय मानव अधिकार आयोग
२ नेपाल ह्युमन राइट्स एण्ड एडमिनिस्ट्रेसन अफ जस्टस : अब्जिर्भेसन्स अन्फुल्लफिल्ड, आइसीजे रिपोर्ट, २००३
३. ऐजन
४ दी काठमाडौं पोष्ट, २० कार्तिक ०६०
५. लिलाधर मर्गासिनी "ठहर" नमुना अदालत सिद्धान्त र व्यवहार स्थलगत भ्रमणको प्रतिवेदन
६. नेपाल ह्युमन राइट्स एण्ड एडमिनिस्ट्रेसन अफ जस्टस : अब्जिर्भेसन्स अन्फुल्लफिल्ड, आइसीजे रिपोर्ट, २००३
७. ऐजन
८. ऐजन
९. न्याय सम्पादनमा अदालतको भूमिका र प्रभावकारिता, नेपाल कानुन समाज
१०. ऐजन
११. अन्नपूर्ण पोष्ट दैनिक, ०६० मंसिर ३ गते

परिच्छेद ३

राज्य र मानवअधिकार

३.२ कार्यपालिका

सरकार र माओवादीबीच चलिरहेको हिंसात्मक द्वन्द्वको शान्तिपूर्ण समाधानकालागि यो वर्ष सरकारबाट केही प्रयासहरु भए। ०५९ माघ १५ गते युद्धविरामको घोषणा भएपछि सरकार र विद्रोही पक्षबीच तीन चरणसम्म वार्ता समेत भयो। त्यसक्रममा आचारसंहिता तयार गरियो र दुवैपक्षको हस्ताक्षरपश्चात् त्यसलाई ०५९ माघ २९ गते सार्वजनिक गरियो। वार्ताका निम्ति पहल शुरु भएपछि सरकारद्वारा पक्राउ गरिएका केही व्यक्तिहरुको स्थिति सार्वजनिक भयो र कतिपयलाई जेलमुक्त गरियो।

दुवै पक्षको छुट्टाछुट्टै कार्यसूची तयार भएको भए पनि वार्ताको शुरुवात आफैंमा उल्लेखनीय उपलब्धी थियो। तर यो वर्ष पनि वार्ताबाट उपलब्धी भने हासिल हुन सकेन। सत्ताको खिचातानी र पार्टीहरुको आन्तरिक कलह यस वर्ष पनि समाचार शीर्षकहरु बनिरहे। सरकारको कार्यकारी अधिकारसम्बन्धी विवाद यो वर्ष पनि कायमै रह्यो।

यो वर्षका कतिपय सरकारी घोषणाहरु विवादको घेरामा परे। संयुक्त सुरक्षा संयन्त्र, गाउँ सुरक्षा बल र राष्ट्रिय मानवअधिकार प्रवर्द्धन केन्द्रको स्थापना व्यापक विवादको घेरामा पर्‍यो। छुट्टै ऐनका आधारमा गठित संवैधानिक अंग सरहको राष्ट्रिय मानव अधिकार आयोगलाई ओझेलमा पार्न सरकारले त्यस्तो केन्द्रको स्थापना गरेको टिप्पणी विभिन्न मानवअधिकार संघ-संस्थाहरुले गरे। सरकारले शान्ति वार्ताको विफलतापश्चात् विभिन्न राष्ट्रहरुबाट हातहतियार आपूर्ती गरेको कुरा पनि विवादको घेरामा पर्‍यो।

सरकारको काम गर्ने शैली यस वर्ष पनि पटक्कै पारदर्शी रहेन। प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले आफ्ना एक दर्जन औपचारिक सल्लाहकार सहयोगीहरुको विवरण सात महिनापछि सार्वजनिक गर्नुभएको थियो। ०६० वैशाख १८ गतेको राजपत्रमा प्रकाशित सल्लाहकार नियुक्तिसम्बन्धी प्रधानमन्त्री कार्यालयको सूचनाबाट मात्र उक्त कुरा सार्वजनिक भएको थियो। प्रधानमन्त्री चन्दले आफ्नो सल्लाहकारका रुपमा शरदचन्द्र शाहलाई ०५९ कार्तिक २५ गते नै नियुक्त गर्नुभएको तथ्य त्यसपछि मात्र सार्वजनिक भएको थियो।

यो वर्ष पनि राजनीतिक स्थीरता कायम रहन सकेन। सरकार सञ्चालन गर्ने पार्टीभित्रकै खिचातानी राजनीतिक क्षेत्रको उल्लेखनीय घटनाक्रमका रुपमा देखा पर्‍यो। पाँच राजनीतिक पार्टीहरुले प्रतिगमनका विरुद्ध गरेको चरणबद्ध आन्दोलनलाई नियन्त्रण गर्ने नाममा सरकारले दमन कार्य जारी राख्यो। युवा-विद्यार्थीहरु सरकारको कठोर दमनको मारमा परे।

आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ को दफा १३(१) मा अनुगमन तथा समन्वयसम्बन्धी व्यवस्था पनि गरिएको छ। "...अनुसन्धानको सिलसिलामा अधिकारप्राप्त अधिकारीले यस ऐन बमोजिम प्राप्त अधिकार प्रयोग गरी गरेको काम कारवाहीबाट मर्का परेको व्यक्ति वा निजको तर्फबाट अरु कसैले" अनुगमन समितिमा उजुरी गर्न सक्ने कुरा उक्त दफामा उल्लेख गरिएको छ। तर वर्ष २००३ मा पनि यस्तो समिति गठन गरिएन।

समग्रमा, मानवअधिकारका दृष्टिले सरकारका विविध कामकारवाहीका क्रममा सार्वजनिक भएका प्रतिबद्धता र व्यवहार समेतको विश्लेषण गर्दा, सन् २००३ मा निम्न बमोजिमका प्रवृत्तिहरु देखा परेका छन्।

- शान्तिको स्थापनाका प्रयास र आवश्यक गम्भीर गृहकार्यको अभाव
- गैरन्यायिक हत्या र दण्डहीनता
- मानवअधिकार उल्लंघनका प्रथाजनित अभ्यासहरुको उन्मूलनको घोषणा
- संवैधानिक प्रावधानहरुको बेवास्ता
- अभिव्यक्ति स्वतन्त्रता लगायत्का संवैधानिक हकहरुको उल्लंघन

युद्धविराम र युद्धविराम भंग

यो वर्षको पूर्वार्धमा दुवै पक्षका कारण मानवअधिकार उल्लंघनका घटनामा अत्यधिक बृद्धि भयो। सबै क्षेत्रबाट त्यस किसिमका क्रियाकलापहरुको विरोध हुन थाल्यो। त्यसपछि माओवादीले सशस्त्र प्रहरी प्रमुख कृष्णमोहन श्रेष्ठको हत्या गरेको पर्सीपल्ट युद्धविरामको घोषणा गर्‍यो। सरकारले पनि माओवादी विरुद्धको आतंककारी आरोप, टाउकाको मूल्य तोकिएको घोषणा र रेडकर्नर नोटिस फिर्ता लिने तथा युद्धविराम गर्ने निर्णय गर्‍यो। सरकारले मन्त्री नारायणसिंह पुनलाई वार्ताका निम्ति जिम्मेवारी तोकेपछि शान्तिवार्ताका लागि आचारसंहिताको निर्माण लगायत्का विभिन्न कार्यहरु अगाडि बढे।

युद्धविरामको घोषणासँगै जनताले शान्तिको सास फेर्न पाएका थिए। सात वर्ष लामो हत्या-हिंसाको भूमरीमा पिल्सिएका जनता शान्ति बहाली हुन सक्ने आशमा थिए।

अधिराज्यभरिबाट नै त्यस कदमको स्वागत गरिएको थियो। त्यस क्रममा अधिराज्यभरी नै स्थायी शान्तिका लागि नागरिक समाज, विभिन्न सामाजिक संघ-संस्था, युवा क्लवहरुले शान्ति पदयात्रा, कोटी होम, जुलुस, शान्ति सम्मेलन, अन्तरक्रिया, जनताका सवालहरुको संकलन, सांस्कृतिक कार्यक्रम जस्ता कार्यक्रमहरुको आयोजना गरे। वार्तामा जनताका कार्यसूचीहरु समावेश गरिनुपर्ने कुरा व्यापक रुपमा विभिन्न मानवअधिकार संघ-संस्थाहरुद्वारा उठाइयो। तर वार्ताका क्रममा त्यसलाई वार्तारत दुवैपक्षले गम्भीर रुपमा लिएनन्। यद्यपि जनताका सवालहरुलाई प्रमुखरुपमा उठाउने कुरा भने दुवैपक्षबाट गरियो। वार्ताका क्रममा माओवादीद्वारा चन्दा संकलन गर्ने, कुटपिट गर्ने, व्यक्ति हत्या गर्ने लगायतका कार्यहरु जारी रहे। राज्यबाट पनि गिरफ्तारी, गैरन्यायिक हत्या लगायत्का कार्यहरु जारी नै रहे।

सरकारको असहिष्णुताका कारण वार्ताले निरन्तरता पाउन नसकेको दोषारोपण गर्दै माओवादीहरुले दोरम्बा घटना पनि वार्ता भाँड्ने प्रयत्नका रुपमा भएको बताए। शाही नेपाली सेनालाई व्यारेकबाट पाँच किलोमिटर भित्र सीमित गर्ने, बन्दीहरु रिहा गर्ने अनि बेपत्ता पारिएकाहरुको स्थिति सार्वजनिक गर्ने लगायत्का सहमतिलाई सरकारले बेवास्ता गरेको आरोप माओवादीहरुले लगाए।

चरणबद्धरुपमा तेस्रो पटकसम्म औपचारिक वार्ता सम्पन्न भयो। तर चौथोपटकको वार्ता हुन सकेन। दोस्रो पटकको वार्तामा भएका सहमतिहरुका सम्बन्धमा सरकारले कुनै पहल नगरेको आरोप माओवादी वार्ताटोलीले लगाएको थियो। ०६० भदौ १० गते युद्धविराम भंग गरी माओवादीहरु पुन: हिंसात्मक द्वन्द्व चर्काउन थाले। त्यसपछि दुवै तर्फबाट द्वन्द्वलाई चर्काउन थालियो। युद्धविराम तोडेको भोलिपल्टै माओवादीले राजधानीमा सैनिक अधिकृतहरुको हत्या गरे।

युद्धविराम भंग गरेपछि माओवादीहरु व्यक्ति हत्यामा बढी केन्द्रित भए। सेनाका केही अधिकृतहरुमाथि आक्रमण गरेपछि माओवादीले भदौ २२ गते उपत्यकाका विभिन्न ६ ठाउँमा एकै समय पारी विहान ९ देखि १० बजेको बीचमा बम विस्फोट गराए। बालुवाटारमा भएको विष्फोटमा १२ वर्षीय विद्यार्थी दीपक गुरुङ मारिए।

हत्या, विस्फोटका घटना नियन्त्रण गर्ने नाममा सरकारले तीनवटै सुरक्षा निकाय सेना, सशस्त्र र जनपद प्रहरी परिचालित गऱ्यो। शाही सेनाको नेतृत्वमा तीनै निकायको सहभागिता हुने गरी भ्याली कमाण्ड गठन भयो। संयुक्त सुरक्षाफौजको अवधारणामा परिचालित सुरक्षाकर्मीले राजधानीमा बाटोघाटोमा जाँच, गस्ती र घर खानतलासी गर्ने काम तीव्र पाऱ्यो। ०६० भदौ ३० गते काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला प्रशासन कार्यालयहरुले असोज १ गते देखि ६ गतेसम्म तीनै जिल्लाका सम्पूर्ण क्षेत्रमा मोटरसाइकल तथा स्कुटरमा दुईजना बस्न तथा हेलमेटको भाइजर एवं चालकले मास्क समेत लगाउन नपाउने सूचना जारी गरे।

आचारसंहितामा हस्ताक्षर

युद्धविरामका क्रममा दुवै पक्षले पालना गर्नुपर्ने आचारसंहिताको तयारीबारे युद्धविरामको घोषणा लगत्तैदेखि गृहकार्य शुरु गरिएको थियो। ०५९ फागुन २९ गते पत्रकार सम्मेलनको आयोजना गरी २२ बुँदे आचारसंहिता जारी गरियो। आचारसंहितामा सरकारका तर्फबाट नारायणसिं पुन र माओवादीका तर्फबाट डा. बाबुराम भट्टराईले हस्ताक्षर गरेका थिए। तर भट्टराई उक्त अवसरमा उपस्थित थिएनन्। माओवादीका तर्फबाट कृष्णबहादुर महराको उपस्थिति थियो।

आचारसंहितामा दुवै पक्षबाट सबै प्रकारका हिंसात्मक बल प्रयोगका गतिविधि बन्द गर्ने, जनसमुदायमा सन्त्रास फैलने गरी सशस्त्र सेना परिचालन र एक-अर्कालाई उत्तेजित पार्ने खालका गतिविधि नगर्ने तथा एक-अर्काका कब्जामा रहेका व्यक्तिहरुलाई दुवै पक्षले क्रमिक रुपमा रिहा गर्दै जाने आदि कुरा उल्लेखित थियो।

तीन चरणसम्मको शान्ति वार्ता

०६० वैशाख ३ गते सरकारले तत्कालीन उपप्रधानमन्त्री बद्रिप्रसाद मण्डलको नेतृत्वमा ६ सदस्यीय वार्ताटोली गठन गऱ्यो। ०५९ चैत ३० गते सरकार र माओवादीबीच सद्भावना वार्ता भएको थियो। पहिलो औपचारिक वार्ता भने वैशाख १४ गते काठमाडौंको शंकर होटलमा सम्पन्न भयो। उक्त अवसरमा माओवादीले २४ बुँदे कार्यसूची प्रस्तुत गरे। आफ्नो कार्यसूचीमा माओवादीले अग्रगामी आमूल राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक परिवर्तनमार्फत् विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक र अन्य अन्तर्विरोधहरु समाधान गर्ने कुराहरु अघि सारे। राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरु समाधान गर्ने र प्रजातान्त्रिक समुन्नत नेपालको निर्माण गर्ने कुरा पनि माओवादीले अघि सारे। सबै र खासगरी

.... कारवाहीहरू राजनीतिक प्रतिशोधका नमुना हुन थालेका छन्

- गिरिजाप्रसाद कोइराला

आज फेरि मुलुक एकपटक राजनीतिक प्रतिगमनको गम्भीर संकटमा छ। यसको विरुद्धमा सम्पूर्ण प्रजातान्त्रिक जनमत आन्दोलित छ। यस आन्दोलनको अग्रपंक्तिमा रहेका राजनीतिक व्यक्तिहरुको विरुद्धमा सत्ताका प्राय: सबै अंगहरु परिचालत छन्। सम्पत्ति जाँचबुझ आयोगको कार्यशैलीका साथै अख्तियार दुरुपयोग अनुसन्धान आयोगका हालैका कारवाहीहरु राजनीतिक प्रतिशोधका नमुना हुन थालेका छन्। प्रजातान्त्रिक व्यवस्थामा जनताको हित रक्षार्थ सबल बनाइएका यस्ता निकायहरु यसरी निरंकुश सत्ताको हतियार बन्न पुग्दारहेछन् भन्ने कुरा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका कामकारवाहीहरुबाट स्पष्ट हुन थालेको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मलाई स्रोत नखुलेको सम्पत्तिको सम्बन्धमा सम्पत्ति न्यायिक जाँचबुझ आयोगको प्रतिवेदनको आधारमा "केही कुरा बुझ्नु पर्ने भएकाले" भनी आफ्नो कार्यालयमा उपस्थित हुन अनुरोध गरे पनि, त्यसरी बुझ्ने कार्यको कुनै कानुनी प्रावधान पत्रमा उल्लेखित छैन। सम्पत्ति जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक नहुँदै आयोगले यति हतारका साथ प्रवृत्त भई कारवाही शुरु गर्नुको राजनीतिक बाहेक अरु कुनै कारण देखिदैन।

सम्पत्ति जाँचबुझ आयोगको गठन र कार्यशैलीको कानुनी मान्यता र त्यसलाई अवलम्बन गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सरकारसँगको मिलेमतोमा शुरु गरेको प्रतिशोधपूर्ण कार्वाहीको सम्बन्धमा कानुनी उपचारहरुको अनुशरण म यथासमय गर्ने नै छु। तत्काल म यस वक्तव्यद्वारा आयोगलाई चुनौती के गर्छु भने मुलुकमा स्थापित संविधान, कानुन र यथोचित विधि प्रक्रियाको पूर्ण अनुशासनमा रही आयोगले मेरो विरुद्धको कुनै पनि छानविन र कारवाही गर्न सक्ने क्षमता देखाओस्। त्यसो गर्न सक्ने हो भने कानुनको पूर्ण अनुशासनमा रही मेरो सहयोग त्यसलाई प्राप्त हुनेछ। अर्को चुनौती, त्यसलाई के छ भने संविधान, कानुन र विधि प्रक्रियाहरुको पूर्ण पालन गरी त्यसले अधिकारसम्पन्न अदालतमा मुद्दा चलाओस्, म त्यसको यो कारवाही प्रतिशोधपूर्ण हो भन्ने सिद्ध गर्न तत्पर छु।

अन्यथा, मैले सत्ताको प्रकृतिबमोजिम अवज्ञा गर्ने वा अनुशासित रहने भन्ने आफ्नो संघर्ष लामो जीवनमा थुप्रै अनुभवहरु सँगालेको छु र त्यसै प्रेरणा र पथप्रदर्शनमा म क्रियाशील रहनेछु। ००७ सालको क्रान्तिमा तात्कालिक निरंकुश सत्ताको विरुद्धमा अग्रपंक्तिमा रहेका मेरा अनुभवहरु छन् भने ०४७ सालको प्रजातान्त्रिक पद्धतिअन्तर्गत पटक-पटक र सबभन्दा बढी अवधिसम्म जनताको निर्वाचित प्रतिनिधिको हैसियतमा मैले संविधान, कानुन र मर्यादाहरुको पूर्ण पालन गरेको अनुभव पनि छ। वर्तमान राजनीतिक आन्दोलन देशमा हुन लागेको निरंकुश शासन पद्धतिको विरुद्धमा हो र सत्ताको अंगको रुपमा रहेका अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निरंकुशताको हतियार बनाई मेरो विरुद्धमा मात्र होइन,

प्रजातन्त्र र कानुनी राज्यका मुलभूत मान्यताहरुको विरुद्धमा पनि प्रयोग हुन लागेकाले यसका कारवाहीहरुमा समर्थन र समर्पण गर्न म पूर्णत: असमर्थ छु र यसो गर्दा आइपर्ने हर प्रकारका दु:खकष्ट, यातना र पीडाहरु म प्रजातन्त्रको पुरानो सिपाहीको नाताले सहन र भोग्न तत्पर छु। देशमा अझै पनि विद्यमान केही न्यायिक र प्रजातान्त्रिक विकल्पहरु छन्, म ती उपचारहरुको लागि क्रियाशील रहँदै प्रजातान्त्रिक लडाईंको यस नयाँ आयामतर्फ उन्मुख भएको घोषणा गर्दछु।

सार्वजनिक जीवनमा रहेका व्यक्तिहरुको जीवन पारदर्शी हुनुपर्ने कुरामा मेरो पूर्ण सहमति छ। सार्वजनिक जीवनमा रहँदा प्रत्येक अवस्थामा मैले आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्दै आएको हुँ। जनता र राष्ट्रको सेवामा अर्पित मेरो जीवन खुला किताबजस्तै छ र पटक-पटकको निर्वाचनमा जनमतद्वारा भएको जाँचबुझ र परीक्षणको परिणामबाटै म पटक-पटक प्रधानमन्त्री भएको हुँ भन्ने तथ्य मेरो दम्भ मान्न मिल्दैन। म जीवनको अन्तिम क्षणसम्म जनमतको परीक्षणमा अग्रसर भएको व्यक्तिले आफ्नो इमान्दारी र निष्ठा प्रमाणित गर्न पर्दा पछाडिका षड्यन्त्रकारीहरुद्वारा सञ्चालित व्यक्तिहरुमा निर्भर हुनुपर्ने कुनै लघुतामास ममा छैन।

सत्ता निरंकुश र उत्पीडनकारी छ र त्यसको विरुद्धमा कुनै न्यायपूर्ण उपचार उपलब्ध हुन सक्दैन भने अवज्ञा, विद्रोह र क्रान्तिसम्म गर्ने जनताको नैसर्गिक हक रहन्छ र जनमतमा आधारित प्रजातान्त्रिक व्यवस्थाले शान्तिपूर्ण वैकल्पिक उपायहरु उपलब्ध गराएको छ भने अनुशासनबद्ध नागरिक क्रियाशीलता मेरो जीवनका शाश्वत आदर्शहरु हुन्, जसको मैले प्राणप्रणका साथ अहिलेसम्म अनुशरण गरिरहेको छु। जनताका प्रजातान्त्रिक हक र अधिकारहरुको पुन:स्थापनाका लागि आन्दोलनरत रहेकै बखत सत्ता र शक्तिको यस प्रकारका दुरुपयोगहरुका विरुद्ध सम्पूर्ण राष्ट्र सजग रहनुपर्ने भएको छ।

(नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाद्वारा ०६० जेठ ७ गते जारी वक्तव्य)

विपन्न तथा उत्पीडित तह र तप्काका जनताको व्यापक मानव तथा नागरिक अधिकारहरुको सुनिश्चितता गर्ने र गृहयुद्धको क्रममा पीडित भएकाहरुलाई उचित राहत प्रदान गरी उनीहरुको पुनर्स्थापनाको व्यवस्था गर्ने लगायत्का कुराहरु माओवादीले उठाए। वार्ताले अनुगमन टोली गठन गरी आचारसंहिता समेत पारित गर्‍यो। वार्ताले सहजकर्ता टोली बनाई अर्को आचारसंहिताको समेत निर्माण गरेको थियो।

दोस्रो औपचारिक वार्ता वैशाख २६ गते काठमाडौंकै शंकर होटलमा सम्पन्न भयो। उक्त वार्तामा माओवादीले सेनाको क्रियाकलाप व्यारेकको ५ किलोमिटर भित्रमा मात्र सीमित हुनुपर्ने शर्त अगाडि सारेको थियो। तेस्रो चरणको वार्ता दाङको हापुरेमा सम्पन्न भएको थियो।

तेस्रो वार्ता शुरु हुनुभन्दा अगाडि विश्वासको वातावरण सृजना गर्नका लागि ०६० साउन १३ गते सरकारले तीनजना माओवादी नेताहरु रवीन्द्र श्रेष्ठ, बामदेव क्षेत्री र मुमाराम खनाललाई रिहा गर्‍यो। पक्राउ परेका ३५ जना माओवादीहरुको स्थिति सार्वजनिक गरियो। दोस्रो चरणको वार्तापछि २ सदस्यीय वार्ताटोली गठन गरियो। उक्त टोलीमा अर्थमन्त्री डा. प्रकाशचन्द्र लोहनी र सूचना तथा सञ्चारमन्त्री कमल थापा रहेका थिए। सरकारले माओवादीसँगको शान्तिवार्तालाई व्यवस्थित बनाउन प्रधानमन्त्रीको कार्यालय सिंहदरबारमा शान्तिवार्ता केन्द्रीय समन्वय सचिवालय समेत स्थापना गरेको थियो।

दाङको हापुरेमा ०६० साउन ३२ गते तेश्रो चरणको वार्ता शुरु भई भदौ ३ गते सम्पन्न भयो। तेश्रो चरणको वार्तामा माओवादीले अघि सारेका तीनवटा मागहरु अन्तरिम सरकार, गोलमेच सम्मेलन र संविधानसभा मध्ये पहिलो दुईमा सरकार सहमत भयो। तर संविधान सभामा भने सरकारले असहमति प्रकट गर्‍यो।

दाङमा भएको तेश्रो चरणको वार्ताका क्रममा साउन ३२ गते राज्यका तर्फबाट अग्रगामी सुधारका अवधारणा सञ्चारमन्त्री कमल थापाले प्रस्तुत गरे। सरकार र विद्रोही पक्षका बीचमा सुधारको लक्ष्य, विषय र प्रक्रियावारे सहमति कायम गर्ने, गोलमेच सम्मेलन गर्ने, विद्रोही पक्षलाई पनि सरकारमा सहभागी तुल्याई चुनावी अन्तरिम सरकार गठन गर्ने, प्रतिनिधिसभाको निर्वाचन गर्ने, राष्ट्रिय सहमतिको दस्तावेज अनुरुप संविधानमा संशोधन गर्ने लगायत्का प्रस्तावहरु सो अवधारणामा प्रस्तुत गरिएको थियो।

श्री ५ को सरकार
गृह मन्त्रालयको
सूचना

छुवाछूत, जातीय भेदभाव र बोक्सी प्रथा जस्तो रुढीगत एवं परम्परागत विचारहरु आधुनिक सभ्य समाजले स्वीकार नगर्ने कुराहरु हुन्। नेपाल अधिराज्यको संविधान र प्रचलित कानुनले यस्ता कुराहरुलाई पूर्णत: निषेध गरेको छ। तर, छुवाछूतको कुरा देखाई सामाजिक वहिष्कार गर्ने वा बोक्सीको आरोप लगाई दुर्व्यवहार गरी मानसिक यातना दिने जस्ता विकृत व्यवहार यदाकदा हुने गरेको पाइएकोले श्री ५ को सरकार यस्ता सामाजिक विकृति रोक्न कटिबद्ध रहेको र यस कार्यमा नागरिक समाज, आमसञ्चार क्षेत्र तथा सर्वसाधारणको सक्रिय सहयोगको अपेक्षा राख्दछ। यस्ता विकृतिजन्य व्यवहारलाई कडाइकासाथ नियन्त्रण गर्न र यसमा संलग्न व्यक्तिहरुलाई प्रचलित कानुन बमोजिम तत्काल कडा कारवाही गर्न क्षेत्रीय प्रशासन, जिल्ला प्रशासन र सम्बन्धित प्रहरी निकायहरुलाई यसै सूचनाद्वारा जानकारी गराइएको छ। कसैवाट यस्तो दुर्व्यवहार भएमा तत्काल क्षेत्रीय प्रशासन, जिल्ला प्रशासन र नजिकको प्रहरी कार्यालयमा खवर गर्न सबैमा अनुरोध गर्नुका साथै, उक्त कार्यालयहरुलाई पनि उजुरी नपरे तापनि आफ्नै अग्रसरता देखाई तत्काल कडा कारवाही गर्न समेत सूचित गर्दछ।

(०६० कार्तिक २५ गते)

वार्ताकालागि सहजकर्ताको चयन

शान्ति वार्ताका लागि पूर्वमन्त्री पद्मरत्न तुलाधर, पूर्वसभामुख दमननाथ ढुंगाना, पूर्व परराष्ट्र मन्त्री शैलेन्द्रकुमार उपाध्याय र पूर्व मुख्य सचिव कर्णध्वज अधिकारीलाई सहजकर्ताका रुपमा चयन गरियो। सरकार र माओवादीबीच शुरु भएको शान्तिवार्ताका सहजकर्ताहरुले राज्य र विद्रोही पक्षको सहमतिमा उक्त जिम्मेवारी तोकिएको औपचारिक पत्र दिइनु पर्ने माग गरेका थिए। सरकार माओवादी वार्तामा सहजकर्ताले बोल्न नपाउने सहमतिमा दुई सहजकर्ता पद्मरत्न तुलाधर र दमननाथ ढुंगानाले असन्तुष्टी प्रकट गरेका थिए। वैशाख १७ गतेदेखि सरकार माओवादी वार्ताका सहजकर्ताहरुले आफ्नो कार्य प्रारम्भ गरेका थिए। सरकार र माओवादी दुवैको सहमतिमा नियुक्त गरिएका चारजना सहजकर्ताहरुलाई तीनवटा म्याण्डेट दिइएको थियो।

१. वार्तालाई सहज बनाउन क्रियाशील हुने,
२. माओवादी या सरकार पक्ष या दुवैले संयुक्त सुझाव मागेमा दिने,
३. वार्ता विथोलिने सार्वजनिक टिप्पणी नगर्ने।

त्यसैगरी सहजकर्ताका निम्ति तय गरिएको आचारसंहिता निम्न बमोजिमको थियो-

- शान्ति वार्ता सहज बनाउने
- दुवै पक्षले आवश्यक ठानेमा वार्ताका अभिव्यक्ति दिनसक्ने
- शान्ति वार्ताका बारेमा खुला रुपमा अभिव्यक्ति दिन नपाउने।

दोस्रो चरणको वार्तामा १३ सदस्यीय युद्धविराम आचारसंहिता अनुगमन टोली गठन गर्ने सहमति भएको थियो। तर आचारसंहिता अनुगमन टोली भने बनाइएन।

नेपालका लागि जापानका राजदूत जेन्जी कामिनागाले शान्तिका निम्ति एकताबद्ध हुन नेपाली जनतालाई आग्रह गरे। वार्ता चलिरहेकै बेला नेपालका लागि भारतीय राजदूत श्यामशरणले युद्धविराम र शान्तिवार्ताको स्वागत गर्दै भारतद्वारा त्यसको सफलताको आशा गरिएको बताए। नर्वेका राजदूत इन्ग्रीड अफ्स्टाडले दुई पक्षबीच भएको वार्ताबाट नेपाली जनताले राहतको अनुभव गर्न पाएको बताए। नेपालका लागि फिनल्याण्डका कार्यवाहक राजदूत आस्को लुकाइनेनले नेपालमा शान्ति स्थापना हुने कुरामा आशा प्रकट गरे। यसैगरी बेलायती संस्था डीएफआईडीका प्रमुख डेभिड उडले नेपालमा भइरहेको शान्ति स्थापना कार्यमा सहयोग पुऱ्याउन अन्तर्राष्ट्रिय संस्थाहरुद्वारा आवश्यक सहयोग जुटाइने कुरा बताए। चीनका राजदुत उ कोगं योगंले शान्ति वार्ताप्रति चीनको समर्थन रहेको बताए।

सरकार गठन, पुनर्गठन र आमचुनावको चर्चा

यो वर्ष पनि श्री ५ बाटै सरकारको गठन-पुनर्गठन कार्य भयो। यस क्रममा ०६० जेठ १६ गते लोकेन्द्रबहादुर चन्दले राजीनामा दिएपछि जेठ २१ गतेदेखि सूर्यबहादुर थापाले प्रधानमन्त्रीको कार्यभार सम्हाले। लोकेन्द्रबहादुर चन्दले जेठ १६ गते राजीनामा दिएपछि सोही दिन श्री ५ बाट सात राजनीतिक पार्टीका नेताहरुलाई प्रधानमन्त्रीको छनौटको लागि ७२ घण्टाको समय दिइएको थियो। सबै पार्टीको सहमति अनुसार माधवकुमार नेपालको नाम छनौट गरियो। तर श्री ५ बाट सो सहमतिको कार्यान्वयन भएन। त्यस क्रममा पनि पारदर्शीताको अभाव रह्यो। सरकारमा मन्त्रीहरुको फेरबदल कार्य जारी नै रह्यो। ०६० साउन १९ गते राजाद्वारा प्रधानमन्त्रीको सिफारिसमा कार्यविभाजनमा हेरफेर गर्ने कार्य भएको जनाइयो।

श्री ५ बाट नियुक्त गरिएको सरकारको वैधानिकताको प्रश्न वर्षको अन्त्यसम्मै उठिरह्यो। सूर्यबहादुर थापाको नियुक्तिसँगै राजाद्वारा कार्यकारी अधिकार प्रधानमन्त्रीलाई प्रदान गरिएको घोषणा गरिएको थियो। प्रधानमन्त्री थापाले ०६० जेठ २४ गते देशवासीका नाममा सन्देश जारी गर्दै यथाशक्य चाँडो शान्तिपूर्ण वातावरण बनाई चुनाव गर्ने लक्ष्य रहेको बताए। शेरबहादुर देउवालाई तोकिएको समयमा चुनाव गराउन असमर्थता जाहेर गरेका कारण अक्षमको संज्ञा दिने राजाका दोस्रा प्रधानमन्त्रीद्वारा पनि प्रतिनिधिसभाको चुनावलाई प्राथमिकता दिने कुरा नै दोहोऱ्याइयो। तर पटक-पटक निर्वाचन गराउने प्रतिबद्धता व्यक्त गरिए पनि वर्षको अन्त्यसम्मै निर्वाचनको मिति तोकिएन।

कार्यकारी अधिकारको विवाद कायमै

श्री ५ बाट सूर्यबहादुर थापालाई कार्यकारी अधिकारसहित प्रधानमन्त्री नियुक्त गरिएको घोषणा गरियो। तर त्यसपछि पनि कार्यकारी अधिकार सम्बन्धी विवाद कायमै रह्यो। श्री ५ बाट ०५९ असोज १८ गते आफूमा नीहित रहेको कार्यकारी अधिकार प्रधानमन्त्री सूर्यबहादुर थापालाई फिर्ता गरिएको बताइयो। राजदरबारबाट प्रकाशित प्रेस विज्ञप्तिमा श्री ५ बाट संविधानको धारा १२७ बमोजिम प्रधानमन्त्रीमा नियुक्त राप्रपा नेता सूर्यबहादुर थापालाई धारा ३५ बमोजिम कार्यकारी अधिकार प्रदान गरिएको थियो।

राजनीतिक पार्टीहरुले सर्वसम्मतिबाट सिफारिश गरेर पठाएको नामको बेवास्ता गरी अर्कै प्रधानमन्त्री बनाइएपछि विवाद झन् चर्कियो। श्री ५ बाट त्यस नियुक्तिलाई अर्को गैरसंवैधानिक र अप्रजातान्त्रिक कदमको संज्ञा दिंदै विभिन्न राजनीतिक दलहरुले विरोध जनाए।

आन्दोलनकारी पाँच दल र प्रजातान्त्रिक काग्रेसले जनविश्वास प्राप्त पार्टीहरुको सिफारिस विपरीत असंवैधानिक र अप्रजातान्त्रिक ढंगले बनेको थापा सरकारमा नजाने निर्णय गरे। उनीहरुले सरकार कुनै पनि खालको सहयोग नगर्ने घोषणा गरे।

सरकारमा फेरबदल गर्नेदेखि लिएर निर्वाचन आयुक्तको छनौट, प्रधानन्यायाधीशको चयन आदिसम्ममा श्री ५ कै भूमिका देखिएबाट कार्यकारी अधिकार छोडिएको कुरा हात्तिको देखाउने दाँत मात्र सावित हुन पुग्यो।

श्री ५ को सरकारद्वारा प्रस्तुत

राज्य प्रणालीमा अग्रगामी सुधारसम्बन्धी अवधारणा

(नेकपा (माओवादी) का तर्फबाट २०६० वैशाख, १४ गते प्रस्तुत प्रस्ताव र कार्य सूचिका सम्बन्धमा श्री ५ को सरकारको धारणा सहित)

पृष्ठभूमि

१. समाजको विकासक्रम सँगै राज्य सत्ताको सार, स्वरुप र मान्यतामा सुधार हुँदै जानु एक स्वभाविक उपक्रम हो । नेपाल अधिराज्यको एकीकरणपश्चात् शुरु भएको आधुनिक नेपालको इतिहासका घटनाक्रमहरुले समेत उपर्युक्त वास्तविकतालाई पुष्टि गर्दछन्। सुधार र परिवर्तनको सबैभन्दा पछिल्लो कडिलाई २०४६ सालको जन आन्दोलनले स्थापित गरेको हो। जनतामा सार्वभौमसत्ता निहित रहने व्यवस्था, संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्र २०४६ सालका मौलिक उपलब्धिहरु हुन्।

०४६ सालको राजनैनिक परिवर्तनका उपलब्धिहरुलाई संस्थागत गर्ने क्रममा नेपाल अधिराज्यको संविधान, २०४७ निर्माण भएको हो। संवैधानिक प्रक्रियाहरुको कार्यान्वयनमा केही विरोधाभाष एवं गतिरोधहरु देखिएको भएता पनि उक्त संविधान प्रजातान्त्रिक मूल्य र मान्यताको दृष्टिकोणबाट एक उत्कृष्ट दस्तावेजको रुपमा यद्यपि जीवन्त र क्रियाशील रहेको छ।

२. निश्चय नै ०४६ सालको परिवर्तन पश्चात् राज्यले विभिन्न क्षेत्रहरुमा महत्वपूर्ण उपलब्धिहरु हासिल गरेको छ । तथापि परिवर्तनको मर्म र भावना एवं जनताको परिवर्तित आकांक्षा अनुरुप राजनैनिक, आर्थिक एवं सामाजिक रुपान्तरणको लक्ष्य प्राप्त गर्ने क्रममा भने अपेक्षित सफलता प्राप्त हुन सकेको छैन। बहुदलीय प्रजातन्त्रको पुनर्स्थापनापश्चात् देशमा आर्थिक र सामाजिक प्रगतिका संभावनाहरुबारे जनतामा ठूलो आशा र आकांक्षाको लहर आएको थियो। सदियौंदेखि संस्थागत भएर रहेको आर्थिक र सामाजिक असमानता र शोषणका परम्पराहरु प्रजातान्त्रिक वातावरणमा स्वत: ओइलाएर जानेछन् र प्रगतिका नयाँ फाँटहरु देशका आदिवासी, जनजातिलगायत् विभिन्न क्षेत्र र सांस्कृतिक समूहहरुलाई खुला हुने छन् भन्ने विश्वास आम जन समुदायमा रहेको थियो। तर, प्रजातन्त्रको नयाँ अभ्यासको क्रममा यी संभावनाहरु वस्तविकतामा परिणत हुन सकेनन्। प्रजातान्त्रिक संविधान बन्यो, संरचनाहरु त्यार भए, आम चुनावहरु भए तर प्रजातन्त्रको प्रतिफल व्यवहारिक रुपमा जनजीवनलाई परिवर्तन गर्न सक्ने किसिमले आम जनताका माझमा पुग्न सकेन । सदियौंदेखि समाजमा गुम्सिएर रहेका शोषण, असमानता, विभेद र विपन्नता विरुद्धका आकांक्षाहरुले प्रजातान्त्रिक वातावरणमा मुखारित हुने मौका प्राप्त गरेता पनि ती समस्याहरुले उपयुक्त निकास पाउन सकेका छैनन् । सामाजिक र आर्थिक प्रगतिका साथै शासन संरचनामा सबै जाति र क्षेत्रको पहुँच बढाउने प्रयास सार्थक रुपमा अघि बढ्न सकेन। प्रजातन्त्र झन्डै औपचारिकतामा सीमित रहन पुग्यो।

चुनावद्वारा सरकारको गठन, संवैधानिक नियन्त्रण र सन्तुलन तथा आर्थिक सामाजिक रुपान्तरण प्रजातन्त्रका अनिवार्य तत्वहरु हुन्। यी एक अर्काका परिपुरकको रुपमा रहेका हुन्छन्। हाम्रो प्रजातान्त्रिक अभ्यासको क्रममा चुनावी प्रजातन्त्र, संवैधानिक सन्तुलन र नियन्त्रण एवं सामाजिक आर्थिक रुपान्तरणका प्रयासमा सामनजस्यता र अन्तरसम्बन्ध कायम हुन सकेन। फलस्वरुप थुप्रै विकृति र विसंगतिहरुको जन्म हुन पुग्यो।

३. विगत तेह्र वर्षभित्र राज्य संचालनको क्रममा देखिएका त्रुटि र कमजोरीहरुलाई सच्याएर प्रजातन्त्रको प्रतिफल प्रत्येक नेपालीले उपभोग गर्न सक्ने वातावरणको सिर्जना गर्न वर्तमान संवैधानिक व्यवस्थामा व्यापक र अग्रगामी सुधार गर्नु नितान्त जरुरी भएको आवाज संविधान पक्षधर शक्तिहरुबाट समेत बारम्बार उठ्दै आएको सर्वविदित छ।

४. यसैबीच मुलुकको राजनैतिक सन्तुलनमा पनि अहिले मौलिक परिवर्तन आएको छ। २०४६ सालमा कायम रहेको सन्तुलनको स्वरुपमा आधारभूत भिन्नता आएको छ।

उपर्युक्त पृष्ठभूमिमा जनताको चाहना अनुरुप विद्यमान राज्य प्रणालीमा अग्रगामी सुधार अपरिहार्य भइसकेको छ। जनतामा निहित सार्वभौम सत्ताको अवधारणा अन्तर्गत बहुदलीय चुनावी प्रजातन्त्र, सम्वैधानिक सन्तुलन र नियन्त्रण एवं अग्रगामी आर्थिक सामाजिक रुपान्तरण राज्य प्रणालीमा सुधारका अनिवार्य तत्व हुनु पर्दछ।

माथि उल्लेखित वास्तविकतालाई हृदयंगम गर्दै केवल माओवादीबाट उठाइएका विषयहरुमा मात्र केन्द्रित नभई राज्य प्रणालीमा गर्नुपर्ने समग्र सुधारको रुपरेखालाई प्रस्तुत अवधारणा पत्रमा संक्षेपमा समेट्ने प्रयास भएको छ ।

लक्ष्य

विद्यमान राज्य प्रणालीमा गरिने अग्रगामी सुधारको लक्ष्य देहायबमोजिम हुनु पर्दछ

क. सम्पूर्ण नेपालीले सहभागी र समाहित हुन सक्ने राजनीतिक पद्धतिको निर्माण,

ख. सम्पूर्ण नेपालीले आफ्नो आत्मोन्नति गर्न सक्ने समान अवसरको सृजना,

ग. समकालीन राजनीतिक सन्तुलनको आधारमा राजनैतिक प्रणालीको विकास,

घ. सवै प्रकारका विभेद, असमानता र शोषणको अन्त्य गरी समतामूलक समाजको निर्माण।

अपरिहार्य आधारहरु

जनतामा निहित सार्वभौमसत्ता, संवैधानिक राजतन्त्र, वहुदलीय प्रजातन्त्र एवं राष्ट्रिय अखण्डता र एकताको संरक्षण र सम्वर्द्धन नेपालको राज्य व्यवस्थाको भावी विकासक्रममा अपरिहार्य आधारको रुपमा रहने छन्।

अग्रगामी सुधारका आधारभूत नीति र सिद्धान्तहरु

१. राष्ट्रिय स्वतन्त्रता, एकता र अखण्डतालाई अक्षुण्ण रुपमा कायम राख्दै नेपालको राष्ट्रिय स्वाभिमान र पहिचानको सम्वर्द्धन गर्ने तथा मुलुकमा विखण्डन ल्याउन सक्ने सवै खालका प्रवृत्तिलाई निरुत्साहित गर्ने ,

२. आधुनिकीकरण एवं सामाजिक उत्थानको लक्ष्य हासिल गरी नेपाललाई एक सवल र समुन्नत राष्ट्रको रुपमा स्थापित गर्ने,

३. जाति, लिंग, धर्म, वर्णको आधारमा गरिने सवै प्रकारका भेदभावको अन्त्य गरी प्रत्येक नेपालीले आत्मोन्नती गर्न सक्ने समान अवसरको सृजना गर्ने,

४. राष्ट्रिय जीवनका हरेक क्षेत्रमा न्यायपूर्ण एवं समतामूलक व्यवस्था कायम गरी लोककल्याणकारी र राज्यको अनुभूति प्रदान गर्ने,

५. खुला वजारमुखी आर्थिक नीति अवलम्वन गरी राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ तुल्याउने,

६. शासन व्यवस्थामा आम जनताको सहभागिता र पहुँचलाई अभिवृद्धि गर्न प्रभावकारी स्थानीय स्वायत्त शासन प्रणाली विकसित गर्ने।

अग्रगामी सुधारका प्रमुख पक्षहरु

राज्य प्रणालीमा प्रस्तावित सुधारका प्रमुख पक्षहरु देहायबमोजिम हुनेछन् :

१. राज्य सञ्चालनमा जनता नै निर्णायक शक्ति हुन् भन्ने मान्यता अनुरुप देशको सार्वभौमसत्ता जनतामा निहित रहने व्यवस्था गरिनु पर्दछ । राज्यको सञ्चालन जनताको अभिमतद्धारा हुने तथा जनप्रतिनिधिहरु जनताप्रति उत्तरदायी हुने व्यवस्थालाई सुनिश्चित गरिनु पर्दछ । साथै, जनताले सार्वभौमसत्ताको प्रयोग गर्ने विधि र व्यवस्था संविधानमा प्रष्ट रुपले परिभाषित गरिनु पर्दछ ।

२. विविध भाष, धर्म , जाति र संस्कृतिमा विभाजित नेपालीहरुलाई राष्ट्रिय एकताको सूत्रमा आवद्ध गरी मुलुकको स्वतन्त्रता र अखण्डतालाई सदा अक्षुण्ण रुपमा कायम राख्ने क्रममा नेपाली राजसंस्थाको भूमिका र महत्व अपरिहार्य छ । तसर्थ, राजसंस्था नेपाली राष्ट्रियता र एकताको प्रतीकको रुपमा निरन्तर रहिरहनेछ । ०४६ सालको परिवर्तन तथा नेपाल अधिराज्यको संविधान, २०४७ ले नेपालमा राजतन्त्रको स्थान र मर्यादालाई परिभाषित गरी सकेको छ। यही मान्यता अनुरुप संवैधानिक राजतन्त्रको पद्धति विकास गरिनु पर्दछ ।

३. प्रजातन्त्रको मूल अर्थ जनताको शासन हो र अर्को अर्थमा जनताले आफ्ना प्रतिनिधिमार्फत राज्य सञ्चालन गर्ने पद्धति नै प्रजातन्त्र हो। विविध आस्थाका राधारमा खडा हुने राजनीतिक दलहरु जन आकांक्ष र जनमतका संवाहक हुने हुँदा वहुदलीय प्रतिस्पर्धामा आधारित प्रजातन्त्र नै उत्कृष्ट शासन प्रणाली हो भन्नेबारे कुनै विवाद छैन। तसर्थ :

क. वहुदलीय प्रजातन्त्र नेपालको भावी राज्य व्यवस्थाको मेरुदण्डको रुपमा निरन्तर कायम रहनु पर्दछ।

ख. राजनीतिक दलहरुको अस्तित्व र गतिविधिलाई निषेध गर्न नसकिने संवैधानिक सुनिश्चितता कायम गरिनु पर्दछ।

ग. राजनीतिक दलहरुको संरचना, कार्यक्रम र आर्थिक स्रोतलाई निरन्तर रुपमा पारदर्शी, प्रजातान्त्रिक एवं मर्यादित तुल्याउन उपयुक्त वैधानिक आधार तयार गरिनु पर्दछ।

४. राज्य सञ्चालनको वैधताको आधार निर्वाचनको माध्यमवाट जताले व्यक्त गर्ने अभिमत हो । निर्वाचन स्वच्छ र निष्पक्ष हुन सकेन भने राज्य सञ्चालनमा विकृति र विसंगतिहरु देखा पर्दछन् भन्ने तथ्यलाई विगतका अनुभवहरुले पनि पुष्टि गरेका छन्। साथै, निर्वाचनको माध्यमवाट व्यक्त हुने अभिमतलाई जति व्यापक एवं प्रतिनिधिमूलक ढंगवाट फराकिलो हुने तथा राज्य सञ्चालनमा जनताको मत प्रतिविम्वित हुने अवसर प्राप्त हुन्छ। तसर्थ ,

क. निर्वाचनमा स्वच्छता र निष्पक्षता कायम राख्न निर्वाचन आयोगको मर्यादा, स्वायत्तता एवं कार्यक्षेत्र र अधिकारलाई सुदृढ तुल्याइनु पर्दछ।

ख. विगतको अनुभवलाई समेत दृष्टिगत गर्दै स्वतन्त्र निर्वाचनलाई सुनिश्चित गर्न निर्वाचन हुने तीन महिना अगाडि निष्पक्ष चुनावी सरकार रहने व्यवस्था कायम गरिनु पर्दछ।

ग. जनमतलाई व्यापक र जनमुखी ढंगबाट अभिव्यक्त हुने आधार तयार गर्न केही क्षेत्रमा वाहेक मूल रुपमा समानुपातिक निर्वाचन प्रणाली कायम गर्नु पर्दछ।

५. जन निर्वाचित सरकारको अवधारणा प्रजातन्त्रको अनिवार्य तत्व हो । जनताद्धारा छानिएका प्रतिनिधिहरुले राज्य सञ्चालन गर्ने व्यवस्थामा अवरोध वा रिक्तता आउन नदिन उपयुक्त संवैधानिक सजगता कायम गर्नु पर्दछ। साथै, संसदीय व्यवस्थामा राज्यको कार्यकारी प्रमुखको रुपमा प्रधानमन्त्री रहने हुँदा प्रधानमन्त्री पदको मर्यादा र सशक्ततालाई निरन्तर कायम राखी रहन राज्य प्रणालमिा गरिने सुधारको क्रममा प्रधानमन्त्रीय पद्धतिलाई थप सुदृढ तुल्याइनु पर्दछ।

प्रतिनिधिसभा विघटनलगायत्का विषयहरुमा प्रधानमन्त्रीको

अधिकारबारे देखिएको विरोधाभाष र अन्यौललाई निराकरण गरिनु पर्दछ। साथै, मन्त्रिपरिषद्को प्रभावकारिताको अभिवृद्धिकालागि संसद बाहिरबाट समेत मन्त्रीहरु बनाउन सकिने व्यवस्था गरिनु पर्दछ।

६. जनताको भावना र आकांक्षको संवाहक राजनीतिक दलहरु हुन् भने ती भावना र आकांक्षाहरु प्रतिबिम्वित हुने स्थान संसद हो। तसर्थ, संसद सार्वभौम जनताको प्रतिनिधिमूलक संस्था हो र संसदको माध्यमबाट नै जनताले आफूमा निहित सार्वभौमसत्ताको अभ्यास र प्रयोग गर्दछन्। संसदको प्रभावकारिताले जनतामा निहित सार्वभौम अधिराज्यको सम्पूर्ण प्रत्याभूति दिलाउने भएको हुँदा संसदलाई प्रभावकारी तुल्याउने क्रममा :

क. समाजमा ख्याति प्राप्त व्यक्तिहरुका साथै जनसंख्याको अनुपातमा जनजाति, आदिवासी एवं दलितहरुको प्रतिनिधित्व गर्ने गरी संसद्को माथिल्लो सदनको संरचनामा आमूल परिवर्तन गरिनु पर्दछ।

ख. दुवै सदनको प्रभावकारिता अभिवृद्धि गरिनु पर्दछ तथा सरकार संसदप्रति उत्तरदायी हुने व्यवस्थालाई अझ सुदृढ तुल्याइनु पर्दछ ।

ग. दुवै सदनमा महिला प्रतिनिधित्व कम्तीमा २५ प्रतिशत कायम गर्ने व्यवस्था सुनिश्चित गरिनु पर्दछ।

७. शासन प्रणालीमा आम जनताको पहुँच र सहभागिता अभिवृद्धि गर्न स्थानीय स्वशासनलाई प्रभावकारी एवं सुदृढ तुल्याउनु नितान्त जरुरी रहन्छ। शासन व्यवस्थालाई जति जनताको निकट पुऱ्याउन सक्यो त्यति नै राज्यको प्रभावकारिता अभिवृद्धि हुन जान्छ। यस वास्तविकतालाई दृष्टिगत गरी :

क. स्थानीय सरकारको अवधारणा अनुरुप स्थानीय निकायहरुको कार्यक्षेत्र एवं अधिकारलाई संवैधानिक रुपमा सुनिश्चित गरिनु पर्दछ।

ख. जातीय संरचना, विकासको स्थिति र भौगोलिक अवस्थालाई हेरेर स्थानीय निकायहरुको वर्तमान ढाँचा, भौगोलिक बाँडफाँड र संख्यामा परिवर्तन गर्नु पर्दछ।

ग. आर्थिक संभाव्यता, जनसंख्या एवं भौगोलिक अवस्थालाई आधार मानी क्षेत्रीयस्तरमा स्थानीय स्वशासनको भावनाअनुरुप नयाँ संरचना खडा गर्नु पर्दछ।

८. जनताको अभिमत नै राज्य सञ्चालनको मूल आधार हो र जनता नै शक्तिको स्रोत भएको हुँदा अपरिहार्य आधारको रुपमा निर्धारित विषयहरुमा बाहेक राष्ट्रिय महत्वका नीतिगत विषयहरुबारे जनताको राय बुझ्न संसदको निर्णयद्वारा जनमत संग्रह गरिने व्यवस्था कायम गरिनु पर्दछ।

९. प्रजातान्त्रिक वातावरणमा प्रत्येक नेपालीले आत्मोन्नति गर्न पाउने समान अवसर सिर्जना गर्नु राष्ट्रको दायित्व हो। त्यसकालागि :

क. सबै धर्म, जात, सम्प्रदाय, भाषा एवं आस्थाको संरक्षण र सम्वर्द्धन गरी बहुलवादी समाजलाई सुदृढ गर्नु पर्दछ। साथै, राष्ट्रिय भाषाहरुलाई स्थानीय निकायहरुले निर्णय गरी कामकाजको दोस्रो भाषाकोरुपमा प्रयोग गर्न सक्ने व्यवस्था गर्नु पर्दछ।

ख. आफ्नो आस्था र विश्वास अनुसार अभिव्यक्त गर्ने र संगठन गर्ने स्वतन्त्रतालाई अकुण्ठित रुपमा कायम राख्ने संवैधानिक सुनिश्चितता प्रदान गरिनु पर्दछ।

ग. कानुनी राज्यको सिद्धान्तलाई राष्ट्रिय जीवनको हरेक पक्षमा पूर्ण प्रतिवद्धताका साथ लागू हुन सक्ने परिस्थिति निर्माण गर्नु पर्दछ।

घ. जस्तोसुकै कठिन परिस्थितिमा पनि मानवअधिकार, मौलिक हक र मानवीय मूल्य अकुण्ठित रहने संवैधानिक सुनिश्चितता कायम गर्नु पर्दछ।

१०. सदियौंदेखि नेपाली समाजमा विद्यमान रहदै आएको जातीय तथा लैंगिक विभेद, शोषण र असमानताको स्थितिलाई अन्त गर्न साधारण प्रयासबाट संभव छैन । असाधारण रोगको निदानका लागि असाधारण औषधि र उपचार विधि नै अवलम्वन गर्नु पर्ने हुन्छ। तसर्थ :

क. मानव विकासको एकीकृत सूचकांकलाई आधार मानी जनसंख्याको अनुपातमा राष्ट्रिय औसत कायम नभएसम्म निश्चित अवधिका लागि आदिवासी, जनजाति र दलित समुदायहरुका लागि जनप्रतिनिधित्व, शिक्षा, स्वास्थ्य, प्रशासनिक सेवा र अन्य रोजगारीको क्षेमा आरक्षणसहितको विशेष व्यवस्था गरिनु पर्दछ।

ख. महिला विरुद्धका सबै प्रकारका विभेदको अन्त्य गर्ने, सबै तहका जनप्रतिनिधिमूलक संस्थाहरुमा कम्तीमा २५ प्रतिशत स्थान सुरक्षित गर्ने तथा शिक्षा, स्वास्थ्य, प्रशासनिक सेवा र अन्य रोजगारीको क्षेत्रमा आरक्षणसहितको विशेष व्यवस्था गर्ने संवैधानिक सुनिश्चितता कायम गरिनु पर्दछ।

ग. नागरिकताको समस्यालाई स्थायी रुपमा समाधान गर्न उपयुक्त संवैधानिक व्यवस्था गरिनु पर्दछ ।

११. आर्थिक विकास र समुन्नतिविना प्रजातन्त्र सफल हुन सक्दैन। तसर्थ, आर्थिक विकासको लक्ष्य हासिल गर्ने क्रममा:

क. प्रजातान्त्रिक वातावरणमा उपलब्ध हुने आर्थिक प्रतिफल प्रत्येक नेपालीले समान रुपमा उपभोग गर्न सक्ने अवस्थाको सिर्जना गर्न, एकाधिकारको प्रवृत्तिलाई निरुत्साहित गर्न एवं राष्ट्रिय पुँजीको सम्वर्द्धन गर्न राज्यले खुला एवं उदार बजारमुखी आर्थिक नीति अवलम्वन गर्नु पर्दछ।

ख. भूमिमाथिको द्वैध स्वामित्वको अन्त्य गर्नुकासाथै भूमिहीन तथा सीमान्त किसानहरुलाई जग्गा उपलब्ध गराउन तथा जमिनको उत्पादकत्व वृद्धि गर्न जनमुखी भूमिसुधार लागु गरिनु पर्दछ।

ग. निश्चित अवधिभित्र सम्पूर्ण नेपाली जनतालाई शिक्षा, खानेपानी, स्वास्थ्य र आवासजस्ता आधारभूत सुविधा एवं

सामाजिक सुरक्षा उपलब्ध गराउने एवं तोकिएको अवधिभित्र गरिवीको रेखामुनि रहेका जनताको जीवनस्तरलाई माथि उठाउने कार्यलाई राज्यले सुनिश्चितता प्रदान गर्नु पर्दछ।

घ. विकासमा रहेको क्षेत्रीय असन्तुलनलाई अन्त गर्न समानुपातिक र सन्तुलित विकासको अवधारणालाई व्यवहारिक रुपमा कार्यान्वयन गरिनु पर्दछ।

१२. शक्ति पृथकीकरण एवं नियन्त्रण र सन्तुलन आधुनिक राज्य व्यवस्थाका महत्वपूर्ण विशेषताहरु हुन्। यस सिद्धान्तलाई आधार मानी :

क. राज्यका विभिन्न अंगहरुका वीचमा अधिकार र कार्यक्षेत्रको स्पष्ट किटान गरी सम्वन्धित अंगहरुको प्रभावकारिता अभिवृद्धि गरिनु पर्दछ।

ख. न्यायपालिकाको प्रभावकारिताको अभिवृद्धिका लागि समयानुकूल सुधार गरिनु पर्दछ।

ग. संवैधानिक अंगहरुमा गरिने नियुक्तिका लागि निश्चित नीति र मापदण्ड तयार गरिनु पर्दछ। साथै, नियुक्ति प्रक्रिया पारदर्शी तुल्याउनु पर्दछ।

घ. संवैधानिक अंगहरुलाई थप स्वायत्तता र अधिकार प्रदान गरिनु पर्दछ।

१३. मुलुकको सर्वोपरि हित र स्वार्थको सम्वर्द्धन नै नेपालको परराष्ट्र नीतिको मार्गदर्शक सिद्धान्तको रुपमा रहनु पर्दछ । साथै, असंलग्नता, पञ्चशील र संयुक्तराष्ट्र संघको वडापत्रप्रति प्रतिवद्ध रहँदै विश्वका सवै राष्ट्रहरुसँग मैत्री सम्वन्धको अभिवृद्धि गर्नु एवं नेपालको शान्तिप्रतिको चाहनालाई क्रमश: संस्थागत गर्दै लैजानु परराष्ट्र नीतिको लक्ष्य हुनु पर्दछ।

आर्थिक, सामाजिक प्रश्नहरुमा सहमति :

माथि उल्लेखित विषयहरुका अतिरिक्त नेकपा (माओवादी) पक्षवाट प्रस्तुत गरिएका अधिकांश सामाजिक आर्थिक विषयहरुमा श्री ५ को सरकारको सैद्धान्तिक असहमति छैन। ती विषयहरु भावी सरकारका निमित्त मार्गदर्शनको रुपमा रहने छन्।

सहमतिलाई कार्यान्वयन गर्ने विधि र प्रक्रिया

सुधारको लक्ष्य, नीति र कार्यवारे सहमति कायम गर्नु तथा कार्यान्वयनसम्वन्धी विधि र प्रक्रिया वारे निर्णय गर्नु वार्ताको मुख्य उद्देश्य हो। सुधारका वारेमा सहमति कायम भए पछि विधि र प्रक्रियामा सहमति प्राप्त गर्न सहज हुने हुँदा सर्वप्रथम सुधारका विषयमा छलफल केन्द्रित गरिनु उपयुक्त हुनेछ। श्री ५ को सरकारद्वार प्रस्तुत गरिएको सुधारसम्वन्धी प्रस्तावको कार्यान्वयनका लागि देहायवमोजिम चरणवद्ध विधि र प्रक्रिया प्रस्ताव गरिएको छ :

चरण क. सत्ता पक्ष र विद्रोही पक्षका वीचमा सुधारसम्वन्धी लक्ष्य, नीति र कार्यक्रमवारे वार्ताको माध्यमवाट सहमति कायम गर्ने,

चरण ख. उपर्युक्त वमोजिम कायम हुने सहमतिलाई राष्ट्रिय सहमतिको दस्तावेजको रुपमा स्थापित गर्न राजनीतिक दलहरुसमेत सहभागितामा गोलमेच सम्मेलन गर्ने ,

चरण ग. विद्रोही पक्षलाई समेत सरकारमा सहभागी तुल्याई अन्तरिम चुनावी सरकार गठन गर्ने

चरण घ. प्रतिनिधिसभाको निर्वाचन गर्ने ,

चरण ङ. राष्ट्रिय सहमतिको दस्तावेज अनुरुप संविधानमा संशोधन गर्ने।

संविधान भित्रबाट लक्ष्य प्राप्त हुन सक्ने :

नेकपा (माओवादी) का तर्फवाट प्रस्तुत गरिएको प्रस्ताव र कार्यसूचीको अध्ययन र विश्लेषण गर्दा ती प्रस्तावहरुमा उल्लेखित विषयहरु नेपाल अधिराज्यको संविधान, २०४७ को सुधार एवं पुनर्लेखनवाट नै प्राप्त हुने स्थिति देखिन्छ । तथापि, प्रस्तावित सवै विषय र विकल्पहरुमा खुला हृदयले छलफल गर्न श्री ५ को सरकार तयार छ।

आ आफ्नो प्रारम्भिक धारणाको रुपमा दुवै पक्षवाट प्रस्तुत भएका सवै विषयहरुको गुण दोषको जाँच गरी वार्ताको क्रममा समभ्रदारीको विन्दु खोज्न सकिन्छ भन्ने श्री ५ को सरकारको विश्वास छ।

परिमार्जन गर्न सकिने :

श्री ५ को सरकारद्वारा प्रस्तुत राज्य प्रणालीमा अग्रगामी सुधारसम्वन्धी यस अवधारणा पत्रमा उल्लेख भएका विषयहरुमा पारस्परिक समभ्रदारीका आधारमा परिमार्जन, थप व्याख्या र समायोजन गर्न सकिने छ।

कार्यान्वयन गर्न सकिने :

दुवै पक्षका वीचमा हुने कतिपय सहमतिहरु कार्यकारिणी निर्णयवाट कार्यान्वयन गर्न सकिने हुँदा त्यस्ता सहमतिहरुलाई सरकारले कार्यान्वयन गर्दै जानु उपयुक्त हुने छ।

विषय सूचीको निर्माण र वार्ता प्रक्रिया :

१. परिस्थितिको गाम्भीर्यता र संवेदनशीलतालाई दृष्टिगत गर्दै तथा विद्यमान अन्यौल र अनिश्चितताको शीघ्र निराकरणका लागि शान्ति वार्तालाई यथासम्भव चाँडो निष्कर्षमा पुऱ्याउनु पर्दछ भन्ने श्री ५ को सरकारको धारणा रहेको छ।

२. श्री ५ को सरकारद्वारा प्रस्तुत अवधारणा पत्र एवं नेकपा (माओवादी) पक्षवाट पेश गरिएको प्रस्ताव र कार्यसूची तयार गरिनु पर्दछ । साथै , वार्ताका वैठकहरुमा पूर्वनिर्धारित विषयसूचीमा केन्द्रित रहि छलफल अगाडि वढाउनु पर्दछ।

३. राजनीतिक एजेन्डाका साथै सामाजिक, आर्थिक एवं मानवीय विषयलाई समेत प्राथमिकता दिई छलफल प्रारम्भ गरिनु पर्दछ। खासगरी जनयुद्धको दौरानमा पीडित एवं

संयुक्त सुरक्षा संयन्त्र

संयुक्त सुरक्षा संयन्त्रको अवधारणा ०६० असोज २७ र २८ गते शाही नेपाली जंगी अड्डामा आयोजित अधिराज्यभरिका सुरक्षा निकायका प्रमुख पदाधिकारीहरुको समन्वयात्मक वैठकपछि वढी चर्चामा आएको थियो। ०६० कार्तिक १८ गते प्रधानमन्त्री थापाद्वारा संयुक्त सुरक्षा संयन्त्रको अवधारणा औपचारिक रुपमा घोषणा गरियो। त्यस दिन थापाले सार्वजनिक गरेका ६ वटा सरकारी कार्ययोजनामध्ये एउटा त्यही अवधारणा थियो। संयुक्त सुरक्षा संयन्त्रले आफ्ना गतिविधि शुरु गरिसकेको छ।

प्रधानमन्त्री थापाले घोषणाका क्रममा राजनीतिक तथा निजामती नेतृत्वअन्तर्गत कार्यान्वित हुने संयुक्त सुरक्षा परिचालनमा शाही नेपाली सेनाको अग्रणी भूमिका रहने बताएका थिए। त्यसैअनुसार माओवादी विरुद्धको कारवाहीमा शाही सेना, सशस्त्र प्रहरी, जनपद प्रहरी र राष्ट्रिय अनुसन्धान विभाग चारवटा सुरक्षा निकाय सेनाको अगुवाइमा चल्दै आएका छन्। संयुक्त सुरक्षा संयन्त्रको व्यवस्था हाललाई एक वर्षको लागि मात्र गरिएको वताइएको छ। यो व्यवस्था अनुसार कनिष्ठ अधिकृत भएपनि सैनिक प्रहरी सम्मिलित संयुक्त वलको नेतृत्व सेनाले नै गर्दछ। प्रधानमन्त्री सूर्यवहादुर थापाले संयुक्त सुरक्षा संयन्त्रलाई समस्याको निकास खोज्ने नयाँ अध्याय भनेका थिए। प्रधानसेनापति प्यारजंग थापाले राष्ट्रिय सुरक्षाको प्रश्नमा संयुक्त सुरक्षा संयन्त्रको अवधारणा अनुसार कार्यहरु संचालन गर्दै गएमा कुनैपनि चुनौतिलाई सामना गर्न सकिने वताएका थिए।

सुरक्षा निकायलाई संयुक्तरुपमा संयुक्त सुरक्षा संयन्त्र अन्तर्गत परिचालन गर्दा देशमा सैनिकीकरण वढ्ने कुरा आन्दोलनरत पार्टीहरुले बताउँदै आएका छन्।

विस्थापितहरुको पुनर्स्थापना सम्वन्धी कार्यलाई उच्च प्राथमिकता दिइनु नितान्त आवश्यक छ ।

हतियार बुझाउने व्यवस्था :

दुवै पक्षको इमान्दारितापूर्ण प्रयास र प्रतिवद्धता भएको खण्डमा शान्तिवार्ताको माध्यमबाट समस्याको समाधान खोज्न सकिन्छ भन्नेवारे श्री ५ को सरकार विश्वस्त छ। वार्तालाई निष्कर्षमा पुऱ्याउन तथा वार्ताका परिणामहरुलाई कार्यान्वयन गर्ने क्रममा सहज वातावरण तयार गर्न माओवादी पक्षसँग रहेका हात हतियारहरु तथा सञ्चारका साधनहरु बुझाउने सम्वन्धी विषय पनि वार्ताको एक महत्वपूर्ण एजेन्डाको रुपमा रहनु पर्दछ।

पीडित पक्षको पुनर्स्थापना र संरचनाहरुको पुनर्निर्माण

जनयुद्धको दौरानमा विस्थापित भएका, अङ्गभङ्ग भएका तथा विभिन्न कारणले पीडित भएकाहरुको पुनर्स्थापनासम्वन्धी कार्यलाई वार्ताको क्रममा उच्च प्राथमिकता दिइनु पर्दछ भन्ने श्री ५ को सरकारको धारणा छ। साथ, जनयुद्धका कारणबाट ध्वस्त पारिएका संरचनाहरुको पुनर्निर्माण समेत वार्ताकै विषय सूचीमा रहनु पर्दछ।

वार्ताको सफलताको निमित्त ध्यान दिनुपर्ने विषयहरु

धरातलीय यथार्थको नाममा आ आफ्ना मनोगत एवं रणनैतिक स्वार्थलाई एक अर्कामा लाद्न खोज्ने प्रवृत्तिले वार्ताको सफलतामा असहज परिस्थिति सृर्जना गर्न सक्ने खतरालाई हृदयङ्गम गरी त्यस्तो विवादमा नफस्नु नै उपयुक्त हुने श्री ५ को सरकारको विश्वास रहेको छ। वरु, वार्ताको सफलताको निमित्त अनिवार्य तत्वको रुपमा रहने पारस्परिक विश्वासको वातावरण तयार गर्नेतर्फ भने दुवै पक्ष इमान्दारितापूर्वक संलग्न रहनु आवश्यक छ । यस सम्वन्धमा देहायका विषयहरुतर्फ श्री ५ को सरकार ध्यान आकर्षित गर्न चाहन्छ :

क. युद्ध विरामलाई व्यवस्थित गर्न तयार गरिएको आचारसंहिताको दुवै पक्षबाट इमान्दारीपूर्वक पालना गरिनु पर्दछ।

ख. आचार्संहिता कार्यान्वयनको अनुगमन गर्न गठित अनुगमन टोलीलाई तत्काल क्रियाशील तुल्याइनु पर्दछ। आचारसंहिता कार्यान्वयन सम्वन्धमा कुनै विवाद देखा परे त्यसको समाधान गर्ने जिम्मेवारी टोलीलाई दिइनु पर्दछ।

ग. आचारसंहिताको पालनामा कुनै विवाद वा अवरोध देखा परे त्यस्तो विषयलाई सार्वजनिक वहसको विषय वनाउनुपूर्व पारस्परिक छलफलको माध्यमबाट समाधान खोज्ने प्रयास गरिनु पर्दछ।

घ. देशका सम्पूर्ण भागहरुमा राजनैतिक दलका गतिविधिहरु तथा सरकारी कार्यहरु निर्वाधरुपमा सञ्चालन हुन सक्ने परिस्थिति मिर्जना गरिनु पर्दछ।

युद्ध विराम भङ्ग नगर्ने प्रतिवद्धता :

युद्ध विराम भङ्ग भई मुलुकमा पुन: हत्या, हिंसा र आतंकको स्थिति सृर्जना भएमा त्यसबाट राष्ट्रले ठूलो क्षति व्यहोर्नुपर्ने तथा राष्ट्रियता र प्रजातन्त्रमाथि नै आघात पुग्न सक्ने यथार्थलाई हृदयंगम गर्दै शान्तिपूर्ण वार्ताको माध्यमबाट समस्याको निकास खोज्ने कार्यमा दुवै पक्षले इमान्दारितापूर्वक प्रयास गर्नु पर्दछ। नेपाली जनताको शान्ति प्रतिको चाहनालाई कदर गर्दै कुनै पनि अवस्थामा युद्धविराम भङ्ग नगर्ने र वार्ताको माध्यमलाई निरन्तरता दिने प्रतिवद्धता दुवै पक्षबाट व्यक्त गरिनु पर्दछ भन्ने श्री ५ को सरकारको प्रस्ताव छ।

मिति : २०६० । ४। ३२

गाउँ सुरक्षा बल

शाही नेपाली सेनाले माओवादीहरुको प्रतिकारका लागि सर्वसाधारणलाई हतियार दिएर गाउँ सुरक्षा बल गठन प्रक्रिया शुरु गर्‍यो । यसअन्तर्गत सर्वसाधारणलाई आवश्यक प्रतिकारका लागि तालिम सहित हतियार वितरण गर्ने योजना अघि सारिएको छ। तर अध्यादेश वा कुनै कानुन विना नै यसलाई परिचालन गरिएको छ। यो वर्ष सर्लाहीको सुदामा गाविसमा गाउँ सुरक्षा बल निर्माण गरी त्यस गाविसका पूर्व उपाध्यक्ष राप्रपाका सिताराम सिंको नेतृत्वमा हतियार वितरण गरियो। इलाम जिल्लाको बाँजो गाविसस्थित लारुम्बामा सेनाकै अगुवाईमा यस्तो बल गठन भइसकेको छ। त्यसमा संलग्न ३० जना युवालाई हतियार दिएर सुरक्षा तालिम शुरु गरिएको बताइएको छ।

सरकारले आवश्यकता अनुसार अधिराज्यका सबै गाउँ र टोलमा यस्तो बल गठन गर्ने कुरा सार्वजनिक गरिसकेको छ। सरकारको भावी लक्ष्य, रणनीति तथा कार्ययोजनाका रुपमा ग्रामीण स्वयंसेवक सुरक्षा समूह एवं शान्ति सुव्यवस्था समिति गठनको घोषणा गरिएको थियो। श्री ५ को सरकारका प्रवक्ता स्थानीय विकास एवम् सञ्चारमन्त्री कमल थापाले ०६० कार्तिक ७ गते कपिलवस्तु जिल्लाको धन्कौली गाविस-२ को मलवा गाउँमा आयोजित कार्यक्रममा माओवादीको प्रतिकार गर्ने जनतालाई सरकारले आवश्यक हतियार, तालिम र संरक्षण दिने बताएका थिए। तर यसरी हतियार जनताका हातमा पर्दा यसले थप असुरक्षा र भयको वातावरण सृजना गर्ने कुरा उठ्दै आएको छ। हतियारको दुरुपयोग हुन सक्ने सम्भावना झन् बढेको कुरामा पनि उठाइएको छ। सरकारको नीति अनुसार यस्तो समूह संयुक्त सुरक्षा संयन्त्रको नेतृत्वमा परिचालित हुन्छ।

राष्ट्रिय मानवअधिकार प्रवर्द्धन केन्द्र

०६० कार्तिक १८ गते सरकारले मानवअधिकार प्रवर्द्धन केन्द्रको गठन गर्ने अवधारणा अघि सार्‍यो। मंसिर २२ गते केन्द्रको विधिवत् स्थापना गरियो। राष्ट्रिय मानवअधिकार प्रवर्द्धन केन्द्रमा सदस्यसचिवको कार्यसमेत गर्ने गरी जल तथा शक्ति आयोगमा कार्यरत सहसचिव कुलरत्न भूर्तेललाई राष्ट्रिय निर्देशक तोकियो। केन्द्रको सञ्चालक समितिमा सरकारका मुख्यसचिव अध्यक्ष र गृह, अर्थ, परराष्ट्र, कानून, रक्षा, महिला, स्थानीय विकास र राष्ट्रिय योजना आयोगका सचिवहरु सदस्य रहने व्यवस्था छ। प्रवर्द्धन केन्द्र हाल प्रधानमन्त्रीको कार्यालयमा रहेको छ। मानवअधिकार प्रवर्द्धन केन्द्र प्रत्यक्षरुपमा प्रधानमन्त्रीको मातहतमा रहन्छ। यस केन्द्रले सरकारका विभिन्न मन्त्रालय र सुरक्षा निकायमा स्थापना गरिएको मानवअधिकार सेलहरुसँग पनि समन्वय गर्ने अख्तियारी पाएको छ। सेलहरुबाट आएका गुनासालाई समाधान गर्ने दायित्व पनि केन्द्रको कार्यक्षेत्रमा उल्लेख छ।

केन्द्रको काम, कर्तव्य र अधिकारसम्बन्धी निर्देशिका ०६० अनुसार यसलाई राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय महिला आयोग, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान र नागरिक समाजसँग मिलेर प्रभावकारी मानवअधिकार कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी दिइएको छ। सरकारका तर्फबाट नागरिक समाजसँग सम्पर्क र समन्वय गर्ने, सर्वसाधारणलाई सरकारले गरेका मानवअधिकारसम्बन्धी पहल र कार्यक्रम बारे जानकारी दिने जिम्मेवारी पनि केन्द्रलाई प्रदान गरिएको छ।

मानवअधिकारको संरक्षण र सम्बर्द्धनको क्षेत्रमा काम गर्ने संवैधानिक अंग सरहको राष्ट्रिय मानवअधिकार हुँदाहुँदै मानवअधिकार प्रवर्द्धन केन्द्रको गठन गरिएकोमा विभिन्न मानव अधिकार संघसंस्थाहरुले आपत्ति जनाए। राष्ट्रिय मानवअधिकार आयोग, एम्नेष्टी इन्टरनेश्नल लगायत्का विभिन्न संघ-संस्थाहरुले समेत केन्द्रको स्थापनाप्रति असन्तुष्टि प्रकट गरे। प्रवर्द्धन केन्द्रको निर्देशिकाले आफ्नो स्वतन्त्रतामा आँच पुर्‍याएको जनाउँदै त्यसको पुनर्विचार गर्न राष्ट्रिय मानव अधिकार आयोगको मंसिर १० गते बसेको बैठकले सरकारलाई आग्रह गरेको थियो।

भ्रष्टहरुमाथि कारवाही

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यो वर्ष पनि सरकारको प्रमुख ओहदामा रहेका व्यक्तिहरुमाथि भ्रष्टाचारको अभियोग लगाई उनीहरुलाई पक्राउ गर्‍यो। सरकारको उच्च तहमा रहेर जनतालाई ठगी अकुत सम्पत्ति आर्जन गरेको अभियोग लागेका मन्त्री तथा सचिवहरु विरुद्ध भ्रष्टाचार विरुद्धको मुद्दा सर्वोच्चमा दायर गर्ने कार्यलाई आयोगले निरन्तरता प्रदान गर्‍यो।

यस वर्ष पूर्व सूचना तथा सञ्चारमन्त्री जयप्रकाशप्रसाद गुप्ता, पूर्व गृहमन्त्री गोविन्दराज जोशी, खुमबहादुर खड्का, रविन्द्रनाथ शर्मा, पूर्व सचिवहरु पद्मप्रसाद पोखरेल र चक्रबन्धु अर्याल लगायत्का व्यक्तिहरुलाई भ्रष्टाचारको आरोपमा थुना पुर्जी दिई प्रक्रिया

अघि अगाडि बढाइयो। भ्रष्टाचार गरी हैसियत भन्दा बढी पाँच करोड रुपैयाँ आर्जन गरेको अभियोग लागेका पूर्वमन्त्री रविन्द्रनाथ शर्मासँग विशेष अदालतले ०५९ पुस ८ गते ३ करोड ३० लाख रुपैयाँ धरौटी माग्यो। कार्तिक ४ गते त्रिभुवन विमानस्थलबाट पक्राउ परेका पूर्वमन्त्री शर्माले ३ करोड ३० लाख रुपैयाँ नगद वा जेथा जमानी बुझाए बुझि तारेखमा छाड्न र बुझाउन नसकेमा थुनामा राख्न अदालतले आदेश दिएको थियो। जसअनुसार उनी थुनामा परे। पूर्वसचिवद्वय चक्रबन्धु अर्याल र पद्मप्रसाद पोखरेलले गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको अभियोगमा ०५९ मंसिर ९ गते विशेष अदालतमा मुद्दा दायर गरियो। पूर्वसचिव अर्यालले २ करोड ६० लाख १ हजार रुपैयाँ ३१ पैसा र पूर्वसचिव पोखरेलले १ करोड ५१ लाख ३ हजार ८ सय ९८ रुपैयाँ ५५ पैसा बराबरको सम्पत्ति आर्जन गरेको ठहर आयोगले गरेको छ।

०५९ फागुन ९ गते राष्ट्रिय वाणिज्य बैंक नाम्चेमा कर्जा प्रवाह गर्दा भ्रष्टाचार गरेको अभियोगमा शाखा कार्यालय, नाम्चे सोलुखुम्बुका प्रबन्धक वकिल यादव सहित ५० जना विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गऱ्यो। एक करोड ७५ लाख रुपैयाँको प्राथमिक क्षेत्र तथा हवाइपोथिकेसन कर्जा प्रवाह गर्दा रितअनुसार धितो सुरक्षित नराखी ऋणीबाट गैरकानूनी रकम लिने दिने कार्यमा संलग्न रहेको ठहर गर्दै मुद्दा दायर गरिएको थियो। सो मुद्दामा ५ जना बैंक कर्मचारी र ४४ जना ऋणीहरुलाई विपक्षी बनाइएको छ। यसैगरी आयोगले शाही नेपाल वायु सेवा निगमका कार्यकारी अध्यक्ष रामाज्ञाप्रसाद चतुर्वेदीले झण्डै सात करोड रुपैयाँ गैरकानूनी रुपमा आर्जन गरेको ठहर गर्दै ०५९ माघ २९ गते विशेष अदालतमा मुद्दा दायर गऱ्यो। चतुर्वेदी र उनका परिवारका नाममा ६ करोड ९१ लाख ८२ हजार ५३५ रुपैयाँ बराबरको गैरकानूनी सम्पत्ति भेटियो। त्यही आधारमा आयोगले उनी र उनका परिवारका सदस्य विरुद्ध मुद्दा दायर गरेको थियो।

भ्रष्टाचार गरी गैरकानूनी सम्पत्ति आर्जन गरेको अभियोगमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आन्तरिक राजस्व विभागका नायब सुब्बा डोलराज शर्मा र श्रम तथा रोजगार प्रवर्द्धन विभागका शाखा अधिकृत गणेश अर्याल विरुद्ध ०५९ चैत २१ गते विशेष अदालतमा मुद्दा दर्ता गऱ्यो। शर्मासँग तीन करोड ५२ लाख ८७ हजार ४ सय ६७ रुपैयाँ ४७ पैसा र शाखा अधिकृत अर्यालसँग ८२ लाख ४२ हजार ७०२ रुपियाँ ५६ पैसा बराबरको गैरकानूनी सम्पत्ति भेटिएको आयोगले बतायो।

पूर्वमन्त्री गोविन्दराज जोशी विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले लगाएको भ्रष्टाचारको अभियोगलाई विशेष अदालतले ०६० पुस २८ गते दर्ता गऱ्यो। सम्पत्ति न्यायिक जाँचबुझ आयोगको प्रतिवेदनका आधारमा छानबिनको दायरामा परेका पूर्वमन्त्री जोशीले भ्रष्टाचार गरी ३ करोड ९३ लाख ६२ हजार ५ सय ७६ रुपैयाँ ४५ पैसा आर्जन गरेको अभियोग लगाइयो। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ०६० पुस २५ गते उनलाई अदालतमा पेश गरेको थियो। सम्पत्ति छानबीनका क्रममा तीन महिना प्रहरी हिरासतमा राखेर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सो मुद्दा अदालतमा पेश गरेको थियो।

जोशीले अदालतलाई बयान दिन अस्वीकार गरे। पूर्वमन्त्री जोशीले आफूलाई अख्तियारले पक्राउ गरी हिरासतमा राखेर कानून उल्लंघन गरेको दाबीसहित दायर गरेको रिट निवेदनलाई सर्वोच्च अदालतले कार्तिक २५ गते खारेज गऱ्यो। त्यसैक्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जोशीका छोरा दिनेश जोशीलाई पूर्वन्यायाधीश अरविन्द आचार्यको घरमा लुकेर बसेको अवस्थामा छापा मारी कार्तिक २६ गते पक्राउ गरेको थियो। पूर्वमन्त्री जोशीले भ्रष्टाचार गरी आर्जन गरेको सम्पत्ति लुकाएको अभियोगमा दिनेशलाई पक्राउ गरिएको थियो।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ०६० कार्तिक ५ गते प्रहरी वरिष्ठ उपरीक्षक कल्याणकुमार तिमिल्सिना र कार्तिक ६ गते प्रहरी उपरीक्षक किरण गौतम एवं वसन्तराज कुँवरमाथि मुद्दा दायर गऱ्यो।

सेनामा महिलालाई प्रवेश

महिलालाई सेनाको प्राविधिक क्षेत्रमा मात्र नभएर गैर प्राविधिक क्षेत्रमा पनि भर्ना गरिने निर्णय अनुसार यो वर्ष दुई सय जना महिलाले सेनामा भर्ति हुन पाए। गैरप्राविधिक क्षेत्रमा पनि महिलालाई भर्ति गरेर सेनामा महिलाहरुको संख्या बृद्धि गरिनुलाई उल्लेख्य कार्य मान्नु पर्दछ। तर भर्ति गरिएका महिला सैनिकहरुलाई सेवामा प्रवेश गरेको मितिबाट ५ वर्षसम्म विवाह गर्न नपाइने र ५ वर्ष पूरा भएपछि पनि शाही नेपाली सेनाको नियम अनुसार स्वीकृति लिएर मात्र विवाह गर्न पाईने व्यवस्था गरिएको छ। यसले महिलामाथि हुने विभेदको एउटा स्वरुपलाई भने स्वीकारेको देखिन्छ।

श्री ५ को सरकारद्वारा प्रस्तुत अग्रगामी सुधारको प्रस्ताव

१. अग्रगामी सुधारको मार्ग चित्र

चरण १: सरकार र विद्रोही पक्षका बीचमा सुधारको लक्ष्य, विषय र प्रक्रियाबारे सहमति कायम गर्ने,

चरण २: दुई पक्षका बीचमा कायम भएको सहमतिलाई राष्ट्रिय सहमतिको दस्तावेजको रुपमा स्थापित गर्न राजनीतिक दलहरुको समेत सहभागिता रहेको गोलमेच सम्मेलन गर्ने ,

चरण ३: विद्रोही पक्षलाई पनि सरकारमा सहभागी तुल्याई चुनावी अन्तरिम सरकार गठन गर्ने,

चरण ४: प्रतिनिधिसभाको निर्वाचन गर्ने,

चरण ५: राष्ट्रिय सहमतिको दस्तावेजअनुरुप संविधानमा संशोधन गर्ने।

२. प्रस्तावित सुधारको अपरिहार्य आधार

जनतामा निहित सार्वभौम सत्ता, संवैधानिक राजतन्त्र, बहुदलीय प्रजातन्त्र र राष्ट्रिय अखण्डता र एकताको सम्वर्द्धन।

३. सुधारको लक्ष्य :

क. सम्पूर्ण नेपालीले सहभागी र समाहित हुन सक्ने राजनीतिक पद्धतिको निर्माण,

ख. सम्पूर्ण नेपालीले आफ्नो आत्मोन्नति गर्न सक्ने समान अवसरको सृर्जना,

ग. समकालीन राजनीतिक सन्तुलनको आधारमा राजनीतिक प्रणालीको विकास,

घ. सबै प्रकारका विभेद, असमानता र शोषणको अन्त्य गरी समतामूलक समाजको निर्माण

४. सुधारमा प्रस्तावित नयाँ विषयहरु :

४.१ आम निर्वाचनको तीन महिना अगाडि चुनावी सरकार बनाउने,

४.२ समानुपातिक निर्वाचन प्रणाली लागू गर्ने,

४.३ माथिल्लो सदनको संरचनामा आमूल सुधार गरी जनसंख्याको अनुपातमा जनजाति, आदिवासी र दलितको प्रतिनिधित्व सुनिश्चित गर्ने,

४.४ संसदलगायत् सबै तहका जनप्रतिनिधिमूलक संस्थामा महिलाको प्रतिनिधित्व २५ प्रतिशत कायम गर्ने,

४.५ स्थानीय निकायको संरचनामा आमुल परिवर्तन र थप अधिकारको व्यवस्था,

४.६ स्थानीय स्वशासनको भावनाअनुरुप क्षेत्रीयस्तरमा नयाँ संरचना खडा गर्ने ,

४.७ अपरिहार्य भनी निर्धारित विषयहरु बाहेक राष्ट्रिय महत्वका विषयहरुमा जनमत संग्रह गर्न सकिने व्यवस्था,

४.८ राष्ट्रिय भाषालाई स्थानीय निकायमा दोस्रो भाषाको रुपमा प्रयोग गर्न पाइने,

४.९ महिला वर्ग, आदिवासी, जनजाति र दलितहरुका लागि निश्चित अवधिसम्म शिक्षा, स्वास्थ्य, जनप्रतिनिधित्व र रोजगारीको क्षेत्रमा आरक्षणसहितको विशेष व्यवस्था,

४.१० खुला र उदार बजारमुखी आर्थिक व्यवस्था राज्यको नीति हुनुपर्ने।

५. माओवादीद्वारा प्रस्तुत कतिपय आर्थिक, सामाजिक विषयहरुमा सहमति रहेको,

६. प्रस्तुत सुधारसम्वन्धी अवधारणामा पारस्परिक समझदारीका आधारमा परिमार्जन गर्न सकिने,

७. माओवादीको हतियार बुझाउनुपर्ने व्यवस्थालाई विषयसूचीमा समावेश गरिनुपर्ने सरकारको धारणा,

८. पुनर्स्थापना र पुनर्निर्माणको कार्य पनि विषयसूचीमा समावेश गरिनुपर्ने सरकारको धारणा,

९. दुवै पक्षद्वारा प्रस्तुत प्रस्ताव र विषयलाई मिलाई वार्ताको विषयसूची बनाउन सुझाव दिइएको,

१०. राजनीतिक दलहरुका गतिविधि र सरकारी काम काजमा बाधा व्यवधान दिन नहुने कुरामा जोड दिइएको,

११. कुनै पनि अवस्थामा युद्धविराम भङ्ग नगर्ने प्रतिवद्धता दुवै पक्षवाट व्यक्त गरिनुपर्ने प्रस्ताव।

अध्यादेश मार्फत् बजेटको घोषणा

सरकारले ०६० साल साउन १ गते एक खर्ब दुई अर्ब ४० करोडको वार्षिक बजेट अध्यादेश मार्फत् जारी गऱ्यो। बजेटले राजपरिवारको खर्चमा व्यापक बढोत्तरी गऱ्यो। सुरक्षासम्बन्धी खर्चमा पनि व्यापक बृद्धि गरियो।

नेपाल अधिराज्यको संविधान २०४७ को भाग ४ राज्यको निर्देशक सिद्धान्त तथा नीतिहरु अन्तर्गत धारा २५(२) मा प्रष्ट भनिएको छ- "देशको उपलब्ध आर्थिक श्रोत र साधनलाई सीमित व्यक्तिहरुमा केन्द्रीत हुन नदिई सामाजिक न्यायको आधारमा आर्थिक उपलब्धिको न्यायोचित वितरणको व्यवस्था मिलाई कुनै पनि वर्ग वा व्यक्ति उपर आर्थिक शोषण हुन नपाउने व्यवस्था गरी स्वदेशी नीजि एवं सार्वजनिक उद्यमलाई प्राथमिकता र प्रश्रय दिई राष्ट्रिय अर्थतन्त्रलाई स्वतन्त्र एवं आत्मनिर्भर

गराउनु राज्यको मुलभूत आर्थिक उद्देश्य हुनेछ।" संविधानको यो मर्मलाई बजेटले पूरै लत्यायो।

०५८ मंसिरमा संकटकाल लागू भएपछि दरबारको वार्षिक बजेट रु ९ करोडबाट बढाएर ११ करोड पुऱ्याइएको थियो। त्यसपछि अर्को वर्ष फेरि अध्यादेशमार्फत् दरबारको खर्च बढाएर झण्डै ६२ करोड पुऱ्याइएको कुरा ०५९ मंसिर २६ गतेको राजपत्रमा प्रकाशित गरिएको थियो।

काठमाडौं दंगा क्षेत्र घोषित

सरकारले ०६० भदौ १५ गते सुरक्षाको कारण दर्शाई राजधानीका विभिन्न ठाउँलाई दंगा क्षेत्र घोषित गऱ्यो। बल्खु, दक्षिणकाली, भाजंगुल, कमलपोखरी, इचाखेल, नगाउँ, तीनथाना निस्कने पुल र किर्तिपुर क्षेत्रलाई दंगाक्षेत्र घोषित गरियो। सोही दिन सरकारले ती क्षेत्रहरुमा राती ११ बजेदेखि ४ बजेसम्मका निम्ति कर्फ्यु आदेश पनि जारी गऱ्यो। स्थानीय प्रशासन ऐन ०५८ को दफा ६ बमोजिम जारी गरिएको सो कर्फ्यु आदेशको अवधीमा सो क्षेत्रका घर-घरमा सेनाले छापा मारेको थियो। हरेक रात यसैगरी राजधानीका अन्य विभिन्न शहरी र ग्रामीण भेगमा पनि कर्फ्यु घोषणा गर्दै छापा मारिएको थियो। त्यस अघि कहिल्यै त्यस्तो नभोगेका राजधानीका सर्वसाधारण जनतामा सुरक्षाको भावना भन्दा पनि मनोवैज्ञानिक आतंक र डर देखा परेको थियो।

सरकारले राजधानीलाई दंगाक्षेत्रको घोषित गर्दै विरोध ऱ्याली, जुलुस निकाल्न नपाउने आदेश जारी गऱ्यो। पाँच जनाभन्दा बढी एकै ठाउँमा भेला हुन नपाउने निषेधाज्ञा समेत जारी गरियो। तर त्यस निषेधाज्ञाको प्रतिगमनविरुद्ध लडिरहेका संसदीय पार्टीहरुले उल्लंघन गरे। सो क्रममा कैयौं कार्यकर्तालाई पक्राउ गरियो। लाठी प्रहारबाट कैयौं घाइते भए। सरकारी दमनका कारण राजनीतिक आन्दोलन अझ भड्कियो। सामान्य जनताको दैनिक जीवनमा समेत भीडन्तले असर पुऱ्यायो।

सामाजिक सुधार सम्बन्धी गृह मन्त्रालयको सूचना

यस वर्ष सरकारका तर्फबाट गरिएको सकारात्मक प्रयासका रुपमा सामाजिक सुधार सम्बन्धी घोषणालाई पनि उल्लेख गर्न सकिन्छ। गृहमन्त्रालयले प्रहरी प्रशासनलाई सामाजिक कुरीति र अन्धविश्वास विरुद्ध कडारुपमा कारबाही अघि बढाउन निर्देशन दियो। मन्त्रालयले ०६० कार्तिक २५ गते त्यस सम्बन्धी सूचना सार्वजनिक गऱ्यो। बोक्सीका नाममा हुने ज्यादतिका घटना, जातियताका आधारमा हुने भेदभाव लगायत अन्य सामाजिक कुरीतिहरुका विरुद्ध प्रहरी प्रशासनलाई स्वविवेकमा कार्य गर्ने निर्देशन सूचनामा दिइएको थियो।

यो वर्ष सरकारले महिला, जनजाति र दलितहरुलाई विशेष आरक्षण व्यवस्था गर्नका लागि समिति गठन गऱ्यो। गृह मन्त्रालयले छुवाछूत, जातीय भेदभाव र बोक्सी प्रथाजस्ता रुढिगत एवं परम्परागत विचारहरु आधुनिक सभ्य समाजले स्वीकार नगर्ने कुराहरु हुन् भन्दै यस्ता कार्यलाई कडाईकासाथ नियन्त्रण गर्न र त्यसमा संलग्न व्यक्तिहरुलाई प्रचलित कानून बमोजिम तत्काल कडा कारवाही गर्न क्षेत्रीय प्रशासन, जिल्ला प्रसासन र सम्बन्धित प्रहरी निकायहरुका नाममा सूचना जारी गरेको थियो। तर सूचनाअनुसार कारवाही भएको छ कि छैन भन्ने विषयमा अनुगमन गर्ने पद्धतिको भने खाँचो नै रहेको छ। यसतर्फ सरकार अझै गम्भीर हुन सकेको छैन।

०६० भदौ ३० गते सरकारले भ्रष्टाचार रोकथाम जनसेवा र भौतिक संरचनाहरु निर्माण र विस्थापितहरुको पुर्नस्थापना सम्बन्धी विस्तृत कार्ययोजना सार्वजनिक गऱ्यो। सशस्त्र युद्धको मारबाट विस्थापित बनेका नागरिककालागि यो वर्ष पनि सरकारबाट व्यवहारमै कुनै कदम चालिएन। कुनै सरकारी नीति नियम, कानून तथा संयन्त्रहरु निर्माण गरिएनन्। युद्धविराम भएकै अवस्थामा पनि राज्य र माओवादीको हस्तक्षेप वा डरका कारण विस्थापित हुनेहरुको सख्या घटेन।

सरकारले ०६० कार्तिक १७ गते महिला, दलित र जनजातिका निम्ति आरक्षणको विशेष व्यवस्था गर्ने घोषणा गऱ्यो। तर आरक्षणको नीति कसरी कार्यान्वयन गर्ने भन्ने विषयमा भने योजना प्रस्तुत गरेन।

प्रमुख निर्वाचन आयुक्तको नियुक्ति : संवैधानिक विवाद

साढे तीन महिनासम्म प्रमुख निर्वाचन आयुक्तको रिक्त रहेको पदमा ०६० मंसिर १७ गते श्री ५ द्वारा पूर्व मूख्य सचिव केशवराज राजभण्डारीलाई नियुक्ति गरियो। नेपाल बार एसोसएसन एवम् पूर्व प्रमुख न्यायाधीशहरु, विभिन्न राजनीतिक दलहरुले श्री ५ बाट गरिएको सो नियुक्ति संविधान विपरीत भएको बताए। राजालाई निर्णायक अधिकार सुम्पनु असंवैधानिक भएको बताइयो।

उक्त पदका लागि संवैधानिक परिषदले ०६० भदौ ५ गते पूर्वसचिव भोजराज पोखरेल एकजनाको नाममात्र सिफारिस गरेको थियो। श्री ५ महाराजाधिराजबाट हुकुम

भए बमोजिम संवैधानिक परिषदले पुन: पूर्व मुख्य सचिवद्वय केशवराज राजभण्डारी र तीर्थमान शाक्यको नाम सिफारिस गरेको थियो। भोजराज पोखरेलको नाम सिफारिस गरेर पठाइसकेपछि पुन: दुईजना पूर्व मुख्य सचिवको नाम के कारणले सिफारिस गरेर पठाउन राजाद्वारा हुकुम भयो भन्ने जानकारी सार्वजनिक हुन सकेन। संवैधानिक परिषदले तीनजना पूर्व सचिवहरुको नाम सिफारिस गरेपनि के कारणले राजभण्डारीलाई नियुक्त गरिएको हो भन्ने तथ्य पनि सार्वजनिक हुन सकेन।

नेपाल बार एसोसिएसनले संविधान अनुरुप नियुक्ति हुनुपर्ने संवैधानिक पदमा श्री ५ बाट स्वविवेकीय ढंगले नियुक्ति गरिएको ठोकुवा गऱ्यो। संविधानको धारा ११७ अनुसार संवैधानिक निकायका पदाधिकारीको नियुक्ति संवैधानिक परिषदको सिफारिसमा हुने बाध्यात्मक व्यवस्था रहेको छ। तर निर्वाचन आयुक्तको नियुक्तिको प्रक्रियामा पारदर्शीताको अभाव देखियो। परिषदका अध्यक्ष प्रधानमन्त्री सूर्यबहादुर थापा, सदस्य सभामुख तारानाथ रानाभाट र प्रधानन्यायाधीश केदारनाथ उपाध्याय सम्मिलित बैठकबाट दोस्रो पटक तीनजनाको नाम निर्वाचन आयुक्तकालागि सिफारिस गरिएको थियो। तर सरकारले यस विषयमा जनतालाई सुसूचित गरेन।

आफ्नै पार्टीसँगको सम्बन्धमा सरकार असफल

सरकारले वर्ष भरि नै आफ्नो पार्टीसँग सहज सम्बन्ध कायम गर्न सकेन। सर्वदलीय सरकार गठन नगरिएको सवालमा राप्रपामा ठूलो विवाद उब्जियो। राप्रपाको केन्द्रीय समितिले ०६० मंसिर ४ गते पार्टीको म्यान्डेट अनुसार कार्यकारिणी अधिकार सम्पन्न सर्वदलीय सरकारको गठन गर्न नसकेको आरोप लगाउँदै १८ घण्टा भित्र प्रधानमन्त्री सूर्यबहादुर थापालाई राजीनामा गर्न निर्देशन दिएको थियो। राप्रपाले सर्वदलीय सहमतिका आधारमा अघि बढ्ने, सरकारलाई सर्वदलीय स्वरुप दिने, विद्रोही नेकपा (माओवादी) सँग वार्ता गरी मुलुकमा शान्ति सुरक्षा बहाली गर्ने तथा सकेसम्म छिटो आमनिर्वाचन गराउने लगायत्को उद्देश्य बोकेर गठन भएको सरकार उल्लेखित सबै काम गर्न असफल भएको आरोप लगाएको थियो।

तर प्रधानमन्त्री थापाले पार्टीको आदेश नमान्ने अडान प्रस्तुत गरे। उनले आफू पार्टीप्रति जवाफदेही नभएको बताए। उनले कुनै पनि हालतमा राजीनामा नगर्ने कुरा व्यक्त गरेपछि पार्टीभित्र ठूलो विवाद खडा भयो। ०६० मंसिर २१ गते राप्रपा प्रवक्ता रोशन कार्कीले सर्वदलीय सरकार गठन गर्न अक्षम प्रधानमन्त्री सूर्यबहादुर थापालाई तत्काल पदमुक्त गरी निकासको बाटो खोज्न श्री ५ समक्ष समेत आग्रह गरिन्। तर पार्टी महामन्त्री तथा सञ्चारमन्त्री कमल थापाले पार्टीको उक्त निर्णय सिंगो पार्टी, कार्यकर्ता, देश र प्रजातन्त्रको हितमा नभएको बताए। प्रधानमन्त्रीले कुनै पनि हालतमा राजीनामा नदिने कुरा मन्त्री थापाद्वारा व्यक्त गरियो। प्रधानमन्त्रीको राजीनामा माग गर्ने प्रस्ताव पारित भएमा पार्टी विभाजन हुन सक्ने चेतावनी सरकारका प्रवक्ता समेत रहेका थापाले दिएका थिए।

स्थानीय निकायमा सरकारी नियुक्ति

निर्वाचन प्रक्रिया विना सरकारले नै स्थानीय निकायमा नियुक्त गऱ्यो। ०६० असोज १२ गते देखि कार्तिक १७ गतेसम्म ४३ जिल्लाका ५८ वटा महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकामा गरी ५८ मेयर र ५७ उपमेयर नियुक्त गरियो। ०६० पुस २४ गते सम्म ६८ जिल्लामा सभापति र ६० जिल्लामा उपसभापतिहरु नियुक्त गरिए।

स्थानीय निकायहरुमा सरकारी नियुक्तिका विपक्षमा एमाले र कांग्रेसले तीव्र प्रतिक्रिया व्यक्त गरेका थिए। दुवै पार्टीहरुले नियुक्तिमा परेका आफ्ना कार्यकर्ताहरुलाई फिर्ता हुन आव्हान गरेका थिए। तर केहीले पार्टी आदेशको अवज्ञा गरे। सरकारले अधिकांश जिल्ला तथा नगरहरुमा अघिल्ला स्थानीय निकाय निर्वाचनहरुमा पराजित राप्रपाका कार्यकर्ताहरुलाई मनोनित गरेको थियो।

गैरन्यायिक हत्या र दण्डहिनता

सरकारले संयुक्त सुरक्षा बलद्वारा भएका गैरन्यायिक हत्याको विरुद्धमा राष्ट्रिय/अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाहरुद्वारा गरिएका टिप्पणीको पूरै बेवास्ता गऱ्यो। सरकारको गैरजिम्मेवारी पनाका कारण दण्डहीनताले झन् प्रश्रय पायो। शान्ति सुरक्षाका नाममा खटिएका सुरक्षाकर्मीले सर्वसाधारणलाई घर खानतलासी गर्ने लगायत्का सुरक्षात्मक कारवाहीका क्रममा त्रसित तुल्याउन खोजेका गुनासाहरु सार्वजनिक भए। बीच सडकमा सर्वसाधारणको हत्या गर्नेसम्मका घोर मानवअधिकार विरोधी कार्यहरु भए। बालाजु, काठमाडौंको घटनाको लगत्तै मकालु बसका खलासी भीमबहादुर गिरीको मकवानपुरको सुनाचुरीमा सेनाले हानेको गोली लागी मृत्यु भएको थियो। उक्त घटनाको विरोध गर्दै यातायात

व्यवसायी संघले मंसिर १९ गते दोषी उपर कारवाही गर्न र मृतकका आफन्तलाई क्षतिपूर्तिको व्यवस्था गर्न माग गर्दै सात घण्टा चक्का जाम गरेको थियो।

०५९ चैत २५ गते बुटवलमा पेट्रोलियम पदार्थको मूल्यबृद्धिको विरोधमा निकालिएको जुलुसमा प्रहरी हस्तक्षेप भयो। त्यसक्रममा प्रहरीले स्याङ्जा जिल्ला बिचारी चौतारा ९, प्रवाडाँडा घर भई बुटवल बहुमुखी क्याम्पसमा अध्ययनरत नेपाल प्रगतिशील विद्यार्थी युनियनका जिल्ला अध्यक्ष देवीलाल पौडेलको क्याम्पस हाता भित्रै प्रवेश गरी हत्या गऱ्यो। त्यसको विरोधमा विद्यार्थीहरुले राजधानीलगायत् अधिराज्यका विभिन्न शहरहरुमा विरोध प्रदर्शन गरे। पीडितको परिवारलाई क्षतिपूर्तिस्वरुप सरकारले ५ लाख रुपैयाँ प्रदान गऱ्यो।

सुरक्षा निकायका यसप्रकारका गैरन्यायिक क्रियाकलापको वर्षभरि नै सरकारले कुनै न्यायिक छानबिन गराएन। केही घटनाका सम्बन्धमा सेनाले गल्ती स्वीकार गऱ्यो। तर दोषी उपर सार्वजनिक रुपमा कुनै कारवाही भएन। केही घटनाका पीडितहरुलाई क्षतिपूर्ति उपलब्ध गराइएपनि धेरैजसो पीडितहरुलाई क्षतिपूर्ति नै दिइएन।

सुरक्षा निकायको गैरजिम्मेवारीपनाप्रति सरकार उदासीन

माओवादी निकट मानिने प्रभात चलाउनेलाई चर्को यातना दिएको बताउँदै दायर गरिएको क्षतिपूर्ति मुद्दामा अदालतले म्याद पठाएपछि महेन्द्र पुलिस क्लबले अवहेलना गऱ्यो। ०६० भदौ १२ गते क्लबले अबदेखि पत्र नपठाउनु भन्ने उल्लेख गर्दै अदालतलाई जवाफ पठायो। सुरक्षा निकायबाट देशकै सर्वोच्च निकाय सर्वोच्च अदालतको अवहेलना गरियो। तर सरकार सुरक्षा निकायमाथि आफ्नो नियन्त्रण नै नरहेजस्तो गरी मौन रह्यो।

दोरम्बा घटनाका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले विस्तृत अध्ययन गरी गैरन्यायिक हत्याको उदाहरण जनसमक्ष प्रकाशित गरेको थियो। आयोग तथ्य संकलनका लागि सो क्षेत्रमा पुगेको थियो। साथै मारिएका व्यक्तिहरुको समेत शव निरीक्षण गरी आयोगले सुरक्षाफौजले नियन्त्रणमा लिइएका व्यक्तिको हत्या गरेको तथ्य सार्वजनिक गरेको थियो। सुरक्षा निकायले आयोगको यो कार्यप्रति आपत्ति जनाउँदै सुरक्षा सेनाबाट त्यसरी कारवाही नभएको जनाएको थियो। तर पछि सेनाले त्यहाँ पुगी छानबिन गर्ने कुरा पनि बताएको थियो। सरकारले भने यस्ता घटनाहरुका सम्बन्धमा कानमा तेल हालेर कुनै कुरा नसुनेको अनुभव गरिएको थियो।

सन्धिमा हस्ताक्षर र प्रतिवेदन प्रस्तुत

संयुक्त राष्ट्रसंघको साधारण सभाबाट पारित भ्रष्टाचारविरुद्धको महासन्धिमा ०६० मंसिर २४ गते नेपालले हस्ताक्षर गऱ्यो। नेपालको तर्फबाट सो महासन्धिमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त सूर्यनाथ उपाध्यायले मेक्सिको मेरिडा शहरमा संयुक्त राष्ट्रसंघद्वारा आयोजित भ्रष्टाचार विरुद्धको सम्मेलनका अवसरमा हस्ताक्षर गर्नुभएको थियो। नेपाली जनताका लागि यो एउटा उपलब्धी हो। तर यसलाई इमान्दारीपूर्वक लागू गरिएमा वा यसको कार्यान्वयन पक्ष दह्रो र दिगो रहेमा मात्रै उपलब्धी हासिल हुनेछ।

महासन्धिमा मूलतः भ्रष्टाचार निवारणका लागि राज्य पक्षले अवलम्बन गर्नुपर्ने रोकथामका उपाय, भ्रष्टाचार निवारणका लागि अन्तर्राष्ट्रिय सहयोगको प्रवर्द्धन र सबलीकरण, भ्रष्टाचार गरी अर्को मुलुकमा लगिएको गैरकानुनी सम्पत्ति फिर्ता गर्ने सम्बन्धी व्यवस्थालाई समेत समेटिएको छ। प्राविधिक सहयोग, तालीम तथा सूचना संकलन, आदान प्रदान एवं विश्लेषण र महासन्धि कार्यान्वयनको मूल्याङ्कन संयन्त्र जस्ता पक्षहरु पनि महासन्धिमा समेटिएका छन्।

महासन्धिमा न्यायपालिकाले पनि भ्रष्टाचारको गम्भीरतालाई ख्याल गर्नुपर्ने, भ्रष्टाचार मुद्दामा हद म्याद लामो हुनुपर्ने, भ्रष्टाचारको मुद्दामा खानतलासी, बरामदी र जफत प्रक्रियालाई प्रभावकारी बनाउनुपर्ने, बैंकको गोप्यताका नाममा भ्रष्टाचारको अनुसन्धानमा बाधा पुग्ने व्यवस्था हुन नहुने आदि कुरा समेटिएका छन्। भ्रष्टाचार मुद्दाका पीडित, उजुरवाला, विशेषज्ञ र साक्षीहरुको सुरक्षाको व्यवस्था हुनुपर्ने, भ्रष्टाचारबाट क्षति पुग्नेलाई क्षतिपूर्तिको व्यवस्था हुनुपर्ने, भष्टाचार नियन्त्रण गर्न राज्य संयन्त्रहरुबीच समन्वय हुनुपर्ने आदि कुरा पनि महासन्धिमा उल्लेखित छन्।

श्री ५ को सरकारले ०६० वैशाख १६ गते सबै प्रकारका जातीय भेदभावहरु उन्मूलन गर्ने सम्बन्धी संयुक्त राष्ट्रसंघीय समिति (सर्ड कमिटी) समक्ष जातीय विभेद विरुद्धको महासन्धिको १५ औं र १६ औं आवधिक प्रतिवेदन संयुक्त रुपमा पेश गऱ्यो। जसको सुनवाई ०६० फागुन २१ र २२ गते जेनेभास्थित संयुक्त राष्ट्रसंघमा हुने तय गरिएको थियो। प्रतिवेदन महासन्धिको धारा ९ अन्तर्गत संयुक्त राष्ट्र संघीय समितिमा प्रस्तुत गर्ने तयारी गरिएको थियो। तर सो प्रतिवेदन २००२ मै बुझाइनु पर्ने थियो।

संयुक्त राष्ट्र संघीय निकायहरुप्रति बेवास्ता

सरकारले देशको मानवअधिकार स्थितिप्रतिको विभिन्न संयुक्त राष्ट्र संघीय संघ निकायहरुको टिप्पणीको बेवास्ता गऱ्यो। खासगरी दोस्रो युद्धविराम भंग भएपछि सरकारबाट भएका गैरन्यायिक हत्या, यातना र बेपत्ता परिने क्रमका सम्बन्धमा संयुक्त राष्ट्रसंघका यातनाका साथै बेपत्ता र अभिव्यक्ति स्वतन्त्रता सम्बन्धी छुट्टाछुट्टै समाधिक्षकहरुले चासो दर्शाए। ती समाधिक्षकहरुले ०६० कार्तिक २६ गते नेपालको मानवअधिकार अवस्थाको अनुगमनका लागि आउने इच्छा व्यक्त गरे। एम्नेष्टी इन्टरनेशनल, ओएमसीटीलगायत्का संघ-संस्थाहरुले मानवअधिकारको उल्लंघनका घटनाहरुप्रति खुलेर विरोध जनाए। तर सरकारले उनीहरुलाई बोलाउने कुनै पहल गरेन।

भूटानी शरणार्थी मन्त्रिस्तरीय बैठक

हिंसात्मक द्वन्द्वका कारण केही वर्षदेखि ओझेलमा परेको भूटानी शरणार्थी समस्या यो वर्ष केही चर्चामा रह्यो। सरकारले नेपालमा रहेका भूटानी शरणार्थीहरुको चार श्रेणीमा वर्गीकरण गर्ने कार्य गऱ्यो र मन्त्रिस्तरीय वार्ता सम्पन्न भयो। तर सरकारले भूटान सरकारले राखेको शर्तअनुसार जोंखा भाषा जान्नेलाई मात्र भुटान पठाइने शर्तमा प्रतिवद्धता जनाएपछि भूटानी शरणार्थीहरुले व्यापक विरोध गरे। नेपालमा भएका शरणार्थीमध्ये दश प्रतिशतले मात्र जोंखा भाषा जानेको तथ्य सर्वेक्षणले देखाएको छ। यस्तै शर्त बमोजिम हुने हो भने ९० प्रतिशत शरणार्थीहरु आफ्नो देश फर्कन पाउने अधिकारबाट वञ्चित हुनुपर्नेछ।

विद्यार्थी नेता विरुद्ध विशेष अदालतमा अभियोग दायर

राजा र राजसंस्थाप्रति अमर्यादित नारा लगाएको अभियोगमा विद्यार्थी नेताहरुविरुद्ध पुस ८ गते सरकारले विशेष अदालतमा राजद्रोहको मुद्दा दर्ता गऱ्यो। राज्य विरुद्धको अपराध र सजाय ऐन, ०४६ अनुसार अभियोगपत्र दर्ता गरिएको लगत्तै विशेष अदालतले विद्यार्थी नेतात्रय गुरुराज घिमिरे, गगनकुमार थापा र पुरुषोत्तम आचार्यसँग बयान लिएको थियो। पाँच संसदवादी दलले आयोजना गरेको विरोध कार्यक्रममा राजा र राजसंस्थाविरुद्ध नारा लगाएको आरोप लगाउँदै सरकारले नेपाल विद्यार्थी संघका अध्यक्ष घिमिरे र महामन्त्री थापा तथा अनेरास्ववियुका पूर्व केन्द्रीय सदस्य आचार्यलाई पुस १ गते पक्राउ गरेको थियो। पक्राउ परेका विद्यार्थी नेताहरुले अदालतमा बयान दिँदै राजसंस्थाको गरीमा बढ्नुपर्ने अडान आफूहरुको रहेको बताएका थिए।

०५९ माघ १५ : युद्ध विराम

वार्ता टोली संयोजक
नारायण सिं पुन
०५९ माघ १५ गतेदेखि ०६० वैशाख १२ गतेसम्म

वार्ता टोली संयोजक
बद्रीप्रसाद मण्डल
०६० वैशाख ३ देखि ०६० जेठ २८

सदस्यहरु
नारायण सिं पुन
रमेशनाथ पाण्डे
डा. उपेन्द्र देवकोटा
कमल चौलागाई
अनुराधा कोइराला

वार्ताटोली संयोजक
डा. प्रकाशचन्द्र लोहनी
०६० जेठ २९ देखि ०६० भदौ ९

सदस्य
कमल थापा

पहिलो औपचारिक वार्ता:	०६० वैशाख १४ गते शंकर होटेल, काठमाडौं
दोस्रो औपचारिक वार्ता:	०६० वैशाख २६ गते शंकर होटेल, काठमाडौं
तेस्रो औपचारिक वार्ता:	०६० साउन ३२ गते हापुरे, दाङ

पार्टी र विद्यार्थी संगठन राजसंस्थाको विरोधी नभएको दाबी गर्दै उनीहरुले संविधान, संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको बहाली गर्न आफू र आफ्ना मातृ संस्था राजनीतिक दलहरुको योगदान रहेको बताएका थिए। नेविसंघका महामन्त्री थापाले बयान दिँदै इजलाससमक्ष भने- "आन्दोलनमा सहभागी भएका जनताले लगाएको नारालाई नैतिक जिम्मेवारीको विषय बनाइएको हो भने जनता किन सडकमा उत्रिएका हुन सम्बन्धित पक्ष गम्भीर हुनुपर्छ। नत्र संसदवादी दल र विद्यार्थी संगठन राजसंस्था विरोधी होइनन, त्यसैले राजद्रोहको आरोप तर्कहीन छ।"

अनेरास्ववियुका पूर्व केन्द्रीय सदस्य आचार्यले संविधानको संरक्षणकालागि आफूहरु सचेत रहेको दाबी बयानका क्रममा गरेपछि तीन विद्यार्थी नेतामाथि लगाइएको आरोप सरकारले फिर्ता लियो।

मुक्त कमैयाबारे थप छानबिन शुरु

पश्चिम नेपालका मुक्त कमैयाका रुपमा थप २० हजार व्यक्तिले निवेदन दिएपछि छानबिनका लागि सरकारले यो वर्ष अधिकार सम्पन्न टोली खटायो। पश्चिम

नेपालका पाँच जिल्ला बाँके, बर्दिया, कैलाली, कञ्चनपुर र दाङमा सरकारद्वारा पहिचान गरेको भन्दा बढी संख्यामा मुक्त कमैयाहरुको संख्या छूट हुन गएको निवेदन परेपछि भूमिसुधार तथा व्यवस्था मन्त्रालयले टोली गठन गरेको थियो। यो वर्ष पनि कमैयाहरुले विभिन्न चरणमा आन्दोलन जारी राखे।

सार्वजनिक सेवा अनुगमन तथा निरीक्षण टोली गठन

प्रशासनिक संयन्त्रलाई छिटो छरितो, चुस्त दुरुस्त, अनुशासित र जिम्मेवार बनाउने बताउँदै ०५९ माघ ९ गतेदेखि विभिन्न मितिमा गृह मन्त्रालयले सार्वजनिक सेवा अनुगमन तथा निरीक्षण टोलीहरु गठन गऱ्यो। सो टोलीलाई प्रधानमन्त्रीले सपथग्रहण गराएका थिए। सार्वजनिक सेवा (संचालन, अनुगमन तथा निरीक्षण) अध्यादेश २०५९ अनुसार श्री ५ को सरकारद्वारा १४ अञ्चलका लागि मेची-कोशी, सगरमाथा-जनकपुर, वागमती-नारायणी, गण्डकी-धौलागिरी, लुम्बिनी-राप्ती, भेरी-कर्णाली र सेती-महाकाली गरी छुट्टाछुट्टै ७ वटा टोली गठन गरियो। टोली संयोजकलाई सहायकमन्त्री सरह सेवा सुविधा प्रदान गरिएको थियो। साथै दुई जना सहायक दिइएको थियो। टोलीले ०६० वैशाख ३१ गतेसम्म काम गऱ्यो। ०६० वैशाख ३१ गते सार्वजनिक सेवा अनुगमन तथा निरीक्षण टोलीको विघटन भयो। अनुगमनका क्रममा सरकारी कार्यालयमा कर्मचारीहरुको कामको जाँच गर्ने नाममा निरीक्षण गरिएको थियो। टोलीलाई जनस्तर र पत्रपत्रिकामा दौडाहा टोलीको नाम दिइएको थियो।

नेपाल भारत रेलवे सम्झौता सम्पन्न

लामो विवाद र करिब दुई वर्षको प्रयासपछि वीरगञ्ज सुख्खा बन्दरगाहसम्म ब्रोडगेज रेल सञ्चालनका लागि नेपाल र भारतबीच कार्तिक २१ गते सम्झौता सम्पन्न भयो। सम्झौताअनुसार नेपाल पनि भारतको रेलवे नेटवर्कसँग जोडिएको छ।

सम्झौताको ढिलाइले गर्दा तीन वर्षअघि निर्माण पूरा भएको वीरगञ्ज बन्दरगाह सञ्चालनमा आउन सकेको थिएन। जसले मुलुकलाई चार अर्ब रुपैयाँ घाटामा परेको छ। उद्योग, वाणिज्य तथा आपूर्ति सचिव दिनेशचन्द्र प्याकुरेल र भारतीय राजदूत श्याम शरणले उक्त सम्झौतामा हस्ताक्षर गरेका थिए। झण्डै दुई वर्षसम्म तीनचरण वार्ता भएपछि नेपाल र भारत यो निर्णयमा पुगेका थिए।

सम्पत्ति आयोगको प्रतिवेदन सार्वजनिक

सम्पत्ति न्यायिक जाँचबुझ आयोगका अध्यक्ष भैरवप्रसाद लम्सालले ०५९ चैत ४ गते श्री ५ समक्ष सम्पत्ति न्यायिक जाँचबुझ आयोगको प्रतिवेदन प्रस्तुत गरे। उक्त प्रतिवेदन आवश्यक कारवाहीका लागि श्री ५ बाट तत्कालीन प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दलाई हस्तान्तरण गरियो। नेपाल अधिराज्यमा वि.स. २०४७ देखि विभिन्न पदमा बहाल रहेका वा अवकाशप्राप्त व्यक्तिहरुका नाममा रहेको सम्पत्ति जाँचबुझ गरी प्रतिवेदन पेश गर्न ६ महिनाको कार्यवधि तोकी सर्वोच्च अदालतका न्यायाधीश भैरवप्रसाद लम्सालको अध्यक्षतामा तीन सदस्यीय सम्पत्ति न्यायिक जाँचबुझ आयोग गठन गरिएको थियो। सो आयोगले ०५८ चैत ४ गतेदेखि आफ्नो कार्य प्रारम्भ गरेको थियो।

आयोगले जम्मा ४१ हजार ९ सय ४१ थान सम्पत्ति विवरण फारम वितरण गरेको थियो। तर त्यसमध्ये ३० हजार ५ सय ९४ जनाले मात्र सम्पत्ति विवरण बुझाएका थिए। आयोगले डेढ महिनापछि ०६० वैशाख १८ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई प्रतिवेदन सुम्पियो। सम्पत्ति न्यायिक जाँचबुझ समितिको प्रतिवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पूर्व प्रधानमन्त्री तथा नेपाली काँग्रेसका सभापति गिरिजाप्रसाद कोइरालासहित ४२ जना लाई श्रोत नखुलेको सम्पत्तिबारे बयान दिन पुर्जी काटेको थियो। आयोगको उक्त कदमको विरोध गर्दै नेपाली काँग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका थिए। कोइरालाका अनुसार उनलाई राजनीतिक कारणले त्यस्तो पूर्जी काटिएको थियो।

विश्वव्यापार संगठनको सदस्यता प्राप्त

०६० भदौ २५ गते नेपालले विश्व व्यापार संगठनको सदस्यता प्राप्त गऱ्यो। नेपालले सन् १९९८ मा सदस्यताका लागि औपचारिक निवेदन दिएको थियो। निवेदन दिएको ६ वर्षपछि प्राप्त गरेको सदस्यता ०६० चैत मसान्तभित्रमा सम्मिलन गरिएपछि मात्र पूर्णता पाउने छ। विश्व व्यापार महासन्धिलाई संसदले अनुमोदन गर्नुपर्ने प्रावधान रहेको छ। नेपाल विश्व व्यापार संगठनको १४८ औं सदस्य राष्ट्र हो। नेपालले २००६ जनवरी १ सम्ममा विश्व व्यापार संगठनसँग सम्बन्धित बौद्धिक सम्पत्तिको अधिकारका सम्पूर्ण प्रावधान समेटने गरी नयाँ कानून तर्जुमा गरी लागू गर्नुपर्ने छ। ●

परिच्छेद ३

राज्य र मानवअधिकार

३.३ व्यवस्थापिका

निर्धारित प्रणालीबाट जबरजस्ती बाहिर पारिएको हाम्रो संसदले सन् २००३ को अन्त्यसम्मै नियमितता प्राप्त गर्न सकेन। जनताको सार्वभौमसत्ताको परिचायक प्रतिनिधिसभाको अस्तित्व वर्षभरि नै कागजमा मात्र सीमित रह्यो। यसरी अघिल्लो वर्षको उत्तरार्द्धदेखि उभयलिङ्गी बन्न पुगेको हाम्रो संसदीय व्यवस्थामा यो वर्ष पनि कुनै परिवर्तन हुन सकेन। हाम्रो संसदीय व्यवस्था बेलायती वेष्टमिन्स्टिर पाराको दुरुस्त स्वरुप भनेर मन पराइएको थियो। तर यही व्यवस्था अहिले सक्रिय रुपमा राजकाजमा केन्द्रित हुने भूमिका नपाएका राजाको निर्देशनमा संचालित छ। यो वर्ष चुनावको चर्चा गरियो। तर प्रतिनिधिसभा अस्तित्वमा आउने कुनै प्रत्यक्ष, विश्वसनीय आधार प्रस्तुत गरिएन। राष्ट्रियसभा अध्यक्ष विहीन छ र आफ्ना सदस्यहरु पातलिँदै जाँदा अझ कमजोर बन्दै गइरहेको छ। संसदीय व्यवस्था र संवैधानिक राजतन्त्रको सन्दर्भमा प्रचलित 'राजाले गल्ती गर्दैनन्' भन्ने मान्यतालाई प्रष्ट रुपमा तोडिएको छ। विद्यमान संविधानको मर्मप्रति बेखबर रहेको शैलीमा स्वेच्छाचारी रुपमा सरकार बनाउने तथा विघटन गर्ने कार्यले राजा संवैधानिक रुपमा प्रत्यक्ष शासनबाट टाढै रही राष्ट्राध्यक्षको भूमिका निर्वाह गर्ने मार्गबाट विचलित भएको मान्न सकिन्छ। राजा आफ्नै संवैधानिक मर्यादामा रहनु पर्ने र संसद जीवित हुनु पर्ने माग गर्दै संसदीय व्यवस्था पक्षधर राजनीतिक दलहरु आन्दोलनरत् छन्। संसदीय प्रजातान्त्रिक व्यवस्थाको प्रष्ट प्रत्याभूति गर्ने संविधानको पालना गरिएको छैन। तर गैरसंवैधानिक कामहरु पनि संविधानकै नाममा गरिँदै आएका छन्।

प्रतिनिधिसभा विघटित अवस्थामा रहेको छ। तर सभामुख तारानाथ रानाभाट प्रतिनिधिसभाका एक्लो जनप्रतिनिधि हुनुहुन्छ। उहाँ सभामुखकै हैसियतमा अनेकन औपचारिक कार्यक्रममा सहभागी पनि भइरहनु भएको छ। अत: हाम्रो संसदीय प्रजातन्त्र 'हुनु' र 'नहुनु' को दोसाँधमा अल्झिरहेको छ। जननिर्वाचित प्रतिनिधिमूलक संस्था र यसले बनाउने सरकार, दुवैको अधिकार अहिले श्री ५ मा केन्द्रीत गरिएको छ। सरकार राजाबाट प्रत्यक्षत: निर्देशित छ। अनि ऐन कानुन सरकारको सिफारिसमा राजाले अध्यादेश मार्फत् जारी गर्ने क्रम जारी छ। यसरी विधि निर्माणमा जनताको सहभागिता स्थगित हुन पुगेको छ।

नेपाल अधिराज्यको संविधान २०४७ को भाग ८, धारा ४४ मा उल्लेख गरिएको छ- "श्री ५, प्रतिनिधिसभा र राष्ट्रिय सभा नामका दुई सदन सहितको एक व्यवस्थापिका हुनेछ जसलाई संसद भनिनेछ।" हामीले 'राजा संसदमा' भन्ने बेलायती अवधारणालाई भित्र्यायौं। हाम्रो राजनीतिक प्रणाली 'प्रजातन्त्रको जननी' मानिने बेलायतको राजनीतिक प्रणालीसँग मिल्छ। राजा सहितको संसदीय व्यवस्था हामीलाई मनपर्नुका आफ्नै कारणहरु छन्। तर हामीकहाँ यतिखेर राजा संविधान मुताविकको संसदीय समिकरणबाट छुट्टिएर हिंडिरहेको अवस्था छ।

नेपाल र संसदीय पद्दति

राजा राष्ट्रिय एकताको प्रतीक हुन सक्छन् भनेर नै संवैधानिक राजतन्त्र सहितको संसदीय प्रणालीको सरकारप्रति हाम्रो मोह भएको हो। संसदीय व्यवस्था भन्दा पृथक अन्य कुनै व्यवस्था अंगालिएको भए राजाको स्थान सुरक्षित हुन गाह्रै थियो। बेलायतमा झैं राजालाई माया गरेर, संसदीय व्यवस्थाका अग्रज पक्षपातीहरु राजा यस व्यवस्थाको अभिन्न अंग हुन् भन्ने अवधारणाबाट प्रेरित हुन पुगे। त्यही कारण उनीहरुले राजालाई संसदमा समावेश गरे। यसो गर्दा उनीहरुले यथेष्ट ध्यान के कुरामा पुऱ्याउन सकेनन् भने बेलायतमा 'संसदमा राजा" को अवधारणा राजगद्दीमा आरोहणको विषय संसदीय क्षेत्राधीकारमा रहने कुरा संसदले स्वीकार गरेपछि ल्याइएको थियो। त्यसका अतिरिक्त 'विल अफ् राइट्स" मा राजा वा रानीबाट हुने कानुनको निलम्बन, निस्पादन, अथवा कानुन जारी गर्ने जस्ता कार्य संसदको सहमति बेगर भए गैरकानुनी हुने व्यवस्था थियो।[१] नेपालको सन्दर्भमा भने न त 'विल अफ् राइट्स' जस्तो कुनै घोषणा गरियो न त गद्दी आरोहण सम्बन्धी कानुनलाई संसदको क्षेत्राधिकार भित्र ल्याइयो।[२]

हामीसँग सन् १९४८ तिर पनि संसद जस्तै राजनीतिक निकाय चलाएको अनुभव छ। त्यसको दश वर्ष पछि त हामी कहाँ बेलायती शैलीकै संसदीय आमनिर्वाचन भयो। तसर्थ, संसदीय व्यवस्था प्रतिको झुकाव हामीमा लामो समयदेखि रहिआएको हो।

बेलायतले छिमेकी भारतसम्म आएर शासन गरेको हुनाले पनि नेपालको राजनीतिक चेतनामा त्यहाँको बहुदलीय व्यवस्थाको जानकारी समेटियो। उत्तर र दक्षिण दुवैतिरको छिमेकी राष्ट्रको भन्दा पृथक बेलायतको प्रणालीमा राजाको स्थान सुरक्षित हुने भएकाले पनि हाम्रा राजनेताहरु त्यही देशको जस्तै राजनीतिक पद्दति स्थापना गर्न अभिप्रेरित भए। नेपालको राजनीतिक प्रणालीमा फेरबदल ल्याउने पछिल्लो घटनाक्रम छयालीस सालको जनआन्दोलनमा पनि राजा, कम्युनिष्ट र कांग्रेस बीच सम्झौता भयो। केही सामिप्यताले गर्दा वेष्टमिन्स्टर पाराको राजनीतिक प्रणाली अनुकरण गर्न नेपाललाई सजिलो भयो।

दशकौंसम्म स्वेच्छाचारी शासन गरेर कार्यपालिका, न्यायपालिका तथा व्यवस्थापिकाको शक्ति आफैंमा राख्ने राजतन्त्रलाई संवैधानिक बनाइयो। तर त्यसलाई संसदीय क्षेत्राधिकार अन्तर्गत प्रजातन्त्र अनुकूल बनाइएको घोषणा गर्ने बहुदलीयताका वाहकहरुले

जनताको आवाजको प्रतिनिधित्व गर्ने निकाय संवैधानिक रुपमै अरु निकायभन्दा शक्तिशाली हुनु पर्छ भन्ने विषयमा भने कम ध्यान दिए।

संसदीय सर्वोच्चता

बेलायती संसद राज्यका अन्य निकायहरु, यतिसम्मकि राजा र अदालतभन्दा पनि माथि रहेको छ। तसर्थ त्यहाँ संसदीय सर्वोच्चता कायम छ। वेष्टमिन्स्टर स्वरुप भन्नु नै संसदीय सर्वोच्चताको व्यवस्था हो भन्ने मानिन्छ। संसदीय सर्वोच्चताको सिद्धान्तले मुलुकका कानुनहरुको न्यायिक पुनरावलोकनलाई समेत प्रतिबन्ध लागाउँछ। कानुन कस्तो हुनुपर्छ भन्ने सर्वोच्च अख्तियारी संसदमा नै हुन्छ। त्यस्तो व्यवस्थामा न्यायाधीशहरुको जिम्मेवारी कानुन बनेको अवस्थामा मात्र रहन्छ। उनीहरु संसदले बनाएका प्रत्येक कानुन बैध छन् भनेर स्वीकार्न बाध्य हुन्छन्। संसदीय सर्वोच्चताको पक्षमा वकालत गर्ने प्रसिद्ध अंग्रेज विश्लेषक ए.भी. डायसीका अनुसार अंग्रेजी संविधानले परिभाषित गरे बमोजिमको संसदलाई कुनै कानुन बनाउने, नबनाउने अधिकार हुन्छ र बेलायतको कानुनले संसदले बनाएका कुनै पनि कानुनलाई नाध्ने वा कुल्चने हैसियतमा कुनै व्यक्ति वा संस्थालाई अख्तियारी दिएको छैन।[३] भनिन्छ, बेलायती संसदले पुरुषलाई महिला र महिलालाई पुरुष बनाउने बाहेक अरु सबै काम गर्न सक्छ।[४]

नेपालमा हामीले बेलायतीहरुले झैं पहिले संसदलाई बलियो बनाएनौं। बरु त्यसो नगरिकनै राजासहितको संसदीय व्यवस्थाको अनुशरण गऱ्यौं। सट्टामा हामीले संवैधानिक र न्यायिक सर्वोच्चताको वर्णशंकर रुपलाई स्वीकार गऱ्यौं। संवैधानिक सर्वोच्चताले संसदीय निर्णयहरु भन्दा अदालतका निर्णयहरुलाई उच्च विधायकी शक्ति मान्दैन। न्यायिक सर्वोच्चताले चाहीं अदालतले गरेका संवैधानिक निर्णयहरुका अक्षर र भावना स्वीकार गर्न सरकारका सबै निकाय बाध्य रहन्छन् भन्ने बुझाउँछ। हाम्रो संसद संविधान र यसले व्याख्या गरेको न्यायिक प्रणालीको आज्ञाकारी पूर्जाकारुपमा रह्यो। संसदले अदालतका कुनै पनि निर्णयलाई चुनौति दिने हैसियत राख्दैन र संविधानका कुनै पनि प्रावधानविरुद्ध काम गर्न सक्दैन। तर, अदालतले संसदमा निर्मित कानुनहरु बदर गर्न सक्ने क्षमता राख्दछ। बेलायती संसदीय परम्परा, व्यवहार, अभ्यासमा आधारित छ। हामीले संविधानमा लेखिए बमोजिमको संसद स्थापना गऱ्यौं। संसदीय सर्वोच्चतालाई स्वीकार गर्दै राजा हेनरी द्वितीयले आफू संसदभन्दा माथि नरहेको र संसदको विशेषाधिकार अत्यन्त उच्च भएको हुँदा कुनै अन्य अदालतबाट आएका कुरा भन्दा संसदलाई सर्वोपरि स्थान दिइनु पर्छ भन्ने बताएका थिए।[५]

सैन्य सान्निध्यता

राजा शाही नेपाली सेनाका परम सेनाधिपति रहेको र सेना उनको प्रत्यक्ष नियन्त्रणमा रहेको विषय नेपालको राजनीतिमा विवादित छ। राष्ट्राध्यक्ष मुलुकको सैनिक प्रमुख हुनु विवादको विषय नहोला। तर छयालीस साल पछिको राजनीतिक समीकरणमा पनि सेना वास्तवमा सरकारको मातहतमा देखिएन। गिरिजाप्रसाद कोइराला मन्त्रिमण्डलका एक वरिष्ठ सदस्य गोविन्दराज जोशीले सार्वजनिक रुपमा नै सेनाले सरकारको आदेशको पालना नगरेको अभिव्यक्ति दिएका थिए। सेनाले २०५७ असोजमा डोल्पा जिल्ला सदरमुकाम दुनैमा भएको माओवादी आक्रमणका बेला सरकारलाई पर्याप्त सहयोग नगरेकोले ठूलो क्षति व्यहोर्नु परेको भन्दै तत्कालीन गृहमन्त्री जोशी सरकारबाट बाहिरिएका थिए।

०४७ असार ९ गतेका दिन शाही नेपाली सेनाका सबै इकाईहरुलाई निम्न कुराहरु उल्लेख गरी तत्कालीन संविधान सुझाव समितिमा सुझाव पेश गर्न परिपत्र गरिएको थियो : श्री ५, शाही नेपाली सेनाको परमाधिपति तथा अतिरथी रहनै पर्ने, प्रधान सेनापति राजाले नियुक्त गर्नु पर्ने र उक्त पद संवैधानिक हुनु पर्ने, तथा सार्वभौमसत्ता राजामा निहित हुनु पर्ने एवम् नेपाल एक हिन्दू राष्ट्र नै रहनु पर्ने।[६]

राजा र सेनाबीचको सान्निध्यता २०४७ को संविधान सुधार आयोगमा पनि विवाद र असन्तुष्टिको विषय रहेको थियो। आयोगका एक सदस्य निर्मल लामाले यो विषयलाई समेत लिएर समितिबाट नै राजिनामा दिने चेतावनी दिएका थिए। ०४७ भदौ ७ गते आयोगका अध्यक्ष विश्वनाथ उपाध्यायले नेपाल हिन्दू अधिराज्य नै रहने वा धर्म निरपेक्ष राज्य रहने र सेना कसरी सञ्चालित हुने भन्नेमा समिति निर्णयमा नपुगिसकेको बताएका थिए। यसमा प्रशस्त विवाद भए पनि संविधानले नेपाललाई हिन्दू राष्ट्र र राजालाई सेनाको परमसेनापतिकै रुपमा घोषणा गऱ्यो।[७]

सार्वभौमसत्ता र संविधानको अख्तियारी

मुलुकको सार्वभौमसत्ता र संविधान प्रचलनको अख्तियारी कोसँग रहेको छ भन्ने प्रसङ्ग हामी कहाँ विरोधाभाषपूर्ण र विवादित छ। नेपाल वैधानिक कानुन, २००४ लागू गर्दाका बखत तत्कालीन राणा शासकले नेपालको सार्वभौमसत्ता र सो वैधानिक कानुन प्रचलनको अख्तियारी आफूमा रहेको दावी गरेका थिए। पछि आएर २००७ सालमा प्रजातन्त्रसँगै घोषणा गरिएको नेपाल अन्तरिम शासन विधानमा भने सार्वभौम सत्ता जनतामा निहित रहेको र संविधानको अख्तियारी पनि जनतामै रहेको बताइयो। वि.सं. २०१७ सालमा महेन्द्रले शासन आफ्नो

सक्कल मस्यौदा	दरबारको मस्यौदा
▸ नेपाली जनताले संवैधानिक परिवर्तनका लागि ऐतिहासिक जनआन्दोलन मार्फत व्यक्त चाहना बमोजिम	▸ यो वाक्यांश हटाइएको
▸ नेपाली जनताको बोर्ड मार्फत् उनीहरुको आफ्नै चाहना बमोजिम निर्मित यो संविधान हामी घोषणा तथा जारी गर्दछौं :	▸ नेपाल र नेपाली जनताको खुशी र समृद्धि हाम्रो प्रमुख लक्ष्य तथा हामी त्यो लक्ष्य प्राप्तिको लागि दृढ भएकोले एउटा संविधान ... निर्माण गर्न एवं जारी गर्न वान्छनीय भएकोले... हामी यो संविधान घोषणा तथा जारी गर्दछौं :
▸ मन्त्रिपरिषद्को सल्लाह र सम्मतिमा	▸ नेपालको संवैधानिक कानुन, रीतिरिवाज, व्यवहार एवम् परम्परा अनुसार
▸ हामीबाट समय-समयमा जनचाहना अनुसार शासन संचालन गर्ने प्रतिबद्धता व्यक्त गरे बमोजिम	▸ हाम्रा आदरणीय पूर्वज एवम् हामी आफै पनि जनचाहना मुताविक शासन संचालन गरिरहेका छौं
▸ सार्वभौमसत्ता नेपाली जनतामा निहित	▸ नेपालको सार्वभौमसत्ता श्री ५ सहित नेपाली जनतामा रहनेछ।

स्रोत : माइकल हट, १९९८, पृष्ठ ४०-४१

हातमा लिएपछि २०१९ सालमा बनेको नेपाल अधिराज्यको संविधानले सार्वभौमसत्ता र संविधान प्रचलनको अख्तियारी आफूमा निहित गरे।[८] राजा ज्ञानेन्द्रले २०५९ असोज १८ गते निर्वाचित सरकार वर्खास्त गरेर कार्यकारी अधिकार आफैंमा राखेको कदम यस लडाईंको पछिल्लो परिदृश्य हो।

२०४६ सालमा प्रजातान्त्रिक व्यवस्थाको पुनर्वहाली पछि वनेको अन्तरिम सरकारसँग तत्कालिन राजावाट खेलिएको 'खेल' लाई नजिकवाट नियाल्ने हो भने पनि राजा आफैंमा सार्वभौम अधिकार र संविधान प्रचलनको अख्तियारी राख्न अग्रसर थिए भन्ने प्रष्ट हुन्छ। ०४७ वैशाख १ गते तत्कालीन राजा वीरेन्द्रले देशवासीका नाममा सम्वोधन गर्दै संविधान सुझाव समिति निर्माण भएको घोषणा गरे। यो राजा आफैंले संविधान खोज्ने प्रयासको एउटा पाटो थियो। समिति २०१९ कै संविधान संशोधन गरेर राजालाई बुझाउने सूरमा थियो। तर त्यो समिति विघटन भएर नयाँ बन्यो।[९]

०४७ कार्तिक ४ गते दरबारले सरकारद्वारा पेश गरिएको भन्दा पृथक चरित्रको नयाँ संविधानको मस्यौदासम्न्धी सामग्री संचार माध्यममा छापिएको थियो। त्यसमा सार्वभौमसत्ता जनतामा निहित रहने विषयमा पनि अस्वीकृति जनाइएको थियो।

मर्यादा र सक्षमता

बेलायतीहरु राजाले प्रतिनिधित्व गर्ने परम्परागत 'मर्यादा' र निर्वाचित कार्यकारिणीले प्रतिनिधित्व गर्ने 'सक्षमता' लाई संस्थागत गर्न सफल भए।[१०] कसैलाई पनि हानी नपुग्ने किसिमले पहिलो संस्थाबाट दोस्रोमा शक्तिको प्रत्यायोजन गरियो। हामीले त्यही राजनीतिक प्रारुपलाई धारण गर्न खोज्यौं। तर कुशलतापूर्वक त्यसो हुन सकेन। तसर्थ दरवार निर्वाचित कार्यकारिणीलाई हटाउने अवसरको खोजीमा निरन्तर रह्यो। सत्तासीन र अन्य राजनीतिक दलहरुले यसप्रति वेवास्ता गरे।

धार्मिक, सांस्कृतिक पक्ष

हाम्रो कानुन प्रणाली हिन्दू धार्मिक, सांस्कृतिक कृत्यहरुवाट गहिरो ढंगले प्रभावित छ। हाम्रो इतिहासको प्राचीन र मध्यकालमा धर्मशास्त्रमा लेखिएका कुराहरु नै कानुन हुन्थे र तिनलाई राजाले प्रचलनमा ल्याउने गर्थे। राजामा कार्यकारिणी, विधायकी र न्यायिक अधिकार केन्द्रित हुन्थ्यो। इतिहासको आधुनिक कालमा पनि राजाले आफूलाई विष्णुको अवतार भनी प्रस्तुत गर्ने प्रचलन रह्यो। शाह वंशीय राजाहरुले पनि यसो गरे। जनतामा रहेको धार्मिक, सांस्कृतिक मान्यताका आधारमा आफू शासन सत्तामा रहिरहने प्रयासहरु भए। राजाले मात्र देश र देशवासीलाई माथि उठाउन सक्छ भनेर शासन गरेको पनि २ सय ३४ वर्ष बितिसक्यो।

राजनीतिक प्रतिरोध

राजसंस्था र देशमा क्रियाशील राजनीतिक शक्तिहरुबीच सुमधुर सम्बन्ध त कहिले पनि रहेन। तर पनि माओवादीले 'राजतन्त्र उखेल्ने' भनेर चलाइरहेको सशस्त्र द्वन्द्व बाहेक नेपालका राजाले विगतमा आफ्ना विरुद्ध त्यति धेरै प्रतिरोधहरु खप्नु परेको देखिदैन। नेपाली

काङ्ग्रेसले ०१७ सालमा बहुदलीय व्यवस्थालाई निलम्बन गरेपछि राजा माथि बम समेत प्रहार गऱ्यो। तर ०३३ सालमा आएर सो पार्टीले राजाको प्रत्यक्ष शासन रहेको पंचायती व्यवस्थासँग 'मेलमिलापको नीति' अवलम्बन गऱ्यो। उसले संवैधानिक राजतन्त्रलाई अपरिहार्य भनेर वकालत गरिरहृयो।

राजतन्त्रविरुद्ध कडा देखिने वामपन्थीहरुले पनि पछिल्ला दिनहरुमा राजतन्त्र उन्मूलनसम्मको विषयलाई टाढै राखेका छन्। २०२८ सालमा सर्वहारा राज्यको स्थापनार्थ हतियार उठाउने धारको वामपन्थी विचार २०४६ मा आएर संवैधानिक राजतन्त्रको बुँदामा राजा स्वयं र नेपाली कांग्रेस सहितको सम्झौता स्वीकार गर्न पुग्यो। वास्तवमा हामीले 'वेस्टमिन्स्टर मोडल' को अभ्यास बेलायतको जस्तो राजा पराजित भएको अवस्थाबाट शुरु गरेका होइनौं। आन्दोलनरत राजनीतिक शक्तिहरु कांग्रेस र वाममोर्चा सरहको एक शक्ति राजा पनि रहेको अवस्थाबाट शुरु गरेका हौं।

राजा र संसदबीचको शक्ति संघर्षका क्रममा बेलायतमा चार्ल्स प्रथमलाई फाँसी दिइयो, जेम्स द्वितीयले गद्दी त्याग गर्नु पऱ्यो र राजाको कार्यकारी अधिकारलाई खोस्दै संसदले 'क्याबिनेट' पद्धति शुरु गऱ्यो। राजालाई संवैधानिक परिधिभित्र रहन बाध्य गराइयो। नेपालमा भने राजा विरोधी शक्तिहरुले आखिरमा राजा सहितकै राजनीतिक प्रणालीमा सामञ्जस्यता कायम गरे। राजा संविधान बाहिर गए भनेर आन्दोलनरत राजनीतिक दलहरुले राजतन्त्र, राजा नै चाहिदैन भनेका छैनन्। उनीहरु 'असोज १८' गरेको शाही कदमलाई सच्याउनु पर्ने मागमा अडिग छन्।

एकताको प्रतीक

विविधताले भरिएको हाम्रो मुलुकमा राजालाई एकताको प्रतीक भन्ने गरिएको पनि पाइन्छ। तर विविध धर्मावलम्बीहरु भएको देशमा धर्म विशेषका राजालाई एकताको प्रतीक हुन सहज भने छैन। कतिपय घटनाले त राजाहरु सांस्कृतिक अतिक्रमणकारी हुन् कि भन्ने पनि पर्न सक्छ। उदाहरणार्थ, नेपाल एकीकरणका क्रममा कीर्तिपुर विजय गरेपछि पृथ्वीनारायण शाहले कीर्तिपुरवासीका ओठ र नाक काट्ने आदेश दिएका थिए।[११]

हाम्रो संविधानमा वेस्टमिन्स्टर प्रणालीको दुरुस्त नक्कल गरी सिद्धान्त तथा संस्थाहरु व्यवस्थित गरिएबाट समस्या उत्पनन भएको छ। संविधान नै दिग्भ्रमित हुन पुगेको छ। कुनै अर्को प्रणालीको नक्कलको रुपमा मुलुकको राजनीतिक प्रणाली संचालन गर्दा सरकार सम्भ्रान्तहरुको चंगुलमा हुन्छ भने जनआकांक्षाको प्रस्फुटन र प्रवाह हुन सक्दैन। उदाहरणका लागि तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले ०५१ सालमा आफ्नै पार्टीका ३६ जना सांसदहरुद्वारा उनको स्वेच्छाचारी शासन शैलीको विरोध गरिएपछि प्रतिनिधिसभा विघटन गरे र मध्यावधि चुनावको सिफारिस गरे। यो कुनै राष्ट्रिय संकट नभएर पार्टीको आन्तरिक विग्रहको परिणाम मात्र थियो। सर्वोच्च अदालतले पनि संसद विघटनलाई प्रधानमन्त्रीको विशेषाधिकार भनेर सही ठहऱ्याई दियो। सर्वोच्च अदालतले प्रजातन्त्र र कानुनी शासनको मूल आधार जनचाहनालाई प्रधानमन्त्रीको विशेषाधिकारले छायाँमा पार्न सक्दैन भनेर फैसला गरेको भए राम्रो हुन्थ्यो भन्नेहरु पनि छन्। अदालतले एउटा प्रधानमन्त्रीले आफ्नै असफलतामा सारा जनताका प्रतिनिधिहरुको सिङ्गो संस्थालाई कसरी दण्डित गर्न सक्छ भन्ने प्रश्नको उत्तर नदिएको भन्नेहरु पनि छन्।[१२]

राजा र श्रीपेचमा फरक

वेष्टमिन्स्टर मोडल अंग्रेजी समाजको एक विशिष्ट उपज हो। यद्यपि, मुलुकमा प्रजातान्त्रिक परिपाटीको प्रचलन त हुनै पर्दथ्यो। तर हाम्रो जस्तो विविधताले भरिपूर्ण समाजमा सम्भावित असरहरुको गहन अध्ययन गरेपछि मात्र त्यही प्रारुपको राजनीतिक प्रणाली अनुशरण गर्नु उपयुक्त हुन्थ्यो।

जुन-जुन देशले आफ्नो व्यवहारिक धरातलको यथार्थमा परीक्षण नगरी अन्य मुलुकको शासन प्रणालीको अनुशरण गरे, ती देशको शासन प्रणालीमा निम्न लिखित परिदृश्य देखा परेका छन्।

- संसद व्यवस्थापिका कानुन निर्माणमा कम प्रभावी तथा कम सक्रिय रहन्छ। यो व्यर्थको विभाजनमा अल्झिन्छ र कानुन कार्यान्वयनको संपरीक्षण पूरै उपेक्षित रहन्छ।
- कार्यपालिका भ्रष्ट कारोवारमा खुला रुपमै लिप्त रहन्छ। अध्यादेश मार्फत शासन गर्ने प्रवृत्ति तथा कर्मचारीतन्त्रको राजनीतिकरण सामान्य लक्षणका रुपमा देखा पर्दछन्।
- न्यायपालिका परम्परागत संरचनावादभित्र सीमित रहन्छ। नागरिकहरुको अधिकारको पक्षमा हस्तक्षेप गर्न अनिच्छुक देखिन्छ। प्राविधिक विषयले जनताको अधिकारलाई ओझेलमा पार्छ।[१३]

यस प्रकारको असक्षमता हाम्रो सन्दर्भमा पनि प्रष्ट देखिएको छ। तर पनि यस्तो असफलताका निम्ति बेलायती प्रारुपको शासन पद्धति जिम्मेवार हुन सक्दैन। यसलाई अनुशरण असक्षमताले नराम्ररी आघात पारेको छ। संसदलाई पर्याप्त शक्तिशाली बनाइएको भए त्यहींबाट समाधान निस्कने थियो। तर हामी कहाँ त्यस्तो भएन। बरु

राजा	श्रीपेच
राजा एक व्यक्ति हो।	यसले राजा, मन्त्रिपरिषद् र संसदलाई बुझाउँछ।
ऊ मरणशील हुन्छ, मृत्यु हुन्छ।	यो अमर हुन्छ।
उसलाई छुन, देख्न सकिन्छ।	यो अमूर्त हुन्छ।
राजाको जन्म हुन्छ, गद्दी आरोहण हुन्छ र मृत्यु हुन्छ।	यो अस्तित्वमा रहिरहन्छ।
राजा कमजोर हुन्छन्, शक्तिहीन हुन्छन्।	प्रशासन राज संस्था श्रीपेचको मातहतमा हुन्छ।

स्रोत : शिरिषचन्द्र रेग्मी, नेपाल र भारतको सरकार

संसदलाई कमजोर तुल्याउने प्रयास भइरह्यो। यो बाहेक संसदमाथि भएका सुनियोजित प्रहारले पनि यस संस्थालाई अहिलेको दुरावस्थामा पुऱ्याएको हो।

संसदीय व्यवस्थामाथिको प्रहार

विश्वमा लामो संसदीय परम्परा भएको भए पनि त्यस खालको अनुभव हामीसँग छोटो छ। २००७ सालमा प्रजातन्त्रको प्रादूर्भाव भए पनि संसदीय चुनाव र त्यसमार्फद् बनेको सरकारबाट मुलुकको शासन संचालन हुनलाई झण्डै एक दशक पर्खिनु पऱ्यो। नयाँ संविधान बन्यो, संसदका लागि चुनाव भयो र बहुमत प्राप्त राजनीतिक दलको सरकार पनि बन्यो। नेपाल अधिराज्यको संविधान २०१५ ले प्रतिनिधिसभा र महासभा गरी द्विसदनात्मक संसदको व्यवस्था गरेको थियो। तर कार्यपालिका, न्यायपालिका तथा व्यवस्थापिकाको प्रमुख भने श्री ५ नै हुने व्यवस्था थियो।[१४] उक्त संविधानको धारा ५५ र ५६ ले श्री ५ लाई संकटकालीन अधिकार लागू गर्न सक्ने अधिकार दिएको थियो। २०१७ पुस १ गते तत्कालीन राजा महेन्द्रले सोही धारा प्रयोग गरेर भर्खरै मात्र शुरु भएको संसदीय प्रजातन्त्रको अभ्यासमाथि प्रतिबन्ध लगाएर एक दलीय पंचायती शासनको शुरुवात गरे।

३० वर्षपछि पुन: संसदीय व्यवस्थाको पुनर्वहाली भयो। तर अभ्यासको १३ वर्ष नबित्दै यो अवसानतूल्य अवस्थामा पुगेको छ। यो अवस्था आउनुको मुख्य कारण शुरुवातदेखि नै यसकाविरुद्ध विभिन्न कोणहरुबाट भएका प्रहार नै हो।

राजा

संविधान निर्माणका क्रममा नै दरबारका तर्फबाट कतिपय महत्वपूर्ण बुँदाहरुमा हेरफेर गराइएको थियो। मुलुकको सार्वभौमसत्तामा श्री ५ को समेत भागिदारी रहनु पर्ने कुरा समावेश गरेर आफू संवैधानिक मात्र हुन नचाहेको झलक राजाले त्यतिखेर नै दिएको मान्न सकिन्छ।

वि.सं. २०५९ असोजमा आएर श्री ५ बाट देखिने गरी कार्यकारिणी अधिकारको प्रचलन आफूबाट हुने गरेर निर्वाचित सरकारलाई बर्खास्त गरियो। तर त्यसअघि स्वर्गीय राजा वीरेन्द्रले पनि आफू निस्क्रिय भएर नरहने छनक दिएका थिए। ०४८ सालमै राजा वीरेन्द्रले नेकपा (एमाले) का अध्यक्ष तत्कालीन प्रमुख विपक्षी दलका नेता मनमोहन अधिकारीसँगको भेटमा यदि राजनीतिक दलहरुले राजा, राजसंस्थामाथि प्रहार गरिरहे भने शक्ति आफूले हत्याएर राजसंस्थाका बारेमा जनमत संग्रहमा जान पनि सक्ने चेतावनी दिएका थिए।[१५]

अंग्रेजी साप्ताहिक पत्रिका "इण्डिपेन्डेण्ट" को ०४८ पुस २४ गतेको अंकमा प्रकाशित अन्तरवार्तामा तत्कालीन राजा वीरेन्द्रले संवैधानिक प्रक्रियाको सुदृढीकरणको पहिलो चरणसम्म आफूले पर्खिने र त्यसपछि जनताका समस्याहरु प्रत्यक्ष रुपमा बुझ्न उनीहरुकै माझ जाने बताएका थिए।

०४९ ५० देखि नै राजाले राष्ट्रिय सभामा आफ्ना तर्फबाट सदस्यहरु मनोनित गर्दा प्रधानमन्त्रीको औपचारिक सल्लाह, सुझाव लिन छाडेका हुन्।[१६] संसद विघटन, जसको सिफारिस प्रधानमन्त्रीले गर्छ। त्यसको विषयमा संसदले पास गरेर पेश गरेको नागरिकता सम्बन्धी (छैठौं संशोधन) विधेयकमा समेत श्री ५ बाट सर्वोच्च अदालतको राय लिने काम भएको थियो।[१७]

राजा ज्ञानेन्द्रबाट मुलुकको यस्तो 'दुर्दशा' हेरेर आफ्ना दाजु जस्तै चूप लागेर नबस्ने[१८] घोषणा गरेर सक्रिय शासनमा लाग्ने प्रष्ट संकेत दिइएको थियो। यसरी, राजसंस्था संसदीय व्यवस्थाले तोकेको संवैधानिक परिधि नाघेर बाहिर आउन प्रयासरत् रहिरह्यो।

राजनीतिक दलहरु

प्रजातन्त्रको पुनर्वहालीपछि सत्तारुढ र विपक्षमा रहेका दलहरुमा यस व्यवस्थाप्रति सही रुपमा आस्था नरहेको प्रतीत भयो। दलहरुमा आन्तरिक प्रजातान्त्रिक अभ्यासकै अभाव रह्यो। एक दलले अर्कोको आलोचना गर्नु अस्वभाविक नभए पनि दलहरु भित्रै गुट उपगुटमा विभक्त नेता, कार्यकर्ताहरुले संसदलाई पनि गुटगत खेलको शिकार बनाए। सरकार बनाउने र भत्काउने नाममा अस्वभाविक देखिने राजनीतिक समीकरणहरु पनि पटक-पटक बनाइए।

भ्रष्टाचारले स्वच्छ राजनीतिक कारवाहीलाई छायाँमा पार्‍यो। संसदमा सरकारले औपचारिकताको हिसावले मात्र आफूलाई प्रस्तुत गर्‍यो। विपक्षीहरुले जनताका आकांक्षाहरुलाई सही अर्थमा नउठाएको देखियो। सरकारको विरोध गर्ने नाममा उनीहरुले संसदीय प्रणालीलाई नै आघात पुग्ने गरी आफूलाई प्रस्तुत गरे। न सरकारले विपक्षीहरुका कुरालाई आत्मसात गर्‍यो न विपक्षीहरुले सरकारको सही कुरामा रचनात्मक सहयोग नै गरे।

२०४८ सालको संसदीय निर्वाचनपछि बनेको नेपाली कांग्रेसको सरकारका प्रधानमन्त्रीले भारतसँगको टकनपुर सन्धिलाई सम्झौता भनेर संसदलाई ढाँटेपछि सर्वोच्च अदालतले त्यसलाई सन्धि नै ठहर गर्‍यो। तर गिरिजाप्रसाद कोइरालाले अदालतको त्यो निर्णयको सम्मान गर्न राजीनामा दिनु भएन। विपक्षीहरुले उहाँलाई संसदमै राजिनामा गर्न अझ जोड लगाएनन्। राजालाई गुहारेर प्रधानमन्त्री हटाउने समेतको प्रयास गरे। प्रधानमन्त्रीले राजिनामा नगरेपछि तत् समयमा प्रतिनिधि सभामा प्रमुख विपक्षी दलका नेता मनमोहन अधिकारीले राजालाई त्यस विषयमा हस्तक्षेप गर्न अनुरोध गरे।[१९] त्यतिखेर कांग्रेस सभापति कृष्णप्रसाद भट्टराईसँग मिलेर अधिकारीले संयुक्त वक्तव्य जारी गरी त्यसअघि कांग्रेस महामन्त्री महेन्द्रनारायण निधिद्वारा गरिएको कोइराला सरकारको भंगको मागप्रति समर्थन जनाएका थिए।[२०] आफ्नै दलका ३६ जना सांसदहरुले समर्थन नगर्दा नै सरकारको नीति तथा कार्यक्रम असफल भएपछि कोइराला ०५१ सालमा प्रतिनिधिसभा विघटन गरेर मध्यावधि चुनावमा गएका थिए।

संसदमा प्रतिनिधित्व गर्ने अधिकांश पार्टीहरु बाह्र वर्षका बीचमा फुटको शिकार भए। राजावादी भनेर चिनिने राष्ट्रिय प्रजातन्त्र पार्टी, संसदमा प्रभावकारी उपस्थिति जनाएको संयुक्त जनमोर्चा, संसदमा अधिकांश समय प्रमुख प्रतिपक्षी दलको रुपमा रहेका नेकपा (एमाले) तथा अधिकांश समय सरकारमा रहेको नेपाली कांग्रेस पनि टुक्रिए। पार्टीहरुका यस्ता क्रियाकलापले राजनीतिक अस्थिरतालाई बढावा दियो र संसदका साथै पार्टीहरु प्रति जनतामा विश्वास घट्दै गयो।

सर्वोच्च अदालत

यस अदालतले गरेका निर्णयहरु यसै अदालतले बाहेक कसैले उल्टाउन सक्दैन। प्रतिनिधिसभा पनि यसका निर्णयहरु मान्न बाध्य छ। प्रतिनिधिसभा विघटन सम्बन्धी मुद्दामा पनि सर्वोच्चको ठहर नै अन्तिम हुन्छ। तर यस निकायले गरेको प्रतिनिधिसभा विघटनसम्बन्धी निर्णयहरु विवादास्पद रहे। ०५१ सालमा गिरिजाप्रसाद कोइराला र ०५९ सालमा शेरबहादुर देउवाले गरेको सिफारिस सदर भयो। ०५२ सालमा मनमोहन अधिकारी र ०५४ सालमा सूर्यबहादुर थापाले गरेको सिफारिस बदर गरियो। पृष्ठभूमि भिन्न भए पनि ती निर्णयहरु राजनीतिक रुपले प्रेरित थिए भन्ने आलोचना हुँदै आएको छ।

माओवादीहरु

नेकपा (माओवादी) विगत आठ वर्षदेखि राजतन्त्र तथा संसदीय बहुदलीय व्यवस्थाको स्थानमा उनीहरुको आफ्नै पाराको राजनीतिक प्रणाली स्थापना गर्न सशस्त्र आन्दोलनमा संलग्न छ। संसदीय बहुदलीय प्रजातन्त्रमा विश्वास गर्नेहरुमाथि उनीहरुले सांघातिक आक्रमण गरिरहेका छन्, धेरैको ज्यान लिइसकेका छन्। यसबाट यस व्यवस्थाप्रति आस्था राख्नेहरुमा त्रास पैदा भएको छ। बाँच्नैका लागि पनि कतिपयले डर, त्रासमा परेर संसदीय व्यवस्थाविरुद्ध लाग्नु परेको छ।

संसदीय संघर्ष

यस वर्ष पनि संसद केन्द्रित क्रियाकलापहरुले प्रशस्त चर्चा पाए। वर्ष २००३ संसदले आफ्नै अस्तित्वका निम्ति गरेको संघर्षका कारण विशेष उल्लेखनीय रहने छ। स्थायी सदन भनिएको राष्ट्रियसभाका बहालवाला सांसदहरुले सडकमै भए पनि दुई दिने 'विशेष अधिवेशन' सम्पन्न गरे। माथिल्लो सदनका ६० मध्ये ५० सदस्यहरु आपूर्ति गर्ने प्रतिनिधिसभा र निर्वाचित स्थानीय निकायहरुको अनुपस्थिति रहेको छ। त्यसैले सदनका सदस्यहरुको संख्या घटिरहेको छ। ६ वर्षे कार्यावधिको समाप्तिका कारण अध्यक्ष बाहिरिएपछि यो सदन नेतृत्वविहीन भएको छ। तर संसदीय क्रियाकलापहरुलाई ऊर्जा थप्दै राष्ट्रियसभाका संसदीय समितिहरुको बैठक भए। समितिका क्रियाकलापहरु जारी रहे।

यसपाली तेस्रो प्रतिनिधिसभाका दुई तिहाई भन्दा बढी निवर्तमान सांसदहरुले संसद भवनभन्दा बाहिरै भए पनि दुई दिने "विशेष अधिवेशन" को आयोजना गरे। यो 'असोज १८' गते शाही कदम विरुद्ध संसदवादी राजनीतिक पार्टीहरुले संचालन गरिरहेको शान्तिपूर्ण आन्दोलनकै अंश थियो।

सन् २००३ भरि नै यो व्यवस्थालाई माया गर्नेहरु व्यवस्था पुनः अस्तित्वमा फर्कियोस् भनेर लागिरहे।

राष्ट्रियसभा

राष्ट्रियसभालाई हाम्रो संसदको स्थायी सदनका रुपमा व्याख्या गरिन्छ। यो सदनले १३ वर्ष अगाडि प्रजातन्त्र पुनर्वहाली गर्दा प्रजातान्त्रिक शक्तिहरु र राजा

बीच हुन पुगेको सहमतिको भावनालाई संगालेको छ। पार्टी र राजाका प्रतिनिधिहरु यस सदनमा रहन्छन्। राजनीतिक विश्लेषकहरु यस सदनलाई प्रत्यक्ष निर्वाचनको अवगुणको असर न्यूनीकरण गर्ने माध्यम पनि मान्दछन्। यद्यपि, सत्तासीन लगायतका संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक पार्टीहरुले समेत कम वास्ता गरेका कारण यो सदनको महत्त्व र औचित्य छायाँमा परेको छ।

०६० जेठ २३ गते उपाध्यक्ष रामप्रित पासवानको नेतृत्वमा राष्ट्रिय सभाका बहुमत सदस्यहरुलाई सिंहदरबार परिसरमा रहेको संसद सचिवालयमा प्रवेश गर्नबाट रोक लगाइयो। विघटित प्रतिनिधिसभाको पुनर्स्थापनाको मुख्य माग लिएर आन्दोलनरत पाँच राजनीतिक दलहरुले आह्वान गरे बमोजिम राष्ट्रिय सभाको 'अधिवेशन' मा भाग लिन संसद सचिवालय प्रवेश गर्न खोज्ने सो सदनका ५९ मध्ये त्यहाँ उपस्थित ४१ जना सदस्यलाई रोकिएको थियो। प्रहरी र सांसदहरुबीच दुई पटक झडप हुँदा पनि प्रहरीले 'माथिको आदेश' भन्दै सांसदहरुलाई अगाडि बढ्न दिएन। त्यसबखत् सांसदहरुले आफूहरु संसदको बहालवाला सदस्य भएकोले प्रवेश गर्न पाउनु पर्ने जिकिर गरेका थिए।

काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारी लक्ष्मीप्रसाद भट्टराई, सांसदहरु सिंहदरबार मूलद्वारमा प्रवेशका लागि प्रयास गरिरहँदा सोही द्वारको भित्र उभिरहेका थिए। सांसदहरु त्यहाँ पुग्नु अगावै मूल द्वारको ढोका लगाइसकिएको थियो र सांसदहरुलाई रोक्न वरिपरि सुरक्षाकर्मीहरु तैनाथ गरिएका थिए। सरकारको यस्तो व्यवहारबाट आक्रोशित सांसदहरुले त्यसपछि उपाध्यक्ष पासवानको अध्यक्षतामा मूलद्वार अगाडि नै आफ्नो 'अधिवेशन' को पहिलो दिनको कार्यक्रम गरेका थिए।

राष्ट्रियसभाका अधिकांश सदस्यहरुले सो सभाको बैठक साविक भवनमा नै गर्न, बोलाउन प्रयास गरे पनि उनीहरु त्यसो गर्न असफल रहे। उनीहरुले सिंहदरबार प्रवेशको मूल द्वार सामुन्ने भुईमा बसेर सो 'विशेष बैठक' को पहिलो दिनको कार्यक्रम सम्पन्न गरे। बैठकको सभापतित्व ग्रहण गर्न सदस्यहरुले आग्रह गरे पनि सदनका अध्यक्ष डा. मोहम्मद मोहसिनले नैतिक एवम् कानुनी कारण देखाएर त्यसो गर्न अस्वीकार गरेका थिए।

अधिवेशनको दोस्रो बैठक ०६० जेठ २४ गते राजधानीको रत्नपार्क स्थित खुल्ला सडकमा बस्यो। अध्यक्षको आसनबाट बैठकलाई समापन गर्दै उपाध्यक्ष पासवानले प्रजातन्त्र र संसदीय व्यवस्थाको खातिर सडकमा पनि सदन चलाइएको बताए।

बैठक समापन हुनु अगाडि राष्ट्रिय सभामा प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) का नेता युवराज ज्ञवालीले श्री ५ को राजनीतिक दलहरु र संसदीय व्यवस्थालाई बेवास्ता गर्दै मुलुकलाई निरंकुशता तर्फ धकेल्ने कार्यका कारण समस्या समाधानको बाटो राष्ट्रिय सहमतितर्फ नलागेको बताए। "दासता भन्दा मृत्यु नै प्यारो छ" भन्दै ज्ञवालीले अब हुने समस्या समाधानको राष्ट्रिय सहमति राजा सहित वा राजा रहित पनि हुन सक्ने बताए।

बैठकलाई सम्बोधन गर्दै राष्ट्रियसभामा नेपाली कांग्रेसका प्रमुख सचेतक दिलबहादुर घर्तीले श्री ५ द्वारा संसदमा प्रतिनिधित्व नै नभएका दलका मानिसलाई ल्याएर सरकार निर्माण गरिएको कार्यको आलोचना गरे।

बैठकमा राजतन्त्रविरुद्ध गणतन्त्रको माग बढ्ने कुरा पनि उठेको थियो। राष्ट्रियसभामा नेकपा (एमाले) का सदस्य केदार न्यौपानेले राजाको राजनीतिक दललाई बेवास्ता गर्ने कार्यका कारण विरोध कार्यक्रमहरु गणतान्त्रिक नेपालको दिशातिर बढ्न बाध्य हुने बताए। सदस्य वक्ताहरुले राजा संविधानको दायरा भित्रै रहनु पर्ने र संसदीय व्यवस्थाको निरन्तरता रहनु पर्नेमा जोड दिएका थिए।

बैठकमा विघटित प्रतिनिधिसभाका सांसदहरुको बैठकले पारित गरेका विभिन्न ६ वटा प्रस्तावहरु पनि पारित गरिएका थिए।

घट्दो संख्या

जम्मा ६० जना संसद सदस्य रहेको राष्ट्रिय सभामा अहिले ३९ जना मात्र छन्। दुई वर्ष पछि थप २० जना सदस्यहरुको समयावधि समाप्त हुनेछ र १९ जना मात्र बाँकी हुनेछन्। त्यसको दुई वर्ष पछि बाँकी १९ सदस्यहरुको पदावधि सकिने छ र प्रतिनिधिसभा तथा स्थानीय निकायको निर्वाचन नभएमा तथा राजाबाट मनोनित नगरिएमा 'स्थायी सदन' भनिएको राष्ट्रिय सभा सदस्यको संख्या शून्य हुनेछ।

राष्ट्रिय सभामा सदस्यहरुको वर्तमान समीकरण

श्री ५ बाट मनोनितहरु-	६
नेकपा (एमाले)-	१६
नेपाली कांग्रेस-	१६
राष्ट्रिय प्रजातन्त्र पार्टी-	१

राष्ट्रिय सभाका समितिहरु

"सदन चल्दा सार्वजनिक प्रदर्शनको रुप लिन्छ भने सदनका सदस्यहरु समितिमा भेला हुँदा संसदले काम गरिरहेको हुन्छ।"[२१] यदि यो ठीक हो भने राष्ट्रिय सभाका समितिहरु मार्फत् हाम्रो संसद पनि सन् २००३ को शुरुतिर काममा नै रहेको मान्नु पर्दछ। उक्त सदन अन्तर्गतका चार वटा समितिको बैठक सो समयमा बसे र संसद मरिसक्यो,

यसको औचित्य नै छैन भनेर 'अफवाह' फैलाउनेलाई चुनौती पनि दिइयो। यस वर्ष ती समितिहरुका ४१ वटा बैठकहरु बसे। हुन त सरकारले ती समितिका बैठकहरुलाई त्यति महत्त्व दिएन। तर पनि समितिहरुले संसदीय व्यवस्थाप्रति प्रतिबद्ध मानिसहरु आफ्नो काममा लागिरहेका छन् भन्ने सन्देश दियो।

ती संसदीय समितिका सदस्यहरुको एउटा संयुक्त टोलीले ०५९ पुस १७ देखि २२ गतेसम्म माओवादी आक्रमणबाट क्षतिग्रस्त भएको जुम्लाको सदरमुकाम खलंगाको भ्रमण गरेको थियो।

दुर्गम क्षेत्र समिति

०५९ पुस २२ देखि माघ २८ गतेसम्म यो समितिका नौ वटा बैठक भए। पहिलो बैठकमा समितिले श्री ५ को सरकारको दुर्गम क्षेत्र विकास समितिका कार्यहरुका बारेमा छलफल गऱ्यो। बैठक समिति र स्थानीय विकास मन्त्रालयप्रति आलोचक रह्यो।

०५९ माघ १० गतेको बैठकमा समितिले तत्कालीन उपप्रधानमन्त्री बद्रिप्रसाद मण्डललाई बोलाएर समितिका सदस्यको जुम्ला भ्रमणका बारेमा जानकारी गरायो। त्यस बैठकमा समितिले प्रधानमन्त्रीलाई आमन्त्रण गरेको भए पनि उनी उपस्थित भएनन्। बैठकले माओवादी प्रभावित दुर्गम क्षेत्रका जनताको कष्टकर जीवनका बारेमा जानकारी गराउन प्रधानमन्त्रीलाई पुनः आमन्त्रण गर्ने निर्णय गऱ्यो।

समितिको माघ २१ गतेको बैठकले सरकार र माओवादी विद्रोही बीच भएको युद्धविरामलाई स्वागत गर्दै मुलुकमा स्थायी शान्तिका लागि दुवै पक्षलाई इमान्दारीपूर्वक अगाडि बढ्न आह्वान गऱ्यो। समितिको बैठकको श्रृङ्खला माओवादी विद्रोहीहरुले सोलुखुम्बु जिल्लाको सदरमुकाम सल्लेरीमा गरेको आक्रमणको स्थलगत भ्रमणको निर्णय गर्दै ०५९ माघ २८ गते समाप्त भयो। तर समिति सो भ्रमणमा गएन। अध्यक्ष गौरा कोइरालाको सदनको सदस्यता अवधि समाप्त भएपछि समिति नेतृत्व विहीन छ।

सरकारी आश्वासन समिति

यो समितिले सरकारका आश्वासनहरुको कार्यान्वयनको स्थिति हेर्ने गर्दछ। यस वर्ष समितिले १० वटा बैठक गऱ्यो। ०५९ पुस २२ गतेको बैठकमा तत्कालीन भूमिसुधार मन्त्री तथा सोही मन्त्रालयका सचिवलाई बोलाएर नेपालको मध्य तथा सुदूर पश्चिम क्षेत्रका मुक्त कमैयाको उचित पुनर्स्थापनाको बारेमा जानकारी लियो।

समितिको ०५९ पुस १७ गतेको बैठकले सरकारको आश्वासन बमोजिम बालबालिका सम्बन्धी ऐन २०४८ संशोधन काम भइरहेको छ कि छैन भन्ने विषयमा जानकारी लियो। ०५९ माघ २१ गतेको बैठकमा समितिले तत्कालीन महिला तथा बालबालिका मन्त्री र सोही मन्त्रालयका सचिवलाई आमन्त्रण गरेर देशमा बालमजदुरहरुको अवस्थाको बारेमा जानकारी लियो। मन्त्रीद्वारा समितिलाई नेपालमा ११ लाख बालमजदुर रहेको जानकारी दिइयो। समितिले अनुगमन तथा मूल्यांकन उप-समितिको दोस्रो प्रतिवेदन पनि प्रकाशित गऱ्यो। ०५९ माघ २७ गते समितिको अन्तिम बैठक भयो।

सामाजिक न्याय समिति

यो समितिको बैठक वर्षभरिमा १३ पटक बस्यो। समितिले आफ्ना बैठकहरुमा मानवअधिकारका कतिपय सवालहरुलाई उठाएको थियो। ती विषयहरुमा श्री ५ को सरकारसँग मागिएको जानकारी एवम् स्पष्टीकरण पनि थियो।

समितिले सरकारसमक्ष महिलाहरुलाई वैदेशिक रोजगारीमा जान लगाइएको प्रतिबन्धका सम्बन्धमा सोधेको थियो। सिरहामा दलितहरुको घर भत्काउने गैर दलितहरु उपर कस्तो कारवाही भयो भन्ने विषयमा पनि समितिले प्रश्न उठाएको थियो। पश्चिम नेपालको विभिन्न जिल्लामा रहेका मुक्त कमैयाहरुको जीवन यापनको अवस्थाका बारेमा समितिले स्पष्टीकरण सोधेको थियो। समितिले सरकारलाई तराई क्षेत्रमा शीत लहरबाट प्रभावित मानिसहरुलाई यथासम्भव राहत सुविधा उपलब्ध गराउन पनि निर्देशन दिएको थियो।

०५९ माघ २० गते समितिको बैठकले श्री ५ को सरकार र माओवादी बीच भएको युद्धविरामको जोडदार समर्थन गर्दै दुवै पक्षलाई मानवअधिकारको रक्षा एवम् सम्वर्द्धनका लागि सैद्धान्तिक एवम् व्यवहारिक दुवै मोर्चामा उत्तिकै प्रतिबद्ध रहन आह्वान गऱ्यो। माओवादीबाट भइरहेको सर्वसाधारणको अपहरणको समितिले कडा शब्दमा विरोध गऱ्यो। ०५९ माघ २९ गतेसम्म समितिको बैठक चल्यो।

प्रत्यायोजित व्यवस्थापन समिति

यो वर्ष यस समितिका ९ वटा बैठकहरु बसे। ०५९ पुस १७ गते बसेको पहिलो बैठकमा समितिले स्थानीय निकायका निवर्तमान पदाधिकारीहरुसँग स्थानीय स्वायत्त शासन ऐन, २०५५ का संशोधन गर्नुपर्ने दफाहरु र संविधानसँग बाझिएका प्रावधानहरुको विषयमा छलफल गऱ्यो। समितिको ०५९ माघ ३ गतेको बैठकले तत्कालिन

उपप्रधानमन्त्री बद्रिप्रसाद मण्डलको उपस्थितिमा व्यापार तथा वाणिज्य क्षेत्रसँग सम्बन्धित कानुनहरुका बारेमा छलफल गऱ्यो।

संसदीय व्यवस्थाको निरन्तरताका खातिर राष्ट्रिय सभाको वैठक बोलाउनु पर्ने माग गर्दै ०५९ फागुन २ गते समितिको वैठकको शृङ्खला समाप्त भयो।

प्रतिनिधिसभा विघटित अवस्यामै

संविधानले संसदलाई आवश्यकता अनुसार कानुन बनाउने, कानुनको संशोधन गर्ने वा संविधानसँग बाभिएको हदसम्म अदालतको निर्णय बमोजिम खारेज गर्ने अधिकार दिएको छ। संविधानको धारा १२६ अनुसार सरकारले विदेशी मुलुक वा कुनै अन्तर्राष्ट्रिय संस्थासँग गरेको सन्धि पनि संसदको दुई तिहाई बहुमतद्वारा अनुमोदित भएपछि मात्र मान्य हुन्छ। संसदले अधिकांश संवैधानिक निकायका वार्षिक प्रतिवेदन उपर छलफल गरी आवश्यक सुभाव पनि दिन्छ। संसदलाई सर्वोच्च अदालतका न्यायाधीश लगायत कुनै पनि न्यायाधीशलाई मनासिव कारणको आधारमा आफ्नो दुई तिहाई बहुमतबाट महाअभियोग लगाएर हटाउन सक्ने अधिकार पनि छ।

तर ०५९ जेठमा प्रतिनिधिसभा विघटन भएपछि संसदले गर्नु पर्ने भनी तोकिएका कतिपय कामहरु श्री ५ को सरकारले गरिरहेको छ भने कतिपय काम गरिएका छैनन्।

अध्यादेशको शासन

हाम्रो मुलुक अध्यादेशबाट शासित भइरहेको छ। गएको वर्ष सरकारले १६ वटा अध्यादेशहरु जारी गऱ्यो। संसदीय व्यवस्था अवलम्बन गरेको मुलुकले यति लामो समयसम्म अध्यादेश मार्फत् शासित हुनु विडम्बना नै हो। अध्यादेशले पक्ष विपक्षमा छलफल, वादविवाद नै नभई कानुनको रुप लिन्छ। यतिखेर संसदमा रहेको दलहरुको प्रतिनिधित्वका आधारमा बनेको सरकार नभएको हुनाले शासनमा जनसहभागिता छैन। राष्ट्रिय महत्त्व र सरोकारका विषय लगायत शासनमा जनसहभागिता हुनु पर्छ भन्ने प्रजातन्त्रको मूल मर्मलाई अध्यादेशको शासनले धराशायी बनाएको छ। निर्वाचित स्थानीय निकायका पदाधिकारीहरुको स्थानमा सीमित राजनीति भुकाव भएका मानिसहरुलाई मनोनित गरिएबाट पनि संसद नहुँदा प्रजातन्त्रलाई कसरी निर्ममतापूर्वक प्रहार गरिएको छ भन्ने देखिएको छ। संविधान र स्थानीय निकाय सम्बन्धी ऐन कानुनहरुले सरकारलाई त्यसो गर्न अनुमति दिँदैन। तर मनोनित 'प्रजातान्त्रिक' परिपाटीले सरकारका क्रियाकलापमा भाग लिन पाउने जनअधिकारलाई हरेक कदममा लत्याउँदै बहुदलीय प्रजातन्त्रको मेरुदण्डलाई नै रुग्ण बनाउँदै लगेको छ।

सन्धि अनुमोदन

नेपाल ०६० भदौ २६ गतेदेखि विश्वव्यापार संगठनको सदस्य भएको छ। विद्यमान संविधान अनुसार सो सम्बन्धी सन्धि संसदको संयुक्त वैठकको दुई तिहाई बहुमतद्वारा अनुमोदित नभएसम्म वैध मानिदैन। सरकार जसरी अध्यादेश मार्फत् शासन गरिरहेछ, यस प्रसंगमा अध्यादेशमार्फत् संसदको शक्तिलाई कार्यकारिणीमा खिंचेर ल्याउने प्रयास गर्ला। तर आलोचकहरुले डब्लुटिओको सदस्यता हाम्रो जस्तो कमजोर अर्थतन्त्र भएको मुलुकका लागि ठूलो जोखिम भनिरहेका बेला यसको भार खेप्नु पर्ने जनता वा तिनको प्रतिनिधि बीच छलफल नै नगरी सोभै सदस्य बन्नु आफैमा एउटा अप्रजातान्त्रिक कार्य हो। संसद हुन्थ्यो भने जनताको प्रतिनिधिले यसमा छलफल गर्न सक्थे।

शान्ति वार्ता

श्री ५ को सरकार र माओवादी विद्रोहीहरु बीच २००३ मा भएको करिब सात महिना युद्धविराम र तीन चरणसम्म भएको शान्ति वार्ता असफल भयो। हुन त संसद जीवित भएको बखत ०५८ मा भएको पहिलो युद्धविराम र शान्ति वार्ता पनि असफल रहेको हो। त्यसका कारणहरु मध्ये एक तत्कालिन सरकारले माओवादीसँग वार्ता गर्दा संसदमा प्रतिनिधित्व गरिरहेका सम्पूर्ण राजनीतिक दलहरु बीचबाट वार्ताको राज्य पक्षीय संयुक्त कार्यसूची प्रस्तुत गर्न नसक्नु पनि थियो। सरकार आफूसँग भएको वार्ताको कच्चा विषयवस्तुलाई लिएर वार्तामा बस्यो र संसदबाट प्राप्त गर्न सक्ने समर्थन, शक्तिबाट वञ्चित भएर कमजोर देखा पऱ्यो। वार्ता असफल भएपछि सरकारले त्यसको नैतिक जिम्मेवारी माओवादीले लिनु पर्ने वातावरण समेत सृजना गर्न सकेन।

युद्धविराम र वार्ताको पहिलो चरणमा लोकेन्द्रबहादुर चन्दको सरकार सहभागी भएको थियो। उनको राजिनामा पछि राजाबाटै नियुक्त प्रधानमन्त्री सूर्यबहादुर थापाको सरकार माओवादीसँगको शान्ति वार्तामा सहभागी भयो। उनीहरु संसदलाई मन नपराउने कसैबाट, कहीं कतै तयार पारिएको तपसीलका विषयहरु लिएर वार्तामा माओवादीको सामना गर्न गए। शान्ति वार्ताका लागि जनताका सवाल के हुन सक्थे भनेर उनीहरुले कसैलाई सोधेनन्। राजाको विश्वास जितेर प्रधानमन्त्री बनेका दुवै पूर्वपञ्च वार्ताका लागि संसदवादी दलहरुको समर्थन जुटाउन पूर्णत: असफल रहे। माओवादी

पनि उनीहरुले नै मान्यता नदिएको सरकारसँग उनीहरुको 'महान् जनयुद्ध' को बिट मार्न अगाडि आए। संसद र संसदवादी राजनीतिक दल वा संगठनहरुलाई वार्ता प्रक्रियामा संलग्न नगराउँदा दुवै पक्षले चर्को मूल्य चुकाउनु पर्‍यो।

संवैधानिक निकायहरुको कार्य

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११७ ले प्रधान न्यायाधीश लगायत अन्य संवैधानिक निकायका पदाधिकारीहरुको नियुक्तिका लागि श्री ५ मा सिफारिस गर्न जिम्मेवार संवैधानिक परिषद्को पदेन सदस्यका रुपमा राष्ट्रियसभाका अध्यक्ष र प्रतिनिधिसभामा प्रमुख प्रतिपक्षी दलका नेतालाई समेत तोकेको छ। समितिको अध्यक्षमा प्रधानमन्त्री र सदस्यमा प्रधान न्यायाधीश र प्रतिनिधि सभाका सभामुख छन्। प्रतिनिधिसभा विघटित रहँदा सो सभाका प्रमुख विपक्षी दलको नेताको पद रिक्त छ भने राष्ट्रिय सभाका अध्यक्षको पद पनि अहिले खाली छ। अहिले ५ मध्ये तीन जना सदस्य मात्र परिषद्मा छन्। ०६० को चैत मसान्तमा सभामुख पनि पद मुक्त भएपछि सो परिषद् अल्पसंख्यक सदस्यहरुको गोहवरमा रहनेछ।

संवैधानिक परिषद्को स्थापनाका पछाडिको तर्क के हुन सक्छ भने यसले राजाको शक्तिलाई अंकुश लगाउँछ तथा कार्यकारिणीलाई आफ्नो हदभन्दा बाहिर गएर काम गर्न रोक्छ।[३२] तर परिषद्को घट्दो सदस्य संख्या र यसपाली प्रमुख निर्वाचन आयुक्त तथा अन्य आयुक्तहरुको नियुक्तिका लागि श्री ५ मा सिफारिस गर्ने प्रक्रियामा देखिएको अस्वस्थताले, रहनु पर्ने सदस्यहरु नरहँदा यसका क्रियाकलापमा अनुचित प्रभाव पर्ने देखिएको छ। लामो समयदेखि खाली रहेका ती पदहरुको नियुक्तिको सिफारिसका बारेमा परिषद्का अध्यक्ष समेत रहेका प्रधानमन्त्रीले सिफारिस गरेर पनि नगरेको बताए। परिषद्का सदस्य सभामुखले भने सिफारिस गरिसकिएको भनेर उनलाई चुनौति दिए। सञ्चार माध्यमहरुमा दरबारले परिषद्को सिफारिसमा परेका नामहरु मन नपराएको र आफू अनुकूलका व्यक्तिहरुको नाम सिफारिस गर्न भनेको खबर छापियो वा प्रसारित भयो। संविधानले तोकिए बमोजिमका अंगहरुमा रहने सदस्यहरु नहुँदा त्यस्ता अंगहरुको प्रयोजन र विश्वासनियता माथि नै आँच आउने देखिएको छ।

संवैधानिक निकायका प्रतिवेदनहरु

संविधानले शासनको विभिन्न निर्दिष्ट क्षेत्रहरुमा संवैधानिक निकायहरुको व्यवस्था गरेको छ। ती मध्ये अधिकांशले आफ्नो वार्षिक प्रतिवेदन श्री ५ मा जाहेर गर्नु पर्ने र ती प्रतिवेदनहरु उपर संसदमा छलफल हुनु पर्ने संवैधानिक व्यवस्था छ। संसदले छलफल पश्चात् ती प्रतिवेदनहरुमा राय, सुझाव, सल्लाह दिन सक्छ। जसले गर्दा ती निकायहरुको कार्यक्षमता, विश्वासमा वृद्धि हुन सक्छ। त्यसबाट जनतालाई आफ्ना प्रतिनिधिमार्फत् ती निकायका क्रियाकलापमा सहभागी हुने अवसर पनि प्राप्त हुन्छ। तर अहिले संसद नहुँदा यी सबै प्रक्रिया अवरुद्ध भएका छन्। संसदमा छलफल नभएसम्म ती प्रतिवेदनहरु सार्वजनिक नहुने हुँदा ती निकायका काम कारवाहीको बारेमा आमनागरिक र सिङ्गो राष्ट्र अनभिज्ञ छन्।

पछिल्लो समयमा आएर भ्रष्टाचार र भ्रष्टाचारीविरुद्ध सक्रिय देखिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगका दुई वटा वार्षिक प्रतिवेदनहरु श्री ५ समक्ष पेश गरिसकिएका छन्। तर ती दस्तावेजहरु संसद नभएका कारण सार्वजनिक भएका छैनन्।

त्यस्तै महालेखा परीक्षकको कार्यालयले तयार पारिसकेको दुई वार्षिक प्रतिवेदनहरु पनि न छलफलमा ल्याइएका छन् न त सार्वजनिक नै गरिएका छन्। लोक सेवा आयोग र महान्यायधिवक्ताको कार्यालयद्वारा श्री ५ समक्ष पेश गरिसकिएका दुई वार्षिक प्रतिवेदनहरु पनि छलफलमा आउन र सार्वजनिक हुन बाँकी नै छन्।

सन् २००३ मा संसदका सरोकारवालाहरु

सभामुख

प्रतिनिधिसभा विघटित भए पनि यसका सभामुख र उपसभामुख पद अहिले पनि रिक्त छैन। संविधानले विघटनको ६ महिनाभित्र नयाँ प्रतिनिधिसभाको चुनाव भइसक्ने परिकल्पना गरेको छ। त्यसअनुसार प्रतिनिधिसभाको अर्को चुनाव नभएसम्म दुवै पदमा पुरानै व्यक्तिहरु यथावत् रहने व्यवस्था गरिएको छ। सभामुख तारानाथ रानाभाटले भने आफू सभामुख भइरहनु परेको अवस्थालाई 'शरीर रहित शीर'[३३] भनेर व्याख्या गरेका छन्।

तर आन्दोलनरत संसदीय राजनीतिक पार्टीहरुले आन्दोलनकै क्रममा विघटित प्रतिनिधिसभाको 'अधिवेशन' बोलाउन र त्यसको अध्यक्षता गर्न गरेको आग्रहलाई उनले 'कानुनी र नैतिक' कारणहरु देखाएर अस्वीकार गरेका थिए।[३४] श्री ५ बाट सभामुख रानाभाटलाई राजनीतिक पार्टीहरुसँगको द्वन्द्वकै अवस्थामा दर्शनभेट दिइएको थियो। दर्शनभेटपछि सभामुखले राजा बहुदलीय व्यवस्थाप्रति प्रतिबद्ध भएको अभिव्यक्ति दिएपछि आन्दोलनकारी राजनीतिक पार्टी र उनी आबद्ध रहेको नेपाली कांग्रेस भित्रै पनि उनको आलोचना भएको थियो।

सरकार

संसदको सट्टा राजाले सरकार बनाउने र फेर्ने काम यस वर्ष पनि भयो। २०५९ असोज २५ गते राजाद्वारा लोकेन्द्रबहादुर चन्दको प्रधानमन्त्रित्वमा गठित सरकार यो वर्षको ०६० जेठ ६ गतेसम्म बहाल रह्यो। चन्दलाई नियुक्त गरेकै कार्यविधि अपनाएर राजावाट ०६० जेठ २१ गतेका दिन अर्का राजा पक्षीय 'सदावहार' राजनीतिज्ञ सूर्यबहादुर थापालाई प्रधानमन्त्री बनाइयो।

चन्द सरकारले प्रतिनिधिसभाको निर्वाचनका बारेमा पटक-पटक चर्चा गऱ्यो। तर त्यो सरकार विघटित रहेको प्रतिनिधि सभाको पुनर्स्थापनाको भने विपक्षमा रह्यो। आफैं पनि कानुनका विद्यार्थी रहेका चन्द 'संसद पुनर्स्थापना वा सर्वदलीय भेला कुनैलाई पनि संविधानसम्मत मान्न सकिदैन'[२५] भनेर प्रमुख राजनीतिक दलहरु र राजा बीच चलिरहेको द्वन्द्वलाई समाप्त पार्न ती दलहरुले राखेको कि संसदको पुनर्स्थापना वा सर्वदलीय सरकारको निर्माणका लागि सर्वदलीय गोलमेच सम्मेलन बोलाउनु पर्ने मागको विरुद्धमा उभिए। उनले अरुलाई समेत मान्य हुने कुनै अन्य उपाय पनि सुझाउन सकेनन।

प्रधानमन्त्री बनाइएको केही समयपछि ०६० जेठ ३० गते राजधानी दैनिकको अन्तर्वार्तामा सूर्यबहादुर थापाले चौथो प्रतिनिधि सभाको निर्वाचन गराउन उनी तयार रहेको र सोही निर्वाचनलाई संविधान सभाको निर्वाचन मानिनु पर्ने धारणा राखेका थिए। 'म संविधानसभा सरह मान्ने गरी प्रतिनिधि सभाको निर्वाचन, संसदको पुनर्स्थापना वा जनमत संग्रह जे मा पनि जान तयार छु' उनको भनाइ थियो। राजनीतिक दलहरुलाई सहमतिमा ल्याउन नसकेको आरोपमा चन्द बाहिरिएको अवस्थामा पार्टीहरुको समर्थन लिन थापाले त्यस्तो अभिव्यक्ति दिनु अनौठो थिएन। उनले ०६० जेठ २९ गते अन्नपूर्ण पोष्टमा 'पुनर्स्थापना गरेर भए पनि वा निर्वाचनवाट भए पनि संसदलाई क्रियाशील बनाएरै छाड्ने' प्रतिबद्धता जाहेर गरेका थिए। उनी राजनीतिक दलहरुसँग मित्रताको हात फैलाएर आफ्नो पदलाई लामो समयसम्म सुरक्षित राख्न चाहन्थे तर उनले आन्दोलनरत् दलहरुलाई वार्ताको टेबुलसम्म ल्याउन सकेनन्। उनले चन्दलाई प्रतिस्थापन मात्र गरे। ०६० जेठ २९ गतेको कान्तिपुर दैनिकमा उनी प्रतिनिधिसभाको पुनर्स्थापना तथा राष्ट्रियसभाको अधिवेशन बोलाउने बारेमा छलफल गर्न तयार रहेको समाचार छापियो। उनी कुटनीतिक चालबाजीका साथ भन्दै थिए- 'तर हाम्रा कार्यहरु संविधान सम्मत र व्यवहारिक छन् वा छैनन् तथा तिनीहरुको परिणाम/असर पनि हेर्नु पर्छ।'

वास्तवमा संसदमुखी क्रियाकलापहरु प्रति सरकारी व्यवहार यो वर्ष रुखो रह्यो। 'विशेष अधिवेशन' का लागि संसद भवन प्रवेश गर्न खोज्ने राष्ट्रिय सभाका अधिकांश सदस्यहरुलाई प्रवेश गर्न दिइएन। विघटित प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलले 'असोज १८' गतेको शाही कदम सच्याउन माग गर्दै आयोजना गरेका शान्तिपूर्ण जुलुसमाथि दमन गरियो। यस क्रममा ०६० जेठ १४ गतेका दिन दर्जनौं नेता तथा कार्यकर्ताहरु माथि सांघातिक प्रहार गरियो, धेरै घाइते भए।

नेपाल अधिराज्यको संविधानले शान्तिपूर्ण सभासम्मेलन, भेला गर्न प्रतिबन्ध लगाएको छैन। संयुक्त राष्ट्रसंघीय वडापत्र, मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र तथा नेपाल पक्ष राष्ट्र भएको अन्तर्राष्ट्रिय नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अभिसन्धिले शान्तिपूर्ण आन्दोलन, भेलालाई मानवअधिकारका आधारभूत मान्यताका रुपमा परिभाषित गरेका छन्। सरकारी ज्यादतिले यी सबै दस्तावेजको उल्लंघन गऱ्यो।

राजनीतिक दलहरु

राजनीतिक दलहरु संवैधानिक हुन्[२६] र तिनीहरु बहुदलीय प्रजातन्त्रको प्रमुख आधार स्तम्भहरु पनि हुन्। तिनीहरु प्रतिनिधिमूलक प्रजातान्त्रिक शासनको अभिन्न अवयव हुन्। संगठित राजनीतिक दलको राजनीतिक प्रतिपक्षीको रुपमा हुने उपस्थिति प्रजातन्त्रको अग्निपरीक्षा हो।[२७] प्रसिद्ध राजनीतिक विश्लेषक वेवरका अनुसार 'राजनीतिक दलहरु प्रजातन्त्रका सन्तान हुन् जसको अभावमा प्रजातन्त्रको भविष्य सुनिश्चित हुँदैन।[२८]

प्रजातन्त्र भनेको आत्म-उत्कृष्टता तथा स्वतन्त्रतातर्फको आधारभूत मानवीय चेष्टा हो। यो खुला रुपमा बोल्न पाउने अधिकार प्रतिको आवद्धता हो। प्रजातन्त्रमा आफूलाई लागेको सोच्न, विचार गर्न पाइन्छ। यस्ता आधारभूत मानवीय पक्षहरुलाई समाजमा रहेको बलियो पक्षले दवाएर राख्थ्यो। तर समाजका बहुमत मानिसहरु कमजोर अवस्थामा रहनु पर्थ्यो। तसर्थ प्रजातन्त्रका खातिर भएका संघर्षहरु दमन, उत्पीडनबाट छुटकारा पाउन तथा आधारभूत मानवअधिकारको वहालिको निम्ति थिए।[२९] निश्चय नै राजनीतिक दलहरु ती संघर्षहरुका अगुवा हुन्।

संसदीय व्यवस्था पक्षधर राजनीतिक दलहरु कि संसदको पुनर्स्थापना की सर्वदलीय सरकारको निर्माणको प्रमुख माग लिएर सडकमा छन्। धर्ना, जुलुस लगायत ती दलहरुले विघटित प्रतिनिधिसभाको दुई दिने अधिवेशन पनि आयोजना गरे।

संसद भवनमा नै सो 'अधिवेशन' गर्ने भनिए पनि सरकारले त्यहाँ प्रवेश दिएन। त्यसपछि त्यो अधिवेशनमा राजकीय प्रज्ञा प्रतिष्ठानको हलमा ०६० जेठ १४ र १५

गते आयोजना गरिएको थियो। सो 'अधिवेशन' मा सभामुख तारानाथ रानाभाटले अध्यक्षता गर्न अस्वीकार गरेपछि सदस्यहरु मध्येबाट सबैभन्दा जेष्ठ नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइराला 'सभामुख' बनेका थिए। 'अधिवेशन' को पहिलो दिन दलहरुले 'प्रतिगमन' नसच्चिए समानान्तर सरकारको घोषणा गर्ने बताएका थिए।[३०]

'सभामुख' को आसनबाट सभापति कोइरालाले सो 'अधिवेशन' नेपालमा प्रजातान्त्रिक आन्दोलनको एक ऐतिहासिक मोड भएको बताए। कोइरालाले संसद पुनर्स्थापना नै राजा र दलहरु बीचको समस्या समाधान गर्ने राम्रो बाटो भएको दोहोऱ्याए। राजाप्रति उनको टिप्पणी थियो- 'जनताको इच्छा विपरित चल्नु भनेको भेलमा विपरीत धारमा पौडन जस्तै हो।'[३१] त्यस अवसरमा अर्को प्रमुख आन्दोलनकारी घटक नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालले दलहरुको कुरा नसुने दलहरु आफ्नै समानान्तर सरकारको घोषणा गर्न बाध्य हुने बताए।

वर्ष बित्यो, न त संसद पुर्स्थापना भयो, न सर्वलदीय सरकार नै बन्यो। 'असोज १८' को कदम पनि सच्चिएन। दलहरुले आफ्नो तर्फबाट समानान्तर सरकारको घोषणा पनि गरेनन्। दलहरुले आफूले भनेका कुरामा प्रतिवद्ध रहन, त्यसलाई कार्यान्वयन गर्न राष्ट्रको मूलधार राजनीतिबाट लखेटिएको लामो समय वितिसक्दा पनि सकेका छैनन्। उनीहरु अरुले के गर्नु पर्छ भनेर सिफारिस गर्छन्, तर आफैले भनेको कुरा बेलाबेला बिर्सने गर्दछन्।

आन्दोलनरत पार्टीहरुद्वारा आयोजित विघटित प्रतिनिधिसभाको 'अधिवेशन' ले सरकारबाट जारी भएका अध्यादेशहरु, सरकार र माओवादी विद्रोही बीचको युद्धविराम र शान्ति वार्ताका विषयमा छलफल गरेको थियो। स्थानीय निकाय, भूटानी शरणार्थी समस्या, राष्ट्रिय सभाको बैठक र शान्तिपूर्ण प्रदर्शनमाथिको प्रहरी ज्यादति विरुद्धमा समेत गरी कूल ६ वटा प्रस्ताव पारित गरिएको थियो।

राजनीतिक अधिकार विरुद्धको हस्तक्षेप

रमेश शर्मा

पर्सा जिल्लाका ३६ वर्षीय रमेश शर्मा ०६० वैशाख २८ गतेका दिन राजनीतिक दलहरुले राजधानी काठमाडौंमा आयोजना गरेको शान्तिपूर्ण जुलुसमा भाग लिंदा प्रहरीले गरेको दमनबाट घाइते भई आफ्नो दाहिने आँखा गुमाउन पुगे। नेकपा (एमाले) को युवा संगठन प्रजातान्त्रिक राष्ट्रिय युवा संघसँग आबद्ध शर्मालाई काँटी जडिएको लठ्ठीले प्रहार गरिएको थियो। शर्माका अनुसार प्रहरीले उनको आँखामा ताकेर पटक पटक प्रहार गऱ्यो। उनले आफ्ना हातले छेक्न खोजे, तर सकेनन्। 'मैले एउटा आँखा गुमाएँ। तर यो प्रजातन्त्र पुनर्वहाली गर्न र जनतामा खोसिएका अधिकार फिर्ता लिन जनताका आँखा खोल्नका लागि हो' उनले भने।

पृथ्वीकुमार प्रजापति

भक्तपुर नगरपालिका-१४ का ५० वर्षीय पृथ्वीकुमार प्रजापतिलाई ०६० वैशाख ३१ गते आन्दोलनरत् राजनीतिक दलहरुले काठमाडौंमा आयोजना गरेको शान्तिपूर्ण जुलुसमा प्रहरीले अश्रुग्याँस प्रहार गरेपछि बेहोस भई लडेको अवस्थामा प्रहरीले निर्घात कुटपिट गरी घाइते बनायो। नेपाल मजदुर किसान पार्टीसँग आवद्ध प्रजापतिलाई प्रहरीले बन्दुकको संगीनले मलद्वारमा हिर्काएको थियो। उनको मलद्वार छेडिएर आन्द्रा समेत दुई ठाउँमा काटिएको थियो। उनको पेटमा रगत जमेको थियो। प्रहरीले उनलाई दुई घण्टासम्म उपचारार्थ अस्पताल लगेन। अरु प्रदर्शनकारी तितरवितर भइसकेपछि मात्र बटुवाहरुले उनलाई अस्पताल पुऱ्याएका थिए।

प्रस्तावनामा भनिए अनुसार हाम्रो संविधान बहुदलीय प्रजातन्त्रप्रति प्रतिवद्ध छ। हाम्रो संविधानले परिकल्पना गरेको राजनीतिक व्यवस्थामा राजनीतिक दलहरुको औचित्य प्रष्ट छ। राजनीतिक पार्टीहरु सार्वभौम शक्तिका वाहक हुन्। संसदले सार्वभौमिकताको कानुनी पक्ष धारणा गरेको हुन्छ भने जनताले राजनीतिक पक्षको भन्ने कुरा बृहत्रुपमा स्वीकार् गरिदै आएको छ। संसद नभएको वा कानुनी सम्प्रभुता निस्कृय रहेको बेलामा राजनीतिक सम्प्रभुता प्रभावशाली हुन्छ र जनमत संग्रहद्वारा जनतालाई शक्तिशाली बनाइन्छ। यदि यस्तो व्यवस्था छैन भने जनताका प्रतिनिधिको हैसियतले राजनीतिक दलहरुले त्यो भूमिका निर्वाह गर्न पाउनु पर्दछ। हाम्रो संविधानमा जनमत संग्रहको व्यवस्था छैन, यस अवस्थामा राजनीतिक पार्टीहरुले नै सार्वभौम अधिकार प्रयोग गर्ने पहिलो र उपयुक्त हकदैया राख्दछन्।[३२]

तर प्रजातान्त्रिक व्यवस्थाको मेरुदण्डका रुपमा परिकल्पना गरिएका राजनीतिक पार्टीहरुलाई विस्थापित गर्ने राजाको व्यवहारबाट थप समस्या उत्पन्न भएको छ। प्रतिनिधिसभाको पुनर्स्थापनालाई पनि समस्याको यथोचित सर्वस्वीकार्य समाधानका रुपमा ग्रहण गरिएको भने छैन। 'प्रतिनिधिसभाको विघटन वैध भनेर भनिएको सर्वोच्च अदालतको निर्णयलाई अर्को बेन्चको निर्णयले मात्र

उल्टाउन सक्छ। संविधानत: श्री ५ मा त्यस्तो अधिकार छैन। श्री ५ लाई सर्वोच्चको निर्णय उल्टाउन बाध्य पारियो भने अदालतको अस्तित्व नै धरमराउँछ। त्यसभन्दा पनि बढी, यस्तो कार्यले राजालाई निरपेक्ष शक्ति दिन्छ। यदि राजाले प्रतिनिधिसभा पुनर्स्थापना गर्न सक्छन् भने सर्वोच्च अदालतका हरेक निर्णय राजाले फेर्न सक्छन्।'[३३]

तर प्रतिनिधिसभाको निर्वाचन आम जनताको सहभागिता हुने गरी निष्पक्ष र स्वच्छ रुपमा तत्काल हुन सक्ने अवस्था पनि देखिँदैन। त्यसका निम्ति शान्तिको वहाली हुनै पर्दछ। शान्तिको वहाली र प्रजातन्त्रको संस्थागत सुदृढीका निम्ति विघटित प्रतिनिधिसभामा राजनीतिक पार्टीहरुको उपस्थितिका आधारमा राजनीतिक समाधान पहिल्याउन सकिनेछ। तत्काल प्रतिनिधिसभाको अस्तित्व नरहेका बेला उनीहरुलाई जनताका अनुमोदित प्रतिनिधि मान्नै पर्छ।

राजा

यो बर्ष पूर्वाञ्चलको विराटनगर र सुदूरपश्चिमाञ्चलको धनगढीमा गरी दुई स्थानमा राजा बाट 'नागरिक अभिनन्दन' का क्रममा सम्बोधन गरियो। दुवै ठाउँका सम्बोधनमा श्री ५ बाट संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रप्रति प्रतिवद्धता जनाइएको थियो। ०५९ चैत २२ गते धनगढीमा श्री ५ वाट वहुदलीय प्रजातन्त्र अन्तर्गत राजनीतिक दलहरुको सक्रिय सहभागिता तथा निर्वाचित जनप्रतिनिधि मार्फत् प्राप्त गर्न सकिने विश्वास प्रकट गरिएको थियो।

माओवादी

बहुदलीय प्रजातान्त्रिक परिपाटीप्रति माओवादीको दोधारे नीतिमा यो वर्ष पनि कुनै सुधार भएन। माओवादी अध्यक्ष प्रचण्डले ०६० कार्तिक २५ गते काठमाडौं पोष्टमा संसदवादी दलहरु र विद्रोही बीच 'प्रगिमन' विरुद्ध संयुक्त सहकार्य हुनु पर्ने आवश्यकता रहेको र उनीहरु प्रजातन्त्र प्रति प्रतिबद्ध रहेको बताएका थिए। संसदवादीसँग सहकार्य गर्ने भनिए पनि संसदीय परिपाटीका सम्वन्धमा भने उनीहरुको प्रष्ट धारणा आउन सकेन।

उनीहरु संसदवादी राजनीतिक पार्टीहरुले अघि सार्दै आएको संसदको पुनर्स्थापना वा सर्वदलीय सरकारको विपक्षमा उत्रिए। ती मागहरुलाई राजावादी, शाही कदम समर्थकहरुले पनि अस्वीकार गर्दै आएका छन्। माओवादीका उच्च नेता तथा पछिल्लो शान्ति वार्ता टोलीका संयोजक डा. बाबुराम भट्टराई[३४] 'संसदको पुनर्स्थापना वा सर्वदलीय सरकारको निर्माणबाट अहिलेको समस्या समाधान हुन सक्दैन' भनेर राजनीतिक दलहरुको विपक्षमा उभिए।

तर माओवादीका प्रवक्ता कृष्णबहादुर महराले ०५९ फागुन ३ गते राजधानी दैनिकमा 'अहिले संसदवादी राजनीतिक दल वा माओवादी वा राजा कसैलाई पनि उपेक्षा गर्न सकिने अवस्था छैन' भने। यो उनीहरुको ती राजनीतिक दलहरु प्रतिको सही समर्थन नभएर तत्कालीन रुपमा थामथुम पार्ने रणनीतिका रुपमा देखा पऱ्यो। भदौ १० मा शान्ति वार्ताबाट अलग्गिए लगत्तै उनीहरुले राजनीतिक दलका कार्यकर्ताहरुलाई मार्ने श्रृङ्खला जारी राखेबाट पनि यो प्रष्ट हुन्छ।

वर्तमान संविधान प्रति उनीहरु नकारात्मक नै रहिरहे।[३५] '०४७ को संविधानलाई ब्युँझाउन सकिदैन, संविधान सभाले नै गणतन्त्र वा अरु कुनै व्यवस्था रोज्छ। हामी यहाँ राजा मान्न आएका होइनौँ[३६] भन्ने माओवादीको भनाइ उनीहरुकै क्रियाकलापका कारण त्यति धेरै विश्वासनीय पनि रहेन।

सर्वोच्च अदालत

सर्वोच्च अदालतले प्रतिनिधिसभा विघटन सम्बन्धी मुद्दाहरुमा दिएको निर्णयले महत्त्व राख्दछ। सर्वोच्च अदालतले प्रतिनिधिसभा विघटनलाई चुनौति दिँदै परेका निवेदनहरुमा विघटनको वैधतामाथि अन्तिम निर्णय दिने हुँदा यसको महत्त्व बढ्ने भएको हो।

यस पटक सर्वोच्च अदालतको पूर्ण इजलासले आश्चर्यजनक रुपमा ०६० मंसिर १८ गते आफैंले ०५९ साउनमा तत्कालिन प्रधानमन्त्री देशरबहादुर देउवाले गरेको प्रतिनिधिसघा विघटनको निर्णय विरुद्ध परेको रिटमा प्रधानमन्त्रीको सो कार्य वैध ठहऱ्याउने सर्वोच्चको निर्णयमा पुनर्विचार गरी पाउन सो अदालतमा परेको निवेदन तथा सो मुद्दा सम्बन्धी सम्पूर्ण सक्कल दस्तावेज इजलास समक्ष दाखिल गर्न आदेश दियो।[३७]

यसभन्दा अघि सर्वोच्चको सो निर्णय उपर पुनरावलोकन गरी पाउन परेको निवेदन दरपिठ गरिएको थियो। यो पछिल्लो निवेदन अधिवक्ताद्वय ध्रुव कोइराला र सुनिलचन्द्र पौडेलले दर्ता गराएका थिए।[३८] तत्कालीन प्रधानन्यायाधिश केदारप्रसाद सहित ११ जना न्यायाधिशहरुको इजलासले सो निर्णय दिएको थियो।

संविधानको धारा ८८ बमोजिम सर्वोच्च अदालतले आफूले गरेका निर्णयहरुमा पर्याप्त आधार, मनासिव कारण वा यथेष्ट प्रमाण भए पुनरावलोकन गर्न सक्छ। सो अदालतले ०५९ साउनमा प्रधानमन्त्रीले संसद विघटन गर्ने निर्णय विरुद्धलाई सदर गर्दै सो विरुद्ध परेको रिटलाई खारेज गरेको थियो।

कानुन व्यवसायीहरुले सर्वोच्च अदालतको आफ्नै निर्णय उपर पुनरावलोकन गर्ने कार्य सामान्य भएको

टिप्पणी गरे। यद्यपि, उनीहरु सो अदालतले सो विषयमा पुनरावलोकन गरिहाल्छ भन्नेमा चाहिं त्यति आशावादी देखिएनन्।[३९]

सर्वोच्च अदालतको त्यस्तो आदेशले भने विघटित प्रतिनिधिसभाको पुनर्स्थापनाको प्रमुख माग लिएर आन्दोलनरत् राजनीतिक दलहरुलाई केही राहत दिएको थियो। आन्दोलनकारी दलहरु मध्ये एक प्रमुख घटक नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालले सर्वोच्च अदालतको सो कार्यको स्वागत गरेका थिए।[४०] यस वर्षको अन्त्यसम्ममा पनि सर्वोच्च अदालतले बहुचर्चित त्यस मुद्दामा पुनरावलोकन गरेन।

नागरिक समाज

नेपालमा प्रजातन्त्र, संसदीय व्यवस्थाको बहाली र पुनर्वहाली गर्न नागरिक समाजको योगदान महत्त्वपूर्ण छ। ०४६ मा प्रजातन्त्रको पक्षमा नागरिक समाज राजनीतिक दलहरुभन्दा कम प्रभावकारी थिएन। प्रजातन्त्रको पुनर्वहाली भएपछि यसको स्थायित्व र सुदृढीकरण तथा मानवअधिकारको रक्षाका लागि समाजले राष्ट्रका सबै खाले राजनीतिक शक्तिहरुलाई दबाब दिइरह्यो। बितेका तेह्र वर्षमा जनताको विश्वास लिएर मुलुक संचालन गर्न अग्रसर भएका राजनीतिक दलहरुका अप्रजातान्त्रिक र जनविरोधी कार्यहरुको नागरिक समाजले खुलेर विरोध गर्‍यो।

'असोज १८' गतेको शाही कदमको पनि नागरिक समाजले विरोध गरेको छ। प्रजातन्त्र एवम् मानवअधिकारको पुर्नवहालीको माग समाजको रहेको छ। जनताको आफ्ना प्रतिनिधिमार्फत् आफैंद्वारा मात्र शासित हुन पाउने अधिकारको सम्मान गर्न सबैलाई आह्वान गरिएको छ, दबाब दिइदै छ।

विदेशी शक्तिहरु

देशी तथा विदेशी राजनीतिक विद्वानहरुको एउटा समूह के विश्वास गर्छ भने नेपालमा २००७ सालमा प्रजातन्त्र स्थापना र पछि २०४६ मा यसको पुनर्वहाली हुनमा समेत विदेशीहरुको ठूलो श्रेय छ। त्यतिमात्र नभएर नेपालको राजनीतिमा हरेक पक्षमा उनीहरुको प्रभाव रहन्छ भनेर कतिपयले भन्ने गरेका छन्। नेपालको भू-राजनीतिक अवस्थाको कारण हाम्रो शासन प्रणाली, अर्थ व्यवस्था लगायतका कारण विदेशी शक्ति राष्ट्रहरुको चासो बढी छ भन्ने उनीहरुको तर्क छ। तर केही वर्ष यता आएर भने नेपालमा सरकार र माओवादी बीच चलिरहेको सशस्त्र द्वन्द्वका कारण शक्ति राष्ट्रहरुको चासो झन् गहिरिदै गएको छ। त्यसमा पनि 'असोज १८' र त्यसपछिका घटनाक्रमहरुमा विदेशीहरुको आडमा काम गरिरहेको भनेर राजनीतिक दलहरु, माओवादी र राजावादीहरुले एक अर्कालाई आरोप लगाइरहेकै छन्।

सन् २००३ मा विदेशी शक्तिहरुले संसद, संसदवादी दलहरुको आन्दोलन, माओवादी विद्रोह र संसदीय निर्वाचनलाई लिएर अभिव्यक्तिहरु दिए, आफूलाई सक्रिय राखे।

संसदीय, प्रजातन्त्रको जननी मानिने संयुक्त अधिराज्य बेलायतले नेपालको राजनीतिक अवस्थामा प्रशस्त चासो देखायो। उसले नेपालमा जारी सशस्त्र द्वन्द्व र श्री ५ र राजनीतिक दलहरु बीच चलिरहेको मतभेदको स्थायी समाधान खोज्ने हेतुले वरिष्ठ कुटनीतिज्ञ जेफ्री जेम्सलाई यहाँ खटाएको थियो। उनले पटक-पटक नेपालको भ्रमण गरी यहाँको कुटनीतिक समुदाय, राजनीतिक दलका नेताहरु, प्रधानमन्त्रीसमेतसँग भेटघाट र समस्या समाधानका बारेमा छलफल गरे। राजा र संसदवादी दलहरुको मतभेदप्रति लक्षित उनको सुझाव थियो- "संसदीय प्रजातन्त्र नै अहिलेको समस्याको जवाफ हो।"

बेलायत र नेपालको लामो कुटनीतिक सम्बन्ध, दुवै मुलुक राजतन्त्रात्मक भएको सत्य एवम् नेपालले बेलायती शैलीको संसदीय शासन प्रणाली अंगालेको कारणले पनि बेलायतले यहाँको अवस्थाप्रति बढी चासो देखाएको हुन सक्छ। नेपालका लागि बेलायती राजदूत जर्ज केइथ ब्लूमफिल्डले संसद र निर्वाचन बारे यस्तो टिप्पणी गरेका थिए- "संसदको पुनर्स्थापना भन्दा ताजा निर्वाचन नै उपयुक्त हुन सक्छ।" राजनीतिक दलहरुको सहभागिता नभएको शान्ति वार्ताले अपेक्षित परिणाम नदिने टिप्पणी पनि उनले गरेका थिए।

नेपालको राजनीतिक अवस्था बारे अमेरिकी चासो बढ्दै गएको विश्लेषकहरु विश्वास गर्छन्। माओवादी विद्रोही प्रति अन्य मुलुकभन्दा अमेरिका बढी आक्रामक छ र तिनीहरु विरुद्धको कारवाहीमा शाही नेपाली सेनालाई सहयोग गरिरहेको छ। माओवादी पनि उनीहरु प्रतिकूल हुने कुनै पनि कारवाहीमा अमेरिकी संलग्नता रहेको दावी गर्छन्। यस वर्ष अमेरिकी परराष्ट्र मन्त्रालयका दुई वरिष्ठ पदाधिकारीहरु क्रिष्टिना रोका र रिचर्ड आर्मिटेजले नेपालको भ्रमण गरेका थिए।

अमेरिकी राष्ट्रपति जर्ज डब्ल्यु बुशले श्री ५ को सरकारका तत्कालीन विशेषदूत डा. भेषबहादुर थापासँग न्यूयोर्कमा कुरा गर्दै नेपालमा संसदको निर्वाचन चाँडै हुने आशा व्यक्त गरेका थिए।[४१]

२००३ को अन्त्यतिर भारतको भ्रमणमा गएका प्रधानमन्त्री सूर्यबहादुर थापालाई उनका भारतीय समकक्षी

अटल बिहारी वाजपेयीले राजा र संसदवादी दलहरुबीच बढ्दै गइरहेको फाटो कम गर्दै माओवादीसँग मुकाबिला गर्न सर्वदलीय सरकारको निर्माण गर्न सुझाव दिएका थिए।[४२] नेपालका लागि भारतीय राजदूत श्यामशरणले सरकार-माओवादी शान्ति प्रक्रियामाथि प्रतिक्रिया व्यक्त गर्दै भनेका थिए- 'राजनीतिक दलहरुलाई सामेल नगराएसम्म शान्तिवार्ता सफल हुँदैन।'[४३]

नेपालको कुटनीतिक समुदाय आफू कार्यरत रहेको देशको आन्तरिक राजनीतिक विषयमा टिप्पणी गर्नु सही मानेमा कुटनीतिक परिधिभित्र पर्छ वा पर्दैन भन्नेमा विवादित रह्यो। रुसी राजदूत नाजारोभले विदेशी कुटनीतिज्ञहरुले नेपालको आन्तरिक मामलामा बोल्नु उपयुक्त नहुने बताएका थिए।[४४] त्यसको प्रतिवाद गर्दै अष्ट्रेलियाली राजदूत गार्डनरले[४५] प्रजातन्त्रको पक्षमा बोल्नु आन्तरिक मामलामा हस्तक्षेप नहुने विचार व्यक्त गरेका थिए।

जे भए पनि कुटनीतिक समुदायको वर्तमान नेपाल प्रतिको चिन्ता, चासोलाई विशेषदूत जेम्सको भनाइमा समेट्न सकिन्छ- 'हामी राजनीतिक दलहरुले नै मुलुक सम्हालेको र तलदेखि माथिसम्म निर्वाचित सरकार बाल भएको देख्न चाहन्छौं। सैनिकको सहयोगमा निरंकुशतन्त्रको सम्भावना छैन।'[४६]

नेपालमाथि प्रभावशाली रहेका मुलुकका राजदूतहरुले संसदवादी दलहरुलाई भेटी राजासँगको कटुता कम गर्न सल्लाह पनि दिएका छन्। उनीहरु मार्फत् नै राजाबाट मेलमिलापको दिशामा 'सकारात्मक सन्देश' आउने भनेर दलहरुले आफ्नो 'निर्णायक' भनेको आन्दोलनलाई 'मत्थर' पारेको खुलासा पनि भएको थियो।

शासन गर्न पाउने अधिकार

प्रजातन्त्रमा शासन गर्न पाउने अधिकार जनतामा मात्र रहन्छ। उनीहरु आफूले चुनेर पठाएका प्रतिनिधिहरु मार्फत् आफैंमाथि र मुलुकमा शासन संचालन गर्दछन्। प्रजातन्त्र जनतामा निर्भर रहने पद्धति हो। वर्तमान संविधानले हाम्रो स्थानीय तहदेखि केन्द्रीय तहसम्म नै गैरनिर्वाचित सरकारको परिकल्पना गरेको छैन। अझ जनतासँग भोट खसाल्न पाउने र सरकार बनाउन पाउने अधिकार छ। तर झण्डै दुई वर्षदेखि जनताबाट नछानिएका मनोनित मानिसहरुले देश चलाउँदैछन्। स्थानीय निकायमा पनि मनोनयनबाट नै पदाधिकारी नियुक्त गरिएको छ। मत खसाल्न पाउने विश्वव्यापी अधिकारबाट आमनागरिक वन्चित भएका छन्।



शासक र शासित बीच त्रास सृजना गरेर भारदारले मुलुक चलाएको अवस्थामा प्रजातन्त्र व्यवहारमा अनुभूत हुन सक्दैन।

अन्त्यमा

पञ्चायती व्यवस्थालाई फालिसकिएपछि गरिएको वेस्टमिन्स्टि प्रणालीको अन्धअनुशरण, राजनीतिक दलहरुका अप्रजातान्त्रिक क्रियाकलाप, दरबारको शासन प्रतिको महत्त्वकांक्षा, संविधानले बलियो बनाएको न्यायपालिकाको संसदीय व्यवस्था प्रतिको द्वैध धारणा र संसद सम्बन्धी विवादास्पद निर्णयहरुले गर्दा हाम्रो संसदीय प्रजातन्त्र कमजोर हुँदै गएको हो। पछिल्ला दिनहरुमा आएर भने संसदीय व्यवस्था तीन वटा कारणले अस्तित्व रक्षाको कठिन अवस्थामा पुगेको छ। पहिलो त, राजा संविधानले परिभाषित गरेको आफ्नो संवैधानिक दायरा नाघेर हिंडेका छन्। दोस्रो, संसदवादी दलहरु राजा प्रतिको आफ्नो धारणामा परिवर्तन गर्ने वा नगर्ने भनेर दोधारमा अल्झिएका छन्। उनीहरु कुनै एक दिशातर्फ बढ्ने निर्णयमा पुगिसकेका छैनन्। तेस्रो, बन्दुकको बीचमा माओवादीहरुले प्रस्ताव गरेको संविधान सभामार्फत् नयाँ संविधान बनाउनु पर्ने मागमा उनीहरु सहमत हुन सकेका छैनन्।[४७]

शान्तिपूर्ण वातावरणमा जनमत मार्फत् मुलुकको शासन व्यवस्था संचालन गर्ने व्यवस्था नै अहिलेको समस्या समाधानको उपयुक्त बाटो हुन सक्छ। त्यो नयाँ संसद, स्थानीय निकायको निर्वाचन वा नयाँ संविधानका लागि संविधान सभाको निर्वाचन वा माओवादीहरुका आधारभूत मागहरु सहित वर्तमान संविधानमा आमूल संशोधन यसका विकल्पहरु हुन सक्छन्। सर्वोच्च अदालतले संसद विघटनलाई सदर गर्ने निर्णयलाई पुनरावलोकन गरी संसदको पुनर्स्थापना गर्नु संसदीय व्यवस्थाको निरन्तरताको एउटा बाटो हुन सक्छ। यी मध्ये कुनै पनि कुरा गर्दा माओवादीहरुको सहभागिता, समर्थन रहनु पर्ने हुन्छ।

निश्चय नै, अब बन्ने संसद वा जनताका प्रतिनिधिहरुको राष्ट्रिय मञ्च अहिले विघटित अवस्थामा रहेको संसद भन्दा शक्तिशाली हुनै पर्दछ। किनभने जनताको आवाज बोल्ने थलो त्यही हो।

नोट

१. ढुङ्गेल, सूर्यप्रसाद अधिकारी, वीपी भण्डारी, क्रिस मुर्गाटयोड, १९९८, कमेटी अन वि नेप्लीज कन्स्टीच्युसन, काठमाडौं, डीइएलएफ, पृष्ठ ५५

२. खनाल, कृष्णप्रसाद, लोकराज वराल (सं.), (नेपाल- राजनीतिक दलहरु र संसद), एड्रोइट प्रकाशन, भारत, २००४) पृष्ठ ४०

३. पोखरेल, कृष्ण, विश्वका प्रमुख सरकारहरु, ०५५, काठमाडौं, एम. के. पब्लिसर्स एण्ड डिस्ट्रिव्यूटर्स, पृष्ठ ८९

४. लोल्मे, (पोखरेल, विश्वका प्रमुख सरकारहरुमा उधृत), ०५५, पृष्ठ ८९

५. ढुङ्गेल, अधिकारी, भपण्डारी, क्रिस, पृष्ठ संख्या-

६. नेपाल प्रेस डाइजेष्ट, ०४७ साउन १

७. हट, माइकल, १९९४, नेपाल इन दि नाइन्टीज, नयाँ दिल्ली, भारत, अक्सफोर्ड युनिवर्सिटी प्रेस, पृष्ठ ३८-३९

८. ढुङ्गेल, अधिकारी, भण्डारी, क्रिस, १९९८, पृष्ठ २३०

९. माइकल हट, १९९४, पृष्ठ ३०

१०. ढुङ्गेल, अधिकारी, भण्डारी, क्रिस, १९९८, पृष्ठ २२८

११. नेपालको सैनिक इतिहास, शाही नेपाली सेना मुख्यालय, काठमाण्डु, १९९२, पृष्ठ ६९

१२. संग्रौला, युवराज, जनवरी २००४, काठमाडौं, दिगो प्रजातन्त्रको लागि सरकारी अङ्गहरुको गतिशीलता : संवैधानिक कार्य सुचारुपन, प्लस मेडियम, मासिक विद्युतीय पत्रिका

१३. संग्रौला, २००४

१४. गौतम, डा. राजेश, ०५४, काठमाडौं, नेपालको संवैधानिक इतिहास र राजनीति, रत्नपुस्तक भण्डार, पृष्ठ ९२

१५. नेपाल प्रेस डाइजेष्ट, ०४८ असार ३, पेज २३३-३४

१६. वराल, लोकराज, २००४, पृष्ठ ६०

१७. ऐजन, पृष्ठ ६१

१८. नेपाल समाचारपत्र, ०५८ भदौ ३ गते

१९. वराल, लोकराज, २००४, पृष्ठ ५९-६०

२०. कांग्रेस सभापति भट्टराई र एमाले अध्यक्ष अधिकारीद्वारा ०५१ साउन १२ गते जारी गरिएको संयुक्त वक्तव्य

२१. विड्रो विल्सन, उधृत, उप्रेती, विष्णुदत्त, दक्षिण एशियाली संसदीय समिति प्रणाली- तुलनात्मक विश्लेषण ०५४, काठमाडौं, रत्न पुस्तक भण्डार

२२. ढुंगेल, अधिकारी, भण्डारी, क्रिस, १९९८, पृष्ठ ६५५

२३. कान्तिपुर, ०६० असार ९ गते

२४. स्पेसटाइम दैनिक, ०६० जेठ १३

२५. दि काठमाडौं पोष्ट, ०५९ चैत १

२६. नेपाल अधिराज्यको संविधान, २०४७, धारा ११२

२७. लेविन, सुजान, १९५५, द सेक्रेट अफ डिमोक्रेसी, न्यूयोर्क

२८. खनाल, रविन्द्र, २००१, नेपालमा प्रजातन्त्र, चुनौति र सम्भावना, ललितपुर, स्मृति वुक्स

२९. खनाल, रविन्द्र, २००१, पृष्ठ १०

३०. अन्नपूर्ण पोष्ट, ०६० जेठ १५

३१. ऐजन

३२. भट्टराई, टीकाराम, कान्तिपुर, ०६० जेठ २७

३३. संग्रौला, २००४

३४. स्पेसटाइम दैनिक, ०६० वैशाख ८

३५. नेपाल समाचारपत्र, ०६० भदौ २५

३६. समाचारपत्र, ०५९ चैत २३

३७. दि हिमालयन टाइम्स, ०६० मंसिर १९

३८. दि हिमालयन टाइम्स, ०६० मंसिर १९

३९. दि हिमालयन टाइम्स, ०६० मंसिर १९

४०. राजधानी, ०६० मंसिर २०

४१. राजधानी दैनिक, ०६० असार ३२

४२. नेपाल समाचारपत्र, ०६० मंसिर १०

४३. नेपाल समाचारपत्र, ०६० साउन २८

४४. नेपाल समाचार पत्र, ०६० मंसिर २४

४५. राजधानी दैनिक, ०६० मंसिर २६

४६. कान्तिपुर दैनिक, ०६० मंसिर ११

४७. वराल, लोकराज (सं.), २००४

परिच्छेद ४

बढ्दो बर्बरता र अमानवीय क्रियाकलाप

वीरेन्दकुमार शाह पीडाले छट्पटाइरहेका थिए। तिनीहरु निर्दयतापूर्वक उनको शरीरमा करौंती चलाइरहेका थिए। उनी वेदनाले छटपटाउँदै कराए "मलाई गोली ठोकेर मार !" तिनीहरु चिच्याए "गोलीको पैसा कस्ले तिर्छ?" उनले उत्तर दिए "मेरो मृत्युको कारण बन्ने गोलीको पैसा म नै तिरौंला।" तिनीहरुले उनलाई गोली ठोकेर मारे। त्यसपछि तिनीहरुले उनकी पत्नीसँग एउटाको एक सय पचहत्तर रुपैंयाका दरले तीन गोलीको पैसा असूल गरे।

यो रुकुमको आठवीसकोट गाविसको घटना हो। पीडकहरु अरु कोही होइन, माओवादीहरु नै थिए। तिनीहरुले शाहलाई सुराकीको संज्ञा दिए।

पालचौर गाविस डोटीका टेकप्रसाद जैसी र उनकी पत्नी चन्द्रकला जैसीको जीवनलीला उनीहरुको पिता र ससुरा विष्णुप्रसाद जैसीसँगै समाप्त भयो। उनीहरुको सात वर्षीय छोरा डबलप्रसादको शरीर पनि उनीहरुको लाशसँगै ढलेको थियो। तीन पुस्ताको एउटै विहान भएको थियो। उनीहरुले जीवन गुमाउनु पर्‍यो। किनकी नजिकैबाट बाली काटेर घरतिर फर्किरहेका उनीहरुलाई सुरक्षाफौजले आतंककारी देख्यो।

जोनापुर कैलालीका रामप्रसाद चौधरी र प्रेम चौधरी न त ड्युटीमा थिए न त उनीहरु प्रहरीको पोशाकमा थिए। उनीहरु माघी मनाउन घर आएका थिए। तर माओवादीले उनीहरुलाई खतरनाक दुश्मन देखे। आमनागरिक सरह खाली हात रहेका अवस्थामा माओवादीले उनीहरुको हत्या गरे।

एउटा अर्को घटनामा ज्ञानेन्द्र खड्का माओवादीद्वारा दिनको उज्यालोमा मारिए। उनको हत्याले अर्को वर्वरतापूर्ण घटनाको संख्या मात्र थपेन्। त्यसले फेरि एकपटक माओवादीको क्रूर अनुहार समेत देखायो। तिनीहरुले उनको दुवै हात भलिवलको खम्बामा लगेर पछाडि फर्काएर बाँधे। त्यसपछि चक्कूले उनको घाँटी रेटेर हत्या गरियो। तिनीहरुले उनको पत्नीलाई जवरजस्ति त्यो क्रूरता हेर्न लगाए।

आजको नेपालमा यस्ता घटनाहरु अस्वभाविक हुन छाडेका छन्। वर्वरता अक्कासिएको छ। वास्तवमा योजनावद्ध रुपमा वर्वरता र जंगली व्यवहारको शुरुवात ०५२ सालमा माओवादी विद्रोह शुरु भएपछि भएको हो। त्यसपछि वर्वरता अघिल्लो वर्षहरुका तुलनामा बढ्दै नै गइरहेको छ। राज्य र माओवादी दुवै पक्षले हत्याका निकृष्टतम तरिकाहरु अपनाउँदै आएका छन्। विभिन्न किसिमका जंगली व्यवहारहरु प्रकाशमा आएका छन्। अहिलेसम्म यस्ता-यस्ता जंगली घटना अभिलेख गरिएका छन्।

- धारिलो हतियारले हत्या
- छाला चिरेर हत्या
- ढुंगाले हानेर हत्या
- शरीरमा विस्फोटक बाँधी हत्या
- शरीरलाई टुक्रा टुक्रा पारी हत्या
- वन्चरो र घनले हानी हत्या
- लाठी र अन्य वस्तुले हानी हत्या
- मट्टितेल खन्याई हत्या
- भीरबाट धकेलेर हत्या

वर्वर आक्रमणबाट संजोगले बचेका कैयन मानिस छन्। ती मध्ये धेरै शारीरिक रुपमा अशक्त हुन पुगेका छन्। बद्रीप्रसाद अधिकारीको एउटै "अपराध" के भयो भने उनी कुनै बेला शाही सेनामा थिए। तिप्लिङ्ग गाविस, रामेछापका अधिकारी दुई वर्षदेखि शारीरिक रुपमा अशक्त छन्। माओवादीहरुले उनकै घरको दैलोमा उनको खुट्टा ढुंगाले किचेर भाचेका थिए। उनका आमा, पत्नी, चार छोरा र तीन छोरीहरु उनीप्रति आश्रित छन्।[१]

उल्लेखनीय कुरा के छ भने, यस्ता क्रियाकलापहरु संयुक्त राष्ट्र संघको बडापत्र १९४५ को विरुद्ध छन्। बडापत्रले मानवीय गरीमा र मूल्यमा जोड दिएको छ। तर जंगली र अमानवीय क्रियाकलापले संयुक्त राष्ट्र संघको बडापत्र र मानवअधिकारहरुको विश्वव्यापी घोषणापत्रलाई लत्याउँदै आएका छन्। मानवअधिकारहरुको विश्वव्यापी घोषपणापत्रको प्रस्तावनामै मानव परिवारका सबै सदस्यहरुको नैसर्गिक गरीमा, सम्मान र अहरणीय अधिकारहरुलाई विश्वको स्वतन्त्रता, न्याय र शान्तिको जगका रुपमा व्याख्या गरिएको छ।

घोषणापत्रले मानअधिकारको अपमान र अवहेलनाकै कारण मानवजातिको अन्तस्करणमा चोट पुर्‍याउने जंगली व्यवहार हुन गएको निष्कर्ष नै प्रस्तुत गरेको छ। यसले यस्तो विश्वको परिकल्पना गरेको छ, जहाँ मानवले वाक तथा आस्था र विश्वासको स्वतन्त्रता अनि भय र चाहनाबाट स्वतन्त्रता पाऊन्। यसैलाई आमजनताको साझा इच्छाका रुपमा ग्रहण गरिएको छ। शान्ति र समृद्धिको सपना देख्दै घोषणापत्रको धारा ५ मा कसैलाई पनि यातना, क्रूर, अपमानजनक व्यवहार वा सजाय दिन नहुने कुरा बताइएको. छ।

यातना र अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको संयुक्त राष्ट्र संघीय घोषणा, १९७५ ले यातनाको निषेधलाई विद्यमान अन्तर्राष्ट्रिय कानुनको जीवित सिद्धान्तका रुपमा ग्रहण गरेको छ। घोषणा यातना विरुद्धको महासन्धिको मस्यौदाको आधार थियो।

यो घोषणापत्रको प्रयोगका लागि "यातना" भन्नाले कुनै सार्वजनिक अधिकारी वा सार्वजनिक आधिकारिक क्षमता भएको हैसियतले काम गर्ने कुनै व्यक्तिवाट वा निजको सहमति वा मौन सहमतिवाट कुनै काम गरेको शंका लागेको वा कसैले पोलेको व्यक्तिबाट कुनै कुरा पत्ता लगाउन वा कुनै कुरा साविति गर्न लगाउन वा तेस्रो व्यक्तिसँग सम्बन्धित सुचना लिन गरिने शारीरिक वा मानसिक रुपमा कडा पीडा वा दुख हुने गरी दिइएको क्रियाकलापलाई जनाउछ।

यातना र अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा सजाय विरुद्धको महासन्धि १९८४ ले प्रस्तावनामै मानवमा अन्तरनिहित गरीमामा जोड दिएको छ। महासन्धिले सबै किसिमको यातना र बर्बरताको निषेध गरेको छ।

यद्यपि नेपालको सन्दर्भमा हेर्दा मानवतालाई कमजोर पारिदै छ र हिंस्रक अराजकताका साथ साथ बर्बरता फैलदो छ। एम्नेष्टी इन्टरनेशनलले सन् १९९७ को आफ्नो प्रतिवेदनमा विश्वका १ सय ८५ सार्वभौम राष्ट्रहरुमध्ये १ सय २३ ले नियमित रुपमा यातनाको प्रयोग गर्ने गरेको कुरा उल्लेख गरेको थियो। त्यो भन्दा पनि दुखदायी यथार्थ के छ भने सन् १९५० को आमहत्या विरुद्धको महासन्धि विपरीत विश्व राजनीतिमा त्यस प्रकारको अभ्यास भइरहेके छ। सन् १९९४ को अप्रिलमा र्‍वाण्डामा त्यही कुरा देखिएको थियो।

नेपालमा प्रहरी अधिकृतहरु हिरासतमा यातना दिइने गरेको कुरा अस्वीकार गर्दैनन्।[२] एम्नेष्टी इन्टरनेशनलले लिएको यातना पीडितहरुसँगको अन्तरवार्तावाट प्रहरी हिरासतहरुमा यातना फैलिएको तथ्य प्रकाशित भएको थियो। प्रहरी चौकी, जिल्ला र क्षेत्रीय प्रहरी कार्यालहरुमा हुने त्यस्तो क्रियाकलापमा सबै तहका प्रहरीहरु संलग्न रहने गरेको कुरा पनि त्यसक्रममा जानकारीमा आएको थियो। यातनाका रुपहरुमा बासको लाठी र पोलेथिन पाइपले बेस्कन कुट्ने, पाइतालामा बाँसको लाठीले पिट्ने, तिघ्रामा तौल सहितको बाँसले पेल्ने, कानमा मुक्कीले हिर्काउने आदि थिए।[३]

नेकपा (एमाले) सँग सम्बद्ध पुष्कर चौहान प्राणेश्वर उच्च माध्यमिक विद्यालयमा आयोजित बैठकमा भाग लिन जादै थिए। माओवादीहरुले अपहरण गरी उनलाई यातना दिए। त्यसपछि तिनीहरुले उनको आँखा फोडी दिए। राकाडम गाविस-३, रामेछापमा यातनाकै कारण उनको मृत्यु भयो। तिनीहरुले उनको लाशमाथि समेत गोली प्रहार गरे।

नालाङ्ग गाविस-९ पिपलनलाङ्ग नेका (प्रजातान्त्रिक) का कार्यकर्ता मोतिराम सिलवाललाई आमाको किरिया बसिरहेको अवस्थामा माओवादीले अपहरण गरे। दुईदिन पछि उनको टाउकोमा गोली ठोकेर खुकुरीले घाँटी रेटेर मारे।

नारायणस्थान गाविस-८, काभ्रेका चन्द्रलाल तामाङ र धर्मराज लामालाई घरतिर जाँदै गरेको अवस्थामा सुरक्षा फौजले पोखरी बजारमा गिरफ्तार गर्‍यो। सुरक्षाफौजले त्यसपछि उनीहरुलाई बेस्कन कुटपीट गर्‍यो। त्यसपछि दुवैलाई गोली ठोकी मारियो।

सुरक्षाफौजद्वारा गिरफ्तारीपछि गरिने हत्या नेपालको गम्भीर मानवअधिकार उल्लंघनको समस्याका रुपमा देखिएको छ। विश्वभर नै देखिएको प्रवृत्ति के छ, भने विद्रोहलाई दवाउने नाममा निर्दोष मानिसको ठूलो संख्यामा जीवनहरण गरिन्छ। सन् १९७० को अन्त्य र १९८० को शुरुवातमा ग्वाटेमालामा सशस्त्र विद्रोहलाई दवाउने नाममा भएको दमनका क्रममा दशौं हजार गैर सैनिक इण्डियन किसानहरु मारिएका थिए।[४]

सन् १९९६ को मानवअधिकार वर्ष पुस्तकमा उल्लेख गरिए अनुसार, नेपालमा मात्रै

तालिका १

माओवादीले सुराकी भनी सन् २००३ मा मारेका व्यक्तिहरु

क्र.सं.	मिति	नाम	ठेगाना	घटना संख्या	परिचय
१.	०६० ६ १२	हरिकृष्ण मिखवाल	भक्तपुर-१२, गाहिटी	१	प्रहरी हवल्दार
२	०६० ६ १२	राजेश केसी	ललितपुर-७, बुङमती	१	सर्वसाधारण
३.	०६० ६ १२	केशव कार्की	मोरङ	१	पूर्व प्रहरी हवल्दार
४.	०६० ६ १२	डिल्ली श्रेष्ठ	सुनसरी	१	पूर्व प्रहरी हवल्दार
५.	०६० ६ २६	रत्नबहादुर घिमिरे	बारा, जितपुर	१	पूर्व प्रहरी हवल्दार
६	०६० ७ १६	लालबहादुर शेष	सर्लाही, कविलासी	१	डाँका
७.	०६० ८ १२	नाम नखुलेको	देशका विभिन्न जिल्ला	३२	सर्वसाधारण
८.	०६० ८ २१	गजेन्द्र राई	धनकुटा, हिलेबजार	१	प्रहरी हवल्दार
९.	०६० ८ २१	आइतबहादुर तामाङ	धनकुटा, हिलेबजार	१	प्रहरी हवल्दार
		जम्मा		४०	

(माओवादीको आधिकारिक वेवसाइटमा उल्लेख गरिएका घटनाका आधारमा तयार पारिएका तालिका)

सुरक्षाफौजले मारेका कूल २५ जनामध्ये ७८ प्रतिशत निर्दोष परेको थिए। ती मध्ये चौध वर्षे दुते बुढासहित उन्नाइस जना नियन्त्रणमा लिइ सकेपछि मारिएका थिए।

सर्लाहीमा भएको एउटा घटनामा शंकर सहनी र रामईश्वर सहनी एक समूहद्वारा समातिए। रातभरि उनीहरुलाई एउटा स्कूलको कोठामा थुनेर राखियो। विहान उनीहरुलाई सुरक्षाफौजको जिम्मा लगाइयो। सुरक्षाफौजले उनीहरुलाई जवरजस्ति बन्दुक बोक्न लगायो। त्यही अवस्थामा उनीहरुको तस्वीर खिंचियो। त्यसपछि सुरक्षाफौजले उनीहरुलाई नै खाड्ल खन्न लगायो। उनीहरुलाई त्यही खाड्लमा लडाइयो र गोली ठोकी मारियो। शंकर सहनी नेकपा (एमाले) का कार्यकर्ता थिए।

माओवादी गतिविधिको शुरुवातदेखि नै जेनेभा महासन्धि कुराकानीको विषय बन्दै आएको छ। युद्धरत् दुवै पक्षले मानवीय कानुनप्रति ओठे भक्ति प्रदर्शन गर्दै आएका छन्। तर कैयन घट्नामा सर्वसाधारण लगायत नियन्त्रणमा लिइसकिएका "शत्रु" मारिएका छन्।

यस्तै एउटा घटना दोरम्बामा भयो। त्यो घटना जेनेभा महासन्धिको आन्तरिक प्रकृतिको सशस्त्र द्वन्द्वको समयमा गिरफ्तार गरी पूर्ण रुपमा कब्जामा लिइएका बन्दीको संरक्षण गर्नु पर्दछ भन्ने साझा धारा ३ को ठाडो उल्लंघनको उदाहरणका रुपमा देखिएको छ। मानवअधिकार संरक्षण र सम्बर्द्धनका निम्ति संवैधानिक निकाय सरहको उच्च अंग राष्ट्रिय मानवअधिकार आयोगले दोरम्बा घटनाका सम्बन्धमा विस्तृत छानविन गरी प्रतिवेदन प्रकाशित गरेको थियो। आयोगले १९ जना

तालिका २

सन् 2003 मा हत्या गरिएका पीडित संख्या घटनाको प्रकार अनुसार

घटनाको प्रकार	गैर राज्यबाट माओवादीबाट पीडित					राज्यपक्षबाट				
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या										
एम्बुस परी हत्या	४२	१२२	३	१	१२६	१	१			१
वम विस्फोटनबाट हत्या	२८	५४	७		६१	२	१	२		३
बलात्कारपछि हत्या	१	१			१					
दोहरो भिडन्त	३६	९७	२		९९	९१	२३१	३७	४९	३१७
आफ्नै एम्बुसमा परी मृत्यु	२	४			४					
आफ्नै बम विस्फोटनबाट मृत्यु	९	१४	२		१६					
गोली हानी हत्या	१७६	२२३	४		२२७	४१८	६७१	९८	१५	७८४
हत्याको प्रकृति नखुलेको	५	५	२		७					
जम्मा	२९९	५२०	२०	१	५४१	५१२	९०४	१३७	६४	११०५
विभत्स हत्या										
घाँटी रेटेर हत्या	४	४			४					
घाँटी थिचेर मारिएको	१	१			१					
घाँटी काटेर हत्या	३	३			३	२	२			२
भीर वा डाँडाबाट खसालिएको										
झुण्डाएर हत्या	२	२			२					
विष दिएर हत्या						१		१		१
कुटपिट गरेर	१४	१५			१५	१	२			२
गाडीबाट किचाएर हत्या										
धारिलो हतियार प्रयोग गरी हत्या	६५	६६	३		६९	१	१			१
जम्मा	८९	९१	३		९४	५	५	१		६
कूल जम्मा	३८८	६११	२३	१	६३५	५१७	९०९	१३८	६४	११११

मानिसलाई पछाडि हात बाँधिएको अवस्थामा नजिकबाट गोली हानी हत्या गरिएको निष्कर्ष निकालेको छ।

चार वर्ष अगाडि रोल्पा जिल्लाको हारजंग गाविस-३ मा माओवादीले एउटा घरमा जम्मा भएर बसेका आठ जना गाउँलेहरुलाई मारे। तीन जना व्यक्ति घाइते भए। घटना विवरण अनुसार साठी वर्षीय हस्त गिरीदेखि पन्ध्र वर्षीय चैते पुन कर्मा रोकाको घरमा बसी कुराकानी गरिरहेका थिए। त्यही बेला माओवादी त्यहाँ पुगे र आगजनी गर्न थाले। आगोबाट बच्नका लागि भाग्न खोज्नेहरुलाई गोली हानेर मारियो।[४] माओवादीले पीडितहरुलाई अर्थोक होइन सुराकीकै आरोप लगाए।

यो कुरा पनि यहाँ उल्लेखनीय छ, यस्ता घटनाहरुमा जेनेभा महासन्धिको साझा धारा ३ र दोश्रो प्रोटोकल आकर्षित हुन्छ। प्रोटोकल दुई आन्तरिक द्वन्द्वमा पीडितहरसँग सम्बन्धित छ। यसले चारवटै जेनेभा युद्धसम्बन्धी साझा धारा ३ को आधारभूत सिद्धान्तहरुलाई अघि सार्छ। यसले उच्चसंविदाकारी पक्षको भूमिमा भएको द्वन्द्वमा सर्वसाधारण नपरुन भन्ने कुरामा विशेष चासो राख्दछ।

जेनेभा महासन्धिले युद्धमा संलग्न नभएका वा असंलग्न रहन चाहनेहरुप्रति मानवीय व्यवहार गर्नु पर्ने कुरामा विशेष जोड दिएको छ। हत्या, यातना, अङ्गभङ्ग पार्ने काम लगायतका शारीरिक सजायलाई महासन्धिले पूर्णत: वर्जित गरेको छ। नागरिकलाई हिंसा, युद्धको अंगका रुपमा प्रयोग गरिने भोकमरी र आफ्नो थलो छाड्न बाध्य पार्ने काम वा धम्की विरुद्ध प्रष्ट प्रावधान राखिएको छ। ऐतिहासिक स्मारक, कला, पूजा स्थलको ध्वंश वा तिनीहरुको सैन्य प्रयोजनका निम्ति प्रयोगलाई पनि वर्जित गरिएको छ।

तर नेपालमा सरकारले मानवअधिकार र मानवीय कानुनका बारेमा बोल्ने गरेको कुरा र व्यवहारका बीचमा ठूलो खाड्ल रहँदै आएको छ। माओवादीका तर्फबाट पनि कैयन प्रतिवद्धताहरु व्यक्त गरिएका छन्। तर आममानिसमाथिको उनीहरुको ज्यादतीमा कुनै परिवर्तन आएको छैन्। ०६० कार्तिक ३० गते माओवादीहरुले राजनीतिक प्रतिद्वन्द्वीहरुलाई कुनै हानी नगर्ने व्यहोराको अर्को वक्तव्य जारी गरे। माओवादी पार्टीका अध्यक्ष प्रचण्डको हस्ताक्षर सहित जारी गरिएको सो वक्तव्यमा भौतिक संरचना, शस्त्रविहीन सुरक्षाकर्मी, राजनीतिक कार्यकर्ता र आमनागरिकमाथि आक्रमण नगर्ने घोषणा गरियो। तर त्यस्तो प्रतिवद्धता आज पर्यन्त व्यवहारमा उतारिएको भने देखिँदैन्। माओवादीले विगतमा पनि पटक पटक यस्ता प्रतिवद्धताहरु व्यक्त गरेका छन्। तैपनि सुरक्षाफौज र माओवादी दुवै पक्षबाट यस्ता घटनाहरु थपिँदै छन्।

संयुक्त राष्ट्र संघीय मानवअधिकार आयोगका विशेषज्ञहरुले ०६० कार्तिक २६ गते नेपालप्रति विशेष चासो व्यक्त गरेका थिए। आयोगका यातनासम्बन्धी प्रतिवेदक भान वोवेनले अन्य दुई विशेषज्ञहरुसँग मिलेर जनाएका थिए, नेपालमा "थुनामा रहेकाहरु यातना र अरु

सन् २००३ मा राज्य र माओवादीबाट हत्या गरिएका पीडित संख्या घटनाको प्रकार अनुसार

तालिका ३



किसिमका दुर्व्यवहारका कारण जोखिममा छन्।" त्यही क्रममा एम्नेष्टी इन्टरनेशनलले बेपत्ता पारिने घटनासम्बन्धी कार्यसमूह र यातनाविरुद्धको समितिका प्रतिवेदकलाई नेपालको अवस्थाका सम्बन्धमा अध्ययनका निम्ति निम्त्याउन आव्हान गर्‍यो। बेपत्ता पारिने क्रमसहितको व्यापक मानवअधिकार उल्लंघनको अन्त्य गर्न त्यस्तो माग गरिएको थियो। एम्नेष्टीले भन्यो- जनयुद्धका सन्दर्भमा २ सय ५० भन्दा बढी बेपत्ता पारिएका घटना, सयौं गैरन्यायिक हत्या, हज्जारौं स्वेच्छाचारी गिरफ्तारी र अनगिन्ति यातनाका घटना भएका छन्। कमजोर संस्था, भ्रष्टाचार, दायित्ववोधको कमी र प्रहरी तथा न्यायपालिकमा प्रभावकारी सुधारको अभावले पीडकहरुलाई दण्डमुक्तिको अवसर प्रदान गरेको छ।"

आन्तरिक द्वन्द्वमा आक्रान्त देशको सरकारले त्यहाँको कानुन बहाल गराउने अधिकारी वा सेनाले गर्न सक्ने शक्तिको दुरुपयोगका सम्न्धमा सचेत हुनै पर्दछ। राज्यहरुले अन्तर्राष्ट्रिय मानवअधिकारहरु एवम् मानवीय कानुनका सिद्धान्तको पालना गर्नै पर्दछ। सरकारले आफ्नो उत्तरदायित्व लिने प्रणालीलाई विकसित गर्नै पर्छ र सेना तथा कानुन बहाल गराउने अधिकारीहरुलाई प्रशिक्षित गर्दै लैजानु पर्दछ। तर नेपालको सन्दर्भमा सुरक्षाफौजले माओवादीको नियन्त्रण गर्ने नाममा उत्तरदायित्व विहिन ढंगमा कारवाही अघि बढाउन चाहेको देखिन्छ।[८]

नेपाल अधिराज्यको संविधान २०४७ ले धारा १२ मा स्वतन्त्रताको अधिकार प्रदान गरेको छ। धारा १२ (१)मा भनिएको छ- "कानुन बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण हुने छैन र मृत्युदण्डको सजाय हुने गरी कुनै कानुन बनाइने छैन्।" तर धेरै घटनाहरुमा सुरक्षाफौजले संवैधानिक प्रावधानहरुलाई कुल्चिएको प्रष्ट देखिन्छ।

आतंकवाद विरुद्धको लडाईंका नाममा सुरक्षाफौजले संविधानको धारा १४(४) मा उल्लेखित फौजदारी न्यायसम्बन्धी अधिकारको वेवास्ता गरेका छन्- "अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनतक व्यवहार गरिने छैन। त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारित गरे बमोजिम क्षतिपूर्ति दिइनेछ।" अर्कातिर माओवादीहरु कतिपय घटनामा मानवताविरुद्धको अपराधमा संलग्न भएको देखिदैछ। लमजुङको पाणिनी संस्कृत माध्यमिक विद्यालयका शिक्षक मुक्तिनाथ अधिकारीलाई कक्षामा पढाउँदा पढाउँदै तानेर बाहिर ल्याइयो। उनलाई अपहरण गरियो। त्यसपछि उनलाई कन्चटमा गोली हानी हत्या गरी गलवन्दीमा बाँधेर रुखमा झुण्ड्याइयो।

माओवादीहरुबाट गरिएका कैयन अमानवीय व्यवहारका घटना अभिलेखमा आएका छन्। काभ्रे जिल्लामा अपहरण गरिएका कृष्णप्रसाद सापकोटाको परिवार उनको बारेमा केही दिन बेखबर रह्यो। पछि उनको टाउको विनाको लाश कुशादेवी गाविसमा फेला पारे। उनको शीर पचास मिटर तल खोल्सामा उछिट्टिएको थियो।

खोटाङका हर्कबहादुर राईलाई पहिले हात बाँची गोली ठोकेर मारियो। यस्तै अर्को जंगली घटनामा माओवादीले रामेछापका नेपाली कांग्रेसका कार्यकर्ता भीमबहादुर महतउपर मरणान्त हुने गरी ढुंगा प्रहार गरे। ढुंगाले हानी उनको खुट्टा थिलथिलो पारियो र त्यसपछि त्रीशुलले घोचेर उनको हत्या गरियो।

सशस्त्र द्वन्द्वले अनिवार्य रुपमा अमानवीय व्यवहारहरुलाई बढाउँछ। तर हिंसामा प्रत्यक्ष संलग्न भएकाहरु मात्र त्यसको परिणामबाट पीडित हुँदैनन्।[७] विश्वभरि नै यस्तो पीडादायी अवस्थालाई सम्बोधन गर्न मानवअधिकार र मानवीय कानुनको संघर्षमा महत्वपूर्ण कदमका रुपमा अन्तर्राष्ट्रिय फौज्दारी अदालतको आइसीसी व्यवस्था भएको छ। आईसीसीले मानवअधिकार र मानवीय कानुनको उल्लंघननकर्ता विरुद्ध न्याय खोजिरहेकाहरुलाई छहारी प्रदान गर्न सक्छ। यसले दण्डहीनता र वर्तमान द्वन्द्वको अन्त्य गर्ने वा द्वन्द्वलाई अमानवीय बन्नबाट रोक्ने प्रयत्न गर्दछ।[८]

हिंसाग्रस्त अहिलेको रक्तपातको समयमा हरेक दिन देशको कुनै न कुनै कुनामा मानवअधिकार र मानवीय कानुनको उल्लंघनका घटना भइरहेको हुन्छ। यस्ता गतिविधिलाई रोक्ने ठोस कदम नचालिएसम्म यस्ता ज्यादती, आमहत्या र अङ्गभङ्ग गर्ने घटना बढि नै रहन्छन्। अर्घाखाँचीका राममणि ज्ञवाली वर्वर हत्याका अर्का शिकार हुन्। उनलाई खुकुरीले टुक्रा टुक्रा पारी मारिएको थियो। उनी इन्सेकसँग सम्बन्धित मानवअधिकार रक्षक थिए।

एम्नेष्टी इन्टरनेशनलका अनुसार नेपालको सन्दर्भमा सो संस्थाले बलात्कार लगायत हिरासतको यातनाका कैयन घटनाहरुको अभिलेख तयार पारेको छ। सन् २००० को नोभेम्बरमा एम्नेष्टीले यस्ता ५७ वटा घटनाहरु छानबिन गरी आफूलाई खबर गर्न अनुरोध गर्दै सुरक्षा प्रमूखहरुसमक्ष प्रस्तुत गरेको थियो। सन् २००० डिसेम्बरको मध्यमा ती घटनाहरु संयुक्त राष्ट्र संघीय यातनासम्बन्धी प्रतिवेदक समक्ष पनि प्रस्तुत गरियो। ती मध्ये दुई अविवाहित मुस्लिम युवतीहरु १६ वर्षीय तरनुम मनियार र १८ वर्षीय तवसुम मनियारका घटना पनि थिए। उनीहरु चिसापानी व्यारेकका सेनाबाट ०५८ फागुन १५ गतेका दिन गिरफ्तारमा परेका थिए। उनीहरुलाई गिरफ्तार

गरिनु अघि उनीहरुका पितालाई गिरफ्तार गरी एक महिना थुनिएको थियो।[९]

तीतो सत्य के छ भने यस्ता घटनाहरुले समाजमा वर्वरता बढाउँछ र जनताको संवेदनशीलता घटाउँछ। यस्तो प्रवृत्तिले मानवअधिकार ज्यादतीका घटनाहरुप्रति मौनता बढाउने खतरा उत्पन्न गर्दछ। यस्ता घटनाहरुले आम मानिसमाझ भयको प्रसार गर्दछ।

नोवेल पुरस्कार विभुषित आङ सान सुकीले भनेकी छन्- "आधारभूत मानवअधिकारको अस्तित्वलाई समेत अस्वीकार गर्ने प्रणालीभित्र, भय प्रत्येक दिन अनिवार्य हुन पुग्दछ, थुनामा पर्ने त्रास, यातनाको त्रास, मृत्युको त्रास, साथीहरु गुमाउने त्रास, असफल हुने त्रास। सबभन्दा दवित त्रास यस्तो हुन्छ- जस्ले सामान्य ज्ञान वा विवेकलाई पनि प्रभावित गर्दछ। जसले मान्छेको आत्मसम्मान र अन्तनिहित मानव गरिमाको क्षय गर्दछ।"[१०]

कतिपय घटनाको विश्लेषण गर्दा वर्वरतालाई आधिकारिक रुपमा स्वीकृति प्रदान गरिएको निष्कर्ष समेत निस्कन सक्छ। त्यसले गर्दा स्थिति अझ विकराल बन्न पुगेको छ। वनस्थली काठमाडौंमा एउटा सानो ठक्करका कारण कार चालक राजिव श्रेष्ठलाई ड्युटीमा रहेका सैनिक जवानले गोली ठोकी मारे। पीडकको कहिल्यै पहिचान हुन सकेन। ठूलो विरोध र हल्ली खल्ली पछि सेनाले पीडकलाई सैनिक ऐन बमोजिम कारवाही गरिनेछ भन्दै मौनता तोड्यो। तर पीडकको नाम सार्वजनिक गरिएन।

सर्वसाधारण, सुरक्षाफौज र माओवादी दुवै पक्षवाट वर्वरतापूर्वक मारिदै छन्। मारिएकाहरुलाई युद्धरत् पक्षहरु या सुराकी या त आतंककारी नाम दिइरहेका छन्। माओवादीले आफ्नो आधिकारिक वेवसाइटमा आफूद्वारा मारिएका मानिसका बारेमा जिम्मेवारी लिएका छन्। त्यसी जिम्मेवारी लिएका मध्ये ९५ प्रतिशतलाई उनीहरुले सुराकीको आरोप लगाएका छन्। तर तिनीहरु आफ्नो आस्थाका कारण मारिएका हुन् भन्ने कुरा प्रष्ट भइसकेको छ। माओवादीले सन् २००३ मा नेपाली कांग्रेस र एमाले, राप्रपा र प्रजातान्त्रिक कांग्रेसका क्रमश: १४, ५, ६ र ४ कार्यकर्ताको हत्या गरे। उल्लेखित सवै अन्य पेशामा नरहेका विशुद्ध पूर्णकालिक कार्यकर्ता थिए। वकालत, पत्रकारिता, शिक्षण आदि पेशामा संलग्न रही राजनीति गर्नेहरुलाई पनि जोड्ने हो भने यो संख्या निकै बढ्छ। सवैजसोलाई उनीहरुले सुराकीको संज्ञा दिए।

घटना वा पीडितको संख्या बताएर मात्र मानवअधिकार उल्लंघनको पूर्ण तस्वीर प्रस्तुत गर्न सम्भव हुँदैन। घटनाको सत्य, तथ्य र प्रकृतिका बारेमा विस्तृत वर्णन नगरी घटना न्यायोचित ढंगले प्रकाशित हुन सक्दैन। खासगरी वर्वरतापूर्ण घटनाका सम्वन्धमा यो कुरा लागू हुन्छ। हत्याको तौरतरिकाले वर्वरताको स्तर बताउँछ। त्यसैले हत्याको संख्या मात्र पर्याप्त हुँदैन। त्यही कारण हत्या वा कुटपिटका घटनाको गणना मात्र गर्ने कार्यभन्दा पर गहिराईमा पुगेर पीडितको खास अवस्थाको उत्खनन् अत्यन्त आवश्यक छ।

तसर्थ, मानवअधिकार अनुगमनको प्रयास यस दिशामा यसअघि कहिल्यैको भन्दा पनि केन्द्रित हुन जरुरी छ। कहाँ र कसरी मानव गरिमालाई अन्धाधुन्ध लत्याइएको छ भन्ने पत्ता लगाउन यस्तो प्रयास अत्यावश्यक छ

नोट

१. ढुंगेल, कैलाशप्रसाद, रामछोपमा जनयुद्धले पारेको असर, मदन-आश्रित स्मृति भवन, मन्थली, ०६०
२. ०६० मंसिर ५ र ६ गते धुलिखेल, साफर, फोरम एशिया, इन्सेक र पत्रकार महासंघद्वारा आयोजित भेलामा प्रजातन्त्र र मानवअधिकार विषयक राष्ट्रिय कार्यशालामा प्रहरी अतिरिक्त महानिरीक्षक डा. गोविन्दप्रसाद थापाले भन्नुभयो- "प्रहरीको दुर्व्यवहार र मानवअधिकार उल्लंघन नकारात्मक व्यवहार तल्लो तहका प्रहरीको मानसिकताका कारण हो।"
३. नेपाल ह्युमन राईट्स एट ए टर्निङ्ग प्वाईन्ट, एम्नेष्टी इन्टरनेशनल रिपोर्ट, मार्च १९९९
४. इन्टोडक्सन, द अमेरिकाज, ह्युमन राईट्स् भ्वाइलेसन्स् एगेन्स्ट ईण्डिजिनियस पिपुल, १९९२, एम्नेष्टी इन्टरनेशनल
५. मानवअधिकार वर्ष पुस्तक २०००, ०६५ फागुन २७
६. दीक्षित, कनक, इन्सर्जेन्ट्स एण्ड इनोसेन्ट्स द नेपाली अर्मिज वेटल वीथ द माओवादी, हिमाल साउथ एशिएन, जुन २००२, लेखमा भनिएको छ- "सेना वाहिर निस्किएका वेला निगरानी गर्ने कोही छैन, जबकि, पहिले प्रहरीको निगरानी गर्नेहरु थुप्रै थिए।" लेखक अगाडि भन्छन्- "जब करिब ६ महिनाअघि शाही नेपाली सेना मैदानमा ओर्लियो, सरकारले तीन वटा काम सँगसँगै गर्‍यो- राष्ट्रव्यापी संकटकालको घोषणा, आतंककारी तथा विध्वंसात्मक (सजाय तथा नियन्त्रण) ऐनको कार्यान्वयन र नेकपा (माओवादी) लाई आतंककारी संगठनको दर्जा। यी सवै सुरक्षाफौजको माओवादीको नियन्त्रणका नाममा उत्तरदायित्व विहिन ढंगमा कारवाही अघि बढाउने चाहना अनुसार थियो।
७. आईसीसी ह्याण्डवुक अन इन्टरनेशनल ह्युमनिटेरियन ल
८. अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम वडापत्र
९. एम्नेष्टी इन्टरनेशल, नेपाल, ह्युमन राईट्स क्राइसिस, डिसेम्बर २००२
१०. आङ्ग सान सूकी, फ्रिडम फ्रम फियर एण्ड अदर राईटिङ्गस्, १९९१, पेन्गुइन बुक्स

परिच्छेद ५

सशस्त्र द्वन्द्व र आन्तरिक विस्थापन

आन्तरिक विस्थापन वर्तमान नेपाली समाजको ज्वलन्त सवाल हो। यतिखेर हिंसात्मक द्वन्द्वका कारण नेपालीहरु जटिल परिस्थिति र चुनौतिको सामना गर्न नसकी जन्मेको, हुर्केको वा बसोबास गरिरहेको गाउँ समाज छोड्न बाध्य भइरहेका छन्।

जीविकोपार्जन र प्रगतिका खोजीमा एक ठाउँबाट अर्को ठाउँ सर्ने प्रकृया अस्वभाविक होइन। सम्पन्नताको खोजीमा पनि मानिस बसोबास गरिरहेको ठाउँबाट अर्को उपयुक्त स्थानमा सर्ने क्रम निरन्तर चलिरहेकै छ। तर सशस्त्र द्वन्द्वका कारणले वाध्य भई विस्थापित हुँदाको अवस्था अत्यन्त पीडादायी हुन्छ। असुरक्षा, अन्यौल, भविष्यको चिन्ताले मानिस आफ्नो थलोलाई छाडेर विस्थापित हुन्छ। आफ्नो देशको सीमा पार गरेको अवस्थामा ऊ शरणार्थी हुन पुग्छ। आफ्नो देशको सीमा नाघ्दैन भने आन्तरिक विस्थापित कहलाउँछ।

श्री ५ को सरकारले ०५७ साल भदौमा प्रमुख जिल्ला अधिकारीहरुलाई आन्तरिक विस्थापितहरुको सम्बन्धमा पाँच बुँदे निर्देशन पठाएको थियो। सो निर्देशन अनुसार आन्तरिक विस्थापित त्यस्ता व्यक्तिलाई मानिनेछ जसको परिवारका सदस्य माओवादीबाट मारिएका छन्, वा शारीरिक यातना पाएका छन् वा जसलाई एक पटक अपहरण गरिएको छ वा आतंकित पारेर घर छाड्न वाध्य पारिन्छ वा चल वा अचल सम्पत्ति क्षति पुऱ्याइएको हुन्छ।

"आन्तरिक रुपले विस्थापित भन्नाले, त्यस्ता व्यक्ति वा समूहलाई जनाउँछ, जो तिनीहरुको घरवार तथा हालसालै बसिरहेको स्थानलाई छाडेर, कुनै विशेष परिस्थितिका कारणले वा सशस्त्र द्वन्द्वबाट हुने प्रभावबाट मुक्त हुनका लागि, हिंसाको सामान्यीकरण भएको अवस्था, मानवअधिकारको उल्लंघन वा प्राकृतिक र मानवीय प्रकोपहरुका कारणले पलायन भएका हुन्छन्। जसले अन्तर्राष्ट्रिय रुपमा मान्यताप्राप्त राज्यको सिमाना पार गरेका हुँदैनन्।[१]

विश्वमा विभिन्न कारणले करोडौं व्यक्तिहरु आन्तरिक विस्थापनको पीडा भोग्न वाध्य छन्। सन् २००२ सम्मको तथ्यांक अनुसार विश्वमा २ करोड ५० लाख मानिसहरु आन्तरिक रुपमा विस्थापित भएका छन्। सन् १९७० मा यो संख्या ५० लाख मात्र थियो।[२]

आफ्ना छेउछाउका सर्वसाधारण मानिस सशस्त्र द्वन्द्वको शिकार भएपछि आफू र आफ्ना परिवारजन सुरक्षित हुनका लागि मानिस सुरक्षित स्थलमा बस्न जानु स्वभाविक प्रवृत्ति हो। सन् २००१ देखि यो प्रवृत्ति बढ्दै गएकाले आन्तरिक विस्थापनको अध्ययन जरुरी हुन गयो।

द्वन्द्वरत पक्षको सैनिक क्रियाकलापबाट र आठ वर्षदेखि चलिरहेको सशस्त्र संघर्षबाट उत्पन्न असरबाट जोगिनु नै विस्थापनको एक मात्र उद्देश्य हो। सशस्त्र द्वन्द्वको व्यापकताबाट तीब्र विस्थापनको समस्या उत्पन्न भएको छ।

यस अध्यायमा आठ वर्षअघि माओवादीले शुरु गरेको 'जनयुद्ध' र त्यसलाई नियन्त्रण गर्ने नाममा भएको ज्यादतिको फलस्वरुप उत्पन्न आन्तरिक विस्थापनको समस्या केलाइएको छ।

सशस्त्र संघर्ष शुरु भएयताका अघिल्ला २-३ वर्षमा सरकारी दमन तीब्र बनाइयो। "किलो सेरा टु" नामको अप्रेशनद्वारा ठीक पार्ने रणनीति लिइयो। यसलाई कार्यान्वयन गर्न हजारौं व्यक्तिलाई झुठा मुद्दा लगाउने, माओवादीका नाममा विनापुर्जी गिरफ्तार गर्ने, चरम यातना दिने, तारिख धाउन बाध्य पार्ने, महिलालाई बलात्कार गर्ने र बालबालिकालाई समेत माओवादीका नाममा थुनामा राख्ने क्रियाकलाप अगाडि बढाइए। यस समयमा रोल्पा, रुकुम, जाजरकोट, सिन्धुली र गोरखा जिल्लामा दमन केन्द्रित गरिएको थियो। गिरफ्तार गरेर हत्या गर्नु सामान्य भएको थियो। रोल्पाका १४ वर्षीय दूते बुढालाई प्रहरीले माओवादीको नाममा गिरफ्तार गरेपछि गोली हानी हत्या गरेका थिए।[३] व्यापक दमनका कारणले गाउँमा बस्न नसकेर पनि थुप्रै मानिस पलायन भए। कैयौं गाउँ छाड्न वाध्य भए। तर कति मानिस कसरी विस्थापित भए भन्ने आधिकारिक तथ्यांक भने पाउन सकिँदैन।

मुलुकमा संकटकाल घोषणा गरी सेना परिचालन भएपछि मानवीय क्षति बढ्दै गएको पाइन्छ। बीसौं शताब्दीको शुरुमा भएका आन्तरिक युद्धमा ९०% पीडित लडाकु हुन्थे भने सन् १९९० देखि यता ज्यान गुमाउने ९० प्रतिशत सर्वसाधारण रहेका छन्।[४] नेपालको सन्दर्भमा पनि यो कुरा लागु हुन सक्छ।

माओवादीले आफ्नो शैन्य शक्ति बढाउन छापामार समूहमा जबरजस्ती सामेल गराउँछन् भन्ने डरले युवा समुदाय विस्थापित भएका छन्। ७० हजार संख्या भएको एउटा जिल्लाबाट ३५ हजार युवाहरु भारत पसेको उल्लेख हल्टले गरेका छन्।[५]

विस्थापित समुदाय

माओवादीको गतिविधि बढ्दै गएपछि उनीहरुले विशेषगरी सुरक्षाकर्मी, उनीहरुका परिवार, स्थानीय स्तरका जनप्रतिनिधिहरु (गाविस अध्यक्ष, उपाध्यक्ष, जिविस सभापति, उपसभापति), राजनीतिक पार्टीका स्थानीय तहका कार्यकर्ता, शिक्षक, कर्मचारी, स्थानीय स्तरका धनी र मध्यम किसानलाई प्रहारको निशाना बनाए। केही समय माओवादी गतिविधिमा संलग्न भएका, घर फर्केका र आत्मसमर्पण गर्ने माओवादी कार्यकर्ता पनि यही कोटीमा

पर्दछन्। माओवादीको बर्बरतापूर्ण हत्या, यातना, अपहरण, धम्की, जवर्जस्ती चन्दा असुली, आश्रय र खाना दिनुपर्ने वाध्यता जस्ता कारणले माथि उल्लेखित समुदायलाई विस्थापित हुन वाध्य बनाएको छ। सुरक्षाकर्मीका परिवारजनलाई आफ्ना पति, छोरालाई जागिर छोड्न र माओवादीसमक्ष बुझाउनका लागि धम्की दिइयो। जागिर छोड्न नमानेको भनेर उनीहरुका घरमा नै तालाबन्दी गरेका घटनाहरु यस वर्ष पनि प्रशस्तै सार्वजनिक भए।

डडेल्धुरा जिल्लाको जोगबुढा गाविस-५ जमराइनका बोहरा र पाल थरका सुरक्षाकर्मीका २ परिवारहरुलाई राति ११ बजे घरबाट निकालिएको थियो। जति चन्दा नदिएमा घरका सबै परिवारलाई मार्ने धम्की दिएका कारण घर छोड्न बाध्य भएका घटनाहरु यस वर्ष उल्लेखनीयरुपमा बृद्धि भएको छ। १ लाख ५० हजार रुपैयाँसहित माओवादीसमक्ष उपस्थित हुने अन्यथा परिवारले गाउँ छाड्नुपर्ने, नछाडेमा परिवारका सबैलाई मृत्युदण्ड दिने भनी सार्वजनिक सूचना टाँस गरेकाले पिपरिया गाविस- ८ बाँकेका बसन्त श्रेष्ठको परिवार राति ११ बजे घर छाडी हिंड्न बाध्य भए।[६]

यसैगरी युवाहरुलाई एकातिर माओवादीहरुले आफ्नो संगठनमा सामेल हुन दबाव दिने, फकाउने र अपहरण समेत गर्ने, अर्कोतर्फ सुरक्षाकर्मीले कुनै पक्षमा नलागिकन आफ्नो काम गरेर बस्दा पनि माओवादी गतिविधिमा लागेको शंका गर्ने, केरकार गर्ने, तारिख धाउन वाध्य बनाउने, आत्मसमर्पण गर्न लगाउने, थुनामा राख्ने, विनाकारण निर्दोष व्यक्तिलाई शारीरिक तथा मानसिक यातना दिने मात्र होइन, हत्यासमेत गरिएको घटनाहरुले गर्दा विस्थापित हुन वाध्य बनाएको छ। युवा, युवतीहरुलाई गाउँ समाजमा दुई पक्षको मारबाट बच्नु नै चुनौतिको रुपमा रहेको छ। यसले गर्दा घर परिवारका सदस्यहरुकै करले पनि उनीहरु गाउँ छोडेर सदरमुकाम, राजधानी वा अन्यत्र सर्न वाध्य छन्।

खोटाङ जिल्ला सप्तेश्वर गाविस-३ का नरेश राई माओवादीले भने जति चन्दा दिन नसक्दा भौतिक कारवाही गरिने धम्की पाएपछि विस्थापित भए। माओवादीलाई सहयोग गरेको आरोपमा १८ महिना जेल बसेका राई लगायत् खोटाङका १२ जना शिक्षक यस वर्ष विस्थापित भएका छन्। यसरी विस्थापित हुनेमा स्थानीय जनप्रतिनिधि, राजनीतिक दलका नेता-कार्यकर्ता, सुरक्षाकर्मी एवं तिनका परिवार, सरकारी कर्मचारी, गाविस सचिव र युवाहरु पर्दछन्। सशस्त्र द्वन्द्वका कारण व्यक्ति मात्र नभई भौतिक संरचना तथा कार्य संयन्त्रहरु समेत विस्थापित भएका छन्। विशेष गरी ग्रामीण तहमा रहेका प्रहरी चौकी, बैंक, स्थानीय तहका सरकारी कार्यालय, गैसस कार्यालय तथा बोर्डिङ स्कूलहरुसमेत प्रत्यक्ष प्रभावित भएका छन्।

विस्थापनका कारणहरु

माओवादीका क्रियाकलाप र त्यसको नियन्त्रणका नाममा राज्यद्वारा भइरहेको कारवाहीका कारण विस्थापनको समस्या किन र कसरी तीब्ररुपमा बढिरहेको छ ? यस विषयमा जिल्ला-जिल्लाबाट प्राप्त जानकारीहरुका आधारमा विश्लेषण गर्दा तत्कालीन कारणहरुलाई निम्नानुसार सूचीबद्ध गर्न सकिन्छ।

१. धम्की तथा डर त्रास
२. चन्दा दिनुपर्ने बाध्यता
३. सुराकीको आरोप
४. परिवारका सदस्यहरुको हत्या
५. अपहरण तथा बेपत्ताको डर
६. सवारी साधन, टेलिफोन, मोबाइल आदि माओवादीले प्रयोग गर्ने तथा सुरक्षा निकायबाट यसै विषयलाई लिएर कारवाही गर्ने प्रक्रियाले
७. घरमा ताला लगाउने तथा भौतिक सम्पत्ति लुटपाट तथा ध्वस्त हुनुले
८. विद्यालयलाई आफ्नो कार्यथलो बनाइएकाले तथा विद्यालयमा दोहोरो भिडन्त भएकाले
९. संकटकालको घोषणा, जनजीवन भयभित र त्रासदीपूर्ण बन्दै गएकाले
१०. रोजगारीका अवसरहरु गुमाउँदै जानुले
११. दैनिक गुजारा चलाउन कठिनाई भएकाले
१२ बालबालिकाको पढाईमा अवरोध आएकाले
१३. अत्यावश्यक स्वास्थ्य सेवा समेतको अभावले
१४. दुवै पक्षको दबाव र हैरानी खप्न नसकेर

यी कारणहरुलाई निम्नलिखित बुँदाहरुमा समेट्न सकिन्छ :

- द्वन्द्वको प्रत्यक्ष असरका रुपमा उत्पन्न समस्या
- द्वन्द्वरत पक्षहरुको क्रियाकलापका कारण उत्पन्न समस्या
- द्वन्द्व रणनीतिका कारण उत्पन्न समस्या
- दिनचर्यामा उत्पन्न प्रतिकूलता

माओवादी पक्षबाट साना व्यापारी, शिक्षक, कर्मचारीलाई चन्दा दिनका लागि, परिवारका सदस्यलाई पुलिस र सेनाको जागिर छोड्न लगाउने, राजनीतिक पार्टीका कार्यकर्तालाई आफ्नो विचारधारामा सामेल हुन बारम्बार दवाव दिने, धम्काउने, आफ्नो हैसियतभन्दा माथिको चन्दा रकम तोकिदिने, नदिएमा मारिदिने धम्की दिने कारणले मानिसहरु गाउँ छोड्न बाध्य भएका छन्। अर्कोतर्फ सामान्य जीवनयापन गरेर बसेका निर्दोष व्यक्तिलाई पनि आतंककारी क्रियाकलापमा संलग्न भएको

भनेर अनेकन् दु:ख, मुद्दा खेप्नु पर्ने, धम्की कुटपिट सहनु पर्ने डरले पनि मानिसहरु घर छोड्न बाध्य भएका छन्।

०६० भदौ-असोजमा माओवादीले "एक परिवार एक जन" र "जन कि धन" भन्ने नीति अघि सारेर गाउँ-गाउँमा त्रासको वातावरण सृजना गरे। त्यसवखत गाउँका युवाहरु पलायन भएका घटनाहरु प्रकाशमा आएका छन्। कतिपय घटनाहरु बाहिर आउन सकेका छैनन्।

स्थानीय स्तरमा व्यापार, पेशा, व्यवसाय गरेर बस्ने मध्यम वर्गका मानिसलाई माओवादीले चन्दा दिनका लागि दबाव दिने, चन्दाको निश्चित रकम (लेवी) तोकिदिने, आफ्नो क्षमता भन्दा ज्यादै धेरै रकम चन्दा तोक्ने र नदिएमा अपहरण गर्ने, अंगभंग हुने गरी घाइते बनाउने र हत्या गर्ने गरेका घटनाहरु दोहोरिरहेकाले डरत्रासका कारण मानिसहरु आफू बसेको ठाउँ नै छाडेर अर्को सुरक्षित स्थान खोज्दै सर्ने गरेका छन्। माओवादीले युद्धकरका नाममा समेत पैसा उठाउने गरेका छन्। सानो ग्रामीण उद्योगधन्दामा संलग्न व्यक्ति वा संस्थाले अनिवार्य रुपमा चन्दा दिनुपर्ने अवस्थाले मानिसहरु सुरक्षित स्थानको खोजीमा मोफसलबाट राजधानीतर्फ केन्द्रित भएका छन्।

विशेषगरी जनप्रतिनिधिहरुलाई माओवादीले गठन गरेको जनसरकारका विभिन्न पदमा विना सूचना राख्ने, बस्न दबाव दिने, कतिपय अवस्थामा विभिन्न शंका गरी सुराकीको आरोप लगाउने र मार्ने गरेकाले मानिसहरु घर छोड्न बाध्य भएका छन्। राजनीतिक पार्टीका कार्यकर्ताहरु, गाविस सचिव, पूर्व जनप्रतिनिधि, गाउँका अगुवा जस्ता व्यक्तिहरुलाई जिल्ला सदरमुकाम, कुनै क्षेत्रीय सदरमुकाम र गाउँमा बारम्बार आवत-जावत गर्दा सुराकी गरेको, खबर लगेको आरोप लगाइएका छन्। सुराकीको आरोप लगाइएका व्यक्तिहरुलाई कारवाहीको लागि सूचना टाँस गरिएपछि अत्यन्त भयवित भई तुरुन्तै गाउँ समाज छोडेर आफन्तका घरमा, सदरमुकाममा, नजिकको ठूलो शहर तथा राजधानीमा विस्थापित भएका छन्।

रामेछापको दोरम्बा घटनापछि एकै पटक ८ वटा घरमा सुराकीको आरोपमा तालाबन्दी गरिएको घटना प्रकाशमा आएको थियो। यस वर्ष रामेछापमा मात्र २५ वटा भन्दा बढी घरहरुमा सुराकीको आरोपमा तालाबन्दी गरी उनीहरुको सम्पत्ति पार्टीकरण गरिएको छ। अन्य जिल्लाहरुमा पनि सुराकीको आरोपमा राजनीतिक पार्टीका कार्यकर्ताहरु, जनप्रतिनिधिहरु, गाविसका सचिवहरुलाई बढी यातना दिइएका घटनाहरु प्रकाशित भएका छन्।

परिवारका कुनै पनि सदस्यको हत्या भएपछि सो परिवारका सदस्यहरु जतिसक्दो चाँडो सो ठाउँ छोड्न आतुर हुन्छन्। उनीहरु सुरक्षित स्थानको खोजी गरी सर्ने गर्दैछन्। हालसम्मको प्रवृत्ति देख्दा आफ्ना परिवारजन मारिएपछि मानिसहरु सो ठाउँ जतिसक्दो छिटो छोड्ने र खेतिपाती, जग्गाजमीनको परवाह नगरी सुरक्षित ठाउँको खोजीमा हिंड्ने गरेको पाइएको छ। बढी मात्रामा त्यस्ता परिवारहरु काठमाडौं र क्षेत्रीय स्तरका शहरहरुमा विस्थापित भएका छन्। धेरैजसो सुरक्षाकर्मी र राजनीतिक पार्टीका कार्यकर्ताका परिवारहरु आफ्नो परिवारका सदस्यको हत्यापछि तुरुन्तै विस्थापित भई अन्यत्र सरेका छन्।

रोल्पाको खुमेल गाविसका एकजना प्रहरी जवानलाई छोरा जन्मेको खुशियालीमा विदा लिएर घर गएका समयमा माओवादीले हत्या गरे, त्यसपछि उनको पूरै परिवार त्यहाँ बस्न नसकेर नेपालगञ्जमा आफन्तहरुकोमा बसेपछि मृतक प्रहरीकी पत्नी प्रहरीमा भर्ती भइन्। छोराछोरी प्रहरी विद्यालयमा अध्ययनरत छन्।[६]

चन्दा नदिएको, सुराकी गरेको, सेना-पुलिसमा परिवारजन जागिरे भएको, माओवादीभन्दा भिन्न राजनीति गरेको, कुनै प्राविधिक सीप भएको, जनयुद्धमा काम लाग्ने व्यक्ति भन्ने लागेको आदि विभिन्न कारणले विभिन्न व्यक्तिहरुलाई माओवादीले अपहरण गर्ने संभावना देखिएमा, त्यसको छनक पाएमा तथा त्यस प्रकारका घटनाहरु भएको थाहा भएमा मानिसहरु गाउँ छोडेर भाग्ने गरेका छन्। रातकै बीचमा आकस्मिक निर्णय गरेर रातभर खेत, मन्दिर, परालको कुन्यू आदिमा लुकेर गाउँबाट भागेका घटनाहरु प्रशस्तै छन्।

सुरक्षा निकायबाट विभिन्न खाले अप्रेशन गर्ने नाममा, कुनै भिडन्त वा माओवादी पक्षबाट गरिएका कारवाहीपछि गर्ने सर्चका क्रममा मानिसहरुलाई अन्धाधुन्ध गिरफ्तार गर्ने, यातना दिने, विभिन्न बहानामा तारिख धाउन बाध्य पार्ने र बेपत्ता पार्ने गरेकाले पनि मानिसहरु विस्थापित भएका छन। तर, पीडितहरु यस्ता घटना सार्वजनिक रुपले प्रचारमा ल्याउन चाहँदैनन्।

अपहरण र बेपत्ता हुने डरले विस्थापित हुने पक्ष एउटा छ भने परिवारका मुलीको अपहरण र बेपत्तापछि अन्य सदस्यहरु सो ठाउँबाट विस्थापित हुने अर्को पक्ष छ। जिल्लाबाट बेपत्ता पारिएका र अपहरण गरिएका व्यक्तिका परिवारजनले जिल्ला वा क्षेत्रीय सदरमुकाम र राजधानीमा आश्रय लिएका छन्।

जनताका भौतिक साधनहरु माओवादीले जबर्जस्ती प्रयोग गरेपछि सुरक्षा निकाय त्यही विषयलाई लिएर निमुखा जनताउपर कारवाही चलाउन थाल्दछ। आफ्नो यातायातका साधन भएका, कुनै उद्योगधन्दा वा व्यापार, टेलिफोन, मोबाइल फोन आदि भएका व्यक्तिहरुलाई माओवादीले आफ्नो कामका लागि कहिले फकाएर र कहिले धम्काएर प्रयोग गरिदिन्छन्। यस्ता साधनहरु

माओवादीले जवर्जस्ती प्रयोग गर्ने, प्रशासनले थाहा पाएमा सोही आधारमा माओवादीको आरोपमा कारवाही गर्ने डरले केही साधन हुने मध्यम वर्गका मानिसहरु आफ्नो वन्द व्यापार र उद्योगलाई गाउँवाट शहरतर्फ, सदरमुकामवाट राजधानीतर्फ सार्न बाध्य भएका छन्।

विद्यालयलाई माओवादी र सेना दुवै पक्षले आफ्नो कार्यथलो वनाउने गरेका छन्। त्यही कारण विद्यालयमा दोहोरो भिडन्तसमेत हुने गरेको छ। शारदा माध्यमिक विद्यालय, डोटीमा माओवादीको जवरजस्तीका कारण उनीहरुको कार्यक्रममा उपस्थित हुन बाध्य विद्यार्थीहरुउपर सुरक्षाफौजले अन्धाधुन्ध गोली चलाउँदा चार जना बालकको ज्यान गएको थियो। माओवादीले विद्यालयलाई आफ्नो कार्यक्रम सञ्चालन गर्ने स्थान बनाउने, शिक्षकहरुलाई जवर्जस्ती आफ्नो कार्यक्रममा बस्न बाध्य बनाउने, चन्दा दिन बाध्य बनाउने, चन्दालाई नियमित लेवीकै रुपमा दिन बाध्य पार्ने, चन्दा नदिने र तर्क-वितर्क गर्नेलाई अपहरण गर्ने, यातना दिने र मार्नेसम्मका ज्यादती गर्ने गरेको सर्वविदित छ। प्रशासनले शिक्षकहरुलाई अनावश्यक शंका गर्ने, दु:ख दिने, तारिख धाउन बाध्य बनाउने, गिरफ्तार गरी यातना दिने र कतिपयलाई मार्नेसम्मका घटनाहरु भएका छन्। यसै कारणले शिक्षकहरु सकेसम्म सदरमुकाम, ठूला शहरका आसपास र राजधानीमा सरुवा गराउने, काजमा वस्ने, गाउँ नै छोडेर हिड्ने जस्ता घटनाहरु दिनानुदिन वढ्दैछन्। माओवादीले गरेका विभिन्न कारवाहीले ग्रामीण क्षेत्रमा भएका अधिकांश निजी स्कूलहरु वन्द नै भएका छन्। विद्यार्थीहरुको पढाइमा ठूलो असर पारेको छ। वालवालिकाको पढाइलाई निरन्तरता दिनका लागि पनि धेरै अभिभावकहरु नजिकका वजार इलाका, सदरमुकाम आदिमा सर्न बाध्य भएका छन्।

माओवादीले आफ्नो शत्रु घोषित गरी कतिपय मानिसको घरमा ताला लगाउने गरेका छन्। उनीहरुले भौतिक सम्पत्ति लुटपाट गर्ने वा ध्वस्त पार्ने समेत गरेका छन्। माओवादीले आफ्नो प्रहारको निशाना सेना, प्रहरीमा कार्यरत कर्मचारीका परिवारजनलाई वनाएकाले ती कर्मचारीहरु आफ्नो घरमा जान सक्ने स्थिति रहेन। दशैं तिहार, ल्होसारलगायत्का आफ्ना महत्वपूर्ण चाडपर्वहरुमा घर गएका सेना, प्रहरीहरुलाई मार्ने, यातना दिने, अपहरण गर्ने गरेका घटनाले र उनीहरुका परिवारहरुलाई सेना, प्रहरीमा जागिर खाएका आफ्ना छोरा, पतिलाई उक्त जागिर छोड्न दवाव दिने, जागिर नछोडेमा घरमा ताला वन्दी गर्नेसम्मका धम्की दिने गर्नाले त्यस्ता परिवारहरु शहरमा विस्थापित भएका छन्। रामेछाप जिल्लामा मात्रै यस वर्ष २५ भन्दा वढी घरहरुमा ताला लगाइएको घटना सार्वजनिक भएको छ।

रामेछापको दोरम्बामा सुरक्षाकर्मीले सर्वसाधारणसहित २० जनालाई गोली हानी हत्या गरे। सो घटनामा सुराकी गरेको आरोपमा माओवादीले ०६० भदौ १५ गते दोरम्वा-४ की रेलिमाया मोक्तान र भीमवहादुर श्रेष्ठलाई हत्या गरे। यी दुवै घटना सरकार-माओवादी वार्ता चलिरहेको अवस्थामा भएको थियो। १९ जना माओवादी एकै ठाउँमा मारिएपछि माओवादीले ०६० भदौ ३० गतेदेखि कार्तिक २० गतेसम्म सम्पत्ति कब्जा गरी तालावन्दी गरिएको घोषणा गरी २५ परिवारलाई विस्थापित गराए। विस्थापित हुनेहरुमा गाविसका राजनीतिक कार्यकर्ता कर्मचारी छन्। रामेछापकै पकरबास गाविसका पुष्कर चौहानलाई माओवादीले हत्या गरेपछि दोरम्बा र पकरवास गाविसबाट ५ सय जना मानिसहरु विस्थापित भए।

सरकारले ०५८ मंसिर ११ गते संकटकालको घोषणा भएपछि जनताका आधारभूत मौलिक अधिकारहरु निलम्बन गरेकाले ग्रामीण क्षेत्र विशेष गरी आतङ्कित भयो। रातैपिच्छे कर्फ्यू लाग्ने, दैनिक जीविकोपार्जनका लागि हिंडडुल गर्न समेत समय तालिका हेर्नुपर्ने बाध्यता, रात विरातमा आपतविपत पर्दा, मानिस विरामी पर्दा, मर्दा समेत आवतजावत गर्न भयभित हुनुपर्ने स्थिति आयो। सामान्य पत्रपत्रिकाहरु समेत वोकेर हिंड्न नमिल्ने, शान्तिपूर्ण रुपमा हिंडडुल गर्न समेत डर त्रास हुने, दैनिक जीवनका लागि आवश्यक खाद्यान्न आपूर्तिमा समेत रोक लगाइयो। चाउचाउ, विस्कुट, चिउरा, दाल, सलाई जस्ता उपभोग्य सामग्री समेत गाउँ लान रोकिएको देखिन्छ। स्वास्थ्य चौकी, सरकारी निकाय प्राय: सवै गाउँवाट हट्नुले दैनिक जीवन झनै कष्टकर वन्दै गइरहेको छ। यसकै कारण पनि मानिसहरु क्रमश: आफ्नो थातबास छोड्दै सुरक्षित स्थानको खोजीमा हिंड्न थालेका छन्। गाउँको घरजग्गा वेचविखन गर्ने र शहर वजार, सदरमुकाम, राजधानीमा वसोवासको व्यवस्था गर्ने क्रम तीव्र हुँदै गएको छ।

हिंसा र आतकंको असरका रुपमा गाउँघरमा रोजगारीका अवसरहरु गुम्दै जान थालेका छन्। गाउँमा ज्यालादारी गरेर, भारी वोकेर, कुनै दैनिक रोजीरोटीको काम गर्ने स्थिति नहुनाले सामान्य नागरिकलाई समेत विस्थापित हुनुपर्ने बाध्यता आइपरेको छ। हिंसात्मक द्वन्द्व क्रमश: बढ्दै जानु, दोहोरो भिडन्त हुनु, आवासीय विद्यालयहरु, ग्रामीण क्षेत्रमा सञ्चालन भएका परियोजनाहरु, संघसंस्थाहरु विस्तारै वन्द हुँदै जानु, विकास निर्माणका कामहरु ठप्प हुनु, विकास वजेटको अधिकांश भाग सुरक्षा वजेटमा गाभिनु, लगानी गर्ने व्यक्तिहरु द्वन्द्वका कारण डराएर लगानीवाट हात झिक्नुले ग्रामीण क्षेत्रमा रोजगारीका अवसरहरु कम हुँदै गएका छन्

भन्दा अन्यथा नहोला। यस्तो अवस्थामा त्यस्ता क्षेत्रमा कार्यरत व्यक्तिहरुको रोजगारी गुमेको छ। पर्यटन क्षेत्रमा काम गर्ने व्यक्तिहरु पर्यटक घट्नाले बेरोजगार भएका छन्। होटल व्यवसाय नोक्सानमा गएकाले जागिरबाट हात धुनुपरेको छ। यसै कारणले पनि रोजगारीका लागि मानिसहरु आफ्नो ठाउँ छोडेर हिड्न वाध्य भएका छन्। गाउँमा एक पेट खाएर र एक सरो राम्रै लगाएर बसेका व्यक्तिहरु आज रोजगारीको अभाव र विस्थापनको पीडाले छट्पटाएर न्यूनतम दर्जाको भए पनि कामको खोजीमा रहेका छन्।

मध्यपश्चिम र सुदुरपश्चिमका पहाडी जिल्लाहरुमा हिंसा र हिंसाको विस्तारसँगै दैनिक गुजारा चलाउन कठिनाई उत्पन्न भएको छ। ती जिल्लाहरुमा सामान्य अवस्थामा समेत आधारभूत उपभोग्य सामग्रीको सदैव अभाव रहँदै आएको थियो। झनै यस सशस्त्र द्वन्द्वले गर्दा त यस्ता सामग्रीहरु बीचैबाट माओवादीले जफत गर्ने डरले सरकारले यस्ता सामान लैजान रोक लगाउने गरेकाले दैनिक गुजारा चलाउन नै ज्यादै कठिन भएर पनि मानिसहरु सुरक्षित ठाउँको खोजीमा हिडेका छन्। पहाडी जिल्लाहरुमा सामान्य अवस्थामा समेत वर्षमा ४-५ महिना अनिकाल हुने, खानेकुराको अभाव हुने स्थिति रहेकोमा वर्तमान परिस्थितिले गर्दा उनीहरुको जनजीविका, खान पान र वस्न झन् कठिनाई भएकोले पनि धेरै मानिसहरु सुरक्षित विकल्पका खोजीमा गाउँवाट हिंड्न वाध्य भएका छन्। गाउँमा युवाहरु, काम गर्न सक्ने व्यक्तिहरु वस्न नसक्ने परिस्थितिले विस्थापित भएपछि खेतवारीहरु बाँझै भएका छन्।

हिंसाका कारण गाउँघरमा अत्यावश्यक स्वास्थ्य सेवाको ठूलो अभाव सृजना हुन पुगेको छ। सशस्त्र द्वन्द्व सञ्चालन भए यताका भौतिक कारवाहीहरुले स्वास्थ्य चौकीहरु मृतप्राय: भएका छन्। स्वास्थ्यकर्मीहरु गाउँ छोडेर सदरमुकाम र राजधानी केन्द्रित भएका छन्। स्वास्थ्यकर्मीहरुलाई माओवादीले आफ्नो काममा प्रयोग गर्न अपहरण गर्ने त्रास र सुरक्षा निकायले औषधिहरु माओवादीले खोसेर प्रयोग गर्छन् भन्ने डरले स्वास्थ्य चौकीमा नि:शुल्क वितरण गरिने औषधीहरु जान छोडेका छन्। यी कारणले ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवा र उपचार सीमितरुपमा खुलेका औषधी पसलहरुले मात्र पुऱ्याइरहेका छन्। कुनै सामान्य रोगको उपचारका लागि पनि सदरमुकाम, ठूला शहर तथा राजधानीमै पुग्नुपर्ने वाध्यता छ।

बालबालिकाहरुको आधारभूत स्वास्थ्य, महिलाहरुको गर्भवती अवस्थामा गराउनुपर्ने स्वास्थ्य जाँच त परै जाओस्, प्रसुती सेवासमेत पाउने अवस्था छैन।



जिल्लाहरुमा लाग्ने कर्फ्यू र समय समयमा हुने नेपाल बन्दले गर्दा थुप्रै महिलाहरु प्रसुति सेवा नपाएर मरेका छन्। तिनको कुनै अभिलेख राखिएको छैन। नेपाल वन्दका समयमा अस्पताल पुऱ्याउन नसकेर मृत्यु भएको २ वटा घटनाहरु ०६० असोज ६ गते र एउटा घटना सोही फागुन १४ गतेका दैनिक पत्रिकामा प्रकाशित भएका थिए। आधारभूत र अति जोखिमपूर्ण अवस्थामा समेत कुनै स्वास्थ्योपचार सेवा नहुनाले मानिसहरु आफ्नो बासस्थान छोड्न बाध्य भएका छन्।

माओवादी र सुरक्षाकर्मी दुवै पक्षको ज्यादतीले गर्दा पनि युवकहरु पलायन भइरहेका छन्। युवतीहरुको सानै उमेरमा विवाह गरिदिने प्रचलन त्यही कारण बढ्दै गएको छ। सुरक्षाकर्मीहरुले सादा पोशाकमा नचिनिने गरी गाउँमा पसी मानिसलाई विभिन्न करकापमा पार्ने गरेका गुनासा विस्थापितहरुले गरेका छन्। माओवादीले जवरजस्ती आएर वस्ने, खाना वनाउन लगाउने, आफ्ना सामान राख्ने गरेका छन्। जसले गर्दा सदैव तनाव, डर, त्रास र खुकुरीको धारमा जीवन राखेर बाँच्नु पर्ने परिस्थितिबाट मुक्त हुन पनि धेरै मानिसहरु विस्थापित भएका छन्।

माओवादी सशस्त्र संघर्षको मूल कारणबाट उत्पन्न भएका विभिन्न समस्याहरुले विस्थापित हुने व्यक्तिहरु पनि सबै एकै स्तर, एकै स्थानमा गएका छैनन्। आफ्नो जानकारी, नाता कुटुम्ब, आफ्नो गक्ष, आर्थिक क्षमता र आफू अनुकूलको रोजगारीको संभाव्यता आदि कारणले मानिसहरु विभिन्न क्षेत्रमा सरेका छन्। कतिपय व्यक्तिहरु तुरुन्तैको समस्या समाधानका लागि नजिकैको गाउँ वा आफ्ना नाता कुटुम्व भएका स्थानमा केही समयका लागि बसेर दीर्घकालीन रुपमा जिल्ला सदरमुकाम, तराईका सुगम जिल्लाहरुमा लामो समयका लागि सर्ने प्रवृत्ति देखिएको छ। आफ्नो जानकारी, पहुँच र कुनै नाता कुटुम्बको सहयोग हुने आशा भएमा सिधै गाउँबाट क्षेत्रीय सदरमुकाम वा ठूला शहरहरु अथवा राजधानीमा नै भएका पनि धेरै घटनाहरु छन्।

तथ्यांकीय विविधता र अनुसन्धानको आवश्यकता

द्वन्द्वका कारण देखापरेको नेपालको विस्थापनको समस्याका सम्वन्धमा हालसम्म केही अध्ययनहरु भएका छन्। नर्वेजियन रिफ्युजी काउन्सील, सिडब्लूसियस र दक्षिण एशियाली मानवअधिकार मञ्च (साफर) ले यस विपयमा अध्ययन गरेका छन्। नेपालका सम्वन्धमा ग्लोबल आइडीपी सम्वन्धी संस्थाले पनि अध्ययन गरेको छ। संयुक्त राष्ट्र संघ विकास कोप (यूएनडिपी) र नेपाल रेडक्रस सोसाइटीले पनि हिंसा आतंकका कारण भएको विस्थापनका सम्वन्धमा अध्ययन गरेको छ।

देशभित्रको सशस्त्र द्वन्द्वका कारण विस्थापनको समस्या दिनानुदिन बढ्दै गएको छ। यस सन्दर्भमा चर्चा परिचर्चा शुरु भएको छ। तर विस्थापन सम्वन्धी अभिलेख प्रणाली व्यवस्थित हुन भने सकेको छैन। समस्याको जरोसम्म पुग्नका लागि तथ्यपरक र भरपर्दो अनुसन्धानको आवश्यकता पर्दछ। विस्थापनसम्वन्धमा सरकारी तथा गैरसरकारी तवरबाट तथ्यांक संकलनको शुरुवात भएको भए तापनि आधिकारिक तथ्यांकको अभाव नै छ। यहाँ जानकारीमा आएसम्मका तथ्यांकहरुलाई समेट्ने र तिनलाई विश्लेषण गर्ने प्रयास गरिएको छ।

इन्सेकले विस्थापनको समस्यालाई विगतदेखि नै विभिन्न ढंगले उठाउँदै आएको छ। आफ्ना अभियानहरुमा, प्रकाशनहरुमा यसलाई स्थान दिदैं आएको छ। यसै क्रममा प्राकृतिक प्रकोपका कारण भएका विस्थापनको सवाललाई लिएर सन् मानवअधिकार वर्प पुस्तक १९९३ मा एक अध्याय राखिएको थियो। ०५२ पछि नेपालमा आन्तरिक सशस्त्र द्वन्द्व चर्किएपछि, यसका कारण भएको आन्तरिक विस्थापनका सवाललाई मापन गर्न केही प्रारम्भिक कार्यहरु यस अघि नै शुरु गरिएको छ। यसैको फलस्वरुप सन् मानव अधिकार वर्प पुस्तक २००३ मा इन्सेकको मानव अधिकार वर्प पुस्तक प्रतिनिधिहरुद्वारा ६० जिल्लामा विस्थापितहरुको तथ्यांक संकलन गरिएको थियो।

श्री ५ को सरकारले सर्वप्रथम गणेशमान शान्ति अभियानका नाममा माओवादी पीडितलाई राहत वितरण गर्ने घोपणा गरेको थियो। यसैअनुसार विशेप गरी राजनीतिक कार्यकर्ताहरुलाई माओवादी पीडितका नाममा राहत वितरण गर्नका लागि राखिएको अभिलेख नै आधिकारिक अभिलेखका रुपमा रहेको छ। यसले विस्थापितहरुको यथार्थता दर्शाउन सक्दैन। यो अपूर्ण र एकपक्षीय छ। माओवादी पक्षवाट मारिएका, यातना दिइएको परिवारहरुलाई राहत प्रदान गरिएका व्यक्तिहरु र उपचार गरिएका व्यक्तिहरुको अभिलेख नै सरकारी अभिलेख मानिएको छ। गृह मन्त्रालयभित्र पनि दुई वटा शाखा- शान्ति सुरक्षा शाखा र योजना शाखाले दिने तथ्यांक फरक-फरक छन्। एउटा तथ्यांकले जम्मा २ हजार ५ सय मात्र देखाएको छ भने अर्कोले ७ हजार ३ सय ४३ भएको वताएको छ।

जनसंख्या अध्ययन केन्द्रीय विभागले १९९६ मा गरेको सर्भेक्षणका अनुसार, कूल जनसंख्याको २२ प्रतिशत आन्तरिक रुपमा बसाइँ सरेको तथ्य थियो। नेपाल बाल मजदुर सरोकार केन्द्र (सिविन) का अनुसार ४ हजार बालबालिकाहरु सशस्त्र द्वन्द्वका कारण विस्थापित भएका छन् र ८ हजार बालबालिकाहरु टुहुरा भएका छन्। माओवादी पीडित संघका अनुसार १ हजार ६ सय परिवार यसका सदस्यहरु छन्। ती मध्ये अधिकांश विस्थापित भएर राजधानी वा जिल्ला सदरमुकामहरुमा बसेका छन्।

राष्ट्रिय मानवअधिकार आयोग ३० हजार, सामुदायिक अध्ययन तथा कल्याण केन्द्र ३ लाख ५० हजार र माओवादी पीडित संघले १ हजार ६ सय (सदस्य बनेका मात्र) विस्थापितहरुको तथ्यांक सार्वजनिक गरेका छन्।[८] इन्सेकको अभिलेखमा सन् २००३ को अत्यसम्म ३८ हजार १ सय ९१ जना विस्थापित भएको देखिन्छ। यस तथ्यांकमा सीमा पार गरी भारत वा तेस्रो मुलुक जानेहरुको संख्या समावेश गरिएको छैन।

विस्थापनको असर

विस्थापनको सकारात्मक प्रभावको लामो सूची वनाउन सकिदैन। कतिपय अवस्थामा विस्थापनवाट वाहिरी वातावरणवारे अवगत हुने अवसर वा नयाँ अवसरहरु प्राप्त गर्न पनि सकिन्छ। तर, विस्थापनका प्रतिकूल असरहरु नै वढी देखिएका छन्।

माओवादी सशस्त्र संघर्पका कारण गाउँ समाजवाट विस्थापित भएर वजार इलाका, जिल्ला सदरमुकाम, क्षेत्रीय सदरमुकाम र राजधानीमा सर्न बाध्य भएका व्यक्तिहरुका लागि धेरै चुनौतिहरु छन्। यद्यपि, उनीहरुका लागि केही अवसरहरु पनि अवश्य प्राप्त भएका छन्। गाउँमा सञ्चार र सम्पर्कको अभाव, कृपिमा निर्भर रहनु पर्ने बाध्यता, रोजगारीको सीमित अवसर, परम्परागत जीवनशैली र रुढीवादी मान्यताहरुले गर्दा उनीहरुका लागि सीमित अवसरहरु, साँघुरा सोचाइहरु, नयाँ परिवेश, वातावरण र विश्वको अवस्थावारे जानकारीको अभावले ज्ञान र चेतनाको स्तर धेरै साँघुरो थियो। सदरमुकाम र राजधानीमा सर्दा त्यहाँको श्रोत-साधनहरु, सञ्चारको वारेमा ज्ञान हुन्छ। नयाँ प्रविधिहरुको जानकारी हुन्छ, नया नयाँ कुरा थाहा पाउने, नयाँ परिस्थितिमा जसरी पनि बाँचनका लागि विभिन्न चुनौतिलाई सामना गर्ने आँट र साहस वढ्दछ।

तर, उल्लेखित पक्षलाई ज्यादै सीमित प्रभावका

रुपमा ग्रहण गर्न सकिन्छ। विस्थापनले मानिसको जीवनका विविध पक्षमा पार्ने प्रतिकूलताहरुको सूची ज्यादै लामो छ। यहाँ नेपालमा हिंसा अशान्तिका कारण भइरहेको विस्थापनले उत्पन्न गरेका केही उल्लेखनीय समस्यावारे संक्षिप्तमा चर्चा गरिएको छ।

मानसिक आघात वा मनोवैज्ञानिक पीडा

वर्तमान सशस्त्र द्वन्द्वका कारण परिवारजनहरु विस्थापित हुँदा घरमा रहेका बुढाबुढी, केटाकेटी र महिलाहरुलाई ठूलो मानसिक चिन्ता हुन्छ भने अर्कोतर्फ घर छोडेर हिडेका व्यक्तिलाई घरपरिवारको चिन्ताले मानसिक पीडा हुन्छ। यसले गर्दा उनीहरुलाई खान मन नलाग्ने, निद्रा नपर्ने, डर लाग्ने लगायत् गम्भीर प्रकृतिका मानसिक रोग, छारे रोग, मुटुको रोग लाग्ने सम्भावना हुन्छ। परिवारसहित विस्थापित समूहका लागि पनि आफ्नो खेतिपाती, वस्तुभाउ, गरी आएका क्रियाकलापहरु, सुख दुखका कुराहरुले पिरोल्ने तथा नयाँ स्थानमा, जुध्नुपर्ने आर्थिक, सामाजिक, साँस्कृतिकलगायत्का समस्याहरुले गर्दा गम्भीर मानसिक आघात पर्दछ। यतिखेर नेपालमा मानिसको बाँच्न पाउने अधिकार नै संकटमा परेको छ। त्यसैले विस्थापनका मनोवैज्ञानिक असरवारे अध्ययन भएको छैन्। तर, द्वन्द्वका कारण नेपालका मानिसहरुमा पनि मानसिक असर परेको छ। खासगरी वालवालिकाहरुमा परेका मनोवैज्ञानिक असरलाई हटाउन लामो समय लाग्दछ। द्वन्द्वको असरका कारण भावी पुस्ता झनै आक्रामक, अपराधिक मनस्थिति भएका र वदलाको भावना लिने वन्न सक्छन्।

आर्थिक कठिनाई

विस्थापनमा परेका समुदायको सबैभन्दा प्रमुख समस्या आर्थिक स्रोत जुटाउनु र परिवार पाल्नु रहेको हुन्छ। हालको द्वन्द्वले विस्थापितहरुको लागि डेरा भाडा तिर्नु, बालबच्चाहरुको पढाइको लागि खर्च जुटाउनु, औषधोपचारको व्यवस्था गर्नु तथा दैनिक खानपानको व्यवस्था गर्नु पनि ज्यादै ठूलो समस्याको कुरा भएको देखिन्छ। यसै कारणले पनि आफ्नो ८–१० विगाहा जग्गा जमीन हुने व्यक्तिहरु आज आएर भक्तपुर र ललितपुरका ईंटा भट्टाहरुमा ईंटा बोक्ने काम गर्न वाध्य भएका उदाहरणहरु छन्। त्यस्तैगरी गाउँमा प्रधानाध्यापक, शिक्षक भएर काम गरेका व्यक्तिहरु परिवारका सदस्यहरु मारिएपछि, अंगभंग हुने गरी घाइते बनाइएपछि हाल गिटी कुट्न, दाउरा बेचेर खान वाध्य भएका छन्।[९] यसैगरी ज्यादै निम्नस्तरको भए पनि जागिर लगाइदिनका लागि राजधानीका विभिन्न कार्यालयहरु, गैससहरु, मानवअधिकार संस्थाहरु तथा निजी संस्थाहरुमा निवेदन दिनेहरुको संख्या धेरै छ। युद्ध र आन्तरिक द्वन्द्वबाट वा जुनसुकै तवरबाट भए पनि विस्थापित हुनेहरुको सबैभन्दा ठूलो समस्या भनेको आर्थिक स्रोत जुटाउनु हो। कुनै पनि पेशा व्यवसायमा संलग्न व्यक्तिका लागि भन्दा पनि गाउँमा कृषि पेशामा निर्भर रहेका, ज्याला मजदुरी गरी जीविकोपार्जन गर्ने, अर्काको जग्गा कमाएर खानेहरु, अथवा कुनै निजी संस्था वा व्यापारमा लागेकाहरु, जो विस्थापित हुन बाध्य भए, उनीहरुका लागि आफ्नो दैनिक गुजारा, छोरा छोरीको विद्यालय शिक्षामा निरन्तरता दिन तथा अत्यावश्यक औषधोपचार खर्च जुटाउनु समेत एउटा चुनौति बनेको छ।

एकातिर राज्यपक्षले विस्थापितका समस्यालाई आफ्नो प्राथमिकतामा राखेर उनीहरुका बसोबास, खानपिन, बालबच्चाहरुको शिक्षा, स्वास्थ्यजस्ता आधारभूत आवश्यकता परिपूर्तितर्फ कुनै योजनाबद्ध सोच राखेको देखिंदैन भने अर्कोतिर दातृसंस्थाहरु, विभिन्न विकाससँग सम्वन्धित संस्थाहरुले पनि आफ्नो लक्षित समुदायका रुपमा उनीहरुलाई लिएर कुनै कार्यक्रम शुरु गरेका छैनन्। यसले गर्दा उनीहरुले दैनिक गुजाराका लागि समेत ज्यादै कठिनाई बेहोर्नुपरेको स्थिति छ।

रोजगारीको अभाव

विस्थापितहरुको लागि सवैभन्दा ठूलो समस्या भनेको रोजगारी नपाउनु भएको छ। आफूसँग भएको योग्यता, दक्षता र अनुभवको आधारमा काम पाएमा विस्थापनको पीडा कम हुने थियो। तर, हाल नेपालमा रहेका आन्तरिक विस्थापितहरुले भोग्नु परेको गम्भीर समस्या बेरोजगारी रहेको छ। अन्य मुलुकहरुमा

नेपालमा द्वन्द्वका कारण आन्तरिक विस्थापित

विकास क्षेत्र	विस्थापित संख्या
पूर्वाञ्चल	३०७७
मध्यमाञ्चल	३६७२
पश्चिमाञ्चल	४५४७
मध्यपश्चिमाञ्चल	२२०१८
सुदुरपश्चिमाञ्चल	४८७७
जम्मा	**३८१९१**
आन्तरिक विस्थापित संख्या (वर्षका आधारमा)	
सन् २००२ को अन्त्यसम्म	२६५५३
सन् २००३ मा	११६३८
जम्मा	**३८१९१**

(नोट: आन्तरिक विस्थापनसम्वन्धी विस्तृत अनुसन्धान हुन नसकेकोले, इन्सेकको अभिलेखमा आएका सूचनाका आधारमा।

विस्थापितहरुका लागि वेरोजगारी भत्ता, शरणार्थी भत्ता, नि:शुल्क औपधोपचार, बालबच्चाहरुको नि:शुल्क शिक्षा, अन्य खर्चहरुमा समेत विशेष छुट तथा सहुलियनका व्यवस्था भएका हुन्छन्। नेपालमा यस्ता व्यवस्था त परै जाओस्, सरकारले दिने भनेर घोषणा गरेको विस्थापित भत्ता र छात्रवृत्ति सेवा समेत नगन्य व्यक्तिले मात्र प्राप्त गर्न सकेका छन्। गृहमन्त्रालयवाट ७ हजार ३ सय ४३ जनाले मात्र आधिकारिकरुपमा विस्थापितका रुपमा आफ्नो नाम दर्ता गराई केही राहत प्राप्त गरेका छन्। सरकारबाट राहत सुविधा वितरण गर्ने क्रममा पनि राजनीतिक पूर्वाग्रह दर्शाइएको कुरा विभिन्न अनुसन्धानवाट देखिएको छ। पीडितहरुले पनि यो कुरा औल्याएका छन्। *(पेज ८८, प्रोफाइल अफ इन्टरनल डिस्प्लेसमेण्ट, नर्वेजियन रिफ्युजी काउन्सिल तथा ग्लोबल आइडीपी प्रोजेक्ट, अक्टोबर २००३)*

सामाजिक सम्बन्धमा विचलन तथा ह्रास

विस्थापित व्यक्ति तथा समुदायका लागि आफ्नो जन्म र कर्मथलो छोडेर विस्थापित हुनुपर्दा उनीहरुको सामाजिक जीवनमा समेत गम्भीर असर परेको हुन्छ। प्रत्येक समाज र समुदायका आफ्ना निश्चित मूल्य मान्यताहरु, सामाजिक सम्बन्धहरु हुन्छन्। एकलाई पर्दा अर्कोलाई सघाउने, दु:ख र सुखमा छिमेकीहरु र समाजका अन्य सदस्यहरुले साथ दिने, जन्म, मरण, विवाह जस्ता सामाजिक कर्महरु, आ-आफ्ना धर्म संस्कृति अनुसारका चाडपर्वहरु मनाउँदा समाजका सदस्यहरु सगै बस्ने, सँगै मनाउने जस्ता सामाजिक रीति-थिति, रहन-सहन, मूल्य मान्यताहरु, समाजका सदस्यमध्ये कसैलाई कुनै अप्ठ्यारो, साह्रो-गाह्रो पर्दा अन्य सदस्यहरुले मद्दत गर्ने, खेति लगाउन, घर बनाउन नसक्दा अरुले श्रम सहयोग गरेर काजकिरिया र विवाहको कार्यमा आर्थिक, भौतिक तथा मनोवैज्ञानिक सहयोग र मद्दत गर्ने प्रचलन ग्रामीण समाजको विशेषता हो। यसरी सामाजिक रुपमा भएका सहयोग, मनोवैज्ञानिक ढाडसहरु विस्थापित भएर नयाँ समाजमा गएर बस्दा गुमाउनु पर्दछ। विभिन्न समाज र संस्कृतिबाट आएका व्यक्तिहरुसँग बस्नु पर्ने हुनाले आफ्नो सामाजिक प्रतिष्ठा, सरसहयोग गुमाउनु पर्दछ। नयाँ समाजमा व्यक्तिले नितान्त एक्लो महसुस गर्नुपर्ने बाध्यता, आफ्नो दु:ख र पीडा पोख्ने विश्वासी छिमेकीहरु, समाज पाउन कठिन हुन्छ। यसले गर्दा पनि उनीहरु मानसिकरुपमा कमजोर र एक्लो महसुस गर्दछन्।

सांस्कृतिक चाडपर्व तथा रीति रिवाज

परम्परा, संस्कृति, चाड पर्व, रीति रिवाजहरुले मानिसलाई समाजमा बाँधेको हुन्छ। साँस्कृतिक चाडपर्वहरु, मेलाहरु, व्यक्तिका विवाह, जन्म उत्सव, मृत्युमा गरिने काजकिरिया आफ्नो धर्म संस्कृति अनुसार गर्न पाउनु व्यक्तिको नैसर्गिक अधिकार हो। यसले व्यक्तिलाई कुनै न कुनै रुपमा सहयोग पुऱ्याइरहेको हुन्छ भन्ने तर्फ संरचनात्मक प्रकार्यवादी समाजशास्त्रीहरुको छ। द्वन्द्ववाट पीडित भएर विस्थापित व्यक्ति तथा परिवारका सदस्यहरुसँग कुराकानी गर्दा उनीहरुले आ-आफ्ना धर्म संस्कृति अनुसारका चाड पर्व र सांस्कृतिक मेलाहरुको बढी सम्झना आउने र ती दिनहरुमा खाइने खानेकुरा, गरिने चालचलन, आफन्त र साथीभाइहरुसँगको भेटघाटको बढी सम्झना आउने कुरा बताउँछन्। विस्थापित भएर लामो समयसम्म बाहिर बस्नुपर्दा एकातिर व्यक्तिमा मानसिक पीडा हुने गरेको छ भने अर्कातिर ती सांस्कृतिक पक्षहरु पनि लोप हुँदै जाने स्थिति छ।

बालबालिका शिक्षाको अधिकारबाट विमुख

शिक्षा विभागले अनुमान गरे अनुसार तीन हजार शिक्षक विस्थापित भएका छन्।[१०]

विस्थापनका कारणले बालबालिकाको शिक्षामा गम्भीर असर परेको छ। कमाउने व्यक्तिहरु विस्थापित हुँदा एकातिर बालबच्चाहरु पुरानै बासस्थानमा रहेका छन्। उनीहरुको शिक्षाको निरन्तरता दिनका लागि आर्थिक स्रोत जुटाउन कठिनाइ हुन्छ। परिवारका अभिभावक नहुँदा बालबालिकामा पर्ने मानसिक चिन्ता, कामको बोझ लिनुपर्ने बाध्यताले उनीहरुको पढाइमा प्रत्यक्ष असर पार्दछ। उनीहरुको पढाइको स्तर पनि घट्न जान्छ। यसले उनीहरुको जीवनमा दीर्घकालीन असर छोड्दछ। परिवारका सदस्यसँगै विस्थापित भएका बालबालिकाका लागि नयाँ परिवेशमा, नयाँ विद्यालयमा अध्ययन गर्नका लागि पनि पढिरहेको विषय नमिल्ने समस्या आउँदछन्। कतिपय बालबालिका गाउँमा अध्ययनको अवसर पाएका भए पनि परिवारजनको विस्थापनले गर्दा आर्थिक कठिनाई परेर विद्यालय छोड्न बाध्य हुनु परेको छ। सिविनको अध्ययन अनुसार नेपालमा माओवादी सशस्त्र संघर्षपछिका ८ वर्षमा सडक बालबालिकाहरुको बृद्धिदर बढेको छ।

शिक्षकहरुलाई विद्रोही पक्षहरुले चन्दा दिनका लागि दबाब दिइरहनु, नियमित रुपमा चन्दा दिन बाध्य पार्नु, चन्दा नदिंदा अपहरण गर्ने, मार्नेसम्मका घटनाहरु विभिन्न स्थानमा भइरहनु, चन्दा दिएको, विद्रोही पक्षलाई सहयोग गरेको नाममा राज्यपक्षबाट विभिन्न दु:ख झण्झट र यातना दिनु, तारिख धाउन लगाउनु जस्ता कारणले गर्दा शिक्षकहरु सकेसम्म सदरमुकाम, राजधानी, क्षेत्रीय सदरमुकाम अथवा सुरक्षित महसुस गरिएका स्थानमा

सरुवा खोज्ने, काजमा जाने अथवा धेरै नै दवाव महसुस गरेर जागिर नै छाड्ने जस्ता घटनाहरु बढेका छन्। विद्यालयका प्रधानाध्यापक, शिक्षकहरुलाई माओवादी वा राज्यपक्षबाट भएका ज्यादतीले गर्दा शिक्षकहरु विस्थापित भएका छन्। यसले गर्दा विद्यालय नै वन्द हुने, विद्यालयमा पढाइ नहुने कारणले शैक्षिक स्थितिमा गम्भीर असर पारेको छ।

इलामको बाँभो गाविसको माङ्सेवुङमा ताप्लेजुङ, पाँचथर र इलामका विभिन्न स्थानबाट ५ हजार जति व्यक्तिहरु विस्थापित भई आएका छन्। जसले गर्दा १४ जना शिक्षक भएको प्राविमा १ हजार ४ सय विद्यार्थीहरु पढ्दछन्। शिक्षक र विद्यार्थीको देखादेख हुन पनि कठिन छ।[११]

स्वास्थ्यमा प्रतिकूल असर

विस्थापित भएर विभिन्न ठाउँमा बसोबास गरेका व्यक्तिहरुका लागि आवश्यक पोषिलो खानाको अभाव, मानसिक चिन्ता, आराम र मानसिक तथा शारीरिक सन्तुष्टिको अभावले गर्दा स्वास्थ्यमा प्रतिकूल असर पार्दछ। बसोबासको अव्यवस्था र कामको अस्तव्यस्तताले उनीहरुको स्वास्थ्यमा असर पर्दछ र विभिन्न खाले रोगहरुले आक्रमण गर्दछन्। आर्थिक स्थितिमा आएको कठिनाईले गर्दा, स्वास्थ्य चौकी तथा अस्पतालको सुविधाको अभावले गर्दा, तत्काल स्वास्थ्योपचार गर्न नसकेर गम्भीर प्रकृतिको शल्यक्रिया गर्नुपर्ने स्थिति समेत आउँदछ। हालको द्वन्द्वको मारमा परेर विस्थापित भएकामध्ये धेरैजनालाई यो समस्याले पिरोलिरहेको छ। परिवारका लोग्ने मानिसहरु विस्थापित भएर महिलाहरुले अतिरिक्त कार्य बोझ लिनु पर्दा महिलाहरुमा रक्त अल्पता, कुपोषण र आयोडिनको कमी जस्ता रोगहरु देखापरेका उदाहरणहरु नभएका होइनन् तर यसबारे आधिकारिक अनुसन्धान भने भएका छैनन्।

विश्वका विभिन्न मुलुकमा विस्थापन तथा शरणार्थी समस्याको कारण एड्स तथा यौनजन्य रोगहरु फैलिएको उदाहरण भेटिन्छन्।

महिला, बृद्ध र बालबालिकामा अतिरिक्त कार्यबोझ

देशमा बिगत ८ वर्षदेखि सञ्चालन भइरहेको सशस्त्र द्वन्दका कारण अहिले गाउँबाट युवाहरु पलायन भएका छन्। घरमूलीका रुपमा रहेका, आर्थिक उपार्जन गर्ने पुरुषहरु घरबाट विस्थापित भए पछि घरमा बुढाबुढी, केटाकेटी र महिलाहरु मात्र रहने स्थिति सृजना भएको छ। जसले गर्दा अशक्त बुढाबुढीहरुमाथि कामको भार थपिएको छ। महिलाहरुमाथि घरायसी काम, घर बाहिरको काम र सामाजिक काम समेतको बोझ थपिएको छ। घरको लागि उत्पादनमूलक काम गर्ने व्यक्तिहरु घरमा नहुँदा बालबालिकाहरुको काँधमा समेत कामको भार बढेको छ। यस वर्ष रामेछापमा महिलाहरुले परम्परागत चलनलाई चुनौति दिदैं बाध्यतावश लाश समेत उठाउनु परेको थियो। विस्थापनको चरम समस्या भएका क्षेत्रमा अतिरिक्त कामको बोझले गर्दा महिलाहरु रक्तअल्पता, लौहअल्पता र कुपोषणको शिकार हुनु अनौठो होइन। स्वास्थ्यकर्मीहरुका अनुसार ती क्षेत्रका महिलाहरुमा बढी शारीरिक समस्याहरु देखापरेका छन्।

कृषि उत्पादनमा ह्रास

काम गर्ने उमेर समूहका मानिसहरु घर छोडेर हिँडेपछि कतिपय खेतियोग्य जमिनहरु समेत बाँझै

छोडिएका छन्। गरिएका खेतीमा पनि आवश्यक मल, वीउ र खनजोतको अभावले उत्पादनमा कमी आएको छ। घरमा वसेका वृद्ध-वृद्धा र केटाकेटीहरुको भरमा खेती चलाउनु पर्ने वाध्यता, गाउँमा कृषिमा ज्यालादारी गरेर वस्ने श्रमिकहरु नपाइनु, आवश्यक रासायनिक मलको अभाव र आर्थिक श्रोतको अभावले गर्दा गरिएको खेती पनि आवश्यक स्याहार-सुसारको अभावले उत्पादनमा कमी आएको छ। मध्यपश्चिमका प्युठान, रुकुम रोल्पावाट करिव दुई लाख वरावरको वीज विक्री हुने गरेकोमा हाल निकै कमी आएको छ। *(नर्वेजियन रिफ्युजी काउन्सिल र ग्लोवल आइडीपी प्रोजेक्टको प्रतिवेदनमा उल्लेखित)*

लगाएको वाली भित्र्याउन नदिने, घरमा तालावन्दी गर्ने, वालीको प्रतिशत चन्दा दिनुपर्ने जस्ता कारणले पनि मानिसमा खती गर्ने जाँगर घटेको छ। सिन्धुली जिल्लाको रतनचुरा गाविसकी ६६ वर्षीय पम्फादेवी थापाको घर माओवादीले ०६० भदौ १० गते पार्टीकरण गरिएको घोषणा गरे। उनका छोरा दुई वर्ष अघि नै घर छोडी हिंडेका थिए। घर जग्गामा माओवादीको कव्जा भएपछि वुहारी र नाती नातिनी विस्थापित हुन पुगे। हालसम्म खेतको धान काटिएको छैन। बारीको जुनार उनीहरुले टिप्न पाएका छैनन्। घरमा भण्डार गरिएको सवै धान माओवादीले ताल्चा लगाएर कव्जमा लिएका छन्।

शहरी क्षेत्रमा वसोवासको चापमा वृद्धि

रोजगारीको अवसरको विविध सम्भावना र सुरक्षाको प्रत्याभुति हुने भएकोले विस्थापितको पहिलो प्राथमिकता शहरी क्षेत्र अझ खासगरी राजधानीले पाएको छ। ०५८ सालको जनगणना अनुसार शहरी जनसंख्या वृद्धि दर ३०५ प्रतिशत थियो। एक अध्ययन अनुसार, हाल ५०२-७ प्रतिशतले वृद्धि भइरहेको छ। अनियोजित वसोवास र जनघनत्वको अप्रत्याशित वृद्धिले गर्दा खानेपानी, शिक्षा, स्वास्थ्य सेवा, विद्युत, सञ्चार जस्ता आधारभूत सेवा अपर्याप्त त हुन्छ नै। सरुवारोग नियन्त्रण गर्न पर्याप्त साधन सुविधा पुऱ्याउन नसकिने भएकोले थप समस्या उत्पन्न हुने खतरा रहन्छ।

निष्कर्ष र सुझाव

- आन्तरिकरुपमा विस्थापितहरुको यथार्थ स्थितिवारे जानकारी हुने आधिकारिक तथ्यांक संकलनका लागि अनुसन्धान गरिनु जरुरी छ।
- आन्तरिक विस्थापितहरुको समस्या समाधानका लागि राज्यले ठोस नीति निर्माण गर्ने तथा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना वनाई योजनावद्ध कामको थालनी गर्न आवश्यक छ।
- आन्तरिक विस्थापनको समस्या समाधानका लागि श्री ५ को सरकारले छुट्टै संयन्त्र निर्माण गरी व्यवस्थित कार्यारम्भ गरिनु पर्दछ।
- आन्तरिक विस्थापितहरुको समस्या समाधानका लागि उनीहरु स्वयंलाई समस्या पहिचानदेखिकै चरणमा सहभागी गराई दीर्घकालीन समाधान खोजिनु पर्दछ।
- आन्तरिक विस्थापितहरुको समस्यालाई प्राथमिकीकरण गरी अत्यावश्यक समस्याहरुको समाधानको लागि अविलम्व शुरुवात गर्न आवश्यक छ।
- आन्तरिक विस्थापनको समस्या समाधानका लागि संयुक्त राष्ट्रसंघीय आयोगहरुसँग सहकार्य गरी तुरुन्त अन्तर्राष्ट्रिय सहयोगको प्रक्रिया अगाडि वढाइनु पर्दछ।
- विस्थापनको समस्या समाधानका लागि सहयोग गर्न सक्ने दातृ संस्थाहरु, यसका लागि स्थानीय तहमा काम गर्न सक्ने राष्ट्रिय तहका संस्थाहरुवीच छलफल चलाई, कामको प्राथमिकीकरण गरी तत्कालीन समस्या समाधानको कार्य शुरु गरिनु पर्दछ।
- विस्थापितहरुको आधारभूत मानवअधिकारका क्षेत्रमा काम गर्न दातृसंस्थाहरुलाई पहल गर्न वहस पैरवीको निरन्तरता आवश्यक छ।
- आन्तरिक विस्थापितहरुको निर्देशक सिद्धान्तलाई अभिसन्धिका रुपमा संयुक्त राष्ट्रसंघवाट पारित गराउन व्यापक वहस पैरवी गर्न जरुरी छ।

नोट

१. "संयुक्त राष्ट्रसंघद्वारा पारित आन्तरिक विस्थापनसम्बन्धी निर्देशक सिद्धान्त १९९८, परिचय, क्षेत्र र उद्देश्य शीर्षकको वुदा नं. २, इन्सेक, पेज ५, आन्तरिक विस्थापनसम्बन्धी निर्देशक सिद्धान्त, २०५९
२. कार्यपत्र, सुशील प्याकुरेल, २००३
३. मानव अधिकार वर्ष पुस्तक १९९६,९७,९९,२०००
४. कैरन, ब्रेकिङ्ग द कन्फ्लिक्ट ट्र्याप, द वर्ल्ड बैंक, २००३
५. ऐजन
६. मानवअधिकार प्रलेख, प्रसार तथा संरक्षण केन्द्रको अभिलेख
७. इन्सेकद्वारा आयोजित सशस्त्र द्वन्द्ववाट वालवालिकामा परेको असर सम्वन्धी अन्तर्क्रियामा उनको छोरीको भनाई
८. राजधानी दैनिक, ०६० साउन १० गते
९. साधना मासिक
१०. नेपालमा मानवअधिकारको स्थिति: एक प्रतिवेदन, राष्ट्रिय मानव अधिकार आयोग
११. स्पेसटाइम दैनिक, ०६० भदौ १४

परिच्छेद ६

आदिवासी जनजाति र मानवअधिकार

परिचय

विश्वका करिव ३० करोड आदिवासी जनजातिमध्ये ८२ लाख ७२ हजार नेपालमा रहेका छन्। आदिवासी जनजातिका रुपमा श्री ५ को सरकारले नेपालका ५९ थरिका साँस्कृतिक तथा भाषिक समूहलाई किटान गरेको छ। आदिवासी जनजाति आफ्नै पृथक पहिचान, संस्कृति, भाषा, धर्म, इतिहास र संस्थागत संरचना सहित, आफ्नो पूर्ख्यौली भूमिसित भावनात्मक सम्बन्ध राख्दछन्। आफ्नो विशिष्ट परम्परागत कानुन, ज्ञान, मूल्य-मान्यतासँगै नेपालका आदिवासी-जनजाति हिन्दू वर्णाश्रममा आधारित जातीय पद्धतिभन्दा पृथक स्वरुप बोकेका समुदायका रुपमा स्थापित छन्।

आदिवासी जनजातिप्रतिको विभेद र उनीहरुको सिमान्तीकरण मुलुकमा विद्यमान सांस्कृतिक विविधता र वर्तमान नेपालको प्रजातन्त्रको लागि प्राथमिक चुनौतीको रुपमा रहेको छ। विगत अढाई शताब्दीमा नेपालका आदिवासी जनजातिहरुलाई बलजफ्ती आफ्नो भूमिबाट विस्थापित गरिएको र प्राकृतिक स्रोतबाट विमुख पारी उनीहरु माथि शोषण र विभेदपूर्ण व्यवहार गरिएको थियो। फलस्वरुप अधिकांश आदिवासी जनजाति प्रभूत्वशाली समुदायहरुका तुलनामा आर्थिकरुपले विपन्न छन्। उनीहरु कमजोर शैक्षिक तथा स्वास्थ्य अवस्थामा छन्। राजनीतिमा उनीहरुको प्रतिनिधित्व अत्यन्त न्यून रहेको छ। राष्ट्रिय मूलधारमा उनीहरुको सहभागिताको अधिकारको अवहेलना हुँदै आएको छ। त्यही कारण नेपालका आदिवासी जनजाति शक्तिविहीन अवस्थामा रहेका छन्।

आदिवासी जनजातिमाथि भाषा, धर्म, र जातिका आधारमा गरिएको योजनाबद्ध विभेद र बेवास्ताले गर्दा उनीहरुको व्यक्तिगत तथा सामूहिक हक अधिकार प्राप्ति र अभ्यासका प्रयासहरु संकटमा परेका छन्। उनीहरुका निम्ति आफनो सांस्कृतिक पहिचान, समान सहभागिताको अधिकार र विभेदविरुद्ध संगठित आवाज उठाउन सहज छैन। नागरिक तथा राजनीतिक अधिकार तथा आर्थिक, सामाजिक, तथा साँस्कृतिक अधिकारबाट आदिवासी जनजाति वंचित हुन पुग्नाले नेपाललाई समतामूलक, प्रजातान्त्रिक र शान्तिपूर्ण मुलुकको रुपमा स्थापित गर्न बाधा उत्पन्न भएको छ।

नेकपा (माओवादी) र सुरक्षाफौजवीचको सशस्त्र द्वन्द्वका क्रममा, आधारभूत मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय नियम कानुनहरुको युद्धरत दुवै पक्षवाट जघन्य उल्लंघन हुँदै आएको छ। अन्धाधुन्ध हत्या, स्वेच्छाचारी गिरफ्तारी, र यातनामा भएको वृद्धिले मानिसको बाँच्न पाउने आधारभूत अधिकारको समेत गम्भीर रुपले हनन् भएको छ। द्वन्द्वबाट धेरै संख्यामा पीडित हुनेहरुमा आदिवासी समुदायका मानिस परेका छन् भन्ने कुरा तथ्यांकले देखाउँद्छ। युद्ध आदिवासी क्षेत्रमा केन्द्रित भएकोले बालबालिका, महिला तथा अन्य निर्दोष आदिवासी जनजाति विस्थापन, मानसिक पीडा र बढ्दो गरिबीको चपेटामा परेका छन्।

आदिवासी जनजातिको सवाल नेपालको प्रजातन्त्र, राष्ट्रियता र मानवअधिकारसँग प्रत्यक्ष रुपमा गाँसिएको छ। यो परिच्छेदमा नेपालका आदिवासी जनजातिको वर्तमान स्थिति र उनीहरुमा सशस्त्र द्वन्द्वले पारेको प्रभावका सम्बन्धमा लेखाजोखा गरिएको छ। नेपाल एकीकरण पूर्वको अवस्थादेखि शाह वंशीय शासन, पचायतकाल र अहिलेको बहुदलीय प्रजातन्त्रसम्मको विवेचनाबाट आदिवासी जनजातिको वर्तमान अवस्था सृजना हुनुको ऐतिहासिक पृष्ठभूमिको संक्षिप्त विश्लेषण गरिएको छ। सबै समूहको अवस्था प्रस्तुत गर्न यहाँ सम्भव नभएता पनि मुलुकभरका आदिवासी जनजातिसँग सम्बद्ध सरोकार र सवालहरुलाई समेट्ने प्रयास गरिएको छ। नेपालको संवैधानिक प्रावधान, आदिवासी समुदायलाई विशेष समूहका रुपमा उनीहरुका अधिकार सुरक्षार्थ अन्तर्राष्ट्रिय रुपमा तय गरिएका मापदण्डका बुँदाहरु पनि यस आलेखमा प्रस्तुत गरिएको छ। यसका अतिरिक्त परिच्छेदले नेपालका आदिवासी जनजातिका मानवअधिकार प्रवर्द्धन र संरक्षणका लागि केही सुझावहरु समेत अगाडि सारेको छ।

आदिवासी जनजाति को हुन् ?

श्री ५ को सरकारले नेपालको करिव ३६.३ प्रतिशत जनसंख्यालाई आदिवासी जनजातिका रुपमा सूचिकृत गरेको छ। आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८[१] ले ५९ थरिका साँस्कृतिक र भाषिक समुदायलाई सूचीकृत गरी आदिवासी जनजातिका रुपमा किटान गरेको छ। ऐनले आदिवासी जनजाति भन्नाले 'आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै साँस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको अनुसूची बमोजिमको जाति वा समुदायलाई' जनाउँछ भनी परिभाषित गरेको छ।

नेपालमा 'आदिवासी' र 'जनजाति' शब्दलाई झन्डै पर्यायवाचीका रुपमा प्रयोग गरिँदै आएको छ। 'आदिवासी' शब्द संस्कृतबाट आएको हो। जसको अर्थ सबैभन्दा पहिले वसोबास गर्ने वा मूलवासी हुन्छ। 'आदिवासी' लाई भूमिपुत्र पनि भन्ने गरिन्छ। 'जनजाति' शब्द सामान्यतया, जनता,

राज्यका भाषिक तथा साँस्कृतिक समूह अर्थात 'ट्राइब' वा 'नेश्नालिटी' को अर्थमा प्रयोग भएको पाइन्छ। 'जनजाति' शव्द प्रचलनमा आए यताका केही वर्षहरुमा आदिवासीहरुले आफ्नो स्वपहिचानका लागि यो शव्दलाई प्रयोग गर्दै आएका छन्। यही शव्द सरकारी कामकाज तथा सार्वजानिक वहसमा पनि आदिवासी जनजातिको अर्थमा प्रयोग भएको पाइन्छ।

आदिवासी शव्द 'भूमि, क्षेत्र तथा आफ्नो पृथक संस्कृतिसित निकट सम्वन्ध रहेको र आफ्नै मौलिक तथा परम्परागत संस्कार र मूल्य-मान्यता राख्ने समुदाय' भन्ने अर्थसँग सम्वन्ध राख्दछ। जनजाति शव्दले सामाजिक मर्यादामा अपहेलित, उपेक्षित तथा प्रताडित समुदायलाई जनाउँछ। पछि वसाई आएका भनी विश्वास गरिएका उत्तरी भेग हिमाल र पूर्वी तराईका केही जनजाति समुदायबाहेक अन्य सबै जनजाति नेपालका आदिवासी रहेको अध्ययनहरुले देखाउँदछ।[२] तालिका : १ मा नेपालका आदिवासी जनजातिको सूची प्रस्तुत गरिएको छ।

आदिवासीको परिभाषाका निम्ति संयुक्त राष्ट्रसंघले स्व:पहिचानलाई आधारभूत मापदण्ड मानेको छ। यही मापदण्डको प्रयोग गरी विश्वभरका आदिवासी जनजातिका अधिकार प्रवर्द्धनका निम्ति कार्यरत अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) को कन्भेन्सन नम्बर १६९, ले आदिवासी जनतालाई यसरी परिभाषित गरेको छ :

- जो आफ्नै सामाजिक, सांस्कृतिक र आर्थिक अवस्थाले गर्दा अरु राष्ट्रिय समुदायहरु भन्दा विशिष्ट रहेका छन् र, जसको अवस्था आंशिक वा पूर्णरुपमा उनीहरुको मौलिक परम्परा, रितिथिति वा विशेष नियम काननुनद्वारा संचालित तथा नियन्त्रित छ।
- अहिलेको राज्यको उदय, उपनिवेश वा वर्तमान मुलुकको सीमारेखा कोरिएको वखतभन्दा अगावै, त्यो राज्य वा भौगोलिक सीमा भित्र जो आफ्ना पूर्खा र पूर्ख्यौली थलोका कारण भूमि चर्चेको समुदायका रुपमा रहेका छन्। वर्तमान राज्यको जस्तोसुकै कानुनी प्रावधान रहेता पनि जसको आफ्नै सामाजिक, आर्थिक, साँस्कृतिक र राजनीतिक संगठन छ, त्यस्तो समुदायलाई आदिवासी भनिन्छ।

नेपालका आदिवासी आन्दोलन तथा विभिन्न आदिवासी जनजाति संघ-संगठनहरुले आदिवासी पहिचानका निम्ति निश्चित मापदण्ड पनि तयार पारेका छन्। आदिवासी आन्दोलनका अगुवा वा कार्यकर्ता, आदिवासी जनजाति विद्वानसित परामर्श गरी नेपाल आदिवासी जनजाति महासंघले (१९९८) नेपालको सन्दर्भमा आदिवासी जनजातिलाई परिभाषित गर्न देहाय बमोजिमका मापदण्डको विकास गरेको हो। जनजाति महासंघका अनुसार आदिवासी भन्नाले,

१. भिन्न साँस्कृतिक परम्परा र आफ्नै मातृभाषा भएको, पितृ तथा प्रकृति पुज्ने धर्ममा आधारित धार्मिक विश्वास गर्ने र राज्यद्वारा लादिएको 'हिन्दूवाद' नमान्नेलाई जनाउँछ।
२. ती पूर्खाका वर्तमान सन्ततीहरु जसका पूर्वजहरुले पहिलो वासिन्दा वा मूलवासीका रुपमा हालको नेपाल राज्यको भू-भागहरु भिन्न नश्ल, जाति वा संस्कृतिका मानिसहरु आउनु अगावै चर्चेका थिए र जसका आफ्नै लिखित वा मौखिक इतिहास छ।
३. विगत चार शताब्दी यता विशेष गरी आधुनिक हिन्दू राज्यको स्थापना र विस्तारका बेलादेखि आफ्नै भूमि वाट विस्थापित भएका समुदाय किपट, पानी, खेतीयोग्य जग्गा जस्ता साधन माथिको आफ्नो परम्परागत अधिकारवाट वञ्चित भएको समुदायलाई जनाउँछ।
४. जसलाई राज्यको राजनीतिक शक्तिवाट दमित पारिएको छ र जो राज्यको निर्णय तहमा पुगेका छैनन् र जसका पुरानो संस्कृति, भाषा र धर्मलाई गौण ठानिएको छ तथा सामाजिक मूल्य-मान्यतालाई वेवास्ता र अपहेलना गरिएको छ।
५. जुन समाज आर्यन जातीय पद्धतिमा जस्तो वर्णाश्रममा आधारित तहगत प्रणाली नभई समानताका सिद्धान्तको आधारमा निर्मित छ। जुन समाजमा महिलालाई सामाजिक, आर्थिक र धार्मिक हिसावले अपहेलना गरिदैन् र लैंगिक समानता विद्यमान छ वा अझै महिलाको उच्च स्थान र कदर छ। तर राज्यले तिनको मूल्य र मान्यतालाई कमजोर वनाएको छ।
६. जो औपचारिक वा अनौपचारिकरुपमा माथि उल्लेखित गुणका आधारमा आफूलाई नेपालका आदिवासी भनी दावी गर्दछन्।

हिन्दू जातीय प्रणाली अन्तर्गत नरहनु नेपालका आदिवासी जनजातिलाई चिनाउने एउटा विशिष्ट सूचक हो। तहगत रुपमा वर्गीकृत हिन्दू वर्णाश्रममा शुद्ध तथा शुद्र वा छुन अछुत भनी छुट्याइएको हुन्छ। गैरआदिवासी र आदिवासीलाई छुट्याउने त्यो एउटा राम्रो कडी हो। आदिवासी जनजाति यस वर्णाश्रमवाट अलग भएता पनि उनीहरुलाइ यसभित्र सम्मिलित गरी असमान व्यवहार गर्ने हुनाले उनीहरु जाति प्रथालाई रंगभेदका रुपमा विरोध गर्दछन्।

आफ्नो भूमिप्रतिको विशेष सम्बन्ध, भिन्न साँस्कृतिक, धार्मिक, भाषिक, पहिचान तथा इतिहास हुनाले पनि आदिवासीहरु मुलुकका हिन्दू जातीय समूहभन्दा पृथक रुपमा चिनिन्छन्। आदिवासी जनजातिलाई एकछत्र रुपमा गरिएको राजनीतिक उपेक्षा, साँस्कृतिक विभेद तथा आर्थिक शोषणको साझा अनुभुति पनि उनीहरुको सामूहिक पहिचानको द्योतक हुन पुगेको देखिन्छ। आदिवासी जनजाति समुदायमा यस्ता साझा विशेषताहरु हुँदाहुँदै पनि उनीहरु भित्र साँस्कृतिक, धार्मिक, आर्थिक, राजनीतिक, भाषिक पक्षहरुमा धेरै विविधता पाइन्छ।

जनसंख्या तथा बसोबासको स्थिति

राष्ट्रिय जनगणना २००१ को आंकडा अनुसार नेपालमा ८२ लाख ७१ हजार ९ सय ७५ आदिवासी जनजाति रहेका छन्। उनीहरु ७५ जिल्लाका हिमाल, पहाड, तराई र भित्री मधेश र मधेशमा छरिएका छन्। नेपाल अधिराज्यभर छरिएर रहेपनि उनीहरुको बाक्लो वस्ती भने पूर्वी, मध्य र पश्चिम विकास क्षेत्रमा रहेको छ। तर, सुदुरपश्चिम र मध्यपश्चिमाञ्चलमा भने उनीहरुको पातलो बस्ती छ। उदाहरणका निम्ति ६५ प्रतिशत आदिवासी जनजाति पूर्वी र मध्यमाञ्चल विकास क्षेत्रमा रहेका छन्। सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा उनीहरुको जनसंख्या जम्माजम्मी ५ प्रतिशत मात्र छ। नेपालका केही आदिवासी जनजाति समुदाय भारतको उत्तर पूर्वाञ्चल राज्यहरु विशेषगरी बिहार, उत्तरप्रदेश र पश्चिम बंगाल राज्यसम्म पनि फैलिएका छन्।

सरकारले ५९ थरिका आदिवासी जनजातिको पहिचान गरे पनि जनगणना २००१ भने ४३ जनजाति समूहको मात्र तथ्यांक संकलन गर्न सक्षम भएको छ। यस्तो हुनुको कारण जातजातिका आधारमा गरिएको जनगणना अभ्यासको इतिहास नेपालमा अत्यन्त छोटो हुनु पनि हो। मुलुकका कुनाकाप्चामा रहेका जातिहरुबारे तथ्यांक विभागमा कम जानकारी भएकोले पनि यस्तो भएको हुन सक्छ।

तालिका: १

नेपालका आदिवासी जनजाति

हिमाली क्षेत्र				पहाडी			
१.	वाह्रगाउँले	२.	भुटिया	१.	वनकरिया	२.	बारामो
३.	ब्यासी	४.	छैरोतन	३	भुजेल/घर्ती	४.	चेपाङ
५.	डोल्पो	६.	लार्के	५.	छन्तयाल	६.	दुरा
७.	ल्होमी (सिग्सावा)	८.	लोह्पा	७.	गुरुङ	८.	हायु
९.	मार्फाली थकाली	१०.	मुगाली	९.	ह्यूल्मो	१०.	जिरेल
११.	शेर्पा	१२.	सियार	११.	कुशवडिया	१२.	कुसुन्डा
१३.	ताङ्बे	१४.	थकाली	१३.	लेप्चा	१४.	लिम्बु
१५.	थुदाम	१६.	तीनगाउँले थकाली	१५.	मगर	१६.	नेवार
१७.	तोप्केगोला	१८.	वालुङ	१७.	पहरी	१८.	फ्रि
				१९.	राई	२०.	सुनुवार
				२१.	सुरेल	२२.	तामाङ
				२३.	थामी	२४.	याक्खा

भित्री मधेश				तराई			
१.	बोटे	२.	दनुवार	१.	धानुक (राजवंशी)	२.	धिमाल
३.	दराई	४.	कुमाल	३.	गनगाई	४.	झागड
५.	माझी	६.	राजी	५.	किसान	६.	मेचे
७.	राउटे			७.	राजवंशी (कोचे)	८.	सतार/सन्थाल
				९.	ताजपुरिया	१०.	थारु

स्रोत : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, ०५८ (अनुसूची)

विभिन्न आदिवासी जनजातिको जनसंख्या फरक-फरक देखिएको छ। उदाहरणका लागि कुसुण्डाको जनसंख्या सबैभन्दा कम अर्थात १ सय ६८ मात्र छ। मगरको १६ लाख २२ हजार ४ सय २१, थारुको १५ लाख ३३ हजार ८ सय ७९, तामाङको १२ लाख ८२ हजार ३ सय ४ र नेवारको १२ लाख ४५ हजार २ सय ३२ जनसंख्या रहेको छ। जनसंख्याका आधारमा आदिवासीहरु एकमुष्ठ रुपमा बहुमतमा देखिए पनि नेपालमा कुनै पनि एक जातिको बाहुल्य छैन। सबैभन्दा ठूलो संख्याको जातमा गैरआदिवासी अर्थात क्षेत्री छन्। उनीहरुको संख्या नेपालको कूल जनसंख्याको १५.८ प्रतिशत छ भने त्यसपछि १२.७ प्रतिशत बाहुनको रहेको छ। क्षेत्री र बाहुन प्रथम सूचीमा पर्ने अधिक जनसंख्या भएको जातमा पर्दछन्। त्यसैगरी, मगर, थारु, तामाङ र नेवार तेस्रो, चौथो, पाँचौ र छैटौं बढी जनसंख्या भएको जातिमा रहेका छन्। राउटे, ह्योल्मो र कुसबडिया आदिवासी जनजातिको संख्या ७ सय भन्दा कम रहेको छ। तालिका: २ मा क्षेत्रगत हिसाबले आदिवासी जनजातिको जनसंख्या देखाइएको छ।

प्रत्येक आदिवासी जनजाति समुदायका आफ्नै परम्परागत पुर्ख्यौली थलो रहेका हुन्छ। मगरहरु पश्चिमाञ्चल विकास क्षेत्रमा केन्द्रीत छन्, जसमध्ये तनहुँ, स्याङ्जा, पाल्पा, बागलुङ, नवलपरासी, प्युठान र गुल्मी जिल्लामा यिनीहरुको जनसंख्या बढी छ। मगर क्षेत्रलाई मगरात पनि भनिन्छ। त्यसैगरी, थारुहरु भन्नाले थारुथलो भन्ने बुझिन्छ। सुनसरी, दाङ, बर्दिया, कैलाली, र तराईका अन्य जिल्लाहरु यस थलो अन्तर्गत पर्दछन्। काठमाडौं उपत्यका वरपरका जिल्लाहरुमा तामाङ बाहुल्य रहेको छ। ती जिल्लाहरुमा सिन्धुपाल्चोक, काभ्रेपाल्चोक, रसुवा, नुवाकोट, धादिङ, मकवानपुर, रामेछाप र दोलखा पर्दछन्। तामाङका परम्परागत क्षेत्रलाई ताम्सालिङ भनिन्छ। नेवारको अधिक संख्या भने काठमाडौं, भक्तपुर र ललितपुरमा छ जसलाई नेपाल मण्डल भनिन्छ। गुरुङहरु आफ्नो क्षेत्रलाई तमु-मए ह्युल भन्दछन् जसमा गोर्खा, लमजुङ, मनाङ, मुस्ताङ, र कास्की छन्। राईहरुको बाक्लो बस्ती भने पूर्वी क्षेत्र अर्थात इलाम, धनकुटा, संखुवासभा, भोजपुर, खोटाङ र सोलुखुम्बुमा रहेको छ। यस क्षेत्रलाई किरात प्रदेश अर्थात खुम्बुआन भनिन्छ। लिम्बूहरुको लिम्बूआन अन्तर्गत ताप्लेजुङ, पाँचथर र तेह्रथुम छन्।

नेपालमा आदिवासी जनजाति बाहेकका अन्य धार्मिक, जातीय तथा भाषिक समूहहरु पनि बसोबास गर्छन्। जसमध्ये पहाडी क्षेत्रमा ३०.८९ प्रतिशत जनसंख्या हिन्दू उपल्लो जातिहरु छन्। यसअन्तर्गत क्षेत्री, बाहुन, ठकुरी र सन्यासी पर्दछन्। तराईका हिन्दू उपल्लो जातीय समूहको १२.३ प्रतिशत जनसंख्या रहेको छ। परम्परागत जातिप्रथामा अछुत मानिएका दलितहरुको जनसंख्या भने १५ प्रतिशत छ। नेपालमा मुस्लिम जनसंख्या ४.३ प्रतिशत छ।

संक्षिप्त इतिहास

नेपालका आदिवासी जनजातिसम्बन्धी इतिहासका प्रमुख स्रोतहरु अलिखित अर्थात मौखिक छन्। त्यसो त प्राचीन इतिहासका उपलब्ध केही लिखित श्रोतहरुले आदिवासी किराँतीहरु काठमाडौं उपत्यकाका प्रथम शासक थिए भन्ने बताउँछ। एघारौं शताब्दीतिर भारोपेली भाषा परिवारका आर्य जातिहरु पश्चिम नेपाल प्रवेश गर्नु अघि, आदिवासी जनजातिहरु हिमालय पर्वतको दक्षिणी भागमा विभिन्न स-साना राज्य, तथा गणहरुमा संगठित भई बसेको विश्वास गरिएको छ।[३]

आदिवासी जनजातिहरु स्व:शासित थिए र उनीहरुले आफ्नो भूमी वा क्षेत्रलाई स्वतन्त्र अधिराज्यको रुपमा लिन्थे भन्ने बाहेक मध्यकालसम्मको आदिवासी जनजातिको इतिहासबारे थोरै मात्र जानकारी पाउन सकिएको छ। आर्य जातिको प्रवेश र उनीहरुको सांस्कृतिक तथा राजनीतिक प्रभुत्वले नेपालका आदिवासी जनजाति समुदायमा प्रमुख परिवर्तन ल्याएको देखिन्छ। चौधौं शताब्दीका राजा जयस्थिती मल्लद्वारा काठमाडौं उपत्यकामा जातीय आधारमा गरिएको समाजको पुन: संरचनालाई आदिवासीप्रति गरिएको अप्रजातान्त्रिक धक्काको शुरुआत मानिन्छ। यसबाट नै नेपालमा हिन्दू हैकमको प्रारम्भ भएको विश्वास पनि गरिन्छ। त्यसै बखत पश्चिमी पहाडमा ठकुरी रजौटाहरुबाट पनि आदिवासीहरुमा त्यस्तै खालको राजनीतिक तथा अतिक्रमणकारी प्रक्रिया शुरु भएको थियो।

अतिक्रमण र हैकम विस्तारको यो श्रृंखलामा तत्कालीन गोर्खाका राजा पृथ्वीनारायण शाहले वि.सं. १८२५ मा गरेको 'नेपाल एकीकरण' सबैभन्दा महत्वपूर्ण घटना मानिन्छ। नेपाल एकीकरणको अभियानले रक्तपातपूर्ण युद्ध वा सम्झौताको माध्यमबाट नेपालका विभिन्न ६४ वटा स-साना राज्यलाई एउटै छातामुनि ल्यायो। यो 'एकीकरण' लाई मूलत: नेपालका आदिवासी जनजातिका स्वायत्तता र स्वतन्त्रताको अन्त्य मानिन्छ। स्वायत्तता तथा स्वतन्त्रताको अन्त्यपछि उनीहरुका भूमि तथा प्राकृतिक स्रोतप्रतिको अधिकार विस्तारै खोसिँदै गयो।

बोलीमा राजा पृथ्वीनारायण शाहले नेपाललाई 'चार वर्ण छत्तीस जातको साझा फुलवारी' भने पनि वास्तवमा उनको अभियान नेपाललाई 'असली हिन्दूस्तान' बनाउनु रहेको थियो भनिन्छ। फलस्वरुप एकीकरणपछिको नेपालको शासकीय शैली पनि हिन्दूशास्त्रीय कानुनका सिद्धान्तद्वारा निर्देशित भयो। यसैकारण राज्यले आदिवासी भाषा, संस्कृति, धर्म तथा परम्पराप्रति वैमनश्यतापूर्ण व्यवहार गरिरह्यो। परिणामस्वरुप आदिवासीहरु भेदभावको शिकार हुनु पर्‍यो। उनीहरुको साँस्कृतिक सम्पदा गुम्ने क्रम शुरु भयो। आदिवासी आन्दोलनकर्मी तथा विद्वानहरु आधुनिक 'नेपाल एकीकरण' ले शुरु गरेको यो प्रक्रियालाई 'आन्तरिक उपनिवेश' को संज्ञा दिने गर्दछन्।

तालिका: २

नेपालका आदिवासी जनजातिको जनसंख्या

आदिवासी समूह	जनसंख्या	कूल जनसंख्या को प्रतिशत	आदिवासी समूह	कूल जनसंख्या को प्रतिशत	प्रतिशत
हिमाल	१९०,१०७	०.८२	भित्री मधेश	२५१,११७	१.११
शेपा	१५४,६२२	०.६८	कुमाल	९९,३८९	०.४४
भोटे	१९,२६१	०.०८	माझी	७२,६१४	०.३२
थकाली	१२,९७३	०.०६	दनुवार	५३,२२९	०.२३
व्यासी	२,१०३	०.०१	दराई	१४,८५९	०.०७
वालुङ	१,१४८	०.०१	बोटे	७,९६९	०.०४
			राजी	२,३९९	०.०१
पहाड	**६,०३८,५०६**	**२६.५**	गाउटे	६५८	०
मगर	१,६२२,४२१	७.१४			
तामाङ	१,२८२,३०४	५.६४	**तराई**	**१,७८६,९८६**	**७.८५**
नेवार	१,२४५,२३२	५.४८	थारु	१,५३३,८७९	६.७५
राई	६३५,१५१	२.७९	राजवंशी	९५,८१२	०.४२
गुरुङ	५४३,५७१	२.३९	सत्तार/सन्थाल	४२,६९८	०.१९
लिम्बू	३५९,३७९	१.५८	झागर धागर	४१,७६४	०.१८
घर्ती/भुजेल	११७,५६८	०.५२	गनगाई	३१,३१८	०.१४
सुनुवार	९५,२५४	०.४२	धिमाल	१९,५३७	०.०९
चेपाङ (प्रजा)	५२,२३७	०.२३	ताजपुरिया	१३,२५०	०.०६
थामी	२२,९९९	०.१	मेचे	३,७६३	०.०२
याक्खा	१७,००३	०.०७	किसान	२,८७६	०.०१
पहरी	११,५०५	०.०५	कोचे	१,४२९	०.०१
छन्त्याल	९,८१४	०.०४	मुन्डा	६६०	०
बरमु, ब्रमु	७,३८३	०.०३			
जिरेल	५,३१६	०.०२	पहिचान नभएका	५,२५९	०.०२
दुरा	५,१६९	०.०२	**नेपालको कुल**		
लेप्चा	३,६६०	०.०२	**जनसंख्या**	२२,७३६,९३४	**१००**
हायु	१,८२१	०.०१	**आदिबासी**		
ह्योल्मो	५७९	०	**जनजातिको कुल**		
कुसुन्डा	१६४	०	**जनसंख्या**	८,२७१,९७५	३६.३

स्रोत : केन्द्रीय तथ्यांक विभाग- २००१

वि.सं. १९०३ मा जंगबहादुर कुँवरको प्रधानमन्त्रीकारुपमा उदय भएपछि १ सय ४ वर्षसम्म निरंकुश राणा शासन कायम रह्यो। निरंकुश जहाँनिया राणा शासनकाल आदिवासीका निम्ति अझै अन्धकार युगका रुपमा रह्यो। आदिवासी जनजातिलाई राजनीतिबाट पूर्णतया अलग पार्ने, उनीहरुको संस्कृतिमाथि धावा बोल्ने तथा आर्थिकरुपमा शोषण गर्ने क्रम अघि बढाउँदै राणा शासकहरुले हिन्दू अधिपत्यलाई सुदृढ पारे। राणा प्रधानमन्त्री जंगबहादुर राणाले आफ्नो बेलायत यात्रापछि वि.सं. १९१० मा कानुनका रुपमा पहिलो मुलुकी ऐन ल्याए। यसले नेपालका शासकका हिन्दू मूल्य मान्यतालाई स्पष्टत: वैधता दिई विविधता बोकेको सम्पूर्ण नेपाली समाजलाई चार तहमा पुन: वर्गीकृत गर्‍यो। यो मुलुकी ऐनले तागाधारी बाहुन र क्षेत्रीलाई उच्च कोटीमा राख्यो भने आदिवासी जनजातिलाई उनीहरु भन्दा निम्नस्तरमा राखियो। अर्थात आदिवासी जनजातिलाई जाँड खाने, मतवाली वर्ग भनी छुट्याइयो। मतवालीभित्रै पनि केही समूदायलाई अझ तल्लोस्तरमा अर्थात दास वर्ग-मासिनेका रुपमा वर्गीकृत गरियो।

यही मुलुकी ऐनमा नेपाली शासकहरुले वर्गीकरण गरिएको जातीय आधारको अवज्ञा गरेमा दण्ड जरिवाना हुने व्यवस्थासमेत गरियो। अल्पसंख्यक भाषी तथा धर्मावलम्बीहरुलाई हतोत्साहित गरियो। हिन्दू जातीय पद्धतिमा नपर्ने आदिवासी जनजातिलाई भेदभावपूर्ण ढंगले सोही पद्धतिमा जबरजस्ती समाहित गर्ने काम भयो। आदिवासी जनजातिको सामाजिक बनोटमा यस्तो कानूनी व्यवस्थाको वृहत् र गहिरो तर प्रतिकूल प्रभाव पर्‍यो।

आफू स्वयम्‌लाई महाराजा घोषणा गरी जंगबहादुर राणाले आफ्नै मुठ्ठीमा न्यायपालिका, व्यवस्थापिका र कार्यकारी अधिकार केन्द्रीत गरे। जसअनुसार आफ्ना परिवारलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषदका सदस्य बनाइने भयो। प्रधानमन्त्री र मन्त्रिपरिषदले जिल्ला अधिकारी अर्थात जिल्ला हाँक्ने बडाहाकिमको नियुक्ति गर्ने भयो। बडाहाकिमले आदिवासी जनजाति बसेका दुर्गम क्षेत्रमा प्रत्यक्ष वा अप्रत्यक्ष राजनीतिक नियन्त्रण कायम गर्न थाले। सम्पूर्ण राज्य संयन्त्र र कर्मचारीतन्त्र सामन्ती व्यवस्था र जातीय सिद्धान्तमा आधारित रह्यो। त्यसैले सबै कोणबाट राणाकाल आदिवासी जनजातिका निम्ति दमन र अन्धकारको युग मात्र रहेन यसको प्रतिकूल प्रभाव भविष्यसम्म परिरहयो।

राणा शासकहरुले राजनीतिक शक्तिमाथिको एकाधिकारपछि आदिवासी जनजाति कृषकका स्रोत र सम्पत्ति माथिको नियन्त्रण र शोषणमा अत्याधिक वृद्धि गरे। सम्पत्ति हरण र शोषणका कारण कैयन जनजातिहरु आफ्नो स्रोत साधनबाट स्थायीरुपमा विमुख हुन पुगे। उन्नाइसौं शताब्दीभर संचालन गरिएको भूमिमाथिको केन्द्रीकृत करप्रणाली, सामूहिक जग्गा जमिनको निजीकरण, विर्ता प्रथा, र बेठबेगारी जस्ता अनिवार्य श्रम शोषणबाट राणा शासक र उच्च जातीय कुलीन वर्गले आदिवासीहरुको थोरै बचत पनि हात पारे।[४] राणा र उच्च जातका पर्वते तागाधारी समूहबीच यी स्रोतको हिस्सा बाँडफाँडले दुवै समूहलाई धेरै लाभान्वित गरायो। यो हिस्सा बाँडफाँडले उनीहरुलाई राजनीतिक र आर्थिक एकाधिकार कायम गरी रहन पनि सघाउ पुग्यो। यता आदिवासी जनजातिका अर्थतन्त्रमा भने सुधार गर्नै नसकिने गरी धक्का लाग्यो। विशेषगरी जीवनयापनको मेरुदण्डका रुपमा रहेको उनीहरुको भूमिको हरण हुनाले उनीहरुको इतिहास, संस्कृति र पहिचान समेत नामेट हुँदै गयो।

राणाकालको अन्त्यपछि विशेषत: पंचायतकालमा नेपालका आदिवासी जनजातिहरुले नयाँ खालको थिचोमिचो र दमनको अनुभव गरे। सकृय राजाको नेतृत्वमा रहेको पंचायती व्यवस्थाले 'आधुनिकीकरण' र 'राष्ट्रिय एकता' अभियानलाई अगाडी सार्‍यो। 'राष्ट्रिय एकता' का निम्ति एकल संस्कृति अपरिहार्य भएको सोंच बनाइयो। त्यसैले राज्यद्वारा 'एक भाषा, एक भेष' लाई औपचारिकरुपमा प्रवर्द्धन गरियो। चाखलाग्दो कुरो के छ भने एकल 'राष्ट्रिय संस्कृति' सृजनाका निम्ति पर्वतीय हिन्दू जातिकै संस्कृतिको छनौट गरियो। त्यसपछि आधुनिक नेपालको नेपाली नागरिक बन्नका लागि आदिवासी जनजातिले खस नेपाली भाषा बोल्नै पर्ने भयो, जातीय पद्धति मान्नुपर्ने, ढाकाटोपी मयलपोस सुरुवाल लगाउनुपर्ने र हिन्दू धर्म मान्नुपर्ने भयो।

नेपाल अधिराज्यको संविधान ०१९ ले पहिलोपटक नेपाललाई 'हिन्दू अधिराज्य' भनी घोषणा गर्‍यो। निरंकुश पंचायती व्यवस्थाकालमा आदिवासी जनजातिले गरेको आफ्नो जातीय समस्या र सांस्कृतिक परम्परा बारे छलफल र सुधारका प्रयासहरुलाई 'साम्प्रदायिक' वा 'विखण्डनकारी' भनेर निरुत्साहित मात्र गरिएन, ती प्रयासहरुको सरकारी स्तरबाट दमन समेत गरियो। राज्यको यस्तो एकलकाँटे र हिन्दूकरणको नीतिले नेपालको सांस्कृतिक विविधता र पहिचानलाई संकटग्रस्त पार्नुको साथै आदिवासी जनजाति समूहहरुको आफ्नो भाषा, संस्कृति, धर्म, परम्पराको निरन्तरता र विकासको निम्ति ठूलो बाधा सृजना गर्‍यो।

मुलुकको आधुनकीकरणका निम्ति 'विकास' राज्यद्वारा गरिएको अर्को प्रतिबद्धता थियो। तर, राष्ट्रिय

विकासका निम्ति तय गरिएको अवधारणामा पर्वतीय बाहुन क्षेत्रीहरुको संस्कृति र चालचलन उच्च कोटीमा पर्दथे। आदिवासी जनजाति अविकसित र पिछडिएको वर्गका रुपमा पर्दथे। राज्यका नीतिहरुमा हिन्दूकरण र संस्कृतकरणलाई बढावा दिइयो। त्यसैलाई विकास र सभ्यताको सोपान मानियो। त्यसबेला आदिवासीहरुले विकासका निम्ति संस्कृतकरणलाई अंगिकार गर्नु पर्दथ्यो। उदाहरणका लागी यस मान्यता अनुसार कम हिन्दूकरण भएका चेपाङ वा भोट बर्मेली भाषा परिवारका भोटेसमूदायलाई अविकसित र असभ्य मान्नु पर्ने हुन्थ्यो। उच्च जातका मानिसहरुले एकाधिकार जमाई राखेका संस्कृतकरणमुखी विकास कार्यक्रमहरुले आदिवासीहरुलाई फाइदा पुऱ्याउनुको सट्टा उनीहरुलाई दरिद्र र असभ्यको रुपमा चित्रण गऱ्यो। अझ आदिवासी जनजातिका क्षेत्रमा उनीहरुको सहभागिता विना लगिएका धेरै विकास परियोजनाहरु तथा वन्य जन्तु तथा राष्ट्रिय निकुञ्ज स्थापना गरिनाले उनीहरुलाई थप विस्थापित गर्ने र नेपाली समाजलाई अरु असमानतातर्फ धकेल्ने काम भइ रहेको छ।

छयालीस सालमा बहुदलीय प्रजातन्त्रको उदय भई वाक स्वतन्त्रता प्राप्त भएपश्चात् नेपालका आदिवासी जनजातिले आफ्नो पीडा र वर्षौंदेखिको अन्याय विरुद्धको आवाज आन्दोलन मार्फत अभिव्यक्त गर्ने मौका पाए। प्रजातन्त्रको पुनर्स्थापना र मुलुकलाई 'बहुजातीय र बहुभाषिक' राष्ट्रको रुपमा किटान गर्ने नयाँ संविधान आफैमा पनि आन्दोलनको एउटा प्रमुख सफलता थियो। तर प्रजातन्त्र प्राप्तको बाह्र वर्षपछि पनि आदिवासी जनजातिका अपेक्षा पूरा गर्न राज्यपक्ष असफल देखिएको छ। तसर्थ, सामाजिक, साँस्कृतिक र राजनीतिक, आर्थिक विभेद हटाउने र मानव अधिकारको बहाली गर्ने सवाल टड्कारो आवश्यकता बन्न पुगेको छ।

माओवादी 'जनयुद्ध' को शुरुवातपछि नेपाल सशस्त्र द्वन्द्वमा फसेको छ। द्वन्द्व अध्ययनले के देखाएको छ भने यसको मूल कारण भनेकै राजनीतिक, आर्थिक र सामाजिक असमानता हो। असमानतालाई हटाउनुको सट्टा उच्च तहका बाहुन, क्षेत्री र केही नेवारले राज्यको स्रोत र शक्तिमाथिको आफ्नो एकाधिकारलाई निरन्तरता मात्र दिएनन्, विपन्न जनताप्रति पूर्णतया बेवास्ता गरे। आदिवासी जनजाति, महिला तथा हिन्दू तल्लो जात दलितप्रतिको यस्तो बेवास्ताले पनि विद्यमान द्वन्द्व चर्कन सघाउ पुगेको छ।

त्यसैगरी यी आदिवासी जनजाति र विपन्न वर्ग सशस्त्र द्वन्द्वका कारण सबैभन्दा ठूलो संख्यामा पीडित हुन पुगेका छन्।

आदिवासी जनजातिको अवस्था

अधिकांश आदिवासी जीवनयापनका निम्ति कृषिमा निर्भर रहेका छन्। आदिवासीको अर्थतन्त्रमा जमिन, वन चरण तथा जलस्रोतले निरन्तररुपमा मूख्य भूमिका निर्वाह गरेको छ। केही आदिवासी समूदाय जस्तै कुसुन्डा, राउटे, कुसवडिया, हायु तथा चेपाङ खोरिया खेती प्रणाली तथा शिकार मा संलग्न छन्। त्यसैगरी परम्परागतरुपमा माझी र बोटे समूदायको जीविका पानीमा आधारित छ। गैरआदिवासीहरुबाट वन, कृषि भूमि तथा अन्य प्राकृतिक स्रोतमाथिको अतिक्रमणले उनीहरु यी स्रोतसाधानबाट बञ्चित हुँदै गएका छन्। बिर्ता प्रणालीको प्रारम्भदेखि वन्यजन्तु आरक्ष तथा राष्ट्रिय निकुञ्ज स्थापनार्थसम्मका आदिवासीका क्षेत्र अतिक्रमणका क्रमहरुले यी आदिवासी जनजाति आफ्नो उत्पादक भूमि र प्राकृतिक श्रोतहरुबाट विस्थापित हुँदै कुनाकाप्चा र डाँडाकाँडा तर्फ धकेलिदै छन्।

तालिका ३

नेपालका आदिवासी जनजातिहरूको अवस्था वर्गीकरण सूची

क. लोपोन्मुख	ख. अति सिमान्तिकृत	ग. सिमान्तिकृत	घ. सुविधा वञ्चित
१ कुसुण्डा	१ माझि	१ सुनुवार	१ गुरुङ
२ वनकारया	२ सियार	२ थारु	२ मगर
३ राउट	३ ल्हामी	३ तामाङ	३ राई
४ सुरल	४ थुदाम	४ भुजल	४ लिम्बु
५ हायु	५ धानुक	५ कुमाल	५ छैरातन
६ राजी	६ चेपाङ	६ राजवंशी	६ तांव
७ किसान	७ मतार (सन्थाल)	७ गन्गाइ	७ तिनगाउल थकाली
८ लप्चा	८ झांगड	८ धिमाल	८ वाह्र गाउल
९ मच	९ थामी	९ भाट	९ माफाली थकाली
१० कुशवाडिया	१० बोटे	१० दराइ	१० शपा
	११ दनुवार	११ ताजपुरीया	११ याक्खा
	१२ वरामु	१२ पहरी	१२ याक्खा
		१३ तोप्केगोला	१३ जिरेल
ङ. सुविधा सम्पन्न		१४ डोल्पो	१४ ब्यासी
१ नेवार		१५ फ्रि	१५ ह्योल्मो
२ थकाली		१६ मुगाल	
		१७ लार्के	
		१८ ल्होपा	
		१९ दुरा	
		२० वालुङ	

स्रोत : नेपाल आदिवासी जनजाति महासंघ, २००४

परिणामस्वरुप अधिकांश आदिवासी जनजाति अहिले भूमिहीन अवस्थामा छन्। उनीहरुको यस्तो हविगत हुनु र यस्तो स्थितिमा वृद्धि हुँदै जानुमा सरकारको अनुपयुक्त नीति तथा विकास परियोजनाहरु नै जिम्मेवार रहेका छन्। उदाहरणका लागि सुदूरपश्चिमका अधिकांश पूर्व कमैयाहरु थारु आदिवासी हुन् र ९७ प्रतिशत जमिन्दारहरु बाहुन, क्षेत्री र ठकुरी हुन्। यो स्थिति गएको ५० वर्षमा विकास भएको हो।[५] यो अवधिमा आदिवासी थारुले आफ्नो जग्गा जमिन मात्र गुमाएनन्। उनीहरु आफ्नै जमिनमा बँधुवा मजदुरको रुपमा काम गर्न बाध्य भए। नेपालका सबैजसो आदिवासी जनजाति यस्तै परिस्थितिमा छन्।

गैर आदिवासी र उपल्लो दर्जाका समूहहरुबाट हुने निकृष्ट किसिमको श्रम शोषणको मारमा अझै पनि आदिवासीहरु परी रहेका छन्। हालैका समयमा नेपालका शहरमा झर्ने र खाडीका मुलुक गई श्रम गरी कमाउने माध्यम आदिवासी अर्थतन्त्रका निम्ति एउटा आधार बन्न गएको छ। तर बृटिश सैन्य सेवामा बाहेक अन्य क्षेत्रमा आदिवासी जनजाति असंगठित ज्यालादारी श्रमिकका रुपमा काम गरिरहेका छन्। उनीहरुको अनेक रुपमा श्रम शोषण भइरहेको देखिन्छ।

नेवार बाहेक आदिवासी जनजाति समूह ५८ प्रतिशत आदिवासी जनजातिहरु सरकारी परिभाषा अनुसारको गरिबीको रेखामुनि रहेका छन्।[६] यसबाट केही आदिवासी-जनजाति समूहको गरिबीको स्तर अझै निम्न रहेको अनुमान सजिलै गर्न सकिन्छ। उदाहरणका लागि ७१ प्रतिशत लिम्बू गरिबीको रेखामुनि छन्। लोपोन्मुख आदिवासी जनजातिहरुको गरिबीको स्तर भयावह देखिन्छ। तालिका नं ३ ले आदिवासी जनजातिको वर्तमान अवस्थाको वर्गिकरण[७] देखाउँछ।

आदिवासी जनजातिको यस्तो नाजुक स्थिती मानव विकास सूचांकहरुमा पनि प्रतिविम्बित भएको देखिन्छ। ऐतिहासिक रुपले पछाडि पारिइएको समूहकारुपमा आदिवासी जनजातिहरु सबै मानवीय सूचकांकहरु कम रहेको छ। तालिका: ४ ले देखाए झैं, आम्दानी, सम्पत्ति र शैक्षिक स्तर लगायत सबै सूचांकहरुमा नेवार बाहेक अन्य जनजाति समुदाय राष्ट्रिय औसत भन्दा मुनि रहेको प्रष्ट्याउँछ।

तालिका ४ मा उललेखित तथ्यांकले जातीय स्तर र मानव विकास सूचाकांक, स्वास्थ्य, शिक्षा तथा आयस्तर बीच नजिकको सम्बन्ध रहेको देखाउँछ। शैक्षिक स्तरमा रहेको भिन्नता नेपाली समाजमा देखिएका असमानताको सबैभन्दा महत्वपूर्ण कारक हो। विभिन्न सामाजिक समूहबीच रहेको गहिरो शैक्षिक असमानता रहनुको मूल कारण पूर्वाग्रही शैक्षिक कार्यक्रम तर्जुमा र कार्यान्वयन नै हो। आयस्तर ख्याल नगर्दा पनि बाहुन, क्षेत्री र नेवार परिवारका भएकै कारणले १३ प्रतिशतका दरले बालबालिकाहरु विद्यालय जाने सम्भावनामा वृद्धि भएको पाइयो।[८] सरकारी तथ्यांकका आधारमा हाल नेपालमा १९ प्रतिशत विद्यालय जाने उमेरका बालबालिकाहरु स्कूल जान पाएका छैनन् र अधिकांश बालबालिका स्कुल शिक्षा निरन्तर गर्न सक्दैनन्। शिक्षा मन्त्रालयलका अनुसार यसरी विद्यालय नजाने र गए पनि छाड्ने झन्डै सबै विद्यार्थी आदिवासी जनजाति तथा विपन्न समुदायका छन्।[९]

आदिवासी जनजातिको कमजोर शैक्षिक अवस्थाको चित्रण विश्वविद्यालयका प्राध्यापक तथा उच्चशिक्षा हासिल गरेकाहरुको संख्याबाट पनि हुन्छ। तालिका ५ मा प्रस्तुत तथ्यांकमा देखाइएअनुसार हिन्दू बाहुन र क्षेत्रीको ३० प्रतिशत जनसंख्यामा ५० प्रतिशत विश्वविद्यालयका प्राध्यापक छन्। ५.६ प्रतिशत जनसंख्याको नेवार समुदायमा २९ प्रतिशत विश्वविद्यालयका शिक्षक छन्। तर, २० प्रतिशत पहाडिया आदिवासी जनजातिमा जम्मा ३ प्रतिशत मात्र विश्वविद्यालयमा प्राध्यापन गरिरहेका छन्।

बाल शिक्षासँग सम्बन्धित अर्को समस्या बाल श्रम हो। बाल श्रमसम्बन्धी एक अध्ययनअनुसार लामो दूरीको भरियाका रुपमा काम गर्ने ४६ हजार बालबालिका मध्ये ७० प्रतिशत बालश्रमिक आदिवासी जनजाति समुदायका रहेका छन्। आदिवासी समुदायका धेरै बालबालिकाहरु इट्टा भट्टा र कार्पेट कारखानामा काम गर्दछन्। त्यसैगरी, शहरका गल्ली-गल्ली बास गर्ने सडक बालबालिकामध्ये ३६ प्रतिशत आदिवासी जनजाति समुदायका छन्। अझ नेपालका ५० प्रतिशत घरेलु कामदार आदिवासी जनजाति परिवारका छन्।[१०] आदिवासी जनजातिका निम्ति बालअधिकारको सवाल मातृभाषामा शिक्षामा पहुँच नहुनु र गरीबीको कारण निकृष्ट किसिमको बालश्रमसँग निकटरुपमा गाँसिएको छ। अर्कोतिर माओवादी विद्रोहीहरुद्वारा बालबालिकालाई बालसिपाहीका रुपमा भर्ना गर्ने प्रवृत्तिमा वृद्धि भएको प्रतिवेदनहरु पनि प्रकाशित भएका छन्। यस्तो अवस्थाले मुलुकभरका आदिवासी जनजाति बालबालिका अधिकारलाई ठाडै चुनौती दिइरहेको छ।

नेपालमा आदिवासी जनजातिका लागि भाषिकअधिकारको सवाल एक अर्को प्रमुख सरोकारको

विषय हो। जनगणना २००१ को तथ्यांक अनुसार नेपालमा ७५ किसिमका भाषाहरु र ३४ भाषिका रहेका छन्। ती मध्ये अधिकांश भोट बर्मेली भाषा परिवारका रहेका छन्। बजार मूल्य र राज्यको भाषिक विभेदको नीतिको कारण उनीहरु नेपाली भाषा बोल्न विवश छन्। साधारणतया: आदिवासीहरु द्वैभाषी छन्। उनीहरु आफ्नो मातृभाषा र नेपाली भाषा दुबै बोल्छन्। तर नेपालीभाषी समुदायका ज्यादै कम मानिसहरु मात्र भोट वर्मेली भाषा बोल्छन्। त्यसैले उनीहरु एकभाषीका रुपमा रहेका छन्।

नेपाल अधिराज्यको संविधान-२०४७ ले मातृभाषाका रुपमा अधिराज्यभर बोलिने भाषालाई 'राष्ट्रिय भाषा' का रुपमा परिभाषित गरेको छ। तर, यी भाषाहरुलाई जनप्रशासन र शिक्षाका निम्ति प्रयोग गर्न अनुमति दिइएको छैन। सही नीतिको अभावमा नेपालका आदिवासी जनजातिका मातृभाषा अर्थात भोट बर्मेली भाषा परिवारका अधिकांश भाषा लोपोन्मुख अवस्थामा छन्। भाषालाई 'सुरक्षित', 'अस्तित्व खतरामा', 'लोप भइसकेको' गरी वर्गीकरण गर्ने हो भने आदिवासी जनजातिका अधिकांश भाषा लोपोन्मुख अवस्थामा रहेको विश्वास गरिन्छ र तीमध्ये २० भाषा त मृतअवस्थामा छ।[११]

आदिवासी जनजाति समाजमा साधारणतया: लैंगिक समानता रहेको हुन्छ। परम्परागत हिसाबले महिलाहरु पुरुष सरह सामाजिक र सामुदायिक कार्यक्रममा भाग लिन्छन् र परिवारमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछन्। तर, हिन्दू समाजको भन्दा पृथक सामाजिक संरचना र साँस्कृतिक मूल्य मान्यता बोकेका आदिवासी समुदायले महिलालाई पैतृक सम्पत्तिमा आफ्नो अधिकार दाबी गर्न सक्दछन्। यस समुदायमा महिलाहरुलाई पुर्नबिवाहको पनि स्वतन्त्रता रहेको हुन्छ। परम्परागत रुपमा रहेका यस्ता सकारात्मक संस्कार हुँदाहुँदै पनि आदिवासी महिलाहरु आज धेरैपछि परेका छन्। हिंसा तथा शोषणबाट पीडित भएका छन्। हिन्दू मूल्य मान्यताको दवाव, संस्कृतकरण, विश्वव्यापीकरणका कारण पनि आदिवासी महिलाको पीडा बढ्दो छ।

आदिवासी महिलाको साक्षरता दर निकै कम रहेको छ। मुलुकको निजामती र सार्वजनिक निकायहरुमा उनीहरुको उपस्थिती ज्यादै न्यून छ। ९३ हजार ७ सय १६ निजामती कर्मचारीमध्ये ९ सय ७९ जना आदिवासी महिला, राजपत्र अनंकित श्रेणीका सहायक कर्मचारीको रुपमा रहेका छन्।[१२] गाउँ विकास समितिमा आदिवासी महिलाहरुले सकृयरुपमा भाग लिइरहे। हालसम्ममा जिल्ला विकास समितिको सभापति वा उपसभापति पदमा पनि उनीहरु पुग्न सकेका छैनन्।[१३] ०५४ सालको स्थानीय निर्वाचनबाट भोजपुर जिल्ला विकास समितिको उपसभापतिमा निर्वाचित जयन्ती राईलाई यस सन्दर्भमा अपवाद नै मान्नु पर्ने हुन्छ।

न्यून साक्षरता, स्रोतसाधनबाट विमुख र निर्णय प्रक्रियाको सहभागिताबाट वञ्चित भएका कारण आदिवासी महिला गरिवी, शोषण र पक्षपातबाट पीडित छन्। बढ्दै गएको खुला बजारका कारण उनीहरुले कार्पेट उद्योग र अन्य दैनिक ज्यालादारी काममा लामो समयसम्म काम गर्नुपर्दछ। त्यसैले उनीहरु सजिलै महिला बेचबिखनमा संलग्न दलाल तथा यौन दूराचारीका शिकार पनि बन्ने गरेको छन्। सन् १९९८ मा महिला बेचबिखनबारे गरिएका एक अध्ययनले ३७.२ प्रतिशत यौन कामदारहरुमा आदिवासी जनजाति महिला संलग्न रहेको बताएको थियो।

तालिका: ४

जात र जनजातीय आधारमा मानव विकास, १९९६

मानव विकास सूचकांक	नेपाल	बाहुन	क्षेत्री	नेवार	जनजाति	मधिसे	दलित	मुस्लिम	अन्य
औसत आयु	५५.०	६०.८	५६.३	६२.२	५३.०	५८.४	५०.३	४८.७	५४.५
प्रौढ साक्षरता (प्रतिशतमा)	३६.७२	५८.००	४२.००	५४.८०	३५.२०	२७.५०	२३.८०	२२.१०	२७.६०
विद्यालय जाने औषत बर्ष	२.२५४	४.६४७	२.७८६	४.३७०	२.०२१	१.७००	१.२२८	१.३५८	१.८८०
प्रति व्यक्ति आय (रु.)	७,६७३	९,९२१	७,७४४	११,९५३	६,६०७	६,९११	४,९४०	६,३३६	७,३१२
प्रति व्यक्ति पीपीपी आय (डलरमा)	१,१८६	१,५३३	१,१९७	१,८४८	१,०२१	१,०६८	७६४	९७९	१,१३०
औषत आयु इन्डेक्स	०.५००	०.५९७	०.५२२	०.६२०	०.४६७	०.५५७	०.४२२	०.३९५	०.४९०
शैक्षिक उपलब्धि इन्डेक्स	०.२९५	०.४९०	०.३४२	०.४६२	०.२८०	०.२२१	०.१८६	०.१७८	०.२२६
आय इन्डेक्स	०.१७९	०.२३७	०.१८१	०.२८९	०.१५२	०.१६०	०.११०	०.१४५	०.१७०
मानव विकास इन्डेक्स	०.३२५	०.४४१	०.३४८	०.४५७	०.२९९	० ३१३	०.२३९	०.२३९	०.२९५
राष्ट्रिय मानव विकास इन्डेक्सको अनुपात	१००.००	१३५.८७	१०७.३१	१४०.७३	९२.२१	९६.२८	७३.६२	७३.६७	९०.९४

स्रोत : नेपाल मानव विकास प्रतिवेदन, नमाक, १९९९ . २६६

त्यसमध्येमा ४२ प्रतिशत भारतीय शहरहरुमा सञ्चालित वेश्यालयहरुमा विक्री हुने गरेका छन्। त्यसैले उनीहरु महिला भएका र त्यसमा पनि आदिवासी महिला भएका कारण बढी शोषणमा परेका छन्।[१४]

माओवादी र सुरक्षा फौजबीच हाल विद्यमान सशस्त्र द्वन्द्वमा पनि आदिवासी जनजाति महिलाहरु धेरै कारणले पीडा भोगिरहेका छन्। डिसेम्बर २००३ सम्ममा 'जनयुद्ध' का नाममा भएको युद्धमा ५ सय ६१ जना महिला मारिए। जसमध्ये २८ प्रतिशत आदिवासी जनजाति महिला थिए।सुरक्षाफौजद्वारा मारिएका महिलाको संख्या तुलनात्मकरुपमा बढी छ। नेपालको इतिहासमा पहिलोपटक यसरी राजनीतिक द्वन्द्वमा महिलाको विभत्स हत्या भएको छ भने बलात्कार, हीनताबोध गराउने र यातनाजस्ता घटनाको त अभिलेखसम्म पाइदैन। युद्ध आदिवासी जनजाति क्षेत्रमा केन्द्रीत भएको हुनाले हत्या र भौतिक दुर्व्यहारबाहेक द्वन्द्वग्रस्त क्षेत्रका महिलाहरुका निम्ति घर चलाउन र अन्य कृषि कर्मका लागि भार थपिएको छ।

मानव अधिकारको हनन् र उपेक्षाको मूल कारणमध्ये एक राज्य संचालन र राजनीतिबाट आदिवासी जनजातिहरुलाई पाखा पार्नु हो। यी समुदायलाई राष्ट्रिय शक्ति समीकरणमा योजनाबद्ध ढंगले पाखा पार्ने प्रवृत्ति राणाकालदेखि अहिलेसम्म पनि निरन्तर छ। राज्यसंयन्त्रमा विविध जनजातीय समुदायको सहभागिताको अभाव रहनु र बाहुन, क्षेत्री र केही नेवारहरुले अन्य सम्पूर्ण जनता माथि प्रशासन चलाउनु 'आन्तरिक उपनिवेशवाद' को निरन्तरताका रुपमा लिइएको छ।

आदिवासी जनजातिको सहभागिता राजनीति, सरकारी कर्मचारितन्त्र, न्यायपालिकामा मात्र कम नभई नीजि क्षेत्र लगायत नागरिक समाजका अन्य क्षेत्रहरुमा पनि नगण्य रहेको छ। जातजातिको विविधताका आधारमा हुनु पर्ने सहभागितामा रहेको यो असन्तुलनले नेपालको प्रजातन्त्रको विभेदकारी प्रकृतिको पनि चित्रण गरेको छ। तालिका: ६ मा देखाइएभैं आदिवासी जनजातिले शासनमा एक तिहाई हिस्सा मात्र प्रतिनिधित्व गरेका छन्। तर, उच्च जातले आफ्नो जनसंख्याको अनुपातमा दोब्बर भाग ओगटेको छन्।

नेपालको मन्त्रिपरिषदको इतिहास केलाउने हो भने नेवारबाहेक हालसम्ममा एकजना पनि आदिवासी जनजाति प्रधानमन्त्री पदमा पदासीन हुन सकेको छैन। सरकारी कर्मचारीतन्त्रमा रहेको यो असन्तुलन सहभागितामा रहेको विभेदको राम्रो उदाहरण हो। तालिका ७ मा देखाइए भैं, सरकारी कर्मचारीतन्त्रमा आदिवासी जनजाति समुदायका उपस्थिति ज्यादै न्यून मात्रै छैन यसको स्थिति सन् २००३ सम्ममा अभै तल भरेको देखिन्छ। सरकारले कर्मचारीतन्त्रमा जातीय र जनजातीय सन्तुलन कायम गर्न विशेष कदम नचाल्नाले स्थिति भयावह हुँदै जाने संकेत मिल्छ। बरु कर्मचारितन्त्र र शासनका हरेक पक्षहरु उच्च शिक्षा प्राप्त हुनेखानेहरुका लागि मात्रै सीमित हुँदै जाने देखिन्छ। हर्क गुरुङका शब्दमा 'राजपत्रांकित तहका पद बाहुन, क्षेत्री र नेवारका निम्ति भन्डै बिर्ता नै साबित भएको जस्तो देखिन्छ'।[१५] तालिका: ७ ले कर्मचारीतन्त्र र सत्ताधारी वर्गको जातीय संरचना प्रष्ट्याउँदछ।

राज्य संयन्त्रमा पूर्ण उच्च जात समूह नियन्त्रण, हिन्दूकरण र संस्कृतकरण राज्यको नीति बनेपछि आदिवासी जनजातिका धर्म, संस्कृति र भाषा विनासको अवस्थामा पुगेको हो। सांस्कृतिक बहुलता हुँदाहुँदै नेपाली राष्ट्रियतालाई हिन्दू प्रतिक र चिन्हहरु मार्फत खडा गरी 'एक मात्र हिन्दू अधिराज्य' का रुपमा आधिकारिक तवरमा चिनाउने काम निरन्तर भइरहेको छ। यो प्रक्रियामा प्रकृति धर्म, किराँत, बौद्धजस्ता धर्म मान्ने आदिवासी जनजाति अपहेलित हुन पुगे। राज्य नीति एकलकाँटे र पूर्वाग्रही भएका कारण आदिवासी जनजातिको सांस्कृतिक रुपले भिन्न रहने पहिचानको अधिकार कुण्ठित हुन पुगेको छ। यसले नेपालजस्तो बहुसाँस्कृतिक समाजमा रहँदै आएका आदिवासी जनजातिको साँस्कृतिक अधिकार हनन् गरेको छ।

यी यावत समस्या हुँदाहुँदै पनि आज नेपालका आदिवासी जनजाति, आफ्नो पहिचान, संस्कृति, जीवनशैली र अधिकारका निम्ति संघर्ष गर्न प्रतिवद्ध छन्। यस्तो प्रतिवद्धता नेपाल आदिवासी जनजाति महासंघद्वारा समन्वय गरिएको आन्दोलनमा प्रतिविम्बित भएको देखिन्छ। महासंघसित आवद्ध जातीय सदस्य संगठनहरु आफ्नो समुदायको जीविका र सांस्कृतिक पहिचानमा आइ परेको विद्यमान संकट बारे सचेत छन्। आन्दोलनले सफलताकासाथ विविध आदिवासी जनजातिका समुदायलाई परिचालन गरेको छ र आम जनमानस र राजनीतिक वृत्तमा पनि उललेखनीय प्रभाव पारेको छ। नेपाल र विश्व समुदायमा समेत आदिवासी आन्दोलनले आफ्नो शताब्दीयौंदेखि राज्यले गर्दै आएको अन्यायको पहिचान गर्दै हाल खेप्दै आएको, अपहेलना र घोर असमानताको अवस्थामा सुधारका निम्ति प्रभावकारी कदम चाल्न राज्य र अन्तर्राष्ट्रिय निकायहरुसित माग गरेका छ।

आदिवासी जनजातिमा द्वन्द्वको प्रभाव

मगर बाहुल्य जिल्ला रोल्पाको होलेरी चौकी लगायत देशका अन्य केही ठाउँमा आक्रमण गरी माओवादी 'जनयुद्ध' को शुरुवात गरिएको थियो। 'जनयुद्ध'को घोषित लक्ष्यमा नोकरशाही, अर्धसामन्ती सरकार र साम्राज्यवादको अन्त्य गरी गणतन्त्र स्थापना गर्ने भनिएको छ। श्री ५ को सरकारले नेपाल कम्युनिष्ट पार्टी (माओवादी) लाई 'आतंककारी' घोषित गरी 'जनयुद्ध'लाई शान्तिसुरक्षाको समस्याका रुपमा हेरेको छ। शान्तिवार्ताहरुको असफलता र विगत आठ वर्षमा निरन्तर भइरहेको हिंसात्मक युद्धले नेपालको इतिहासमा यसअघि कहिल्यै नदेखिएको भयावह अशान्ति र मानव अधिकार हनन्का घटनाहरु घटेका छन्।[१८] सरकार र माओवादीबीच विद्यमान यो सशस्त्र द्वन्द्वबाट सबैभन्दा प्रतिकूल प्रभाव आदिवासी जनजाति समूदायमा परेको छ।

त्यसक्रममा अहिलेसम्म मारिएका कूल ८ हजार २ सय ६५ मध्येमा २१.३३ प्रतिशत आदिवासी जनजाति समुदायका छन्। मारिएकाहरु मध्ये ६५ प्रतिशत राज्यद्वारा मारिएको तथ्यांकले देखाउँछ। मारिएका ४० प्रतिशतको पहिचान हुन नसकेता पनि पहिचान भएका पीडितहरुको जातिगत तथ्यांकले के प्रष्ट्याउँछ भने राज्यतर्फबाट बढी क्षति जनजातिहरुले बेहोर्नु परेको छ। माओवादी पीडितमा भने उच्चजात क्षेत्री, बाहुन र ठकुरीहरु बढी देखिएका छन्। तालिका १० ले विगत आठ वर्ष मा राज्य र माओवादीद्धारा मारिएकाहरुको संख्या देखाउँदछ।

सन् २००२ र २००३ मा नागरिकलाई बेपत्ता पार्ने क्रम अत्याधिक रह्यो। दुई वर्षमा ४ सय ४४ नागरिक बेपत्ता पारिएको यर्थाथले नेपाल विश्वमा सबैभन्दा बढी मानिस बेपत्ता हुने मुलुकहरु मध्येको एकको रुपमा चित्रित हुन पुग्यो। तालिका: ८ ले देखाए झैं राज्यद्वारा बेपत्ता पारिएकाहरुमध्ये ३५.५९ प्रतिशत आदिवासी समुदायका छन्।

त्यसैगरी पक्राउ परेकाहरुको अभिलेख पनि उत्तिकै भयावह छ। इन्सेकबाट उपलब्ध तथ्यांकहरुबाट विगत दुई वर्षमा ५ हजार ५ सय ७ जना सुरक्षा निकायद्धारा पक्राउ गरिएका थिए। पक्राउ परेका मध्ये २० प्रतिशत आदिवासी जनजाति समुदायका मानिस छन्। तालिका ९ मा ०१ जनवरी २००२ देखि ३१ डिसेम्बर २००३ को अवधिमा पक्राउ परेकाहरुको जातिगत विवरण प्रस्तुत गरिएको छ।

द्वन्द्वका कारण बढेको हत्या, गिरफ्तारी गरी बेपत्ता पार्ने क्रमबाट पीडित हुनेमा बाहुन, क्षेत्री तथा ठकुरी समुदायका व्यक्तिहरु पनि उत्तिकै छन्। यसबाट माओवादी आन्दोलनको प्रकृति आमूल राजनीतिक परिवर्तनका निम्ति भएकको वर्गसंघर्ष हो भन्ने प्रष्टिन्छ। माओवादीले आदिवासी जनजातिको शान्तिपूर्ण सामाजिक राजनीतिक आन्दोलनले उठाएका केही सवालहरुलाई पनि आफ्नो सूचीमा समावेश गरेका छन्। उदाहरणका लागि उनीहरुले नेपाली राज्यको स्वरुपलाई 'अर्धसामन्ती' को अतिरिक्त आदिवासी जनजाति आन्दोलनले चित्रण गरेको 'साम्प्रदायिक राज्य' व्यवस्था भन्ने पनि स्वीकार गरेका छन्। माओवादी भित्र जातीय मुक्ति मोर्चाहरुको गठन र हालै उनीहरुले गरेका केही जातीय स्वशासित क्षेत्रहरुको घोषणाले उनीहरुद्वारा आदिवासी जनजातीका केही सवालहरुलाई प्राथमिकतामा राखेको देखिन आउँछ। तर यी जातीय स्वशासित क्षेत्रहरुले आदिबासी जनजातीको हितमा कसरी काम गर्न सक्दछन् भन्ने भने स्पष्ट भई सकेको छैन। आदिबासी जनजातीले भोग्दै आएको ऐतिहासिक पीडा र माओवादीको राजनैतिक स्वार्थको मेलबाट यी दुई धार बीच केही सवालहरुमा सामञ्जस्यता आउन सक्दछ[१९] जस्तो देखिएता पनि नेपालको वर्तमान परिस्थिति आदिवासी जनजातिका निम्ति दुई धारे तरवारको सामना गर्नु जस्तो रहेको छ।

निर्दोष नागरिकलाई मारिएको, बेपत्ता पारिएको, पक्राउ गरिएको जस्ता घटनाबाहेक बालबालिका, महिला र आदिवासी समुदायमा द्वन्द्वका प्रभावबारे अभिलेख गर्न सकिने अवस्था विद्यमान छैन। हिंसात्मक युद्ध आदिवासी क्षेत्रमा बढी केन्द्रीत बनाइएकोले यसबाट आदिवासी जनजाती समुदायको जनजीवन अस्तव्यस्त हुन पुगेको छ। युद्धका कारण आदिबासी जनजाति बालबालिका, महिला

तालिका: ५

जातजातिका आधारमा उच्च शिक्षा

जातजाति	स्नातक	त्रिवि प्राध्यापक	जम्मा जनसंख्याको %
बाहुन	४४.३	४१	१२.९
क्षेत्री	१३.७	११	१७.७
नेवार	३०.७	२८.९	५.६
पहाडी आदिवासी	२	३.२	२०.२
तराईका समूह	१०.९	१४.२	२७.४
मुश्लिम	०.४	०.९	३.५
अन्य	०.२	०.७	१४.३
जम्मा	१००	१००	१००

स्रोत : गुरुङ, १९९८

तथा अन्य निर्दोष नागरिक विस्थापन, मानसिक पीडा र बढ्दो गरिवीको चपेटामा परेका छन्।

आदिवासी जनजाति माथि हुने विभेदका कारणहरु

नेपालका आदिवासी जनजाति समुदायमाथि विभेद र असमानताको व्यबहार हुनु र उनीहरुको विकास नहुनुमा धेरै कारणहरु रहेका छन्। यी कारणहरु नेपालको राजनीतिक इतिहास, कानुनी प्रावधान, सामाजिक, साँस्कृतिक र आर्थिक पक्षसित सम्बन्धित छन्। यी कारणहरुलाई पृथक ढंगवाट नहेरी समग्रमा विश्लेषण गरिनु पर्दछ।[१८] यी विभिन्न कारकहरुको सटिक विश्लेषण र सही निदानले मुलुकमा समानुपातिक विकास र मानवअधिकार प्रवर्द्धनका निम्ति उचित कदम चाल्न सघाउन पुग्नेछ।

१. 'हिन्दू अधिराज्य' को घोषणा

नेपाल अधिराज्यको संविधान २०४७ ले नेपाल 'वहुजातीय र वहुभाषिक' मुलुकका रुपमा पहिचान गरे पनि यसको धारा ४ मा 'हिन्दू अधिराज्य' भनी घोषणा गरिएको छ। यस्तो घोषणावाट राज्यले आदिवासी जनजाति र अन्य अल्पसंख्यकको धर्मप्रति विभेद गर्दै हिन्दू धर्मको प्रवर्द्धन गरेको छ। हिन्दू धर्म र संस्कृतिका आधारमा राष्ट्रिय पहिचानको परिभाषा गरिएपछि हिन्दू समुदाय वाहिरकाहरु स्वत: विभेदमा पर्दै आएका छन्। हिन्दू मूल्य र मान्यतालाई राज्य नीतिको निर्देशक मान्नाले आदिवासी जनजातिका साँस्कृतिक पहिचान कमजोर पर्न गएको छ। हिन्दू धर्मको प्रवर्द्धन र मिथ्या प्रचारवाजीका निम्ति समेत राज्यकोषवाट लगानी गरिएको छ। यसले मुलुकको हितमा अत्यन्त प्रतिकूल प्रभाव पार्ने गरी साँस्कृतिक र धार्मिक विभेदलाई निरन्तरता दिएको छ।

२. जाति प्रथा र बाहुनवाद

जातका आधारमा शुद्ध र अशुद्ध अर्थात छूत र अछुत जस्ता सामाजिक व्यवहार कानुनीरुपमा नेपालमा बन्देज गरिए पनि उच्च जात जस्तै बाहुन, क्षेत्री र ठकुरीका व्यवहारमा यो कायम रहेको पाइन्छ। जाति प्रथा मानिसहरुलाई उँच र नीचको तहमा विभाजित मान्यतामा आधारित छ र यसवाट तथाकथित उच्च जातले अरु जातिका मानिसलाई असमान व्यवहार गर्न छुट र वैधता प्राप्त हुन्छ। उच्च जातका मानिसहरुद्वारा आफ्नो सामाजिक व्यवहारमा प्रदर्शन गरिने अहम् र पूर्वाग्रहलाई नेपालको सामाजिक आन्दोलनले आलोचनाका लागि 'बाहुनवाद' को संज्ञा दिएका हुन्। जात प्रणाली र बाहुनवादले आदिवासी जनजातिलाई अपमान र निन्दा गर्दै अमानवीय व्यवहार गर्दछन्। नेपालको जाति प्रथा वास्तवमा रंगभेदको एक रुप हो।

३. खस नेपाली भाषालाई मात्र सरकारी कामकाजको भाषाका रुपमा लागू गरिनु

नेपाल अधिराज्यको संविधान २०४७ को धारा ६ मा नेपाली भाषालाई 'राष्ट्र भाषा' र मुलुकका अन्य भाषालाई 'राष्ट्रिय भाषा' भनी उल्लेख गरिएको छ। आदिवासी जनजातिका मातृभाषा अर्थात राष्ट्रिय भाषालाई सरकारी कामकाजको भाषाका रुपमा प्रयोग गर्न दिइएको छैन। काठमाडौं महानगरपालिका, राजविराज नगरपालिका र धनुषा जिल्ला विकास समितिले स्थानीय भाषालाई कामकाजको भाषाका रुपमा प्रयोग गर्ने निर्णय गरिसकेको अवस्थामा पनि सर्वोच्च अदालतद्वारा पक्षपातपूर्ण हिसावले ०५६ जेठ १८ गतेका दिन स्थानीय निकायमा समेत भाषा प्रयोग नगर्न आदेश जारी गरियो।

बालवालिकाका निम्ति मातृभाषामा प्रदान गरिने शिक्षा पद्धति छँदैछैन भने पनि हुन्छ। सार्वजनिक सेवाका स्थलहरु जस्तै अस्पताल, विद्यालय, सरकारी कार्यालय, अदालतमा नेपाली भाषाको प्रयोग लादिएकाले यी सेवाहरुमा आदिवासी जनजातिको पहुँच पुग्न ज्यादै कठिन अवस्थाको सृर्जना भएको छ। राष्ट्रिय समाजमा स्थापित हुन नेपाली भाषामा दक्षता हुनै पर्ने वाध्यात्मक स्थिति छ। यसले राष्ट्रभाषीहरुलाई अगाडि वढन धेरै मद्धत पुऱ्याउँदछ भने अन्य भाषाभाषीहरुलाई सामाजिक प्रक्रियामा पछाडि धकेल्दछ।

४. शासनमा असमान प्रतिनिधित्व

मुलुकको जातीय सन्तुलनका दृष्टिले कार्यपालिका, न्यायपालिका, विधायिका, सैनिक र जनप्रशासनमा सबै जातजातिको समान प्रतिनिधित्व छैन। राज्यका यी निकायहरुमा उच्चतह बाहुन, क्षेत्री, ठकुरी र केही हिन्दूकृत नेवारहरुकै निरन्तर हालीमुहाली छ। अनौपचारिक नाता सम्बन्धको सञ्जाल र औपचारिक राजनीतिक संरचनामार्फत परम्परागत उच्च तहले नै राजनीतिक शक्तिमाथि नियन्त्रण कायम गरेको छ। राज्यका निकायहरुमा आदिवासी समुदायलाई सहभागी गराउने संयन्त्रको अभाव छ। हालसालै सरकारले महिला, दलित र आदिवासी जनजातिका निम्ति हचपचमा न्यूनतम आरक्षणको घोषणा गरेवाहेक कर्मचारीतन्त्रमा जातीय

समानता ल्याउने कुनै काम गरेको छैन। निजामती कर्मचारी भर्ना प्रक्रियामा विकेन्द्रीत तरीका नअपनाइनु र आदिवासी जनजातिका निम्ति उच्चशिक्षा प्रदान नगरिनाले कर्मचारीतन्त्र भित्रको असमानता भविष्यमा पनि कायमै रहने देखिन्छ। त्यसैले असन्तुलित प्रतिनिधित्व रहनु, विभेद बढ्दै जानु र उनीहरुको सहभागिताको अधिकारको सम्मान नहुनु असमानता र आक्रोशका प्रमुख कारणहरु हुन्।

५.संगठन र अभिव्यक्ति स्वतन्त्रतामा सीमा निर्धारण

नेपाल अधिराज्यको संविधान २०४७ ले एकै ठाउँमा भेला हुने र संघ संगठन खोल्न पाउने अधिकार दिएको छ। तर, त्यही संविधानको धारा १२(३) जाति र सम्प्रदायका आधारित संगठन खोल्न नपाउने व्यवस्था गरेको छ। आदिवासी समुदायको अधिकारका लागि आवाज बुलन्द गर्नु अहिले पनि पंचायती युगमा जस्तै 'साम्प्रदायिक सदभाव्' खलबलिने र राष्ट्र 'विखण्डन' तिर जानु हो भनी औपचारिक रुपमा कुण्ठित गरिएको छ। उदाहरणको लागी निर्वाचन आयोगले आदिवासी समुदायको मुद्दालाई अगाडि लैजान गठित बिभिन्न राजनीतिक दलहरुलाई संबिधानको यही दफा देखाई दर्ता गर्न अस्वीकार गरिदिएको थियो भने हिन्दू अतिवादी शिव सेना नेपाल जस्ता दलले भने ०५६ को आम निर्वाचनमा भाग लिन स्वीकृति पाएको थियो। संविधानको धारा १२ (२) र (३) ले भेला हुने र संघ-संस्था खोल्नु अधिकार मात्र संकुचित पारेको छैन, बरु आदिवासी समुदायको अभिव्यक्ति स्वतन्त्रतामाथि थप बन्देज लगाउन 'जाति र सम्प्रदायबीचको सम्बन्ध खलल' पुर्‍याउने नाममा राज्यले छुट्टै कानुन बनाउन सक्ने प्रावधान राखेको छ। बरु कुनै पनि प्रजातान्त्रिक राज्यमा विभेदकारी नीति कायम राख्दै भेला हुने अधिकार र वाक स्वतन्तत्रतामाथि लगाएको बन्देजले विखण्डन मात्र ल्याउन सक्दछ। जनगुनासोको सुनुवाई र वहुसाँस्कृतिक वास्तविकतालाई ध्यान दिदै आपसी सम्मानमा आधारित व्यवहारले मात्र बलियो राष्ट्रिय एकता प्रवर्द्धन हुनसक्दछ।

६. केन्द्रीकृत शासकीय पद्धति

वि.सं. १८७३ को सुगौली सन्धि पछि स्थिर भएको नेपालको राज्य संरचनामा शासकीय शैली अत्यन्त

तालिका: ६

शासनको एकीकृत राष्ट्रिय सूची, १९९९

संस्था	बाहुन क्षेत्री		नेवार		जनजाति		मधिसे		पहाडी दलित		अन्य		जम्मा
	संख्या	%	संख्या	%	संख्या	%	संख्या	%	संख्या	%	संख्या	%	
न्यायपालिका	१८१	७७	३२	१३.६	४	१.७	१८	७.७					२३५
संवैधानिक निकाय/आयोग	१४	५६	६	२४	२	८	३	१२					२५
मन्त्रिपरिषद	२०	६२.५	३	९.४	४	१२.५	५	१५.६					३२
जनप्रशासन	१५९	६०	२०	७.६	३६	१३.६	४६	१७.४	४	१.५			२६५
विधायिका	१९०	७७.६	४३	१७.६	३	१.२	९	३.७					२४५
राजनीतिक दलका नेताहरु	९७	५८.८	१८	१०.९	२५	१५.२	२६	१७.८					१६५
स्थानीय सरकार	१०६	५५.५	३०	१५.७	२३	१२	३१	१६.२					१९१
उद्योग/वाणिज्य	७	१६.७	२०	४७.६	०	०	१५	३५.७					४२
शिक्षा क्षेत्र	७५	७७.३	११	११.३	२	२.१	७	७.२	१	१	१	१	९७
सांस्कृतिक संघ संस्थानहरु	८५	६९.१	२२	१७.९	६	४.९	०	०					१२३
विज्ञान तथा प्रविधि	३६	५८	१८	२९	२	३.२	६	९.७					६२
नागरिक समाज	४१	७५.९	८	१४.८	१	१.९	४	७.४					५४
जम्मा	१०११	६६.५	२३१	१५.२	१०८	७.१	१७०	११.२	५	०.३	१	०	१५२०
प्रतिशत		६६.५		१५.२		७.१		११.२		०.३		०	१००
नेपालको जनसंख्या प्रतिशतमा	३१.६		५.६		२२.२		३०.९		८.७		०.१		
फरक प्रतिशतमा	+ ३४.९		+९.६		-१५.१		-१९.७		-८.४		-१		

स्रोत : लावती (२००२)[१९], गोविन्द न्यौपाने, नेपालको जातीय प्रश्न, २०००:८२

केन्द्रीकृत रहँदै आयो। राज्य निर्माण प्रक्रियामा सैन्य शक्तिको बलमा आदिवासी जनजातिका परम्परागत अधिकारको हनन् र स्वायत्त शासनका प्रणालीहरुको विनास , गरिदियो। प्रशासनिक नियन्त्रणको उद्देश्यले गरिएको भौगोलिक क्षेत्र विभाजनले आदिवासीहरुको पूर्ख्यौली भूमिलाई विभिन्न प्रशासनिक इकाइहरुमा टुक्र्यायो। नेपालमा भएको वर्तमान केन्द्रीकृत शासन पद्धतिले सही अर्थमा स्थानीय स्वायत्त र विकेन्द्रीकृत स्वशासनको सम्भावना समेतलाई स्वीकार्दैन। यस्तो राजनीतिक प्रणाली समाज विभेद निम्त्याउने र विभेदलाई निरन्तर तुल्याउने संरचनागत तत्व बनेको छ।

७. असमान शैक्षिक पहुँच

सात सालसम्म शिक्षामा कुलीन र उच्च जातीय समूहको एकाधिकार कायम थियो। त्यसबखतसम्म आदिवासी जनजातिलगायत अन्य सामान्य नागरिकका निम्ति शिक्षामा प्रतिबन्ध नै लगाइएको थियो। राणाकालको अन्त्य पछि लागू गरिएको शिक्षा पद्धतिले पनि आमजनताको शैक्षिक आवश्यकतालाई संबोधन गर्न सकेन। अधिकांश आदिवासी जनजाति शिक्षाबाट वञ्चित रहनु असमानताको प्रमुख कारण रहेको छ। नेपाली भाषामा दिइने शिक्षा, विषयसूची तथा अन्य पाठ्य सामाग्री तयार गर्दा हिन्दू मूल्य मान्यता र संस्कृतकरणका आधारमा गरेपछि यसले अल्पसंख्यकले बोल्ने भाषा र सो समुदायलाई स्वत: विभेद गरेको छ।

८. सामुदायिक भूमि र स्रोतमाथिको अधिकार हनन्

नेपाल राज्य निर्माणका क्रममा आदिवासीका भूमि, प्राकृतिक स्रोतहरु वन, पानी तथा खर्कमाथिको अधिकार हनन हुन गयो। हिन्दू राजालाई सम्पूर्ण भूमिको मालिक भएको दावा गर्दै, गोर्खा साम्राज्यले आदिवासीका भूमि आप्रावासीहरुका लागि नि:शुल्क उपलब्ध गरायो। किपट भूमिलाई विस्तारै निजीकरण गर्दै उच्च जातका व्यक्तिलाई विर्ता, रैकर र गुठीका रुपमा वितरण गरियो। इतिहासमा पूर्वाग्रही कानुनी अभ्यासको आड र पक्षपात तथा छलकपटपूर्ण ऋण पद्धतिका कारण आदिवासी भूमि अझ बढी अतिक्रमित हुन गयो। विकास परियोजना विशेषत: राष्ट्रिय निकुञ्ज र वन्यजन्तु आरक्षण स्थापना गर्दा आफ्नो भूमिबाट धेरै आदिवासी विस्थापित हुन पुगे र सदियौंदेखि उपभोग गर्दै आएको वन, नदी, खर्कप्रति अधिकारबाट वञ्चित बनाइयो। सामुदायिक भूमि र प्राकृतिक स्रोतमाथिको अधिकार हनन् गरिनु नै आज उनीहरु गरीबीको समस्याबाट प्रताडित हुनुको मूल कारण हो।

९. कल्याणकारी कामका लागि राज्यद्वारा असमान लगानी

विभिन्न जातजाति समूहको हितमा राज्यले गर्ने लगानी असमान रहेको छ। संस्कृत शिक्षा, प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित कृति र सिंगो नेपाली भाषा प्रवर्द्धनका निम्ति राज्यद्वारा गरिएको लगानी यसका केही उदाहरण हुन्। त्यसै गरी शिक्षा, स्वास्थ तथा कृषि जस्ता आधारभूत सेवाको वितरण समेत असमान हुनाले आदिवासी समुदायले यसबाट कुनै लाभ गर्न सकेका छैनन्। यस्तो असमानताले आदिवासी समुदायमा नकारात्मक प्रभाव पारेको छ।

१०. आफै विकास गर्न पाउने अधिकारको अपहेलना

आफै विकास गर्न पाउने अधिकार अर्थात स्व:विकाससम्बन्धी अधिकारको सम्मान नगर्नु, विद्यमान निरन्तर असमानता र विभेदको अर्को कारण हो। उदाहरणका निम्ति कर्मचारीतन्त्र र विकास परियोजनाहरुलाई लिन सकिन्छ। सरकारी, गैरसरकारी वा वैदेशिक दातृ संस्थाहरुबाट संचालित धेरै जसो विकास परियोजनाहरु मूलरुपमा उच्चजातीय हुनेखानेहरुकै नियन्त्रणमा रहेका छन्। आदिवासी क्षेत्रमा संचालित यस्ता परियोजनाहरुको योजना, कार्यान्वयन तथा अनुगमन तिनै वाह्य 'विज्ञ' द्वारा गर्ने गरिएको छ। आफ्नो विकास आफै गर्ने प्रक्रियामा सक्रिय सहभागीहुने र विकासका लक्षहरु आफै निर्धारण गर्ने अधिकारबाट उनीहरुलाई वञ्चित गराउनाले समाजमा असमानताको गहिरो खाडल सृजना भएको छ।

संवैधानिक प्रावधान र अन्तर्राष्ट्रिय मान्यता

संवैधानिक प्रावधानहरु

आधारभूतरुपमा नेपाल अधिराज्यको संविधान-२०४७ विभेदपूर्ण र पक्षपातपूर्ण भएपनि यसले नेपाली समाजलाई बहुसांस्कृतिक समाजका रुपमा पहिचान गर्न केही प्रावधानहरुको व्यवस्था गरेको छ। यसले जनतालाई सामाजिक, आर्थिक र राजनीतिक न्यायका लागि राज्यको उत्तरदायित्वको व्यवस्था समेत गरेको छ। विगतका संविधानदेखि निकै पृथक रही नेपाल अधिराज्यको संविधान-२०४७ ले धारा ४(१) मा नेपाललाई 'बहुजातिय बहुभाषी' मुलुकका रुपमा चिनाएको सोही धारामा नेपाललाई 'हिन्दू अधिराज्य' का रुपमा दावी गरिनाले

प्रजातान्त्रिक भावना र नेपाली समाजको वहुलवादी प्रकृतिको पहिचानसित बाझिएको छ। तैपनि यसलाई तुलनात्मकरुपमा सकारात्मक मान्नुपर्दछ।

भाषा

संविधानको धारा ६ ले मुलुकमा रहेका अन्य भाषालाई 'राष्ट्रिय भाषा' का रुपमा पहिचान गरेको छ। तर, सरकारी कामकाजका लागि आधिकारिक भाषा मान्दै नेपाली भाषालाई भने 'राष्ट्र भाषा' भनी व्याख्या गरिएको छ। तर, राज्यद्वारा गरिएको विभेदबाहेक 'राष्ट्रको भाषा' र 'राष्ट्रिय भाषा' बीचको भिन्नताबारे भने केही स्पष्ट पारेको छैन।

धारा ६ (१): "देवनागरी लिपिमा नेपाली भाषा नेपालको राष्ट्र भाषा हो। नेपाली भाषा सरकारी कामकाजको भाषा हुनेछ।" (२): "नेपालका विभिन्न भागमा मातृभाषाका रुपमा बोलिने सबै भाषाहरु नेपालका राष्ट्रिय भाषा हुन्।"

समानताको हक

धारा ११ (२) र (३) ले समाजको कमजोर अवस्थाका मानिसको संरक्षण र उत्थानका लागि विशेष प्रावधानको व्यवस्थाका अतिरिक्त सबै नागरिकलाई समानताको हकसम्बन्धी अधिकारको व्यवस्था गरेको छ। आर्थिक, सामाजिक र शैक्षिक दृष्टिले पिछडिएका आदिवासी जनजातिका लागि यो प्रावधान उत्तिकै मिल्दो छ। यस कानूनी व्यवस्थाले सकारात्मक विभेद र सकारात्मक कदमका लागि नीति निर्माण गर्न आवश्यक अवसर प्रदान गर्दछ।

धारा ११ (२): "सामान्य कानुनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिंग, जातजाति वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन।" (३): "राज्यले नागरिकहरुका बीच धर्म, वर्ण, लिंग, जातजाति वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गर्ने छैन। तर, महिला, बालक, वृद्ध वा शारीरिक वा मानसिकरुपले असक्त व्यक्ति वा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण वा विकासका लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिनेछ।"

साँस्कृतिक तथा शैक्षिक अधिकार

संविधानले उनीहरुको भाषा, लिपि र संस्कृति संरक्षण र प्रवर्द्धन गर्ने अधिकार प्रदान गरेको छ। यसका अतिरिक्त बालबालिकालाई प्राथमिक तहसम्म मातृभाषामा पठनपाठन गराउने व्यवस्था समेत गरिएको छ। तर आदिवासीका भाषालाई कामकाजको भाषाका रुपमा प्रयोग गर्न नदिइनु र प्राथमिक तहभन्दा माथि मातृभाषामा शिक्षा लिनबाट बञ्चित गराइनु संविधानमा उल्लेखित विभेदपूर्ण प्रावधान हो। उच्च जातका पर्वतीय समूहद्वारा नियन्त्रित सरकारी कर्मचारीतन्त्र र शक्ति केन्द्रको अनिच्छाका कारण प्राथमिक तहसम्ममा मातृभाषामा प्रदान गर्नुपर्ने शिक्षा पनि आजसम्ममा राम्ररी संस्थागतरुपमा अघि बढाइएको छैन।

धारा १८

साँस्कृतिक तथा शिक्षासम्बन्धी हक

(१): "नेपाल अधिराज्यमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि र संस्कृतिको संरक्षण र संवर्द्धन गर्ने अधिकार हुनेछ।"

(२): "प्रत्येक समुदायले बालबालिकालाई प्राथमिक तहसम्म आफ्नो मातृभाषामा शिक्षा दिने गरी विद्यालय संचालन गर्न पाउनेछन्। यसका अतिरिक्त संविधानले सबै खालका असमानता हटाउन, साँस्कृतिक विविधताको संरक्षण गर्न र विभिन्न जात, जाति, धर्म, भाषा, वर्ण र समुदायबीच सौहार्दता कायम राख्न राज्यका निर्देशक सिद्धान्त तथा राज्यका नीतिको व्यवस्था गरेको छ।"

तालिका: ७

जातीय आधारमा राजपत्रांकित कर्मचारी **शासनको जातीय बनोट**

पद	जातजाती (प्रतिशत)		सामाजिक समुह	ऐनमा हस्ताक्षर		१९९९	
	बाहुन, क्षेत्री र नेवार	पहाडी आदिवासी		संख्या	%	संख्या	%
सचिव	८७.६	०					
			पर्वते उपल्लो जात	१६६	७८.३	७६३	६६.२
अतिरिक्त सचिव	९२.३	३.१	नेवार	३२	१५.९	१५२	१३.१
उपसचिव	८८.९	०					
			तराई उपल्लो जात	२	०.९	१३८	११.९
सहसचिव	९४.५	२.१					
			आदिवासी जनजाती	६	२.८	९७	८.४
सहायक सचिव	९६.२	०.९	दलित	०	०	२	०.३
शाखा अधिकृत	९२.६	२	अन्य जात नखुलेका।	६	२.८	०	०
			जम्मा	२१२	१००	११५२	९९.९

स्रोत : गरुङ, १९९८, सोसियल डेमोग्राफी एण्ड एक्पेशन् र २००४, त्रिशूल र दार्जे . नेपाली राजनीतिमा सामाजिक पक्ष :जनजाति सेराफगे।

धारा २५ राज्यका निर्देशक सिद्धान्तहरु:

(३): "सबै किसिमका आर्थिक एवं सामाजिक असमानता हटाई विभिन्न, जात, जाति, धर्म, भाषा, वर्ण र सम्प्रदायका बीच सामाञ्जस्य स्थापना गरी न्याय र नैतिकतामा आधारित स्वस्थ सामाजिक जीवनको स्थापना र विकास गर्नु राज्यको सामाजिक उद्देश्य हुनेछ।"

(४): "समाजमा शान्ति र व्यवस्था कायम गरी मानव अधिकारको संरक्षण सम्वर्द्धन गर्ने सार्वजानिक हितको प्रवर्द्धन गर्ने र विकेन्द्रीकरणको माध्यमद्वारा जनतालाई शासनमा अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई प्रजातन्त्रका लाभको उपभोग गर्नसक्ने व्यवस्था गर्नु राज्यको मुख्य दायित्व हुनेछ।"

राज्यका नीतिहरु

धारा २६

(२): "विभिन्न धर्म, जात, जाति सम्प्रदाय र भाषाभाषीहरुका बीच स्वस्थ एवं सुमधुर सामाजिक सम्बन्ध विकसित गरी सबैको भाषा, साहित्य लिपि, कला र संस्कृतिको विकासद्वारा देशको साँस्कृतिक विविधता कायमै राखी राष्ट्रिय एकतालाई सुदृढ गर्ने नीति राज्यले अवलम्वन गर्नेछ।"

राज्यद्वारा गरिनुपर्ने आवश्यक कानुन, नियम, नियमावली तथा कार्यक्रमको अभावमा समानताको हकसम्वन्धी संवैधानिक प्रत्याभूति कायम हुन सकेको छैन।

शिक्षा, रोजगारी, राजनीतिक प्रतिनिधित्वको क्षेत्रमा 'सकारात्मक विभेद' का कार्यक्रमलगायत संरक्षण र प्रगतिका लागि विशेष प्रावधानको विकास गर्न व्यवहारिक प्रयास अत्यावश्यक छ।

राज्यका उद्देश्यहरु राष्ट्रिय एकता, प्रजातन्त्र र साँस्कृतिक विविधता प्राप्तिका लागि आदिवासी जनजातिलाई स्वायत्तता साथ प्रजातान्त्रिक विकेन्द्रीकरण र आत्मनिर्णयको अधिकार जस्ता अन्य पक्ष त्यत्तिकै महत्वपूर्ण छन्।

यी संवैधानिक प्रावधानबाट आदिवासी जनजाति लाभान्वित हुन सकेनन् र व्यवहारमा उनीहरुको सामूहिक आंकाक्षा समेत परिपूर्ति हुन सकेन। यसका अतिरिक्त नेपाल आदिवासी जनजाति महासंघले वर्तमान संविधानमा आदिवासीलाई विभेद गराउने २६ वटा विभेदपूर्ण धारा रहेको बताएको छ। अहिले त्यस्तो विभेदकारी ऐनहरुको संख्या ४४ वटा रहेको पनि महासंघले जनाएको छ। त्यसैले संविधान सभाको माध्यमबाट वा अन्य कुनै तरिकाबाट विद्यमान संवैधानिक विभेद हटाउनु अत्यावश्यक छ।

अन्तर्राष्ट्रिय मान्यता

आदिवासी समुदायलाई विशेष समुदायका रुपमा लिई उनीहरुका अधिकार सुनिश्चितता गराउने औजारका रुपमा धेरै अन्तर्राष्ट्रिय सन्धि-अभिसन्धिहरु रहेका छन्। आदिवासी अन्तर्राष्ट्रिय मानवअधिकारसम्वन्धी कानुन र अन्तर्राष्ट्रिय सन्धि-अभिसन्धिमा प्रतिवद्ध प्रावधानद्वारा पूर्णत: संरक्षित छन्। आदिवासीका सवालमा मूलत: दुईवटा अभिसन्धि छन्। स्वतन्त्र मुलुकका आदिवासी जातिसम्वन्धी आई.एल.ओ. को मस्यौदा अभिसन्धि नम्बर १६९ र आदिवासी मामिलासम्वन्धी संयुक्त राष्ट्रसंघीय घोषणा-पत्र। जसमध्ये अत्यन्त महत्वपूर्ण अभिसन्धि र तीमध्ये छानिएका केही दफाहरु निम्नअनुसार रहेका छन्।

संयुक्त राष्ट्रसंघको बडापत्र (१९४५)

आधारभूत मानवअधिकार, मानवका गरिमा, महिला तथा पुरुष, साना र ठूला मुलुकका समान अधिकारलाई आधारभूत मानवअधिकारका रुपमा सम्मान गर्न हामी संयुक्त राष्ट्रसंघका सदस्यहरु सहमत छौं र यसप्रतिको प्रतिवद्धता दोहोऱ्याउँछौं।

अन्तर्राष्ट्रिय कानुनका अन्य स्रोत र विभिन्न सन्धि तथा अभिसन्धिप्रदत्त दायित्वलाई सम्मान र वहन गर्न तथा सामाजिक प्रगति र स्वतन्त्ररुपमा राम्रो जीवनस्तर प्रवर्द्धन गर्न हामी प्रतिवद्ध छौं।

नागरिक तथा राजनीतिक अधिकार अभिसन्धि-(१९६६) साझा धारा १ (आइसीसीपीआर र आइसीइएससीआर)

सबै व्यक्तिमा आत्मनिर्णयको अधिकार निहीत छ। यस अधिकारअन्तर्गत उनीहरु स्वतन्त्ररुपमा आफ्नो राजनीतिक अवस्था र आर्थिक, सामाजिक, साँस्कृतिक विकास गर्न सक्दछन्।

धारा २६

सबै व्यक्ति कानुनसमक्ष समान छन् तथा कुनै भेद विना कानुनको समान रक्षाका सहभागी छन्। यस सम्वन्धमा कानुनले कुनै पनि भेदलाई निषेध गर्नेछ तथा जाति, रंग, लिंग,भाषा, धर्म, राजनीतिक, अथवा अन्य स्थानजस्ता आधारमा हुने भेदविरुद्ध सम्पूर्ण व्यक्तिलाई कानुनले समान एवं प्रभावकारी रक्षा सुनिश्चित गर्नेछ।

धारा २७

जातीय, धार्मिक अथवा भाषिक अल्पसंख्या भएका राज्यमा यस्ता अल्पसंख्याका मानिसलाई आफ्ना

समूहका सम्प्रदायसँग आफ्नो संस्कृति उपभोग गर्ने, आफ्नो धर्मको प्रचार तथा अभ्यास गर्ने अथवा आफ्नो भाषा उपयोग गर्ने अधिकारलाई अस्वीकार गरिने छैन।

सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (१९६५)
धारा १ (१)

यस महासन्धिमा 'जातीय भेदभाव' भन्नाले राजीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक वा सार्वजानिक जीवनका वा अन्य कुनै क्षेत्रमा समानताको आधारमा मानवअधिकार तथा आधारभूत स्वतन्त्रताको मान्यता, उपयोग वा व्यवहार, निषेध वा कमजोर गर्ने उद्देश्य प्रभाव भएको जाति, वर्ण, वंश वा राष्ट्रिय वा जातीय उत्पत्तिमा आधारित कुनै पनि भेदभाव वहिष्कार प्रतिवन्ध वा प्राथमिकतालाई सम्झनुपर्छ।

आर्थिक, सामाजिक, साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (१९६६)
धारा २ (२)

यस प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरु यसमा उल्लेखित अधिकारहरु जाति, वर्ण, लिंग, भाषा, धर्म, राजनैतिक, वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा कुनै प्रकारको भेदभाव विना उपभोग गरिने कुराको प्रत्याभूति दिने प्रतिज्ञा गर्दछन्।

बालअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय अभिसन्धि (१९८९)
धारा २९

(ग) वालबालिकाको बाबुआमाप्रति, उसको आफ्नो साँस्कृतिक पहिचान, भाषा र मूल्यप्रति बालबालिका बसेको देशको राष्ट्रिय मूल्यप्रति, निज उत्पत्ति भएको देशप्रति र निजको भन्दा भिन्न सभ्यताहरुप्रतिको आदरभावको विकास।

(घ) स्वतन्त्र समाजमा सबै जनता, जाति, राष्ट्रिय र धार्मिक समूदाय र आदिवासी मूलका मानिसहरुबीच समझदारी, शान्ति, सहिष्णुता, लैंगिक समानता र मित्रताको भावनामा उत्तरदायित्वपूर्ण जीवनका लागि बालबालिकाको तयारी।

धारा ३०

सामाजिक, धार्मिक वा भाषिक अल्पसंख्यकहरु विद्यमान रहेका राष्ट्रहरुमा त्यस्तो अल्पसंख्यकहरुका बालबालिकालाई आफ्ना समूहका अन्य सदस्यहरुसँग मिलेर आफ्नो संस्कृतिको उपभोग गर्ने, आफ्नो धर्मको अवलम्बन तथा अभ्यास गर्ने वा आफ्नै भाषा प्रयोग गर्ने अधिकारबाट वञ्चित गरिनेछैन।

राष्ट्रियता, जाति, धार्मिक तथा अल्पसंख्यक भाषासम्वद्ध व्यक्तिको अधिकारसम्बन्धी घोषणापत्र-१९९२

राष्ट्रियता, जाति, धार्मिक तथा अल्पसंख्यक भाषासम्वद्ध व्यक्तिको अधिकारलाई नागरिक तथा राजनीनिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको धारा २७ को प्रावधानले प्रेरित गरेकाले,

राष्ट्रियता, जाति, धर्म तथा अल्पसंख्यक भाषासम्बद्ध व्यक्तिको अधिकारको प्रवर्द्धन तथा संरक्षण गर्नाले राज्यका राजनीतिक तथा सामाजिक स्थायित्व स्थिर राख्न सघाउ पुग्ने तथ्यलाई दृष्टिगत गर्दै,

तालिकाः ८

१ जनवरी २००२ देखि ३१ डिसेम्बर २००४ सम्म बेपत्ता पारिएकाहरू

सामाजिक समूह	जम्मा संख्या	राज्यद्वारा मारिएका (प्रतिशतमा)	माओवादीद्वारा मारिएका (प्रतिशतमा)	जम्मा
आदिवासी जनजाति	१,७६३	१३.७८	७.५५	२१.३३
क्षत्री/ठकुरी	१,५५१	८.१९	१०.५७	१८.७६
बाहुन	९०५	५.२	५.७५	१०.९५
दलित	४००	३.५३	१.३१	४.८४
तराईका अन्य जाति	१८६	.०.८३	१.४२	२.२५
अन्य	९०	०.५७	०.५२	१.०९
पहिचान नभएका	३,३७०	३३.८८	६.९	४०.७८
जम्मा	८,२६५	६५.९८	३४.०२	१००

स्रोत : अनौपचारिक क्षेत्र सेवा केन्द्र, इन्सेक

पूर्णरुपमा समाज विकास र कानुनका आधारमा प्रजातान्त्रिक मूल्य-मान्यता कायम गराउनका निम्ति एक अभिन्न अंगका रुपमा लिएको राष्ट्रियता, जाति, धर्म तथा अल्पसंख्यक भाषासम्वद्ध व्यक्तिको अधिकारलाई स्थायीरुपमा प्रवर्द्धन गर्नाले जनता र राज्यबीचको सहयोग, सद्भाव तथा सम्वन्ध सुदृढ हुन्छ भन्ने कुरोलाई जोड दिंदै...

धारा १

(१) राज्यले अल्पसंख्यकहरुको आफ्नो क्षेत्रमा राष्ट्रिय, जातीय, धार्मिक, साँस्कृतिक तथा भाषिक पहिचान र अस्तित्वको संरक्षण र उनीहरुको पहिचानको विद्यमान अवस्थालाई प्रवर्द्धन गर्न प्रोत्साहित गर्नेछ।

(२) यी उपलब्धी हासिल गर्न राज्यले अनुकूल हुने खालका सुहाउँदो कानुनी व्यवस्था अवलम्वन गर्नेछ।

धारा २

(१) कुनै पनि राष्ट्रियता, जाति, धर्म तथा अल्पसंख्यक भाषासम्वद्ध व्यक्तिसित (यसपछि अल्पसंख्यक व्यक्ति भनिनेछ) उनीहरुको आफ्नै संस्कृति, धर्म अभ्यास वा स्वीकार गर्ने, आफ्नो भाषा नीजि वा सार्वजानिक ठाउँमा विना विभेद स्वतन्त्ररुपमा प्रयोग गर्न पाउने अधिकार रहनेछ।

(२) अल्पसंख्यक व्यक्तिसित साँस्कृतिक, धार्मिक, सामाजिक, आर्थिक तथा सार्वजानिक जीवनमा स्वतन्त्ररुपमा प्रभावकारी ढंगले सहभागी हुने अधिकार हुनेछ।

(३) अल्पसंख्यक व्यक्तिसित अनुकूल भएमा राष्ट्रिय निर्णय प्रक्रियामा प्रभावकारी ढंगले भाग लिन पाउने अधिकार रहनेछ। आदिवासी क्षेत्रसित सम्वद्ध तर राष्ट्रिय कानुनसित अमिल्दो क्षेत्रीय निर्णय प्रक्रियामा पनि प्रभावकारीरुपमा सहभागी हुने अधिकार उनीहरुमा रहनेछ।

(४) अल्पसंख्यक व्यक्तिहरुमा आफ्नो संघ-संस्था स्थापना गर्न र सञ्चालन गर्ने अधिकार रहनेछ।

(५) अल्पसंख्यक व्यक्तिहरुमा विना विभेद आफ्नो समुदायका अन्य सदस्यहरुसित शान्ति र स्वतन्त्ररुपमा सम्पर्क राख्न र त्यसलाई निरन्तरता दिन पाउने अधिकार रहनेछ। यसका साथै राष्ट्रियता, जातीय, धार्मिक, तथा भाषिक सम्वन्ध रहेका अन्य राज्यका मानिसहरुसित पनि सो सम्वन्ध कायम गर्न सक्ने अधिकार उनीहरुमा हुनेछ।

स्वतन्त्र मुलुकका आदिवासी तथा जातीय जनतासम्वन्धी अभिसन्धि नम्बर १६९ (१९८९)

अन्तर्राष्ट्रिय श्रम संगठनको महासभाले,

आफू रहेको राज्य संरचनाभित्र यी मानिसका आफ्नो समुदाय, जीवनशैली, आर्थिक विकास, भाषा, धर्म तथा आफ्नो पहिचान विकास र संरक्षणमा नियन्त्रणका निम्ति अभ्यास गर्ने आकांक्षाको पहिचान गर्दै,

विश्वका धेरै भागमा रहेका यिनीहरुले आफ्ना आधारभूत मानवअधिकार राज्यका अन्य समुदायसरह उपभोग गर्न असक्षम देखिएको तथ्य दृष्टिगत गर्दै तथा उनीहरुका परम्परागत कानुन, संस्कार, मूल्य-मान्यता विनास हुँदै गएको वास्तविकताप्रति ध्यान दिंदै ...

धारा १ (२)

यस अभिसन्धिका प्रावधान लागु गर्न

उनीहरुका स्व:पहिचानलाई आदिवासी जनजातिलाई चिनाउने आधारभूत मापदण्डका रुपमा लिइनेछ।

धारा २ (१)

मानवअधिकार संरक्षणका लागि

सम्वद्ध समूहको सहभागितामा सरकारले समन्वयात्मक ढंगले योजनावद्ध कदम चाल्नु र उनीहरुको इमान्दारिताको सम्मान गर्नु राज्यको दायित्व हुनेछ।

धारा ५

यस अभिसन्धिका प्रावधानहरु लागु गर्दा,

(क) यी समुदायका सामाजिक, साँस्कृतिक, धार्मिक तथा भावानात्मक मूल्य मान्यता तथा अभ्यासलाई पहिचान र संरक्षण गरिनेछ। र उनीहरुले सामूहिक वा व्यक्तिगतरुपमा भोग्दै आएका समस्याका प्रकृतिप्रति पनि ध्यान दिइनेछ।

धारा ६

यस अभिसन्धिका प्रावधानहरु लागु गर्दा सरकारले,

(क) उनीहरुका संघ संस्थालाई प्रतिनिधित्व गराउँदै उपयुक्त प्रक्रिया अपनाई सम्वद्ध समुदायसित परामर्श गर्नुपर्नेछ। उनीहरुलाई प्रत्यक्ष असर पार्न सक्ने प्रशासनिक तथा कानूनी प्रक्रियालाई पनि ध्यान दिनुपर्नेछ।

(ख) कम्तिमा अन्य समूहका व्यक्तिसरह यी समुदायका सदस्यहरुलाई पनि स्वतन्त्ररुपमा सहभागी गराउन, निर्वाचित निकाय, प्रशासनिक तथा अन्य निकायका सवै तहका नीति निर्माण, कार्यक्रम तथा निर्णय प्रक्रियामा सहभागी गराउन आवश्यक संयन्त्रको विकास गर्नुपर्दछ।

(ग) यी समुदायका संघ-संस्था, उनीहरुका

प्रयासका पूर्ण विकासका लागि आवश्यक संयन्त्र विकास गर्नुपर्दछ। यस प्रयोजनका लागि आवश्यक स्रोतसाधान उपलब्ध गराउनुपर्दछ।

धारा ७ (१)

विकास प्रक्रियामा सम्बद्ध व्यक्तिसित आफ्नो प्राथमिकताबारे निर्णय गर्ने अधिकार रहनेछ। किनकि यसले उनीहरुको जीवन, सामाजिक संरचना, विश्वास, संगठनात्मक तथा भावनात्मक हित र उनीहरुको आफ्नो भूमिमा प्रतिकूल प्रभाव पार्दछ। आर्थिक, सामाजिक र साँस्कृतिक विकास अभ्यासमा सम्भव भएसम्म उनीहरुकै नियन्त्रण जरुरी छ। यसका अतिरिक्त, उनीहरुलाई प्रभाव पार्ने राष्ट्रिय तथा क्षेत्रीय विकासको योजना तर्जुमा, कार्यान्वयन तथा मूल्यांकनमा उनीहरु सहभागी हुनेछन्।

आदिवासीका अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय मस्यौदा घोषणापत्र (१९९४)

आदिवासी जनता मानवअधिकार र न्यूनतम स्वतन्त्रताबाट बञ्चित रहेकाले अन्य धेरै परिणामहरुमध्ये पनि यस अवस्थाले आफ्नो भूमि, क्षेत्र तथा प्राकृतिक स्रोतबाट विस्थापन गराएको छ। यस्ता अभ्यास रोक्न र आदिवासीका आवश्यकता र आकांक्षाअनुसार विकास गर्न पाउने उनीहरुको अधिकारको संरक्षण गर्न ..

धारा १

संयुक्त राष्ट्रसंघको बडापत्र, अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी कानुन तथा मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रमा उल्लेख भएका मानवअधिकार तथा स्वतन्त्रतासम्बन्धी सबै अधिकार आदिवासीहरुले उपभोग गर्न पाउछन्।

धारा ३

आदिवासीहरुमा आत्मनिर्णयको अधिकार रहनेछ। यस अधिकारअन्तर्गत उनीहरुले आफ्नो सामाजिक, आर्थिक, साँस्कृतिक तथा राजनीतिक विचार स्वतन्त्ररुपमा अभ्यास गर्न पाउनेछन्।

धारा २९

आदिवासीमा आफ्नो बौद्धिक सम्पत्ति तथा साँस्कृतिक सम्पदाको नियन्त्रण तथा संरक्षणमा पूर्ण स्वामित्व रहनेछ। उनीहरुमा आफ्नो विज्ञान तथा प्रविधि, साँस्कृतिक अभिव्यक्ति, मानवीय तथा अन्य स्रोत, बीउबीजन, ओखति, ज्ञान, वनस्पति तथा वन्यजन्तु, अलिखित परम्परा, साहित्य तथा कलाको संरक्षण, विकास र नियन्त्रणका लागि विशेष कदम चाल्ने अधिकार हुनेछ।

धारा ३०

आदिवासी भूमिमा प्रतिकूल प्रभाव पार्ने वा

तालिका: ९

राज्यद्वारा पक्राउ परेका (१ जनवरी 002 देखि 31 डिसेम्बर 2003)

सामाजिक समुह	पक्राउमा परेकाहरु (प्रतिशतमा)	पक्राउमा परेकाहरु (संख्या)			
		पुरुष	महिला	पहिचान नभएका	जम्मा
बाहुन	२६.०२	१३३१	१००	२	१४३३
क्षत्री/ठकुरी	२१.०६	१०७९	७४	७	११६०
आदिवासी/ जनजाति	१९.९४	१०४८	४८	२	१०९८
दलित	८.१४	३४९	९९	०	४४८
तराईका जातजाति	४.७२	२४४	१६	०	२६०
अन्य	२.३६	१२३	७	०	१३०
पहिचान नभएकाहरु	१७.७६	४९७	७५	४०६	९७८
जम्मा	१००.००	४६७१	४१९	४१७	५५०७

स्रोत : अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेक

पार्नसक्ने कुनै पनि परियोजना स्वीकृत गर्नुअघि राज्यले उनीहरुबाट लिनुपर्ने सहमतिलगायत आफ्नो भूमि तथा क्षेत्र तथा अन्य स्रोत प्रयोगका निम्ति प्राथमिकताबारे निर्णय गर्ने र रणनीति विकास गर्ने अधिकार आदिवासीहरुमा रहनेछ।

विशेषत: उनीहरुका क्षेत्रमा गरिने विकास, उपभोग, पानी खनिजलगायत अन्य स्रोतसम्बन्धी यो अधिकार उपभोग हुनेछ।

आदिवासीको सहमतिपछि यसबाट पर्न सक्ने वातावरणीय, सामाजिक, सांस्कृतिक, तथा भावनात्मक प्रतिकूल असरबापत उनीहरुलाई केही क्षतिपूर्ति उपलब्ध हुनेछ।

आदिवासी जनजातिको मानवअधिकार संरक्षणको लागि सुझावहरु

१. संवैधानिक तथा कानूनी सुधार

आदिवासी जनजातीको मानवअधिकार संरक्षणका लागि संवैधानिक संशोधन मुलुकको पहिलो आवश्यकता हो। विद्यमान संविधान अर्थात नेपाल अधिराज्यको संविधान २०४७ मा भएका विभेदपूर्ण तथा बाझिनेखालका दफा तथा उपदफा हटाई आदिवासी तथा अल्पसंख्यक समुदायको पूर्ण अधिकारको प्रत्याभूतिका साथ संविधान संशोधन गरिनुपर्दछ। त्यसपश्चात संवैधानिक प्रावधान कार्यान्वयनका निम्ति आवश्यक कानून तथा नियमावली तर्जुमा गर्नु जरुरी छ। अनि मात्र दीर्घकालका लागि नेपाल शान्तिपुर्ण, एकताबद्ध र बहुसाँस्कृतिक राज्यका रुपमा स्थापित हुन सक्दछ।

२. अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डको अनुमोदन र कार्यान्वयन

नेपाल सरकारले अन्तर्राष्ट्रिय सन्धि अभिसन्धि विशेषत: आदिवासीहरुको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय मस्यौदा घोषणापत्र, स्वतन्त्र मुलुकका आदिवासी सम्बन्धी आइ.एल.ओ. अभिसन्धि नम्बर १६९, र राष्ट्रियता, धार्मिक, जातीय तथा भाषिक अल्पसंख्यकहरुको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रलाई अविलम्ब अनुमोदन गर्नुपर्छ। अन्तर्राष्ट्रिय क्षेत्रमा सरकारद्वारा व्यक्त राज्यका प्रतिबद्धता तथा अनुमोदन गरेका सबै सन्धि-अभिसन्धिलाई कार्यान्वयन गर्नु पर्दछ। राज्यले उल्लंघन गरेका आफ्ना मानवअधिकार पुन:स्थापनाका लागि अन्तर्राष्ट्रिय निकायसम्म प्रत्येक व्यक्तिलाई कानुनी उपचारको लागी प्रयास गर्न सक्ने प्रावधान र संयन्त्र तयार गर्नु पर्दछ।

३. आदिवासीका लागि प्रभावकारी स्वायत्तता

प्रजातान्त्रिक विकेन्द्रीकरणको सुनिश्चितता गर्न र आदिवासीलाई आत्मनिर्णयको अधिकार प्रदान गर्न

तालिका: १०

१३ फेब्रुअरी १९९६ देखि ३१ डिसेम्बर, २००३ सम्म राज्य र माओवादीद्वारा मारिएका

सामाजिक समुह	जम्मा संख्या	राज्यद्वारा (प्रतिशतमा)	माओवादीद्वारा (प्रतिशतमा)	जम्मा
आदिवासी जनजाति	१,७६३	१३.७८	७.५५	२१.३३
क्षत्री ठकुरी	१,५५१	८.१९	१०.५७	१८.७६
बाहुन	९०५	५.२	५.७५	१०.९५
दलित	४००	३.५३	१.३१	४.८४
तराईका अन्य जाति	१८६	०.८३	१.४२	२.२५
अन्य	९०	०.५७	०.५२	१.०९
पहिचान नभएका	३,३७०	३३.८८	६.९	४०.७८
जम्मा	८,२६५	६५.९८	३४.०२	१००

स्रोत : अनौपचारिक क्षेत्र सेवा केन्द्र, इन्सेक

प्रभावकारी स्वायत्तताका संयन्त्र तत्कालै विकसित गर्नु आवश्यक छ। त्यसका निम्ति सम्वद्ध अन्य निकायहरुसित परासर्श गरी काम गर्नु जरुरी छ। समान अधिकारको सिद्धान्तअनुरुप राज्य संचालन र शासनमा सबैको प्रभावकारी प्रतिनिधित्वलाई ध्यान दिनु जरुरी छ।

४.सबै क्षेत्रमा समान सहभागिता

राजनीति, कर्मचारी, नागरिक समाज र निजी क्षेत्रलगायत सबै क्षेत्रमा जातजातिगत सन्तुलन ल्याउन प्रभावकारी राष्ट्रिय नीतिको तर्जुमा गर्नुपर्दछ। सबै क्षेत्रमा अहिले देखिएको आदिवासी समुदायको न्यून सहभागिताको बढ्दो प्रवृत्तिलाई तत्काल पर्दछ।

५. प्राकृतिक स्रोत तथा भूमिप्रतिको अधिकारको सुनिश्चितता

आदिवासी जनता चरम गरिबी तथा शक्तिहीन हुनुको प्राथमिक कारण उनीहरुलाई भूमिहीन र प्राकृतिक स्रोतदेखि विमुख गराउनाले हो। आफ्नो पुर्ख्यौली भूमिसित आदिवासीहरुको साँस्कृतिक पहिचान तथा भावानात्मक सम्बन्ध जोडिएको हुन्छ। अतः उनीहरुको पुर्ख्यौली भूमि तथा प्राकृतिक स्रोतमाथिको अधिकार सुनिश्चित गर्नु जरुरी छ। राज्यले भूमि प्रशासन, वन, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण क्षेत्रसम्बन्धी ऐन कानूनमा पुनर्विचार गर्नुपर्दछ।

६. आफैं विकास गर्न पाउने अधिकारको निश्चितता

आदिवासी जनजातिले आफ्नो विकास आफैं गर्न पाउने अधिकारको सुनिश्चितता गर्नुपर्दछ। उपल्लो तहकाले अरुका लागि अहिलेसम्म गर्दै आएकको विकास अभ्यासलाई प्रोत्साहन दिनुहुन्न। विकास प्रक्रियामा आदिवासी समुदायलाई उनीहरुको आफ्नो साँस्कृतिक सन्दर्भ तथा आकंक्षाअनुसार जिम्मेवारी र उत्तरदायित्व सुम्पनुपर्दछ।

७. सकारात्मक विभेद

आदिवासी जनताप्रति विगतमा गरिएको अन्यायका कारण उत्पन्न अवस्थामा सुधार गर्न र सबैलाई समान अधिकार प्रदान गर्न सकारात्मक विभेदका कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्नु आवश्यक छ। जातीय सन्तुलन कायम नहुँदासम्म सकारात्मक विभेद अर्थात आरक्षण कार्यक्रम मार्फत शिक्षा, रोजगारी लगायत सबै क्षेत्रमा उनीहरुलाई समावेश गरिनु गर्दछ। सकारात्मक कदमलाई सम्वद्ध निकायको कृपाभन्दा पनि मानव अधिकारका रुपमा बुझ्नुपर्दछ।

८. आदिवासीविरुद्ध पक्षपात र विभेदको अन्त्य

जातका आधारमा गरिने पक्षपातपूर्ण व्यवहार र विभेदको पूर्णतया अन्त्य गरिनु पर्दछ। नीजि तथा सरकारी दुवै वृत्तमा 'उपल्लो जात' समूहका मानिसहरुले आदिवासी जनजाति समुदायलाई जातीय आधारमा अपहेलना गर्ने, पृथक राख्नेलगायत पक्षपातपूर्ण व्यवहार गरिरहेकै देखिन्छन्। कानुनी प्रावधानको तादरुकताका साथ कार्यान्वयनका साथै यसका निम्ति वृहत् जनचेतना अभियान र शैक्षिक कार्यक्रमलाई तदारुकताका साथ अघि बढाउनुपर्दछ।

९. विद्यमान सशस्त्र द्वन्द्वको समाधान

विद्यमान सशस्त्र द्वन्द्व अन्त्यका लागि, शान्ति प्रक्रियाका क्रममा सरकार र माओवादीबीच छिटोभन्दा छिटो विना शर्त राजनीतिक वार्ता हुनुपर्दछ। दुवै पक्षको वार्ताका वेला मध्यस्थता र साक्षीका रुपमा संयुक्त राष्ट्रसंघ र अन्तर्राष्ट्रिय संघ-संस्थाहरुसमक्ष आग्रह गर्नुपर्दछ। स्थायी शान्तिका निम्ति द्वन्द्वका मुलकारणहरुको सही विश्लेषण र सैन्यकरणको अन्त्य अति आवश्यक छ।

१०. मानवअधिकार संस्थाहरुको सुदृढिकरण

मानव अधिकार संरक्षणका लागि हाल कार्यरत रहेको संस्थाहरु विशेष गरी राष्ट्रिय नेपाल मानव अधिकार आयोगलाई सुदृढ गर्नुपर्दछ। यसका अतिरिक्त प्रत्येक जिल्लामा मानव अधिकार अदालतको स्थापना गर्न पनि आवश्यक छ। मानवअधिकार उल्लंघन भएका घटनाबारे स्वतन्त्ररुपमा अनुसन्धान गर्न यस्ता संस्थाहरुलाई व्यवहारिक र स्वायत्तरुपमा संचालनार्थ सशक्त गरिनु जरुरी छ। वर्तमान दण्डहीनता अवस्थाको अन्त्यका लागि मानव अधिकार उल्लंघनविरुद्ध निश्चितरुपले कानुनी कारवाही गरिनु पर्दछ।

नोट

१. आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८, लालमोहर सदर मिति २०५८।१०।२५ (७ फेब्रुअरी २००२)
२. गुरुङ एच., मल्ल के.एस., भट्टचन के., गुरुङ ओ. २०००, जनजाति विकासको जुक्ति, काठमाडौं। जनजाति विकास समन्वय केन्द्र।
३. आचार्य बाबुराम, २०५४ नेपालको साँस्कृतिक परम्परा, काठमाडौं: श्रीकृष्ण आचार्य।
४. महेश चन्द्र, १९७८, थ्याचट हटस् एण्ड स्टुको प्यालेसेस् : पिजान्टस् एण्ड ल्यान्डलोर्डस् इन नाइनटिन्थ सेन्च्युरी नेपाल, काठमाण्डौं र डेभिड होल्मबर्ग, १९८९, अर्डर एण्ड पाराडोक्स, कोर्नेल युनिभर्सिटि प्रेस, इथाका।
५. Bennett, L. 2003. Towards and inclusive society: agency, structure and diversity in Nepal. Paper presented at the conference "The agenda of transformation: inclusion in Nepali democracy". See also Stacy Leigh Pigg, 1992. Inventing Social Categories through Place: Social representation and development in Nepal" In Comparative Studies in Society and History 34:492-513.
६. See Arjun Gunaratne, 2002:95. Many tongues, one people; the making of Tharu identity in Nepal and Cox, Thomas. 1995 "Backward Society Education: The Development of a Grassroots Movement" unpublished.
७. चैतन्य सुब्बा, २००२ राष्ट्रिय विकासमा आदिवासी जनजाति : मूल सवालहरु, समस्या र अवसरहरु। डि.एफ.आइ.डि. र राष्ट्रिय योजना आयोगको लागी तयार पारिएको प्रतिवेदन।
८. नेपाल आदिवासी जनजाति महासंघका महासचिव डा. ओम गुरुङको संयोजकत्वमा गठित जनजाति वर्गीकरण कार्यदलद्वारा तयार पारेको र २०६० फागुन १८ गतेको संघिय परिषदको बैठकद्वारा अनुमोदित।
९. टुरिन, एम एन्ड लामा, एम. २००३। "नेपालमा सबैका लागि शिक्षा कार्यक्रम" आदिवासी जनताका विकास योजना
(आईपीडीपी), विश्व बैंकका लागि तयार पारिएको प्रतिवेदन।
१०. सबैका लागि शिक्षा, कोर डकुमेण्ट, शिक्षा मन्त्रालयद्वारा तयार पारिएको, २००३।
११. चैतन्य सुब्बा, २००२ राष्ट्रिय विकासमा आदिवासी जनजाति : मूल सवालहरु, समस्या र अवसरहरु। डि.एफ.आइ.डि. र राष्ट्रिय योजना आयोगको लागी तयार पारिएको प्रतिवेदन।
१२. ऐजेन। मार्नारिटी राइट ग्रुप्स इन्टरनेशनल एन्ड। नेपाल तामाङ घेदुङ, २००२ को प्रतिवेदन, सेटिङ प्रायरोटिज् फर राइट अफ इन्डिजनस पिपल इन् नेपाल, काठमाडौं।।
१३. ऐजेन।
१४. ऐजेन।
१५. ऐजेन। 'न्यू इरा' ले ४० जिल्लाहरुमा गरेको सर्भेक्षणमा आधारित प्रतिवेदन।
१६. Gurung, H. 1998. Nepal: Social demography and expressions. Kathmandu.
१७. Pyakurel, S. 2003. Nature of Human Rights Violation in Nepal: Notes for further consideration. In Conflict, Human Rights and Peace Challenges before Nepal. (ed.) Bipin Adhikari. National Human Rights Commission (NHRC). Kathmandu
१८. Gurung, H. Nepal: Maoist Insurgency and Indigenous peoples. In Nepali Journal of Contemporary Studies 3 (2):1-18.
१९. Bhattachan, K.B. 1999. Nepal: Minority Rights in the Predatory Nepalese State. In Sumanta Banerjee (ed.), Shrinking space. Minority Rights in South Asia. South Asia Forum for Human Rights. Also see Minority Rights Group International and Nepal Tamang Ghedung 2002. Setting Priorities for the Rights of Indigenous Peoples in Nepal. Kathmandu

अनुसूची १

सन् २००३ र मानवअधिकार उल्लंघनका तथ्यहरु

उल्लेख गर्नैपर्ने केही कुरा

- यो वर्ष पुस्तकमा सन् २००३ भरिका अर्थात् ०५९ पुस १७ देखि ०६० पुस १६ गतेसम्मका घटनाहरु समावेश गरिएका छन्।
- हामीले पुष्टि गर्न नसकेको घटनामा सरकारी स्रोत उल्लेख गरिएको छ। तर तथ्यांकमा समावेश गरिएको छैन।
- संकलन गरिएका मध्ये विश्वसनीय घटना मात्रै वर्ष पुस्तकमा उल्लेख गरिएका छन्। केही घटनालाई विश्वसनीयताको अभावमा प्रकाशित गर्न सकिएन।
- मानवअधिकार उल्लंघनका घटनालाई प्रकाशमा ल्याउने, त्यस्ता घटनाको प्रकाशनद्वारा नागरिकलाई सचेत गराउने, मानवअधिकार चेतनाको विकासमा सहयोग पुऱ्याउने तथा मानवअधिकारको स्थितिलाई सकारात्मक दिशातिर उन्मुख गराउने उद्देश्य वर्ष पुस्तकले राखेको छ। पुस्तकमा उल्लेखित घटनाबाट कसैको निजी जीवन, मान-सम्मान र स्वाभिमानमा आघात पर्न गएको भए हामी क्षमाप्रार्थी छौं।
- वर्ष पुस्तकका निम्ति घटना संकलन गर्न पचहत्तरै जिल्लामा प्रतिनिधिको व्यवस्था गरिएको छ। तर विविध कारणले जिल्ला-जिल्लाका सबै गाउँ र ठाउँमा पुगेर घटना संकलन गर्न सम्भव नभएको हामी स्वीकार्दछौं। सार्वजनिक जानकारीमा नआएका केही घटना हाम्रा लागि अज्ञात नै रहेका पनि हुन सक्छन्। तर विभिन्न सम्भाव्य माध्यमद्वारा पुष्टि गरी हामीले सकेसम्मका घटनाको संकलन भने गरेका छौं।
- पत्रपत्रिका पनि वर्ष पुस्तकका सूचना स्रोत हुन्। तर पत्रपत्रिकामा प्रकाशित सूचनालाई सम्बन्धित पक्ष वा निकायमा सम्पर्क गरी पुष्टि भएपछि मात्र समावेश गरिएको छ।
- नेपालले अनुमोदन गरेका मानवअधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरु मध्ये मुख्य ६ वटा (ICCPR, ICESCR, CAT, CEDAW, CRC र CERD) का आधारमा शीर्षकहरु विभक्त गरी जिल्लागत रुपमा विवरण प्रस्तुत गरिएको छ। उल्लेखित महासन्धिहरुसँग सम्बन्धित बाहेकका मानवअधिकार उल्लंघनका घटनालाई विविध शीर्षकमा समावेश गरेका छौं।
- राज्य, माओवादी र अन्यबाट भएको हत्या, अपहरण, कुटपिट आदि घटनालाई छुट्टाछुट्टै प्रस्तुत गरेका छौं। बम, गोली, विद्युतीय धराप सम्बन्धी घटनालाई पनि त्यसैगरी प्रस्तुत गरिएको छ। सामन्यत: व्यक्तिगत तवरमा भएका घटनालाई विवरणमा नदिई तथ्यांकमा मात्र समावेश गरिएको छ।
- जिल्लाको तथ्यांकमा यो पुस्तक प्रकाशित भइसक्दासम्म धेरै फेरबदल भइसकेको हुन सक्छ। जिल्ला प्रतिनिधिद्वारा सम्बन्धित निकायबाट संकलित तथ्यांक नै पुस्तकमा प्रस्तुत गरिएको छ।
- गत वर्ष मानवअधिकार वर्ष पुस्तकमा समेटिएका घटनाको अनुगमनलाई "विगतको अनुगमन" शीर्षकमा समेट्ने प्रयास गरेका छौं। गत वर्षको वर्ष पुस्तकमा पुष्टि हुन नपाएर नसमेटिएका घटनाहरु पनि आवश्यक अध्ययनपछि त्यसै शीर्षक अन्तर्गत यस वर्ष समावेश गरिएका छन्।
- स्थानीय बोली, भाषा र लय आदि जस्ता कारणले गर्दा कतिपय व्यक्ति र ठाउँको नाममा केही फरक पर्न गएको हुनसक्छ। यस्तो भेटिएको खण्डमा जानकारी दिन हामी सबैमा हार्दिक अनुरोध गर्दछौं।

तथ्यांकका अन्य स्रोत

क. केन्द्रीय तथ्यांक विभागको वर्ष पुस्तक २०००
ख. स्थानीय सामाजिक संघ, संस्था र व्यक्तिहरु
ग. स्थानीय न्यायिक, अर्धन्यायिक, प्रशासनिक, सञ्चार र सुरक्षासम्बन्धी निकायहरु
घ. १९९२ देखि २००३ सम्मका मानवअधिकार वर्ष पुस्तक
ङ. District Demographic Profile of Nepal [illegible]
च. विविध

पूर्वाञ्चल

१.१ झापा
१.२ इलाम
१.३ पाँचथर
१.४ ताप्लेजुङ
१.५ मोरङ
१.६ सुनसरी
१.७ धनकुटा
१.८ तेह्रथुम
१.९ भोजपुर
१.१० संखुवासभा
१.११ सप्तरी
१.१२ सिराहा
१.१३ उदयपुर
१.१४ खोटाङ
१.१५ ओखलढुंगा
१.१६ सोलुखुम्बु

१.१ झापा



जनसंख्या : ७०१४०२
साक्षरता प्रतिशत : ७८.६
महिला साक्षरता प्रतिशत : ४५.४
क्षेत्रफल (वर्ग कि.मी.) : १६०६
गाविस/नपा संख्या : ४७/३
निर्वाचन क्षेत्र : ६
विद्यालय : ६४०
क्याम्पस/उच्च मावि : ७/३९
अस्पताल/स्वास्थ्य चौकी : ५/५६
टेलिफोन लाइन : १००००
मोटर सडक (कि.मी.) : ५८१
प्रहरी कार्यालय संख्या : ७
हुलाक संख्या : ७९
मानव विकास सूचकांक : ०.४२१
प्रति एक डाक्टर जनसंख्या : ३०१४५
प्रति परिवार सरदर संख्या : ५.०१

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

इलाम जिल्ला स्थित इलाका प्रहरी कार्यालय, पशुपतिनगरमा कार्यरत प्रहरी जवान जीतबहादुर कटुवाललाई तालिम लिन चारआलीस्थित बटुकदल गणमा रहेको समयमा ०६० जेठ २८ गते बिहान ३ बजे सैनिक जवान सिंहराज ठकुरीले गोली हानी हत्या गरे। सेनाको सांकेतिक भाषा नबुझेका कारण उक्त घटना भएको सेनाले बताए।

सतासीधाम गाविस-३ का १९ वर्षीय भोगेन्द्रराज लावतीलाई झिलझिले बजारमा ०६० असोज १७ गते दिउँसो ३ बजे सुरक्षाकर्मीले गोली हानी हत्या गरे। सुरक्षा जाँचमा रहेका सैनिक जवानलाई गोली हानेको सुरक्षाकर्मीले बताए पनि पीडित निर्दोष भएको प्रत्यक्षदर्शीले बताए।

मेचीनगर नपा-५ मागुरमाडीमा ०६० मंसिर ८ गते सुरक्षाकर्मीको गाडी एम्बुसमा परेपछि सुरक्षाकर्मीले गोली प्रहार गर्दा २ जना माओवादी कार्यकर्ताको मृत्यु भयो।

लखनपुर गाविस-१ स्थित रतुवापुल विष्फोट गर्न आएका २ जना माओवादी कार्यकर्तामध्ये १ जनाको ०६० पुस १० गते सुरक्षाकर्मीको गोली लागि मृत्यु भयो।

माओवादीबाट

गरामनी गाविसका राष्ट्रिय अनसन्धान विभागका इन्सपेक्टर ४३ वर्षीय खतियासिंह राजवंशीलाई ०६० भदौ ३१ गते चिया पसलमा बसिरहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे।

सुनसरी जिल्ला धरान नपा घर भई खुदुनाबारी शरणार्थी शिविरको सुरक्षार्थ खटिएका प्रहरी असई ध्यानबहादुर राईलाई ०६० असोज ४ गते आफ्नै निवासमा माओवादीले गोली हानी हत्या गरे।

बालुवाडी गाविसका निवर्तमान अध्यक्ष तथा नेकाँ महासमितिका सदस्य ४८ वर्षीय चन्द्रमणि भट्टराईलाई ०६० असोज ६ गते माओवादीले घरमै गोली हानी हत्या गरे।

बाहुनडाँगी गाविस-१ का सुनील गिरीलाई ०६० असोज ६ गते स्थानीय विद्यालयमा भलिबल खेल हेरिरहेको अवस्थामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितलाई के कारणले हत्या गरिएको हो, बताइएको छैन।

चारआलीस्थित बटुकदल गणमा कार्यरत गोलधाप गाविसका सैनिक जवान २१ वर्षीय वीरेन्द्र पोखरेललाई ०६० असोज २७ गते सतासीधाम गाविसको झिलझिले बजारमा सुरक्षा जाँचमा खटिएको अवस्थामा माओवादीले गोली हानी हत्या गरे।

इलाका प्रहरी कार्यालय, काँकरभिट्टाको गस्तीमा गएको गाडीलाई ०६० मंसिर ८ गते माओवादीले विद्युतीय धरापमा पार्दा प्रहरी असईहरु डम्बरबहादुर खड्का, दीपक अधिकारी र प्रहरी जवान जगत थापाको मृत्यु भयो। सोही घटनामा ५ जना सुरक्षाकर्मी घाइते भए।

गोलधाप गाविस-४ का २१ वर्षीय सुनिल थापामगरलाई प्रहरी भएको आशंकामा ०६० मंसिर १९ गते माओवादीले गोली हानी हत्या गरे। पीडित सर्वसाधारण थिए।

अन्य

धुलाबारीका व्यापारी दीपक अग्रवाललाई ०६० असार १३ गते अज्ञात समूहले अपहरण गरेकोमा असार २७ गते भारतको सिलिगुडीमा लास भेटियो।

घेराबारी गाविस-३ का ४० वर्षीय उपेन्द्र साह, उनकी पत्नी ३८ वर्षीय फूलवती साह, ११ वर्षीय छोरी नीलमकुमारी साह, ९ वर्षीय छोरा गणेश साह र १ वर्षीय छोरी उमाकुमारी साहको ०६० मंसिर १४ गते राति ढोका नखोलेको कारण घरमा डकैती गर्न आएका भारतीय डाँकाहरुको एक समूहले मट्टितेल छर्किई आगो लगाइदिँदा मृत्यु भयो।

एक जना महिलाको बलात्कारपछि हत्या भयो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

मेचीनगर नपा-१० काँकरभिट्टाकी १३ वर्षीय मेनुका पाठक इलाका प्रहरी कार्यालय काँकरभिट्टाका प्रहरी जवानले बोकेको बन्दुकबाट ०६० कार्तिक १८ गते अपरान्ह गोली लागि घाइते भइन्। पीडितको हाल उपचार भइरहेको छ भने राहत पाएकी छैनन्।

माओवादीबाट

इलाका प्रहरी कार्यालय, दमकमा कार्यरत प्रहरी हवल्दार शिव न्यौपाने र प्रहरी जवान दिलकुमार सुब्बालाई ०६० असोज १४ गते परीक्षामा गार्ड बसेर कार्यालयतर्फ आइरहेको समयमा माओवादीले गोली हानी घाइते बनाए।

तेलपानी सामुदायिक वन, बाहुनडाँगीका अध्यक्ष पासाङ तामाङ, सचिव छत्र पाखिन र सदस्य चन्द्रकुमार बोहरालाई ०६० कार्तिक १७ गते अपरान्ह माओवादीले गोली हानी घाइते बनाए।

नेपाल भारत सीमा काँकरभिट्टामा ड्युटीमा रहेका सैनिक जवान पूर्ण पण्डितलाई ०६० कार्तिक २९ गते माओवादीले गोली प्रहार गरी घाइते बनाए।

खुदुनाबारीका एमाले जिल्ला कमिटी सदस्य चेतनाथ सापकोटालाई ०६० कार्तिक २९ गते माओवादीले कुटपिट गरी घाइते बनाए। हाल पीडितको उपचार गराइएको छ।

जेल र बन्दीहरु

"ख" श्रेणीको झापा जेलमा कूल २ सय जनाको क्षमता भए पनि ३ सय जना बन्दीहरु रहेका छन्। जेल सुधार गृहका रुपमा नभएर यातना गृहका रुपमा रहेको बन्दीहरुले बताए।

यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका १ सय ५२ जना पुरुष र १६ जना महिला र कैद नतोकिएका १ सय १० जना पुरुष र २ जना महिला एवम् विदेशी ४२ जना गरी कूल २ सय ८२ जना रहेका छन्।

आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन अन्तर्गत २ जना महिला र १८ जना पुरुष रहेका छन्।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित							राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट						
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	१२	९	७	१६	७	१०	१०	४	५		५
घाइते	१	१		१	५	८	८	२	१	१	२
गिरफ्तारी/यातना								३	४		४
बेपत्ता								४	८	२	१०
कुटपिट								१	१		१
जातीय विभेद	१	३		३							
महिलाअधिकार	१७		२४	२४							
बालअधिकार	१४	४	११	१५							
अमानवीय व्यवहार	१	१		१							
अपहरण	१	१		१							
जम्मा	४७	१९	४२	६१	१२	१८	१८	१४	१९	३	२२

यस जेलमा टोपी, मुडा आदि सामानहरु बनाउने गरिएता पनि उचित बजार पाउन नसकेको बन्दीहरुको गुनासो रहेको छ। वर्षको मध्यमा बन्दीहरुले विभिन्न माग राखी अनशन पनि गरे।

बेपत्ता / अपहरण

राज्यबाट

झापा जिल्लाका माओवादी कार्यकर्ताहरु क्रान्तिकारी परिषद्का सदस्य चतुरमान राजवंशी, सुरेश पोखरेल, तारा रिजाल, मिश्री धिमाल, सम्झना अधिकारी र झुना सुवेदीलाई ०५९ पुस १७ गते भारतको सिलिगुढीस्थित तेन्जिङ नोर्गे बसपार्कबाट भारतीय सुरक्षाकर्मीले गिरफ्तार गरी नेपालका सुरक्षाकर्मीलाई बुझाएको समाचार प्रकाशमा आए तापनि हालसम्म पीडितहरुको अवस्था अज्ञात छ।

अनेरास्ववियु (क्रान्तिकारी) का केशव रिजाललाई ०६० साउन २ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

सुरक्षाकर्मीद्वारा हत्या गरिएका भोगेन्द्रराज लावती

धम्की / ज्यानमार्ने धम्की कुटपिट

राज्यबाट

मेचीनगर नपा-१० का दिनेश शर्मालाई ०६० भदौ २३ गते छिमेकीहरुको झगडाको जानकारी दिन गएको समयमा इलाका प्रहरी कार्यालय, काँकरभिट्टाका प्रहरीले कुटपिट गरे।

खुदुनाबारीका नेकपा (एमाले) का जिल्ला सदस्य ४५ वर्षीय चेतनाथ सापकोटालाई ०६० कार्तिक २९ गते खुदुनाबारी बजारमा माओवादीले कुटपिट गरी हातखुट्टा भाँचिदिए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

अनेरास्ववियु (क्रान्तिकारी) का वैकल्पिक केन्द्रीय सदस्य सार्दुलहाङ ओली र केशव बोहरालाई ०६० असार १६ गते सुरक्षाकर्मीले गिरफ्तार गरी मानसिक र शारीरिक यातना दिई २ दिनपछि रिहा गरे।

बालअधिकार

सुरुङ्गा गाविस-४ की ५ वर्षीय एक बालिकालाई ०५९ माघ २० गते सोही ठाउँका ३५ वर्षीय इन्द्रबहादुर गुरुङले सोही ठाउँका बलात्कार गर्ने प्रयास गरे। पीडकमाथि कारवाही चलाइयो।

माओवादीद्वारा कुटपिट गरी घाइते भएका चेतनाथ सापकोटा

मेचीनगर नपा धुलाबारीकी ९ वर्षीय एक बालिकालाई ०५९ माघ २१ गते सोही ठाउँका २८ वर्षीय अनिल श्रेष्ठले बलात्कार गरे। पीडकमाथि कारवाही चलाइयो।

पृथ्वीनगर गाविस-५ की ५ वर्षीय एक बालिकालाई ०५९ फागुन २२ गते उनकै काका रामबहादुर भट्टराईले बलात्कार गर्ने प्रयास गरे।

घैलाडुब्बा गाविस-१ की ७ वर्षीय एक बालिकालाई ०६० वैशाख २५ गते स्थानीय खोलाको छेउमा अज्ञात व्यक्तिले बलात्कार गरे।

घैलाडुब्बा गाविसकी ७ वर्षीय एक बालिकालाई ०६० जेठ १ गते सोही ठाउँका १८ वर्षीय खगेन्द्र भारतीले बलात्कार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरे।

दमक नपा-१६ की ७ वर्षीय एक बालिकालाई ०६० भदौ १५ गते सोही ठाउँका भट्टराई कूलवंशको मन्दिरमा पुजारी रहेका ७७ वर्षीय रत्नमणि भट्टराईले बलात्कार गरे। पीडक फरार भए।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव दूर्व्यवहार

सिन्धुपाल्चोक जिल्ला घर भएकी शुभलक्ष्मी तामाङ र सोममाया तामाङलाई बिक्री गर्ने उद्देश्यले भारततर्फ लाँदै गर्दा सिन्धुपाल्चोककै श्याम तामाङलाई ०५९ पुस २४ गते काँकरभिट्टा प्रहरीले गिरफ्तार गरे।

सतासीधाम गाविसका सीता श्रेष्ठ र गंगा मगरलाई ०५९ फागुन ३० गते इलाम जिल्ला आमचोक गाविस-६ का शुक्रराज राईले बिक्री गर्ने उद्देश्यले थुनिरहेको अवस्थामा उद्धार गरियो। पीडकलाई कारवाही भइरहेको छ।

सिरहा जिल्लाकी सन्तोषी बोहरालाई ०६० जेठ २६ गते सोही जिल्लाका रमेश कार्की, राकेश मुसलमान र सरस्वती दर्जीले भारतीय बेश्यालयमा बिक्री गर्न लग्दै गर्दा प्रहरीले उद्धार गरे।

चितवन जिल्ला जगतपुर गाविस-६ की १८ वर्षीय एक युवतीलाई राजेश नामको व्यक्तिले बिक्री गर्ने उद्देश्यले भारततर्फ लाँदै गर्दा ०६० असार

९ गते सीमा प्रहरीले पीडितलाई उद्धार गरे। पीडक फरार छन्।

सतासीधाम गाविस-१ की २० वर्षीय एक महिलालाई ०६० वैशाख ३० गते स्थानीय निमाविका शिक्षक ३० वर्षीय चक्रवहादुर खत्रीले राति ९ वजे झ्यालवाट तानी बलात्कार गर्ने प्रयास गरे। हाल पीडक फरार छन्।

बुधवारे गाविस-९ स्थित एक विद्यालयमा १६ वर्षीय युवतीलाई सोही ठाउँका धीरज खड्का, नरेन्द्र गौतम, विवेक गुरुङ, हिमाल मगर र मदन गुरुङले ०६० साउन १८ गते बलात्कार गरे।

शनिश्चरे बजारकी ३५ वर्षीय छत्रमाया कार्कीलाई ०६० वैशाख १५ गते आफ्नै पति फत्तवहादुर कार्कीले वञ्चरो प्रहार गरी हत्या गरे।

चन्द्रगढी गाविस-९ की रीता सतारलाई ०६० वैशाख ३१ गते आफ्नै पति आत्माराम सतारले धारिलो हतियार प्रहार गरी हत्या गरे। पीडक फरार छन्।

विर्तामोडकी प्रमिला मल्लिक (डुम) लाई वोक्सीको आरोप लगाउँदै अनारमनी गाविस-४ का भोगेन्द्र मल्लिकलगायत्का समूहले ०६० जेठ २६ गते जरिवाना २५ हजार रुपैयाँ तिर्न लगाए। पीडकहरुलाई कारवाही भएन।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार जातीय छुवाछूत समेत

दमक वजारस्थित शिव मन्दिरमा ०५९ फागुन १६ गते स्थानीय राजु शंकर र देवनारायण घतानीलाई तल्लो जात भनी माथिल्लो जातका भनिने व्यक्तिहरुले व्रतवन्ध गर्न दिएनन्।

विविध

संरचना क्षति

यस वर्ष यस जिल्लामा १७ वटा गाविस भवन, २ वटा नपा भवन र विभिन्न वडा कार्यालय भवनहरुमा माओवादीले विष्फोट गराई करिव २ करोड रुपैयाँ वरावरको भौतिक संरचनाको क्षति पुऱ्याए।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्वन्धित)

व्यक्तिगत कुटपिटका कारण ७ जना पुरुष र २२ जना महिला घाइते भए। ८ जना महिला र १० जना पुरुषले आत्महत्या गरे। चोरी, डकैती र लुटपाटका ९० वटा घटना सार्वजनिक भए। खोलाले वगाएर ल्याएको अवस्थामा ८ वटा लास फेला परे। सवारी दुर्घटनाका ४५ वटा घटना भए।

१.२ इलाम



जनसंख्या	: २८२८०६
साक्षरता प्रतिशत	: ६५.५
महिला साक्षरता प्रतिशत	: ३९
क्षेत्रफल (वर्ग कि.मी.)	: १७०३
गाविस/नपा संख्या	: ४८/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ४७२
क्याम्पस/उच्च मावि	: २/८
अस्पताल/स्वास्थ्य चौकी	: १/७
टेलिफोन लाइन	: १३७३
मोटर सडक (कि.मी.)	: ११३
प्रहरी कार्यालय संख्या	: ७
हुलाक संख्या	: ५२
मानव विकास सूचकांक	: ०.३८०
प्रति एक डाक्टर जनसंख्या	: ४७१३४
प्रति परिवार सरदर संख्या	: ५.१८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या गोली

राज्यबाट

फूयतप्पा गाविस-८ का जनमोर्चा नेपालका जिल्ला कमिटी कोषाध्यक्ष ३० वर्षीय हरिशचन्द्र गजमेरलाई ०५९ माघ १० गते सुरक्षाकर्मीले वाँझो र ईभाङ्ग गाविसको सीमानामा पर्ने रक्से वजारवाट करिव ६० मिटर टाढा लारम्वा जाने वाटो छेउमा गिरफ्तार गर्न खोज्दा सैनिकको घेरा तोड्न खोजेको भनी गोली हानी हत्या गरे। लासलाई नजिकैको जंगलमा खाल्डो खनी पुरे। सुरक्षास्रोतले यस घटनालाई दोलखा जिल्लामा माओवादी कार्यकर्ता भक्तवहादुर विश्वकर्मा मारिएको भनी सार्वजनिक जानकारी गराया।

इरौटार गाविस-९ का ५० वर्षीय हरिप्रसाद दाहाललाई भागेको आरोपमा ०६० असोज १ गते बेलुकी सादा पोशाकमा आएका सुरक्षाकर्मीले गोली हानी हत्या गरे। घटनापछि सुरक्षाकर्मीले “तेरो पति बाहिर गोली लागी ढलेको छ” भनी पत्नीलाई जानकारी गराउँदै फर्के। पीडितको लास परिवारका सदस्यहरुले भोलिपल्ट बिहान फेला पारेका थिए।

इमाङ्ग गाविस-२ का २२ वर्षीय डिल्लीप्रकाश न्यौपाने, १९ वर्षीय दिलबहादुर तामाङ र २४ वर्षीय नाम, ठेगाना नखुलेका विनोद भनिने माओवादी कार्यकर्तालाई ०६० असोज २ गते बिहान ९ बजे सुरक्षाकर्मीले गिरफ्तार गरी पाँचथरको कुरुम्बा गाविसको हिउँखोला प्राविमा दिउँसो २ बजेसम्म आफूसँगै राखी त्यहाँबाट ६ सय मिटर टाढा पर्ने साक्फारा गाविस-१ दह्रिगौडा पुऱ्याई गोली हानी हत्या गरे।

झापा जिल्ला बुधबारे होक्सेकी अनेमसंघ (क्रान्तिकारी) की केन्द्रीय सदस्य मुक्ति भनिने ३१ वर्षीय शशीकला आचार्यलाई ०६० असोज २३ गते दिउँसो पुवामझुवा गाविस-२ स्थित खहरे जंगलमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितको लास २ दिनपछि माओवादीले पुरे। सुरक्षाकर्मीले सो घटनालाई मुठभेड बताए।

बाँझो गाविस-७ का २१ वर्षीय रामकुमार राई र सोही गाविस-६ का २० वर्षीय सुमन राईलाई ०६० असोज २६ गते जीतपुरबाट घर फर्कने क्रममा मंगलबारे गाविस-१ स्थित बुधबारे बजारबाट घरतर्फ जान लागेको समयमा सादा पोशाकमा आएका ३०-४० जना सुरक्षाकर्मीले गोली प्रहार गर्दा रामकुमारको छातीमा र सुमनको दाँया-बाँया कोखामा १-१ र दाहिने पाखुरामा १ गोली लागेकोमा भोलिपल्ट वीपी मेमोरियल अस्पताल, धरानमा लगि उपचार गर्नेक्रममा सुमनको मृत्यु भयो भने रामकुमारको उपचार भइरहेको छ। सो घटना सुरक्षाकर्मीले माओवादीबाट भएको बताउँदै आएको छ भने माओवादीले पनि आफूले नभई निर्दोष व्यक्तिलाई सेनाले नै मारेको भनी एक विज्ञप्ति जारी गरेको छ।

पाँचथर जिल्ला थाङ्नामकी २१ वर्षीय कविता केरुङ्गाको ०६० असोज २७ गते सुरक्षाकर्मीहरुको समूहले माओवादीले सेनाहरुलाई सकेट बम प्रहार गरेपछि सेनाले कारवाही गर्दा जीतपुर गाविस-५ स्थित लेवाखोलामा गोली लागि मृत्यु भयो। २ महिना पहिले आइतबारेको चेकपोष्टबाट गिरफ्तार गरी पीडितलाई प्रयोग गरी सो ठाउँमा पुऱ्याई हत्या गरेको भन्ने माओवादीले सार्वजनिक जानकारी गराए। अघिल्लो दिन मंगलबारेमा भएको घटनामा सुरक्षाकर्मीसँग कविता केरुङ्गासमेत रहेका कारण सादा पोशाकमा आएका सेनाले इलामबाट लगी दिउँसो २ बजे हत्या गरे।

नयाँबजार गाविस-८ की २१ वर्षीय चन्द्रकला सुवेदी, शान्तिपुर गाविस-१ का २० वर्षीय गोमा राई (चाम्लिङ्ग) र लक्ष्मीपुर गाविस-६ का २० वर्षीया लिला आचार्यलाई माओवादीको आरोपमा ०६० असोज २८ गते दिउँसो सुरक्षाकर्मीले गिरफ्तार गरी पर नयाँबजार गाविस-१ स्थित खोल्सामा पुऱ्याई गोली हानी हत्या गरे। सो घटना सुरक्षास्रोतले माओवादीसँगको मुठभेडमा भएको जनायो।

सिद्धिथुम्का गाविस-४ का १९ वर्षीय अर्जुन जिम्बा तामाङ्ग र दानावारी गाविस-८ का एनबी भनिने २२ वर्षीय गोविन्द आचार्यलाई ०६० कार्तिक २ गते बिहान १० बजे सुरक्षाकर्मीले गिरफ्तार गरी महमाई गाविस-५ को कप्परसुक्का भन्ने ठाउँमा दिउँसो १ बजे गोली हानी हत्या गरे। घटनालाई सुरक्षास्रोतले मुठभेड बतायो।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित			
	अन्यबाट					माओवादीबाट पीडित						
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	४	२	२		४	४	५	५	१४	२१	५	२६
घाइते	१	१			१							
गिरफ्तारी/यातना									३	३	४	७
कुटपिट						१	२	२	३	४		४
धम्की						२	३	३				
निष्पक्ष जाँचपड्ताल र सुनुवाईको अधिकार									१		१	१
महिलाअधिकार	२		२		२							
बालअधिकार	३		२	१	३							
अपहरण						१	२	२				
जम्मा	१०	३	६	१	१०	८	११	११	२१	२८	१०	३८

सुरक्षाकर्मीद्वारा हत्या गरिएका सुमन राई

पाँचथर जिल्ला सिवा गाविस-३ का २५ वर्षीय टेकनाथ भट्टराई, चमैता गाविस-७ का २४ वर्षीय अविनाश राई र नाम, ठेगाना खुल्न नसकेका एक गरी तीन जनालाई इलाम नपाको पुवाखोला जलविद्युत आयोजनाको इन्टेकको नव निर्मित भवनमा विष्फोटन गराई भागेको समयमा ०६० कार्तिक २ गते दिउँसो २ बजे सुरक्षाकर्मीहरुले पिछा गरी शान्तिडाँडा गाविस-६ स्थित फुत्रे भन्ने ठाउँमा गोली हानी हत्या गरे।

मंगलबारे गाविस-१ स्थित हुलाक कार्यालयको छेउमा २० वर्षीय संगम भनिने माओवादी कार्यकर्तालाई ०६० कार्तिक ५ गते दिउँसो २ बजे सुरक्षाकर्मीले गोली हानी हत्या गरी घटनास्थलबाट १० मिटर तल खाल्डो खनेर पुरे। पीडितको साथमा भेटिएको फोटो र कागजातका आधारमा माओवादी भएको सुरक्षाकर्मीले जनाए।

साक्फारा गाविस-१ तोरीबारीका २५ वर्षीय मानबहादुर मगरलाई ०६० कार्तिक २० गते राति १० बजे घर बाहिर निस्कँदा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडित घरमा काम सघाउन बसेका सुस्त मनस्थिति भएका सर्वसाधारण व्यक्ति थिए। सो घटनामा ४५ वर्षीय मिना राई घाइते भएकोमा सुरक्षाकर्मीले उपचार गराएका थिए।

लक्ष्मीपुर गाविसकी २२ वर्षीय प्रेमकुमारी रसाइलीलाई ०६० कार्तिक २१ गते माइपोखरी गाविस-३ भित्तेमा सेनाले सर्चका क्रममा गोली हानी हत्या गरे। पीडितको लासलाई माओवादीहरुले पुरेका थिए। तीन जनाको संख्यामा आएका माओवादीमध्ये सेना देखेपछि भाग्न लाग्दा प्रेमकुमारीलाई गोली लागेको थियो भने अन्य २ जना भागेका थिए।

माओवादीबाट

चमैता गाविस-९ का प्रहरी ३० वर्षीय अम्बरकुमार राईलाई ०५९ माघ ९ गते १२ बजे आफ्नै घरमा सुतिरहेको अवस्थामा माओवादीले अपहरण गरी फाकफोक गाविस-५ मा पुऱ्याई धारिलो हतियारले घाँटी काटेर हत्या गरे। सात महिनाअघि जिप्रका, इलाममा सरुवा भई कार्यरत पीडित तीन दिन अगाडि विदा लिएर घर गएका थिए।

माइपोखरी गाविस-८ का पूर्व असई ५३ वर्षीय भीमबहादुर राईलाई चन्दा नदिएको आरोपमा ०६० असार ३२ गते बेलुका ८ बजेदेखि ११ बजेसम्म ६ जना माओवादीले कुटपिट गरी पीडितकै घरको खाँबामा बाँधेर गोली हानी हत्या गरे। पीडितसँग माओवादीले ०५९ चैतमा १ लाख रुपैयाँ चन्दा माग गरेका थिए।

शान्तिपुर गाविस-६ का राप्रपाका कार्यकर्ता ४० वर्षीय कर्णलकाई क्षेत्री (खड्का) लाई सुराकीको आरोपमा ०६० कार्तिक १७ गते दिउँसो ४ बजे आफ्नै घरबाट माओवादीले अपहरण गरी विलन्दे जंगलमा पुऱ्याई ०६० कार्तिक २० गते गोली हानी हत्या गरे।

नयाँबजार गाविस-८ का नेकाँका कार्यकर्ता ५७ वर्षीय पुण्यप्रसाद भण्डारी र सोही ठाउँका ५६ वर्षीय खेम घिमिरेलाई सुराकीको आरोपमा ०६० मंसिर ३ गते बेलुका ६ बजे आ-आफ्नै घरबाट माओवादीले अपहरण गरी करिब ६ सय मिटर टाढा पर्ने सोही गाविस-७ देउराली भञ्ज्याङमा लगेर गोली हानी हत्या गरे।

दोहोरो भिडन्त

नाम नखुलेका २५ वर्षीय तामाङ थर भएका माओवादी कार्यकर्ताको ०६० कार्तिक २७ गते दिउँसो ३ बजे मंगलबारे गाविस-५ साब्जुङमा माओवादी र सुरक्षाकर्मीबीच भएको दोहोरो गोली हानाहानमा मृत्यु भयो। भिडन्तका क्रममा सेनातर्फ ४ जनाको मृत्यु भएको र आफ्नोतर्फ क्षति नभएको माओवादीहरुले सार्वजनिक गरे।

सुरक्षाकर्मीद्वारा हत्या गरिएका डिल्लीप्रसाद न्यौपाने र दिलबहादुर तामाङ

जेल र बन्दीहरू

यस जिल्लामा रहेको "घ" श्रेणीको जेलको कूल क्षमता ५५ रहे पनि हाल ८२ जना बन्दी छन्। जसमा, ३१ पुरुष र ३ महिला समेत ३४ जना कैद नतोकिएका तथा ४१ पुरुष र ७ महिला समेत ४८ कैद तोकिएका बन्दीहरु छन्। जेलमा १ जना आश्रित बालिका छन्। ०४५ सालको भूकम्पबाट चर्किएको जेलको अगाडि भाग हालसम्म मर्मत गरिएको छैन। यस वर्ष सामान्य मर्मत तथा भौतिक सुविधा, खानेपानी, चर्पी व्यवस्थित गरिएको छ। चर्पीबाट जडान गरिएको ग्याँसद्वारा कैदीहरुले खाना पकाउने गर्दछन्। त्यसैगरी आय आर्जनका लागि टोपी बुन्ने, मुडा बुन्ने, सजावटका सामग्रीहरु बनाउने गरेका छन्।

बेपत्ता / अपहरण

माओवादीबाट

सिद्धिथुम्का गाविस-३ का ६५ वर्षीय पुष्पलाल कट्टेल र ६१ वर्षीय तीर्थराज खत्रीलाई चन्दा नदिएको तथा यौन दुराचारीसमेत भएको आरोपमा ०६० कार्तिक २७ गते दिउँसो आफ्नै घरबाट माओवादीले अपहरण गरी दानावारी गाविस-८ पाल्तारबाट मंसिर १ गते मुक्त गरे।

धम्की ज्यानमार्ने धम्की कुटपिट

राज्यबाट

चमैता गाविस-२ का ३१ वर्षीय खगेन्द्र ढकाललाई माओवादीलाई सहयोग गरेको र उनीहरुलाई फोन सुविधा प्रदान गरेको आरोपमा ०६० असोज ५ गते सुरक्षाकर्मीले कुटपिट गरी राँके बजारमा आफूसँगै घुमाए। पीडितले संचालन गर्दै आएको व्यवसायसमेत छाडे।

माओवादीबाट

फुयतप्पा गाविस-१ का नेकाँका कार्यकर्ता ५० वर्षीय टेकबहादुर पुरीलाई लागु पदार्थ सेवन गरेको आरोपमा र ४८ वर्षीय उदयनारायण गिरीलाई लागु पदार्थ बिक्री वितरण गरेको आरोपमा ०५९ पुस १७ गते माओवादीले घरबाट करिब ५० मिटर दूरीमा रहेको खमारमा लगी दुवै हात पछाडि बाँधेर बिहान ६ बजेदेखि ९ बजेसम्म भाटाले हिर्काएर कुटपिट गरे। पीडितहरुलाई उपचार गर्न समेत जान दिएनन्।

माओवादीद्वारा हत्या गरिएका भीमबहादुर राई

फाकफोक गाविस-८ कासाङ्गरम्वा माविका प्रधानाध्यापक

सुरक्षाकर्मीद्वारा हत्या गरिएका रामकुमार राई

३४ वर्षीय पदमसिंह बस्नेतलाई एसएलसीको परिणाम शून्य भएको, विद्यार्थीहरुबाट शुल्क लिएको, क्रान्तिकारीद्वारा प्रस्तुत १३ बुँदे मागलाई बेवास्ता गरेको र स्थानीय एक महिलासँग अनैतिक सम्बन्ध राखेको आरोपमा ०६० असार ३ गते माओवादीले कक्षा कोठामा पढाइरहेको अवस्थामा बाहिर बोलाई दुवै हात पछाडि बाँधेर मोसो दली चारपाटा कसेर अयोग्य शिक्षक घोषणा गरे। विद्यालयका करिब ७ सय विद्यार्थीहरुलाई बाहिर निकाली ताली बजाउन लगाए। पीडित घटनापछि विद्यालय छाडी इलाम सदरमुकाममा बसेका छन्।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

मंगलवारे गाविस-६ का अनेरास्ववियुका कार्यकर्ता २४ वर्षीय प्रदीपकुमार आचार्य र इलाम नपा-९ का २३ वर्षीय सन्तोष पराजुलीलाई ०६० वैशाख २८ गते पाँच दलद्वारा आयोजित जुलुसमा सुरक्षाकर्मीले लाठी र लात्ताले हिर्काए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका दुनियावादी देवानी १ सय ४२ वटा, सरकारीवादी फौज्दारी ३० वटा र दुनियावादी फौज्दारी ५७ वटा गरी जम्मा २ सय २९ वटा मुद्दा रहे। यस वर्ष दुनियावादी देवानी ९७ वटा, सरकारीवादी फौज्दारी ४१ वटा र दुनियावादी फौज्दारी ७५ वटा गरी २ सय १३ वटा दर्ता भए। त्यसमध्ये यस वर्ष दुनियावादी देवानी १ सय २ वटा, सरकारवादी फौज्दारी ३१ वटा र दुनियावादी फौज्दारी ६६ वटा गरी जम्मा १ सय ९९ वटा मुद्दा फर्स्यौट भए। ३ वटा दुनियावादी देवानी र ३ वटा दुनियावादी फौज्दारी गरी ६ वटा मुद्दा २ वर्ष नाघेर पनि फर्स्यौट हुन सकेको छैन।

माओवादीद्वारा अपहरण गरी हत्या गरिएका कर्णलकाई क्षेत्री (खड्का)

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

विस्थापित

यस वर्ष जिल्लामा ४५ परिवारका २ सय २५ जना जिल्ला सदरमुकाम र जिल्ला बाहिर विस्थापित भए। जिल्ला प्रशासन कार्यालयले दिएको विवरण अनुसार, ३१ परिवार विस्थापित भए पनि आफूलाई विस्थापित भन्न चाहँदैनन्। प्रशासन कार्यालयमा निवेदन नगरी जिल्ला सदरमुकाममा सपरिवार आएर बस्नेहरु थप १४ परिवार माओवादीबाट पीडित भएका कारण घर छाडेका छन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

श्रीअन्तु गाविस-१ का २२ वर्षीय खेमराज घिमिरे र शान्तिपुर गाविस-३ बरफल्याङ्गका २३ वर्षीय लालबहादुर भण्डारीलाई माओवादीको आरोपमा ०६० जेठ ४ गते माइपोखरी गाविसस्थित संस्कृत माविमा जिल्ला जनस्वास्थ्य र शाही नेपाली सेनाद्वारा संचालन गरिएको नि:शुल्क स्वास्थ्य शिविरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी इटहरी, धनकुटा र विराटनगर सरुवा गर्दै जेठ २० गते जिल्ला प्रहरी कार्यालयद्वारा मासिक तारेखमा रिहा गरियो।

साङ्गरुम्बा गाविस-३ घर भई इलाम नपा-३ मा डेरा गरी बस्ने २० वर्षीय चन्द्रमणि पाण्डेलाई जिल्ला शिक्षा कार्यालयमा ०६० भदौ २५ गते राति ९.३० बजे पेट्रोल बम विष्फोटन गराएको आरोपमा ०६० वैशाख ३० गते प्रहरीले गिरफ्तार गरे। क्रान्तिकारीसँग निकट रहेको भए पनि त्यस विष्फोटनमा संलग्न नभएको, क्रान्तिकारीद्वारा सो कार्य नगराएको र अनावश्यकरुपमा गिरफ्तारी र यातना पाएको गुनासो पीडितले गरे। पीडितलाई ०६० जेठ ७ गते तारिखमा रिहा गरियो।

दानावारी गाविस-९ की १९ वर्षीया मुना राई, सोही गाविस-२ की २० वर्षीय अम्बिका विश्वकर्मा, महमाई गाविस-१ की २२ वर्षीय रत्नमाया एक्तेन र झापा जिल्ला खुदुनाबारीकी २० वर्षीय टंकमाया श्रेष्ठलाई माओवादीको आरोपमा ०६० असोज २३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी सैनिक ब्यारेकमा राखे। पीडितहरुमध्ये मुना राईलाई तारिखमा रिहा गरियो।

बालअधिकार

झापा जिल्ला झिल्झिलेकी १५ वर्षीय एक बालिकालाई ०५९ चैत १५ गते फिक्कल गाविस-६ का ३२ वर्षीय लकिन प्रधानले फकाई आफ्नो घरमा ल्याएर राखेको अवस्थामा अनुसन्धानका लागि चैत १७ गते गिरफ्तार गरी प्रहरी कार्यालयमा राखे। पीडितलाई माइती नेपालले औषधी उपचार गरी अभिभावकको जिम्मा लगायो। पीडकलाई जबर्जस्ती करणीअन्तर्गत मुद्दा चलाई पुर्पक्षका लागि हाल थुनामा राखिएको छ।

जीतपुर गाविस-२ स्थित मामाघर बस्दै आएकी २२ वर्षीय दिलमाया राईले सोही गाविस-८ का दीपक सुब्बासँग अनैतिक सम्बन्ध राखी ०६० असार १३ गते जन्मिएको बच्चालाई हत्या गरी नजिकैको चर्पीमा फालिन्। दीपकले बच्चालाई मारेपछि मात्र बिहे गर्ने कुरा गरेको कारण आफूले सो कार्य गरेको दिलमायाले बताइन्। दीपक हाल फरार छन्। दिलमायालाई प्रहरीले गिरफ्तार गरी थुनामा राखे।



माओवादीद्वारा हत्या गरिएका प्रहरी जवान अम्बरकुमार राई

विविध

संरचना क्षति

यस वर्ष माओवादीहरुले ३२ वटा गाविस भवन, ३ वटा रेन्जपोष्ट, १ इलाका वन कार्यालय, ५ वटा अतिरिक्त हुलाक कार्यालय, १३ वटा प्रहरी चौकी, १ इलाका प्रहरी कार्यालय, ३ सेट टेलिफोनमा विष्फोटन र आगजनी गराई क्षतिग्रस्त बनाए। जिल्ला प्रशासन कार्यालयले गराएको प्राविधिक मूल्यांकन अनुसार जम्मा ८० लाख ४१ हजार २ सय २८ रुपैयाँ क्षति भएको जानकारी प्राप्त भयो। यसका अतिरिक्त विद्युतको आवास गृह, कोष तथा लेखा नियन्त्रण कार्यालयको भवन, २ वटा सहकारी भवन र १ वटा जिविसको डोजरमा क्षति पुग्यो। जसको मूल्यांकन सम्बन्धित कार्यालय तथा निकायले गरेका छैनन्।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

नागरिकलाई हतियार

श्री ५ को सरकारले ०६० मंसिर महिनादेखि नागरिकहरुलाई हतियार र तालिम प्रदान गर्ने क्रममा बाँफो लारुम्बा दसतामा केहरसिंह योङहाङ्को नेतृत्वमा र चुलाचुलीमा चेतनारायण ब्रान्तवाको नेतृत्वमा ग्रामीण सुरक्षावल गठन गरिएको छ। उनीहरुलाई हतियारसमेत प्रदान गरिएको र गाउँमा गस्ती, पक्राउ, सोधपुछ, आत्मसमर्पण गराउने जस्ता कार्यहरु गर्न लगाइएको छ। सो विषयमा जिल्ला प्रशासन कार्यालय इलाम तथा श्रीनाथ गुल्म आफूहरु अनभिज्ञ रहेको बताए। प्रजिअ प्रेमप्रसाद शर्मा हालसम्म नागरिकलाई हतियार नदिएको दावी गर्छन्। प्रत्यदर्शीका अनुसार, सो दस्तामा रहेका सवैसँग हतियार नभए पनि कोही-कोहीसँग २ वटासम्म पेस्तोल रहेको र उनीहरुसँग हुने हतियारमा खुकुरी, रोल, पेस्तोल, भरुवा बन्दुक आदि छन्। लारुम्बामा कति जनाको समूह छ भनेर यकिन गर्न सकिएको छैन तर चुलाचुलीमा ३० जनाको समूह छ।

विगतको अनुगमन

इरौटार गाविस-८ बहुवतमा १९ वर्षीय कक्षा ८ मा अध्ययनरत यामबहादुर गुरुङलाई माओवादीको आरोपमा ०५९ असोज २५ गते विहान घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी सय मिटर पश्चिममा पर्ने खोल्सामा लगेर गोली हानी हत्या गरी ५० मिटर घिसारेर स्थानीय प्राविको प्राङ्गणमा लास राखी सोधपुछका नाममा गाउँका युवा-युवतीलाई कुटपिट समेत गरे।

१.३ पाँचथर



जनसंख्या	: २०२६०७
साक्षरता प्रतिशत	: ५१.२४
महिला साक्षरता प्रतिशत	: ४४.०३
क्षेत्रफल (वर्ग कि.मी.)	: १२४१
गाविस/नपा संख्या	: ४१/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३७१
क्याम्पस/उच्च मावि	: १/१०
अस्पताल/स्वास्थ्य चौकी	: १/४१
टेलिफोन लाइन	: ४६७
मोटर सडक (कि.मी.)	: ९१
प्रहरी कार्यालय संख्या	: ३
हुलाक संख्या	: ४६
मानव विकास सूचकांक	: ०.३२८
प्रति एक डाक्टर जनसंख्या	: ४०४११
प्रति परिवार सरदर संख्या	: ५.४२

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

अमरपुर गाविस-२ का २३ वर्षीय देवी वाग्लेलाई माओवादीको आरोपमा ०५९ पुस २५ गते राति आँपडाँडामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

आङसराङ्ग गाविस-१ घिमिरेगाउँमा ०६० भदौ ९ गते साँझ ७ बजे ५ जना माओवादी कार्यकर्ताको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। भदौ ९ गते जयनारायण आदर्श मावि, मेहलबोटेमा नेपाल बन्दको भित्ता लेखन गर्दै रहेका २ जना माओवादी कार्यकर्ताको

सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। मृत्यु हुनेहरुमा आङसराङ्ग गाविस-५ का २५ वर्षीय अविन्द्र आङदेम्वे, सोही गाविस-८ का २२ वर्षीय केवी आङदेम्बे र सुभाङ्ग गाविस-४ का माओवादी कमिसार योगेश खनाल तथा अन्य नाम, ठेगाना नखुलेका थिए।

लिम्वा गाविस-७ स्थित रमिते दोसाध एकरातेमा ०६० असोज २ गते २ जना र लिम्बाको निवाखोलामा १ जना गरी नाम नखुलेका ३ जनाको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

स्यावरुम्वा गाविस-९ लुमुघाटमा पसलमा खाजा खाँदै गर्दा सुरक्षाकर्मीलाई देखेर भाग्न खोज्दा ०६० असोज ३ गते नाम नखुलेका ६ जना माओवादीको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

एकतिन गाविस-५ सुगा आहालेका ३२ वर्षीय राजेश आङबोलाई माओवादीको आरोपमा ०६० असोज ५ गते कुटीडाँडा गाविस-६ मा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

एकतिन गाविस-८ लसुनेका २२ वर्षीय प्रेम याम्सुहाङ्गलाई माओवादीको आरोपमा ०६० कार्तिक १८ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडित आमाको किरियाको लागि सिक्किमबाट घर आएका थिए।

रवी गाविस-६ का माओवादी एरिया सहायक कमाण्डर शिव भनिने २५ वर्षीय श्याम मगर र प्रभा भनिने २० वर्षीय संगिता ढुङ्गानालाई माओवादीको आरोपमा ०६० कार्तिक २० गते गर्धने भन्ने ठाउँमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

एकतिन गाविस-३ का २५ वर्षीय भिम्बा आङ्गथुपु र २२ वर्षीय दिलबहादुर तामाङ्गलाई माओवादीको आशंकामा ०६० कार्तिक २४ गते याङनाम गाविस-७, ८ र ९ को सिमाना औसु भञ्ज्याङ्गमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडित भिम्बाको चेली याङनाम सो ठाउँमा बिरामी भएकाले धामी झाँक्री लिन आएको अवस्थामा सो घटना भएको स्थानीय बासिन्दाले बताए।

रानीटार गाविस-२ का २० वर्षीय इन्द्रमाया तामाङ्गलाई माओवादीको आरोपमा ०६० मंसिर ४ गते रानीटार माविको प्राङ्गणमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। माओवादीलाई सेना आएको जानकारी गराउँदै भाग्नेक्रममा पीडितलाई नियन्त्रणमा लिई छानबिन गर्दा चन्दा उठाएको रसिद फेला परेपछि कारवाही गरिएको र अरु माओवादी भागेको सुरक्षाकर्मीले जनाए। छिमेकीले पीडित सुस्त मनस्थितिको भएको बताए।

थर्पू गाविस-६ का ज्ञानु भनिने २८ वर्षीय जीवन तावा र प्राङ्गबुङ्ग गाविस-४ का ४० वर्षीय हर्क आले नामका माओवादीलाई ०६० मंसिर १४ गते पञ्चमी गाविस-३ मा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

रानीटार गाविस-३ का सर्वसाधारण २२ वर्षीय पदमसुन्दर थुलुङ राई र मेजेङ गाविस-९ का २० वर्षीय सन्तोप गुरुङ्गलाई ०६० पुस १ गते दिउँसो तमाखे मुनी शिवरात्री भन्ने भञ्याङ्ग खोलामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। सुरक्षास्रोतले दोहोरो भिडन्त भएको जानकारी गरायो।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	५	३	२	५	४	८			८	११	२७	२	२९
घाइते	३	२	१	३	२	२२			२२	३	७	३	१०
वम विस्फोटन					१			१	१				
गिरतारी/यातना										४	११		११
वेपत्ता										१	२		२
कुटपिट	५	५	२	७	३	४			४	१	४		४
धम्की	१	१		१						२	२		२
जातीय विभेद					१	१	१		२				
महिलाअधिकार	१		१	१									
वालअधिकार	३		३	३									
आर्थिक सामाजिक सांस्कृतिक अधिकार	१	१		१									
अपहरण					८	१५	३		१८				
जम्मा	१९	१२	९	२१	१९	५१	४	१	५६	२२	५३	५	५८

माओवादीबाट

सिदिन गाविस-६ लोक्सेका १९ वर्षीय गजीन्द्र राईलाई गाउँका चेलीबेटीसँग यौन दुराचार गरेको आरोपमा ०५९ माघ १३ गते माओवादीले अपहरण गरेकोमा पीडितको लास १६ गते सक्रान्ति जंगलमा फेला पऱ्यो।

नागी गाविस-८ हिलीहाङ्ग चोकमा ०६० साउन २० गते दिउँसो माओवादीले राखेको विद्युतीय धरापमा परी ४ सुरक्षाकर्मी र एक सर्वसाधारणको घटनास्थलमा मृत्यु भयो भने २३ जना सख्त घाइते भए। मृत्यु हुनेहरुमा गाडी चालक भारपा गाविस-७ का २९ वर्षीय मोहन श्रेष्ठ, सैनिक जम्दार राजकुमार कार्की, प्यूठ भगमान लिम्बु र जवान अमृत तामाङ्ग, प्रहरी मोरङ बेलबारीका असई भक्तराज माझी थिए।

एकतिन गाविस-५ का २० वर्षीय धनवहादुर माबोलाई सुराकीको आरोपमा ०६० असोज ९ गते दिनको १२ बजे घरबाट अपरहण गरी माओवादीले चित्रे भन्ने ठाउँमा धारिलो हतियार प्रहार गरी हत्या गरे।

च्याङ्थापू गाविस-४ समरजुङ्गका नेकाँका कार्यकर्ता ५३ वर्षीय शुक्रराज राईलाई ०६० कार्तिक १४ गते माओवादीले अपहरण गरी धारिलो हतियार प्रहार गरी हत्या गरे। पीडितका छोरा जीवन राई, तारा राई, ध्रुव राई र आमालाई समेत अपहरण गरी ध्रुवबाहेक अन्यलाई मुक्त गरे।

अन्य

च्याङ्थापू गाविस-९ का २६ वर्षीय सन्तोष बुढाथोकी ०६० साउन २० गते साँझ ७ बजे सुरक्षा क्याम्पमा सेन्ट्री बसेको अवस्थामा अज्ञात व्यक्तिले हानेको गोली लागी घाइते भएकोमा उपचार हुँदाहुँदै मृत्यु भयो।

माओवादीको विद्युतीय धरापमा परी मृत्यु भएका ट्रक चालक मोहन श्रेष्ठ

पाँचथर जेलको पछाडिको भाग जीर्ण अवस्थामा

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

भारपा गाविस-१ जोरपोखरीमा ८० वर्षीय निमारोपा शेर्पा ०६० मंसिर २० गते बिहान घर छेउमा पिसाब फेर्न बाहिर निस्कदा सुरक्षाकर्मीले चलाएको गोली दायाँ तिघ्रामा लागि सख्त घाइते भए। पीडितको उपचार सुरक्षाकर्मीले नै गरे।

इलाम जिल्ला दानावारी गाविस-५ की ३८ वर्षीय गंगामाया मगर ०६० पुस ९ गते विहान ११ गते कालिध्वज गुल्ममा फिदिम गाविस-७ का सुस्त मनस्थितिका ३० वर्षीय जनार्दन ढुङ्गानालाई प्रहरीले नियन्त्रण लिएको अवस्थामा भाग्न खोज्दा "माओवादी भाग्यो" भनी सेन्ट्रीले चलाएको गोली लागेर सख्त घाइते भइन्। पीडितको उपचार पाँचथर अस्पतालमा गरियो।

जेल र बन्दीहरु

"घ" श्रेणीको पाँचथर जेलको बन्दी क्षमता २५ जनाको छ। हाल यस जेलमा ३७ जना बन्दी छन्। बन्दीमध्ये ५ नजरबन्दी छन्। जेलको चारैतिरको पर्खाल जीर्ण अवस्थामा छ। बन्दी धेरै भएकोले बस्नको लागि ठाउँको अभाव छ। चौकीदार रामप्रसाद नेउपानेका अनुसार, पहिला नयाँ आउने बन्दीलाई भुइँमा सुताउनु पर्थ्यो हाल सुकुलको व्यवस्थाले भुइँमा सुताउनु पर्दैन। जेलभित्र बसेर गरेको सीपमूलक सामानको बजार व्यवस्था नभएको बन्दीहरुले बताए।

वेपत्ता / अपहरण

राज्यबाट

ममेङ्ग गाविस-९ का अनेरास्ववियु

(क्रान्तिकारी) जिल्ला सचिव २५ वर्षीय चिरञ्जीवी लामिछाने र वैकल्पिक केन्द्रीय सदस्य आइन्द्रविक्रम बेघालाई ०६० भदौ १५ गते फिदिम गाविस-१ वजारवाट सुरक्षाकर्मीले गिरफ्तार गरेको जानकारी ०६० असोज १० गते प्रेस विज्ञप्तिमार्फत् जानकारी गर्‍यो। मानवअधिकारकर्मीहरुले बेपत्ता पारिएका व्यक्तिलाई सार्वजनिक गर्न आग्रह गर्दा आइन्द्रविक्रम रहेका र चिरञ्जीवीको जानकारी नआएको सुरक्षा निकायले जनायो।

माओवादीबाट

ओलने गाविस-३ का एमाले इलाका नं. ९ का सदस्य ३३ वर्षीय घनप्रसाद सावालाई माओवादीको आधार इलाकामा जानकारी नदिई बाटो मर्मत, संभार तथा निर्माण गरेको आरोपमा ०६० वैशाख २१ गते दिउँसो उनकै बारीबाट माओवादीले अपहरण गरे। पीडितलाई श्रम शिविरमा १५ दिन काम गर्ने शर्तमा एक हप्तापछि मुक्त गरियो।

लुम्फाबुङ्ग गाविस-४ का ४० वर्षीय हर्कमान राईलाई ०६० जेठ २५ गते राति ८.३० बजे फिदिम गाविस-१ साब्राङ्गमा बास बसेको ठाउँबाट "कमाण्डर भएको ठाउँमा जाऊँ" भनी माओवादीले अपहरण गरी भोलिपल्ट मुक्त गरे

आङ्गसराङ्ग गाविस-१ का २९ वर्षीय देउकुमार आङ्गदेम्वे, उनकी पत्नी, ७ वर्षीय छोरा र सोही गाविस-१ का ३२ वर्षीय जहरमान आङ्गदेम्वे, उनकी पत्नी, ७ वर्षीय छोरी र ८ वर्षीय छोरासमेत ७ जनालाई ०६० भदौ ३१ गते इलामको बाँझो गाविस-९ किराँत धर्मगुरुका आश्रमतर्फ जाँदा बाटोमा पर्ने पाँचथरको कुरुम्बाबाट माओवादीले अपहरण गरे। पीडितहरुलाई आत्मानन्दलाई धर्मगुरु नमान्ने, आइन्दा लारुम्बा नजाने शर्तमा भोलिपल्ट मुक्त गरे।

रवी गाविस-६ मुढेगाउँका १९ वर्षीय मचिन्द्र राई, १८ वर्षीय भूपेन्द्र राई र २२ वर्षीय जीवनप्रसाद राईलाई कृष्ण राईलाई कुटपिट गरेको आरोपमा ०६० असोज २ गते ४ बजे मुढेगाउँबाट माओवादीले अपहरण गरे। पीडितहरुमध्ये भूपेन्द्र र जीवन भागेर फर्किएता पनि परिवारको सम्पर्कमा आएका छैनन् भने मचिन्द्रको स्थिति अज्ञात छ।

थर्पू गाविस-३ का ५० वर्षीय लक्ष्मी कोइरालालाई ०६० असोज ७ गते साँझ अलैंची टिप्दै गरेको अवस्थामा माओवादीले अपहरण गरी ३ दिनसम्म ओयाम गाविसमा राखी २ महिनासम्म घरवाट बाहिर निस्कन नपाउने शर्तमा मुक्त गरे। पीडित ०६० कार्तिक २९ गते भागेर फिदिम आई बसेका छन्।

लुङ्गरुपा गाविस-४ का ४० वर्षीय विर्खबहादुर नेम्वाङ्ग, २३ वर्षीय धनेन्द्र नेम्वाङ्ग, २८ वर्षीय सेसेहाङ्ग नेम्वाङ्ग र ३५ वर्षीय वृजाहाङ्ग नेम्वाङ्गलाई ०६० असोज ३० गते बेलुका ४ बजे माओवादीले अपहरण गरे। पीडितहरुमध्ये वृजाहाङ्ग हालसम्म बेपत्ता छन्।

सुभाङ्ग गाविस-९ भालुखोपका ३४ वर्षीय धनकुमार भण्डारीलाई ०६० कार्तिक १४ गते विद्यालयको बैठक बसिरहेको अवस्थामा "एकछिन काम छ" भनी माओवादीले अपहरण गरे। पीडितलाई कार्तिक २३ गते मुक्त गरियो।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

प्राङ्गबुङ्ग गाविस-४ घर भई हाल फिदिम गाविस-१ मा वस्ने नेपाल पत्रकार महासंघ, जिल्ला शाखा सदस्य २१ वर्षीय लक्ष्मी गौतमलाई प्रतिगमनविरुद्ध पाँच दलको विरोध कार्यक्रमवारे रत्ति साप्ताहिकमा समाचार प्रकाशित गरेको आरोपमा ०६० साउन १३ गते प्रहरी

सुरक्षाकर्मीको गोली लागि घाइते भएकी निमारोपा शेर्पा र गंगामाया मगर

कार्यालयका डम्बर लिङ्लेकु र अइन्द्र योङयाले कुटपिट गरी धम्की दिए।

रानीगाउँ गाविस-८ का ३७ वर्षीय हेमराज राजवंशी, ३० वर्षीय महेन्द्र यादव, ३२ वर्षीय नारायण चम्लागाई र ३४ वर्षीय देवी सम्बाहाम्फेलाई माओवादीको आरोपमा ०६० मंसिर १७ गते साँझ ५ बजे सुरक्षाकर्मीले कुटपिट गरे।

फिदिम गाविस-१ का ३४ वर्षीय विपेन्द्र गौतमलाई फिदिम बजारमा भवानीशंकर भट्टराईको घर आगजनी भएको फोटो खिचेको आरोपमा ०६० पुस ५ गते ४.३० बजे सुरक्षाकर्मीले क्यामेराको रिल नष्ट गर्न लगाई धम्की दिए।

नागी गाविस-८ मा विद्युतीय धरापमा परी घाइते भएका भिमबहादुर तामाङ

माओवादीबाट

एकतिन गाविस-९ का ५७ वर्षीय धनप्रसाद खत्रीलाई सुराकीको आरोपमा ०५९ पुस १७ गते राति १० बजेदेखि बिहान ४ बजेसम्म छिमेकीको घरमा थुनेर माओवादीले घरका धनमाल लुट्नुका साथै कुटपिट गरे।

अमरपुर गाविस-४ भालुचोकका ६० वर्षीय रुद्र नेपाललाई ०५९ फागुन १४ गते माओवादीले कुटपिट गरे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

पाँच राजनीतिक पार्टीद्वारा संचालित तेस्रो चरणको जनआन्दोलन कार्यक्रमअन्तर्गत गाविस हाताभित्र ०६० जेठ १८ गते ३.३० बजे प्रतिगमनको पुत्ला जलाउने क्रममा फिदिम गाविस-४ गाविस भवन छेउमा प्रहरीले लाठिचार्ज गर्दा २८ वर्षीय प्रकाश तिम्सिना, २९ वर्षीय युवराज थापा, ३२ वर्षीय मोती ढुंगाना, ३९ वर्षीय सुरेश राई, १६ वर्षीय विक्रम नेपाली, ३६ वर्षीय खोकिला नेउपाने, २३ वर्षीय खड्ग नेम्वाङ र ३५ वर्षीय दिनेश लावती घाइते भए।



सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी बेपत्ता पारिएका चिरञ्जीवी लामिछाने

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा गत वर्षबाट जिम्मेवारी सरेर आएको दुनियावादी देवानी २ सय ७ वटामध्ये १ सय २१ वटा फर्स्यौट, दुनियावादी फौज्दारी १ सय ६६ वटामध्ये ८९ वटा फर्स्यौट र सरकारवादी फौज्दारी ३३ वटामध्ये १९ वटा फर्स्यौट भए। यस वर्षका दुनियावादी देवानी मुद्दा १ सय ८ वटामध्ये २१ वटा फर्स्यौट, दुनियावादी फौज्दारी मुद्दा १ सय १३ वटामध्ये २४ वटा फर्स्यौट र सरकारवादी फौज्दारी मुद्दा १८ वटामध्ये १ वटा फर्स्यौट भए। ०५६ देखि ०६० सम्मको ८७ वटा दुनियावादी देवानी मुद्दा फर्स्यौट हुन बाँकी रहे। ०५६ देखि ०६० सम्मको कूल ८९ वटा दुनियावादी फौज्दारी मुद्दा फर्स्यौट हुन बाँकी रहे। त्यसैगरी ०५७ देखि ०६० सम्मका कूल १७ वटा सरकारवादी फौज्दारी मुद्दा फर्स्यौट हुन बाँकी रहे।

यस वर्ष जिल्ला प्रशासन कार्यालयमा भवितव्य ज्यान मुद्दा संख्या ५, राज्यविरुद्ध अपराध ४, केही सार्वजनिक अपराध ७, डाँका, १ ज्यान मार्ने उद्योग ३, कर्तव्य ज्यान १०, सवारी ज्यान १, कुटपिट अंगभंग १, गौबध १, बहुविवाह २, जुवा १, हातहतियार खरखजाना १, विष्फोटन पदार्थ १, कर्तव्यबाट आगो लगाएको १, गर्भपतन १ र आत्महत्यामा महिला ८ र पुरुष ११ गरी १९ कूल गरी ५९ वटा मुद्दा दर्ता भए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

पाँच सय ३६ जनालाई दलित छात्रवृत्ति वितरण गरिएको जिल्ला शिक्षा कार्यालयले जनायो।

विस्थापित

नवमीडाँडा गाविस-६ का ४६ वर्षीय होमप्रसाद स्वाँरको कटेरामा ०६० भदौ १५ गते दिउँसो १२ बजे ५०-६० जनाको संख्यामा आएका माओवादीले आगो लगाई भागे। पीडितले क्षति भएको प्रहरीमा निवेदन दिए। पीडित ०५९ मंसिर १३ गतेदेखि सदरमुकाम फिदिममा विस्थापितको रुपमा बस्दैआएका छन्।

माओवादी पीडित संघ शाखाले दिएको तथ्यांक अनुसार, यस जिल्लामा ६७ परिवारका ३ सय ६८ जना माओवादीपीडित भए। जसमा

माओवादीद्वारा आगो लगाई ध्वस्त पारिएको राप्रपा नेता पद्मसुन्दर लावतीको घर

मावो थुनामा रहेका छन्।

भारपा गाविस-७ का ३३ वर्षीय उमेश तिम्सिनालाई माओवादीको आरोपमा ०६० कार्तिक ६ गते फिदिम गाविस-१ बजारबाट सुरक्षाकर्मीले गिरफ्तार गरी मंसिर १० गते नजरबन्दमा राखे। पीडितले युद्धविरामताका अनेरास्ववियु (क्रान्तिकारी) को कार्यक्रममा भाषण गरेका थिए।

महिला १ सय २४, पुरुष १ सय ५६, बालिका ४२ र बालिका ४६ छन्। ६७ मध्ये ४९ घर-परिवारहरु विस्थापित भई फिदिम, जिल्ला बाहिर र विदेशिएका छन् भने १६ घर-परिवार घर फर्किएका छन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

च्याङ्गथापु गाविस-७ का ५० वर्षीय दिलबहादुर वेघा, नागी गाविस-१ का १६ वर्षीय टेकबहादुर सिगू र थर्पू गाविस-७ का ४४ वर्षीय भीम मावोलाई माओवादीको आरोपमा ०६० असार १८ गते दिउँसो ४ बजे पाँचथरको सीमाना छेउ कालीखोला टिम्बुरेमा हिँडिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी च्याङथाफू सुरक्षापोष्टमा नजरबन्दमा राखे। पीडित दिलबहादुर र टेकबहादुर रिहा भएको प्रहरीले बताए। भीम

माओवादीद्वारा सुराकीको आरोपमा कुटपिट गरिएका धनप्रसाद खत्री

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दुर्व्यवहार

थर्पू गाविस-२ मेदीबुङ्गकी ५२ वर्षीय भजिन्द्रमाया सुवेदीलाई बोक्सीको आरोपमा ०५९ फागुन १५ गते सोही ठाउँका ३१ वर्षीय देवी सुवेदीले लगाई धम्की दिए। बोक्सीको विषयमा गाउँ-समाजबीच बसेर छलफल गरेपछि पीडकले क्षमा मागेर मिलापत्र गरे।

विविध

संरचना क्षति

यस जिल्लाका ४१ गाविसमध्ये ५ वटा गाविसमा माओवादीले तालाबन्दी र ३९ वटा गाविस भवनमा आगजनी गराए।

चोकमागु गाविस-८ का लिम्बुवान राष्ट्रिय मुक्ति मोर्चाका केन्द्रीय सदस्य विष्णु तुम्बापोको घरमा ०६० असोज ७ गते दिउँसो २ बजे सुरक्षाकर्मीले छाना उघारेर आगो लगाइदिए।



सुरक्षाकर्मीद्वारा बम विस्फोट गराई ध्वस्त पारिएको माओवादी कार्यकर्ता अमरसिंह थापाको घर

विगतको अनुगमन

मौवा गाविस-६ खैरेनीका ३४ वर्षीय रामबहादुर खड्कालाई माओवादीको आरोपमा ०५९ भदौ १६ गते गिरफ्तार गरिएका विभिन्न ठाउँमा यातना दिँदै प्रहरी र सैनिक हिरासतमा राखी ०५९ फागुन ६ गते कागज गराई रिहा गरियो।

१.४ ताप्लेजुङ



जनसंख्या	: १३९०३८
साक्षरता प्रतिशत	: ४६.९
महिला साक्षरता प्रतिशत	: ४२.३४
क्षेत्रफल (वर्ग कि.मी.)	: ३६४६
गाविस/नपा संख्या	: ५०/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: २४४
क्याम्पस/उच्च मावि	: १/५
अस्पताल/स्वास्थ्य चौकी	: १/५१
टेलिफोन लाइन	: ४४४
मोटर सडक (कि.मी.)	: २४
प्रहरी कार्यालय संख्या	: २
हुलाक संख्या	: ५१
मानव विकास सूचकांक	: ०.३२८
प्रति एक डाक्टर जनसंख्या	: ३३६७२
प्रति परिवार सरदर संख्या	: ५.४

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रुपले बाँच्ने अधिकार
हत्या / गोली
राज्यबाट

तापेथोक गाविस-८ का १७ वर्षीय आईतबहादुर लिम्बु र सोही ठाउँका कान्छोरे शेर्पालाई माओवादीको आशंकामा ०५९ माघ २ गते सुरक्षाकर्मीले घरमा बसिरहेको अवस्थामा गोली हानी हत्या गरे।

तापेथोक गाविस-७ का २५ वर्षीय कान्छोरे नेयोङलाई माओवादीको आशंकामा ०५९ माघ २ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

ईखाबु गाविस-६ का नेकाँका कार्यकर्ता ४३ वर्षीय चितबहादुर लिम्बुलाई माओवादीको आशंकामा ०६० साउन २५ गते घाँस काट्न जाँदै गर्दा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

खाम्लुङ गाविस-१ का १४ वर्षीय दुर्गा लिम्बूलाई ०६० साउन २५ गते राति खाम्लुङ गाविस-१ दोभान बजारमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीलाई देखेर भाग्न खोज्दा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। सुरक्षाकर्मीले घटनामा आफ्नो कमजोरी भएको महसुस गरी पीडितको परिवारलाई एक लाख रुपैयाँ नगद सहयोग गरे।

खोक्लिङ गाविस-४ का ३० वर्षीय हर्कबहादुर थापालाई ०६० साउन २५ गते राति गस्तीमा गएका सुरक्षाकर्मीले घर छेउमा गोली हानी हत्या गरे।

नांखोल्याङ गाविस-४ का माओवादी कार्यकर्ता २५ वर्षीय गोपाल अधिकारी र २२ वर्षीय टामन खतिवडालाई ०६० भदौ १ गते दोखु गाविस-४ को बहानन्दे भन्ने ठाउँमा सुरक्षाकर्मीले गिरफ्तार गरी गोली हानी हत्या गरे।

साँगु गाविस-८ का २५ वर्षीय लाक्पा शेर्पालाई माओवादीको आशंकामा ०६० भदौ ५ गते सुरक्षाकर्मीले गोठमा भेटी कुरा गर्न खाज्दा भागेको आरोपमा गोली हानी हत्या गरे।

हाम्पाङ गाविस-४ को मिचिरिङ भन्ने ठाउँमा माओवादी कार्यकर्ता अशोक भनिने ३० वर्षीय गणेश गुरुङलाई ०६० भदौ १८ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

लिंखिम गाविस-८ का माओवादी कार्यकर्ता ३३ वर्षीय आनन्द पौडेललाई ०६० कार्तिक १० गते गस्तीमा गएका सुरक्षाकर्मीले घर छेउमै गोली हानी हत्या गरे।

पापुङ गाविस-५ का माओवादी कार्यकर्ता २५ वर्षीय विना आन्छाबोलाई ०६० मंसिर १३ गते माओवादी टोलीसँग हिँडिरहेको अवस्थामा सुरक्षाकर्मीसँग भेट भएपछि भाग्दै गर्दा सुरक्षाकर्मीले प्रहार गरेको गोली लागी मृत्यु भयो।

यम्फुदिन गाविस-३ का निवर्तमान गाविस अध्यक्ष ४५ वर्षीय दावा भाटीया शेर्पालाई माओवादीलाई खाना खान र बस्न दिएको आरोपमा ०६० मंसिर १५ गते सुरक्षाकर्मीले घरमै गोली हानी हत्या गरे।

साँबा गाविस-८ का २८ वर्षीय पेम्बा शेर्पालाई ०६० पुस ५ गते गस्तीमा गएको सुरक्षाकर्मीले दिउँसो जंगलमा भेटी समातेर ल्याउँदै गर्दा भाग्न खोजेको आरोपमा कारवाहीमा मृत्यु भएको सुरक्षास्रोतले जनायो।

लिंतेप गाविस-६ का ३० वर्षीय श्रीप्रसाद लवांलाई माओवादीको आशंकामा ०६० पुस ८ गते सुरक्षाकर्मीले घर छेउमा कुटपिट गरेपश्चात् गोली हानी हत्या गरे।

लिंतेप गाविस-६ का २७ वर्षीय मानबहादुर लवांलाई माओवादीको आशंकामा ०६० साल पुस ८ गते

सुरक्षाकर्मीले घर छेउमा कुटपिट गरेपश्चात् गोली हानी हत्या गरे।

माओवादीबाट

फुङ्गलिङ्ग गाविस-२ का सरस्वती माविका शिक्षक ३८ वर्षीय नारदप्रसाद निरौलालाई सुराकी गरेको, विद्यालयमा भ्रष्टाचार गरेको जस्ता आरोपमा ०५९ पुस १९ गते माओवादीले विद्यालयबाट अपहरण गरी डुम्रिसे गाविस-१ को बाटोमा पुऱ्याई गोली र ढुङ्गाले हानी हत्या गरे।

खेजेनिम गाविस-३ का ३० वर्षीय टेकबहादुर आन्छांबोलाई सुराकीको आरोपमा ०५९ पुस २७ गते माओवादीले अपहरण गरी जंगलमा लगेर रुखमा बाँधी हत्या गरी तीन महिनापछि मात्र परिवारलाई हत्या गरेको जानकारी दिए। पीडितको लास परिवारलाई दिइएन।

थेचम्बु गाविस-६ का ३० वर्षीय किरण सुब्बालाई ०६० भदौ २८ गते गाउँमा गुण्डागर्दी गरेको आरोपमा घरबाट माओवादीले अपहरण गरी केही पर लगेर गोली हानी हत्या गरे।

थिंलाबु गाविस-४ का ५८ वर्षीय प्रभाङ्ग केंदेमलाई ०६० कार्तिक २३ गते घरमै आएको एक अपरिचित समूहले गोली हानी हत्या गरे। माओवादीले हत्या गरेको आशंका गरिए तापनि सम्वन्धित पक्षले स्वीकारेको छैन।

दोहोरो भिडन्त

ताप्लेजुङ्ग र तेह्रथुमको सीमाना खाम्लालुङ्ग भन्ने ठाउँमा सुरक्षाकर्मी र माओवादीवीच ०६० साउन २९ गते बिहान भएको दोहोरो भिडन्तमा नाम नखुलेका तीन जना माओवादी कार्यकर्ताको मृत्यु भएको सुरक्षाकर्मीले जनाए।

फुङ्गलिङ्ग गाविस-६ सुकेटार छेउमा ०६० असोज ५ गते दिउँसो गस्तीमा गएका सुरक्षाकर्मी र माओवादी छापामारबीच दोहोरो भिडन्त हुँदा नाम नखुलेका एकजना माओवादी कार्यकर्ताको मृत्यु भयो।

पाँचथर जिल्ला नागी गाविस-८ का माओवादी कार्यकर्ता १८ वर्षीय अमर सुनुवार मुखियाको ०६० कार्तिक १३ गते सुरक्षाकर्मी र माओवादीवीच दोहोरो भिडन्त हुँदा हाङखोप इलाकामा मृत्यु भयो। पीडितको मृत्यु भएको मंसिर १६ गते मात्र परिवारले थाहा पाए।

हांदेवा गाविस-६ पर्ने चिहानडाँडा भन्ने ठाउँमा माओवादी र गस्तीमा गएका सुरक्षाकर्मीवीच ०६० मंसिर १७ गते दोहोरो भिडन्त हुँदा नाम नखुलेका एकजना माओवादी कार्यकर्ताको मृत्यु भयो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

खाम्लुङ्ग गाविस-१ दोभानमा बजारमा वसेका बेला २५ वर्षीय विदुर तामाङ्ग र १५ वर्षीय दुर्गा नेपाली ०६० साउन २५ गते राति सुरक्षाकर्मीले चलाएको गोली लागी सख्त घाइते भए। पीडितहरुलाई उपचारार्थ काठमाडौं पुऱ्याइयो।

फुङ्गलिङ्ग गाविस-६ सुकेटार छेउको देउराली भन्ने ठाउँमा ०६० असोज ५ गते दिउँसो गस्तीमा गएका सुरक्षाकर्मी र माओवादीवीच दोहोरो भिडन्त हुँदा एक माओवादी कार्यकर्ता गम्भीर घाइते भए।

जेल र बन्दीहरु

ताप्लेजुङ्ग जेलको वन्दी क्षमता २५ जनाको भए पनि ५२ जनासम्म वन्दीहरु राखिएको छ। माओवादीको नाममा थुनामा परेका वन्दीहरुमा टेकराज भट्टराईबाहेक अन्यलाई माओवादी-सरकार वार्ता भइरहेको वेला रिहा गरियो। हाल यस जेलमा रहेका २६ जना वन्दीहरुमध्ये ३ जना कैद नतोकिएका छन्। यस जेलमा महिला बन्दी छैनन्।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	३	३		३	४	४		४	२०	२०	२		२२
घाइते									३	२	१		३
गिरफ्तारी/यातना									९	९			९
कुटपिट	३	१२		१२	२	२		२					
धम्की	२	२		२	३	२	१	३					
महिलाअधिकार	३		३	३									
वालअधिकार	१		१	१					१	१	१		२
आर्थिक सामाजिक सांस्कृतिक अधिकार									१			१	१
अपहरण	१		१	१	७	३२		३२					
जम्मा	१३	१७	५	२२	१६	४०	१	४१	३४	३२	४	१	३७

वेपत्ता / अपहरण

माओवादीबाट

हाम्पाङ्ग गाविस-४ का कर्णवीर विश्वकर्मालगायत् २० जनालाई पदम विश्वकर्माको हत्यामा संलग्न रहेको आरोप लगाई ०६० वैशाख १ गते माओवादीले अपहरण गरी २ दिनपछि मुक्त गरे।

निगुरादिन गाविस-१ का ३३ वर्षीय जीवन पोमु, ३७ वर्षीय छविलाल खवासलगायत् ६ जनालाई एक हत्याको घटनामा संलग्न भएको आरोपमा ०६० वैशाख १३ गते माओवादीले अपहरण गरी १५ दिनपछि मुक्त गरे।

दोखु गाविस-३ का २५ वर्षीय भुपाल सुनुवारलाई ०६० असार ८ गते पाँचथर र ताप्लेजुङ्गको सिमाना कावेलीबाट माओवादीले अपहरण गरे। आफूलाई मार्ने कुरा हुन थालेपछि ३ दिन भुपाल पछाडि सेन्ट्रीमा बसेको माओवादी कार्यकर्तालाई काटेर भागे।

दोखु गाविस-३ का विशाल सुनुवारलाई ०६० असार १३ गते पाँचथर जिल्लाको नागी भन्ने ठाउँबाट माओवादीले अपहरण गरे। पीडितको स्थिति अज्ञात छ।

चाक्सीबोटे माविका प्रधानाध्यापक ३८ वर्षीय लालवहादुर सुब्बालाई विद्यालयमा अनियमितता र दोस्रो विवाह गरेको आरोपमा ०६० असोज २५ गते विद्यालयबाटै माओवादीले अपहरण गरी सात दिनपछि तेल्लोक माविमा पुऱ्याई मुक्त गरे।

पंदाङ्ग गाविस-४ का ४९ वर्षीय पूर्णप्रकाश परालाई ०६० कार्तिक १० गते माओवादीले घरवाट अपहरण गरी खोर्सानीको झोल सुईको माध्यमबाट शरीरमा लगाई गम्भीर यातना दिएपछि हत्या गर्न काट्न खोज्दा भागेर सदरमुकाम आई बसेका छन्।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

फुरुम्बु गाविस-८ का ५१ वर्षीय बिर्खबहादुर लिम्बुलाई ०६० मंसिर १० गते बेलुका माओवादीले घर घेरा हाली हत्या गर्न प्रयास गर्दा भागी बच्न सफल भए।

अन्य

तिरिङ्गे गाविसमा आएका किराँत वर्कर्स् पार्टीका १५ जना कार्यकर्ताले सोही ठाउँका युवाहरु तेजप्रसाद तिवारी, सर्वजीत पौडेल, देवीप्रसाद तिवारीलगायत् १० जनालाई ०६० वैशाख १४ गते कुटपिट गर्नुका साथै ३ दिनभित्रमा १० हजार रुपैयाँका दरले चन्दा ठिक नगरे मार्ने धम्की दिए। पछि माओवादीले पीडितहरुलाई अपहरण गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका समेत ५२ वटा देवानी मध्ये २४ वटा फर्स्यौट भए। फौज्दारीतर्फ ३१ वटा मुद्दा परेकोमा ९ वटा फर्स्यौट भयो। सरकारवादी १७ वटा मुद्दा परेकोमा ४ वटा फर्स्यौट भयो। यसरी कूल ६३ वटा मुद्दा फर्स्यौट हुन बाँकी रहे। तीन वर्षदेखि फर्स्यौट हुन बाँकी रहेका १५, दुई वर्षदेखि फर्स्यौट हुन बाँकी रहेका १२ र एक वर्षदेखि फर्स्यौट हुन बाँकी रहेका ३५ वटा मुद्दा रहेका छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

विस्थापित

माओवादी "जनयुद्ध" शुरु भएयता विभिन्न गाउँबाट ७ सय भन्दा बढी मानिस आफ्नो घरबार त्यागी ज्यान बचाउन सदरमुकाम र देशका विभिन्न ठाउँमा गई बस्न वाध्य भएका छन्। उनीहरुको घरमा ताला लागेको छ। उत्पादन भएको वस्तु कसले लिन्छ भन्ने सम्बन्धमा आफूहरुलाई थाहा नभएको विस्थापित व्यक्तिहरु बताउँछन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

यस वर्ष माओवादीको आरोप र अन्य विभिन्न मुद्दामा ६० जनालाई सुरक्षाकर्मीद्वारा गिरफ्तार गरियो। तीमध्ये धेरैलाई गम्भीर यातना दिएको पीडितहरुले वताए। गिरफ्तारीमा परेकामध्ये धेरैलाई आवश्यक छानबिनपछि रिहा गरियो। खाक्लिङ्ग गाविस-१ का डिल्लीराम खड्का र लेलेप गाविस-२ का मोहन लिम्बुलाई माओवादीको आरोपमा ०६० जेठ १२ गते दोभानबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुलाई जेल चलान गरियो।

फुङ्गलिङ्ग गाविस-४ का ३२ वर्षीय सजन पौडेललाई माओवादीसँग मिलेको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरी ३० दिनपछि रिहा गरे।

नाङ्खोल्याङ्ग गाविस-६ का ४७ वर्षीय अनन्त खतिवडालाई माओवादीको आशंकामा ०६० भदौ २ गते सुरक्षाकर्मीले गिरफ्तार गरि १३ दिनसम्म हिरासतमा राखि रिहा गरे।

बालअधिकार

देशमा "जनयुद्ध" शुरु भएयता यस जिल्लामा ७० जनाभन्दा बढी बालबालिका टुहुरा भएका छन् भने उनीहरुको खाने, लाउने र पढाईको समस्या छ। विभिन्न होटलमा कामदार र बालमजदुरको संख्या तथा बजारमा सडक बालबालिकाको संख्या दिन-प्रतिदिन बढिरहेको छ।

वातावरण संरक्षण तथा विकास मञ्चले गरेको एक सर्वेक्षणमा २० जनाभन्दा वढी वालवालिका वेसहारा अवस्थामा भेटिएको थिए।

महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

फुङ्गलिङ्ग गाविस-४ की १६ वर्षीय एक युवतीलाई ०६० जेठ १५ गते सुनसरी जिल्ला ईटहरी घर भएका एक युवकले विवाह गर्छु भनेर ललाई-फकाई इलामसम्म लिएर आएको ४ दिनपछि ती युवक वेपत्ता भएपछि प्रहरीको सहयोगमा पीडित पुन: आफ्नो घर फर्कन सफल भइन्।

चांगे गाविस-१ की ३५ वर्षीय अपांग महिलालाई ०६० साउन १० गते वेलुका घरमै आएका कुमार तामाङ्गले कुटपिट गरेर घरवाट वाहिर खेंदी वलात्कार गरे। पीडकलाई प्रशासनबाट कुनै कारवाही भएको छैन। माओवादीले उनलाई मरणासन्न हुनेगरी कुटपिट गरे।

फुङ्गलिङ्ग गाविस-२ का एक महिलाको कोठामा ०६० साउन २२ गते राति बलात्कार गर्न प्रयास गर्ने चाक्सीवाटे उपस्वास्थ्य चौकीका अहेव इन्द्र थेवेको पीडित महिला र परिवारले प्रतिकार गर्दा वायाँ आखा फुट्यो।

थेचम्वु गाविस-४ की १७ वर्षीय विमला परियारलाई सोही ठाउँका रामप्रसाद भट्टगईले पटक-पटक यौन सम्पर्क गरी विमला गर्भवती वनेपछि गर्भपतन गराउन केही खर्च दिएर पाँचथर पठाउदा गर्भपतन नहुने कुरा डाक्टरले जानकारी दिए । त्यसपछि चैत १ गते राति रामप्रसाद घरमै आई लिएर गए। १५ दिनपछि उनी घर आए भने विमलाको अवस्था अहिलेसम्म अज्ञात छ। उनको खोजी कहींवाट पनि भएको छैन।

विविध

संरचना क्षति

वर्ष माओवादीले जिल्ला वन कार्यालय र जिल्ला हुलाकमा वम विस्फोट गराई पूर्णरुपले ध्वस्त पारे भने जिल्ला कृषि विकास कार्यालयको ४ कोठा, ताप्लेजुङ्ग र फुलबारीबीचमा रहेको खाक्लिङ्ग र फुङ्गलिङ्ग वजार जोड्ने थुम्वा खडकुंडे पुल पूर्णरुपले ध्वस्त पारे। परिणामस्वरुप स्थानीय वासिन्दा दैनिक ३ घण्टा वढी वाटो हिंड्न वाध्य भएका छन्।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्वन्धित)

यस जिल्लाका विभिन्न भागमा गएको पहिरोमा परी ९ जनाको मृत्यु भयो भने २० भन्दा वढी परिवार घरवारविहीन भए। एक जनाले खोलामा हाम्फाली, एकजनाले भुण्डिएर र एकजनाले विष सेवन गरेर आत्महत्या गरे।

फुङ्गलिङ्ग गाविस-१ का २५ वर्षीय कान्छा कामीको भरुवा वन्दुक चलाउँदै गर्दा पड्किएर ०६० साउन २८ गते मृत्यु भयो।

१.५ मोरङ



जनसंख्या	: ८४३२२०
साक्षरता प्रतिशत	: ५६.७
महिला साक्षरता प्रतिशत	: ४६
क्षेत्रफल (वर्ग कि.मी.)	: १८५५
गाविस/नपा संख्या	: ६५/१
निर्वाचन क्षेत्र	: ७
विद्यालय	: ३१५७
क्याम्पस/उच्च मावि	: १४/२१
अस्पताल/स्वास्थ्य चौकी	: ५/६६
टेलिफोन लाइन	: १७२२८
मोटर सडक (कि.मी.)	: ९७६
प्रहरी कार्यालय संख्या	: ९
हुलाक संख्या	: ७०
मानव विकास सूचकांक	: ०.४२१
प्रति एक डाक्टर जनसंख्या	: १४०५४
प्रति परिवार सरदर संख्या	: ५.०२

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

रमितेखोला गाविसका माओवादी कार्यकर्ता विकास राईलाई ०६० असोज ५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी छाती र टाउकोमा गोली हानी हत्या गरे। पीडितको

दाहसंस्कार स्थानीय बासिन्दाले गरे।

जाँते गाविस लालभोडामा बैठक बसिरहेको अवस्थामा नाम र ठेगाना खुल्न नसकेका ५ जना माओवादीलाई ०६० असोज ५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी "सर्च अभियान" को नाममा गोली हानी हत्या गरे। लासको फोटो खिच्न र हेर्न पनि नदिई घटनास्थलबाट तत्काल कोशी अञ्चल अस्पताल लगियो। पीडितहरुको लास सोही ठाउँमा सुरक्षाकर्मीले नै गाडिदिए।

विराटनगर उमनपा-५ स्थित दावावन्दीमा ०६० असोज १० गते सुरक्षाकर्मीले दोहोरो भिडन्तको नाममा ५ जना अज्ञात व्यक्तिहरुलाई गोली हानी हत्या गरे। स्थानीय बासिन्दाका अनुसार, बिहान ४ बजे नहरको किनारमा पीडितहरुलाई प्लाष्टिकको डोरीले बाँधेर भुँइमा सुताई छाती र टाउकोमा गोली हानिएको थियो। प्रहरीले लास सिंगिया खोलामा एउटै चिता बनाएर जलाए।

लेटाङ गाविस-९ स्थित गुहावारीमा २ जना व्यक्तिलाई माओवादीको आरोपमा ०६० असोज २७ गते दिउँसो सुरक्षाकर्मीले "सर्च अभियान" का नाममा गोली हानी हत्या गरे। पीडितद्वयको लास सनाखत र पोष्टमार्टम नगरी सुरक्षाकर्मीले आफै खाल्डो खनी गाडे।

लेटाङ गाविस-५ का माओवादी जिल्ला जनमरकार सदस्य डम्वर चेम्जोङ र टाँडी गाविस-३ का नाम नखुलेका एक माओवादीलाई ०६० मंसिर ६ गते सुरक्षाकर्मीले "सर्च अभियान" का नाममा गिरफ्तार गरी जाँते र राँडी सीमा साम्लिङ भन्ने ठाउँमा गोली हानी हत्या गरे। पीडितको दाहसंस्कार परिवारले गरे।

टाँडी गाविस-५ का कालिका माविमा कार्यरत शिक्षक बलमान बराइली (वि.क.) लाई माओवादीको आरोपमा ०६० मंसिर १८ गते बिहान ९.३० बजे स्कूल जाँदै गर्दा बाटोमा सुरक्षाकर्मीले गिरफ्तार गरी देवकोटा प्रावि छेउ घुम्के भन्ने ठाउँमा टाउको, छाती र पाखुरामा गरी ४ गोली हानी हत्या गरे। पीडितको लास परिवारलाई बुझाएपछि गाउँलेले दाहसंस्कार गरे।

माओवादीबाट

राजघाट गाविस-२ का नेपाल तरुण दल, राजघाटका अध्यक्ष ३६ वर्षीय चोलानाथ ढकाललाई ०५९ चैत १७ गते ११ बजे राति ६/७ जनाको नकाबधारी समूहले ढोका फोडेर गोली हानी हत्या गरे। माओवादीले हत्या गरेको सुरक्षाकर्मीको अनुमान छ।

बाहुनी गाविस-२ का ४५ वर्षीय शिवना खवासलाई ०५९ पुस २८ गते साँझ ५ बजे सोही ठाउँको एक चिया पसलमा चिया पिइरहेको अवस्थामा अज्ञात समूहले "काम छ" भनी आधा किलो मिटरमा रहेको पुलमा लगी गोली हत्या गरे। पीडकहरु माओवादी भएको आशंका गरिएको छ।

इन्द्रपुर गाविस-१ का प्रहरी असई लालवहादुर तामाङलाई ०६० भदौ १६ गते इलाका प्रहरी कार्यालय,

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१५	८	७	१५	१३	१३		१३	१३	३१		३	३४
घाइते	२	२		२	६	११	१	१२	४	१३			१३
हिरासत वा थुनामा मृत्यु									१	१			१
गिरफ्तारी/यातना									२९	४५	२		४७
बेपत्ता									१०	१२			१२
कुटपिट	१	१		१	५	६		६	५	७			७
धम्की					२	३	१	४	१		१		१
भेला/संगठित हुने अधिकार	१	५		५									
महिलाअधिकार	१२		१५	१५									
बालअधिकार	५	१	५	६									
अमानवीय व्यवहार	२	३	१	४	४	७		७					
अपहरण	३	२	१	३	६	७		७					
जम्मा	४१	२२	२९	५१	३६	४७	२	४९	८३	१०९	३	३	११५

सिजुवाबाट दक्षिण झर्कियातर्फ मोटरसाइकलमा गइरहेको अवस्थामा आपनगाछी भन्ने ठाउँमा माओवादीले गोली प्रहार गरी हत्या गरे।

भोजपुर जिल्ला घर भई जिल्ला प्रहरी कार्यालय, सर्लाहीको सञ्चार शाखामा कार्यरत असई केशव नामाङलाई ०६० भदौ २६ गते राति मोरङको पथरीस्थित डेरावाट माओवादीले राति अपहरण गरे। पीडितको लास भोलिपल्ट सडकमा फ्याँकिएको अवस्थामा फेला पर्‍यो।

सोरभाग गाविस-३ का नेकाँका कार्यकर्ता नवाव राजवंशीलाई नेपाल बन्दको दिन पसल खोलेको आरोपमा ०६० असोज ४ गते साँझ ५ बजे कर्सिया बजारमा पसलमा बसेको बेला माओवादीले गोली हानी हत्या गरे।

झापा जिल्ला पृथ्वीनगर घर भई इलाका प्रहरी कार्यालय, बेलबारीमा कार्यरत प्रहरी जवान लिलामणि दाहाललाई ०६० असोज ५ गते दिउँसो सोही ठाउँको एक चिया पसलमा माओवादीले टाउको र छातीमा तीन गोली हानी हत्या गरे। पीडितको लास परिवारलाई बुझाइयो।

बाहुनी गाविस-६ का नेकाँका जिल्ला सल्लाहकार भुपनारायण गच्छेदारलाई ०६० असोज ७ गते होक्लावारीस्थित सहकारी संस्थाको बैठकबाट माओवादीले अपहरण गरी भोलिपल्ट हत्या गरे। पीडितको लास हातखुट्टा बाँधेर स्थानीय चिसाङ खोलामा फालिदिए।

खोटाङ जिल्ला हलेसीका प्रहरी जवान मन्नबहादुर राईलाई ०६० असोज ८ गते दिउँसो ३ बजे पुनरावेदन अदालत, विराटनगरको प्रवेशद्वारमा सुरक्षार्थ खटाएको अवस्थामा माओवादीले छाती र टाउकोमा गोली हानी हत्या गरे। पीडितको लास परिवारलाई बुझाइयो।

इटहरा गाविस-३ का नेकाँका कार्यकर्ता हरि बैठालाई सुराकीको आरोपमा ०६० असोज १४ गते बिहान सोही ठाउँको पसलमा चिया पिइरहेको अवस्थामा माओवादीले अपहरण गरी केही पर लगी बिजुलीको खम्बामा बाँधेर कन्चटमा गोली हानी हत्या गरे।

राजघाट गाविस-४ दुर्गापुर माविका कक्षा ९ मा अध्ययनरत छात्र बलभद्र खड्कालाई नक्कली माओवादी बनी चन्दा संकलन गरेको आरोपमा ०६० कार्तिक २४ गते माओवादीले अपहरण गरी कार्तिक २८ गते गोली हानी हत्या गरे। पीडितको दाहसंस्कार परिवारले गरे। पीडितबाट १० वटा गोली र ६ वटा ड्रेस कब्जामा लिएको माओवादीले सार्वजनिक गरे।

दोहोरो भिडन्त

बेलबारी गाविसस्थित इलाका प्रहरी कार्यालयमा ०६० भदौ १५ गते राति ११.५५ बजे माओवादीले आक्रमण गरेपछि भएको दोहोरो भिडन्तमा ५ जना नाम नखुलेका माओवादीको मृत्यु भयो भने प्रहरी सई जंगबहादुर लिम्बु, हवल्दार भीम राई, प्रहरी जवान कुमार भुजेल, विन्देश्वर मण्डल, निरज श्रेष्ठ र भवानीशंकर सिवाकोटी घाइते भए।

विराटनगर उमनपाको प्रवेशद्वार टंकिसिनवारी र घिनाघाट गाविस सीमा पुष्पलाल चोकमा ०६० कार्तिक ७ गते माओवादी र सुरक्षाकर्मीबीच भिडन्त हुँदा गोली लागि १ जनाको घटनास्थलमै मृत्यु भयो भने अर्को १ जना घाइते अवस्थामा मृत्यु भयो। पीडितहरुको लास प्रहरीले पोष्टमार्टम गरी आफै दाहसंस्कार गरे।

गोली बम विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

उर्लावारी गाविस-५ का मनकुमार नेपालीलाई ०६० मंसिर ५ गते राति सुरक्षाकर्मीको "सर्च अभियान" का क्रममा गोली हानी घाइते बनाए। पीडितको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचार गरियो। उपचारको सबै खर्च पीडितले नै व्यहोरेका थिए।

माओवादीबाट

केरौन गाविसका नेकपा (माले) सम्बद्ध युवा संघका जिल्ला अध्यक्ष शेरबहादुर परियार (नेपाली) लाई ०६० भदौ ३० गते माओवादीले घरबाट "केही बुझ्नु छ" भनी नजिकको चिसाङ खोलामा लगी पाखुरा र काँधमा गोली हानी घाइते बनाए। पीडितको कोशी अञ्चल अस्पताल, विराटनगरमा उपचार भयो।

झापा जिल्ला दमक नपा-१० घर भई पथरी बजारमा आएका पूर्व प्रहरी हवल्दार डिल्ली श्रेष्ठलाई ०६० असोज ११ गते दिउँसो माओवादीले गोली हानी घाइते बनाए।

वयरवन गाविस-४ का दलबहादुर गुरुङलाई सुराकीको आरोपमा ०६० असोज १४ गते माओवादीले कालो मकुण्डो लगाएर घरभित्र प्रवेश गरी गोली हानी घाइते बनाए। पीडितको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार गरियो।

जेल र बन्दीहरू

यस जिल्लाको जेलमा २ सय ५० जना बन्दी क्षमता भएकोमा ३ सय ९२ जना बन्दी र एउटी आश्रित बालिका छन्। तीमध्ये थुनुवातर्फ २ सय १ पुरुष र ४ जना महिला छन् भने कैदी तोकिएका तर्फ १ सय ७१ पुरुष र १६ जना महिला रहेका छन्। बन्दीहरु मध्ये माओवादीको आरोपमा नजरबन्दमा रहेका ३६ जना थुनुवा र ७ जना कैद तोकिएका रहेका छन्।

सुरक्षाकर्मीद्वारा हत्या गरेका बलमान बराइली

पुरुष बन्दीगृह अत्यन्तै जीर्ण छ। श्री ५ को सरकारले छुट्याएको औषधी बजेटले वर्ष दिन पनि धान्न नसकिने स्वास्थ्यकर्मी अनिरुद्र मेहता बताउँछन्। जेलमा ७ जना मानसिक रोगी र ६ जना क्षयरोगी रहेकोमा क्षयरोगीलाई क्षयरोग निवारण संस्था, विराटनगरले र मानसिक रोगीलाई यातना पीडित सरोकार केन्द्र (सिभिक्ट), विराटनगरले उपचार गर्दैआएका छन्।

यस जिल्लाको जेलमा सुनसरीका बन्दीहरु पनि राखिएका छन्। कैद भोगिरहेका सुनसरी पकलीका दुईवटा खुट्टा नभएका अपाङ्ग मुस्तकिङ मियाँ लागु औषध ओसार-पसारको अभियोगमा ६ वर्षदेखि जेलमा रहेका छन्। यातायातको साधन नहुँदा मुद्दाबारे सुनुवाई गर्न बन्दीलाई सुनसरी लान अप्ठेरो परेको सई सन्तोष सुब्बाले बताए।

आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐनअन्तर्गत राखिएका बन्दीसँग उनीहरुका नातेदारलाई पनि भनेको बेलामा समेत भेट्न नदिने गरेको बन्दीहरु बताउँछन्। सिराहा अनर्मा गाविस-५ का लक्ष्मण महतो, चित्रनन्दन महतो, यदुनन्दन महतो, जिभ्रौल गाविस-२ का रामअवतार महतो, अनर्मा गाविस-४ का सोवित गडेरी (राजदेव), पोर्ताहा गाविस-४ का दुलियन्द यादव र झापा धरमपुर गाविस-९ का धर्मप्रसाद बुढाथोकीलगायत्का व्यक्तिहरु ०५९ कार्तिक १७ गतेदेखि आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐनअन्तर्गत यस जेलमा छन्। धर्मप्रसादलाई ०६० जेठ ८ गते थुनिएको हो भने अन्यलाई भारतबाट सुपुर्दगी गरिएको हो।

जेलमा ३६ जनालाई माओवादीको आरोपमा नजरबन्दमा राखिएको छ भने ७ जनालाई आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐनअन्तर्गत मुद्दामा राखिएको छ। नजरबन्दमा राखिएका बन्दीहरुलाई वा मुद्दा चलेका बन्दीहरुलाई कानुन व्यवसायीसँग भेट गर्न दिइँदैन।

हिरासतमा मृत्यु

दर्वेशा गाविस-२ का ७२ वर्षीय सोममाया तामाङलाई ०५९ चैत १ गते अपरान्ह खेतमा अज्ञात समूहले धारिलो हतियार प्रहार गरी हत्या गरे। हत्याको आरोपमा गिरफ्तार गरिएका सोही ठाउँका २६ वर्षीय मोहन यादवको लास ०५९ चैत ९ गते रंगेलीस्थित इलाका प्रहरी कार्यालयको हिरासतमा झुण्डिएको अवस्थामा फेला पर्‍यो।

बेपत्ता / अपहरण

राज्यबाट

अमरदह गाविस-३ का व्यापारी नरेन्द्र खड्कालाई ०६० भदौ २० गते पथरीस्थित डेराबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा पीडितको अवस्था अज्ञात छ।

इन्द्रपुर गाविस-४ का हरि दंगाललाई माओवादीको आरोपमा ०६० असोज ८ गते सोही ठाउँको चिया पसलबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

शनिश्चरे गाविस-९ का सिंहबाहिनी माविमा कार्यरत अस्थायी शिक्षक तथा माओवादी निकट अखिल नेपाल बुद्धिजीवी परिषद्का अञ्चलस्तरीय कार्यकर्ता दाताराम तिम्सिनालाई ०६० असोज १० गते विराटनगरस्थित पुष्पलाल चोकबाट सादा पोशाकका सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

इटहरा गाविस-६ का अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ता रमेश भनिने तिलक केसीलाई ०६० असोज १० गते बिहान ९ बजे विराटनगर उमनपा-४ स्थित जनता उच्च मावि छेउबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

महेन्द्र मोरङ बहुमुखी क्याम्पसका अनेरास्ववियु क्याम्पस इकाई सदस्य कुमार भट्टराईलाई ०६० असोज १२ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। हाल पीडितको अवस्था अज्ञात छ।

कटहरी गाविसस्थित सीएम जुटमिलमा कार्यरत मजदुरहरु कपिलदेव यादव, परमानन्द यादव र परमेश्वर सर्वरियालाई ०६० असोज १५ गते सुरक्षाकर्मीले

सुरक्षाकर्मीको गोलीद्वारा बेलबारी प्रहरी कार्यालयमा मारिएका माओवादी कार्यकर्ता

पाँच राजनीतिक पार्टीको आयोजनामा जिल्ला विकास समितिको कार्यालय अगाडि धर्ना दिइँदै

कारखानाबाट गिरफ्तार गरे। पीडितहरुको बारेमा हालसम्म जानकारी प्राप्त भएको छैन।

हात्तिमुढा गाविसका अमननारायण चौधरीलाई ०६० असोज २७ गते सुरक्षाकर्मीले घरवाट गिरफ्तार गरे। पीडितको हालको अवस्था सार्वजनिक गरिएको छैन।

खोटाङ जिल्ला खार्पा गाविस-८ का केशव पोखेललाई ०६० मंसिर ११ गते विराटनगरस्थित विमानस्थल छेउको डेरामा बसेको वेला सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितको हालको अवस्था सार्वजनिक गरिएको छैन।

पथरी गाविस-१ वजारमा व्यापार गर्दै आएका अर्जुन श्रेष्ठलाई ०६० मंसिर १८ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितको हालको अवस्था अज्ञात छ।

रामगञ्ज वेलगछिया गाविस घर भई महेन्द्र मोरङ क्याम्पसमा अध्ययनरत अनेरास्ववियु (एकीकृत) इकाइका सचिव वालकुमार मुदेल (सार्की) लाई विराटनगरवाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितको हालको अवस्था सार्वजनिक गरिएको छैन।

इन्द्रपुर गाविस-६ का हरि दङ्गाललाई ०६० असोज ८ गते, उर्लावारी गाविस-२ का कुवेर आपागाईंलाई ०६० असोज २९ गते, शनिश्चरे गाविसका दाताराम तिमिल्सेनालाई ०६० असोज १० गते, गोविन्दपुर गाविस-१ का प्रकाश दंगाललाई ०६० असोज २९ गते, गोविन्दपुर गाविस-१ का टंक लामालाई ०६० कार्तिक २ गते, राजघाट गाविस-६ का रञ्जित तामाङलाई ०५९ फागुन १९ गते, जाँते गाविस-९ का अनिल राईलाई ०६० कार्तिक २० गते र पथरी गाविस-१ का अर्जुन श्रेष्ठलाई ०६० मंसिर १८ गते सुरक्षाकर्मीले गिरफ्तार गरी वेपत्ता पारे।

माओवादीबाट

जाँते गाविस-९ का कुमार कुरुङ्वाङलाई ०५९ पुस २५ गते माओवादीले आफ्नो खुल्ला सभावाट अपहरण गरी पुस २८ गते मुक्त गरे। अपहरणको कारण खुल्न सकेन।

मधुमल्ला गाविस-९ का जोतेन्द्र श्रेष्ठलाई ०६० वैशाख २५ गते राति १२ बजे सुतेको अवस्थामा ३०-४० जना माओवादीले ओछ्यानबाटै अपहरण गरे। हाल पीडितको अवस्था अज्ञात छ।

दादरबैरिया गाविस-३ का देवानन्द साहलाई स्थानीय बलदेव कामतलाई खाली जग्गावाट हटाउन प्रहरीमा उजुरी गरेको आरोपमा ०६० जेठ ७ गते माओवादीले कन्चटमा पेस्तोल तेर्स्याएर घरैबाट अपहरण गरे। पीडित जेठ ९ गते बाहुनी गाविसको सत्तरी विघे भन्ने ठाउँबाट भागेर मुक्त भए।

विराटनगर उमनपा-६ का शैलेश कार्कीलाई ०६० असार २२ गते माओवादी वनी चन्दा संकलन गरेको आरोपमा माओवादीले विराटनगरस्थित मंगलदेवी विशाल बजारवाट अपहरण गरी डाँगीहाट गाविस-६ का धुव महतको घरमा लगेका थिए। प्रहरी कार्यालय, वेलवारीले सोही दिन पीडितलाई मुक्त गरायो

वेलवारी गाविस-३ स्थित राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, वेलवारीमा कार्यरत सुरक्षा गार्ड पदमवहादुर तामाङ र पियन मवी दाहाललाई ०६० भदौ १५ गते राति बैंकको रकम लुट्ने उद्देश्यले माओवादी वन्दुक लुटी अपहरण गरी नजिकको जंगलमा लगी रातभर राखेर विहान मुक्त गरे।

वाहुनी गाविस-९ का गोपाल कार्कीलाई ०६० असोज ३० गते राति घरैवाट माओवादीले अपहरण गरी भोलिपल्ट मुक्त गरे। अपहरणको कारण खुल्न सकेन।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

विराटनगर उमनपा-१४ स्थित दर्शन दैनिकका पत्रकार धर्मराज ढकाल र कम्प्युटर अपरेटर कृष्ण बस्नेतलाई ०५९ चैत २९ गते सो पत्रिकाको कार्यालयमा प्रवेश गरी प्रहरीले लाठी प्रहार गरे।

महादेवा गाविस-३ का कमलप्रसाद राजवंशीलाई सामान्य वादविवादका कारण ०६० साउन १४ गते सोही गाविसको छालगाछीस्थित प्रहरी चौकीका प्रमुख असई लक्ष्मी गुरुङ, प्रहरी जवानहरु उपेन्द्र यादव र दुर्गा लामाले सोही ठाउँमा कुटपिट गरी दाहिने पाखुरा भाँचिदिए।

भातिगह गाविस-४ का गाडी चालक पञ्जु लामालाई ०६० भदौ १२ गते सवारी सञ्चालनसम्बन्धी विवादमा वडा प्रहरी कार्यालय, हाटखोलाका असई शिवकुमार रेग्मीको नेतृत्वमा प्रहरीले एक रात सोही कार्यालयमा थुनामा राखी लाठी र वुट प्रहार गरे।

पीडितको उपचार कोशी अञ्चल अस्पतालमा गरियो।

माओवादीबाट

सिजुवा गाविसस्थित साना किसान सहकारी संस्थाका अधिकृत रुद्रप्रसाद उप्रेती र कृषि विकास बैंक, रंगेलीका शाखा प्रबन्धक पाण्डव चौधरीलाई ०६० वैशाख ६ गते माओवादीले संस्था नचलाउन र चलाएमा नराम्रो परिणाम भोग्नुपर्ने धम्की दिए।

उर्लाबारी गाविस-४ का कृष्ण कार्कीलाई माओवादी जस्तो दाह्री पालेको आरोपमा ०६० वैशाख ९ गते माओवादीले कुटपिट गरी शरीर र टाउकोमा गम्भीर चोट पुऱ्याए। पीडितको उपचार वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो।

अन्यबाट

विराटनगरस्थित स्नातकोत्तर क्याम्पसका प्रमुख डा. शम्भु कोइरालालाई पत्रपत्रिकामा विद्यार्थी संगठन विरोधी अभिव्यक्ति दिएको आरोपमा ०६० वैशाख ५ गते बिहान ७ बजेदेखि दिउँसो २.३० बजेसम्म अनेरास्ववियु प्राकका सचिव डिल्ली पोखेल र सहसचिव धर्मराज ढकाल, नेविसंघ क्याम्पस इकाई सभापति ज्ञानवहादुर खड्का, स्ववियु सचिव शंकर भट्टराईले कार्यकक्षमा ताला लगाई थुनिदिए। संगठनका पदाधिकारी र क्याम्पस प्रमुखवीच सहमति भएपछि ताला खोलिएको थियो।

अभिव्यक्ति भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

महेन्द्र मोरङ आदर्श वहुमुखी क्याम्पस विराटनगरका स्ववियु सभापति सागरकुमार थापा, सचिव राम नरेश यादव, अनेरास्ववियु प्रारम्भिक कमिटीका सचिव राजेन्द्र कार्की, सदस्य दीपेन्द्र ढुंगाना र नेविसंघ क्याम्पस इकाइ सभापति केदार कार्कीलाई ०५९ फागुन १४ गते हुने स्ववियुको चुनाव गराउनु पर्ने माग राख्दै जुलुस प्रदर्शन गरेको आरोपमा प्रहरीले गिरफ्तार गरी सोही दिन रिहा गरियो।

शान्तिपूर्ण रुपमा विरोध कार्यक्रम संचालन गरिरहेका सात विद्यार्थी संगठनको आयोजनामा पेट्रोलियम पदार्थको मूल्य वृद्धिको विरोधमा ०५९ चैत १६ गते धरानमा निलेको जुलुसमा सुरक्षाकर्मीले हस्तक्षेप गरी लाठिचार्ज गरी १४ राउण्ड हवाई फायर गरे।

महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पसका स्ववियु सभापति सागरकुमार थापा, सोही क्याम्पसका नेविसंघ इकाई सभापति केदार कार्की र अनेरास्ववियु (एकीकृत) का जिल्ला अध्यक्ष भोगेन्द्र यादवलाई ०५९ चैत २९ गते पेट्रोलियन पदार्थको मूल्यबृद्धि गरेको विरोधमा स्थानीय शहीद रंगशालातर्फ प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दलाई कालो झण्डा देखाउन जाँदा प्रहरीले जुलुसमाथि लाठिचार्ज गरी घाइते तुल्याए।

विराटनगरबाट प्रकाशित दर्शन दैनिकका सम्वाददाता धर्मराज ढकाल र प्राविधिक कृष्ण बस्नेतलाई ०५९ चैत २९ गते विराटनगर उमनपा-१४ स्थित पत्रिकाको कार्यालयमा प्रवेश गरी प्रहरीले अन्धाधुन्ध लाठी प्रहार गरी सामान्य घाइते तुल्यायो। सो दिन अनेरास्ववियु, नेविसंघ लगायत्का पाँच विद्यार्थी संगठनले पेट्रोलियन पदार्थको मूल्यवृद्धिको विरोधमा सडकमा सरकार विरोधी जुलुस प्रदर्शन गरेका थिए। सोही क्रममा विद्यार्थी खोज्दै प्रहरी पत्रिकाको कार्यालयमा प्रवेश गरेको थियो।

सात विद्यार्थी संगठनले ०६० वैशाख १४ गते निकालेको मसाल जुलुसमाथि सुरक्षाकर्मीले हस्तक्षेप गरी लाठिचार्ज गर्दा ५ जना विद्यार्थी घाइते भए।

पाँच संसदवादी दलहरुको शाही कदमविरोधी मसाल जुलुस प्रदर्शनका क्रममा ०६० वैशाख २७ गते विराटनगरमा प्रहरीले लाठिचार्ज गर्दा अनेरास्ववियुका जिल्ला अध्यक्ष पारुल क्षेत्री, एमालेका कार्यकर्ता भानु कोइराला र नवराज लुईटेल घाइते भए।

विराटनगर उमनपाको परिसरमा नेकाँ, एमाले, नेमकिपा, नेसपा (आनन्दीदेवी), जनमोर्चा नेपाल लगायत पाँच दलहरुले स्थानीय निकायको निर्वाचन गराउनुपर्ने माग राख्दै ०६० जेठ ५ गते धर्ना सहित विघटित नगर परिषद्को बैठक सम्पन्न गरे। बैठकले ०५९ जेठ १५ गते शाही कदमको विरुद्ध खेद प्रस्ताव पारित गरेको थियो।

नेकाँका मोरङ सभापति एवं सांसद अशोक कोइराला, एमाले मोरङका सचिव नरेश पोखेल, सदस्य विनोद ढकाल र सत्यनारायण चौधरी, नेमकिपाका श्रीकान्त घिमिरे, जनमोर्चा नेपालका योगेन्द्र ढकाल, नेपाल सद्भावना पार्टीका धर्मवीर वैद्य लगायत् पाँच दर्जनभन्दा

प्रहरीको लाठीबाट घाइते एमाले जिल्ला कमिटी सदस्य सत्यनारायण चौधरी

बढी राजनीतिक नेता तथा कार्यकर्तालाई ०६० जेठ ७ गते स्थानीय निकायको निर्वाचन गराउनु पर्ने, प्रतिगमन सच्याउनु पर्ने जस्ता माग राखी जिविस कार्यालयमा धर्ना र पूर्व जनप्रतिनिधिहरुको परिषद् बैठक सम्पन्न गरी स्थानीय महेन्द्र चोकमा सभा सम्पन्न गर्न लाग्दा प्रहरीले अन्धाधुन्ध लाठिचार्ज र अश्रुग्याँस प्रहार गरी घाइते बनाए। सो क्रममा सभाका लागि प्रयोग गरिएका माइक, ब्यानर र झण्डा प्रहरीले आफ्नो कब्जामा लिई तोडफोड र च्यातचुत गरेको थियो। पीडितहरुको टाउको, हात, ढाडमा गम्भीर चोट लागेको थियो। पीडितहरुलाई स्थानीय कोशी अञ्चल अस्पतालमा उपचार गरिएको थियो।

नेपाल पत्रकार महासंघ मोरङ शाखाका उपभासपति एवं स्थानीय दर्शन दैनिक पत्रिकाका मुख्य सम्वाददाता महेन्द्र विष्ट र मानवअधिकार वर्ष पुस्तक जिल्ला प्रतिनिधि तथा पत्रकार दीपेन नेउपानेलाई एमाले, नेकाँलगायत्का पाँच संसदवादी दलहरुले स्थानीय महेन्द्र चौकमा सरकारविरोधी सभा गरिरहेको अवस्थामा ०६० जेठ ७ गते प्रहरीले अन्धाधुन्ध लाठिचार्ज र अश्रुग्याँस प्रहार गरी घाइते भए। पीडित विष्टको ढाडमा कटवासका लाठीले प्रहार गर्नुका साथै साथमा रहेको यासिका क्यामेरा पनि तोडफोड गरियो भने पीडित न्यौपानेको दायाँ पाखुरामा लाठि प्रहार गरी घाइते तुल्याइएको थियो। पीडितहरुको स्थानीय अस्पतालमा उपचार गरिएको थियो।

महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगरका स्ववियुका सभापति सागरकुमार थापा र नेविसंघ मोरङका अध्यक्ष ललित श्रेष्ठलाई ०६० पुस ९ गते प्रतिगमन विरोधी जुलुस प्रदर्शन गरेको आरोपमा जिल्ला प्रहरी कार्यालय अगाडिको सडक खण्डमा प्रहरीद्वारा लाठिचार्ज गरी घाइते तुल्याइयो। पीडितहरुको स्थानीय कोशी अञ्चल अस्पतालमा सामान्य उपचार गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष पुनरावेदन अदालतमा रिटतर्फ १ सय ७९ वटा निवेदन परे। तीमध्ये १ सय २१ वटा फर्स्यौट भए भने ५८ वटा बाँकी रहे। जसमा बन्दी प्रत्यक्षीकरणतर्फ ३७ वटा परेकोमा ३७ वटा फर्स्यौट भए। निषेधाज्ञातर्फ १ सय २७ वटा निवेदन परेकोमा ७८ वटा फर्स्यौट भए। परमादेशतर्फ १५ वटा रिट परेकोमा ७ वटा फर्स्यौट भए। गत वर्षबाट सरेर आएका गरी कूल १ हजार २ सय ३१ वटा मुद्दा परेकोमा केवल ४ सय ७६ वटा फर्स्यौट भए। जसमध्ये, सरकारवादी देवानीतर्फ २ वटा मात्र मुद्दा परेकोमा २ वटै फर्स्यौट भए। व्यक्तिवादी देवानीमा ८ सय ७२ वटा मुद्दा परेकोमा ३ सय ३९ वटा फर्स्यौट भए। त्यस्तै व्यक्तिवादी फौज्दारीतर्फ १ सय ७९ वटा मुद्दा परेकोमा ६१ वटा फर्स्यौट भए। सरकारी फौज्दारीतर्फ १ सय ७८ वटा मुद्दा परेकोमा ७४ वटा फर्स्यौट भए। यस अदालतमा रिटतर्फ बन्दी प्रत्यक्षीकरण, निषेधाज्ञा र परमादेशमा ५ वर्ष अघिदेखिका २८ वटा, ४ वर्ष अघिदेखिका ६ वटा र ३ वर्ष अघिदेखिका १५ वटा मुद्दा फर्स्यौट हुन बाँकी छन्।

जिल्ला अदालतमा यस वर्ष र गत वर्षको जिम्मेवारी सरेर आएका गरी कूल १ हजार ८ सय ८६ वटा मुद्दा दर्ता भएकोमा ७ सय ४ वटा फर्स्यौट भए। जसमध्ये दुनियावादी देवानीतर्फ ९ सय ७० वटा मुद्दा दर्ता भएकोमा ४ सय ५२ वटा फर्स्यौट भए। त्यस्तै सरकारवादी देवानीतर्फ एउटा मुद्दा दर्ता भयो र फर्स्यौट भए। सरकारीवादी फौज्दारीतर्फ १ सय ७ वटा मुद्दा दर्ता भएकोमा ७ वटा फर्स्यौट भए। दुनियावादी फौज्दारीतर्फ ४ सय ४६ वटा मुद्दा परेकोमा १ सय ७३ वटा फर्स्यौट भए।

जिल्ला अदालतमा सरकारवादी फौज्दारीतर्फ ५ वर्षअघिदेखि फर्स्यौट नभएको मुद्दा एउटा, ४ वर्ष अघिदेखि फर्स्यौट नभएका एउटा र ३ वर्ष अघिदेखि फर्स्यौट नभएका ५ वटा छन्। त्यस्तै दुनियावादी फौज्दारीतर्फ ५ वर्ष अघिदेखि फर्स्यौट नभएका २ वटा, ४ वर्ष अघिदेखिका ८ वटा र ३ वर्षदेखिका १८ वटा मुद्दा बाँकी छन्।

मोरङ जेलमा ०५७ मंसिर २८ गते लक्ष्मीप्रसाद पौडेलको १ हात र करङ भाँचिएकोमा ०५७ पुस ७ गते क्षतिपूर्तिका लागि जिल्ला अदालतमा मुद्दा हालिएकोमा तत्काल बन्दीको हकमा मुद्दा नचल्ने भनिएको थियो। तर, जिल्ला अदालतले ०६० असार १७ गते पीडित नवराज भन्ने लक्ष्मी पौडेललाई क्षतिपूर्तिवापत ५० हजार रुपैयाँ भराउन फैसला गर्‍यो। पीडितका तर्फबाट पत्नी निर्मला पौडेलले तत्कालीन जेलर चण्डेश्वर पोखेल, चौकीदार मंगल चौधरी र जेल सुरक्षा प्रमुखलाई प्रतिवादी बनाई मुद्दा दायर गरेकी थिइन्। बन्दी पौडेल हाल झापा जेलमा छन्।

प्रहरीको लाठीबाट घाइते मा.अ. वर्षपुस्तक जिल्ला प्रतिनिधि दीपेन नेउपाने

ब्लास्ट दैनिकका पत्रकार प्रेम बास्तोलाले संकटकालमा गिरफ्तार गरी यातना दिइएको जनाउँदै जिल्ला अदालतमा ०५९ असोजमा दिएको क्षतिपूर्तिसम्बन्धी निवेदन ०६० असार ११ गते क्षतिपूर्ति पाउने पर्याप्त आधारहरु पेश नभएको भन्दै जिल्ला अदालतले खारेज गर्‍यो। सोको विरुद्ध पीडितले ०६० असोज ९ गते पुनरावेदन अदालत, विराटनगरमा निवेदन गरे।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

टाँडी गाविस-७ का प्रेमबहादुर राई र रामबहादुर राईलाई ०५९ माघ १८ गते थुना अवधि पूरा गरी जेलबाट रिहा हुनासाथ प्रहरीले गिरफ्तार गरी माघ २८ गते आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन अन्तर्गत इलाका प्रहरी कार्यालय, रानीमा राखी २ महिनापछि रिहा गरे।

अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला सदस्य बालेश्वर कामतलाई ०५९ माघ २७ गते कर्सियाको खुल्ला सभाबाट प्रहरीले गिरफ्तार गरेकोमा ०६० वैशाखमा २० हजार रुपैयाँ धरौटी लिई तारेखमा रिहा गरे।

टाँडी गाविस-८ का राजेन्द्र कुवाल र गोविन्द कार्कीलाई ०५९ फागुन ८ गते जेलबाट थुना अवधि पूरा गरी रिहा हुनासाथ प्रहरीले पुन: गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखेर २ महिनापछि रिहा गरे। पीडितलाई आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐनअन्तर्गत थुनामा राखिएको थियो।

पाँचथर जिल्ला याशोक गाविस-७ का रामनन्द आचार्य र सुवाङ गाविस-२ का छविलाल खनाललाई ०५९ फागुन २२ गते १ वर्षको थुना अवधि पूरा गरी निस्कनासाथ मोरङ जेलबाट प्रहरीले गिरफ्तार गरे। पीडितद्वयमध्ये रामनन्दलाई पाँचथर जेलबाट ०६० वैशाख ४ गते रिहा गरियो भने छविलाललाई पाँचथर जेलमा राखिएको छ।

विराटनगर उमनपा-१४ स्थित महेन्द्रचोक र ट्राफिक चोकका क्रमश: त्रिवेणी ट्राभल्सका प्रोपाइटर सुरेन्द्र पौडेल र प्रिन्सेस ट्राभल्सकी कर्मचारी रमला नेउपानेलाई राजदरबार र प्रधानमन्त्री कार्यालयमा फ्याक्स गरेको आरोपमा ०५९ चैत ६ गते दिउँसो ११ बजे ट्राभल्समा कार्यरत अवस्थामा प्रहरीले गिरफ्तार गरी ३ घण्टापछि रिहा गरे।

शनिश्चरे गाविसका लालबहादुर मगर, बयरवन गाविस-४ का गणेश राई, टेकबहादुर माझी, उर्लाबारी गाविस-४ का कुवेर आपागाई, थमस मगर र सिन्धुलीकी मुना घिमिरेलाई ०५९ चैत १३ गते मोरङ जेलमा थुना अवधि सकिनासाथ प्रहरीले पुन: गिरफ्तार गरे। पीडितहरुलाई ०५९ चैत १४ गते कागज गराई रिहा गरियो। पीडितहरुमध्ये आपागाई २ वर्षदेखि थुनामा थिए।

विराटनगर उमनपा-१६ स्थित महेन्द्र मोरङ क्याम्पसमा अध्ययनरत अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला सदस्य प्रेम अधिकारीलाई ०६० असार ११ गते प्रहरीले गिरफ्तार गरी ३ दिनपछि रिहा गरे।

उर्लाबारी गाविस-७ का हरि श्रेष्ठलाई ०६० असार २६ गते इलाका प्रहरी कार्यालय उर्लाबारीका सई सुमन राईले घरबाट गिरफ्तार गरी कानमा पीन ठोकेर यातना दिए। पीडितलाई वैदेशिक रोजगारदाता मोहन सुवेदीविरुद्ध हालेको उजुरी सोधपुछ गर्न भनी लगिएको र कतै उजुरी नगर्नू भनी रिहा गरिएको थियो।

केरावारी गाविस-९ लक्ष्मी माविका शिक्षक स्थिरप्रसाद चापागाईंलाई आक्रमण गर्न सहयोग गरेको आरोपमा ०६० भदौ १६ गते बिहान ६ बजे घरैबाट सुरक्षाकर्मीले गिरफ्तार गरी भदौ २९ गते रिहा गरे। सोही ठाउँका बस चालक देउ कुँवरलाई माओवादीलाई ओसारेको आरोपमा ०६० भदौ १६ गते सुरक्षाकर्मीले गिरफ्तार गरी ०६० भदौ २९ गते तारेखमा रिहा गरे।

लेटाङ गाविस-८ का छत्रमान लिम्बूलाई माओवादीलाई ओसार्न बस उपलब्ध गराएको आरोपमा ०६० भदौ १६ गते सुरक्षाकर्मीले गिरफ्तार गरी भदौ २९ गते तारेखमा रिहा गरे।

वाहुनी गाविस-९ राधानगरका टेकवहादुर विष्ट र उनकी पत्नी कल्पना विष्टलाई ०६० भदौ २६ गते राति सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारेकोमा टेकवहादुरलाई नजरबन्दमा राखिएको छ भने कल्पनालाई केही समयपछि तारेखमा रिहा गरियो।

डाँगीहाट गाविस-१ का प्रकाश कार्कीलाई ०६० भदौ २६ गते राति ९ बजे विराटनगर उमनपा-७ स्थित शान्तिचोकमा रहेको डेराबाट सादा पोशाकका सुरक्षाकर्मीले गिरफ्तार गरी असोज २७ गते नजरबन्दमा राखेकोमा पुस ९ गते आत्मसमर्पण गरेपछि रिहा गरे।

केराबारी गाविस-९ का गणेश गुरुङ र लालवहादुर गुरुङ, लेटाङ गाविस-७ का दीर्घमान गुरुङ र भक्त लिम्बूलाई माओवादीलाई वस उपलब्ध गराएको आरोपमा २०६० भदौ २९ गते सुरक्षाकर्मीले गिरफ्तार गरी असोज ५ गते तारेखमा रिहा गरे।

इन्द्रपुर गाविस-७ का किरात याक्थुङ चुम्लुङका केन्द्रीय सदस्य रामबहादुर लिम्बू (इवारम) लाई ०६० असोज ९ गते सुरक्षाकर्मीले बाटोबाट गिरफ्तार गरी

असोज २८ गते नजरबन्दमा राखेकोमा ०६० माघ १ गते पुन: त्यही व्यहोराको अर्को पुर्जी थमाई नजरबन्दमा राखे।

झापा जिल्ला कोहवरा गाविस-१ का तेजनारायण गजवंशीलाई ०६० असोज २६ गते विहान ४ बजे विराटनगर-१ स्थित डेरावाट सुरक्षाकर्मीले गिरफ्तार गरी कार्तिक १७ गतेदेखि नजरबन्दमा राखे।

इन्द्रपुर गाविस-७ का देवीराज भन्ने मुशन कार्की र विष्णु सुवेदीलाई ०६० कार्तिक २१ गते सरक्षाकर्मीले राति १२ बजे घरवाट गिरफ्तार गरी कार्तिक २७ गतेदेखि नजरबन्दमा राखे।

मधुमल्ला गाविस-५ का पुरन श्रेष्ठ, जिवन अधिकारी, प्रतिक श्रेष्ठ, कुलबहादुर तामाङ र रामप्रसाद तामाङलाई ०६० कार्तिक १६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरु मध्ये चार जनालाई भोलिपल्ट र पुरन श्रेष्ठलाई पर्सीपल्ट रिहा गरियो।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव दूर्व्यवहार

इन्द्रपुर गाविस-१ की ६० वर्षीय मनमाया राईलाई ०६० वैशाख १३ गते राति आफ्नै पति पूर्णवहादुर राईले मादक पदार्थ सेवन गरी घर झगडामा लाठी र मुक्का प्रहार गरी हत्या गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

विराटनगर उनपा-१९ की सविना लामाको इच्छा विरुद्ध पति भग्न लामाले ०६० वैशाख १८ गते जमुनामायासित दोस्रो विवाह गरे। सविनाले वहुविवाह विरुद्ध जिल्ला प्रहरी कार्यालयमा मुद्दा हालिन्। पीडक गिरफ्तार गरेकोमा तारेखमा रिहा गरियो।

शनिश्चरे गाविस-९ स्थित भुटानी शरणार्थी शिविरकी ४० वर्षीय एक महिलालाई ०६० जेठ २७ गते राति आफ्नै घर नजिक दिसा वसी फर्किने क्रममा झापा जिल्ला गौरादहका रोशन पौडेलले बलात्कार प्रयास गरे। पीडकलाई पीडितको खुट्टा ढोगाएर छाडियो।

उदयपुर तपेश्वरी गाविस-१ घर भई विराटनगर नपा-६ मा डेरा गरी वस्ने इन्दिरा प्रसाईंको इच्छा विरुद्ध पति उपप्राध्यापक हरिवहादुर के.सी.ले ०५९ जेठ २७ गते उदयपुर जिल्ला त्रियुगा नपा-२ की ३२ वर्षीय देवी पौडेलसित दोस्रो विवाह गरे। पीडितका दुई छोराछोरी छन्। पीडितले ०५९ फागुन २२ गते जिल्ला प्रहरी कार्यालय मोरङमा वहुविवाह पश्चात् खान लाउन र छोराछोरी लालन पालनका निम्ति मुद्दा हालिन्। पीडितलाई पतिले घरवाट निकाली दिए। पीडकलाई गिरफ्तार गरिएकोमा धरौटीमा रिहा गरियो।

विराटनगर उनपा-१६ की जक्मी सहनीलाई बोक्सीको आरोपमा ०६० असार ८ गते सोही ठाउँका धामी मुनिलाल मुरिया र फुलिया सहनीले कुटपिट गरे। पीडकलाई माफी मगाइयो।

मृगौनीया गाविसस्थित सवकपुरकी २६ वर्षीय एक युवतीलाई ०६० साउन ४ गते सोही ठाउँका ४८ वर्षीय दलवहादुर वुढाथोकीलाई ३० हजार रुपैयाँ र ६ कठ्ठा जग्गा उपलब्ध गराउने कागज गराई रिहा गरियो। सो कार्य स्थानीय नारी विकास संघ र अनेमसंघ (क्रान्तिकारी) ले गरेका थिए।

लेटाङ गाविस-४ खेरुवाकी पवित्रा भट्टराईलाई ०६० साउन २५ गते नजिकको जंगलमा गाईगोरु चराउन गएको अवस्थामा अज्ञात व्यक्तिले बलात्कार गरी हत्या गरे। पीडितको लास साउन २७ गते फेला पारिएको थियो।

केरौन गाविस-१ की ६२ वर्षीय सोमती माझीलाई बोक्सीको आरोपमा ०६० असार ६ गते राति ८ बजे आफ्नै ज्वाई ४० वर्षीय जंगवहादुर माझीले खुकुरी प्रहार गरी गम्भीर घाइते वनाए। पीडकले आफ्नै पत्नी सनीमायालाई बोक्सी लगाई विरामी पारेको भनी खुकुरी प्रकार गरेका थिए। पीडकलाई सार्वजनिक मुद्दा अन्तर्गत तारिखमा रिहा गरियो।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

नेकपा (एमाले) जिल्ला कमिटी सुनसरीले सो पार्टीका जिल्ला परिषद् सदस्य सकुदल लिम्वुलाई ०६० मंसिर २१ गते सेनाले गिरफ्तार गरेकोमा सोको विरोध गर्दै प्रेस विज्ञप्ति जारी गऱ्यो।

नेपाल औषधी व्यवसायी संघ कोशी अञ्चल शाखाले आफ्ना सदस्य अर्जुन साहका छोरा ६ वर्षीय विरेन्द्र साहलाई अज्ञात समूहले अपहरण गरी लगेकोमा ०६० कार्तिक १४ गते सकुशल रिहाइको माग गर्दै एक विज्ञप्ति जारी गऱ्यो।

संरचना क्षति

यस जिल्लामा माओवादीले आगजनी र बम विस्फोट गरी ५२ गाविसमा कूल एक करोड ४२ लाख १९ हजार १ सय १० रुपैयाँ बराबरको क्षति भएको जिविसले जनायो।

जिल्ला प्रशासन कार्यालयले भने कूल क्षतिको रकम २ करोड १८ लाख ६६ हजार ४ सय ६९ रुपैयाँ वरावरको क्षति भएको जनायो। जिल्ला प्रशासन कार्यालयको क्षतिको विवरणमा ३६ गाविस सहित इलाका प्रहरी कार्यालय, प्रहरी चौकी, उपस्वास्थ्य चौकी, हुलाक कार्यालय, सहकारी, साना किसान, जेन्जपोष्ट, सवारी

साधन, बैंकहरु आदि समेटिएको छ। नेपाल बैंक लिमिटेड, उर्लाबारीबाट लुटिएको ४ लाख ४७ हजार ८ सय १६ रुपैयाँ सबैभन्दा बढी छ भने पूर्वाञ्चल ग्रामीण विकास बैंक बनिगामा शाखाबाट ७ हजार ३ सय ४० रुपैयाँ र सलकपुर शाखाबाट १५ हजार २ सय रुपैयाँ लुटिएको छ।

हातहतियारमा टोटा बन्दुक एक, सवारी साधनमा दुई वटा मोटरसाइकल रहेका छन्।

१.६ सुनसरी

जनसंख्या	: ६२५६३३
साक्षरता प्रतिशत	: ४५
महिला साक्षरता प्रतिशत	: ३०.३
क्षेत्रफल (वर्ग कि.मी.)	: १२५७
गाविस/नपा संख्या	: ४९/३
निर्वाचन क्षेत्र	: ५
विद्यालय	: ३०५
क्याम्पस/उच्च मावि	: ११/२४
अस्पताल/स्वास्थ्य चौकी	: ३/५७
टेलिफोन लाइन	: ८०००
मोटर सडक (कि.मी.)	: ३१३
प्रहरी कार्यालय संख्या	: ३०
हुलाक संख्या	: ५५
मानव विकास सूचकांक	: ०.३८२
प्रति एक डाक्टर जनसंख्या	: ६९५१५
प्रति परिवार सरदर संख्या	: ५.२१

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

छिटरा गाविस-२ की २२ वर्षीय मञ्जु गुरुङ, भोक्रहा गाविस-१ का २५ वर्षीय राजेन्द्र मेहता र प्रकाशपुर गाविस-१ का २४ वर्षीय सुमन चौधरीलाई ०६० कार्तिक १३ गते सुरक्षाकर्मीले डुम्राहा-२ बाट गिरफ्तार गरी गुप्ताङ्गमा लौरो घोचेर र गोली हानी हत्या गरे। सुरक्षाकर्मीले दोहोरो भिडन्तमा मारिएको जनाए।

सिंगिया गाविस-१ मा नाम नखुलेका एक माओवादीको ०६० कार्तिक २२ गते सुरक्षाकर्मीको कारवाहीमा मृत्यु भयो।

संखुवासभा जिल्ला घर भई सांगठनिक कामका सिलसिलामा आएका दलित मुक्ति मोर्चाका केन्द्रीय सदस्य ३२ वर्षीय रामकुमार विश्वकर्मालाई माओवादीको आरोपमा ०६० कार्तिक २५ गते सुरक्षाकर्मीले धरान, तीनकुनेमा गिरफ्तार गरी हत्या गरे।

इनरुवा नपा-९ बलाहाका ३० वर्षीय बुद्धिविनोद पोखरेल, मोरङ जिल्ला सिंजुवा गाविसकी २४ वर्षीय प्रतिमा भनिने हमा चौहान, कप्तानगञ्ज गाविस-६ का ३३ वर्षीय लालबहादुर सर्दार र रामगञ्ज बेलगछिया गाविस-७ का ४० वर्षीय शंकर पौडेललगायत्का माओवादीलाई ०६० मंसिर २४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बुट र संगीनले हिर्काउनुका साथै छाती र गुप्ताङ्गमा घोचेर रक्ताम्य भएपछि गोली हानी हत्या गरे।

दुहवी गाविस-३ मा नाम खुल्न नसकेका एक माओवादीको ०६० मंसिर २६ गते राति सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। सोही घटनामा असई यादव गौतम खुट्टामा गोली लागी घाइते भए।

सिन्धुली जिल्ला दुधौली गाविस-२ का राधेश्याम भनिने २७ वर्षीय चन्द्र परियार (अछामी) र मोरङ जिल्ला राजघाटका विवेक भनिने ३१ वर्षीय रामप्रसाद गौतमलाई ०६० पुस १ गते सुरक्षाकर्मीले गिरफ्तार गरी गोली हानी हत्या गरे।

माओवादीबाट

अमडुवा गाविस-८ का प्रहरी जवान २४ वर्षीय श्याम गुरुङलाई ०६० साउन ४ गते माओवादीले गोली हानी हत्या गरे।

प्रकाशपुर गाविस-४ का ३० वर्षीय कुमार चन्द्रवंशीलाई सुराकीको आरोपमा ०६० भदौ १९ गते माओवादीले गोली हानी हत्या गरे।

भादगाउँ सिनबारी गाविस-८ झुम्काका ३४ वर्षीय नवीन चौधरीलाई सुराकीको आरोपमा ०६० असोज २ गते राति माओवादीले अपहरण गरी घाँटी छिनाएर हत्या गरी टाउको लिएर गए।

अमडुवा गाविस-५ का ४९ वर्षीय केशवबहादुर कार्कीलाई सुराकीको आरोपमा ०६० असोज ११ गते माओवादीले निधारमा गोली हानी हत्या गरे।

पाँचथर जिल्लाको रानीगाउँ गाविस-६ का इलाका प्रहरी कार्यालय, दुहवीमा कार्यरत प्रहरी हवल्दार ३७ वर्षीय लक्ष्मण लिम्बू र सोही जिल्लाको फिदिम गाविस-१ का सोही कार्यालयमा कार्यरत प्रहरी जवान २७ वर्षीय खेम नेपालीलाई ०६० असोज २८ गते ड्यूटीमा रहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे।

इलाम जिल्लाको आमचौर गाविस-२ का २७ वर्षीय दीपक पौडेललाई सुराकीको आरोपमा ०६० मंसिर ४ गते माओवादीले बक्लौरी गाविस-५ इचौलमा ल्याई गोली हानी हत्या गरे।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

मधेली गाविस-३ का ८ वर्षीय आकाश शर्मा ०६० पुस १ गते सुरक्षाकर्मीले चलाएको गोली घाँटीमा लागी गम्भीर घाइते भए।

माओवादीबाट

बराहक्षेत्र गाविस-५ का ४१ वर्षीय दीपक श्रेष्ठ ०६० भदौ ३१ गते माओवादीले थापेको विद्युतीय धराप विष्फोट भई शरीरका छाती र तिघ्रामा लागेर घाइते भए।

धरान नपा-१५ घर भई हाल राष्ट्रिय वाणिज्य बैंक, धरान शाखामा कार्यरत चौकीदार ५२ वर्षीय बौद्धमान तामाङलाई ०६० असोज ११ गते ड्यूटीमा बसेको अवस्थामा माओवादीले गोली हानी घाइते बनाए।

मधेशा गाविस-२ का प्रहरी जवान ३५ वर्षीय वासु कार्कीलाई ०६० असोज २८ गते दुहवी प्रहरी कार्यालयमा ड्यूटीमा रहेको अवस्थामा माओवादीले गोली हानी घाइते बनाए।

डुम्राहा गाविस-२ बंकलुवाका ५० वर्षीय गंगाराम मण्डल, उनका ज्वाइँ २६ वर्षीय कृष्णदेव मण्डल र नाती ६ वर्षीय शिवराम मण्डललाई ०६० कार्तिक २५ गते माओवादीले गोली हानी घाइते बनाए।

बेपत्ता / अपहरण

राज्यबाट

मोरङ डाँगीहाट गाविसका अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला अध्यक्ष २८ वर्षीय लोचन धमला र प्रकाशपुरका २४ वर्षीय धनबहादुर कटुवाललाई ०६० असोज १२ गते सुरक्षाकर्मीले इटहरीबाट गिरफ्तार गरी बेपत्ता बनाए।

माओवादीबाट

पाँचकन्या गाविस-५ का २६ वर्षीय कुमार विश्वकर्मा, २८ वर्षीय टेकराज विश्वकर्मा, २४ वर्षीय दुर्गा विश्वकर्मा र ३० वर्षीय गोरे राईलाई ०६० असार २७ गते राति घर-घरबाटै माओवादीले अपहरण गरी कुटपिट गरेर तीन दिनपछि मुक्त गरे।

धरान नपा-११ का २३ वर्षीय विनोद राई, १९ वर्षीय अविनाश राई, २३ वर्षीय रञ्जन राई र २० वर्षीय दीपक थापालाई हत्यामा संलग्न भएको र केटी जिस्क्याएको आरोपमा ०६० कार्तिक २८ गते धनकुटा

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित							राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	६	५	१	६	६	७	७	७	१३	१		१४
घाइते	८	११		११	५	७	७	१	१			१
गिरफ्तारी/यातना								२०	२४	६		३०
बेपत्ता								१	२			२
कुटपिट	६	६		६	१	१	१	२	४			४
धम्की	६	६		६	३	३	३					
भेला/संगठित हुने अधिकार								१			१	१
महिलाअधिकार	११		१४	१४								
बालअधिकार	४	२	२	४								
अपहरण					४	१२	१२					
जम्मा	४१	३०	१७	४७	१९	३०	३०	३२	४४	७	१	५२

गएको अवस्थामा माओवादीहरुले अपहरण गरी बेपत्ता बनाए। पीडितका परिवारसँग ५०-५० हजार रुपैयाँ माग गरे पनि ०६० माघ मसान्तमा "आइन्दा गल्ती नगर्नु, गरे सख्त कारवाही हुने" भन्ने चेतावनी दिएर पैसा नलिई मुक्त गरे।

महेन्द्रनगर गाविस-८ का ३८ वर्षीय रत्न राउत र सोही गाविस-१ का ३४ वर्षीय सन्तकुमार राईलाई ०६० मंसिर १३ गते माओवादीले अपहरण गरी पाँच दिनपछि मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

अनेरास्ववियुका केन्द्रीय सदस्य ३१ वर्षीय त्रिवेणी चोङवाङ र नेविसंघका जिल्ला अध्यक्ष ३२ वर्षीय विकास आचार्यलाई ०६० वैशाख १४ गते धरानस्थित महेन्द्र क्याम्पसभित्र सेनाले कुटपिट गरी आइन्दा आन्दोलनमा संलग्न भएमा राम्रो नहुने धम्की दिए।

धरान नपा-१० का अनेरास्ववियुका २३ वर्षीय खम्वसिंह गुरुङ र नेविसंघका २४ वर्षीय बाबुराम सुवेदीलाई मसाल जुलुसमा संलग्न भएको आरोपमा ०६० वैशाख २८ गते सुरक्षाकर्मीले टाउकोमा लाठी प्रहार गरी कुटपिट गरे।

माओवादीबाट

मधेली गाविस-४ का ४४ वर्षीय मनुलाल ठाकुरलाई ०५९ फागुन १३ गते माओवादीले १ लाख रुपैयाँ नदिए ज्यानमार्ने धम्की दिए।

पाँचकन्या गाविस-५ देउरालीटोलका २९ वर्षीय कैलाश राईलाई ०६० असार २ गते राति माओवादीले लाठी र बुटले शरीरका विभिन्न भागमा कुटपिट गरे।

पूर्व रक्षा सचिव मुकुन्दशम्शेर थापाको मेघली गाविस-२ कामतमा रहेको दुईतले पक्की घर ०६० असोज २६ गते माओवादीले बम प्रहार गरी ध्वस्त पार्नुका साथै आठ बिगाहा जग्गामा खेती गरेमा ज्यानमार्ने धम्की दिए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

अनेरास्ववियुका केन्द्रीय सदस्य त्रिवेणी च्वङवाङ र नेविसंघका जिल्ला अध्यक्ष विकास आचार्यलाई ०६० वैशाख १४ गते महंगी विरोधी आन्दोलनका क्रममा मसाल जुलुस निकाल्ने तयारी गर्दैगर्दा महेन्द्र बहुमुखी क्याम्पस, धरानको हाताभित्र सुरक्षाकर्मी प्रवेश गरी कुटपिट गरे।

महेन्द्र बहुमुखी क्याम्पस धरानमा अध्ययनरत अनेरास्ववियुका लक्ष्मी साम्बाहाम्फे र नेविसंघका योगराज विष्टलाई ०६० वैशाख १४ गते बन्द कार्यक्रमको प्रचार गर्ने क्रममा सुरक्षाकर्मीले गिरफ्तार गरी तीन दिनपछि रिहा गरे।

धरान नपा-१० का अनेरास्ववियुका कार्यकर्ता २३ वर्षीय खम्वसिं गुरुङ, नेविसंघकका कार्यकर्ता बाबुराम सुवेदीलाई ०६० भदौ २८ गते मसाल जुलुसबाट प्रहरीले गिरफ्तार गरी लाठीले टाउकोमा प्रहार गरी घाइते बनाए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा १ हजार ८ सय ७ वटा र गत वर्षको जिम्मेवारी सरेर आएका ९ सय ६१ गरी कूल २ हजार ७ सय ६८ वटा मुद्दा रहेकोमा १ हजार ७ वटा फर्स्यौट भए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

वृद्ध, विधवा, जेष्ठ र अशक्तहरुका लागि १ करोड ४१ लाख ३२ हजार ७ सय रुपैयाँ निकासी भएकोमा सबै रकम वितरण गरिसकेको जिविसले जनायो।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

प्रकाशपुर गाविस-१ का प्रल्हाद भनिने गणपत चन्द्रवंशीलाई माओवादीको आरोपमा ०५९ चैत २४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी थुनामा राखे।

वराहक्षेत्र गाविस-१ किराँत राष्ट्रिय मोर्चाका केन्द्रीय सदस्य ३५ वर्षीय डम्वर तुम्वाहाम्फेलाई माओवादीको आरोपमा ०६० भदौ २ गते सुरक्षाकर्मीले गिरफ्तार गरी थुनामा राखे।

इटहरी नपा-५ का ४४ वर्षीय रामप्रसाद राईलाई माओवादीको आरोपमा ०६० भदौ १७ गते सुरक्षाकर्मीले गिरफ्तार गरी थुनामा राखे।

माओवादीद्वारा हत्या गरिएका नवीन चौधरी

एकम्वा गाविस-८ का २८ वर्षीय सुमन चौधरी र सोही ठाउँका ३१ वर्षीय तेजनारायण चौधरीलाई माओवादीको आरोपमा ०६० असोज ९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे।

मधेशा गाविस-५ की २४ वर्षीय देवी रिजाललाई माओवादीको आरोपमा ०६० असोज १४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी थुनामा राखे।

धरान नपा-१५ का किराँत राष्ट्रिय मोर्चाका केन्द्रीय उपाध्यक्ष ३० वर्षीय निर्मल खम्वु भनिने भूमि चाम्लिङ्ग र केन्द्रीय सदस्य ३२ वर्षीय धनवहादुर लिम्वुलाई माओवादीको आरोपमा ०६० असोज २२ गते सुरक्षाकर्मीले गिरफ्तार गरी सैनिक हिरासतमा ३ महिनासम्म राखेपछि दुवैले आत्मसमर्पण गरे।

धरान नपा-११ का २९ वर्षीय नवीन सुव्वालाई माओवादीको आरोपमा ०६० कार्तिक २ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई थुनामा राखियो।

भरौल गाविस-१ का २९ वर्षीय अमर कार्कीलाई माओवादीको आरोपमा ०६० कार्तिक ४ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई जेल चलान गरियो।

इटहरी नपा-७ का २१ वर्षीय सुवास ढुंगेललाई माओवादीको आरोपमा ०६० कार्तिक १६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे।

इटहरी नपा-१ का एमाले कार्यकर्ता ४० वर्षीय मुकदम लिम्वूलाई माओवादीको आरोपमा ०६० मंसिर २० गते सुरक्षाकर्मीले गिरफ्तार गरी एक हप्तापछि रिहा गरे।

मधेली गाविस-५ का २९ वर्षीय माओवादी कार्यकर्ता प्रदीप चौधरीलाई ०६० पुस १ गते विहान आफ्नै घरमा वसिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे।

महेन्द्रनगर गाविस-४ का हुलाक कर्मचारी ४२ वर्षीय परमानन्द पौडेललाई माओवादीको आरोपमा ०६० पुस ३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी एक हप्तापछि रिहा गरे।

वक्लौरी गाविस-५ का एमाले कार्यकर्ता तथा पूर्व गाविस अध्यक्ष ४४ वर्षीय श्यामनारायण राजधामी, एमाले कार्यकर्ता ४२ वर्षीय जयराम राजधामी, १९ वर्षीय अनिल राजधामी र १८ वर्षीय दीपेन चौधरीलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६० पुस ४ गते गिरफ्तार गरी ३ तीन दिनपछि रिहा गरे।

बालअधिकार

इटहरी नपा-१ का १२ वर्षीय विवेक अधिकारीलाई उनकै आमा ३५ वर्षीय सीता अधिकारीले स्कूल नगएको रिसमा ०५९ फागुन १३ गते नाङ्गै वनाएर कुटपिट गर्नुका साथै आगोमा पन्यु सेकाएर छाती, पाखुरा, तिघ्रा र अनुहारमा डाम्नुका साथै सोही तातो पन्युले हिर्काइ गम्भीर घाइते वनाइन्।

जलपापुर गाविस-३ की १२ वर्षीय एक वालिकालाई ०५९ फागुन १७ गते ५ जनाको नकावधारी समूहले घरवाट जवर्जस्ती लगी सामूहिक वलात्कार गरे। पीडकहरु फरार भए।

धरान नपा-८ की ५ वर्षीय एक वालिकालाई ०६० भदौ २६ गते सोही ठाउँका ३० वर्षीय अर्जुन खड्काले वलात्कार गरे। पीडकलाई कानुनी कारवाही गरियो।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दुर्व्यवहार

दुहवी गाविस-३ की ५० वर्षीय राजकुमारी उराँव, उनकै छोरी १६ वर्षीय अंशु उराँव र १९ वर्षीय देशिया उराँवलाई वोक्सीको आरोपमा ०५९ फागुन १० गते सोही ठाउँका ४० वर्षीय कदमलाल उराँव, ४१ वर्षीय इन्द्रलाल उराँवलगायत्का गाउँलेहरुले कुटपिट गरे। पीडितले उजुरी दिइन्। पीडकहरुलाई केही सार्वजनिक अपराध ऐनअन्तर्गत कारवाही गरी हाल धरौटीमा रिहा गरियो।

भलुवा गाविस-५ की ३९ वर्षीय सुमीत्रादेवी साह र उनकै छोरी १७ वर्षीय ललिता साहलाई वोक्सीको आरोपमा ०६० जेठ २६ गते आफ्नै देवर तथा काका अन्धलाल साहलगायत्का गाउँलेहरुले दिसा घोलेर खवाउनुका साथै कुटपिट गरे। पीडकलाई केही सार्वजनिक अपराध ऐनअन्तर्गत कारवाही भई तारेखमा रिहा गरियो।

भोक्रहा गाविस-८ की ३० वर्षीय फूलोदेवी मेहतालाई वोक्सीको आरोपमा ०६० साउन २३ गते सोही ठाउँका ५२ वर्षीय रामनारायण महतो, ३१ वर्षीय शिवनाथ महतो, २८ वर्षीय विन्देश्वर महतोलगायत्का गाउँलेहरुले कुटपिट गर्दा छातीमा गहिरो घाउ लागेकोले पीडकहरुलाई कारवाही गरी क्षतिपूर्तिस्वरुप पीडितलाई १० हजार रुपैयाँ नगद दिलाइयो।

सुन्दरपुर गाविस घर वताउने २५ वर्षीय एक महिलालाई ०६० असारमा आफूलाई पत्रकार वताउने विराटनगरका ३२ वर्षीय होम निरौला, धरान नपा-५ का १६ वर्षीय अमित विक र १६ वर्षीय विनोद खत्रीले सामूहिक वलात्कार गरे। पीडकहरुलाई थुनामा राखियो।

इटहरी नपा-१ की ३० वर्षीय एक महिलालाई ०६० भदौ ९ गते भारतको पटनाका ३२ वर्षीय सौकात मियाँलगायत्का अन्य पाँचजनाले वलात्कार प्रयास गरे।

महेन्द्रनगर गाविस-९ की १६ वर्षीय एक किशोरीलाई उनका वावु ३७ वर्षीय विदुर परियारले पटक-पटक वलात्कार गरेकाले गर्भ रहेपछि ०६० असोज

२३ गते विदुरलाई प्रहरीले गिरफ्तार गरी थुनामा राखे। पीडित घरमा अरु कोही नभएकोले र विपन्न भएकोले बेसहारा भएकी छन्।

दुहवी गाविस-३ की २० वर्षीय गिता चौधरीलाई दाइजो नल्याएको निहुँमा ०६० साउन २९ गते उनकी सासु ४८ वर्षीय भुत्री चौधरी र १८ वर्षीय नन्दचन्दन चौधरीले कुटपिट गरी घरबाट निकाली दिए।

लौवाही गाविस-१ की २१ वर्षीय अराहुतदेवी यादवलाई दाइजो कम ल्याएका कारण ०६० भदौ २४ गते उनकै ससुरा ४५ वर्षीय जात्र वारीलाल यादवले दाउराले हिर्काई टाउको फुटाइदिए।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

सामाजिक सचेतनाका लागि सूचना केन्द्र (सिक्सा) ले राज्य र माओवादीले बेपत्ता बनाएका नागरिकहरुको नामावली सार्वजनिक गरी रिहाई गर्न माग गर्दै बेपत्ता बनाइएका परिवारका सदस्य, सर्वसाधारण जनसमुदाय, विद्यार्थी, पत्रकार र मानवअधिकारकर्मीहरुको संयुक्त र्‍याली प्रदर्शन गर्नुका साथै ०६० पुस ३ गते प्रेश विज्ञप्ति जारी गर्‍यो। सोही संस्थासँग आवद्ध जिल्ला बाल शाखाको आयोजनामा अन्तर्राष्ट्रिय बालअधिकार दिवसको अवसरमा ०६० मंसिर ४ गते एक विरोध र्‍यालीले इनरुवा नगर परिक्रमा गरी राज्य र विद्रोही दुवैलाई बालअधिकारको सम्मान गरी बालबालिका र विद्यालय शान्ति क्षेत्र घोषणा गरी जेनेभा महासन्धिको सम्मान र पालना गर्न आव्हान गरे।

नेकपा (एमाले) ले सो पार्टीका बुद्धिजीवी विभागका सुकदल लिम्बुलाई मंसिर १९ गते शाही सेनाले पक्राउ गरेको विरोधमा ०६० मंसिर २१ गते विज्ञप्ति जारी गर्‍यो। त्यसैगरी सोही पार्टीका सक्रिय कार्यकर्ता श्याम राजधामी र गयाराम राजधामीको गिरफ्तारीप्रति कडा आपत्ति जनाउँदै पुस महिनामा विज्ञप्ति जारी गर्‍यो।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

इनरुवा नपा-५ स्थित सरकारी वकिलको कार्यालयमा एकजना माओवादीलाई उनीबाट बरामद गरिएको सकेट बमसहित बयानका लागि ल्याइएको अवस्थामा ०६० वैशाख ४ गते कार्यालयभित्र बम विष्फोटन हुँदा सरकारी वकिल ३९ वर्षीय बाबुराम अधिकारी घाइते भए।

१.७ धनकुटा



जनसंख्या	: १६६४७९
साक्षरता प्रतिशत	: ५६.५६
महिला साक्षरता प्रतिशत	: ४४.१३
क्षेत्रफल (वर्ग कि.मी.)	: ८९१
गाविस/नपा संख्या	: ३५/१
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३१५
क्याम्पस/उच्च मावि	: १/४
अस्पताल/स्वास्थ्य चौकी	: १/३७
टेलिफोन लाइन	: १०७०
मोटर सडक (कि.मी.)	: २१९.२२
प्रहरी कार्यालय संख्या	: ३
हुलाक संख्या	: ३७
मानव विकास सूचकांक	: ०.४०१
प्रति एक डाक्टर जनसंख्या	: २७७४६
प्रति परिवार सरदर संख्या	: ६.११

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

राजारानी गाविस-८ को रिजालचोकमा माओवादी निकट मानिने किराँत वर्कर्स पार्टीका कार्यकर्ताहरु २२ वर्षीय लालबहादुर मगर र सनाखत हुन नसकेका एक युवकलाई ०६० असोज २ गते दिउँसो सुरक्षाकर्मीले हिरासतमा लिई गोली हानी हत्या गरे।

राजारानी गाविस-४ कोर्णाभञ्ज्याङ्का नेकाँ निकट रहेका ६५ वर्षीय कविरबहादुर चेम्जोङ्ग (लिम्बू) लाई छोरा माओवादीको निकट मानिने किराँत वर्कर्स पार्टीमा संलग्न भएको र सेल्टर दिएको आरोपमा

०६० असोज ३ गते सुरक्षाकर्मीले केही घण्टा हिरासतमा लिई गोली हानी हत्या गरे। पीडितको लास तीन दिनसम्म बेवारिसे भएपछि स्थानीय बासिन्दाले गाडेका थिए।

तेह्रथुम जिल्ला ओखे गाविस-३ का १८ वर्षीय राजकुमार खड्कालाई ०६० असोज २४ गते बिहान आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी मंसिर १ गते धनुकटा जिल्लाको सान्ने गाविस-८ थामडाँडानजिकै गोली हानी हत्या गरे।

बुढिमोरङ गाविस-९ कमुवाखोलाको किनारामा एक अज्ञात व्यक्तिलाई सुरक्षाकर्मीले आँखा र हात खुट्टा बाँधी करिब १५ दिन सेनाको हिरासतमा राखी ०६० मंसिर १ गते गोली हानी हत्या गरे।

डाँडाबजार गाविस-६ ओखेमा नाम, ठेगाना थाहा नभएका एक युवकलाई माओवादीको आरोपमा ०६० मंसिर १८ गते सुरक्षाकर्मीले हिरासतमा लिई गोली हानी हत्या गरे।

माओवादीबाट

धनकुटा नपा-१ स्थित प्रहरी चौकी, हिलेमा कार्यरत प्रहरी जवानहरु राजेन्द्र राई र आइतबहादुर तामाङलाई०६० मंसिर २१ गते साँझ प्रहरी चौकीदेखि ५० मिटरको दूरीमा माओवादीले गोली हानी हत्या गरे। पीडितहरु सादा पोशाकमा किनमेल गर्न निस्केका थिए। पीडितहरुलाई उपचारार्थ धरानतर्फ ल्याउँदै गर्दा मृत्यु भएको थियो।

अन्य

आहाले गाविस-४ का ५६ वर्षीय दिक्पा राईलाई ०६० कार्तिक २७ गते राति आफ्नै घरमा अज्ञात समूहले धारिलो हतियार प्रयोग गरी हत्या गरे। माओवादीको नाममा भएको सो घटनामा संलग्न ६ जनालाई माओवादीले कब्जामा लिई आफ्नो समूहको असंलग्नता रहेको जानकारी गराए।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

धनकुटा नपा-६ भीमसेनस्थानमा प्रहरी हवल्दार पदम श्रेष्ठलाई ०६० मंसिर १५ गते साँझ माओवादीले गोली हानी घाइते बनाए। गोलीले पीडितको दायाँ गालाबाट बाँया गालामा छेडेको थियो। उनको उपचार विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा गरियो।

धनकुटा नपा-१ हिले बजारमा ०६० मंसिर २१ गते माओवादीले गोली प्रहार गर्दा सोही ठाउँकी सोनाम लामा खुट्टामा गोली लागी घाइते भइन्। पीडितको उपचार धरानमा भयो। पीडितको हालको अवस्था सामान्य छ।

जेल र बन्दीहरू

"घ" श्रेणीको धनकुटा जेलको क्षमता २५ जना रहेकोमा हाल ४१ जना बन्दी छन्। यस जेलमा कर्तव्यज्यानका मुद्दामा कैद नतोकिएको २ तथा तोकिएका १६, जवर्जस्ती करणी गरी ज्यान मुद्दामा कैद तोकिएका ३ , जवर्जस्ती करणी गरी डाँका मुद्दामा कैद नतोकिएका १, हातहतियार खरखजाना र डाँका मुद्दामा कैद नतोकिएका २, डाँका मुद्दामा कैद तोकिएका १० र कैद नतोकिएका ६ र ज्यानमार्ने अभियोगमा कैद नतोकिएका १ वन्दी छन्। जसमा, २ जना विद्यार्थी रहेकोमा स्थानीय एक विद्यालयमा

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित		
	अन्यबाट				माओवादीबाट						
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	जम्मा
हत्या	२	२		२	१	२		२	५	६	६
घाइते	२	२		२	२	१	१	२	१	८	८
गिरफ्तारी/यातना									५	७	७
बेपत्ता									४	४	४
कुटपिट	१	१		१					२	३	३
भेला/संगठित हुने अधिकार	१	१		१							
बालअधिकार	१		१	१							
अपहरण	१	१		१	५	८	१	९			
जम्मा	८	७	१	८	८	११	२	१३	१७	२८	२८

जिल्ला शिक्षा कार्यालयको सहयोगमा भर्ना गरी जेलभित्रै पढाउन शिक्षकको प्रवन्ध मिलाइएको छ।

जेलमा १ भान्सा कोठा, २ सुत्ने र बस्ने कोठा, २ तान तथा मुडा बुन्ने कोठा छन्। खानेपानीको समस्याले गर्दा खाना पकाउन नपाएर कतिपय छाक च्यूरा खाएर बिताएको बन्दीहरुले बताए। यस जेलमा महिला बन्दी छैनन्।

बेपत्ता / अपहरण

राज्यबाट

भीरगाउँ गाविस-३ का माओवादीसँग आबद्ध ६३ वर्षीय उदयबहादुर बस्नेतलाई ०६० साउन २४ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाए।

आँखिसल्ला गाविसका नेकपा (एमाले) बाट निर्वाचित निर्वतमान गाविस अध्यक्ष ६१ वर्षीय तिलकप्रसाद राईलाई माओवादीको आरोपमा ०६० भदौ १४ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

संखुवासभा जिल्ला मादीमूलखर्क गाविस-६ घर भई धनकुटा बहुमुखी क्याम्पसमा अध्ययनरत २४ वर्षीय भुवनसिंह अधिकारीलाई ०६० कार्तिक २८ गते धनकुटा नपा-५ बालमन्दिरस्थित डेराबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

भीरगाउँ गाविस-३ का नेकपा (एमाले) निकट २६ वर्षीय रवीन्द्र बस्नेतलाई माओवादीको आरोपमा ०६० मंसिर २२ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी बेपत्ता पारे।

माओवादीबाट

चानुवा गाविस-४ का निवर्तमान गाविस अध्यक्ष ३५ वर्षीय दीपक बुढाथोकीलाई नेकपा (एमाले) को महाधिवेशनमा भाग लिन प्रतिनिधि छनौट गर्ने सिलसिलामा सोही पार्टीको इलाका कार्यालयमा छलफल गरिरहेको अवस्थामा ०५९ माघ ६ गते माओवादीले अपहरण गरी केही दिनपछि मुक्त गरे।

मौनाबुधुक गाविस-३ स्थित चाँदनी इङ्गलिश बोर्डिङ्ग स्कूलका प्रिन्सिपल २८ वर्षीय भुपेन्द्र भण्डारीलाई ०६० असार १ गते दिउँसो साँढे एक बजे किराँत वर्कर्स पार्टीका हतियारधारी ७ जनाको समूहले विद्यालयबाटै "केही क्षण कुरा गर्नुछ" भनी अपहरण गरी अज्ञात स्थलतर्फ लगी रुखमा झुण्ड्याएर गोली हान्ने प्रयास गर्नुका साथै कुटपिट गरेर २८ घण्टापछि मुक्त गरे।

मारेकटहरे गाविस-९ की माओवादीबाट आत्मसमर्पण गरी सदरमुकाममा बस्दै आएकी २३ वर्षीय टीकादेवी दर्लामीलाई युद्धविराम भएको अवसरमा आफ्नो घरमा गएको अवस्थामा ०६० असार ३ गते आफ्नै घरबाट माओवादीले अपहरण गरी भोजपुर, संखुवासभा र धनकुटाको सीमा क्षेत्र लेगुवाबाट भदौ ४ गते मुक्त गरे।

मौनाबुधुक गाविसका मौनाबुधुक उच्च माविका शिक्षक धीरनाथ दाहाललाई ०६० असार ४ गते दिउँसो एक बजे माओवादी निकट मानिने किराँत वर्कस पार्टीका कार्यकर्ताहरुले विद्यालयका शिक्षक र विद्यार्थीलाई लाइन लगाई विद्यालय हाताभित्रबाट अपहरण गरे। विद्यालयका अरु शिक्षक र विद्यार्थीहरुको दबाबमा ३ घण्टापछि पीडितलाई नजिकैको जंगलबाट पुऱ्याई मुक्त गरियो।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

बुधबारे गाविसस्थित बजारमा माओवादीलाई चन्दा दिएको आरोपमा ०६० भदौ १२ गते दिउँसो सुरक्षाकर्मीको एक समूहले गोली प्रहार गरी स्थानीय बासिन्दालाई त्रसित पार्नुका साथै व्यापारी तथा शिक्षकलाई कुटपिट समेत गरी शारदा माविका शिक्षकहरुलाई घोप्टो पारेर अश्लील शब्द प्रयोग गर्दै मानसिक यातना दिए। नजिकैको चिहानडाँडातर्फ लक्षित गरी अनगिन्ती राउण्ड गोली प्रहार गरे पनि कुनै क्षति भएन।

जिल्ला हुलाक कार्यालयका कर्मचारी २५ वर्षीय देवीप्रसाद उप्रेती, जिल्ला सहकारी कार्यालय, लाहानका २६ वर्षीय पदम भट्टराई तथा भक्तपुर हुलाक कार्यालयमा कार्यरत कर्मचारीहरुलाई लोकसेवा आयोगको परीक्षा दिन धनकुटा आएको वखत डेरामा अध्ययन गरिरहँदा ०६० मंसिर १९ गते सादा पोशाकमा आएका प्रहरीले गम्भीर घाइते हुनेगरी कुटपिट गरे। पीडितमध्ये देवीप्रसादको डेरामा रहेका सबैलाई विभिन्न अश्लील शब्दले गाली बेइज्जत गर्दै लात्ती र मुक्का प्रहार गरेका थिए। पीडितहरुले भोलिपल्टको लोकसेवाको परीक्षा समेत दिन सकेनन्।

माओवादीबाट

मौनाबुधुक गाविस-३ स्थित मौनाबुधुक उच्च माविका शिक्षक ३५ वर्षीय सुरेश चेम्जोङ्गलाई ०५९ चैत १९ गते राति तत्कालीन अवस्थामा माओवादी निकट मानिने किराँत वर्कस पार्टीका कार्यकर्ताले कुटपिट गरे। पीडितलाई एक हप्ता उपचार गरिएको थियो।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेकां जिल्ला कार्य समितिद्वारा आयोजित एक कार्यक्रमका लागि डाँडाबजार गाविस-४ को स्थानीय

हाटमा माइकिङ्ग गरिरहेका पदमबहादुर लिम्बुलाई ०५९ चैत १२ गते किराँत वर्कर्स पार्टीका कार्यकर्ताले ज्यानमार्ने धम्की दिँदै लखेटे।

डाँडा गाविसस्थित बजारमा प्रत्येक हप्ता प्रशारण गरिँदै आएको अडियो प्रशारण कार्यक्रम र आत्मनिर्भरताको लागि कार्य समूह (आकाश) को गतिविधि ०६० वैशाखदेखि किराँत वर्कर्स पार्टीद्वारा बन्द गर्ने कार्य गरियो।

अनेरास्ववियु, नेविसंघ तथा अनेराम्ववियु (संयुक्त) को आयोजनामा निकालिएको विरोध जुलुस तथा मसाल जुलुसमा ०६० भदौ २२ गते प्रहरीले अन्धाधुन्ध लाठी प्रहार गर्दा अनेरास्ववियुका केन्द्रीय सदस्य शोभिप चेम्जोङ्गसहित सो संगठनका परशुराम नेपाल, सन्तोष रुचाल, ताराहाङ्ग राई, श्रीकृष्ण कट्टेल, विनोद तिम्सिनालगायत् एक दर्जन विद्यार्थीहरु घाइते भए भने अनेरास्ववियुका बालकृष्ण कार्की, भवानी बानियाँ र नेविसंघका क्याम्पस इकाई सभापति रामप्रसाद आचार्यलाई प्रहरीले गिरफ्तार गरे। सो गिरफ्तारीविरुद्ध पुनः त्यसै दिन विद्यार्थीहरुले बजार बन्दको आव्हान गरे। घटनामा गिरफ्तार गरिएका विद्यार्थीहरुको एक समूहलाई शाही सेनाले भीमनारायण चोकमा घेराउ गरी १५ मिनेट नियन्त्रणमा लिई मानसिक यातना दिए। तर, केही घण्टापछि नै विद्यार्थीहरुलाई रिहा गरिएपछि स्थिति साम्य भयो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

विस्थापित

चानुवा गाविस-१ का लेखकबहादुर बुढाथोकी, खड्गबहादुर चापागाई र जीतपुर गाविस-६ का आइतबहादुर अधिकारीलाई छोरालाई सेनामा जागिर खुवाएको आरोपमा र जागिर छोडाउन दवाव दिँदै ०६० कार्तिक १४ गते माओवादीले गाउँ निकाला गरे। पीडित आइतबहादुरका परिवार आफ्नो घरमा १ जना सदस्य राखेर तराईका आफन्तकहाँ बस्दै आएको जनाइएको छ। पीडित हालसम्म विस्थापित भएका छन्। सोही ठाउँका डिल्लीबहादुर काफ्ले र नेत्रबहादुर काफ्लेलाई ०६० कार्तिक १५ गते छोरालाई प्रहरी सेवाबाट अवकाश गराउन माओवादीले दवाब दिँदै सो नगरे गाउँ छोड भन्ने धम्की दिएका कारण पीडित विस्थापित हुन पुगेका छन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

छिन्ताङ गाविस-६ का नेकपा (एमाले) का इलाका कमिटी उपसचिव तथा प्ररायुसंघका जिल्ला सचिव ३० वर्षीय निरन राईलाई माओवादीको आरोपमा ०६० भदौ १७ गते धनकुटा नपा-४ देव्रेबासस्थित चेकपोष्टबाट सुरक्षाकर्मीले विनापुर्जी गिरफ्तार गरी ३ दिनसम्म हिरासतमा राखे। पीडितलाई भदौ २० गते रिहा गरियो।

कुरुले तेनुपा गाविस-१ हंशमोरङका ४० वर्षीय खड्ग केसीलाई माओवादीको आरोपमा ०६० कार्तिक २० गतेदेखि मंसिर १ गतेसम्म सुरक्षाकर्मीले विनापुर्जी आफ्नै घरबाट गिरफ्तार गरी यातना दिए। पीडितलाई २ नं. वाहिनी अड्डा, हिलेमा विद्युत करेन्ट तथा अन्य शारीरिक यातना दिइएको पीडितले बताए। पीडितको अवस्था गम्भीर भएकोले सिभिक्टमा उपचार भइरहेको छ।

संखुवासभा जिल्ला मादीमूलखर्क गाविस-१ घर भई धनकुटा बहुमुखी क्याम्पसमा स्नातक तह प्रथम वर्षको परीक्षा दिन आएका २४ वर्षीय रामकृष्ण कटुवाललाई माओवादीको आरोपमा ०६० कार्तिक २८ गते धनकुटा नपा-५ स्थित डेराबाट प्रहरीले गिरफ्तार गरेर २४ घण्टासम्म शरीरमा गर्ह्रौं वस्तु राख्ने, रोलरले पेल्ने र कुटपिट गर्ने जस्ता यातना दिई भोलिपल्ट रिहा गरे।

छिन्ताङ्ग गाविस-१ डाँडागाउँ घर भई धनकुटा बहुमुखी क्याम्पसमा अध्ययनरत राप्रविसं आवद्ध २२ वर्षीय डिकदल राईलाई माओवादीको आरोपमा ०६० मंसिर १५ गते धनकुटा नपा-५ माथिल्लो कोर्पोरेस्थित डेराबाट सुरक्षाकर्मीले गिरफ्तार गरी २ रात सल्लेरी व्यारेक र १ रात जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखी सिस्नुपानी र विद्युत करेन्ट लगाउनुका साथै कुटपिट गरी मंसिर १७ गते रिहा गरे।

बालअधिकार

बोधे गाविस-९ की ५ वर्षीय एक बालिकालाई ०५९ फागुन २ गते चाँदनी बोर्डिङ्ग स्कूल मौनाबुधुकबाट घरतर्फ फर्कँदै गर्दा मोरङ जिल्ला पथरी गाविस-९ घर भई हाल मौनाबुधुकमा सिलाई व्यवसाय गरी बस्ने २७ वर्षीय खगेन्द्र परियारले नजिकैको जंगलमा खरायो देखाइदिन्छु भनी लगी बलात्कार गरे। पीडक फरार छन्।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

संयुक्त विद्यार्थी संगठनद्वारा निकालिएको जुलसमाथि प्रहरीले हस्तक्षेप गरी सहभागीहरुलाई घाइते बनाएको र गिरफ्तार गरेको विरोधमा ०६० भदौ २२ गते साँझ मानवअधिकार सामाजिक सचेतन र विकास केन्द्र (हुसाडेक), नेपालले एक प्रेस विज्ञप्ति जारी गरी घाइतेहरुको उपचार र क्षतिपूर्तिको लागि सम्बन्धित निकायसमक्ष माग गर्‍यो।

राज्यपक्ष तथा विद्रोही समूह माओवादीबाट सञ्चारकर्मीहरुको गिरफ्तारी तथा हत्याको विरुद्ध नेपाल पत्रकार महासंघका केन्द्रीय पार्षदहरुले ०६० भदौ २५ गते प्रेस विज्ञप्ति जारी गरे।

संरचना क्षति

मुलघाटस्थित प्रहरी चौकीमा ०६० भदौ २६ गते राति माओवादीले बम विष्फोट गरी क्षति पुऱ्याए। सो भवनमा दिउँसो मात्र प्रहरी बस्ने र राति खाली हुने भएकोले भवनमा मात्र क्षति पुगेको थियो। भवन नजिकै रहेको प्रतिक्षालयमा पनि आगो लगाई क्षति पुऱ्याइएको थियो।

१.८ तेह्रथुम



जनसंख्या	: ११३१११
साक्षरता प्रतिशत	: ६४.२५
महिला साक्षरता प्रतिशत	: ३९.१५
क्षेत्रफल (वर्ग कि.मी.)	: ६७९
गाविस/नपा संख्या	: ३२/०
निर्वाचन क्षेत्र	: १
विद्यालय	: ३३७
क्याम्पस/उच्च मावि	: २/८
अस्पताल/स्वास्थ्य चौकी	: १/३१
टेलिफोन लाइन	: ४५२
मोटर सडक (कि.मी.)	: २६
प्रहरी कार्यालय संख्या	: ३१
हुलाक संख्या	: ५१
मानव विकास सूचकांक	: ०.३३९
प्रति एक डाक्टर जनसंख्या	: २८२७८
प्रति परिवार सरदर संख्या	: ५.४७

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

खाम्लालुङ्ग गाविसस्थित देउराली जङ्गलमा ०६० साउन ३ गते एकजना र सोही गाविसस्थित एक घरमा बैठक बसिरहेका २ जना गरी नाम, थर र ठेगाना खुल्न नसकेका तीनजना माओवादीको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

खाम्लालुङ्ग गाविसमा नाम, थर खुल्न नसकेकी एक महिला माओवादी कार्यकर्तालाई ०६० भदौ २३ गते सम्दु गाविसबाट खाम्लालुङ्ग गाविसतिर भागिरहेको अवस्थामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

हवाकु गाविस-५ का करिब ४८ वर्षीय भीमबहादुर डाँगी र सोही ठाउँका घनश्याम डाँगीलाई माओवादीको आरोपमा ०६० असोज २४ गते सुरक्षाकर्मीले आ-आफ्नै घरबाट गिरफ्तार गरेर हवाकु गाविसको विजैरे प्राविको खेल मैदानमा ल्याएर भीमबहादुरलाई भलिबलको पोलले पेलेर यातना दिँदै हत्या गरे भने घनश्यामलाई पछारेर हत्या गरे।

छातेढुङ्गा गाविस-२ का २७ वर्षीय हरि कन्दङ्वा र चुहानडाँडा गाविस-९ का ५८ वर्षीय पदम श्रेष्ठलाई माओवादीको आरोपमा ०६० असोज २५ गते सुरक्षाकर्मीले आ-आफ्नै घरबाट गिरफ्तार गरेर संक्रान्ति गाविस नजिकैको जङ्गलमा ल्याएर गोली हानी हत्या गरे।

सोल्मा गाविस-५ का करिब ४८ वर्षीय तीलबहादुर लिम्बूलाई माओवादीको आरोपमा ०६० कार्तिक १४ गते घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी नजिकैको जङ्गलमा लगि गोली हानी हत्या गरे।

पौठाक गाविस-९ का २३ वर्षीय खिरिले नेपालीलाई ०६० पुस १ गते संक्रान्ति बजारनजिकै सुरक्षाकर्मीले गोलीद्वारा हत्या गरे। पीडित विवाहको सिलसिलामा आठराई संक्रान्ति गएका थिए। सोही दिन बेलुकी नाम ठेगाना खुल्न नसकेका अर्का एक व्यक्तिको खाम्लालुङ्ग छोटीबजारनजिकै सुरक्षाकर्मीको कारवाहीमा गोली हानी हत्या भयो।

माओवादीबाट

जलजले गाविस-१ का गाविस सचिव ४२ वर्षीय गंगाकुमार मास्केलाई सुराकीको आरोपमा ०६० असोज १० गते बिहान माओवादीले अपहरण गरी सिम्ले गाविस-६ पुऱ्याई सोही दिन बेलुकी ५:३० बजे घरनजिकै ल्याई टाउकोमा ४ पटक खुकुरी प्रहार गरी हत्या गरे।

उदयपुर जिल्ला तपेश्वर गाविसका सशस्त्र प्रहरी

जवान करिव ३५ वर्षीय ललित चौधरी र डडेल्धुरा जिल्लाका सशस्त्र प्रहरी जवान करिब ३२ वर्षीय लालबहादुर बाहराको ०६० मंसिर ५ गते गस्तीबाट फर्किरहेको अवस्थामा मुड्नाम गाविस-९, रातोपाटी भन्ने ठाउँमा माओवादीको एम्बुस विस्फोटमा परी मृत्यु भयो।

गोली बम विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

ताप्लेजुङ्ग जिल्ला उकालीपानी घर भएका सशस्त्र प्रहरी जवान ३५ वर्षीय शिव गुरुङ्ग र सिरहा जिल्ला तुलसीपुरका जवान रफी यादव ०६० मंसिर ५ गते मुड्नाम गाविस-९ रातोपाटीमा माओवादीको विद्युतीय धराप विस्फोटनमा परी घाइते भए।

धनकुटा जिल्ला घर भई जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान गोकुल देवान राई ०६० पुस २ गते गस्तीबाट फर्कदै गर्दा इमिबु गाविस-६ तालखर्कको तारेमीर भन्ने ठाउँमा माओवादीले विस्फोट गराएको विद्युतीय धरापमा परी घाइते भए।

जेल र बन्दीहरू

"ख" श्रेणीको तेह्रथुम जेलको क्षमता ३५ जनाको भए पनि हाल १९ पुरुष र ७ महिला गरी कुल २६ जना बन्दी छन्। माओवादी गतिविधिमा संलग्न महिला र पुरुष गरी जम्मा ९ जना छन्। बन्दीहरुमध्ये १३ जनाको कैद तोकिएको छ।

यस जेलमा महिला र पुरुषका लागि एक-एक वटा छुट्टाछुट्टै घर, चर्पी, खानेपानीको व्यवस्था गरिएको छ। जेलमा बत्तीको व्यवस्था छ। जेलको भवन ज्यादै पुरानो भइसकेको छ। महिला र पुरुष बन्दीलाई छुट्टाछुट्टै टीभी, बन्दीहरुलाई भलिवल, व्याडमिन्टन, चेस आदिको व्यवस्था गरिएको छ। बिरामी भएका बन्दीलाई स्वास्थ्यकर्मीद्वारा जेलमा नै उपचार गरिन्छ।

जेलमा बन्दीहरु ढाका कपडा र टोपीहरु बुन्ने गर्दछन्। तयार गरेका सामान सस्तो मूल्यमा बिक्री गरिदिने र किन्न पठाइएको सामान महँगो मूल्यमा किनिदिने बन्दीहरुको गुनासो छ।

जेलमा गुणस्तरको खाद्यान्न नदिइएको र माओवादीको आरोपमा बन्दी भएकालाई हप्ताको एकपटक प्रजिअको सिफारिसमा मात्र भेट्न दिने गरेको बन्दीहरुको गुनासो छ।

बेपत्ता / अपहरण

राज्यबाट

ओखे गाविस-२ का २५ वर्षीय राजकुमार खड्कालाई माओवादीको आशंकामा ०६० असोज २४ गते घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

माओवादीबाट

सोल्मा गाविस-७ का २२ वर्षीय रुम्मादेवी कार्कीलाई ०५९ फागुन ३० गते माओवादीले अपहरण गरे। पीडितलाई हालसम्म मुक्त गरिएको छैन।

जलजले गाविस-९, घर भई मोरङ जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान ३३ वर्षीय युवराज कार्कीलाई जागिरबाट राजिनामा दिनुपर्ने माग गर्दै ०६० जेठ १६ गते माओवादीको एक समूहले अपहरण गरी सोही दिन बेलुका मुक्त गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	८	६	२	८	२	३		३	८	१२	१	१३
घाइते	१	१		१	७	९		९				
गिरफ्तारी यातना									३४	५८	६	६४
बेपत्ता									१	१		१
कुटपिट	३	४		४	१८	२३		२३	६	१२	७	१९
धम्की	१		१	१	३	२	१	३				
निष्पक्ष जाँचपडताल र सुनुवाईको अधिकार					१	२		२				
महिलाअधिकार	५		५	५								
बालअधिकार	१		१	१								
आर्थिक सामाजिक सांस्कृतिक अधिकार					१	१		१				
अपहरण					१३	१९	१	२०				
जम्मा	१९	११	९	२०	४५	५९	२	६१	४९	८३	१४	९७

ओयाक्जुङ्ग गाविस-५ का जिविस ग्रामीण उर्जा विकास कार्यक्रमका सामाजिक परिचालक ३७ वर्षीय लीलानाथ रिमाललाई सुराकीको आरोप ०६० साउन २५ गते माओवादीले अपहरण गरी साउन २८ गते श्रीजुङ्ग गाविसबाट मुक्त गरे।

सम्दू गाविस-३ का शिक्षक ४० वर्षीय प्रेम हाङश्रोङ्ग र उनकै छोरा १५ वर्षीय विवेक हाङश्रोङ्गलाई चन्दा नदिएको र छोरालाई जनयुद्धमा नपठाएको आरोपमा ०६० भदौ २१ गते माओवादीले अपहरण गरी भोलिपल्ट बेलुकी १० हजार रुपैयाँ चन्दा दिने कागज गराई मुक्त गरे।

ओयाक्जुङ्ग गाविस-३ का ३९ वर्षीय रघुनाथ सुवेदी, २० वर्षीय डम्बरबहादुर लिम्बू, १८ वर्षीय वीरबहादुर लिम्बू, २२ वर्षीय हेमबहादुर लिम्बू र १८ वर्षीय प्रकाश दुलाललाई ०६० असोज ३ गते माओवादीले अपहरण गरी दुई दिनपछि मुक्त गरे।

मोराहाङ्ग गाविस-४ का ४४ वर्षीय शिक्षक सोममान खतिवडालाई चन्दा नदिएको आरोपमा ०६० असोज ५ गते माओवादीले अपहरण गरी सोही दिन मुक्त गरे। पीडितलाई सो समूहले चन्दाको विषयमा पहिले पनि कुटपिट गरेका थिए।

जलजले गाविस-१ का जलकन्या प्राविका शिक्षक ४४ वर्षीय वीरबहादुर मास्केलाई सुराकीको आरोपमा ०६० असोज ८ गते माओवादीले अपहरण गरी ईसिबु गाविसमा पुऱ्याई कुटपिट गरी घाइते अवस्थामा मुक्त गरे।

मोराहाङ्ग गाविस-४ का शिक्षक ४१ वर्षीय योगेन्द्र खापुङ्गलाई ०६० असोज ३० गते माओवादीले जग्गाको विषयमा अपहरण गरी भोलिपल्ट मुक्त गरे।

ह्वाकु गाविस-२ का २६ वर्षीय शेरबहादुर इङ्नामलाई सुराकीको आरोपमा ०६० कार्तिक ४ गते माओवादीले अपहरण गरी १ महिना १२ दिनपछि मुक्त गरे।

श्रीजुङ्ग गाविस-५ का गौखुरी उच्च माविका शिक्षक ५८ वर्षीय टंक भट्टराईलाई चन्दा नदिएको आरोपमा ०६० कार्तिक ६ गते मोराहाङ्ग गाविसबाट माओवादीले अपहरण गरी पौंठाक गाविस पुऱ्याई दोस्रो दिन मुक्त गरे।

सोल्मा गाविस-४ का पूर्व गाविस अध्यक्ष तथा नेकपा (एमाले) का इलाका सदस्य अम्बरबहादुर गुरुङ्गलाई सुराकीको आरोपमा ०६० मंसिर २ गते माओवादीले घरबाट अपहरण गरेर सुङनाम गाविसतर्फ लगी ४८ घण्टा कब्जामा राखे। पीडितलाई घरबाट बाहिर निक्लन नपाउने धम्की दिएर मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

जलजले गाविस-४ का २० वर्षीय भिमेश लिम्बूलाई माओवादीको आशंकामा ०६० असोज ११ गते गस्तीमा गएका सुरक्षाकर्मीले शंकर मावि नजिक कुटपिट गरे।

संक्रान्ति गाविस-९ का हुलाकी २२ वर्षीय पदम काफ्लेलाई माओवादीको आशंकामा ०६० मंसिर २८ गते डाँक लिएर गइरहेको अवस्थामा खाम्लालुङ्ग गाविसमा गस्तीमा गएका सुरक्षाकर्मीले कुटपिट गरे।

म्याङ्लुङ्ग गाविस-१ मा होटल गरी बस्ने ४६ वर्षीय विष्णु सुवेदीलाई माओवादी राखेको आशंकामा ०६० पुस ५ गते सुरक्षाकर्मीले होटलमा कुटपिट गरे।

इसिबु गाविस-६ मा ०६० पुस २ गते माओवादीले बम विस्फोट गराई एक प्रहरी जवानलाई घाइते बनाएपछि सुरक्षाकर्मीले ८० वर्षीय कर्ममाया तामाङ, ३२ वर्षीय चन्द्रकला घिसिङ्ग, ३० वर्षीय रिवनकुमारी घिसिङ्ग, ३२ वर्षीय हरिमाया तामाङ, २५ वर्षीय सीता तामाङ, ४ वर्षीय मनिषा तामाङ, ६ वर्षीय रोशन तामाङ, ५ वर्षीय मुनु तामाङ, ३१ वर्षीय कोकले तामाङ, ४० वर्षीय कुसबहादुर तामाङ, ३२ वर्षीय अमृतबहादुर तामाङ, ५८ वर्षीय कृष्णलाल तामाङ, ४२ वर्षीय जन्तरे भुजेल, ३७ वर्षीय रामबहादुर तामाङ, शन्तबहादुर इस्वो, नरबहादुर इस्वो, भीमबहादुर इस्वो, लालबहादुर तामाङ, मनमाया तामाङ, कल्पना तामाङ, भक्तबहादुर तामाङ, धनमाया तामाङ, कल्पना तामाङ, संगीता तामाङ, शान्ता तामाङ, दिलमाया तामाङ, गोमा तामाङ, पदमसुन्दर तामाङ, सलबहादुर तामाङ, कृष्ण घिसिङ्ग र ओयाक्जुङ्ग गाविस-४ का गोपाल सुवेदीलगायत् ६० जनाभन्दा बढी सर्वसाधारण, बालक, बृद्ध, गर्भवती र सुत्केरीलाई कुटपिट गरे। पीडितहरुमध्ये ८ जनाको उपचार जिल्ला अस्पतालमा भयो।

माओवादीबाट

ओयाक्जुङ्ग गाविस-९ का ४२ वर्षीय गंगाबहादुर

माओवादीद्वारा खुकुरी प्रहार गरी हत्या गरिएका गंगाकुमार मास्के चितामा

माओवादीद्वारा अपहरण गरिएका लिलानाथ रिमाल र वीरबहादुर मास्के

जोगीलाई सामान्य निहुँमा ०५९ पुस १७ गते माओवादीले कुटपिट गरे।

थोक्लुङ्ग गाविस-५ का जिल्ला शिक्षा कार्यालयका श्रोतव्यक्ति ४३ वर्षीय देवी लामिछानेलाई मादक पदार्थ सेवन गरेको आरोपमा ०५९ पुस १८ गते माओवादीहरुले श्रीजुङ्ग माविको हाताभित्र कुटपिट गरे।

मोराहाङ्ग गाविस-२ का १९ वर्षीय वच्चुकुमार लिम्बूलाई गुण्डागर्दी गरेको आरोपमा ०५९ पुस २१ गते माओवादीले कुटपिट गरे।

ओयाक्जुङ्ग गाविस-६ का २५ वर्षीय चन्द्रवहादुर मादेम्बालाई ०५९ माघ १० गते माओवादीले विभिन्न आरोपमा कारवाहीको नाममा कुटपिट गरे।

मोराहाङ्ग गाविस-४ का ६५ वर्षीय छत्रवहादुर खप्तडीलाई सुराकीको आरोपमा ०५९ माघ १२ गते माओवादीले कुटपिट गरे।

वसन्तपुर गाविस-४ का ७५ वर्षीय खड्गवहादुर कार्की, सोही ठाउँका ५० वर्षीय झमकवहादुर कार्की र २१ वर्षीय राजेन्द्र कार्कीलाई जग्गा लुटेको आरोपमा ०५९ माघ १३ गते माओवादीले कुटपिट गरे।

पिप्ले गाविस-३ का ४० वर्षीय सागर रेग्मीलाई भाइलाई अंश नदिएको आरोपमा ०५९ चैत्र १७ गते माओवादीले कुटपिट गरी घाइते वनाए।

मोराहाङ्ग गाविस-४ का ४४ वर्षीय सोमनाथ ख़तिवडालाई एक लाख रुपैयाँ चन्दा दिन अस्वीकार गरेको आरोपमा ०५९ चैत २६ गते माओवादीले कुटपिट गरी घाइते वनाए।

ओयाक्जुङ्ग गाविस-९ का निवर्तमान गाविस उपाध्यक्ष ४३ वर्षीय निर्मल मादेम्वा (लिम्वू) लाई कामदारलाई उचित पारिश्रमिक नदिएको आरोपमा ०६० जेठ ७ गते माओवादीले कुटपिट गरे।

जलजले गाविस-१ का भूपू वडाध्यक्ष ४२ वर्षीय ललितबहादुर लिम्बूलाई सुराकीको आरोपमा ०६० जेठ २१ गते माओवादीले कुटपिट गरी घाइते वनाए।

पिप्ले गाविस-१ का ४० वर्षीय धर्मबहादुर कटुवाललाई महिलामाथि अभद्र व्यवहार गरेको आरोपमा ०६० भदौ ७ गते माओवादीले कुटपिट गरे।

आखे गाविस-५ का निवर्तमान गाविस अध्यक्ष तथा नेकपा (एमाले) का जिल्ला उपसचिव ३७ वर्षीय हिक्मतबहादुर बस्नेतलाई एमाले गतिविधि सञ्चालन गरेको आरोपमा ०६० भदौ ३० गते माओवादीले घरमा आएर कुटपिट गरे।

सिम्ले गाविस-५ का ३८ वर्षीय रामकृष्ण रिजाललाई पार्टीको आर्थिक हिनामिना गरेको आरोपमा ०६० असोज १० गते माओवादीले कुटपिट गरे।

सिम्ले गाविस-१ का पूर्व वडाध्यक्ष ४२ वर्षीय भीम ढुङ्गानालाई ०६० असोज १७ गते माओवादीले चन्दाको विषयमा स्थानीय सिम्ले वजारमा कुटपिट गरे।

ओयाक्जुङ्ग गाविस-४ का २२ वर्षीय पेड्दुरे नेपालीलाई पार्टीको नाममा चन्दा उठाउँदै हिँडेको आरोपमा ०६० असोज २२ गते माओवादीले कुटपिट गरी घाइते वनाए।

श्रीजुङ्ग गाविस-७ का ६३ वर्षीय दिलिप लिम्वूलाई धान त्रिखण्डी गर्न नमानेको आरोपमा ०६० कार्तिक ७ गते माओवादीले अपहरण गरी कुटपिट गरे।

जिरिखिम्ती गाविस-८ का ३५ वर्षीय राइटे लिम्वूलाई व्यापारमा अनियमिता गरेको आरोपमा ०६० मंसिर १० गते माओवादीले कुटपिट गरे।

आम्वुङ्ग गाविस-२ का २९ वर्षीय सुभाष कार्कीलाई सुराकीको आरोपमा ०६० मंसिर १८ गते माओवादीले कुटपिट गरे।

अन्य

जलजले गाविस-७ का ४१ वर्षीय वलवहादुर तिम्सिनालाई ०५९ चैत १२ गते सोही ठाउँका २८ वर्षीय डम्बरबहादुर तिम्सिना, ६२ वर्षीय सनमान तिम्सिना र ३६ वर्षीय धर्मकुमारी तिम्सिनाले वोक्सो भएको आरोप लगाए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

पेट्रोलियम पदार्थ मूल्यवृद्धिको विरोधमा शान्तिपूर्ण आन्दोलनमा उत्रिएका विभिन्न संगठनका विद्यार्थीलाई ०५९ चैत २९ गते प्रहरीले गिरफ्तार गरी सोही दिन बेलुकी रिहा गरे। गिरफ्तार गरिएकाहरुमा नेविसंघ जिल्ला सभापति विश्वप्रकाश तुम्वाहाम्फे, सदस्य लक्ष्मण कार्की,

दिनेश नेपाल, बुद्धिराज लिम्बू, रामचन्द्र कोइराला, अनेरास्ववियुका जिल्ला सचिव राजेन्द्र बराल, सदस्य गिता कोइराला, नगेन्द्र ढुङ्गाना, थानेश्वर भट्टराई, कृष्ण योगीलगायत् १५ जना थिए।

श्रीजुङ्ग गाविस-५ का २५ वर्षीय महेन्द्र भट्टराई, सोही ठाउँका २३ वर्षीय इमनाथ भट्टराई र पौठाक गाविस-३ का रामचन्द्र भट्टराईलाई ०६० वैशाख २९ गते सदरमुकाममा माओवादीको पोष्टर टाँसिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी सोही दिन राति रिहा गरे।

पाँच राजनीतिक दलद्वारा ०६० वैशाख २८ गते आयोजना गरिएको शान्तिपूर्ण जुलुसबाट नेकपा (एमाले) का जिल्ला सचिव भवानी खापुङ्ग, उपसचिव हिक्मत बस्नेत, सदस्यहरु लक्ष्मण तिवारी, ज्योती अधिकारी, गिता कोइराला, शिव ढुङ्गाना, नेकाँका जिल्ला सभापति गणेश विमली, राधा प्रधान, पत्रकार तीर्थ कटुवाल, इन्सेक जिल्ला प्रतिनिधि छत्र रिमाललाई सुरक्षाकर्मीले गिरफ्तार गरी सोही दिन रिहा गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा गतवर्षको जिम्मेवारी सरेर आएका दुनियावादी देवानी ५१ वटा, सरकारवादी फौज्दारी ६ वटा र दुनियावादी देवानी २१ वटा गरी जम्मा ७८ वटा मुद्दा रहे। यस वर्ष दर्ता भएका दुनियावादी देवानी ४८ वटा, सरकारवादी फौज्दारी ६ वटा र दुनियावादी फौज्दारी १९ वटा गरी कूल १ सय ५१ वटा मुद्दा रहेका छन्।

त्यसमध्ये यस वर्ष दुनियावादी देवानी ५६, सरकारवादी फौज्दारी ७ र दुनियावादी फौज्दारी ६८ वटा मुद्दा फर्स्यौट भए। दुनियावादी देवानी ४१ वटा, सरकारवादी फौज्दारी ५ वटा र दुनियावादी फौज्दारी २० वटा गरी ६४ वटा मुद्दा फर्स्यौट हुन बाँकी छन्।

अदालतमा २ वर्षभन्दा बढी म्याद नाघेका २ वटा मुद्दा रहेका र अदालतको रेकर्डअनुसार सबैखाले मुद्दा दायरमा ३ वर्षयता कमी आएको र सामान्य निवेदन ४ सय ३७ वटा मात्र दर्ता भएको अदालतले जानकारी गरायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा २ हजार २१ जना वृद्ध, १ हजार ६ सय २ जना विधवा र ४८ जना अपाङ्ग रहेको जिविसले जनायो। वृद्ध, महिला र अपाङ्गहरुले मासिक भत्ता नियमित पाउन सकेका छैनन्। जिल्ला प्रशासन कार्यालयले अपाङ्गहरुका लागि यस वर्ष परिचय पत्रको व्यवस्था गरेको छ।

विस्थापित

आन्तरिक द्वन्द्वका कारण यसवर्ष १२ जना व्यक्ति गाउँबाट विस्थापित भए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

जलजले गाविस-२ का जलकन्या प्राविका प्रधानाध्यापक ६७ वर्षीय नन्दकिशोर दाहाल र सोही ठाउँका २२ वर्षीय चन्द्रकला दाहाललाई माओवादी गतिविधिमा सहयोग गरेको आरोपमा ०५९ पुस २२ गते सुरक्षाकर्मीले गिरफ्तार गरी पुस २८ गते तारिखमा रिहा गरे।

श्रीजुङ्ग गाविस-७ का ५३ वर्षीय दयाराम भट्टराईलाई ०६० जेठ १ गते जिरिखिम्ती बजारमा चन्दा उठाएको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरी जेठ १४ गते जिविसका निवर्तमान सभापति किशोरचन्द्र दुलालको रोहवरमा रिहा गरे।

चुहानडाँडा गाविस-२ का ३४ वर्षीय नारायण खाती, २८ वर्षीय भवानी खाती, १८ वर्षीय मैयादेवी खाती र २१ वर्षीय पदम रोक्कालाई माओवादीको आरोपमा ०६० असार ५ गते सुरक्षाकर्मीले जिल्ला सदरमुकामबाट गिरफ्तार गरे। पीडितहरुलाई असार ७ गते रिहा गरियो।

हवाकु गाविस-५ का ४२ वर्षीय राजेन्द्र डाँगीलाई माओवादी गतिविधिमा संलग्न भएको आशंकामा ०६० साउन २८ गते राति सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई भदौ ५ गते तारेखमा रिहा गरियो।

माओवादीद्वारा अपहरण गरी हत्या गरिएका जल्जले गाविस सचिव गंगाकुमार मास्के (छोरासँगै)

श्रीजुङ्ग गाविस-६ का २४ वर्षीय चन्द्रबहादुर लिम्बू र १६ वर्षीय मेघराज वस्नेतलाई माओवादीको आरोपमा ०६० साउन ३१ गते सुरक्षाकर्मीले गिरफ्तार गरे।

ओयाक्जुङ्ग गाविस-२ महाकाली निमाविका प्रअ ४१ वर्षीय दिनेश खनाललाई माओवादीको आरोपमा ०६० भदौ १४ गते जिल्ला सदरमुकामबाट प्रहरीले गिरफ्तार गरी चार दिनपछि थुनामा राखे।

ओयाक्जुङ्ग गाविस-२ का २५ वर्षीय भेपराज ढकाललाई माओवादीको आरोपमा ०६० भदौ १५ गते जिल्ला सदरमुकामबाट गिरफ्तार गरी एक हप्तापछि थुनामा राखे।

संक्रान्ति गाविस-९ का २३ वर्षीय उद्धव लामिछानेलाई ०६० भदौ १६ गते दिपज्योती बोर्डिङ स्कूलमा पढाइरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी पाँचदिन पछि थुनामा राखे।

ओयाक्जुङ्ग गाविस-९ का ३५ वर्षीय घनश्याम भट्टराईलाई माओवादीको आरोपमा ०६० भदौ १८ गते जिल्ला सदरमुकामबाट सुरक्षाकर्मीले गिरफ्तार गरी पाँच दिनपछि थुनामा राखे।

छातेढुङ्गा गाविस-५ का पोखरी माविका शिक्षक ४८ वर्षीय विजयसागर कन्दङ्वालाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०६० भदौ १८ गते सुरक्षाकर्मीले गिरफ्तार गरी माओवादीसँग संलग्न भएको कुनै प्रमाण फेला नपरेपछि भदौ २२ गते रिहा गरे।

वसन्तपुर गाविस-४ का ४७ वर्षीय रवीन्द्रनाथ पिठामगरलाई ०६० भदौ १८ गते सुरक्षाकर्मीले घर खानतलासी गर्दा लुकाई राखेको हतियार फेला पारी पीडितलाई सुरक्षाकर्मीले गिरफ्तार गरे।

मोराहाङ्ग गाविस-१ का १८ वर्षीय खेमराज खापुङ्गलाई माओवादीको आशंकामा ०६० भदौ ३० गते सुरक्षाकर्मीले गिरफ्तार गरी पाँच दिनपछि रिहा गरे।

जलजले गाविस-६ का १९ वर्षीय नगेन्द्र अधिकारीलाई माओवादीको आरोपमा ०६० भदौ ३१ गते निजी काममा जिल्ला सदरमुकाम आएको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।



सुरक्षाकर्मीले कुटपिट गरी घाइते बनाएका पदमबहादुर तामाङ

ओयाक्जुङ्ग गाविस-५ का २२ वर्षीय कमलमणि गौतमलाई माओवादीको आरोपमा ०६० असोज ४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी सोही दिन रिहा गरे।

सोल्मा गाविस-५ का ४३ वर्षीय गिरीराज पोखरेललाई माओवादीको आरोपमा ०६० कार्तिक १४ गते गस्तीमा गएको सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई केही दिनको अनुसन्धानपश्चात् तारेखमा रिहा गरियो।

ओखे गाविस-२ का ३९ वर्षीय हरिलाल धिमाललाई माओवादीको आरोपमा ०६० कार्तिक २० गते गस्तीमा गएका सुरक्षाकर्मीले सुङनाम गाविसबाट गिरफ्तार गरी मंसिर १७ गते रिहा गरे।

मोराहाङ्ग गाविस-९ का २५ वर्षीय चक्रबहादुर थापा र सोही गाविस-२ का उत्तम गुरुङ्गलाई माओवादीको आरोपमा ०६० मंसिर २० गते जिल्ला सदरमुकामबाट सुरक्षाकर्मीले गिरफ्तार गरी ४ दिनपछि तारेखमा रिहा गरे।

बालअधिकार

पौठाक गाविस-६ की १४ वर्षीय एक बालिकालाई ०६० साउन ५ गते सोही गाविस-६ का ६४ वर्षीय चन्द्रप्रसाद ढकालले बलात्कार गरे।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव दूर्व्यवहार

पाँचथर जिल्ला जोरसाल घर भई हाल संक्रान्ति गाविस-१ मा बस्ने ४४ वर्षीय टंकमाया श्रेष्ठलाई उपचार गराउने भनी संक्रान्ति गाविस-१ की उमादेवी श्रेष्ठले बोक्सीको आरोपमा दिसा खुवाइन्। पीडक उक्त वडाकी स्वयम्सेविका हुन्। स्थानीय गाउँलेले पीडकलाई आइन्दा यस्तो कार्य नगर्न चेतावनी दिए।

विविध

संरचना क्षति

माओवादीले कृषि विकास बैंक, कृषि सामग्री संस्थान, वन कार्यालय र तीन वटा गाविस भवनमा माओवादीले बम विस्फोट गराई ध्वस्त पारे। जसबाट करिब ७ लाख रुपैयाँको क्षति भयो।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष व्यक्तिगत कारणले भएका कुटपिटका १० वटा घटनामा ८ पुरुष र ४ महिला गरी जम्मा १२ जना

पीडित भए। ५ महिला र ६ पुरुष गरी ११ जनाले आत्महत्या गरे। ट्याक्टरबाट खसेर १ जना पुरुषको, खोलामा डुबेर १ जना युवकको र पहिरोमा परेर २ जना बालिकाको मृत्यु भयो। आगलागीका ५ वटा घटना भए, जसमा १ जनाको मृत्यु भयो।

बिगतको अनुगमन

गत वर्ष गिरफ्तार भएका पञ्चकन्या गाविस-४ का ३५ वर्षीय कृष्णप्रसाद भट्टराई ०६० असार १४ गते, सम्दु गाविस-३ का चन्द्रबहादुर लिम्बू ०६० जेठ १८ गते, हमरजुङ्ग गाविस-७ का २८ वर्षीय अमित मोते (दमाई) ०६० जेठ १८ गते, सुङ्नाम गाविस-९ की २५ वर्षीय नमिता खड्का र इवा गाविस-६ का २९ वर्षीय लोकबहादुर बास्तोला ०६० जेठ १८ गते तारिखमा रिहा भए।

१.९ भोजपुर



जनसंख्या	: २०३०१८
साक्षरता प्रतिशत	: ५५.८
महिला साक्षरता प्रतिशत	: ४३.२
क्षेत्रफल (वर्ग कि.मी.)	: १५०७
गाविस/नपा संख्या	: ६३/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३६७
क्याम्पस/उच्च मावि	: १/३
अस्पताल/स्वास्थ्य चौकी	: १/६३
टेलिफोन लाइन	: १९८
मोटर सडक (कि.मी.)	: ०
प्रहरी कार्यालय संख्या	: १
हुलाक संख्या	: ३६
मानव विकास सूचकांक	: ०.३३९
प्रति एक डाक्टर जनसंख्या	: २८२७८
प्रति परिवार सरदर संख्या	: ५.४७

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या : गोली

राज्यबाट

केउरेनीपानी गाविसको अरुण मावि दिंलामा कक्षा ३ मा अध्ययनरत ८ वर्षीय सविना खवासको ०५९ पुस २९ गते विद्यालय जाने तयारी गरिरहेको अवस्थामा सुरक्षाकर्मीले माओवादीलाई हानेको लञ्चरको छर्रा लागि मृत्यु भयो।

हेलौंछा गाविस-४ का १७ वर्षीय किपा शेर्पालाई केही समयअघि माओवादी भई हिंडेको आरोपमा ०६० भदौ २६ गते सुरक्षाकर्मीले घरमै रहेको अवस्थामा कुटपिट गरी मरणासन्न तुल्याएपछि गोली हानी हत्या गरे।

दलगाउँ गाविस-१ मा माओवादी कार्यकर्ता कुमार राईलाई ०६० असोज ८ गते सादा पोशाकमा रहेका सुरक्षाकर्मीले गिरफ्तार गरी गोली हानी हत्या गरे।

साङ्पाङ गाविस-७ का सर्वसाधारण २५ वर्षीय शरणकुमार तामाङ र लेखर्क गाविसका माओवादी कार्यकर्ता दिलकुमार विकलाई देउराली गाविसस्थित झ्याउँपोखरी बजारमा भागेको आरोपमा ०६० असोज १४ गते गोली हानी हत्या गरे।

हेलौंछा गाविस-३ स्थित बेतिनी जंगलमा ०६० कार्तिक २४ गते विद्युतीय धराप संचालन गर्न बसेका विश्वास र विद्रोह भनिने माओवादी कार्यकर्ताको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

माओवादीबाट

अन्नपूर्ण गाविस-८ का नेकपा (एमाले) का कार्यकर्ता तथा पूर्व शिक्षक ५५ वर्षीय शालिकराम अधिकारीलाई सुराकीको आरोपमा ०५९ माघ ६ गते तत्कालीन अवस्थामा माओवादी निकट मानिने किराँत वर्कर्स पार्टीका कार्यकर्ताले आफ्नै घरबाट अपहरण गरेकोमा ०५९ माघ २४ गते टाउकोविहीन अवस्थामा पाइलाढुंगा नजिकै लास फेला पर्‍यो।

हेलौंछा गाविस-३ स्थित बेतिनी जंगलमा ०६० कार्तिक २३ गते माओवादीको विद्युतीय धरापमा परी विष्णुदल गुल्म, भोजपुरमा कार्यरत धनकुटाका सिपाही डम्बर भट्टराई र चितवनका आनन्द लामिछानेको घटनास्थलमै मृत्यु भयो।

दोहोरो भिडन्त

भोजपुर गाविस-४ स्थित दूरसञ्चारको टावरमा ०६० मंसिर २९ गते आक्रमण गर्न आएका माओवादी र सुरक्षाकर्मीबीच दोहोरो भिडन्त हुँदा १ माओवादी

सुरक्षाकर्मीको गोली लागि घटनास्थलमै मृत्यु भयो। विष्णु दल गुल्ममा कार्यरत तनहुँ जिल्लाका रमेशराज शाहीको माओवादीको गोलीद्वारा मृत्यु भयो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

केउरेनीपानी गाविसका १६ वर्षीय शर्मिला खवास र १९ वर्षीय निर्मला खवास ०५९ पुस २९ गते माओवादी र सुरक्षाकर्मीबीच दोहोरो भिडन्त हुँदा सुरक्षाकर्मीद्वारा माओवादीलाई प्रहार गरिएको लञ्चरले छर्रा लागी घाइते भए। पीडितहरुको धरान र विराटनगरमा उपचार गरियो।

जेल र बन्दीहरू

"घ" श्रेणीको भोजपुर जेलको बन्दी क्षमता २५ जनाको रहेकोमा हाल ३१ पुरुष र २ महिला कैद तोकिएका र ४ पुरुष कैद नतोकिएका छन्। ३ वर्षीय आश्रित नाबालिकासमेत गरी कूल ३८ जना बन्दी छन्। पुरानो जेलमा भए पनि ठाउँ अनुसार त्यसलाई सुविधाजनक बनाउन प्रयत्न गरिएको छ। महिलातर्फ १ र पुरुषतर्फ ३ गरी जम्मा ४ वटा चर्पी छन्। त्यस्तै, महिलातर्फ १ र पुरुपतर्फ २ गरी ३ वटा धारा छन्। वन्दीहरुले "बन्द पर्खाल" नामक मासिक भित्ते पत्रिका प्रकाशन गर्दछन्। जेलमा वन्दी विकास समिति गठन गरिएको छ। यस समितिले जिल्लामा विद्युत नभएकोले वन्दीहरुसँगै रकम संकलन गरेर ३६ हजार ६ सय रुपैयाँ बराबरको सोलार खरिद गरी बत्तीको व्यवस्था गरिदिएको छ।

वेपत्ता / अपहरण

माओवादीबाट

जिविसका पूर्व उपसभापति तथा अनेमसंघ केन्द्रीय सदस्य जयन्ती राई, एमाले जिल्ला कमिटी सदस्य सुरेन्द्र उदास, साङ्पाङ्ग गाविसका पूर्व अध्यक्ष शिवकुमार राई, इलाका नं. ३ का सचिव धनप्रसाद ओझा र अनेरास्ववियुका जिल्ला सदस्य तुलसीराम सापकोटालाई ०५९ पुस १८ गते चरम्बी गाविसको पिपलडाँडाबाट माओवादीले अपहरण गरी ६ दिनपछि देउराली गाविसमा लगी एक कार्यक्रम गरी मुक्त गरे।

पूर्व सांसद धनहर्क राई, एमाले जिल्ला सल्लाहकार सदस्य रमेश नेपाल, जिल्ला सदस्य झुरेन्द्र पराजुली, ध्यानबहादुर राउत, दिव्यध्वज राई र इलाका नं. १२ का सचिव नारायण निरौलालाई ०५९ पुस २७ गते रानीवास गाविसस्थित घोरेटार बजारमा भइरहेको आम सभास्थलबाट माओवादीले अपहरण गरी ०५९ माघ ३ गते पाँचा गाविसबाट मुक्त गरे।

देउराली गाविसको झ्याउपोखरीका अनेरास्ववियु केन्द्रीय अध्यक्ष ३६ वर्षीय राजेन्द्र राईलाई ०६० असोज २३ गते माओवादीले अपहरण गरी ५ दिनपछि मुक्त गरे।

पाँचा गाविस-९ का दिनेश राई, सोही गाविस-८ का दिलकुमार राई, सोही ठाउँका चुडामणि खतिवडा र सरस्वती मावि दुम्भामा कक्षा १० मा अध्ययनरत पाँचा गाविस-७ का गोपाल गिरीलाई सेनामा भर्ती हुन गएको आरोपमा ०६० असोज २७ गते माओवादीले अपहरण गरी एक महिनापछि मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

जिल्ला मालपोत कार्यालयमा कार्यरत पियन केदार भारतीलाई ०५९ माघ ९ गते कुलुङ गाविसमा मालपोतको म्याद तामेल गर्न गएको अवस्थामा माओवादीले दोभानेसम्म लगी "अब नआउनु" भनी हातको औंला किच्याएर मुक्त गरे।

अन्य

खोटाङ्ग जिल्ला च्यानडाँडा-१ का माओवादी

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	५	४	१	५	३	४		४	६	७	१		८
घाइते					१	१		१	१		२	१	३
गिरफ्तारी / यातना									४	३६			३६
कुटपिट	१	१		१									
महिलाअधिकार	३		४	४									
आर्थिक सामाजिक सांस्कृतिक अधिकार	१	१	१	२									
अपहरण					५	१५	२	१७					
जम्मा	१०	६	६	१२	९	२०	२	२२	११	४३	३	१	४७

इलाका नं. ३ का सेक्रेटरी एवम् अखिल क्रान्तिकारीका उपाध्यक्ष चन्द्र बुढाथोकीलाई ०६० मंसिर २४ गते छिनामखु गाविसका ५-६ जना युवाहरुले आफूहरुलाई सधैं धम्की दिएको भन्दै कुटपिट गरी घाइते बनाए। पीडितको उपचार गराइएको थियो भने पीडकहरु फरार भए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

भोजपुर गाविस-५ चारभञ्ज्याङ्गबाट ०६० वैशाख २७ गते प्रतिगमनको विरुद्ध आन्दोलनरत एमालेका सचिव शेरधन राई, नेकाँका सभापति नन्दमणि राईलगायत् ३१ जनालाई कोण सभास्थलबाट प्रहरीले गिरफ्तार गरी एक घण्टापछि मुक्त गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा यस वर्ष दुनियावादी देवानी मुद्दा ३० वटा दर्ता भएकोमा १० वटा फर्स्यौट भए। दुनियावादी फौज्दारी मुद्दा २२ वटा दर्ता भएमध्ये १३ वटा फर्स्यौट भए। त्यसैगरी सरकारवादी फौज्दारी मुद्दा ८ वटा दर्ता भएकोमा ५ वटा फर्स्यौट भए। संक्षिप्त कार्यविधि अन्तर्गतका ३ वटा मुद्दामा २ वटा फर्स्यौट भए।

गत सालबाट जिम्मेवारी सरेर आएका दुनियावादी देवानी मुद्दा ३५ वटामध्ये १५ फर्स्यौट भए। त्यसैगरी सरकारवादी फौज्दारी मुद्दा ८ वटामध्ये ५ वटा फर्स्यौट भए। दुनियावादी फौज्दारी मुद्दा ३० वटामध्ये २६ वटा फर्स्यौट भए भने कूल २७ वटा मुद्दा फर्स्यौट हुन बाँकी रहे। गत साल र यस वर्षका गरी कूल ४९ वटा मुद्दा फर्स्यौट हुन बाँकी छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

जिविसले आर्थिक वर्ष ०६०/०६१ मा २ हजार ९ सय व्यक्तिलाई वृद्ध भत्ता, ३ हजार १ सय असहाय विधवाहरुलाई भत्ता र ३१ जनालाई अपाङ्ग भत्ता वितरण गर्‍यो।

विस्थापित

हत्या-हिंसाका कारण विस्थापित हुनेहरुको यकिन तथ्याङ्क उपलब्ध हुन सकेन। ०६० मंसिर २४ गते माओवादी कार्यकर्तालाई सामूहिक कुटपिट गरेका कारण ५ जना त्रिभुवन धर्मोदय मावि छिनामखुमा पढ्ने विद्यार्थी र अन्य सर्वसाधारण विस्थापित भए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

तिवारीभञ्ज्याङ्ग गाविस-६ का ४२ वर्षीय दानबहादुर खड्कालाई माओवादीको आशंकामा ०६० भदौ १२ गते सुरक्षाकर्मीले गिरफ्तार गरी एक महिनासम्म हिरासतमा राखि रिहा गरे।

वास्तिम गाविस-३ का १९ वर्षीय धनबहादुर सार्कीलाई माओवादीको आरोपमा ०६० कार्तिक ११ गते सदरमुकाम आएको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी नजरबन्दमा राखे।

भोजपुर गाविस-२ का प्राथमिक शिक्षक तालिम केन्द्रमा कार्यरत पियन २४ वर्षीय विष्णु कार्कीलाई तालिम केन्द्रमा आगलागी गराउन माओवादीलाई सहयोग गरेको आरोपमा ०६० कार्तिक २४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी नजरबन्दमा राखे।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

होम्ताङ्ग गाविस-४ का ६५ वर्षीय मैया राई र ३५ वर्षीय विष्णुदेवी राईलाई बोक्सीको आरोपमा ०६० कार्तिक ६ गते धामी लालबहादुर राईको नेतृत्वमा पूर्व वडाध्यक्ष नारायण श्रेष्ठ, तिलकबहादुरलगायत्का व्यक्तिहरुले गाउँको चौतारामा लगी दही, दुधले हातमुख र टाउको नुहाउन लगाई दण्डस्वरुप कुखुराको एउटा भाले र पाठी लिई बरपिपलमा भोग दिए। पीडितहरुले कहीं पनि उजुरी गरेनन्।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूत समेत

जरायोटार गाविस-१ का २० वर्षीय लालबहादुर भुजेललाई ०६० कार्तिक २० गते सोही ठाउँकी फूलमाया विश्वकर्मालाई अन्तरजातीय विवाह गरेका कारण बाबु दुर्गाबहादुर भुजेलले घरभित्र पस्न दिएनन्। पीडितहरु छिमेकीको गोठमा बसेर जीवन गुजारा गरिरहेका छन्।

विविध

संरचना क्षति

भोजपुर गाविस-१ देउरालीस्थित जिल्ला वन कार्यालयको पक्की भन्याङ्गमा ०६० भदौ ३१ गते माओवादीको एक समूहले बम विष्फोटन गराएपछि चारवटा कोठा क्षति भए।

भोजपुर गाविस-३ स्थित जर्मन प्राविधिक सहयोग संस्था (जीटीजेड) को कार्यालय भवनमा ०६० असोज १ गते माओवादीले आगलागी गराई भवन तथा कागजात र

भौतिक सामग्री नष्ट गरे। त्यसैगरी सोही समयमा टक्सारस्थित रहेको महेन्द्रपार्कमा रहेको महेन्द्रको अर्धकदको शालिकमा वम विष्फोट गराई क्षति पुऱ्याए।

भोजपुर गाविस-१ देउरालीस्थित प्रार्थमिक शिक्षक तालिम केन्द्रमा ०६० कार्तिक १७ गते पालेलाई नियन्त्रणमा लिई माओवादीले प्रशासनिक भवनमा आगलागी गराई १० लाख रुपैयाँ वरावरको क्षति पुऱ्याए।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्वन्धित)

यस वर्ष यस जिल्लामा २ महिला र १ पुरुषको भवितव्यमा मृत्यु भयो भने ४ महिला र ७ पुरुषले आत्महत्या गरे।

१.१० संखुवासभा



जनसंख्या	: १५९२०३
साक्षरता प्रतिशत	: ६१.५
महिला साक्षरता प्रतिशत	: ३४
क्षेत्रफल (वर्ग कि.मी.)	: ३४८६.१६
गाविस/नपा संख्या	: ३३/१
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३५४
क्याम्पस/उच्च मावि	: ३/६
अस्पताल/स्वास्थ्य चौकी	: २/३७
टेलिफोन लाइन	: ३३३
मोटर सडक (कि.मी.)	: ६३
प्रहरी कार्यालय संख्या	: ३
हुलाक संख्या	: ३६
मानव विकास सूचकांक	: ०.३६५
प्रति एक डाक्टर जनसंख्या	: ३९८०१
प्रति परिवार सरदर संख्या	: ५.१७

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या गोली

राज्यबाट

सितलपाटी गाविस-३ कात्तिकेमा एकजना माओवादी कार्यकर्तालाई ०५९ माघ ४ गते सुरक्षाकर्मीले हत्या गरे। सुरक्षाकर्मीले भिडन्तमा मारिएको जनाए। भोजपुर जिल्ला चौकीडाँडावाट पीडितलाई गिरफ्तार गरिएको स्थानीय वासिन्दा वताए।

भोजपुर जिल्ला कुलुकङ गाविस-२ मा पूर्व शिक्षक कृष्णवहादुर श्रेष्ठलाई अपहरण गरी लैजाँदै गरेका माओवादी र सुरक्षाकर्मीवीच रमितेडाँडामा जम्काभेट हुँदा सुरक्षाकर्मीको गोली लागि ०६० असार ११ गते पवन भनिने माओवादीको मृत्यु भयो।

खाँदबारी नपा-७ का शिक्षक युवराज घिमिरेको घरवाट नाम नखुलेका एक महिला र एक पुरुष माओवादी कार्यकर्तालाई ०६० भदौ १६ गते गिरफ्तार गरी माल्टा खोलामा ल्याएर गोली हानी हत्या गरे।

मकालु गाविस-१ का माओवादीहरु २३ वर्षीय तारावहादुर पराजुली र रत्नवहादुर पराजुलीलाई ०६० असोज २३ गते गस्तीमा गएका सुरक्षाकर्मीले मकालु वजारवाट गिरफ्तार गरी केही पर पुऱ्याई सोही दिन गोली हानी हत्या गरे।

खाँदवारी नपा-१० का २९ वर्षीय प्रल्हाद कार्कीलाई ०६० कार्तिक १३ गते सुरक्षाकर्मीले खाँदवारी नपा पाँठावाट गिरफ्तार गरी ०६० कार्तिक १४ गते स्यावुन गाविस-७ साँदिपल पुऱ्याई गोली हानी हत्या गरे।

नुम गाविस-४ का सर्वसाधारण ४२ वर्षीय तेन्जी शेर्पालाई माओवादीको आरोपमा ०६० कार्तिक २२ गते कोदोवारीमा कोदो रेखदेख गर्न गएको अवस्थामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

सभापोखरी गाविस-३ स्थित एक घरमा वसिरहेकी एक महिला माओवादी कार्यकर्तालाई ०६० मंसिर १५ गते सुरक्षाकर्मी आएको थाहा पाएपछि भाग्दै गर्दा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितको नाम खुल्न सकेन।

सिद्धपोखरी गाविस-४ मा एक महिला माओवादी छापामारलाई ०६० पुस ७ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितको नाम खुल्न सकेन।

माओवादीबाट

स्याबुन गाविस-९ का ३५ वर्षीय पञ्चबहादुर राईलाई सुराकीको आरोपमा ०६० भदौ ११ गते माओवादीले आफ्नै घरवाट अपहरण गरी ०६० भदौ १४ गते कुटपिट गरी हत्या गरे।

चैनपुर गाविस-९ का बैंकको सुरक्षा गार्ड ५८ वर्षीय मेघराज डाँगीलाई ०६० असोज १३ गते माओवादीले गोली हानी घाइते बनाएकोमा पीडितलाई सोही दिन हेलिकप्टरबाट काठमाडौं पुऱ्याई वीर अस्पतालमा उपचार गराउँदा-गराउँदै ०६० असोज २९ गते मृत्यु भयो।

नूनढ्याकी गाविस-१ की कृषक ३२ वर्षीय सीता घलेलाई सुराकीको आरोपमा ०६० असोज २० गते माओवादीले आफ्नै घरबाट अपहरण गरी बाह्रबिसे गाविसमा पुऱ्याई ०६० असोज ३० गते हत्या गरे।

खाँदबारी नपा-१० का जिल्ला प्रशासन कार्यालयका पियन ४० वर्षीय मानबहादुर मगरलाई ०६० असोज २५ गते राति ८.३० बजे आफ्नै घरमा सुतिरहेको अवस्थामा माओवादीले घरदेखि केही माथि लागि खुकुरी प्रहार गरी हत्या गरे।

खाँदबारी नपा-६ लेलुवाका पूर्व ब्रिटिश सेना ५६ वर्षीय छत्रबहादुर तामाङलाई सुराकीको आरोपमा ०६० असोज २१ गते राति १० बजे घरबाट माओवादीले अपहरण गरी ०६० असोज २८ गते मत्स्यपोखरी गाविसको बर्खेमा पुऱ्याई खुकुरी प्रहार गरी हत्या गरे।

तामाफोक गाविस-८ का ४० वर्षीय पूर्व सैनिक नरबहादुर राईलाई बन्दुक खोस्ने प्रयास गरेको आरोपमा ०६० असोज २६ गते माओवादीले आफ्नै घरमा गोली हानी हत्या गरे।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

मोरङ जिल्ला विराटनगर हरैचामोडका २५ वर्षीय प्रहरी जवान टंक चिमरियालाई ०६० कार्तिक २० गते राति १० बजे कर्फ्यू लागेको समयमा खाँदबारी नपा-३ मा हिँडिरहेको अवस्थामा सुरक्षाकर्मीले गोली हानी गम्भीर घाइते बनाए। पीडितलाई उपचारार्थ भोलिपल्ट बिहान काठमाडौं पुऱ्याइयो।

माओवादीबाट

दैलेख जिल्ला नारायण नपा-७ का प्रहरी हवल्दार २८ वर्षीय पूर्णबहादुर खड्का, महोत्तरी जिल्ला माइस्थान-७ का २७ वर्षीय ज्ञानबहादुर खड्का र प्रहरी जवान काभ्रेपलाञ्चोकका २२ वर्षीय कान्छा खत्रीलाई ०६० मंसिर १ गते खराङ गाविस-८ लुवाकोटमा तुम्लिङटारबाट चैनपुर जाँदै गर्दा माओवादीले विद्युतीय धराप विस्फोट गराई गम्भीर घाइते बनाए। पीडितहरूलाई उपचारार्थ सोही दिन हेलिकप्टरबाट धरान पुऱ्याइयो।

जेल र बन्दीहरू

"घ" श्रेणीको संखुवासभा जेलको क्षमता २५ जनाको भए पनि कैद तोकिएका र नजरबन्दमा राखिएका गरी ३४ जना बन्दी छन्। महिला र पुरुषका लागि २-२ कोठा, पानी र चर्पीको व्यवस्था भए पनि ढलको व्यवस्था छैन। ३ जना महिलासहित २० जना कैद तोकिएका र १४ जना नजरबन्दमा छन्। बन्दीहरूले टोपी बुन्ने गर्दछन्। मनोरञ्जनका लागि चेस, लुडो र क्यारेमबोर्डको व्यवस्था छ। टेलिफोनको सुविधा सुरक्षाकर्मीले सबै कुरा सुन्नेगरी उपलब्ध गराइएको छ। १ जनालाई जेलभित्र पसल राख्न दिइएको छ र उनलाई सामान किन्न बजारसम्म जाने सुविधा छ। तर, अदालत र जेलको दूरी १ दिन हिँड्नुपर्ने भएकोले बन्दीहरुलाई अदालत लैजान-ल्याउन कठिन छ।

बेपत्ता / अपहरण

राज्यबाट

बाना गाविस-३ का ३५ वर्षीय माओवादी कार्यकर्ता अमृत भनिने मानकाजी त्रिकलाई ०६० साउन २० गते सदरमुकाम खाँदबारीबाट गएका सुरक्षाकर्मीले बाना बजारमा गिरफ्तार गरी बेपत्ता पारे।

स्याउन गाविस-९ का २३ वर्षीय टेकनाथ जनप्रेमी दाहाललाई ०६० भदौ १६ गते खाँदबारी नपा-७ बाट सुरक्षाकर्मीले गिरफ्तार गरी सैनिक क्याम्पमा राखेकोमा हाल बेपत्ता पारिएको छ।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	५	४	१	५	३	४		४	६	७	१		८
घाइते					१	१		१	१		२	१	३
गिरफ्तारी/यातना									४	३६			३६
कुटपिट	१	१		१									
महिलाअधिकार	३		४	४									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१	१	१	२									
अपहरण					५	१५	२	१७					
जम्मा	१०	६	६	१२	९	२०	२	२२	११	४३	३	१	४७

आँखीभुई गाविस-८ का २० वर्षीय किरेन्द्र होङ्वा र सोही ठाउँका यमबहादुर कुवाललाई ०६० असोज १० गते खाँदवारीबाट गस्तीमा गएका सुरक्षाकर्मीले आफ्नै घरबाट गिरफ्तार गरी सैनिक क्याम्प, खाँदवारीमा राखी कुवाललाई ०६० असोज १४ गते मुक्त गरे भने किरेन्द्रलाई बेपत्ता पारे।

सिद्धपोखरी गाविस-४ पोखरीबजारबाट माओवादीका दुईजना कार्यकर्तालाई ०६० असोज चैनपुरबाट गस्तीमा गएका सशस्त्र प्रहरीले ०६० असोज २५ गते गिरफ्तार गरी सशस्त्र प्रहरी कार्यालय, चैनपुरबाट बेपत्ता बनाए। पीडितहरुको नाम, ठेगाना खुल्न सकेन।

सभापोखरी गाविस-४ की २१ वर्षीय राधिका दोर्जेलाई खाँदवारीबाट गस्तीमा गएका सुरक्षाकर्मीले आफ्नै घरबाट ०६० कार्तिक ३ गते गिरफ्तार गरी सैनिक क्याम्प, खाँदवारीमा राखेकोमा हालको अवस्था अज्ञात छ।

माओवादीबाट

बाना गाविस-६ का शिक्षक तथा नेकपा (एमाले) जिल्ला कमिटी सदस्य ४० वर्षीय मानसिं पोखेललाई ०५९ माघ ७ गते माओवादीले आफ्नै घरबाट अपहरण गरी ०५९ माघ १२ गते मुक्त गरे।

सोलुखुम्बु जिल्ला बुङ गाविस घर भई काल् बरुण राष्ट्रिय निकुञ्जमा कार्यरत कर्मचारीहरु २६ वर्षीय कमाण्डिङ राई, २७ वर्षीय पूर्णबहादुर राई र हटिया गाविसका सोही कार्यालयमा कार्यरत २७ वर्षीय पासाङ भोटेलाई ०६० वैशाख १६ गते मकालु गाविस सेदुवाबाट माओवादीले अपहरण गरी वैशाख २० गते सोही गाविसबाट मुक्त गरे।

चेपुवा गाविस-५ का जिविसका कर्मचारी ३२ वर्षीय दावा भोटेलाई ०६० जेठ २५ गते आफिसको कामले चेपुवा पुगेको अवस्थामा माओवादीले अपहरण गरी ०६० जेठ २६ गते दिउँसो मुक्त गरे।

सभापोखरी गाविस-५ का २२ वर्षीय सुवाष मादेन चोरी गरेको आरोपमा ०६० जेठ २८ गते सोमबारे बजारबाट माओवादीले अपहरण गरी ०६० साउन ७ गते मुक्त गरे।

स्याबुन गाविस-५ कुसुवाका २३ वर्षीय रामकुमार मादेन र ४५ वर्षीय दावा शेर्पालाई ०६० असार ५ गते बाना-५ बिहीवारे बजारबाट माओवादीले अपहरण गरी ०६० साउन ६ गते मुक्त गरे।

मकालु गाविस-६ का ३० वर्षीय दिलबहादुर राईलाई बिदामा घर आएको अवस्थामा ०६० साउन ३ गते राति अपहरण गरे। पीडित भागेर चार दिनपछि सदरमुकाम आइपुगे।

मकालु गाविस-७ का ३५ वर्षीय रामबहादुर राईलाई ०६० साउन ५ गते माओवादीले आफ्नै घरबाट अपहरण गरी ०६० साउन ६ गते मुक्त गरे।

बाह्रबिसे गाविस-७ का कृषक ३२ वर्षीय नन्दकुमार राईलाई ०६० भदौ २५ गते बिहान ७ बजे माओवादीले आफ्नै गोठबाट अपहरण गरी बेपत्ता पारे।

बाह्रबिसे गाविस-८ का नेकपा (एमाले) का कार्यकर्ता ३६ वर्षीय चन्द्रहाङ राईलाई ०६० भदौ २८ गते माओवादीले आफ्नै घरबाट अपहरण गरी ०६० भदौ ३० गते मुक्त गरे।

मकालु गाविस-८ का आरआरएनमा कार्यरत राजधन राई र सोही संस्थामा कार्यरत मदन जोशीलाई ०५९ भदौ २८ गते नूम गाविसबाट माओवादीले अपहरण गरी हटिया गाविस पुऱ्याई ०५९ भदौ २९ गते मुक्त गरे।

नुनढाकी गाविस-१ का २५ वर्षीय गोपाल घलेलाई ०६० असोज १ गते माओवादीले अपहरण गरी ०६० असोज २४ गते मुक्त गरे।

नुनढाकी गाविस-१ का ३५ वर्षीय जसबहादुर लिम्बुलाई ०६० असोज २० गते माओवादीले अपहरण गरी ०६० असोज २५ गते मुक्त गरे।

पाथीभरा गाविस-६ का कृषक ४९ वर्षीय मनबहादुर राईलाई सुराकीको आरोपमा ०६० कार्तिक ५ गते माओवादीले अपहरण गरी कुटपिट गरेर हिँडाइरहेको अवस्थामा खोलामा हाम्फालेर ०६० कार्तिक २६ गते मुक्त भए।

जलजला गाविस-३ का ३७ वर्षीय जीवनकुमार राईलाई ०६० कार्तिक १६ गते माओवादीले आफ्नै घरबाट अपहरण गरी कुटपिट गरे। पीडित ०६० कार्तिक १९ गते भागेर मुक्त भए।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

खाँदवारी नपा-१३ तुम्लिङ्टारका २२ वर्षीय राजु विश्वकर्मालाई पशु छाडा छाडेको आरोपमा ०५९ चैत १ गते सशस्त्र प्रहरी बेस क्याम्प, तुम्लिङ्टारका एक प्रहरीले कुटपिट गर्नुका साथै ५ सय रुपैयाँ जरिवाना गरे। पीडितलाई ०५९ चैत ३ गते खाँदवारी अस्पतालमा भर्ना गरियो।

खाँदवारी नपा-९ पाँढाका शिक्षक ३४ वर्षीय पदम दाहाललाई हिमालय मावि परीक्षा केन्द्रमा एसएलसी परीक्षामा चीट चोराएको आरोपमा ०५९ चैत १७ गते सुरक्षाकर्मीले कुटपिट गरे।

चैनपुर गाविस-३ चैनपुर बजारका २१ वर्षीय अमिर शाक्य र आशिम शाक्यलाई र खाँदवारी नपा-२ का

उद्योगी ५६ वर्षीय पुष्पबहादुर श्रेष्ठलाई ०६० कार्तिक १० गते देउसी खेल्न लागेको अवस्थामा सशस्त्र प्रहरीले मादक पदार्थ सेवन गरी कुटपिट गरे।

वाना गाविस-२ का नेकपा (एमाले) का कार्यकर्ता ४५ वर्षीय डम्बरबहादुर श्रेष्ठको घर ०६० मंसिर २२ गते सशस्त्र प्रहरीले घेरी उनकी पत्नीलाई धम्की दिई एमाले इलाका कमिटीको माइक र भण्डा लुटे।

खाँदबारी नपा-३ का जिल्ला प्रशासनका लेखापाल ५० वर्षीय योगराज खड्कालाई ०६० पुस १५ गते आफ्नै घरमा सुरक्षाकर्मीले कुटपिट गरे।

माओवादीबाट

भोजपुर जिल्ला कुलुङ गाविस-२ अग्राखेका शिक्षक ४४ वर्षीय जर्मन कार्कीलाई चन्दा नदिएको आरोपमा ०५९ फागुन १९ गते घर नजिकैका ४१ वर्षीय देब्रे भनिने इन्द्रबहादुर कार्की र प्रकाश भनिने माओवादी कार्यकर्ताहरुले खुकुरी प्रहार गरी गम्भीर घाइते बनाए।

मत्स्यपोखरी गाविस-२६ का कृषक चन्द्रबहादुर गुरुङलाई ०६० असार ८ गते माओवादी कार्यकर्ताले आफ्नै घरबाट अलि पर लगेर कुटपिट गरे।

नुनढाकी गाविस-१ का पसले ३५ वर्षीय राजन श्रेष्ठलाई ०६० असोज २३ गते माओवादीले आफ्नै पसलमा बन्दुकले हिर्काएर कुटपिट गरी घाइते बनाए।

खाँदबारी नपा-१० की तारादेवी राउत र उनका छोरा २५ वर्षीय बाबुराम राउतलाई ०६० असोज २५ गते राति ८.३० बजे आएका माओवादीले कुटपिट गरी घरमा बम पड्काई ध्वस्त पारे।

खाँदबारी नपा-१ का ३४ वर्षीय कैलाशेश्वर मन्दिरकी माता इन्द्रकुमारी श्रेष्ठ र उनका पति ४९ वर्षीय लालबहादुर श्रेष्ठलाई ०६० असोज २५ गते माओवादीले कुटपिट गरी माताको लट्टासमेत काटेर लगे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा १ सय ४३ मुद्दा दर्ता भएको ४४ फर्स्योट भई ९९ वटा बाँकी रहे। जसमा, किर्ते ३ मा १ बाँकी, ज्यानमार्ने उद्योग ७ मा ६ बाँकी, कर्तव्यज्यान ६ मा ४ बाँकी, चोरी डाँका ३ मा ३ बाँकी, जबरजस्ती २ मा २ फर्स्योट, सरकारवादी २१ मा १४ बाँकी, देवानी १३ मा ११ बाँकी, लेनदेन १५ मा १० बाँकी, दर्ता बदर, निर्णय बदर, हक सफा, लिखत, अपुताली किरिया खर्च, जग्गा बिथोला, फैसला बदर, बाली बिगो गरी ४२ मा ३३ बाँकी, धनमाल १ मा १ बाँकी, साधारण फौज्दारी, संक्षिप्त फौज्दारी, जालसाजी ४ मा ३ बाँकी, कुटपिट ३० मा १२ बाँकी, करकाप ३ मा ३ बाँकी, सम्बन्ध विच्छेद २ मा २ बाँकी, हाडनाता करणी २ मा २ बाँकी, जारी १ मा १ बाँकी, मोही ६ मा ६ बाँकी र गाली बेइज्जती २ मा २ बाँकी रहे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

विस्थापित

यस वर्ष सशस्त्र द्वन्द्वका कारण १२ घरका ४ महिला र ८ पुरुष विस्थापित भए। विस्थापित हुनेहरु बढीजसो माओवादी पीडित छन्। विस्थापितहरुमध्ये कृषक र शिक्षक बढी छन्। पीडितहरु जिल्ला सदरमुकाम, काठमाडौं, दार्जिलिङ्ग जस्ता ठाउँहरुमा विस्थापित भएर गएका छन् भने हाल कसैले पनि कुनै प्रकारको सेवा, सुविधा पाएका छैनन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

खाँदबारी नपा-१० नयाँबजारका शिक्षक ४९ वर्षीय अयोध्याकुमार दाहाललाई माओवादीको आरोपमा ०५९ पुस २५ गते घरबाट सेनाले गिरफ्तार गरी सैनिक क्याम्पबाट पुस २६ गते रिहा गरे।

सितलपाटी गाविस-१ का शिक्षक २६ वर्षीय खेमराज गुरागाईलाई सोही गाविस-५ नागेश्वरीबाट, सितलपाटी गाविस-६ खर्तुवाका १८ वर्षीय राजु राई र १९ वर्षीय खगेन्द्र खवासलाई माओवादीको आरोपमा ०५९ पुस २६ गते आ-आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुमध्ये खेमराजलाई पुस २८ गते तथा राजु र खगेन्द्रलाई माघ ३ गते खाँदबारी नपा-१० स्थित सैनिक क्याम्पबाट तारेखमा रहने गरी रिहा गरियो। आफूहरुलाई मारिदिने धम्की दिनुका साथै कुटपिट पनि गरिएको पीडितहरुले बताए।

हटिया गाविस-१ का शिक्षक २१ वर्षीय बुदोक भोटेलाई माओवादीको आरोपमा ०६० जेठ २९ गते सुरक्षाकर्मीको संयुक्त टोलीले सदरमुकाम खाँदबारी आउँदै गर्दा हटियाबाट गिरफ्तार गरी प्रहरी हिरासतमा राखे।

माओवादीद्वारा खुकुरी प्रहार गरी हत्या गरिएका मानबहादुर मगर

खाँदबारी नपा-१ का मजदुर ३१ वर्षीय रामबहादुर श्रेष्ठलाई माओवादीको आरोपमा ०६० असार २७ गते भोजपुर जिल्ला बोया घर भई खाँदबारी नपा-१ डेरा गरी बस्ने डिल्लीराम खत्रीको कोठबाट सादा पोशाकमा आएका प्रहरीले गिरफ्तार गरी तारेखमा रिहा गरे।

स्याबुन गाविस-९ का २४ वर्षीय विक्रम राईलाई ०६० साउन ६ गते आफ्नो डेरा खाँदबारी नपा-१ बाट सादा पोशाकमा आएका प्रहरीले विनापुर्जी गिरफ्तार गरी ०६० साउन ७ गते तारेखमा रिहा गरे।

धुपु गाविस-१ का २० वर्षीय देवेन्द्र श्रेष्ठ र सोही ठाउँका २२ वर्षीय दीपक श्रेष्ठलाई पासपोर्ट बनाउन आउँदा माओवादीको आरोपमा जिल्ला प्रशासन कार्यालयबाट ०६० भदौ १९ गते प्रहरीले गिरफ्तार गरी ०६० भदौ २० गते रिहा गरे।

दिदिङ्ग गाविस-३ का मजदुर ४५ वर्षीय चन्द्रबहादुर राई र चन्द्रपाल राईलाई ०६० भदौ २७ गते खाँदबारी नपा-३ मानेभञ्ज्याङ्गमा चामल किन्न आएको अवस्थामा खाँदबारीबाट गस्तीमा गएका सादा पोशाकका सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुलाई कुटपिट गरी ०६० भदौ २८ गते रिहा गरियो।

खराङ्ग गाविस-८ का मानसिक सन्तुलन ठिक नभएका २० वर्षीय निरकुमार चौहानलाई माओवादीको आरोपमा ०६० भदौ ३१ गते सुरक्षाकर्मीले गिरफ्तार गरी कुटपिट गरेर सशस्त्र प्रहरी बेस क्याम्प, तुम्लिङ्गटारमा राखी ०६० असोज ४ गते रिहा गरे।

चुपुवा गाविस-४ च्याम्ताङ्गका २१ वर्षीय ज्याम्याङ्ग सिरप भोटेलाई ०६० असोज १ गते आफ्नो कामले खाँदबारी आएको अवस्थामा जिल्ला प्रशासन कार्यालयबाट प्रहरीले गिरफ्तार गरी ०६० असोज २ गते रिहा गरे।

बाह्रबिसे गाविस-६ का माओवादी कार्यकर्ता २२ वर्षीय ज्ञानु सुब्बा र सोही ठाउँका विद्यार्थी १७ वर्षीय सुवेन्द्र सुब्बालाई माओवादीको आरोपमा ०६० असोज १० गते सुरक्षाकर्मीले खराङ्ग गाविस-९ बैरेनी बाटोबाट गिरफ्तार गरी सुवेन्द्रलाई ०६० असोज १४ गते रिहा गरे भने ज्ञानुलाई हाल पूर्वी पृतना हेडक्वार्टर राखिएको छ। पीडितले आत्मसमर्पण गरिसकेकी छन्।

माओवादीद्वारा हत्या गरिएका छत्रबहादुर तामाङ

सितलपाटी गाविस-६ का ३५ वर्षीय कृष्णलिलाबहादुर गुरुङलाई माओवादीको आरोपमा ०६० असोज २० गते गस्तीमा गएका सैनिकले आफ्नै घरबाट गिरफ्तार गरी २५ गते रिहा गरे।

खाँदबारी नपा-७ माल्टाका शिक्षक ३२ वर्षीय रुद्रबहादुर दर्जीलाई माओवादीको आरोपमा ०६० असोज २६ गते काठमाडौं जान लागेको अवस्थामा तुम्लिङ्टार विमानस्थलबाट प्रहरीले गिरफ्तार गरी ०६० कार्तिक ३ गते रिहा गरे।

खाँदबारी नपा-१ राम्चेका प्रेसमा काम गर्ने मजदुर १८ वर्षीय गोपाल काफ्लेलाई माओवादीको आरोपमा ०६० असोज २९ गते आफ्नो काममा आएको अवस्थामा मालिकको घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी सोही दिन साँझ तारेखमा रिहा गरे।

धुपु गाविस-३ घर भई खाँदबारी नपा-१ मा टेलरिङ चलाई बस्ने ३२ वर्षीय स्काउट दर्जीलाई माओवादीको आरोपमा ०६० असोज ३० गते खाँदबारी नपास्थित आफ्नै डेराबाट सादा पोशाकमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरी ०६० कार्तिक ५ गते रिहा गरे।

बाह्रबिसे गाविस-६ का २२ वर्षीय खड्गबहादुर राईलाई ०६० कार्तिक ३ गते गस्तीमा गएका सुरक्षाकर्मीले गिरफ्तार गरी चार दिन सैनिक हिरासतमा राखी ०६० कार्तिक ७ गते रिहा गरे।

सभापोखरी गाविस-१ का ३० वर्षीय कर्णबहादुर घलेलाई माओवादीको आरोपमा ०६० कार्तिक ३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी कार्तिक ४ गते रिहा गरे।

बाह्रबिसे गाविस-७ का शिक्षक ३४ वर्षीय रत्न सुब्बालाई ०६० कार्तिक ३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी सुरक्षा क्याम्प, खाँदबारीमा ल्याई ०६० कार्तिक ४ गते रिहा गरे।

सभापोखरी गाविस-२ की ४५ वर्षीय गौरी लिम्बूलाई ०६० कार्तिक ३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी ०६० कार्तिक ४ गते रिहा गरे।

मत्स्यपोखरी गाविस-२ का कृषक ५७ वर्षीय चन्द्रबहादुर गुरुङ र ३६ वर्षीय बसन्त गुरुङलाई माओवादीको आरोपमा ०६० कार्तिक ५ गते सुरक्षाकर्मीले आफ्नै घरबाट गिरफ्तार गरी ०६० कार्तिक ९ गते रिहा गरे।

माओवादीद्वारा लट्टा काटिएकीकैलाशेश्वर मन्दिरकी माता इन्द्रकुमारी श्रेष्ठ

धुपु गाविस-९ का कृषक ६४ वर्षीय मोहन गुरागाईलाई माओवादीको आरोपमा ०६० कार्तिक ३ गते खाँदवारीबाट गस्तीमा गएका सुरक्षाकर्मीले आफ्नै घरबाट गिरफ्तार गरी खाँदबारीस्थित गुरु बक्स गुल्ममा ४ दिन हिरासतमा राखी कुटपिट गरी ०६० कार्तिक ७ गते रिहा गरे। पीडितलाई गत वर्ष पनि गिरफ्तार गरी यातना दिइएको थियो।

पाथीभरा गाविसका २२ वर्षीय नरवहादुर अधिकारीलाई माओवादीको आरोपमा ०६० कार्तिक ८ गते खाँदवारी नपा-१ शनिवारेवजार टुँडिखेलवाट प्रहरीले गिरफ्तार गरी ०६० कार्तिक २९ गते रिहा गरे।

खाँदवारी नपा-१ का व्यापारीहरु ३५ वर्षीय अश्विन वज्राचार्य, ६० वर्षीय सुन्दरलाल श्रेष्ठ र मदन घिमिरेलाई घरमा जुवा खेलाएको आरोपमा ०६० कार्तिक ९ गते सादा पोशाकमा आएका प्रहरीले गिरफ्तार गरी राति ८ बजे रिहा गरे।

जलजला गाविस-२ का कक्षा ९ मा अध्ययनरत १६ वर्षीय हरिप्रसाद लिम्बुलाई माओवादीको आशंकामा ०६० पुस ३ गते विद्यालयबाट घर जाँदै गर्दा सिद्धपोखरी गाविसको पोखरीबाट चैनपुरबाट गस्तीमा गएका सशस्त्र प्रहरीले गिरफ्तार गरी कुटपिट गर्दै सशस्त्र प्रहरी बेस क्याम्पमा ल्याएर ०६० पुस ५ गते रिहा गरे।

सिद्धपोखरी गाविस-५ का ५० वर्षीय परेवा नुर्वु शेर्पालाई माओवादीको आरोपमा ०६० पुस ७ गते चैनपुरबाट गस्तीमा गएका सशस्त्र प्रहरीले गिरफ्तार गरी पुस ११ गते रिहा गरे।

बालअधिकार

खराङ्ग गाविस-८ का अर्जुन राई र उनकी पत्नी सुकलक्ष्मी राईले धरान चताराबाट घर फर्कदै गर्दा बाटोमा आफ्नो १५ दिनको छोरा रविन राईलाई घाँटी निमोठी हत्या गरेर ०६० असोज ३ गते सभाखोलामा फ्याँके। पीडकहरुलाई तुम्लिङ्टारबाट गस्तीमा गएका सशस्त्र प्रहरीले गिरफ्तार गरी असोज २६ गते मुद्दा चलाएर थुनामा राखियो।

खाँदबारी नपा-९ की ३३ वर्षीय दिलकुमारी मगर र छिमेकी भोडाविक्रम मगरबीचको यौन सम्पर्कबाट ०६० मंसिर ८ गते बच्चा जन्मिएपछि बच्चा मारेर करेसामा गाडेको गाउँलेहरुले थाहा पाएपछि पीडकलाई समातेर जिल्ला प्रहरी कार्यालयमा बुझाए। पीडकहरु दुवैलाई जेल चलान गरियो।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

ताम्कु गाविस-१ की १३ वर्षीय एक बालिकालाई ०५९ माघ ११ गते आफ्नै पसलमा एक्लै भएको अवस्थामा सोमबहादुर राईले बलात्कार गरे। पीडकलाई थुनामा राखियो।

खाँदबारी नपा-१२ की ५३ वर्षीय एक महिलालाई ०६० जेठ २० गते एक्लै भएको मौका पारेर सोही ठाउँका मिलन घलेले बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

मोरङ जिल्ला बयरवन गाविस-६ का २७ वर्षीय भक्तवहादुर गुरुङले आफ्नै पत्नी २३ वर्षीय कोपिला गुरुङलाई ०६० वैशाख १० गते सितलपाटी गाविस-७ कात्तिकेमा बाटोमा बसिरहेको अवस्थामा एक्कासी ढुङ्गा प्रहार गरी हत्या गर्ने प्रयास गरे। पीडितलाई खाँदवारी अस्पतालमा भर्ना गरियो भने पीडकलाई प्रहरीको जिम्मा लगाइयो। पीडितलाई पीडकले वैशाख ७ गते बयरवन गाविस-७ बाट भगाएर विवाह गरी ल्याएका थिए।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूत समेत

सितलपाटी गाविस-४ का १३ वर्षीय विन्दा विकलाई धारातिर पानी लिन गइरहेको अवस्थामा सोही ठाउँका ४० वर्षीय सावित्रा श्रेष्ठले पूजा गर्न लिएर आएको पानी छोइदिएको आरोपमा ०६० साउन २६ गते कुटपिट गरिन्। पीडितले जिल्ला प्रशासन कार्यालयमा उजुरी गरेकाले पीडकलाई ४ हजार रुपैयाँ जरिवाना गरी मिलापत्र गराइयो।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा २ महिला र १४ वर्षीय १ बालिकाले झुण्डिएर आत्महत्या गरे भने १ बालकको खोलामा डुबेर मृत्यु भयो।

१.११ सप्तरी



जनसंख्या	: ५७७४३८
साक्षरता प्रतिशत	: ३९
महिला साक्षरता प्रतिशत	: १७
क्षेत्रफल (वर्ग कि.मी.)	: १३६३
गाविस/नपा संख्या	: ११४/१
निर्वाचन क्षेत्र	: ५
विद्यालय	: ३१५
क्याम्पस/उच्च मावि	: २/७
अस्पताल/स्वास्थ्य चौकी	: १/४५
टेलिफोन लाइन	: २६४६
मोटर सडक (कि.मी.)	: २६३
प्रहरी कार्यालय संख्या	: ४२
हुलाक संख्या	: ११६
मानव विकास सूचकांक	: ०.३७४
प्रति एक डाक्टर जनसंख्या	: २८५१४
प्रति परिवार सरदर संख्या	: ५.६४

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

फत्तेपुर गाविस-३ का ४२ वर्षीय राजकुमार भुजेललाई माओवादीको आरोपमा ०६० भदौ ११ गते सुरक्षाकर्मीले उदयपुर जिल्लाको सीमास्थित सुन्दरपुर जंगलमा गोली हानी हत्या गरे।

पातो गाविस-२ का ३५ वर्षीय विजली यादवलाई माओवादीको आरोपमा ०६० भदौ २७ गते सुरक्षाकर्मीले घाइते अवस्थामा गिरफ्तार गरेपछि जमुनी मधेपुरा गाविस-९ भथौलटोलदेखि १ सय मिटर उत्तरमा पर्ने खेतमा गोली हानी हत्या गरे। सुरक्षाकर्मीले गाउँलेलाई बोलाई लास खेतमै गाड्न लगाए।

झुटकी गाविस-३ का ३४ वर्षीय वीरेन्द्र यादव र सोही गाविस-२ का सियाराम ठाकुरलाई माओवादीको आरोपमा ०६० कार्तिक २६ गते सुरक्षाकर्मीले गिरफ्तार गरी कार्तिक २७ गते नजिकैको नहरको साइफनमा पुऱ्याई गोली हानी हत्या गरे।

माओवादीबाट

मौवाबेल्ही गाविस-७ का निवर्तमान गाविस अध्यक्ष ४५ वर्षीय सियाराम झालाई सुराकीको आरोपमा ०६० असोज १ गते आफ्नै घरबाट केही पर लगी माओवादीले गोली हानी हत्या गरे।

कल्याणपुर बजारस्थित इलाका प्रहरी कार्यालयमा ०६० असोज १२ गते ५.४५ बजे प्रहरीहरु खाना खाइरहेको अवस्थामा माओवादीले आक्रमण गर्दा झापा जिल्ला दमक नपा-६ का खेम थापा, कुमार चौधरी, दीपक गिरी तथा स्याङ्जा सेती दोभान गाविस-६ का राजु भुजेल गरी ४ जना प्रहरीको मृत्यु भयो।

इटहरी नपा-५ का शेपराज वन्जाराको उदयपुरको सिवाईमा भएको विद्युतीय धरापमा परि ०६० कार्तिक १२ गते फत्तेपुर गाविस-३ स्थित स्वास्थ्य चौकीमा मृत्यु भयो।

नेगडा गाविस-४ का निर्वतमान गाविस अध्यक्ष तथा नेकपा (एमाले) का कार्यकर्ता ६५ वर्षीय जनार्दन गोठिया यादवलाई ०६० कार्तिक १२ गते घर नजिकैको चोकस्थित पान पसलमा पान खाइरहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे ।

सिमरासिगियौन गाविस-८ कनकट्टाका ६९ वर्षीय रामफल साफी रजकलाई ०६० कार्तिक १७ गते आफ्नै घरबाट केही पर पुऱ्याई माओवादीले घाँटीमा वञ्चरो प्रहार गरी हत्या गरे।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

छिन्नमस्ता गाविस-२ का निवर्तमान गाविस अध्यक्ष सत्यनारायण यादवलाई निशाना बनाई ०६० कार्तिक १० गते माओवादीले सकेट बम प्रहार गरे। सो घटनामा ४५ वर्षीया कोशिलादेवी शर्मा घाइते भइन्।

अन्यबाट

जमुनी मधेपुरा गाविस-७ का ५० वर्षीय अवधलाल खंग खत्वेलाई अपरिचित व्यक्ति गाउँमा नल्याउन भनी सुझाव दिएको कारण ०६० कार्तिक ३० गते जमुनी मधेपुरा-७ का विलेतिया सदा र फुलेश्वर सदासमेतले गोली हानी घाइते बनाए। पीडितको सगरमाथा अञ्चल अस्पतालमा उचार गरियो। पीडक विरुद्ध जाहेरी दिइएको छ।

जेल र बन्दीहरु

"ग" श्रेणीको यस जेलको बन्दी क्षमता १ सय २५ जनाको छ। यस जेलमा कैद नतोकिएका २ महिला र ३४ पुरुष ३६ तथा कैद तोकिएका १ महिला र ७६ पुरुष गरी कूल १ सय १३ जना बन्दी छन् भने राजनीतिक बन्दीको संख्या ५ छ। जेललाई सुधार गृहको रुपमा विकास गर्न आधुनिक उपकरणको जडान हुनुपर्ने, भवनको जिर्णोद्वार गरिनु पर्ने, जग्गाको संरक्षण गरिनु पर्ने, सम्बन्धित निकायबाट बन्दीहरुको लागि सीपमूलक तालिमको व्यवस्था हुनुपर्ने र सूचना प्रविधिको आधुनिकीकरण गरिनु पर्ने धारणा जेलर प्रकाश कोइरालाको छ।

बेपत्ता / अपहरण

राज्यबाट

मधुपट्टी गाविस-७ का ३८ वर्षीय ओमबहादुर खड्कालाई माओवादीको आरोपमा ०६० कार्तिक १७ गते सादा पोशाकमा आएका सुरक्षाकर्मीले बेपत्ता पारेकोमा २० दिनपछि सिरहा सैनिक क्याम्पबाट रिहा गरियो।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

अर्नाहा गाविस-८ का ८० वर्षीय नटाई राम, ४० वर्षीय वद्री राम, ३७ वर्षीय कमलीदेवी राम, सीयावती राम, दुर्गीदेवी राम र जानकीदेवी रामलाई ऐलानी जग्गामा घर बनाएको आरोपमा ०५९ माघ २ गते इलाका प्रहरी कार्यालय, पार्ताका असई शंकर चौधरी र सोही ठाउँका रामदेव साहसमेतले मरणासन्न हुनेगरी कुटपिट गरे। पीडित कमलीदेवीको सगरमाथा अञ्चल अस्पताल राजविराजमा उपचार गरियो।

भारदह गाविस-८ का नरेश महतो, पोर्ताहा गाविस-८ का बद्री यादव र गोविन्द यादवलाई माओवादीले तुल झुण्ड्याएको विषयमा अनभिज्ञता प्रकट गरेको आरोपमा ०६० मंसिर १५ गते सुरक्षाकर्मीले कुटपिट गरे।

माओवादीबाट

सीतापुर गाविस-१ का जण्डौल गाविसका सचिव रामकुमार चौधरीलाई चन्दा नदिएको आरोपमा ०६० भदौ २७ गते माओवादीले कुटपिट गरे।

जमुनी मधेपुरा गाविस-९ का बद्रीनारायण साहलाई सुराकीको आरोपमा ०६० असोज १ गते माओवादीले कुटपिट गरी हातखुट्टा भाँचिदिए। पीडितको धरान अस्पतालमा उपचार गराइयो।

लोहजरा गाविस-५ का नेकाँ (प्रजातान्त्रिक) का कार्यकर्ता सत्यनारायण मण्डललाई ०६० कार्तिक १६ गते माओवादीले खुकुरी प्रहार गरी घाइते बनाए। पीडितलाई उपचारका लागि धरान लगियो।

बोदेवर्साइन गाविस-७ का पूर्वसांसद मृगेन्द्रकुमार सिंह यादवको घरमा ०६० कार्तिक २९ गते माओवादीले पार्टीको झण्डा गाडी घरमा तालाबन्दी गरे। स्थानीय प्रशासनले ताला तोड्यो।

हरिहरपुर गाविस-५ का फनिलाल चौधरीलाई ०६० मंसिर १३ गते आफूलाई माओवादी बताउने एक

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	८	६	२	८	५	८		८	३	४		४
घाइते	२	२	१	३	२	२		२	२	६		६
गिरफ्तारी / यातना									१६	३०		३०
बेपत्ता									१	१		१
कुटपिट	४	१०	५	१५	८	१२	२	१४	३	७	४	११
धम्की	१	१		१	१	१		१				
जातीय विभेद	१	२	१	३								
भूमिहीन / सुकुम्वासी	१	१		१								
महिलाअधिकार	११		१२	१२								
वालअधिकार	३		३	३								
आर्थिक / सामाजिक / सांस्कृतिक अधिकार	२	३		३					१		१	१
अमानवीय व्यवहार	१	१		१								
जम्मा	३४	२६	२४	५०	१६	२३	२	२५	२६	४८	५	५३

समूहले कुटपिट गरी ६० हजार रुपैयाँ बराबरको धनमाल लुटेर लगे।

गोइठी गाविस-३ का रमेश साहलाई सुराकीको आरोपमा आफूलाई माओवादी बताउने एक समूहले ०६० मंसिर २३ गते कुटपिट गरे।

शम्भुनाथ गाविस-२ का ५० वर्षीय सीताराम राउत, उनका छोरा श्रीकान्त राउत र ताराकान्त राउतलाई ०६० पुस ४ गते आफूलाई माओवादी बताउने एक समूहले खुकुरी प्रहार गरी कुटपिट गरे। ताराकान्त गम्भीर घाइते भएकाले उपचारका लागि धरान लगियो।

सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएका अनेरास्ववियुका दिनेश यादव

बकधुवा गाविस-८ का भोला लेखी, अमरिकादेवी चौधरी र किशोरकुमार चौधरीलाई ०६० पुस ६ गते माओवादीले कुटपिट गरी धनमाल लुटेर लगे।

अभिव्यक्ति भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

पाँच राजनीतिक दलले राजविराजमा आयोजना गरेको पुत्ला जुलुसमाथि प्रहरीले ०६० वैशाख २७ गते लाठिचार्ज गर्‍यो। लाठिचार्जबाट पूर्वमन्त्री अनिस अन्सारी, पूर्वसांसद हिरालाल चौधरी, एमालेका जिल्ला सचिव दिवाकर देवकोटा, नेकाँका उसमान मिया, जगरनाथ दासलगायत्का नेता घाइते भए।

पाँच राजनीतिक दलले आह्वान गरेको कार्यक्रमअन्तर्गत पातो गाविस-१ मा ०६० वैशाख २८ गते निकालिएको मसाल जुलुसमा प्रहरीले लाठिचार्ज गरे। उक्त लाठिचार्जबाट नर्घो गाविस-३ का रामविलास मण्डल घाइते भए।

राजविराज नपा-६ का नेकपा (एमाले) जिल्ला कमिटी सचिव दिवाकर देवकोटा, एमालेका हिरण्य गुप्ता, दिनेश यादव, नेकाँका सचिव सुशील सेवा, डा. सुवोध पोखरेल, जनमोर्चा नेपालका केन्द्रीय उपाध्यक्ष कमलनारायण चौधरीलगायत्का नेतालाई जिल्ला प्रशासन कार्यालयमा धर्ना दिएको आरोपमा ०६० जेठ ९ गते प्रहरीले गिरफ्तार गरी रिहा गरे।

राजविराज नपा-१ का नेविसंघका नेता अर्जुन साहलाई ०६० असार १७ गते मन्त्रीलाई कालो झण्डा देखाएको आरोपमा प्रहरीले लाठिचार्ज गरी घाइते बनाए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

राजविराज नपा-५ का राजविराज अञ्चल अस्पतालमा कार्यरत अनमी प्रमिलाकुमारी साहलाई १२ वर्षदेखि कार्यरत रहेको पदबाट रामनरेशसिंह समेत अस्पताल विकास समितिको आदेश अनुसार भनी हाजिर नगराएपछि पुनरावेदन अदालत, राजविराजले ०६० साउन ११ गते अन्तरिम आदेश जारी गरी हाजिर नगराउने र काममा नलाउने कार्य नगर्नु, नगराउनु भनी निर्णय सुनायो।

जिल्ला अदालतमा देवानी र फौज्दारी मुद्दा गरी गत वर्ष फर्स्यौट हुन बाँकी १ हजार ९ सय ५५ र यसवर्ष दर्ता भएका ७ सय ५० मुद्दा गरी कूल २ हजार ७ सय ५ मुद्दा रहेकोमा ०६० मंसिर मसान्तसम्म ६ सय १८ फर्स्यौट भई कूल २ हजार ८७ मुद्दा फर्स्यौट हुन बाँकी छन्। जसमध्ये, देवानी दुनियावादी ३ गरी ६ मुद्दा ६ वर्षदेखि फर्स्यौट भएका छैनन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

सप्तरी जिल्लामा सुकुम्बासी तथा अव्यवस्थित वसोवाससम्बन्धी २४ हजार ४ सय ६० निवेदन परेकोमा २ सय ३७ सुकुम्वासीलाई ३५ विगाहा ८ कट्ठा ३ धुर र अव्यवस्थित ४ सय ९९ लाई १ सय ४ विगाहा ५ कट्ठा १५ धुर जग्गा वितरण गरिएको छ। निर्णय भई ५३ सुकुम्वासीलाई ३ विगाहा ३ कट्ठा ६ धुर र २ सय ५५ अव्यवस्थित वसोवास गरेकाहरुलाई १ सय ५१ विगाहा ४ कट्ठा १३ धुर जग्गा वितरण गर्न बाँकी छ।

दलित छात्रवृत्तिअन्तर्गत २ हजार दलित छात्रछात्राहरुको लागि प्रतिव्यक्ति वार्षिक २ सय ५० रुपैयाँका दरले ५ लाख रुपैयाँ निकासा भई आएको तर सम्पूर्ण रकम वितरण भइनसकेको, जसमा हालसम्म ३ सय १ छात्र र १ सय ४६ छात्रा गरी ४ सय ४७ जनालाई १ लाख ११ हजार ७ सय २० रुपैयाँ वितरण भएको र अपांगअन्तर्गत ३५ जनालाई १ लाख ६१ हजार ८ सय २ रुपैयाँ निकासा भइआएको र वितरण प्रकृयामा रहेको जिल्ला शिक्षा कार्यालयले जनायो।

राजविराज नपा-२ का ८६ वर्षीय वगंटु झालाई राजविराज नपाले रेकर्ड नभएको भनी वृद्ध भत्ताबाट वञ्चित गरेको कुरा ०६० पुस १६ गते जानकारी गराए। ८ वर्षदेखि बृद्ध भत्ता खाइपाई आएको तर हाल रोक्का गरिएको पीडितले बताए।

यस जिल्लामा जेष्ठ नागरिक पुरुष १ हजार ९ सय ८ र महिला १ हजार ७ सय ४३, असहाय महिला ६ हजार ३ सय ६५, अपाङ्ग पुरुष ३५ र महिला ११ रहेका छन्।

हालसम्म सप्तरी जिल्लामा १ करोड १४ लाख ६२ हजार ५ सय रुपैयाँ निकासा भइआएकोमा २७ लाख ५० हजार १ सय ५० रुपैयाँ प्रथम चौमासिक निकासा गाविसमा पठाएको जिविसले जनायो।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

कञ्चनपुर गाविस-१ का १२ वर्षीय राजकिशोर पासमानलाई गलत सूचना दिएको आरोपमा ०५९ माघ ९ गते प्रहरीले गिरफ्तार गरी ४ दिनपछि रिहा गरे।

रौतहट गाविस-७ का ६० वर्षीय नथर चौधरीलाई माओवादीको आरोपमा ०६० असोज १४ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित हाल नजरबन्दमा छन्।

ब्रम्हपुर गाविस- ३ का ५५ वर्षीय रामविलास शरणलाई माओवादीको आरोपमा ०६० कार्तिक २ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा हाल नजरबन्दमा राखिएको छ।

डिमन गाविस-४ का २३ वर्षीय संजयकुमार यादवलाई माओवादीको आरोपमा ०६० कार्तिक १५ गते प्रहरीले गिरफ्तार गरेकोमा हाल नजरबन्दमा राखिएको छ।

देउरी गाविस-४ का ४२ वर्षीय शिवेन मण्डललाई माओवादीको आरोपमा ०६० कार्तिक २३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी नजरबन्दमा राखिएको छ।

हरिपुर गाविस-८ का नेकपा (एमाले) का कार्यकर्ता सत्यनारायण साहलाई माओवादीको आरोपमा ०६० पुस ५ गते सुरक्षाकर्मीले आफ्नै घरबाट गिरफ्तार गरे।

लालापट्टी गाविस-२ का अनेरास्ववियुका केन्द्रीय सदस्य दिनेश यादव, राजविराज नपा-१ का नेविसंघका जिल्ला अध्यक्ष अर्जुन साह र नेपाल ट्रेड युनियन काँग्रेसका उमेश मिश्रलाई राजतन्त्रविरुद्ध नारा लगाएको आरोपमा ०६० पुस ६ गते सुरक्षाकर्मीले गिरफ्तार गरी ४ दिनपछि रिहा गरे।

बालअधिकार

रुपनगर गाविस-३ की १० वर्षीय एक बालिकालाई सोही गाविस-६ का १९ वर्षीय उपेन्द्र मरिकले ०५९ फागुन २६ गते गहुँ खेतमा बलात्कार प्रयास गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

वकधुवा गाविस-७ की ७ वर्षीय एक बालिकालाई ०६० भदौ १९ गते सोही ठाउँका २० वर्षीय ध्यानबहादुर मगरले मिठाई दिने बहानामा बलात्कार गरे। पीडक फरार छन्।

कल्याणपुर गाविस-३ की १४ वर्षीय एक बालिकालाई ०६० कार्तिक २० गते कल्याणपुर गाविस-२ का ताहिर मिया, हजरत मिया र अनसारुल मियाले "माओवादीले बोलाएको छ" भनी घरबाट जबरजस्ती नजिकको बगैंचामा लगी बलात्कार गरे। पीडकहरुलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

मैना सहस्रबाहु गाविस-६ की १६ वर्षीय एक युवतीलाई कल्याणपुर गाविस-९ का उमा साहले विवाह गर्छु भनि बलात्कार प्रयास गरे। पीडकलाई ०५९ पुस १९ गते प्रहरीले गिरफ्तार गरे।

ओद्रहा गाविस-६ की ४५ वर्षीय लडुवती चौधरीलाई बोक्सीको आरोपमा ०५९ फागुन २२ गते सोही ठाउँका लालदेव चौधरीले कुटपिट गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरे पनि कारवाही गरिएन ।

टिकुलिया गाविस-२ का २२ वर्षीय मञ्जुकुमारी चौधरीलाई दाइजो कम ल्याएको आरोपमा ०६० वैशाख ८ गते पति विजयकुमार चौधरीले घर निकाला गरेका कारण पीडितले जिल्ला प्रशासनमा निवेदन दिइन्। पीडितलाई अंश दिलाइएको कुरा सिडीओले बताए।

राजविराज नपा-७ का शंरदिया देवीलाई अंश मागेको आरोपमा ०५० जेठ ४ गते सासु भोलत्रीदेवी दास र ससुरा नारायण दासले मरणासन्न हुनेगरी कुटपिट गरे।



बलात्कारीमाथि कारवाहीको माग गर्दै कल्याणपुरका महिला

पीडितका पतिको मृत्यु भइसकेको र अंश माग्दा कुटपिट गरिएको पीडितले बताइन्।

राजविराज नपा-७ की ५३ वर्षीय गिरिजादेवी दासलाई भनेको नमानेको आरोपमा ०६० जेठ १२ गते आफ्नै छोरा मनोजकुमार दास र विनोदकुमार दासले कुटपिट गरी घरबाट निकालिदिए। महिला सरोकार समूहको पहलमा एक हप्तापछि पीडितलाई घर फर्काइयो।

बेपत्ता पारिएकाको स्थिति सार्वजनिक गर्न माग गर्दै निकालिएका जुलुस

पातो गाविस-२ की जिवछिदेवी साहलाई बोक्सीको आरोपमा कविलासा गाविस-६ का अहमद मिया र हैदर मियाले ०६० असार १ गते दिसा खुवाई कुटपिट गरे। पीडित पक्षले प्रशासनसमक्ष उजुरी दिए पनि पीडकउपर कुनै कारवाही भएन।

राजविराज नपा-२ की १८ वर्षीय एक युवतीलाई ०६० साउन २५ गते सोही ठाउँका देवकुमार दास, उमेश दास, दुखी दास तथा विजय दासले बलात्कार गरे। पीडित पक्षले उजुरी दिएपछि पीडकहरुलाई गिरफ्तार गरेपश्चात् दुवै पक्षवीच मिलापत्र गराइयो।

घोघनपुर गाविस-५ की एक महिलालाई ०६० असोज ४ गते वेलटार उदयपुर जिल्ला घर भई हाल घोघनपुर गाविस-५ बस्ने रामबहादुर परियारले बलात्कार प्रयास गरे । पीडकलाई थुनामा राखिएको छ।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार जातीय छुवाछूत समेत

अर्नाहा गाविस-८ कुशाहाका चमार जातिका मानिसले सिनो नफाल्ने निर्णय गरेका कारण सोही ठाउँका रामदेव साहसमेत मानिसहरुले ०५९ पुस २९ गते घर छोड्न धम्काउँदै वद्री रामसमेत ११ परिवारलाई नाकावन्दी गरे। पीडकउपर कुनै कारवाही भएन।

प्रसवनी गाविस-८ का ३५ वर्षीय रामदेव सदा र ३० वर्षीय सुमनीदेवी सदालाई दलित भएको आरोपमा ०६० वैशाख १३ गते सोही ठाउँका ६० वर्षीय भटाई यादव, रामकृष्ण यादव र रामविलास यादवले मरणासन्न हुनेगरी कुटपिट गरे।

शम्भुनाथ गाविस-९ नरही गाउँका १२ वर्षीय दिनेश रामलाई भैंसीले वाली खाएको आरोपमा ०६० कार्तिक ४ गते सोही ठाउँका शम्भु चौधरीले कुटपिट गरेको र राम जातिका मानिसले थारु जातिका मानिसलाई जथाभावी भनेको विषयलाई लिएर शम्भुनाथ गाविस-९ का भागवत राम र फुदीदेवी रामलाई सोही ठाउँका टनेश्वर चौधरी, मुनर चौधरीलगायत्का मानिसले कुटपिट गरी नाकावन्दी गरे। घटनाका सम्बन्धमा प्रहरीले पूर्वसांसद दानालाल चौधरीलाई गिरफ्तार गरी ५ सय रुपैयाँ धरौटीमा रिहा गरे।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

मानवअधिकार तथा समाज सेवा केन्द्र (हुसेक) ले १८ डिसेम्वरको अवसर पारेर राज्य र माओवादी पक्षवाट वेपत्ता पारिएका घटना सार्वजनिक गर्न, गराउन ०६० पुस ३ गते एक जुलुसको आयोजना गरी सिडीओलाई ज्ञापनपत्र बुझायो।

संरचना क्षति

यस वर्ष माओवादीले यस जिल्लाका १३ भौतिक संरचनामाथि आक्रमण गरी क्षति पुऱ्याए।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा ५ पुरुष र ४ महिला गरी ९ जनाले आत्महत्या गरे। १६ पुरुष र ६ महिला गरी २२ जनाको सडक दुर्घटनामा मृत्यु भयो। डुबेर ५ जना, हुरीले ४ जना, करेन्ट लागेर ३ जना, लडेर १ जना, जाडोबाट ६ जना र विषालु ग्याँस ३ जनाको मृत्यु भयो।

१.१२ सिरहा



जनसंख्या	: ५७२५५१
साक्षरता प्रतिशत	: ४०.३१
महिला साक्षरता प्रतिशत	: २६.८०
क्षेत्रफल (वर्ग कि.मी.)	: ११८८
गाविस/नपा संख्या	: १०६/२
निर्वाचन क्षेत्र	: ५
विद्यालय	: ३९०
क्याम्पस/उच्च मावि	: ३/५
अस्पताल/स्वास्थ्य चौकी	: २/९६
टेलिफोन लाइन	: २४९३
मोटर सडक (कि.मी.)	: १४४
प्रहरी कार्यालय संख्या	: १८
हुलाक संख्या	: ९८
मानव विकास सूचकांक	: ०.३५०
प्रति एक डाक्टर जनसंख्या	: ६३३२०
प्रति परिवार सरदर संख्या	: ५.७२

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

धनगढी गाविस-२ मा पान पसल गर्ने ३२ वर्षीय वीरकुमार सिंहलाई ०६० भदौ १६ बिहान करिब ७.३० बजे धनगढी प्रहरी कार्यालय नजिक रहेको माओवादीको लास हेर्न गएको बेला सुरक्षाकर्मीको गोली लागि घटनास्थलमै मृत्यु भयो। भदौ १५ गते राति माओवादीले सो प्रहरी कार्यालयमा विस्फोट गराई क्षति पुऱ्याउनेक्रममा कम्ब्याट ड्रेससहितको एक माओवादीको घटनास्थलमा मृत्यु भएकाले भोलिपल्ट लास हेर्ने क्रममा सो घटना भएको थियो।

लहान नपा-१० देखि केही उत्तर खुट्टीखोलाको खाहारमा ०६० कार्तिक १८ गते राति सुरक्षाकर्मीको गोलीद्वारा ५ जना अज्ञात व्यक्तिको मृत्यु भयो। ४ वटा लास बालुवामा पुरिएका थिए। त्यस दिन राति करिब ९ बजेदेखि ११ बजेसम्म सयौं राउण्ड गोली पड्किएको स्थानीय बासिन्दाले बताए।

धनगढी गाविस जिरोमाइलमा ०६० कार्तिक २२ गते बिहान नाम ठेगाना नखुलेका एक जना माओवादी कार्यकर्तालाई सुरक्षाकर्मीले गोली हानी हत्या गरे। इन्द्रध्वज गण, चोहार्वाले पीडितले माओवादीको हतियार भएको ठाउँ देखाउन जानेक्रममा माओवादीले चलाएको गोली लागी मारिएको बतायो। पीडितको पोष्टमार्टम लहान अस्पतालमा गरियो।

गाढा गाविस-७ कडरिया टोलका २५ वर्षीय हरिकिशन ठाकुरलाई माओवादीको आरोपमा ०६० मंसिर १७ गते दिउँसो करिब ४ बजेतिर खेतबाट घर फर्किरहेको बेला सर्चमा गएका सुरक्षाकर्मीले प्रहार गरेको गोली लागी घटनास्थलमै मृत्यु भयो। पीडितको लासको पोष्टमार्टम लहान अस्पतालमा गरियो। घटनापछि पीडितका दाजु हरिनन्दन ठाकुरले आफ्नो निर्दोष भाइलाई किन मारेको भनेर प्रतिवाद गर्दा उनलाई आँखामा पट्टी बाँधेर लगी ६ दिनपछि जिल्ला प्रहरी कार्यालयबाट तारेखमा रिहा गरियो।

माओवादीबाट

बडहरामाल गाविस-२ बन्दीपुरका भूपू हवल्दार चन्द्रबहादुर श्रेष्ठलाई ०५९ पुस २५ गते साँझ करिब ५.४५ बजे कर्जन्हा गाविसको बजारमा माओवादीले गोली हानी हत्या गरे। पीडितको ढाडमा गोली लागेको थियो।

हटिया गर्न सादा पोशाकमा गएका इलाका प्रहरी कार्यालय, धनगढीका असई गणेशप्रसाद दाहाल र प्रहरी जवान श्यामनारायण यादवलाई ०६० भदौ २ गते साँझ धनगढी गाविस-२ जिरोमाईलमा माओवादीले गोली हानी हत्या गरे। सरकार र माओवादीबीच वार्ताकाक्रममा भएको सो घटनाको राष्ट्रिय मानव अधिकार आयोगले गरेको स्थलगत अध्ययनपछि प्रहरी परिवारले क्षतिपूर्ति पाउनुपर्ने जनाइयो।

सप्तरी जिल्लाका प्रहरी जवान बच्चुलाल यादव, सोही जिल्लाका भेषबहादुर निरौला र सुनसरी जिल्लाका डिल्ली खरेललाई कजरा जिफौल गाविस जानकीनगर प्रहरी चौकीमा ०६० भदौ ९ गते साँझ करिब ६ बजे माओवादीले आक्रमण गर्दा पीडितहरु हतियार छोडेर भाग्न लाग्दा समातेर कार्यालयमा लगी गोली हानी हत्या गरे भने प्रहरी हवल्दार उपेन्द्र ठाकुरलाई टाउको पछाडि गोली हानी घाइते बनाए। माओवादीले प्रहरी चौकीमा बम विस्फोट गरी भवनमा क्षति पुऱ्याउनुका साथै

विशाल होटल अगाडि सादा पोशाकमा रहेका बेला माओवादीले गोली हानी हत्या गरे।

गाढा गाविस-१ तिलवनाका ४५ वर्षीय रामप्रसाद यादवलाई ०६० कार्तिक २३ गते साँझ ७ बजे खेतमा काम गरिरहेको बेला माओवादीले समातेर गाउँभन्दा केही पूर्व बलान खोलामा पुऱ्याई धारिलो हतियार प्रहार गरी हत्या गरे। पीडितहरुले क्षतिपूर्ति पाउन सकेका छैनन्।

लहान नपा-८ का २८ वर्षीय जीतेन्द्र साहलाई ०६० मंसिर १४ गते साँझ साइकल चढेर सप्तरीको बेल्ही गाविस जाँदै गर्दा अज्ञात समूहले बाटोबाट अपहरण गरे। पीडितको लास मंसिर १६ गते सप्तरी जिल्लाको कुसहा गाविसस्थित एक खोलामा फेला पऱ्यो। पीडकहरु माओवादी भएको आशंका गरिएको छ।

गौतारी गाविस-९ सिमरा टोलका २८ वर्षीय रामसागर राय पकौडीलाई सुराकीको आरोपमा ०६० पुस १३ गते साँझ करिब ५.३० बजेतिर कर्जन्हा बजारबाट घर फर्किरहेको अवस्थामा बाटोमा माओवादीले पीडितको शरीरका विभिन्न भागमा धारिलो हतियार प्रहार गर्नुका साथै गोली हानी हत्या गरे।

दोहोरो भिडन्त

विष्णुपुरकट्टी गाविस-१ डाँडामा ०६० मंसिर १ गते सुरक्षाकर्मी र माओवादीबीच भएको दोहोरो भिडन्तमा सनाखत हुन नसकेका दुई माओवादीको मृत्यु भयो।

ढोढना गाविस-१ बानोटोलमा ०६० मंसिर १४ गते बिहान सुरक्षाकर्मी र माओवादीबीच दोहोरो भिडन्त हुँदा सुरक्षाकर्मीको गोली लागी ३ जना माओवादीको मृत्यु भयो। पीडितहरुमध्ये १ जना लहान नपा-५ का प्रमेश्वर साह थिए भने अन्य दुईको बारेमा थाहा हुन सकेन। एक हानहतियारसमेत लुटेर लगे।

इलाका प्रहरी कार्यालय, लहानमा सई कुशेश्वर मोरवैत्ता र प्रहरी हवल्दार मनोज भुजेललाई ०६० भदौ १५ गते राति माओवादीले गोली हानी हत्या गरे। पीडितहरुलाई नि:शस्त्र पारेपछि हातमा बाँधेर केही सोधपुछपछि हत्या गरेको अन्य प्रहरीले बताए। सोही घटनामा प्रहरी हवल्दार प्रल्हाद चौधरी, प्रहरी जवानहरु विष्णुकुमार सिंह, दिलबहादुर बस्नेत र ज्ञानबहादुर श्रेष्ठलाई समातेर कुटपिट गर्नुका साथै धारिलो हतियार प्रयोग गरी घाइते बनाए। सो घटनामा सनाखत हुन नसकेका २ माओवादीको पनि मृत्यु भयो।

लहान नपा-१ का नैनीलाल रामको घरमा ढोका खोल्न नमानेको कारण ०६० भदौ १५ गते राति माओवादीले घरभित्र फालेको बम विस्फोट हुँदा घाइते भएकी १३ वर्षीय बालिका सरिताकुमारी रामको धरानस्थित बीपी मेमोरियल अस्पतालमा उपचार गराउँदा-गराउँदै ०६० भदौ १७ गते दिउँसो मृत्यु भयो। सो घटनामा ७ वर्षीय बालिका नितुकुमारी राम, ३५ वर्षीय जलेश्वरीदेवी राम र ४५ वर्षीय जुरनीदेवी रामसमेत घाइते भए। पीडित नैनीलालले क्षतिपूर्ति र उपचार खर्चका लागि सम्बन्धित निकायमा पटक-पटक धाउँदा पनि पाउन सकेनन्,

चन्द्रलालपुर गाविस-६ घर भई अमनपुर गाविस-७ मा डेरा लिई बसेका ३० वर्षीय कमल यादवलाई सुराकीको आरोपमा ०६० असोज ३० गते साँझ करिब ८.३० बजे माओवादीले डेराबाट बाहिर बोलाई टाउको, गाला र गर्धनमा गोली हानी हत्या गरे।

लहान नपास्थित सैनिक ब्यारेकमा कार्यरत जवानहरु मिनबहादुर महतो र टंकप्रसाद फुयाललाई ०६० कार्तिक २९ गते दिउँसो लहानको महेन्द्रचोकनजिक

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित				
	अन्यबाट					माओवादीबाट पीडित								
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	५	४	३		७	१०	१४	१	१५	८	३१			३१
घाइते	३	५			५	५	७	३	१०	१	११			११
गिरफ्तारी/यातना										१५	३९	५		४४
बेपत्ता										८	९			९
कुटपिट	९	१९			१९	१	३		३	१	१			१
धम्की	१	१			१					१	१			१
जातीय विभेद	३	३		१	४									
भूमिहीन/सुकुम्बासी	१	१	१		२									
महिलाअधिकार	८		८		८									
बालअधिकार	२		२		२					१			१०२	१०२
आर्थिक सामाजिक सांस्कृतिक अधिकार	१	२			२									
अपहरण						३	३		३					
जम्मा	३३	३५	१४	१	५०	१९	२७	४	३१	३५	८२	५	१०२	१८९

दिन अघिदेखि सो ठाउँमा माओवादी वसेकाले भिडन्त भएको स्थानीय वासिन्दाले वताए।

अन्य

अर्नमा (प्र. पी.) गाविस-५ का करिब २० वर्षीय रामपूजन महतोलाई ०६० साउन १५ गते राति करिब ११.३० वजे छिमेकीको घरमा सुतिरहेको अवस्थामा ४ जनाको समूहमा रहेका अज्ञात व्यक्तिहरुले गोली हानी हत्या गरे। सो घटनामा पीडितका ५० वर्षीय बुबा जगवीर महतोलाई समेत धारिलो हतियार प्रयोग गरी घाइते बनाइयो।

औरही गाविसस्थित भारतीय सीमा क्षेत्रमा अज्ञात ३५ वर्षीय १ महिला र १० र ७ वर्षीय २ बालिकालाई ०६० साउन २२ गते राति अज्ञात व्यक्तिहरुले धारिलो हतियार प्रयोग गरी विभत्स ढंगले हत्या गरे। मारिएकाहरुमध्ये महिलाको लास नेपालको भू-भागमा र २ नाबालिकाको लास भारतीय भू-भागमा रहेको थियो।

महेशपुर गम्हरिया गाविस-३ का सरजुग मण्डललाई ०६० भदौ २४ गते राति करिब ८ बजेतिर आफ्नो खेतमा पानी पटाइरहेको अवस्थामा मुखमा नकाव लगाएका ४-५ जना अज्ञात व्यक्तिहरुले धारिलो हतियार प्रहार गरी हत्या गरे।

व्रम्हान गोर्छारी गाविस-४ हरिनगराका मालपोत कार्यालय, लहानमा कार्यरत लेखन्दास करिव ४५ वर्षीय वहु चौधरी ०६० पुस १ गते राति हात र खुट्टामा धोतीले वाँधी रुखमा भुण्ड्याइएको अवस्थामा फेला परे।

रामपुर विर्ता गाविसका ३२ वर्षीय नागे मण्डललाई ०६० पुस ७ गते साँझ जनकपुरबाट बैंक ड्राफ्ट साटेर नगद रकम लिई घर फर्किरहेको अवस्थामा सोही गाविसनजिक अज्ञात समूहले गोली हानी हत्या गरे। पीडितसँग भएको नगदसमेत लुटेर लगेको हुँदा पीडकहरु डाँका हुनसक्ने आशंका गरेको र अनुसन्धान भइरहेको प्रहरीले जनाए।



सुरक्षाकर्मीद्वारा हत्या गरिएका पान पसले वीरकुमार सिंह



माओवादीले फालेको विस्फोटक पदार्थ पड्किएर मृत्यु भएकी सरिता कुमारी राम परिवारका दायाँबाट पहिलो र घाइते भाइ, बहिनी, दिदी र आमाका साथ

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

लहान नपाका करिब ३० वर्षीय शिवनारायण महरा ०६० भदौ १५ गते राति माओवादीले विस्फोट गरेको बमको छर्रा लागी घाइते भए। पीडितको उपचार लहान अस्पतालमा गरियो।

नहरा रिगोल गाविसका लक्ष्मीनारायण कौशल्या मावि्का पियन ३३ वर्षीय दुखी ठाकुर (हजाम) लाई ०६० मंसिर २९ गते साँझ करिव ७ वजे माओवादीले घरवाट केही टाढा लगी गोली प्रहार गरी भुण्ड्याएर हत्या प्रयास गरे। पीडितले क्षतिपूर्तिस्वरुप उपचार खर्च लागि माग गरे पनि पाउन सकेनन्।

जेल र बन्दीहरु

"घ" श्रेणीको सिरहा जेलको बन्दी क्षमता कूल १ सय ५० जनाको छ। यस वर्षको अन्त्यसम्ममा ३२ जना कैद नतोकिएका र ५७ जना कैद तोकिएका गरी ८१ जना वन्दी छ। जसमा ८ जना महिला र ८१ जना पुरुष छन्। यसवाहेक २ जना आश्रित नाबालक छन्। माओवादीको आरोपमा यस जेलमा १५ जनालाई नजरवन्दमा राखिएकोमा १० जना तारिखमा रिहा भए भने ५ जना वाँकी छन्। ०६० कार्तिक ११ गते विरामी भई जिल्ला अस्पतालमा लगिएका ४३ वर्षीय वन्दी नथुनी पासमानको उपचार गर्दागर्दै मृत्यु भयो। टेकवहादुर कोइराला र तेजवहादुर मगरलाई उपचारका क्रममा जिल्ला स्वास्थ्य कार्यालयले वीपी मेमोरियल अस्पताल, धरान पठाएका कारण वन्दीहरुलाई उपचार गर्न सजिलोका लागि विराटनगर जेलमा सरुवा गरिएको बताइयो। यस जेलमा शौचालय, पानी र विजुलीको राम्रो व्यवस्था हुनुका साथै महिला र पुरुषको अलग-अलग बस्ने ठाउँ छ।

विरामीको स्वास्थ्य उपचारका लागि ०५३ सालदेखि १ जना स्वास्थ्य सहायकको व्यवस्था गरिएको छ।

सामान्य बिरामीको जेलमै उपचार गरिन्छ भने गम्भीर बिरामीको अवस्था हेरी जिल्ला स्वास्थ्य कार्यालयमा लगिने स्वास्थ्य सहायक विन्देश्वर यादवले बताए।

वेपत्ता / अपहरण

राज्यबाट

वडहरामाल गाविस-६ भुल्केस्थित लोपचनटोलका जनमोर्चा, नेपालका कार्यकर्ता तथा स्वास्थ्यकर्मी ६० वर्षीय रामशरण नायकलाई माओवादीलाई उपचार गरेको आरोपमा ०६० भदौ ३१ गते विहान धारापानीनजिक सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

प्रहरीको लाठिचार्जबाट घाइते भएका मानवअधिकारकर्मी कमल यादव

ढोढना गाविस-४ मोहनपुरका करिव १५ वर्षीय शिवु महतोलाई ०६० असोज २६ गते राति सर्चका क्रममा गएका सुरक्षाकर्मीले गिरफ्तार गरी वेपत्ता पारे।

सन्हैन गाविसका ३० वर्षीय सोवरी यादवलाई ०६० असोज २७ गते आफ्नै घरवाट सुतिरहेको अवस्थामा सर्चका क्रममा गएका सुरक्षाकर्मीले गिरफ्तार गरी वेपत्ता पारे।

लक्ष्मीनिया गाविस तारापट्टीका करिव २८ वर्षीय श्रीनारायण यादवलाई माओवादीको आरोपमा ०६० असोज २७ गते राति सन्हैया गाविसस्थित ससुराली घरवाट सुरक्षाकर्मीले गिरफ्तार गरी वेपत्ता पारे।

फुलवरिया गाविस-९ का जनमोर्चा नेपालका सक्रिय कार्यकर्ता ४२ वर्षीय गौरीप्रसाद साहलाई माओवादीको आरोपमा ०६० कार्तिक ६ गते विहान करिव ९ बजेतिर सुरक्षाकर्मीले गिरफ्तार गरी वेपत्ता पारे। जनमोर्चा नेपाल सिरहाले कार्तिक १२ गते लहानमा पत्रकार सम्मेलन गरी पीडितको गिरफ्तारपछि हत्या भएको जनाउँदै क्षतिपूर्तिको लागि माग गऱ्यो। तर, सम्वन्धित निकायले हत्या भएको पुष्टि गरेको छैन।

मोहनपुर कमलपुर गाविसका अनेरास्ववियु (क्रान्तिकारी) का पूर्व जिल्ला अध्यक्ष सुजितनारायण यादवलाई ०६० कार्तिक १६ गते भवानीपुर गाविसको एक चिया पसलवाट सुरक्षाकर्मीले गिरफ्तार गरी वेपत्ता पारे।

गोविन्दपुर गाविस-९ का १८ वर्षीय दीपेन्द्रकुमार सिंहलाई माओवादीको आरोपमा ०६० कार्तिक २१ गते साँझ करिव ६.३० वजे लहान नपा-४ कुशवाहा चोकवाट सुरक्षाकर्मीले गिरफ्तार गरी वेपत्ता पारे। पीडित अनेरास्ववियु (क्रान्तिकारी) निकट थिए।

गाढा गाविसका अशेश्वर यादव र व्रम्हान गोर्छारी गाविसका रामखेलावन महतोलाई माओवादीको आरोपमा ०६० मंसिर २३ गते दिउँसो गाढा गाविसस्थित वाटोवाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

माओवादीबाट

विधाननगर गाविस-१ का ४५ वर्षीय परमेश्वर मण्डललाई ०६० वैशाख २४ गते दिउँसो माओवादीले घरबाट अपहरण गरी केही दिनपछि मुक्त गरे।

पडरिया गाविस-१ पिडरबोनी टोलका जिल्ला अदालतमा कार्यरत ५० वर्षीय देवनारायण साहलाई ०६० भदौ २५ गते गाढा गाविसमा कार्यालयको कामले गएका वेला वाटोमा माओवादीले अपहरण गरी १२ हजार रुपैयाँ लिएर मुक्त गरे।

भवानीपुर कालावञ्जर गाविस सचिव भगवतीपुर तमासुईया गाविसका लक्ष्मीनारायण यादवलाई ०६० मंसिर ७ गते दिउँसो कार्यालय हातावाटै माओवादीहरुले अपरहण गरी भोलिपल्ट मुक्त गरे।

धम्की ज्यानमार्ने धम्की कुटपिट

राज्यबाट

नेपाल समाचारपत्र दैनिकका सम्वाददाता चन्द्रदेव कामतीलाई उक्त पत्रिकामा राहदानीसम्वन्धी समाचार प्रकाशित गरेको आरोपमा जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृतले ०६० असार २७ गते कार्यालयमै वोलाई कारवाही गर्ने धम्की दिए।

नरहा गाविसका २२ वर्षीय मनोजकुमार यादवलाई

माओवादीद्वारा हत्या गरिएका हवल्दार मनोज भुजेल

माओवादीद्वारा हत्या गरिएका सई कुशेश्वर मोरबैता

हाफपेन्ट चोरेको आरोपमा ०६० असार ३० गते जिल्ला प्रहरी कार्यालयमा बोलाई दिउँसो करिब १ बजेतिर प्रहरी जवान हिरण यादवले कुटपिट गरे।

माओवादीबाट

वडहरामाल गाविस-२ बन्दीपुरका ५२ वर्षीय नेपुर्जा खातुन, उनकै छोरीहरु १८ वर्षीय खेतुन खातुन र १५ वर्षीय जैमुन खातुनलाई ०६० भदौ २३ गते साँझ आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीले खुकुरी प्रहार गरी घाइते बनाए। पीडितहरु लहान अस्पतालमा उपचारपछि घर फर्किए।

लहान नपा-१० का मो. तोयवलाई नेपाल बन्दको दिन रिक्सा चलाएको आरोपमा ०६० असोज २ गते गाढा गाविसनजिक माओवादीले धम्की दिनुका साथै रिक्सामा आगो लगाए।

माओवादीको धम्कीका कारण जिल्लाका १२ वटा गाविसका सचिवहरु गाविस कार्यालयमा जानबाट वञ्चित भए। त्यसमध्ये गौरीपुर, पिप्रा (प्र.पी.), औरही अर्नमा (प्र. रा.), हकपारा र सिक्रोन गाविसका सचिवहरु जिविसमै दैनिक हाजिर भएर काम गर्दैछन्। महादेवा पोर्ताहा, नहरारिगोल, गाढा ढोढना र नमराजपुरमा समेत कर्मचारीहरु बस्ने वातावरण नभएको जिविसले जनायो।

अन्य

नेपाल पत्रकार महासंघ शाखा, सिरहाका साधारण सदस्य तथा ब्लाष्ट दैनिकका सम्वाददाता मुसहरु महतोलाई ०५९ माघ ८ गते इनर्वा गाविसस्थित ठाडी बजारमा समाचार संकलन गर्न गएको अवस्थामा सोही ठाउँका व्यापारी रामचन्द्र साहले डायरी खोसेर च्यात्नुका साथै कुटपिट गर्ने धम्की दिए।

जिल्ला वन कार्यालय, लहानका वन संरक्षक कुम्लेस राउत, दर्शनलाल चौधरी, रामकुमार चौधरी, राम अशिष यादव, धनिकलाल चौधरी, श्रवणकुमार पासमान, तेजीलाल मण्डल र रामनारायण सदालाई ०५९ चैत ११ गते बिहान तरेगाना गोविन्दपुर गाविस-६ मा गाउँलेले घेरेर कुटपिट गरे। वन रक्षकहरुले सो ठाउँका २ जनालाई वन मासेको अभियोगमा गिरफ्तार गरेकोले गाउँलेहरुले सो कार्य गरेको बताए।

इलाका प्रहरी कार्यालय, लहानमा कार्यरत प्रहरी असई रामप्रसाद सापकोटा, श्यामनारायण चौधरी र प्रहरी जवान मातृका खतिवडा ०६० जेठ ११ गते आन्दोलनरत पाँच पार्टीका कार्यकर्ताहरुले प्रतिकारस्वरुप प्रहार गरेको ढुंगा लागि घाइते भए। पीडितहरु उपचारपछि सोही दिन फर्किए।

लहान नपास्थित पशुपति आदर्श माविका प्रधानाध्यापक तथा जेएस मुरारका क्याम्पसका प्राध्यापक विश्वनाथ महतोलाई ०६० असार ५ गते बिहान करिब ६.४५ बजेतिर विद्यालय बन्द गराउन गएका आन्दोलनरत विद्यार्थी संगठनका कार्यकर्ताहरुले विद्यालय हाताभित्रै कुटपिट गरे। पीडितलाई तत्कालै लहान अस्पतालमा पुऱ्याइएको थियो। पीडकहरुले ०६० जेठ २० गते उपसभामुख चित्रलेखा यादवको गाडी तोडफोड गरेको आरोपमा चार विद्यार्थी नेताहरु नरेश यादव, गौरीनारायण चौधरी, शैलेन्द्र यादव र सन्तोष चौधरीमाथि दर्ता भएको सार्वजनिक मुद्दा रद्द हुनुपर्ने माग राखी अनिश्चितकालीन शैक्षिक हड्ताल गरेको अवस्थामा सो घटना भएको थियो।

प्रतिनिधि सभाका उपसभामुख चित्रलेखा यादवको बा. १ झ ६०२३ नम्बरको जीप लहान नपा-६ स्थित अतिथि सदनमा पार्किङ गरी राखेको बेला ०६० जेठ २० गते बिहान करिब ९.३० बजे अनेरास्ववियु, नेविसंघ, अनेरास्ववियु (एकीकृत) लगायत् पाँच विद्यार्थी संगठनले तोडफोड गरे। आन्दोलनरत विद्यार्थीहरुले मन्त्री तथा माथिल्लो तहका व्यक्तिहरुलाई जिल्ला प्रवेश गर्न नदिने निर्णय अनुरुप सो कारवाही गरेको बताए।

धनगढी गाविस-२ जिरोमाइलमा होटल गरी बस्ने ५५ वर्षीय पानवीर विश्वकर्मालाई भारतीय सीमा सुरक्षा बल (एसएसबी) का चार सुरक्षाकर्मीले ०६० भदौ ३ गते बिहान करिब ८.३० बजे होटलमा खाए बापतको २ सय

प्रहरीको लाठिचार्जबाट घाइते भएका पूर्व सांसद रामचन्द्र यादव

८० रुपैयाँ माग्दा पैसा नतिरी कुटपिट गर्ने धम्की दिए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सिरहा नपामा अनेरास्ववियु, नेविसंघ, अनेरास्ववियु (एकीकृत) र अनेरास्ववियु (क्रान्तिकारी) का ३३ जना विद्यार्थीहरुलाई पेट्रोलिय पदार्थमा भएको मूल्यवृद्धीको विरोधमा स्थानीय पेट्रोल पम्पमा ताला लगाउन खोजेको आरोपमा ०६० चैत २९ गते प्रहरीले गिरफ्तार गरी सोही दिन साँझ रिहा गरे। २ पेट्रोल पम्पमा लगाएको ताला प्रहरीले फुटाएपछि विद्यार्थीहरुले ३ वटा बस, १ ट्रक, १ जीप र २ पेट्रोल पम्पमा तोडफोड गरी क्षति पुऱ्याए।

एमाले, नेकाँ, नेसपा, जनमोर्चा नेपालसमेत पाँच पार्टीहरुद्वारा संचालित संयुक्त जनआन्दोलनका क्रममा ०६० वैशाख २८ गते साँझ निकालिएको मसाल जुलुसमाथि प्रहरीले लाठिचार्ज गरे।

लहान नपास्थित महेन्द्र राजमार्गमा पाँच राजनीतिक पार्टीले ०६० जेठ ११ गते आयोजना गरेको चक्काजाम कार्यक्रममा बसेका आन्दोलनकारीहरुमाथि प्रहरीले लाठिचार्ज गरे। शान्तिपूर्णरुपमा कार्यक्रममा बसेका कार्यकर्ताहरुलाई प्रहरीले जबर्जस्ती सडकबाट हटाउन खोजेपछि उनीहरुले प्रहरीसँग प्रतिकार गर्दा सो घटना भएको थियो।

जिल्ला सदरमुकाममा अनेरास्ववियु, नेविसंघ, अनेरास्ववियु (एकीकृत), नेपाल विद्यार्थी मञ्चलगायत्का पाँच विद्यार्थी संगठनका कार्यकर्ताहरुले ०६० भदौ २२ गते मसाल जुलुस प्रदर्शन गरेपछि प्रहरीले लाठिचार्ज गर्दा आशिष विश्वकर्मा घाइते भए भने नरेश यादव, गंगा कंपहाकी, सञ्जय यादव र राकेश मण्डललाई प्रहरीले गिरफ्तार गरी सोही साँझ रिहा गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा २ वर्षसम्म फर्स्यौट नभएका मुद्दाहरुमध्ये २६ वटा दुनियावादी देवानी, १ सरकारवादी फौज्दारी र ४ वटा दुनियावादी फौज्दारी मुद्दाछन्। यसैगरी,

प्रहरीको लाठिचार्जबाट ढलेका पूर्व राज्यमन्त्री पदमनारायण चौधरी

माओवादीको आक्रमणमा परी घाइते भएका प्रहरीहरु

१ वर्षसम्म फर्स्यौट नभएका मुद्दाहरुमध्ये १ सय ११ दुनियावादी देवानी, ३ सरकारवादी फौज्दारी र १६ दुनियावादी फौज्दारी गरी कूल १ सय ३० मुद्दा छन्। दुनियावादी देवानी २ सय २२ वटा, सरकारवादी फौज्दारी ५ वटा र दुनियावादी फौज्दारी ४९ वटा गरी कूल २ सय ७६ वटा मुद्दा ६ महिनादेखि फर्स्यौट हुन बाँकी छन्। यस वर्ष जिल्ला अदालतमा दर्ता भएका कूल ९ सय ५१ मुद्दाहरुमध्ये ५ सय १४ वटा फर्स्यौट भए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्वासी समस्या, अशक्त भत्ता आदि

इटारी प्रसाही गाविसस्थित बाटो छेउ ऐलानी जमीनमा घर बनाई बसेका ९ घर परिवारका सुकुम्वासीहरुलाई ०५९ पुस २० गते सोही ठाउँका तुरन्ता यादव, रामप्रसाद यादव, रामजतन यादव, शियाराम यादव, शिवनाथ यादवलगायत्का व्यक्तिहरुले घर भत्काई विस्थापित बनाए। सो घटनामा ९ घरका २७ जना पीडित भए।

भवानीपुर कालावञ्जर गाविस-२ का मजदुर ४५ वर्षीय रामस्वरुप सदा र ४० वर्षीय कागतीदेवी दास विगत केही वर्षदेखि ऐलानी जग्गामा बस्दै आएकोमा ०६० जेठ १३ गते सोही गाविसका निवर्तमान वडाअध्यक्ष पल्टु साहसहितका केही व्यक्तिहरुले वृक्षारोपण गर्ने नाउँमा घर भत्काइदिए। पीडितहरुले पीडकहरुलाई कारवाहीको माग गर्दै इलाका प्रहरी कार्यालयमा निवेदन दिए।

यस वर्ष यस जिल्लामा जेष्ठ नागरिक, विधवा र अपाङ्गलाई ९० लाख २१ हजार २ सय रुपैयाँ वितरण गरिएको जिविसले जनायो। त्यसैगरी सो कार्यालयद्वारा १३ हजार रुपैयाँ अग्निपीडित र बाढीपीडितलाई वितरण गरियो भने जिल्ला प्रशासन कार्यालयद्वारा यस वर्ष यस्ता पीडितहरुलाई ३१ हजार रुपैयाँ वितरण गरियो।

प्रहरीले झडपका क्रममा लछारपछार गर्दै पूर्व उपमेयर राजेन्द्र महतो

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

बस्तीपुर गाविस-८ का अशोक राम, चमक राम, हरिहर राम, रामलखन राम, अर्जुन राम, फगुनिया राम, बर्छ्वा गाविसका रुपी राम र कल्याणपुर कालाबजार गाविसका पवित्तर रामलाई डकैती गरेको आरोपमा ०६० जेठ १३ गते सोही ठाउँबाट प्रहरीले गिरफ्तार गरे। पीडितहरुलाई सोधपुछ गर्नेक्रममा पाइपले समेत प्रहार गरी यातना दिए। ४ जनालाई जेठ २२ गते दैनिक हाजिर हुनेगरी रिहा गरियो। अशोक, चमक, हरिहर र रामलखन यातनाबाट गम्भीर घाइते भएका कारण उपचारार्थ लहान अस्पताल लगियो। हाल उनीहरुलाई पुर्पक्षको लागि थुनामा राखिएको छ।

कृष्णपुर गाविस-३ का २८ वर्षीय विनोदकुमार महतोलाई ०६० कार्तिक १८ गते बिहान करिब ७ बजे सन्हैढाबाट आलुको बीउ लिएर आफ्नो घर गइरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी नजरवन्दमा राखेकोमा हाल तारेखमा रिहा गरिएको छ।

गौरीपुर गाविस-७ का करिब ५० वर्षीय दुखरन यादवलाई माओवादीको आरोपमा ०६० कार्तिक २२ गते साँझ करिब ६ बजे सोही ठाउँको कटनिया खोलाबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। नजरबन्दमा राखिएका पीडितलाई ०६० पुस ३० गते तारेखमा रिहा गरियो।

दलित जनजाति पार्टीका केन्द्रीय अध्यक्ष विश्वेन्द्र पासवानलाई माओवादीको आरोपमा ०६० कार्तिक ३० गते लहानको विशाल होटलमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी नजरबन्दमा राखेकोमा हाल तारिखमा रिहा गरे।

गौरीपुर गाविसका नेकपा (एमाले) जिल्ला कमिटी सदस्य ३९ वर्षीय चन्देश्वर मण्डललाई माओवादीको आरोपमा ०६० मंसिर १ गते साँझ करिब ५ बजे सिरहा बजारबाट घर फर्कन लाग्दा बाटोबाट सुरक्षाकर्मीले गिरफ्तार गरी ०६० मंसिर ३ गते जेलमा नजरवन्दमा राखेकोमा ०६० पुस ३० गते तारिखमा रिहा गरे।

गाढा गाविसका निवर्तमान जिविस सदस्य गुञ्जेश्वर यादवलाई ०६० मंसिर ११ गते साँझ आफ्नो खेतमा काम गरिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी आँखामा पट्टी बाँधेर कुटपिट गर्दै लहानस्थित सैनिक ब्यारेकमा २ दिन थुनामा राखी मंसिर १३ गते रिहा गरे। पीडितलाई थुनामा शारीरिक र मानसिक यातना दिइयो।

भगवानपुर गाविस-५ का बुद्धिजीवी परिषद्का जिल्ला सदस्य ४५ वर्षीय रामशंकर यादवलाई माओवादीलाई सहयोग पुऱ्याएको आरोपमा ०६० मंसिर १२ गते लहान नपास्थित भावना एण्ड दौलत ट्रेडर्सबाट सुरक्षाकर्मीले गिरफ्तार गरी ०६० पुस १२ गते इन्द्रध्वज गण, चोहर्वाबाट मुक्त गरे।

सिरहा क्याम्पसका स्ववियु सभापति तथा एमाले निकट अनेरास्ववियु जिल्ला कमिटीका सहसचिव जनकलाल यादवलाई ०६० पुस ८ गते जिल्ला प्रहरी कार्यालय नजिकबाट सादा पोशाकमा रहेका सुरक्षाकर्मीले गिरफ्तार गरी दुई हप्तापछि तारिखमा रिहा गरे। पीडितलाई यसअघि ०६० मंसिर १८ गते साँझ घरबाटै गिरफ्तार गरिएकोमा मंसिर २० गते तारिखमा रिहा गरिएको थियो।

गौतारी गाविस-८ लट्टाटोलका शिवराम यादवलाई एसएलसी जाँचका लागि अध्ययन गर्न गोलबजार उच्च माविको छात्रावासमा बसेको अवस्थामा ०६० पुस १४ गते साँझ करिब ४ बजे सुरक्षाकर्मीले गिरफ्तार गरे।

बालअधिकार

लहान नपा-५ की ११ वर्षीय एक बालिकालाई

आन्दोलनकारीसँगको झडपमा घाइते भएका प्रहरीहरु

०६० वैशाख २७ गते दिउँसो सोही ठाउँका रामलाल साहीले घरमा योलाई बलात्कार प्रयास गरे।

ढोढना गाविस-५ मोहनपुरकी १४ वर्षीय एक बालिकालाई ०६० साउन १३ गते दिउँसो घरमा कोही नभएको अवस्थामा सोही गाविसका मोहन चौधरीले पानी पिउने बहानाले घरमा गई बलात्कार गरे।

विष्णुपुरकट्टी गाविसस्थित तुलसीराम सत्यभामा डोमाविमा अध्ययनरत छात्रहरु विष्णुपुरकट्टी गाविस-८ का विक्रमकुमार हमाल र गोविन्दपुर गाविस-९ मलहन्माका अजयकुमार महतोलाई ०६० कार्तिक १९ गते विद्यालयमा कक्षा १० को जाँच दिइरहेको अवस्थामा सुरक्षाकर्मीले विद्यालय हाताबाटै गिरफ्तार गरी केही दिनपछि मुक्त गरे।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

धनगढी गाविसमा पसल गरी बस्ने हनुमाननगर गाविस-४ की २० वर्षीय एक युवतीलाई ०६० साउन १४ गते राति करिब ८ बजेतिर पसल बन्द गरी एक्लै डेरा जान लाग्दा धनगढी गाविस-१ का ट्याक्टर चालक विनोदकुमार यादवले हात र मुखमा युवतीकै पच्छ्यौराले बाँधी बलात्कार गरे। पीडकलाई कानुनी कारवाही गरिएको इलाका प्रहरी कार्यालय, लहानले जनायो।

बरियारपट्टी गाविसकी २५ वर्षीय विनादेवी चौधरीलाई बोक्सीको आरोपमा ०५० मंसिर २८ गते सोही ठाउँका रामकुमार चौधरी, अशोककुमार चौधरी, बल्हावाली, दयादेवीलगायत् केही व्यक्तिहरुले कुटपिट गरे। पीडितले पीडकपक्षलाई कारवाहीका लागि जिल्ला प्रशासन कार्यालयमा निवेदन दिइन्।

लक्ष्मीपुर गाविस-४ की २० वर्षीय निलम साहलाई उनका पति सिसवा गाविस सप्तरीका धर्मा साहले घरबाट निकाली ०६० असार २० गते अर्को एक युवतीसँग बहुविवाह गरे। पीडितले इलाका प्रहरी कार्यालय, लहानमा कारवाहीका लागि निवेदन दिए पनि पीडकलाई कारवाही भएन।



थारु समुदायद्वारा दलितहरुलाई प्रवेश गर्न रोक लगाइएको डिबारको मन्दिर

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

लहान नपा-७ का मेस्तर (डुम) जातिका मानिसलाई तल्लो जाति भएको आरोपमा ०५९ फागुन १७ गते सोही १७ गते सोही वडामा होटल गरी बस्ने लक्ष्मण साहले चिया पिउन दिनबाट वञ्चित गरे। पीडितले इलाका प्रशासन कार्यालय, लहानमा कारवाहीको लागि निवेदन दिएपछि छलफल गरी घटना मिलाइयो।

चन्द्रलालपुर गाविस-६ का राजगीर मरिकलाई सानो र अछुत जात भएको आरोपमा ०६० असार ३१ गते सोही ठाउँका उपल्लो जातका भनिने व्यक्तिहरुलेसार्वजनिक इनारबाट पानी पिउनबाट वञ्चित गराए। घटनापछि स्थानीय समाजसेवी, पत्रकार र मानवअधिकारकर्मीहरुको पहलमा सार्वजनिक छलफलबाट समाधान गरियो।

ढोढना गाविस-७ वीरनगर टोलका ५५ वर्षीय मुखिदास तत्मालाई ०६० साउन ३२ गते सोही ठाउँका उपल्लो जातका भनिने चौधरी समुदायले डिहीवार मन्दिर जानबाट रोक लगाए। पीडित अघिल्लोपटक प्रवेश गरेकोमा सामाजिक दण्ड तोके।

ढोढना गाविस-७ का १६ वर्षीय भोला दास तत्मालाई सोही गाविसका अरविन्द चौधरी, विद्यानन्द चौधरी, कुशे चौधरी, छेदी चौधरी र प्रदीप साहले ०६० भदौ ५ गते साँझ ६ बजेतिर बाटोमा दलित भनेर हांच्याउँदै कुटपिट गरे।

ढोढना गाविस-७ वीरनगर टोलका करिब दश घर परिवार चमारहरु र अन्य दलित समुदायलाई डिहीवार मन्दिरमा प्रवेश गरेको आरोपमा जरिवाना तोकिएको र उक्त जरिवाना तिर्न नमानेकोले ०६० भदौ २ गतेदेखि माथिल्लो जातका भनिनेहरुले आर्थिक र सामाजिकरुपमा नाकाबन्दी गरे। नाकाबन्दीका क्रममा पीडित समुदायलाई स्थानीय पसलमा सामान किनमेल गर्न, मिलमा जान र पहिलेदेखि गरिआएको मजदुरी काम गर्नसमेत रोक लगाइयो। सोक्रममा चौधरी समाजका व्यक्तिहरुले नियमको पालना नगरेमा ५ सय ५१ रुपैयाँ जरिवाना गर्नेसमेत निर्णय गरेका थिए। नाकाबन्दीको घटनापछि ०६० भदौ ८ गते इलाका प्रहरी कार्यालय, लहानमा छलफल गरी पीडितहरुलाई सामाजिक बहिष्कार गर्न नपाइने, छुवाछूतको भेदभाव गर्न नपाइने, गरिआएको कामका रोक्न नहुने, मन्दिरमा पूजाआजा गर्न पाउने, अगाडिको मजदुरीको पारिश्रमिक दिनुपर्ने र अब उपरान्त दलितमाथि मानसिक र शारीरिक यातना दिन नपाउने भनी ६ वटा बुँदामा सहमति भई नाकाबन्दी हटाइएको थियो।

माओवादीद्वारा आक्रमण गरिएको नेपाल बैंक लि. कार्यालय

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

लहान नपा-६ स्थित मालपोत कार्यालय सिरहा सदरमुकाममा सार्ने भनी सरकारले गरेको निर्णय विरुद्ध स्थानीय जनताले ०५९ पुस ३० गतेदेखि ०५९ माघ १३ गतेसम्म रिले अनसन गरे।

जिविसमा ०६० असार ३० गते जिविस परिषद् संचालन भइरहेको अवस्थामा राजपुर गाविसका जनताले राजपुरदेखि भोक्राहा जाने बाटो निर्माण गर्न अघिल्लो परिषद्मा निर्णय भए पनि सो अनुसार काम नगरेको आरोपमा जिविस हाताभित्र विरोध प्रदर्शन गरे।

जिल्ला मालपोत कार्यालय, सिरहाबाट चन्द्रलालपुर, चन्द्रउदयपुर, चन्द्रअयोध्यापुर, फुलवरिया, महेशपुर गम्हरिया, कर्जनहा, बडहरामाल, रामनगर मिर्चैया, रामपुर बिर्तालगायत् ११ गाविसको मालपोतसम्बन्धी काम लहान मालपोत कार्यालयमा सार्ने निर्णयको विरोधमा मिलन समाज सेवा केन्द्रलगायत् सिरहाका केही व्यक्तिहरुले ०६० साउन ७ गते जिल्ला मालपोत कार्यालयमा धर्ना दिए।

भवानीपुर कालावञ्जार गाविसमा घर भत्काइएपछि पीडित भएका मुसहरहरु सामाजिक कार्यकर्ताका साथ

संरचना क्षति

सिरहा नपास्थित माउण्ट एभरेष्ट बोर्डिङ स्कूल हाताभित्र रहेको एक मोटरसाइकलमा ०६० साउन १० गते राति अज्ञात व्यक्तिहरुले आगो लगाई क्षति पुऱ्याए।

लहान नपास्थित इलाका प्रहरी कार्यालय, नेपाल बैंक लिमिटेड राष्ट्रिय वाणिज्य बैंकमा ०६० भदौ १५ गते राति माओवादीले आक्रमण गरी क्षति पुऱ्याए। बैंकहरुबाट सेफ फुटाउन नसेका कारण नगद तथा गरगहना लान सकेनन्।

बडहरामाल गाविसस्थित बन्दीपुर प्रहरी चौकी र ट्राफिक प्रहरी पोष्टमा ०६० भदौ २३ गते साँझ करिब ६ बजेतिर, महेशबारी इलाका प्रहरी कार्यालयमा ०६० भदौ २७ गते राति प्रहरी नभएको अवस्थामा, सुखीपुर इलाका प्रहरी कार्यालयमा ०६० भदौ २९ गते राति, कञ्चनपुर गाविस भवनमा ०६० भदौ २९ गते राति, असनपुर गाविसस्थित कार्यालय भवनमा ०६० भदौ ३० गते राति, पोखराभिण्डा गाविस कार्यालय भवन र औरहीको कार्यालय भवन माओवादीले आगो लगाई क्षति पुऱ्याए।

चन्द्रलालपुर गाविसस्थित सृजना सामुदायिक विकास समिति, गोलबजारस्थित इन्द्रेणी सेवा समाज र भवानीपुरको भवानी एकीकृत विकास समितिमा ०६० असोज १४ गते राति माओवादीहरुले तोडफोड गर्नुका साथै ३ वटै संस्थाबाट ४ वटा मोटरसाइकल, ६ वटा कम्प्युटर र लाखौंका सामानहरु लुटेर लगे। उक्त सामान हालसम्म बरामद हुन सकेको छैन।

रामनगर मिर्चैयास्थित सगरमाथा इङ्गलिश बोर्डिङ स्कूलका २ वटा बस विद्यार्थीहरुलाई घर पुऱ्याउन गइरहेको अवस्थामा ०६० मंसिर १७ गते अनेरास्ववियु (क्रान्तिकारी) का विद्यार्थीहरुले बडहरामाल गाविस र चन्द्रलालपुर गाविसको अलग-अलग स्थानमा आगो लगाई क्षति पुऱ्याए।

दूरसञ्चार कार्यालयद्वारा जिल्लाका १८ स्थानमा भीएचएफ टेलिफोन संचालन गर्दै आएकोमा माओवादीद्वारा क्षति पुऱ्याइएका कारण ३ ठाउँको सेवा यस वर्ष बन्द भयो।

बिगतको अनुगमन

रामनगर मिर्चैया गाविस-२ का प्राविमा शिक्षण पेशामा कार्यरत रामखेलन साहलाई ०५८ पुस २८ गते साँझ करिब ६ बजे सादा पोशाकमा आएका प्रहरीले घरबाटै गिरफ्तार गरेका थिए। हालसम्म उनको स्थिति अज्ञात छ।

१.१३ उदयपुर



जनसंख्या : २८७६८९
साक्षरता प्रतिशत : ५३
महिला साक्षरता प्रतिशत : ४०
क्षेत्रफल (वर्ग कि.मी.) : २०६३
गाविस/नपा संख्या : ४४/१
निर्वाचन क्षेत्र : ३
विद्यालय : ३५९
क्याम्पस/उच्च मावि : ३/४
अस्पताल/स्वास्थ्य चौकी : १/४५
टेलिफोन लाइन : ७७८
मोटर सडक (कि.मी.) : २५०
प्रहरी कार्यालय संख्या : १
हुलाक संख्या : ४७
मानव विकास सूचकांक : ०.३५८
प्रति एक डाक्टर जनसंख्या : ५७५३८
प्रति परिवार सरदर संख्या : ५.५८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

पञ्चावती गाविस-४ का ४० वर्षीय ध्रुव तिम्सिनालाई माओवादीको आशंकामा ०५९ माघ २३ गते सेनाले प्रहार गरेको गोलीद्वारा मृत्यु भयो। माओवादीद्वारा अपहरित प्रहरी जवानलाई छुटाउन गएको अवस्थामा घटना भएको थियो। पीडितको लास जिल्ला अस्पतालमा पोष्टमार्टमपछि आफन्तलाई जिम्मा लगाइयो। क्षतिपूर्तिको लागि जिल्ला प्रशासनले गृह मन्त्रालयमा लेखि पठाएको थियो तर पीडितका परिवारले हालसम्म कुनै क्षतिपूर्ति पाएका छैनन्। एमाले, नेकां, मानवअधिकार संघ-संस्थाले सो घटनाको सम्बन्धमा विरोध जनाएका थिए।

सुन्दरपुर गाविस-४ का २२ वर्षीय गंगा कटुवाललाई ०६० भदौ ११ गते सुरक्षाकर्मीले गिरफ्तार गरी सुन्दरपुर गाविस-२ स्थित जंगलमा गोली हानी हत्या गरे।

पञ्चावती गाविस-८ चुलाढुंगाका ६५ वर्षीय चन्द्रबहादुर रानाको घरमा ०६० भदौ १३ गते माओवादी लुकेको आशंकामा सेनाले जबर्जस्ती ढोका फोडेर ग्रिनेट विस्फोट गराउँदा घरमालिक चन्द्रबहादुर राना र उनकै नाति १४ वर्षीय विचारी रानाको घटनास्थलमै मृत्यु भयो।

त्रिवेणी गाविस-२ स्थित कालीखोला नजिकको जंगलमा पहाडे मूलका २ जना र तराई मूलका ५ जना सोही ठाउँको बेलसोत नजिकको जंगलमा एक महिला र एक पुरुष गरी कूल ९ जना अपरिचित व्यक्ति ०६० असोज ५ गते विहान गोली लागि मृत अवस्थामा फेला परे। सुरक्षा निकायले पीडितहरु भिडन्तमा मारिएको जनायो। पीडितहरुको सनाखत भएन।

बेल्टार गाविस-१ श्रीपञ्चमीबाट २० वर्षीय ढकराज राईलाई माओवादी गतिविधिमा संलग्न रहेको आशंकामा ०६० कार्तिक २० गते सुरक्षाकर्मीले गिरफ्तार गरी आँखामा पट्टी बाँधेर यातना दिएपछि कार्तिक २३ गते पट्टी बाँधी घुमाउन लगेकोमा सुन्दरपुर गाविसमा घेरा तोड्न खोजेको आरोपमा हत्या गरे।

पञ्चावती गाविस-४ का दनुवारबेंशीका माओवादी कार्यकर्ता टंकप्रसाद सापकोटा, भुट्टार गाविस-२ का विष्णु कार्की र भरतप्रसाद घिमिरेको ०६० कार्तिक ३० गते पञ्चावती गाविस-४ दनुवारबेंशीमा गस्तीमा गएका सुरक्षाकर्मीले गोली प्रहार गर्दा मृत्यु भयो। सुरक्षाकर्मीले सो घटना दोहोरो भिडन्तमा भएको जनाए।

सिद्धिपुर गाविस-३ का माओवादी एरिया कमाण्डर रमेश कार्की, हडिया गाविस-२ की शान्ता चौधरी, बेल्टार गाविस-६ की उषा राई, सप्तरी जिल्लाकी रेखा विक र सरिता साहको ०६० मंसिर २७ गते गस्तीमा गएका सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। सुरक्षाकर्मीले सो घटना दोहोरो भिडन्तमा भएको जनाए।

माओवादीका उदयपुर जिल्ला कमिटी सदस्य अप्सरा श्रेष्ठको ०६० पुस ४ गते नेपालटारमा सुरक्षाकर्मीले गोली प्रहार गर्दा मृत्यु भयो। पीडितको मृत्यु दोहोरो भिडन्तमा भएको सुरक्षाकर्मीले जनाए।

माओवादीबाट

लाफागाउँ गाविस-६ का जीतबहादुर बस्नेतलाई सुराकीको आरोपमा ०६० भदौ ८ गते माओवादीले अपहरण गरी घरदेखि केही टाढा लगि घाँटी रेटेर हत्या

गरे। पीडितको लास २ दिनपछि गाउँलेले फेला पारे।

कटारी गाविस-३ का भूपू ब्रिटिश सैनिक ७२ वर्षीय रणबहादुर राईलाई सुराकीको आरोपमा ०६० भदौ १० गते उदयपुरबाट सिन्धुलीको घरमा जाँदा हतियारसहित आएका माओवादीले सोही ठाउँमा गोली हानी हत्या गरे।

जिल्ला प्रहरी कार्यालयका असई पूर्ण गिरी र जवान राधाकृष्ण राईको ०६० असोज १५ गते यात्रीको रुपमा आएका माओवादीले त्रियुगा नपा-११ जलजले सुरक्षा चेकपोष्टमा एक्कासी गोली चलाउँदा मृत्यु भयो। सो घटनामा त्रियुगा नपा-२ की सर्वसाधारण व्यापारी कला चौधरीको पनि घटनास्थलमा मृत्यु भयो भने घाइते भएका राजन दाहालको उपचार गर्दागर्दै तीन महिनापछि शिक्षण अस्पताल काठमाडौंमा मृत्यु भयो।

इन्द्रध्वज गण, सिरहाका प्यूठ मुकेश सिंह, राजु कँडेल तथा इलाका प्रहरी कार्यालय, लहानका प्रहरी जवान दीपक परियार र तुलसी मगर ०६० असोज २२ गते माओवादीले सुरक्षाकर्मीलाई लक्षित गरी थापेको एम्बुस त्रियुगा नपा-११ चुरेनजिक सडकमा विष्फोट हुँदा मृत्यु भयो।

ताराधारी ब्यारेकका सैनिक खड्गबहादुर थापाको ०६० कार्तिक १२ गते माओवादीले त्रिवेणी गाविस-२ वलियामा सुरक्षा गस्तीलाई लक्षित गरी राखेको धरापमा परी मृत्यु भयो।

दोहोरो भिडन्त

पञ्चावती गाविस-८ चुलाढुंगा छेउमा ०६० भदौ १३ गते भएको दोहोरो गोली हानाहानमा माओवादी निकट रहेका तावाश्री गाविसका मुनाल भनिने चुननारायण काफ्ले र रिस्कू गाविसका माओवादी कम्पनीका मनोज तामाङ्को मृत्यु भयो।

अन्य

त्रियुगा नपा-६ सुकनाईका ७० वर्षीय डिकबहादुर बस्नेतलाई ०६० भदौ २९ गते मिल बन्द गरेर घरतिर जाँदै गर्दा अज्ञात समूहले अपहरण गरी दुई दिनसम्म बेपत्ता पारे। असोज १ गते घाँटी रेटी हत्या गरेको अवस्थामा सुकनाईको जंगलमा गाउँलेले फेला पारे। राज्यपक्षले उक्त घटना माओवादीले गरेको आशंका गरे भने माओवादीले आफ्नो संलग्नता नभएको जनाए।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

पञ्चावती गाविस-८ चुलाढुंगाका ६५ वर्षीय चन्द्रबहादुर रानाको घरमा ०६० भदौ १३ गते माओवादी लुकेको आशंकामा सेनाले जबरजस्ती ढोका तोडी ग्रिनेट विस्फोट गराउँदा १ वर्षीय बालिकासहित ६ जना घाइते भए।

माओवादीबाट

१८ नं. वाहिनी, उदयपुरका मेजर नरेश लिम्बूलसमेत ७ जना सुरक्षाकर्मी ०६० असोज २२ गते माओवादीले सुरक्षाकर्मीलाई लक्षित गरी थापेको विद्युतीय धराप त्रियुगा नपा-११ चुरेनजिक सडकमा विस्फोट हुँदा घाइते भए।

ताराधारी ब्यारेकका सैनिक चढेको ट्रक ०६०

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	३	२	१	३	५	९	२		११	१३	२१	८		२९
घाइते	३	२	१	३	२	१०			१०	१		५		५
गिरफ्तारी / यातना										९	३३			३३
कुटपिट					५	५	१	४	१०	६	१४			१४
धम्की	१	१		१	५	६		१	७					
भेला / संगठित हुने अधिकार										१			१	१
जातीय विभेद	१	१		१										
महिलाअधिकार	१०		१०	१०										
वालअधिकार	४	२	२	४						१			२६४	२६४
आर्थिक / सामाजिक / सांस्कृतिक अधिकार					१		१		१	१			१	१
अमानवीय व्यवहार	१	१		१										
अपहरण					५	४	१		५					
जम्मा	२३	९	१४	२३	२३	३४	५	५	४४	३२	५७	१३	२६६	३३६

कार्तिक १२ गते माओवादीले त्रिवेणी गाविस-२ वलियामा सुरक्षा गस्तीलाई लक्षित गरी राखेको विद्युतीय धरापमा पर्दा अमलदार प्रेमकुमार फुयाल, सिपाही नुरेश्वर अधिकारी र हवल्दार रुद्रराज पन्त घाइते भए। पीडितहरुलाई हेलिकप्टरवाट काठमाडौंमा लगी उपचार गरियो।



उदयपुर जेलका बन्दीहरु

जेल र बन्दीहरु

कूल ५० जना क्षमता भएको उदयपुर जेलमा यस वर्ष ५० जना बन्दी रहे। हाल यस जेलमा १ महिला र २९ पुरुष गरी ३० जना कैद नतोकिएका र २० जना कैद तोकिएका बन्दी छन्। ४५ वर्षभन्दा माथिका ३ जना बन्दी छन्। जेलको भौतिक अवस्था जीर्ण भएपनि भित्र र वाहिर गरी ७ वटा शौचालय र ४ वटा धारा चालु अवस्थामा छन्। महिला कक्षको अभावमा सुरुङ्ग जस्तै कोठामा महिला वन्दीहरु राखिन्छ। जेलभित्र स्वच्छ हावाको अभाव छ। कम्पाउण्ड साँघुरो छ। टोपी, झोला, मुडा वुन्ने तानहरु टाँगिए पनि त्यस्ता सामग्री वेच्ने वजारको अभाव रहेको वन्दीहरुको गुनासो छ। यस वर्ष ८ जना वन्दी थपिए भने २ जना छुटे। जेलभित्र जिविस, नपा र सामाजिक संघ-संस्थाहरुको पहलमा टीभी, क्यारेमवोर्ड, चेस र ५ वटा पत्रपत्रिकाहरु उपलब्ध गराइएको छ। जेलका वन्दी महेश चौधरीले आफूलाई ज्यान मुद्दा लागेको २८ महिना हुँदा पनि फर्स्यौट नभएको र ४३ वर्षीय गर्दा गुडेरीले डाँका मुद्दा १९ महिनासम्म पेशी नचढेको गुनासो गरे।

सामुदायिक वनमा भ्रष्टाचार गरेको अभियोगमा जिल्ला वन कार्यालयको जाहेरीले पुर्पक्षका लागि जेलमा राखिएका त्रियुगा नपा-९ दमौतीका ४७ वर्षीय राजेन्द्र थापाले ०६० कार्तिक २१ देखि जवर्जस्ती वकपत्रमा सही गर्न लगाएको भन्दै जिल्ला प्रशासन, अदालत र प्रहरीसमेतलाई निवेदन दिएर सिदासमेत त्याग गरी आमरण अनसन बसे। पीडितलाई इन्सेक प्रतिनिधि र सामुदायिक कानुन अनुसन्धान केन्द्रका प्रतिनिधिको रोहवरमा छानविन गरिदिने शर्तमा अनसन तोड्न लगाइयो।

सुरक्षाकर्मीद्वारा हत्या गरिएका ढकराज राई

वेपत्ता / अपहरण

माओवादीवाट

रामपुर गाविस-२ वरगाछीका शाही नेपाली सेनाका एक २९ वर्षीय जवानलाई ०५९ पुस २९ गते माओवादीले अपहरण गरी जागिर छोड्ने धम्की दिई भोलिपल्ट मुक्त गरे।

उदयपुर जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान नूरप्रसाद पोखरेललाई ०५९ माघ २२ गते गस्ती गएको अवस्थामा रौता गाविसको मुर्कुची वजारवाट माओवादीले अपहरण गरे। पीडितलाई भोलिपल्ट सुरक्षाकर्मीले पञ्चावती गाविसवाट मुक्त गराए।

रामपुर गाविस-६ विजारेटोलकी १० वर्षीय इन्जला राईलाई ०६० असार १५ गते दाजुको घरमा सुतिरहेको ठाउँवाट माओवादीले अपहरण गरी वेपत्ता वनाए। पीडितलाई यो भन्दा पहिले पनि माओवादीले लगेका थिए।

धम्की ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

राष्ट्रिय अनुसन्धान विभागका जिलला प्रमुख जितबहादुर वस्नेतलाई ०५९ चैत ४ गते जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर शिवजी श्रेष्ठले कुटपिपट गरी घाइते वनाए।

जिल्ला शिक्षा कार्यालयको लापर्वाहीका कारण तोकिएको समयमा परीक्षा हुन नसकेपछि त्रियुगा नपा-२ स्थित लालिगुराँस वोर्डिङ्ग स्कूल अगाडि अन्यौलमा रहेका विद्यार्थी र अभिभावकहरुको भीडमा

सुरक्षाकर्मीद्वारा हत्या गरिएका ध्रुव तिम्सिना

०६० साउन ५ गते जिल्ला प्रहरी कार्यालय उदयपुरका प्रहरी इन्स्पेक्टर शिवजी श्रेष्ठको नेतृत्वमा रहेको प्रहरी टोलीले अन्धाधुन्ध लाठीचार्ज गर्दा जनता मावि, रामपुरका शिक्षक तथा हुरेण्डेकका संस्थापक सदस्य गिरीलाल परियारको खुट्टा भाँचियो। पीडितको उपचार वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा गरियो। इन्स्पेक्टरले दुवै केन्द्रमा रहेका केन्द्राध्यक्षहरुलाई समेत अमर्यादित ढंगले गाली गरेको पीडितहरु बताउँछन्।

त्रियुगा नपा-१० स्थित उदयपुर सिमेन्ट उद्योगमा गार्डको रुपमा कार्यरत, शाही नेपालीका भूपू सैनिक ४६ वर्षीय नीरबहादुर कटुवाललाई ०६० असोज २२ गते आफ्नो काम सकेर घर फर्कँदै गर्दा जलजले पुलनजिकै सुरक्षाकर्मीले सख्त घाइते हुनेगरी कुटपिट गरे। पीडितको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचार गरियो।

सुन्दरपुर गाविस-३ सुन्दपुरदेखि फत्तेपुर जाने सडकमा ०६० कार्तिक १५ गते अज्ञात समूहले राखेको एम्बुस सुरक्षाकर्मी नजिक आएको बेला विष्फोट भयो। भारतीय सेनाका भूपू हवल्दार ४५ वर्षीय अशोक राई र अर्का चटपटे व्यापारीलाई सुरक्षाकर्मीले "एम्बुस थाप्ने मानिसको बारेमा बता" भन्दै कुटपिट गरे।

हिमाल यातायात व्यवसायी संघ, उदयपुरको मातहत गेट किपर सहायकको रुपमा कार्यरत त्रियुगा नपा-११ का २४ वर्षीय रामबहादुर राई, सोही नपा-७ का २९ वर्षीय भरत चौधरी र सिरहा गोलबजारका मोहन आले मगरलाई ०६० मंसिर २८ गते गाईघाटबाट जनकपुर जाने रंगिला ट्राभल्सको भाडाको विषयलाई लिएर सादा पोशाकमा रहेका सुरक्षाकर्मीले कुटपिट गरे।

माओवादीबाट

रुपाटार गाविस-५ कालिका प्राविका शिक्षक ३३ वर्षीय नारायणभक्त सिंह ठकुरीलाई गाउँ नजिकैको धार्मिक कार्यक्रममा नाङ्गै नाचेको र केही समयअघि एक गाउँलेको आँखा फुटाइदिएको आरोपमा ०६० जेठ १५ गतेदेखि अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताले विद्यालय छोड्न धम्की दिए

रामपुर गाविस-८ का २२ वर्षीय राजन विष्टलाई माओवादीको नाममा रामपुर बजारमा चन्दा उठाउन लाग्दा ०६० असोज ३ गते माओवादीका रिता राईलगायत्का समूहले ढुंगामाथि हात राखेर बायाँ हात भाँचिदिनुका साथै कुटपिट गरी आइन्दा यस्तो व्यवहार नगर्ने कबोल गराई मुक्त गरे।

कटारी गाविस-४ का काशीराज राई र सोही गाविस-८ का प्रकाश थापालाई शोषक, सामन्त भन्दै ०६० मंसिर १० गते माओवादीले घर छोड्न धम्कीसहितको पत्र पठाए।

जिविस सभापति हिराकुमार श्रेष्ठ र उपसभापति विष्णुबहादुर बस्नेतलाई तत्काल पद त्याग गर्न ०६० मंसिर १२ गते माओवादीले जिल्ला सेक्रेटरीद्वारा हस्ताक्षरित धम्कीसहितको पत्र पठाए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

उदयपुर जिल्लामा लामो समयदेखि कार्यरत अस्थायी शिक्षकहरुले शिक्षा मन्त्रालय, शिक्षा आयोग र सम्बन्धित निकायले आफूमाथि अन्याय गरेको भनी ०५९ फागुन १६ गते जिल्ला शिक्षा कार्यालय घेराउ गरी जिल्ला शिक्षा अधिकारीमार्फत् ज्ञापनपत्र बुझाए। उक्त कार्यक्रममा प्रहरीले हस्तक्षेप गरे।

शाही घोषणाको विरुद्धमा आन्दोलनरत पाँच दलले ०६० जेठ ५ गते स्थानीय निकायका परिषद बैठक गर्ने आन्दोलनबमोजिम त्रियुगा नपामा गएका पूर्व जनप्रतिनिधि र पार्षद सदस्यहरुलाई सुरक्षाकर्मीले नपाको गेटबाट प्रवेश गर्न नदिएपछि विभिन्न नारासहित गेट बाहिर नै नगर परिषद् सम्पन्न गरे।

माओवादीद्वारा हत्या गरिएका सुरक्षाकर्मीहरु

माओवादीद्वारा हत्या गरिएका ट्राफिक प्रहरी जवान राजन दाहाल

माओवादीद्वारा विघुतीय धरापमा पारी हत्या गरिएका सुकेश सिंह

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा दर्ता भएका १ सय ९४ र गत वर्षको जिम्मेवारी सरेर आएका ३ सय ५४ गरी कूल ५ सय ४८ वटा मुद्दा रहे। जसमा, दुनियावादी देवानी ३ सय २१ वटा, दुनियावादी फौज्दारी १ सय ८५ वटा तथा सरकारीवादी फौज्दारी ४२ वटा छन्। यस वर्ष जिम्मेवारी सरेर आएका १ सय १६ वटा र नयाँ दर्ता भएका १ सय ५९ वटा गरी कूल २ सय ७५ वटा मुद्दा फर्स्यौट भए। २ वर्ष नाघेका मुद्दा २५ वटा र थुनुवा मुद्दा १६ वटा छन्।

यस वर्ष जिल्ला प्रशासन कार्यालयमा सार्वजनिक ऐनअन्तर्गत १४ वटा मुद्दा दर्ता भए। अघिल्लो वर्ष जिम्मेवारी सरेर आएका ७ वटा मुद्दामध्ये ६ वटा फर्स्यौट भई १ वटा मुद्दा फर्स्यौट हुन बाँकी छन्। यो वर्ष हातहतियार खरखजानाअन्तर्गत एउटा मुद्दा दर्ता भयो।

जिल्ला वन कार्यालयमा वन पैदावार हानी नोक्सानी पऱ्याएको र वन अतिक्रमण गरेको अभियोगमा १० वटा मुद्दा दर्ता भए। गत वर्षको जिम्मेवारी सरेर आएका ६२ समेत गरी कूल ७२ वटा मुद्दामा गत वर्षका ६२ वटै र यस वर्षको ४ वटा फर्स्यौट भए।

जिल्ला प्रहरी कार्यालयमा कर्तव्य ज्यानअन्तर्गत ७ वटा, ज्यान मार्ने उद्योगअन्तर्गत २ वटा, चोरी ६ वटा, केही सार्वजनिक अपराधअन्तर्गत १४ वटा, बहुविवाहअन्तर्गत १ वटा, जबर्जस्ती करणीअन्तर्गत ३ वटा, हातहतियार खरखजानासम्बन्धी १ वटा, आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐनअन्तर्गत ४ वटा र ठगीसम्बन्धी १ वटा मुद्दा दर्ता भए।

माओवादीद्वारा मारिएका कलादेवी चौधरी र प्रहरी जवान राधाकृष्ण राई

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

त्रियुगा नपा-१ बाँसबारी एरियामा ०२४ सालदेखि बसोबास गर्दैआएका ८० घर जिल्ला प्रशासन कार्यालयले उठाउने निर्णय गरेपछि पीडितहरुले ०५९ माघ ८ गतेदेखि विभिन्न संघ-संस्था मन्त्रिपरिषद् र सरोकारवाला निकायसमेतलाई गुहार्दै बस्ती नउठाउन अनुरोध गरे। सो सम्बन्धमा जिल्ला अदालतमा मुद्दा चलिरहेको छ।

यस वर्ष जिल्लामा २ हजार ९६ जना जेष्ठ नागरिकलाई वार्षिक १ हजार ८ सय रुपैयाँका दरले कूल ३७ लाख ७२ हजार ८ सय, २ हजार २ सय ७१ जना असहाय अशक्त विधुवालाई १ हजार १ सय ७० का दरले २६ लाख ५७ हजार ७० रुपैयाँ र ५० जना अशक्त/अपाङ्गलाई १ हजार २ सयका दरले ६० हजार रुपैयाँ गरी कूल ६४ लाख ८९ हजार ८ सय ७० रुपैयाँ भत्ता वितरण गरिएको कुरा जिविसले जनायो।

विस्थापित

रामपुर गाविस-१ सेतीखोलाका ३५ वर्षीय प्रकाश सापकोटाको घर जग्गा र चौपाया ०६० मंसिर १४ गते माओवादीले कब्जामा लिई घरबाट निकालिदिए। पीडितको सम्पूर्ण सम्पत्ति खरीद-बिक्री गर्न नपाउने गरी घरमा माओवादीले सूचना टाँस गरेका छन्। हाल पीडितको परिवार विराटनगरमा बस्दै आएका छन्।

बेल्टार गाविसस्थित बेल्टार बजारलाई ०५९ माघ २९ गते किराँत वर्कर्स् पार्टीका कार्यकर्ताले कब्जामा लिँदै व्यापारी वक्रबहादुर खड्का, भोजराज खतिवडा, काशीराज सेढाईलगायतसँग जबर्जस्ती चन्दा असुल्ने कार्य गरे। उक्त घटनापछि केही व्यापारीले व्यवसाय छाडी सदरमुकाम बस्न बाध्य भए।

धार्मिक अधिकार

सुरक्षा कारवाहीमा मारिएका भुट्टार गाविस-२ का विष्णु कार्कीको हिन्दु परम्पराअनुसार परिवारजनले किरिया गर्न लागेकोमा ०६० मंसिर ८ गते माओवादीले ढिकुरो भत्काएर किरिया गर्न दिएनन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

जोगिदह गाविस-१ का कंकखोला सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष ३८ वर्षीय रविलाल चौधरीलाई अवैधरुपमा काठ निकासी गरेको अभियोगमा ०५९ माघ २३ गते अन्य सदस्यहरुले पक्रेर पाता फर्काई जिल्ला वन कार्यालय उदयपुरमा बुझाए। एक महिनापछि धरौटीमा रिहा गरियो।

सुन्दरपुर गाविस-४ का २९ वर्षीय दशरथ चौधरी, ४२ वर्षीय दुखी चौधरी, ४५ वर्षीय तेतरु चौधरी, १६ वर्षीय किशोर खत्री र ३३ वर्षीय राजकुमार चौधरीलाई अवैधरुपमा काठ तस्करी गरेको आरोपमा ०६० जेठ २८ गते इलाका वन कार्यालय, सुन्दरपुरका वन रक्षकले गिरफ्तार गरी हात र ढाडमा निलडाम हुने गरी यातना दिए। पीडितहरुलाई असार २ गते राति पक्राउ पुर्जी दिइयो। एक महिनापछि धरौटीमा रिहा गरियो।

कटारी गाविस घर भई तावाश्री गाविसमा बस्ने ३० वर्षीय बलराम पराजुलीलाई माओवादीको आरोपमा ०६० असोज २६ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा हाल थुनामा राखिएको छ।

बेल्टार गाविस-८ घर भई कटुन्जे ववला गाविस-७ बस्ने सन्तोष खड्कालाई माओवादी गतिविधिमा संलग्न भएको आशंकामा ०६० मंसिर २६ गते सुरक्षा बेस क्याम्प, फत्तेपुरका सेनाले गिरफ्तार गरी शारीरिक र मानसिक यातना दिई २६ दिनपछि १८ नं. बाहिनीमा पठाए। पीडितलाई इन्सेक मानवअधिकार वर्ष पुस्तक जिल्ला प्रतिनिधिको रोहवरमा ०६० माघ २६ गते जिल्ला प्रहरी कार्यालयबाट तारिखमा रिहा गरियो।

प्रहरी इन्स्पेक्टरद्वारा कुटपिट गरिएका जीतबहादुर थापा

बेल्टार गाविस-६ का शिवजी राई, बमबहादुर कटुवाल, प्ररायुसंघ जिल्लाका अध्यक्ष शम्भु पौडेल र सोही गाविस-१ का मन्दिल श्रेष्ठलाई माओवादीले जबर्जस्ती ज़नतासँग उठाएर राखेको धान घरमा राखिदिएको आरोपमा ०६० पुस २ गते गस्तीमा रहेका सुरक्षाकर्मीले गिरफ्तार गरी फरक-फरक मितिमा रिहा गरे।

बेल्टार गाविस-६ का ३५ वर्षीय पदम दाहाल, २५ वर्षीय हर्कधन राई, ३६ वर्षीय श्यामसेवक चौधरी, ३८ वर्षीय सुकल चौधरी, ३१ वर्षीय वनहराम चौधरी र ४० वर्षीय बच्चालाल चौधरीलाई अवैध काठ तस्करी गरेको आरोपमा ०६० माघ २१ गते जिल्ला वन कार्यालयले गिरफ्तार गरी शारीरिक र मानसिक यातना दिई पक्राउ पुर्जी नदिई ३४ घण्टासम्म थुनामा राखी धरौटीमा रिहा गऱ्यो।

त्रियुगा नपा-२ गाइघाटका ३१ वर्षीय भोजराज बस्नेतलाई माओवादीसँग फोटो मिलेको आरोपमा ०६० पुस १० गते सेनाले गिरफ्तार गरी एक रात मानसिक यातना दिई भोलिपल्ट १८ नं. वाहिनीमा राखी रिहा गरे।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दुर्व्यवहार

भलायडाँडा गाविस-३ की १८ वर्षीय एक युवतीलाई ०५९ माघ १५ गते सोही ठाउँका २८ वर्षीय गोविन्द रानामगरले घरमा काम सहयोग गरिदिने बहानामा नजिकैको जंगलमा लगी बलात्कार गर्ने प्रयास गरे। पीडकलाई कारवाहीका लागि जिल्ला प्रशासन कार्यालयमा बुझाइएकोमा मिलापत्र गरी छाडियो।

त्रियुगा नपा-१० की २० वर्षीय फुलकुमारी चौधरीलाई दाइजो नल्याएको आरोपमा ०५० जेठ १८ गते आफ्नै पति २५ वर्षीय मनोजकुमार चौधरीले संवेदनशील अंगहरुमा समेत निलडाम हुनेगरी कुटपिट गरे। पीडितले सामुदायिक कानुन अनुसन्धान केन्द्र र इन्सेक मानवअधिकार वर्ष पुस्तक जिल्ला

प्रतिनिधिको सहयोगमा न्यायिक उपचारको लागि जिल्ला अदालतमा मुद्दा दर्ता गरिन्।

त्रियुगा नपा-८ की २० वर्षीय मिना अधिकारीले आफूलाई पारिवारिक रुपमा हिंसाप्रद व्यवहार गरी सम्पूर्ण अवसरवाट वञ्चित गर्न खोजेको भन्दै वुवा भुवन अधिकारीविरुद्ध छोरासरह अंश पाउँ भनी ०६० असार १० गते जिल्ला अदालतमा मुद्दा दर्ता गरिन्। उक्त मुद्दा फर्स्यौट हुन वाँकी छ।

वसाहा गाविस-१ का भारतीय सैनिक २१ वर्षीय सुरेन्द्र तामाङले वहुविवाह गरेपछि जेठी पत्नी २० वर्षीय सली तामाङले वहुविवाहसम्वन्धी कारवाहीका लागि ०६० साउन २९ गते प्रहरीसमक्ष उजुरी दिइन्। पीडकलाई गिरफ्तार गरे पनि हदम्याद नाघेकोले मुद्दा दर्ता गर्न नमिल्ने सरकारी वकिल कार्यालयको रायले छाडिए पनि पुनरावेदनको आदेशले हाल मुद्दा चलिरहेको छ।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार /जातीय छुवाछूत समेत

पोखरी गाविस-१ का २२ वर्षीय कमलसिंह मगरातिलाई चुल्हो छेउमा गएको भनी सोही ठाउँ सल्लेमा होटल व्यवसाय गरी वस्ने ३३ वर्षीय सख्तवहादुर थापाले कुटपिट गरे।

विविध

संरचना क्षति

यस वर्ष यो जिल्लामा माओवादीले ०६० भदौ ९ गते त्रिवेणी गाविसस्थित प्रहरी चौकीमा आगो लगाई नष्ट गर्दा २ लाख, ०६० भदौ २९ गते इलाका प्रहरी कार्यालय रामपुर ठोक्सिलामा आगजनी र विष्फोट गराउँदा ५ लाख, ०६० असोज ७ गते पुरानो गाविस भवन रहेको कृषि विकास सेवा केन्द्र र इलाका प्रहरी कार्यालय वेल्टारमा आगजनी गराउँदा १ लाख ५० हजार, ०६० असोज २० गते जनता निमावि, पुवारेथुम्का कटुञ्जे ववलाको भवन जलाउँदा ३ लाख रुपैयाँ वरावरको क्षति भयो। उक्त विद्यालय आफूले नजलाएको माओवादीले जनाए।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्वन्धित)

यस जिल्लामा ६ जनाले विष सेवन गरेर र १३ जनाले झुण्डिएर आत्महत्या गरे। सवारी दुर्घटनामा ७ जनाको मृत्यु भयो।

१.१४ खोटाङ



जनसंख्या	:	२३१३८५
साक्षरता प्रतिशत	:	४१.८३
महिला साक्षरता प्रतिशत	:	३८.२९
क्षेत्रफल (वर्ग कि.मी.)	:	१५९१
गाविस/नपा संख्या	:	७६/०
निर्वाचन क्षेत्र	:	२
विद्यालय	:	५७१
क्याम्पस/उच्च मावि	:	१/१०
अस्पताल/स्वास्थ्य चौकी	:	१/७१
टेलिफोन लाइन	:	२१०
मोटर सडक (कि.मी.)	:	०
प्रहरी कार्यालय संख्या	:	२
हुलाक संख्या	:	७६
मानव विकास सूचकांक	:	०.३१८
प्रति एक डाक्टर जनसंख्या	:	८४३६३
प्रति परिवार सरदर संख्या	:	५.४०

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या गोली

राज्यबाट

चिसापानी गाविस-४ खुडा वगैंचाका १९ वर्षीय कैलाश कार्की, १७ वर्षीय धीरवहादुर कार्की, ३४ वर्षीय देववहादुर राई र १५ वर्षीय दीपक विष्टलाई माओवादीको आशंकामा ०६० भदौ १५ गते गस्तीमा गएका सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा चिसापानी वजार, खोटाङ वजार, इन्द्रेणी पोखरी हुँदै ९ कोस उत्तरमा पर्ने टुवाखोलामा पुर्‍याई भदौ १७ गते विहान ५ वजे गोली हानी हत्या गरे। पीडितहरुमध्ये कैलाशले इलाका प्रशासन कार्यालय, खोटाङमा आत्मसमर्पण गरी स्थानीय वालउदय

निमावि, चिसापानीमा अध्यापन गर्दै आएका थिए भने थीरबहादुर र दीपक चिसापानी उच्च माविमा क्रमशः १० र ९ कक्षामा अध्ययनरत थिए। देवबहादुर खेतिकिसानी गर्दथे। सोही घटनामा गिरफ्तार गरिएका जलकुमार राई र पेशल कार्की सुरक्षाकर्मीको कुटपिटबाट गम्भीर घाइते भए। पेशललाई सोही दिन रिहा गरियो भने जलकुमारलाई भदौ १७ गते बिहान तारेखमा रिहा गरियो।

राखावाङ्देल गाविस-३ मा ०६० असोज २८ गते नाम नखुलेका एक पुरुष र एक महिला माओवादी कार्यकर्तालाई गस्तीमा गएका सुरक्षाकर्मीले गोली हानी हत्या गरे। गस्तीमा रहेका सुरक्षाकर्मीमाथि माओवादीले गोली प्रहार गरेपछि खोजतलासको क्रममा हत्या गरिएको थियो।

राखा वाङ्देल गाविस-२ की ३९ वर्षीय अनिता गुरुङलाई माओवादीको आरोपमा ०६० मंसिर १९ गते ट्युसन पढ्न जाँदै गर्दा घर नजिकैबाट सुरक्षाकर्मीले गिरफ्तार गरी उत्तर-पश्चिमको बाकाचोल गाविस-४ भैंसीगौडेमा लगी गोली हानी हत्या गरे। पीडितको लास चार दिनपछि परिवारले दाहसंस्कार गरे।

डम्बर्खु शिवालय गाविस-१ का ३९ वर्षीय हरिप्रसाद भट्टराई, उनका फुपुका छोरा चिसापानी गाविस-२ का ३४ वर्षीय दुर्गाप्रसाद कोइराला र २७ वर्षीय डाकमणि कोइरालालाई माओवादीको आरोपमा ०६० मंसिर २१ गते राति १ बजे घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी एक घण्टा दक्षिणतर्फ काभ्रेखोलामा पुऱ्याई गोली हानी हत्या गरे। पीडितद्वय दुर्गाप्रसाद र डाकमणि मंसिर २० गते बेलुकी हरिप्रसादको घरमा विदेश जान पैसा माग्न पुगेका र त्यहीं बसेका थिए। राति १ बजे सुरक्षाकर्मीले घरमा खानतलासी गरी "माओवादी होस् बन्दुक निकाल्" भन्दै तीनै जनालाई डोरीले हात बाँधेर लगेकोमा "दुई जना हाम्रा पाहुना हुन्" भन्दा "हामी पाहुना नै खोज्दै हिंडेका हौं" भन्दै गिरफ्तार गरी राति २:३० बजे खोला किनारमा पुऱ्याई हरिलाई ढाडमा र बाँकी दुईलाई टाउको र शरीरमा गोली हानी हत्या गरे। पीडितहरुमध्ये हरिप्रसाद नेकाँ समर्थक तथा चिसापानी उच्च माविका शिक्षक थिए भने दुर्गाप्रसाद र डाकमणि किसान थिए। माओवादीको आशंकामा विगतदेखि तारेखमा रहेका हरिप्रसाद मंसिर १२ गते सदरमुकाम दिक्तेल आई जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयमा तारेख बुझाई मंसिर १३ गते घर फर्किएका थिए।

च्यासीटार गाविस-७ बिप्चाईमा ०६० मंसिर २७ गते खाना पकाउँदै गरेका सुरक्षाकर्मीलाई लक्षित गरी बम प्रहार गरेर भाग्दै गरेका नाम नखुलेका एक पुरुष माओवादी कार्यकर्तालाई सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

माओवादीबाट

खाल्ले गाविस-२ बाँसबोटेका ६२ वर्षीय सुवास भनिने नरनाथ पौडेललाई आफ्ना कार्यकर्ता गिरफ्तार गर्न सहयोग गरेको आरोपमा ०५९ माघ ७ गते राति खम्बुवान मुक्ति मोर्चाका कार्यकर्ताले घरबाट बाहिर बोलाई घाँटी, निधार र हातमा धारिलो हतियार प्रहार गरी हत्या गरे। आफ्नो पतिलाई बचाउन घरबाट बाहिर निस्किएकी रत्नकुमारी पौडेललाई खम्बुवानका कार्यकर्ताले कुटपिट गरे।

दिक्तेल गाविस-८ बेसिटोलका ४० वर्षीय लक्ष्मीप्रसाद राईलाई हत्याराको आरोपमा ०५९ माघ ७ गते राति खम्बुवानका कार्यकर्ताले घरदेखि ५० मिटर

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित				
	अन्यबाट					माओवादीबाट पीडित								
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	५	४	२		६	४	४		४	११	२२	१४	४	४०
घाइते	१	३			३	४	१२	३	१५	१	२			२
बम विस्फोटन						१	२		२					
गिरफ्तारी/यातना										१०	४३	५		४८
कुटपिट	३	५			५	४	४	२	६	२	८			८
धम्की						५	९	३	१२					
जातीय विभेद	१	१			१									
महिलाअधिकार	७		७		७									
बालअधिकार	३		२	१	३									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार						१	२		२					
अपहरण						२	३		३					
जम्मा	२०	१३	११	१	२५	२१	३६	८	४४	२४	७५	१९	४	९८

पूर्वतर्फ लगी टाउको र शरीरका विभिन्न भागमा धारिलो हतियार प्रहार गरी हत्या गरे। हत्या गरिनुपूर्व पीडितलाई कुटपिट गरी दुई दाँत झार्नुका साथै टाउकाको भित्री भाग देखिने गरी कुटपिट गरिएको थियो। खुम्बुवानले ५-६ वर्ष अघि सोही ठाउँका बमबहादुर राईको हत्यामा संलग्न भएको र सरकारले उनलाई कुनै कारवाही नगरेको कारण कारवाहीस्वरुप हत्या गरेको कुरा सोही गाविसको पुनर्स्थापित प्रावि, कार्कीढुंगामा टाँसिएको पर्चामा उल्लेख गरे।

नेविसंघका क्षेत्रीय अध्यक्ष तथा चिसापानी गाविस-४ स्थित बालउदय निमाविका शिक्षक ३२ वर्षीय ध्रुव खड्कालाई ०६० असोज ७ गते राति घरबाट माओवादीले अपहरण गरी पश्चिमतर्फको छोरम्बुको सापात्तलमा लगी असोज ८ गते गोली हानी हत्या गरे।

राखाबाढदेल गाविस-९ नावामा ०६० मंसिर १९ गते गस्तीमा गएका सुरक्षाकर्मीलाई लक्षित गरी माओवादीले थापेको विद्युतीय धराप विस्फोट हुँदा सुनसरी जिल्ला कोहरिपुर घर भई जिल्ला प्रहरी कार्यालय, खोटाङमा कार्यरत प्रहरी जवान ३४ वर्षीय अमृत पाठकको मृत्यु भयो। सोही घटनामा सैनिक हवल्दार घाइते भए। धराप विस्फोट हुनासाथ सुरक्षाकर्मीमाथि माओवादीले फायरिङ्ग गरेपछि ४ घण्टासम्म दोहोरो भिडन्त भयो।

दोहोरो भिडन्त

ऐसेलुखर्क गाविस-५ शुक्रवारे बजारदेखि उत्तर फुलेडाँडामा ०५९ माघ १ गते गस्तीमा गएका सुरक्षाकर्मी र माओवादीबीच बिहान ८ बजेदेखि ७ घण्टा लामो दोहोरो भिडन्त हुँदा किसान भनिने सुमन रम्तेल, प्रमोद भनिने दिपन गुरुङ, नाम नखुलेका एक पुरुष र एक महिला माओवादी कार्यकर्ताको मृत्यु भयो।

दोर्पा चिउरीडाँडाका माओवादी कार्यकर्ता ४ नं. एरिया सेक्रेटरी कविता भनिने २६ वर्षीय सीता आचार्य,



खोटाङ जेलमा तान बुन्दै बन्दीहरु

इन्द्रेणीपोखरी गाविस हिलेखर्कका ४ नं. एरिया सेक्रेटरी ३८ वर्षीय पर्शु भट्टराई, विजयखर्क गाविस-४ का ६४ वर्षीय बलराम ढुंगाना, सोही गाविस-८ का १६ वर्षीय जीवन राई, सोही गाविस-६ का २३ वर्षीय रामकुमार राई, सीता वि.क., जीतनारायण ढकाल, ओखेडाँडागाउँ गाविसका २३ वर्षीय निर्मला तामाङ तथा नाम नखुलेका एक पुरुष र २ महिला माओवादी कार्यकर्ताको ०६० असोज १० गते ओखेडाँडागाउँ गाविस-३ स्थित जंगलमा गस्तीमा गएका सुरक्षाकर्मी र माओवादीबीच दोहोरो भिडन्त हुँदा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। सोही घटनामा परी सिम्पानी गाविस-८ का नेकाँका कार्यकर्ता तथा सिम्पानी इलाका हुलाक कार्यालयका मुखिया ३१ वर्षीय तेजबहादुर खड्काको पनि मृत्यु भयो। तेजबहादुरलाई माओवादीले बहुविवाहको आरोपमा असोज ३ गते अपहरण गरी आफ्नो कब्जामा राखेका थिए। खोजतलासको क्रममा सोही ठाउँबाट बन्दुक, ग्रिनेट, झोला, गोली र माओवादी पुस्तकहरु बरामद गरेको सुरक्षास्रोतले जनायो।

निर्मलीडाँडा गाविस-१ की माओवादी एरिया इन्चार्ज एकता भनिने सृजना बलाङ्की, च्यास्मीथर गाविस-३ की सावित्रा भनिने २१ वर्षीय नौसे राई, विजयखर्क गाविस-७ का २१ वर्षीय केशरी ढकाल र नाम



सुरक्षाकर्मीद्वारा हत्या गरिएका कैलाश कार्की, देवबहादुर राई, दीपक विष्ट र धीरबहादुर कार्की

सुरक्षाकर्मीद्वारा हत्या गरिएका शिक्षक हरिप्रसाद भट्टराईको परिवार

नखुलेकी एक महिलाको ०६० असोज २७ गते वाक्सिला गाविस-६ हलकुम गाउँ (खजिगाउँ) मा सुरक्षाकर्मी र माओवादीबीच दोहोरो भिडन्त हुँदा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। सोही घटनामा परी वाक्सिला गाविस-२ का सुस्त मनस्थितिका १९ वर्षीय थीरकुमार अधिकारी घर नजिकैको बाँसघारीमा दिसा गर्न गएको अवस्थामा मृत्यु भयो। सोही घटनामा माओवादी कार्यकर्ता सुलोचना भनिने एक महिलालाई सुरक्षाकर्मीले गिरफ्तार गरे।

वाकाचोल गाविस-१, ६ र ७ वीचको ठाडे जंगलमा ०६० कार्तिक १ गते संयुक्त सुरक्षाकर्मी र माओवादीवीच दोहोरो भिडन्त हुँदा नाम नखुलेका एक पुरुष माओवादी कार्यकर्ताको मृत्यु भयो भने एक सुरक्षाकर्मी घाइते भए। सुरक्षाकर्मीले घटनापछि खोजतलासको क्रममा माओवादीले जम्मा गरी राखेको आलु र मकै वरामद गरे।

वतासे गाविस-४ भण्डारेघाटस्थित हामारेखोलामा ०६० कार्तिक २९ गते साँझ ६ बजे झण्डा गाडेर कार्यक्रम गर्न जम्मा भएका किराँत राष्ट्रिय मोर्चाका कार्यकर्ता र गस्तीमा गएका सुरक्षाकर्मीबीच जम्काभेट हुँदा सुरक्षाकर्मीको गोलीद्वारा गाइघाट स्थायी घर भएका खाल्से गाविस-८ का ३६ वर्षीय दिलबहादुर राईको मृत्यु भयो।

वाक्सिला गाविस-३ सिम्तेलीमा ०६० मंसिर २० गते सुरक्षाकर्मीको गोलीद्वारा भोजपुर जिल्ला लेकखर्ककी विपना, सिन्धुपाल्चोक जिल्ला पिस्करकी सुष्मा र काभ्रे जिल्लाकी निशा नामका माओवादी कार्यकर्ताको मृत्यु भयो। सोही दिन वाक्सिला गाविस-१ दाम्खुमा भएको भिडन्तमा माओवादी प्लाटुन कमाण्डर उत्थान र अर्को अभियान भनिने गरी २ जना माओवादी कार्यकर्ताको मृत्यु भयो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

ओखेडाँडागाउँ गाविस-८ खुतुम्बुका माओवादी कार्यकर्ता २० वर्षीय सुरज भनिने वीरधन राईको ०६० असोज २ गते बुईपा गाविस-६ छापगाउँमा आफैले बोकेको बम विस्फोट हुँदा दाहिने हत्केला जलेर काम नलाग्ने भयो। सोही वम विस्फोटमा परी बाटो हिंड्दै गरेकी बुईपा गाविस-६ की ३५ वर्षीय रुचिमाया राई र ३२ वर्षीय दयाकुमारी राई सामान्य घाइते भए। वीरधनलाई बाबुले ४ दिनपछि जिल्ला अस्पताल पुऱ्याई उपचार गर्दा दायाँ हात काट्नुपऱ्यो। वीरधनलाई उपचारपछि हाल हातहतियार एवम् खरखजानासम्बन्धी मुद्दा लगाई थुनामा राखिएको छ।

नुनथला गाविस-१ महुरे जंगलको मूलबाटोमा लामिडाँडा विमानस्थलमा सुरक्षार्थ खटिएका सुरक्षाकर्मीहरुलाई लक्षित गरी ०६० कार्तिक २० गते माओवादीले तीन वटा वम विस्फोट गराउँदा छर्राले लागी दिक्तेलमा कार्यरत सैनिक जवान नवराज बस्नेत र इटहरीबाट घर फर्कंदै गरेका दिक्तेल गाविस-२ का ६७ वर्षीय धनप्रसाद आचार्य घाइते भए। घाइतेहरुलाई सैनिक अस्पताल, काठमाडौं छाउनीमा उपचार गरियो। घटनापछि सुरक्षाकर्मीले साढे एक घण्टा जवाफी फायरिङ गरेका थिए।

नुनथला गाविस-८ को वातल जंगलमा लामिडाँडा विमानस्थल हुँदै जहाजबाट सदरमुकाम आउँदै गरेका सुरक्षाकर्मीलाई लक्षित गरी ०६० पुस १२ गते माओवादीले वम प्रहार गर्दा जिल्ला प्रहरी कार्यालय, खोटाङमा कार्यरत प्रहरी हवल्दार देवान राई, कुमार श्रेष्ठ, प्रहरी जवान लोकबहादुर श्रेष्ठ र नन्दबक्स गुल्मका लेसनायक बाबु थापा, जवानहरु तिलक भट्टराई, रोहिणी खतिवडा, धनकुमार प्रधान गरी ७ जना सुरक्षाकर्मी गम्भीर घाइते भए। सोही विस्फोटमा परी नागरिकता बनाउन आएका दुर्दिम गाविस-९ हैदेका २५ वर्षीय भरत राईको बायाँ खुट्टा भाँचियो भने उनकी पत्नी २८ वर्षीय भावना राईको पिठ्युँ र खुट्टामा चोट लाग्यो। घटनापछि २ घण्टासम्म सुरक्षाकर्मीले खोजतलास र फायरिङ गरे। घाइतेहरुको धरानमा उपचार गरियो।

जेल र बन्दीहरू

"घ" श्रेणीको खोटाङ जेलको बन्दी क्षमता ३० जनाको छ। जेलमा ४ महिला र ३६ पुरुष कैद नतोकिएका, ४ महिला र २४ पुरुष कैद तोकिएका, एक वालक र एक

वालिका छन्। जेलमा चर्पी र पानीको राम्रो व्यवस्था छ। गम्भीर प्रकृतिका बिरामीहरुलाई जिल्ला स्वास्थ्य कार्यालयका डाक्टरबाट उपचार गराइन्छ। बन्दीहरु टोपी बुन्ने काम गर्दछन्।

बेपत्ता / अपहरण

माओवादीबाट

हौचुर गाविस-४ राइसिङ्गेका नेपालगञ्जस्थित सशस्त्र प्रहरी बागेश्वरी गणमा कार्यरत सहायक हवल्दार २४ वर्षीय उदयबहादुर कार्कीलाई ०६० भदौ ९ गते घर फर्किंदै गर्दा लामिडाँडा गाविस-९ रमुवाबाट अज्ञात समूहले कुटपिट गर्दै अपहरण गरे। पीडित हालसम्म बेपत्ता छन्। अपहरणको जिम्मा लिएको कसैले सार्वजनिक जानकारी गराएको छैन। माओवादीले अपहरण गरेको आशंका गरिएको छ।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

शुक्रवारे बजारका फोन सञ्चालक लालकुमार राजभण्डारी र बाटो हिँड्दै गरेका सर्वसाधारण खार्मीका देउकुमार राईलाई ०५९ पुस ३० गते सुरक्षाकर्मीले "माओवादीलाई किन फोन गर्न दिइस् ? कहाँ छन् देखा" भन्दै अभद्र व्यवहार गरेर कुटपिट गरे।

माओवादीबाट

साउनेचौर गाविस-६ का १३ वर्षीय कमला खड्कालाई छिमेकीसँग झगडा गरी अभद्र व्यवहार गरेको/बोलेको आरोपमा ०६० साउन १६ गते माओवादीले खुट्टा र ढाडमा निलडाम हुने गरी बाँसको भाटाले कुटपिट गरे।

सप्तेश्वर गाविस-८ का स्थानीय थर्पुडाँडा निमाविका शिक्षक ३९ वर्षीय नरेशकुमार राईलाई चन्दा नदिएको आरोपमा ०६० असोज १४ गते माओवादीले "हामीलाई चन्दा दिन नसक्ने भए स्कूल छोड्नु, यदि यो अनुहार आइन्दा स्कूलमा देखे कडा भौतिक कारवाही गरिनेछ" भन्ने धम्की दिए। पीडितलाई माओवादीलाई खाना खुवाएको आरोपमा ०५८ पुस २९ गते सुरक्षाकर्मीले गिरफतार गरी १८ महिना ९ दिन नजरबन्दमा राखेर ०६० साउन ४ गते रिहा गरिएको थियो। पीडित हाल विस्थापित भई सदरमुकाममा बसेका छन्।



माओवादीद्वारा हत्या गरिएका शिक्षक ध्रुव खड्का

च्यास्मीटार गाविस-९ का २१ वर्षीय रमेश राईलाई भड्किलो कपडा लगाएको आरोपमा ०६० कार्तिक १४ गते सोही गाविस-५ स्थित च्यास्मीटार माविनजिकै संगीन र सागर भनिने माओवादी कार्यकर्ताले शरीर, हात र खुट्टामा घाउ हुनेगरी भाटाले कुटपिट गरे।

बुईपा गाविस-२ का राप्रपाका नेता तथा मनोनित जिल्ला सभापति रत्न राई, दिक्तेल गाविस-३ का ५२ वर्षीय टंकनाथ आचार्य, बाजेच्यानडाँडा गाविस-६ की शान्ता गुरुङ, सोही गाविस-७ का मदन देउजा र याम्खा गाविस-३ का चन्द्रकुमार राईलाई पार्टीविरुद्ध सुराकी गरेको र सर्वसाधारणलाई दुःख दिएको आरोपमा "तत्काल पार्टीको जनअदालतमा सम्पर्क नगरे जहाँ भेटे पनि कडा भौतिक कारवाही गरिने" धम्कीपूर्ण सूचना ०६० कार्तिक १४ गते माओवादीले आफूले संचालन गरेको एफ.एम. रेडियोमार्फत् सार्वजनिक गरे। पीडित रत्नबाहेक अन्य नेकाँ समर्थक हुन्। हाल उनीहरु विस्थापित भई सदरमुकाममा बसेका छन्।

च्यास्मीटार गाविस-८ का ४५ वर्षीय वृखबहादुर राईलाई माओवादीले "एक जना छोरा वा २५ हजार रुपैयाँ पार्टीलाई दिनुपर्ने नत्र गाउँ छोडेर जानुपर्ने" धम्की दिएपछि पैसा दिन नसक्दा ज्यान बचाउन छोराहरु १८ वर्षीय रिपेन्द्र र १४ वर्षीय युवराजलाई साथमा लिई ०६० मंसिर ३ गते भारतको मेघालय गए। पीडितका छोराहरु कक्षा १० र ९ मा च्यास्मीटार माविमा अध्ययनरत थिए।

चिसापानी गाविस-४ का २३ वर्षीय रोमन कार्की र ४२ वर्षीय भरत खत्रीलाई सुराकीको आरोपमा तत्काल पार्टीको जनअदालतमा सम्पर्क नगरे कडा भौतिक कारवाही गरिने धम्कीपूर्ण सूचना ०६० मंसिर २५ गते माओवादीले सार्वजनिक गरे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

पाँच राजनीतिक पार्टीद्वारा प्रतिगमन विरुद्ध निकालिएको मसाल जुलुसमाथि ०६० वैशाख २८ गते प्रहरीले हस्तक्षेप गरी लाठिचार्ज गर्दा नेविसंघ जिल्ला सभापति विष्णुराज राई र अनेरास्ववियु केन्द्रीय सदस्य पर्शु लिम्बू गम्भीर घाइते भए। सोही कार्यक्रमबाट नेकाँ जिल्ला सभापति तथा पूर्व राज्यमन्त्री

शिवकुमार बस्नेत, अनेमसंघ जिल्ला अध्यक्ष, नेकाँका सदस्य अग्निप्रसाद आचार्य, एमाले जिल्ला कमिटी सदस्य देवी रेग्मी, वीरेन्द्र ढकाल, रञ्जना राई, अनेरास्ववियु जिल्ला सचिव दीपनारायण रिजाल, जनमोर्चा नेपाल जिल्ला कोषाध्यक्ष नरेन्द्र थापालगायत् नेकाँका ८, एमालेका ११ र जनमोर्चाका ३ गरी २२ जना नेता तथा कार्यकर्तालाई मनोज मार्गबाट प्रहरीले गिरफ्तार गरी ४ घण्टापछि रिहा गरे।

पाँच राजनीतिक पार्टीको पूर्वघोषित राष्ट्रव्यापी कार्यक्रमअनुसार ०६० पुस १२ गते शान्तिपूर्ण विरोध जुलुसमा राजाविरुद्ध नाराबाजी गरेको आरोपमा दिक्तेलस्थित रत्नपार्कमा प्रहरीले हस्तक्षेप गरी नेकाँका कार्यवाहक सभापति विष्णु राई, नेविसंघ जिल्ला सभापति विष्णुराज राई, सदस्य आशिष राई, पूर्व केन्द्रीय सदस्य तीर्थ भट्टराई, अनेमसंघ उपसभापति रामकुमारी राई, एमाले जिल्ला सचिव हरि पोखरेल, अनेरास्ववियु अञ्चल सचिव सुरेन्द्र राईलगायत् १४ जना नेता तथा कार्यकर्तालाई गिरफ्तार गरी सोही दिन रिहा गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा ७२ मुद्दा दर्ता भए। गत वर्षको जिम्मेवारी सरेर आएका १ सय र यस वर्षका गरी जम्मा १ सय ७२ मुद्दामध्ये जिम्मेवारीका ८१ मुद्दा फर्स्यौट भई ९१ बाँकी रहे भने यस वर्ष परेका ३ फर्स्यौट भई ६९ वटा बाँकी रहे। हालसम्म फर्स्यौट हुन बाँकी तीन वर्ष नाघेका दुनियावादी देवानी १, दुई वर्ष नाघेका १ र दुई वर्ष नाघेका सरकारवादी फौज्दारी २ गरी ४ वटा छन्।

जिल्ला प्रशासन कार्यालयमा यस वर्ष सार्वजनिक अपराधका ११ र हातहतियारसम्बन्धी १ वटा गरी कूल १२ वटा मुद्दाहरु परे। जसमा, सार्वजनिक अपराधका ९ वटा मुद्दा फर्स्यौट भए। पुरानो जिम्मेवार सरेर आएका सार्वजनिक अपराधका ५ र हातहतियारका २ गरी ७ मुद्दा छन्। पुरानोमध्ये ५ वर्ष, ४ वर्ष, २ वर्ष र ३ वर्ष नाघेका क्रमश: १, १, १ र ४ वटा मुद्दा छन्। यस वर्ष कैद फैसला हुन बाँकी सार्वजनिक अपराध सम्बन्धी नयाँ २ र पुरानो ५ गरी ७ र हातहतियारसम्बन्धी नयाँ १ र पुरानो २ गरी ३ मुद्दा बाँकी छन्।

आफैले बोकेको बम विस्फोट हुँदा दायाँ हात गुमाएका वीरधन राई

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस वर्ष जिल्लाका ३ हजार १ सय ५९ जेष्ठ नागरिक, ३ हजार ५४ विधवा र ५० जना अपाङ्गलाई आ-आफ्नो गाविसमार्फत् चौमासिकरुपमा निकासा गरी ८४ लाख ९९ हजार ६ सय ५० रुपैयाँ वितरण गरियो। वितरण हुनुपर्ने जम्मा रकम ९४ लाख ११ हजारमध्ये बाँकी रहेको ९ लाख ११ हजार ३ सय ५० रुपैयाँ पनि अन्तिम निकासास्वरुप निकाली सम्बन्धित गाविसमा पठाइसकेको जानकारी जिविसले दियो।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

छितापोखरी गाविस-७ का अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला अध्यक्ष बादल भनिने दीपक तामाङ, चिसापानी गाविस-३ का जिल्ला उपाध्यक्ष बद्री राई, सिम्पानी गाविस-२ का जिल्ला सचिव नारायण श्रेष्ठ, माओवादी १७ औं बटालियन कमान्डर संघर्ष भनिने मानबहादुर मल्ल, दाङ जिल्लाका बलबहादुर सिंह ठकुरी र सल्यान जिल्लाका पोखर चन्दलाई ०६० असार ३२ गते दोर्पा चिउरीडाँडा गाविस-६ दोबेलबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुलाई शारीरिक यातना दिई सदरमुकाम ल्याई सैनिक हिरासतमा राखिएको छ।

ज्यामिरे गाविस-२ का १७ वर्षीय डिल्ली लम्साललाई ०६० भदौ १६ गते दिक्तेलस्थित मावली घर आएको अवस्थामा सुरक्षा जाँचमा "२१ औं शताब्दीको जनयुद्ध" नामको क्यासेट चक्का साथ फेला पारेपछि सुरक्षाकर्मीले गिरफ्तार गरी १६ दिनसम्म जिप्रकामा राखी प्लास्टिकको पाईपले कुटपिट गरे। पीडितलाई ०६० असोज २ गतेदेखि सार्वजनिक सुरक्षा ऐनअन्तर्गत थुनामा राखिएको छ।

दिक्तेल गाविस-२ माटिकोटेका जिल्ला वन कार्यालयका मुखिया ३५ वर्षीय थीरबहादुर कार्की र सोही घरमा डेरा गरी बस्ने सिंचाई कार्यालयका पियन सिताराम घिमिरेलाई मादक पदार्थ सेवन गरी होहल्ला गरेको आरोपमा ०६० भदौ १७ गते

सुरक्षाकर्मीले गिरफ्तार गरी विजुलीको पोलमा बाँधेर राखे। विहान तीन घण्टा र वेलुकी तीन घण्टाको दरले शिविर अगाडिको वजार जाने मूल बाटोमा दुवैलाई एउटै खम्बामा डोरीले बाँधी अमानवीय यातना दिइयो। पीडितहरुलाई आइन्दा यस्तो गल्ती नगर्ने शर्तमा कागज गराई भदौ १९ गते रिहा गरियो।

वाक्सिला गाविस-५ का ४८ वर्षीय चन्द्र घिरिङ्गलाई मादक पदार्थ सेवन गरेको आरोपमा ०६० असोज ११ गते विद्यालयको तलब लिन दिक्तेल आई बसेको अवस्थामा राति १० बजे सुरक्षाकर्मीले घर खानतलासी गरी घर बाहिर सडकमा निकालेर हात पछाडि बाँधी दुई घण्टा उभ्याए। पीडितलाई जरिवानास्वरुप एक हजार एक सय एक रुपैयाँ लिई आइन्दा दिक्तेल वरिपरि नवस्न चेतावनी दिई भोलिपल्ट रिहा गरियो। सोही रात नयाँ मान्छे राखेको आरोपमा होटल संचालन गर्ने दिक्तेल गाविस-४ की तिलकुमारी राई, सोही गाविस-२ की प्रतिक्षा राई र मनविक्रम राईलाई बाटोमा एकै ठाउँमा उभ्याएर डोरीले हात पछाडि बाँधी आधी घण्टा यातना दिइयो।

वाक्सिला गाविस-५ का एमालेबाट निर्वाचित पूर्व गाविस अध्यक्ष ४५ वर्षीय दीपेन्द्र राई र सोही गाविस-६ स्थित सूर्य मावि सुड्देनका प्रधानाध्यापक ४३ वर्षीय दानवहादुर राईलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६० असोज २७ गते गस्तीमा गएका सुरक्षाकर्मीले गिरफ्तार गरी सदरमुकामस्थित सैनिक हिरासतमा ल्याई राखे। पीडितहरुलाई कार्तिक १२ गते रिहा गरियो।

पाथेका गाविस-४ नाखामका नेकपा (माले) का कार्यकर्ता २५ वर्षीय अग्निप्रसाद राईलाई "नयाँ नेपाल वनाऊँ" शीर्षकको कविता डायरीमा लेखेको भनी ०६० कार्तिक १ गते व्यक्तिगत कामले दिक्तेल आएको अवस्थामा दिक्तेल गाविस-२ स्थित सुरक्षाकर्मीको आधार शिविर अगाडिबाट गिरफ्तार गरियो। पीडितलाई आँखामा कालो पट्टी बाँधी क्याम्पसभित्र लगी पर्खालमा उभ्याउनुका साथै हात, लात र वन्दुकको कुन्दाले कुटपिट गरी शारीरिक र मानसिक यातना दिइयो। पीडितलाई गाविस सचिव र माले जिल्ला सचिव कुलप्रसाद फुयालको रोहवरमा कार्तिक २ गते रिहा गरियो।

हौचुर गाविस-७ स्थित शारदा मावि, हौचुरका शिक्षक ४१ वर्षीय गंगावहादुर कार्कीलाई माओवादीलाई खान, वस्न दिएको आरोपमा ०६० कार्तिक ६ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी सदरमुकामस्थित सैनिक क्याम्प ल्याई राखे। पीडितलाई हिरासतमा आँखामा पट्टी बाँधी सोधपुछ गर्दा शारीरिक यातनासमेत दिइयो र कार्तिक ११ गते तारेखमा रिहा गरियो।

फाक्टाङ्ग गाविस-१ का ४५ वर्षीय प्रताप राई, ४६ वर्षीय सुवासचन्द्र राई, ४२ वर्षीय वमवहादुर राई, ४१ वर्षीय रामवहादुर श्रेष्ठ, ३८ वर्षीय धनवहादुर श्रेष्ठ, ४२ वर्षीय सुकराज राई, २६ वर्षीय देवराज राई, ३५ वर्षीय हरिचन्द्र राई, २८ वर्षीय प्रेमराज राई, १९ वर्षीय तारा राई, २४ वर्षीय इन्द्रा राई, धैर्तुङ्ग माविमा अध्ययन गरी घर फर्कदै गरेका देवान राई, सिवन राई, दिलवहादुर, चण्डी, डिल्ली, सविन, सञ्जीव, शैलेन्द्र राई, टेकवहादुर मगर र मिलन श्रेष्ठ र केशव मगरलाई माओवादीलाई सहयोग गरेको र आफूहरुलाई सूचना नदिएको आरोपमा ०६० मंसिर ५ गते सुन्तले गाविस-१ स्थित दूरसञ्चारको टावर सुरक्षार्थ खटिएका सुरक्षाकर्मीले गिरफ्तार गरी क्याम्पभित्र लगी घोप्टो पर्न लगाएर हात, लात, प्लास्टिकको पाईप र भाटाले कुटपिट गरे। पीडितहरुमध्ये धनवहादुर विरामी भए भने मिलन राम्ररी कान सुन्न नसक्ने अवस्थामा पुगेका छन्। पीडितहरु सवैलाई सोही दिन रिहा गरियो।

बालअधिकार

लामिडाँडा गाविस-४ की १५ वर्षीय एक वालिकालाई विवाह गर्ने वहानामा ०५९ चैत १० गते राति घरबाट सोही गाविसमा काम गर्ने कञ्चनपुर गाविस-१ गैतहटका २१ वर्षीय पिताम्वर तिवारीले भगाएर वेचविखन गर्न १३ गते वीरगञ्ज पुऱ्याए। चैत १६ गते प्रहरीले गिरफ्तार गरेकोमा हाल पीडकलाई काठमाडौंमा थुनामा राखिएको छ।

महादेवस्थान गाविस-२ की जगदम्वा प्राविमा कक्षा ४ मा अध्ययनरत १२ वर्षीय एक वालिकालाई ०६० जेठ १३ गते सोही ठाउँका २४ वर्षीय डेनिसेर राईले गाईवाखा चराउन जंगल गएको अवस्थामा पैसा दिने प्रलोभन देखाई वलात्कार गरे। पीडक फरार छन्।

बुईपा गाविस-५ का २५ वर्षीय प्रमिला शाक्य र उनकै ससुरा ६८ वर्षीय खड्गवहादुर शाक्यवीच अवैध यौन सम्वन्धका कारण ०६० भदौ २६ गते जन्मिएको वच्चा दुवैको सल्लाहमा घाँटी थिचेर मारी घरनजिकै बाटोमा गाडे। पति कमल शाक्य रोजगारीका निम्ति ५ वर्ष अघिदेखि कतार गई फर्किएका छैनन्। पीडकद्वयलाई हाल थुनामा राखिएको छ।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव दूर्व्यवहार

महिला किनबेच

जालपा गाविस-२ लामाखुकी १८ वर्षीय एक युवतीलाई ०६० जेठ २५ गते नाताले वाजे पर्ने सोही

ठाउँका २२ वर्षीय खुसबहादुर श्रेष्ठले घरमा कोही नभएको अवस्थामा पैसा माग्ने वहाना वनाई बलात्कार प्रयास गरे। पीडकले जबरजस्ती लडाउन खोज्दा पीडित कराएपछि चाबीको डोरीले घाँटीमा कसी वेहोस बनाई भागे। गम्भीर घाइते भएकी पीडित उपचारपछि सामान्य छिन् भने पीडकलाई थुनामा राखिएको छ।

खार्मी गाविस-५ की २२ वर्षीय एक युवतीलाई आफूलाई १५ हजार रुपैयाँ नदिएको आरोपमा ०६० साउन २५ गते राति आफूलाई माओवादी बताउने नुनथला गाविस-१ का भक्तबहादुर राईले खार्मी गाविस-५ फुल विसौना जंगलमा पुऱ्याई बलात्कार गरे। पीडकलाई थुनामा राखिएको छ।

सुड्डेन गाविस-५ रिस्कुकी २७ वर्षीय एक युवतीलाई ०५९ भदौमा पढ्न सदरमुकाम दिक्तेल आएको अवस्थामा डुम्रे धारापानी गाविस-२ का जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान तेजबहादुर श्रेष्ठले विवाह गर्ने वहानामा यौन शोषण गरे। पीडक सरुवा भई सल्यान गएको अवस्थामा पीडितबाट ०६० असार ८ गते बच्चा जन्मियो। पहिला नै विवाह गरिसकेका पीडकलाई पटक-पटक खबर गरी बोलाउँदा पनि नआई उल्टै "उनी आफै चरित्रहीन हुन्, मेरो कुनै सम्बन्ध छैन" भनेर पन्छिन खोजेपछि जिल्ला प्रहरी कार्यालय मार्फत् झिकाई कागज गरी ०६० कार्तिकमा आमा र वच्चा दुवै जिम्मा लगाइयो।

खार्मी गाविस-५ की २९ वर्षीय मनकुमारी श्रेष्ठलाई वोक्सीको आरोपमा ०६० भदौ १९ गते सोही ठाउँका ५७ वर्षीय गोरुले भनिने धनवहादुर तामाङले घरमा वोलाई झ्याल, ढोका थुनी हातखुट्टा र लाठीले कुटपिट गरे।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूत समेत

विजयखर्क गाविस-५ का २६ वर्षीय बुद्धबहादुर सार्कीलाई आफ्नो पसलको सामान छोडिदिएको आरोपमा ०६० साउन २३ गते सोही गाविस-५ गैरीगाउँका २३ वर्षीय कविन्द्र राईले बुईपा गाविस-९ पञ्चदोवाटोको शुक्रबारे वजारमा कुटपिट गरे। मट्टितेल व्यापारी बुद्धबहादुरलाई सोही आरोपमा अघिल्लो हप्ता बुईपा गाविस-८ का रमेश राई र उनका साथीले कुटपिट गरेका थिए।

नेर्पा गाविस-८ का २३ वर्षीय हर्कराज तामाङ र खार्मी गाविस-५ की २२ वर्षीय शान्ति राईले अन्तर्जातीय प्रेम विवाह गरेको कारण ०६० साउन २६ गते शान्तिका आमाबुबाको निर्देशनमा आफूलाई माओवादी बताउने जाल्पा गाविस-३ का नकुल राई र नुनथला गाविस-१ का भक्तबहादुर राईले घरमै गई कुटपिट गरे। पीडकहरुलाई थुनामा राखिएको छ।

विविध

संरचना क्षति

दिक्तेल गाविस-४ स्थित कुमारी चलचित्र भवनमा चन्दा नदिएको आरोपमा ०६० असोज ३ गते राति माओवादीले प्रेसर कुकर वम विस्फोट गराए। विस्फोटवाट झ्याल, ढोका, फर्निचर र छाना भत्किएर ८० हजार रुपैयाँ वरावरको क्षति भयो। चलचित्र भवन हालसम्म सञ्चालनमा आएको छैन।

लामिडाँडा गाविस-९ स्थित शाही नेपाल वायु सेवा निगमले भाडामा प्रयोग गर्दै आएको इन्द्रकुमारी श्रेष्ठको घरमा ०६० असोज ५ गते राति माओवादीले आगो लगाउँदा भवन र कार्यालयका सामग्री जलेर नष्ट हुँदा ५ लाख रुपैयाँ बराबरको क्षति भयो।

दिक्तेल गाविस-४ स्थित जिल्ला शिक्षा कार्यालयमा ०६० कार्तिक ३० गते अनेरास्ववियु (क्रान्तिकारी) विद्यार्थीले मट्टितेल छर्केर आगो लगाई ध्वस्त पारे। आगलागीबाट ३५ लाख रुपैयाँ बराबरको क्षति भयो। शिक्षा कार्यालयसँगै जोडिएर रहेको मालपोत कार्यालयको आवास र स्टोर भवन भत्किँदा ९ लाख रुपैयाँ र कोलेनिकामा ३ लाख रुपैयाँ बराबरको क्षति भयो।

माओवादीद्वारा आगजनी गरी ध्वस्त पारिएको जिल्ला शिक्षा कार्यालयको भवन

अतिरिक्त जानकारीहरू
(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष १२ वर्षीय एक बालकसहित १३ पुरुष र ११ महिला गरी २४ जनाले आत्महत्या गरे। व्यक्तिगत कारणले भएका घटनामा २ महिला र ५ पुरुष गरी ७ जनाको मृत्यु भयो। आगलागीका ८ घटनामा माओवादीले ४ र अन्य कारणबाट ४ वटा भए। लुटपाटका ५ घटनामा १२ पुरुष र ७ महिला पीडित भए। रुखबाट खसेर २ पुरुष र ढुंगाले किचेर १ पुरुषको मृत्यु भयो।

बुईपा गाविस-८ का अनेकिसंघ (क्रान्तिकारी) का जिल्ला अध्यक्ष नन्दलाल भट्टराई, उपाध्यक्ष पर्शुराम भट्टराई, सचिव हरिभक्त भट्टराई, कोषाध्यक्ष कुलप्रसाद पोखरेल, सदस्यहरु लेखनाथ भट्टराई, गोविन्द भट्टराई र अम्बिकाप्रसाद भट्टराईले ०६० पुस ८ गते जिल्ला प्रशासन कार्यालयसमक्ष आत्मसमर्पण गरे।

१.१५ ओखलढुंगा



जनसंख्या	: १५६७०२
साक्षरता प्रतिशत	: ३९.७
महिला साक्षरता प्रतिशत	: २२.८
क्षेत्रफल (वर्ग कि.मी.)	: १०७४
गाविस/नपा संख्या	: ५६/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३२६
क्याम्पस/उच्च मावि	: १/५०
अस्पताल/स्वास्थ्य चौकी	: २/२४
टेलिफोन लाइन	: २
मोटर सडक (कि.मी.)	: ०
प्रहरी कार्यालय संख्या	: २
हुलाक संख्या	: ५६
मानव विकास सूचकांक	: ०.३४०
प्रति एक डाक्टर जनसंख्या	: ७८३५१
प्रति परिवार सरदर संख्या	: ५.२०

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या / गोली
राज्यबाट

राखेराबारी गाविस-६ का १८ वर्षीय हामबहादुर पौडेललाई ०६० कार्तिक २६ गते फंदीगुढ गाविसको चिलाउनेमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

हर्कपुर जलजले भन्ने ठाउँमा नाम र ठेगाना थाहा नभएका १ जना माओवादीको ०६० मंसिर ९ गते सुरक्षाकर्मीले चलाएको गोली लागी मृत्यु भयो।

राँगादीप गाविसमा वास्तविक नाम र ठेगाना थाहा नभएका आकाश भनिने माओवादीलाई ०६० मंसिर १८ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

भुसिङ्ग गाविसको ताप्के डाँडामा नाम र ठेगाना थाहा नभएका १ जना माओवादीलाई ०६० पुस ८ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

माओवादीबाट

फुलबारी गाविस-७ का घोराखोरीका ज्ञानप्रकाश माविका शिक्षक तथा नेराशिसंका जिल्ला अध्यक्ष ४२ वर्षीय गुरुप्रसाद लुईटेललाई ०६० भदौ २२ गते विद्यालयबाट फर्कदै गर्दा माओवादीले अपहरण गरी ०६० असोज ७ गते बिहान बरुणेश्वर गाविस-१ मा हत्या गरे। पीडितको लाश विद्यालयनजिकै रुखमा झुण्डाइएको अवस्थामा फेला परेको थियो।

दोहोरो भिडन्त

रंगनी गाविसको लाम्जेमा ०६० वैशाख ११ गते सुरक्षाकर्मी र माओवादीबीच दोहोरो भीडन्तमा माओवादीहरु अस्मिता सोताङ राईको घटनास्थलमा, सोना राईको उपचारका क्रममा काठमाडौंको शिक्षण अस्पतालमा र विकास राईको अन्यत्र मृत्यु भयो।

गोली बम / विद्युतीय धरापद्वारा घाइते
माओवादीबाट

ओखलढुंगा जेलमा ०६० मंसिर १३ गते माओवादीले आक्रमण गरी दोहोरो भिडन्त हुँदा मोली गाविस-५ का प्रहरी जवान २२ वर्षीय श्रीतबहादुर बस्नेत खुट्टामा गोली लागी घाइते भए।

जेल र बन्दीहरू

"घ" श्रेणीको ओखलढुंगा जेलको क्षमता ३० जनाको भए पनि हाल जेलमा ४ पुरुष र २ महिला गरी ६ जना कैद तोकिएका तथा ४ पुरुष र १ महिला गरी ५

जना कैद नतोकिएका बन्दी छन्। बन्दीहरु जेलभित्र टोपी बुन्ने काम गर्छन्। बन्दीहरुले कान्तिपुर र गोरखापत्र दैनिक नियमित पढ्न पाउँछन्। जिविसबाट दिइएको टीभी बत्तीको अभावमा हेर्न पाएका छैनन्। जेलको छाना वर्षायाममा पानी बाहिर नजाने भई भित्र चुहिने गर्छ। बन्दी तेखा शेर्पा र सीता राई सर्वोच्च अदालतमा रहेको मुद्दा फर्स्यौट भइसकेपछि पनि फर्स्यौट भएको कुरा जानकारी लिन पटक-पटक माग गर्दा जवाफ नआएको गुनासो पोख्छन्।

वेपत्ता / अपहरण

माओवादीबाट

वाक्सा गाविस-७ का निवर्तमान गाविस अध्यक्ष ३८ वर्षीय डम्बरबहादुर कार्कीलाई ०६० भदौ २ गते माओवादीले अपहरण गरी अज्ञात स्थलतर्फ लगेकोमा १८ दिनपछि माओवादी कब्जाबाट भागी सुरक्षाकर्मीको सहयोगबाट सकुशल सदरमुकाम आइपुगे।

बलखु गाविसका उपस्वास्थ्य चौकीमा कार्यरत अहेब नागेश्वर चौधरीलाई ०६० भदौ ९ गते माओवादीले अपहरण गरी ३ दिनपछि सकुशल मुक्त गरे।

हर्कपुर गाविस-५ का ५० वर्षीय शिवप्रसाद खतिवडालाई घर विदामा आएको अवस्थामा ०६० भदौ ११ गते विहान माओवादीले अपहरण गरी अज्ञात स्थलतर्फ लगेकोमा २ दिनपछि सकुशल मुक्त गरे। पीडित ग्यारिजन अफिसमा काम गर्थे।

शहीद उच्च मावि, बरुणेश्वरका सहायक प्रमुख ४० वर्षीय राजन दाहाल र सोही क्याम्पसका प्राध्यापक ३८ वर्षीय शिव नेपाललाई ०६० मंसिर ८ गते माओवादीले अपहरण गरी अज्ञात स्थलतर्फ लगेकोमा शिवलाई १ दिनपछि र राजनलाई २ दिनपछि मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

तलुवा गाविस-१ का २५ वर्षीय सीताकुमार करवाललाई दोहोरो भूमिका निभाएको आरोपमा ०५९ पुस १७ गते माओवादीले मरणासन्न हुनेगरी कुटपिट गरे।

उँबु गाविस-६ का ६५ वर्षीय जयबहादुर राईलाई आफ्नी पत्नीलाई कुटपिट गरेको आरोपमा ०६० असार २९ गते माओवादीले मरणासन्न हुनेगरी कुटपिट गरे।

वाक्सा गाविस-६ का ४५ वर्षीय कुलबहादुर कार्कीलाई विद्यालय निर्माणमा भ्रष्टाचार गरेको आरोपमा ०६० साउन ३१ गते माओवादीले कुटपिट गरी तुरुन्त रकम चुक्ता नगरेमा मारिदिने धम्की दिए।

वाक्सा गाविस-७ का ३५ वर्षीय सुरेश कार्कीलाई निवर्तमान अध्यक्ष डम्बरबहादुर कार्कीको बारेमा सोधपुछ गर्दा सरकारी एजेन्ट भन्दै ०६० भदौ ४ गते माओवादीले अपहरण गरी कुटपिट गरे।

वाक्सा गाविस-६ का ३३ वर्षीय वेदबहादुर कार्कीलाई आफ्नो दाजु चन्द्रबहादुर कार्कीलाई घरबाट भगाएको आरोपमा ०६० भदौ ४ गते माओवादीले अपहरण गरी मरणासन्न हुनेगरी कुटपिट गर्दै दाजुलाई घर नल्याएमा मारिदिने धम्की दिए।

यसम गाविस-८ का यसम माविका शिक्षक २७ वर्षीय कृष्णगोपाल श्रेष्ठलाई सुराकीको आरोपमा ०६० असोज ३० गते माओवादीले कुटपिट गरी दायाँ खुट्टा भाँचिदिए।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	१		१	१	१	१		१	५	५	२	७
घाइते					१	१		१				
गिरफ्तारी/यातना									४	२०	२	२२
कुटपिट	१	१		१	१२	११	१	१२				
धम्की					१	१		१				
महिलाअधिकार	६		६	६								
वालअधिकार	१		१	१								
अपहरण					४	५		५				
जम्मा	९	१	८	९	१९	१९	१	२०	९	२५	४	२९

ठूलाछाप गाविस-६ का कमलबहादुर परियारलाई सोही ठाउँकी एक महिलालाई घुस खाई विवाह गरिदिएको आरोपमा ०६० कार्तिक २० गते माओवादीले अपहरण गरी मरणासन्न हुनेगरी कुटपिट गरेपछि १० हजार रुपैयाँ जरिवाना बुझाउने शर्तमा मुक्त गरे।

च्यानम गाविस-९ का ५३ वर्षीय जयबहादुर श्रेष्ठ र सोही ठाउँका ५२ वर्षीय प्रेमबहादुर थापालाई सार्वजनिक जग्गा आफ्नो निजी बनाएको आरोपमा ०६० कार्तिक २६ गते माओवादीले कुटपिट गरी सो जग्गा नछाडे ज्यानमार्ने धम्की दिए।

सिस्नेरी घर भई घुर्मी, ओखलढुंगामा भारी बोक्ने २१ वर्षीय खड्गबहादुर श्रेष्ठलाई ०६० कार्तिक २६ गते सदरमुकाम भारी लैजान नपाउने भनी माओवादीले बेतिनी गाविसको डोलेबेंशीमा कुटपिट गरी दायाँ हात भाँचिदिए।

वाक्सा गाविस-६ का मदनबहादुर कार्कीलाई अदालतमा मुद्दा दायर गरेको आरोपमा ०६० मंसिर २९ गते माओवादीले मरणासन्न हुनेगरी कुटपिट गर्दै मुद्दा फिर्ता लिन धम्की दिए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

विस्थापित

सिन्धुली जिल्ला खोलागाउँ घर भई टोक्सेलमा पसल गरी वस्ने ३५ वर्षीय टिकाकुमारी गौतमलाई सुराकीको आरोपमा ०६० असोज ३ गते माओवादीले विस्थापित गरिदिए। पीडित ०५४ सालदेखि नै आफ्नो घरवाट विस्थापित भएका थिए।

गाम्नाङ्गटार गाविस-३ का ४५ वर्षीय होमनहरि भट्टराईको घरमा चन्दा नदिएको तथा गाविसको सम्पत्ति हिनामिना गरेको आरोपमा, सोही ठाउँका ५८ वर्षीय डिल्लीप्रसाद भट्टराईलाई सुराकीको आरोपमा ०६० असोज २८ गते, सोही गाविस-७ का ६५ वर्षीय चन्द्रबहादुर खत्रीको घरमा सार्वजनिक जग्गा निजी बनाएको र पटक-पटक भेट गर्न खोज्दा नभेटी सुराकीको आरोपमा ०६० असोज २८ गते, श्रीचौर गाविस-९ का ४२ वर्षीय निमा तेन्जु शेर्पालाई चन्दा र छोरा माओवादीलाई नदिएको र गाउँमा झगडा लगाइदिएको आरोपमा ०६० कार्तिक ८ गते, कटुञ्जे गाविस-८ का ४७ वर्षीय यज्ञप्रसाद अधिकारीको घरमा, वर्नालु गाविस-५ का ५५ वर्षीय डम्बरकुमार दाहालको घरमा र कटुञ्जे गाविस-७ का ६२ वर्षीय रतहरी धमलाको घरमा ०६० कार्तिक ११ गते, हर्कपुर गाविस-५ का ५४ वर्षीय दुर्गाप्रसाद खतिवडा र सोही गाविस-२ का ४८ वर्षीय दिपप्रसाद खतिवडाको घरमा सुराकीको आरोपमा ०६० कार्तिक १२ गते, च्यानम गाविस-७ का पूर्व जिल्ला पञ्चायत सभापति ६० वर्षीय नृपध्वज कटवालको घरमा रकम हिनामिना गरेको आरोपमा, च्यानम गाविस-८ का ४० वर्षीय शिक्षक वाबुराम कटवालको घरमा प्रबुद्ध मावि, च्यानमाका प्रधानाध्यापक भगाई सुराकीको आरोपमा ०६० कार्तिक १३ गते, गाम्नाङ्गटार-४ का नेकपा (एमाले) कार्यालय सचिव ३८ वर्षीय नेत्रप्रसाद भट्टराईको २ कोठामा सुराकीको आरोपमा ०६० कार्तिक १४ गते, मोली गाविस-३ का ८५ वर्षीय बलबहादुर राईको घरमा भ्रष्टाचार गरेको र घरमा बस्ने मानिसलाई निकालेको आरोपमा ०६० कार्तिक २५ गते, वाक्सा गाविस-७ का ३८ वर्षीय डम्बरबहादुर कार्कीको घरमा सुराकीको आरोपमा ०६० कार्तिक २६ गते, सोही गाविस-६ का ३९ वर्षीय चन्द्रबहादुर कार्की र सोही ठाउँका ४२ वर्षीय कूलबहादुर कार्कीको घरमा सुराकीको आरोपमा ०६० कार्तिक २६ गते माओवादीले ताला लगाई सम्पूर्ण सम्पत्ति कब्जा गरेकाले सपरिवार विस्थापित भए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

कुइभीर गाविस-४ का ४० वर्षीय कुमार माझी, २५ वर्षीय चिरञ्जीवी माझी, ३० वर्षीय कृष्ण माझी, ३० वर्षीय सुकवीर माझी, २५ वर्षीय बद्री माझी, ३० वर्षीय प्रकाश माझी, १४ वर्षीय सुरेन्द्र माझी, ३५ वर्षीय गोपाल माझी, ४० वर्षीय मानवहादुर माझी, सोही गाविस-३ का १६ वर्षीय गोपित राई, १८ वर्षीय अनुपा राई, १७ वर्षीय लक्ष्मी राई, ३५ वर्षीय मित्रप्रसाद वास्तोला, सोही गाविस-५ का वीरबहादुर परियार र नाम नखुलेकी खोटाङ जिल्ला घर भएकी १ महिलालाई ०६० मंसिर २३ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा महेन्द्र, गोपी, मानबहादुर, वीरबहादुरलाई यस वर्षको अन्त्यसम्म रिहा गरे। अन्यलाई मंसिर २७ गते रिहा गरिएको थियो।

संयुक्त जनमोर्चाका केन्द्रीय सदस्य ४५ वर्षीय पेशलकुमार खतिवडा, जनवादी युवा केन्द्रीय सदस्य ३२ वर्षीय शिव फुयाल र ३२ वर्षीय लेखनाथ फुयाललाई माओवादी निकट भएको आरोपमा ०६० पुस १२ गते सदरमुकाम बजारबाट सुरक्षाकर्मीले गिरफ्तार गरी ४ हप्तापछि तारेखमा रिहा गरे।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

दियाले गाविस-६ की ५८ वर्षीय निरादेवी

खतिवडालाई बोक्सीको आरोपमा ०६० वैशाख २३ गते चन्द्रबहादुर हमाल, ईश्वर हमाल, हिमाल हमाल, नारायणप्रसाद खतिवडा, रिता कार्की, खड्गबहादुर मगर, काले दमाई, वासु खतिवडा, कुमार खतिवडा, चिन्तामणि खतिवडा, भुवन भुजेल, टंकबहादुर भुजेल र विजुवा मगर (धामी) ले दुर्व्यवहार गरी मरणासन्न हुनेगरी कुटपिट गरे। पीडहरुलाई कुनै कारवाही भएन।

मानेभञ्ज्याङ गाविस-५ की ७० वर्षीय पटना कामीलाई ०६० जेठ ३० गते सोही ठाउँका टपरी राई, सुकन्द्री राई र नरबहादुर राईले धामी राखी बोक्सीको आरोप लगाए। पीडकहरुलाई कुनै सजाय भएन।

सल्लेरी गाविस-३ की ४७ वर्षीय धनमाया बास्तोलालाई ०५९ फागुन २६ गते सोही ठाउँका कृष्णप्रसाद धमला, गोमा धमला, पुनमाया बास्तोला, निर्मला बास्तोला, होमकुमारी खत्री, हिरामाया खत्री, धनकुमार धमला, टेकप्रसाद चौलागाई र मनोहर बास्तोलाले बोक्सीको आरोप लगाए।

श्रीचौर गाविस-९ की ६१ वर्षीय पस्केली शेर्पालाई आफ्नै पति याक्पु शेर्पा र.सौता झिमा शेर्पाले अंश भाग गर्दा अंश नदिई ०६० जेठ ३० गते मरणासन्न हुनेगरी कुटपिट गरे।

विविध

संरचना क्षति

रुम्जाटार गाविस ठोट्ने खोलास्थित विद्युत प्राधिकरणको पावर हाउसमा ०६० असोज १४ गते राति माओवादीले बम विष्फोट गरी ध्वस्त पारिदिए। सो पावर हाउसबाट सदरमुकाम ओखलढुंगा र रुम्जाटारमा विद्युत सेवा उपलब्ध गराईदै आएको थियो।

वर्नालु गाविस-५ का ४५ वर्षीय भोजकुमार दाहालको घरमा ०६० कार्तिक ११ गते माओवादीले आगो लगाई नष्ट गरिदिए। पीडित २/३ वर्ष अघिदेखि नै काठमाडौंतर्फ बसोवास गर्दै आएका छन्।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस जिल्लामा यस वर्ष लडेर ४ जना, पहिरोमा परी १ जना र चट्याङमा परी १ जनाको मृत्यु भयो। ७ जनाले आत्महत्या गरे। यी सबै घटनामा मृत्यु हुनेहरुमा ८ पुरुष, १ नाबालक र ४ महिला थिए।

१.१८ सोलुखुम्बु



जनसंख्या	: १०७६८६
साक्षरता प्रतिशत	: ४५.८१
महिला साक्षरता प्रतिशत	: ३५.४१
क्षेत्रफल (वर्ग कि.मी.)	: ३३११
गाविस/नपा संख्या	: ३४/०
निर्वाचन क्षेत्र	: १
विद्यालय	: २४८
क्याम्पस/उच्च मावि	: २/६
अस्पताल/स्वास्थ्य चौकी	: ३/३६
टेलिफोन लाइन	: ३९१
मोटर सडक (कि.मी.)	: ५८
प्रहरी कार्यालय संख्या	: ३
हुलाक संख्या	: ३६
मानव विकास सूचकांक	: ०.३५४
प्रति एक डाक्टर जनसंख्या	: २६९२२
प्रति परिवार सरदर संख्या	: ९.९४

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

नेचा बतासे गाविस-७ स्थित छुल्यायुमा ४ जना व्यक्तिलाई माओवादीको आरोपमा ०६० असोज २५ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितहरुको सनाखत हुन सकेन।

जुबु गाविसका २२ वर्षीय नवीन राईलाई माओवादीको आरोपमा ०६० मंसिर १९ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

माओवादीबाट

बाकु गाविस-१ कामघाटमा ०५९ माघ ७ गते माओवादीले राखेको विद्युतीय धरापमा परी १ जना शाही नेपाली सेनाका जवानको मृत्यु भयो। अन्य ५ जना सैनिक जवान सख्त घाइते भए। पीडितहरुको नाम खुलाइएन।

पञ्चन गाविस-१ का घनश्याम निरौलालाई ०६० असोज २८ गते माओवादीले रुखमा झुन्ड्याई हत्या गरे।

तिङ्ला गाविस-७ का ललितबहादुर खड्कालाई ०६० असोज ३० गते भैंसी चराइरहेको अवस्थामा माओवादीले अपहरण गरी सोही दिन साल्मे सोलु खोलाको पुलनजिकै टाउकोमा खुकुरी प्रहार गरी हत्या गरे। पीडितका एकजना छोरा शाही नेपाली सेनामा र एकजना शिक्षण पेशामा संलग्न छन्। पीडितलाई के आरोपमा हत्या गरियो भन्ने खुल्न सकेको छैन।

दोहोरो भिडन्त

जुभिङ गाविस-७ घामडाँडामा ०६० मंसिर १५ गते माओवादी र सुरक्षाकर्मीबीच मुठभेड हुँदा माओवादी छापामार टिकाराम राईसहित ३ जनाको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

वासा गाविसस्थित बधुमा माओवादी र सुरक्षाकर्मीबीच ०६० मंसिर १६ गते भिडन्त हुँदा दोलखा जिल्ला भिरकोट गाविस-४ का माओवादी छापामार कसी भनिने उद्धव काफ्ले, काकु गाविस-२ की प्रतिमा भनिने कल्पना राई र चौलाखर्क गाविस-४ का समुद्र भनिने कर्मा शेर्पाको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

जुनबेंशी गाविसमा ०६० मंसिर २६ गते माओवादी र सुरक्षाकर्मीबीच भिडन्त हुँदा काकु गाविस-४ की छिरिङ भनिने फुर्वा शेर्पा र जुनबेंशी गाविस-५ का सोनाम भनिने कान्छा शेर्पाको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

सुरक्षाकर्मी र माओवादीबीच ०६० पुस ७ गते भिडन्त हुँदा सल्यान जिल्ला वाफुखोला गाविस घर भई सोलुखुम्बु कम्पनी कमाण्डर पदमा कार्यरत तुफान भनिने रत्नबहादुर वली, सरोज भनिने पासाङ शेर्पा, आशा, भावना भनिने माओवादीसहित ८ जना माओवादीहरुको सुरक्षाकर्मीको गोलीद्वारा घटनास्थलमा मृत्यु भयो।

जुबु गाविसमा ०६० पुस ९ गते माओवादी छापामार र सुरक्षाकर्मीबीच मुठभेड हुँदा सोही गाविस-८ का दावा भनिने देण्डी शेर्पा, काकु गाविस-६ का सुन्दर भनिने रमेश तामाङ, अर्जुन भनिने बमबहादुर राई, कविता र अन्जली भनिने दुई महिला तथा टाक्सिन्दु गाविस-६ का कान्छा भनिने दोर्जी शेर्पाको सुरक्षाकर्मीको गोली लागि घटनास्थलमै मृत्यु भयो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

सल्लेरी गाविस-१ मा ०५९ माघ ९ गते माओवादीले थापेको विद्युतीय धरापमा परी नाम नखुलेको एकजना प्रहरी जवान घाइते भए। पीडितलाई तत्काल काठमाडौं लगि उपचार गरियो।

गोरा गाविस-२ का ६ वर्षीय नवीन नेपालीको ०५९ फागुन १९ गते माओवादीले जंगलमा छाडेको सकेट बम खेलाउँदा पड्किएर मृत्यु भयो। सोही घटनामा परी सोही ठाउँका बालबालिका सुनिता नेपाली र सन्तोष नेपाली घाइते भए।

सल्लेरी गाविस-८ च्याल्सामा ०६० कार्तिक ७ गते माओवादीले थापेको विद्युतीय धरापमा परी ४ जना सुरक्षाकर्मी घाइते भए। पीडितहरुलाई भोलिपल्ट काठमाडौं लगि उपचार गरियो। घाइतेहरुको नाम खुलाइएन।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित – माओवादीबाट					राज्यबाट पीडित				
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	५	७			७	१०	२०	७	१	२८
घाइते	७	१९	२		२१					
कुटपिट	१	१			१					
अपहरण	४	१०		१	११					
जम्मा	१७	३७	२	१	४०	१०	२०	७	१	२८

बेपत्ता / अपहरण

माओवादीबाट

जुविङ गाविसबाट ०६० साउन २७ गते असई भोगेन्द्र श्रेष्ठ, हवल्दार जीतबहादुर बुढाथोकी, हवल्दार पुल्कित यादव, प्रहरी जवानद्वय तेजबहादुर चौहान र अर्जुन कटुवाललाई माओवादीले अपहरण गरी पाँच दिनपछि मुक्त गरे।

जुविङ गाविस-२ का पूर्व गाविस अध्यक्ष प्रेमबहादुर थापामगर, शिक्षक पदमबहादुर थापामगर, केशव रानामगर र नेचा बेतघारीका शिक्षक बालकुमार भट्टराईलाई ०६० असोज ६ गते माओवादीले अपहरण गरे।

पीडितहरूलाई वाकु गाविस-८ बाप्साका ८६ वर्षीय जनकबहादुर मगरलाई ०६० मंसिर २८ गते माओवादीले घरबाट अपहरण गरी कुटपिट गरी तीन दिनपछि मुक्त गरे। छुटाउन गएकामध्ये महेश रानामगरलाई माओवादीले कुटपिट गरी हात भाँचिदिए।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

पूर्वमन्त्री बलबहादुर केसी, पूर्वरापंस भुपाल किरांती, हिमाल दर्शन उच्च माविका प्रअ हुतराज बस्नेत, ज्ञानकुमार राई, खरिखोला माविका प्रअ विष्णु कार्की, जुनबेंशी माविका प्रअ विष्णु बाँनिया, नेकाँका पूर्व जिल्ला सभापति राम बस्नेत, टाप्टिङ माविका प्रअ रमेश तामाङ, प्रजिअ द्रोण पोखरेल र पूर्व जिविस सभापति आङनिमा लामालाई माओवादीले ९० दिनभित्र सम्पर्कमा नआए भौतिक कारवाही गर्ने धम्कीपत्र यस वर्ष विभिन्न मितिमा सार्वजनिक ठाउँमा टाँसे।

नेचा बेतघारी गाविसस्थित केदार माविका शिक्षक हेमराज निरौलालाई ०६० असोज ६ गते विद्यालयमा पढाइरहेको अवस्थामा माओवादीले बाहिर निकालेर लाठी प्रहार गरी सख्त घाइते बनाए। पीडितको उपचार फाप्लु अस्पतालमा गरियो।



मध्यमाञ्चल

२.१ धनुषा
२.२ महोत्तरी
२.३ सर्लाही
२.४ सिन्धुली
२.५ रामेछाप
२.६ दोलखा
२.७ रौतहट
२.८ बारा
२.९ पर्सा
२.१० चितवन
२.११ मकवानपुर
२.१२ ललितपुर
२.१३ काभ्रे
२.१४ भक्तपुर
२.१५ काठमाडौं
२.१६ धादिङ
२.१७ सिन्धुपाल्चोक
२.१८ नुवाकोट
२.१९ रसुवा

२.१ धनुषा



जनसंख्या	:६७१३६४
साक्षरता प्रतिशत	:३२.१
महिला साक्षरता प्रतिशत	:१६.१
क्षेत्रफल (वर्ग कि.मी.)	:११८०
गाविस/नपा संख्या	:१०१/१
निर्वाचन क्षेत्र	:५
विद्यालय	:२८२
क्याम्पस/उच्च मावि	:२/१३
अस्पताल/स्वास्थ्य चौकी	:३/१०२
टेलिफोन लाइन	:५८२५
मोटर सडक (कि.मी.)	:१७०
प्रहरी कार्यालय संख्या	:१६
हुलाक संख्या	:८९
मानव विकास सूचकांक	:०.३२९
प्रति एक डाक्टर जनसंख्या	:१९७४
प्रति परिवार सरदर संख्या	:५.२७

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

फुलगामा गाविस-६ का ४० वर्षीय खगेश्वर ठाकुरलाई माओवादीको आरोपमा ०६० भदौ २६ गते घरमै सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी घोडघास गाविसस्थित गुगलीटोलनजिक गोली हानी हत्या गरे। सुरक्षासूत्रले उक्त घटना कारवाहीका क्रममा भएको जनायो।

बेगाडावर गाविस-३ का माओवादीका एरिया इन्चार्ज ४७ वर्षीय गणेशबहादुर जर्घा र सर्लाही जिल्ला जब्दी गाविसका ३५ वर्षीय ठाकुर काफ्लेलाई ०६० भदौ ३१ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितहरुमध्ये गणेशलाई गिरफ्तार गरी उखुबारीमा लगी हत्या गरेका थिए भने गोली लागी घाइते भएका ठाकुरको पनि हत्या गरिएको थियो।

औरही गाविस-९ का ४५ वर्षीय रामसेवक सहनीलाई माओवादीको आशंकामा ०६० असोज २६ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडित रौतहट जिल्ला अदालतमा अमिन पदमा कार्यरत र विदामा घर आएको अवस्थामा सो घटना भएको थियो।

महुवा (प्र.खे.) गाविस-९ का ३५ वर्षीय गफुर कवाडीलाई माओवादीको आशंकामा ०६० असोज २६ गते जनकपुर नपा-७ स्थित जानकी मन्दिरनजिक सादा पोशाकमा रहेका सुरक्षाकर्मीले गोली हानी हत्या गरे। सुरक्षास्रोतले उक्त घटनामा आफ्नो संलग्नता नरहेको बतायो।

देवपुरारुपेठा गाविस-९ का माओवादी कार्यकर्ता ३० वर्षीय कुर्वान कवाडी, सर्वसाधारण २० वर्षीय नइम कवाडी र सोही गाविस-३ का २२ वर्षीय नन्दलाल पासवानलाई माओवादीको आरोपमा ०६० कार्तिक ८ गते प्रहरीले गिरफ्तार गरी हत्या गरे। कुर्वान कवाडीले जबरजस्ती चन्दा संकलन गर्न दबाब दिइरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरेका थिए।

मखनाहा गाविस-९ का माओवादी एरिया इन्चार्ज ३३ वर्षीय देवनारायण प्रतिहस्त, लक्ष्मिनिवास गाविस-१ का ४० वर्षीय रामकरण महतो र तारापट्टी सिर्सिया गाविस-४ का ४५ वर्षीय वेचन यादवलाई माओवादीको आरोपमा ०६० कार्तिक १० गते बगेवा गाविसस्थित कुम्हरौडा टोलवाट चन्दा संकलन गर्न गएको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी बेङ्गाशिवपुर गाविस-९ थुमौना टोलमा ग्रिनेट विस्फोट गराई हत्या गरे। माओवादीले सुरक्षाकर्मीलाई ग्रिनेट प्रहार गर्दा कारवाहीमा मारिएको सुरक्षास्रोतले बतायो।

बसैया गाविस-३ का माओवादी कार्यकर्ता २५ वर्षीय कैलाश महतोलाई माओवादीको आरोपमा ०६० मंसिर २० गते सादा पोशाकमा रहेका सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

माओवादीबाट

मिथिलेश्वर निकास गाविस-६ का २५ वर्षी राम आशिष मण्डललाई ०६० भदो ६ गते माओवादीले घरबाट अपहरण गरी बहिनिकाल गाविसमा पुऱ्याई धारिलो हतियार प्रहार गरी हत्या गरे। पीडितको हात, खुट्टा, टाउको र शरीर छुट्याएर फ्याँकिएको थियो।

चितवन जिल्ला भरतपुर नपा-११ का प्रहरी

हवल्दार ३६ वर्षीय लालबहादुर लामालाई ०६० भदौ २६ गते इलाका प्रहरी कार्यालय, यदुकुहाअगाडि रहेको पान पसलमा सादा पोशाकमा उभिरहेको अवस्थामा पछाडिबाट माओवादीले गोली हानी हत्या गरे।

गोपालपुर गाविस-९ का २७ वर्षीय गौरीशंकर दासलाई बलात्कारको घटनाहरुमा संलग्न भएको आरोपमा ०६० भदौ २९ गते माओवादीले उमाप्रेमपुर गाविसमा खुकुरीले घाँटी रेटी हत्या गरे।

बेङ्गाशिवपुर गाविस-६ की ३५ वर्षीय मुन्नीदेवी साहको ०६० भदौ ३० गते स्थानीय हाटबजारबाट आफ्ना छोराछोरीसहित फर्किरहेको अवस्थामा जनकपुर नपा-४ स्थित अतिथिगृह अगाडि माओवादीले सुरक्षाकर्मीलाई लक्षित गरी बम विस्फोट गराउँदा सख्त घाइते भई जनकपुर अञ्चल अस्पतालमा उपचार गर्दागर्दै मृत्यु भयो। पीडितका बच्चाहरुलाई समाज उत्थान केन्द्रको सहयोगमा एसओएस बालग्राम, इटहरीमा राखिएको छ।

धनुषागोविन्दपुर गाविस-६ का नेकाँका कार्यकर्ता ४४ वर्षीय मीनबहादुर थापालाई सुराकीको आरोपमा ०६० भदौ ३१ गते घरमै बसिरहेको अवस्थामा माओवादीले अपहरण गरी खुकुरी र बञ्चरो प्रहार गरी हत्या गरे।

बेङ्गाशिवपुर गाविस-७ का राप्रपाका कार्यकर्ता ५० वर्षीय गिरिधारी साहलाई ०६० असोज १ गते घरमै सुतिरहेको अवस्थामा माओवादीले अपहरण गरी गोली हानी हत्या गरे। पीडितको घरमा रहेको सुन, चाँदी, पैसा, टीभी र मोटरसाइकल समेत माओवादीले लुटे।

धनुषाधाम गाविस-७ का राप्रपाका कार्यकर्ता ५० वर्षीय शुभलाल यादव र उनकी पत्नी ४५ वर्षीय रधियादेवी यादवलाई सुराकीको आरोपमा ०६० असोज ३ गते घरबाटै माओवादीले अपहरण गरी खुकुरीले घाँटी रेटी हत्या गरे।

धनुषागोविन्दपुर गाविस-२ का नेकाँका कार्यकर्ता २८ वर्षीय पुरुषोत्तम मण्डललाई सुराकीको आरोपमा ०६० असोज ४ गते सत्तोखर गाविसस्थित भट्टियन चोकबाट अपहरण गरी खुकुरीले घाँटी रेटी हत्या गरे। पीडितको लास असोज ५ गते मखनाहा गाविसमा फेला पऱ्यो।

पाँचथर जिल्ला रानीटार गाविसका सैनिक अमलदारहरु श्यामबहादुर राई, बैतडी जिल्लाका खड्कबहादुर नायक र बर्दिया जिल्ला मोतिपुर गाविस-१ का प्रहरी जवान ३३ वर्षीय जनुवा चौधरीलाई ०६० कार्तिक ३० गते खरियानी गाविस-६ मा घुम्ती सेवा कार्यक्रम गर्न गइरहेको अवस्थामा माओवादीले एम्बुसमा पारी हत्या गरे।

जनकपुर नपा-९ इलाका प्रहरी कार्यालय सबैलामा कार्यरत प्रहरी निरीक्षक ४१ वर्षीय नरेश पोखेललाई ०६० मंसिर २१ गते पठैर्वा गाविसस्थित कमला सिंचाई नहरमा माओवादीले कुटपिट गरी पीडितसँग रहेको पेस्तोल खोसी सोही पेस्तोलले कन्चटमा गोली हानी हत्या गरे। सोही घटनामा पीडितसँगै रहेका सबैला गाविस-५ का ३२ वर्षीय महेन्द्र यादवको अवस्था हालसम्म अज्ञात छ।

पचहर्वा गाविस-८ का ३५ वर्षीय रोशन कापरलाई ०६० मंसिर २७ गते औरही गाविसमा

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	११	९	२	११	१२	१४	१	१५	७	१२		१२
घाइते	३	५		५	९	२४	४	२८				
गिरफ्तारी/यातना									३५	६४	१	६५
बेपत्ता									३	८		८
कुटपिट	३	३		३	४	३	१	४	३	२	१	३
जातीय विभेद	१		१	१								
महिलाअधिकार	४४		४७	४७								
बालअधिकार	४		४	४								
अपहरण	१		१	१	२९	४२		४२				
जम्मा	६७	१७	५५	७२	५४	८३	६	८९	४८	८६	२	८८

माओवादीले खुकुरीले घाँटी रेटी हत्या गरे।

चितवन जिल्ला खैरेंनी गाविस-२ का प्रहरी हवल्दार ३९ वर्षीय टेकलाल श्रेष्ठलाई ०६० पुस १६ गते ढल्केवर गाविस-१ मा रेडियो बनाउने पसल अगाडि उभिरहेको अवस्थामा माओवादीले पछाडिबाट गोली हानी हत्या गरे।

सुरक्षाकर्मीद्वारा हत्या गरिएका रामकरण महतो र वेचन यादव

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

सखुवा महेन्द्रनगर गाविस-१ का ५८ वर्षीय जंगीलाल महतोलाई ०५९ माघ ९ गते माओवादीले गोली हानी घाइते बनाए।

दुहवी गाविस-२ स्थित सिमा प्रहरी चौकीमा कार्यरत प्रहरी र माओवादीबीच ०६० भदौ ३० गते दोहोरो भिडन्त हुँदा प्रहरी हवल्दार ३२ वर्षीय सीताराम गुरुङ, प्रहरी जवान ३४ वर्षीय विनयकुमार पाण्डे र ३० वर्षीय विष्णुबहादुर थापा घाइते भए।

सखुवामहेन्द्रनगर गाविसका ३५ वर्षीय खेदरु यादव ०६० असोज ९ गते बस पार्किङ गरेर राखिएको ठाउँमा माओवादीले बम विस्फोट गराउँदा घाइते भए। पीडित सोही बसको छतमा सुतिरहेका थिए।

जनकपुर नपा-१४ का ३२ वर्षीय जितन यादव र कजरा रमौल गाविस-५ का ३८ वर्षीय श्यामसिंह दनुवार ०६० कार्तिक १४ गते जनकपुर नपा-१४ मुझेलियामा माओवादीले विद्युतीय धराप विस्फोट गराउँदा सख्त घाइते भए। उक्त घटना माओवादीले भुलवस हुन गएको भनी स्वीकार गरे।

खरियानी गाविस-६ मा ०६० कार्तिक ३० गते घुम्ती सेवा कार्यक्रम गर्न गइरहेको सुरक्षाकर्मीको टोलीलाई लक्षित गरी माओवादीले विद्युतीय विस्फोट गराउँदा सेनाका ललितबहादुर कार्की, भोगेन्द्रजंग बस्नेत, पूर्ण अधिकारी, चुनबहादुर तामाङ र दिनेश केसी तथा प्रहरी दण्डबहादुर बस्नेत र यमबहादुर सोती सख्त घाइते भए। सोही घटनामा परी ट्रक चालक जीतेन्द्रकुमार श्रेष्ठ र सहयोगी उमेशकुमार कर्ण सख्त घाइते भए।

गोदार गाविस-९ का ४८ वर्षीय भुवनप्रसाद ढुंगानालाई ०६० कार्तिक २० गते माओवादीले घरबाटै अपहरण गरी कुटपिट गरी गम्भीर रुपमा घाइते बनाए। साथै ज्यानमार्ने धम्की समेत दिए।

दोलखा जिल्ला घर भएका असई ३६ वर्षीय विदुर केसीलाई ०६० पुस १६ गते ढल्केवर गाविस-१ मा रेडियो पसल अगाडि उभिरहेको अवस्थामा माओवादीले पछाडिबाट गोली हानी घाइते बनाए।

बेपत्ता / अपहरण

राज्यबाट

जनकपुर नपा-१० का २६ वर्षीय दिपु भनिने सञ्जिवकुमार कर्ण, २३ वर्षीय दुर्गेश लाभ, सोही नपा-४ का २२ वर्षीय मछली भनिने जीतेन्द्र झा, कुर्था गाविस-१ का २१ वर्षीय प्रमोदनारायण मण्डल र दुहवी गाविस-७ का १९ वर्षीय शैलेन्द्र यादवलाई ०६० असोज २१ गते जनकपुर नपा-४ स्थित कटैयाचौरीबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुलाई हालसम्म बेपत्ता पारिएको छ।

जनकपुर नपा-९ का ४० वर्षीय मनोज दत्त र नगराइन गाविस-१ का ३९ वर्षीय रामचन्द्रलाल कर्णलाई



माओवादीद्वारा हत्या गरिएका प्रहरी निरीक्षक नरेश पोखेल

सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी बेपत्ता बनाइएका रामचन्द्रलाल कर्ण, शैलेन्द्र यादव र मनोज दत्त

०६० असोज २५ गते सोही नपा-९ स्थित मनोजकै घरबाट सादा पोशाकमा आएका सुरक्षाकर्मीले कुटपिट गर्दै गिरफ्तार गरी बेपत्ता पारे।

माओवादीबाट

एकराही गाविस-७ का ४० वर्षीय कामेश्वर ठाकुरलाई ०६० वैशाख १७ गते माओवादीले अपहरण गरी बेपत्ता पारे। माओवादीले पीडित आफ्नो कब्जाबाट भागेको सार्वजनिक जानकारी गराए पनि हालसम्म उनको अवस्था अज्ञात छ।

एकराही गाविस-७ का ३५ वर्षीय कपिलदेव यादवलाई ०६० वैशाख १८ गते माओवादीले अपहरण गरी खुट्टा भाँची निर्मम यातना दिए।

यस वर्ष माओवादीले विभिन्न आरोपमा मानिसहरुलाई अपहरण गरी कुटपिट गरेका घटना सार्वजनिक भए। जसमध्ये, बलाहासधारा गाविस-१ का ३२ वर्षीय रतन मरवैतालाई ०६० मंसिर १२ गते, बरमझिया गाविस-६ का १८ वर्षीय सूर्यनाथ यादवलाई ०६० कार्तिक १ गते, लक्कड गाविस-८ का ५० वर्षीय रामवृक्ष हजरा, ३३ वर्षीय लक्ष्मण हजरा र ४२ वर्षीय भरत हजरालाई ०६० असोज २२ गते, घोडघाँस गाविस-१ का २६ वर्षीय सुरेन्द्र साहलाई ०६० असोज ३ गते, बलहासघाँरा गाविस-२ का ८५ वर्षीय जदुनन्दन सहलैता, ५८ वर्षीय अजबलाल सहलैता, ३२ वर्षीय बृजमोहन सहलैता, ४० वर्षीय रामकृष्ण सहलैता, ५५ वर्षीय रामशंकर सहलैता, २२ वर्षीय गणेश सहलैता, ३६ वर्षीय सत्रौन सहलैता, ३२ वर्षीय भगत सहलैता र २७ वर्षीय वीरेन्द्र सहलैतालाई ०६० जेठ ३ गते, बेङ्गाशिवपुर गाविस-७ का ३० वर्षीय विनोद साह र २५ वर्षीय प्रमोद साहलाई ०६० असोज १ गते, धनुषागोविन्दपुर गाविस-६ का ३२ वर्षीय केशवबहादुर थापालाई ०६० भदौ ३१ गते, भारतमेरठका ४० वर्षीय देवेन्द्र गर्ग, खगरियाका ६० वर्षीय कृष्णकुमार टिबडेवाल र सुरसन्डका ६० वर्षीय रमेशचन्द्र मेहतालाई ०६० भदौ ७ गते, खरियानी गाविस-५ का रामेश्वर कापरलाई ०६० असार २५ गते, २२ वर्षीय लक्ष्मी मुखियालाई ०६० असार २९ गते, बालावाखर गाविस-७ का २६ वर्षीय बिजल यादव र ४१ वर्षीय लक्ष्मण ठाकुरलाई ०६० असार २४ गते, रघुनाथपुर गाविस-९ का ५० वर्षीय महाराजी यादवलाई ०६० असार १८ गते, भरतपुर गाविस-२ का २४ वर्षीय उमेश यादवलाई ०६० वैशाख २६ गते, हठिपुर हरवडा गाविस-२ का २१ वर्षीय सुनिल पासवान र ४० वर्षीय जयकिशन पासवानलाई ०६० वैशाख १८ गते, धवौली गाविस-८ का ३२ वर्षीय सुखी मण्डललाई ०६० वैशाख १८ गते र एकराही गाविस-६ का ३५ वर्षीय दीपनारायण यादवलाई ०६० वैशाख १८ गते माओवादीले अपहरण गरे। पीडितहरु सबैलाई माओवादीले मुक्त गरेका छन्।

माओवादीद्वारा हत्या गरिएका मिनबहादुर थापा

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

बलाहागोठ गाविस-९ का २९ वर्षीय राजकुमार यादवलाई ०६० जेठ ४ गते सुरक्षाकर्मीले कुटपिट गरे।

माओवादीबाट

एकराही गाविस-७ की ३० वर्षीय मिनादेवी यादवलाई ०६० वैशाख २० गते सोही गाविस-६ का ४० वर्षीय मुसाफी यादवलाई ०६० वैशाख १९ गते माओवादीले कुटपिट गरे।

डेवडिहा गाविस-४ का राप्रपा कार्यकर्ता ४२ वर्षीय रामचन्द्र मुखियालाई ०६० भदौ २९ गते माओवादीले खुकुरी प्रहार गरी हत्या गर्ने प्रयास गरे।

ननुपट्टी गाविस-५ का ३० वर्षीय सरोज मण्डललाई ०६० मंसिर १७ गते माओवादीले कुटपिट गरे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

पाँच राजनीतिक दलद्वारा प्रतिगमनको विरुद्ध निकालिएको मसाल जुलुसमा ०६० वैशाख २८ गते प्रहरीले हस्तक्षेप गरी लाठिचार्ज गर्दा रामचन्द्र झा, ललन चौधरी, रामनाथ यादव, शितल झा, सहदेव मुखिया, रामसिंह यादव, टंकप्रसाद बराल, राजकुमार गुप्ता, चन्द्रदेव राउत, राजकिशोर यादव, राजेश्वर यादव, डा. रामवरण यादव, आनन्दप्रसाद ठगुना, स्मृतिनारायण चौधरी, शिवधारी यादव, रामकृष्ण यादव, अरविन्द ठाकुर, विशेश्वर यादव, परमेश्वर साह, श्यामनारायण यादव, राजकुमार भारती, श्रवण कुसियत, लालकिशोर साह, वृखेशलाल कर्ण, निर्गुण यादव, रामकृण यादव (वरमझिया), समिन राइन, राधेश्याम धामी, रामस्वार्थ सिंह, राजेश्वर नेपाली (पत्रकार), रामअवतार दास, लक्ष्मेश्वर यादव, नवलकिशोर यादव, सुरेन्द्र शर्मा, रामदेव यादव, अवधेश ठाकुर र लक्ष्मीनारायण ठाकुरलाई गिरफ्तार गरी पछि रिहा गरियो। प्रहरीतर्फ पनि ४ जना घाइते भएका थिए भने केही आन्दोलनकारी महिलाहरु समेत घाइते भएका थिए।

सिङ्याही मरान गाविसका पूर्व अध्यक्ष ४२ वर्षीय सोभित महतो, सोही गाविस-३ का ३२ वर्षीय देवचरण महतो, ढल्केवर गाविसका पूर्व अध्यक्ष हरिनारायण महतो, कामेश्वर महतो, राजकुमार महतो र वीरबहादुर बानियालाई ०६० जेठ १७ गते प्रतिगमनविरुद्ध पाँच दलले संचालन गरेको जुलुसबाट प्रहरीले गिरफ्तार गरी सोही दिन रिहा गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा दुनियावादी देवानी १ हजार १ सय ८५, दुनियावादी फौज्दारी २ सय ८७ र सरकारवादी फौज्दारी १ सय ८७ मुद्दा दर्ता भए। दुनियावादी देवानी १ हजार ५ सय २६, दुनियावादी फौज्दारी ३ सय १९ र सरकारवादी फौज्दारी १ सय ८३ वटा फर्स्यौट भए। जिम्मेवारी सरेर आएका १ हजार ५ सय ४५ मुद्दा छन्।

यस वर्ष जिल्ला प्रहरी कार्यालयमा कर्तव्य ज्यान १९, खुनडाँका २, ज्यानमार्ने उद्योग ४, डाँका १३, चोरी ८, झुण्डिएर आत्महत्या १५, विष सेवन गरी २५, डुबेर १, आगो लगाई १, जबरजस्ती करणी १, हातहतियार खरखजाना ९, जीउ मास्नेबेच्ने २, कुटपिट अंगभंग १, जुवा १, कीर्ते ४, केही सार्वजनिक अपराध २८, नागरिकता ७, बहुविवाह १, सवारी अंगभंग १, कारण नखुलेको ज्यान ७, भवितव्य ज्यान ३०, सवारी दुर्घटना २२, आगलागी २, विष ज्यान १ र आतंककारी विध्वंसात्मक कार्यसम्बन्धी ५ वटा मुद्दा दर्ता भए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

माचिझिटकैया गाविस-६ का ४१ वर्षीय

सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी बेपत्ता पारिएका दुर्गेश लाभ, संजिवकुमार कर्ण, जितेन्द्र झा र प्रमोदनारायण मण्डल

माओवादीद्वारा हत्या गरिएका प्रहरी हवल्दार टेकलाल श्रेष्ठ

जनकलाल बनरैत र उनका छोरा २१ वर्षीय संजित बनरैतलाई ०५९ पुस २० गते प्रहरीले गिरफ्तार गरी निर्मम यातना दिई पुस २४ गते रिहा गरे। पीडितले प्रहरीविरुद्ध यातना क्षतिपूर्ति ऐन अन्तर्गत मुद्दा दायर गरे।

ठाडीभिझा गाविस-३ का ३० वर्षीय उसमान साहलाई ०५९ फागुन १ गते प्रहरीले गिरफ्तार गरी निर्मम यातना दिए। पीडितलाई यातना दिने असई रामविनय सिंहले स्थानीय बासिन्दाको दवाबमा क्षतिपूर्तिबापत औषधी उपचार खर्च बेहोरे। पीडकलाई अन्यत्र सरुवा गरियो।

दिगम्बरपुर गाविस-८ का १८ वर्षीय विकाउराम धाङ्गरलाई ०५९ चैत ६ गते सखुवामहेन्द्रनगरबाट प्रहरीले गिरफ्तार गरी यातना दिए। पीडितले यातना क्षतिपूर्ति ऐन अन्तर्गत मुद्दा दायर गरे। पीडितले साक्षी नवगाई अप्रत्यक्ष मिलापत्र गरेको कारण मुद्दा हारेका छन्।

बालाबाखर गाविस-२ का ३२ वर्षीय गणेश साह र बलहाकठाल गाविस-८ का कृष्णदेव मण्डललाई माओवादीको आरोपमा ०६० वैशाख ९ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई हातहतियार खरखजाना मुद्दामा धरौटी बुझाउन नसक्दा ०६० जेठ १ गते जेल चलान गरियो भने कृष्णदेव मण्डल धरौटी बुझाई रिहा भए। पीडितहरुलाई जबरजस्ती चन्दा संकलन गरेको आरोपमा गिरफ्तार गरिएको थियो।

सखुवामहेन्द्रनगर गाविस-१ का ३२ वर्षीय रामजिवन साहलाई ०६० जेठ ३ गते सोही ठाउँबाट प्रहरीले गिरफ्तार गरी कुटपिट गरे। पीडितले यातना क्षतिपूर्ति ऐन अन्तर्गत मुद्दा दायर गर्दा जिल्ला अदालत धनुषाले ०६० मंसिर २२ गते क्षतिपूर्ति वापत दुई हजार रुपैयाँ क्षतिपूर्ति दिलायो।

बरमझिया गाविस-७ का माओवादी कार्यकर्ता ५० वर्षीय शोभित यादवलाई ०६० भदौ ११ गते बरमझिया गाविस-९ बाट सेनाले गिरफ्तार गरे। पीडितलाई हाल भिमान ब्यारेकमा थुनामा राखिएको छ।

जनकपुर नपा-१० का १९ वर्षीय राजीवकुमार कर्ण, ३० वर्षीय संजीवकुमार कर्ण, २४ वर्षीय हेमनाथ लाभ, सोही नपा-९ का २४ वर्षीय अशोककुमार साह र सोही नपा-४ का २७ वर्षीय शैलेन्द्रकुमार कर्णलाई माओवादीको आशंकामा ०६० भदौ १७ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरुमध्ये हेमनाथ लाभलाई सार्वजनिक मुद्दा लगाई धरौटी बुझाउन नसकेको भनी असोज २७ गते जेल चलान गरियो भने अन्यलाई दुई दिनपछि रिहा गरियो।

डेवडिहा गाविस-६ का शिक्षक संगठनका जिल्ला अध्यक्ष ४५ वर्षीय हरिदेव मण्डललाई ०६० असोज ९ गते जनकपुर नपा-८ स्थित यज्ञकल्प संस्कृति माविबाट सुरक्षाकर्मीले गिरफ्तार गरी रिहा गरे।

उमाप्रेमपुर गाविस-८ का इन्दलकुमार महतो, सोही गाविस-९ का देवेन्द्र मण्डललाई ०६० असोज २० गते, जनकपुर नपा-९ का दिव्य जोशीलाई ०६० असोज १४ गते, डेवडिहा गाविस-६ का शिवनारायण यादवलाई ०६० भदौ २२ गते, बर्सैया गाविस-३ का गौरीशंकर महतोलाई ०६० भदौ १९ गते, खरियानी गाविस-३ का सञ्जय साह र मन्सुर वक्तित, औरही गाविसका सुवास मण्डललाई ०६० असोज २६ गते, लखौरी गाविस-५ का कान्छा भनिने जासिम राइनलाई ०६० कार्तिक ३ गते, उमाप्रेमपुर गाविसका सुरेश दासलाई ०६० कार्तिक ३ गते, सखुवा महेन्द्रनगर गाविस-४ का सदाकत कवाडीलाई ०६० असोज २४ गते, डेवडिहा गाविसकी श्यामादेवी झालाई ०६० मंसिर २९ गते, सत्तोखर गाविस-९ का झगरु भनिने माधव यादवलाई ०६० पुस ११ गते, पौडेश्वर गाविस-४ का सियाशरण ठाकुरलाई माओवादीको आशंकामा ०६० मंसिर ४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिए। पीडितहरुलाई पछि रिहा गरियो।

माओवादीद्वारा गोली हानी घाइते बनाइएका असई विदुर केसी

खरियानी गाविस-१ का २४ वर्षीय रामकुमार कापर, सोही गाविस-४ का १९ वर्षीय राघवेन्द्र पजियार र सोही गाविस-५ का २१ वर्षीय सम्पैत कापरलाई ०६० असोज १२ गते जनकपुर नपा-२ बाट, बालाबाखर गाविस-३ का ४० वर्षीय तेतर यादवलाई ०६० कार्तिक ३० गते, जनकपुर नपा-६ का ३० वर्षीय संजय रायलाई ०६० कार्तिक ५ गते सोही नपा-८ बाट, फुलगामा गाविस-१ का ४० वर्षीय कारिधोवी बैठालाई ०६० भदौ १३ गते, बसैया गाविस-३ का ६० वर्षीय

रामखेलावन महतोलाई ०६० मंसिर २० गते, कुर्था गाविस-९ का ४५ वर्षीय सीताराम दास र सोही गाविस-५ का ४२ वर्षीय भोगेन्द्र रायलाई ०६० कार्तिक १ गते, बालाबाखर गाविस-१ का २२ वर्षीय रामभगत मण्डललाई ०६० कार्तिक २२ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुमध्ये रामकुमार, राघवेन्द्र, सम्पैत र कारीधोवीलाई ०६० असोज २७ गते, भोगेन्द्र र सितारामलाई ०६० कार्तिक ११ गते, रामभगत र तेतरलाई ०६० मंसिर ११ गते, रामखेलावनलाई ०६० मंसिर २४ गते र संजयलाई ०६० पुस ७ गतेदेखि नजरबन्दमा राखियो। पीडितहरु मध्ये राघवेन्द्र रिहा भए।

फुलगामा गाविस-२ का ४५ वर्षीय रामलाल साह, सोही गाविस-६ का २१ वर्षीय राधे महतो, २८ वर्षीय लालनदाफलाई ०६० भदौ २६ गते, धनुषाधाम गाविस-८ का ४० वर्षीय भगवान दासलाई ०६० असोज २४ गते जनकपुर नपा-१ बाट, बलहासघारा गाविस-३ का ६५ वर्षीय धनुखी महरालाई ०६० मंसिर १२ गते, देवपुरारुपैठा गाविस-३ का ३० वर्षीय सहजन कापडीलाई ०६० कार्तिक ४ गते, सिरहा जिल्ला बसविट्टी गाविस-६ का जैशीलाल सौदा र बलहासघारा गाविस-१ का दीपेन्द्र यादवलाई ०६० कार्तिक २ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुमध्ये दिपेन्द्र र जैशीलाललाई थुनामा राखिएको छ भने अन्यलाई यातना दिई केही दिनपछि रिहा गरियो।

बालअधिकार

बेङ्गाशिवपुर गाविस-६ का ८ वर्षीय रवी साह, ९ महिनाकी बालिका, जनकपुर नपा-३ की ३५ वर्षीय मञ्जुदेवी साह र नाम नखुलेका दुई जना सहित ५ जना ०६० भदौ ३० गते सोही नपा-४ स्थित अतिथिगृह अगाडि माओवादीले फ्याँकेको बम विस्फोट हुँदा घाइते भए।

खरियानी गाविस-१ का ७ वर्षीय नथुनिया कापर, ५ वर्षीय रिताकुमारी, ८ वर्षीय गीताकुमारी ०६० मंसिर ११ गते माओवादीले छोडी गएको बम खेलाउँदा विस्फोट भई घाइते भए।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

सुगामधुकरी गाविस-५ की ४० वर्षीय एक महिलालाई डाँकाहरुको एक समूहले ०५९ चैत १८ गते अपहरण गरी बलात्कार गरे।

भुतहीपटेर्वा गाविस-८ की २२ वर्षीय एक महिलालाई ०५९ चैत ११ गते पौडेश्वर गाविस-५ का २६ वर्षीय विनोद पासवान र ३० वर्षीय शिवजी पासवानले सामूहिक बलात्कार गरे। पीडकहरुमध्ये विनोदलाई माओवादीले समाई राखेको ठाउँबाट भागे भने शिवजी सर्लाहीमा प्रहरीको गोलीद्वारा मारिए।

सखुवा महेन्द्रनगर गाविस-३ की २५ वर्षीय एक महिलालाई ०६० जेठ ३ गते ३२ वर्षीय प्रमोद यादव र सोही ठाउँका ३५ वर्षीय सूर्जा महतोले बलात्कार गरे।

लवटोली गाविस-२ की ३० वर्षीय एक महिलालाई बरमझिया गाविस-७ का ३० वर्षीय दीपनारायण यादवले ०६० साउन २० गते, सिरहा जिल्ला बडहरामाल गाविस-२ की १८ वर्षीय एक युवतीलाई सोही गाविस-३ का २१ वर्षीय प्रकाश महतो, २३ वर्षीय धने महतो, २५ वर्षीय मनोज साह र सोही ठाउँका काले यादवले ०६० वैशाख १७ गते धनुषागोदार गाविस-३ मा बलात्कार गरे।

झटियाही गाविस-७ की २२ वर्षीय एक महिलालाई सोही ठाउँका ३० वर्षीय तिलका मण्डलले ०६० साउन ३० गते, सोही गाविस-७ की २५ वर्षीय एक महिलालाई सोही ठाउँका २७ वर्षीय विपतीया ठाकुरले ०६० साउन २३ गते, बरमझिया गाविस-२ की २० वर्षीय एक महिलालाई सोही ठाउँका २४ वर्षीय दिपा गडेरीले ०६० असार २६ गते, बनिनिया गाविस-४ की ३५ वर्षीय एक महिलालाई सोही ठाउँका ४० वर्षीय बदन यादव र २६ वर्षीय जोगेन्द्र यादवले ०६० जेठ २२ गते बलात्कार गर्ने प्रयास गरे। पीडकहरुमध्ये विपतीयालाई गाउँलेले शारीरिक सजाय दिई २५ हजार रुपैयाँ जरिवाना गरे।

जनकपुर नपा-८ की १८ वर्षीय फुलोदेवी यादवलाई आफ्नै पति ३५ वर्षीय रन्जय राउत र ससुरा ५५ वर्षीय लखी राउतले, सोही नपा-७ की ३५ वर्षीय रेणुदेवी पाठकलाई आफ्नै पति ४० वर्षीय राजेन्द्र पाठकले, ठाडीझिझा गाविस-८ की २० वर्षीय रेखादेवी पासवानलाई आफ्नै सासु ४० वर्षीय गोपीदेवी पासवान, ससुरा ५० वर्षीय मोफिल पासवान, देवर ३० वर्षीय पन्नालाल पासवान र २५ वर्षीय नरेश पासवानले, नगरायण गाविस-३ की ५१ वर्षीय सुशीलादेवी कर्णलाई आफ्नै देवर ५० वर्षीय वासुदेव कर्णलगायत्का आफन्तले, लोहना गाविस-६ की ३५ वर्षीय सुकुमारी देवी साहलाई आफ्नै सासु ५८ वर्षीय मनरोगिया देवीले र बरमझिया गाविस-२ की २२ वर्षीय तारुदेवी यादवलाई आफ्नै ससुरा ४५ वर्षीय सुकराम यादवले विभिन्न मितिमा शारीरिक

बोक्सीको आरोपमा यातना दिइएका रामसखिया देवी ठाकुर

तथा मानसिक यातना दिई केहीलाई घरबाट निकालेकोमा हाल मिलापत्र गरिएको छ।

कनकपट्टी गाविस-३ की ४५ वर्षीय समतोलियादेवी मण्डललाई बोक्सीको आरोपमा ०६० कार्तिक १८ गते सोही ठाउँका ४६ वर्षीय रामदयाल यादव, ३४ वर्षीय विशेश्वर यादव र २२ वर्षीय विजय यादवले कुटपिट गरे। पीडितले प्रहरीमा मुद्दा दर्ता गराए पनि पीडकहरुलाई केही कारवाही भएन।

बेङ्गाशिवपुर गाविस-९ की २२ वर्षीय शान्तिदेवी पासवानलाई बोक्सीको आरोपमा ०६० असार १७ गते सोही ठाउँका ३५ वर्षीय श्रवण यादव, २२ वर्षीय सूर्यनाथ यादव, सोही गाविस-८ का २३ वर्षीय मनोज यादव र २३ वर्षीय प्रकाश यादवले चारपाटा मुडी कुटपिट गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी २८ हजार रुपैयाँ जरिवाना गरी धरौटीमा रिहा गरे।

रघुनाथपुर गाविस-२ की ७५ वर्षीय रामसखिया देवी ठाकुरलाई बोक्सीको आरोपमा ०६० मंसिर १३ गते सोही ठाउँका ३२ वर्षीय कारी यादव, २८ वर्षीय रामचन्द्र यादव र २५ वर्षीय राजकुमार ठाकुरलगायत् १५-२० जनाले चारपाटे मुडी दिसा खुवाई निर्ममतापूर्वक कुटपिट गरे। मानवअधिकार वर्ष पुस्तक जिल्ला प्रतिनिधि र नेपाल बार एशोसिएसन मानवअधिकार परियोजनाका प्रतिनिधिको पहलमा पीडकहरुले पीडितलाई क्षतिपूर्ति दिने सहमति गराइयो।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

माओवादीद्वारा विभिन्न मितिमा अपहरण गरिएका वल्हासधारा गाविसका ८५ वर्षीय यदुनन्दन सलहैता लगायतका व्यक्तिहरुको सुरक्षा प्रदान गर्न नसकेको उल्लेख गर्दै नेकाँ, नेकपा (एमाले), जनमोर्चा र नेसपाले ०६० जेठ ६ गते जिल्ला प्रशासन कार्यालयमा विरोध पत्र बुझाए।

नेपाल राष्ट्रिय शिक्षक संगठनका जिल्ला अध्यक्ष हरिदेव मण्डललाई ०६० असोज ९ गते विद्यालयबाटै सुरक्षाकर्मीले गिरफ्तार गरेको घटनालाई लिएर नेकपा (एमाले) जिल्ला कमिटी र समाज उत्थान केन्द्रले ०६० असोज १२ गते प्रेस विज्ञप्ति जारी गरी उहाँको तत्काल रिहाइको माग गरे।

समाज उत्थान केन्द्रले ०६० असोज २१ र २५ गते सुरक्षकर्मीद्वारा गिरफ्तार गरी बेपत्ता पारिएका संजीव कर्ण, दुर्गेस लाल, जितेन्द्र झा, शैलेन्द्र यादव, प्रमोद नारायण, मनोजदत्त र रामचन्द्रलाल कर्णको स्थिति सार्वजनिक गर्न ०६० असोज २५ गते प्रेस विज्ञप्ति जारी गर्थ्यो।

संरचना क्षति

यस वर्ष माओवादीले डेवडिहा, औरही, दुहवी प्रहरी कार्यालय, जिल्ला शिक्षा कार्यालय, भूमिसुधार कार्यालय, दूरसञ्चार कार्यालयको फिक्सलाइन, एसटीडी/आईएसडी ट्रान्समिशन इक्युपमेन्ट, भीएचएफ व्याट्री रुम, मोबाइल ट्रान्समिटर, कृषि सेवा केन्द्र फुलगामा साना किसान विकास आयोजना गिद्धामा आक्रमण गरी क्षति पुऱ्याए।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष झुण्डिएर १५ जनाले आत्महत्या गरे। जसमा, ७ महिला र ८ पुरुष थिए। विप सेवन गरी १४ महिला र ११ पुरुष तथा सवारी दुर्घटनामा १२ पुरुष र १० महिलाको मृत्यु भयो। आगो लगाएर एक महिला पीडित भइन्।

विगतको अनुगमन

रमदैया भवारी गाविस-१ का २९ वर्षीय रामपुकार यादवलाई सई चन्द्रेश्वर यादवले ०५९ असोज २२ गते गिरफ्तार गरी यातना दिएका थिए। पीडितले यातना क्षतिपूर्ति ऐन अन्तर्गत मुद्दा दायर गर्दा जिल्ला अदालत धनुषाले ०६० असार ४ गते एक हजार रुपैयाँ क्षतिपूर्ति दिलायो। पीडितले सो रकम प्राप्त नगरेको बताए।

नौवाखोर पर्साही गाविस-९ का ३४ वर्षीय रामदेव ठाकुरलाई प्रहरीले ०५९ असोज ३ गते गिरफ्तार गरी यातना दिइएको थियो। पीडितले नजरवन्दवाट रिहा भइसकेपछि यातना क्षतिपूर्ति ऐन अन्तर्गत ०५९ चैत २९ गते जिल्ला अदालत धनुषामा मुद्दा दर्ता गरे। हाल सो मुद्दाको म्याद तामेल हुन बाँकी छ।

गोपालपुर गाविस-८ की ५५ वर्षीय मुस्त किमा खातुन र उनकी बुहारीलाई ०५९ कार्तिक २० गते सोही ठाउँका सविर कवाडी लगायत ४ जनाले बोक्सीको आरोपमा कुटपिट गरी मानव दिसा खुवाएका थिए। पडिकहर विरुद्ध जिल्ला अदालतमा मुद्दा दायर गरिएकोमा अदालतले जनही ४ सय रुपैयाँ जरिवाना गरी फैसला गऱ्यो।

२.२ महोत्तरी



जनसंख्या : ५६०४००
साक्षरता प्रतिशत : ३४
महिला साक्षरता प्रतिशत : २१
क्षेत्रफल (वर्ग कि.मी.) : १००२
गाविस/नपा संख्या : ७६/१
निर्वाचन क्षेत्र : ४
विद्यालय : २३०
क्याम्पस/उच्च मावि : २/४
अस्पताल/स्वास्थ्य चौकी : १/८१
टेलिफोन लाइन : ८२१
मोटर सडक (कि.मी.) : २३८
प्रहरी कार्यालय संख्या : ६
हुलाक संख्या : ७४
मानव विकास सूचकांक : ०.३२२
प्रति एक डाक्टर जनसंख्या : ७९०३२
प्रति परिवार सरदर संख्या : ५.८७

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

लक्ष्मिनिया गाविसको जंगलमा ०६० असोज २९ गते दुई जना, रामनगर गाविस-४ को जंगलमा ०६० कार्तिक १८ गते ६ जना, हतीसर्वा गाविस-८ स्थित सडकमा गस्तीको सुरक्षाकर्मीलाई सकेट बम प्रहार गर्न खोज्ने एक माओवादी कार्यकर्ताको सुरक्षाकर्मीको कारवाहीमा परी मृत्यु भएको सरकारी सञ्चार माध्यमले प्रचार गरे पनि पुष्टि हुन सकेन।

माओवादीबाट

सर्लाही जिल्ला धुर्कौली गाविस-९ घर भई वलवा प्रहरी चौकीमा कार्यरत प्रहरी जवान ३८ वर्षीय बालकृष्ण महतोलाई ०६० भदौ ९ गते बर्दिबास-जलेश्वर सडक खण्डको सरपल्लो चोकमा जाँच गरिरहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे।

सर्लाही जिल्ला भक्तिपुर गाविस-७ घर भएका बैंक गार्ड ५६ वर्षीय डम्बरबहादुर कार्कीलाई ०६० भदौ २९ गते गौशाला गाविस-४ स्थित नेपाल बैंक लिमिटेड लुट्न गएका माओवादीले गोली हानी हत्या गरे। माओवादीले बम प्रहार गर्दा खैरबनी गाविस-३ का ६० वर्षीय रामएकवाल रायको पनि मृत्यु भयो।

औरही गाविस-१ का राप्रपा गाउँ इकाई अध्यक्ष ४२ वर्षीय कालीचरण यादवलाई सुराकीको आरोपमा ०६० असोज २९ गते माओवादीले गोली हानी हत्या गरे।

छिन्नमस्ता सशस्त्र प्रहरी गण, बर्दिवासबाट जलेश्वरतर्फ जाँदै गरेको सशस्त्र प्रहरीको गाडीलाई ०६० मंसिर २८ गते माओवादीले विद्युतीय धरापमा पार्दा सशस्त्र प्रहरी निरीक्षक नरबहादुर तामाङ, सशस्त्र प्रहरी नायव निरीक्षक दिलबहादुर रायमाझी, वरिष्ठ प्रहरी हवल्दार देवेन्द्रप्रसाद ओली, शेरबहादुर सिंह, शिवपुजन चौधरी, प्रहरी हवल्दार कृष्ण महत, खिलबहादुर मगर, हंसराज चौधरी र प्रहरी जवान बद्रि पौडेल, खिलनाथ फुयाल र दोर्जे वाइबाको घटनास्थलमै मृत्यु भयो।

बारा जिल्ला महेन्द्र आदर्श गाविस-६ घर भई इलाका प्रहरी कार्यालय, गौशालामा कार्यरत प्रहरी जवान २९ वर्षीय जितेन्द्रप्रसाद कुसवाहालाई ०६० पुस १० गते माओवादीले अपहरण गरी पुस ११ गते लक्ष्मीनिया गाविस-४ बटुवाटोलमा गोली हानी हत्या गरे।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

रामनगर गाविस-१ की ३५ वर्षीय अनुमिपादेवी कुर्मीलाई माओवादी पार्टी त्याग गर्न अनुरोध गर्दा ०६० असार १९ गते घरमै माओवादी कार्यकर्ता आफ्नै पतिले गोली हानी घाइते बनाए।

जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवानहरु ३० वर्षीय मुना सिंह र २९ वर्षीय पंकज सिंहलाई ०६० असोज २८ गते पर्सा देवाधबाट माओवादीले अपहरण गरी रघुनाथपुर गाविस-६ मा गोली हानी घाइते बनाए।

गौशाला गाविस-४ स्थित मडाहाखोलामा इलाका प्रहरी कार्यालय, गौशालाको गस्तीमा रहेको गाडी ०६० मंसिर १२ गते माओवादीले विद्युतीय धरापमा पार्दा ओखलढुंगा जिल्ला माम्खा गाविस-६ का ३२ वर्षीय बाबुराम कार्की, चितवन जिल्ला चैनपुर गाविस-८ का ३१ वर्षीय नन्दबहादुर आले, महोत्तरी जिल्ला सुगा गाविस-६

का ३३ वर्षीय ललितकिशोर रायसहित तीन जना प्रहरी हवल्दारहरु घाइते भए। तीमध्ये बाबुरामले एउटा खुट्टा नै गुमाए।

छिन्नमस्ता सशस्त्र प्रहरी गण बर्दिबासबाट जलेश्वरतर्फ जाँदै गरेको सशस्त्र प्रहरीको गाडी ०६० मंसिर १८ गते औरही गाविस-७ स्थित सडकमा माओवादीले विद्युतीय धरापमा पार्दा सई शालिग्राम दवाडी, प्रहरी जवानहरु पूर्णबहादुर विक, आलेबहादुर पुन र रोशनबहादुर गुरुङ घाइते भए।

जेल र बन्दीहरू

"ख" श्रेणीको जलेश्वर जेलको क्षमता १ सय ३५ जनाको रहे पनि हाल १ सय ९६ जना बन्दी छन्। जसमा कैद तोकिएका ९० जना, नतोकिएका १ सय ६ र आश्रित बालक ४ जना छन्। बन्दीहरुमध्ये १ सय ८४ पुरुष र १२ महिला रहेका छन्। जेलको अवस्था हाल जीर्ण छ। जेल प्रशासन कार्यालय भवनमा समेत वर्षाको समयमा पानी चुहिन्छ। जेलमा शौचालय, पत्रपत्रिका, रेडियो, टीभीको राम्रो व्यवस्था छ।

बेपत्ता / अपहरण

राज्यबाट

सरपल्लो गाविस-६ का २५ वर्षीय मनोज साहलाई माओवादीको आरोपमा ०६० कार्तिक २१ गते भारत बिहारको कन्मा बजारमा भारतीय सुरक्षाकर्मीले गिरफ्तार गरी संयुक्त सुरक्षा समितिलाई बुझाएकोमा हाल बेपत्ता पारिएको छ।

रघुनाथपुर गाविस-६ का ६५ वर्षीय रामचलित्तर यादव, ५५ वर्षीय रामदेव यादव, ३० वर्षीय सिहेश्वर यादव, २५ वर्षीय भाग्यनारायण यादव, ३५ वर्षीय राजी मण्डल र २५ वर्षीय विन्देश्वर यादवलाई माओवादीको आरोपमा ०६० कार्तिक २१ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

नैन्ही गाविस-८ का विस्फोट भनिने २७ वर्षीय सुरेन्द्र मण्डललाई माओवादीको आरोपमा ०६० मंसिर १८ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

माओवादीबाट

सुन्दरपुर गाविस-४ का ४२ वर्षीय कारी यादव र लक्ष्मीनिया गाविस-६ का ३५ वर्षीय निर्मल मोक्तानलाई ०५९ फागुन १० गते लक्ष्मीनियाको जंगलबाट माओवादीले अपहरण गरे। पीडितलाई फागुन १७ गते तारिख दिई मुक्त गरे।

हाथिलेट गाविस-३ का साना किसान टोलका २५ वर्षीय पुरे जर्घामगरलाई माओवादीको नाममा चोरी तथा ठगी गरेको आरोपमा ०५९ फागुन १२ गते माओवादीले घरबाट अपहरण गरी बेपत्ता पारे।

भरतपुर गाविस-९ का ५० वर्षीय गोकुल सिंह कुशवाह र उनका भाई ४५ वर्षीय नारायणसिंहलाई बन्दुक देखाई तर्साएको आरोपमा ०६० वैशाख २१ गते माओवादीले अपहरण गरे। पीडितलाई बन्दुक खोसी १० हजार रुपैयाँ चन्दा दिने शर्तमा वैशाख २३ गते मुक्त गरे।

सरपल्लो गाविस-४ का ४० वर्षीय रामएकवाल ठाकुर र उनका छोरा २५ वर्षीय श्याम ठाकुरलाई

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित		
	अन्यबाट				माओवादीबाट						
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	जम्मा
हत्या	१६	१२	५	१७	५	१६		१६	२	९	९
घाइते	३	४	२	६	४	९	१	१०			
गिरफ्तारी/यातना									२९	४१	४१
बेपत्ता									४	८	८
धम्की					१	४		४			
भेला/संगठित हुने अधिकार									२	६	६
महिलाअधिकार	२७		३१	३१							
बालअधिकार	७	९	४	१३							
अमानवीय व्यवहार	२	२	१	३							
अपहरण	२	१	१	२	१४	२०		२०			
जम्मा	५७	२८	४४	७२	२४	४९	१	५०	३७	६४	६४

जनअदालतमा उजुरी परेको भनी ०६० वैशाख २२ गते घरैबाट माओवादीले अपहरण गरे। पीडितलाई ०६० वैशाख २४ गते औरही गाविसबाट मुक्त गरे।

धीरापुर गाविस-५ का २२ वर्षीय सिकिन्दर रायलाई ०६० साउन ४ गते माओवादीले अपहरण गरी साउन ११ गते मुक्त गरे।

लक्ष्मीनिया गाविस-९ का ४० वर्षीय जगरनाथ महतोलाई ०६० साउन २१ गते माओवादीले अपहरण गरी साउन २४ गते मुक्त गरे।

निगौल गाविस-२ का ४० वर्षीय रामसागर मण्डललाई ०६० साउन २६ गते माओवादीले अपहरण गरी कुटपिट गरे। पीडितलाई ४ दिनपछि मुक्त गरे।

गौशाला गाविस-९ का ६५ वर्षीय रामलखन महतोलाई गाउँलेहरुलाई दुःख दिएको आरोपमा ०६० साउन २६ गते माओवादीले अपहरण गरी भदौ १ गते मुक्त गरे।

सोनमा गाविस-५ का २८ वर्षीय विनोद यादवलाई ०६० असोज १७ गते माओवादीले अपहरण गरी बेपत्ता पारे।

इटहर्वाकट्टी गाविस-४ का २९ वर्षीय सञ्जयकुमार सिंह र ३२ वर्षीय केशरीनन्दन सिंहलाई ०६० असोज १७ गते माओवादीले अपहरण गरी कुटपिट गरे। पीडित माओवादीको कब्जाबाट कार्तिक १८ गते भागे।

खुट्टापिपराढी गाविस-३ का पूर्व गृहराज्यमन्त्री तथा नेकाँका जिल्ला समिति सदस्य ५२ वर्षीय महेन्द्र यादवलाई ०६० असोज २३ गते माओवादीले घरबाटै अपहरण गरी कार्तिक ३ गते मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

माओवादीका एरिया नं. ४ का कमाण्डर केशरले ०६० भदौ २४ गते एक प्रेस विज्ञप्ति जारी गरी एमाले जिल्ला कमिटी पूर्व सचिव महेश्वर राय, नैन्ही गाविसका पूर्व गाविस अध्यक्ष तथा एमाले कार्यकर्ता ४१ वर्षीय विशेश्वर महतो, जलेश्वर नपा-२ का विजय चौधरी, कोल्हुसा बगैया गाविसका ४५ वर्षीय विजय पाण्डे, बथनाहा गाविसका लालबाबु साह, अनाकर गाविसका मोहन सिंह, डाम्हीमैड गाविसका विनोदानन्द झा, सोही ठाउँका दिलिप चौधरी, कोल्हुसा बगैया गाविसका विरुजु महतो र जिल्ला प्रहरी कार्यालयका असई शम्भु मिश्रलाई ज्यानमार्ने धम्की दिए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

पाँच राजनीतिक दलको आन्दोलनका क्रममा ०६० वैशाख ७ गते जलेश्वरमा विघटित जिल्ला विकास समितिको परिषद् भेला गर्न आयोजना गरिएको जुलुसमाथि प्रहरीले लाठिचार्ज गर्दा एमाले जिल्ला कमिटी उपसचिव सुरेश सिंह र नेकाँका नेता तथा निवर्तमान सांसद रामचन्द्र तिवारी घाइते भए।

पाँच राजनीतिक दलले प्रतिगमनको विरोधमा आयोजना गरेको मसाल जुलुसमाथि ०६० असार १६ गते प्रहरीले लाठिचार्ज गर्दा एमाले जिल्ला कमिटी सदस्य इलियास अन्सारी, रामप्रयास मण्डल, महमुद अन्सारी र नेसपा (आनन्दीदेवी) का राजेश झा घाइते भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका दुनियावादी देवानी १ हजार १ सयमा ४ सय ६ मुद्दा फर्स्यौट भई ६ सय ९४ बाँकी रहे। यस वर्ष दर्ता भएका दुनियावादी देवानी ५ सय ४८ मा ६५ फर्स्यौट भई ४ सय ८३ बाँकी रहे। यस जिल्ला अदालतमा १ हजार १ सय ७७ दुनियावादी देवानी मुद्दा चालु अवस्थामा छन्। यहाँ सरकारी देवानी मुद्दा छैन। फौज्दारी मुद्दातर्फ अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका दुनियावादी फौज्दारी ३ सय ६७ मा ६० फर्स्यौट भई २ सय ७ बाँकी रहे। यस वर्ष दर्ता भएका दुनियावादी फौज्दारी १ सय १७ मा ११ वटा फर्स्यौट भई १ सय ६ बाँकी रहे। जिल्ला अदालतमा दुनियावादी फौज्दारी ३ सय १३ बाँकी रहेका छन्। सरकारवादी फौज्दारीतर्फ जिम्मेवारी सरेर आएका ७६ मुद्दामा १७ फर्स्यौट भई ५६ बाँकी रहे भने यस वर्ष दर्ता भएका सरकारी फौज्दारी १४ मा १४ वटा नै बाँकी रहे। यस जिल्ला अदालतमा दुई वर्ष नाघेका साधारण देवानी १ सय १ र साधारण फौज्दारी २६ वटा बाँकी छन्। सरकारी फौज्दारी मुद्दा ११ वटा बाँकी छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा २ हजार ४ सय १७ जेष्ठ नागरिक तथा ४ हजार ९ सय १६ विधवाले सरकारले तोकेको रकम कार्तिक महिनासम्मको वितरण गरिसकिएको छ। जिल्लाका दुई गाविसका जेष्ठ नागरिक तथा विधवाले गत आठ महिनादेखि उक्त रकम पाउन सकेका छैनन्। जिविसको प्रलेख अनुसार महोत्तरी गाविसमा २८ जेष्ठ नागरिक र ३९ विधवा छन् भने सरपल्लोमा १३ जेष्ठ नागरिक र ३७ विधवा रहेका छन्।

विस्थापित

लक्ष्मीनिया गाविस-९ का नेकाँका कार्यकर्ता ५५ वर्षीय जितेन्द्र महतोलाई माओवादीले ज्यानमार्ने धम्की दिएपछि ०६० भदौ २७ गतेदेखि विस्थापित भई भारत गए।

औरही गाविस-५ का पूर्व गाविस अध्यक्ष तथा नेकाँका कार्यकर्ता २९ वर्षीय नागेन्द्र यादव ०६० असोज २० गतेदेखि माओवादीको डर-त्रासका कारण विस्थापित भई सदरमुकाममा बसेका छन्।

एकडाँडाबेला गाविस-२ का ७० वर्षीय मुनिलाल साह र उनकी पत्नी माओवादीले भकारीमा आगो लगाई घर जग्गा कब्जा गरेको सूचना टाँसेपछि ०६० मंसिर २५ गतेदेखि विस्थापित भई जनकपुरमा बसेका छन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

जलेश्वर नपा-१३ धवौली टोलका ३५ वर्षीय रामलखन साहलाई ०५९ माघ १४ गते भारततर्फबाट आउँदै गर्दा नेपालको सिमा जलेश्वर भन्सार कार्यालयका पियनले कुटपिट गरी राजश्व गस्तीका शाही नेपाली सेनालाई जिम्मा लगाए। पीडितलाई सेनाले बुट र लाठीले कुटपिट गरी ०५९ माघ १५ गते रिहा गरे।

वेलगाछी गाविस-७ का २९ वर्षीय चन्द्रबहादुर लामिछाने, ३२ वर्षीय पदमबहादुर रिखाम, ३१ वर्षीय दलबहादुर रिखाम, ३५ वर्षीय रणबहादुर लामिछाने र ४० वर्षीय बुद्धवीर लुम्रेलाई ०५९ चैत १९ गते जंगलमा दाउरा लिन जाँदा वन रक्षकले गिरफ्तार गरे। पीडितहरुलाई २४ दिनसम्म विनाज्याला पोखरी खनाई सोही अवधिमा खाना खाएवापत आठ दिन बढी थुनामा राखिएको पीडितहरुले बताए।

रामनगर गाविस-२ का ३२ वर्षीय ज्ञानेश्वर महतोलाई माओवादीको आशंकामा ०६० असार १९ गते सुरक्षाकर्मीले गिरफ्तार गरी असार २७ गते रिहा गरे।

माइस्थान गाविस-८ का १८ वर्षीय गंगाबहादुर आले र सोही ठाउँका २१ वर्षीय बालकुमार आलेलाई माओवादीको आरोपमा ०६० भदौ २९ गते बर्दिबास बजारमा किनमेल गर्न आउँदा छिन्नमस्ता सशस्त्र प्रहरी गणका प्रहरीले गिरफ्तार गरे। पीडितलाई असोज १८ गते रिहा गरियो।

लक्ष्मीनिया गाविस-७ का ३० वर्षीय जगदिश महतोलाई माओवादीको आरोपमा ०६० असोज २८ गते संयुक्त सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितलाई नजरबन्दमा राखिएको छ।

लक्ष्मीनिया गाविस-४ का २९ वर्षीय चन्देश्वर महतोलाई ०६० असोज २८ गते र फुल्काहा गाविस-३ का २८ वर्षीय राम निवासी ठाकुरलाई माओवादीको आरोपमा ०६० कार्तिक १९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुलाई हाल थुनामा राखिएको छ।

सम्सी गाविस-४ का ३५ वर्षीय शेप हनानलाई माओवादी आरोपमा ०६० कार्तिक ६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई सुरक्षाकर्मीले बेपत्ता पारेको र माओवादीले मृत्यु भइसकेको सूचना दिएकाले परिवारले काजक्रिया समेत गरेका थिए। पीडित ०६० मंसिर ७ गते नजरबन्दको पूर्जी पाई जलेश्वर जेलमा लगिएपछि सार्वजनिक भए।

डाम्ही गाविस-५ का २६ वर्षीय संजिवनीकुमार साह र सोही ठाउँका २३ वर्षीय परमान्द साहलाई माओवादीको आरोपमा ०६० कार्तिक ६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुलाई कार्तिक २१ गते रिहा गरियो।

फुल्काहा गाविस-१ का एमाले गाउँ कमिटीका सचिव ४३ वर्षीय किशोरी राय यादवलाई माओवादीको आशंकामा ०६० कार्तिक २१ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हिरासतमा यातना दिइएका कारण मानसिक सन्तुलन गुमाएका छन्। पीडितलाई हाल थुनामा राखिएको छ।

फुल्काहा गाविस-५ का ३५ वर्षीय विजय यादवलाई ०६० मंसिर २३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी कुटपिट गरेर यातना दिई मंसिर २४ गते रिहा गरे।

नैन्ही गाविस-८ का ४५ वर्षीय शरण मण्डललाई ०६० कार्तिक २१ गते, सोही ठाउँका ३५ वर्षीय इन्दल मण्डल र २५ वर्षीय नन्दलाल साहलाई ०६० कार्तिक २४ गते, सोही गाविस-७ का ४५ वर्षीय रामतपेश्वर ठाकुर र उनकै छोरा २५ वर्षीय रोशन ठाकुरलाई ०६० कार्तिक २३ गते, गौशाला गाविस-४ का ५१ वर्षीय श्यामसुन्दर कुशवाहालाई ०६० मंसिर ८ गते, हलखोरी गाविस-५ का ३० वर्षीय नागेन्द्र यादवलाई ०६० मंसिर २७ गते र नैन्ही गाविस-७ का २८ वर्षीय सुरेन्द्र मण्डललाई माओवादीको आरोपमा ०६० मंसिर १८ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुमध्ये नन्दलाल साह, रामतपेश्वर ठाकुर, रोशन ठाकुरलाई रिहा गरियो भने अन्यलाई थुनामा राखिएको छ।

सिंग्याही गाविस-३ का ३५ वर्षीय फेकन ठाकुरलाई ०६० मंसिर १६ गते, औरही गाविस-१ का ४८ वर्षीय छविलाल यादव, ४५ वर्षीय रामश्रय यादव र २२ वर्षीय सुनिल यादवलाई ०६० मंसिर ५ गते, सोही गाविस-३ का ३७ वर्षीय रामसेवक साह सोनार र ५० वर्षीय चन्देश्वर चौधरीलाई ०६० मंसिर ७ गते, धनुषा जिल्ला झटियाही गाविस-५ का रामवली मण्डललाई ०६० मंसिर १३ गते सिमरदही गाविस-३ बाट, खयरमारा

गाविस-२ का नेपाल समाचारपत्र दैनिकका हकर ३८ वर्षीय भरतमणि आचार्यलाई ०६० मंसिर १४ गते, फुल्काहा गाविस-२ का २५ वर्षीय हेमन राय, ३० वर्षीय विनोद साहलाई ०६० मंसिर १२ गते गौशाला गाविस-२ बाट, सिंग्याही गाविस-२ का ४५ वर्षीय श्रीया कापरलाई ०६० कार्तिक २४ गते, हतिसर्वा गाविस-९ का ३० वर्षीय शैलेन्द्र रायलाई ०६० मंसिर १८ गते, धिरापुर गाविस-५ का २५ वर्षीय रामदयाल यादवलाई ०६० मंसिर २७ गते र माईस्थान गाविस-८ का २७ वर्षीय हरि महतलाई माओवादीको आरोपमा ०६० पुस १ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुमध्ये फेकनलाई मंसिर १६ गते, छविलाल, सुनिल, रामसेवक, चन्देश्वर, भरतमणि र श्रीयालाई मंसिर २१ गते, रामवलीलाई मंसिर १९ गते, हेमन र विनोदलाई मंसिर १२ गते, शैलेन्द्रलाई मंसिर २७ गते, रामदयाललाई पुस ३ गते र हरिलाई पुस १० गते रिहा गरियो।

बालअधिकार

सरपल्लो गाविस-१ का रामनारायण महतो र सोही ठाउँका १८ वर्षीय रामदरेश महतोबीच जमिनको सीमा विषयमा ०५९ पुस १७ गते झगडा हुँदा रामदरेशले हिर्काएको लाठी ३ वर्षीय बालक लिकन्द्र महतोको आँखामा लाग्दा आँखा फुट्यो। सोही घटनाका सम्बन्धमा जिल्ला अदालतमा अंगभंगसम्बन्धी मुद्दा चलिरहेको छ।

लक्ष्मीनिया गाविस-४ की १४ वर्षीय एक बालिकालाई ०५९ माघ ११ गते गौशाला गाविस-२ का २५ वर्षीय उमेशकुमार गुप्ताले दाउरा लिन जंगलतर्फ जाँदा बाटोमा घेरा हाली बलात्कार गरे। पीडकविरुद्ध अदालतमा मुद्दा चलिरहेको छ भने पीडकलाई प्रहरीले गिरफ्तार गरी थुनामा राखेको छ।

बेलाएकडाँडा गाविस-६ की ११ वर्षीय मिना कुमारी र सुगाभवानीपट्टी गाविसका १३ वर्षीय मोहन महतोबीच ०५९ माघ २२ गते विवाह भयो।

सुगाभवानीपट्टी गाविस-६ का १३ वर्षीय सन्तोष महतो र बेलाएकडाँडा गाविस-६ की ११ वर्षीय शिला कुमारीको ०५९ माघ २६ गते विवाह भयो।

बर्दिबास गाविस-७ का १२ वर्षीय मिलन मोक्तान र उनकै भाइ ९ वर्षीय जीवन मोक्तानलाई ०५९ फागुन १९ गते खाना खान आएका सोही ठाउँका ३५ वर्षीय निर्मल मोक्तानले पानीमा नशालु पदार्थ मिसाएर ख्वाए। विरामी बालकद्वयलाई जनकपुर अञ्चल अस्पतालमा उपचार गरियो।

सिमरदही गाविस-९ का १२ वर्षीय मो. अहमद राइन, १३ वर्षीय मो. अतावुल, १२ वर्षीय मो. इस्माइल राइन, ११ वर्षीय मो. नसरुद्दिन र १० वर्षीय मञ्जुल कवारीलाई ०६० वैशाख ७ गते सितारा जड्ने काम लगाई श्रम शोषण गर्न भारततर्फ लाँदै गर्दा सीमा प्रहरी भिट्टामोरका सई शेष सरुपजुलले उद्दार गरे। बालकहरुलाई जिल्ला प्रहरी कार्यालयले अभिभावकको जिम्मा लगायो।

धनुषा जिल्ला वलहासमरा गाविस-६ घर भई भ्रमरपुरा गाविस-५ मामा घर आएका ११ वर्षीय बालक ज्याउल हकलाई आँप चोरेको आरोपमा ०६० वैशाख १० गते बगैंचा मालिक भ्रमरपुरा गाविस-५ का ४० वर्षीय विपिन शर्माले कान समाई पोखरीमा डुबाउँदा मृत्यु भयो।

खयरमारा गाविस-४ का ५० वर्षीय दलराज लामा र उनका छोरा २० वर्षीय मुकुन्द लामाले सिन्धुली जिल्ला कमलामाई नपा-४ की १५ वर्षीय तिउरी घिसिङ्ग भन्ने बालिकालाई ०६० जेठ १९ गते ललाई-फकाई बेपत्ता पारे।

पर्सा पतैली गाविस-२ का ११ वर्षीय बालक राजेश चौधरीलाई ०६० कार्तिक २१ गते सोही ठाउँका आफ्नै काका ४१ वर्षीय विमलेश चौधरी र सुभद्रा चौधरीले राजेशका परिवारसँगको जमिनको सीमा विवादका कारण घाँटी रेटी घाइते पारे। पीडितको धरानमा उपचार गर्दागर्दै मृत्यु भयो।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दुर्व्यवहार

कोल्हुवाबगेया गाविस-४ का २८ वर्षीय दीपेन्द्र रायले बहिनी देखाई झुक्याएर दिदीसँग विवाह गराएको आरोपमा ०५९ माघ १६ गते आफ्नै पत्नी २५ वर्षीय इन्दु ठाकुरलाई कुटपिट गरी घरबाट निकाले।

बेलगाछी गाविस-१ का ६९ वर्षीय कृष्णबहादुर श्रेष्ठले सन्तान नजन्माएको भनी ०५९ माघ १९ गते आफ्नै पत्नी ४२ वर्षीय कलावती देवीलाई कुटपिट गरी घरबाट निकाले। पीडितले पीडक उपर अदालतमा अंश मुद्दा दिएकी छिन्।

खोपी गाविस-१ गोठ बनौली टोलकी २० वर्षीय दुलारीदेवी मण्डललाई ०५९ फागुन ३ गते राति पति घरमा नभएको मौका पारी सोही ठाउँका २५ वर्षीय जगदीश मण्डलले बलात्कार गरे। पीडक फरार रहेका छन् भने जिल्ला अदालतमा मुद्दा चलिरहेको छ।

भ्रमरपुर गाविस-९ की १८ वर्षीय शिला देवीलाई खराब चरित्र भएको आरोपमा ०५९ फागुन १० गते आफ्नै पति २२ वर्षीय कैलाश रायले कुटपिट गरी घरबाट निकाले। पीडितले जिल्ला प्रशासन कार्यालयमा उजुरी दिएकी छिन्।

बनौटा गाविस-२ की १९ वर्षीय हेमादेवी साहलाई दाइजो कम ल्याएको आरोपमा ०५९ फागुन २५ गते आफ्नै पति २५ वर्षीय राधेश्याम साहले कुटपिट गरी घरबाट निकाले। पीडितले जिल्ला प्रशासन कार्यालयमा

उजुरी दिएकी छिन्।

अन्कार गाविस-४ का ३६ वर्षीय रामकृपाल महतोले ०५९ चैत २ गते दोस्रो विवाह गर्ने कारण देखाई आफ्नै पत्नी ३२ वर्षीय रेवनी देवीलाई कुटपिट गरी घरबाट निकाले। पीडितले प्रहरीमा उजुरी दिएकी छिन्।

अन्कार गाविस-४ बेलाटोलकी ३५ वर्षीय शिवदुलारी देवीलाई ०५९ चैत १३ गते आफ्नै पति ३८ वर्षीय वृजकिशोर सहनीले, सिमरदही गाविस-५ की २८ वर्षीय मुनैमा खातुनलाई ०५९ चैत २५ गते आफ्नै पति ३२ वर्षीय इजराइल खाँले र जलेश्वर नपा-१ की ३२ वर्षीय सुनीतादेवी मण्डललाई ०६० वैशाख २० गते आफ्नै पति ३५ वर्षीय वीरेन्द्रकुमार मण्डलले कुटपिट गरे। पीडितहरुको उजुरीपछि प्रहरीले मिलापत्र गराए।

बसविट्टी गाविस-१ की २२ वर्षीय रेणु ठाकुरलाई दाइजो कम ल्याएको आरोपमा ०६० वैशाख ४ गते आफ्नै ससुरा विन्देश्वर ठाकुर र पति २७ वर्षीय उपेन्द्र ठाकुरले विष सेवन गराई हत्या गरे। पीडक फरार रहेका छन् भने जिल्ला अदालतमा मुद्दा चलिरहेको छ।

काठमाडौं जिल्ला बालाजुकी २० वर्षीय सरोज श्रेष्ठलाई भारत छत्तीसगढ जिल्ला रायपुर-५४ का ४३ वर्षीय रंजित धुम्वन र सोही ठाउँ-८० का २८ वर्षीय ब्रजेश कुमारले जागिर लगाइदिने प्रलोभन देखाई भारततर्फ लैजादै गर्दा ०६० वैशाख ६ गते सीमा प्रहरी कार्यालय भिठ्ठामोडले उद्दार गऱ्या। पीडक र पीडित दुवैलाई जिल्ला प्रहरी कार्यालय, हनुमानढोका काठमाडौंमा बुझाइयो।

सिमरदही गाविस-३ की १६ वर्षीय एक युवतीलाई ०६० वैशाख १६ गते घाँस काट्न खेतमा गएको अवस्थामा सोही गाविस-२ का १७ वर्षीय मनोज महतोले बलात्कार गरे। पीडक र पीडितबीच गाउँमै मिलापत्र गराइयो।

फुलहट्टा प्रकौली गाविस-४ की २२ वर्षीय सरीता देवीलाई ०६० वैशाख २८ गते आफ्नै पति २५ वर्षीय श्यामसुन्दर कापरले कुटपिट गरी घरबाट निकाले। पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि पति सशस्त्र प्रहरी भएको र ससुरा सरकारी वकिलको कार्यालयको कर्मचारी भएकाले प्रहरीले उजुरी लिएनन्।

जलेश्वर नपा-१ की ४५ वर्षीय लक्ष्मीदेवी श्रेष्ठलाई ०६० जेठदेखि आफ्नै पति ४८ वर्षीय शंकर श्रेष्ठले दोस्रो विवाह गरी अंश तथा खानलाउन दिएनन्। पीडितले जाहेरी दर्ता गरेकी छिन्।

सुन्दरपुर गाविस-५ की २५ वर्षीय रनीया देवीलाई सन्तान नजन्माएको आरोपमा ०६० असार १४ गते आफ्नै पति ३१ वर्षीय कैलाश यादवले विष सेवन गराई हत्या गरे। पीडक फरार छन् भने जिल्ला अदालतमा मुद्दा विचाराधीन छ।

हाथिलेट गाविस-३ की ७ वर्षीय एक बालिकालाई ०६० साउन १७ गते प्रहरी चौकी, हाथिलेटका प्रहरी जवान २८ वर्षीय खड्गबहादुर कटुवालले बलात्कार गर्ने प्रयास गरे। पीडकलाई कुनै कारवाही गरिएन।

मेघनाथ गोरहन्ना गाविस-२ की १८ वर्षीय उषा दनुवारलाई सोही ठाउँका २६ वर्षीय राजेशकुमार सिंहले गर्भधारण गराई अस्वीकार गर्दा गाउँलेले घरमा जबरजस्ती जिम्मा लगाएकोमा प्रसव पीडामा समेत वास्ता नगरेकाले ०६० साउन १० गते गर्भपतन भयो।

नैन्ही गाविस-८ थकयाहीटोलकी ३८ वर्षीय सुकुमरियादेवी मण्डललाई मन्त्रद्वारा सर्प बनाई टोकाएको भनी बोक्सीको आरोपमा ०६० साउन १२ गते सोही ठाउँका ४२ वर्षीय शरण मण्डल, ३८ वर्षीय भुल्लीदेवी मण्डल र १८ वर्षीय मिथिलेश मण्डलले कुटपिट गरे।

माइस्थान गाविस-३ की ललीता रानालाई बोक्सीको आरोपमा ०६० साउन १७ गते सोही ठाउँका ४५ वर्षीय मकरध्वज राना, ३८ वर्षीय इन्द्रमाया राना, १७ वर्षीय आशा राना, २० वर्षीय ज्योति राना र २४ वर्षीय अन्जु रानाले मानव मलमूत्र खुवाए। पीडकहरुलाई धरौटीमा तारिखमा रिहा गरियो।

फुलहट्टा प्रकौली गाविस-४ की विधवा ६५ वर्षीय देवकलादेवी कापरलाई ०६० असोज १५ गते छोरा घरमा नभएको अवस्थामा बुहारी ४५ वर्षीय जानकी देवीले खानलाउन नदिई कुटपिट गरिन्।

सुन्दरपुर गाविस-१ की ४७ वर्षीय रामकलिया देवीलाई ०६० असोज १७ गते सोही ठाउँका ३६ वर्षीय हरिनारायण साह, ३४ वर्षीय लक्ष्मण साह, ३१ वर्षीय वीरेन्द्र साह र २९ वर्षीय उपेन्द्र साहले लछार-पछार गर्दै धामीले दिएको विषाक्त प्रसादी ख्वाई बोक्सी ठहऱ्याएर कपाल काटेर बेइज्जती गरे। पीडकविरुद्ध जिल्ला प्रशासन कार्यालयमा मुद्दा चलिरहेको छ।

जलेश्वर नपा-११ की २८ वर्षीय रिनादेवी तिवारीलाई ०६० कार्तिक २१ गते र रघुनाथपुर गाविस-२ की २७ वर्षीय प्रमिलादेवीलाई ०६० मंसिर ६ गते आफ्नै पतिले कुटपिट गरे।

धमौरा गाविस-१ की ६० वर्षीय लफ्की खातुन, ३० वर्षीय नसिमा खातुन, ४० वर्षीय सुलेमा खातुन र ४० वर्षीय हमिदा खातुनलाई ०६० कार्तिक २५ गते सोही ठाउँका ४५ वर्षीय रजाक कवारी, ४२ वर्षीय ओली कवारी, ३५ वर्षीय उसमान कवारी र ३८ वर्षीय अलीमान कवारीले धामी ल्याई विषाक्त प्रसादी ख्वाई बेहोस बनाएर बोक्सी भएको आरोप लगाई ४५ हजार रुपैयाँ जरिवाना तिराए। पीडितले जिल्ला प्रशासन कार्यालयमा उजुरी दिएका छन्।

बदियाबन्चौरी गाविस-४ की ४१ वर्षीय सत्यादेवी सहनी र ४५ वर्षीय बनारसीदेवी सहनीलाई ०६० कार्तिक २९ गते सोही ठाउँका ३२ वर्षीय वृजलाल सहनी, ४२ वर्षीय रामपृत सहनी र ४३ वर्षीय सिकील सहनीले भारत बिहारको दरभंगाबाट कालेभक्ता भन्ने धामी ल्याई टोलका १३ घरका ३५ जना महिलालाई सामूहिक बेइज्जतिका साथ प्रसादी ख्वाए। पीडित सत्यादेवी र बनारसीदेवी धामीको प्रसादी खाई तत्काल बेहोस हुँदा कपाल काटी बोक्सीको आरोप लगाए। पीडित आफैं पीडकका डर-धाकका कारण उपस्थित हुन नसक्दा इन्स्पेक्टर रुपकुमार न्यौपाने र मानवअधिकार वर्ष पुस्तक जिल्ला प्रतिनिधि ईश्वरी काफ्लेको संयुक्त जाहेरीबाट सार्वजनिक अपराध मुद्दा दर्ता गरिएको थियो। पीडकलाई जिल्ला प्रशासन कार्यालयले जनही ११ हजार रुपैयाँ धरौटी राखी तारिखमा रिहा गऱ्यो।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूत समेत

बर्दिबास गाविस-७ का २० वर्षीय उमेश श्रेष्ठलाई एक छिमेकी महिलालाई कुटपिट गरेको आरोपमा ०६० वैशाख ७ गते गाउँले महिलाहरुले भेला भई जुत्ताको माला र अनुहारमा मोसो दली बर्दिबास चोक घुमाए।

महोत्तरी गाविस-९ की ३२ वर्षीय बसहिया वाली भन्ने रामदुलारी पासवान र सोही ठाउँका ३९ वर्षीय रामपदार्थ पाण्डेलाई अवैध शारीरिक सम्बन्ध राख्दै आएको आरोपमा ०६० असार १६ गते सोही ठाउँका एक समूहले चारपाटा मुडी मोसो दली गाउँ घुमाए।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

माओवादीले ०६० भदौ २४ गते एक वक्तव्य जारी गरी जिल्लाका विभिन्न राजनीतिक दलका १० व्यक्तिलाई भौतिक कारवाही गरिने धम्की दिएको कुरा सञ्चार माध्यममा प्रकाशित भएपछि भदौ २६ गते नेकपा (एमाले) महोत्तरी जिल्ला कमिटी तथा २७ गते नेकाँ जिल्ला कार्य समितिले छुट्टाछुट्टै प्रेस विज्ञप्ति जारी गरी माओवादी वक्तव्यप्रति कडा विरोध जनाए।

संरचना क्षति

यस वर्ष माओवादीले विभिन्न मितिमा १५ वटा गाविस भवन, एक खाली प्रहरी चौकीमा बम विस्फोट तथा आगजनी गरी क्षति पुऱ्याए। क्षति पुऱ्याइएका गाविस भवनहरुमा बलवा, भंगाहा, अंकार, नैन्ही, धिरापुर, फुलहट्टा प्रकौली, कोल्हुवा बगेया, बदियाबन्चौरी, लक्ष्मीनियाँ, बनौटा, भटौलीया, सहोडवा, भरतपुर, गोनरपुरा र बेल्वा एकडाँडा तथा हातिलेट प्रहरी चौकी थियो।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष विष सेवन गरी १२, झुण्डिएर र आगो लगाई १/१ जनाले आत्महत्या गरे भने भवितव्यमा परी १९ जनाको मृत्यु भएकोमा १३ जना १० वर्ष मुनिका बालबालिका थिए।

२.३ सर्लाही

जनसंख्या :६४१७७२
साक्षरता प्रतिशत :७४.४६
महिला साक्षरता प्रतिशत :२१.४३
क्षेत्रफल (वर्ग कि.मी.) :१२५९
गाविस/नपा संख्या :९९/१
निर्वाचन क्षेत्र :५
विद्यालय :३१८
क्याम्पस/उच्च मावि :३/६
अस्पताल/स्वास्थ्य चौकी : १/१०३
टेलिफोन लाइन :१२४३
मोटर सडक (कि.मी.) :२०५
प्रहरी कार्यालय संख्या :६
हुलाक संख्या :८९
मानव विकास सूचकांक :०.२९५
प्रति एक डाक्टर जनसंख्या :६९४३८
प्रति परिवार सरदर संख्या :५.६८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

धनुषा जिल्ला जितकैया गाविसका २८ वर्षीय शिवजी पासवानलाई डकैती गरेको आरोपमा ०६० जेठ १२ गते प्रहरीले गोली हानी हत्या गरे।

हरिऔन गाविस-२ का माओवादी कार्यकर्ता शितल भनिने २२ वर्षीय पुष्कर शिवाकोटी र विक्रम भनिने कृष्णचन्द्र सरकारलाई ०६० भदौ १३ गते नारायणखोला गाविसस्थित माइस्थानबाट सुरक्षाकर्मीले गिरफ्तार गरी नारायणडाँडामा लगी गोली हानी हत्या गरे।

महोत्तरी जिल्ला खैरमारा गाविस-२ की २१ वर्षीय संरचना भनिने सरला देवकोटा, माईस्थान गाविस-८ का २५ वर्षीय तारा भनिने गणेश पाण्डे, किसाननगर गाविस-५ का २५ वर्षीय वेचु पौड्याल र हाथिलेट गाविस-७ की १९ वर्षीय सीमाना भनिने सुनिता तामाङलाई ०६० भदौ १५ गते विहान ११ बजे कालिन्जोर गाविस-९ पिपलदमारबाट सुरक्षाकर्मीले गिरफ्तार गरी गोली हानी हत्या गरे। पीडितहरु माओवादी कार्यकर्ता थिए।

हजरिया गाविस-३ का माओवादी कार्यकर्ता कौशल भनिने ३६ वर्षीय इन्दल सहनी, २८ वर्षीय रामपुजन सहनी र रामनारायण भनिने बेचु शाहलाई ०६० भदौ १९ गते दिउँसो हरिऔन गाविस-४ का दामोदर उप्रेतीको घरमा बसिरहेको अवस्थामा कोठाभित्र सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

छटौल गाविस-४ वैरियाका माओवादी कार्यकर्ता २९ वर्षीय परशुराम कुर्मीलाई ०६० भदौ २१ गते दिउँसो सुरक्षाकर्मीले गिरफ्तार गरी गोली हानी हत्या गरे।

सिसौटिया गाविस-८ का माओवादी कार्यकर्ता ३६ वर्षीय जिनेन्द्र मण्डललाई ०६० भदौ २५ गते दिउँसो सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

सुदामा गाविसका सिताराम सिंहलाई अपहरण गरेर लैजान खोज्दा घरमा नभेटेपछि उनकै छोरा चन्दन सिंहलाई ०६० असोज ३ गते दिउँसो माओवादीले अपहरण गरेर लैजान लाग्दा स्थानीय गाउँलेहरुले प्रतिकार गर्ने क्रममा घटनास्थलमा आइपुगेका सुरक्षाकर्मीको गोलीद्वारा माओवादी कार्यकर्ता कम्प्युटर भनिने रामकैलाश महतो र अर्को एकजनाको घटनास्थलमै मृत्यु भयो।

अचलगढ गाविस-८ का एमाले कार्यकर्ता ३५ वर्षीय शंकर सहनी र सोही गाविस-५ का ३० वर्षीय रामईश्वर सहनीलाई माओवादीको आरोपमा ०६० असोज २४ गते सुदामा गाविसका केही व्यक्तिहरुले समाती रातभरि स्थानीय विद्यालयको कोठामा थुनी भोलिपल्ट बिहान सुरक्षाकर्मीलाई बुझाएकोमा सुरक्षाकर्मीले दुवैलाई बन्दुक बोक्न लगाई फोटो खिचेर उनीहरुलाई नै खन्न लगाएको खाडलमा राखी गोली हानी हत्या गरे। पीडितहरु सर्वसाधारण थिए।

पर्सा गाविस-५ का २८ वर्षीय हैदर अन्सारीलाई ०६० असोज २६ गते दिउँसो खेतमा काम गरिरहेको अवस्थामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितको लास परिवारलाई नदिई सुरक्षाकर्मी आफैले लगे।

रौतहट जिल्ला मलाही गाविस-९ का माओवादी कार्यकर्ता २५ वर्षीय शंकर सहनी, २८ वर्षीय कृष्णनन्दन सहनी, २८ वर्षीय रुपन सहनी, गेडहीगुठी गाविस-९ का ३० वर्षीय खोभारी सहनी, सोही गाविस-६ का ३० वर्षीय विगु सहनी, सोही गाविस-२ का २० वर्षीय रामरिख ठाकुर, सन्तपुर मटिऔन गाविस-६ का ५० वर्षीय सत्यनारायण यादव, मानपुर गाविस-२ का ५५ वर्षीय रामअयोध्या मुखिया, २२ वर्षीय उमेश मुखिया, सोही गाविस-१ का ४० वर्षीय रामआश्रे मुखिया, ४० वर्षीय फेकु हजरा, बरियापुर गाविस-२ का १८ वर्षीय अशोककुमार साह, सर्लाही जिल्ला सिसौटिया गाविसका रामबाबु शाह कानु र अन्य नाम नखुलेका ५ जनालाई ०६० असोज २९ गते विहान

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित				
	अन्यबाट					माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१५	१२	५	२	१९	६	८		८	१९	३९	४	३	४६
घाइते						१३	३६	२	३८	२	२			२
गिरफ्तारी/यातना										२२	३६			३६
बेपत्ता										३	४			४
कुटपिट	३	३			३	३	३		३					
महिलाअधिकार	१३		१४		१४					२		२		२
बालअधिकार	७		७		७									
अमानवीय व्यवहार	१		१		१									
अपहरण	१	१			१	६	२८	१	२९					
जम्मा	४०	१६	२७	२	४५	२८	७५	३	७८	४९	८१	६	३	९०

छटौल गाविसस्थित वैरिया बस्तीमा घरमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीले बम तथा गोली हानी हत्या गरे।

संग्रामपुर गाविस-५ का माओवादी कार्यकर्ता ३२ वर्षीय इन्दल डोमलाई ०६० कार्तिक ९ गते बिहान सुरक्षाकर्मीले गिरफ्तार गरी हरिपूर्वा गाविस-८ स्थित उखुबारीमा लगी गोली हानी हत्या गरे।

हरिपूर्वा गाविस-८ का ६५ वर्षीय खेहरु रायलाई माओवादीको आरोपमा ०६० कार्तिक ९ गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरी नजिकैको उखुबारीमा लगी गोली हानी हत्या गरे। पीडित सर्वसाधारण थिए।

शंकरपुर गाविस-३ की माओवादी कार्यकर्ता १९ वर्षीय रेखा जर्घामगर र हरिपुर गाविस-५ की २१ वर्षीय मीना चौधरीलाई ०६० कार्तिक २३ गते नारायणखोला गाविसस्थित बाटोमा हिंडिरहेको अवस्थामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

बसतपुर गाविस-७ का माओवादी कार्यकर्ता २८ वर्षीय सुरेश रायलाई ०६० मंसिर १५ गते सुरक्षाकर्मीले बाँके खोला नजिकै गोली हानी हत्या गरे।

सिन्धुली जिल्ला बालाजोर गाविस विजयपुरकी माओवादी कार्यकर्ता अर्पणा भनिने १८ वर्षीय दुर्गा रानामगरलाई ०६० मंसिर २५ गते नारायणखोला गाविसको नारायणडाँडामा घरमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

माओवादीबाट

रामनगर वोहर्वा गाविस-२ का ४१ वर्षीय शिक्षक राजकिशोर सिंहलाई मोही सम्बन्धी जग्गाको विषयलाई लिएर ०६० असार ८ गते घरबाटै माओवादीले अपहरण गरी कुटपिट गर्दै हत्या गरे।

भक्तपुर जिल्ला घर भएका असई ३५ वर्षीय मधुकर कार्की र रौतहट जिल्लाका प्रहरी हवल्दार ३० वर्षीय सुमन कोइरालालाई ०६० भदौ ९ गते दिउँसो कार्यालयको काम सकी प्रहरी कार्यालय, मधुवनगोठमा जाँदै गर्दा बाटोमा माओवादीले गोली हानी हत्या गरे।

भोजपुर जिल्ला घर भई हरकठवा प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान २८ वर्षीय नारायणप्रसाद राईलाई ०६० भदौ ९ गते आफ्नो दरवन्दी रहेको इलाका प्रहरी कार्यालय, बरहथवाबाट काजमा काम गर्न हरकठवा प्रहरी कार्यालयमा जाँदै गर्दा बाटोमा माओवादीले गोली हानी हत्या गरे।

ईश्वरपुर गाविस-२ स्थित प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवानहरु सिरहा जिल्ला गढा गाविस-७ का २५ वर्षीय देवनारायण यादव र चितवन जिल्ला अयोध्यापुरी गाविस-१ का २६ वर्षीय मेघनाथ अधिकारीलाई ०६० भदौ १८ गते दिउँसो ट्रकमा आएका माओवादीले गोली हानी हत्या गरे। सोही घटनामा परी चितवन जिल्ला भरतपुर नपा-८ का २७ वर्षीय प्रहरी जवान राजकुमार कार्की सख्त घाइते भए।

कविलासी गाविस-९ का २३ वर्षीय लालबाबु शेषलाई विभिन्न आरोप लगाउँदै ०६० कार्तिक १६ गते घर नजिकै मिलमा सुतिरहेको अवस्थामा माओवादीले समाती केही पर चौरमा लगी गोली हानी हत्या गरे।

दोहोरो भिडन्त

हरिऔन गाविस-९ स्थित पूर्व-पश्चिम महेन्द्र राजमार्गमा ०६० भदौ १५ राति माओवादी र सुरक्षाकर्मी बीच दोहोरो भिडन्त हुँदा नाम नखुलेका दुई जना माओवादी कार्यकर्ताको मृत्यु भयो।

अन्य

कर्मैया गाविस-४ की ६० वर्षीय रत्नमाया सुवेदी र ७० वर्षीय गोमामाया सिंजाली मगरलाई बोक्सीको आरोपमा ०६० पुस ९ गते बिहान सोही गाविस-४ का उत्तम भनिने ४० वर्षीय डिकबहादुर भुजेलले खुकुरी प्रहार गरी हत्या गरे। पीडकसहित उनकी पत्नी विष्णुकुमारी भुजेल, भाइहरु रामबहादुर भुजेल, सन्तबहादुर भुजेल, तिलकबहादुर भुजेल र धामी कृष्णबहादुर भुजेललाई यस वर्षको अन्त्यसम्म जिल्ला प्रहरी कार्यालयमा हिरासतमा राखिएको छ भने अन्य पीडकहरु फरार छन्।

गोली बम विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

पर्सा गाविस-८ का ५० वर्षीय पूर्व प्रहरी भिखारी भण्डारीलाई ०६० असोज २६ गते दिउँसो बाटोमा हिंडिरहेको अवस्थामा सुरक्षाकर्मीले गोली हानी घाइते बनाए। पीडितलाई उपचारार्थ भारत लगियो।



सुरक्षाकर्मीद्वारा गोली हानी हत्या गरिएका शंकर सहनी र रामईश्वर सहनी

माओवादीबाट

नेत्रगञ्ज गाविसस्थित लखनदेहीमा ०६० भदौ १० गते बिहान पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको ना १ ख ६४२१ नम्बरको ट्रक माओवादीले तोडफोड गरी चालक विष्णुप्रसाद सुवेदीलाई घाइते बनाए।

बारा जिल्ला निजगढ गाविस-९ का ३२ वर्षीय हरिकुमार श्रेष्ठलाई ०६० भदौ १५ गते ट्रक लिएर पूर्वतर्फ जाँदै गर्दा कर्मैया गाविसस्थित महेन्द्र राजमार्गमा माओवादीले बम विस्फोट गराई घाइते बनाउनुका साथै ट्रकमा समेत क्षति पुऱ्याए।

हरिऔन गाविस-६ स्थित बलटोलमा ०६० भदौ १८ गते राति माओवादीले आफैले बोकेको बम विस्फोट हुँदा एक माओवादी कार्यकर्ताको मृत्यु भयो भने ५-६ जना घाइते भए।

जिल्ला प्रहरी कार्यालयमा कार्यरत सिरहा जिल्ला घर भएका प्रहरी हवल्दार ३५ वर्षीय प्रशिक्षण महतोलाई ०६० भदौ २८ गते साँझ जिल्ला प्रशासन कार्यालयको हाताभित्र ड्युटीमा बसिरहेको अवस्थामा माओवादीले बम विस्फोट गराई घाइते बनाए।

नेत्रगञ्ज गाविस-६ की ९ वर्षीय सरस्वती भट्टराईलाई ०६० भदौ ३० गते राति घरमा सुतिरहेको अवस्थामा माओवादीले बम विस्फोट गराई घाइते बनाए। माओवादीले घर नजिकै रहेको प्रहरी कार्यालयमा आगलागी तथा बम विस्फोट गराउन लाग्दा अचानक बम विस्फोट भई सो घटना भएको थियो।

जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान २७ वर्षीय रणध्वज स्याङ्तानलाई ०६० कार्तिक २७ गते सर्च अभियानको क्रममा परवानीपुर गाविसको जंगलमा जीपमा जाँदै गर्दा माओवादीले विद्युतीय धरापमा पारी घाइते बनाए।

सलेमपुर गाविस-३ का ३८ वर्षीय रामस्वरुपी महतोलाई ०६० मंसिर ६ गते दिउँसो सोही गाविसका २५ वर्षीय माओवादी कार्यकर्ता सञ्जय चमारले गोली हानी सख्त घाइते बनाए।

सशस्त्र प्रहरीका सई शम्भु थापा र प्रहरी जवान मनोज यादवलाई ०६० मंसिर १८ गते बिहान रानीगञ्ज गाविस हुँदै परवानीपुर गाविसतर्फ पैदल गस्तीमा गइरहेको अवस्थामा माओवादीले विद्युतीय धरापमा पारी घाइते बनाए।

हरिऔन गाविस-१ स्थित बोर्डिङ टोलमा सादा पोशाकमा हिंडिरहेका शाही नेपाली सेनाका एक जवानलाई ०६० मंसिर २२ गते दिउँसो साइकलमा हिंडिरहेका माओवादीले गोली प्रहार गरी सख्त घाइते बनाए।

फरहदवा गाविस-८ स्थित सडकमा ०६० पुस २ गते बिहान इलाका प्रहरी कार्यालय, हरिपुरबाट जिल्ला प्रहरी कार्यालय, मलंगवातर्फ जाँदै गर्दा सई लोकबहादुर गुरुङ, प्रहरी हवल्दारहरु गणेश श्रेष्ठ, मनोजलाल कर्ण, गोविन्द घिमिरे, दिपकराज कुँवर, प्रहरी जवानहरु क्षेत्रबहादुर नगरकोटी, मुरारीप्रसाद खनाल, मनिकुमार, चन्द्र बोहरा र चालक उत्तम नेपालीलाई माओवादीले विद्युतीय धरापमा पारी घाइते बनाए।

हरिऔन गाविस-९ स्थित महेन्द्र राजमार्गमा ०६० पुस ३ गते दिउँसो माओवादीले थापेको विद्युतीय धरापमा परी सैनिक जवानहरु सरोज राई, डोलबहादुर घले, युवराज अधिकारी, दलबहादुर कुँवर, मोहन लिम्बु, विर्खबहादुर तामाङ, भेषराज पाखिन, प्रहरी जवानहरु अंगद चौधरी, पूर्णबहादुर तामाङ, राजकुमार सरदार र चालक शिवनारायण यादव गम्भीर घाइते भए। पीडितहरुलाई उपचारार्थ सैनिक हेलिकप्टरबाट काठमाडौं लगियो।

हरिपूर्वा गाविस-९ स्थित सडकमा माओवादीले थापेको विद्युतीय धरापमा परी ०६० पुस १६ गते दिउँसो ड्युटीमा मोटरसाइकलमा हिंडिरहेका प्रहरी जवानहरु आत्माराम कार्की, दीपेन्द्र पासवान र जयचन्द्र यादव घाइते भए। पीडितहरुलाई उपचार जिल्ला अस्पतालमा गरियो। सो घटनामा माओवादीसँग प्रतिकार गर्दा ३-४ जना माओवादी घाइते भएको प्रहरीले जनायो।

जेल र बन्दीहरु

एक सय जना बन्दी क्षमता रहेको यस जेलमा कैद नतोकिएका ६० पुरुष तथा कैद तोकिएका २५ पुरुष र ३ महिला गरी २८ जना बन्दी छन्। राजनीतिक बन्दी नभएको बताए पनि माओवादी गतिविधिमा संलग्न भएको आरोपमा १२ जना पुरुषलाई नजरबन्दमा राखिएको छ।

जेलमा पानी र चर्पीको राम्रो व्यवस्था छ। महिला र पुरुषको लागि छुट्टाछुट्टै जेल छ। जेलमा टीभी, क्यारेमबोर्ड, लुँडो आदि सामाग्रीको व्यवस्था गरिएको छ। बन्दीहरुको सामान्य उपचार स्थानीय अस्पतालमा गरिने र उपचार नहुने भएमा विभागमा जानकारी गराई जेल सरुवा गरिने व्यवस्था रहेको जेलर अनिलकुमार आचार्यले बताए।

बेपत्ता / अपहरण

राज्यबाट

माओवादी कार्यकर्ताहरु २० वर्षीय सुशान्त भनिने विज्ञान रानामगर र १९ वर्षीय गौरव भनिने दावा लामालाई ०६० कार्तिक २३ गते बसमा यात्रा गरिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी हालसम्म बेपत्ता पारिएको छ। पीडितलाई गिरफ्तार नगरेको कुरा सुरक्षाकर्मीले बताए।

माओवादी कार्यकर्ता २२ वर्षीय बिगुल भनिने बालकुमार नेपाललाई ०६० कार्तिक २६ गते बुसमा यात्रा गरिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी हालसम्म बेपत्ता पारे। पीडितलाई गिरफ्तार नगरेको कुरा सुरक्षाकर्मीले बताए।

शंकरपुर गाविस-९ का माओवादी कार्यकर्ता ३८ वर्षीय मानबहादुर लामालाई ०६० कार्तिक २४ गते पत्थरकोट गाविसबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितको अवस्था हालसम्म अज्ञात छ।

माओवादीबाट

हरिऔन गाविस-१ का २० वर्षीय नवराज बखरेललाई ०५९ माघ २२ गते दिउँसो वरहथवाबाट ट्रकमा घर फर्कंदै गर्दा माओवादीहरुले मूर्तिया जंगलबाट अपहरण गरी माघ २७ गते मुक्त गरे। आफूलाई शारीरिक तथा मानसिक यातना दिइएको पीडितले बताए।

धनुषा जिल्लामा कृषि कार्यालयमा कार्यरत ३९ वर्षीय विश्वनाथ धामीलाई चारित्रिक तथा अन्य गलत काम कारवाही गरेको आरोपमा ०५९ चैत २८ गते माओवादीले अपहरण गरी चार दिनपछि मुक्त गरे। आफूलाई शारीरिक र मानसिक यातना दिइएको पीडितले बताए।

सिसौटिया गाविस-४ का ६३ वर्षीय कृष्णकान्त झा र २७ वर्षीय राजेशकुमार झालाई चन्दा नदिएको आरोपमा ०६० वैशाख ७ गते माओवादीले घरबाटै अपहरण गरी २ दिनपछि मुक्त गरे।

प्रहरी जवानहरु शैलेन्द्रकुमार सिंह, देवीबहादुर राउत र सुभाषचन्द्र सिंहलाई ०६० साउन २५ गते दिउँसो ड्युटीमा मानपुर गाविस जाने क्रममा माओवादीले अपहरण गरी सोही दिन बेलुका मुक्त गरे।

भक्तिपुर गाविस-७ का ४० वर्षीय सन्तोष गुरुङलाई ०६० असोज २ गते दिउँसो घरबाट माओवादीले अपहरण गरी ५ दिनपछि मुक्त गरे।

कविलासी गाविस-९ का २८ वर्षीय अजय मिश्रलाई ०६० कार्तिक १३ गते घर नजिकै मिलमा सुतिरहेको अवस्थामा माओवादीले अपहरण गरे। पीडितलाई हालसम्म मुक्त गरिएको छैन।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

पिंडारी गाविस-९ का ४७ वर्षीय विष्णुनारायण चौधरीलाई सुराकीको आरोपमा ०५९ पुस १९ गते राति घरमै माओवादीले आक्रमण गरी दुवै गोडा र कुर्कुच्चा काटी सख्त घाइते बनाए। पीडितको वीरगञ्जमा उपचार गरियो।

रामनगर बोहर्वा गाविस-२ का ३८ वर्षीय रामनारायण रायलाई ०६० असार ८ गते दिउँसो माओवादीले कुटपिट गरी दुवै हात भाँचिदिए।

हरिऔन गाविस-५ का ६३ वर्षीय अमरबहादुर रायमाझीलाई ०६० असोज १० गते राति घरमा बसिरहेको अवस्थामा माओवादीले बोलाई नजिकै रहेको चौतारामा लगी धारिलो हतियार प्रयोग गरी खुट्टा काटेर बम विस्फोट गराई घाइते बनाए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा देवानी ५ सय ३० र फौज्दारी २ सय ४७ गरी कूल ७ सय ७७ वटा मुद्दा गत वर्षदेखि जिम्मेवारी सरेर आएका छन्। यस वर्ष देवानी २ सय ८८ र फौज्दारी १ सय १८ वटा मुद्दा दर्ता भएकोमा देवानी ३६ फर्स्यौट भई २ सय ५२ वटा र फौज्दारी २१ वटा फर्स्यौट भई ९७ वटा बाँकी रहे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

विस्थापित

यस जिल्लाबाट करिब ६ सय ४० पुरुष राज्य र माओवादीको द्वन्द्वका कारण विस्थापित भएका छन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

सर्लाही जेलमा विगत १५-१६ महिनादेखि माओवादीको आरोपमा जेलजीवन बिताइरहेका जयराम नेपाली, पुष्कर सिवाकोटी, सोभित घिमिरे, दिनेश तिमिल्सिना, मोतिलाल माझी, शंकर अर्याल, गणेश ठाकुर र प्रकाश मण्डललाई पुनरावेदन अदालत, जनकपुरको आदेशमा ०५९ चैत ९ गते रिहा गरिएकोमा प्रहरीले पुनः गिरफ्तार गरे।

बत्रौल गाविस-१ का ४१ वर्षीय धनुधारी यादवलाई माओवादीका लागि हतियार ओसारपसार गरेको आरोपमा ०६० साउन २० गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई भदौ २४ गतेदेखि थुनामा राखिएको छ।

मलंगवा नपा-३ का ३० वर्षीय तसलिम अन्सारीलाई ०६० भदौ २५ गते, बत्रौल गाविस-१ का १८ वर्षीय भाग्यनारायण रायलाई ०६० साउन ३० गते, सुन्दरपुर गाविस-८ का ४० वर्षीय पलधारी शेखलाई ०६० साउन ३० गते र पडरिया गाविस-५ का २४ वर्षीय नागेश्वर मण्डललाई ०६० साउन ३० गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुमध्ये तसलिमलाई भदौ १२ गते र

अन्यलाई भदौ २४ गतेदेखि नजरबन्दमा राखिएको छ।

हजरिया गाविस-३ का २३ वर्षीय उमेशकुमार सहनीलाई माओवादीको आरोपमा ०६० असोज ८ गते मकवानपुर जिल्ला सिद्धार्थ माविबाट परीक्षा दिएर बाहिर निस्कँदै गर्दा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई असोज १३ गतेदेखि पर्सा जेलमा राखिएको छ।

हरिऔन गाविस-६ का ६१ वर्षीय इन्द्रप्रसाद मैनाली, सोही गाविस-५ का ६२ वर्षीय कविराज उप्रेती र सोही गाविस-५ का ४६ वर्षीय कल्याण केसीलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६० असोज ११ गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरे। पीडितलाई असोज १२ गतेदेखि थुनामा राखिएकोमा कार्तिक २१ गते रिहा गरियो।

पर्सा गाविस-९ का ४५ वर्षीय बीरबहादुर महतो, ३० वर्षीय जोगेन्द्र शाह, २७ वर्षीय नागेन्द्र राय, ६३ वर्षीय ठँगामिया अन्सारी, १८ वर्षीय सुनिल पाण्डे, ३० वर्षीय अन्जयलाल कर्णलगायत् ११ जनालाई माओवादीको आरोपमा ०६० असोज २६ गते दिउँसो सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुलाई एक हप्ताभित्र छुट्टाछुट्टै रिहा गरियो।

छटौल गाविस-७ का २० वर्षीय जीतन रायलाई ०६० भदौ १६ गते, फरदहवा गाविस-७ का १९ वर्षीय राहुल हैदरलाई ०६० असोज ९ गते र हेमपुर गाविस-६ का ३६ वर्षीय अभिमन्यु मघा चमारलाई माओवादीको आरोपमा ०६० असोज २४ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुलाई असोज २८ गतेदेखि नजरबन्दमा राखियो।

गौरीशंकर गाविस-१ का ३५ वर्षीय वरुणकुमार शर्मालाई माओवादीको आरोपमा ०६० कार्तिक २३ गते राति घरमा सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई मंसिर १ गतेदेखि नजरबन्दमा राखिएको छ।

फरहदवा गाविस-९ का २१ वर्षीय वीरेन्द्रसिंह दनुवारलाई ०६० कार्तिक १९ गते, सलेमपुर गाविस-८ का २० वर्षीय अशोककुमार रामलाई ०६० मंसिर ३ गते र हरिपूर्वा गाविस-५ का १९ वर्षीय प्रदीप रायलाई माओवादीको आरोपमा ०६० मंसिर ८ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुमध्ये वीरेन्द्रसिंहलाई मंसिर १२ गते, अशोककुमारलाई मंसिर ११ गते र प्रदीपलाई मंसिर १५ गतेदेखि नजरबन्दमा राखिएको छ।

भक्तिपुर गाविस-६ का २० वर्षीय गगनदेव रायलाई ०६० मंसिर १५ गते, बसतपुर गाविस-७ का ३५ वर्षीय नरेशराय यादवलाई ०६० मंसिर १५ गते, गौरीशंकर गाविस-३ का २५ वर्षीय सिंहेश्वर राउतलाई ०६० मंसिर २१ गते र भक्तिपुर गाविस-४ का २६ वर्षीय रामबाबु शाहलाई माओवादीको आरोपमा ०६० मंसिर २१ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुमध्ये गगनदेव र नरेशलाई मंसिर १८ गते तथा सिंहेश्वर र रामबाबुलाई मंसिर २५ गतेदेखि नजरबन्दमा राखिएको छ।

बालअधिकार

डुमरिया गाविसस्थित बटुवा टोलकी १५ वर्षीय एक बालिकालाई ०५९ माघ १० गते राति इलाका प्रहरी कार्यालय, डुमरियामा कार्यरत ३२ वर्षीय प्रहरी जवान सरोजकुमार शाहले बलात्कार गरे। पीडकलाई गाउँलेहरुले समाती कुटपिट गरी जिल्ला प्रहरी कार्यालयमा बुझाएकोमा हाल अन्यत्रै सरुवा गरिएको छ।

मूर्तिया गाविस-३ की एक बालिकालाई ०५९ माघ २५ गते दिउँसो सोही गाविसका ३० वर्षीय भीमबहादुर पोखरेलले बलात्कार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी हिरासतमा राखे। जबरर्जस्ती करणीअन्तर्गत जिल्ला अदालतमा मुद्दा दायर गरियो।

हरिपूर्वा गाविस-२ की ९ वर्षीय एक बालिकालाई ०५९ चैत १८ गते अज्ञात व्यक्तिहरुले सामूहिक बलात्कार गरी हत्या गरे। पीडकहरु फरार छन्।

रानीगञ्ज गाविस-२ की १३ वर्षीय एक बालिकालाई ०५९ चैत ३० गते दिउँसो औषधी उपचार गरिदिने बहानामा नजिकैको जंगलमा लगी भारतीय नागरिक ३५ वर्षीय हरिन्द्रसिंह कोइरीले बलात्कार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरेकोमा थुनामा राखिएको छ।

चन्द्रनगर गाविस-७ की ११ वर्षीय एक बालिकालाई ०६० वैशाख ४ गते दिउँसो घरमा कोही नभएको अवस्थामा सोही गाविस-७ का २० वर्षीय रामनारायण शाहले बलात्कार गरे। पीडक फरार छन्।

बहादुरपुर गाविस-१ की १४ वर्षीय एक बालिकालाई ०६० असार १५ गते सोही गाविस-८ का २२ वर्षीय चाँद मोहम्मदले बलात्कार गरे। पीडकलाई १० हजार रुपैयाँ दण्ड जरिवाना तोकी प्रहरी कार्यालयद्वारा रिहा गरियो।

मलंगवा नपा-२ की ११ वर्षीय एक बालिकालाई ०६० साउन २० गते खेतमा घाँस काट्न गएको अवस्थामा सोही ठाउँका ३० वर्षीय रामकेवल बरैले बलात्कार गरे। पीडकलाई प्रहरी हिरासतमा राखिएको छ।

भक्तिपुर गाविस-२ की १० वर्षीय एक बालिकालाई ०६० साउन ३१ गते दिउँसो घरमा सुतिरहेको अवस्थामा जब्दी गाविस-८ का २८ वर्षीय यादवप्रसाद

पौडेलले बलात्कार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी मुद्दा दायर गरे।

मलंगवा नपा-८ का १२ वर्षीय एक बालिकालाई ०६० कार्तिक २४ गते ४५ वर्षीय श्रीलाल शाहले घरमै बलात्कार गर्ने प्रयास गरे।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दुर्व्यवहार

हरिपूर्वा गाविस-७ की ३४ वर्षीय एक महिलालाई ०५९ फागुन १६ गते दिउँसो खेतमा घाँस काट्न गएको अवस्थामा सोही गाविस-७ का ३० वर्षीय वेचन रायले बलात्कार प्रयास गरे। पीडकलाई माओवादीले मोसो दलेर गाउँ घुमाई आइन्दा त्यस्तो कार्य नगर्न चेतावनी दिए।

लालबन्दी गाविस-४ की २६ वर्षीय अविवाहित एक लाटी महिलालाई ०६० वैशाख २५ गते दिउँसो घाँस काट्न गएको अवस्थामा सोही गाविसका २१ वर्षीय पवन मुक्तान, २२ वर्षीय मीनबहादुर योञ्जन र २१ वर्षीय कुमार तामाङ्ले बलात्कार गरे। पीडकहरु फरार छन्।

कर्मैया गाविस-३ की ३२ वर्षीय एक महिलालाई ०६० साउन १८ गते सोही गाविस-६ का ३४ वर्षीय सन्तु रायमाझीले बलात्कार प्रयास गरे। पीडकलाई गाउँलेहरुले समाती मोसो दली जुत्ताको माला लगाएर गाउँ घुमाए।

हरिपूर्वा गाविस-७ की १६ वर्षीय एक युवतीलाई ०६० भदौ ४ गते घरमा सुतिरहेको अवस्थामा ५-६ जनाको एक समूहले समूहले बलात्कार गरे।

झापा जिल्ला घर भएकी १७ वर्षीय संगीता शाहलाई ०६० भदौ ८ गते नोकरी लगाइदिने प्रलोभनमा काठमाडौंस्थित एक होटलमा कार्यरत भारतीय नागरिक ४१ वर्षीय रजिन्द्र चमारले बिक्री गर्न सितामाढी लगेकोमा भारतीय प्रहरीले पीडितलाई उद्दार गरी नेपाल प्रहरीको जिम्मा लगाए। पीडक फरार छन्।

लालबन्दी गाविस-३ की १७ वर्षीय एक युवतीलाई ०६० कार्तिक २५ गते राति घर नजिकैको खेतमा सोही गाविस-३ का २८ वर्षीय नरबहादुर बम्जन र सोही गाविस-२ का २५ वर्षीय कुमार बलले बलात्कार गरे। पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि हालसम्म पीडकहरु फरार छन्।

खुटौना गाविस-३ की एक महिलालाई ०६० पुस ६ गते राति जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवानहरु २९ वर्षीय जयनारायण यादव र २८ वर्षीय सरोजकुमार सिंहले घरमै बलात्कार गर्ने प्रयास गरे। पीडकहरुलाई तत्काल जनताले समाती प्रहरीमा बुझाएका थिए। पीडकहरुलाई यस वर्षको अन्त्यसम्म प्रहरी हिरासतमा राखिएको थियो।

लालबन्दी गाविस-९ का ३४ वर्षीय पुष्कर खतिवडाले घरमा पत्नी हुँदाहुँदै ०५९ फागुन २८ गते जानकीनगर गाविस-३ की १७ वर्षीय सरस्वती बरालसँग दोस्रो विवाह गरे। पीडित पहिली पत्नीले पतिविरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्।

लालबन्दी गाविस-६ का ३१ वर्षीय रवि खतिवडाले घरमा पत्नी हुँदाहुँदै पूर्णिमा भट्टराईसँग ०६० वैशाख २ गते दोस्रो विवाह गरे। पीडकलाई माओवादीले ०६० जेठ १८ गते अपहरण गरी जेठ २१ गते मुक्त गरे।

नौकेल्वा गाविस-७ की ३२ वर्षीय सुन्दरदेवी रायलाई बोक्सीको आरोपमा ०५९ माघ ४ गते सोही गाविसका दशरथ राय, शम्भु राय र परशुराम रायले कुटपिट गरी मानव मलमूत्र खुवाए। पीडकले पीडितसँग माफी मागी मिलापत्र गरे।

हरिऔन गाविस-१ की ४६ वर्षीय दिलमाया थिङ्लाई बोक्सीको आरोपमा ०६० जेठ १० गते सोही गाविस-१ का ४० वर्षीय लालमान लामाले घरमै कुटपिट गरे। गाउँलेहरुको छलफलबाट पीडकले पीडितको खुट्टा ढोगी माफी मागे।

कविलासी गाविस-२ की ५५ वर्षीय सुनरदेवी राउतलाई बोक्सीको आरोपमा ०६० साउन १५ गते सोही गाविसका गगन राउत र जगन राउतले कुटपिट गरे। पीडक दुवैलाई प्रहरीले गिरफ्तार गरी सार्वजनिक अपराध अन्तर्गत मुद्दा दर्ता गरे।

सिमरा गाविस-७ की ४५ वर्षीय सुनरदेवी पण्डितलाई बोक्सीको आरोपमा ०६० भदौ ७ गते सोही ठाउँका ललितादेवी, टिकिलियादेवी र वृक्ष मण्डलले कुटपिट गरी मानव मलमूत्र खुवाए। पीडकलाई सामान्य छलफलबाटै माफी-मिनाहा गरियो।

गौरीशंकर गाविस-९ का ४० वर्षीय गनियादेवी महतो, ३५ वर्षीय फूलोदेवी महतो र ४५ वर्षीय सिकिन्दर महतोलाई बोक्सीको आरोपमा ०६० भदौ २९ गते सोही गाविस-९ का सुकदेव महतो, सिताशरण शाह, जलेश्वरी देवी, पवित्रा देवीलगायत् अन्य ४-५ जनाले घरमै आई कुटपिट गरे।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

पर्सा गाविसमा सुरक्षाकर्मीले अन्धाधुन्ध गोली प्रहार गरी सिंगो गाविसलाई आतंकित पारी २८ वर्षीय हैदर अन्सारीलाई हत्या गरेको विरोधमा ०६० असोज २६ गते नेकपा एमाले, नेकाँ, जनमोर्चा नेपाल, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) ले एक संयुक्त प्रेस विज्ञप्ति

जारी गरी पीडकहरुमाथि कारवाहीको माग गर्दै पीडितपक्षलाई उचित क्षतिपूर्तिको माग गरे।

नेकपा (एमाले) जिल्ला कमिटीले ०६० असोज २४ गते एक विज्ञप्ति जारी गर्दै स्थानीय मेला हेरेर घर फर्किदै गर्दा सुदामा गाविसका केही व्यक्तिहरुको इशारामा प्रहरी प्रशासनले एमाले गाउँ कमिटी अचलगढका सचिव शंकर सहनी र सोही कमिटीका सदस्य रामईश्वर सहनीलाई सुदामा व्यारेकवाट गिरफ्तार गरी अत्यन्त अमानवीय ढंगले यातना दिई असोज २५ गते बिहान ९ वजे खाल्डो खन्न लगाई खाल्डोमा हाली गोली हानी हत्या गरेको र हरिपूर्वा गाविसका ६५ वर्षीय स्थानीय मन्दिरका पुजारी खेहरु रायलाई घरवाटै गिरफ्तार गरी गोली हानी हत्या गरेको भन्दै उक्त कार्यको घोर भर्त्सना गर्नुका साथै पीडितका परिवारलाई राज्यले उचित क्षतिपूर्ति दिन र दोषीलाई कारवाही गर्न माग गऱ्यो।

संरचना क्षति

यस वर्ष यस जिल्लामा इलाका प्रहरी कार्यालय, हरिपुरको दुई तले पक्की भवन, प्रतिक्षालय र महेन्द्रा जीपमा माओवादीले आगो लगाउनुका साथै वम विस्फोट गराई क्षति पुऱ्याए। त्यसैगरी, इलाका प्रहरी कार्यालय भक्तिपुर, प्रहरी चौकीहरु नवलपुर, लालवन्दी, ईश्वरपुरमा वम विस्फोट तथा आगलागी गराई क्षति पुऱ्याए। गमवन र ईश्वरपुर गाविस भवन तथा कृषि विकास बैंक, ईश्वरपुरमा पनि वम विस्फोट र आगलागी गरी क्षति पुऱ्याए।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष आत्महत्याका ५८ वटा घटनामा २६ पुरुष र ३२ महिलाको मृत्यु भयो। दुर्घटनामा १६ पुरुष र १२ महिला तथा डुवेर ५ र करेन्ट लागी ४ जनाको मृत्यु भयो। डकैतीका १७ वटा घटना भए। ४ जनाको वेवारिसे लास फेला पऱ्यो। व्यक्तिगत कुटपिटका २५ वटा घटना भए। हात्तीले किचेर २ जना पुरुषको मृत्यु भयो भने सयौं विघा जमिनमा रहेको वालीनालीसहित केही घरमा क्षति पुग्यो। भवितव्यमा परी २६ पुरुष र ७ महिलाको मृत्यु भयो।

विगतको अनुगमन

माओवादीको आरोपमा विभिन्न मितिमा सुरक्षाकर्मीले गिरफ्तार गरी जेलमा राखिएका मुकुन्द पुलामी, आइतसिंह थिंग र आइतसिंह स्याङवोलाई ०५९ चैत २ गते, भाग्यनारायण पासवान, रामपुजन सहनी, राजवंशी सहनी, गोवर्धन गदाल, भगवतीसिंह लोप्चन, राजमान मोक्तान, तेजबहादुर थिंग, झापस महतो, रामपृत सिंह, हुसेनी राय र फुलवहादुर वस्नेतलाई ०५९ चैत ५ गते, शंकर सहनी, रघुनाथ सहनी, अवतार सहनी, जोखु सहनी र रामएकवाल सहनीलाई ०५९ चैत १३ गते र पुष्कर सिवाकोटी, सोभित घिमिरे, जयराम परियार, मोतिलाल माझी, दिनेश तिमल्सिना, प्रकाश मण्डल, गणेश ठाकुर र शंकर अर्याललाई ०६० वैशाख २९ गते रिहा गरियो।

२.४ सिन्धुली



जनसंख्या : २७९८२९
साक्षरता प्रतिशत : ३९.२८
महिला साक्षरता प्रतिशत : २५.२४
क्षेत्रफल (वर्ग कि.मी.) : २४९१
गाविस/नपा संख्या : ५३/१
निर्वाचन क्षेत्र : ३
विद्यालय : ५५१
क्याम्पस/उच्च मावि : २/१२
अस्पताल/स्वास्थ्य चौकी : १/५५
टेलिफोन लाइन : ४७५
मोटर सडक (कि.मी.) : १०६
प्रहरी कार्यालय संख्या : २
हुलाक संख्या : ५५
मानव विकास सूचकांक : ०.२९५
प्रति एक डाक्टर जनसंख्या : ४४४५२
प्रति परिवार सरदर संख्या : ५.७४

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या / गोली
राज्यबाट

रानीचुरी गाविस सिरुडाँडाका ५० वर्षीय शुभलाल घिसिङलाई ०६० असोज ७ गते बेलघारी गाविस-१ ठेडीखोलामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितलाई बेलघारी गाविस-२ मुकुनेबाट सुरक्षाकर्मीले गिरफ्तार गरी सोही गाविस-१ मा पुऱ्याएपछि भाग्न खोजेको र सुरक्षाकर्मीले कारवाही गर्दा मृत्यु भएको सुरक्षास्रोतले जनायो।

कपिलाकोट गाविस-९ धमिलेमा ०६० असोज १४ गते सुरक्षाकर्मीको गोलीद्वारा रामेछाप जिल्ला घर भई सिन्धुलीमा माओवादीको प्लाटुन कमाण्डर रहेका एकजना माओवादीको मृत्यु भयो। पीडितको नाम, ठेगाना खुल्न सकेन।

रानीचुरी गाविस-५ थरहरीमा ०६० कार्तिक १३ गते एकजना, सोही गाविस-२ फाल्चुरीमा कार्तिक १४ गते एक जना, सोही गाविसको रानीचुरी इलाकामा कार्तिक २१ गते एकजना र भिमस्थान गाविस-५ तिलङ्गेमा ०६० पुस १३ गते एकजना समेत चारजना माओवादीको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। उक्त घटनालाई सुरक्षास्रोतले भिडन्त तथा दोहोरो भिडन्त भएको जनायो।

माओवादीबाट

मझुवा गाविस-८ स्थित नेपाल दूरसञ्चार संस्थानको रिपिटर स्टेशन सुरक्षार्थ खटिएका मकवानपुर जिल्लाका शाही नेपाली सेनाका हवल्दार बलराम थापा र ओखलढुंगा जिल्लाका जवान रामबहादुर श्रेष्ठलाई ०६० साउन १४ गते दिउँसो जिल्ला सदरमुकामबाट काम सकी मतानवासतर्फ जाँदै गर्दा भद्रकाली गाविस-८ को पचभैया भन्ने ठाउँमा माओवादीले सकेट बम प्रहार गरी आफ्नो कब्जामा लिई काठको मुंग्राले हान्दै गोली हानी हत्या गरे। सोही घटनामा परी दुईजना सैनिक घाइते भए।

जिल्ला सदरमुकाम तथा भिमानबाट कमलाखोज क्षेत्रमा गस्तीमा गएर फर्किएको सुरक्षाकर्मीको टोलीमाथि ०६० असोज २९ गते बिहान रानीबास गाविस-६ चन्दनपुरको जंगलमा माओवादीले विच्छ्याएको विद्युतीय धरापमा परी तीन जना सैनिकको मृत्यु भयो।

भिमस्थान गाविस-९ जोगेखोलामा ०६० पुस २ गते जिल्ला सदरमुकामबाट गस्तीमा गएका सुरक्षाकर्मीको टोली माओवादीले विच्छ्याएको विद्युतीयमा परी एक जना सैनिकको मृत्यु भयो। पीडितको नाम, ठेगाना खुल्न सकेन।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते
राज्यबाट

रानीचुरी गाविस-५ का १८ वर्षीय सन्तोष कार्की ०५९ फागुन १० गते घरबाट जिल्ला सदरमुकाम आउँदा कमलामाई नपा-७ स्थित सैनिक चेकपोष्टमा झोला जाँच गराइरहेको अवस्थामा अचानक सुरक्षाकर्मीले बोकेको बन्दुक पड्कँदा तिघ्रामा गोली लागी घाइते भए। पीडितलाई तत्कालै जिल्ला अस्पतालमा सामान्य उपचार गरी उपचारको लागि सुरक्षाकर्मीले जनकपुर पठाए।

माओवादीबाट

धनुषा जिल्ला हठिपुर गाविस-९ घर भई जिल्ला भू-संरक्षण कार्यालयका प्रमुख ४२ वर्षीय रामदयाल यादव ०६० साउन २० गते बिहान आफ्नो घरबाट कार्यालयतर्फ जाँदै गर्दा कमलामाई नपा-१० करकरेनजिकै माओवादीले विच्छ्याएको विद्युतीय धरापमा परी घाइते भए।

रानीचुरी गाविस-१ रमितेमा ०६० भदौ ३० गते पशुपतिप्रसाद गण, सिन्धुलीमा कार्यरत उपसेनानी भिमबहादुर गुरुङ, सैनिक जवान लालसिंह मोक्तान र सुरेश मुक्तानको माओवादीले विछ्याएको विद्युतीय धरापमा परी घाइते भए। पीडितहरुलाई उपचारार्थ काठमाडौं लगियो।

बाशेश्वर गाविस-१ देउरालीटारका ४५ वर्षीय वशिष्ठ कोइरालालाई सुराकीको आरोपमा ०६० असोज २७ गते माओवादीले अपहरण गरी बेपत्ता पारे। पीडितलाई ३ दिनपछि हत्या गरिएको माओवादीले मौखिक जानकारी गराए।

बर्दिबास-सिन्धुली सडक खण्डको रानीचुरी गाविस-२ फाल्चुरीमा ०६० कार्तिक १४ गते बिहान जिल्ला सदरमुकामबाट गस्तीमा गएको सुरक्षाकर्मीको टोली माओवादीले विच्छ्याएको विद्युतीय धरापमा पर्दा तीन जना सैनिक घाइते भए। पीडितहरुलाई उपचारार्थ काठमाडौं लगियो।

दोहोरो भिडन्त

डाडीगुँरासे गाविसमा ०६० मंसिर ११ गते संचालित घुम्ती शिविरको सुरक्षार्थ गएका सुरक्षाकर्मी र माओवादीबीच डाडीगुराँसे गाविस मझिनीदमारमा दोहोरो भिडन्त हुँदा दुईजना माओवादी र एक जना सुरक्षाकर्मी घाइते भए।

जेल र बन्दीहरू

सिन्धुली जेलको क्षमता २५ जनाको भए पनि हाल

४० जना बन्दी छन्। बन्दीहरुमध्ये कैद नतोकिएका २१ जना तथा कैद तोकिएका १९ जना छन्। हाल यस जेलमा कुनै पनि राजनीतिक बन्दी नरहेको बताइए पनि ५ जनालाई कर्तव्य ज्यान र माओवादी गतिविधिमा संलग्न भएको आरोपमा आतंककारी तथा विध्वंसात्मक कार्य (सजाय तथा नियन्त्रण) ऐनअन्तर्गत नजरबन्दमा राखिएको छ। जेलमा महिला बन्दी छैनन्।

जेलमा पानी र चर्पीको राम्रो व्यवस्था छ। गत वर्ष नै नगरपालिका र जिविसले एक/एक वटा टीभी किनिदिएका थिए भने आईसीआरसीको पहलमा स्थापित पुस्तकालय हाल संचालन भइरहेको बन्दीहरु बताउँछन्।

०६० भदौ ७ गते शान्ति तथा विकास प्रतिष्ठान (इन्पेड), सिन्धुलीको पहलमा सिभिक्ट क्षेत्रीय कार्यालय, विराटनगरद्वारा सम्पूर्ण बन्दीहरुको नि:शुल्क स्वास्थ्य परीक्षण एवम् औषधी वितरण गरिएको र आफूलाई निकै राहतको अनुभूति भएको बन्दीहरुले बताए। खेलकूदका सामग्री अपुग भएको, पत्रपत्रिका कान्तिपुर दैनिक बाहेक अरु पढ्न नपाएको, इन्सेकका वर्ष पुस्तकलगायत्का प्रकाशन पनि कारागार प्रशासनले भित्र उपलब्ध नगराएको, उडुस, उपियाँ मार्ने काम नगरेकोले सुत्न अत्यन्तै कठिनाइ भएको गुनासो बन्दीहरुको छ।

जाडोको समयमा भुइँमा ओछ्यान लगाएर सुत्नुपर्दा चिसोको कारण निकै कठिनाई भएको गुनासो बन्दीहरुको छ। बन्दीहरुको सामान्य उपचार स्थानीय अस्पतालमा गरिने र स्थानीयस्तरमा उपचार नहुने अवस्थामा विभागमा जानकारी गराई डाक्टरको सिफारिसअनुसार जेल सरुवा गरिने, कारागार ऐन नियमानुसार विस्तरा र पैसा दिने गरिएको जेलरले बताए।

बेपत्ता / अपहरण

राज्यबाट

तिनकन्या गाविस-८ रानीखोलाका २८ वर्षीय रितबहादुर गुरुङलाई माओवादीको आरोपमा ०६० कार्तिक १३ गते जिल्ला सदरमुकाममा पासपोर्ट बनाउन आएको अवस्थामा कमलामाई नपा-६ बाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। यसअघि ०५६ साउन २३ गते गिरफ्तार भई करिब २ वर्ष थुनामा बसेका र उनीहरुलाई लागेको आरोपमा कर्तव्य ज्यानबाट अदालतले सफाई दिएको थियो। माओवादीहरुले उनीहरुलाई सँगै हिंड्नुपर्ने अन्यथा पार्टीले कारवाही गर्ने धम्की दिएको तथा कुटपिट गरेको कारण पीडित गाउँबाट विस्थापित भए। पीडितले केही समय माओवादीमा काम गरेका र पछि काठमाडौं जिल्ला प्रशासन कार्यालयबाट आत्मसमर्पण गरेर बसेको बुझियो।

सिर्थौली गाविस-१ का १३ वर्षीय सन्तोषीकुमार दनुवारलाई ०६० कार्तिक १९ गते घरबाट काठमाडौं जान लाग्दा कमलामाई नपा-११ भिमानस्थित सुरक्षा चेकपोष्टबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा हालसम्म बेपत्ता छन्। उनी केही समय माओवादीसँग सांस्कृतिक कार्यक्रमहरुमा हिंडेको र हाल उक्त समूह छोडी काठमाडौंमा गलैंचा बुन्न भनी हिंडेको पारिवारिक श्रोतबाट बुझियो।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	४	१	४	५	३	६		६	७	७		७
घाइते	२	१	२	३	६	१०		१०	३	३	२	५
गिरफ्तारी/यातना									२२	३४	४	३८
वेपत्ता									२	२		२
कुटपिट	२	२		२	८	१०		१०	२	६	१	७
धम्की					१	१		१				
भेला/संगठित हुने अधिकार									१	३		३
जातीय विभेद	१	१	१	२								
महिलाअधिकार	१०		१२	१२	१		१	१				
वालअधिकार	२		२	२								
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	१		१	२	६	२	८
अपहरण					१०	१२		१२				
जम्मा	२१	५	२१	२६	३०	४०	१	४१	३९	६१	९	७०

माओवादीबाट

रानीवास गाविस-५ का नेकाँका कार्यकर्ता तथा भूपू गाविस अध्यक्ष ३६ वर्षीय वीरभद्र राउत, निपाने गाविस-२ का नेकपा (एमाले) का कार्यकर्ता तथा निवर्तमान गाविस अध्यक्ष घनश्याम बस्नेत र सोही ठाउँका निवर्तमान जिविस सदस्य शंकर बर्मालाई काठ तस्करी गरेको आरोपमा ०६० जेठ ३ गते र ४ गते माओवादीले अपहरण गरे। पीडितहरुमध्ये वीरभद्रसँग एक लाख रुपैयाँ चन्दा लिई जेठ ६ गते, शंकरसँग ३५ हजार रुपैयाँ लिई जेठ ७ गते र घनश्यामसँग ६५ हजार रुपैयाँ चन्दा लिई जेठ १२ गते मुक्त गरियो। आफूहरुलाई माओवादीको श्रम शिविरमा अभद्र व्यवहार गरिएको पीडितहरुले जनाए। पीडितहरुसँग माओवादीले पटक-पटक चन्दा माग्दै आएका थिए।

सुरक्षाकर्मीको गोलीबाट घाइते भएका सन्तोष कार्की

हरिहरपुरगढी गाविस-८ का निवर्तमान गाविस उपाध्यक्ष तथा नेकपा (एमाले) का कार्यकर्ता २८ वर्षीय चमारसिंह घलानलाई माओवादीको अनुमति नलिई काठ कटानको ठेक्का लिएको आरोपमा ०६० जेठ ५ गते माओवादीले अपहरण गरे। पीडितलाई निर्मम यातना दिई करिब एक महिनापछि मुक्त गरियो। पीडित एमाले कार्यकर्ता थिए।

पीपलमाढी गाविस-९ का प्रहरी जवान २२ वर्षीय तारकेश्वर राईलाई ०६० जेठ ८ गते वीरगन्जबाट सरुवा भई पशुपतिनगर जानको लागि हिंडेको र केही दिनको लागि आफ्नो घरमा आएको अवस्थामा माओवादीले अपहरण गरे। पीडितलाई स्थानीय राई गाउँको जात्रामा विवाद भई लगेको र खुकुरीले दुवै तिघ्रामा छिया-छिया पारेर काटी यातना दिएको स्थानीय बासिन्दाले बताए। पीडितको पछिल्लो अवस्था जानकारीमा आएको छैन।

बाहुनतिल्पुङ गाविसका सोही गाविसस्थित बैंकटेश्वर उच्च माविका प्रधानाध्यापक चेतप्रसाद तिमिल्सिना र सोही विद्यालयका लेखापाल कोमलप्रसाद काफ्लेलाई विद्यालयमा भ्रष्टाचार गरेको आरोपमा ०६० जेठ १८ गते बिहान विद्यालयबाट माओवादीले अपहरण गरे। पीडितलाई प्रधानाध्यापकको पदबाट राजिनामा दिनुपर्ने, व्यवस्थापन समिति भंग गर्नुपर्ने र लेखापालको काम नगर्ने जस्ता शर्तमा गराई जेठ २१ गते मुक्त गरे।

दुधौली गाविस-४ का ६० वर्षीय मिनबहादुर खड्कालाई ०६० साउन २४ गते माओवादीले अपहरण गरे। पीडितलाई ७ दिनसम्म राखी यातना दिएर साउन ३० गते मुक्त गरियो।

बाशेश्वर गाविस-३ बलेनीका ३८ वर्षीय मिठे सार्कीलाई ०६० असोज २३ गते माओवादीले आफ्नै घरबाट अपहरण गरे। पीडितलाई माओवादीले विभिन्न ठाउँमा लगी निर्मम यातना दिएका थिए। पीडित माओवादीको कब्जाबाट असोज २७ गते भागी जिल्ला छोडी अन्यत्र गए।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

कमलामाई नपा-१० करकरेका अर्जुन थापा, कोमलकुमार श्रेष्ठ, मोहन थापा, दिपक आले, लोकबहादुर थापा, कृष्णकुमार श्रेष्ठलगायत् करिब ५० जनालाई ०६० भदौ ३० गते दिउँसो गस्तीमा गएका सुरक्षाकर्मीले आ-आफ्नै घरबाट बोलाई कुटपिट गरे। सोही दिन माइस्थाननजिकै माओवादीले एम्बुस विस्फोट गराएको र "माओवादी यतैबाट गएका हुन्, त्यो घटनाको बारेमा तिमीहरुलाई थाहा थियो, यहींका मान्छे पनि गएका थिए" भनी कुटपिट गरिएको पीडितहरुले बताए। यो घटनाको विरुद्धमा एमालेले प्रमुख जिल्ला अधिकारीको ध्यानाकर्षण गराउन प्रतिनिधिमण्डल गएको जनायो।

रानीवास गाविस-६ चन्दनपुरकी बुधुनी धामीलगायत् सोही गाविस-४ र ५ का करिब १५ जनालाई ०६० असोज २९ गते गस्तीमा गएको सुरक्षाकर्मीले कुटपिट गरे। सोही दिन रानीवास गाविस-६ चन्दनपुरको जंगलमा माओवादीको एम्बुसमा ३ जना सैनिकको मृत्यु भएको थियो। "बम पड्किएपछि किन नआएको, माओवादीको बारेमा सूचना नदिएको किन" भनी कुटपिट गरिएको सोही गाविसका निवर्तमान अध्यक्षले जनाए।

माओवादीबाट

पुरानो झाँगाझोली गाविस-६ का पत्रकार २१ वर्षीय प्रमोद दाहाललाई आफ्नोविरुद्ध समाचार लेखेको आरोपमा ०५९ पुस १८ गते माओवादीले कारवाही गर्ने धम्की दिए। पीडितलाई माओवादीमा हिंड्नु पर्ने, गाउँ छोड्नुपर्ने अन्यथा कारवाही गरिने धम्की माओवादीका

सन्तोष भनिने कार्यकर्ताले दिएको पीडितले बताए। उनी हाल गाउँ छोडेर काठमाडौंमा बसेका छन्।

हत्पते गाविस-८ का नेकपा (एमाले) का कार्यकर्ता ४७ वर्षीय बाबुकृष्ण पोखरेललाई ०६० वैशाख २२ गते माओवादीले निर्मम ढंगले कुटपिट गरे। पीडितलाई राजनीतिक पूर्वाग्रहका कारण कुटपिट गरेको एमालेले जनायो।

क्यानेश्वर गाविस-६ का ज्ञानबहादुर वाइबा, सोही ठाउँका जीतबहादुर वाइवा र पूर्णबहादुर जिम्बालाई ०६० जेठ ६ गते माओवादीले कुटपिट गरे। पीडितहरुले गाउँमा चोरीका घटना भएका र गाउँलेहरुले चोरलाई समाती माओवादीलाई बुझाएपछि चोरहरु माओवादी कार्यकर्ता भएका कारण विना कसुर आरोप लगाएको भनी पीडितहरुलाई कुटपिट गरेका थिए। पीडितहरुसँग १०/१० हजार रुपैयाँ चन्दा मागेको पीडित पक्षले जनाए।

पुरानो झाँगाझोली गाविस-६ का ४५ वर्षीय चिरञ्जीवी दाहाल र सोही ठाउँका किरण पुरीलाई शंकाको भरमा मान्छेलाई प्रहरीकहाँ लगेर थुनाएको, जनअदालतमा उजुरी नगरी सरकारी अदालतमा मुद्दा हालेको र माओवादीलाई खबर नगरेको आरोपमा ०६० जेठ ६ गते विद्यालयमा पढाइरहेको अवस्थामा माओवादीले कक्षावाट बाहिर ल्याई कुटपिट गरे। पीडितकी आमाको घरमा आगलागी भएको र आगो लगाउने स्थानीय व्यक्तिलाई प्रहरीकहाँ बुझाई अदालतमा मुद्दा दायर गरिएको थियो।

क्यानेश्वर गाविस-४ का जनमोर्चाका कार्यकर्ता ४५ वर्षीय कृष्णबहादुर मोक्तानलाई जंगल फडानीमा संलग्न भएको आरोपमा ०६० जेठ ९ गते माओवादीले कुटपिट गरे।

पुरानो झाँगाझोली गाविस-६ नागेडाँडाका ४७ वर्षीय चिरञ्जीवी दाहाललाई ०६० कार्तिक २१ गते माओवादीको एक समूहले उनीहरुलाई जोडेर पत्रिकामा समाचार प्रकाशित गराएको आरोपमा 'जस्तोसुकै कारवाही' पनि गर्न सक्छौं भनी धम्की तथा मानसिक यातना दिए।

अन्य

खोलागाउँ गाविस-३ की ३३ वर्षीय सुकमाया विश्वकर्मा र उनकै पति ३७ वर्षीय डम्वरबहादुर विकलाई ०५९ चैत ९ गते राति ८ बजे सोही ठाउँका ३५ वर्षीय मेघबहादुर विकले खुकुरी प्रहार गरी सख्त घाइते बनाए। खुकुरी प्रहारबाट पीडितको दाहिने हात छिनिएको र देब्रे हातको तीन वटा औंला काटिएको थियो। पीडकले आक्रमणपछि घर र गोठमा समेत आगो लगाएका थिए। पीडक फेला परेका छैनन्।



सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिएका शिक्षक पाण्डव राउत

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सिद्धेश्वर खानेपानी तथा सरसफाई उपभोक्ता समितिका पदाधिकारीहरुको निर्वाचनमा उम्मेदवार भएका कमलामाई नपा-६ घर भई दूरसञ्चार संस्थानमा कार्यरत नवराज कार्की, भेटनरीमा कार्यरत प्रकाश बर्मा, शिक्षिका जानुका खड्का, स्थानीय कोषका कार्यकारी सचिव देवेन्द्र अधिकारी र शिक्षिका शान्ता पाख्रिनलाई ०५९ चैत २१ गते हुने निर्वाचनमा उम्मेदवार बन्न "कर्मचारीले चुनाव लड्न पाउँदैनन्" भनी चुनाव चिन्हसमेत प्रदान गरिसकेपछि प्रमुख जिल्ला अधिकारीले प्रतिबन्ध लगाइदिए। निजामति सेवा नियमावलीले नाफामुखी संस्थामा मात्र बस्न रोक लगाएको पीडित कर्मचारीले बताए।

कमलामाई नपा-११ भिमानमा ०६० जेठ १७ गते आन्दोलनरत ५ दलद्वारा पूर्व निर्धारित कार्यक्रम अनुसार गर्न लागेको प्रतिगमनको पुत्ला जलाउने कार्यक्रममाथि प्रहरीले हस्तक्षेप गरे। शान्तिपूर्ण जुलुसमाथि सरकारले हस्तक्षेप गरी सो कार्यक्रममा फोटो खिच्न गएका पत्रकारहरुको क्यामेरासमेत खोसिएको ती दलले जनाए।

आन्दोलनरत पाँच दलले ०६० असार १० गते जिल्ला सदरमुकाममा निकालेको मसाल जुलुसमाथि प्रहरीले हस्तक्षेप गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा अघिल्लो वर्षका देवानी ४२, दुनियावादी फौज्दारी १५, सरकारवादी फौज्दारी २६, संक्षिप्त फौज्दारी ८ र विशेष अदालतमा १२ गरी १ सय ३ वटा मुद्दा जिम्मेवारी सरेर आए भने यस वर्ष देवानी २०, दुनियावादी फौज्दारी ३, सरकारवादी फौज्दारी ११, संक्षिप्त फौज्दारी ३ र विशेष अदालतमा १ गरी ३८ समेत कूल १ सय ४१ वटा मुद्दा दर्ता भए। नयाँ र पुराना गरी देवानी २५, दुनियावादी फौज्दारी ६, सरकारवादी फौज्दारी १३,

संक्षिप्त फौज्दारी १ र विशेष अदालतमा १२ गरी जम्मा ५७ वटा फर्स्यौट भई ८४ वटा बाँकी रहे। तीन वर्ष नाघेका २, २ वर्ष ६ महिना नाघेका १६, २ वर्ष नाघेका २ र १ वर्ष नाघेका १२ वटा मुद्दा फर्स्यौट हुन बाँकी छन्। ०५७ साल कार्तिकमा दर्ता भएको कर्तव्य ज्यान मुद्दासम्बन्धी सदीप कोइरालाको मुद्दा उनको स्वास्थ्य परीक्षण रिपोर्ट मानसिक अस्पताल, पाटनबाट नआएकाले फर्स्यौट हुन सकेन।

यस वर्ष जिल्ला प्रहरी कार्यालयमा विभिन्न १५ प्रकारका ५१ वटा मुद्दा दर्ता भएकोमा २२ वटा फर्स्यौट भई २९ वटा बाँकी रहे।

त्यसैगरी जिल्ला प्रशासन कार्यालयमा अघिल्लो वर्षबाट जिम्मेवारी सरेर आएका ४ वटा र यस आबमा दर्ता भएका ४ वटा गरी कूल ८ वटा मुद्दामध्ये एउटा फर्स्यौट भई ७ वटा बाँकी रहे। यहाँ १ वर्ष पुरानो एउटा मुद्दा बाँकी छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस वर्ष असहाय र अपांग गरी ५ हजार २ सय ७० जनाले भत्ता प्राप्त गरे। यसरी भत्ता प्राप्त गर्नेहरुमा वृद्ध २ हजार ३ सय ५५, असहाय तथा विधवा २ हजार ८ सय ५७, अपांग अशक्त ४८ रहेका छन्। साथै, माओवादी गतिविधिका कारण पीडित भएका १० परिवारले समेत यो भत्ता प्राप्त गरेका छन्। ०६० साउनदेखि मंसिरसम्म भत्ता नपाएको वृद्धहरुको गुनासो छ।

यस जिल्लामा पाँच वर्षअघि स्थापित 'टिफा बालिका गृह' मा १९ जना बालिका आश्रित छन्। प्रहरी र माओवादी दुवै पक्षका कारण सहाराविहीन ४ जना बालिका आश्रित छन्। त्यसैगरी यसै वर्षदेखि क्रियाशील 'विकासका लागि सहयोगी हातहरु' नामक संस्थाले ६ जना बालबालिकालाई आश्रय दिएको छ। जसमा सबै बालबालिकाहरु वर्तमान सशस्त्र द्वन्द्वका कारण अविभावकविहीन हुनेहरु मात्र रहेका छन्।

विस्थापित

विद्यमान सशस्त्र द्वन्द्वका कारण ३८ गाविस र १ नपामा कूल ३ सय ३४ जना विस्थापित भएको जानकारीमा आयो। विस्थापितहरु जिल्ला सदरमुकाम, छिमेकी जिल्लाहरु, राजधानी, ठूला शहरहरु तथा भारततर्फ गएका छन्। विस्थापितहरुमध्ये केहीको सम्पत्ति माओवादीले कब्जा गरेको पीडितहरुले बताए। जीवन धान्न कठिन भएको विस्थापितहरुको गुनासो छ।

आर्थिक अधिकार

जरायोटार गाविस-३ मझुवादोभानका व्यापारी ३९ वर्षीय गोपाल श्रेष्ठको घरमा राखिएको ८५ हजार ८ सय ६५ नेपाली रुपैयाँ र ४ हजार ६ सय ५० भारतीय रुपैयाँ माओवादीले लुकाई राखेको आरोपमा ०५९ पुस ३० गते गस्तीमा गएका सुरक्षाकर्मीले लिएर गए। पीडितको दैनिक व्यापारबाट जम्मा भएको निजी रकम सुरक्षाकर्मीले माओवादीले लुकाई राखेको रकम बरामद गरेको भनी प्रचार गरे। यो घटनासम्बन्धी समाचार पत्रपत्रिकामा प्रकाशित भएपछि पीडितलाई ०५९ माघ ४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी ३ महिना नजरबन्दमा राखेको पीडितका आफन्तले जनाए। पीडितलाई चैत २४ गते रिहा गरियो।

डुडभञ्ज्याङ गाविस-८ का ५५ वर्षीय डिल्लीप्रसाद न्यौपानेलाई गाविस अध्यक्ष हुँदा माओवादीको नाममा भ्रष्टाचार गरेको आरोपमा ०६० असार १० गते माओवादीले घर-जग्गामा झण्डा गाडी आफ्नो पार्टीले कब्जा गरेको घोषणा गरे। उनी जिल्ला सदरमुकाममा विस्थापित जीवन बिताउन बाध्य छन्। साथै भदौ ३ गते पुन: माओवादी आएर घरमा रहेको नगद, कपडा, अन्न, सुनका गहनासहित करिब २ लाख ५० हजार रुपैयाँ बराबरको सम्पत्ति लुटी घरमा बसेकी पत्नीलाई समेत घरबाट निकालिदिएको पीडितले बताए। पीडित सोही गाविसमा एमालेबाट निर्वाचित निवर्तमान गाविस अध्यक्ष हुन्।

रतनचुरा गाविसकी ६६ वर्षीय पम्फादेवी थापाको घर ०६० भदौ १० गते माओवादीले पार्टीकरण गरेको घोषणा गरी कब्जा गरे। माओवादीका कारण २ वर्ष अघि छोरा घर छोडी हिंडेको र अहिले घरजग्गा कब्जा गरेपछि बुहारी र नाति, नातिनी पनि हिंडेको, खेतको धान काट्न नपाएको, बारीको जुनार टिप्न नपाएको भएको सबै अन्न माओवादीले ताल्चा लगाएर गएको पीडितको गुनासो छ।

कपिलाकोट गाविस-६ का निवर्तमान गाविस अध्यक्ष टलकबहादुर कार्कीको घर-जग्गा र धान ०६० मंसिर १५ गते माओवादीले कब्जा गरे। पीडित ०५८ सालदेखि गाउँबाट विस्थापित भई काठमाडौंमा बस्दै आएका थिए।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

कमलामाई नपा-९ की सावित्री श्रेष्ठ, सोही नपा-५ का कृष्णकुमार गौतम, सोही नपा-४ का अर्जुन

थापालाई थुनुवा अवधि सकिएपछि ०५९ पुस १८ गते प्रहरीले जेल परिसरबाट पुनः गिरफ्तार गरे। ०५९ पुस २२ गते नजरबन्दमा राखिएकोमा ०५९ चैत २७ गते पुनरावेदन अदालत, जनकपुरले बन्दी प्रत्यक्षीकरण रिटअन्तर्गत रिहा गरिदिने आदेश दिएपछि चैत ३० गते रिहा गरियो।

जरायोटार गाविस-३ मझुवा दोभानका ३९ वर्षीय गोपाल श्रेष्ठ र कमलामाई नपा-५ का १८ वर्षीय राजकुमार भुजेललाई ०५९ माघ ४ गते जिल्ला प्रहरी कार्यालय जाँदा प्रहरीले गिरफ्तार गरे। केही दिन पहिले गोपालको घरबाट सुरक्षाकर्मीले पैसा बरामद गरेका थिए। उक्त समाचार पत्रिकामा प्रकाशित भएपछि गोपाल घरबाट बोलाएर ल्याई गिरफ्तार गरेको बुझियो। केही समय अघि माओवादीले सिरहाको लहानस्थित राष्ट्रिय वाणिज्य बैंकबाट पैसा लुटेका थिए र सोही पैसा गोपालको घरमा राखेको आरोपमा सुरक्षाकर्मीले उक्त पैसा ल्याएका थिए। उक्त पैसा आफ्नै व्यापारको भएको पीडितले पक्षले जनायो। गोपाललाई माघ १५ गतेदेखि जेलमा नजरबन्दमा राखिएकोमा ०५९ चैत २४ गते रिहा गरियो भने राजकुमारलाई १२ दिन हिरासतमा राखी माघ १६ गते तारिखमा रिहा गरियो।

कमलामाई नपा-९ ढुंग्रेबासका २९ वर्षीय निर्मल श्रेष्ठलाई माओवादीसँग व्यापारिक कारोबार गरेको आरोपमा ०५९ माघ ६ गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरे। पीडितलाई १० दिनसम्म प्रहरी हिरासतमा राखी माघ १६ गते तारिखमा रिहा गरियो।

लाम्पानटार गाविस-४ चकमकेका ४१ वर्षीय केवल श्रेष्ठलाई माओवादीलाई सामान ओसार-पसार गरेको आरोपमा ०५९ माघ १० गते जिल्ला प्रहरी कार्यालयमा जाँदा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई माघ १६ गते तारिखमा रिहा गरियो।

कमलामाई नपा-१७ का पुण्यहरि घिमिरे, अमले गाविस-३ का उमा देवकोटा, सोही ठाउँका हरिश्चन्द्र देवकोटा, बालाजोर गाविस-७ का ओमबहादुर ठोकर तामाङ र जरायोटार गाविस-८ का भरत बुढाथोकीलाई ०५९ माघ २३ गते थुनुवा अवधि सकिएपछि रिहा हुनासाथ प्रहरीले पुनः गिरफ्तार गरे। पीडितहरुलाई ०५५ असोज २१ गतेदेखि जेलमा राखिएको थियो। पीडितहरुलाई माघ २६ गतेदेखि जेलमा नजरबन्दमा राखिएकोमा ०५९ चैत २७ गते पुनरावेदन अदालत, जनकपुरले बन्दी प्रत्यक्षीकरणको रिटमा रिहा गर्ने आदेश दिएपछि चैत ३० गते रिहा गरियो।

रानीचुरी गाविस-५ का टंक भुजेल र मझुवा गाविस-३ का उपेन्द्र भनिने युवराज दाहाललाई ०५९ चैत १० गते थुनुवा अवधि सकिनासाथ प्रहरीले पुनः गिरफ्तार गरे। पीडितहरुलाई चैत ११ गतेदेखि शान्ति सुरक्षा ऐनअन्तर्गत राखिएकोमा उपेन्द्रलाई चैत २४ गते र टंकलाई चैत २७ गते पुनरावेदन अदालत, जनकपुरको आदेशमा चैत ३० गते रिहा गरियो।

बस्तिपुर गाविस-९ का ३२ वर्षीय शम्भु मोक्तान र भीमेश्वर गाविस-८ का प्रदीप नेपालीलाई ०५९ चैत १४ गते थुनुवा अवधि सकिनु अगावै जेलबाट प्रहरीले पुनः गिरफ्तार गरी भोलिपल्टदेखि नजरबन्दमा राखे। पीडितहरुलाई ०५९ चैत २४ गते तारिखमा रिहा गरियो।

कमलामाई नपा-७ माझीटारका मानबहादुर तामाङ र भीमस्थान गाविस-५ का गंगाबहादुर तामाङलाई ०६० भदौ ६ गते दिउँसो कमलामाई नपा-६ मा किनमेल गरिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुलाई सार्वजनिकस्थलमा बन्दुकको कुन्दा र बुटले कुटपिट गर्दै लगेको प्रत्यक्षदर्शीले बताए। उनीहरुलाई चरम यातना दिएर लामो समय हिरासतमा राखी तारिखमा रिहा गरियो। हिरासतमा यातना पाएको पीडितहरु बताउँछन्।

कमलामाई नपा-४ मधुटारका ४० वर्षीय अर्जुन थापालाई माओवादी गतिविधिमा संलग्न भएको आशंकामा ०६० भदौ १५ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। आफूलाई ८ दिनसम्म हिरासतमा राखी शारीरिक तथा मानसिक यातना दिई ०६० भदौ २३ गते तारिखमा रिहा गरिएको पीडितले बताए। यसअघि पनि उनलाई पटक-पटक थुनामा राखिएको थियो।

कमलामाई नपा-११ भिमानका ३८ वर्षीय घनश्याम भण्डारीलाई ०६० असोज २२ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। भिमानस्थित सुरक्षा क्याम्पमा दुई दिन राखी शारीरिक तथा मानसिक यातना दिएको पीडितले बताए।

रानीबास गाविस-८ मडाहाका शिक्षक ३९ वर्षीय पाण्डवराज राउत, सोही ठाउँका ३२ वर्षीय रणबहादुर गोल्चे, सोही गाविस-२ का ३६ वर्षीय हेमलाल माझी र सोही गाविस-४ का लोकबहादुर खापाङ्गी मगरलाई माओवादीको आरोपमा ०६० असोज ३० गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुमध्ये पाण्डव र लोकबहादुरलाई ०६० कार्तिक १६ गते तारिखमा रिहा गरियो भने रणबहादुर र हेमलाललाई सोही दिनदेखि नजरबन्दमा राखिएको छ।

हत्पते गाविस-८ का करिब २६ वर्षीय टंक सापकोटालाई माओवादीको आशंकामा ०६० कार्तिक ३

गते जिल्ला सदरमुकाममा आएको बेलामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ८ दिन हिरासतमा राखी साप्ताहिक तारिखमा रिहा गरियो। पीडितलाई हिरासतमा यातना दिइएको स्थानीय बासिन्दाले जनाए।

हत्पते गाविस-६ का करिब ३० वर्षीय खेटराज अधिकारी, सोही गाविस-७ का बलबहादुर सार्की र सोही ठाउँका ५४ वर्षीय बद्री भण्डारीलाई माओवादीको आरोपमा ०६० कार्तिक ११ गते आ-आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुमध्ये खेटराजलाई कार्तिक १३ गते भिमानबाट रिहा गरियो भने बद्रीलाई ०६० कार्तिक २६ गतेदेखि जेलमा नजरबन्दमा राखिएको छ।

कमलामाई नपा-४ मधुटारका ४० वर्षीय अर्जुन थापालाई ०६० कार्तिक १४ गते आफ्नै घरमा सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। मानसिक तथा शारीरिक यातना दिई सोही दिन राति तारिखमा रिहा गरिएको पीडितले बताए।

कमलामाई नपा-६ रातमाटाका ४५ वर्षीय होममणि बराललाई माओवादीको आशंकामा ०६० कार्तिक १६ गते बजारबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। आफूलाई व्यक्तिगत रीसइवीका कारण कसैले सुरक्षा निकायलाई गलत सूचना दिएको र सोही आधारमा गिरफ्तार गरी ४ दिनसम्म हिरासतमा राखेर आँखामा पट्टी बाँधी बुट तथा लाठीले हिर्काएर यातना दिएको पीडितले बताए। पीडितलाई कार्तिक १९ गते साप्ताहिक तारिखमा रिहा गरियो।

कमलामाई नपा-९ ढुंग्रेबासकी ३७ वर्षीय निर्मला श्रेष्ठलाई माओवादीको आरोपमा ०६० कार्तिक ३० गते राति घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई मंसिर १६ गते तारिखमा रिहा गरियो।

खोलागाउँ गाविस-९ का ३१ वर्षीय छविरमण पहाडी र उनका भाई २८ वर्षीय गोविन्द पहाडीलाई ०६० पुस ३ गते जिल्ला सदरमुकाममा जग्गा पास गर्न र पासपोर्ट बनाउन आउँदै गर्दा बेलघारी गाविस-१ स्थित बाटोबाट गस्तीमा गएका सुरक्षाकर्मीले गिरफ्तार गरे। सुरक्षाकर्मीले विभिन्न गाउँहरु घुमाएर ५ दिनपछि भद्रकाली गाविसको चियाबारीमा लगेर छोडिदिएको पीडितहरुले बताए। पीडितहरुलाई हाल १५-१५ दिनको तारिखमा रिहा गरिएको छ।

बालअधिकार

खोलागाउँ गाविस-९ की ६ महिनाकी नाबालिका उर्वसा पहाडीको ०५९ माघ १५ गते सोही ठाउँको तर्सेपँधेरी खोलामा मृत अवस्थामा लास फेला पर्‍यो। पीडित पक्षको उजुरीको आधारमा सौतेनी आमा सोही गाविस-८ की हिराकुमारी पहाडीलाई प्रहरीले गिरफ्तार गरी अदालतमा पेश गर्दा जिल्ला अदालतले ०५९ फागुन १६ गते विना धरौटी तारिखमा रिहा गर्‍यो।

पुरानो झाँगाझोली गाविस-६ की १२ वर्षीय पवित्रा दाहालको ०५९ माघ २३ गते आफ्नै बाबु कृष्णबहादुर दाहालले सितलपाटी गाविस-७ का १४ वर्षीय खड्का थरका केटासँग विवाह गरिदिए। पीडितका बाबुले दिदीको विवाहको कुरा छिनिएको र दिदीले विवाह गर्न नमानेपछि पवित्राको विवाह गरिदिएका थिए।

कमलामाई नपा-१० सिस्नेरीकी ४ वर्षीय एक बालिकालाई नातामा काका पर्ने झ्यापे भन्ने १५ वर्षीय गणेशबहादुर नेपालीले ०६० साउन २८ गते खेलिरहेको ठाउँबाट बोकेर आफ्नो घरमा लगी बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

कमलामाई नपा-७ की ९ वर्षीय जिना घिसिङ र उनकै बहिनी २ वर्ष ६ महिनाकी परजुना घिसिङ ०६० असोज ६ गते बिहान सैनिकले आफ्नो सुरक्षार्थ राखेको विद्युतीय धरापमाथि चट्याङ परी बिस्फोट हुँदा आफ्नै घरमा खेलिरहेको बेला घाइते भए। सानी छोरीको उपचार भएको तर ठूली छोरीको खुट्टामा गोली अड्किएकोले हालसम्म निकाल्न नसकिएको, पहिले सुरक्षा निकायले उपचार गराउन लागेको खर्च उपलब्ध गराइदिन्छौं भनेको तर हाल वास्ता नगरेको तथा प्रमुख जिल्ला अधिकारीले असहयोग गरेको पीडितका बाबुले बताए। जिल्लास्थित पशुपतिप्रसाद गणले आफ्नो जग्गा अतिक्रमण गरी प्रयोग गर्दै आएको पीडित पक्षले बताए।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दुर्व्यवहार

रानीचुरी गाविस-५ निगुरेकी २९ वर्षीय एक महिलालाई सोही ठाउँका १६ वर्षीय किरणकुमार रानामगरले विवाह गर्ने प्रलोभनमा पटक-पटक यौन शोषण गरे। पीडितले ०५९ पुस १७ गते प्रहरी कार्यालय, भिमानमा उजुरी गरे पनि कारवाही गरिएन। पीडकले हालको बच्चा कुनै माओवादीको होला भनी आफूलाई गाउँबाटै निकालिदिएको पीडितले बताइन्।

काभ्रे जिल्ला भिमखोरी गाविस घर भई कुशेश्वर विद्यापिठ, पानीपोखरी, दुम्जामा अध्ययनरत १८ वर्षीय एक युवतीलाई ०५९ माघ २२ गते राति कुशेश्वर दुम्जा

गाविस-४ घर भई सोही विद्यालयमा कार्यरत शिक्षक ३६ वर्षीय बच्चु कोइरालाले कोठामा गई बलात्कार प्रयास गरे। विद्यार्थीहरुले कारवाहीको माग गरेपछि पीडक अध्ययन विदा मिलाई गाउं छोडी काठमाडौं गएर बसेका छन्।

बस्तीपुर गाविस-५ की ६४ वर्षीय सुकलक्ष्मी थामीलाई ०५९ चैत १० गते आफ्नै छोरा कुटावहादुर थामीले लालपूर्जा माग्दै कुटपिट गरे। पीडितले जेठो छोराको नाममा बैंकबाट लालपूर्जा राखी ऋण झिकेका थिए। पीडितले जिल्ला प्रशासन कार्यालयमा उजुरी गरेकी छिन्।

कमलामाई नपा-५ का कैलाश खत्रीले ०६० वैशाख १७ गते कमलामाई नपा-४ आहालेकी दिलकुमारी माझीसँग दोस्रो विवाह गरे। पीडकलाई कुनै कारवाही भएन।

कमलामाई नपा-५ पोखरेलगाउँकी ३० वर्षीय मनमाया खत्रीलाई ०६० जेठ १२ गते आफ्नै पति कैलाश खत्रीले कुटपिट गरी घरबाट निकाली दोस्रो विवाह गरे। पीडितले प्रहरी कार्यालयमा कारवाहीको लागि उजुरी दिएकी छिन्।

यी बाहेक यस जिल्लामा पारिवारिक हिंसाका ३ वटा घटना सार्वजनिक भए जसमा २ महिला र १ पुरुष पीडित भए।

कमलामाई नपा-७ गैरीबजारकी २१ वर्षीय राधिका तामाङलाई ०५९ पुस २२ गते सोही ठाउँकी तामाङ थरकी ६० वर्षीय एक महिला र उनका छोरा मानबहादुर घिसिङले बोक्सीको आरोप लगाए। पीडितले प्रहरी कार्यालयमा उजुरी गरेपछि पीडकलाई सोही दिन प्रहरीले गिरफ्तार गरी एक हजार रुपैयाँ जरिवाना गरी आइन्दा यस्तो आरोप नलगाउने शर्तमा पुस २४ गते रिहा गरे।

पुरानो झागाझोली गाविस-६ नागेडाँडाकी ७० वर्षीय भक्तकुमारी दाहाललाई ०५९ चैत ९ गते सोही ठाउँकी ४८ वर्षीय मुना दाहाल र उनकै छोरा १७ वर्षीय रामकुमार दाहालले बोक्सीको आरोप लगाई सार्वजनिक वेइज्जति गरे। पीडकहरुले "तँ बोक्सी होस्, दिसा खुवाउनुपर्छ" भनी घर जलाएर मार्ने धम्की दिए। पीडितले पक्षले अदालतमा मुद्दा दायर गरेकोमा माओवादीको दबावका कारण ०६० मंसिर २५ गतेदेखि तारिख छोड्न लगाई पुस २५ गते मुद्दा डिसमिस गराइयो। सोही आरोपमा सोही ठाउँका २५ वर्षीय बद्री न्यौपाने, १७ वर्षीय रामकुमार दाहाल र सोही गाविस-७ का ३३ वर्षीय भीमसेन थापाले चैत १५ गते राति घरमा आगो लगाइदिए। पीडकहरुलाई स्थानीय गाउँलेहरुले प्रहरी कार्यालयमा लगेर बुझाए। पीडकहरु मध्ये बद्री र रामकुमारलाई ०६० वैशाख १५ गते पुर्पक्षका लागि थुनामा राखिएको छ भने भिमसेनलाई २० हजार रुपैयाँ धरौटीमा रिहा गरियो।

सितलपाटी गाविस-४ की ४५ वर्षीय निर्मला रिमाललाई ०५९ फागुन १३ गते सोही ठाउँकी १६ वर्षीय हस्तकुमारी पौडेल, ३२ वर्षीय गणेशबहादुर पौडेल, ५० वर्षीय रामप्रसाद कोइराला, सोही गाविस-५ का ४६ वर्षीय नेत्रप्रसाद दाहाल र ५७ वर्षीय हेमकुमारी पौडलले गाउँमा विवाहमा गएको अवस्थामा बोक्सी भनी गाली बेइज्जति गरे। पीडितले फागुन १९ गते जिल्ला अदालतमा मुद्दा दायर गरेकोमा ०६० वैशाख २३ गते दुबै पक्षबीच मिलापत्र भयो।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

कपिलाकोट गाविस-६ भगवतीखोलाका सन्तवहादुर ढलकोटी (सार्की) र उनकी पत्नी रिता भुजेललाई ०६० कार्तिक १३ गते सोही ठाउँका भरत भुजेल र उनका ३ दाजुभाइसमेतले आफ्नो आँखा अगाडि नबस्न धम्की दिँदै कुटपिट गरी गाउँबाट निकाले। पीडकहरुले छोरीले अन्तरजातीय विवाह गरेको कारण गाउं निकाला गरेका थिए। दलित सेवा संघको पहलमा उनीहरु गाउँ फर्किए भने पीडकलाई माफी मगाइयो। कार्तिक १३ गते पीडकहरुले पीडितका बुवा देवीबहादुर सार्कीलाई कुटपिट गरी विवाहित जोडीलाई पुन: घरबाट निकाल्न दवाव दिए। जसको कारण, पीडितहरु गाउँ छोडेर हिंडे। पीडक पक्षलाई कुनै कारवाही भएको छैन।

विविध

कमलामाई नपा-१४ की अनेमसंघ (क्रान्तिकारी) की केन्द्रीय उपाध्यक्ष कल्पना सुवेदीको घरमा ०६० असोज ३० गते रातीमा गएको सुरक्षाकर्मीले आगो लगाई दिए। पीडितका सपरिवार भूमिगत भएका र घर डढेर नष्ट भएको स्थानीय बासिन्दाले बताए।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

नेकपा (एमाले) ले आफ्ना कार्यकर्ताहरु घनश्याम वस्नेत, शंकर वर्मा, चमारसिंह घजान र बाबुकृष्ण पोखरेललाई ०६० जेठ ३ गते माओवादीले अपहरण गरी श्रम शिविरमा राखी अभद्र व्यवहार गरेकोमा ०६० जेठ ५

गते एक प्रेस विज्ञप्ति जारी गरी दुर्व्यवहार तुरुन्त रोकी यथाशिघ्र सकुशल रिहा गर्न माग गऱ्यो। त्यसैगरी जेठ ८ गते जारी विज्ञप्तिमा उहाँहरुमध्ये शंकर र घनश्यामसँग चन्दा लिएर मुक्त गरेकोमा युद्धविराम आचारसंहिता विपरीत गरिएको जरिवाना तुरुन्त पीडित पक्षलाई फिर्ता गरी आचारसंहिताको इमान्दारिताका साथ कार्यान्वयन गर्न सम्बन्धित पक्षसँग आग्रह गऱ्यो।

आन्दोलनरत पाँच राजनीतिक दलद्वारा ०६० जेठ १७ गते कमलामाई नपा-११ भिमानमा निकालिएको प्रतिगमनको पुत्लासहितको जुलुसमाथि प्रहरीले हस्तक्षेप गरी पत्रकारको क्यामरासमेत खोसिएकोमा पाँच दलले एक प्रेस विज्ञप्ति जारी गरी शान्तिपूर्ण जुलुसमाथि सरकारले गरेको हस्तक्षेपप्रति भर्त्सना एवम् खेद प्रकट गरे।

इन्सेक वर्ष पुस्तक प्रतिनिधि आनन्द दाहाल र ह्युरेन्सका कार्यक्रम संयोजक कृष्णहरि घिमिरेले ०६० साउन १६ गते एक संयुक्त विज्ञप्ति जारी गरी साउन १४ गते भद्रकाली गाविस-८ पचभैयामा सादा पोशाकमा हिंडेका निःशस्त्र दुईजना सैनिकलाई माओवादीले निर्ममतापूर्वक हत्या गरेको र बाहुनतिल्पुडस्थित वैंकटेश्वर उच्च माविका प्रधानाध्यापक तथा लेखापाललाई अपहरण गरेकोमा विरोध र भर्त्सना गर्दै युद्धविराम आचारसंहिताको पूर्ण पालना तथा आम नेपालको शान्तिप्रतिको चाहनामाथि तुषारापात नगर्न सम्बन्धित पक्षसँग माग गरे।

संयुक्त जनआन्दोलन संयोजन समिति, सिन्धुलीका तर्फबाट एमालेका सचिव केशवप्रसाद देवकोटा र नेकाँका उपसभापति चिरञ्जीवी ढकालले ०६० भदौ ७ गते एक विज्ञप्ति जारी गरी भदौ ४ गते कमलामाई नपा- ७ का मानबहादुर घिसिङ तथा भिमस्थान गाविस-६ का श्याम भन्ने गंगाबहादुर स्याङ्तानलाई सार्वजनिक स्थलमा मरणासन्न हुनेगरी कुटपिट गर्दै गिरफ्तार गरेकोमा उनीहरुको रिहाई र पीडितका परिवारलाई उचित क्षतिपूर्ति प्रदान गर्न तथा दोषीलाई कारवाही गरी पुनः यस्ता घटना नदोहोऱ्याउन अपिल गरे।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष ८ पुरुष र ५ महिलाले आत्महत्या गरे। सवारी दुर्घटनामा ३ पुरुषको मृत्यु भयो। ठगीका २ वटा घटना भए। भवितव्यबाट १ महिला र ५ पुरुषको मृत्यु भयो। डाँका/चोरीका ३ वटा घटना भए। खोलामा डुबेर १ नावालक, आगलागीमा परी १ पुरुष र करेन्ट लागी १ जनाको मृत्यु भयो भने २ जना घाइते भए।

२.५ रामेछाप



जनसंख्या	:२५२०५६
साक्षरता प्रतिशत	:२९.०५
महिला साक्षरता प्रतिशत	:२६.३७
क्षेत्रफल (वर्ग कि.मी.)	:१५४६
गाविस/नपा संख्या	:५५/०
निर्वाचन क्षेत्र	:२
विद्यालय	:४११
क्याम्पस/उच्च मावि	:२/६
अस्पताल/स्वास्थ्य चौकी	: ३/५३
टेलिफोन लाइन	:२०६
मोटर सडक (कि.मी.)	:४७
प्रहरी कार्यालय संख्या	:३
हुलाक संख्या	:५५
मानव विकास सूचकांक	:०.३१५
प्रति एक डाक्टर जनसंख्या	:७०८०३
प्रति परिवार सरदर संख्या	:५.३६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

बिजुलीकोट गाविस-४ का नेकाँका कार्यकर्ता २८ वर्षीय शान्ति तामाङलाई ०५९ माघ २ गते सुरक्षाकर्मीले धोवी गाविसमा गोली हानी हत्या गरे। सुरक्षा निकायले उक्त घटना भिडन्तमा भएको जनायो।

डडुवा गाविस-७ का माओवादी कार्यकर्ता १९ वर्षीय खिरलाल योञ्जनलाई ०६० जेठ २० गते किर्नेटारबाट गस्तीमा आएका सुरक्षाकर्मीले फुलासी गाविस-४ मा घेरामा पारी गोली हानी घाइते बनाए। पीडितको सुरक्षाकर्मीको कब्जामा नै मृत्यु भयो। रक्षामन्त्रालयद्वारा जारी विज्ञप्तिमा उक्त घटना भिडन्तमा

भएको बताए। यस घटनाका सम्बन्धमा शान्तिका लागि नागरिक समाजका तर्फबाट डा. मथुराप्रसाद श्रेष्ठको नेतृत्वमा गठित सात सदस्यीय टोलीले छानबिन गरेको थियो। निशस्त्र अवस्थामा रहेका व्यक्तिलाई सुरक्षाकर्मीले गिरफ्तार नगरी गोली चलाउँदा भएको सो घटनालाई राज्यका कलंकको संज्ञा दिँदै निष्पक्ष छानबिन गरेर दोषीलाई दण्डित गर्ने सुझाव दिएको थियो।

दोरम्बा गाविस-१ का टेकबहादुर थापालाई ०६० साउन ३२ गते माओवादीको बैठकमा सहभागी भइरहेको अवस्थामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

बेथान गाविस-५ का नेकपा (माओवादी) का जिल्ला जनसरकार प्रमुख पुष्प भनिने बाबुराम तामाङ, सोही पार्टीका ललितपुर जिल्ला इकुडोल गाविस-६ की ललिका भनिने अम्बिका दाहाल, बेथान गाविस-५ का रक्तिम भनिने प्रदिप दोङ, डडुवा गाविस-४ की संगीता थामी, फुलासी गाविस-८ का यथार्थ भनिने हर्कबहादुर तामाङ, गेलु गाविस-५ का समीर भनिने रवी चौहान, चनखु गाविस-३ की सहारा भनिने उमा कार्की, चनखु गाविस-९ का इन्क्लाब भनिने श्याम तामाङ, पुरानागाउँ गाविस-८ का असल भनिने पदमराज गिरी, दोरम्बा गाविस-१ की विमा भनिने विष्णुमाया थापामगर, दोरम्बा गाविस-३ का छोक्पा भनिने ठूलोराम तामाङ, तारा भनिने सानोराम तामाङ, छायाँ भनिने लक्ष्मण तामाङ, धनुषा जिल्ला घर भएका नाम नखुलेका जमीन, सोलुखुम्बु जिल्लाकी विमला भनिने हर्कलक्ष्मी राई, काभ्रे जिल्ला चौवास गाविसका नाम नखुलेका सोम, दोरम्बा गाविस-२ का युवराज मोक्तान र लिला मोक्तान तथा डडुवा गाविस-५ का समर भनिने चतुरमान थामीलाई ०६० साउन ३२ गते सुरक्षाकर्मीले दोरम्बा गाविस-२ स्थित युवराज मोक्तानको घरबाट गिरफ्तार गरी करिब एक घण्टा टाढा पर्ने डडुवा गाविस-९ को डाँडाकटेरी भन्ने ठाउँको मूल बाटोनजिकै चौरमा लगी गोली हानी हत्या गरे। उक्त घटना सरकार र माओवादीबीच दाङको हापुरेमा वार्ता भइरहेको अवस्थामा भएको थियो। पीडितहरुलाई बैठकमा सहभागी भइरहेको अवस्थामा गिरफ्तार गरिएको थियो। घटनाको राष्ट्रिय मानव अधिकार आयोगले छानबिन गरेको थियो। सो छानबिन टोलीले प्रतिवेदनको निष्कर्षमा भनेको छ- "हात पछाडि बाँधिएका १९ जना कब्जामा लिइएका व्यक्तिहरुलाई नजिकबाट बन्दुकले गोली प्रहार गरी मारिएको कुरा अन्तर्राष्ट्रिय मानवीय कानुन र खासगरी आन्तरिक प्रकृतिको सशस्त्र विवादको समयमा गिरफ्तार गरी पूर्ण रुपमा कब्जामा लिइएका बन्दीहरुलाई संरक्षण गर्नु पर्दछ भन्ने सिद्धान्त रहेको जेनेभा महासन्धिको साझा धारा ३ को विपरित भएको पाइयो। राष्ट्रिय सन्दर्भमा उक्त कार्य नेपाल अधिराज्यको संविधान, सैनिक ऐन, प्रहरी ऐन र सशस्त्र प्रहरी ऐनको प्रतिकूल हुन गएको अनुसन्धान समितिको ठहर रहेको छ।"

सिन्धुली जिल्ला वाशेश्वर गाविसका माओवादी कार्यकर्ता ४० वर्षीय ढुकुरे सार्कीलाई ०६० असोज २२ गते रामेछाप ब्यारेकबाट गएको सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी रामेछाप गाविस-७ को हर्दीनी जंगलमा पुऱ्याई गोली हानी हत्या गरे।

बाम्ती गाविस-५ का माओवादी कार्यकर्ता २६ वर्षीय मोतीलाल घतानीलाई ०६० कार्तिक ३ गते दोलखाको जिरी ब्यारेकबाट गएका सुरक्षाकर्मीको गस्ती टोलीले चुचुरे गाविस-९ मा गोली हानी हत्या गरे।

पिङ्खुरी गाविस-४ का २८ वर्षीय लाशाङ

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	६	४	२		६	६	६	१		७	१२	२४	७		३१
घाइते	४	७			७	५	५	३		८	५	९	२		११
बम विस्फोटन						१			१	१					
गिरफ्तारी/यातना											२५	३०	४		३४
बेपत्ता											१		१		१
कुटपिट	६	६	१		७	१२	१२	२		१४	६	८	२		१०
धम्की						२	३	१		४					
भेला/संगठित हुने अधिकार											२			२	२
जातीय विभेद	४	५			५										
महिलाअधिकार	१५		१८		१८	३		३		३					
बालअधिकार	४	१	३	१	५						१		१		१
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	७	११			११						५	६८	१		६९
अपहरण	५	३	२		५	२५	२६	७	५०	८३					
जम्मा	५१	३७	२६	१	६४	५४	५२	१७	५१	१२०	५८	१३९	१८	२	१५९

लामालाई ०६० कार्तिक २७ गते पुरानागाउँ गाविस-९ मा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

सिन्धुपाल्चोक जिल्ला घर भएकी माओवादी कार्यकर्ता २५ वर्षीय प्रतिक्षालाई ०६० कार्तिक २७ गते सुरक्षाकर्मीले दोरम्बामा गोली हानी हत्या गरे।

नेकपा (माओवादी) की कार्यकर्ता बन्दना भनिने बेलिमाया श्रेष्ठलाई ०६० कार्तिक २८ गते दोरम्बा गाविसमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

माकादुम गाविस घर भएका माओवादी कार्यकर्ता २५ वर्षीय दीपक बुढाथोकीलाई ०६० मंसिर ११ गते खाँडादेवी गाविसको गाल्वा बजारबाट भाग्दै गर्दा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

दोरम्बा गाविसको दोरम्बाबजारस्थित सैनिक बेस क्याम्पका सुरक्षाकर्मीले ०६० मंसिर २५ गते माओवादीका तीन जना कार्यकर्ताहरुको गोली हानी हत्या गरे। पीडितहरुको नाम सार्वजनिक हुन सकेन।

डडुवा गाविसको खोलाखर्कमा नाम ठेगाना खुल्न नसकेका एक माओवादी कार्यकर्तालाई ०६० पुस ९ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

सोलुखुम्बु जिल्ला घर भएका माओवादी पूर्वी विग्रेड सल्लेरी बटालियन 'वी' कम्पनी नं. ३ प्लाटुन नम्वर ३ का सेक्सन फोर्सम्यान वीरेन्द्र घलानलाई ०६० पुस १५ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

माओवादीबाट

पुरानागाउँ गाविस-८ स्थित माओवादी तालिम शिविरमा ०५९ पुस २७ गते बम विस्फोट हुँदा थामी थरका एक माओवादी कार्यकर्ताको मृत्यु भयो।

मन्थली गाविस-९ घर भई जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान २४ वर्षीय ओम भण्डारीको ०६० असार ११ गते ड्युटीमा रहेको अवस्थामा बम विस्फोट हुँदा मृत्यु भयो।

पकरवास गाविस-६ का एमाले कार्यकर्ता ४५ वर्षीय पुष्कर चौहानलाई ०६० भदौ १४ गते विद्यालयको वैठकमा भाग लिन गइरहेको अवस्थामा माओवादीले अपहरण गरी माकादुम गाविस-३ मा पुऱ्याई कुटपिट गरेर गोली हानी हत्या गरे।

दोरम्बा गाविस-४ की ग्रामीण स्वास्थ्य कार्यकर्ता ४४ वर्षीय रेलीमाया मोक्तानलाई सुराकीको आरोपमा ०६० भदौ १५ गते माओवादीले घरबाटै अपहरण गरी राति दोरम्बा गाविस-७ को बोदलमा लगी हत्या गरे।

दोरम्बा गाविस-४ का नेकाँका कार्यकर्ता ४५ वर्षीय भीमबहादुर श्रेष्ठलाई सुराकीको आरोपमा ०६० भदौ १५ गते माओवादीले घरबाट अपहरण गरी दोरम्बा बजारनजिकै गोली हानी हत्या गरे।

अन्य

लखनपुर गाविस-९ का २७ वर्षीय सिंहबहादुर घिसिङलाई खेतमा रोपाई गरी घर फर्किंदै गरेको अवस्थामा ०६० साउन ५ गते अज्ञात व्यक्तिले बाटोमा गोली हानी हत्या गरे। पीडितलाई माओवादीले हत्या गरेको बताइयो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

मन्थली गाविस-६ की २६ वर्षीय सुकमाया माझी र १८ वर्षीय सन्सरी माझी ०५९ चैत १६ गते सुरक्षाफौजको क्याम्प नजिकै घाँस काट्न जाँदा विस्फोटमा परी घाइते भए। पीडितहरुमध्ये एकजनालाई काठमाडौंमा लगी उपचार गरियो।

जिल्ला प्रहरी कार्यालयमा कार्यरत एक प्रहरी असई र एक जवान ०६० साउन १९ गते सो कार्यालयमा बम विस्फोट हुँदा घाइते भए।

देउराली गाविसमा ०६० असोज २ गते सुरक्षाकर्मीले प्रहार गरेको गोली लागी दुई माओवादी कार्यकर्ताहरु घाइते भए। पीडितहरु भागिरहेको अवस्था गोली हानेको सुरक्षा निकायले जनायो।

वाग्लुङ जिल्ला घर भई सुरक्षा क्याम्प, मन्थलीमा कार्यरत प्रहरी जवान लालवहादुर क्षेत्री ०६० असोज १२ गते क्याम्पभित्रै भएको विस्फोटमा परी घाइते भए।

पिङ्खुरी गाविस-४ का ज्ञानवहादुर लामा ०६० कार्तिक २७ गते सुरक्षाकर्मीले प्रहार गरेको गोली लागी घाइते भए।

माओवादीबाट

भटौली गाविस-२ मा ०५९ पुस २८ गते

माओवादीद्वारा हत्या गरिएका पुष्कर चौहान

सुरक्षाकर्मीको टोलीलाई लक्षित गरी माओवादीले बम विस्फोट गराए। विस्फोटनबाट कुनै क्षति भएन। माओवादीले यस्तै प्रकारको विस्फोट ०६० कार्तिक ७ गते भटौली गाविस-१ मा पनि गराएका थिए।

दोरम्बा गाविस-२ का गोपाल तामाङको घरमा बास बसिरहेका दुई जना माओवादी कार्यकर्ताको ०६० कार्तिक १२ गते आफूले बोकेको झोलामा राखिएको बम विस्फोट हुँदा मृत्यु भयो। सोही घटनामा परी घर धनी २९ वर्षीय पासाङ तामाङ पनि घाइते भए।

दोरम्बा गाविसको सुरक्षा बेस क्याम्पमा ०६० मंसिर २५ गते माओवादीले गरेको आक्रमणमा परी एक सैनिक जवान घाइते भए।

जेल र बन्दीहरू

रामेछाप जेलमा पुरुष महिला गरी कूल १८ जना बन्दी छन्। जसमध्ये कैद नतोकिएका ५ पुरुष र २ महिला तथा कैद तोकिएका ६ पुरुष र ५ महिला गरी ११ जना रहेका छन्। यसवाहेक २ जना आश्रित नावालिका छन्।

बेपत्ता / अपहरण

माओवादीबाट

सैपु गाविस-३ का ७० वर्षीय चन्द्रबहादुर कार्कीलाई चन्दा नदिएको आरोपमा ०५९ पुस १८ गते माओवादीले अपहरण गरे। पीडितलाई कुटपिट गरी गाउँ घुमाई मुक्त गरियो।

टोकरपुर गाविस-८ का पूर्व गाविस अध्यक्ष ४० वर्षीय पूर्णबहादुर थापामगरलाई गाविसको रकम हिनामिना गरेको आरोपमा ०५९ पुस २५ गते माओवादीले घरबाटै अपहरण गरे। पीडितलाई माघ २ गते मुक्त गरियो।

टोकरपुर गाविस-२ का एमाले कार्यकर्ता २८ वर्षीय नारायण पाठकलाई ०५९ पुस २६ गते माओवादीले अपहरण गरी भोलिपल्ट मुक्त गरियो।

सैपु गाविस-४ का २५ वर्षीय रोमहरि पौडेललाई ०५९ कार्तिक ३ गते माओवादीले पार्टीको कार्यक्रम छ भनी घरबाट अपहरण गरे। पीडित हालसम्म बेपत्ता छन्।

अज्ञात समूहद्वारा बेपत्ता पारिएका नामाडी गाविस-७ का लोकबहादुर खड्का

साँघुटार गाविस-८ का कक्षा १० मा अध्ययनरत १६ वर्षीय चन्द्रप्रसाद सुवेदी र कक्षा ८ मा अध्ययनरत १५ वर्षीय दधिराम सुवेदीलाई ०६० जेठ २८ गते माओवादीले घरबाट अपहरण गरे। पीडितहरु भोलिपल्ट लक्ष्मीवास भन्ने ठाउँबाट माओवादीको घेरा तोडी भागे।

हिमगंगा गाविस-३ का कक्षा १० मा अध्ययनरत १७ र १६ वर्षीय सुन्तली नेवार, रिताकुमारी जोगी , कक्षा ८ मा अध्ययनरत १५ वर्षीय चुन्नी नेवार, १५ वर्षीय सेती नेवार र १६ वर्षीय डल्ली मगरलाई ०६० भदौ ५ गते माओवादीले अपहरण गरे। पीडितहरु हालसम्म बेपत्ता छन्।

दुरागाउँ गाविस-७ का एमाले कार्यकर्ता ३९ वर्षीय रमेश वाग्लेलाई ०६० भदौ १२ गते मन्थलीबाट घर फर्कने क्रममा सैपु गाविस-४ बाट माओवादीले अपहरण गरी भदौ १६ गते मुक्त गरे।

माकादुम गाविस-४ का ४६ वर्षीय बच्चु खत्रीलाई ०६० भदौ १६ गते, भटौली गाविस-४ का २२ वर्षीय श्रीकृष्ण प्रसाईलाई ०६० असोज ९ गते, ठोसे गाविसका पूर्व उपाध्यक्ष ३५ वर्षीय महेशलाल प्रधान, सोही गाविस-६ का ३३ वर्षीय सुरेन्द्र कार्कीलाई ०६० असोज २४ गते, तिल्पुङ गाविसका सचिव ४५ वर्षीय वशिष्ट गुरु भण्डारीलाई ०६० कार्तिक १६ गते, सिद्धेश्वर मावि वाम्तीका प्रधानाध्यापक ५० वर्षीय ज्ञानबहादुर क्षेत्रीलाई विभिन्न आरोपमा ०६० कार्तिक २१ गते माओवादीले अपहरण गरे। पीडितहरुलाई विभिन्न मितिमा मुक्त गरियो।

चिसापानी गाविसका एमाले कार्यकर्ता ३० वर्षीय कृष्ण ढुंगेललाई ०६० कार्तिक २३ गते माओवादीले अपहरण गरे। पीडित हालसम्म बेपत्ता छन्।

तिल्पुङ गाविस-३ का २२ वर्षीय धनलाल तामाङलाई ०६० मंसिर १० गते, सितदेवी प्रावि सैपुका शिक्षक ३३ वर्षीय सोमबहादुर महतलाई ०६० मंसिर ११ गते माओवादीले अपहरण गरे। पीडितहरु ०६० पुस ५ गते लखनपुर गाविसबाट भागेर फर्किए।

तिल्पुङ गाविस-६ का १९ वर्षीय कुमार तामाङलाई चोरी गरेको अभियोगमा ०६० मंसिर ११ गते माओवादीले घरबाट अपहरण गरे। पीडितलाई श्रमशिविरमा राखेको

माओवादीद्वारा सार्वजनिक जानकारी गराइयो।

तिल्पुङ गाविस-६ का २६ वर्षीय भीमबहादुर तामाङलाई ०६० मंसिर ११ गते, दोरम्वा गाविस-२ का ५० वर्षीय रामबहादुर मोक्तानलाई ०६० मंसिर २६ गते र बिजुलीकोट गाविस-८ की १९ वर्षीय टिकामाया महतलाई ०६० पुस १३ गते माओवादीले अपहरण गरे। पीडितहरुलाई बिभिन्न मितिमा मुक्त गरियो।

साँघुटार गाविस-२ का भृङ्गेश्वर मावि, बिजुलीकोटका शिक्षक २९ वर्षीय रामकुमार खत्रीलाई गर्भवती बनाएको महिलालाई स्वीकार नगरेको आरोपमा ०६० पुस १३ गते माओवादीले अपहरण गरे। पीडकलाई माओवादीले गर्भवती महिला जिम्मा लगाई मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

भटौली गाविस-१ मा व्यापार गर्ने ३२ वर्षीय जनक श्रेष्ठलाई ०५९ पुस २८ गते, मन्थली गाविस-५ का एमाले कार्यालय सचिव ३५ वर्षीय केशव फुयाललाई ०६० वैशाख २९ गते, बिजुलीकोट गाविस-४ की ५२ वर्षीय वाकी तामाङ र बिजुलीकोट गाविस-४ की ८३ वर्षीय विमला तामाङलाई ०५९ माघ २ गते र टोकरपुर गाविस-२ का ३८ वर्षीय कृष्णप्रसाद कँडेललाई ०६० मंसिर १३ गते सुरक्षाकर्मीले कुटपिट गर्दै लछारपछार गरे।

माओवादीबाट

पकरवास गाविस-५ का ५५ वर्षीय रुद्रप्रसाद घिमिरे, ४० वर्षीय हरिप्रसाद पौडेल, ३५ वर्षीय कुमार कोइराला, ५५ वर्षीय शिवहरि जोगी र ३८ वर्षीय जीवनाथ पौडेललाई तास खेलेको आरोपमा ०५९ पुस २४ गते माओवादीले कुटपिट गरी तास चपाएर निल्न लगाए।

खिम्ती गाविस-४ का ४७ वर्षीय रामकुमारी भुजेललाई छोरा लान नदिएको आरोपमा ०५९ माघ २४ गते माओवादीले खुकुरी प्रहार गरी घाइते बनाए।

हिलेदेवी गाविस-९ की १९ वर्षीय फूर्माया ग्यापक तामाङलाई ०५९ फागुन २० र २१ गते माओवादीहरुले आफ्ना कार्यकर्ता सुमन लामाले पत्नीको रुपमा स्वीकार नगरेको विषयलाई लिएर बैठक राखी फूर्मायावाट जन्मिएको बच्चा सुमनको नभएको भन्दै सिस्नोपानी र ब्याट्री जोडेर जिब्रोमा करेण्ट लगाए। फूर्माया र सुमनको विषयमा एक वर्ष अघि नै जिल्ला अदालतले पति र पत्नीको नाता कायम गरिसकेको थियो। जिल्ला अदालतको फैसलालाई माओवादीले अस्वीकार गर्दै उनीहरुको 'जनअदालत' वाट ४ वर्षको लागि मुद्दा मुल्तवी राखेको वताए।

दुरागाउँ गाविस-४ की ३२ वर्षीय श्रीमती सुनुवारलाई ०५९ फागुन १६ गते, साँघुटार गाविस-८ की ४० वर्षीय तुलसीमाया सुवेदीलाई ०६० वैशाख १३ गते, दुरागाउँ गाविस-८ की ४२ वर्षीय पाङला गुरुङलाई ०६० वैशाख १९ गते, कटहरे मावि तिल्पुङका शिक्षक ३५ वर्षीय विन्देश्वर यादवलाई ०६० जेठ ८ गते, भटौली गाविस-१ घर भएका सैनिक जवानहरु २८ वर्षीय मिनबहादुर तामाङ र कृष्णबहादुर तामाङलाई ०६० जेठ १३ गते, प्रिती गाविस-४ का ३३ वर्षीय शिव सुनुवारलाई ०६० साउन ३ गते, पकरवास गाविस-४ का ३२ वर्षीय कृष्णबहादुर कार्की र यशोदा कार्कीलाई ०६० असोज १ गते, टोकरपुर गाविस-२ का २२ वर्षीय राजन कँडेल र सुदर्शन कँडेललाई ०६० भदौ १४ गते, तिल्पुङ गाविस-५ का ६८ वर्षीय पूर्व सैनिक उर्गेल तामाङलाई ०६० कार्तिक २ गते, सोही गाविस-६ की ३५ वर्षीय डिल्लिमाया तामाङ र १९ वर्षीय कुमार तामाङलाई ०६० मंसिर १३ गते र गेलु गाविस-७ का ३८ वर्षीय पूर्व प्रहरी हवल्दार ःणेशबहादुर थापामगरलाई विभिन्न आरोपमा ०६० पुस १ गते माओवादीले कुटपिट गरे।

दोरम्वा गाविस-७ का ६० वर्षीय देउसे सार्कीलाई कुखुरा चोरेको आरोपमा ०६० वैशाख २२ गते सोही ठाउँका माओवादी कार्यकर्ता २८ वर्षीय वाला तामाङले कुटपिट गरी ३० हजार रुपैयाँ तिर्नुपर्ने निर्णय सुनाए। पीडित गाउँ छोडी अन्यत्र गए।

हिमगंगा मावि साँघुटारका शिक्षक २९ वर्षीय प्रमोदानन्द झाँलाई ०६० जेठ २८ गते माओवादीले चन्दा माग्दा नदिएको आरोपमा मार्ने धम्की दिए। पीडित गाउँ छोडी सदरमुकाम आई वसेकोमा जिल्ला शिक्षा कार्यालयले अन्यत्र सरुवा गर्‍यो।

गुन्सी गाविस घर भएका पूर्वमन्त्री ४५ वर्षीय कमलप्रसाद चौलागाई, टोकरपुर गाविस-२ का एमाले रामेछापका उपसचिव ४० वर्षीय तुलप्रसाद कँडेल र दोरम्बाका नेकाँका कार्यकर्ता ५० वर्षीय डिकवहादुर तामाङलाई ०६० भदौ १२ गते माओवादीका जिल्ला इन्चार्ज हरिप्रसाद दाहाल (ललित) ले दोरम्बाको सार्वजनिक सभामा मृत्युदण्ड दिइने घोषणा गरे। पीडितहरुलाई विना सोधपुछ गोली समेत हानिने धम्की दिइयो।

अन्य

यसवाहेक यस वर्ष अन्य पक्षबाट धम्की र कुटपिटका १२ वटा घटनामा एक सुत्केरी महिलासमेत ५ महिला र ८ पुरुप पीडित भए।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

पकरवास गाविसका ५० जना विद्यार्थी र अभिभावकहरुलाई ०५९ फागुन १४ गते माओवादीहरुले जबरजस्ती उनीहरुको कार्यक्रममा सहभागी गराउन लिएर गए।

पाँच राजनीतिक दलले शाही घोषणाको विरोध गर्दै निकालेको जुलुसमाथि ०६० वैशाख २७ गते सेनाले हस्तक्षेप गरी तितरवितर पारे।

जिल्ला विकास समिति घेराउ गर्न गएका राजनीतिक पार्टीका कार्यकर्ताहरुलाई ०६० जेठ ७ गते प्रहरीले हस्तक्षेप गरी भित्र जान दिएन्।

राजनीतिक पार्टीहरुको मालपोत कार्यालय घेराउ गर्न गएको जुलुसमाथि ०६० जेठ २७ गते प्रहरीले हस्तक्षेप गरी त्यसतर्फ जान दिएन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा यस वर्षको अन्त्यसम्म ७ मुद्दा छन्। गत वर्ष जिम्मेवारी सरेर आएका १ सय ५४ र यस वर्ष दर्ता भएका ८५ मुद्दा रहेकोमा १ सय ३२ वटा फर्स्यौट भए। सरकारवादी फौज्दारीतर्फ १४ वटा मुद्दाहरु जिम्मेवारी सरेर आएका थिए। एक वर्षमा ६ वटा मुद्दा अदालतमा दर्ता भए। ती मध्ये ७ वटा मुद्दा फर्स्यौट भई १३ मुद्दा बाँकी रहे। सार्वजनिक फौज्दारी मुद्दातर्फ ६३ वटा जिम्मेवारी सरेर आएका छन्। यस वर्ष २९ मुद्दा दर्ता भए। ६६ मुद्दा फर्स्यौट भए। हाल अदालतमा २६ वटा मुद्दा विचाराधीन छ। देवानीतर्फ ७७ वटा मुद्दा जिम्मेवारी सरेर आएका छन्। यस वर्ष ५० मुद्दा अदालतमा दर्ता भए। जसमध्ये, ५९ फर्स्यौट भए भने ८६ बाँकी छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

हिलेदेवी गाविसबाट विधवा भत्ता लिने महिलाहरुलाई ०५९ पुसदेखि ०६० असारसम्मको रकम गाविसले ६ सयको कागज गराई ४ सय रुपैयाँ मात्र दियो। यसैगरी खनियापानी गाविसका ७५ वर्ष माथिका वृद्धहरुको ०५९ माघदेखि ०६० असारसम्मको भत्तावापत ९ सय रुपैयाँ पाउनुपर्नेमा गाविसले ६ सय रुपैयाँ मात्र दियो।

लुवुगाल्वा-मन्थली मोटरबाटो निर्माणको लागि ०५९/६० मा सुनापति विकास समाज रामेछापले जिविसबाट २३ लाख रुपैयाँ लगेकोमा ५ सय मिटर बाटो पनि खनिएन।

खिम्ती गाविस- १ का ४८ वर्षीय भूमिराज खड्कालाई सडक कार्यालयले मिल भत्काएको मुआब्जा रकम ५ लाख ९५ हजार रुपैयाँ दिने निर्णय ०५९ भदौमा नै गरेको भए पनि ०६० साउनसम्म पनि रकम उपलब्ध गराइएन।

आर्थिक अधिकार

सालु गाविस-२ घर भई मन्थलीमा फर्निचर उद्योग संचालन गरी बस्ने २६ वर्षीय विष्णुकुमार आले र यमवहादुर आलेसँग ०६० फागुन १३ गते घरेलु तथा साना उद्योग विकास समितिका सुब्बा उमेशकुमार सिंहले उद्योग दर्ता गर्ने रकम भनी ३ हजार ५ सय रुपैयाँ समेत लगे। पीडितले जिल्ला प्रशासन कार्यालयमा उजुरी गरेपछि उक्त रकम फिर्ता गरे।

मन्थली गाविस-४ का रामबाबु गिरी, विष्णु कार्की र कृष्ण अधिकारीसँग कृषि विकास बैंकका प्रबन्धक अरुणकुमार बरुवालले ५७ हजार रुपैयाँ घूस लिएको उजुरी परेपछि जिल्ला प्रशासन कार्यालयले १ लाख १४ हजार रुपैयाँ धरौटी लिई ०६० पुस २ गते रिहा गरियो।

कृषि सामग्री कम्पनी, मन्थलीका प्रमुख हरिदेव चौधरीले रासायनिक मल बेचेको ४ लाख ५० हजार रुपैयाँ हिनामिना गरेपछि ०६० साउन १७ गते जिल्ला प्रशासन कार्यालयले गिरफ्तार गरी रकम तिर्ने कागज गराएर भोलिपल्ट रिहा गरियो।

विस्थापित

फुलासी गाविस-१ का पूर्व गाविस अध्यक्ष ८५ वर्षीय तेजबहादुर अधिकारीको घर ०६० भदौ ३० गते, हिमगंगा गाविस-६ का ६५ वर्षीय खड्गबहादुर विक र उनको परिवारका ६ जना सदस्यलाई ०६० भदौ १३ गते, सोही गाविस-५ का ५५ वर्षीय गोरे विकलाई ०६० भदौ २३ गते, फुलासी गाविस-१ का मोहन थापाको घरमा ०६० भदौ ३१ गते, बेथान गाविस-३ का गोविन्द खड्काको घरमा ०६० असोज ३ गते, हिलेदेवी गाविस-८ का ५० वर्षीय मेघबहादुर खत्रीको घरमा ०६० असोज ३ गते, चनखु गाविस-५ का ७३ वर्षीय पूर्व प्रधानपञ्च हेमबहादुर कार्कीको घरमा ०६० भदौ ३१ गते, दोरम्बा गाविसका डिकबहादुर योञ्जन, विनोद योञ्जन, कर्मजीत योञ्जन र चण्डिकालाल मोक्तानको घरमा ०६० भदौ ३१ गते, डडुवा गाविस-५ का गजबहादुर तामाङको घरमा ०६० असोज ५ गते, दिमीपोखरी गाविस-८ का ५० वर्षीय दिलबहादुर तामाङको घरमा ०६० असोज ५ गते, लखनपुर गाविस-१ का ६८ वर्षीय हरिप्रसाद गौतमको घरमा ०६० असोज ५ गते, प्रिती गाविस-४ का ५८ वर्षीय शेरबहादुर बस्नेतको घरमा ०६० कार्तिक १२ गते, पूर्व कृषि तथा पशु सहायक

मन्त्री आङछिरिङ लामा, पूर्व रापंस प्रेमबहादुर कार्की, कृतिबहादुर कार्की र दावापासाङ शेर्पाको बाम्ती गाविसस्थित घरमा ०६० कार्तिक २० गते, नेकाँका सचिव भ्रूपड़राज भण्डारीको प्रिति गाविस-४ स्थित घरमा ०६० कार्तिक २० गते, कुभुकास्थली गाविसका गंगाबहादुर कार्कीको घरमा ०६० कार्तिक २० गते, गुन्सी गाविस-३ का शिक्षक ३९ वर्षीय कमल चौलागाईंको घरमा ०६० असोज ८ गते माओवादीले विभिन्न आरोपमा ताला लगाई जग्गा र सम्पूर्ण सम्पत्ति पार्टीको कब्जामा लिए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

लखनपुर गाविस-६ तिमालडाँडा प्राविका शिक्षक ५० वर्षीय षडानन्द गौतमलाई ०५९ पुस २१ गते मन्थली आएको अवस्थामा प्रहरीले गिरफ्तार गरी केही समयपछि रिहा गरे।

सिन्धुली जिल्लाको भीमेश्वर गाविस-९ का देवेन्द्र देवकोटा, अर्जुन देवकोटा, गोविन्द देवकोटा र प्रकाश देवकोटालाई माओवादीमा लागेको आरोपमा ०५९ माघ १३ गते रतनचुरा गाविस-९ बाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुलाई केही दिनपछि रिहा गरियो।

खिम्ती गाविस-१ का माओवादी कार्यकर्ता ४८ वर्षीय पुष्प कडेरियालाई ०५९ माघ १५ गते सुरक्षाकर्मीले खिम्तीबाट गिरफ्तार गरी किर्नेटार व्यारेकमा यातना दिई दोलखा जेलमा पठाए। पीडित अत्यन्त अशक्त अवस्थामा दोलखा जेलमा सार्वजनिक भए। हाल उनी थुनामै रहेका छन्।

लखनपुर गाविस-२ का २८ वर्षीय प्रेमसागर योञ्जनलाई माओवादीको आरोपमा ०५९ माघ १६ गते खासाको सामान बेच्न गएको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हिरासतमा राखी रिहा गरियो।

तिल्पुङ गाविस-५ का प्रस्तावित मावि कटहरेका शिक्षक ३० वर्षीय नारायण श्रेष्ठलाई ०५९ माघ २० गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितलाई यातना दिई रिहा गरियो।

तिल्पुङ गाविस-४ का ४४ वर्षीय धनबहादुर कार्कीलाई ०५९ माघ २४ गते र सोही गाविसका दलबहादुर दर्लामीलाई माओवादीको आरोपमा ०५९ माघ २६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुलाई हिरासतमा राखी रिहा गरियो।

तिल्पुङ गाविसबाट दुई जना माओवादी कार्यकर्तालाई ०५९ माघ २६ गते, नेकपा (माओवादी) का जिल्ला समिति सदस्य श्याम श्रेष्ठ, एरिया सदस्य नरेन्द्र, पार्टी कार्यकर्ताहरु टोकरपुर गाविस-२ का रामहरि कँडेललगायत् ४ जनालाई ०५९ फागुन १६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुलाई ०६० असारमा रिहा गरियो।

दोरम्बा गाविस-१ की माओवादी कार्यकर्ता २२ वर्षीय विष्णुकुमारी थापामगरलाई ०६० जेठ ४ गते, खिम्ती गाविस-१ का २४ वर्षीय कुमार भूजेललाई ०६० साउन ३ गते, सालु गाविस-२ का २० वर्षीय सुवास बस्नेतलाई ०६० साउन १३ गते, पुरानागाउँ गाविस-८ का ३२ वर्षीय महारुद्र गिरीलाई ०६० साउन ३२ गते, सोही गाविस-६ का शिक्षक ३६ वर्षीय दिलिप गिरीलाई ०६० भदौ १५ गते, सोही गाविस-१ का २९ वर्षीय राधा भनिने हेमबहादुर बुढाथोकीलाई ०६० भदौ २० गते, पकरवास गाविस-६ का शिक्षक ३७ वर्षीय हरिप्रसाद ढुंगेललाई ०६० भदौ २७ गते, सालु गाविस-२ का २५ वर्षीय कृष्णरमण अधिकारीलाई ०६० भदौ २८ गते र चनखु गाविसका पूर्व अध्यक्ष ४५ वर्षीय ठाकुरबहादुर कार्कीलाई ०६० असोज ५ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुलाई विभिन्न मितिमा रिहा गरियो।

पुरानागाउँ गाविस-९ का १७ वर्षीय शिवबहादुर वोहोरालाई ०६० भदौ १५ गते सुरक्षाकर्मीले घरवाट गिरफ्तार गरे। पीडितलाई ०६० भदौ २१ गते रामेछापवाट मन्थली ल्याउनेक्रममा वाटोमा कुटपिट गर्नुका साथै घिसार्दै यातना दिए। पीडितलाई हाल नजरवन्दमा राखिएको छ।

भलुवाजोर गाविस-५ का २५ वर्षीय रामकुमार विकलाई ०६० असोज २८ गते, हिमगंगा गाविस-३ की २८ वर्षीय सुन्तली श्रेष्ठलाई ०६० कार्तिक १५ गते, देउराली गाविस-९ का ३२ वर्षीय नरबहादुर श्रेष्ठलाई ०६० कार्तिक १५ गते र पिङखुरी गाविस-४ की रेनुका लामालाई ०६० कार्तिक २७ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुलाई हाल नजरबन्दमा राखिएको छ।

गोठगाउँ गाविसका पूर्व गाविस उपाध्यक्ष दुर्गाबहादुर थापा र बाबुराम कार्कीलाई ०६० मंसिर १७ गते, गोठगाउँ गाविस-५ का ५० वर्षीय भीमबहादुर बुढाथोकीलाई ०६० मंसिर २५ गते, साँघुटार गाविस-६ का पूर्व प्रधानपञ्च ५६ वर्षीय नेत्रप्रसाद सुवेदीलाई ०६० मंसिर २५ गते र साँघुटार गाविस-७ का ६० वर्षीय गुञ्जबहादुर ढकाललाई ०६० मंसिर २५ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुलाई विभिन्न मितिमा रिहा गरियो।

बालअधिकार

दोरम्बा गाविसमा ०६० साउन ३२ गते २० जना

माओवादी कार्यकर्ताहरु मारिएको प्रतिशोधमा माओवादीले मान्छे मारेपछि डराएर शिक्षकहरु भागेका कारण काकालिङ मावि दोरम्बा, प्रयागेश्वर मावि पकरवास, युगज्योति प्रावि पकरवास, खारढुङ्गा प्रावि खाडादेवीलगायतका विद्यालय एक महिनासम्म बन्द हुँदा विद्यार्थीहरु अलपत्र परे। बन्द विद्यालयहरु तिहारपछि खुले।

मन्थली गाविस-५ की १५ वर्षीय एक बालिकालाई ०६० जेठ २९ गते प्रहरी जवान बुद्धिमान कुमालले फकाएर यौन दुर्व्यवहार गर्न खोज्दा स्थानीय मानिसहरुले फेला पारी प्रहरीको गस्ती टोलीलाई जिम्मा लगाए।

पौष्टिक आहार कार्यालयले समयमा नै पौष्टिक आहारको सामान ढुवानी नगर्दा ०६० असार अन्तिमदेखि ०६० को कार्तिकसम्म जिल्लाका ४३ हजार विद्यार्थी पौष्टिक आहारबाट वञ्चित भए।

पिङ्खुरी गाविस-४ की रेनु लामालाई ०६० कार्तिक २७ गते सुरक्षाकर्मीले गिरफ्तार गरेपछि पीडितकी ११ महिनाकी छोरी आमाको दुध खान नपाई अलपत्र परिन्।

महालंगुर मावि, गम्देलका शिक्षक कुटिएको भनी ०६० मंसिर ११ गते प्रधानाध्यापक दोमासकी शेर्पाले विद्यालय बन्द गरी सदरमुकाम आई बसेपछि विद्यालयमा एक महिनासम्म पठनपाठन बन्द भयो। विद्यार्थीहरु अलपत्र परे।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव दुर्व्यवहार

निल्पुङ गाविस-५ की १७ वर्षीय तारा कार्की र १६ वर्षीय खिला कार्कीलाई ०५९ फागुन १० गते सोही गाविसका राजु बुढाथोकीले भारततर्फ बिक्री गर्न लान खोज्दा प्रहरीले गिरफ्तार गरे।

सैपु गाविस-३ की एक युवतीसंग ०५९ फागुन १७ गते माओवादीका मिलिसिया प्रमुख यमबहादुर पौडेलले यौन सम्पर्क गरिरहेको अवस्थामा फेला पारी दुवैलाई माओवादीको जिम्मा लगाए।

कठजोर गाविस-१ की २३ वर्षीय कमला खत्रीलाई घरमा बस्न नमानेको भनी ०६० वैशाख ९ गतेदेखि पति जीतबहादुर खत्रीले घरमा उनकै नजरबन्द गरी राखे।

बिजुलीकोट गाविस-८ की १९ वर्षीय टिकामाया महतलाई ०६० साउन २२ गते सोही ठाउँका भृङ्गेश्वर माविका शिक्षक २९ वर्षीय रामुकमार खत्रीले गर्भवती बनाई छोरी जन्माए। पीडितले अदालतमा मुद्दा दायर गरे पनि हाल मुद्दा फर्स्यौट भएको छैन।

निल्पुङ गाविस-२ की ८० वर्षीय लक्ष्मीमाया पौडेललाई ०६० मंसिर ८ गते आफ्नै बुहारी ५० वर्षीय राधा पौडेलले कुटपिट गरी घरबाट निकालिन्।

रामेछाप गाविस-१ की ७७ वर्षीय चिनिमाया देउजालाई ०६० पुस ४ गते आफ्नै छोरा कृष्णबहादुर देउवाले कुटपिट गरी घरबाट निकाले।

खिम्ती गाविस-५ की ६५ वर्षीय पदमुकमारी बरुवाललाई बेश्याको आरोपमा ०६० पुस ७ गते आफ्नै देवर टंकप्रसाद र देउराली ज्ञानु बरुवालले कुटपिट गरी घरबाट निकाले।

रामपुर गाविस-३ की ६९ वर्षीय बिमली परियारलाई बोक्सीको आरोपमा ०६० जेठ ३ गते गाउँलेहरुले गाउँबाट निकाले। पीडित माइतीमा बस्दै आएकी छिन्।

भटौली गाविस-१ की ५० वर्षीय सन्तमाया माझीलाई बोक्सीको आरोपमा ०६० साउन २६ गते सोही ठाउँका ५६ वर्षीय भक्तबहादुर माझीले कुटपिट गरे।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूत समेत

मन्थली गाविस-१ का ३५ वर्षीय बिजुले कामीलाई ०६० वैशाख ८ गते सोही गाविस-२ का धनबहादुर श्रेष्ठले होटलभित्र पसेको भनी कुटपिट गरे।

पकरवास गाविस-६ का २३ वर्षीय रामहरि दुंगेललाई ०६० जेठ २ गते कमिनी ल्याई भित्र्याएको भनी उनका बाबुलाई गाउँलेहरुले सामाजिक बहिष्कार गरे।

माल्नु गाविस-२ की ७ वर्षीय रिड्की दमाईलाई र ४२ वर्षीय कृष्णबहादुर दमाईलाई पँधेरोको पानी छोएको भनी ०६० भदौ १३ गते सोही ठाउँका ४५ वर्षीय ढुकुने सार्कीले कुटपिट गरे।

चनखु गाविस-७ की १९ वर्षीय ठूली खड्कासँग ०५९ फागुनमा सोही गाविसका २२ वर्षीय दुर्गाबहादुर थापाले प्रेम विवाह गरेकोमा तल्लो जातको भनी ०६० असारमा अभिभावकले जबरजस्ती केटी फिर्ता गरे।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

असोज १८ गतेको शाही घोषणाको विरोधमा पाँच राजनीतिक पार्टीहरुले विभिन्न मितिमा विविध कार्यक्रम संचालन गरे। त्यस्तै कार्यक्रम विद्यार्थीहरुले पनि संचालन गरे।

संरचना क्षति

रामेछाप गाविस-७ को हर्दिनीबाट सिन्धुलीलाई

जोड्ने सुनकोशी नदीको झोलुङ्गे पुलको लठ्ठा ०६० कार्तिक ४ गते माओवादीले काटिदिए।

दोरम्वा गाविसको दोरम्वा बजार र आसपासका क्षेत्रमा खानेपानी ल्याएको खोलाखर्कस्थित मुहान ०६० मंसिर २५ गते सेनाले पानी खाएको भनी माओवादीले भत्काइदिए।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष पहिरोमा परी २ पुरुष र १ महिलाको मृत्यु भयो भने एकजना महिलाले झुण्डिएर आत्महत्या गरिन्।

विगतको अनुगमन

बाङ्गेसल्ला मावि, पुरानागाउँका प्रधानाध्यापक ३५ वर्षीय रामबाबु गिरीलाई माओवादीको आरोपमा ०५९ साउन ३ गते सुरक्षाकर्मीले काठमाडौंबाट गिरफ्तार गरी बेपत्ता पारेका थिए। पीडितलाई ०५९ माघ ९ गते रामेछाप ब्यारेकमा लगी रिहा गरियो।

कठजोर गाविस-३ का ३३ वर्षीय अम्विका अधिकारीलाई माओवादीको आरोपमा ०५९ कार्तिक १० गते सुरक्षाकर्मीले काठमाडौंबाट गिरफ्तार गरेको थियो। उनलाई ०५९ माघ ६ गत रामेछाप ल्याई रिहा गरियो।

गत वर्ष गिरफ्तार गरिएका मन्थली गाविसका पूर्व अध्यक्ष ध्रुवकुमार कार्की, भलुवाजोर गाविस-६ का दिलबहादुर तामाङ, सुकाजोर गाविस-९ का काले घिसिङ, बेताली गाविस-९ की गोमा थापामगरलाई ०५९ चैत १० गते, भलुवाजोर गाविस-६ का २५ वर्षीय तेजवहादुर तामाङलाई ०६० वैशाख १८ गते, मन्थली गाविस-९ का ६८ वर्षीय चनखबहादुर कार्कीलाई ०६० वैशाख २३ गते, सालु गाविसका पूर्व अध्यक्ष ४० वर्षीय हिरण्य बस्नेत, मन्थली गाविस-१ का २५ वर्षीय चुडाबहादुर खड्का, तिल्पुङ गाविसका रामकुमार पाण्डे, पुरानागाउँ गाविसका ३२ वर्षीय हेमबहादुर बुढाथोकी र सालु गाविसका ३२ वर्षीय निलकण्ठ श्रेष्ठलाई ०६० जेठ १ गते, रामेछाप गाविस-२ का २४ वर्षीय हिराबहादुर तामाङलाई ०६० असार १९ गते र तिल्पुङ गाविस-१ का ३२ वर्षीय दिपकवहादुर बुढाथोकीलाई ०६० असार ३२ गते नजरबन्दबाट रिहा गरियो।

२.६ दोलखा



जनसंख्या	:२२७६५८
साक्षरता प्रतिशत	:४७.९८
महिला साक्षरता प्रतिशत	:२७.२८
क्षेत्रफल (वर्ग कि.मी.)	:२१९१
गाविस/नपा संख्या	:५१/१
निर्वाचन क्षेत्र	:२
विद्यालय	:३५३
क्याम्पस/उच्च मावि	:३/४
अस्पताल/स्वास्थ्य चौकी	:१/५८
टेलिफोन लाइन	:४३५
मोटर सडक (कि.मी.)	:८८
प्रहरी कार्यालय संख्या	:२
हुलाक संख्या	:५४
मानव विकास सूचकांक	:०.३४०
प्रति एक डाक्टर जनसंख्या	:५८६३७
प्रति परिवार सरदर संख्या	:४.७३

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

हाववा गाविस-३ का लोकवहादुर कामीको ०६० भदौ २८ गते सुरक्षाकर्मीको गोली लागी मृत्यु भयो। सुरक्षास्रोतले उक्त घटना दोहोरो भिडन्तमा भएको बतायो।

मागापौवा गाविस-२ थलथले धारामा सुरक्षाकर्मीको गोलीद्वारा ०६० असोज १५ गते माओवादी विशेष कमिटी सदस्य वर्षा भनिने २१ वर्षीय कमला बस्नेतको मृत्यु भयो भने मागा गाविसका रिमालबाबु श्रेष्ठ सख्त घाईते भए। घाइतेलाई उपचारार्थ काठमाडौंस्थित सैनिक अस्पतालमा लगियो।

नाम्दु गाविस-४ का काजी भनिने ३५ वर्षीय

पदमबहादुर मगर र जंगु गाविस-७ का देवबहादुर जिरेललाई ०६० कार्तिक २० गते सोही गाविस-१ मा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

चंखु गाविस-५ की मिरा भनिने जालु खातीको ०६० मंसिर १ गते सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

बुलुङ गाविस भिरमुनी भन्ने ठाउँमा श्रीमान् तामाङलाई ०६० मंसिर २ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

मेलुङ गाविस-७ मा माओवादी कार्यकर्ता शुक्र विक र मेलुङ गाविस-७ का किसान २८ वर्षका हरिशंकर भण्डारीलाई ०६० मंसिर ३ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। माओवादीले चन्दा उठाउँदैछन् भन्ने जानकारी पाएपछि सुरक्षाकर्मीले गोली प्रहार गरेका थिए।

नाम्दु गाविस- ५ का दोलखा जिल्ला माओवादी जिल्ला संगठन समिति सदस्य विपिन भनिने केशर रिमाल र जिल्ला कार्यालय टिमका सदस्य उर्जा तामाङलाई ०६० मंसिर १९ गते सुरक्षाकर्मीले लामीडाँडामा गोली हानी हत्या गरे। सुरक्षाश्रोतले मृतकहरुबाट सकेटबम, दस्तावेज प्राप्त गरेको जनायो।

मालु गाविस-२ का २५ वर्षीय अविराम भनिने दुर्गाबहादुर खड्का र नेपाली थरका अर्का एकजनालाई ०६० पुस ९ गते जफे गाविस-४ छौंडेमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

माओवादीबाट

शैलुङ्गेश्वर गाविसमा गस्तीमा गएका सुरक्षाकर्मीलाई लक्षित गरी ०६० साउन ३२ गते माओवादीले गराएको प्रेसर कुकर बम विस्फोटबाट जिल्ला प्रहरी कार्यालयमा कार्यरत सशस्त्र प्रहरी डम्बरबहादुर आलेको घटनास्थलमै मृत्यु भयो।

लामिडाँडा गाविस-६ का कालीनाग मावि सिंगटीका शिक्षक ३७ वर्षीय उद्धवराज शिवाकोटीलाई ०६० भदौ १० गते साँझ आफ्नै घरमा खाना खान तयारी गरेको बेला माओवादीले अपहरण गरेकोमा भदौ २५ गते हत्या गरी झुण्डाएको अवस्थामा नाम्दु गाविस-६ काँडेमा लास फेला पऱ्यो। अपहरण भएको सोह्रौं दिनमा बाटोनजिक झुण्डाएर राखेको अवस्थामा लास फेला परेको थियो। लासमा "कसैले नछुनु होला, खतरा" लेखी जीउमा विद्युत तार जडान गरी झुण्डाइएको थियो।

गैरीमुदी गाविस-१ का रामबहादुर तामाङ, भीमबहादुर तामाङ र रामेछाप जिल्ला गुप्तेश्वर गाविस-६ का २० वर्षीय दावा तामाङको ०६० भदौ २१ गते काठमाडौंबाट जिरीतर्फ गइरहेको यात्रुबाहक बसमा काब्रे गाविस-५ मैनापोखरीमा माओवादीले बम विस्फोट गराउँदा घटनास्थलमै मृत्यु भयो।

च्यामा गाविस-५ का कालिका मावि हावाका शिक्षक ३५ वर्षीय तिलक केसी (आपागाई) लाई ०६० भदौ २८ गते बेलुकी ७.०० बजे खाना खाई घर बाहिर निस्कन लाग्दा माओवादीले अपहरण गरी हत्या गरे। पीडितको लास भोलिपल्ट बिहान शहरे गाविस-६ उकाली, देउराली भन्ने ठाउँमा घाँटी रेटिएको अवस्थामा भेटिएको थियो।

रामेछाप जिल्ला गेलु गाविस घर भई शाही नेपाली सेनाको शेरगण अन्तरगत चरिकोट गुल्ममा कार्यरत सैनिक जवान २४ वर्षीय विनोदकुमार खड्कालाई ०६० जेठ २४ गते रामेछापको दोरम्बाबाट माओवादीले अपहरण गरी ०६० असोज ४ गते काटाकुटी गाविस-१ मा माओवादीले हत्या गरे। पीडितसँगै अपहरण गरिएका

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	३	३			३	७	१६			१६	११	१६	२		१८
घाइते	८	११	१		१२	१०	११		३९	५०	९	१५		४४	५९
बम विस्फोटन						६			६	६	१	१			१
गिरफ्तारी/यातना											३८	४६	२०		६६
कुटपिट	२	२			२						५	१२			१२
धम्की	१	१			१	५	८	१		९					
महिलाअधिकार	२		२		२										
बालअधिकार	२			२	२										
अपहरण						२३	२६	१		२७					
जम्मा	१८	१७	३	२	२२	५१	६१	२	४५	१०८	६४	९०	२२	४४	१५६

गेलु गाविस-२ का बद्रि खड्कालाई माओवादीले पहिले नै मुक्त गरेका थिए। लासमा खतरा भनी टाँसेको र लास पहिचान हुन नसक्दा सुरक्षाकर्मीद्वारा १२ दिनपछि सतगद् (लास गाड्ने काम) भएको थियो।

सिन्धुपाल्चोक जिल्ला कुविण्डे घर भएका प्रहरी हवल्दार टिका सापकोटा र दोलखा जिल्ला फस्कुका प्रहरी जवान भरत बुढाथोकीलाई ०६० पुस १० गते माओवादीले गोली हानी हत्या गरे।

दोहोरो भिडन्त

हावा गाविस-९ मा ०६० भदौ २२ गते गस्तीमा गएका सुरक्षाकर्मी र माओवादीबीच जम्काभेट हुँदा माओवादीले प्रहार गरेको सकेट बमबाट चितवन जिल्ला माडी घर भएका सैनिक पूर्णबहादुर लामा र सुरक्षाकर्मीले प्रहार गरेको गोलीबाट घ्याङ्सुकठोकर गाविस-२ का ४४ वर्षीय विज्ञान भनिने विष्णु ढकालको घटनास्थलमै मृत्यु भयो। सोही घटनामा माओवादीको आशंकामा गैरीमुदी गाविस-३ का ढालबहादुर तामाङ र सुरज तामाङको सुरक्षाकर्मीको गोलीद्वारा सोही दिन मृत्यु भयो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

शैलुङ्गेश्वर गाविसमा गस्तीमा गएका सुरक्षाकर्मीलाई लक्षित गरी ०६० साउन ३२ गते माओवादीले गराएको प्रेसर कुकर बम विस्फोटबाट जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी नन्दकिशोर केसी घाइते भए। एक अर्को घटनामा शेरदल गुल्म, खिम्तीबाट जिरी जान लागेका चार सुरक्षाकर्मी विद्युतीय धरापमा परी घाइते भए।

जेल र बन्दीहरू

३६ जना बन्दी क्षमता रहेको दोलखा जेलमा हाल ४३ जना बन्दी छन्। जसमा, ६ महिला र ३७ पुरुष छन्। बन्दीहरुमध्ये कैद तोकिएका २४ जना र कैद नतोकिएका १९ जना छन्। जेलको अवस्था जीर्ण छ।

बेपत्ता / अपहरण

माओवादीबाट

धनुषा जिल्ला तुलसी गाविस-५ घर भई शेरगण अन्तर्गत किर्नेटार गुल्ममा कार्यरत सैनिक जवान २३ वर्षीय गोपालसुन्दर श्रेष्ठलाई ०५९ पुस २३ गते मेलुङ गाविसबाट माओवादीले अपहरण गरे। पीडितलाई ०५९ माघ २३ गते सत्यश्वर मावि, पवटीमा जनसभाको आयोजना गरी जिल्लास्थित पत्रकार र मानवअधिकार कार्यकर्ताको रोहवरमा परिवार (बुवा-आमा) को जिम्मा लगाए।

मार्बु गाविस-७ का ५१ वर्षीय डोमा शेर्पालाई ०५९ माघ २५ गते माओवादीले अपहरण गरी ५ वर्ष श्रम कैद र १० हजार रुपैयाँ जरिवाना तोके। छिमेकी वाङ्दी शेर्पाको हत्यामा संलग्न रहेका डोमालाई छिमेकीहरुले चरिकोट सदरमुकाम ल्याउँदै गर्दा माओवादीले अपहरण गरी श्रमकैद र जरिवाना तोकेका हुन्।

लापिलाङ गाविस-३ घर भई सुन्द्रावती गाविस-९ कालिञ्चोक नजिक कुरीमा होटल व्यवसाय सञ्चालन गरी बसेका ४२ वर्षीय स्याङ्बो शेर्पालाई ०६० साउन २४ गते होटलबाट माओवादीले अपहरण गरे। पीडित साउन २५ गते राति माओवादी कब्जाबाट उम्कन सफल भई हाल विस्थापित भएका छन्।

घ्याङ्सुकठोकर गाविस-१ घर भई रामेछाप जिल्लामा कार्यरत प्रहरी जवान २४ वर्षीय गजेन्द्रविक्रम कार्कीलाई ०६० साउन १८ गते घर विदामा जान लाग्दा घ्याङ गाविस-१ स्वामीको फेद, टापुबाट माओवादीले अपहरण गरे। पीडितलाई केही दिनपछि मुक्त गरियो।

मालु गाविस-९ का १९ वर्षीय नवराज पोखरेल र नाम्दुका राजकुमार उप्रेतीलाई ०६० साउन ३० गते भीमेश्वर नपा-६ तामाकोशी बजारबाट माओवादीले अपहरण गरी कुटपिट गरे। पीडितलाई केही दिनपछि मुक्त गरियो।

मालु गाविस-८ का गुप्तेश्वर प्रस्तावित निमावि्का शिक्षक ढालकाजी योगीलाई ०६० भदौ ९ गते "तपाईंहरुसँग केही समय छलफल गर्नुछ" भनी माओवादीले घरबाट अपहरण गरे। पीडितलाई पाँच दिनपछि मुक्त गरियो।

मालु गाविस-३ स्थित उपस्वास्थ्यचौकी मालुका ग्रामीण स्वास्थ्य कार्यकर्ता ईश्वरी खड्कालाई ०६० भदौ ९ गते दिउँसो सोही गाविसको डाँडागाउँको पसलमा बसिरहेको अवस्थामा माओवादीले अपहरण गरे। पीडितलाई भदौ १३ गते मुक्त गरियो।

नाम्दु गाविस-४ का पदम भनिने ३० वर्षीय काजी मगरलाई परस्त्रीसँग सम्पर्क गरेको आरोपमा ०६० भदौ १८ गते घरबाट माओवादीले अपहरण गरे। पीडितलाई केही दिनपछि मुक्त गरियो।

बावरे गाविस-६ का ठुङठुङ प्रावि लामाबगरका शिक्षक ३६ वर्षीय देवेन्द्र खतिवडालाई ०६० भदौ २७ गते लामीडाँडा गाविस-६ बाट माओवादीले अपहरण गरे। पीडितलाई ०६० असोज ७ गते एक कार्यक्रमको आयोजना गरी परिवारको जिम्मा लगाइयो।

बावरे गाविस-८ का ४१ वर्षीय जीवनाथ खतिवडा र पुष्कर खतिवडालाई ०६० असोज ४ गते बेलुकी ५ बजे घरबाट माओवादीले अपहरण गरे। पीडितलाई ९ दिनपछि

मुक्त गरियो। पीडितहरु जीवनाथ कमला प्रावि र पुष्कर महादेवश्वरी प्रावि, बाबरेका शिक्षक हुन्।

लादुक गाविस-८ सिंगटी बजारबाट ३६ वर्षीय कुमार कार्कीलाई ०६० असोज १८ गते बिहान १०.३० बजे ससुराली टिका लगाउन जान लागेको समयमा माओवादीले अपहरण गरे। पीडितलाई ३३ दिनपछि घरमा ल्याई मुक्त गरियो।

लामीडाँडा गाविस-२ का ४७ वर्षीय जगतबहादुर कार्कीलाई ०६० असोज २२ गते बेलुका ७:३० बजे घरबाट माओवादीले अपहरण गरे। पीडितलाई जीउमा निलडाम देखिने गरी कुटपिट गरिएको थियो। पीडित ४ दिनपछि राति माओवादी कब्जाबाट उम्कन सफल भए।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

सुरी गाविस-५ स्थित इविथान प्राविमा शिक्षकहरुको श्रोत केन्द्रस्तरीय प्रधानाध्यापक भेला र स्थानीय सहकारीको बैठकमा उपस्थित ३० जनालाई ०६० मंसिर १ गते सुरीमा सुरक्षाकर्मीले कुटपिट गरी घाइते समेत बनाए।

माओवादीबाट

भीमेश्वर नपा-८ का ५३ वर्षीय प्रेमबहादुर कार्कीलाई खानेपानीको पाईपलाइन काटी पानी खान नदिएको र जग्गा मिचेको आरोपमा ०६० जेठ ९ गते माओवादीले कुटपिट गरे।

झ्याकु गाविस-२ का ३२ वर्षीय हेमप्रसाद पाठक, ५६ वर्षीय रामकृष्ण पाठक र २५ वर्षीय बालकृष्ण पाठकको घरजग्गा ०६० असार ५ गते माओवादीले बेचबिखन गर्न रोक्का भएको सूचना टाँसे। झ्याकु गाविस-२ का ३२ वर्षीय हेमबहादुर पाठकलाई खाना खान नदिएको आरोपमा ०६० असोज ४ गते माओवादीले घरमा कुटपिट गरी विस्थापित गराए।

जफे गाविस-१ का ईश्वरचन्द्र पोखरेल र सोही गाविस-२ का लिलाहरि पोखरेलको घरमा ०६० पुस ९ गते माओवादीद्वारा घोषित इलाका जनसरकार सदस्य अर्जुन भण्डारीले घरमा भएको सामान यथावत राखी ताला लगाइदिने सूचना टाँसे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

चरिकोट सदरमुकाममा ०६० जेठ १७ गते सुरक्षाकर्मीको कुटपिटबाट ५ जना आन्दोलनकारी घाइते भए। नेकपा (एमाले) जिल्ला सदस्य वसन्तराज कार्की, बाबुकाजी कार्की, डी. पाण्डे र भीमेश्वर नपा-२ का टिकानारायण प्रधान गम्भीर घाइते भएका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा देवानी ३२ र फौज्दारी ३३ गरी कूल ६५ वटा मुद्दा दर्ता भए। गत वर्षको जिम्मेवारी सरेर आएका समेत हाल जिल्ला अदालतमा ५५ देवानी र ३९ फौज्दारी गरी ९४ वटा मुद्दा फर्स्यौट हुन बाँकी छन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

सिन्धुपाल्चोक जिल्ला फूलपिङकोट गाविस-४ का शिशन भनिने रुपक सापकोटा, कालिका गाविस-१ का अशोक भनिने प्रेम विक, कुमार भनिने रामकुमार कार्की, विदुर माझी, दोलखा जिल्ला बाबरे गाविस-६ का विजय भनिने अर्जुन बुढाथोकी, लामीडाँडा गाविसका किशोर भनिने टिकाराम न्यौपाने, घ्याङ गाविस-१ का वद्री भनिने विष्णु पौडेल, सुनखानी गाविस-१ का रञ्जिता भनिने शुशीला वुढाथोकी, लापिलाङ गाविस- ५ की विना भनिने सविना कार्की, सुनखानी गाविस-५ की उर्मिला भनिने देवकी पाण्डे, रचना भनिने गीता पाण्डे, बाबरे गाविसकी एलिना भनिने सृजना बुढाथोकी, शैलुङ्गेश्वर गाविस-४ की विमला कार्की र लामीडाडा गाविस- ३ की अञ्जु भनिने तारा खड्कालाई ०६० असार ३० गते गर्ल्तीमा गएका सुरक्षाकर्मी र होटलमा खाजा खान बसेका माओवादीबीच जम्काभेट हुँदा सुन्द्रावती गाविस-९ कालिञ्चोक कुरीबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। सुरक्षाश्रोतले माओवादीबाट विष्फोटक पदार्थसमेत बरामद गरेको बताए। पीडितहरुमध्ये रुपक, देवकी, सृजना, महेन्द्र, तारा र विष्णुलाई ०६० मंसिर १५ गते काठमाडौं जेलमा सरुवा गरियो।

सोलुखुम्वु जिल्ला रावादोलु गाविसका १४ वर्षीय निशा वस्नेत र १६ वर्षीय अनिश कार्कीलाई माओवादीको आरोपमा ०६० साउन २० गते जिरी हाटडाँडाबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०६० असोज २८ गते चरिकोट जेलबाट रिहा गरियो।

भीमेश्वर नपा-१३ का पूर्व प्रहरी ५० वर्षीय दिलबहादुर खड्कालाई ०६० भदौ १४ गते राति सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितलाई ०६० भदौ १७ गते रिहा गरियो।

गैरीमुदी गाविस-३ की ३५ वर्षीय मुन्नली तामाङलाई ०६० भदौ १५ गते राति भीमेश्वर नपा-१०

माओवादीद्वारा अपहरण गरी हत्या गरिएका उद्धव शिवाकोटी

स्थित ग्रामीण विकास टुकीसंघको कार्यालयको निवासमा बसेको बेला राति आठ बजे सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ६ दिनपछि रिहा गरियो।

मेलुङ गाविस- ९ घर भई स्वास्थ्यचौकी मेलुङमा अहेब पदमा कार्यरत ३६ वर्षीय गोपाल दाहाललाई ०६० भदौ १९ गते बेलुकी ५:३० बजे घरवाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई भोलिपल्ट खिम्ती गुल्मबाट रिहा गरियो।

बोच गाविस-२ का २८ वर्षीय ज्ञानबहादुर तामाङलाई ०६० भदौ २१ गते सुरक्षाकर्मीले आफ्नो होटल पसलबाट गिरफ्तार गरे। पीडितलाई ४ दिनपछि चरिकोटबाट रिहा गरियो।

हावा गाविस-७ का १९ वर्षीय प्रकाश सुनुवार, सोही गाविस-८ का १८ वर्षीय ढालबहादुर सुनुवार, सोही गाविस-९ का ५० वर्षीय जीतबहादुर नेपाली र ३१ वर्षीय जीतबहादुर तामाङलाई ०६० भदौ २२ गते सुरक्षाकर्मीले गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

गैरीमुदी गाविस-२ की २३ वर्षीय नीरा घिसिङलाई ०६० असोज १४ गते सुरक्षाकर्मीले चरिकोटबाट गिरफ्तार गरे। पीडितलाई ७ दिनपछि रिहा गरियो।

गैरीमुदी गाविस-२ का ५४ वर्षीय मकरबहादुर तामाङलाई ०६० असोज २६ गते सुरक्षाकर्मीले चरिकोटबाट गिरफ्तार गरे। पीडितलाई ३ दिनपछि रिहा गरिएकोमा ०६० कार्तिक २१ गते पुन: गिरफ्तार गरी ७ दिनपछि रिहा गरियो।

चंखु गाविस-६ की ५३ वर्षीय फिङडोमा शेर्पालाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०६० असोज २८ गते चरिकोटबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ५ दिन प्रहरी हिरासतमा राखी कार्तिक २ गतेदेखि थुनामा राखिएको छ।

रामेछाप जिल्ला पुरानागाउँ घर भई दोलखा जिल्ला हावा गाविस-४ मा बस्दै आएकी १६ वर्षीय सुनिता केसीलाई ०६० कार्तिक २२ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल नजरबन्दमा राखिएको छ।

गैरीमुदी गाविस-८ का जनज्योती मावि, गैरीमुदीका शिक्षक ३५ वर्षीय मिनबहादुर तामाङलाई ०६० मंसिर ९ गते सुरक्षाकर्मीले चरिकोटबाट गिरफ्तार गरे। पीडितलाई २ दिनपछि रिहा गरियो।

च्यामा गाविस घर भई सातदोबाटोनजिक होटल सञ्चालन गरी बसेका कृष्णप्रसाद फुयाललाई ०६० मंसिर १९ गते भीमेश्वर नपा-१० सातदोबाटोबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई केही दिनपछि रिहा गरियो।

सुनखानी गाविसका निवर्तमान कार्यवाहक अध्यक्ष रुद्रध्वज अधिकारीलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०६० पुस १२ गते सुरक्षाकर्मीले चरिकोटबाट गिरफ्तार गरे। पीडितलाई १२ दिनपछि रिहा गरियो।

माओवादीले यात्रु बसमा प्रेसर कुकर बम विस्फोट गराउँदा मारिएका रामबहादुर तामाङ र भीमबहादुर तामाङ

सुनखानी गाविस-५ का शंकर शिवाकोटी र सोही गाविस-३ का दिनेश शिवाकोटीलाई ०६० पुस १४ गते सुरक्षाकर्मीले चरिकोटबाट गिरफ्तार गरे। पीडितहरुमध्ये दिनेशलाई २ र शंकरलाई १२ दिनपछि रिहा गरियो।

सुर्खेत जिल्ला घर भएका २० वर्षीय लक्ष्मीप्रसाद लामिछानेलाई माओवादीको आशंकामा सुरक्षाकर्मीले चरिकोटबाट गिरफ्तार गरे। पीडितलाई हाल थुनामा राखिएको छ।

बालअधिकार

कालिञ्चोक गाविस-१ की २० वर्षीय पार्वती थामीले आफैले

जन्माएका बच्चाको हत्या गरिन्। पीडकलाई हत्याको अभियोगमा ०६० साउन १ गते प्रहरी हिरासतमा राखियो। पार्वती अदालतको आदेशमा धरौटीमा रिहा भइन्।

दुधपोखरी गाविस-२ स्थित मावलीघरमा बस्दै आएकी ५ वर्षीय एक बालिकालाई ०६० कार्तिक १२ गते साँझ ५ बजे धनुषा जिल्ला घर भई रामेछाप जिल्ला गौश्वारा गाविस शिवलिङ्गेश्वर प्रमाविमा कार्यरत शिक्षक मरिक यादवले बलात्कार गरे। पीडकलाई थुनामा राखिएको छ।

पाँच राजनीतिक दलको विरोध कार्यक्रममाथि प्रहरीद्वारा लाठिचार्ज गरिदै

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दुर्व्यवहार

गैरीमुदी गाविस-७ की ४० वर्षीय दमाइ तामाङलाई घरायसी झगडाका कारण ०५९ फागुन २९ गते आफ्नै पति ३७ वर्षीय टहलवहादुर तामाङले खुकुरी प्रहार गरी हत्या गरे। पीडकलाई थुनामा राखिएको छ।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार जातीय छुवाछूत समेत

मालु गाविस-५ का ५५ वर्षीय मोहनप्रसाद पोखरेल र सांही गाविस-७ का ५४ वर्षीय नारायणप्रसाद पोखरेललाई ०६० पुस ७ गते माओवादीले मोसो लगाई स्कूल र बजार घुमाए। पीडितलाई मोसो (मोविल) अनुहारमा दलेर "जाली फटाहा" लेखिएको कार्ड छातिमा झुण्डाई गोल्मेश्वर मावि र डाँडागाउँ वजार घुमाइएको थियो।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष झुण्डिएर ७ महिला र ४ पुरुष तथा विष सेवन गरी १ पुरुषले आत्महत्या गरे। पोखरीमा डुबेर १ महिला र १ पुरुष तथा सवारी दुर्घटनामा परी २ पुरुषको मृत्यु भयो।

माओवादीद्वारा कुटपिट गरी घाइते भएका हेम पाठक

विगतको अनुगमन

गत वर्ष सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएका व्यक्तिहरु मध्ये १३ जना यस वर्ष रिहा भए। जम्मा-

शहरे गाविस-९ का झनक खड्का र गैरीमुदी गाविसका वीरवहादुर तामाङलाई ०५९ चैत ३० गते थुनावाट रिहा गरियो।

माली गाविस-५ की चित्रमाया दाहाल, मागापौवा गाविस-२ का हरिवहादुर तामाङ र कृष्णवहादुर तामाङ र सिन्धुपाल्चोक जिल्ला तौथली गाविस-८ का श्रीकृष्ण नेपालीलाई ०६० जेठ १ गते थुनावाट रिहा गरियो।

सोलुखुम्बु जिल्ला चौलाखर्क गाविस-४ का विष्णु भनिने भिष्म वस्नेत र रामेछाप जिल्ला भण्डार गाविस-४ तेञ्जी शेर्पालाई ०६० जेठ २२ गते थुनावाट मुक्त गरियो।

पवटी गाविस-८ का दिलवहादुर भनिने साईला तामाङलाई ०६० असार १० गते थुनावाट रिहा गरियो।

नाम्दु गाविस-८ का गोपी भनिने रविचन्द्र ढुङ्गेललाई ०६० असार १८ गते थुनावाट रिहा गरियो।

काव्रे गाविस-७ का जीवन दाहाललाई ०६० असार २ गते रिहा गरियो।

सोलुखुम्बु जिल्ला रावादोलुका निशा वस्नेत र अनिश कार्कीलाई ०६० कार्तिक २८ गते रिहा गरियो।

२.७ रौतहट



जनसंख्या	:५४५१२२
साक्षरता प्रतिशत	:३३.४
महिला साक्षरता प्रतिशत	:२१.६६
क्षेत्रफल (वर्ग कि.मी.)	:११२६
गाविस/नपा संख्या	:९६/१
निर्वाचन क्षेत्र	:४
विद्यालय	:३९९
क्याम्पस/उच्च मावि	:३/५
अस्पताल/स्वास्थ्य चौकी	:२/९३
टेलिफोन लाइन	:१२६५
मोटर सडक (कि.मी.)	:१३८०
प्रहरी कार्यालय संख्या	:३
हुलाक संख्या	:८५
मानव विकास सूचकांक	:०.३०८
प्रति एक डाक्टर जनसंख्या	:९०८५५
प्रति परिवार सरदर संख्या	:६.८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या गोली

राज्यबाट

रंगपुर गाविस-४ चोचामैराका २५ वर्षीय दुखा चौधरी थारुको ०५९ माघ १९ गते राति गस्ती गएका प्रहरी र सशस्त्र डाँकाहरुको समूहवीच चन्द्रनिगाहपुर गाविस-७ स्थित भन्भनटोलमा जम्काभेट हुँदा चन्द्रनिगाहपुर गाविस-७ का हुपलाल घिमिरेको घर लुटपाट गरी भाग्दै गर्दा प्रहरीको गोलीवाट मृत्यु भयो। मृतकको साथवाट प्रहरीले नलकटुवा वन्दुक १, भरुवा वन्दुक १, खुकुरी, लुटपाट गरेको गहना, कपडा र नगद समेत वरामद गरेका थिए।

वरियापुर गाविस-५ का २५ वर्षीय अच्छेलाल सहनीलाई ०६० भदौ ३ गते पिप्राबजारनजिक वाग्मती नदीको किनारमा प्रहरीले गोली हानी हत्या गरे। पीडित ट्युबमा बाग्मती नदीबाट भारततर्फ गइरहेको अवस्थामा प्रहरीले गोली प्रहार गरेको पिडितका परिवारले बताए।

माधोपुर गाविस-८ का २७ वर्षीय महादेव मुखिया विन र सोही ठाँउका ५५ वर्षीय भीखर राय यादवलाई ०६० भदौ १४ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। माओवादीहरुले स्थानीय जनतालाई आवत-जावत गर्न रोक लगाएका छन् भन्ने खबर पाई विहान ५ बजे सर्च गर्न गएका सुरक्षाकर्मीमाथि फाइरिङ गरेकाले जवाफी कारवाही गर्दा उनीहरुको मृत्यु भएको सुरक्षाश्रोतले जनाए।

गस्तीमा गएका सुरक्षाकर्मी र माओवादी छापामारहरुबीच दोहोरो भिडन्त हुँदा गम्हरिया विर्ता गाविसको वरगजवामा ०६० भदौ २९ गते साँझ ६ वजे २ जना माओवादी छापामारको मृत्यु भयो। मृत्यु हुनेहरुमा माओवादीका एरिया कमाण्डर माधोपुरका राजकुमार महतो कोइरी र अर्का एकजना यादव थर भएका व्यक्ति रहेको सुरक्षाकर्मीद्वारा जानकारी दिइयो।

कटहरियास्थित इलाका प्रहरी कार्यालयमा सशस्त्र माओवादीहरु र सुरक्षाकर्मीबीच ०६० असोज १२ गते राति दोहोरो भिडन्त हुँदा ३ जना माओवादीको प्रहरीको गोलीद्वारा मृत्यु भयो। मृत्यु हुने माओवादीहरुको सनाखत हुन सकेन। ३ घण्टासम्म दोहोरो भिडन्त भएको थियो।

माधोपुर गाविस-३ का ४८ वर्षीय काशी साह, सोही गाविस-४ का २० वर्षीय मोहन वैठा, सोही गाविस-१ का शंकर पण्डित र सोही गाविस-८ का ३५ वर्षीय रामकिशोर साह वानियालाई ०६० असोज २६ गते सोही गाविसमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। सुरक्षाकर्मीले गाउँले घेरा हाली सर्च अभियान सञ्चालन गर्दा घेरा तोडी भाग्न लागेकोले कारवाहीमा ४ जनाको मृत्यु भएको सुरक्षाश्रोतले जनायो। प्रत्यक्षदर्शी स्थानीय व्यक्तिका अनुसार, ४ जनालाई कब्जामा लिई सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

देवाही गाविस-९ का वैजन्ती ठाकुर लोहार र करुनीया गाविस-५ का पनिलाल पासवानलाई ०६० कार्तिक २ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। गस्तीमा गएका सुरक्षाकर्मी र माओवादीबीच वकैया नदीको किनारामा बिहान ५ बजे भएको दोहोरो भिडन्तमा २ जना मारिएको सुरक्षाश्रोतले जनायो।

सन्तपुर (म.) गाविस-६ का ३८ वर्षीय मतिन मियालाई ०६० कार्तिक ३ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। सन्तपुर गाविस-४ स्थित बसन्तपुर वजारमा लुटपाट मच्चाइरहेको थाहा पाई गस्तीमा गएका

सुरक्षाकर्मीले कारवाही गर्दा मृत्यु भएको थियो। पीडित माओवादी कार्यकर्ता भएको सुरक्षाश्रोतले बतायो भने स्थानीय बासिन्दाले पीडित पेशेवर डाँका भएको बताए। पीडितबाट एउटा सकेट बमसमेत बरामद गरिएको थियो।

धरहरि गाविस-६ का अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला उपाध्यक्ष २६ वर्षीय मुकेश साह कानु, खेसरहीया गाविसका ५५ वर्षीय प्रल्हाद सहनी र पिप्रा पोखरीया गाविस-१ का २८ वर्षीय पसिन्दर राय यादवलाई ०६० कार्तिक १० गते प्रेमपुर गोनाही गाविसमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। माओवादीहरुले बैठक गरिरहेका छन् भन्ने थाहा पाई सुरक्षाकर्मी घटनास्थलमा पुग्दा सुरक्षाकर्मीलाई लक्षित गरी बम प्रहार गरी भाग्न लाग्दा भएको कारवाहीमा उनीहरु मारिएको सुरक्षाश्रोतले जनायो।

प्रेमपुर गोनाही गाविस-९ का चौठी महतो कोइरी र प्रतापपुर पल्टुवाका गाविस-८ जीतु राय यादवलाई ०६० कार्तिक १२ गते गरुडा कटहरीया सडकको बीचमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। सुरक्षाकर्मीलाई लक्षित गरी गरुडा कटहरिया सडकको बालुवा गाउँमा एम्बुस राख्न लागेको अवस्थामा प्रहरीको गोलीबाट पीडितहरुको मृत्यु भएको थियो। मृतकहरुबाट थ्री फिप्टीन वन्दुक २ वटा, गोली, सकेट वम र प्रेसर कुकर वम वरामद भएको प्रहरीले जनाए।

ब्रम्हपुरी गाविस-४ का १८ वर्षीय गंगासागर सहनीलाई ०६० कार्तिक १४ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। गस्तीमा गएका सुरक्षाकर्मीलाई देखेर भाग्न लाग्दा सुरक्षाकर्मीको कारवाहीमा परी पीडितको मृत्यु भएको सुरक्षाश्रोतले जनायो। पीडितको साथबाट "कमरेड पास आउट" लेखिएको चीट बरामद भएको आधारमा पीडित माओवादी कार्यकर्ता रहेको सुरक्षाश्रोतले जनायो।

वगही गाविस-८ का लालो माझी मुसहर, डुमरिया (म.) गाविस-२ का सोपाल राय यादव, रघुनाथपुर गाविसका छठु पासवान, सोही ठाउँका मेघु पासवान र रमौली वैरिया गाविस-९ का भागरीथ ठाकुर लोहार समेत ५ जनालाई ०६० कार्तिक २० गते रमौली वैरियामा प्रहरीले गोली हानी हत्या गरे। माओवादीहरुले बजारमा चन्दा उठाइरहेका छन् भन्ने जानकारीका आधारमा प्रहरी त्यहाँ पुगी कारवाही गर्दा मृत्यु भएको थियो। पीडितमध्ये सोपाल मिल बनाउने मिस्त्री रहेको र मिल वनाउन जाँदा मारिएको परिवारले जनाए। माओवादीसँग पीडितको कुनै संलग्नता नरहेको स्थानीय व्यक्तिहरुले बताए।

वगही गाविस-९ का ३१ वर्षीय प्रेम महतो नुनिया र सोही ठाँउका अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला सदस्य उपेन्द्र महतो नुनियालाई ०६० कार्तिक २० गते बिहान प्रहरीले वगही गाविसमा गोली हानी हत्या गरे। पीडितहरु माओवादी कार्यकर्ता थिए।

इनरवारी गाविस-८ मटिअर्वा टोलका अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला अध्यक्ष २५ वर्षीय पवन भनिने पसिन्दर पटेल, पथरा बुधराम गाविस-२ का ४० वर्षीय

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	१०	१०	३	१३	११	१६	१	१७	१६	३९		३९
घाइते	८	९	२	११	६	१३	२	१५	२	११	१	१२
गिरफ्तारी/यातना									२१	६१		६१
बेपत्ता									१	२		२
कुटपिट	२	१	१	२	२	२	२	४	२	७		७
धम्की	१	३	१	४								
भेला/संगठित हुने अधिकार									१	३		३
जातीय विभेद	१	१		१								
महिलाअधिकार	६		६	६								
बालअधिकार	२	२		२								
अमानवीय व्यवहार	२	२		२	१	१	२	३				
अपहरण	२	५		५	१४	३४	२	३६				
जम्मा	३४	३३	१३	४६	३४	५६	९	६५	४३	१२३	१	१२४

नागेन्द्र ठाकुर, सोही ठाउँका ढोडाई पण्डित, विर्तिप्रष्टोका गाविसका विद्यानन्द साह र सनाखत नभएका २ जनासमेत ६ जनालाई ०६० कार्तिक २६ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितहरु दोहोरो भिडन्तमा मारिएको जनाइयो। पीडितहरुमध्ये २ जनाको लास २ दिनपछि गाउँलेहरुले फेला पारेका थिए।

गम्हरिया बिर्ता गाविस-७ का देवनन्दन राउत कुर्मी र सोही ठाउँका नबल किशोर साहलाई ०६० मंसिर १४ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। गस्तीमा गएका सुरक्षाकर्मीमाथि आक्रमण गरेकोले दोहोरो भिडन्तमा मारिएको जनाइयो।

दिपही गाविस-३ का २८ वर्षीय लालबाबु पासवान र सखुअवा गाविस-३ का मदन साहलाई ०६० पुस १४ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितहरु दोहोरो भिडन्तमा मारिएको जनाइयो। पीडितमध्ये लालबाबु माओवादीका जिल्ला सदस्य तथा दलित मुक्ति मोर्चाका जिल्ला अध्यक्ष रहेको माओवादीद्वारा सार्वजनिक गरियो।

माओवादीबाट

समनपुर गाविस-८ हरैयाका नेकाँका कार्यकर्ता ३८ वर्षीय विगन राय यादवलाई ०५९ पुस २४ गते माओवादीले आफ्नै गोठमा गोली हानी हत्या गरे।

सखुअवा गाविस-४ का एमाले गाउँ कमिटी सचिव २८ वर्षीय रामबाबु राय यादवलाई ०५९ पुस २८ गते राति माओवादीहरुले घरबाट अपहरण गरी करिब ३ सय मि. पर लगी छातीमा गोली हानी हत्या गरे।

राजपुर फरहदवा गाविस-४ का शिक्षक तथा नेकाँका कार्यकर्ता ३८ वर्षीय शेष नेक महमदलाई ०५९ माघ १ गते दिउँसो ३ बजे बगही गाविस-४ फत्तेपुरमा जन्ती आएको बेला माओवादीले गोली हानी हत्या गरे।

जिगडवा गाविस-९ का नेकाँ कार्यकर्ता ४५ वर्षीय शेष सहिदलाई ०६० साउन ४ गते राति आफ्नै घरबाट माओवादीले अपहरण गरी बकैया नदीको किनारमा लगी हत्या गरे।

माओवादीद्वारा हत्या गरिएका राघोराय यादव र जयमंगल राय यादव

लौकहा गाविस-७ का शेष नजिरको घरमा ०६० भदौ ८ गते राति ८ बजे सशस्त्र माओवादी प्रवेश गरी गोली प्रहार गरी १८ वर्षीय शेष मतिउल्लाहको हत्या गर्नुका साथै २ वर्षीय बालिकासमेत अन्य ३ जनालाई घाइते बनाए। दुई महिनाअघि माओवादीले सो गाउँमा आक्रमण गर्ने प्रयास गर्दा गाउँलेले प्रतिकार गरी लखेटेकोमा त्यसैको बदला लिन आक्रमण गरिएको हुनसक्ने आशंका स्थानीय बासिन्दाले गरे।

सिम्राभवानीपुर गाविस-५ का एमालेका पूर्व गाविस उपाध्यक्ष भुट्टा भनिने लक्ष्मी चौधरीलाई ०६० भदौ १० गते राति ९ बजे माओवादीले घरबाट अपहरण गरी गोली हानी हत्या गरे। २५–३० जनाको सशस्त्र माओवादी समूह राँके जुलुससहित आई पीडित सुतिरहेको अवस्थामा कपडासमेत लगाउन नदिई अपहरण गरेकोमा ३ दिनपछि घरभन्दा २५ कि.मी. दक्षिण मिठुअवा गाविसअन्तर्गत झाँझ नदीको किनारमा लास भेटिएको थियो।

कोपवा पिपरीया इलाका प्रहरी कार्यालयमा ०६० भदौ ३१ गते माओवादीले आक्रमण गरी सई गम्भिराप्रसाद साहलाई गोली हानी हत्या गरे। पीडित इलाका प्रहरी कार्यालयभित्र पत्रिका पढेर बसिरहेको अवस्थामा ट्याक्टरमा परालभित्र लुकेर गएका माओवादीले एक्कासी आक्रमण गरेका थिए। सो घटनामा अन्य २ जना प्रहरी घाइते भएका थिए।

पिप्रा पोखरीया गाविस-४ का नेकाँका कार्यकर्ता ५० वर्षीय राघो राय यादव, सोही ठाउँका ४० वर्षीय जयमंगल राय यादव र सोही गाविस-५ का ३८ वर्षीय जगरनाथ साह कल्वारलाई ०६० मंसिर २ गते राति माओवादीले घरबाट अपहरण गरी गाउँभन्दा पूर्वपट्टिको नहरमा लगी गोली हानी हत्या गरे।

गंगापिप्रास्थित इलाका प्रहरी कार्यालयमा ०६० असोज २६ गते राति माओवादीले शक्तिशाली बम विस्फोट गराउँदा इलाका प्रहरी कार्यालयसँगै जोडिएको घरकी २६ वर्षीय अर्पणादेवी पाण्डेले मानसिक सन्तुलन गुमाइन्। पीडितको उपचार गर्दागर्दै कार्तिक २ गते मृत्यु भयो। पीडितका २ नाबालक छोरा, छोरी रहेका छन्। पीडित स्थानीय विद्यालयमा शिक्षिका थिइन।

दोहोरो भिडन्त

रौतहट भलोहिया गाविस-६ का प्रहरी हवल्दार विजय पाण्डे, तनहुँ जिल्ला भानु गाविस-२ का प्रहरी हवल्दार गजेन्द्र रानाभाट, दोलखा जिल्ला सुनखानी गाविस-२ का प्रहरी जवान रमेश पौडेल र चितवन जिल्ला जगतपुर गाविस-१ का प्रहरी जवान यमबहादुर कुवँरलाई ०६० असोज १२ गते राति माओवादीले इलाका प्रहरी

कार्यालय, कटहरीयामा आक्रमण गरी गोली हानी हत्या गरे। सशस्त्र माओवादीले इलाका प्रहरी कार्यालय, कटहरियामा आक्रमण गर्दा करिब ३ घण्टासम्म दोहोरो भिडन्त भएको थियो भने सो भिडन्तमा अन्य ३ जना प्रहरी जवान घाइते भएका थिए।

अन्य

डुमरिया (म.) गाविस-२ का नेकाँका ४ नं. क्षेत्रीय सदस्य २८ वर्षीय बुद्धराज गिरीलाई ०६० जेठ १० गते बेलुका ५ बजे चन्द्रनिगाहपुरबाट अज्ञात व्यक्तिहरुले अपहरण गरे। पीडितलाई खोजतलास गर्दै जाने क्रममा जेठ १९ गते मैरा जंगलको लमाहा खोलामा लास गाडिएको अवस्थामा फेला पारिएको थियो। पीडितको परिवारले पीडितलाई माओवादीले अपहरण गरी हत्या गरेको जनायो भने माओवादीका एरिया इन्चार्ज वसन्तले वक्तव्य जारी गरी उनको हत्यामा कुनै संलग्नता नरहेको जनाए।

राजपुर फरहदवा गाविसमा चिया पसल गरी बस्ने वकिल साह तेलीको १० वर्षीय नावालक छोरा शत्रुघन साहलाई ०६० असोज २१ गते अज्ञात व्यक्तिहरुले गोली हानी हत्या गरे। सो चिया पसलमा इलाका प्रहरी कार्यालय, राजपुरका प्रहरी चिया खाइरहेको अवस्थामा गोली प्रहार गरिएकोले प्रहरीलाई लक्षित गरी माओवादीले गोली प्रहार गरेको हुन सक्ने आशंका गरिए पनि त्यसको पुष्टि भने हुन सकेको छैन।

चन्द्रनिगाहपुर गाविस-३ गैंडाटारका २८ वर्षीय फिरोज भन्ने जनक राई, सोही ठाउँका २६ वर्षीय दिपक हुमागाई र सोही ठाउँका १७ वर्षीय पुनित धामीसमेत ७ जनालाई ०६० कार्तिक ८ गते राति अज्ञात व्यक्तिहरुले चन्द्रनिगाहपुर गाविस-३ स्थित एक घरबाट अपहरण गरेकोमा पीडितहरु ३ जनाको लास घाँटी रेटी हत्या गरिएको अवस्थामा कार्तिक ९ गते विहान लमाहा जंगलमा भेटिएको थियो। बाँकी ४ जनालाई मैराको जंगलमा कार्तिक ९ गते राति छाडिएको थियो। पीडितहरुलाई दोहोरो भिडन्तमा मारिएको भनी सरकारी सञ्चार माध्यमले समाचार प्रसारण गरेकोमा पछि रौतहटस्थित सुरक्षाश्रोतले त्यसको खण्डन गरेको थियो। पीडित तीनै जना माओवादीका कार्यकर्ता थिए।

चितवन जिल्ला घर भई रामसुगर मिल्स (प्रा.) लि. मा कार्यरत प्रशासकीय अधिकृत ४० वर्षीय विशाल विडारी र सोही कारखानामा कार्यरत भारत घर भएका वरिष्ठ लेखापाल रतनेशकुमार सिन्हालाई ०५९ पुस २३ गते साँझ अज्ञात व्यक्तिहरुले गोली हानी घाइते बनाएकोमा भरतपुर अस्पतालमा उपचार हुँदाहुँदै करिब डेढ महिनापछि विशालको मृत्यु भयो। पीडितहरुलाई चिनी मिलको विवादको कारण गोली हानिएको आशंका प्रहरीले गरेको छ।

चन्द्रनिगापुर गाविस-३ गैंडाटारका डिल्लीप्रसाद तिमिल्सना, कृष्णप्रसाद फुयाल, तेजप्रसाद तिमिल्सिना र तिलकप्रसाद तिमिल्सिना, फिरोज भनिने जनक राई, दिपक हुमागाई र पुनित धामी जनालाई ०६० कार्तिक ८ गते राति गैंडाटारको एक घरबाट अज्ञात समूहले अपहरण गरि लगेकोमा फिरोज भनिने जनक राई, दिपक र पुनित धामीलाई घाँटी रेटी हत्या गरियो भने बाँकी ४ जनालाई कुटपिट गरि ९ गते बेलुका मैराको जंगलबाट मुक्त गरियो। पीडितहरुलाई कसले अपहरण र हत्या गऱ्यो भन्ने कुरा हालसम्म थाहा हुन सकेको छैन।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

माधोपुर गाविस-८ का २९ वर्षीय रामदेव मुखिया विनलाई ०६० भदौ १४ गते सुरक्षाकर्मीले गोली हानी घाइते बनाए। पीडितलाई गोली हानी घाइते बनाएपछि सुरक्षाकर्मीले कतै पनि उपचार गराउन नलैजान धम्की दिए पनि सोही दिन साँझ माओवादीले उपचार गराउन अज्ञात स्थलतर्फ लगे। पीडितको दुवै खुट्टा काम नलाग्ने भएको परिवारले बताए।

माओवादीबाट

लौकहा गाविस-७ का २१ वर्षीय अमिना खातुन, उनकै छोरी २ वर्षीय ताराना खातुन, लौकहा गाविस-९ का ४० वर्षीय शेख हुसेनीलाई ०६० भदौ ८ गते माओवादीले गोली हानी घाइते बनाए। पीडितहरुमध्ये अमिना खातुन ५ महिनाकी गर्भवती थिइन्।

कटहरियास्थित इलाका प्रहरी कार्यालयमा ०६० असोज १२ गते माओवादीले आक्रमण गरी प्रहरी जवान केशव कार्की, दीपक भुजेल र मनोज चौरसियालाई गोली हानी घाइते बनाए। पीडितहरुको उपचार काठमाडौंमा गरियो।

कोपवा पिपरीयास्थित इलाका प्रहरी कार्यालयमा ०६० भदौ ३१ गते माओवादीले आक्रमण गरी प्रहरी जवान राम सोगारथ राय यादव र प्रभु साहलाई गोली हानी घाइते बनाए।

गंगापिप्रास्थित इलाका प्रहरी कार्यालयमा ०६० असोज २६ गते माओवादीले बम विस्फोटन गराई हवाई फायरिङ्ग गर्दै भाग्दा सोही गाविस-३ का संजयकुमार झा टाउकोमा गोली लागि घाइते भए। पीडितलाई उपचारार्थ काठमाडौं लगियो।

सन्तपुर (म.) गाविस-६ का महेश राय यादव,

सोही ठाउँका मुगलाल राय यादव र सोही ठाउँकै रामप्रसाद मुखियालाई ०६० कार्तिक २८ गते माओवादीले सकेट बम प्रहार गरी घाइते बनाए। पीडितमध्येका महेश राय यादव माओवादी कार्यकर्ता रहेको र पार्टीको आन्तरिक कारणबाट बम प्रहार गरिएको हुनसक्ने आशंका गरिएको छ।

शिवनगर इलाका प्रहरी कार्यालयका सई हर्कबहादुर थापा ०६० मंसिर २९ गते साँझ माओवादीले थापेको विद्युतीय धरापमा परी घाइते भए। प्रहरीलाई लक्षित गरी थापिएको विद्युतीय धराप शिवनगर चोक भन्दा २०० मि. उत्तरतर्फ साँझ ६ बजेको समयमा विस्फोट भएको थियो।

अन्यबाट

सन्तपुर (म.) गाविस-४ का ४० वर्षीय खडानन्द काफ्लेलाई ०५९ चैत २६ गते राति घरमा सुतिरहेको अवस्थामा अज्ञात व्यक्तिहरुले बाहिर बोलाई गोली हानी घाइते बनाए। पीडितको कन्चटबाट गोली गई कानमा लागेको थियो। पीडितको उपचार नारायणी उप-क्षेत्रीय अस्पताल, वीरगञ्जमा भयो।

इर्नवा गाविस-८ का राजेन्द्र महरा र महमदपुर गाविस-४ का आन्नदी बैठा ०६० साउन ३१ गते गरुडा बजारमा अज्ञात व्यक्तिले गराएको बम विस्फोटनमा परि घाइते भए। बजारमा भीड लागिरहेको अवस्थामा ४-५ जना अज्ञात व्यक्ति आई बम विस्फोट गराई भागेका थिए। पीडितहरु वीरगञ्जमा उपचारपछि घर फर्किए।

मत्सरी गाविस-४ का २४ वर्षीय रेखाकुमारी झा र सोही ठाउँका २२ वर्षीय राजेशकुमार झालाई ०६० कार्तिक ६ गते राति सशस्त्र डाँकाको एक समूहले गोली हानी घाइते बनाए। गाउँमा डाँकाहरुले लुटपाट मच्चाइरहेको अवस्थामा प्रतिकारमा उत्रेका गाउँलेहरुमाथि डाँकाहरुले गोली चलाउँदा पीडितहरु घाइते भएका थिए। पीडितहरु गौर अस्पतालमा उपचारपछि घर फर्किए।

औरैया गाविस-७ का २५ वर्षीय रामप्रताप साह र सोही ठाउँका ५० वर्षीय ननक महतो नुनियालाई ०६० कार्तिक १३ गते भारतीय डाँकाहरुले गोली हानी घाइते बनाए। गाउँमा लुटपाट मच्चाइरहेको अवस्थामा प्रतिकारमा उत्रेका गाउँलेहरुमाथि डाँकाहरुले गोली चलाउँदा पीडितहरु घाइते भएका थिए। पिडितहरु वीरगञ्ज र काठमाडौंमा उपचार पछि घर फर्किए।

सन्तपुर (म.) गाविस-७ का ५५ वर्षीय जगतबहादुर खड्कालाई ०६० कार्तिक २० गते राति डाँकाहरुको एक समूहले खुकुरी प्रहार गरी घाइते बनाए। पीडितको घरभित्र धनमाल लुट्न प्रवेश गरेका डाँकाहरुसँग प्रतिकार गर्दा पीडितलाई खुकुरी प्रहार गरी घाइते बनाइएको थियो। पीडित चन्द्रनिगाहपुर हेल्थपोष्टमा उपचारपछि घर फर्किए।

यस बाहेक व्यक्तिगत रीसइवीका कारण एक जना गोलीद्वारा घाइते भए।

जेल र बन्दीहरु

"ग" श्रेणीको रौतहट जेलको कूल बन्दी क्षमता ७५ जनाको भए पनि हाल यस जेलमा १ सय ६ जना बन्दीहरु छन्। जसमा ९८ जना पुरुष र ८ जना महिला छन्। पुरुष बन्दीमध्ये ५२ जना अन्य मुद्दामा र ४६ जना माओवादीको आरोपमा छन्। महिला बन्दीहरुमध्ये ६ जना अन्य मुद्दामा र २ जना माओवादीको आरोपमा थुनिएका छन्। कूल बन्दीहरुमध्ये ३६ जना कैद तोकिएका र ७० जना कैद नतोकिएका छन्। यस जेलमा सबैभन्दा बढी जेल जीवन बिताउने भारतीय नागरिक इशा खान छन्। उनी १८ वर्षदेखि जेल जीवन बिताइरहेका जेलर देवीप्रसाद गौतमले बताए।

यस जेलमा पुरुष बन्दी गृह र महिला बन्दी गृह गरी २ वटा बन्दी गृह छन्। पहिलादेखि संचालन गर्दै आएको मुडा बनाउने व्यवसायबाहेक अन्य सीपमूलक तालिम सञ्चालन गरिएको छैन। जेलभित्र १ विद्यालय सञ्चालनमा रहेको छ। मनोरञ्जनका साधन जिविसले दिएको टीभी, इन्सेकले दिएको रेडियो, दैनिक पत्रिका, आइसीआरसीले दिएको क्यारमबोर्ड छन्।

चन्द्रशमशेरको पालामा निर्मित जेल अत्यन्त जीर्ण रहेकाले बन्दीहरुलाई जाडोको समयमा घाम ताप्न दिइँदैन। जेलकै स्वास्थ्य निरीक्षकबाट बन्दीहरुको स्वास्थ्य परीक्षण गरिने व्यवस्था छ।

०६० मंसिर ५ गते बन्दीहरुबीच विवाद भई कुटपिट हुँदा ५ जना बन्दी घाइते भए। माओवादी बन्दीहरु ०५९ चैत १८ गतेदेखि विभिन्न मागहरु राखी अनशन बसे। अनशन बस्ने बन्दीहरुको संख्या २० रहेको थियो। त्यसैगरी चैत १९ गते बन्दीहरुद्वारा जेलभित्रै लगातार ४ घण्टासम्म नाराबाजी गरियो। पछि सिडिओ र एसपी गई बन्दीहरुको माग क्रमशः पूरा गरिदिने शर्तमा अनशन फिर्ता गरियो।

बेपत्ता / अपहरण

राज्यबाट

हथियाही गाविस-१ का ५० वर्षीय गम्भीरा साह कानुलाई ०६० भदौ २० गते प्रहरीले घरबाट गिरफ्तार गरी बेपत्ता बनाएको पीडितका परिवारले बताए। जिल्लास्थित सुरक्षाश्रोतले उनलाई गिरफ्तार नगरिएको

जनाए। पीडितकी पत्नी सितादेवी कानुले विज्ञप्ति जारी गरी उनको रिहाइको लागि पहल गरिदिन अनुरोध गरिन्।

माओवादीबाट

कटहरीया गाविस-८ का ३२ वर्षीय मैनुदिन अन्सारीलाई स्थानीय व्यापारीलाई कुटपिट गरेको आरोपमा ०५९ चैत ७ गते कटहरीया बजारबाट माओवादीहरुले अपहरण गरे। पीडितलाई १ हप्तापछि मुक्त गरियो।

माधोपुर गाविस-४ का शिक्षक रामनिवास यादवलाई ०६० असार २० गते राति १० बजे आफ्नै घरबाट माओवादीहरुले अपहरण गरे। पीडितलाई असार २४ गते मुक्त गरियो।

पिपरीया (प.) गाविस-५ का किशोरी यादव र बेलवा भनिने नगिना राय यादवलाई ०६० साउन ६ गते माओवादीले अपहरण गरी बेपत्ता बनाए। पीडितहरुको अवस्था हालसम्म अज्ञात छ।

लक्ष्मीनिया गाविस-८ हिमालीवासका २८ वर्षीय ब्रम्हदेव महरा चमार र सोही ठाउँका ३० वर्षीय राजेन्द्र महरा चमारलाई ०६० साउन २७ गते माओवादीले अपहरण गरी बेपत्ता बनाए। पीडितहरुको अवस्था हालसम्म सार्वजनिक गरिएको छैन। गाउँकै एक बालिकालाई बलात्कार गरी हत्या गरेको आरोपमा अपहरण गरिएको जनाइयो।

सन्तपुर (म.) गाविस-३ का ४५ वर्षीय शेष हुसेनीलाई ०६० भदौ ४ गते आफ्नै घरबाट माओवादीले अपहरण गरी कुटपिट गरी ३ दिनपछि मुक्त गरे।

डुमरिया (म.) गाविस-७ का ३१ वर्षीय निरन्जन राय यादवलाई ०६० भदौ १० गते माओवादीले अपहरण गरी ४ दिनपछि मुक्त गरे।

सखुअवा धमौरा गाविस-५ का हिफाइत मन्सुरी, सहिद मन्सुरी, तहीद अन्सारी, सुनर अन्सारी र मलाहीका जाकिर हुसैनलाई ०६० भदौ १५ गते माओवादीले अपहरण गरी भदौ १८ गते मुक्त गरे।

जिर्गडिया गाविसका पूर्व अध्यक्ष तथा एमाले कार्यकर्ता शम्भुप्रसाद साहलाई ०६० भदौ १८ गते साँझ ७ बजे गरुडा बजारबाट माओवादीले अपहरण गरे। पीडितलाई ३ दिनपछि भदौ २० गते बिहान ३ बजे आफ्नै निवासमा ल्याई मुक्त गरियो।

सितलपुर गाविस-५ का सगुनी राय यादवलाई ०६० असोज २० गते माओवादीले अपहरण गरी असोज २९ गते मुक्त गरे।

सितलपुर गाविस-५ का नेकाँका कार्यकर्ता ४० वर्षीय रामबहादुर राय यादवलाई ०६० असोज २५ गते माओवादीले अपहरण गरेकोमा हालसम्म बेपत्ता पारेका छन्।

चन्द्रनिगाहपुरस्थित इलाका वन कार्यालयमा थुनामा रहेका सिन्धुली जिल्ला हरिहरपुरका मानसिं घिसिङ, कुलबहादुर मोक्तान, मानबहादुर थिङ, कान्छाराम घिसिङ, रौतहट जिल्ला जुडिवेलाका छत्रबहादुर घिसिङ र प्रेमबहादुर घिसिङलाई ०६० भदौ २९ गते माओवादीले अपहरण गरी कार्यालयमा बम विस्फोट गराए।

जुडिबेला गाविस-१ घर भई जिल्ला प्रहरी कार्यालय, रसुवामा कार्यरत प्रहरी हवल्दार धनबहादुर मोक्तानलाई ०६० कार्तिक ९ गते घर नजिकैको जंगलबाट माओवादीहरुले अपहरण गरी कार्तिक १३ गते मुक्त गरे। पीडितलाई सञ्चारकर्मी र मानवअधिकारकर्मीको रोहवरमा पार्टीको केन्द्रीय नीतिअनुरुप मुक्त गरिएको जनाइयो।

सिन्धुपाल्चोक जिल्ला घर भएका अजय सार्कीलाई सुराकीको आरोपमा ०६० पुस ३ गते कटहरिया बजारबाट माओवादीले अपहरण गरे। पीडितलाई एक हप्तापछि मुक्त गरियो।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

गौर नपा-८ स्थित गुप्ता आयल स्टोर्समा मट्टितेल लिन गएका अशोककुमार यादव, नारायण साहलगायत् ७ जना विद्यार्थीहरुलाई ०५९ पुस २३ गते जिल्ला प्रहरी कार्यालयका प्रहरीले कुटपिट गरी घाइते बनाए।

चन्द्रनिगाहपुर गाविस-६ का सन्तोष गिरी, सोही ठाउँका राजन सुवेदी र तेजविक्रम थापालाई ०५९ चैत ५ गते सोही गाविस-९ घर भई जिल्ला प्रहरी कार्यालय, लमजुङमा कार्यरत प्रहरी हवल्दार शिवप्रसाद कुवँरले कुटपिट गरे। पीडितको टाउकोमा १४ वटा टाँका लगाइएको थियो। पीडकलाई प्रहरीले गिरफ्तार गरी दुई हजार रुपैयाँ जरिवाना गराई रिहा गरे।

माओवादीबाट

पथरा बुधराम गाविस-२ का ६० वर्षीय रामेश्वरप्रसाद निराला र सोही ठाउँका त्रिवेणीप्रसाद अकेलाको घरमा ०५९ माघ २ गते राति माओवादी प्रवेश गरी १२ बोर बन्दुक, सुन, चाँदी र नगदसमेत लुटपाट गरि १–१ लाख रुपैयाँ चन्दा नदिएमा मार्ने धम्की दिएको पिडितहरुले बताए।

समनपुर-८ स्थित हरैया टोलका ४५ वर्षीय जोगेन्द्र राय यादवको घरमा ०६० साउन २५ गते बिहान माओवादीहरुले १ लाख ५० हजार रुपैयाँको नगद गहना लुटपाट गर्नुका साथै ७० वर्षीय आमा सुरतीया देवी र १०

वर्षीय छोरी निलम कुमारीसमेतलाई कुटपिट गरेको पीडितले बताए। पीडितसँग १ लाख ५० हजार रुपैयाँ चन्दा माग गरिएकोमा नदिएकाले उक्त घटना गराइएको पीडितले बताए।

नेकाँ (प्रजातान्त्रिक) का जिल्ला सभापति गम्भिराप्रसाद निरालाको घरमा ०६० भदौ ८ गते माओवादीहरुले झण्डा गाडी तालाबन्दी गरे। ताला खोली घरमा प्रवेश गरेमा ज्यानमार्ने धम्की दिएका कारण पीडित परिवारसहित सदरमुकाममा बस्दै आएका छन्।

अन्य

रघुनाथपुर गाविस-१ का ४० वर्षीय रामदयाल महतोलाई सोही ठाउँका लल्का भन्ने कौशल सहनीसमेत ८-१० जनाको समूहले ०५९ फागुन ५ गते राति कुटपिट गरी घरको छतबाट फ्याँकी दुवै खुट्टा भाँचिदिनुका साथै घरमा लुटपाट गरी आगो लगाइदिए। पीडकहरु फरार छन्।

पिप्रा बजारमा रेडियो, टीभी मर्मतको व्यवसाय चलाउँदै आएका श्याम मण्डल, उनकी पत्नी दुलारीदेवी मण्डल र भलोहिया गाविस-१ की रेखादेवी मण्डललाई ग्रामीण युवाहरुलाई यौनजन्य क्रियाकलापमा संलग्न गराएको अवस्थामा ०६० असार २२ गते स्थानीय व्यक्तिहरु र माओवादी कार्यकर्ताहरु मिली चप्पलमा थुक चाट्न लगाई मोसो दली गाउँ घुमाए।

प्रेमपुर गोनाही घर भई जनजागृति माध्यमिक विद्यालय सिन्दुरंघारीमा कार्यरत शिक्षक ३५ वर्षीय राधेश्यामलाल कर्णलाई ०६० कार्तिक ५ गते सोही विद्यालयका छात्र-छात्राहरुले जुत्ताको माला लगाई मोसो दलिदिए। पीडित शिक्षकले विद्यालयका छात्राहरुमाथि अनैतिक कार्य गर्ने गरेकाले सो गरिएको विद्यार्थीहरुले बताए। पीडित हाल सो विद्यालयबाट अन्यत्र सरुवा भइसकेका छन्।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

मट्टितेल लिन गएका विद्यार्थीहरुलाई जिल्ला प्रहरी कार्यालयका प्रहरीहरुले कुटपिट गरेको विरोधमा ०५९ पुस २४ विद्यार्थीहरुले गौरमा आयोजना गरेको विरोध जुलुसमाथि प्रहरीले लाठिचार्ज गरी १० जना विद्यार्थीलाई गिरफ्तार गरी सोही दिन राति रिहा गरे।

विभिन्न ५ राजनीतिक पार्टीले आयोजना गरेको प्रतिगमन विरोधी आन्दोलनको क्रममा ०६० वैशाख २८ गते चन्द्रनिगाहपुरमा मसाल जुलुस प्रदर्शन गर्ने क्रममा एमालेका उद्धव रेग्मी, लक्ष्मण रेग्मी, ज्ञानु रेग्मी, शिव आचार्य र राम विलास यादवलाई प्रहरीले गिरफ्तार गरी सोही दिन राति ९ बजे रिहा गरे।

बुटवलमा सरकारद्धारा विद्यार्थी नेता देवीलाल पौडेललाई हत्या गरेको विरोधमा ७ वटा विद्यार्थी संगठनले ०६० वैशाख ३ गते संयुक्तरुपमा आह्वान गरेको रौतहट बन्दको कार्यक्रममा प्रहरीले विद्यार्थीमाथि लाठिचार्ज गरी १७ जना विद्यार्थीलाई गिरफ्तार गरी ३ दिनपछि रिहा गरे। प्रहरीको कुटपिटबाट नेकाँका बुद्धराज गिरी घाइते भए।

विभिन्न ५ वटा राजनीतिक पार्टीहरुले सञ्चालन गरेको आन्दोलनको क्रममा विभिन्न मितिमा भएका विरोध कार्यक्रममा प्रहरी हस्तक्षेप भए। ती घटनामा केही घाइते भए भने केहीलाई गिरफ्तार गरिएको थियो। यसैक्रममा ०६० वैशाख २८ गते मसाल जुलुस निकाल्ने क्रममा चन्द्रनिगाहपुरमा प्रहरीले लाठिचार्ज गरी एमालेका तुलसीराज गिरी, भुपेन्द्र खडका, महेन्द्र गौतम र वीरेन्द्र अधिकारीलाई घाइते बनाउनुका साथै एमालेका उद्धव रेग्मी, लक्ष्मण रेग्मी, ज्ञानु रेग्मी, शिव आचार्य र रामविलास यादवलाई गिरफ्तार गरी ३ घण्टापछि रिहा गरे।

०६० जेठ ७ गते गौरमा विघटित जिविसको जिल्ला परिषद सञ्चालन गर्नेक्रममा प्रहरीले लाठिचार्ज गरी एमालेका जिल्ला कमिटी सदस्य रजिउदिन आलम, महेन्द्र चौलागाई, तुलसीराज गिरी, अबुल कलाम आजाद, इन्दु घिमिरे तथा कार्यकर्ताहरु सुबी कार्की र अमरकान्त झालाई घाइते बनाए।

०६० पुस १ गते गौरमा कालो झण्डासहित विरोध जुलुस निकाल्दा प्रहरीले हस्तक्षेप गरी राजनीतिक पार्टीका झण्डासमेत खोसी एमालेका जिल्ला सचिव रामकुमार भट्टराई, नेकाँ जिल्ला सभापति मोहमद अफताव आलम, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) का केन्द्रीय उपाध्यक्ष चन्द्रीकाप्रसाद सिंहलगायत् १५ जनालाई गिरफ्तार गरी ३ घण्टापछि रिहा गरे।

जिल्ला सदरमुकाम गौरमा ०६० पुस १ गते पाँच राजनीतिक दलले कालोझण्डासहित जुलुस प्रदर्शन गर्ने क्रममा प्रहरीले हस्तक्षेप गरि झण्डा खोस्नुका साथै जुलुस निकाल्न दिएनन्। त्यसका अतिरिक्त जुलुसमा सहभागी भएकाहरुमध्ये एमालेका जिल्ला सचिव रामकुमार भट्टराई, एमाले सचिवालय सदस्य रजिउदिन आलम, तुलसीराज गिरी, जि.क. सदस्य श्यामसुन्दर पटेल, नेकाँका जिल्ला सभापति तथा पूर्व मन्त्री महमद अफताब आलम, नेकाँका दिनेश केशरी, विन्दा सहनी, हृदयनारायण यादव, रामकृपाल यादव, नेपाल सद्भावना पार्टीका केन्द्रीय उपाध्यक्ष चन्द्रिकाप्रसाद सिंह, शेष नुरुल होदा, अशोककुमार सिंह र श्यामबाबु यादवलाई प्रहरीद्वारा गिरफ्तार गरी ३ घण्टापछि रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा यस वर्षको अन्त्यसम्मका मुद्दाहरुमा गत वर्षबाट जिम्मेवारी सर्दै आएका दुनियावादी देवानी ४ सय ९९, दुनियावादी फौज्दारी १ सय १६ र सरकारवादी फौज्दारी ५१ समेत ६ सय ६६ वटा र यस वर्ष दर्ता भएका दुनियावादी देवानी ४ सय ३९, दुनियावादी फौज्दारी ९६ र सरकारवादी फौज्दारी १८ गरी ५ सय ५५ वटा गरी कूल १ हजार २ सय २१ रहेकोमा यूएनडीपीको सहयोगमा सञ्चालित मिलापत्र मेलाबाट १ सय २६ वटा मुद्दा मिलापत्र भएको समेत जम्मा ५ सय ८ वटा मुद्दा फर्स्यौट भए। जसमध्ये, दुनियावादी देवानी ३ सय ९३, दुनियावादी फौज्दारी ८८ र सरकारवादी फौज्दारी २७ वटा छन्। यस अदालतमा कूल ७ सय १३ वटा मुद्दा फर्स्यौट हुन बाँकी छन्। तीमध्ये दुनियावादी देवानी २७, दुनियावादी फौज्दारी १३ र सरकारवादी फौज्दारी ३ समेत कूल ४३ वटा मुद्दा २ वर्ष नाघिसकेका तर फर्स्यौट हुन बाँकी छन्।

जिल्ला वन कार्यालयमा वनसम्बन्धी मुद्दा मात्र पर्ने गरेकाले त्यहाँको मुद्दा संख्या कम छ। गत वर्षको जिम्मेवारी सर्दै आएका र यस वर्ष दर्ता भएको समेत कूल ६६ वटा मुद्दामा १६ वटा मुद्दा २ वर्ष नाघेका छन्। २ वर्षसम्म मुद्दा फर्स्यौट नहुनमा प्रतिकूल शान्ति सुरक्षाको कारण समयमा म्याद तामेल नहुने, प्रतिवादीको ठेगानामा बेपत्ते म्याद तामेल भइ पुन: म्याद पठाई तामेल गर्दा ढिला हुन जाने गरेको वन विभागबाट जानकारी गराइयो।

त्यसैगरी जिल्ला प्रशासन कार्यालयमा कानुनबमोजिम दायर भएका मुद्दाहरुको संख्या १ सय ३ वटा रहेकोमा ७ वटा मात्र फर्स्यौट भई ९६ वटा मुद्दा बाँकी रहे। श्री ५ को सरकार प्रतिवादी रामप्रसाद आचार्यसमेत भएको सार्वजनिक अपराध मुद्दा ०५७ माघदेखि हालसम्म फर्स्यौट नभई तारिखमा बसिरहनु परेको पीडितले गुनासो व्यक्त गरे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा एकमात्र अनाथालय रहेको छ। गरुडामा अवस्थित वंशिराम जयसवाल अनाथालयमा विभिन्न २४ जना अनाथ बालबालिका रहेका छन्। स्थानीय श्रोत र वाह्य सहयोगबाट सञ्चालित सो अनाथालयमा हाल बाह्य सहयोग बन्द भएको कारण बन्द हुने अवस्थामा पुगेको सञ्चालक वंशिरामले बताए।

विस्थापित

सन् २००२ मा माओवादीका कारण विस्थापित हुनेहरुको संख्या ६४ रहेकोमा यस वर्ष त्यो संख्या बढेर गए पनि यकिन तथ्याङ्क छैन। विस्थापित भएकाहरुले भय र त्रासका कारण आफू विस्थापित हुँ भन्न नचाहने र गाउँघरमा समेत विस्थापितहरुको विवरण दिन नमानेका कारण वास्तविक विवरण तयार पार्न सकिएन।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

पतौरा गाविस-२ का विन्देश्वर राय यादव, अजगैवी गाविस-२ का बच्चाप्रसाद पाठक, भसेडवा गाविस-६ का रामपुकार महतो, बगही गाविस-७ का प्रल्हाद साह तेली र प्रेमपुर गोनाही गाविस-९ का बुनीलाल महतोलाई ०५९ फागुन १९ गते जिल्ला अदालतले रिहा गर्ने आदेश दिई रिहा भएपछि प्रहरीले सोही दिन पुन: गिरफ्तार गरे। पीडितहरुलाई फागुन २३ गते नजरबन्दमा पठाइयो। पीडितहरु सरकार-माओवादी बीच युद्धविराम भएको बेला रिहा भए।

सन्तपुर (म.) गाविस-८ का ३६ वर्षीय गणेशबहादुर रायमाझीलाई ०५९ चैत ९ गते प्रहरीले बिना पुर्जी गिरफ्तार गरी चैत ११ गते रिहा गरे। पीडितलाई लेनदेनको विषयमा गिरफ्तार गरिएको जनाइयो।

सरकारद्वारा विद्यार्थी नेता देवीलाल पौडेललाई हत्या गरिएको विरोधमा ७ विद्यार्थी संगठनद्वारा ०६० वैशाख ३ गते आह्वान गरिएको रौतहट बन्दको क्रममा विद्यार्थीहरु बाबुराम दाहाल, कुमार बस्नेत, रुपेश पोखरेल, मनोज निर्मलिसना, श्याम भुजेल, बच्चु काफ्ले, केशव अर्याल, सिद्धार्थ कोइराला, सुवास कोइराला, बुद्धराज गिरी, प्रेम पटेल, अमित श्रेष्ठ, प्रकाश श्रेष्ठ, प्रशान्तकुमार सिंह, जनेन्द्र चौधरी, रामविश्वास चौधरी र लालबहादुर थापासमेत १७ जना विद्यार्थीलाई प्रहरीले गिरफ्तार गरी वैशाख ५ गते रिहा गरे।

बसन्तपट्टी गाविस-२ का २८ वर्षीय देवा भनिने हरदेव पटेललाई प्रहरीले ०६० असार २३ गते गिरफ्तार गरे। पीडितले प्रहरीलाई गोली प्रहार गरेकोले गिरफ्तार गरिएको प्रहरीले जनायो। पीडित हाल नजरबन्दमा छन्।

माधोपुर गाविस-७ का वीरेन्द्र महत्तो कुशवाहा, सोही ठाउँका जयलाल महत्तो, सोही गाविस-८ का कामेश्वर पण्डित, दुखा राय यादव, किशोरी साह र सोही गाविस-५ का रामएकबाल दासलाई ०६० भदौ १४ गते माधोपुर गाविसबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुलाई हाल नजरबन्दमा राखिएको छ।

माधोपुर गाविस-१ घर भई गौर नपा-६ स्थित

निमावि टिकुलीयामा कार्यरत शिक्षक ४५ वर्षीय पृथ्वीनारायण महतोलाई माओवादीको आरोपमा ०६० भदौ ३० गते प्रहरीले विद्यालयबाट गिरफ्तार गरी कसैलाई भेटघाट गर्न नदिई थुनामा राखे। पीडितलाई हाल नजरबन्दमा राखिएको छ।

चन्द्रनिगाहपुर गाविस-३ गैडाटारका २० वर्षीय चमारसिंह गोलेलाई माओवादीको आरोपमा ०६० कार्तिक ६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितसँग माओवादीसम्बन्धी पर्चा बरामद भएको आधारमा गिरफ्तार गरिएको सुरक्षाकर्मीले जनाए। पिडितलाई करिब १ महिनापछि रिहा गरियो।

प्रेमपुर गोनाही गाविस-२ का ३८ वर्षीय उपेन्द्रदास वैरागीलाई ०६० कार्तिक १० गते प्रहरीले गिरफ्तार गरे। पीडितको घरमा माओवादीले बैठक गरिरहेको भन्ने जानकारीको आधारमा त्यहाँ पुगेका सुरक्षाकर्मीको कारवाहीबाट ३ जना मारिएका र पीडितलाई गिरफ्तार गरिएको थियो। पीडित हाल नजरबन्दमा छन्। पीडित उपेन्द्रदास राष्ट्रिय कुस्ती खेलाडी रही आठौं साफ खेलकुदमा काश्य पदक विजेता तथा गोरखा दक्षिणवाहु पदकलगायत् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरस्कार प्राप्त व्यक्ति हुन्।

सिम्राभवानीपुर गाविस-६ का ४० वर्षीय निवर्तमान गाविस अध्यक्ष नागेन्द्र राय यादवलाई ०६० कार्तिक १४ गते सुरक्षाकर्मीले गौरबाट गिरफ्तार गरी मंसिर ९ गते रिहा गरे।

सिम्राभवानीपुर गाविस-६ का ४० वर्षीय शेप बाजुललाई ०६० कार्तिक १९ गते गाविस अध्यक्ष नागेन्द्र राय यादवलाई भेटघाट गर्न गएको अवस्थामा गौरवाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई मंसिर ९ गते रिहा गरियो।

मत्सरी गाविस-४ का गणेश झालाई स्थानीय केही व्यक्तिहरुले व्यक्तिगत रीसइवीका आधारमा माओवादी भनी ०६० कार्तिक २४ गते सुरक्षाकर्मीलाई बुझाएकोमा सुरक्षाकर्मीले करिब २ महिनासम्म हिरासतमा राखे र हाल नजरबन्दमा राखिएको छ।

सन्तपुर (म.) गाविस-७ वेतौना टोलका २२ वर्षीय शम्भु पासवानलाई माओवादीको आंशकामा ०६० कार्तिक ३० गते प्रहरीले गिरफ्तार गरी कसैसँग भेटघाट गर्न नदिई मंसिर ४ गते मात्र रिहा गरियो।

सन्तपुर (म.) गाविस-७ का २५ वर्षीय विजय पासवानलाई माओवादीको आशंकामा ०६० मंसिर १ गते प्रहरीले गिरफ्तार गरी इलाका प्रहरी कार्यालय, गरुडामा

पतिद्वारा गोली प्रहार गरी आँखा फुटाइएकी कोरैसा खातुन

कसैसँग भेटघाट गर्न नदिई ४ दिनपछि रिहा गरे।

सन्तपुर (म.) गाविस-७ का ३२ वर्षीय जयलाल पासवानलाई माओवादीको आरोपमा ०६० मंसिर १ गते प्रहरीले गिरफ्तार गरी मंसिर ६ गते रिहा गरे।

गम्हरिया पर्सा-७ का ४० वर्षीय नविउल्लाह मियालाई माओवादीको आरोपमा ०६० मंसिर १२ गते प्रहरीले गिरफ्तार गरी मंसिर २४ गते रिहा गरे।

गम्हरिया पर्सा गाविस-६ का ५० वर्षीय शेष तवारकलाई माओवादीको आरोपमा ०६० साल मंसिर १५ गते प्रहरीले गिरफ्तार गरी १० दिनसम्म कसैसँग भेटघाट गर्न नदिई मंसिर २४ गते नजरबन्दमा राख्न पठाए। पीडितलाई हाल नजरबन्दमा राखिएको छ।

गम्हरिया पर्सा गाविस-६ का ३२ वर्षीय एकरामुल मियालाई माओवादीको आरोपमा ०६० मंसिर २० गते प्रहरीले गिरफ्तार गरी ४ दिनपछि रिहा गरे।

वरियारपुर गाविस-२ वीरनगरा टोलका महेश राय यादवलाई माओवादीको आशंकामा मंसिर २३ गते गंगा पिप्राका वासिन्दाले समाती प्रहरीलाई बुझाए। अनेरास्ववियु (क्रान्तिकारी) ले आह्वान गरेको रौतहट बन्दको क्रममा पसल बन्द गराउँदै हिंडेको आरोपमा पीडितलाई सुरक्षाकर्मीसमक्ष बुझाएकोमा ५ दिनपछि रिहा गरियो।

सन्तपुर (म.) गाविस-६ का ४५ वर्षीय राजाराम महतो र सिम्राभवानीपुरका छविलाल महरालाई ०६० पुस १४ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुलाई हालसम्म रिहा गरिएको छैन्।

बालअधिकार

सिम्राभवानीपुर गाविस-५ का ४० वर्षीय जानकी साहले आफ्नी पत्नीको ल्याइतेपट्टिको छोरा ७ वर्षीय गरिबनाथ साहलाई ०५९ पुस २५ गते मेटासिड नामक विषादी खुवाई जंगलमा लगेर फ्याँकिदिए। जंगलमा घाँस काट्न गएका मानिसहरुले देखेर प्रहरीलाई खर गरेपछि पीडित बालकको उपचार गरियो। पीडकलाई गिरफ्तार गरी कानुनी कारवाही गरियो।

मिठुअवा गाविस-२ का कृष्णचन्द्र साह कल्वारले सर्लाही जिल्ला खहेर्वा गाविस-४ की १४ वर्षीय राजकुमारी देवीसँग ०६० वैशाख ४ गते बाल विवाह गरे। पीडकलाई प्रहरीद्वारा गिरफ्तार गरी कानुनी कारवाही गरियो।

गौर नपा-६ का ४ वर्षीय अमन चन्द्रवंशीलाई ०६० कार्तिक २ गते राति भारतीय डाँकाहरुले घरवाट

अपहरण गरे। पीडितलाई लाखौं रुपैयाँ फिरौती माग गर्न अपहरण गरिएको हुनसक्ने परिवारले बताए। पीडितलाई नेपाल र भारतका प्रहरीको सहयोगमा ०६० कार्तिक ५ गते भारतको पूर्वी चम्पारण जिल्लाको मछुअवा गाउँका काली सहनी भन्ने कालियाको घरबाट सकुशल मुक्त गरियो।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

पौराई गाविस-२ की १७ वर्षीय बबिता राना मगरलाई सर्लाही जिल्ला नेत्रगञ्ज गाविस-४ का २५ वर्षीय उद्धव पौडेलले बेचविखन गर्ने उद्देश्यले ०५९ मंसिर २९ गते भारतको पुना शहरमा पुऱ्याए। पीडितलाई स्थानीय गैरसरकारी संस्थाको सहयोगमा ०५९ पुस २८ गते घर ल्याएपछि घटनाको वास्तविकता प्रकाशमा आयो। पीडकलाई प्रहरीद्वारा गिरफ्तार गरी कारवाही चलाइयो।

गंगापिप्रा गाविस-६ का ५५ वर्षीय बनारसीदेवी चौधरीलाई बोक्सीको आरोपमा ०५९ फागुन २७ गते सोही ठाउँका रुपनारायण चौधरीसमेतले कुटपिट गरे। पीडितले पीडकहरुउपर गाली बेइजती मुद्दा दायर गरेकोमा पछि मिलापत्र गरियो।

सखुअवा, धमौरा गाविस-५ की २२ वर्षीय धरोहरी देवीलाई सोही गाविस-१ का २५ वर्षीय सुनिल भेडिहरले विवाह गर्ने बहानामा यौन सम्पर्क गरेकोमा पीडितले गर्भधारण गरेपछि पीडकले स्वीकार नगरेकोले न्यायको लागि जिल्ला प्रशासन कार्यलयमा उजुरी दिए पनि न्याय पाउन सकिनन्।

मिठुअवा गाविस-२ की जानकीदेवी कल्वारलाई दाइजो कम ल्याएको आरोपमा आफ्नै पति कृष्णचन्द्र साह कल्वारले कुटपिट गरे। यसैक्रममा पीडकले सर्लाही जिल्ला खहेर्वा गाविस-४ की १४ वर्षीय राजकुमारी देवीसँग ०६० वैशाख ४ गते दोश्रो विवाह गरे। पीडकलाई बहुविवाह र बाल विवाहअन्तर्गत मुद्दा चलाइयो।

लक्ष्मीपुर गाविस-५ का १८ वर्षीय कोरैसा खातुनलाई ०६० वैशाख १० गते पति जमीरुल मन्सुरीले गोली हानी दायाँ आँखा फुटाइदिए। पीडकले आफ्नो साथमा रहेको बन्दुक यसरी पड्कन्छ भनी देखाउँदा पड्कन गई पीडितको आँखा फुटेको थियो। पीडकलाई प्रहरीले गिरफ्तार गरी ज्यानमार्ने उद्योग मुद्दा चलाए।

गौर नपा-७ की ४० वर्षीय सुभगियादेवी महतोलाई बोक्सीको आरोपमा ०६० साउन ९ गते सोही ठाउँकै श्रीप्रसाद महतो, सुनैना देवी, पुनम कुमारी, राजेन्द्र राय यादवसमेतका व्यक्तिहरुले कुटपिट गरी मलमूत्र खुवाए। पीडकहरुउपर प्रहरीले सार्वजनिक अपराध ऐनअन्तर्गत कारवाही चलाए। पीडकहरुलाई १० हजार रुपैयाँ धरौटीमा तारिखमा रिहा गरियो।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

मत्सरी गाविस-८ की २० वर्षीय रेणुदेवी नुनीयालाई स्थानीय सुरेश महतोसमेतका व्यक्तिहरुले ०६० असार २० गते कुटपिट गरी लछारपछार गर्दै बेइज्जती गरे। पीडितले पहिलेका पति सुरेश महतोलाई छाडि गाउँकै भन्टु राउत वरैसँग अन्तर्जातीय विवाह गरेका कारण पहिलेका पतिसमेतले कुटपिट गरेको पीडितले बताइन्।

पोठियाही गाविस-५ स्थित प्राविमा सोही गाविस-३ का तल्लो जातका भनिने गणेश राम चमारलाई पियनमा नियुक्ति गरिएकोमा उपल्लो जातका भनिने शिक्षकहरु विद्यालयमा आउन छाडेपछि ०६० मंसिर १७ गते देखि अभिभावकहरुले विद्यालयमा तालाबन्दी गरिदिए। विद्यालयका प्रधानाध्यापक नागेन्द्र पाण्डेलगायत्का शिक्षकहरुले पीडित पियन पदमा नियुक्ति भएदेखि नै छुवाछूतको दृष्टिकोणले हेर्ने, पानीको भाँडो फ्याँकिदिने र विद्यार्थीहरुलाई पियनको हातबाट पानी खान बन्देज लगाउने गरेको पीडितले बताए। इलाका प्रहरी कार्यालय, शिवनगरमा सहमती गरी ४ दिनपछि बन्द विद्यालय खोलिए पनि पीडकहरुउपर कुनै कारवाही भएन।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

गौरमा मट्टितेल लिन गएका विद्यार्थीहरुमाथि प्रहरीले कुटपिट गरेको विरोधमा विद्यार्थीहरुले निकालेको जुलुसमाथि प्रहरीले लाठिचार्ज गरी विद्यार्थीहरुलाई गिरफ्तार गरेकोमा नेकपा (एमाले) ले ०५९ पुस २४ गते एक विज्ञप्ति जारी गरी विरोध गर्नुका साथै गिरफ्तार गरिएका विद्यार्थीहरुको रिहाईको माग गऱ्यो।

प्रतिगमन विरोधी आन्दोलनको क्रममा शान्तिपुर्ण जुलुसमाथि भएको प्रहरी हस्तक्षेपको विरुद्ध संयुक्त जनआन्दोलन समिति, नेकपा (एमाले), नेकाँ लगायत्का पार्टीहरुले घोर भत्सर्ना गर्दै प्रेस विज्ञप्ति जारी गरे।

नेकपा (एमाले) गाउँ कमिटी सचिव रामबाबु राय यादव र लक्ष्मी चौधरीलाई माओवादीले हत्या गरेको तथा एमालेका कार्यकर्ता शम्भुप्रसाद साहलाई माओवादीले अपहरण गरेकोमा एमालेले छुट्टाछुट्टै मितिमा विज्ञप्ति जारी गरी विरोध र भर्त्सना गऱ्यो।

नेकाँका ४ नं. क्षेत्रीय सदस्य बुद्धराज गिरीलाई अपहरण गरी हत्या गरिएकोमा नेकाँ, नेविसंघ, संयुक्त जनआन्दोलन समिति, रौतहटले छुट्टाछुट्टै विज्ञप्ति जारी गरी विरोध एवम् भर्त्सना गरे।

अजगैवी गाविस-२ का विष्णुदयाल साहलाई माओवादीले मारेको भनी सरकारी सञ्चार माध्यम र पत्रपत्रिकामा प्रकाशित समाचार झुठो रहेको भनी माओवादीले एक विज्ञप्ति जारी गरी त्यसको खण्डन गऱ्यो।

संरचना क्षति

इलाका प्रहरी कार्यालय, समनपुरको भवन र इलाका प्रहरी सन्तपुर (दो.) को भवन ०६० भदौ २८ गते, इलाका प्रहरी कार्यालय, पिपरियाको भवन र इलाका वन कार्यालय, चेतनगरको भवन ०६० भदौ २९ गते, प्रहरी चौकी, बंकुलको भान्छा र प्रतिक्षालय ०६० भदौ ३० गते, नेपाल दूरसञ्चार संस्थान, गरुडाको टावर ०६० भदौ ३१ गते, इलाका प्रशासन कार्यालय, चन्द्रनिगाहपुरमा ०६० असोज ६ गते, प्रहरी चौकी, सुकदेव चौकको भवन र अस्थायी प्रहरी पोष्ट, मठियाको भवन ०६० असोज १४ गते, इलाका प्रहरी कार्यालय, गंगापिपराको भवन ०६० असोज २६ गते, इलाका प्रहरी कार्यालय कटहरियाको भवन, कटहरिया गाविस कार्यालय, कृषि सेवा केन्द्र कटहरिया, कटहरिया इलाका हुलाक कार्यालय र नेपाल दूरसञ्चार संस्थान चन्द्रनिगाहपुर टावरमा ०६० कार्तिक २ गते, इलाका प्रहरी कार्यालय, चन्द्रनिगाहपुरको भवन ०६० कार्तिक १२ गते माओवादीले बम विस्फोट तथा आगजनी गरी क्षति पुऱ्याए। उक्त विस्फोटबाट ४० लाख ५० हजार रुपैयाँ बराबरको क्षति भएको सरकारी तथ्याङ्क उल्लेख गरियो।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यस जिल्लामा मिलको फित्तामा बेरिएर २ जना, विष सेवनबाट २ महिला र १ पुरुष गरी ३ जना, सवारी दुर्घटनामा १ नाबालक र ४ पुरुष गरी ५ जना, शितलहरबाट १४ जना, झुण्डिएर ३ जना, रुखबाट लडेर १ जना तथा पानीमा डुबेर ५ नाबालक र १ पुरुष गरी ६ जना गरी ३४ जनाको मृत्यु भयो। त्यसैगरी चोरीको एउटा घटना तथा डकैतीका ६ वटा घटना प्रहरीमा दर्ता भए।

२.८ बारा



जनसंख्या	:५५९१३५
साक्षरता प्रतिशत	:४२.३५
महिला साक्षरता प्रतिशत	:२८.९८
क्षेत्रफल (वर्ग कि.मी.)	:११९०
गाविस/नपा संख्या	:९८/१
निर्वाचन क्षेत्र	:४
विद्यालय	:२९१
क्याम्पस/उच्च मावि	:२/५
अस्पताल/स्वास्थ्य चौकी	: १/९८
टेलिफोन लाइन	:२५००
मोटर सडक (कि.मी.)	:१३७
प्रहरी कार्यालय संख्या	:४
हुलाक संख्या	:७३
मानव विकास सूचकांक	:०.३०९
प्रति एक डाक्टर जनसंख्या	:९३१८९
प्रति परिवार सरदर संख्या	:६.३८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

भोडाहा गाविस-८ का ३५ वर्षीय राजदेव यादवलाई ०६० भदौ २१ गते दिउँसो ४ बजे बजारबाट साइकल चढी घर फर्कंदै गर्दा प्रहरीले गोली हानी हत्या गरे। त्यसैगरी सोही गाविस-७ का ३२ वर्षीय ब्रम्हदेव महरा चमारलाई सोही दिन ४:३० बजे आफ्नै गोठमा काम गरिरहेको अवस्थामा प्रहरीले गोली हानी हत्या गरे।

फुलबारिया भन्ने ठाउँमा ०६० कार्तिक १५ गते एक अज्ञात व्यक्तिलाई सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

भलुही मर्वलियाका माओवादी एरिया कमाण्डर २८ वर्षीय चुनु राउत कुर्मी र एरिया सदस्य सचिकन

मण्डलको ०६० कार्तिक २८ गते फेटा गाविसमा सुरक्षाकर्मीसँगको भिडन्तमा गोली लागी मृत्यु भयो।

कलैया नपा घर भई माओवादीद्वारा घोषित वारा जिल्ला जनसरकार सदस्य एवं अनेमसंघ (क्रान्तिकारी) जिल्ला सचिव बबिता मण्डललाई ०६० कार्तिक २९ गते महेशपुर गाविसमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

सपही गाविस नजिकको जंगलमा ०६० मंसिर १० गते एक अज्ञात व्यक्तिलाई सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितको नाम, ठेगाना थाहा हुन सकेन।

डुम्वरवाना गाविस-१ का शिवपुजन लोहारलाई ०६० मंसिर १२ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

गोलगञ्ज गाविस-९ का २८ वर्षीय ललन जयसवाललाई माओवादीको आरोपमा ०६० मंसिर २७ गते घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी ०६० पुस २ गते उचिहिड गाविसस्थित एक कोल्ड स्टोरनजिक गोली हानी हत्या गरे।

अमृतगञ्ज गाविस-६ का २७ वर्षीय अक्षयलालप्रसाद कुशवाहलाई ०६० पुस २ गते विहान ४ बजे घरवाट सुरक्षाकर्मीले गिरफ्तार गरी सोही दिन उचिहिड गाविसको एक कोल्ड स्टोरनजिकै गोली हानी हत्या गरे।

माओवादीवाट

डुम्वरवाना गाविस-८ का भूपू प्रहरी २६ वर्षीय पदमप्रसाद पोखरेललाई ०५९ माघ ११ गते विहान ११ बजे आफ्नै घरमा वसिरहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे।

अमृतगञ्ज गाविस-१ का २८ वर्षीय वीरेन्द्र मुखिया विनलाई ०६० असार २० गते प्रसौना गाविस र उमजन गाविसको बीच सडकमा माओवादीले गोली हानी हत्या गरे।

भलुही गाविस-५ का ३३ वर्षीय तुलसी महतो धानुकलाई ०६० असोज २ गते राति आफ्नै घरमा सुतिरहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे।

दोहोरी गाविस-५ का दोहोरी गाविसका निवर्तमान गाविस अध्यक्ष एवं नेकाँका जिल्ला समितिका कोषाध्यक्ष ४० वर्षीय महम्मद कासिम अन्सारीलाई ०६० असोज ९ गते बिहान घरैमा बसिरहेको अवस्थामा माओवादीले घरदेखि एक सय मिटर पर पुर्‍याई गोली हानी हत्या गरे।

तेलकुवा गाविसका निवर्तमान उपाध्यक्ष एवं नेकाँ (प्रजातान्त्रिक) का जिल्ला सदस्य ३९ वर्षीय भगवानप्रसाद यादवलाई ०६० असोज १० गते साँझ वरियापुर गाविस-७ स्थित होटलमा चिया खाइरहेको अवस्थामा माओवादीले पथरहट्टी गाविस-२ धर्मपुरमा लगी गोली हानी हत्या गरे।

शाही नेपाली सेना रुद्रध्वज गुल्म आधाभारमा कार्यरत सैनिक जवान मेखबहादुर श्रेष्ठलाई ०६० असोज ११ गते बिहान डुम्बरवाना गाविसमा गस्ती गर्न जाँदा माओवादीले गोली हानी हत्या गरे। सो घटनामा दोहोरो भिडन्त हुँदा दुईजना माओवादी कार्यकर्ता गम्भीर घाइते भए।

सपही गाविस-३ वनरफुल्लाका ४० वर्षीय प्रकाश चौधरीलाई डकैनीको घटनामा संलग्न भएको आरोपमा ०६० असोज ११ गते दिउँसो १२ बजे कोल्मी बजारमा माओवादीले गोली हानी हत्या गरे।

हरैया गाविस-१ का ४३ वर्षीय पूर्व प्रहरी हवल्दार रत्नबहादुर घिमिरेलाई ०६० असोज २४ गते घरवाट माओवादीले अपहरण गरी जैतापुर प्रहरी चौकी अगाडि गोली हानी हत्या गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	७	६	२	८	९	११			११	१०	११	१	१२
घाइते	३	२	२	४	७	६	१	१२	१९				
गिरफ्तारी/यातना										१४	२४	४	२८
वेपत्ता										८	८	६	१४
कुटपिट										८	१९	५	२४
महिलाअधिकार	४		४	४									
वालअधिकार	३		३	३						१	३		३
अपहरण	१२	१३		१३	४	४			४				
जम्मा	२९	२१	११	३२	२०	२१	१	१२	३४	४१	६५	१६	८१

बगवन गाविस-९ पदमरोडमा ०६० कार्तिक १५ गते माओवादीले विच्छ्याएको विद्युतीय धरापमा परी शाही नेपाली सेनामा कार्यरत सिपाही तनहुँ जिल्लाका रमेश अधिकारी, गोरखा जिल्लाका चेतबहादुर देवकोटा र सशस्त्र प्रहरीमा कार्यरत काभ्रे जिल्लाका हरिगोपाल सुवालको घटनास्थलमै मृत्यु भयो। सोही घटनामा परी एक जना सैनिक घाइते भए।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

भरतगञ्ज सिंगौल गाविस-१ का ४६ वर्षीय मखन भण्डारीलाई ०६० असोज १ गते निजगढ गाविस-१ स्थित आफ्नै दाजुको घरमा बसिरहेको अवस्थामा माओवादीले गोली हानी घाइते बनाए। पीडितलाई उपचार नारायणी उपक्षेत्रीय अस्पताल, वीरगञ्ज पठाइयो।

धर्मनगर गाविस-९ का २२ वर्षीय फिरोज मियालाई ०६० असोज ९ गते राति घरमा सुतिरहेको अवस्थामा माओवादीले आक्रमण गर्दा गोली लागी घाइते भए।

गञ्जभवानीपुर गाविस-१ का २३ वर्षीय अनुपप्रसाद यादवलाई ०६० कार्तिक २१ गते घरमा बसिरहेको अवस्थामा माओवादीले गोली प्रहार गरी घाइते बनाए। पीडितको नारायणी उपक्षेत्रीय अस्पताल, वीरगञ्जमा उपचार गरियो।

रतनपुरी गाविस-२ का राप्रपाका कार्यकर्ता २८ वर्षीय अवतारसिंह वाइवालाई ०६० मंसिर ५ गते घरमा बसिरहेको अवस्थामा माओवादीले गोली हानी घाइते बनाए।

जिल्ला नापी कार्यालय अगाडिको व्यस्त सडकमा ०६० मंसिर २१ गते माओवादीले बम विस्फोट गराए। उक्त बम विस्फोटमा परी कलैया नपाकी २५ वर्षीय बबिता साह, भतौडाका २८ वर्षीय शिक्लालप्रसाद यादव, दोहोरीका २० वर्षीय शिवचन्द्र महतो, बंजरियाका ३२ वर्षीय शंकर महतो, बरेवाका ३३ वर्षीय लक्ष्मी राम, पिपरा गाविसका २७ वर्षीय शोहन शर्मा र ३६ वर्षीय कृष्णप्रसाद खनाल, बंजरियाका ४५ वर्षीय बिजुली महतो, कलैया नपाका २३ वर्षीय सुनिल कुमार, २२ वर्षीय भागनारायण प्रसाद, १६ वर्षीय जियालाल प्रसाद, ३३ वर्षीय अम्बिका प्रसाद र २८ वर्षीय ओमशंकर प्रसाद घाइते भए। पीडितहरुको स्थानीय नर्सिङ होममा उपचार गरियो।

सुरक्षाकर्मीद्वारा बेपत्ता पारिएका गणेशप्रसाद मैनाली

बारा जिविस भवनमा ०६० मंसिर २८ गते राति ८ बजे माओवादीले बम विस्फोट गराउँदा। जिविसका चौकीदार ३९ वर्षीय राजदेव साह र ४४ वर्षीय हरिनारायण साह घाइते भए।

बेपत्ता / अपहरण

राज्यबाट

पिपरा सिमरा गाविस-१ का २९ वर्षीय धनबहादुर श्रेष्ठ र २४ वर्षीय रामजी रिजाललाई ०६० भदौ १७ गते घरबाट प्रहरीले गिरफ्तार गरी बेपत्ता पारे।

हरैया गाविस-६ का ४१ वर्षीय ज्ञानप्रसाद गौतमलाई ०६० भदौ २८ गते रोजगारीको क्रममा भारतबाट नेपाल फर्कँदै गर्दा प्रहरी चेक पोष्ट, गण्डकबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

पिपरा सिमरा गाविस-५ चुनढुंगाका ५० वर्षीय भोला गुरागाई, ४३ वर्षीय सीता गुरागाई, २३ वर्षीय सुरजकुमार गुरागाई, २० वर्षीय कमला गुरागाई र १६ वर्षीय ज्योति गुरागाईलाई ०६० असोज १८ गते घरबाट सादा पोशाकमा सुरक्षाकर्मीले अपहरण गरी बेपत्ता पारी दुई महिनापछि रिहा गरे।

पिपरा सिमरा गाविस-५ का २४ वर्षीय लक्ष्मी ढकाल र २६ वर्षीय टीका दाहाललाई ०६० असोज १८ गते सादा पोशाकमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। पीडित टीकालाई केही दिनपछि रिहा गरियो।

निजगढ गाविस-३ की १८ वर्षीय प्रमिलाकुमारी अधिकारीलाई माओवादीको आरोपमा ०६० कार्तिक ५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

काभ्रे जिल्ला ठूलोपर्सेल गाविस-५ पँधेरामुनिका ३० वर्षीय गणेशप्रसाद मैनालीलाई ०६० मंसिर ६ गते बारा जिल्लाको निजगढस्थित आफन्तको घरमा गएको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी हालसम्म बेपत्ता बनाएको छ।

डुम्बरवाना गाविस-४ का ३९ वर्षीय कृष्ण विश्वकर्मालाई ०६० पुस ८ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितको स्थिति अज्ञात छ।

रौतहट जिल्ला लक्ष्मीनिया गाविस-९ का ३२ वर्षीय जीवनाथ शिवाकोटीलाई ०६० पुस १० गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

माओवादीबाट

पकडिया गाविस-४ का ५५ वर्षीय राजेश्वर चौरासियालाई ०६० भदौ १८ गते राति आफ्नै घरमा सुतिरहेको अवस्थामा माओवादीले अपहरण गरे। पीडितलाई एक हप्तापछि मुक्त गरियो।

लिपनिमाल गाविस-६ का २५ वर्षीय अनिल साहलाई ०६० कार्तिक ३ गते माओवादीले घरबाट अपहरण गरे। पीडितलाई दुई दिनपछि मुक्त गरियो।

अन्यबाट

भवानीपुर जीतपुर गाविस-३ का ३४ वर्षीय राजबहादुर विष्टलाई ०६० भदौ २४ गते आफ्नै पसलबाट केही अपरिचित व्यक्तिले सेतो नम्बर प्लेटको गाडीमा राखी अपहरण गरे। पीडितको स्थिति अज्ञात छ।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

पिपरा सिमरा गाविस-४ का अनेरास्ववियुका जिल्ला अध्यक्ष २६ वर्षीय तारा कार्कीलाई ०६० असार २४ गते श्री ५ को शुभजन्मोत्सव लेखिएको ब्यानर च्यातेको आरोपमा इलाका प्रहरी कार्यालय, सिमराका प्रहरीले गिरफ्तार गरी यातना दिए।

अमलेखगञ्ज गाविस-१ की ५२ वर्षीय फुलमाया मगर, २१ वर्षीय उर्मिला घलान, देवबहादुर घलान, राजु थिङ, राजकुमार पटेल, विजय लामा, घनश्याम श्रेष्ठ र वीरेन्द्र गुरुङलाई ०५९ फागुन २१ गते राति आफ्नै घरमा सुतिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी निर्मम कुटपिट गरे।

पर्सा जिल्ला बेल्वा गाविस-१ का २४ वर्षीय विनोदप्रसाद साहलाई ०६० जेठ १८ गते जीतपुर ट्राफिक प्रहरी कार्यालयका प्रहरीले बिना लाइसेन्स मोटर साइकल चलाएबापत् घुस मागेकोमा घुस दिन अस्वीकार गर्दा निर्मम कुटपिट गरे।

कलैया नपामा कार्यरत नगर रक्षक ३४ वर्षीय माधवप्रसाद गोढलाई ०६० साउन २९ गते जिल्ला प्रहरी कार्यालयका प्रहरी इन्स्पेक्टर अनुराग दुवेदीले प्रहरी कार्यालमा ज्यानमार्ने धम्की दिए।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

निजगढ गाविस-५ का नेपाल समाचारपत्र दैनिकका संवाददाता तथा प्रेस चौतारीका पूर्व केन्द्रीय सदस्य गोकुल घोरसाइनेलाई ०६० वैशाख २८ गते निजगढमा भएको मसाल जुलुसको समाचार संकलन गर्न जाँदा प्रहरीले कुटपिट गरे।

निजगढ गाविस-८ का पूर्व वडाध्यक्ष केदारनाथ घिमिरे, निजगढ गाविस-५ का अनेरास्ववियु जिल्ला अध्यक्ष दुर्गा गौतम र केदारप्रसाद तिमिल्सिनालाई ०६० वैशाख २८ गते निजगढ बजारमा मसाल जुलुसमा सहभागी हुँदा प्रहरीले कुटपिट गरे।

निजगढ गाविस-१ का नेकपा (एमाले) जिल्ला कमिटी सदस्य एकबहादुर श्रेष्ठ, प्रयुसंघ केन्द्रीय सदस्य रामचन्द्र प्यासी, चमेना भट्टराई, नेकपा (एमाले) का बलबीर चौधरी, बासु यादव, अनेरास्ववियुका केन्द्रीय सदस्य मनोज पौडेल, नेपाल महिला संघ केन्द्रीय सदस्य मधु शाही र जिल्ला अध्यक्ष मिना लामालाई ०६० जेठ ८ गते कलैयामा आयोजित प्रतिगमनविरुद्धको विरोध कार्यक्रममा सहभागी हुँदा प्रहरीले कुटपिट गरे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

रतनपुरीमा ९ सय ८५, सिमरामा २ सय ९२, ककडीमा ८ सय ७३, डुम्बरवानामा २ सय १७, मनहर्वामा ३ सय १७, हरैयामा ३ सय ७ र निजगढमा ४ सय २२ गरी कूल ३ हजार ४ सय १३ परिवार भूमिहीन तथा सुकुम्वासी समस्याबाट पीडित रहेको सम्बन्धित गाविस कार्यालयबाट थाहा भयो।

विस्थापित

निजगढ गाविसमा राखिएको संयुक्त सुरक्षा बेस क्याम्पका कारण निजगढ गाविस-६ का रामप्रसाद सापकोटा र ज्ञानबहादुर श्रेष्ठको घर क्याम्पभित्र पर्दा उनीहरु पूर्णरुपमा विस्थापित हुन पुगेका छन्। बेस क्याम्पकै कारण अन्य १५ परिवारको करेसाबारी क्याम्पभित्र परेको छ। उनीहरुलाई क्षतिपूर्ति तथा मुआब्जा केही पनि उपलब्ध गराइएको छैन।

आन्तरिक द्वन्द्वका कारण यस जिल्लामा ४ महिला सहित २१ जना विस्थापित भए।

आर्थिक अधिकार

माओवादीले सिमरास्थित अशोक स्टिलमा बम विस्फोट गराएपछि त्यहाँ काम गर्ने २ हजार मजदुरहरु बेरोजगार बन्न पुगे।

माओवादीहरुले परवानीपुरमा रहेको डाबर नेपाल प्रा.लि. सँग १ करोड रुपैयाँ चन्दा मागेको कारण देखाइ उक्त उद्योग अन्यत्र स्थानान्तरण गरिन लागेको छ।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

निजगढ गाविस-२ का २४ वर्षीय शम्भु न्यौपाने र २१ वर्षीय उमेश अधिकारीलाई ०६० भदौ १४ गते घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई एक हप्तापछि रिहा गरियो।

निजगढ गाविस-२ का मानसिक सन्तुलन ठीक नभएका ४२ वर्षीय शंकर उप्रेतीलाई ०६० भदौ १४ गते जंगलवाट फर्कंदै गर्दा सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिए।

भोडाहा गाविस-८ का २० वर्षीय विनय साह र २६ वर्षीय हृदयनारायण साहलाई ०६० भदौ २१ गते वजारवाट फर्कंदै गर्दा प्रहरीले गिरफ्तार गरे। पीडितहरुलाई भोलिपल्ट रिहा गरियो।

डुम्बरवाना गाविस-७ टाँगिया बस्तीका १९ वर्षीय हिराबहादुर रखाल, २१ वर्षीय राजु सञ्जेल र २३ वर्षीय हर्कबहादुर मगरलाई ०६० असोज ३ गते खोलामा नुहाउन गएको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई एक हप्तापछि रिहा गरियो।

बच्छनपूर्वा गाविस-२ का ३३ वर्षीय पाहुन चौधरीलाई ०६० मंसिर २५ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे।

भवानीपुर जीतपुर गाविस-३ का २८ वर्षीय सुरेश पोखरेललाई ०६० पुस ३ गते निजगढ गाविस-७ तामागढीवाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई एक हप्तापछि रिहा गरियो।

रौतहट जिल्ला लक्ष्मीनिया गाविस-९ का २७ वर्षीय समीर खरेललाई ०६० पुस १० गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ५ दिनपछि रिहा गरियो।

इनर्वासिरा गाविस-३ का ३० वर्षीय विन्दा यादवलाई ०६० पुस १३ गते घरमा वसिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी ५ दिनपछि रिहा गरे।

बालअधिकार

अमलेखगञ्ज गाविस-९ चकरीकी १२ वर्षीय एक वालिकालाई ०६० जेठ २ गते सोही ठाउँका १९ वर्षीय वुद्धिलाल वाइवाले वलात्कार गर्ने प्रयास गरे।

निजगढ गाविस-१ की १३ वर्षीय एक अपाङ्ग वालिकालाई ०६० साउन २ गते घरमा कोही नभएको अवस्थामा सोही ठाउँका १९ वर्षीय केशव श्रेष्ठले बलात्कार गरे। पीडकलाई हाल थुनामा राखिएको छ।

निजगढ गाविस-२ का १२ वर्षीय मदन बन्जारा, १० वर्षीय इन्द्र गौतम र १३ वर्षीय प्रल्हाद गौतमलाई ०६० भदौ १४ गते गाउँ नजिकैको चौरमा खेलिरहेको अवस्थामा सुरक्षाकर्मीले सोधपुछको क्रममा कुटपिट गरे।

कलैया नपा-८ की १४ वर्षीय एक वालिकालाई ०६० साउन २२ गते दिउँसो १० वजे उनकै घरमा सोही ठाउँका २४ वर्षीय समिम अन्सारी र २५ वर्षीय शेखरनाथले वलात्कार गरे। सोही घटनामा प्रतिकार गर्दा पीडितकी १६ वर्षीय दिदी समेत घाइते भइन।

भोडाहा गाविस-८ का १३ वर्षीय प्रदीप साह, १२ वर्षीय विञ्जु यादव, १२ वर्षीय कमलेश्वर साह, १२ वर्षीय जीतेन्द्र ठाकुर र १२ वर्षीय मुकेश साह सोनारलाई ०६० भदौ २१ गते चौरमा खेल्दै गर्दा प्रहरीले गिरफ्तार गरे। पीडितहरुलाई भोलिपल्ट रिहा गरियो।

डुम्बरवाना गाविस-७ टाँगियावस्तीका १५ वर्षीय गंगा श्रेष्ठ र १५ वर्षीय पार्वती सञ्जेललाई ०६० असोज ३ गते पिपारीखोलामा नुहाउन गएको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई एक हप्तापछि रिहा गरियो।

इनर्वासिरा गाविस-९ का १४ वर्षीय राम भरोसा यादवलाई ०६० कार्तिक ११ गते साइकलमा चढी खेल्न गइरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारेकोमा दुई महिनापछि रिहा गरियो।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव, दूर्व्यवहार

वरियापुर गाबिस-६ की ३६ वर्षीय एक महिलालाई ०५९ फागुन ९ गते राति घरमा सुतिरहेको अवस्थामा सोही ठाउँका २५ वर्षीय रामेश्वर श्रेष्ठ, ३४ वर्षीय ओली महम्मद, २५ वर्षीय नन्दकिशोर महतो, ३५ वर्षीय भुठा धोवी, २९ वर्षीय महालल नुनिया र ३५ वर्षीय भोलेन्द्रराम यादवले घर नजिकैको आलु वारीमा लगी वलात्कार गरे।

भोडाहा गाविस-९ की २० वर्षीय सढिया देवीलाई उनकै पति २८ वर्षीय वकिल मियाले ०५९ चैत २९ गते कुटपिट गरी घरवाट निकाले।

गोलागञ्ज गाविस-२ की ४५ वर्षीय पनवादेवी महतोलाई बोक्सीको आरोपमा ०६० असार २९ गते सोही ठाउँका गाउँलेहरुले कुटपिट गरे। पीडितका पति ५० वर्षीय जयनारायण महतोलाई समेत घाइते बनाइयो।

बसतपुर गाविस-१ की ३५ वर्षीय एक महिलालाई ०६० साउन १९ गते राति घरमा कोही नभएको अवस्थामा सोही ठाउँका ४० वर्षीय मनौर मिया र ३७ वर्षीय आलम मियाले वलात्कार गरे। पीडकलाई कुनै कारवाही भएन।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

प्रहरीद्वारा भोडाहा गाविसका २ जना निर्दोष सर्वसाधारणलाई गोली हानी हत्या गरिएको र सोही ठाउँका ९ जनालाई गिरफ्तार गरिएको विरोधमा नेकपा (एमाले), नेकाँलगायत् मानवअधिकार संघ-संस्थाहरुले एक प्रेस विज्ञप्ति जारी गरे।

गोलागञ्ज गाविसमा भएको बोक्सीसम्बन्धी घटनामा संलग्न पीडकहरुलाई सजाय र पीडितलाई

क्षतिपूर्ति दिइनु पर्ने मागसहित मानवअधिकार जागरण केन्द्र (हरेक) र मानवअधिकार संरक्षण मञ्चद्वारा विज्ञप्ति जारी गरियो।

निजगढ गाविस भवनमा राखिएको संयुक्त सुरक्षा बेस क्याम्पका कारण पीडित बन्न पुगेका व्यक्तिहरुलाई क्षतिपूर्तिको माग गर्दै नेकपा (एमाले) र नेकाँले विज्ञप्ति जारी गरे। त्यसैगरी निजगढकै सुरक्षाकर्मीहरुले सर्वसाधारण तथा सवारी चालकहरुलाई अमानवीय व्यवहार गरेको भनी निजगढका राजनीतिक पार्टीहरुको सर्वदलीय बैठकले खेद प्रस्ताव पारित गरेको प्रेस विज्ञप्तिमार्फत् जानकारी दिए।

२.९ पर्सा



जनसंख्या : ४५७८४७
साक्षरता प्रतिशत : ३४
महिला साक्षरता प्रतिशत : १८.१
क्षेत्रफल (वर्ग कि.मी.) : १३५३
गाविस/नपा संख्या : ८२/१
निर्वाचन क्षेत्र : ४
विद्यालय : २९१
क्याम्पस/उच्च मावि : ३/५
अस्पताल/स्वास्थ्य चौकी : २/३८
टेलिफोन लाइन : १००००
मोटर सडक (कि.मी.) : १७९
प्रहरी कार्यालय संख्या : ८
हुलाक संख्या : १०२
मानव विकास सूचकांक : ०.३५८
प्रति एक डाक्टर जनसंख्या : १२१२७
प्रति परिवार सरदर संख्या : ६.२५

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या गोली

माओवादीबाट

हरपुर गाविस-४ का पूर्व गाविस अध्यक्ष ४७ वर्षीय कविकान्त दास थारुलाई प्रतिकार समितिमा बसेको आरोपमा ०६० असार ५ गते बडनिहार बजारबाट घर फर्कँदै गर्दा माओवादीले कन्चट, छाति र पिठ्यूँमा गोली हानी हत्या गरे।

मधुवन मथौल गाविस-२ सिरहीका ३७ वर्षीय शत्रुघ्न सहनीलाई प्रतिकार समितिमा बसेको आरोपमा ०६० भदौ २४ गते माओवादीले धाङ्गडटोलको भण्डा मेलामा कन्चट र छातीमा गोली प्रहार गरी हत्या गरे।

ओखलढुंगा ठूलाछाप गाविस-५ का ६५ वर्षीय तोयानाथ निरौला र पर्सा जिल्ला सेढुवा गाविसका ४५ वर्षीय धीरु पण्डितको ०६० असोज ३० गते वीरगञ्ज उमनपा-१६ पावरहाउस चोकमा माओवादीले बम विस्फोट गराउँदा मृत्यु भयो।

वीरगञ्ज उमनपा-१२ रानीघाटका ३७ वर्षीय ताकेश्वर साहको ०६० कार्तिक ५ गते माओवादीले लहना असुल गरी फर्किरहेको अवस्थामा उदयपुर घुर्मीको दर्दवा पुलनजिकै धारिलो हतियारले घाँटी रेटी हत्या गरे।

बेलवा गाविस-८ बहुअरी खोलानजिकै भीमकाली गुल्म, वीरगञ्जका १३ जना सैनिक जवानहरुलाई ०६० कार्तिक १६ गते माओवादीले विद्युतीय धरापमा पारी हत्या गरे। पीडितहरु बा १ ग १४२१ नम्बरको मिनि ट्रकमा रहेका १८ जनामध्ये बाँकी ५ जना पनि सख्त घाइते भए।

अन्य

वीरगञ्ज उमनपा-१९ नगवाकी ६५ वर्षीय सीतादेवी बरै, ३० वर्षीय उर्मिला देवी र १७ वर्षीय सत्या कुमारीलाई ०६० कार्तिक १९ गते आफ्नै छोरा, पति तथा बाबु परमानन्दप्रसाद बरैले मोही मुद्दाले लगाएको ऋण चुक्ता गर्न नसक्ने स्थिति भएपछि हत्या गरी आफूले पनि आत्महत्या गरे।

गोली / बम विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

बेलुवा गाविस-३ सोलखपुरका १० वर्षीय गोप्रन अन्सारी ०६० कार्तिक १६ गते सुरक्षाकर्मीले माओवादीलाई लक्षित गरी प्रहार गरेको गोली लागी घाइते भए।

माओवादीबाट

लखनपुर गाविस-३ का नेपाल राष्ट्रिय प्राथमिक

विद्यालयका प्राध्यापक ३८ वर्षीय गोपाल साह तेलीलाई ०६० भदौ २३ गते माओवादीले विद्यालयमा गइरहेको अवस्थामा भौराटारको गरदौलमा पेटमा गोली प्रहार गर्दै टाउको र ढाडमा खुकुरीले हिर्काई घाइते बनाए।

हुअर्वा गाविस-१ बहुअरी चोकमा गस्तीमा गएका ३३ वर्षीय प्रहरी हवल्दार धनबहादुर श्रेष्ठ, प्रहरी जवान रमेश साह र सर्वसाधारण रामबहादुर साहलाई ०६० मंसिर २६ गते चिया खाइरहेको अवस्थामा माओवादीले गोली प्रहार गरी घाइते बनाए।

जेल र बन्दीहरु

यस जिल्लामा १ हजार ५ सय बन्दी क्षमताको जेल छ। हाल जेलमा कैद नतोकिएका २ सय ५६ पुरुष र ८ महिला तथा कैद तोकिएका १ सय ७२ पुरुष र १९ महिला गरी कूल ४ सय ५५ बन्दी छन्। माओवादीको आरोपमा ३८ जना पुरुषलाई राखिएको छ। यस जेलमा १ वर्षदेखि ४ वर्षसम्मका ४ जना बालक छन्। यस वर्ष ५५ वर्षीय कृष्णबहादुर प्रजाको हृदयघातले ०६० कार्तिक २३ गते उपचार गराउँदा-गराउँदै मृत्यु भयो। कर्तव्य ज्यानसम्बन्धी मुद्दामा जेलमा रहेका दिलिपकुमार साहलाई बारा जिल्ला अदालतमा उपस्थित गराउन लगिरहेको अवस्थामा सोही जिल्लाको भलोही चोकबाट ०६० साउन १२ गते माओवादीले भगाएर लगे। अर्का अस्पतालबाट फरार बन्दी नेक महमद अन्सारीलाई भने ७ दिनपछि भारतको मजफ्फपुरबाट गिरफ्तार गरियो।

यो जेल अति नै जीर्ण भइसकेको छ। केही भवनहरु बस्न नहुने भएका छन्। जेलको क्षमता १ हजार ५ सय भएता पनि यसको क्षमता ७ भन्दा बढी नभएको जेल प्रशासनको भनाइ छ। वर्षायाममा कोठामा पानी चुहिने, बत्तीको अनियमितता, बजेटको अभावले गर्दा बन्दीले पाउनुपर्ने उपचारको अभाव यस जेलका मुख्य समस्या हुन्।

बेपत्ता / अपहरण

राज्यबाट

निर्मलवस्ती गाविस-३ का ४७ वर्षीय जगन्नाथ नेपाललाई माओवादीको आरोपमा ०६० साउन ३ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी बेपत्ता पारे।

निर्मलवस्ती गाविस-४ का ३७ वर्षीय वीरबहादुर पाखिनलाई माओवादीको आरोपमा ०६० साउन १४ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी बेपत्ता पारे।

वीरगञ्ज उमनपा-१७ बहुअरीका ४७ वर्षीय डा. हसीबु रहमान अन्सारीलाई घाइते माओवादीलाई उपचार गरेको आरोपमा ०६० असोज ४ गते सादा पोशाकमा आएका सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी एक महिनासम्म बेपत्ता बनाई कार्तिक ६ गते थुनामा राखेकोमा कार्तिक १४ गते रिहा गरे।

माओवादीबाट

बागबन्न गाविस-४ का ३३ वर्षीय विमल घिमिरेलाई ०५९ फागुन १७ गते राति ९ बजे माओवादीले घरबाट अपहरण गरी बेपत्ता पारे।

पोखरिया गाविस-१ स्थित इलाका प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान २८ वर्षीय हेम लामिछाने र ३१ वर्षीय राजकुमार रामलाई ०५९ चैत ११ गते ड्युटीमा खटिएको अवस्थामा बागबना गाविसको पशुपतिनगरबाट माओवादीले अपहरण गरे। प्रहरीले अनेरास्ववियु (क्रान्तिकारी) का विनोद पाण्डेलाई रिहा गरेपछि माओवादीले पीडितलाई ४ दिनपछि मुक्त गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	९	७	४	११	५	१८		१८				
घाइते	४	३	१	४	३	१०	३	१३	१	१		१
गिरफ्तारी / यातना									४	७		७
बेपत्ता									३	३		३
कुटपिट	४	५	४	९					३	५	१	६
धम्की	१	१		१								
महिलाअधिकार	१		१	१								
बालअधिकार	१		१	१								
आर्थिक सामाजिक सांस्कृतिक अधिकार									१	१		१
अपहरण	८	१०		१०	४	४		४				
जम्मा	२८	२६	११	३७	१२	३२	३	३५	११	१७	१	१८

सोनवर्षा गाविस-३ का पूर्व गाविस अध्यक्ष ४७ वर्षीय रामाकान्त गिरीलाई ०६० वैशाख १ गते पर्सा वन्यजन्तु आरक्षणसँगै रहेको गादी मन्दिर पिकनिक स्थलबाट माओवादीले अपहरण गरी बेपत्ता पारे।

धम्की ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

वीरगञ्ज उमनपा-१२ एकता भेट फर्मका प्रोपाइटर ३७ वर्षीय तारकेश्वरलाल कर्णलाई मागबमोजिम चन्दा नदिएको आरोपमा ०५९ फागुन १९ गते अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला सदस्य विनोद पाण्डेले ज्यानमार्ने धम्की दिए। प्रहरीले पीडकलाई गिरफ्तार गरी हिरासतमा राखेको एक हप्तापछि रिहा गरियो।

अन्य

वीरगञ्ज उमनपा-९ बाट प्रकाशित ग्रामीण समाचार पाक्षिकका सम्पादक ३५ वर्षीय राघव साहलाई ०५९ चैत २१ गते जाली नागरिकताका बारेमा समाचार प्रकाशित गरेको भनी गोरखा सेक्युरिटी सर्भिसका संचालक रामविहारी पाण्डेले ज्यानमार्ने धम्की दिए। पीडकमाथि कारवाही गरिएन।

अभिव्यक्ति भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

पाच राजनीतिक दलहरुको आह्वानमा ०६० वैशाख २८ गते घण्टाघरबाट मसाल जुलुस निकाल्दा प्रहरीले अन्धाधुन्ध लाठिचार्ज गरे। लाठिचार्जबाट घाइते टेड युनियन कांग्रेसका दिलिप राजभण्डारीको टाउकोमा १२ टाँका लगाउनुपऱ्यो भने दर्जनौं घाइते भए।

वीरगञ्ज उमनपा-१२ घण्टाघरबाट विद्यार्थीहरुले पेट्रोलियम पदार्थमा सरकारले गरेको मूल्य वृद्धिको विरोधमा जुलुस प्रदर्शनको तयारी गर्दा ०६० वैशाख ७ गते प्रहरीले हस्तक्षेप गरी अनेरास्ववियुका केन्द्रीय सदस्य नवराज शर्मा, राष्ट्रिय पार्षद केसी लामिछाने, नेविसंघका केन्द्रीय सदस्य कन्हैया झाँलगायत् ४२ जना विद्यार्थीहरुलाई गिरफ्तार गरी ६ घण्टा पछि रिहा गरे।

पाँच राजनीतिक दलको आह्वानमा ०६० जेठ ८ गते ११ बजे जिल्ला प्रशासन कार्यालयको गेटमा धर्ना बसेका आन्दोलनकारीलाई प्रहरीले लाठिचार्ज गरी दर्जनौंलाई घाइते बनाए। सो घटनामा परी नेकपा (एमाले) का चिरञ्जीवी आचार्य गम्भीर घाइते भए। नेकाँका सुरेन्द्र चौधरी, राजेन्द्रबहादुर अमात्य, रमा भट्ट, किशोरी साह र एमालेका रामचन्द्र साह र नागेन्द्र चौधरी सख्त घाइते भए।

पाँच पार्टीद्वारा जिल्ला प्रशासन कार्यालय घेराउ गर्ने कार्यक्रमको समाचार संकलन गर्न गएका पत्रकार प्रेस चौतारी नेपालका जिल्ला अध्यक्ष केसी लामिछाने, ध्रुव साह र पुरुषोत्तम भट्टराईलाई ०६० जेठ ८ गते प्रहरीले सख्त घाइते हुने गरी लाठी प्रहार गर्नुका साथै क्यामरासमेत तोडफोड गरे।

प्रतिगमन विरुद्ध विद्यार्थीहरुले निकालेको मसाल जुलुसमाथि वीरगञ्ज उमनपा-१३ मा ०६० पुस ८ गते प्रहरीले हस्तक्षेप गरी नेविसंघका पूर्व केन्द्रीय सदस्य शम्भु चौहान र अनेरास्ववियुका प्रभु महतोलाई गिरफ्तार गरी ४ घण्टापछि रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका २ हजार ५२ र यस वर्ष दर्ता भएका १ हजार ८ सय ५१ मुद्दामध्ये १ हजार ७ सय ८८ फर्स्यौट भई २ हजार १ सय बाँकी रहे। तीमध्ये २ वर्ष नाघेका २ सय ८० वटा मुद्दा छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लाको उत्तर पश्चिम क्षेत्रमा करिब १५ हजार भन्दा बढीको संख्यामा सुकुम्वासी रहेका छन्। सुकुम्वासी समस्या समाधानका लागि ०५२ सालयता खास कुनै प्रयत्न भएको छैन।

धार्मिक अधिकार

वीरगञ्ज उमनपा-२ स्थित छठघाट (पोखरी) मा ०५९ पुस १७ गतेदेखि प्रमोदविक्रम शाहले माटो भर्न थालेपछि धार्मिक संघ-संस्थाले त्यसको विरोध गर्दै प्रमुख जिल्ला अधिकारीसमक्ष धार्मिकस्थल हडप्न खोज्नेमाथि कारवाहीको माग गरे। नगरपालिकाको हकभोगमा रहेको सो धार्मिकस्थल पोखरी ०४६ सालको नापीमा प्रमोदविक्रमले आफ्नो नाममा दर्ता गराएको र यसविरुद्ध नगरपालिकाले जिल्ला अदालतमा मुद्दा दर्ता गराएको छ।

वीरगञ्ज उमनपा-१३ स्थित हनुमान मन्दिर ०५९ जेठ ९ गते मसुलमान समुदायका लालबाबु मिया, सलिम मिया, बागड मिया र जाली अख्तरले तोडफोड गरे। उक्त घटनाको विरोधमा शिव सेना नेपालले एक घण्टा वीरगञ्ज बजार बन्द गर्दै दोषीमाथि कारवाहीको माग गऱ्यो।

आर्थिक अधिकार

वीरगञ्ज चिनी कारखानाका कर्मचारी ५५ वर्षीय

वीरेन्द्र पाण्डेको ०५९ जेठ २ गते औषधी उपचारको अभावमा मृत्यु भयो। कारखानाले आठ महिनादेखि तलव दिएको थिएन। यसअघि उपचार खर्चकै अभावमा कमरुदिन मिया र कुन्तिदेवीको मृत्यु भइसकेको थियो।

यस जिल्लामा कृषि मजदुरको रुपमा हलिया राख्ने गरिन्छ। वर्षा याम, खेतिको मौसममा राखिने हलिको पारिश्रमिक काम लगाउने र मजदुरवीचको सहमतिमा कायम गरिन्छ। सरकारले कृषि मजदुरका लागि तोकेको न्यूनतम ज्याला अनुसारको पारिश्रमिक हलिया बस्नेहरुले पाउन सकेका छैनन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

निर्मलवस्ती गाविस-२ का ३२ वर्षीय धनबहादुर श्रेष्ठलाई माओवादीको आरोपमा ०५९ फागुन २१ गते जेलबाट बाहिर निस्कन नपाउँदै प्रहरीले पुन: गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखे। पीडितलाई हाल थुनामा राखिएको छ।

बालअधिकार

वीरगञ्ज उमनपा-१६ की ४ वर्षीय एक वालिकालाई ०६० वैशाख २३ गते सोही घरमा डेरा गरी बस्ने २० वर्षीय विनोद यादवले बलात्कार गर्ने प्रयास गरे। पीडित चिच्याएपछि कोठामा जाँदा कोठा बन्द थियो। पीडित पक्षले प्रहरीलाई खवर गरेपछि पीडकलाई गिरफ्तार गरे।

निर्मलवस्ती गाविस-७ का १४ वर्षीय दिलबहादुर श्रेष्ठ, १३ वर्षीय ठगबहादुर श्रेष्ठ र १५ वर्षीय सोमबहादुर श्रेष्ठलाई ०६० असार ५ गते जंगलमा गाईवस्तु चराउन गएको अवस्थामा भारतीय अपराधीहरुले अपहरण गरे। पीडितहरुलाई भारतीय प्रहरीको सहयोगमा ५ दिनपछि उद्धार गरियो। पीडितहरुलाई जंगलमा साङ्लाले बाँधेर राखिएको अवस्थामा फेला पारिएको थियो।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

बहुअर्वा गाविस-१ की ३३ वर्षीय एक महिलालाई ०५९ पुस १९ गते चिरान मिलमा काम गर्न जाँदा सोही ठाउँका किशोरी ठाकुर लोहारले बलात्कार गर्ने प्रयास गरे। समाजसेवी सुदामा चौधरीको रोहवरमा गाउँलेहरुले पीडकलाई माफी माग्न लगाई १० हजार रुपैयाँ जरिवाना गराए।

प्रसौनी विर्ता गाविस-६ की ४२ वर्षीय भागिरथी देवी र उनकै छोरी २३ वर्षीय मिना देवीलाई ०६० मंसिर १२ गते आफ्नै जेठाजु सीताराम महतो र छोरा जगदार महतोले सिमानामा रहेको आली काटिएको विषयलाई लिएर मरणासन्न हुनेगरी कुटपिट गरे।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

पाँच राजनीतिक पार्टीको आह्वानमा जिल्ला प्रशासन कार्यालयको गेटमा शान्तिपूर्ण धर्ना कार्यक्रमको समाचार संकलन गर्न गएका पत्रकारहरु केसी लामिछाने, धुव साह र पुरुषोत्तम भट्टराईलाई प्रहरीले अन्धाधुन्ध लाठी प्रहार गरी क्यामरासमेत तोडफोड गरेको विषयमा नेपाल पत्रकार महासंघ, प्रेस चौतारी नेपाल, प्रेस युनियन र पाँच पार्टीहरुले छुट्टाछुट्टै प्रेस विज्ञप्ति जारी गर्दै पत्रकारमाथि भएको प्रहरी हस्तक्षेपको विरोध र क्षतिपूर्तिको माग गरे। सोही दिन नेपाल पत्रकार महासंघको आयोजनामा मौन विरोध जुलसले नगर परिक्रमा गर्‍यो।

संरचना क्षति

यस वर्ष माओवादीले नेपाल आयल निगमको अञ्चल कार्यालय, श्रम कार्यालय, वीरगञ्ज उद्योग वाणिज्य संघ, पौष्टिक आहार कार्यक्रमको कार्यालय, राष्ट्रिय विमा संस्थान, जिल्ला कृषि विकास कार्यालय र खाद्य संस्थानमा वम विस्फोट गराई लाखौं रुपैयाँ वरावरको क्षति पुर्‍याए। माओवादीले भिस्वा प्रहरी चौकी, इलाका प्रहरी कार्यालय पोखरीया, एकटाँगा प्रहरी चौकी र मिलनचोक प्रहरी चौकीमा बम विस्फोट गरी ध्वस्त बनाए।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष १५ जनाले आत्महत्या गरे। त्यसमध्ये ५ महिला थिए। दुर्घटनामा १३ जना को मृत्यु भयो भने ११ जना घाइते भए। बेवारिसे अवस्थामा ५ वटा लास फेला परे।

२.१० चितवन



जनसंख्या : ४७०७१३
साक्षरता प्रतिशत : ५८.२५
महिला साक्षरता प्रतिशत : ४९.१५
क्षेत्रफल (वर्ग कि.मी.) : २२१८
गाविस/नपा संख्या : ३६/२
निर्वाचन क्षेत्र : ४
विद्यालय : ४६०
क्याम्पस/उच्च मावि : ११/१२
अस्पताल/स्वास्थ्य चौकी : ३/४१
टेलिफोन लाइन : ८३३९
मोटर सडक (कि.मी.) : २५७.८५
प्रहरी कार्यालय संख्या : ५
हुलाक संख्या : ५६
मानव विकास सूचकांक : ०.३७०
प्रति एक डाक्टर जनसंख्या : १४७५२
प्रति परिवार सरदर संख्या : ५.०८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या गोली

राज्यबाट

गुञ्जनगर गाविस-८ गाँजापुरका तामाङ थरका १४ वर्षीय बालकको ०५९ पुस २९ गते निकुञ्जका सुरक्षाकर्मीको गोलीबाट मृत्यु भयो। निकुञ्ज क्षेत्रबाट बालक सहित ५ जना डुंगा चढेर वारी आउन लागेको अवस्थामा सुरक्षाकर्मीको गोली लागी पीडित नदीमा डुबेर बेपत्ता भए भने अन्य भागे। उक्त घटनाको बारेमा निकुञ्जले क्षतिपूर्ति दिने आश्वासन दिए पनि हाल आएर अनभिज्ञता प्रकट गरेको कुरा बफरजोन काउन्सिलका अध्यक्षले बताए।

मंगलपुर गाविस-७ रामपुर घोलको एक होटलमा बसिरहेका माओवादी कार्यकर्ता सहिद भनिने प्रेमबहादुर बोहरालाई ०६० असोज २८ गते होटलबाट भाग्न लाग्दा सादा पोशाकमा गएका सुरक्षाकर्मीले गोली प्रहार गर्दा मृत्यु भयो।

भरतपुर नपा-११ भोजाडमा दुईजना माओवादी कार्यकर्ताको ०६० कार्तिक १२ सुरक्षाकर्मीले प्रहार गरेको गोलीद्वारा मृत्यु भयो। स्थानीय प्रशासनले विद्युतीय धराप थाप्दै गर्दा भिडन्तमा उनीहरु मारिएको बतायो। उक्त घटनामा को-को मारिए भन्ने कुराको जानकारी गराइएन। स्थानीयरुपमा जिल्लाको कोही पनि मारिएको हालसम्म पुष्टि भएको छैन।

भरतपुर नपा-४ नारायणगढस्थित सफाइ मजदुर बस्तीकी ६० वर्षीय फुलमती हर्जाको ०६० कार्तिक १८ गते सुरक्षाकर्मीले चलाएको गोली लागी मृत्यु भयो। कर्फ्युको समयमा बेलुका ८ बजे माओवादीले गराएको विस्फोटको आवाज सुनी सुरक्षाकर्मीले अन्धाधुन्ध गोली चलाउँदा घरमै बसेको अवस्थामा खुट्टामा गोली लागी मृत्यु भएको थियो।

गोरखा जिल्ला घ्याम्पेसालका रोशन भनिने ३५ वर्षीय श्रीप्रसाद घिमिरे र तनहुँ जिल्ला बन्दीपुरका २० वर्षीय सन्दीप भनिने नवीन केसीलाई सुरक्षा घेरा तोड्न खोजेको आरोपमा ०६० मंसिर १३ गते पिठुवा गाविस-८ माधवपुरस्थित एक घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुलाई झाँकीचोक र महचोकमा लगी गोली हानी हत्या गरे।

नारायणी पुलबाट पुल्चोकतर्फ आउँदै गरेका गजेन्द्र गुरुङको कर्फ्यु उल्लंघन गरेको आरोपमा ०६० मंसिर १४ गते सेनाले गोली प्रहार गर्दा मृत्यु भयो। पीडित सर्वसाधारण हुन्।

जगतपुर गाविस-६ का २६ वर्षीय थेवा थिङको ०६० मंसिर २३ गते शाही चितवन राष्ट्रिय निकुञ्जका सेनाले चलाएको गोली लागी मृत्यु भयो। पीडितबाट काठ र साइकलहरु बरामद गरिएको थियो।

माओवादीबाट

सुर्खेत जिल्ला घर भई भरतपुर नपा-१० स्थित फस्ट राइफल गणमा कार्यरत सैनिक जवान भक्तबहादुर खड्कालाई ०६० भदौ १८ गते पारस बसपार्कमा ड्यूटी गरिरहेका अवस्थामा दुईजना माओवादीले टाउकोमा गोली हानी हत्या गरे। उक्त घटनाका सम्बन्धमा सुरक्षाकर्मीले अनुसन्धानको लागि गीतानगर गाविसका ६ जनालाई गिरफ्तार गरेकोमा सोधपुछ पछि रिहा गरे।

जिल्ला प्रहरी कार्यालय भरतपुरबाट ०६० भदौ

२९ गते शक्तिखोर गाविस-४ मा गस्तीमा गएका सुरक्षाकर्मीको गाडी माओवादीले विद्युतीय धरापमा पार्दा प्रहरी जवान हिमालसिंह गुरुङको घटनास्थलमै मृत्यु भयो।

खगेन्द्र मल्ली सैनिक पोष्टका जवान पदम् थापालाई ०६० असोज १ गते भण्डारा गाविस-१ स्थित एक पसलमा सामान खरिद गरिरहेको अवस्थामा दुईजना माओवादी कार्यकर्ताले टाउकोमा गोली हानी हत्या गरे।

गर्दी गाविस-८ का राप्रविसंका केन्द्रीय सदस्य रमेश मल्ललाई माओवादीविरुद्ध काम गरेको र अन्य अनैतिक क्रियाकलापमा संलग्न भएको आरोपमा ०६० असोज ३ गते माओवादीले घरबाट आफ्नो कब्जामा लिई केही पर पुऱ्याई खुकुरी प्रहार गरी हत्या गरे।

कविलास गाविस-१ भतेरीमा ०६० कार्तिक ३ गते माओवादीले विच्छ्याएको विद्युतीय धरापमा परी संयुक्त सुरक्षाकर्मीका जवान राजाराम केसीको मृत्यु भयो। सोही विस्फोटमा परी हवल्दार कृष्णबहादुर वस्नेत र प्युठ यदुनाथ पौडेल घाइते भए।

पार्वतीपुर गाविस-५ का अजय भनिने चन्द्रबहादुर तामाङको ०६० कार्तिक ५ गते भरतपुर नपा-१० हाकिमचोकको कल्भर्टमा माओवादीले वम विस्फोट गराउँदा मृत्यु भयो। सुरक्षाकर्मीको गाडीलाई निशाना वनाई धराप थाप्नेक्रममा विस्फोट भई चन्द्रवहादुरको मृत्यु भएको थियो।

पूर्वी चितवनवाट भरतपुर जाँदै गरेको अवस्थामा संयुक्त सुरक्षाकर्मीको गाडीमा ०६० मंसिर ११ गते भरतपुर नपा-१२ गोन्द्राङस्थित कोक फ्याक्ट्रीनेर वेलुका ४ वजे माओवादीले वम प्रहार गर्दा नुवाकोट जिल्ला घर भई भरतपुरस्थित फस्ट राइफल गणमा कार्यरत शेरबहादुर तामाङको मृत्यु भयो।

दोहोरो भिडन्त

खैरहनी इलाका प्रहरी कार्यालयमा कार्यरत असई अनिल अधिकारी, प्रहरी जवान पिताम्बर मिश्र, लालबहादुर ठाकुर र मुकेश चालिसेको ०६० भदौ २३ गते बेलुकी ५ बजे माओवादीले कार्यालयमा सशस्त्र आक्रमण गर्दा मृत्यु भयो। सोही घटनामा परी रत्ननगर नपा-३ शान्तिचोकका राजकुमार श्रेष्ठ र नाम, ठेगाना थाहा नभएका एक जनाको मृत्यु भयो। प्रहरी कार्यालयमा आक्रमण भएको खबर पाएपछि घटनास्थलतर्फ गइरहेको सुरक्षाकर्मीलाई माओवादीले टिकौलीमा फायरिङ गरी अवरोध पुऱ्याएका थिए। घटनामा परी हराएका सई इन्द्रवहादुर मल्ल, असई बोधराज पौडेल, प्रहरी जवान तीर्थ परियार, राजु गुरुङ र बलबहादुर गुरुङ भोलिपल्ट विहान सम्पर्कमा आएका थिए।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

भरतपुर नपा-१० का ज्ञानेन्द्र पौडेल ०५९ माघ १९ गते सुरक्षाकर्मीले चलाएको गोली लागी घाइते भए। साँझ ८ वजेतिर लागु पदार्थ सेवन गरी होहल्ला भएको भनी जिल्ला प्रशासन कार्यालय चोकमा रहेको सुरक्षा जाँचका सुरक्षाकर्मी हेर्न जाँदा ज्ञानेन्द्र भाग्न लागेकाले गोली चलाएको सुरक्षास्रोतले जनायो। पीडितको उपचार

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	२	१	१	२	८	१२		१२	७	८	१		९
घाइते					५	२२	१४	३६	२	२			२
हिरासत वा थुनामा मृत्यु									१	१			१
गिरफ्तारी / यातना									१६	२८			२८
कुटपिट					३	४		४	२	११			११
धम्की					४	१	३	४					
भेला / संगठित हुने अधिकार	१	२		२					१	३			३
जातीय विभेद	१	१		१									
भूमिहीन / सुकुम्वासी									२			६१२४	६१२४
महिलाअधिकार	३		३	३									
वालअधिकार	३	३	२	५									
अमानवीय व्यवहार					१	१		१					
अपहरण	२	३		३	३	४		४					
जम्मा	१२	१०	६	१६	२४	४४	१७	६१	२२	५३	१	६१२४	६१७८

काठमाडौंस्थित सैनिक अस्पतालमा गरियो।

खैरहनी गाविस-४ पर्साका अमरवहादुर श्रेष्ठलाई ०६० भदौ २३ गते साँझ चौबीस कोठीमा हिँडिरहेको अवस्थामा प्रहरीले गोली हानी घाइते वनाए। माओवादीले खैरहनी इलाका प्रहरी कार्यालयमा आक्रमण गरेपछि खोजी गर्न आएका सुरक्षाकर्मीले प्रहरी भ्यान नजिकैवाट हिंडेर एक सय मिटर काटेपछि गोली प्रहार गरेका थिए। पीडितलाई भरतपुर अस्पतालमा उपचारपछि जिल्ला कारागारमा नजरवन्दमा राखिएको छ।

माओवादीबाट

खैरहनी इलाका प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवानहरु सोम राना, वावुराम थापा, तेजवहादुर गुरुङ र कृष्णवहादुर खत्रीलाई ०६० भदौ २३ गते माओवादीले आक्रमण गरी घाइते वनाए।

शक्तिखोर गाविस-३ मा गस्ती गइरहेका सुरक्षाकर्मीको गाडीलाई ०६० भदौ २९ गते माओवादीले विद्युतीय धरापमा पार्दा सई वेनीवहादुर पौडेल, प्रहरी जवान तारावहादुर रोक्का, कलाधर पाण्डे, वोधनाथ धिताल, रामचन्द्र आचार्य, रामवेग वाग्ले, धनवहादुर गडाल, अनन्त श्रेष्ठ, भीमवहादुर मगर, हरिवहादुर कुमाल, तोपवहादुर जि.सी., रामचन्द्र नेपाली र सोमवहादुर थापा घाइते भए। पीडितहरुको उपचार भरतपुर र काठमाडौंमा गरियो।

भरतपुर नपा-३ नारायणगढ घर भई गैंडाकोट इलाका प्रहरी कार्यालयमा कार्यरत असई गजेन्द्र महतलाई ०६० भदौ २९ गते घरवाट फर्कदै गर्दा माओवादीले घरनजिकै गोली हानी घाइते वनाए। त्यसैगरी इन्स्पेक्टर मात्रिकाप्रसाद मैनालीलाई ०६० कार्तिक ३० गते भरतपुर नपा-१० मा माओवादीले गोली हानी घाइते वनाए।

भरतपुर नपा-१२ गोन्द्राडस्थित कोक फ्याक्ट्रीनेर ०६० मंसिर ११ गते माओवादीले वम विस्फोट गराउँदा प्रहरी जवानहरु दीपककुमार चौधरी, पतिराम चौधरी र शिवकुमार महतो घाइते भए। पीडितहरुको उपचार भरतपुर र काठमाडौंमा गरियो।

जेल र बन्दीहरु

कूल ७५ जना वन्दी क्षमता रहेको चितवन जेलमा १ सय ४९ जना वन्दी छन्। वन्दीहरुमध्ये कैद तोकिएका ९ महिला र ३२ पुरुष तथा कैद नतोकिएका १ सय ३ पुरुष र ५ महिला छन्। आश्रित वालवालिका २ जना छन्।

माओवादीको अभियोगमा जेलमा नजरवन्द गरिएकाहरुलाई परिवारका सदस्यवाहेक अरुसँग भेटघाट गर्न अनुमति लिनु पर्दछ।

यस वर्ष जेलमा युद्धविरामकै अवधिमा १४ जना माओवादी वन्दीहरुले विभिन्न मागहरु राखी आचारसंहिताको कार्यान्वयन गर्दै आफूहरुलाई रिहा गर्न जिल्ला प्रशासन कार्यालयलाई भनिदिन आग्रह गरे।

माओवादीको अभियोगमा शान्ति सुरक्षा ऐनअन्तर्गत राखिएकाहरुमा कविलास गाविस-१ का पुष्कर तिमिल्सिना, खैरहनी गाविस-४ का अमर श्रेष्ठ ०६० असोज १२ गतेदेखि, खैरहनी गाविस-२ का केदार रिजाल, भरतपुर नपा-१० का भीमवहादुर विक असोज १४ देखि, पिढुवा गाविस-७ माधवपुरका दिलवहादुर अधिकारी, भरतपुर नपा-१३ का निलकण्ठ अधिकारी, देवचुली गाविस-८, नवलपरासीका शोभाखर अधिकारी र मुकुन्दपुर गाविस-१ नवलपरासीका यमुनाथ आचार्य मंसिर १८ गतेदेखि, रत्ननगर नपा-१३ का तुलसी खनाल, चैनपुर गाविस-९ की गोमा गुरुङ, कोटा गाविस-२ तनहुँका होमबहादुर गुरुङ मंसिर २९ गतेदेखि, पर्वत गराचौर घर भई भरतपुर नपा-९ वस्ने माया गिरी र पञ्चनगर गाविस-१ का यमलाल पुरी पुस ८ गतेदेखि नजरवन्दमा छन्।

हिरासतमा मृत्यु

कविलास गाविस-१ जुगेडीका गोविन्द पौडेललाई ०६० भदौ २२ गते सुरक्षाकर्मीले गिरफ्तार गरी हिरासतमा राखिएकोमा ०६० असोज २० गते उनको लाश उनकै पत्नी उमा पौडेललाई जेल प्रशासनले वुझायो। स्थानीय प्रशासनले उनको मृत्यु पिसाव नलीले काम नगरेकाले उपचार गर्दागर्दै भएको वतायो। सोही घटनालाई लिएर मासम, चितवनको एक टोलीले छानविन गर्दै हिरासतमा राखिएको वेला यातना दिएकाले उनको मृत्यु भएको ठहर सार्वजनिक गऱ्यो। मृतकलाई जेलवाट पटक-पटक अस्पताल लगिएको भए पनि उनको उपचार समयमा प्रभावकारीरुपमा नभएको पाइयो। खेतमा घाँस काटिरहेको अवस्थामा सादा पोशाकमा गएका सैनिकहरुले गिरफ्तार गरेका, मृगौला र पिसावसम्वन्धी कुनै रोग नभएको परिवारले जानकारी दिएको, मलामी गएकाहरुले मृतकको शरीरमा निकै यातना दिएको संकेत देखिएको वताउनु, दशैंमा परिवारका सदस्यहरु टीका लगाउन जाँदा उठेर हिंड्न र राम्ररी वोल्न नसक्नु, अस्पतालको आकस्मिक कक्ष वा उपचारार्थ अस्पताल ल्याउँदै गर्दा वाटोमा नभई जेलमै मृत्यु भएको जानकारी नदिनुजस्ता विषयहरुले हिरासतमा यातना दिई उनको मृत्यु भएको ठहर गरियो।

बेपत्ता / अपहरण

माओवादीबाट

रत्ननगर नपाका प्रमुख नन्दप्रसाद भट्टराई र

उपप्रमुख रुद्रप्रसाद ढकाललाई ०६० असोज ३० गते माओवादीले घरबाट अपहरण गरे। पीडितहरुलाई राजिनामा दिने शर्तमा पिश्वामा ल्याई नगरप्रमुखका छोरा माधव भट्टराईको जिम्मामा मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट
माओवादीबाट

बछ्यौली गाविस-२ सौराहका गिरिधारी चौधरीलाई ०५९ चैत ११ गते माओवादी इलाका कमिटीले नेचर गाइड तालिममा अनियमितता भएकोले सच्याउन र अवसर नपाएका गाइडहरुलाई तालिमको व्यवस्था मिलाउन एक हप्ताको अल्टिमेटम दिए। उक्त अवधिमा नसच्याएमा भौतिक कारवाही गरिने धम्की दिइयो।

जिल्ला प्रहरी कार्यालयका जवान प्रेमप्रसाद शर्मालाई ०६० जेठ ९ गते अनेरास्ववियु (क्रान्तिकारी) का स्वयंसेवकहरुले कब्जामा लिई तवन माविको कोठाभित्र थुने। अनेरास्ववियु (क्रान्तिकारी) को जिल्ला सम्मेलनको उद्घाटन समारोहको गोप्यरुपले फोटो खिचेको देखेपछि क्यामरासमेत जफत गरेका थिए। पीडितलाई तीन घण्टापछि पत्रकारहरुको जिम्मामा मुक्त गरे।

खैरहनी गाविस-४ नयाँपर्सास्थित नेपाल बैंक लिमिटेडबाट ०६० भदौ १२ गते माओवादीले २५ लाख ६७ हजार १ सय ९७ रुपैयाँ नगद, ३ वटा वारबोर राइफल र ५२ राउण्ड गोली कब्जा गरे। माओवादीले बैंक प्रवेश गरी गार्ड वेदबहादुर खत्रीलाई कब्जामा लिई इमर्जेन्सी साइरन र टेलिफोन लाइन काटी बन्दुक देखाएर लुटेका थिए। उक्त समयमा माओवादीले सम्पूर्ण बजार नियन्त्रणमा लिएका थिए।

सरकारद्वारा नियुक्त भरतपुर नपा र रत्ननगर नपाका प्रमुख र उप्रमुखलाई ०६० कार्तिक ५ गते माओवादीले तत्काल राजिनामा गर्नुपर्ने र नगरे कडा कारवाही गर्ने धम्की दिए।

भण्डारा गाविस-१ का सुरज चौधरीलाई चोरी गर्दै हिंडेको र जनतालाई सताएको आरोपमा ०६० कार्तिक १६ गते माओवादीले बञ्चरो प्रहार गरी सख्त घाइते बनाए। पीडितको भरतपुर अस्पतालमा उपचार गरियो।

नारायणगढस्थित वाणिज्य बैंकबाट ०६० कार्तिक २२ गते माओवादीले ७ लाख २७ हजार रुपैयाँ लुटे।

नारायणगढदेखि माडीसम्म संचालन भएका यात्रुवाहक बसहरुमा सुरक्षाकर्मी चढेको आरोपमा माओवादीले सुरक्षाकर्मी नचढाउन धम्की दिए। सोही धम्कीका कारण ०६० मंसिर ८ गतेदेखि १२ गतेसम्म यातायात व्यवसायीहरुले यातायात बन्द गरे।

वीरेन्द्रनगर गाविस-७ ब्रम्हनगरका २३ वर्षीय तिलक पुन र चैनपुर गाविस-४ टुक्राराका २७ वर्षीय ज्ञानबहादुर भुजेललाई नक्कली माओवादी बनी लुटपाटमा सक्रिय भएको आरोपमा ०६० मंसिर २१ गते माओवादीले वीरेन्द्रनगर गाविस-२ खुरखुरे बजारमा कुटपिट गरी पुनको दायाँ खुट्टाको साप्रामा गोली प्रहार गरे भने भुजेलको देब्रे घुँडा भाँचिदिए। पीडितहरुको भरतपुर अस्पतालमा उपचार गरियो।

वीरेन्द्रनगर गाविस-३ खुरखुरेका ३२ वर्षीय टेकबहादुर पुनलाई चितवन र नवलपरासीमा २३ जना महिलालाई विवाह गरी अलपत्र बनाएको, नारायणगढकी एक केटीलाई बलात्कार गरेको, गाउँघरमा गुण्डागर्दी र लुटपाट गरेको र माओवादी कार्यकर्ताको हत्याकाण्डमा संलग्न रहेको आरोपमा ०६० पुस ११ गते माओवादीले घनले दायाँ घुँडामा हिर्काएर सख्त घाइते पारी खैरहनी गाविस-२ बैरेनीमा छोडे। पीडितको उपचार भरतपुर अस्पतालमा गरियो।

क्यान्सर अस्पताल कम्पाउण्डभित्र रहेको नारायणी औद्योगिक विकास बैंकबाट ०६० पुस १४ गते माओवादीले ३ लाख ४५ हजार रुपैयाँ, एक तोला सुनको सिक्री, एउटा निजी मोबाइल फोन, कम्प्युटर र ना. ३ प ७५७ नम्बरको बजाज मोटरसाइकल लुटे।

माओवादी र अखिल (क्रान्तिकारी) ले सरकारी विद्यालयमा एक रुपैयाँ पनि शुल्क नलिन विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकहरुलाई धम्की दिए। अटेर गरी उठाउनेलाई भौतिक कारवाही गरिने समेत बताइयो।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेपाल पत्रकार महासंघ, चितवन शाखा सदस्य एवम् अन्नपूर्णपोष्ट राष्ट्रिय दैनिकका सम्वाददाता सूर्यप्रकाश कँडेललाई ०५९ चैत २७ गते बन्द समर्थक विद्यार्थीहरुले गाडी जलाएको समाचार संकलन गर्न गएको अवस्थामा त्यहाँ पुगेका प्रहरीले कुटपिट गर्दा दायाँ हातमा चोट लाग्यो।

संयुक्त जनआन्दोलन संचालन गरिरहेका पाँच राजनीतिक दलले रत्ननगर नपा र भरतपुर नपाको परिषद् बैठकको आयोजना गर्न भित्र प्रवेश गर्न खोज्दा आन्दोलनकारीहरुलाई ०६० जेठ ५ गते सुरक्षाकर्मीले हस्तक्षेप गरे। त्यसैगरी ०६० जेठ ७ गते पाँच राजनीतिक दलहरुले विशेष जिल्ला परिषद्को बैठक आयोजना गरिरहेको अवस्थामा प्रहरीले लाठिचार्ज गर्दा सावित्री कँडेल, निरा क्षेत्री, भिल्लु तिवारी, डा. गंगाधर लम्साल,

लिलाधर सुवेदी, हिमवहादुर पिया, ठाकुर ढकाल, भक्ति तिमिल्सिना र प्रभुप्रसाद महतो घाइते भए।

संयुक्त विद्यार्थी संघर्ष समिति, चितवनको आयोजनामा ०६० पुस ३ गते पुल्चोकमा भएको चक्काजाम कार्यक्रम शुरु भएको केही समयपछि सेनाले हस्तक्षेप गर्दा वद्री सापकोटा, शिवहरी पण्डित र विकास सापकोटा घाइते भए।

संयुक्त विद्यार्थी संघर्ष समिति, चितवनको आयोजनामा ०६० पुस १० गते वीरेन्द्र क्याम्पसअगाडि राजमार्गमा गरिएको चक्काजाम कार्यक्रममाथि सेनाले हस्तक्षेप गर्दा उमेश न्यौपाने र विनोद थापा घाइते भए। पीडितहरुलाई उपचारार्थ अस्पताल लादै गरेको जिल्ला रेडक्रस सोसाइटीको एम्वुलेन्सलाई सेनाले व्यारेक अगाडि रोकी घाइतेहरुलाई ओराली एम्वुलेन्स फर्काए। सोही घटनामा विद्यार्थीहरु विकास पराजुली, अमित श्रेष्ठ, लोकहरि पाण्डे, निशान्त ढकाल, ईश्वर थापा, त्रिलोचन भुसाल र रमेश डुम्रेलाई भरतपुर नपाको कार्यालय छेउवाट भाग्दै गर्दा प्रहरीले कुटपिट गरी घाइते वनाए। घाइतेहरुमध्ये डिल्लीराम गौतम, राजवहादुर लामिछने र विकास कोइरालालाई सोही दिन घाइते अवस्थामा नै प्रहरीले गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा ६ हजार ४ सय १८ मुद्दा दर्ता भए। दर्ता भएकामध्ये २ हजार २ सय ६१ वटा फर्स्यौट भए भने ४ हजार १ सय ५७ वटा वाँकी छन्। जिल्ला अदालतलाई नमुना अदालत भनिए पनि सो अनुसारको न्यायिक कार्य सम्पादन शुरु भइसकेको छैन।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्वासी समस्या, अशक्त भत्ता आदि

अयोध्यापुरी गाविस-९ वाँदरझुलामा वसोवास गर्दै आएका २ सय ३२ सुकुम्वासी घर परिवारलाई ०५९ पुस ३० गते जिल्ला प्रशासन कार्यालयले सात दिने अल्टिमेटम दियो। उक्त अवधिभित्र नउठेमा जवरजस्ती गरी खाली गराउने चेतावनी दिएका कारण त्यहाँ वसेका परिवारहरु उठ्न वाध्य भए। हाल उनीहरु पुनः सोही ठाउँमा वस्दै आएका छन्।

पदमपुर गाविस-८ र जुटपानी गाविसको सिमानामा जोडिएको ऐलानी जग्गामा वसोवास गर्दै आएका २४ घर परिवार सुकुम्वासीलाई ०५९ पुस २९ गते सामुदायिक वन समिति र जिल्ला वन सुरक्षा निकायको संयुक्त पहलमा विनासूचना जवरजस्ती उठाइयो।

आर्थिक अधिकार

गितानगर गाविस-५ का रमाकान्त रिमाल, मधुविलास रिमाल र वालकृष्ण रिमालको घरमा ०६० कार्तिक १ गतेदेखि एक महिनासम्म माओवादीले तालावन्दी गरे। जग्गासम्वन्धी विवाद आपसी समझदारीमा टुङ्ग्याइएपछि समाप्त भयो।

रत्ननगर नपा-४ चित्रसारीका हेम माझीले ०६० मंसिरमा खानेकुरा नपाएका कारण आफ्नो वावुको तेह्र दिनसम्म किरिया वस्न नसकी वीचमै छोड्नु पर्‍यो।

विस्थापित

पिपले गाविस-५ पिपलेका ४५ वर्षीय भीमप्रसाद थपलिया माओवादी धम्कीका कारण ०६० असार ४ गतेदेखि सपरिवार चितवनवाट विस्थापित भए। भीमप्रसादसँग माओवादीले २० हजार रुपैयाँ चन्दा मागेपछि दिन अस्वीकार गरेकोमा माओवादीले पिपले गाविस-२ प्रतापुरमा एक सार्वजनिक सभाको आयोजना गरी ज्यान मार्ने धम्की दिएका थिए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

खैरहनी गाविस-४ पर्साका ईश्वरी रिजाललाई ०५९ पुस २१ गते इलाका प्रहरी कार्यालय, खैरहनीको गस्तीले वीरेन्द्रनगर गाविस-२ खुरखुरेस्थित एक घरमा विहान खाना खाइरहेको अवस्थामा गिरफ्तार गर्‍यो। पीडितलाई जिल्ला प्रहरी कार्यालयवाट माघ २ गते जेलमा नजरवन्दमा राखिएकोमा युद्धविरामको अवस्थामा अदालतको आदेशमा रिहा गरियो।

अयोध्यापुरी गाविस-९ का मनवहादुर पौडेल र शिक्षक गणेशवहादुर खत्रीलाई ०५९ पुस २५ गते शाही चितवन राष्ट्रिय निकुञ्ज प्रशासनले गिरफ्तार गरी ५ दिन हिरासतमा राखी माघ ६ गतेसम्म वाँदरझुलाको वस्ती उठाउने कवुलियतनामा गराई रिहा गर्‍यो।

नेपाल विद्यार्थी संघका कैलाश कोइराला, विनय अधिकारी र अनेरास्ववियु (एकीकृत) का अर्जुन सापकोटालाई ०५९ चैत २८ गते प्रहरीले गिरफ्तार गरी हिरासतमा राखे। पीडितहरुलाई गिरफ्तार गरिसकेपछि लाठी प्रहार गर्दा विनय अधिकारीको वायाँ हात भाँचिएको थियो। पडितहरुलाई भोलिपल्ट रिहा गरियो।

भरतपुर नपा-१० का अनेरास्ववियु (एकीकृत) का कार्यकर्ता भरत अधिकारीलाई ०५९ चैत २८ गते वन्द कार्यक्रमको क्रममा सोही नपा-९ मिलनचोकवाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई जनमोर्चा नेपालको जमानीमा रिहा गरियो।

गितानगर गाविसका रविकिरण निर्जीव, गौरी रेग्मी, बलराम अर्याल, चेतकान्त चापागाई र हरिश्चन्द्र सुवेदीलाई ०६० भदौ १९ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पारस बसपार्कमा एकजना सैनिकलाई माओवादीले हत्या गरेपछि उनीहरु त्यसै दिशातिर भागेको आधारमा गिरफ्तार गरिएकोमा छानबिनपछि रिहा गरियो।

खैरहनी गाविस-४ का केदार रिजाललाई माओवादीको आशंकामा ०६० असोज १ गते भरतपुर नपा-७ यज्ञपुरीस्थित क्यान्सर अस्पतालबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल जेलमा नजरबन्दमा राखिएको छ।

गर्दी गाविस-८ का जनमोर्चा नेपालका जिल्ला अध्यक्ष ठाकुरप्रसाद ढकाललाई ०६० असोज ४ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी तीन दिनपछि रिहा गरे। पीडितसँग राप्रविसंघका केन्द्रीय सदस्य रमेश मल्लको हत्याको सम्बन्धमा सोधपुछ गरिएको थियो।

नेपाल बार एशोसिएशनका महासचिवका उम्मेद्वार माधव बाँस्कोटा, पुनरावेदन अदालत ललितपुर बार इकाइका सदस्य चुडामणि पौडेल, अधिवक्ताहरु रुद्र नेपाल, केदार गुरागाईं, कमल थापा र भीम बञ्जारालाई ०६० पुस ४ गते फष्ट राइफल गण, भरतपुरका सैनिकले ब्यारेकनजिकै रहेको होटलबाट गिरफ्तार गरी तीन घण्टा सैनिक हिरासतमा राखी रिहा गरे। सैनिकले होटलबाट निकालेर पीडितहरुले लगाएको कपडा फुकाल्न लगाई त्यसैले आँखामा पट्टी बाँधी तीनपुस्ते विवरण लिई रिहा गरे। बार परिषद्को बैठकले कानुन व्यवसायीहरुको गैरकानुनी गिरफ्तारीको विरोधमा खेद प्रस्ताव पारित गर्‍यो।

कल्याणपुर गाविस-१३ का निलकण्ठ अधिकारीलाई ०६० कार्तिक २४ गते, पिढ्वा गाविस-७ माधवपुरका दिलबहादुर अधिकारी र उनका छोरा विरोध अधिकारीलाई ०६० कार्तिक ६ गते र सप्तगण्डकी बहुमुखी क्याम्पसका कर्मचारी शोभाकर अधिकारीलाई ०६० कार्तिक ३ गते माओवादीको आशंकामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुमध्ये विरोधलाई रिहा गरियो भने अन्यलाई जेलमा नजरबन्दमा राखिएको छ।

रत्ननगर नपा-१३ का तुलसी खनाललाई माओवादीको आरोपमा ०६० मंसिर १३ गते घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी पन्ध्र दिन हिरासतमा राखे। पीडितलाई हाल थुनामा नजरबन्दमा राखिएको छ।

बालअधिकार

जुटपानी गाविस-६ की ५ वर्षीय एक बालिकालाई ०५९ चैत १ गते सोही ठाउँका १८ वर्षीय विनोद अधिकारीले आफ्नो गोठमा बोलाई बलात्कार प्रयास गरे। पीडितको भोलिपल्ट महेन्द्र आदर्श चिकित्सालय भरतपुरमा स्वास्थ्य परीक्षण गराइएको थियो। पीडकलाई चैत ३ गते प्रहरीले गिरफ्तार गरी कारवाही गरे।

चैनपुर गाविस-४ टुङ्गाराका १४ वर्षीय अमरबहादुर श्रेष्ठ, हेटौंडा नपाका १२ वर्षीय सुकेलाल वाइबा र खैरहनी गाविस-८ का १२ वर्षीय गोविन्द नेपालीलाई चोरीको आरोपमा ०६० असार ३० गते पुरानो पर्सा बजारका केही व्यापारीहरुले कुटपिट गरी चारपाटा मुडेर इलाका प्रहरी कार्यालय, खैरहनीमा बुझाए। इलाका प्रहरी कार्यालय, खैरहनीले महिला सघन विकास केन्द्रको मध्यस्थतामा बालबालिका पुनर्स्थापना केन्द्रमा राख्ने जिम्मा लगायो।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

रत्ननगर नपा-११ जिरौनाकी २१ वर्षीय देवी थापा मगरलाई ०६० वैशाख १२ गते ससुरा पूर्णबहादुर महत, सासु टिकाकुमारी महत र पति रामशरण महतले कुटपिट गरे। पीडकहरुले पीडितको गुप्ताङ्गमा लाठीले घोचेका कारण बेहोस भइन्। पीडकहरुमध्ये सासु टिका कुमारीलाई वैशाख १८ गते गिरफ्तार गरिएकोमा भोलिपल्ट रिहा गरियो।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूत समेत

बछौली गाविस-२ सौराहका गोविन्द विकलाई ०६० जेठ ३ गते रत्ननगर नपा-७ शिवनगरका कृष्ण पोखरेलले आफ्नै पसलमा तल्लो जातको भनी पकाएको चाउचाउ खान नदिई दूर्व्यवहार गरे। जनमोर्चा नेपाल र दलित मुक्ति समाजद्वारा ०६० जेठ १६ गते आयोजित एक कार्यक्रममा कृष्णले गल्ती स्वीकार गरी आइन्दा यस्तो नगर्ने वाचा गरे।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

राज्यले हिरासतमा लिएका र माओवादीले कब्जामा लिएका व्यक्तिहरुलाई मानवीय व्यवहार गर्दै स्थिति सार्वजनिक गर्न र सकुशल रिहाइ गर्न पीडितका परिवार र विभिन्न सरोकारवाला संघसंस्था तथा राजनीतिक पार्टीका तर्फबाट दर्जनौं वक्तव्य जारी भए।

विगतको अनुगमन

पिपले गाविस-५ दुवीचौरका जालकुमार श्रेष्ठ, राजन कँडेल र सोही गाविस-४ का शान्तवहादुर गुरुङलाई ०५९ जेठ ९ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा हालसम्म वेपत्ता पारिएको छ।

मंगलपुर गाविस-५ का राजन न्यौपानेलाई ०५८ फागुन ५ गते घरवाट सेनाले गिरफ्तार गरेका थिए। उनलाई हालसम्म वेपत्ता पारे।

भरतपुर नपा-२ क्षेत्रपुर डेरा गरी वस्ने एभरेष्ट फिड लंकुमा कार्यरत पाले भोजराज गिरीलाई ०५८ चैत १६ गते राति ड्युटीमा रहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी हालसम्म वेपत्ता पारे।

माओवादीको अभियोगमा नजरवन्दमा राखिएका ८९ जनामध्ये गत वर्षको अन्त्यसम्म वाँकी रहेका २८ जना व्यक्तिहरु क्रमश: रिहा भए।

शिवनगर गाविस-३ की एक वालिकालाई ०५९ असोज २३ गते सोही ठाउँका रामचन्द्र विकले वलात्कार गरेका थिए। पीडकलाई तीन वर्ष कारागारको सजाय तोकियो।

भरतपुर नपा-८ गौरीगञ्जका ३१ वर्षीय ललितवहादुर गुरुङलाई ०५९ जेठ २५ गते सोही नपा-१० वालमन्दिर चोकवाट प्रहरीले गिरफ्तार गरी सेनालाई वुझाएकोमा हालसम्म पनि वेपत्ता छन्। पीडितलाई सेनाले जिम्मा लिएपछि परिवारलाई फोन गरी सोधपुछ गरेका थिए।

पटिहानी गाविस-८ का खेम विक सहित २० जनालाई माओवादीको आशंकामा ०५९ जेठ २ गते सेनाले गिरफ्तार गरे। पीडितहरुलाई भरतपुर व्यारेकमा राखिएकोमा ०५९ जेठ २२ गते तीन जनालाई जेल पठाइयो भने अन्यलाई रिहा गरियो। पीडितहरु मध्ये खेमको अवस्था हालसम्म अज्ञात छ।

पटिहानी गाविसका ५२ वर्षीय दुर्गाप्रसाद पौडेललाई ०५९ कार्तिक १४ गते सेनाले पटिहानी वजारमा कुटपिट गरी गिरफ्तार गरे। पीडित माओवादीले धौजी चोकमा कोणसभा गरेकाले खोजीमा आएका सुरक्षाकर्मीले वजारवाट सामान किनेर आउँदै गर्दा हात उठाएर आत्मसमर्पण गरेको अवस्थामा गिरफ्तार गरिएको थियो। पीडितसँग भएको रकम रु. ४० हजार ५ सय रुपैयाँ समेत जफत गरी गाडीमा घरमा ल्याएर रिहा गरे। पीडितले पछि पटक पटक पैसा फिर्ता माग्न जाँदा कर्णेलले 'मकै पिस्दा घुन पनि पिसिन्छ, तपाईंको पैसा लगेको प्रमाण पेश गर्नुहोस्' भनेका तर हालसम्म पनि उक्त रकम फिर्ता नपाएको वताए।

२.११ मकवानपुर



जनसंख्या : ३९२६०४
साक्षरता प्रतिशत : ६३.४
महिला साक्षरता प्रतिशत : ५३.७
क्षेत्रफल (वर्ग कि.मी.) : २४२६
गाविस/नपा संख्या : ४१/१
निर्वाचन क्षेत्र : ३
विद्यालय : ४०५
क्याम्पस/उच्च मावि : ४/७
अस्पताल/स्वास्थ्य चौकी : १/४२
टेलिफोन लाइन : ४०००
मोटर सडक (कि.मी.) : ३५०
प्रहरी कार्यालय संख्या : ५
हुलाक संख्या : ४४
मानव विकास सूचकांक : ०.३०८९
प्रति एक डाक्टर जनसंख्या : ३५६९१
प्रति परिवार सरदर संख्या : ५.५२

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रुपले बाँच्ने अधिकार
हत्या गोली
राज्यबाट

मकवानपुरगढी गाविस-८ का ४० वर्षीय रमेश भनिने रुद्रवहादुर पाखिनलाई माओवादी नेता भएको आरोपमा ०५९ पुस २८ गते सुरक्षाकर्मीले छतिवन गाविसमा गोली हानी हत्या गरे। पीडित माओवादीका मकवानपुर-ललितपुर इन्चार्ज थिए।

हटिया गाविस-२ का ४१ वर्षीय राजेन्द्र नेपाललाई माओवादीको आरोपमा ०५९ पुस ३० गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितलाई माओवादी नेता रुद्रवहादुर पाखिनलाई मोटरसाइकलमा राखेर

लगिरहेको अवस्थामा छतिवन गाविस-६ बाट गिरफ्तार गरी गोली हानी हत्या गरिएको थियो।

हर्नामाडी गाविस-५ का अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ता २१ वर्षीय भुपेन्द्र तिमिल्सिनाको टाउको काटिएको अवस्थामा ०६० वैशाख ७ गते राप्ती खोलामा लास फेला पर्‍यो। माओवादीले उक्त घटना सुरक्षाकर्मीले गराएको आरोप लगाए।

हाडीखोला गाविस-१ चकडीका अनेरास्ववियु (क्रान्तिकारी) का केन्द्रीय सदस्य प्रितकुमार मोक्तानको टाउको काटिएको अवस्थामा ०६० वैशाख १४ गते कुर्रा खोलामा लास फेला पर्‍यो। माओवादीले उक्त घटना सुरक्षाकर्मीले गराएको आरोप लगाए।

नुवाकोट जिल्ला त्रिशुली घर भएका ट्रकका खलासी २२ वर्षीय दिपेश शर्मालाई ०६० भदौ २९ गते दिउँसो चुनिया बजारमा विद्युतीय धराप विस्फोट भएपछि भएको दोहोरो भिडन्तमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

टिप्टुङ गाविस नौखण्डेमा माओवादीले थापेको धरापमा परी दुई सुरक्षाकर्मी घाइते भएपछि खोजतलासको क्रममा ०६० भदौ २९ गते दिउँसो सुरक्षाकर्मीले प्रहार गरेको गोली लागी एक अज्ञात महिलाको मृत्यु भयो।

इपापञ्चकन्या गाविसका ३८ वर्षीय हरिशचन्द्र कठायतलाई ०६० कार्तिक १६ गते विहान कोदोवारीमा दिसा बसेर घर फर्कदै गर्दा सुरक्षाकर्मीले गोली प्रहार गरी हत्या गरे।

चितवन जिल्ला मझिमटार घर भएका मकालु बसका खलासी २५ वर्षीय भीमबहादुर गिरीलाई ०६० मंसिर १८ गते दिउँसो मकवानपुरस्थित सुनाचुरी ब्यारेकका सुरक्षाकर्मीले गोली हानी हत्या गरे। सेनाले यस घटनाको क्षतिपूर्ति दिने आश्वासन दिएको थियो।

माओवादीबाट

रणशेर गुल्म, भैंसेका प्युठ २८ वर्षीय कुमार पौडेललाई ०६० जेठ ८ गते माओवादीले नामटार गाविसमा हत्या गरे। पीडितलाई माओवादीले केही दिन अघि अपहरण गरेका थिए।

चनवन ब्यारेक, बज्रबाराहीका ३३ वर्षीय हवल्दार कुमारबहादुर कार्की र सिपाही नीरज कँडेललाई ०६० असार २७ गते पदमपोखरी बजारबाट माओवादीले अपहरण गरी डाँडाखर्कमा लगी हत्या गरे।

जिल्ला प्रहरी कार्यालय, हेटौंडामा कार्यरत प्रहरी जवान २८ वर्षीय शंकर दाँडलाई ०६० भदौ २५ गते बिहान मनहरी बजारमा माओवादीले गोली हानी हत्या गरे।

हेटौंडा नपा-४ स्कूलरोडमा ४४ वर्षीय हिरालाल शाहको पसलमा ०६० भदौ २६ गते विहान माओवादीले शक्तिशाली बम विस्फोट गराउँदा सोही ठाउँका २२ वर्षीय सुनिल शाक्यको घटनास्थलमा मृत्यु भयो। सो घटनामा परी आमभञ्ज्याङ गाविसका २० वर्षीय चिरञ्जीवी हुमागाईं र भारत मोतिहारीका २१ वर्षीय अनिल गुप्ताको काठमाडौंमा उपचार गर्दागर्दै मृत्यु भयो। विस्फोटमा परी ५ जना घाइते भए।

भीमफेदी गाविस-६ का ६० वर्षीय चक्रबहादुर तामाङलाई सुराकीको आरोपमा ०६० असोज १० गते राति माओवादीले गोली हानी हत्या गरे।

आग्रा गाविसका व्यापारी ३६ वर्षीय गोकर्ण अर्याललाई सुराकीको आरोपमा ०६० कार्तिक २९ गते माओवादीले अपहरण गरी दामन र आग्राको सिमाना पर्ने

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	११	९	२	११	९	१८	१		१९	९	६	३		९
घाइते					४	२८		१६	४४	१	१			१
गिरपतारी/यातना										६	१४			१४
बेपत्ता										२	२			२
कुटपिट	५	५	१	६	१	१			१					
जातीय विभेद	१	१	१	२										
भूमिहीन/सुकुम्बासी										१			६०००	६०००
महिलाअधिकार	९		११	११										
बालअधिकार	६	१	८	९										
अपहरण	१	१		१	९	१८			१८					
जम्मा	३३	१६	२३	४०	२३	६५	१	१६	८२	२०	२३	३	६०००	६०२८

भञ्ज्याङ्गमा पुऱ्याई खुकुरी प्रहार गरी हत्या गरे।

भीमफेदी गाविसस्थित प्राप्टिक वहुउद्देश्यीय कार्यालयका सहायक रथी (जर्नेल) ५४ वर्षीय सागरबहादुर पाँडे, ३९ वर्षीय पुष्पा पाँडे, प्राविधिक सुवेदार ४० वर्षीय भरतवहादुर वस्नेत र ३६ वर्षीय खड्ग ओलीको ०६० कार्तिक २९ गते माओवादीले थापेको विद्युतीय धरापमा परी मृत्यु भयो। उक्त घटनामा परी ९ जना सुरक्षाकर्मी घाइते भए।

जिल्ला प्रहरी कार्यालयमा कार्यरत सिन्धुली जिल्ला खुरकोट गाविसका प्रहरी जवान २५ वर्षीय सूर्यवहादुर राईलाई ०६० मंसिर १३ गते दिउँसो माओवादीले गोली हानी हत्या गरे।

सुपारीटार ब्यारेकका सिपाही २६ वर्षीय रमेश पौडेल, २२ वर्षीय ललित पौडेल, २६ वर्षीय रामकुमार श्रेष्ठ र २३ वर्षीय अजय रानामगरको ०६० पुस ११ गते महेन्द्र राजमार्गको मनहरीमा माओवादीद्वारा थापिएको विद्युतीय धरापमा परी मृत्यु भयो। उक्त घटनामा ११ जना सुरक्षाकर्मी घाइते भए।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

पद्मपोखरी गाविस-८ का १६ वर्षीय प्रितमकुमार लामालाई सर्च अभियानको क्रममा माओवादीको आरोपमा ०६० कार्तिक १६ गते सुरक्षाकर्मीले गोली हानी घाइते वनाए।

माओवादीबाट

हेटौंडा नपा-१० स्थित सामुदायिक प्रहरी सेवा केन्द्रको वुथमा ०६० भदौ ३० गते दिउँसो माओवादीले वम विस्फोट गराउँदा असई पदम श्रेष्ठ, प्रहरी जवान मानवहादुर मल्ल र आमभञ्ज्याङ गाविसका १८ वर्षीय सोमप्रसाद सापकोटासहित १९ जना घाइते भए।

टाउको छुट्याइएको अवस्थामा प्रितकुमार मोक्तानको शव

जेल र बन्दीहरू

"घ" श्रेणीको भीमफेदी जेलको क्षमता ४१ जनाको रहे पनि ६६ जना पुरुष राखिएको छ। महिला वार्ड भए पनि गत वर्षदेखि महिला बन्दी राख्न छोडिएको छ। यस जेलमा माओवादीबाहेक अन्य राजनीतिक पार्टीका बन्दीहरु छैनन्। जेलमा रहेकामध्ये २५ जना कैद तोकिएका छन् भने ४१ जना नतोकिएका छन्। कर्तव्यज्यान सम्बन्धी १४ जना, लागु औषधतर्फ ११, डाँका १०, जवरजस्तीकरणी ५, सार्वजनिक अपराध ६, जीउ मास्नेबेच्ने ७, चोरी ४, किर्ते मुद्दा २, सवारी ज्यान २, आगजनीअन्तर्गत ५ जना रहेका छन्। जेलमा पत्रपत्रिका पढ्न र परीक्षा दिन समस्या रहेको बन्दीहरुको गुनासो छ।

बन्दीहरुको सामान्य उपचार प्राथमिक स्वास्थ्य केन्द्रमा गरिन्छ भने आवश्यक भएमा बाहिर लैजाने गरेको बन्दीहरु बताउँछन्। मुद्दा पेशीको समयमा कारागार शाखाले बन्दीलाई अदालतमा नलगेको बन्दीहरुको गुनासो छ।

स्थानीय प्रशासनले भीमफेदी जेललाई खाली गरेर अन्यत्र बन्दीहरुलाई सार्न खोज्दा ०६० वैशाख ३० गते बन्दीहरुले जेलभित्र छिर्ने मूलगेटमा ताल्चा लगाएर उक्त कार्यको विरोध गरे। तालावन्दी गरेको भोलिपल्ट स्थानीय प्रशासन र बन्दीहरुवीच सहमतिपश्चात् ताला खोलियो।

बेपता / अपहरण

राज्यबाट

मनहरी गाविस-४ का २४ वर्षीय ज्ञानेन्द्र कालाखेतीलाई ०५९ असार ८ गते दिउँसो मनहरि वजारबाट अज्ञात व्यक्तिले अपहरण गरे। पीडितलाई सादा पोसाकमा आएका सुरक्षाकर्मीले अपहरण गरेको आशंका गरिएको छ भने सुरक्षाकर्मीले उक्त कुरा इन्कार गरेको छ।

मकवानपुर गाविस-३ का ३६ वर्षीय सन्तवहादुर बाईबालाई माओवादीको आशंकामा ०६० कार्तिक १८ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई सार्वजनिक गरिएको छैन।

माओवादीबाट

वस्तामादी गाविस-३ लेवटका ३२ वर्षीय रामशरण विकलाई ०५९ चैत ६ गते दिउँसो अज्ञात व्यक्तिहरुले अपहरण गरे। पीडितलाई एक महिनापछि मुक्त गरियो।

वेतिनी गाविसका सचिव ४१ वर्षीय ताराप्रसाद आचार्यलाई ०६० वैशाख ५ गते दिउँसो माओवादीले अपहरण गरे। पीडितलाई माओवादीले एक रात आफ्नो कब्जामा राखी

गाविसमा आएर काम नगर्ने शर्तमा मुक्त गरे।

ठिंगन गाविसका सचिव ४० वर्षीय मिठाराम दाहाललाई ०६० वैशाख १४ गते माओवादीका कार्यकर्ताले गाउँबाट अपहरण गरी ३५ दिनसम्म आफ्नो कब्जामा राखी मुक्त गरे।

सुकौटा गाविस-४ का ३४ वर्षीय भरत लम्साललाई ०६० असार २३ गते मकवानपुरगढी गाविस-४ को शिखरकटेरीबाट माओवादीले अपहरण गरे। पीडितलाई तीन हप्तासम्म आफ्नो कब्जामा राखी साउन १४ गते मुक्त गरे।

काँकडा गाविस-१ का २५ वर्षीय गोविन्दराम प्रजा, २८ वर्षीय कृष्णबहादुर मुक्तान, २९ वर्षीय बागवीर प्रजा र पञ्चलाल प्रजालाई ०६० भदौ १२ गते दिउँसो माओवादीले अपहरण गरे। पीडितलाई एक हप्तापछि घरमा ल्याई मुक्त गरे।

चितवन जिल्ला कठार गाविस-४ का गोपिबहादुर सुवेदी क्षेत्रीलाई ०६० कार्तिक ८ गते मनहरि गाविस-८ रजैयाबाट माओवादीले अपहरण गरी बेपत्ता पारे।

सुकौटा गाविस-९ का २० वर्षीय हर्करतन लो, फुलरत्न लो, २२ वर्षीय मणिरत्न लो, ४५ वर्षीय मानवहादुर लो, ४१ वर्षीय बुद्धरत्न लो र ३९ वर्षीय जयवहादुर लामालाई ०६० मंसिर २ गते माओवादीले अपहरण गरे। पीडितहरुलाई पुस ५ गते मुक्त गरियो।

हेटौंडा नपा-६ हातिलेटका सशस्त्र प्रहरी गण, रातोमाटेमा कार्यरत २४ वर्षीय प्रहरी जवान फटिक दाहाललाई ०६० मंसिर ३ गते माओवादीले घरबाट अपहरण गरे। पीडितलाई ३७ दिनपछि हटिया गाविसको चिसापानीमा ल्याई मुक्त गरियो।

भार्ता गाविस-७ का ४२ वर्षीय रामकुमार मुक्तान र ४० वर्षीय ठाकुर मुक्तानलाई ०६० पुस ५ गते माओवादीले अपहरण गरे। पीडितहरुलाई हालसम्म बेपत्ता पारिएको छ।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

काठमाडौंबाट हेटौंडातर्फ आइरहेको बा. १ झ ५७४० नं. को स्वास्थ्य विभागको जीपमा ०६० भदौ २९ गते बिहान टिष्टुङ गाविसको नौखण्डेमा माओवादीले आगो लगाई जलाए।

आमभञ्ज्याङ गाविस-१ का २६ वर्षीय दीपक तिमिल्सिनालाई ०६० असोज ४ गते दिउँसो माओवादीका दुई जना कार्यकर्ताले गोली र खुकुरी प्रहार गरी घाइते वनाए।

मनहरी गाविस-३ मनहरी वजारमा ०६० असोज ३० गते बिहान ना. २ ख ७३२८ नं. को एलपी ट्याक, ना. २ ख १२९२ नं. को ट्रक र ना. २ ख ३८७६ नं. को मिनिबसमा माओवादीले आगो लगाई जलाए।

महेन्द्र राजमार्गस्थित मनहरी गाविस-४ सिमपानीमा ०६० मंसिर १ गते दिउँसो हेटौंडाबाट एक सय बोरा चामल लिएर गोरखातर्फ गइरहेको ना. २ ख ४५९४ नं. को ट्रक र विराटनगर तर्फबाट सूर्यमुखी तेल बोकेर ल्याएको ना. २ ख २१६४ नं. ट्रक माओवादीले आफ्नो कब्जामा लिई लुटे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

प्रतिगमनविरुद्धको आन्दोलनमा सहभागी पार्टीका कार्यकर्ताहरुले ०६० जेठ १५ गते मन्त्रीलाई हेटौंडामा कालो झण्डा देखाउनेक्रममा प्रहरीले लाठिचार्ज गरे। उक्त घटनामा हेटौंडा नपा-६ का रघुनाथ आचार्य, भवनाथ सापकोटा घाइते भए भने नवराज खतिवडा र अनन्तराम हुमागाईलाई प्रहरीले गिरफ्तार गरी बेलुका रिहा गरे।

पाँच राजनीतिक पार्टीका कार्यकर्ताहरुले ०६० जेठ १७ गते दिउँसो हेटौंडामा प्रतिगमनको पुत्ला जलाउनेक्रममा प्रहरीले लाठिचार्ज गर्दा राष्ट्रिय सभाका सदस्य ललित बस्नेत, प्रयाग चौधरी, हरि वाग्ले र हरि उप्रेती घाइते भए। उक्त घटनामा हरि वाग्लेलाई प्रहरीले गिरफ्तार गरी बेलुका रिहा गरे।

निवुवाटार गाविसका सचिव भुषण श्रेष्ठलाई ०६० जेठ १८ गते माओवादी कार्यकर्ताहरुले कार्यालयबाट बाहिर निकाली गाविस कार्यालयमा ताला लगाए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा पुनरावेदन र जिल्ला गरी दुईवटा अदालत छन्। पुनरावेदन अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका १ हजार १ सय ६२ र यस वर्ष दर्ता भएका १ हजार ८ सय ९९ गरी ३ हजार ६१ मुद्दा छन्। जसमध्ये, २ हजार १ सय ५४ वटा फर्स्योट भई ९ सय ७ बाँकी

टाउको छुट्याई फालिएका भुपेन्द्र तिमिल्सिनाको शव

छन्। तीमध्ये २ वर्ष नाघेका ३४ वटा र एक वर्ष नाघेका १ सय ३६ वटा मुद्दा छन्।

जिल्ला अदालतमा दुई वर्षसम्म फर्स्यौट नभएका सरकारवादी फौज्दारी ९ र दुनियावादी १६ गरी २५ वटा मुद्दा छन्। त्यसैगरी एक वर्षसम्म फर्स्यौट नभएका १ सय ४५ वटा तथा ६ महिनादेखि फर्स्यौट नभएका ८० वटा छन्। जिल्ला अदालतमा अहिले २ सय ८० वटा मुद्दा छन्।

जिल्ला प्रशासन कार्यालयमा दुई वर्षसम्म फर्स्यौट नभएका मुद्दा ४ वटा र एक वर्षसम्म फर्स्यौट नभएका २० वटा छन्। त्यसैगरी जिल्ला वन कार्यालयमा एक वर्षसम्म फर्स्यौट नभएका २ वटा र ६ महिनासम्म फर्स्यौट नभएका ६ वटा मुद्दा छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

विगत दुई वर्षअघि सुकुम्बासी समस्या समाधान आयोगको तथ्यांकअनुसार, यस जिल्लामा सुकुम्वासीहरुको संख्या २ हजार ८ सय रहेको थियो। गत वर्ष र यस वर्षको बाढी पहिरोबाट घरवारविहीन भएका ५ सय परिवार गरी मकवानपुरमा ३ हजार ३ सय परिवार सुकुम्वासी छन्। गत वर्षको बाढी पहिरोबाट घरवारविहीन भएका तीन सय परिवार मनहरी गाविसको प्याङ्चेमा स्याउले छाप्रो र प्लाष्टिकको त्रिपालमुनि बसेका छन्।

हेटौंडा नपा-६ र हटिया गाविस-१ बीचमा पर्ने चुच्चेखोलाका वासिन्दाले चुच्चेखोलामा वृद्धाश्रम स्थापना गरेका छन्। उक्त वृद्धाश्रममा ४ जना वृद्धवृद्धाहरु रहेका छन्।

भीमफेदीमा नेपाल बाल संगठनद्वारा संचालित बालगृह छ। उक्त बालगृहमा ५ बालिकासहित २७ जना बालबालिका छन्।

आर्थिक अधिकार

हेटौंडा औद्योगिक क्षेत्रस्थित बहुराष्ट्रिय कम्पनी कोलगेट पाल्मोलिभका मजदुरहरुले आर्थिक मागसहित विभिन्न ४ सूत्रीय माग राखे। उद्योग व्यवस्थापन र मजदुरबीच पटक-पटक वार्ता हुँदा पनि सहमतिमा पुग्न नसकेपछि व्यवस्थापन पक्षले ०६० कार्तिक १ गतेदेखि कार्तिक २३ गतेसम्म उद्योग बन्द गर्‍यो। हाल मजदुर र व्यवस्थापनबीच सहमति भएको छ।

जिल्ला विकास समितिले चेपाङ जातिका २ सय ५० जना र बनकरिया जातिका १२ जना गरी २ सय ६२ जना विद्यार्थीहरुलाई शैक्षिक सामग्रीका साथै विद्यालय पोशाक र मासिकरुपमा नगद दिएको छ। जिल्ला शिक्षा कार्यालयले दलित जातिका १ हजार ४ सय विद्यार्थीहरुलाई छात्रवृत्ति दिँदै आएको छ।

विस्थापित

कोगटे गाविस-९ टेकनस्वाराका ५४ वर्षीय जगतबहादुर ओली र २१ वर्षीय रवीन्द्र ओलीले माओवादीलाई चन्दा दिन नसकेकाले गाउँबाट विस्थापित भए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

बसामाडी गाविस-७ का २२ वर्षीय विशाल लामालाई ०६० साउन ६ गते सुरक्षाफौजले घरबाट गिरफ्तार गरे। पीडितलाई एक हप्ता सैनिक हिरासतमा राखी रिहा गरियो।

राई गाविस गठनका २० वर्षीय शुक्राम पाखिनलाई माओवादीको आरोपमा ०६० साउन २८ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई शान्ति सुरक्षा ऐनअन्तर्गत वीरगञ्ज जेलमा राखिएको छ।

हेटौंडा नपा-९ पशुपतिनगरका २७ वर्षीय उत्तम पोखेललाई माओवादीको आरोपमा ०६० भदौ ११ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल वीरगञ्ज जेलमा राखिएको छ।

हाडीखोला गाविस-७ का २८ वर्षीय अर्जुन पौडेललाई माओवादीको आशंकामा ०६० असोज ३ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल वीरगञ्ज जेलमा राखिएको छ।

माओवादीको विद्युतीय धरापमा परी मृत्यु भएका सहायकरथी सागरबहादुर पाण्डे

हाडीखोला गाविस-४ शुक्र तामाङलाई माओवादीको आशंकामा ०६० असोज ५ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल वीरगञ्ज जेलमा राखिएको छ।

हर्नामाडी गाविस-८ का ३५ वर्षीय भोला थापालाई माओवादीको आशंकामा ०६० कार्तिक ६ गते हटियामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल वीरगञ्ज जेलमा राखिएको छ।

हर्नामाडी गाविस-८ का २६ वर्षीय गोविन्द जमरकट्टेललाई माओवादीको आशंकामा ०६०

कार्तिक ६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई १० दिन सैनिक हिरासतमा राखी रिहा गरियो।

बालअधिकार

हाडीखोला गाविस-८ का १० वर्षीय राममाया परियार र ११ वर्षीय सुनिल परियारलाई ०५९ माघ ४ गते वस्तामाडी गाविस-४ का गोवर्द्धन लामाले भारतीय सर्कसमा बिक्री गर्न लगिरहेको अवस्थामा हेटौंडा वसपार्कबाट प्रहरीले गिरफ्तार गरे। पीडकलाई पुर्पक्षको लागि थुनामा राखिएको छ।

राक्सिराङ गाविस-७ की ११ वर्षीय एक नाबालिकालाई ०५९ चैत १६ गते बाबु इन्द्रबहादुर प्रजाले ५६ वर्षीय बुद्धराम प्रजासँग जबर्जस्ती विवाह गरिदिए।

बसामाडी गाविस-३ लेवटका ९ वर्षीय कान्छी नेपाली, ७ वर्षीय गणेश नेपाली र ५ वर्षीय विदुर नेपालीलाई ०५९ वैशाख २२ गते सोही गाविस-४ का दलबहादुर लामाले भारतीय सर्कसमा बिक्री गर्न लगिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडक्लाई केही समयपछि रिहा गरियो।

हेटौंडा नपा-२ स्थित विद्यालयमा तीन कक्षामा अध्ययन गर्ने १२ वर्षीय एक बालिकालाई ०६० साउन २० गते दिउँसो मोटरसाइकलमा आएका भारतीय युवकले बलात्कार गरे। पीडक फरार छन्।

छतिवन गाविस-२ की १२ वर्षीय विष्णुमाया भ्लोन र ११ वर्षीय जुनुमाया भ्लोनलाई ०६० कार्तिक ५ गते सोही ठाउँका ३५ वर्षीय आइतमान भ्लोनले जागिर खुवाउन काठमाडौं लगेर सकडमा नै छोडिदिए। पीडितहरुलाई माइती नेपालले घरमा ल्याइदियो।

यस जिल्लामा रहेका कूल बालकालिकाहरुमध्ये २४ प्रतिशत बालबालिकाले विद्यालय जाने अवसर पाएका छैनन्। माओवादीले पालुङ उपत्यकामा रहेको रिभरभ्याली बोर्डिङ्ग स्कूलमा ०६० कार्तिक २५ गते आगो लगाएर जलाएपछि १ सय ७५ जना बालिवालिकाले अध्ययन गर्न पाएका छैनन्।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

खरिखेत गाविस-२ की १७ वर्षीय फुलमाया तिनुङलाई ०५९ माघ १७ गते हाडीखोला गाविस-७ का २३ वर्षीय मनोज लामाले भारतमा जागिर खुवाउन भनी फुक्याएर बिक्री गर्न लगिरहेको अवस्थामा प्रहरीले हेटौंडा वसपार्कबाट गिरफ्तार गरे। पीडकलाई थुनामा राखिएको छ।

मनहरी गाविस-७ की २९ वर्षीय भवानी केसीलाई

सुरक्षाकर्मीद्वारा हत्या गरिएका रुद्रबहादुर पाखिन

०५९ माघ ७ गते आफ्नै पति उद्धव केसीले माइत नसोधिकन गएको निहुँमा मरणासन्न हुनेगरी कुटपिट गरे। पीडकलाई इलाका प्रहरी कार्यालयमा उजुरी गरेकोमा कुनै कारवाही गरिएन।

हाडीखोला गाविस-७ की २४ वर्षीय मैया न्यौपानेलाई ०५९ माघ २९ गते माइतबाट दाइजो थोरै ल्याएको आरोपमा आफ्नै पति २६ वर्षीय कुमार न्यौपानेले कुटपिट गरे। पीडितले प्रहरीमा उजुर गरे पनि कुनै कारवाही भएन।

खरिखेत गाविस-८ की १७ वर्षीय शुकमाया प्रजालाई ०५९ फागुन ४ गते पदमपोखरी गाविस-८ का २८ वर्षीय तुलुक तामाङले भारतमा जागिर खान पाइन्छ भनी बिक्री गर्न वीरगञ्ज लगिरहेको अवस्थामा मनहरीवाट प्रहरीले गिरफ्तार गरे। पीडकलाई थुनामा राखिएको छ।

हाडीखोला गाविस-४ की १७ वर्षीय सुनिता विकलाई ०६० साउन १२ गते पदमपोखरी गाविसका २७ वर्षीय कुमार स्याङ्तानले वीरगञ्ज घुम्न जाने भनी फुक्याएर बिक्री गर्न लगिरहेको अवस्थामा हेटौंडाबाट प्रहरीले गिरफ्तार गरे। पीडकलाई थुनामा राखिएको छ।

काभ्रे जिल्ला दाप्चाकी १३ वर्षीय सुशीला सुनार र ललितपुर जिल्ला ठूलादुर्लङकी १५ वर्षीय संगिता लामालाई ०६० मंसिर ६ गते काभ्रे जिल्ला दाप्चाका सानाबाबु, ३५ वर्षीय ठूलो कान्छा सुनार र मामा डिकबहादुर सुनारले जागिर खुवाउने भनी बिक्री गर्न लगिरहेको अवस्थामा मनहरी गाविस-१ सुनाचुरी व्यारेकका सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडकहरुलाई थुनामा राखिएको छ।

भैंसे गाविस-८ नयाँगाउँकी १३ वर्षीय एक वालिका र २२ वर्षीय सुत्केरी महिलालाई ०५९ चैत १८ गते करिव २० जनाको एक समूहले वलात्कार गरे। पीडकहरुको पहिचान हालसम्म भएको छैन।

राक्सिराङ गाविस-८ का ४२ वर्षीय हिरालाल

स्याङ्तान र ३४ वर्षीय विष्णुमाया प्रजालाई ०६० वैशाख २८ गते राति हतियारधारी एक समूहले लुटपाट गर्नुका साथै १८ वर्षीय एक किशोरीलाई बलात्कार गरे। पीडकको पहिचान हुन सकेको छैन।

आमभञ्ज्याङ गाविस-१ बुङ्दलकी ४५ वर्षीय बालकुमारी कार्कीको घरमा ०६० असार ३२ गते लुटपाट गर्ने क्रममा भैंसे गाविस-७ का ४० वर्षीय जगतबहादुर गोले, सोही ठाउँका २१ वर्षीय विजय गोले, १९ वर्षीय सोमबहादुर गोले र मकवानपुरगढी गाविस-९ का वीरबहादुर स्याङ्तानले ९ वर्षदेखि ४५ वर्षसम्मका तीन महिलालाई बलात्कार गरे। पीडकहरुलाई थुनामा राखिएको छ।

सुरक्षाकर्मीद्वारा बेपत्ता पारिएका ज्ञानेन्द्र कालाखेती

गोपीलाल मुक्तानले चौपायाको मलमूत्र खुवाई कुटपिट गरे।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूत समेत

कालिकाटार गाविस-१ खिर्कीका १९ वर्षीय दीपक कार्की र सीता परियारले ०६० कार्तिक २५ गते प्रेम विवाह गरेकोमा दीपकका बाबु हरिबहादुर कार्कीले उनीहरुलाई जातीय विभेदका कारण घरमा प्रवेश गर्न दिएनन्।

विविध

माओवादीद्वारा आगो लगाई ध्वस्त पारिएका ट्रक र मिनिबस

संरचना क्षति

यस वर्ष माओवादीले ११ वटा गाविस भवन, हुलाक र निर्वाचन कार्यालयमा आगजनी र बम विस्फोट गराए। दुई वटा रेञ्जपोष्ट कार्यालयमा आगो लगाए। बसामाडी गाविस बस्तीपुरस्थित मोबाइल फोनको स्टेशनमा आगजनी र विस्फोट गराएर ७ करोड रुपैयाँ बराबरको क्षति पुऱ्याए भने नामटार गाविस भिरघारीस्थित दूरसञ्चारको रिपिटर टावरमा बम विस्फोट गराएर साढे १ करोड रुपैयाँ बराबरको क्षति पुऱ्याए।

मकवानपुर गाविस-९ की २३ वर्षीय कल्पना विकलाई ०६० असार ११ गते आफ्नै पति २६ वर्षीय विशाल विश्वकर्माले कुटपिट गरी चारवटा दाँत झारिदिए। माइती नेपालको सहयोगमा जिल्ला प्रहरी कार्यालयमा उजुरी गरेको भए पनि पीडकलाई कुनै कारवाही भएन।

खैराङ गाविस-३ की ४४ वर्षीय डल्ली प्रजालाई बोक्सीको आरोपमा ०६० भदौ १५ गते सोही ठाउँका ४८ वर्षीय तुलबहादुर मुक्तान र सोही ठाउँका ४२ वर्षीय

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष व्यक्तिगत कारणले भएका कुटपिटका घटनामा ९ जना पुरुष पीडित भए। ३५ महिला र २६ पुरुष गरी ६१ जनाले आत्महत्या गरे। सडक दुर्घटनामा २१ जनाको मृत्यु भयो भने ४७ जना घाइते भए। चट्याङबाट २ जनाको मृत्यु भयो भने भीरबाट लडेर २ जनाको मृत्यु भयो। खोलामा डुबेर ३ जना र बाढी पहिरोबाट १२ जनाको मृत्यु भयो। सनाखत हुन नसकेका २ वटा लास फेला परे।

२.१२ ललितपुर



जनसंख्या : ३५०६१५
साक्षरता प्रतिशत : ७०.७७
महिला साक्षरता प्रतिशत : ६०.२६
क्षेत्रफल (वर्ग कि.मी.) : ३८५
गाविस/नपा संख्या : ४१/१
निर्वाचन क्षेत्र : ३
विद्यालय : ३८५
क्याम्पस/उच्च मावि : ११/१३
अस्पताल/स्वास्थ्य चौकी : ४/३५
टेलिफोन लाइन : २६८८९
मोटर सडक (कि.मी.) : ३८५
प्रहरी कार्यालय संख्या : २५
हुलाक संख्या : ४६
मानव विकास सूचकांक : ५.२३
प्रति एक डाक्टर जनसंख्या : २१११२
प्रति परिवार सरदर संख्या : ४.९०

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रुपले बाँच्ने अधिकार
हत्या / गोली
माओवादीबाट

गोटीखेल गाविस-३ का माओवादी कार्यकर्ता ३२ वर्षीय हरिबहादुर कुँवरको ०५९ पुस २४ गते सोही ठाउँमा बम विस्फोटनमा परी मृत्यु भयो।

सप्तरी जिल्ला घर भई ललितपुर उमनपा-१४ को वडा कार्यालय भवनमा रहेको सामुदायिक प्रहरी बिटमा कार्यरत असई ५५ वर्षीय सूर्यनारायण महासेठलाई ०५९ माघ ९ गते साँझ ६:४० बजे कार्यालयमा बसिरहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे। घटनामा वडा कार्यालय बम विस्फोटनबाट क्षतिग्रस्त भएको थियो।

सशस्त्र प्रहरी महानिरीक्षक ५५ वर्षीय कृष्णमोहन श्रेष्ठ, उनकी पत्नी नुडुप श्रेष्ठ र अंगरक्षक सूर्यबहादुर रेग्मीलाई ०५९ माघ १२ गते बिहान ७:३० बजे ललितपुर उमनपा-१४ बागडोलस्थित चक्रपथमा मर्निङ वाक गरिरहेको अवस्थामा ३-४ जनाको समूहमा आएका माओवादीको एक समूहले टाउको, घाँटी र छातीमा गोली प्रहार गरी हत्या गरे। पीडितहरु गोली लागी घाइते अवस्थामा सडकमा लडिरहेका थिए। घटना भएको झण्डै ४५ मिनेटपछि प्रहरी घटनास्थलमा पुगेका थिए। उनीहरुलाई उपचारको लागि पाटन अस्पताल लाँदालाँदै मृत्यु भयो। पीडकहरुमध्ये कृष्णहरि सैंजुको आफूले बोकेको बन्दुक पड्कँदा खुट्टामा चोट लागी भाग्न असफल भई घटनास्थलमा लडिरहेको अवस्थामा गिरफ्तार गरिएको थियो। पीडितहरु नियमित कार्यक्रम अनुसार कलंकीदेखि बागडोलसम्म मर्निङ वाक गर्ने गर्दथे। सोही दिन बिहान बाक्लो कुहिरो लागेकोले पीडकहरुले नजिकैबाट गोली प्रहार गरेका थिए। स्थानीय बासिन्दाहरुको घरभन्दा नजिकै रहेको घटनास्थलबाट १०/११ पटक गोली पड्किएको आवाज सुनिएको कुरा प्रत्यक्षदर्शीले बताए। पीडकहरुमध्ये कृष्णहरि सैंजु भक्तपुर घर भई काठमाडौं जोरपाटीमा बस्दै ललितपुरको माओवादी गतिविधिमा संलग्न हुँदै आएका थिए। पीडकलाई नख्खु जेलमा राखिएको छ।

बुङ्मति गाविस-७ का नेकाँ (प्रजातान्त्रिक) का कार्यकर्ता राजेश केमी लाई सुराकीको आरोपमा ०६० असोज ११ गते साँझ ७ बजे टीभी हेरिरहेको अवस्थामा माओवादीले टाउको र घाँटीमा गोली हानी हत्या गरे। त्यसपछि उनीहरु नारा लगाउँदै भागेका थिए।

इकुडोल गाविस-३ की ७ वर्षीय भावना सञ्जेलको ०६० भदौ २३ गते माओवादीले लापर्वाहीपूर्ण तरिकाले ग्रिनेट प्रयोग गरेका कारण आफ्नै घरको आँगनमा खेलिरहेको अवस्थामा ग्रिनेट विस्फोट भई मृत्यु भयो। माओवादीले रक्सीको नशामा ग्रिनेट विस्फोट गराउने प्रशिक्षण दिनेक्रममा विस्फोट भएको थियो।

भट्टेडाँडा गाविसस्थित जंगलमा ०६० असोज ३० गते राति २ बजे आफैले बोकेको बम विस्फोट हुँदा नाम, ठेगाना थाहा नभएको रवी थापालगायत् तीनजना माओवादीको मृत्यु भयो। रवीलाई माओवादीले ०६० भदौ २५ गते अपहरण गरेका थिए।

अन्य

बडिखेल गाविस-६ का ४२ वर्षीय भानु नगरकोटी, पत्नी ३५ वर्षीय धनकुमारी नगरकोटी, लाली गुराँस मावि ठैवमा कक्षा ७ मा अध्ययनरत छोरा १३ वर्षीय रवीन्द्र नगरकोटी, छोरी १० वर्षीय भगवती नगरकोटी र

८ वर्षीय कृष्णमाया नगरकोटीलाई ०६० असोज १६ गते राति १२ बजे महाअष्टमीको दिन अज्ञात व्यक्तिले खुकुरी प्रहार गरी हत्या गरे। पीडित भानु नेपाल राष्ट्र बैंक, थापाथलीमा कार्यरत थिए। पीडकहरु हालसम्म पत्ता लाग्न सकेका छैनन्।

उमनपा ढोलाहिटीस्थित ज्योति एकेडेमीकी भाईस प्रिन्सिपल २४ वर्षीय प्रनिता सुनवार (श्रेष्ठ) लाई ०६० असार १६ गते बेलुका ९ बजे बागडोलस्थित आफ्नो घरमा खाना खाइरहेको अवस्थामा सौता ३२ वर्षीय फुलज्योति सुनुवार, दिवाकर बुढाथोकी, नुवाकोटका प्रकाश थापा, उदयपुरका चित्रबहादुर मगर, नुवाकोटका मञ्जुर तामाङ, प्रकाश तामाङ र काभ्रेका कालु तामाङले खुकुरी प्रहार गरी हत्या गरे। पति अशोक सुनुवार सख्त घाइते भए। उक्त घटनामा अशोकको पनि संलग्नता भएको आरोपमा थुनामा राखिएको थियो। पीडकहरु सबैलाई थुनामा राखिएको छ।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

काठमाडौं जिल्ला नयाँ बानेश्वरका २५ वर्षीय शिरोमणि घिमिरे ०५९ माघ २ गते बेलुका माओवादीले पाटन अस्पताल अगाडि बम विस्फोट गराउँदा सख्त घाइते भए। पीडितको टाउको, निधार र घुंडामा गम्भीर चोट लागेका थियो।

नल्लु गाविस-७ का १० वर्षीय जयकुमार तामाङ र १२ वर्षीय प्रकाश तामाङ ०६० साउन १३ गते बिहान ९ बजे बम विस्फोट भई सख्त घाइते भए। उक्त बम माओवादीद्वारा राखिएको बुझियो।

नवलपरासी जिल्ला घर भई ललितपुर उमनपा-१३ कुसुन्तीमा बस्ने भूपू गृहराज्यमन्त्री देवेन्द्रराज कँडेललाई ०६० भदौ १२ गते साँझ ७:३५ बजे माओवादीले गोली प्रहार गरी सख्त घाइते बनाए। पीडितको दायाँ हातमा २ र दायाँ खुट्टामा १ गोली लागेको थियो। पीडितलाई उपचारका लागि तत्कालै वीर अस्पताल लगिएको थियो। पीडितले माओवादी कार्यकर्ताहरुसँग केही बेर प्रतिकार गरेका थिए।

ललितपुर उमनपा एकान्तकुना भनिमण्डलका ४५ वर्षीय विद्याभुषण खड्कालाई ०६० असोज २६ गते बिहान ७ बजे सोही ठाउँस्थित आफ्नो घरबाट कार्यालयतर्फ जाँदै गर्दा माओवादीले गोली प्रहार गरी घाइते बनाए। पीडित सिंहदरबारस्थित राष्ट्रिय अनुसन्धान विभागमा इन्सपेक्टर पदमा कार्यरत छन्।

जेल र बन्दीहरू

०२७ सालमा स्थापित नख्खु जेलको बन्दी क्षमता १ सय ५० जनाको छ। तर, यस जेलमा २ सय २३ जना बन्दी छन्। तीमध्ये १ सय १३ जना कैद तोकिएका र १ सय १० जना कैद नतोकिएका छन्। यस जेलमा राजनीतिक बन्दी नरहेको बताइए पनि १४ जनालाई आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन अन्तर्गत राखिएको छ। त्यसरी राखिएकाहरुमा फुर्पावाङदी तामाङ, दीपक देवकोटा, उत्तम अधिकारी, तारा भण्डारी, बाबुलाल स्याङतान, सुरेश शाह कानु, डिल्लीप्रसाद मुखिया राई, टिकाराम विक, विष्णुबहादुर सुब्बा, रामप्रसाद गौतम, सोमबहादुर राई, ज्योतिराज राई, नौबहादुर तामाङ र कृष्णहरि सैंजुलाई नजरबन्दमा राखिएको छ।

यस जेलमा राज्यविरुद्धको अपराधमा ३, वैदेशिक

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	११	९	६	१५	९	१३	२	१५				
घाइते	१	१		१	४	५		५				
गिरफ्तारी/यातना									९	१५	२	१७
बेपत्ता									२१	२४	१	२५
कुटपिट	४	३	१	४					२	४	१	५
महिलाअधिकार	२		२	२								
बालअधिकार	६	१	५	६								
अपहरण	१	३		३	५	१३		१३				
जम्मा	२५	१७	१४	३१	१८	३१	२	३३	३२	४३	४	४७

रोजगारमा १, कर्तव्य ज्यानमा ५४, ज्यान मार्ने उद्योग १५, किर्तेमा १, नजरबन्दमा २, डाँकामा १४, चोरीमा २२, जीउ मास्नेबेच्नेमा ९, लागु औषधमा ४४, जबरजस्ती करणीमा १३, पुरातत्व चोरीमा ३, आगजनीमा १, अप्राकृतिक मैथुनमा १, ठगीमा १८, अंगभंगमा १, राहदानीमा १, आतंककारीमा १४, खोटाचलनमा २ र सार्वजनिक अपराधमा ४ जनालाई राखिएको छ।

बेपत्ता / अपहरण

राज्यबाट

ठेंचो गाविस-३ का ४० वर्षीय कृष्णकाजी महर्जनलाई माओवादीको आरोपमा ०६० असोज १ गते राति सोही गाविसस्थित आफ्नो घरमा सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाए। पीडित हालसम्म बेपत्ता छन्।

बुङ्मती गाविसका अमीरमान शाक्य, राम शाही, सुरेन्द्र शाही र अमृत श्रेष्ठलाई माओवादीको आरोपमा ०६० असोज २ गते राति २ बजे सुरक्षाकर्मीले गाउँ घेरा हाली गिरफ्तार गरी बेपत्ता बनाए।

ललितपुर उमनपा-१३ कुसुन्तीका ४९ वर्षीय खड्गबहादुर घर्तिमगरलाई माओवादीको आरोपमा ०६० असोज ५ गते राति १२ बजे सोही ठाउँस्थित घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाए। पीडितलाई सादा पोशाकमा आएका सुरक्षाकर्मीले "केही सोधपुछ गर्नुछ" भनी लगेका थिए।

खोकना गाविस-६ का धर्मराज डंगोललाई माओवादीको आरोपमा ०६० असोज ६ गते विहान ४ बजे सोही गाविसस्थित इन्द्रायणी मन्दिर परिसरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाए। पीडित सोही दिन मन्दिरमा सुत्न जाने पालो परेकाले मन्दिरमा सुत्न गएका थिए। पीडितसँगै गिरफ्तार गरिएका मानभगत महर्जन र राजेश महर्जनलाई १० मिनेटपछि रिहा गरिएको थियो। पीडितलाई हालसम्म बेपत्ता बनाइएको छ।

ललितपुर उमनपा गाबहालका जनमोर्चा नेपालका नगर समिति सदस्य तथा अनेरास्ववियु (एकीकृत) का पूर्व केन्द्रीय सदस्य एवम् कानुन व्यवसायी २५ वर्षीय उज्ज्वल शुक्लालाई माओवादीको आरोपमा ०६० असोज ६ गते राति ९ बजे घरबाटै सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाए। पीडितलाई यातना दिनुका साथै कुटपिट गरी असोज ११ गते रिहा गरियो।

मकवानपुर जिल्ला थिगन गाविस घर भई ललितपुर उमनपा सातदोबाटोमा बस्ने २२ वर्षीय प्रल्हाद भनिने प्रविण सत्याललाई माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा ०६० असोज ११ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाए। पीडित हालसम्म बेपत्ता छन्। पीडित राति ट्वाइलेट जान घरबाट बाहिर निस्किएको अवस्थामा गिरफ्तार गरिएको थियो।

ललितपुर उमनपा-३ पुल्चोकका ३४ वर्षीय सूर्यमान महर्जनलाई माओवादीको आरोपमा ०६० असोज १२ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी बेपत्ता बनाए। पीडित काठमाडौं चाबहिल मैजुबहालस्थित बोर्डिङ स्कूलका शिक्षक थिए।

लमजुङ जिल्ला घर भई काठमाडौंमा बस्ने अनेरास्ववियु (क्रान्तिकारी) का काठमाडौं जिल्ला समिति सदस्य वि.के. श्रेष्ठलाई माओवादीको आरोपमा ०६० कार्तिक २२ गते ललितपुरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

झापा जिल्ला दमक नपा-१ का अनेरास्ववियु (क्रान्तिकारी) काठमाडौं जिल्ला समितिका सहसचिव २५ वर्षीय पुष्प बस्नेत, दाङ जिल्ला घर भई काठमाडौंमा बस्ने सोही संगठनका जिलला समिति सदस्य हिराबहादुर सारुलाई माओवादीको आरोपमा ०६० मंसिर ८ गते ललितपुरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाए।

नुवाकोट जिल्ला घर भई काठमाडौंमा बस्ने अनेरास्ववियु (क्रान्तिकारी) का काठमाडौं जिल्ला सदस्य कौसल्या पोखेललाई माओवादीको आरोपमा ०६० मंसिर १३ गते ललितपुरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाए।

ललितपुर उमनपा वागडोलका मानवअधिकारकर्मी डा. ऋषि अधिकारीलाई माओवादीलाई आर्थिक सहयोग गरेको आरोपमा पुल्चोकस्थित चाइल्ड फष्ट नामक आफ्नो संस्थामा बसिरहेको अवस्थामा ०६० मंसिर २४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाए। पीडितलाई

माओवादीद्वारा हत्या गरिएका सशस्त्र प्रहरी महानिरीक्षक कृष्णमोहन श्रेष्ठ र उनकी पत्नी नुडुप श्रेष्ठ

०६० पुस १ गते रिहा गरियो। पीडितलाई रातो गाडीमा आफूहरुलाई सुरक्षाकर्मी बताउने व्यक्तिहरुले आँखामा पट्टी बाँधेर गिरफ्तार गरेका थिए। उनको रिहाइका निमित्त इन्सेकलगायत् अन्य मानवअधिकारवादी संस्थाहरुले प्रेस वक्तव्य जारी गरेका थिए।

काभ्रे जिल्ला महादेवस्थान गाविस घर भई ललितपुर उमनपा पिलाँछे वस्ने ३५ वर्षीय रामकृष्ण थापामगरलाई माओवादीको आरोपमा ०६० कार्तिक २९ गते राति ८ बजे पिलाँछेबाट आँखामा पट्टी बाँधेर सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाए। पीडितसँगै गिरफ्तार गरिएका बलराम थापामगर र विक्रम थापामगरलाई कार्तिक ३० गते रिहा गरिएको थियो भने उनलाई मंसिर १० गते रिहा गरियो। पीडितलाई हिरासतमा कुटपिट गरी मानसिक यातना दिइएको थियो। पीडित एक स्टेशनरी पसलमा काम गर्दछन्।

काठमाडौं मनपा-६ बौद्धका अखिल नेपाल ट्रेड युनियन महासंघका केन्द्रीय कोषाध्यक्ष ३२ वर्षीय बुद्धि लामालाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०६० मंसिर १३ गते बुङ्मति गाविसस्थित फसीडोलबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाए।

ललितपुर उमनपा-४ का १६ वर्षीय विश्वम्भर लामालाई ०६० मंसिर २५ गते राति साथिको घरबाट फर्कदै गर्दा सुन्दरीघाटबाट सेतो रंगको गाडीमा आएका सादा पोशाकका सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। पीडितको खुट्टामा घाउ भएकोले राम्ररी हिंड्न नसक्ने अवस्थामा भएको पीडितका आफन्तले बनाए।

नुवाकोट जिल्ला लिखु गाविस-७ घर भई ललितपुर इमाडोल गाविस वस्ने ३५ वर्षीय राजेन्द्र थापालाई माओवादीको आरोपमा ०६० पुस ३ गते राति डेराबाट ५-६ जनाको समूहमा आएका सादा पोशाकका सुरक्षाकर्मीले इसुजु भ्यानमा राखी बेपत्ता बनाए। पीडित नर्सरी पेशा गर्दै आएका थिए।

नुवाकोट जिल्ला तलाखु गाविस-९ घर भई काठमाडौं जिल्ला गोंगबु गाविस-४ वस्ने २३ वर्षीय श्यामकृष्ण श्रेष्ठलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०६० पुस ११ गते ललितपुर उमनपा बालकुमारीस्थित उनी कार्यरत विकास गार्मेन्टबाट सादा पोशाकमा आएका १५ जना जति सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाए।

माओवादीबाट

काठमाडौं जिल्ला असन बांगेमुढा घर भई राष्ट्रिय अनुसन्धान शाखामा कार्यरत गौतम श्रेष्ठलाई ०५९ चैत २४ गते कुमारीपाटीबाट माओवादीले अपहरण गरे। पीडितलाई चैत २७ गते मुक्त गरियो।

छम्पी गाविस-३ का १६ वर्षीय विश्वराज न्यौपाने, दिनेश बानियाँ र धुसेल गाविसबाट अशोक लामालाई ०६० वैशाख १२ गते माओवादीले अपहरण गरे। पीडितहरुलाई एक दिनपछि मुक्त गरियो।

पुनरावेदन अदालत, पाटनमा कार्यरत नायब सुब्बा सोमनाथ काफ्लेलाई ०६० असार ११ गते बिहान ९:३० बजे पुल्चोकस्थित युएनडीपीको कार्यालय अगाडिबाट माओवादीले अपहरण गरे। पीडितलाई पुतलीसडक हुँदै अनामनगरस्थित माओवादी सम्पर्क कार्यालयमा तारिख थाम्ने गरी दुई घण्टापछि पाटन पुनरावेदन अदालतमा लगी मुक्त गरियो।

इकुडोल गाविस-३ का पूर्व उपाध्यक्ष तथा एमाले इलाका कमिटी सदस्य रणबहादुर दर्लामी, उनका छोराहरु राजकुमार दर्लामी, राजेश दर्लामी, दिनेश दर्लामी र स्थानीय व्यक्ति रवी थापालाई ०६० भदौ २५ गते बेलुका ७:३० बजे आ-आफ्नो घरमा टीभी हेरेर बसिरहेको अवस्थामा माओवादीले अपहरण गरे। पीडितहरुलाई माओवादीलाई समातेर राखेको आरोपमा अपहरण गरेका थिए। पीडितहरुमध्ये रवी थापालाई अपहरण गरिएको अवस्थामा भट्टेडाँडामा बम विस्फोट भई मृत्यु भयो भने अन्य सबैलाई केही दिनपछि मुक्त गरियो।

धम्की ज्यानमार्ने धम्की कुटपिट

राज्यबाट

कालेश्वरका मानवअधिकार रेडियो स्रोता क्लब, ललितपुरका उपाध्यक्ष राजन बज्जारा र पाटन सौगलका श्रेष्ठ फर्निचर उद्योगका मालिक कुमार श्रेष्ठलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०६० असोज २ गते सौगलस्थित एक चिया पसलमा चिया पिइरहेको अवस्थामा सुरक्षाकर्मीले कुटपिट गरी घाइते बनाए।

माओवादीद्वारा गोली हानी घाइते बनाइएका पूर्व गृहराज्यमन्त्री देवेन्द्रराज कँडेल

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

पाटन संयुक्त क्याम्पसका विद्यार्थीहरु अब्दुल खान, दिनेश कँडेल, रामशरण बस्नेत र यज्ञराज पन्तलाई ०६० जेठ ८ गते साढे १० बजे प्रहरीले लाठिचार्ज गरी घाइते बनाए। संयुक्त जनआन्दोलन संयोजन समितिको कार्यक्रमअनुसार उनीहरु र एकता परिषद्का कार्यकर्ताहरु बीच लगनखेलमा भएको झडपमा प्रहरीले आन्दोलनकारीलाई कुटपिट गरेका थिए। पीडितहरूलाई तत्कालै उपचारको लागि पाटन अस्पताल लगिएको थियो।


सुरक्षाकर्मीद्वारा बेपत्ता पारिएका धर्मराज डंगोल, सूर्यमान महर्जन र राजेन्द्र थापा

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा पुनरावेदन र जिल्ला गरी दुईवटा अदालत छन्। पुनरावेदन अदालतमा पुनरावेदन क्षेत्राधिकार अन्तर्गत देवानी व्यक्तिवादी २ हजार २ सय १० मुद्दामा ४ सय १ फर्स्यौट भई १ हजार ९ सय ९ मुद्दा बाँकी रहे। सरकारवादी तीन मुद्दामध्ये एउटा फर्स्यौट हुन सकेन। फौज्दारी व्यक्तिवादी ३ सय ४ मुद्दामा ६४ फर्स्यौट भई २ सय ४० बाँकी रहे। सरकारवादी फौज्दारी ६ सय १६ मुद्दामा १ सय २९ फर्स्यौट भई ४ सय ८७ बाँकी रहे। संक्षिप्त १ सय ३ मुद्दामा ७ फर्स्यौट भई ९६ बाँकी रहे। साधकको ६ वटा मुद्दामा २ वटा फर्स्यौट भई ४ मुद्दा फर्स्यौट हुन बाँकी रहे। शुरु क्षेत्राधिकार अन्तर्गत ६१ मुद्दामा १ वटा मुद्दा मात्र फर्स्यौट भई ६० मुद्दा बाँकी रहे। रिट क्षेत्राधिकारअन्तर्गत निषेधाज्ञाको ५ सय २३ मुद्दामा २ सय १ फर्स्यौट भई ३ सय २२ बाँकी रहे। परमादेशको ३५ मुद्दामा ९ वटा फर्स्यौट भई २६ बाँकी रहे। बन्दी प्रत्यक्षीकरणको ९ मुद्दामा ७ फर्स्यौट भई २ बाँकी रहे। विविध मुद्दाअन्तर्गत ५१ मुद्दामा १० फर्स्यौट भई ४१ बाँकी रहे। निवेदनअन्तर्गत ३ सय ३८ मुद्दामा ३ सय २६ फर्स्यौट भई १९ बाँकी रहे। प्रतिवेदनअन्तर्गत ३ सय ५० मा २ सय ९८ फर्स्यौट भई ५२ बाँकी रहे। यस अदालतमा थुनुवा मुद्दा संख्या ७९ छ भने २ वर्ष नाघेको मुद्दा संख्या ३ सय ५१ छ।

सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएका ओमबहादुर थापा

जिल्ला अदालतअन्तर्गत देवानी मुद्दामा जिम्मेवारी सरेर आएका ८ सय १९ मध्ये १९२ फर्स्यौट भई ६ सय २८ बाँकी रहे। यो वर्ष २ सय ४५ मुद्दा दर्ता भएकोमा २२ फर्स्यौट भई २ सय २३ बाँकी रहे भने व्यक्तिवादी फौज्दारीअन्तर्गत जिम्मेवारी सरेर आएका ३ सय ४२ मा १ सय १ फर्स्यौट भई २ सय ४१ बाँकी रहे। यो वर्ष १ सय ९ मुद्दा दर्ता भएकोमा १३ फर्स्यौट भई ९६ बाँकी रहे। सरकारवादी फौज्दारीअन्तर्गत जिम्मेवारी सरेर आएका ६४ मध्ये २६ फर्स्यौट भई ३८ बाँकी रहे। यस वर्ष कूल ६४ मुद्दा दर्ता भएकोमा ७ वटा फर्स्यौट भई ५७ बाँकी रहे। यस अदालतमा २ वर्ष नाघेका मुद्दा २ सय १८ मा थुनुवा मुद्दा ५२ र थुनुवा संख्या ६२ रहेको छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्वासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा सामाजिक भत्तास्वरुप ४ हजार ९ सय ३८ जना वृद्ध नागरिक र ३ हजार ७४ जनालाई असहाय विधवा भत्ता वितरण गरियो।

विस्थापित

ठूलादुर्लुङ गाविसका गणेशबहादुर थापासँग माओवादीले ०६० जेठ १६ गते ६० हजार रुपैयाँ चन्दा मागेकोमा दिन नसकी विस्थापित भएर सदरमुकाम बस्दै आएका छन्।

आश्राङ गाविसका पूर्व अध्यक्ष तथा एमाले कार्यकर्ता जीतबहादुर सञ्जेल, नेकाँका कार्यकर्ता खडानन्द सञ्जेल, नेकाँका राजेन्द्रप्रसाद घिमिरे र प्रेमबहादुर जिम्मा (तामाङ) लाई आफूहरुलाई सहयोग नगरेको निहुँमा ०६० असोज १४ गते माओवादीले धम्की दिई गाउँ निकाला गर्ने पम्प्लेट गाउँभरि टाँसी गाउँ छाड्न बाध्य बनाए। पीडितहरु सदरमुकाम आई बसोबास गरेका छन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

पाटनका रामकुमार चित्रकार र रामशरण महतलाई गाडी तोडफोड गरेको र चालकलाई कुटपिट गरी घाइते बनाएको आरोपमा ०६० वैशाख १० गते पाटनबाट प्रहरीले गिरफ्तार गरे। पीडितहरुलाई वैशाख १३ गते रिहा गरियो।

पाटन संयुक्त क्याम्पसका नेविसंघका कार्यकर्ता तीर्थ लामा, पीके क्याम्पसका नेविसंघका कार्यकर्ता रिशा श्रेष्ठ, चित्रा कार्की र पाटन क्याम्पसका सभापति उमेश शर्मा वजगाईलाई ०६० वैशाख १५ गते प्रहरीले गिरफ्तार गरी वैशाख १७ गते रिहा गरे।

काठमाडौं जिल्ला अनामनगरस्थित माओवादी सम्पर्क कार्यालयका सचिव भरत ढुंगानालाई माओवादी भई चन्दा असुल गरिरहेको आरोपमा ०६० असार ३२ गते विहान ७ बजे सम्पर्क कार्यालय जान लाग्दा पाटन कृष्ण मन्दिर परिसरबाट प्रहरीले आँखामा पट्टी बाँधेर गिरफ्तार गरे। पीडितलाई सोही दिन ११ बजे रिहा गरियो।

ठेंचो गाविस-९ का ३६ वर्षीय रुपराज महर्जनलाई ०६० मंसिर १५ गते बेलुका ड्रेसमा आएका दुई जना प्रहरीले "काम छ" भनी गिरफ्तार गरे। पीडितलाई जग्गासम्बन्धी विवादमा मुद्दा चलिरहेको अवस्थामा गिरफ्तार गरिएको थियो।

सिन्धुपाल्चोक जिल्ला घर भई ललितपुर उमनपा-७ पिन्छे बस्ने १८ वर्षीय आकाश लामालगायत् दुई जनालाई ०६० भदौ २२ गते राति २ बजे सोही ठाउँस्थित गाडी ग्यारेजमा सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी वेपत्ता वनाए। पीडितहरुलाई असोज १० गते रिहा गरियो।

काठमाडौं मनपा डिल्लीवजार कालिकास्थान घर भई ललितपुर कुपण्डोलस्थित हुनमानथानमा व्यापार गरी वस्ने ३२ वर्षीय ओमबहादुर थापालाई माओवादीको आशंकामा ०६० भदौ २५ गते विहान करिव साढे ९ बजे सादा पोशाकमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई तत्कालै सिंहदरवारस्थित श्रीजंग गुल्ममा राखी असोज २७ गते रिहा गरियो।

बालअधिकार

खोकना गाविस-४ की ८ वर्षीय एक वालिकालाई ०५९ पुस १९ गते दिउँसो सोही गाविस धल्चीटोलका २४ वर्षीय भरत महर्जनले घरमा गई वलात्कार गरे। पीडकलाई थुनामा राखिएको छ।

चापागाउं गाविस-२ की ७ वर्षीय एक वालिकालाई ०६० वैशाख ७ गते सोही ठाउंका दाजु पर्ने २५ वर्षीय किरण देशारले घरमा गई वलात्कार गरे। पीडकलाई थुनामा राखिएको छ।

लगनखेलस्थित ज्ञानकुञ्ज सेकेण्डरी इङ्लिश स्कूलमा कक्षा ६ मा अध्ययनरत ११ वर्षीय विक्रम थापालाई गृहकार्य नगरेको निहुँमा ०६० जेठ २१ गते सोही स्कूलका 'ए' ब्लकका प्रिन्सिपल रमेश शाक्यले कुटपिट गर्दा दाहिने कानको जाली फुट्यो। पीडितलाई प्रिन्सिपलले पटक-पटक चर्को घाममा कुखुरा बनाउने, बेञ्चमा उठाउने जस्ता सजाय दिंदै आएका थिए।

ललितपुर उमनपा-१० कुपण्डोलकी ७ वर्षीय एक बालिकालाई ०६० जेठ २९ गते बेलुका धनुषा जिल्ला लक्ष्मीपुर गाविस-१ घर भई सोही ठाउँ बस्ने २० वर्षीय अशोक रायले घरको छतमा लगी वलात्कार गरे। पीडकलाई हाल थुनामा राखिएको छ।

चापागाउँ गाविस-९ घर भई ललितपुर उमनपा-८ योमवहाल वस्ने ९ वर्षीय एक वालकलाई ०६० असार १ गते बेलुका सोही नपा-९ का १८ वर्षीय सुधीर शाक्यले जबरजस्ती यौन दुर्व्यवहार गरे।

सर्लाही जिल्ला हरिऔन गाविस-८ घर भई ललितपुर उमनपा चित्राहलस्थित सृष्टि गलैंचा कारखानामा काम गर्ने १५ वर्षीय एक वालिकालाई ०६० कार्तिक २८ गते दोलखा जिल्ला काटाकुटी गाविस-१ का ३५ वर्षीय सागर श्रेष्ठले कारखाना नजिकैको कोठामा लगी वलात्कार गरे। पीडक फरार छन्।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव दूर्व्यवहार

भोजपुर जिल्ला घर भई ललितपुर सुनाकोठी गाविस-८ वस्ने २५ वर्षीय एक महिलालाई ०५९ फागुन २५ गते राति सोही गाविस-५ का २१ वर्षीय कृष्णभक्त महर्जन, २० वर्षीय राजु महर्जन, १९ वर्षीय निरज महर्जन, १९ वर्षीय रकी महर्जन र २० वर्षीय सुमा महर्जनले



सुरक्षाकर्मीद्वारा बेपत्ता पारिएका विश्वम्भर लामा र आकाश लामा

पाँच राजनीतिक पार्टीको आन्दोलनका क्रममा पुत्ला जलाउँदै आन्दोलनकारीहरु

कोठामा गई बलात्कार गरे। पीडकहरुलाई थुनामा राखिएको छ।

काठमाडौं जिल्ला गोंगबुका ४३ वर्षीय सावित्री तिमिल्सिनालाई ०५९ फागुन ७ गते पति ४५ वर्षीय ध्रुव तिमिल्सिना र सौता २७ वर्षीय कोपिला तिमिल्सिनाले ग्वार्खोस्थित घरको कोठामा कुटपिट गरी घाइते बनाए। पीडकहरु दुवैलाई तारिखमा रिहा गरियो।

विविध

संरचना क्षति

माओवादीले ०६० भदौ २१ गते विहान श्रृङ्खलाबद्धरुपमा वम विस्फोट गराएर ललितपुर कुमुन्लीस्थित यातायात व्यवस्था विभागको दुईवटा भवनमा क्षति पुऱ्याए। चारजना माओवादीको समूहले उक्त विस्फोट गराएका थिए।

माओवादीले भट्टेडाँडा, घुसेल, दलचौकी, हरिसिद्धि, सिद्धिपुर, वुखुमती, डकुछाप, गोटिखेल, मानीखेल, देवीचौर, सुनाकोठी, विंशंखुनारायण, ठेचो, चौघर, ठूलादुर्लुङ, भरत्वारासी, ठैव, गोदामचौर, टीकाथली, गोदावरी, लेले, शंखु, धापाखेल, छम्पी, प्युटार र वडीखेल गाविस भवन तोडफोड गरी करिव १६ लाख १० हजार रुपैयाँ वरावरको क्षति पुऱ्याए।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष ३ महिला र ४ पुरुषले आत्महत्या गरे भने ६ जना महिलाले आत्महत्याको प्रयास गरे। सवारी दुर्घटनावाट ३ महिला र ९ पुरुष, भवितव्यमा परी ३ महिला र २० पुरुषको मृत्यु भयो। चोरी र ठगीका १२ घटनामा १३ पीडित भए भने आगोले जलेर १० पुरुष घाइते भए। ९ पुरुषको लास फेला पऱ्यो। व्यक्तिगत कुटपिटका ३ घटनामा ४ पुरुष पीडित भए।

२.१३ काभ्रे



जनसंख्या	:२८६२६७
साक्षरता प्रतिशत	:६३.७५
महिला साक्षरता प्रतिशत	:५२.५३
क्षेत्रफल (वर्ग कि.मी.)	:१३९६
गाविस/नपा संख्या	:८७/३
निर्वाचन क्षेत्र	:३
विद्यालय	:६४२
क्याम्पस/उच्च मावि	:६/११
अस्पताल/स्वास्थ्य चौकी	: ७/९४
टेलिफोन लाइन	:३९०९
मोटर सडक (कि.मी.)	:८०२
प्रहरी कार्यालय संख्या	:४
हुलाक संख्या	:८२
मानव विकास सूचकांक	:०.३८०
प्रति एक डाक्टर जनसंख्या	:९६४१८
प्रति परिवार सरदर संख्या	:५.००

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

नारायणस्थान गाविस-३ का २५ वर्षीय धर्मराज लामा र पसलमा चिया खाएर बसेका सोही गाविस-८ का ३० वर्षीय चन्द्रवहादुर लामालाई माओवादीको आरोपमा ०६० भदौ १९ गते मेच्छे गाविसबाट आइरहेका सुरक्षाकर्मीले सोही गाविस-२ खानडाँडामा गोली हानी हत्या गरे। पीडित धर्मराज घरमा सात दिनकी सुत्केरी पत्नीलाई खुवाउन पसलमा सामान लिन आएको अवस्थामा सुरक्षाकर्मीले बेलुकी साढे ६ वजे नजिकैको जंगलमा ल्याई हत्या गरेका थिए। पीडितहरु एमालेका कार्यकर्ता हुन्।

शंखु गाविस-६ सुढेखोलामा ०६० असोज ६ गते

दिउँसो गस्तीमा गएका प्रहरी र माओवादी कार्यकर्ताबीच जम्काभेट भएपछि सुरक्षाकर्मीले गोली प्रहार गर्दा पुरानागाउँ गाविसका २२ वर्षीय नारायण खनालको मृत्यु भयो। गस्तीमा गइरहेका प्रहरीलाई लक्षित गरी तीनजना माओवादीले सकेट बम प्रहार गरेपछि प्रतिकारस्वरूप चलाएको गोली लागि उनको मृत्यु भएको सुरक्षाश्रोतले बतायो। पीडित माओवादीका युद्ध संवाददाता एवम् अनेकिसंघ (क्रान्तिकारी) का जिल्ला सदस्य थिए।

चापाखोरी गाविस-६ तिमालका माओवादीका इलाका सदस्य विशाल लामा र भक्तपुर जिल्ला कटुञ्जे गाविस-१ का जीवन बखुन्छेलाई ०६० असोज २४ गते बिहान ६ बजे महेन्द्रज्योति बाँसडोल गाविस-७ बाहुनडाँडामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

कलाती भूमेडाँडा गाविस-८ सिमपानीका ४४ वर्षीय भीमबहादुर भनिने पोते तामाङको घरमा सेल्टर लिएर बसेका माओवादी सेक्सन कमिसार दीपक, एफजिएल दीपा, सरोज, सीमा, मुक्ति र रवीन भनिने रमेश अधिकारीलाई ०६० कार्तिक ७ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। उक्त घटनालाई लिएर कार्तिक १८ गते माओवादीले विज्ञप्ति जारी गरी पार्टीका होनाहार कार्यकर्ता मरेको उल्लेख गरे।

खहरेपाँगु गाविस-९ फलामेसाँघुमा सुरक्षाकर्मीको गोलीद्वारा ०६० मंसिर १६ गते दिउँसो माओवादीका एरिया कमाण्डरसहित दुई माओवादी मारिए। जिल्लास्थित सुरक्षाश्रोतले दिएको जानकारीअनुसार, भिडन्तमा १९ वर्षीय माओवादीका प्लाटुन कमाण्डर धनमना घर भएका राजेश लामा र २० वर्षीय नाल्दुम घर भएका सुवास लामाको मृत्यु भयो। घटनामा सुरक्षाफौजले माओवादीका एरिया सदस्य रकी भनिने यादवप्रसाद पौडेललाई गिरफ्तार गरेको बताए पनि स्थिति अज्ञात छ।

पनौती नपा-४ चामखर्कको १९ वर्षीय मायादेवी तामाङको ०६० मंसिर २८ गते बारीबाट फापर लिएर आँगनमा आइपुग्दा सुरक्षाफौजले घर घेरा हालिसकेको र केही दिनअगाडि 'शत्रु मर्दन' गुल्मले समातेका केही मान्छेले व्यक्तिगत रीसईबीका आधारमा गाउँमा 'नयाँ मान्छे' भनेको फलानी मात्र हो भनेको आधारमा गोली हानी हत्या गरे। सुरक्षाकर्मीले पीडितले घेरा तोडेर भाग्न खोजेको र बासडोलमा भेटिएको सल आफ्नो भएको स्वीकारेको बतायो। उक्त घटनाको बारेमा सञ्चार माध्यमले व्यापक कुरा उठाएपछि सेनाले घरमा गई फोटाहरु कब्जा गरी बाबु रणबहादुर तामाङलाई पाँच सय थमाएर "कसैलाई भनेमा मारिदिन्छौं" भन्ने धम्कि दिए। घटनाको छानबिनका लागि राष्ट्रिय मानव अधिकार आयोगको टोली पुस ७ गते घटनास्थल पुगेको थियो। माओवादी जिल्ला जनसरकार प्रमुखले महिला आफ्नो पार्टीसँग संलग्न नरहेको बताए।

श्यामपाटी गाविस-९ चिण्डेकी आरती भनिने १७ वर्षीय प्रेमकुमारी तामाङ र न्याले गाविस-४ मानेदोभानका

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	९	९	१	१०	६	१०			१०	१०	१४	४	१८
घाइते	१	१		१	५	४	२		६				
बम विस्फोटन					१			१	१				
हिरासत वा थुनामा मृत्यु										१	१		१
गिरफ्तारी/यातना										४८	५२	१	५३
बेपत्ता	१		२	२						२	२		२
कुटपिट	७	७	१	८	१		१		१				
धम्की					२	२	१		३				
जातीय विभेद	२	२	२	४									
महिलाअधिकार	७		८	८									
बालअधिकार	२	५	१	६						१		३	३
अमानवीय व्यवहार	१	१		१									
अपहरण					६	२०			२०				
जम्मा	३०	२५	१५	४०	२१	३६	४	१	४१	६२	६९	८	७७

मौसम भनिने १९ वर्षीय जीवन रञ्जितकारलाई माओवादीको आरोपमा ०६० पुस १ गते ढुंखर्क गाविस-७ टुन्टारबाट सुरक्षाकर्मीले गिरफ्तार गरी अमिलचौरमा ल्याई गोली हानी हत्या गरे। गिरफ्तार गरिएका ढुंखर्क गाविस-६ चोरण्डेका गाउँ जनसरकार प्रमुख २४ वर्षीय सीताराम तामाङ्ग र ढुंखर्क गाविस-७ पाट्नेखोलाका २२ वर्षीय गाउँ जनसरकार उपप्रमुख राजन तिमल्सिनाको अवस्था अज्ञात छ। रक्षा मन्त्रालयले एक विज्ञप्ति जारी गरी टुन्टार इलाकामा भिडन्त हुँदा २ माओवादी मारिएको बतायो।

माओवादीबाट

कुशादेवी गाविस-५ का सशस्त्र प्रहरी हवल्दार २६ वर्षीय ओमबहादुर शाहीलाई ०५९ पुस २९ गते राति माओवादीले अपहरण गरी सोही दिन बेलुका १२ बजे भूमेडाँडा गाविस-५ स्थित दुम्सीडाँडामा गर्धनमा खुकुरी प्रहार गरी हत्या गरे। पीडित दाङ जिल्लाको भालुवाङ्गस्थित सशस्त्र प्रहरी तालिम केन्द्रमा कार्यरत रहेको अवस्थामा छुट्टी मनाउने क्रममा ४-५ दिन अगाडि घर आएका थिए।

गैरिबिसौना गाविस-९ का ३० वर्षीय लोकनाथ भनिने ज्ञानु पुरीलाई युद्धविरामको समयमा ०६० भदौ २ गते डेडीथुम्का माविको प्राङ्गणमा माओवादीहरुले खुकुरीले छिया-छिया पारी हत्या गरे।

छत्रेबाँफ गाविस-२ दाप्चा बजारका १८ वर्षीय सनत श्रेष्ठलाई तीन वर्षदेखि शाही नेपाली सेनाको गुप्तचरी गर्दै आएको आरोपमा ०६० भदौ १६ गते माओवादीले खुकुरी प्रहार गरी हत्या गरे। बाबु रतिराम र उनलाई आँखामा पट्टी र दुवै हात बाँधी घरबाट लगेकोमा छत्रेबाँफ गाविस-८ लामाडाँडामा बेलुकी ६ बजे छोराको हत्या गरेको बताइयो। पडितको लास टाउको काटिएको अवस्थामा फेला परेको थियो।

रामेछाप जिल्ला गुन्सीभदौरे गाविस-४ का ३५ वर्षीय डम्बरबहादुर तामाङ्गलाई सुराकीको आरोपमा ०६० असोज ५ गते बेलुका माओवादीले खुकुरी प्रहार गरी हत्या गरे। कानपुर गाविस-३ स्थित पाल्लेडाँडामा टाउको काटिएको अवस्थामा तामाङ्गको लास फेला परेको थियो। पोखरीनजिकै फ्याँकिएको उक्त लास गन्हाउन थालेपछि हप्तौंपछि पत्रिकामा नाम आएर परिवार आई सतगद् गरेको स्थानीय बासिन्दाले बताए।

माओवादीद्वारा हत्या गरिएका सनत श्रेष्ठ

तिमालका भीमध्वज भनिने प्रेम लामा, रवी भनिने जङ्ग, विनोद, गोरख र प्रबल नाम गरेका माओवादी कार्यकर्ताको ०६० कार्तिक १८ गते आफैंले बोकेको बम विस्फोट भई मृत्यु भयो।

छत्रेबाँफ गाविस-४ डाँडागाउँका चार कक्षामा अध्ययनरत ११ वर्षीय मिनकुमार लामाको०६० कार्तिक ३० गते दिउँसो तीनबजे विद्यालयबाट फर्किरहेको अवस्थामा बम विस्फोटमा परि मृत्यु भयो। स्थानीयबासीले घटनाको विषयमा प्रशासनलाई जानकारी दिएको र सुरक्षाकर्मी पुग्न नसकेपछि गाउँमै अन्त्येष्टी गरिएको थियो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

वाल्टिङ्ग गाविस–५ मा ०६० साउन २५ गते तारा भनिने माओवादी महिला प्लाटुन कमाण्डर मानकुमारी तामाङ्गले बोकेको ग्रिनेट एक्कासी विष्फोट हुँदा उनी आफै घाइते भइन्। राजेन्द्र रुचालको घरमा विश्राम गर्न लागेको अवस्थामा ग्रिनेटबाट एक्कासी धुवाँ आउन थालेपछि समाएर टाढा फ्याँक्न खोज्दा ग्रिनेट नजिकैको थांग्रामा ठोक्किएर आँगनमा विष्फोट भएको थियो। ताराको निधार र घाँटीमा छर्रा लागेको छ। घटनामा घरधनी राजेन्द्रका पत्नी र छोरीलाई पनि सामान्य चोट लाग्यो।

पनौती नपा-५ मानेश्वरीचौर नजिक आफ्नै किराना पसलमा पत्रिका पढिरहेका नेकाँ (प्रजातान्त्रिक) का जिल्ला सचिव तीर्थबहादुर पसखललाई ०६० असोज ६ गते बिहान माओवादीहरुले गोली हानी घाइते बनाए। पसखललाई कुशादेवीतिरबाट आएका तीन जना माओवादीहरुले कुम र घाँटीमा गोली हानेका थिए। घाइतेको उपचार भयो। घटनामा गिरफ्तार गरिएका स्थानीय २५ वर्षीय बुद्धबहादुर तामाङ्गलाई अदालतले साधारण तारिखमा रिहा गऱ्यो। प्रहरीले उनलाई ज्यानमार्ने उद्योग अन्तर्गतको मुद्दा चलाएको थियो।

धुलिखेल नपा-६ का १२ वर्षीय बुद्धराम श्रेष्ठ ०६० भदौ २३ गते दिउँसो माओवादीले आयोजना गरेको बन्दका क्रममा विस्फोट भएको बमका छर्रा लागि घाइते भए।

सिमपानी हत्याकाण्डको

विरुद्ध ०६० कार्तिक २४ गते माओवादीले काभ्रे बन्द गरे। बन्दलाई प्रभावित पार्न अघिल्लो दिन राति पनौतीको अधाटोलमा बम बिस्फोट गराए। विस्फोटबाट टोलका वासुदेव कपाली, सूर्यलाल श्रेष्ठ, प्रकाश सैजु र पुष्पलाल श्रेष्ठको घरका सिसाहरु फुटे। अर्को विस्फोटबाट पनौतीस्थित मानेश्वरी पार्कमा राखेका बा.१ ख १८१९, ३६७१, र ७१७८ नम्बरका गाडीको सिसा फुटे। बनेपास्थित चारदोबाटो पुलनजिक पनि माओवादीहरुले अघिल्लो दिन बेलुकी सवा नौ बजे बम विस्फोट गराए।

माओवादीद्वारा हत्या गरिएका लोकनाथ

शाही नेपाली सेनाद्वारा ०६० असोज ११ गते खोजतलासका लागि ढुंखर्क जाँदै गरेको टोलीलाई चलाल गणेस्थानमा एम्बुस राख्दा एकजना सर्वसाधारण तामाङ्ग महिला घाइते भइन्।

जनागाल गाविस-६ स्थित देवीस्थान चौरमा दुध लिएर डेरीतर्फ लागेका ४६ वर्षीय यदुनाथ वञ्जारा र १६ वर्षीय विद्यार्थी सुदिप गौतम माओवादीले राखेको बम ०६० मंसिर २ गते विस्फोट हुँदा घाइते भए। विस्फोटमा यदुको दायाँ आँखा क्षतविक्षत भयो।

जेल र बन्दीहरु

काभ्रे जेल 'घ' श्रेणीमा पर्दछ। वन्दी क्षमता ६१ रहेको यो जेलले ३ रोपनी ८ आना ३ पैसा क्षेत्रफल ओगटेको छ। हाल कैद नतोकिएका ४२ जना वन्दीसहित कूल ८६ जना वन्दी रहेको यस जेलमा महिला तथा नावालक वन्दी राखिंदैन।

जेलका कूल १० वटा कोठामध्ये ७ वटा साना छन्। बन्दीहरूका लागि ७ वटा चर्पीको व्यवस्था छ। बाहिर र भित्र गरी चारवटा धारा छन्। कारागारमा चर्पीको मर्मत र भवन जीर्णोद्धार गर्नुपर्ने आवश्यकता देखिन्छ। जेलमा नियमित स्वास्थ्य परीक्षणको व्यवस्था छैन तर विरामी अवस्थामा डाक्टरद्वारा परीक्षण हुने र डाक्टरको सिफारिसमा जेलरले औषधीहरू ल्याइदिने गरेको पाइन्छ। गम्भीर अवस्थाको विरामी हुँदा काठमाडौंको वीर अस्पताल र शिक्षण अस्पतालमा उपचारका निम्ति पठाउने गरिएको छ। बन्दीहरूलाई रेडियो, पत्रपत्रिका, खेलकुद सामग्री र दुईवटा टीभी उपलब्ध गराइएको छ। जेलमा घोषित राजनैतिक बन्दी नभएता पनि माओवादी समर्थक कृष्णप्रसाद दाहाललाई ०६० पुस २ गतेदेखि र कृष्णबहादुर घिमिरेलाई ०६० पुस १५ गतेदेखि नजरबन्दमा राखिएको छ।

यस जेलमा रहेका २४ जना माओवादी समर्थक बन्दीहरुले आठ सूत्रीय माग राखी ०५९ फागुन २८ गते प्रजिअमार्फत् प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाए।

संकटकालीन अवस्थामा जेल परेका ६२ जना माओवादी समर्थक बन्दीहरु सबै युद्धविरामपछि रिहा भएका थिए। पनौती नपा-१० सुन्थानका ६६ वर्षीय बलराम थापाको ०६० वैशाख ११ गते राति धुलिखेल जेलमा मृत्यु भयो। पत्नीको हत्या गरेको अभियोगमा ०५६ कार्तिक ७ गते जेल परेका बलरामको ०७६ कार्तिक ८ गतेसम्म सजाय अवधि थियो। धुलिखेल अस्पतालमा उपचारका लागि २ पटक लगिएका थापाको फोक्सोमा क्यान्सर भई मृत्यु भएको जेल प्रशासनले जनायो।

बेपत्ता / अपहरण

राज्यबाट

चापाखोरी गाविस-६ तिमालका माओवादी इलाका सदस्य विशाल लामा र भक्तपुर जिल्ला कटुञ्जे गाविस-१ का जीवन बखुन्छेको सुरक्षाकर्मीले हत्या गरेपछि सो स्थानबाट सात जनालाई लास बोकाई लगेकामध्ये गोपीचन्द्र वाग्लेलाई फिर्ता गरेको छैन। उक्त घटनामा न्याले गाविस घर भएका भालचन्द्र प्राविका शिक्षक प्रेमप्रसाद वाग्ले, आनन्द वाग्ले, गोपीचन्द्र वाग्ले, राजन वाग्ले, विश्व वाग्ले र अर्जुन भुजेललाई वेपत्ता पारेको भनी ०६० असोज २३ गते उनीहरुका परिवारले प्रेस विज्ञप्ति मार्फत् सकुशल रिहाईको पहल गर्न नागरिक समाज, पत्रकार, वुद्धिजीवी तथा मानवअधिकारकर्मीहरुसँग अनुरोध गरे। हाल उनीहरु रिहा भएका छन्।

माओवादीबाट

फलामेटार गाविस-५ सिंगारीडाँडाका २२ वर्षीय तस्वीर थिङलाई रेकपा लोप्चन मारेको अभियोगमा ०५९ माघ २७ गते जौखोरीयाबाट गाउँलेहरुले समाती माओवादीलाई बुझाए। खुवा बोक्ने व्यक्तिले "तैले लगाएको जुत्ता कहाँबाट आयो" भनी सोध्दा रेकपालाई मारेर ल्याएको बताएकाले उसलाई समातिएको थियो। माओवादीले तस्वीर मागेको बताए पनि उनी घरमा नभएको सोही ठाउँका बासिन्दाले बताए।

भुमेडाँडा गाविसका अर्जुन दाहाल र मेरसिं तामाङलाई नक्कली माओवादीको आरोपमा ०५९ फागुन २४ गते माओवादीले अपहरण गरे। भुमेडाँडा गाविस-९ स्थित सान्नानीको घरमा लुटपाट मच्चाइरहेको अवस्थामा भेट्टाएपछि उनीहरुलाई लगेको बताइयो। अर्जुनलाई नक्कली माओवादी बनेको आरोपमा प्रहरीले गिरफ्तार गरी केही

दिनपछि रिहा गरेका थिए। अपहरणमा परेका मेरसिं माओवादी नै बनेर हिंडेको र अर्जुनलाई मुक्त गरिसकेको जानकारी माओवादीले दिए।

फोक्सिङ्टारका भीमबहादुर तामाङ, नयाँगाउँ गाविसका प्रेमबहादुर तामाङ, श्यामपाटी गाविसका पूर्णबहादुर तामाङ र बारा जिल्ला डुमरवानाका मनोज लामालाई ०५९ चैत १९ गते श्यामपाटी गाविसका मुकुन्द पाठकको घर लुटी लुकिरहेको अवस्थामा माओवादीले कब्जामा लिई आवश्यक कारवाही गरिरहेको सो पार्टीले जनायो। उनीहरुलाई नक्कली माओवादी बनी गाँजा, चरेस र सेतो बिरालो तस्करीका साथै विभिन्न घर लुटपाट गर्दै आएको आरोप लगाइएको छ। माओवादीले पूर्णबहादुर तामाङबाहेक सबैलाई मुक्त गरे।

पोखरीचौरी गाविस-७ का ट्याक्सी चालक २५ वर्षीय जीवनाथ सापकोटालाई चन्दा नदिएको आरोपमा ०६० भदौ १२ गते माओवादीले अपहरण गरी एक सार्वजनिक समारोहबीच असोज १ गते मुक्त गरे।

ढुंखर्क गाविस-१ घर भई वेथाञ्चोक निमाविमा कार्यरत शिक्षक लालकृष्ण घिमिरेलाई ०६० भदौ २८ गते माओवादीले अपहरण गरे। पीडितलाई भदौ ३० गते च्यासिङ्खर्क गाविस-१ च्याल्टीबाट मुक्त गरियो।

भूमेडाँडा गाविस-८ सिम्पानीका ४५ वर्षीय देवीप्रसाद वजगाई, उनकै भाई ३८ वर्षीय लोकप्रसाद वजगाई, मोही ठाउँका भिमबहादुर भनिने ४४ वर्षीय पाते तामाङ र चलाल गणेशस्थान-७ का सुन्दु भनिने सन्तबहादुर तामाङलाई ०६० मंसिर ९ गते माओवादीले घरबाट अपहरण गरे। पीडितहरुमध्ये तीन जनालाई मानवअधिकार वर्षपुस्तक जिल्ला प्रतिनिधिको रोहवरमा मुक्त गरियो भने लोकप्रसादको अवस्था अज्ञात छ।

धम्की / ज्यानमार्ने धम्की कुटपिट

माओवादीबाट

च्याम्राङ्बेंशी गाविस-९ सुकुमडाँडाकी ४० वर्षीय तीर्थकुमारी दाहाललाई चन्दा नदिएको आरोपमा ०६० असार २६ गते दिउँसो माओवादीले कुटपिट गरे। २०-२२ जना माओवादी आई खाना खाएर भोलिपल्ट दिउँसो "कुरा गर्नु छ" भनी माथिल्लो तलामा लगी "तेरो लोग्नेसँग मागेको ७५ हजार रुपैयाँ ले" भन्दै कुटपिट गरेका थिए।

माओवादीको विद्युतीय धरापमा परी घाइते भएका तीर्थबहादुर पसखल

कात्तिके देउराली गाविस-७ का शिक्षक छत्रराज गिरीको घरमा ०६० भदौ ३१ गते माओवादीले तालाबन्दी गरी अन्नपात, भाडाकुँडा र गाईवस्तु लिएर गए।

अन्य

पनौती नपाका पूर्व प्रमुख तथा नेकपा (एमाले) का कार्यकर्ता सप्तकाजी बुद्धाचार्यलाई ०६० असोज २६ गते बिहान ९ बजे ढुंखर्क र च्याम्राङ्बेसी गाविसबीचको कुखुरेपानी भन्ने जंगलमा अज्ञात व्यक्तिहरुले सांघातिक आक्रमण गरे। पत्नीसहित च्याम्राङ्बेसीबाट फर्कंदै गरेको अवस्थामा पीडितमाथि आक्रमण भएको थियो। आक्रमणबाट सप्तकाजीको टाउको र चिउडोमा गम्भीर चोट लाग्यो। पीडितको उपचार वीर अस्पतालमा भयो। सो घटनाको दोष लगाउँदै माओवादीले मिल्चे गाविस-५ सानुधाप्लेका दिलबहादुर वाइबालाई ०६० कार्तिक ११ गते अपहरण गरे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

आन्दोलनकारी राजनीतिक दलहरुले मन्त्री, प्रधानमन्त्रीलाई जिल्ला प्रवेश निषेध गर्ने कार्यक्रम घोषणा गरेकोमा प्रधानमन्त्री सूर्यबहादुर थापा ०६० साउन २ गते हेलिकप्टरमार्फत् बनेपा आएपछि आन्दोलनकारीहरुले विरोध गराउँदै चारदोबाटोमा कोणसभासहित टायर बालेर २ घण्टा यातायात बन्द गर्नुका साथै स्वागतका लागि बनाइएको गेट भत्काए। आन्दोलनकारीहरुले राप्रपा कार्यकर्तालाई ढुंगा प्रहार गर्दा आन्दोलनकारीतर्फका कात्तिकेदेउरालीका नारायणप्रसाद गौतमलगायत् १० जना घाइते भए। प्रधानमन्त्री ल्याएको भन्ने बिषयलाई लिएर साउन ५ गते चारदोबाटोमा नेकाँका कृष्णबुद्ध बजगाई र राप्रयुसंका जिल्ला अध्यक्ष पुरुषोत्तम श्रेष्ठबीच झगडा भई बनेपा अशान्त भयो। सो घटनामा तोडफोड र ढुंगामुढा भयो। आन्दोलनकारीहरुले आकस्मिक बैठक बसेर तत्कालै जुलुस र चक्काजाम गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा देवानी २ सय १७, फौजदारी १ सय २ र सरकारवादी ३५ गरी ३ सय ५४ वटा

मुद्दा दर्ता भए भने देवानी १ सय ४२, फौज्दारी ६८ र सरकारवादी २९ गरी २ सय ३९ वटा मुद्दा फर्स्यौट भए। यस अदालतमा ०५४, ०५५ का २ वटा, ०५६/०५७ का २१, ०५७/०५८ का ७२, ०५८/०५९ का १ सय १६, ०५९/०६० का २ सय ४७ र ०६०/०६१ का १ सय ८ गरी देवानी ३ सय ६४, फौज्दारी १ सय ४७ र सरकारवादी ५५ वटा गरी कूल ५ सय ६६ वटा मुद्दा फर्स्यौट हुन बाँकी छन्।

कोशीदेखा गाविस–८ का ७५ वर्षीय हरिप्रसाद थपलियाले २४ रोपनी खेतका लागी ५१ वर्षदेखि अदालत धाउँदै आएको बताए। निमालवेंशीमा उनले विर्ता पाएको ३ सय ७७ मुरी माटो खेतमध्ये २४ रोपनी हरिप्रसादका बाजे रमाकान्तको पालादेखि भोगचलन हुँदै आएको थियो। ०२१ सालमा सर्वोच्च अदालतले हरिप्रसादको पक्षमा निर्णय दिए पनि एक वर्ष नबित्दै नारायणप्रसाद उप्रेतीले अर्को मुद्दा हालेकाले उनी अदालत धाउनु परेको बताए। दुईपटक सर्वोच्चबाट जितिसकेको जग्गा फेरि अर्को व्यक्तिले दाबी गरेको भनी माघदेखि जिल्ला अदालत धुलिखेलमा उनी तारिख बोक्दैछन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्वासी समस्या, अशक्त भत्ता आदि

शिखरआवांटे गाविसका पूर्व उपाध्यक्ष निरबहादुर लामाले वृद्ध भत्तावापत ०५६ सालमा आएको ९३ हजार रुपैयाँ हिनामिना गरेको भनी ०६० जेठ १७ गते माओवादीहरुले सो रकम फिर्ता गर्न लगाई वितरण गरे। माओवादीहरुले गाविस उपाध्यक्षले ९३ हजार रुपैयाँ, चमारसिं लामाले खानेपानीका लागि आएको ३४ हजार रुपैयाँ, पूर्व वडाध्यक्ष हस्नमान लामाले उपस्वास्थ्य चौकीका लागि आएको ११ हजार दुई सय ३८ रुपैयाँ हिनामिना गरेको आरोप लगाए। माओवादीहरुले गाविसका पूर्व अध्यक्ष टुल्कु लामाको नाम पनि विकास बजेट हिनामिना गर्नेको सूचीमा सार्वजनिक गरे।

पनौती नपा-६ पमाडिही टोलस्थित ब्रम्हायणी मन्दिरबाट ०६० मंसिर २३ गते हराएको ब्रम्हायणीको मूर्ति मंसिर २५ गते फेला पर्‍यो। प्रहरीका अनुसार धुलिखेल नपा-५ सुवालटोलको परालको कुन्युमा बेवारिसे अवस्थामा मुर्ति फेला परेको थियो।

यस वर्ष जिविसले गाउँमा २७ अशक्त, २ हजार ५ सय ९८ विधवा र १ हजार ८ सय ७३ वृद्धवृद्धालाई वितरणका लागी २० लाख ५७ हजार रुपैयाँ पठायो। जिविसले ५० वटा गाविसमा पठाएको रकममध्ये माओवादीका कारण पोखरीचौरीमा वितरण हुन सकेन। जिविसले अघिल्लो वर्ष ८६ अशक्त, ४ हजार ३ सय २८ विधवा र ३ हजार ४ सय ९ बृद्धवृद्धालाई १ करोड ९ लाख ८८ हजार १ सय रुपैयाँ थियो।

आर्थिक अधिकार

पोखरिचौरी-४ का शिक्षक आश्विनप्रसाद चौलागाँईको घरमा ०६० भदौ ३१ गते राति माओवादीहरुले तालाबन्दी गरी परिवारलाई घरबाट निकाले।

मेच्छे गाविस-९ मुक्पाका दौलतसिं लामा, मानबहादुर दोङ, मिनबहादुर दोङ, भुवन लामा र मेच्छे गाविस-८ का प्रितमान लामाको घरमा माओवादीहरुले युद्धविरामको अवधिमा तालाबन्दी गरे। उनीहरु बनेपा आइबसेका छन्।

विस्थापित

पोखरीचौरी गाविस-३ का मधुप्रसाद चौलागाई र माझिफेदा गाविस-९ कुर्थलीका शेरबहादुर तामाङ्गलाई सुराकीको आरोपमा ०६० भदौ ३१ गते माओवादीले गाँउ छोड्न चेतावनी दिए। हाल पीडितहरु काठमाडौंमा बस्दै आएका छन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

देवीटार गाविस-२ का ग्याल्युङ्ग नामाङ्ग (राजु), देउपुर गाविस-१ का केशव न्यौपाने (वरान) र बालुवाका वुद्धिलाल विकलाई ०५९ माघ २५ गते सादा पोशाकमा आएका प्रहरीले बालुवा गाविस-७ बकुल्टारबाट गिरफ्तार गरे। पीडितलाई पछि रिहा गरियो।

काभ्रे जिल्ला पोखरीचौरी गाविसका माओवादी कार्यकर्ता अरुण भनिने प्रेम चौलागाईलाई ०५९ फागुन २४ गते काठमाडौंबाट आउँदै गर्दा जगाती सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित युद्धविरामको अवस्थामा काठमाडौंबाट पर्चा लिएर फर्कदै थिए।

ढुंखर्क गाविस-६ का माओवादीका किसान कार्यकर्ता कृष्णबहादुर घिमिरेलाई सुरक्षाकर्मीहरुले ०६० साउन ११ गते शंखुफेदीबाट गिरफ्तार गरे। पीडितलाई थुनामा राखिएको छ।

धुलिखेल नपा-३ का महेश्वरलाल श्रेष्ठलाई रामेछापको दोरम्बामा भएको टेलिफोन 'कर्डलेस' माओवादीलाई प्रयोग गर्न दिएको आरोपमा ०६० भदौ ८ गते सुरक्षाकर्मीले गिरफ्तार गरी भदौ ९ गते दिउँसो रिहा गरे।

कुशादेवी गाविस-५ का ३९ वर्षीय दुर्गाबहादुर

शाह र भुमेडाँडा गाविस-६ का २० वर्षीय कान्छालाल लामालाई ०६० भदौ १३ गते सुरक्षाफौजले घरबाट अपहरण गरी १२ दिनसम्म हिरासतमा राखे। माओवादीलाई चन्दा दिएको र घरमा जनादेशलगायत्का पत्रिका राखेको भनी सूर्यविनायकस्थित सिंहनाथ गणबाट भकुण्डे ब्यारेक हुँदै जिप्रकामा ल्याएपछि भदौ २४ गते रिहा गरियो।

बालुवा गाविस-८ रानीपानीबाट २६ वर्षीय बद्रि आचार्य र उनका भाई १६ वर्षीय नारायण आचार्यलाई ०६० असोज ९ गते बिहान सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुलाई दुई दिनपछि रिहा गरियो।

च्यासिङ्खर्क गाविस-८ का जनमोर्चाका कार्यकर्ता ३३ वर्षीय तेजबहादुर केसीलाई ०६० असोज २८ गते बनेपास्थित बसपार्कबाट बा. १ भ ६०६० नम्बरको गाडीमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरि लामो समय बेपत्ता बनाए।

शंखुपाटीचौर गाविस-९ का हिराकाजी श्रेष्ठलाई ०६० असोज ३० गते दिउँसो सुरक्षाकर्मीले पाटीचौरस्थित आफ्नै पसलबाट गिरफ्तार गरे। हाल उनी रिहा भएका छन्।

कुशादेवी गाविस-५ का केशव हुमागाईलाई माओवादीलाई सूचना उपलब्ध गराउने गरेको आरोपमा ०६० भदौ १५ गते पनौतिबाट प्रहरीले गिरफ्तार गरेकोमा दुई दिनपछि रिहा गरे।

पोखरीचौरी गाविस-७ का तेजप्रसाद गौतमलाई ०६० मसिंर ९ गते, भीमप्रसाद चौलागाईलाई कार्तिक ७ गते, उद्धवप्रसाद गौतम र हरी तिवारीलाई भदौ १४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

पोखरीचौरी गाविस-९ का गुणराज गौतमलाई ०६० पुस ८ गते र पोखरीचौरी गाविस-२ का शिवप्रसाद गौतमलाई ०६० भदौ १२ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा केही दिनपछि रिहा थियो।

पोखरीचौरी गाविस-९ का मुकुन्द ढकाललाई सादा पोसाकमा रहेका सुरक्षाकर्मीहरुले ०६० पुस २ गते गिरफ्तार गरी परिवारलाई कुनै जानकारी दिएन।

पोखरीचौरी गाविस-३ का मधु चौलागाई, पोखरीचौरी गाविस-८ का हरिप्रसाद गौतम, पोखरीचौरी गाविस-६ का युवराज चौलागाई र पोखरीचौरी गाविस-५ का राजेन्द्र गौतमलाई ०६० वैशाख १ गते सुरक्षाकर्मीहरुले काठमाडौंबाट गिरफ्तार गरे।

महादेवस्थान गाविसका रामकृष्ण थापामगरलाई ०६० कार्तिक २९ गते, फुलबारी गाविस-८ का हरी बोलखेलाई ०६० पुस १२ गते, पातलेखेत गाविस-८ का शम्भु ढुंगानालाई पुस ८ गते, न्याले गाविस-२ का अनिल सापकोटालाई कार्तिक १८ गते र उग्रचण्डी नाला गाविस-८ का बालकृष्ण दाहाललाई कार्तिक १८ गते सुरक्षाकर्मीले गिरफ्तार गरे।

छत्रेबाँझ गाविस-२ का रामकृष्ण गौतमलाई ०६० मसिंर १८ गते, फुलबारी गाविस-८ का ठगप्रसाद घिमिरे, सोही गाविस-३ का पूर्णमान तामाङ्ग र सोही गाविस-४ का लक्ष्मण सत्याललाई ०६० पुस ५ गते सुरक्षाकर्मीहरुले गिरफ्तार गरी लामो समयपछि आत्मसमर्पण गर्न लगाई रिहा गरे।

गोठपानी गाविस-८ का ठाकुर गौतमलाई ०५९ पुस २८ गते सुरक्षाकर्मीहरुले गिरफ्तार गरेकोमा केही दिनपछि रिहा गरे।

गोठपानी गाविस-५ का सानुमाया र चतुरमान लामालाई ०६० साउन १५ गते, मेच्छे गाविस-७ का मानबहादुर तामाङ्गलाई ०५९ चैत्र १५ गते, सोही गाविस-३ का सुवासचन्द्र मैनालीलाई ०६० असार २ गते, भिमखोरी गाविस-९ का कल्याणकुमार र कैलाशकुमार रायमाझीलाई ०६० साउन १२ गते सुरक्षाकर्मीहरुले गिरफ्तार गरी जानकारी नै नदिएको भन्दै राष्ट्रिय मानव अधिकार आयोगमा सम्बन्धित परिवारले निवेदन दर्ता गरे।

मादनकुँडारी गाविस-४ का रमेश गौतमलाई ०६० साउन १८ गते, खार्पाचोक गाविस-४ का रेशमवहादुर तामाङ्गलाई पुस ३ गते, मेच्छे गाविस-६ का पूण्यवहादुर लामालाई असोज ४ गते, न्याले गाविस-३ का निमादोर्जे लामालाई कार्तिक १९ गते, कोशीदेखा गाविस-७ का योगप्रसाद थपलियालाई कार्तिक १६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। राष्ट्रिय मानव अधिकार आयोगमा सम्वन्धित परिवारले निवेदन दर्ता गरे। पीडितहरुलाई केही दिनपछि रिहा गरियो।

बालअधिकार

यस वर्ष माओवादीका कारण ७४ जना बालबालिका जोखिममा परेको जिल्ला बाल कल्याण समितिले जनायो। बाबुलाई मारेका कारण जोखिममा परेका २६ वालक र ४८ वालिका छन्। उनीहरुको उमेर १६ वर्षसम्मको छ। जिल्ला शिक्षा कार्यालयका अनुसार, वर्षमा २ सय २० दिन पढाइ हुनुपर्नेमा अधिकांश दिन जिल्लाका विद्यालयहरु बन्द भए।

वाल्टिङ्ग गाविस-३ स्थित सरस्वती प्राविमा अध्ययनरत १२ वर्षीय सृजना मल्ल र ११ वर्षीय शर्मिला मल्ल ०६० कार्तिक २८ गतेदेखि हराए। विद्यालयबाट फर्किंदै गर्दा वेपत्ता भएको प्रधानाध्यापक विश्वराज कोइरालाले वताए। शर्मिलाका पिता राजकुमार मल्ललाई ६ वर्ष अगाडि माओवादीले हत्या गरेका थिए। उनको आमाको पनि मानसिक सन्तुलन गुमेको छ। धेरै दिनपछि उनीहरु फेला परे।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दुर्व्यवहार

पाँचखाल गाविस-२ की ९ वर्षीय एक बालिकालाई सोही ठाउँका १६ वर्षीय दिवस भुजेलले ०६० मंसिर ११ गते विद्यालयबाट फर्किरहेको अवस्थामा बलात्कार गरे। घटनापछि पीडकलाई कारवाहीको माग राख्दै सोही ठाउँका महिलाहरुले प्रजिअ र डिएसपीकहाँ धर्ना दिए। पीडकलाई पुर्पक्षको लागि थुनामा राखिएको छ।

फूलबारी गाविस-५ का शिवप्रसाद बडाल, न्याले गाविस-५ का वीरे तामाङ, धुलिखेल नपा-१ का सानुराम तामाङ र उग्रतारा जनागाल गाविस-१ का अनिरुद्ध खड्काले बहुविवाह गरेकोमा पीडित पत्नीहरुले मुद्दा दायर गरे।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूत समेत

नयाँगाउँ देउपुर गाविस-७ का २१ वर्षीय सोमबहादुर तामाङ्ग र सोही गाविस-६ की २१ वर्षीय सानीकान्छी विश्वकर्माले ०६० असार ११ गते अन्तर्जातीय विवाह गरेका कारण उनीहरुलाई घर निकाला गरियो।

पाँचखाल गाविस-९ तिनपिप्लेका गोपाल मिजार र सोही गाविस-८ की कमला परियारबीच ०६० असार १९ गते अन्तर्जातीय विवाह भएका कारण परिवारले पानीसमेत नचल्ने घोषणा गरी घरबाट निकाले।

विविध

संरचना क्षति

कुशादेवी गाविस भवनमा ०६० भदौ २१ गते माओवादीले आक्रमण गरी कागजपत्र र कार्यालयका सामान नष्ट गरे। माओवादीहरुले सोही दिन पनौती नपा-१३ र १० नम्बर वडा कार्यालयका सामान जलाए।

नासिकास्थान साँगा गाविस कार्यालयमा ०६० असोज २ गते बेलुकी ७:५५ बजे माओवादीले आगो लगाए।

काभ्रे गाविस कार्यालयमा ०६० असोज ३ गते बेलुकी माओवादीले बम विष्फोट गराई क्षति पुऱ्याए। आक्रमणबाट भवनमा रहेको उपस्वास्थ्य चौकीका सामान पनि नष्ट भए। शंखुपाटीचौरमा ०६० भदौ २७ गते माओवादीले आगलागी गराउँदा भवनमा रहेको हुलाक, परिवार नियोजनको कार्यालय र एड्राको साप्ताहिक क्लिनिकमा क्षति पुग्यो।

महादेवस्थान गाविस कार्यालयमा ०६० भदौ ३१ गते माओवादीले आक्रमण गरी ३ लाख रुपैयाँ बराबरको क्षति पुऱ्याए। आक्रमणबाट सो भवनमा रहेको पशु सेवा केन्द्रको कार्यालयमा क्षति पुग्यो। माओवादीले ०६० कार्तिक ११ गते फलाटे गाविसको कार्यालय जलाए।

नाला गाविस-३ स्थित प्रहरी चौकीमा ०६० भदौ २० गते राति माओवादीले प्रेसरकुकुर बम प्रहार गरी भवन ध्वस्त पारे।

पनौती नपाको ईन्द्रेश्वर मन्दिर परिसरमा रहेको खाली प्रहरी चौकीमा ०६० असोज ३ गते बिहान माओवादीहरुले बम विस्फोट गराई ध्वस्त बनाए।

पनौतीस्थित विद्युत प्राधिकरणको उपशाखा कार्यालयमा ०६० भदौ २९ गते माओवादीले बम विष्फोट गर्नुका साथै आगो लगाए।

बनेपा-पनौती सडकस्थित श्रीखण्डपुरमा रहेको क्वालिटी स्वीट एण्ड म्याच फ्याक्ट्रीमा ०६० भदौ ३० गते राति माओवादीहरुले आगो लगाए। आगलागीबाट १९ लाख २० हजार रुपैयाँ बराबरको क्षति भयो।

छत्रेबाँझ गाविसस्थित कृषि सेवा केन्द्र र पशु सेवा केन्द्रको सामान ०६० असोज २ गते दिउँसो ३ बजे माओवादीहरुले बाहिर निकालेर आगो लगाए। बनेपास्थित दूरसञ्चार संस्थानको कार्यालयमा सकेट बम विस्फोट गराए।

गैरीबिसौना देउपुर गाविसको सिपाघाट बजारनजिकै रहेको कोटडाँडामा माओवादीहरुले ०६० असोज १० गते दिउँसो बसका यात्रीहरुलाई झारेर बा. २ ख २११ नम्बरको बसमा आगो लगाई ध्वस्त बनाए।

देवभूमि बालुवा गाविस-५ स्थित शरणप्रसाद आचार्यको पुर्ख्यौली घरमा माओवादीले ०६० असोज १४ गते राति १२:३० बजे आगो लगाएर ध्वस्त बनाए।

पनौती नपा-१२ रेशमखेती परिसरमा रहेको कृषि सेवा उपकेन्द्र र पशु सेवा उपकेन्द्र रहेको भवनमा ०६० भदौ ३० गते दिउँसो माओवादीले बम विस्फोट गराए। बिस्फोटबाट करीब २ लाख नोक्सानी भएको कृषि विकास कार्यालयले जनायो।

ज्याम्दी गाविसबाट सिन्धुपाल्चोकको भीमटार जोड्ने झोलुङ्गे पुल निर्माणका लागि आएको सामानहरु ०६० वैशाख ५ गते माओवादीले इन्द्रावती नदीमा फ्याँके। जापानको सहयोगमा निर्माण भइरहेको उक्त पुलका सामान माओवादीका स्थानीय कार्यकर्ता विकुल, रामहरि र विमलले फ्याँकेका थिए। बहत्तर लाख रुपैयाँको लागत इष्टमेटमा निर्माणाधीन उक्त पुलका सामानहरु फ्याँकेपछि जापानीहरु काम छोडी फर्किए।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष २६ महिला र २७ पुरुषले आत्महत्या गरे। धुलिखेल अस्पतालका डा. सन्देस भुजुले प्याभुलोन नामक औषधी प्रयोग गरी आत्महत्या गरे भने एसएलसीमा फेल भएको पीडामा पाँचखालकी सर्मिला गिरीले झुण्डिएर आत्महत्या गरिन्। कमजोर आर्थिक अवस्थाका कारण टिकाबहादुर विश्वकर्माले झुण्डिएर आत्महत्या गरे।

यो वर्ष १७ सवारी दुर्घटनामा १६ महिला सहित ५६ जनाको मृत्यु भयो भने २ सय ३२ जना घाइते भए।

जिल्ला प्रहरी कार्यालयमा बेवारिसे र प्रकार नखुलेका गरी १२ वटा लास फेला परे। जसमा, ५ जना महिला छन्।

करेन्ट लागेर २ घटनामा २ महिलासहित ४ जनाको मृत्यु भयो। करेन्ट लागेका अन्य ३ घटनामा ४ जना घाइते भई उपचार भयो। आगलागीका ३ घटनामा १ महिलासहित ६ जनाको मृत्यु भयो।

यस वर्ष खोलाले बगाएर १ पुरुष, पानीमा डुबेर १ महिला सहित ६ जना, पहिरोमा पुरिएर १ महिला, चट्याङ्मा परेर २ पुरुष, घर भत्किँदा १ पुरुष, छतबाट खसेर १ महिला, रक्सी खाएर १ पुरुष, घाँस काट्न जाँदा सर्पले टोकेर, वाघले खाएर र अरिङ्गालले टोकेर १/१ जना महिला, भीरबाट लडेर १ जना पुरुषको मृत्यु भयो। चोरी ७ र ठगीको एउटा घटना सार्वजनिक जानकारीमा आए। विपालु च्याउ खाँदा १ जना पुरुषको मृत्यु भयो।

विगतको अनुगमन

दुंखर्क गाविस-८ का पूर्व गाविस अध्यक्ष प्रेमबहादुर तिमल्सिनाको घरमा माओवादीद्वारा आन्तरिक विवादका कारण ०५९ भदौ २० गतेदेखि ताला लगाइएको थियो। नागरिक समाजद्वारा गठित आचारसंहिता अनुगमन टोली काभ्रेका सक्रियतामा ०५९ चैत २९ गते खोलियो। माओवादीका जिल्ला जनसरकार सदस्य तेजबहादुर मिजार र अनुगमन टोलीका सचिव भोजराज तिमल्सिनाबीच सो घरको ताला खोल्ने विषयमा सहमति भई दोहोरो हस्ताक्षर भएको थियो। पीडित हालसम्म घर फर्केका छैनन्।

२.१४ भक्तपुर



जनसंख्या	:२२५४६१
साक्षरता प्रतिशत	:५९.१५
महिला साक्षरता प्रतिशत	:४९.०८
क्षेत्रफल (वर्ग कि.मी.)	:१३८.४६
गाविस/नपा संख्या	:१६/२
निर्वाचन क्षेत्र	:२
विद्यालय	:३००
क्याम्पस/उच्च मावि	:९/६
अस्पताल/स्वास्थ्य चौकी	:५/२६
टेलिफोन लाइन	:८९००
मोटर सडक (कि.मी.)	:१३४
प्रहरी कार्यालय संख्या	:१६
हुलाक संख्या	:२२
मानव विकास सूचकांक	:०.३९३
प्रति एक डाक्टर जनसंख्या	:१०२४८
प्रति परिवार सरदर संख्या	:५.४७

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

मकवानपुर जिल्ला फुर्केचौर गाविस-२ का २४ वर्षीय प्रल्हाद सत्याललाई माओवादीको आरोपमा ०६० असोज १३ गते सिपाडोल गाविस-४ नजिक जंगलमा सुरक्षाकर्मीले दायाँबायाँ कोख र टाउकोमा गोली हानी हत्या गरे।

माओवादीबाट

भक्तपुर नपा-११ का राष्ट्रिय अनुसन्धान विभागमा कार्यरत हवल्दार ३८ वर्षीय हरिकृष्ण सिंख्वाललाई ०६० असोज ११ गते माओवादीले गोली हानी हत्या गरे।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

भक्तपुर नपा-१५ व्यासीटोलस्थित मालपोत कार्यालयको तेस्रो तलामा माओवादीले राखेको वम ०६० भदौ २२ गते विस्फोट हुँदा कार्यालयमा कर्मचारीहरु चुडामणि गुरागाई, इन्द्रसिंह सामन्त, गोविन्द पुरी, रोमबहादुर मल्ल र सोही ठाउँकी ७७ वर्षीय विष्णुमाया सुवाल घाइते भए। पीडितहरुमध्ये चुडामणिको वी एण्ड वी अस्पतालमा र अन्यको भक्तपुर अस्पतालमा उपचार गरियो।

बेपत्ता / अपहरण

राज्यबाट

मध्यपुरथिमी नपा-१५ कौशलटारका ४१ वर्षीय ध्रुव कार्की र राजेन्द्र रेग्मीलाई माओवादीको आरोपमा ०६० मंसिर ५ गते सादा पोशाकमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरेको परिवारले बताए। पीडित हालसम्म बेपत्ता छन्।

माओवादीबाट

भक्तपुर नपा-१७ की १७ वर्षीय अनु शाही र १४ वर्षीय उडिसा शाहीलाई ०६० असार १ गते माओवादीले घरनजिक वाटोबाट अपहरण गरे। पीडित हालसम्म वेपत्ता छन्।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

नगरकोट गाविस-१ का कक्षा ९ मा अध्ययनरत १४ वर्षीय दिपक श्रेष्ठलाई आँखा तरेको आरोपमा ०५९ चैत १७ गते खरिपाटीका प्रहरीले कुटपिट गरी बायाँ खुट्टा भाँचिदिए। पीडकलाई कारवाही भएन।

दुवाकोट गाविस-६ का ३० वर्षीय रमेश गुरुङलाई ०६० असार २९ गते दुवाकोट गाविस-९ स्थित गुहेश्वरी सशस्त्र प्रहरी गणका प्रहरी जवानले मदिरा सेवन गरी कुटपिट गरे। सोही समयमा व्यापारी रमेश गुरुङलाई तर्साउन हावामा गोली प्रहार गरियो। पीडितलाई सोही गणले उपचार गऱ्यो।

अन्य

यस जिल्लामा व्यक्तिगत रिसइवीका कारण भएका कुटपिटका ३० घटनामा २४ पुरुष र १३ महिला पीडित भए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सरकारद्वारा पेट्रोलियम पदार्थमा गरेको मूल्यवृद्धिको विरोधमा भक्तपुर नपा-१७ सल्लाघारीबाट नेपाल क्रान्तिकारी विद्यार्थी संघद्वारा निकालिएको विरोध जुलुसमाथि प्रहरीले हस्तक्षेप गर्दा ०५९ चैत २२ गते संघका निरज लवजुलगायत् १३ जना विद्यार्थीहरुलाई प्रहरीले गिरफ्तार गरे। पीडितहरुलाई सोही दिन रिहा गरियो।

नेपाल क्रान्तिकारी विद्यार्थी संघका जिल्ला अध्यक्ष रामप्रसाद प्रजापतिलगायत् २४ जना विद्यार्थीहरुलाई पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेको विरोधमा भक्तपुर नपा-१७ स्थित शान्ति पेट्रोल पम्प वन्द गराउन जाँदा

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	५	५		५	१	१			१	१	१			१
घाइते	१		१	१	१	२			२	१	४			४
वम विस्फोटन					२			२	२					
गिरफ्तारी / यातना										१८	३३	५	२६	६४
वेपत्ता										५	५			५
कुटपिट	२५	२४	८	३२						२	२			२
धम्की										१	१			१
महिलाअधिकार	९		९	९										
वालअधिकार	६	१	९	१०										
अपहरण					१		२		२					
जम्मा	४६	३०	२६	५६	५	३	२	२	६	२८	४६	५	२६	७७

०५९ चैत २९ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरुलाई सोही दिन बेलुका रिहा गरियो।

अनेरास्ववियु जिल्ला अध्यक्ष विमल पुनलगायत् ५ जना विद्यार्थीहरुलाई नेपाल बन्द गराउन जुलुस निकालेको आरोपमा ०६० वैशाख ७ गते भक्तपुर नपा-१७ सल्लाघारीबाट प्रहरीले गिरफ्तार गरे। पीडितहरुलाई सोही दिन बेलुका रिहा गरियो।

नेविसंघ (प्रजातान्त्रिक) का केन्द्रीय सदस्य दुर्लभकुमार थापा, भक्तपुर बहुमुखी क्याम्पसका इकाइ सभापति रोशन पौडेललगायत् २० जना विद्यार्थीहरुलाई उपत्यका बन्द गराउने सिलसिलामा हिंडिरहेको अवस्थामा ०६० वैशाख १० गते भक्तपुर नपा-६ इनाचोबाट प्रहरीले गिरफ्तार गरे। पीडितहरुलाई सोही दिन रिहा गरियो।

नेपाल क्रान्तिकारी विद्यार्थी संघका जिल्ला सदस्य रिना प्रजापतिसहित ६ जना विद्यार्थीहरुलाई नेपाल बन्द गराउन जुलुस निकालेको आरोपमा ०६० वैशाख १५ गते प्रहरीले भक्तपुर नपा-१७ दुधपाटीबाट गिरफ्तार गरे। पीडितहरुलाई सोही दिन रिहा गरियो।

संयुक्त जनआन्दोलन संचालन गरिरहेका पाँच राजनीतिक दलका कार्यकर्ताहरुले ०६० वैशाख २८ गते भक्तपुर नपा-१७ बाट मसाल जुलुस प्रदर्शन गरेकोमा प्रहरीले हस्तक्षेप गरी नेपाल मजदुर किसान पार्टीका सदस्य राधेश्याम प्रजापतिलगायत् ५ जनालाई सख्त घाइते बनाए।

वागेश्वरी गाविस-३ का २४ वर्षीय स्ववियू सभापति जीवन खत्रीलाई भक्तपुर वहुमुखी क्याम्पसमा परीक्षा केन्द्र वन्द गराउन ५० वटा ढोकामा ताला लगाएको आरोपमा ०६० भदौ १४ गते प्रहरीले घरवाट गिरफ्तार गरे। पीडितलाई सार्वजनिक मुद्दा लगाई केही दिनपछि रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा गत सालको जिम्मेवारी सरेर आएका दुनियावादी देवानी ३ सय ३९, दुनियावादी फौज्दारी ९९ र सरकारवादी फौज्दारी २३ वटा छन् भने यस वर्ष दुनियावादी देवानी ४ सय ८०, दुनियावादी फौज्दारी २ सय २ र सरकारवादी फौज्दारी ७२ वटा दर्ता भए। यीमध्ये दुनियावादी देवानी २ सय ४२, दुनियावादी फौज्दारी ८६ र सरकारवादी फौज्दारी ४१ वटा फर्स्यौट भए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

नेपाल मजदूर किमान पार्टीका कार्यकर्ता कृष्ण गोविन्द दुवाललाई मसाल जुलुसमा जान हिंडेको आरोपमा ०६० वैशाख २८ गते भक्तपुर नपा-३ दतात्रयबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई सोही दिन रिहा गरियो।

मध्यपुरथिमी नपा-१५ डेरा गरी बस्ने ३० वर्षीय शंकर लामालाई वालपेन्टिङ गरेको आरोपमा ०६० असार २१ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई भोलिपल्ट रिहा गरियो।

कटुन्जे गाविस-९ का ३० वर्षीय दयाराम बखुन्छेलाई पशुपति स्पिनिङ मिल्समा बम पड्काउन सहयोग गरेको आरोपमा ०६० असोज १ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई चार दिनपछि रिहा गरियो।

मध्यपुरथिमी नपा-१७ मा डेरा गरी बस्ने ३३ वर्षीय पूर्ण लामिछानेलाई माओवादीको आरोपमा ०६० असोज ४ गते सादा पोशाकमा आएका सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितलाई ५५ दिनपछि रिहा गरियो।

भक्तपुर नपा-१७ की २४ वर्षीय धन शाही र २२ वर्षीय सानुमैया शाहीलाई माओवादीको आरोपमा ०६० असोज ९ गते सादा पोशाकका सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुमध्ये धनलाई ७ दिनपछि र सानुमैयालाई १० दिनपछि रिहा गरियो।

दधिकोट गाविस-१ का २९ वर्षीय सहदेव घिमिरेलाई माओवादीको आरोपमा ०६० मंसिर ५ गते सुरक्षाकर्मीले घरवाट गिरफ्तार गरे। पीडितलाई पुस १४ गते रिहा गरियो।

बालअधिकार

नगरकोट गाविस-७ की १६ वर्षीय, १५ वर्षीय र १४ वर्षीय तीन छात्राहरुलाई ०६० वैशाख ७ गते भक्तपुरमा परीक्षा दिएर आफ्नो घर जाँदै गर्दा नगरकोट गाविस-३ नगरकोट प्रहरी चौकीका प्रहरी जवान सूर्य पाखिनलगायत् तीन जना प्रहरीले बलात्कार प्रयास गरे। पीडकहरुमध्ये सूर्यलाई भक्तपुर प्रहरीले कारवाही चलाई

माओवादीद्वारा हत्या गरिएका हरिकृष्ण सिंख्वाल

निलम्बन गऱ्यो।

कटुन्जे गाविस-२ की ६ वर्षीय एक बालिकालाई ०६० जेठ ७ गते मकवानपुर जिल्ला पालुङ गाविस-९ घर भई कटुन्जे गाविस-२ डेरा गरी बस्ने १५ वर्षीय भाइकृष्ण घिमिरेले बलात्कार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरेकोमा मुद्दा चलाई रिहा गरियो।

मध्यपुरथिमी नपा-३ स्थित पाटीमा सिन्धुपाल्चोक जिल्ला चौतारा घर बताउने १४ वर्षीय एक बालिकालाई ०६० साउन १४ गते अज्ञात तीन व्यक्तिले बलात्कार गरे। पीडकहरुलाई कारवाही गरिएन।

बम विस्फोटनमा घाइते चुडामणि गुरागाईं

भक्तपुर नपा-७ का २६ वर्षीय तुलसीराम किसीले ०५९ माघ १८ गते ३० वर्षीय राज्यलक्ष्मी चवाललाई बहुविवाह गरे। जेठी पत्नीको उजुरीका आधारमा ०६० वैशाख ३ गते प्रहरीले पीडकलाई गिरफ्तार गरी बहुविवाहमा मुद्दा चलाए।

चितपोल गाविस-८ का २३ वर्षीय श्रीराम खड्काले घरमा पत्नी हुँदाहुँदै ०५९ फागुन २६ गते १७ वर्षीय लक्ष्मी खड्कासँग दोस्रो विवाह गरे। जेठी पत्नीको उजुरीको आधारमा पीडकलाई प्रहरीले गिरफ्तार गरी बहुविवाहमा मुद्दा चलाए।

बालकोट गाविस-३ का ३८ वर्षीय टेकबहादुर केसीलाई दोस्रो विवाह गरेको आरोपमा ०६० कार्तिक १२ गते प्रहरीले गिरफ्तार गरे। पीडित संगीता थापा क्षेत्रीले भक्तपुर प्रहरीमा जाहेरी दिएपछि पीडकलाई मुद्दा चलाई अदालतले धरौटी तारिखमा रिहा गऱ्यो।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दुर्व्यवहार

चीतपोल गाविस-६ का १५-१५ वर्षीय दुई बालिकालाई ०६० जेठ १३ गते भारत दरभंगा भलुवाई घर भई भक्तपुर ताथली गाविस-९ मा डेरा गरी बस्ने २० वर्षीय सुरेन्द्र यादवले भारतमा बिक्री गर्न लान लाग्दा काठमाडौं जिल्ला थानकोट प्रहरी चेकपोष्टबाट प्रहरीले गिरफ्तार गरी कारवाही चलाए।

सिन्धुपाल्चोक जिल्ला गाती गाविस-६ की १७ वर्षीय एक महिलालाई ०६० साउन १९ गते झापा जिल्लाका २५ वर्षीय गोपाल दर्नाललगायत् ४ जनाले मध्यपुरथिमी नपा-१५ कौशलटारस्थित बस ग्यारेजमा रहेको बा. १ ख ४४४१ नम्बरको बसभित्र बलात्कार गरे। पीडकहरुमध्ये गोपाल र धर्मप्रसाद रिमाललाई प्रहरीले गिरफ्तार गरी कारवाही चलाए।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

भक्तपुर नपामा कार्यरत सम्पूर्ण कर्मचारीहरुले ०६० असार १९ गते सोही नपाका प्रमुख अधिकृत विष्णुराज लामिछानेले राजनीतिक लाञ्छना लगाएर खोप्रिङ पत्रिकामा लेख छपाएको भनी तीन दिन काम बन्द गरी कार्यालय घेराउ गरे।

भक्तपुर नपामा कार्यरत ६० जना अस्थायी सफाई मजदुर कर्मचारीहरुलाई हटाएर टेण्डरमार्फत् नगर सफाई गर्ने नपाको निर्णयविरुद्ध ०६० साउन १८ गते नपाका सम्पूर्ण कर्मचारीहरुले काम रोक अभियान सञ्चालन गरे। नपाले उक्त सफाईको लागि गरिएको टेण्डर रद्द गऱ्यो।

भक्तपुर शिक्षक संघर्ष समितिको आयोजनामा २२ सूत्रीय माग सरकारले पूरा गरोस् भनी ०६० कार्तिक २८ गते, ०६० मंसिर १२ गते र ०६० पुस ११ गते विभिन्न शिक्षक संगठनहरुले धर्ना, जुलुस र घेराउ कार्यक्रमको आयोजना गरे।

रिले अनशनमा सहभागी राजनीतिक दलका नेताहरु

संरचना क्षति

मध्यपुरथिमी नपा-१४ मा रहेको पशुपति स्पिनिङ मिलसमा ०६० भदौ २८ गते माओवादीले तीन बम विस्फोट गरी क्षति पुऱ्याए।

मध्यपुरथिमी नपा-८ स्थित चपाचो टोलमा रहेको संयुक्त वडा कार्यालयमा ०६० असोज २६ गते माओवादीले दुईवटा बम विस्फोट गराए।

चाँगुनारायण गाविस-६ सोही गाविस भवनमा ०६० कार्तिक १ गते माओवादीले बम विस्फोट गराउँदा कागजपत्र, फर्निचर जलेर नष्ट हुँदा लाखौंको क्षति भयो।

अतिरिक्त जानकारीहरु
(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

जिल्ला प्रहरी कार्यालय भक्तपुरले दिइएको जानकारी अनुसार प्रकार नखुलेको ज्यान २५, झुण्डिएर मृत्यु १९, भवितव्य (डुबेर, पुरिएर, करेण्ट लागेर) २६, चोरी १५, लागु औषध ४, केही सार्वजनिक अपराध ३३, कर्तव्य ज्यान ७, बहुविवाह ८, विषसेवनबाट ३२, आगोले पोलेर ३, सवारी दुर्घटनाबाट १२, घरको झ्यालबाट हामफालेर १ जनाको मृत्यु भयो। हातहतियार खरखजना १, गोली हानी आत्महत्या १, ठगी, किर्ते ९, ज्यानमार्ने उद्योग २, बलात्कार ४, ज्युमास्ने बेच्ने २, डाँका चोरी ५, विस्फोटक पदार्थ बरामद ४, प्रतिलिपी अधिकार सम्बन्धी मुद्दा १ लगाययत २ सय १४ वटा मुद्दा दर्ता भए। आगलागीका ३४ वटा घटना भए। २२ महिला र १८ पुरुषले आत्महत्याको प्रयास गरे। १९ पुरुष र ३ महिलाको लास फेला पऱ्यो।

विगतको अनुगमन

भक्तपुर नपा-१३ का २२ वर्षीय बद्रि त्वाएनालाई माओवादीको आरोपमा ०५८ चैत १० गते भक्तपुर नपा-४ बाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारेको पडितका परिवारले ०६० मंसिर १८ गते बताए।

भक्तपुर नपा-१७ का १८ वर्षीय गंगाराम श्रेष्ठलाई माओवादीको आरोपमा ०५८ चैत १२ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारेको पीडितका परिवारले ०६० मंसिर १८ गते बताए।

गुण्डु गाविस-५ का ५५ वर्षीय यमबहादुर बुढाथोकीलाई माओवादीको आरोपमा ०५८ कार्तिक २४ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा ०५९ माघमा रिहा गरिएको आफन्तले बताए।

२.१५ काठमाडौं



जनसंख्या	:१०८१८४५
साक्षरता प्रतिशत	:७५
महिला साक्षरता प्रतिशत	:६०
क्षेत्रफल (वर्ग कि.मी.)	:३९५
गाविस/नपा संख्या	:५७/२
निर्वाचन क्षेत्र	:७
विद्यालय	:९४५/१०२५
क्याम्पस/उच्च मावि	:५७/९९
अस्पताल/स्वास्थ्य चौकी	: ३७/६८
टेलिफोन लाइन	:२६००००
मोटर सडक (कि.मी.)	:८१०
प्रहरी कार्यालय संख्या	:१९
हुलाक संख्या	:७१
मानव विकास सूचकांक	:०.६०३
प्रति एक डाक्टर जनसंख्या	:३९४८
प्रति परिवार सरदर संख्या	:४.६७

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रुपले बाँच्ने अधिकार
हत्या / गोली
राज्यबाट

फोरमहांकाल गाविसस्थित गुर्भे भञ्ज्याङमा नाम, ठेगाना नखुलेका एक माओवादी कार्यकर्ताको ०५९ माघ १४ गते सुरक्षाकर्मीले गोली प्रहारबाट मृत्यु भयो। सुरक्षाकर्मीले भने सर्च अभियानको क्रममा शंकास्पद गतिविधि गरेको अवस्थामा गोली प्रहार गर्दा मृत्यु भएको जनायो।

कामनपा-१८ नरदेवीका २१ वर्षीय राजीव श्रेष्ठलाई ०६० कार्तिक २० गते साँझ ५.१५ बजे कामनपा-१५ वनस्थली नजिक ढुंगेधाराको उकालोमा सेनाले गोली हानी हत्या गरे। स्वयम्भुको

सानोभञ्ज्याङ्स्थित ग्यारेजबाट वा १ ज ३९४९ नम्बरको ट्याक्सी चलाएका राजीव श्रेष्ठले ढुंगे धारोको उकालोबाट घुमाउने क्रममा सैनिक महाविद्यालय, भक्तपुरका विद्यार्थी लिएर आएको बससँग ठक्कर खाएपछि बसमा रहेका एक सैनिक जवानले ट्याक्सी चलाइरहेका राजीव श्रेष्ठलाई गोली प्रहार गरेका थिए। साथै, ट्याक्सीमा सँगै रहेका राजीवका साथी देवी हुमागाईलाई बेहोस हुने गरी पिटेका थिए। उक्त घटनालाई लिएर विभिन्न मानवअधिकार संघ-संस्था तथा मानव अधिकार आयोगले दोषी माथि कारवाही गर्न माग गरेका थिए। यसै बीच सेनाद्वारा गठित छानबिन समितिले कोर्ट मार्शल गर्नुपर्ने सिफारिस गरेको छ। गोली हान्ने सैनिकको नाम सार्वजनिक गरिएको छैन। ०६० मंसिर १० गते राष्ट्रिय मानव अधिकार आयोगले मृतक राजीव श्रेष्ठको मुद्दाको छिनोफानो सैनिक अदालतबाट नभई सामान्य अदालतबाट गर्न सरकारसमक्ष सिफारिस गरेको छ। आयोगले उक्त सिफारिसमा सैनिक ऐनमा सैनिक व्यक्तिले गैरसैनिक व्यक्तिको हत्या गरेको सम्बन्धमा सैनिक अदालतको कार्य क्षेत्रभित्र नपरी सामान्य अदालतको अधिकार क्षेत्रभित्र पर्ने कुरा प्रष्ट पारेको थियो।

माओवादीबाट

कामनपा-१० पुरानो बानेश्वरका महासेनानी ४६ वर्षीय किरण बस्नेतलाई ०६० भदौ ११ गते विहान आफ्नै निवासबाट कार्यालय जान बाहिर निस्कनलाग्दा माओवादीले गोली प्रहार गरी हत्या गरे। पीडितलाई माओवादीले पाँच भन्दा बढी गोली प्रहार गर्नुका साथै बम विस्फोटन समेत गराएका थिए। उनको उपचार गर्ने क्रममा वीरेन्द्र सैनिक अस्पताल, छाउनीमा उपचार गर्दागर्दै २ घण्टा पछि उनको मृत्यु भयो।

कामनपा-४ बालुवाटारस्थित महेन्द्र राष्ट्रिय माध्यामिक विद्यालयमा कक्षा ५ मा अध्ययनरत १२ वर्षीय दीपक गुरुङको ०६० भदौ २२ गते स्कुलसँगैको वडा कार्यालयमा माओवादीले गराएको बम विष्फोटनमा परी मृत्यु भयो। पीडित बिहान ९:३० बजे स्कूलसँगै रहेको वडा कार्यालयको शौचालयमा गएको अवस्थामा बम विस्फोट भएको थियो।

कामनपा-१७ पोडेटोलका ३७ वर्षीय सालिङ पोडेलाई आफ्नै निवासमा रहेको सीडी पसलमा ०६० भदौ १४ गते अपरान्ह ३ बजेतिर सीडी किन्ने बहानामा आएका माओवादीले टाउको र छातीमा गोली हानी हत्या गरे। पीडित वीरेन्द्र सैनिक अस्पताल, छाउनीमा विगत १२ वर्षदेखि परिचर पदमा कार्यरत थिए।

नुवाकोट जिल्ला घर भई धापासी गाविस-९ बसुन्धारामा स्टेशनरी पसल सञ्चालन गर्दै आएका राप्रपा कार्यकर्ता ३६ वर्षीय दीपेन्द्र थापा र धापासी गाविस-१ घर भई सोही ठाउँमा किराना पसल सञ्चालन गर्दै आएका ३७ वर्षीय राम श्रेष्ठलाई ०६० भदौ २६ गते माओवादीले गोली प्रहार गरी हत्या गरे। विहानै पसल खोलेर सफा गर्न लाग्दा सामान किन्ने बहानामा आएका माओवादी कार्यकर्ताले पहिले रामलाई गोली हानेका थिए भने नजिकै रहेका श्रेष्ठलाई त्यसपछि गोली प्रहार गरेका थिए। रामको घटनास्थलमै र दीपेन्द्रको त्रिवि शिक्षण अस्पताल लैजाँदा-लैजादै मृत्यु भएको थियो।

भक्तपुर जिल्ला गुण्डु गाविस घर भई कामनपा-३० भेडासिङ डेरा गरी बस्ने प्रहरी असई ३८ वर्षीय हरिबहादुर तामाङलाई ०६० असोज ६ गते कार्यालय जानलाग्दा डेरा नजिकै माओवादीले गोली हानी हत्या गरे।

कामनपा-५ धुम्वाराहीका इन्जिनियर ३३ वर्षीय

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	३	१	२	३	८	१०		१०	२	२			२
घाइते	२	२		२	६	६		६	१	४			४
गिरफ्तारी/यातना									३४	९४	४	३०	१२८
बेपत्ता									९३	९६	६		१०२
कुटपिट	१	२		२					१	१			१
भेला/संगठित हुने अधिकार									६	१३		८८८	९०१
महिलाअधिकार	१		१	१									
बालअधिकार	५	२०	१२	३२					१	३			३
अपहरण	१	१		१					१	१			१
जम्मा	१३	२६	१५	४१	१४	१६	१	१६	१४०	३१४	११	९१८	११४३

अनिल चौधरीलाई ०६० असोज २६ गते घरमै बसिरहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे।

कामनपा-३५ का राष्ट्रिय अनुसन्धान विभागका सई ३८ वर्षीय सरोज पौडेललाई ०६० असोज २९ गते माओवादीले गोली हानी हत्या गरे। बिहान घर नजिकै ब्याडमिन्टन खेली घर फर्किने क्रममा ट्याक्सीमा आएका तीन जना माओवादीले तीन पटक गोली प्रहार गरेकोमा उपचार वी एण्ड वी अस्पताल लैजाँदा बाटामा मृत्यु भएको थियो।

बुढानिलकण्ठ गाविसको शिवपुरी डांडामा ०६० कार्तिक २६ गते माओवादीले विद्युतीय धराप विस्फोटन गराउँदा नाम, ठेगाना थाहा नभएका दुई जना सुरक्षाकर्मीको मृत्यु भयो।

अन्य

तनहुँ जिल्ला घर भई कामनपा-१० बानेश्वर बस्ने ताजाखवर साप्ताहिकका प्रवन्ध सम्पादक ३६ वर्षीय अमर लामालाई ०६० साउन ११ गते दिउँसो ३ बजे अज्ञात समूहले किर्तिपुर नपा-१३ नयाँबजारमा गोली हानी हत्या गरे। सोही दिन दिउँसो १ बजे लामालाई माओवादीले कालिकास्थान स्थित पत्रिकाको कार्यालयबाट अपहरण गरी लगेका थिए। अपहरणपछि ट्याक्सीमा लगेका पीडितलाई किर्तिपुरकै पीपलबोटमा उतारी लखेट्दै २ सय मिटर पर नयाँबजार पुगेपछि गोली हानेका थिए।

गोली बम विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

कामनपा-४ भाटभटेनीस्थित एयर अनन्यका पाइलट ३४ वर्षीय हरिराज जोशी ०५९ पुस २७ गते बिहान घरबाट बाहिर निस्कदै गर्दा माओवादीले घेरा हाली गोली प्रहार गरे। गोलीको छर्रा पीडितको हातका औंलामा लागि घाइते भए। पीडतको उपचार बीएण्डबी अस्पतालमा भयो।

कामनपा-२९ सामाखुसीमा शाही नेपाली सेनाका महासेनानी ४१ वर्षीय रमिन्द्र क्षेत्रीलाई ०६० भदौ ११ गते बिहान ७ बजे आफ्नै निवासबाट कार्यालय जाने क्रममा बाहिर निस्कनासाथ माओवादीले गोली हानी घाइते बनाए। पीडितको वीरेन्द्र सैनिक अस्पताल, छाउनीमा उपचार गरियो।

माओवादीद्वारा हत्या गरिएका महासेनानी किरण बस्नेत

कामनपाका विभिन्न स्थानमा रहेका सरकारी कार्यालयमा ०६० भदौ २२ गते माओवादीले बम विस्फोटन गराए। ती विस्फोटबाट लाखौंको क्षति हुनुका साथै सरकारी कर्मचारी र सर्वसाधारण समेत घाइते भए। जसमा कामनपा-१४ कलंकीस्थित ६ नम्बर नापी गोश्वारामा बिहान ९.१५ बजे माओवादीले बम राखेको केही समयमै विस्फोट भएको थियो। उक्त विस्फोटबाट कार्यालयका अमिन जयराम भक्त अमात्य, ड्राइभर रमेश गिरी र पियन अमर श्रेष्ठ सहित अन्य २ जना बटुवा घाइते भए। यसैगरी कामनपा-१० बानेश्वरस्थित श्रम तथा रोजगार प्रवर्द्धन विभागमा बिहान ९:२५ बजे बम विस्फोट भयो। पहिलो तलाको शौचालयमा भएको विस्फोटबाट विभागका निर्देशक दानध्वज बस्नेत पर्खाल र दराजले थिचेर घाइते भए भने नासु कमला गिरी, खरिदार गोपाल सुवेदी र पियन शेरबहादुर तामाङ र भक्तबहादुर थापा पनि घाइते भए।

कामनपा-३२ डिल्लीबजारका राष्ट्रिय अनुसन्धान विभागका असई ३३ वर्षीय अशोक पाण्डेलाई ०६० कार्तिक ४ गते माओवादीले गोली हानी घाइते बनाए। पीडितको उपचार वीर अस्पतालमा भयो।

कामनपा-३० भोटाहिटीस्थित समरजङ्ग कम्पनीका बहिदार ३९ वर्षीय रामप्रसाद पोखरेल र ३३ वर्षीय कृष्णबहादुर माझीलाई ०६० कार्तिक १९ गते माओवादीले कम्पनीको दक्षिणतिरको झ्यालबाट गोली प्रहार गर्दा खुट्टामा गोली लागि घाइते भए। पीडितहरुको उपचार वीर अस्पतालमा भयो।

अन्यबाट

कामनपा-१० विजुलीबजारमा ३४ वर्षीय गीता श्रेष्ठलाई ०६० वैशाख ५ गते साँझ २ जना अज्ञात व्यक्तिले गोली प्रहार गरी घाइते बनाए। कार्यालयबाट घरको भुई तलामा आइपुग्ने बित्तिकै दुई अज्ञात व्यक्तिले पीडितलाई गोली प्रहार गरी घाइते बनाएका थिए। पीडितको उपचार वीर अस्पतालमा गरियो।

जेल र बन्दीहरु

नेपालकै सबै भन्दा बढी क्षमता र सुविधा सम्पन्न मानिने केन्द्रीय कारागारको बन्दी क्षमता ७ सय जनाको रहे पनि हाल ७ सय ८७ जना बन्दी छन्। बन्दीहरुमध्ये कैद तोकिएका ५ सय १८ र कैद नतोकिएका २ सय ६७ जना छन्। जसमध्ये, ५९ जना बन्दी विदेशी छन्। केन्द्रीय कारागारअन्तर्गतकै ७५ जना बन्दी क्षमता रहेको महिला कारागारमा जम्मा ९२ जना महिला बन्दी रहेका छन्। यसमा ३२ जना कैद तोकिएका र ५८ जना कैद नतोकिएका छन्। महिला कारागारमा ३ वर्ष मुनिका ४ बालक पनि आश्रित रुपमा रहेका छन्।

भद्रबन्दी गृहमा भने ३ सय ११ जना कैद तोकिएका र १ सय ४२ जना कैद नतोकिएका गरी कूल ४ सय ५३ जना बन्दी छन्। भद्रबन्दी गृहको बन्दी क्षमता ४ सय जनाको छ। यसमा रहेकाहरुमध्ये ३८ जना विदेशी छन्।

चारखाल अड्डामा रहेको सदरखोर जेलको बन्दी क्षमता १ सय ५० रहे पनि हाल २ सय ७९ जना बन्दी छन्। यी बन्दीमध्ये २२ जना कैद तोकिएका र २ सय ५७ जना कैद नतोकिएका छन्। जेलमा १६ जना विदेशीहरु रहेका छन् भने २० जना महिला बन्दी छन्। राणाकालमा निर्मित जीर्ण अवस्थामा रहेको यस जेलमा खानेपानी, ढललगायत्को समस्या रहेको छ।

०५८ मंसिर १० गते प्रहरीले गिरफ्तार गरी ०५८ माघ ३० गतेदेखि केन्द्रीय कारागारमा रहेका माओवादीका केन्दीय सदस्य रवीन्द्र श्रेष्ठ कारागार प्रशासनमार्फत् कारागारमा रहेका राजबन्दीहरुका ५ सूत्रीय माग पूरा गराउन ०६० असार १६ गतेदेखि अनिश्चितकालीन अनशनमा बसे। दैनिक कैदीहरुलाई दिइने सिदा १५ रुपैयाँबाट बढाएर ३० रुपैयाँ बनाएपछि र अन्य केही मागका सम्बन्धमा सहमति भएपछि असार २९ गते अनशन तोडियो।

बेपता अपहरण

राज्यबाट

कामनपा-११ केन्द्रीय कारागारबाट सर्वोच्च अदालतको आदेशपछि रिहा भएका दीपबहादुर बुढाथोकीलाई ०६० वैशाख ८ गते प्रहरीले गिरफ्तार गरी बेपत्ता पारे। हालसम्म पीडितको बारेमा अन्य केही जानकारी हुन सकेको छैन।

किर्तिपुर गेटबाट अनेरास्ववियु (क्रान्तिकारी) का काठमाडौं २ नं. एरिया सहसचिव २९ वर्षीय कमल अर्याललाई ०६० असार १२ गते शाही नेपाली सेनाले गिरफ्तार गरी बेपत्ता पारेकोमा असार १९ गते रिहा गरियो।

ओखलढुङ्गा जिल्ला विलन्दु गाविस-५ घर भई कामनपा-४ चुनदेवी बस्दै आएका ३४ वर्षीय दीपक पोखरेललाई ०६० साउन ७ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

गोंगबु गाविस-५ का २९ वर्षीय खुवाप्रसाद आचार्यलाई ०६० भदौ १० गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारेकोमा केही समयपछि रिहा गरियो।

कामनपा-१ गैरीधाराबाट ३१ वर्षीय लोकेन्द्रध्वज खाँडलाई ०६० भदौ १० गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई यो वर्षको अन्तसम्म रिहा गरिएको थिएन।

कामनपा-१० नयाँ बानेश्वरको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको पछाडि रहेको छापाखाना प्रेसबाट साँघु साप्ताहिकका सम्वाददाता ३१ वर्षीय रामहरी चौलागाईलाई ०६० भदौ ११ गते दिउँसो २.३० बजे सादा पोशाकमा आएका सुरक्षाकर्मीले "सुरक्षाकर्मी हौं सिंहदरबार बोलाएको छ" भन्दै गिरफ्तार गरी लामो समयसम्म बेपत्ता पारेकोमा ०६० कार्तिक ८ गते रिहा गरियो।

कामनपा-७ सिफलका कवि बलराम शर्मा (पूर्ण विराम) लाई ०६० भदौ १२ गते दिउँसो १२:३० बजे सादा पोशाकमा आएका सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई कार्तिक २७ गते श्रीजंग गुल्म सिंहदरबारबाट मंसिर ६ गते तारिखमा आउने शर्तमा रिहा गरियो।

कामनपा-१० बत्तिसपुतलीकी ६८ वर्षीय शान्ता श्रेष्ठलाई ०६० भदौ १३ गते राति ११.३० बजे सादा पोशाकमा आएका सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी बेपत्ता पारे। पीडितको कोठाबाट सुरक्षाकर्मीले डायरी कब्जामा लिई लुगा लगाउन र औषधी बोक्न नदिई गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई भदौ २६ गते रिहा गरियो।

झापा जिल्ला दमक नपा-१ का पशुपति बहुमुखी क्याम्पस, चावहिलमा प्रमाणपत्र तह दोस्रो वर्षमा अध्यनरत वीरेन्द्र बस्नेतलाई ०६० भदौ १४ गते कामनपा-७ चाबहिलबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

काभ्रे जिल्ला पोखरीचौरी गाविस-७ का ३६ वर्षीय केशव चौलागाईलाई ०६० भदौ १४ गते सिंहदरबार परिसरभित्रैबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई सोही दिन बिहान उनी कार्यरत ओम नर्सिङ होम चावहिलमा सादा पोशाकमा गएका सुरक्षाकर्मीले सिंहदरबारभित्रको श्रीजंग गुल्ममा सम्पर्क राख्न भनेका थिए।

माओवादीद्वारा हत्या गरिएका सई सरोज पौडेल

पर्वत जिल्ला देविस्थान गाविस-४ घर भई कामनपा-२९ सामाखुसी बस्ने २७ वर्षीय भुवनप्रसाद शर्मा पौडेललाई ०६० भदौ १६ गते सादा पोसाकमा आएका ५-६ जना सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

रोल्पा जिल्ला गजुल गाविस-४ घर भई हाल कीर्तिपुर नपामा डेरा गरी बस्ने शंकरदेव क्याम्पसमा अध्ययनरत २२ वर्षीय पुष्कर सुवेदी र २२ वर्षीय उमेश सुवेदीलाई ०६० भदौ १८ गते सेनाले गिरफ्तार गरी बेपत्ता पारे। पीडितहरुलाई यस वर्षको अन्त्यसम्म रिहा गरिएको थिएन।

कामनपा-१५ बनस्थलीस्थित घरबाट जनधारणा साप्ताहिकका कार्यकारी सम्पादक तथा इमेज मेट्रो च्यानलका समाचार सम्पादक ३८ वर्षीय शुभशंकर कँडेललाई ०६० भदौ २३ गते बेलुका सादा पोशाकमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारेकोमा असोज १४ गते रिहा गरे। पीडितलाई पुन: कार्तिक १ गते सुरक्षाकर्मीले गिरफ्तार गरी दुई दिनपछि रिहा गरे।

स्यूचाटार गाविस-३ स्यूचाटारका ४४ वर्षीय प्रदेशबहादुर विष्टलाई ०६० भदौ २४ गते आफ्नै घरमा बसिरहेको अवस्थामा बा. ७ प १५३१ नम्बरको मोटरसाइकल र नम्बर प्लेट छोपिएको गाडीमा सादा पोशाकमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई हाल मोरङ जिल्ला कारागार शाखामा नजरबन्दमा राखिएको छ।

कामनपा-३५ कोटेश्वरका किराना व्यापारी ज्ञानेन्द्र नेपाललाई ०६० भदौ २४ गते पसलबाटै अज्ञात व्यक्तिले अपहरण गरी बेपत्ता बनाए।

काभ्रे जिल्ला पोखरीचौरी गाविस-५ रुम्टी घर भई कामनपा-३५ कोटेश्वरस्थित महादेवस्थानमा डेरा गरी बस्ने ४३ वर्षीय एकनाथ चौलागाईलाई ०६० भदौ २५ गते साँझ ६ जनाको समूहमा आएका सादा पोसाकका सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई "तपाईसँग केही कुरा बुझ्नु छ केही समय हिंड्नु होस्" भनी बा. १ प ४१६९ नं. को रातो टाटा मोबाइल गाडीमा राखी लगेकोमा सुरक्षाकर्मीले कुनै जानकारी नदिई बेपत्ता पारे। पीडितलाई श्रीजङ्ग गुल्म सिंहदरबारमार्फत् केही कपडा र पैसा दिएपछि पुन: त्यहाँ नभएको भन्ने जानकारी गराइयो।

धादिङ जिल्ला आगिनचोक गाविस-५ का २४ वर्षीय दीपेन्द्र शर्मालाई ०६० भदौ २६ गते कामनपा-३१ पुतलीसडकबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारेकोमा मंसिर दोस्रो हप्तामा रिहा गरे।

धादिङ जिल्ला चैनपुर गाविस-२ घर भई कामनपा-२० बस्ने २२ वर्षीय प्रकाशचन्द्र लोहनीलाई

माओवादीको बम विस्फोटमा परी मारिएका दिपक गुरुङ

०६० भदौ २६ गते राति सादा पोशाकमा आएका सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी बेपत्ता पारे।

कामनपा-३२ अनामनगरका ३९ वर्षीय शिवराज घिमिरेलाई ०६० भदौ २६ गते सादा पोशाकमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

कामनपा-३५ कोटेश्वर बालकुमारीबाट अनेरास्ववियु (क्रान्तिकारी) का पूर्व उपाध्यक्ष ३३ वर्षीय कृष्ण केसीलाई ०६० भदौ २७ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

कामनपा-७ चावहिलबाट २२ वर्षीय अमृत कँडेललाई ०६० भदौ २७ गते, सोही नपा-२७ त्योड बस्ने त्रिपुरेश्वरस्थित एक कम्पनीमा कार्यरत १९ वर्षीय तेजप्रसाद गौतमलाई ०६० मंसिर ८ गते, किर्तिपुर नपाका ३० वर्षीय देवबहादुर महर्जनलाई ०६० मंसिर ९ गते आफ्नै घरबाट, कामनपा-२९ स्थित सरस्वती क्याम्पसमा अध्ययनरत १८ वर्षीय सुवास श्रेष्ठलाई ०६० मंसिर ६ गते आफ्नै निवासबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाए।

कामनपा-१६ नयाँ बजारबाट २७ वर्षीय रामहरि कँडेललाई ०६० भदौ २८ गते आफ्नै निवासबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा मंसिर २४ गते भैरवनाथ गण, महाराजगञ्जबाट रिहा गरियो।

अनेरास्ववियु (क्रान्तिकारी) का नेता भीम महर्जन र मजदुर राजेश श्रेष्ठलाई ०६० असोज ३ गते

काठमाडौंबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाए।

कामनपा-२ लाजिम्पाटबाट सांग्रिला भ्वाइसका प्रकाशक/सम्पादक ६२ वर्षीय प्रेमनाथ जोशीलाई ०६० भदौ २९ गते राति ११ बजे घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई एक हप्तापछि रिहा गरियो।

रोल्पा जिल्ला राङ्कोट गाविस घर भई त्रिवि किर्तिपुर अंग्रेजी संकायमा स्नातकोत्तर अध्ययनरत २४ वर्षीय किरण उपा पुन (नवीन विभास) लाई ०६० असोज ४ गते किर्तिपुरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई मंसिर १५ गते रिहा गरियो।

नुवाकोट जिल्ला जिलिङ गाविस-४ घर भई कामनपा-२९ पकनाजोलस्थित सिद्धिगणेश माविमा कार्यरत शिक्षक २८ वर्षीय पशुपति ढुङ्गानालाई ०६० असोज ८ गते विद्यालयबाटै सादा पोशाकमा आएका दुई सुरक्षाकर्मीले अपहरणको शैलीमा गिरफ्तार गरी बेपत्ता पारे।

चितवन जिल्ला रत्ननगर नपा-१३ टाँडी घर भई कामनपा-१४ खसिबजार पिपलबोट बस्ने अनेरास्ववियु (क्रान्तिकारी) का केन्द्रीय सल्लाहकार ३४ वर्षीय ज्ञानेन्द्र त्रिपाठीलाई ०६० असोज ९ गते कामनपा-३४ शान्तिगर गेटबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई यसअघि पनि सरकार-माओवादी वार्ता चलिरहेको अवस्थामा ०६० असार २९ गते कामनपा-३१ पुरानो बसपार्कबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा साउन १६ गते रिहा गरिएको थियो।

नुवाकोट जिल्ला बालकुमारी गाविस-७ का २५ वर्षीय अर्जुन खतिवडालाई ०६० असोज ११ गते राति काठमाडौं हात्तिगौडास्थित बहिनीकोमा बास बसिरहेको अवस्थामा सादा पोशाकमा आएका ४-५ जना सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

पर्वत जिल्ला सरौंखोला गाविस-२ घर भई कामनपा-१५ सितापाइला बस्ने ३९ वर्षीय नारायणप्रसाद तिवारीलाई ०६० असोज १३ गते आफ्नै निवासबाट "केही बुझेर फर्काई दिन्छौं" भनी सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारेकोमा असोज २५ गते रिहा गरे।

कामनपा-२९ लैनचौरस्थित आदर्श योगहरी उच्च माविका शिक्षक २८ वर्षीय माधव घिमिरेलाई ०६० असोज १४ गते विद्यालयबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाए।

जाजरकोट जिल्ला लहँ गाविस-४ घर भएका ३२ वर्षीय खम्बलाल गौतम र अन्य ४ जनासमेत ५ जनालाई ०६० असोज १४ गते दिउँसो ४ बजे धापासी गाविस-९ बसुन्धरास्थित एक घरबाट सादा पोशाकमा आएका सुरक्षाकर्मीले घर खानतलासी गरी एक जनाले सञ्चार सेटबाट शंकास्पद व्यक्तिहरु भेटिएको जनाएपछि सबैलाई गिरफ्तार गरी बेपत्ता पारे। पीडितहरु मध्ये एक जनालाई भोलिपल्ट, २ जनालाई ६ दिनपछि र खम्बलाललाई कार्तिक २७ गते रिहा गरियो।

कामनपा-३२ डिल्लिबजारको उकालोमा प्रगति पुस्तक पसल सञ्चालन गरी बस्ने ४८ वर्षीय भूपनारायण पोखरेललाई ०६० असोज ३० गते साँझ पुस्तक पसल बन्द गरी डेरा जान लाग्दा सादा पोशाकमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। पीडितको पसलको साँचो भोलिपल्ट कार्तिक १ गते दिउँसो सुरक्षाकर्मी बताउने २ जनाले ल्याएर दिए भने पीडितलाई कार्तिक १६ गते रिहा गरियो।

कामनपा-३१ बागबजारमा विश्व नेपाली पुस्तक सदन सञ्चालन गरी बसेका माधव पोखरेल, रत्नपार्क फुटपाथमा पुस्तक बेच्दै आएका तेजबहादुर गुरुङ र पाटनमा पुस्तक बिक्री गर्दै आएका खेम प्यासीलाई ०६० कार्तिक ७ गते दिउँसो सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। खेमलाई पाटनबाट, माधवलाई पुस्तक पसलबाट र तेजबहादुरलाई डिल्लीबजारस्थित आफ्नै डेराबाट गिरफ्तार गरिएको थियो। माधवलाई भने सुरक्षाकर्मीले जाउलाखेलस्थित सैनिक ब्यारेकबाट ०६० कार्तिक ११ गते

सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी बेपत्ता पारिएका टंकप्रसाद त्रिपाठी, चिरञ्जीवी गजुरेल, ज्ञानेन्द्र त्रिपाठी र कृष्ण केसी

आफन्तको जिम्मा लगाई रिहाइ गरे। अन्य दुई जनाको अवस्था अज्ञात नै रहेको छ।

नुवाकोट जिल्ला शिखरबेंशी गाविस-५ घर भएका १९ वर्षीय रामबाबु पण्डितलाई ०६० असोज १४ गते कामनपा-१६ बालाजुस्थित सामुदायिक हस्पिटलबाट सादा पोशाकमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

सिन्धुपाल्चोक जिल्ला घोर्थली गाविस घर भई कामनपा-३५ कोटेश्वरमा बस्दै आएकी २१ वर्षीय सरस्वती खड्कालाई ०६० असोज २० गते बिहान ५-६ जनाको समूहमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

कामनपा-३१ बागबजारका ४० वर्षीय प्रेमसागर कर्माचार्यलाई ०६० असोज २३ गते राति घरबाट सादा पोशाकमा मास्क लगाएर आएका हामी सुरक्षाकर्मी हौं भन्ने अपरिचित व्यक्तिले गिरफ्तार गरी घरबाट केही पर लगी ९५८५ नं. को सेतो मारुती गाडीमा राखी बेपत्ता पारेकोमा कातिक ३ गते रिहा गरियो।

कामनपा-१६ बालाजुस्थित बसन्तनगरका निश्चल मासिकका प्रकाशक सुविन्द्र बुढामगरलाई ०६० असोज २३ गते घरबाट सादा पोशाकमा आएका ४-५ जना सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारेकोमा मंसिर ३ गते रिहा गरियो।

रोल्पा जिल्ला लिवाङ गाविस-६ घर भई कामनपा-१४ बल्खु बस्ने २४ वर्षीय प्रेमप्रकाश आचार्य र २१ वर्षीय गेहेन्द्र हमाललाई ०६० असोज २८ गते सेनाले गिरफ्तार गरी बेपत्ता पारे। पीडितहरुलाई जगदल गण, छाउनीबाट कार्तिक ९ गते रिहा गरियो।

नाङ्लेभारे गाविस-५ घरबाट थापाकोट माविका प्रावि शिक्षक ३४ वर्षीय चेतनाथ दंगाललाई ०६० असोज २९ गते बिहान शाही नेपाली सेनाले "तपाईसँग केही सोधपुछ गर्नुछ" भनी गिरफ्तार गरी साँखुतर्फ हिंडाएर बेपत्ता पारे।

रोल्पा जिल्ला होमा गाविस-१ घर भई काठमाडौंको चामतीमा बस्दै आएका २८ वर्षीय बेगम रानालाई ०६० कार्तिक १ गते राति १२ बजे ७-८ जनाको समूहमा आएका सुरक्षाकर्मीले पेस्तोल देखाई "केही कुरा बुझ्नु छ" भनी गिरफ्तार गरी बेपत्ता पारे।

रामेछाप जिल्ला गेलु गाविस-१ घर भई कामनपा-१५ बनस्थली बस्ने १८ वर्षीय लक्ष्मी बुढाथोकीलाई ०६० असोज २५ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी बेपत्ता पारे। सुरक्षाकर्मीले लक्ष्मीका पति पुष्करबहादुर विकलाई पनि सोही दिन माइक्रो बस चलाई रहेको अवस्थामा सुन्धाराबाट गिरफ्तार गरी श्रीजङ गुल्म सिंहदरबार लगे। त्यहाँबाट पुन: डेरामा लगि घर खानतलासी गरी दुवै जनालाई श्रीजङ गुल्ममा राखियो। दुई दिनपछि लक्ष्मीका पति पुष्कर विकलाई रिहा गरियो भने लक्ष्मीलाई कहाँ राखिएको छ थाहा दिइएको थिएन। तर शाही सेनाको पाक्षिकरुपमा नेपाल टेलिभिजनबाट प्रसारण हुने 'माटोले माग्दैन आफैले दिनु पर्छ' भन्ने कार्यक्रममा लक्ष्मी बुढाथोकीलाई देखाइएको थियो। सो कार्यक्रममा लक्ष्मीलाई आफू माओवादीमा संलग्न भएको र अब माओवादी त्यागेर आत्मसमपर्ण गरेको आशय प्रस्तुत गरिएको थियो।

धादिङ जिल्ला जीवनपुर गाविस-४ का ३४ वर्षीय केदार कुँवरलाई ०६० कार्तिक ३ गते राति कामनपा-७ गौरीघाटबाट सादा पोशाकमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

चितवन जिल्ला भरतपुर नपा-१२ घर भई कामनपा-३ महाराजगञ्ज बस्ने २० वर्षीय रुपक अधिकारीलाई ०६० कार्तिक ४ गतेसादा पोशाकमा आएका सुरक्षाकर्मीले महाराजगञ्ज नारायणगोपाल चोकबाट गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई भैरवनाथ गण, महाराजगञ्जमा राखिएको थाहा भए पनि परिवारलाई



सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी बेपत्ता पारिएका सरिता शर्मा, नवीन विभास (किरण उषा पुन), रुपक अधिकारी र केदार कुँवर

समेत भेटघाट गर्न दिइएको छैन।

कामनपा-३० असनबाट अनेरास्ववियु (क्रान्तिकारी) का केन्द्रीय महासचिव हिमाल शर्मालाई ०६० कार्तिक ४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाए।

कामनपा-४ चण्डोलस्थित आफ्नै निवासबाट ३२ वर्षीय सरिता शर्मा पौडेललाई ०६० कार्तिक ६ गते ४-५ जनाको समूहमा सादा पोशाकमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। सुरक्षाकर्मीले गिरफ्तार गरेपछि पीडितले आफ्ना २ जना नाबालक भएको बताएपछि विद्यालयमै लगि विद्यालयका प्रधानाध्यापक केशवलाई सहित आँखामा कालो पट्टी बाँधी साँझ ५ बजे "नाबालक ७ वर्षीय बसन्त शर्मा पौडेल र ४ वर्षीय विश्वराम शर्मा पौडेललाई विद्यालयमै राख्ने व्यवस्था गर्नू" भनी सुरक्षाकर्मीले रिहा गरे।

कामनपा-३१ बागबजारका अधिवक्ता ४६ वर्षीय श्यामकुमार श्रेष्ठलाई ०६० कार्तिक ६ गते राति ९ बजे आफ्नै निवासबाट सादा पोशाकमा आएका ४-५ जनाले आफूलाई सुरक्षाकर्मी बताउँदै "सामान्य सोधपुछ गर्नु छ आज भ्याइदैन भोलिसम्ममा फर्काइदिन्छौं" भनी बा. १ ज १०१ नम्बरको सेतो ट्याक्सीमा राखी महाराजगञ्ज लान्छौं भनी गिरफ्तार गरी बेपत्ता पारेकोमा कातिक १९ गते छाउनी ब्यारेकबाट रिहा गरियो।

सिन्धुली जिल्ला डाढिगुराँस गाविस-५ घर भई कामनपा-६ बौद्ध डेरा गरी बस्ने ३७ वर्षीय रामचन्द्र कारुलेलाई ०६० कार्तिक १२ गते दिउँसो बौद्धबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

स्याङ्जा जिल्ला सिर्सकोट गाविस-७ का भवनाथ धमला र रेवकला तिवारीलाई ०६० कार्तिक १३ गते कामनपा-७ चावहिलबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

तेह्रथुम जिल्ला घर भई कामनपा-३२ डिल्लीबजारमा डेरा गरी बस्ने २४ वर्षीय गणेश ढकाललाई ०६० कार्तिक १७ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

कामनपा-३५ कोटेश्वरस्थित घरबाट जनमोर्चा नेपाल, काभ्रे जिल्लाका सल्लाहकार ४५ वर्षीय गोपीकृष्ण थपलियालाई ०६० कार्तिक १८ गते विहान सादा पोशाकमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरे। गोपीकृष्णलाई घरबाट १-२ मिनेट हिडाएपछि बा. १ च ४३४७ नं. को पीकअप गाडीमा राखी सम्पूर्ण अनुहार छोपी आँखामा पट्टी बाँधी अज्ञात सैनिक ब्यारेकमा लागि आधा घण्टा बयान लिइएको थियो। पीडितका अनुसार, १५ मिनेटपछि पुन: बयान शुरु गरी माओवादी सम्बन्धी बयानका क्रममा अनभिज्ञता प्रकट गर्नासाथ बुट, मुक्का, कोर्रा र पोलिथिन पाइपले २ घण्टासम्म लगातार कुटपिट गरिएको थियो। पुन: कार्तिक २० गते बयान लिने क्रममा अघिल्लो पटकको जस्तो यातनाको क्रम दोहोऱ्याइएको थियो। सैनिक जवानको अभद्र व्यवहार, चिसो पेटीमा रात-दिन राखिनु, कुपोषण युक्त पानी र खाना, सैनिक हिरासतमा रहँदा भोग्नु परेको यातना गोपीकृष्णका ११ दिनको अनुभव थिए। आँखामा बाँधिएको पट्टी रिहा हुने समयमा मात्र खोलिएको थियो भने बाँधिएको हात खाना खाँदा र शौचालय जाँदा बाहेक राति सुतेको अवस्थामा पनि कायमै रहन्थ्यो। पीडितलाई सिंहदरबारस्थित श्रीजङ्ग गणबाट कार्तिक २८ गते साँझ पुन: मंसिर ५ गते हाजिर हुने तारिख दिई रिहा गरियो। गिरफ्तारीको जानकारी दिएता पनि राखिएको स्थानबारे परिवारको सदस्यलाई दिइएको थिएन।

सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी रिहा गरिएका गोपीकृष्ण थपलिया

गोरखा जिल्ला पाँचखुरा देउराली गाविस-५ घर भई कामनपा-२९ नयाँबजारमा बस्दै आएका पद्मचक्र अंग्रेजी मावि, फुटुङका शिक्षक २२ वर्षीय महाप्रसाद अंगाईलाई ०६० कार्तिक २१ गते विहान सोह्रखुट्टेबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई शाही नेपाली सेनाको वैरनी ब्यारेकमा हिरासतमा राखिएको भए पनि परिवारका सदस्यलगायत् कसैलाई भेट गर्न दिइएको छैन।

किर्तिपुर नपा-१३ पौठाका १७ वर्षीय नरेश महर्जन र १८ वर्षीय अर्जुन महर्जनलाई ०६० कार्तिक २३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाए। पीडितहरुमध्ये नरेशलाई मंसिर २३ गते अभिभावकको रोहवरमा हनुमान ढोकाबाट रिहा गरिएकोमा पुन: सुरक्षाकर्मीले पटक-पटक फोन गरी मानसिक तनाव दिएकाले पुस २६ गते आत्महत्या गरे भने अर्जुनको स्थिति अज्ञात छ।

कामनपा-१३ बाफलस्थित डेराबाट ३१ वर्षीय रामेश्वर भनिने शोमसेर रुपाखेतीलाई ०६० कार्तिक २७ गते अपरिचित व्यक्तिले

"कालिमाटीसम्म जाउँ" भनी बेपत्ता पारे। सोही समयमा लगी बा. १३ प ६७८५ नम्बरको मोटर साइकलमा आएका व्यक्तिले आफूलाई सुरक्षाकर्मी बताउँदै पीडितको घरको खानतलासी गरेका थिए। शोमसेरसँगै लगिएका साथी ३२ वर्षीय ठाकुर पुडासैनीलाई सोही दिन सोही घर नजिक ल्याएर गरियो। रुपाखेतीलाई बेपत्ता पार्ने क्रममा सेतो रङको कार प्रयोग गरिएको थियो। पीडितलाई यो वर्षको अन्त्यसम्म रिहा गरिएको छैन।

बाग्लुङ जिल्ला ढोरपाटन गाविस-९ घर भई हाल सीतापाइला गाविस-६ बस्ने ४७ वर्षीय कर्साङ लामालाई ०६० कार्तिक २८ गते घरबाट ५-६ जनाको समूहमा सादा पोशाकमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारेकोमा मंसिर १८ गते रिहा गरियो।

नुवाकोट जिल्ला चाउथे गाविस-४ घर भई काठमाडौं जिल्लास्थित नेपाल चलचित्र सुटिङको अफिसमा कार्यरत २० वर्षीय राजन बजगाईलाई ०६० कार्तिक २८ गते राति कामनपा-१० स्थित अफिसबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाए।

किर्तिपुर नपा-१४ चोभार माथिल्लो गाउँका किर्तिपुर नपामा नासु पदमा कार्यरत २८ वर्षीय सुजिन्द्र महर्जनलाई ०६० कार्तिक २९ गते राति १२ बजे छिमेकीको घर देखाउन भनी आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाए। पीडितको घरबाट यसअघि कार्तिक २५ गते सादा पोशाकमा आएका सुरक्षाकर्मीले बा.७ प ४५८६ को हिरो होण्डा मोटरसाइकल, कम्प्युटर, १ लाख १ हजार ५ सय रुपैयाँ र अन्य कागजात लगेका थिए।

ललितपुर जिल्ला माल्टा गाविस-८ घर भई काठमाडौं मोडल अस्पतालमा कार्यरत सुरक्षागार्ड ३८ वर्षीय परशुराम थापालाई ०६० कार्तिक २९ गते कामनपा-३२ कमलपोखरीबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारेकोमा मंसिर २३ गते रिहा गरियो।

रामेछाप जिल्ला गेलु गाविस-५ जलकेनी घर भई कामनपा-३५ कोटेश्वर बस्ने ४९ वर्षीय रामचन्द्र भण्डारीलाई ०६० कार्तिक ३० गते घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारेकोमा मंसिर ११ गते रिहा गरियो। भण्डारीलाई श्री जङगुल्म, सिंहदरबारमा राखिएको थियो। पीडितलाई चौबीसै घण्टा आँखामा पट्टी बाँधेर राखिएको तथा बयान लिनेक्रममा

प्रहरीले लाठिचार्ज पछि लाठीले घोची आँखा फुटाइएका रमेश शर्मा

सुरक्षाकर्मीद्वारा लाठिचार्ज पछि संगीनले रोपी घाइते पृथ्वीकुमार प्रजापति

अनावश्यक मानसिक र शारीरिक यातना समेत दिइएको थियो।

रामेछाप जिल्ला लखनपुर गाविस-२ घर भई कामनपा-३५ कोटेश्वर बस्ने सवारी चालक ४२ वर्षीय रामप्रसाद गौतम र ३४ वर्षीय केदार गौतमलाई ०६० मंसिर १ गते राति ७ जनाको संख्यामा सादा पोशाकमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

काभ्रे जिल्ला बोल्देफेदिचे गाविस-२ घर भई कामनपा-३५ कोटेश्वर बस्ने टेम्पो ड्राइभर ३३ वर्षीय टंकप्रसाद त्रिपाठीलाई ०६० मंसिर १ गते कालिमाटी तरकारी बजारबाट सादा पोशाकमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। प्रत्यक्षदर्शीका अनुसार, ३ जनाको संख्यामा सादा पोशाकमा आएका सुरक्षाकर्मीले त्रिपाठीलाई "केही कुरा गर्नुछ" भनी तरकारी बजार बाहिर ल्याएर बा. २ च ९९६२ नं. को जीपमा हालेर लगेका थिए।

काभ्रे जिल्ला बितदिउराली गाविस-५ घर भई कामनपा-१४ स्थित स्वर्णीम बचत तथा ऋण सहकारी संस्था लि. का सचिव २३ वर्षीय कुमारप्रसाद पन्तलाई ०६० मंसिर ३ गते दिउँसो कार्यालयबाटै ४-५ जनाको समूहमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई बा. ३ च ३५७३ नम्बरको सेतो रंगको गाडीमा राखेर लगिएकोमा पुस १४ गते रिहा गरियो।

कामनपा-३२ डिल्लीबजारबाट नेपाल पत्रकार महासंघ, काठमाडौं जिल्ला समितिका कार्यालय सचिव २९ वर्षीय धनबहादुर मगरलाई ०६० मंसिर ३ गते कार्यालय हाताबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता

आन्दोलनको क्रममा धर्नामा बसेका नेकाँ सभापति गिरिजाप्रसाद कोइराला

पारे।

नुवाकोट जिल्ला नर्जामण्डप गाविस-६ चापाकोट घर भएका हाल काठमाडौंको गोलढुङ्गा बस्ने २१ वर्षीय पीमानसिंह तामाङलाई ०६० मंसिर ५ गते राति ३ बजे घरमा सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

कामनपा-२६ यट्खाका राजाराम श्रेष्ठलाई ०६० मंसिर ७ गते न्युरोडवाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

बैतडी जिल्ला गोकुलेश्वर गाविस घर भई काठमाडौं जिल्ला जोरपाटीस्थित भेनस पब्लिक स्कूलका शिक्षक २४ वर्षीय नवराज नाथलाइ ०६० मंसिर ८ गते कामनपा-२९ सामाखुसीस्थित आफ्नै डेरावाट सादा पोशाकमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाए।

तिनथाना गाविस-५ की अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ता १७ वर्षीय रेनुका दुलाललाई ०६० मंसिर १५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। पीडित यसभन्दा अघि ०५९ फागुन ६ गते सुरक्षाकर्मीवाट गिरफ्तार भई फागुन ३० गते सर्वोच्च अदालतको फैसलावाट मुक्त भएकी थिइन्।

ओखलढुंगा जिल्ला पोकली गाविस-२ घर भई किर्तिपुर नपा-१५ डेरा गरी वस्ने कामनपा-३१ पुरानो वसपार्कको सिटी मार्केट प्रालीका सुरक्षागार्ड २६ वर्षीय होमप्रसाद गौतमलाई ०६० मंसिर १५ गते ड्यूटीमा रहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारेकोमा फागुनको दोस्रो हप्ता रिहा गरियो।

सिन्धुपाल्चोक जिल्ला गाति गाविस-१ का विष्णु खत्रीलाई ०६० मंसिर १७ गते न्युरोडवाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

गोरखा जिल्ला मसेल गाविस-२ घर भई कामनपा-१६ बालाजुमा डेरा गरी बस्ने १८ वर्षीय रुपनारायण श्रेष्ठलाई ०६० मंसिर १० गते कामनपा-२९ नयाँबजारबाट सुरक्षाकर्मीले गिरफ्तार गरि बेपत्ता पारे। पीडित अस्कल क्याम्पसमा आइएस्सी दोस्रो वर्षमा अध्ययनरत थिए।

कामनपा-१५ सितापाइलाका सिलाई बुनाई काम गर्ने ४३ वर्षीय शंकर नेपाली, २० वर्षीय दीपेन्द्र कार्की र २१ वर्षीय श्याम नेपालीलाई ०६० मंसिर ११ गते सितापाइलामा हिंडिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाए।

सिन्धुपाल्चोक जिल्ला नेपाल महिला संघकी अध्यक्ष तथा नेकाँ महाधिवेशन प्रतिनिधि लिला दाहाल (नेपाल) लाई ०६० मंसिर १२ गते कामनपा-९ बत्तिसपुतलीबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

महादेवस्थान गाविस-५ का २४ वर्षीय निश्चल नकर्मीलाई ०६० मंसिर १७ गते थानकोट चेकपोष्टवाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

सिन्धुपाल्चोक जिल्लाकी वसुन्धरा श्रेष्ठलाई ०६० मंसिर १८ गते कामनपा-२९ ठमेलवाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

सतुङ्गल गाविस-९ का अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ता २५ वर्षीय सुचेन्द्र श्रेष्ठलाई ०६० मंसिर २१ गते कामनपा-३० असनवाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

कामनपा-१६ बालाजुका २१ वर्षीय रामकृष्ण गुणीलाई ०६० मंसिर २२ गते घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई यसभन्दाअघि ०५८ मंसिर २० गते गिरफ्तार गरी मंसिर २५ गते रिहा गरिएको थियो।

नुवाकोट जिल्ला वागेश्वरी गाविस-३ घर भएका साँघु साप्ताहिकका सम्वाददाता १९ वर्षीय रामकृष्ण अधिकारीलाई ०६० मंसिर २४ गते मानवअधिकार दिवसको कार्यक्रममा सहभागी भई कार्यालय फर्किने क्रममा कामनपा-११ स्थित होटल अर्किडबाट सादा पोशाकका दुई सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारेकोमा पुस ४ गते रिहा गरे।

सिन्धुपाल्चोक जिल्ला इचोक गाविस-५ घर भई कामनपा-६ बौद्ध टुसालमा डेरा गरी वस्ने २२ वर्षीय चिरञ्जीवी गजुरेललाई ०६० मंसिर २८ गते सोही ठाउँस्थित शिशा पसलमा काम गरिरहेको अवस्थामा सादा

पोशाकमा आएका दुई सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। पीडित पशुपति क्याम्पस चाबहिलमा अध्ययनरत थिए।

नुवाकोट जिल्ला तलंखु गाविसका ३१ वर्षीय श्यामकृष्ण श्रेष्ठलाई ०६० पुस ११ गते कामनपा-३५ कोटेश्वर स्थित विकास गार्मेन्टबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई यसअघि ०५९ साउन २३ गते पनि गिरफ्तार गरी साउन २७ गते रिहा गरिएको थियो।

खोटाङ जिल्ला लिखापोखरी गाविस-१ घर भई कामनपा-३३ मैतिदेवीमा पत्रिका पसल सञ्चालन गर्दै आएका ६० वर्षीय युवराज दाहाललाई ०६० पुस ८ गते सुरक्षाकर्मीले सोही ठाउँबाट गिरफ्तार गरी बेपत्ता पारे।

सर्लाही जिल्ला परवानीपुर गाविस घर भई कामनपा-३५ जडिबुटीमा ग्रिल उद्योग सञ्चालन गरी बस्ने ३६ वर्षीय राजाराम बस्नेत र ३३ वर्षीय गोपाल बुढाथोकीलाई ०६० पुस ८ गते ७-८ जनाको संख्यामा आएका सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

सिन्धुली जिल्लाका तेजमान विश्वकर्मालाई ०६० मंसिर १० गते कामनपा-७ चाबहिलबाट, नुवाकोट जिल्लाका हिराबहादुर रोकालाई ०६० असोज २४ गते ढोकाटोलबाट, गोरखा जिल्लाका दीपेन्द्र पन्तलाई ०६० असोज २७ गते कामनपा-१६ नयाँबजारबाट, सुनसरी जिल्लाका सी.एन. ढुंगानालाई ०६० भदौ ५ गते कामनपा-३२ कालिकास्थानबाट, कैलाली जिल्लाका भीम गिरीलाई ०६० मंसिर १७ गते कामनपा-१७ क्षेत्रपाटीबाट, कञ्चनपुरकी २८ वर्षीय विना मगरलाई ०६० कार्तिक ७ गते कामनपा-३० असनबाट, नुवाकोट जिल्लाका २१ वर्षीय अर्जुन पोखेल र २२ वर्षीय विनोद ढकाललाई ०६० मंसिर १० गते कामनपा-७ चाबहिलबाट, कामनपा-७ चाबहिलबाट २४ वर्षीय देवराज गुरुङलाई ०६० भदौ ४ गते, धादिङ जिल्लाका अमृत कँडेललाई ०६० कार्तिक ३ गते र १९ वर्षीय लिला पाण्डेलाई ०६० कार्तिक २ गते कामनपा-३१ बागबजारबाट, ओखलढुंगा जिल्लाका हेमनारायण श्रेष्ठलाई ०६० कार्तिक २ गते धापासी गाविस-९ बसुन्धाराबाट, पाँचथर जिल्लाका गोविन्द घिमिरेलाई ०६० भदौ ४ गते कामनपा-७ चाबहिलबाट धादिङ जिल्लाका टेम्पो ड्राइभर ४० वर्षीय रामबहादुर तामाङलाई ०६० मंसिर १ गते कालिमाटीबाट र रामेछाप जिल्लाका २७ वर्षीय प्रकाश लामालाई ०६० कार्तिक ४ गते कामनपा-३ महाराजगञ्जबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाए।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

केन्द्रीय प्रहरी बैण्ड गुल्म महाराजगञ्जमा कार्यरत प्रहरी असई ४० वर्षीय होमबहादुर बगालेलाई ०५९ चैत २० गते १ नं. सशस्त्र प्रहरी गण नक्सालमा काजमा कार्यरत रहेकै समयमा सोही कार्यालयका कार्यालय प्रमुखको निर्देशनमा प्रहरी इन्स्पेक्टर बेलबहादुर पाण्डेलगायत्का १०-१२ जना प्रहरी जवानले कुटपिट गर्नुका साथै ज्यान लिने धम्की दिई कार्यालय हाताबाटै बाहिर निकाले। होमबहादुरलाई यस भन्दा अघि पनि बिना कारण प्रहरी हिरासतमा लिई यातना दिइएको थियो। यससम्बन्धी क्षतिपुर्ती मुद्दा जिल्ला अदालतमा दायर गरेकोमा उक्त मुद्दा फिर्ता लिन तथा जागिरबाट राजीननामा दिन पटक-पटक कार्यालय प्रमुख कर्णबहादुर लिम्बूमार्फत् लगाई मानसिक तथा शारीरिक यातना दिइएको थियो।

अन्य

जंगी अड्डा, भद्रकालीमा कार्यरत सैनिक जवान ३३ वर्षीय केदार आचार्यलाई ०६० मंसिर २ गते राति कामनपा-१० मिलनचोक नजिक अज्ञात व्यक्तिको समूहले छुरा प्रहार गरी घाइते बनाए। पीडितको तत्कालै वीर अस्पताल लगि उपचार गरियो। कसले, किन आक्रमण गरे



आन्दोलनका क्रममा सम्बोधन गर्दै एमाले महासचिव माधवकुमार नेपाल



आन्दोलनको क्रममा प्रहरीद्वारा गिरफ्तार गरिदै एमाले नेता भरतमोहन अधिकारी

थाहा हुन सकेन। हाल पीडित उपचार पछि फर्किसकेका छन्।

अभिव्यक्ति भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

कामनपा-३५ स्थित मिनभवन क्याम्पस इकाई सभापति युवराज सिंह लगायत ३ जनालाई २०६० वैशाख ४ गते विद्यार्थी आन्दोलनको क्रममा प्रहरीले गिरफ्तार गरे। पीडितहरुलाई वैशाख ७ गते रिहा गरियो ।

कामनपा-३१ राष्ट्रिय सभागृहमा नेविसंघले आयोजना गरेको कार्यक्रम स्थलमा प्रवेश गरी नेविसंघको अध्यक्ष गुरुराज घिमिरे, महामन्त्री गगन थापा, उपाध्यक्ष बद्रि पाण्डे, विश्वप्रकाश शर्मालगायत् १४ विद्यार्थी नेतालाई ०६० वैशाख ५ गते प्रहरीले लाठिचार्ज गरी घाइते बनाए ।

कामनपा-३१ बागबजारस्थित पदम कन्या क्याम्पसबाट स्ववियु सभापति उर्मीला पन्सियार, विनिता अधिकारी नेवि संघका उपाध्यक्ष प्रदिप पौडेललगायत् ३६ जना विद्यार्थीलाई ०६० वैशाख ६ गते मुल्यबृद्धिको विरोधमा प्रर्दशनको क्रममा रत्नपार्कबाट प्रहरीले गिरफ्तार गरे । पीडितहरुलाई वैशाख १६ गते रिहा गरियो।

स्वतन्त्र विद्यार्थी युनियनको चुनाव पटक-पटक स्थगित भएको विरोधमा विद्यार्थी संगठनहरुले त्रिवि केन्द्रीय क्याम्पसलगायत् उपत्यकाका सबै क्याम्पसहरुमा ०६० वैशाख ५ गते विद्यार्थीहरुले तोडफोड र आगजनी गरे। विद्यार्थीहरुको विरोधको क्रममा त्रिवि क्याम्पस परिसर, प्रदर्शनीमार्ग पुतलीसडक, बागबजार, लैनचौर, चावहिल नयाँ बानेश्वर, ठमेल आदि स्थानमा बेलुकासम्म विद्यार्थी र प्रहरी बीच झडप भयो। उक्त झडपमा २४ जना विद्यार्थी र केही प्रहरी घाइते भए। यस घटनामा करिब २ दर्जन विद्यार्थीलाई प्रहरीले गिरफ्तार गरे। विद्यार्थीहरुले त्रिविको गान्धी भवन र स्टोर शाखामा आगो लगाउदा कागजात, फर्निचर, कम्प्युटर जलेर नष्ट भए। यसैगरी ताहाचल क्याम्पसका तीनवटा भवनमा पनि आगो लगाइएको थियो।

नेपाल विद्यार्थी संघले आयोजना गरेको नेपाल बन्दको कार्यक्रममा ०६० वैशाख १० गते त्रिचन्द्र क्याम्पसबाट दीपेन्द्र रावल सहित ३ जना, चाबहिल क्याम्पसबाट राजकुमार बस्नेत, जीवन राई, राजु भण्डारी, सानोकाजी खत्री, महेश पाण्डे, शिवजी सापकोटा सहित ६ जना, कुलेश्वरबाट धर्म भण्डारी, माधव सापकोटा, गणेश तिमिल्सिना, वेदप्रकाश शर्मा र प्रेम वोहरालाई प्रहरीले गिरफ्तार गरे।

नेपाल बन्दको क्रममा काठमाडौंबाट मुकुन्दराज काफ्ले, सन्तोष पाण्डे, सुरेश बस्नेत, राजु कोइराला, अनिल थापा, राजेश श्रेष्ठ, प्रकाश सिंह, नवीन थापा, विना मगरसहित १० जना विद्यार्थीलाई ०६० वैशाख १५ गते प्रहरीले गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

पर्सा जिल्ला घर भई काठमाडौं बस्ने प्ररायुसंघका नेता तथा नेकपा (एमाले) पर्सा-काठमाडौं सम्पर्क मञ्चका अध्यक्ष ३६ वर्षीय रमेश शर्माको ०६० वैशाख २८ गते प्रतिगमनका विरुद्धमा रत्नपार्कबाट मसाल जुलुस निकाल्ने क्रममा प्रहरीले अन्धाधुन्ध लाठिचार्ज गर्दा दायाँ आँखा काम नलाग्ने गरी फुट्यो। प्रहरीको लाठिचार्जमा आँखा जोगाउँदा-जोगाउँदै पनि प्रहरीले नियतबस तीखो किल्ला राखेको लाठीले पटक-पटक प्रहार गर्दा पीडितको आँखा फुटेको थियो । पीडितको त्रिवि शिक्षण अस्पतालमा आंखाको अप्रेसन गरी फालिएको र लामो समयसम्म उपचार गर्नु परेको थियो ।

प्रतिगमनको विरुद्ध जनआन्दोलनको क्रममा ०६० जेठ १२ गते प्ररायुसंघसहित सात विद्यार्थी संगठनले आयोजना गरेको विरोध कार्यक्रममा प्रहरीले हस्तक्षेप गरी लाठिचार्ज गर्नुका साथै अश्रुग्याँस प्रहार गरे। रत्नपार्कबाट निस्किएको जुलुस पुतलीसडक पुग्दा प्रहरीले हस्तक्षेप गरी अन्धाधुन्ध लाठिचार्ज गरेको थियो। उक्त घटनामा

नेविसंघका गुरुराज घिमिरे, अनेरास्ववियुका यज्ञराज सुनुवार, खिमलाल भट्टराई, कृष्ण ढकाल, मदन कोइराला, रत्न ज्योती, रमेश भट्टराई, प्ररायुसंघका केन्द्रीय सदस्य देवराज न्यौपाने घाइते भए। पीडितहरुको उपचार हिमालयन नर्सिङ् होम र मोडल अस्पतालमा भयो। सोही घटनामा अनेरास्ववियुका दिवस राई, रमेश कोजु, दिनेश जोशी, दिपेन्द्र श्रेष्ठ, नवीन थापा र चन्द्रप्रसाद लगायत् १८ जना विद्यार्थीहरुलाई प्रहरीले गिरफ्तार गरी हिरासतमा लिए। पटक-पटक गरेर सबै विद्यार्थीहरुलाई रिहा गरियो।

पाँच राजनीतिक पार्टीले आयोजना गरेको प्रतिगमनविरुद्धको जनआन्दोलको कार्यक्रमअनुसार तेस्रो प्रतिनिधि सभाका सदस्यहरुको विशेष बैठक बस्न संसद भवन सिंहदरबार जाने क्रममा ०६० जेठ १४ गते विघटित प्रतिनिधि सभा, राष्ट्रिय सभाका सांसदहरु र ती पार्टीका नेता/कार्यकर्ताहरुलाई भद्रकालीमा प्रहरीले हस्तक्षेप गरी अन्धाधुन्ध लाठिचार्ज गर्नुका साथै अश्रुग्यास प्रहार गरे। उक्त घटनामा प्रहरीले लाठी लगायत् बन्दुकको कुन्दा तथा संगिन समेत प्रहार गरेका थिए। यस घटनामा एमालेका वामदेव गौतम, बाचस्पति देवकोटा, महेन्द्र पाण्डे, उर्वादत्त पन्त, भोजराज जोशी, कृष्णलाल महर्जन, नेकाँका राष्ट्रिय सभा सांसद गंगादत्त जोशी, रामशरण महत, गंगाधर लम्साल तथा अजय चौरसिया, रामजनम चौधरी, अच्युत पाण्डे, दोर्जेजम्बु लामा, दीपक अधिकारी, नरनाथ लुइँटेल, रामचन्द्र अधिकारी, विजयलक्ष्मी शाहीलगायत् अन्य दर्जनौ राजनीतिक नेता तथा कार्यकर्ता घाइते भए। सोही अवस्थामा भक्तपुर जिल्ला भक्तपुर नपाका नेमकिपाका कार्यकर्ता ५० वर्षीय पृथ्वीकुमार प्रजापतिलाई प्रहरीले लाठिचार्ज गर्नुका साथै अश्रुग्यास प्रहार गरी भुइँमा लडेको वेला वन्दुकको संगीनले मलद्वारमा रोपेका कारण आन्द्रामा दुई ठाउँ काटियो। पीडितलाई दुई घण्टापछि सो ठाउँबाट उपचारको लागि सर्वसाधारणले वीर अस्पताल लगेकोमा सो अस्पतालका डाक्टरले केही भएको छैन भनी स्लाइन दिएर राखे। पुनः पीडितलाई काठमाडौं मोडल अस्पतालमा लगी अप्रेशन समेत गरी उपचार गरियो।

कामनपा-९ गौशालाबाट अनेमसंघ (क्रान्तिकारी) का २६ वर्षीय विष्णु थापा, २२ वर्षीय उषा देवकोटा, सहयोगीहरु ३२ वर्षीय पिताम्वर गिरी र २४ वर्षीय सरोज बुढाथोकीलाई ०६० जेठ १७ गते प्रहरीले गिरफ्तार गरे। अनेमसंघ (क्रान्तिकारी) को जिल्ला सम्मेलनको काममा पर्चा टाँसेको आरोपमा वडा प्रहरी कार्यालय, गौशालाले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय हनुमान ढोकामा थुनामा राखेकोमा दुई हप्तापछि रिहा गरियो।

कामनपा-१० नयाँ बानेश्वर थापागाऊँबाट सरकारी गाडी सडकमा गुड्न नदिने कार्यक्रमअनुसार प्रमुख जिल्ला अधिकारी चढ्ने बा. १ क ४५८५ नम्बरको सरकारी गाडीको साँचो आफ्नो नियन्त्रणमा लिएको आरोपमा तरुण दलका केन्द्रीय कोषाध्यक्ष ३७ वर्षीय रघुरमण न्यौपाने, सचिव ३५ वर्षीय पुण्य पराजुली, सदस्य ३६ वर्षीय मोती श्रेष्ठ र नुवाकोट जिल्ला अध्यक्ष ३८ वर्षीय प्रमोद रिमाललाई ०६० जेठ २३ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरुलाई भोलिपल्ट रिहा गरियो।

प्रतिगमनको विरुद्ध पाँचवटा पार्टीले आयोजना गरेको पाँचौ चरणको आन्दोलनको कार्यक्रम अनुसार ०६० असार १६ गतेको मसाल जुलुसमा इन्द्रचोक पुग्दा प्रहरीले लाठिचार्ज गरे। उक्त लाठिचार्जबाट एमालेका नेता सुवास नेवाङ, गोकर्ण विष्ट, लक्ष्मण माली, मकवानपुरका गणेश बस्याल, नेकाँका कृष्ण सिटौला घाइते भए।

प्रतिगमन विरुद्ध आन्दोलनरत पांच पार्टीहरुले आयोजना गरेको सातौं चरणको कार्यक्रममा सरकारले गरेको निषेधाज्ञाको भद्र अभज्ञा गर्ने कार्यक्रममा पांचै पार्टीका नेता तथा कार्यकतालाई ०६० भदौ १८ गते रत्नपार्क, वागवजार, भोटाहिटी, घण्टाघर, जमल आदि स्थानवाट प्रहरीले गिरफ्तार गरे । यसरी गिरफ्तार हुनेहरुमा एमालेका भरतमोहन अधिकारी, युवराज ज्ञवाली, मुकुन्द न्यौपाने, विद्या भण्डारी, राजेन्द्र श्रेष्ठ, कृष्णगोपाल श्रेष्ठ, शुशिला नेपाल, थममाया थापा, गोमा देवकोटा, तिर्था गौतम, सीता पौडेल, गंगालाल तुलाधर, गोकर्ण विष्ट, इन्दु गौतम, रामेश्वर फुयाल, प्रेम पराजुली आदी लागायत ५ सय जनाको संख्यामा गिरफ्तार भए।

आन्दोलनका क्रममा जुलुसको नेतृत्व गर्दै नेकाँ नेता रामशरण महत

प्रतिगमन विरोधी आन्दोलनमा प्रहरीद्वारा लाठिचार्ज गरी घाइते बनाइएका विद्यार्थी नेताहरु गुरुराज घिमिरे, गगन थापा, दिपक महर्जन र देवराज न्यौपाने

गिरफ्तार गरिएको एमालेका नेता तथा कार्यकर्तालाई महाराजगञ्ज स्थित रोमियो हलमा राखियो। यस्तै नेपाली कांग्रेसका महामन्त्री सुशिल कोइराला, के.वि गुरुङ, सुजता कोइराला, गोपाल राई, लोकेश ढकाल, ज्ञानु केसी, प्रताव गुर्धामी, पुष्पराज पराजुली लगायत ३०० जना नेता तथा कार्यकतालाई प्रहरीले गिरफ्तार गरे। नेपाली कांगेसका नेता तथा कार्यकतालाई सशस्त्र प्रहरी गण हलचोकमा राखियो। यसै गरी संयुक्त जनमोर्चाका अध्यक्ष अमिक शेरचन हित ४० जना, नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य प्रेम सुवाल सहित १५ जना र सद्भावनाका महामन्त्री राजेन्द्र महतो लगाइत ९ जनालाई प्रहरीले गिरफ्तार गरी महेन्द्र पुलिस क्लवमा राखे। अभज्ञा आन्दोलनमा सहभागी राजनीतिक कार्यकताहरुलाई प्रहरीले लछारपछार गर्दै प्रहरी भ्यान, टोयटा भ्यान, सडक विभाग, विद्युत प्राधिकरण, फोहर मैला फाल्ने ट्रक आदिमा गिरफ्तार गरि लगेको थियो । गिरफ्तार गरिएका सबै नेता तथा कार्यकतालाई भोलिपल्ट साँझ रिहा गरियो।

पाँच दलले प्रतिगमनविरुद्ध आन्दोलन गरिरहेकै समयमा श्री ५ को सरकारले निषेधाज्ञा जारी गरेको विरोधमा पाँच पार्टीहरुले रत्नपार्क, भोटाहिटी, जमल, घण्टाघर, बागबजार, आदी ठाउँबाट निषेधाज्ञाको विरोधमा ०६० भदौ २४ गते धर्ना तथा जुलुस प्रदर्शन गरे। उक्त विरोध कार्यक्रममा नेकाँका सभापतिलाई सुरक्षाकर्मीले नियन्त्रणमा लिई महाराजगञ्जस्थित निवासमा लगेर रिहा गऱ्यो। यस्तै अन्य प्रदर्शनकारीहरु एमालेका नेता भरतमोहन अधिकारी, केशव बडाल, सिद्धिलाल सिंह, कृष्णगोपाल श्रेष्ठ, अष्टलक्ष्मी शाक्य, उर्मीला अर्याललगायत् हजारौं कार्यकर्ता तथा नेकाँका रामचन्द्र पौडेल, सुशिल कोइराला, नरहरि आचार्य, महन्त ठाकुर, महेश आचार्य, रामशरण महत, लक्ष्मण घिमिरेलगायत् सयौं नेता तथा कार्यकर्तालाई सुरक्षाकर्मीले गिरफ्तार गरे। गिरफ्तार गरिएका सबैलाई भोलिपल्ट रिहा गरियो।

पेशागत हक हितका लागि शिक्षक संघ, राष्ट्रिय शिक्षक संगठन र क्रान्तिकारी शिक्षक संघको आयोजनामा कामनपा-३१ अद्वैतमार्गबाट निकालिएको विरोध जुलुसमा शिक्षक संगठनका अध्यक्ष माधवप्रसाद अधिकारी, महासचित्र बाबुराम अधिकारी, शिक्षक संघका कार्यवाहक अध्यक्ष चुन्नीशरण यादव, महासचिव मोहन ज्ञवाली, क्रान्तिकारी संघका अध्यक्ष चक्रवहादुर चातुक, उपाध्यक्ष नारायणवहादुर दुवाललगायत् २ सय ५० जनाभन्दा वढी शिक्षकलाई ०६० भदौ २६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। गिरफ्तार गरिएका केही शिक्षकलाई सोही दिन रिहा गरियो भने बाँकीलाई भदौ २७ गते रिहा गरियो।

प्रतिगमनविरुद्ध सात विद्यार्थी संगठनले काठमाडौंका विभिन्न ठाउंहरुमा निकालेको शान्तिपूर्ण जुलुसमाथि ०६० पुस १४ गते प्रहरीले बागबजार र पुरानो बसपार्कअगाडि अन्धाधुन्ध लाठीचार्ज गर्दा एमालेका केन्द्रीय सदस्यद्वय सुवास नेम्वाङ र कृष्णगोपाल श्रेष्ठ तथा कांग्रेसकी सुजाता कोइराला, अनेरास्ववियुका पूर्व अध्यक्ष रूपनारायण श्रेष्ठ, फूलमान बल, उपाध्यक्ष भक्त गुरुङ, केन्द्रीय सदस्य रूपेश खतिवडा, टेकराज पछाईसहित दुई दर्जन घाइते भए। अनेरास्ववियु पूर्वअध्यक्ष रूपनारायण श्रेष्ठ, प्ररायुसंघका महासचित्र रवीन्द्र अधिकारी, नेविसंघ महामन्त्री गगन थापा, क्रान्तिकारी विद्यार्थी संघका सचिव सुमन महर्जन, भीम वली, सरिता थापा, हेरम्बराज बाँस्तोला, बद्री अर्याल, रमेश रायमाझीलगायतलाई प्रहरीले गिरफ्तार गरी सोहि दिन बेलुका रिहा गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा गत वर्षबाट जिम्मेवारी सरेर

आएका समेत गरी ८ हजार ५ सय ८१ मुद्दा रहे। यस अवधिमा २ हजार ९ सय ६१ मुद्दा फर्स्यौट भए भने ५ हजार ६ सय ३० वटा मुद्दा बाँकी छन्। देवानी तर्फका जम्मा मुद्दा संख्या ५ हजार ४ सय ८१ मा १ हजार ७ सय ३४ फर्स्यौट भई ३ हजार ७ सय ४७ बाँकी रहे। फौज्दारीतर्फ १ हजार १ सय २२ वटा मुद्दामा ४ सय ३५ वटा फर्स्यौट भई ६ सय ८७ वटा बाँकी रहे। दुनियावादी फौज्दारीतर्फ १ हजार ९ सय ७८ मुद्दामा ७ सय ९२ वटा फर्स्यौट भई १ हजार १ सय ८६ वटा बाँकी रहे। जिल्ला अदालतमा हालसम्म २ वर्ष अवधि नाघेका मुद्दाको संख्या १ हजार ३ सय ५४ छ।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

धादिङ जिल्ला घर भै कुपण्डोल बस्ने १६ वर्षीय चतुरमान गुरुङलाई ०५९ पुस १९ गते सर्वोच्च अदालतले रिहा गर्ने आदेश दिएपछि केन्द्रीय कारागारबा रिहा हुनासाथै प्रहरीले गिरफ्तार गरी बा. ३ च. ३६६२ नम्बरको गाडीमा राखि महेन्द्र पुलिस क्लब, प्रदर्शनी मार्गमा लगि आँखामा पट्टी बाँधेर वडा प्रहरी कार्यालय, सुविधानगर लगे। त्यसपछि वडा प्रहरी कार्यालय सिंहदरबार, वडा प्रहरी कार्यालय सोह्रखुट्टे तथा जिल्ला प्रहरी कार्यालय, ललितपुर हुँदै माघ ६ गते पक्राउ पुर्जी दिई नख्खु जेलमा थुनामा राखे। पीडितलाई सर्वोच्चको आदेशपछि फागुन १२ गते रिहा गरियो।

नुवाकोट जिल्ला विदुर नपा-३ का कानुन व्यवसायी २७ वर्षीय नारायण अधिकारी र दोलखा जिलला घर भई कामनपा-१५ डल्लु बस्ने २७ वर्षीय हरिद्वार कुँवरलाई ०५९ पुस २३ गते केन्द्रीय कारागारबाट सर्वोच्चले रिहा गर्ने आदेश दिएपछि रिहा हुने क्रममा प्रहरीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय हनुमान ढोका लगी त्यहाँ एक दिन राखि आँखामा पट्टी बाँधेर मानसिक तथा शारीरिक यातना दिंदै विभिन्न वडा प्रहरी कार्यालयमा हिरासतमा राख्दै माघ ५ गते जिल्ला प्रहरी कार्यालय लगि माघ ६ गते पक्राउ पुर्जी दिई नख्खु जेलमा थुनामा राखियो। हरिद्वारलाई माघ २७ गते र नारायणलाई फागुन ९ गते रिहा गरियो।

सुनसरी जिल्ला सिंगिया गाविस घर भई केन्द्रीय कारागार शाखा थुनामा रहेका ३२ वर्षीय शालिकराम भट्टराई र दोलखा जिल्ला घर भई सितापाइला डेरा गरी बस्ने २२ वर्षीय डम्बरबहादुर कार्कीलाई ०५९ पुस २४ गते प्रहरीले केन्द्रीय कारागारबाट बाहिर निकाली गिरफ्तार गरी बेपत्ता पारे। पुस २३ गते सर्वोच्च अदालतले रिहा गर्ने फैसला गरेपछि दुवै जनालाई प्रहरीले वडा प्रहरी कार्यालय, सुविधानगरमा लगी खान पनि नदिई २६ गते वडा प्रहरी कार्यालय बौद्धमा लगे। माघ ५ गते आँखामा पट्टी बाँधेर जिल्ला प्रहरी कार्यालय, ललितपुरमा लगि भोलिपल्ट नख्खु जेलमा थुनामा राखे। माघ ६ गतेदेखि मात्र आफन्तहरुसँग भेट गर्न दिइयो। पीडितमध्ये डम्बरबहादुरलाई माघ २९ गते र शालिकरामलाई फागुन २२ गते रिहा गरियो।

जनदिशा दैनिकका सम्वाददाता भरत सिग्देल र दिशाबोध मासिकका अनिल चौहानलाई ०५९ माघ ८ गते केन्द्रीय कारागार र भद्र बन्दी गृहबाट रिहा हुने बित्तिकै प्रहरीले पुन: गिरफ्तार गरे। गिरफ्तार गरिएका दुवै पत्रकारलाई जिल्ला प्रहरी कार्यालय लगि हिरासतमा राखि दुई दिनपछि रिहा गरियो।

सर्वोच्चको आदेशपछि भद्रबन्दी गृहबाट रिहा भएका पत्रकारहरु ओम शर्मा, खिलबहादुर भण्डारी र भीमबहादुर बुढाथोकीलाई ०५९ माघ १२ गते प्रहरीले पुन: गिरफ्तार गरे। गिरफ्तारपछि जिल्ला प्रहरी कार्यालय, हनुमानढोकामा हिरासतमा राखिएका पत्रकारहरुलाई १४ गतेदेखि बेपत्ता पारी १५ गते हनुमान ढोकामै ल्याई १७ गते पाँचौं पटक थुनुवा पुर्जी दिई पुन: भद्रबन्दी गृहमा थुनामा राखियो। पीडितहरुलाई शान्ति वार्ताको क्रममा रिहा गरियो।

त्रिचन्द्र क्याम्पसका विद्यार्थी तथा नेविसंघ क्याम्पस एकाई सहसचिव शंकर डाँगीलाई ०६० जेठ १९ गते प्रहरीले गिरफ्तार गरे। पीडित डाँगीलाई आन्दोलनरत

विद्यार्थी आन्दोलनमा प्रहरीद्वारा गिरफ्तार गरी राज्य विरुद्धको मुद्दा फिर्ता लिएपछि रिहा भएका विद्यार्थी नेता गुरुराज घिमिरे, गगन थापा र पुरुषोत्तम आचार्य

सात विद्यार्थीहरुको दवावमा जेठ २३ गते रिहा गरियो।

किर्तिपुरवाट संयुक्त जनआन्दोलनमा सहभागी भई घर फर्कने क्रममा अनेरास्ववियु (एकीकृत) का केन्द्रीय सदस्य २८ वर्षीय कृष्ण शर्मालाई ०६० जेठ १९ गते प्रहरीले गिरफ्तार गरेकोमा जेठ २३ गते रिहा गरियो।

कामनपा-१४ कलंकीस्थित हिमालयन गेष्ट हाउसवाट डीआर लामिछानेलाई ०६० भदौ १० गते राति ११.३० बजे सुतिरहेको अवस्थामा ६-७ जनाको समूहमा सादा पोशाकमा आएका सुरक्षाकर्मीले "केही कुरा सोध्नु छ" भनी अज्ञात स्थलतर्फ लगेकोमा २ दिनपछि सोधपुछ गरी रिहा गरियो।

कामनपा-३३ मैतिदेवी आफ्नै निवासबाट पत्रकार ३६ वर्षीय निलकण्ठ तिवारीलाई ०६० भदौ १२ गते गिरफ्तार गरी सुरक्षाकर्मीले भोलिपल्टै रिहा गरेकोमा पुन: १५ गते गिरफ्तार गरी १७ गते घरैमा ल्याएर रिहा गरे।

बज्रयोगिनी साँखु गाविस-१ का आरआर क्याम्पसका स्ववियु सभापति तथा अनेरास्ववियु केन्द्रीय सचिवालय सदस्य ३० वर्षीय विनोद मञ्जनलाई ०६० भदौ १४ गते साँझ ५.३० बजे कामनपा-३३ मैतिदेवीस्थित कोठावाट सादा पोशाकमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारेकोमा भदौ १६ गते घरमा ल्याएर रिहा गरियो।

कामनपा-२० भीमसेनस्थानस्थित आफ्नै निवासवाट नवआवाज मासिक पत्रिकामा कार्यरत तथा पत्रिका विक्रेता ३० वर्षीय पुन्कल ढकाललाई ०६० भदौ २६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। ढकाललाई आँखामा पट्टी बाँधी २ दिनसम्म अज्ञात स्थानमा राखी सामान्य सोधपुछ पछि रिहा गरियो।

कामनपा-३५ कोटेश्वरस्थित बालकुमारीवाट जनआस्था साप्ताहिकका सम्वाददाता २७ वर्षीय सीताराम बराललाई ०६० भदौ २७ गते मध्यान्ह सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई ५ दिनसम्म सैनिक हिरासतमा राखि सोधपुछ गर्ने क्रममा शारीरिक र मानसिक यातना दिई भदौ ३१ गते रिहा गरियो।

रसुवा जिल्ला लहरेपौवा गाविस-४ घर भई काठमाडौं जिल्ला गोगवु गाविस-६ गोगंवुमा बस्दै आएका ३२ वर्षीय रामचन्द्र न्यौपाने र भाइ २५ वर्षीय होमप्रसाद न्यौपानेलाई ०६० असोज ५ गते आफ्नै निवासबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। सुरक्षाकर्मीले पीडितहरुलाई गिरफ्तार गरेदेखि नै आँखामा कालोपट्टी बाँधेर हिरासतमा राखी असोज ८ गते रिहा गरे।



प्रहरीद्वारा यातना दिइएका प्रहरी सई होमबहादुर बगाले

गोकर्णेश्वरबाट जनमोर्चा, नेपालका काठमाडौं क्षेत्र नं २ का संयोजक ३८ वर्षीय रमेश सिग्देललाई ०६० कार्तिक १८ गते शाही नेपाली सेनाले गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई आँखामा पट्टी लगाएर सैनिक ब्यारेकमा राखि सामान्य सोधपुछ पछि कार्तिक २३ गते घरमा ल्याई रिहा गरियो।

बुढानिलकण्ठबाट नेपाल विद्यार्थी संघका अध्यक्ष गुरुराज घिमिरे र महामन्त्री गगन थापा तथा अनेरास्ववियुका केन्द्रीय पूर्व पार्षद पुरुषोत्तम आचार्यलाई राजतन्त्र विरोधी नारा लगाएको आरोपमा ०६० पुस १ बेलुकी सुरक्षाकर्मीले गिरफ्तार गरे। जिल्ला प्रहरी कार्यालय हनुमानढोकाबाट विद्यार्थी नेताहरुलाई ७ दिन हिरासतमा राख्न पाउनको लागि पुस ३ गते विशेष अदालतमा उपस्थित गराएकोमा अदालतबाट पुस २ गतेदेखि लागू हुने गरी ५ दिन हिरासतमा राख्ने अनुमति दिइयो। राज्यविरुद्धको अपराध तथा सजाय ऐन अनुसार ३ वर्ष कैद र तीन हजार रुपैयाँ माग गर्दै पुस ८ गते राज्यद्रोहको मुद्दा विशेष अदालतमा दायर गरेकोमा सरकारले ९ गते उक्त मुद्दा फिर्ता लियो र पीडितहरुलाई रिहा गरियो। विद्यार्थीहरुले दिनदिनै विद्यार्थी नेताहरुको रिहाइको माग गर्दै विरोध प्रदर्शन गरे। उक्त विरोध प्रदर्शनमा ५ दर्जनभन्दा बढी विद्यार्थीलाई प्रहरीले गिरफ्तार गर्नुका साथै विद्यार्थी र प्रहरीबीचको लाठिचार्ज र ढुंगामुढामा २ दर्जनभन्दा बढी विद्यार्थीहरु र केही प्रहरी घाइते भए।

बालअधिकार

कामनपा-६ बौद्धमा रहेको एक गलैंचा कारखानामा बन्दी बनाइएका १२ जना बाल मजदुरहरुलाई ०५९ माघ १५ गते प्रहरीले स्थानीय जनताको सहयोगमा उद्धार गरे। पीडितहरुलाई सिविरमा राखि परिवारको जिम्मा लगाइयो।

पाँचथर जिल्ला घर भई कामनपा-१६ पकनाजोल बस्ने ४ वर्षीय एक बालिकालाई ०५९ चैत १५ गते सोही ठाउँ बस्ने २२ वर्षीय विजय शर्माले यौन दुर्व्यवहार गरे पीडकलाई प्रहरीले गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा राखे।

रुपन्देही जिल्ला घर भई कामनपा ३४ स्थित रेनर्स आवासिय माविमा अध्यनरत ११ वर्षीय बालाकालाई सोहि विद्यालयका संचालक तथा प्रधानअध्यापक भारतिय नागरिक वेन्जामिन आइज्याकले पटक पटक सोहि विद्यालयको भीमसेनगोलामा रहेको छात्रावासमा यौन

दुर्व्यवहार गरेकोमा पीडितका परिवारले ०६० जेठ १४ गते पीडकलार्य कारवाहीको माग गर्दै प्रहरीमा उजुरी गरे। पीडक विद्यालयबाट राजिनामा दिएर भागेकाले कुनै कारवाही भएन भने पीडित अध्यन छोडेर रुपन्देहि नै फर्किइन।

जोरपाटी गाविस ३ स्थित बुद्ध एकेडेमी बोर्डिङ स्कुलमा अध्ययनरत कक्षा ४ का ११ वर्षीय फुछिरिङ शेर्पा कक्षा ८का १४ वर्षीय कामी शेर्पा र पेगासस बोर्डिङ स्कुलमा अध्यनरत कक्षा ७का १३ वर्षीय पासाङ शेर्पालाई ०६० जेठ २३ गते वडा प्रहरी कार्यालयका प्रहरीले गिरफ्तार गरी यातना दिए। पीडितहरुलाई वडा प्रहरी कार्यलयमा राखि पलेटी मारेर बस्न लगाई तिघ्रामा चढेर उफ्रदै एक हवल्दार र एक सिपाहिले यातना दिएका थिए। त्यस पछि दिनभरी खाना पनि खान नदिई पीडितहरुलाई कार्यालयमा कुचो लगाउने, भुई पुच्छन लागउने र शौचालय सफा गर्न लगाउने काम समेत लगाएका थिए।

कामनपा-२२ स्थित खिचापोखरीको निर्मल विद्यापीठ निम्नमाध्यामिक विद्यालयका १ सय ५० जना विद्यार्थीहरुलाई सोही विद्यालयकी प्रधानाध्यापीका रमिला श्रेष्ठले वर्षौदेखि अमानवीय व्यवहार र कुटपिट गर्दै आएको कुरा ०६० असार ११ गते सोही विद्यालयका ४० जना विद्यार्थीहरुले सामूहिक रुपमा सिविन र जिल्ला शिक्षा कार्यालय काठमाडौमा निवदन दिएपछि प्रकाशमा आएको थियो। हालसम्म प्रधानअध्यापीका श्रेष्ठलाई कुनै कारवाही हुन सकेको छैन।

वांके जिल्ला पेडारी गाविस घर भई कामनपा १ नक्साल स्थित नापी विभागका महानिर्देशक श्री प्रकाश महराको घरका घरेलु कामदार १३ वर्षीय वालकृष्ण चौधरीलाई ०६० असार २२ गते सोहि घरकी मालिक्नी युएन महराले खाना ढिलो पकाएको आरोपमा उम्लिरहेको तातो दाल शरिरमा खन्याइ दिंदा घांटी, कांध, कन्चट र छातीसम्म पोलियो। घाइते चौधरीलाई पीडक परवारले १५ दिनसम्म घरैमा थुनेर राखि सामान्य उपरार गरे। नक्साल स्थित वालमन्दिरमा अध्यनरत चौधरी विद्यालय आए पछि घटना सार्वजनिक भई पीडितलाई कारवाहि र क्षतिपुर्तिको लागि प्रहरीमा उजुरी दिंदा पनि कुनै कारवाही भएन । यस घटनाको विरोधमा साउन ७ गते वाअधिकार वादी संघसंस्था र विद्यालयले यातनाको विरुद्धमा विरोध प्रदर्शन गरे।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दुर्व्यवहार

महिला किनबेच

नुवाकोट जिल्ला गाउँखर्क घर भएकी २२ वर्षीय टोक्सा तामाङलाई २०५९ चैत्र १५ गते ललाई-फकाई बेच बिखन गर्ने उद्देश्यले भारततर्फ बेच्न लगेको अवस्थामा नुवाकोट जिल्ला गाउँखर्क गाविस-२ का २२ वर्षीय रामबहादुर तामाङलाई काठमाडौं नागढुङ्गाबाट प्रहरीले गिरफ्तार गरे पीडितलाई माइती नेपालको जिम्मा लगाइयो। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

यो वर्ष जिल्ला प्रहरी कार्यालयमा जीउ मास्लेबेच्ने सम्बन्धी ९ वटा घटना दर्ता भए भने बलात्कारका ७ वटा घटना दर्ता भएका थिए।

विविध

संरचना क्षति

कामनापा-१४ कलंकिस्थित ६ नम्बर नापी कार्यालय, कामनपा-१० बानेश्वरस्थित श्रम तथा रोजगार प्रबर्द्धन विभाग र कामनपा-१८ वडा कार्यालयमा ०६० भदौ २२ गते माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

जिल्ला प्रहरी कार्यालयमा यस आर्थिक वर्षमा आत्महत्याका २ सय १६, चोरीका ५५, ठगीका १३ र खोटा चलनमा २७ वटा मुद्दा दर्ता भए। यसै गरी सवारी दुर्घटनामा ४७ जनाको मृत्यु भयो भने १३ जना गम्भीर घाइते भए। भवितव्यमा परी १ सय १७ जनाको ज्यान गयो। देह व्यापार र जीउ मास्नेवेच्ने सम्वन्धी ९ वटा मुद्दा दर्ता भए।

विगतको अनुगमन

गत वर्ष गिरफ्तार गरिएका माओवादीका केन्द्रीय सदस्य कृष्णध्वज खड्का र अनेमसंघ (क्रान्तिकारी) का तत्कालीन अध्यक्ष रेखा शर्मालाई सरकारले शान्ति वार्ताको क्रममा यस वर्ष रिहा गऱ्यो।

पत्रकार अतिन्द्र न्यौपाने ०५९ फागुन २६ गते, संगीता खड्का चैत ७ गते र शिव तिवारी चैत १० गते, निर्मला भण्डारी ०५९ फागुनमा रिहा भए।

गत वर्ष बेपत्ता पारिएका अनेरास्ववियु (क्रान्तिकारी) का महासचिव पूर्ण पौडेल, केन्द्रीय सचिवालय सदस्य नविन राई, केन्द्रीय सदस्य विपिन भण्डारी, दिलवहादुर राई, रामहरि रुपाखेती, निता गौतम, सुशीला थापा, पत्रकारहरु सुमन बुढाथोकी र सोमवहादुर तामाङ तथा भैरवबहादुर सिंग्देलको स्थिति यो वर्ष पनि अज्ञात नै रहयो।

२.१६ धादिङ



जनसंख्या	:३३८६५८
साक्षरता प्रतिशत	:४३.४८
महिला साक्षरता प्रतिशत	:३३.८१
क्षेत्रफल (वर्ग कि.मी.)	:१९२४.९
गाविस/नपा संख्या	:५०/०
निर्वाचन क्षेत्र	:३
विद्यालय	:६१२
क्याम्पस/उच्च मावि	:१/६
अस्पताल/स्वास्थ्य चौकी	:१/५१
टेलिफोन लाइन	:५१८
मोटर सडक (कि.मी.)	:४८५
प्रहरी कार्यालय संख्या	:३
हुलाक संख्या	:५०
मानव विकास सूचकांक	:०.२५८
प्रति एक डाक्टर जनसंख्या	:१३५४६
प्रति परिवार सरदर संख्या	:५.४०

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

मार्पाक गाविसका माओवादी कार्यकर्ता २५ वर्षीय लक्ष्मण तामाङ र रामसिंह तामाङलाई ०५९ पुस २३ गते सत्यदेवी गाविसको किन्ताङफेदीमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

मैदी गाविस-४ का ३० वर्षीय सोमबहादुर थापामगरलाई ०५९ माघ ७ गते सोही गाविस-३ बरामगाउँमा रत्यौली हेरिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी गोली हानी हत्या गरे। पीडित भारतबाट माघे संक्रान्ति मनाउन घर आई फर्कने तरखरमा रहेका थिए।

थाक्रे गाविस-६ दामेचौरकी विद्यार्थी १५ वर्षीय लाटी गीता शर्मालाई माओवादीको आरोपमा ०६० असोज ३ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

नौबिसे गाविस-२ का माओवादी कार्यकर्ता २५ वर्षीय वैकुण्ठ रेग्मी र २२ वर्षीय डोलबहादुर सुवेदीलाई ०६० असोज २५ गते तसर्पु गाविसको रातमाटेमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

खाल्टे गाविस-८ धुसेनीका १६ वर्षीय योगेश गुरुङलाई विद्युतीय धराप थापरेको आरोपमा ०६० कार्तिक ३ गते दिउँसो निलकण्ठ गाविस-५ रिजालगाउँमा पढ्न बसेको डेराबाट सुरक्षाकर्मीले बाहिर ल्याई गोली हानी हत्या गरे। पीडित महेन्द्रोदय प्रस्तावित माविमा कक्षा १० मा अध्ययनरत थिए। बिरामी भएर बसेका पीडितको हत्यापछि दाहसंस्कार गर्न दिइएन।

जीवनपुर गाविस-९ का ४० वर्षीय रामशरण थापालाई ०६० कार्तिक १२ गते सादा पोशाकमा आएका सुरक्षाकर्मीले घरबाट अपहरण गरी खेतमा लगी गोली हानी हत्या गरे। उक्त घटनाको बारेमा सुरक्षाकर्मी र माओवादी दुवैले जिम्मेवारी लिएका छैनन्।

समेजोङ गाविस-५ गैराका कृषक ६५ वर्षीय वीरसिं तामाङ र २१ वर्षीय नक्कले तामाङलाई ०६० कार्तिक १६ गते सुरक्षाकर्मीले नुवाकोट जिल्ला फलाटे गाविसबाट गिरफ्तार गरी घर नजिकै ल्याई गोली हानी हत्या गरे। उक्त घटनालाई सुरक्षाकर्मीले भिडन्तमा मारिएको जनाए।

जीवनपुर गाविसमा एक माओवादीलाई ०६० कार्तिक २८ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। उक्त घटनालाई सुरक्षाकर्मीले भिडन्तमा मारिएको जनाए।

नलाङ गाविस-७ का माओवादी जिल्ला सदस्य एवं माओवादीद्वारा घोषित इलाका जनसरकार प्रमुख ४० वर्षीय जनक भनिने हरि तिमिल्सिनालाई ०६० मंसिर २८ गते ज्यामरुङ गाविस-४ मा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

आगिनचोक गाविस-१ का माओवादीद्वारा घोषित संयुक्त जिल्ला जनसरकार उपप्रमुख भवन भनिने जीवन थपलिया र उदय भनिने अनिल थापालाई ०६० पुस ९ गते सुरक्षाकर्मीले सोही गाविस-१ गोलाङबेंशीमा गोली हानी हत्या गरे। उक्त घटनाबाट सुरक्षाकर्मीले विद्युतीय धराप बनाउने सामग्री, बारुद र ३ लाख २० हजार रुपैयाँ बरामद गरे।

कटुञ्जे गाविस-८ टोड्केबजारमा पासाङ भनिने माओवादी कार्यकर्तालाई ०६० पुस १४ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

माओवादीबाट

दार्खा गाविस-४ कुरीका राप्रपा कार्यकर्ता ३६ वर्षीय हरिबहादुर तामाङलाई चन्दा नदिएको आरोपमा ०५९ पुस २९ गते माओवादीले घरबाट अपहरण गरी पुस ३० गते दाखी गाविस-६ मा लगी खुकुरीले काटेर हत्या गरे।

नलाङ गाविस-९ पिपलनलाङका नेकाँ (प्रजातान्त्रिक) का ४० वर्षीय मोतिराम सिलवाललाई चन्दा नदिएको आरोपमा ०६० भदौ २१ गते आमाको किरिया बसिरहेको अवस्थामा माओवादीले अपहरण गरी भदौ २३ गते टाउकोमा गोली हानी खुकुरीले घाँटी रेटेर हत्या गरे।

किरान्चोक गाविस-७ का एमालेका इलाका सदस्य तथा पूर्व गाविस उपाध्यक्ष ४२ वर्षीय रामबहादुर पण्डितलाई आफूलाई नसघाएको आरोपमा ०६० भदौ ३० गते राति माओवादीले घरबाट अपहरण गरी सोही गाविस-९ सिमटारी जंगलमा लगी शरीरमा बम पड्काएर हत्या गरे। उक्त घटनामा पीडितकी १५ वर्षीय छोरीलाई माओवादीले कुटपिट गरी घाइते बनाए। सोही घटनामा लास लिन गएका सुरक्षाकर्मीलाई माओवादीले भदौ ३१ गते दरिङ्गाल खोलामा विद्युतीय धरापमा पारे। विद्युतीय धरापमा परी असई इन्द्रबहादुर थापा र प्रहरी जवान रुद्रप्रसाद पाण्डेको घटनास्थलमै मृत्यु भयो भने अन्य दुई सुरक्षाकर्मी र रामबहादुरका भतिजा सख्त घाइते भए।

फुलखर्क गाविस-२ का ४५ वर्षीय लुरे विश्वकर्मालाई ०६० असोज ३ गते अर्केको घर कुरेर बसेको घरमा माओवादी आफैंले चिया पकाउन लगाई अँगेनामा बारुद हाल्दा पोलेर भोलिपल्ट मृत्यु भयो। उक्त घटनामा रामशरण धरेलसमेत दुई जना माओवादी कार्यकर्ता सख्त घाइते भए।

तसर्पु गाविस-४ माफडाँडाका एमाले माउँ कमिटी सदस्य ४५ वर्षीय बच्चुराम अर्याललाई सुराकीको आरोपमा ०६० कार्तिक ४ गते बिहान माओवादीले घरबाट अपहरण गरी मकवानपुर जिल्लाको आगरानजिकै लगी काँढाको रुखमा बाँधेर ढुंगा, रड र बन्दुकको कुन्दा प्रहार गरी हत्या गरे। पीडितको लास कार्तिक ७ गते टाउको फुटेको, हातखुट्टा भाँचिएको अवस्थामा फेला पर्‍यो। पीडितको लास दाहसंस्कार गर्न दिइएन।

दार्खा गाविस-४ का सुनबहादुर तामाङलाई नक्कली माओवादी बनी चन्दा उठाएको आरोपमा ०६० साउन २६ गते सल्यानटार गाविसको सल्यानटारबाट माओवादीले अपहरण गरी गाउँ घुमाएर घर नजिकै लगी कुटपिट गरी हत्या गरे।

मुलपानी गाविस-४ का २३ वर्षीय राजु विश्वकर्मालाई माओवादीको नाममा चन्दा उठाएको आरोपमा ०६० कार्तिक ५ गते माओवादीले टारीबेंशीबाट अपहरण गरी सल्यानकोट र आगिन्चोकको सीमाना धिमिरेडाँडामा लगी कुटपिट गरी हत्या गरे।

रानीपौवा मावि सल्यानटारमा कक्षा ८ मा अध्ययनरत १५ वर्षीय रेशम कुमालको ०६० कार्तिक १९ गते माओवादीले थापेको विद्युतीय धरापमा परी मृत्यु भयो। पीडितले बिहान ९ बजेतिर सल्यानटार गाविस-५ लप्सीखोलामा सुरक्षाफौजलाई लक्षित गरी थापिएको

घटनाको प्रकार	गैर राज्यपक्षबाट								राज्यबाट पीडित				
	अन्यबाट पीडित				माओवादीबाट पीडित								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	७	४	३	७	११	१२		१२	१२	१५	१		१६
घाइते	१		१	१	४	६	२	८	२	८			८
गिरफ्तारी/यातना									८	१७		३६	५३
बेपत्ता									३३	४९	३		५२
कुटपिट	८	९		११	८	१४	२	१६	१	१			१
धम्की	२	२		२	१५	२६	१	२७					
जातीय विभेद	३	२		२									
महिलाअधिकार	१०		१३	१३									
बालअधिकार	१	१		१	१		१	१	१	३			३
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१		१	१									
अमानवीय व्यवहार	३		३	३									
अपहरण					७	१३	१	१४					
जम्मा	३५	१८	२१	४१	४६	७१	७	७८	५७	९३	४	३६	१३३

विद्युतीय धरापको तार बाटोमा देखेपछि एफएम बजाउने तार पाइयो भनी झिक्न लाग्दा विस्फोट भएको थियो। उक्त घटनाका बारेमा माओवादीले गल्ती स्वीकार गरे।

दोहोरो भिडन्त

गजुरी गाविस-८ डुँडेठाटीमा गस्तीमा गएको सुरक्षाकर्मीलाई ०६० भदौ २४ गते माओवादीले आक्रमण गरेपछि भएको ५ घण्टा लामो दोहोरो भिडन्तमा सैनिक जमदार ३० वर्षीय पिताम्बर ढकालको मृत्यु भयो भने तीन जना सैनिक घाइते भए। उक्त घटनामा माओवादीका सन्तोष भनिने २५ वर्षीय सूर्यबहादुर तामाङसहित दुई जनाको मृत्यु भयो भने ५ जना घाइते भए। सोही भिडन्तमा परी सर्वसाधारण २२ वर्षीय मकान्ती सार्की र १५ वर्षीय काली सार्की घाइते भए।

अन्य

मैदी गाविस-९ छापथोकको ३९ वर्षीय सानुमाया दवाडीलाई ०५९ फागुन २८ गते जेठी पत्नीको बारीमा घाँस काटेको आरोपमा आफ्नै पति ४९ वर्षीय सूर्यबहादुर दवाडीलाई रुखमा झुण्ड्याएर हत्या गरे। पीडकलाई ज्यान मारेको आरोपमा थुनामा राखिएको छ।

बेनीघाट गाविस-९ पनौतीका ५० वर्षीय रामजी पाण्डेलाई केटी नखोजेर विवाद गरेको आरोपमा ०६० जेठ २२ गते ना २ ख ७१९१ को ट्रकको ड्राइभर र खलासी मिली टायरमुनी हालेर किची हत्या गरे। पीडकलाई कर्तव्यज्यान मुद्दामा थुनामा राखिएको छ।

गोली बम विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

बेनिघाट गाविस-७ पनौरी नजिकै पाल्पा-काठमाडौंको यात्रुवाहक साझा बसबाट ०६० भदौ २१ गते माओवादीले यात्रुहरुलाई ओराली बसमा बम विस्फोट गराई ध्वस्त पारे।

काठमाडौंबाट कलैयातर्फ गइरहेको ना. २ ख ४४२४ नम्बरको अग्नि यातायातको बसलाई ०६० असोज २९ गते दिउँसो माओवादीले धुपा गाविसको चरौंदी बजारमा आगो लगाई ध्वस्त पारे।

निलकण्ठ गाविस-५ मा आफैंले बोकेको बम विस्फोट हुँदा ०६० कार्तिक २८ गते माओवादी कार्यकर्ता किरण भनिने ३५ वर्षीय महेश खनालको मृत्यु भयो। सोही विस्फोटमा परी अन्य दुई जना घाइते भए।

निलकण्ठ गाविस-८ बलिडाँडामा ०६० कार्तिक ११ गते विद्युतीय धराप विस्फोट हुँदा सहसेनानी गुञ्जबहादुर कार्की र प्रहरी जवान विनोद पासवान सख्त घाइते भए।

भुमेस्थान गाविस-६ सिम्लेनजिकै माओवादी निकट तामाङ राष्ट्रिय मुक्ति मोर्चाले आह्वान गरेको बाग्मती बन्दको सिलसिलामा ०६० भदौ २३ गते दिउँसो माओवादीले सुरक्षाकर्मीलाई लक्षित गरी पृथ्वी राजमार्गमा बम पड्काउँदा दोहोरो भिडन्त भयो। भिडन्तमा परी ३ जना माओवादी घाइते भए भने सुरक्षाकर्मीको गाडीमा सामान्य क्षति पुग्यो।

बेनिघाट गाविस-८ विशालटार नजिकै सुरक्षाकर्मीलाई लक्षित गरी ०६० असोज १ गते बिहान १० बजे माओवादीले बन्दुक पड्काएपछि दिउँसो ४ बजेसम्म दोहोरो भिडन्त हुँदा २ जना सुरक्षाकर्मी सख्त घाइते हुनुका साथै सुरक्षाकर्मीको गाडी क्षति भयो। सोही घटनामा परी एम्बुलेन्स सामान्य क्षति भयो।

जेल र बन्दीहरू

कूल २५ जनाको बन्दी क्षमता भएको 'घ' श्रेणीको धादिङ जेलमा १० बन्दी छन्। बन्दीहरुमध्ये पुरुष र २ महिला गरी १२ जना कैद तोकिएका र १० पुरुष र १ महिला गरी ११ जना कैद नतोकिएका ३ महिला र २० पुरुष छन्। बन्दीहरु बिरामी भएमा साधारण उपचारबाहेक अन्य उपचारको लागि बाहिर लगिने व्यवस्था छ। बन्दीहरुका लागि टीभीको पनि व्यवस्था गरिएको छ। ०६० वैशाख दोस्रो हप्तामा बन्दीहरुले पर्याप्त ओढ्ने-ओछ्याउनेको व्यवस्था नभएको, अदालतले छाड्ने आदेश दिइएका बन्दीहरुलाई नछाडिएको र जेलभित्र फोहोर भएको जस्ता कारण देखाउँदै प्रशासनसमक्ष एक ज्ञापनपत्र पनि बुझाए। त्यस सम्बन्धी कुनै काम गरिएको छैन।

बेपत्ता / अपहरण

राज्यबाट

ललितपुर जिल्ला ठेंचो गाविस-४ की १४ वर्षीय सानु माली र १६ वर्षीय माइली मालीलाई माओवादीको आरोपमा ०६० साउन १९ गते नौबिसे गाविस-७ बाट प्रहरीले गिरफ्तार गरेकोमा बेपत्ता पारिएको छ। पीडितहरुलाई सञ्जय भन्ने माओवादी कार्यकर्ताले घुम्न जाउँ भनी लिएर गएको र प्रहरी देखेर भाग्न खोज्दा गिरफ्तार गरिएको थियो।

खाल्टे गाविस-९ का पञ्चबहादुर तामाङलाई घरमा हातहतियार राखेको आरोपमा ०६० असोज ७ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। पीडितको अवस्था हालसम्म अज्ञात छ।

धुवाकोट गाविस-१ की २० वर्षीय समिता

अधिकारीलाई ०६० साउन २९ गते काठमाडौं धापासीबाट र थाक्रे गाविस-२ का २० वर्षीय दिनेश थापा र २५ वर्षीय नवराज थापालाई ०६० असोज १४ गते सादा पोशाकमा आएका सुरक्षाकर्मीले तरकारी पसलबाट गिरफ्तार गरी बेपत्ता पारे।

कुम्पुर गाविस-३ का २१ वर्षीय पुष्प थपलियालाई ०६० भदौ २६ गते, नौबिसे गाविस-२ का ५० वर्षीय घनश्याम अधिकारीलाई ०६० असोज ८ गते र जीवनपुर गाविस-४ का २५ वर्षीय केदार कुँवरलाई माओवादीको आरोपमा ०६० कार्तिक ३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

बैरेनी गाविस-४ का २२ वर्षीय ओपबहादुर तामाङलाई ०६० भदौ १६ गते, किराञ्चोक गाविस-५ का २० वर्षीय दर्जबहादुर तामाङलाई माओवादीलाई सघाएको आरोपमा ०६० असोज ७ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

बैरेनी गाविस-८ ठाडेका २० वर्षीय राजकुमार न्यौपानेलाई माओवादीको आरोपमा ०६० साउन ३० गते नुवाकोट जिल्लाबाट नागरिकता बनाएर घर फर्कन लाग्दा सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

थाक्रे गाविस-३ रानीबारीका ४० वर्षीय ज्ञानेन्द्र बिडारीलाई ०६० कार्तिक १३ गते, सोही गाविस महादेवबेंशीका ३५ वर्षीय इन्द्रबहादुर अर्याल, सोही गाविस-५ का मुकुन्दप्रसाद पन्थलाई ०६० कार्तिक २५ गते राति, जीवनपुर गाविस-९ का २८ वर्षीय कृष्णकुमार रेग्मी, नौबिसे गाविस-१ का ३५ वर्षीय सुदर्शन रेग्मी, जीवनपुर गाविस-९ का २५ वर्षीय जनक लामिछाने, वैकुण्ठ भुजेल, २८ वर्षीय वासु वास्कोटा, नौबिसे गाविस-१ का हरिप्रसाद आचार्य र ४५ वर्षीय रामप्रसाद आचार्यलाई माओवादीलाई सघाएको आरोपमा ०६० कार्तिक १३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। बेपत्ता पारिएकामध्ये इन्द्रबहादुरको मोटरसाइकल समेत बेपत्ता पारिएको छ।

जीवनपुर गाविस-७ का ३५ वर्षीय ईश्वर के. सी.लाई ०६० कार्तिक २६ गते, जीवनपुर गाविस-७ का ३५ वर्षीय अच्युत केसीलाई ०६० मंसिर १ गते, सोही गाविस-६ का दीपक सेढाईलाई ०६० मंसिर ५ गते, केवलपुर गाविस-१ का ४० वर्षीय रामशरण श्रेष्ठ र अर्जुन पौडेललाई माओवादीको आरोपमा ०६० मंसिर १४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। पीडितहरुमध्ये रामशरण र अर्जुनलाई खानिखोलाको घुम्ती शिविरबाट बेपत्ता पारियो।

आगिनचोक गाविस-१ का १४ वर्षीय प्रकाश श्रेष्ठलाई ०६० पुस १० गते सादा पोशाकमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

माओवादीबाट

दार्खा गाविस-४ कुरीका २९ वर्षीय विष्णुबहादुर तामाङलाई चन्दा नदिएको आरोपमा ०५९ पुस २९ गते घरबाट नेकपा (माओवादी) ले अपहरण गरी पुस ३० गते कुटपिट गरी चन्दा दिन बाध्य पारी मुक्त गरे।

मकवानपुर जिल्ला घर भई दुईजना लुटपाट गर्दै हिंड्नेलाई ०६० वैशाख ६ गते स्थानीय जनताले थाक्रे गाविस-३ महादेवबेंशीमा समातेको अवस्थामा माओवादीले कब्जामा लिई बेपत्ता पारे।

बेनिघाट गाविस-१ रिचोकटार मलेखुका व्यापारी एवम् एमाले बेनिघाट गाउँ कमिटी सदस्य ३४ वर्षीय हिरा त्रिपाठी र गजुरी गाविस-२ का प्रजातन्त्रवादी जिल्ला सदस्य, पिपुल्स भोलेन्टियर्सका सदस्य तथा एमाले गाउँ कमिटी सदस्य २५ वर्षीय निरञ्जन कँडेललाई ०६० भदौ ३ गते राति माओवादीले अपहरण गरे। पीडितहरुलाई जरेबगरस्थित विद्युत सबस्टेशनमा विद्युत बन्द गराई रातभरि हिँडाएर लगेकोमा दिउँसो आँखामा पट्टी बाँधी राखिएको थियो। पीडितहरुलाई २ दिनपछि मुक्त गर्दा

माओवादीद्वारा बम पड्काएर हत्या गरिएका रामबहादुर पंडित



माओवादीद्वारा हत्या गरिएका किरियापुत्री मोतिराम सिलवाल

त्रिपाठीको खुट्टा मर्किएको थियो।

मैदी गाविस-४ विचारीथोकका १७ वर्षीय दीपक रेग्मीलाई माओवादी सेना नबनेको आरोपमा ०६० भदौ १३ गते दिउँसो माओवादीले अपहरण गरी बेपत्ता पारे।

सल्यानटार गाविस-३ का सीताराम गिरी र गोकुल गिरीलाई ०६० असोज ५ गते माओवादीले अपहरण गरे। पीडितलाई केही दिनपछि मुक्त गरियो।

गोरखा जिल्लाका राप्रपाका कार्यकर्ता विनोदप्रसाद भट्टलाई ०६० मंसिर ६ गते गजुरी गाविस-२ फुर्केखोलाबाट माओवादीले अपहरण गरे। पीडितको अवस्था अज्ञात छ।

महादेवस्थान गाविसका प्रेमबहादुर थापा, मानबहादुर श्रेष्ठ, मानबहादुर मगर, माइला मगर, श्यामबहादुर आले र मुखिया साइला भनिने साने मगरलाई चोरी गरेको आरोपमा ०६० मंसिर ५ गते माओवादीले अपहरण गरी श्रम शिविरमा यातना दिई राखे। पीडितहरु डेढ महिनासम्म श्रम शिविरमा रहेका थिए।

धम्की / ज्यानमार्ने धम्की कुटपिट

माओवादीबाट

नौबिसे गाविस-६ का ४२ वर्षीय अर्जुन भट्टराई र ४० वर्षीय गलमटे कार्कीलाई ०५९ माघ ४ गते चन्दा नदिएको आरोपमा माओवादीले घरमा आई लालपूर्जा, नागरिकता आदि लुटपाट गरी १५ दिनभित्र चन्दा दिनुपर्ने धम्की दिए।

बैरेनी गाविस-३ रातमाटेका ४५ वर्षीय सीताराम अधिकारी र ३५ वर्षीय बलराम अधिकारीले लगाएको गहना, कपडा र नगद ०५९ फागुन १२ गते माओवादीले लुटेर लगे।

बसेरी गाविस सचिव नारायणकुमार श्रेष्ठ, पने माइला, मिश्र श्रेष्ठ, खिलबहादुर श्रेष्ठसहित ६ जनालाई ०६० जेठ १० गते माओवादीले २ वटा गाविसमा जनसरकार घोषणाको अवसरमा कान समातेर उठबस गराई कुटपिट गरे। पीडितहरुको उपचार स्वास्थ्य चौकीमा भएको थियो। सो घटना सार्वजनिक नगर्नसमेत चेतावनी दिइएको थियो।

ज्यामरुङ गाविसमा बृद्ध भत्ता वितरणको लागि लगिएको २८ हजार ३ सय ६३ रुपैयाँ ०६० असार १२ गते माओवादीले लुटेर लगे।

कुम्पुर गाविस फिसफिसेटारका पूर्व गाविस अध्यक्ष ३५ वर्षीय रंगप्रसाद थपलियाको घरबाट ०६० साउन १० गते माओवादीले नगद, सुन गरी ३ लाख ५० हजार रुपैयाँ बराबरको सामान लुटे।

मुरलीभञ्ज्याङ गाविस-४ स्याउली बजारका जनमोर्चा नेपालका जिल्ला सचिव ३५ वर्षीय शिवनिधि खनाललाई अनेकिसंघ (क्रान्तिकारी) मा बस्न नमानेको आरोपमा ०६० असार ११ गते माओवादीले ज्यानमार्ने धम्की दिए।

ज्यामरुङ गाविस-२ चरङ्गे भन्ने स्थानमा सेती टोवा कम्पनीका प्रतिनिधि नारायण लामिछानेसँग ०६० असार २६ गते ७० हजार रुपैयाँ, पोखरा फुड्स प्रालिका कर्मचारी तोदानाथ शर्मासँग ०६० असार २८ गते ३ लाख ३६ हजार र टंकप्रसाद ढुंगानासँग असार १९ गते ३२ हजार रुपैयाँ माओवादीले लुटेर ज्यानमार्ने धम्की दिए।

थाक्रे गाविस-३ स्थित सेतिदेवी प्राविका शिक्षक ३५ वर्षीय नवराज सुवेदीलाई आफूलाई नसघाएको र माओवादी बनी चन्दा उठाएको आरोपमा ०६० भदौ २४ गते र सोही गाविस-५ जुङ्गेखोलाका २४ वर्षीय सुमन थापालाई ०६० भदौ २८ गते माओवादीले कुटपिट गरी दुवै खुट्टा भाँचिदिए भने २५ वर्षीय प्रकाश डंगोललाई लाठी प्रहार गरी घाइते पारे।

प्रहरीद्वारा लाठिचार्ज गरी घाइते बनाइएका रामनाथ अधिकारी

बुढाथुम गाविस-५ का पूर्व गाविस उपाध्यक्ष ४० वर्षीय सुकदेव रेग्मीलाई ०६० असोज १ गते र सोही गाविस-९ का ४५ वर्षीय शंकर पौडेललाई ०६० असोज २ गते माओवादीले घरबाट अपहरण गरी कुटपिट गरे। पीडितहरुमध्ये सुकदेवलाई १ सय ५० पटकसम्म लाठीले हिर्काइ मरणासन्न पारेपछि गाउँ निकाला गर्ने घोषणा गरे भने

पौडेललाई हातखुट्टा बाँधेर कुटपिट गरे। पीडितहरु हाल विस्थापित छन्।

बैरेनी गाविस-९ बराहडाँडाका मानवअधिकारकर्मी एवम् पत्रकार २४ वर्षीय केशव अधिकारी (श्रमिक) लाई आफ्नो विरुद्ध समाचार लेखेको आरोपमा ०६० असोज ९ गते माओवादीले सफाया गर्ने धम्की दिए।

त्रिपुरेश्वर गाविस-३ खहरेका ४५ वर्षीय गोपी पाण्डेको पसलबाट ०६० असोज १२ गते २८ लाख, ५० वर्षीय भक्तबहादुर थापाको औषधी पसलबाट १३ लाख, सल्यानटार गाविस-५ बगैंचाका कृष्णप्रसाद बुर्लाकोटीको पसलबाट ०६० असोज १० गते १० लाख रुपैयाँ बराबरको सामान र नगद माओवादीले लुटी ज्यानमार्ने धम्की दिए।

सुरक्षाकर्मीद्धारा बेपत्ता पारिएका ओपबहादुर तामाङ

मैदी गाविस-२ उखुबारीका पत्रकार महासंघका जिल्ला सभापति ४५ वर्षीय राजेन्द्रप्रताप शाहको घरमा ०६० असोज ९ गते माओवादीले आगो लगाई ज्यानमार्ने धम्की दिए। पीडित विस्थापित भई सदरमुकाममा बसेका छन्।

निकलण्ठ गाविस-५ धादिङबेसीका पत्रकार २० वर्षीय दिनेशचन्द्र थपलियालाई चन्दा नदिएको आरोपमा ०६० असोज १४ गते माओवादीले ज्यानमार्ने धम्की दिए।

बैरेनी गाविस-९ पाल्चोकका ५० वर्षीय सम्मरबहादुर भण्डारीलाई चन्दा नदिएको आरोपमा ०६० असोज २० गते माओवादीले घर घेरी ज्यानमार्ने धम्की दिए। पीडित हाल विस्थापित छन्।

केवलपुर गाविस-८ आचार्यपोखरीकी एमाले कार्यकर्ता ३२ वर्षीय सोविता आचार्यलाई र सोही गाविस-१ की ३६ वर्षीय चन्द्रावती अधिकारीलाई सुराकीको आरोपमा ०६० असोज २५ गते राति माओवादीले बन्दूकको कून्दा र लाठीले शरीरभरी निलडाम हुने गरी कुटपिट गरी बेहोस अवस्थामा छोडे।

महादेवस्थान गाविस-५ रावलडाँडाका ५० वर्षीय बलराम रावललाई माओवादीको आदेश नमानेको आरोपमा ०६० असोज २९ गते माओवादीहरुले एक सूचना टाँसी घरमा ताला लगाउने र भौतिक कारवाही गर्ने धम्की दिए।

आगिन्चोक गाविस-९ उपल्लोकास्टेका सेनाका क्याप्टेन शंकरराज भण्डारीको घरमा ०६० कार्तिक ६ गते माओवादीले बम विस्फोट गराई ध्वस्त पारी परिवारलाई ज्यानमार्ने धम्की दिए। पीडितका परिवार हाल विस्थापित छन्।

निलकण्ठ गाविस-२ मा रहेको मेजर इन्द्रबहादुर कुँवरको घर ०६० कार्तिक ११ गते माओवादीले बम विस्फोट गरी ध्वस्त पारे। पीडितका परिवार हाल विस्थापित छन्।

ढोला गाविस-५ गैरी पुर्सुकका ८० वर्षीय तीर्थबहादुर गुरुङको परिवारलाई ०६० कार्तिक १२ गते राति माओवादीले कुटपिट गरी ७० हजार रुपैयाँ लुटे।

गजुरी गाविस-२ का ४५ वर्षीय गंगाबहादुर उप्रेतीलाई ०६० कार्तिक २६ गते राति माओवादीले १० हजार रुपैयाँ जबरजस्ती चन्दा मागी ज्यानमार्ने धम्की दिए।

तिम्लिङ गाविसका निवर्तमान गाविस अध्यक्ष ४५ वर्षीय फैसिंह घलेलाई चन्दा नदिएको आरोपमा ०६० मंसिर ५ गते माओवादीले छाती, तिघ्रा र दायाँ हातमा गोली हानी सख्त घाइते वनाए।

दार्खा गाविस-७ का ४० वर्षीय हरिबहादुर सापकोटालाई रक्सी खाई होहल्ला गरेको आरोपमा ०६० मंसिर २० गते माओवादीले कुटपिट गरी खुट्टा भाँचिदिए। पीडितलाई उपचार गर्नबाट वञ्चित गरियो। उनको खुट्टामा किरा परेकोले बाँसको कप्टेराले बाँधेर राखिएको छ।

आगिनचोक गाविस-३ गोलाङका बाबुकाजी ठकुरीलाई माओवादीलाई नसघाएको आरोपमा ०६० पुस २ गते माओवादीले १ सय ६० मुरी धान, २ लाख रुपैयाँ, १२ तोला सुनलगायत् अन्य सामान लुटपाट गरी १ सय ७५ जना गाउँलेहरुलाई बोकाई लगे।

खाल्टे गाविसका निवर्तमान जिविस सदस्य गोविन्द रिजाल, कल्लेरी गाविस-१ का मुरली आले मगर, कुम्पुर गाविसका सूर्य उपाध्याय, धुवाँकोट गाविसका शिक्षक नेत्र नेपाललगायत् ७ जनालाई विभिन्न आरोप लगाई ०६० पुस ७ गते माओवादीले ज्यानमार्ने धम्की दिए।

अन्य

बैरेनी गाविस-२ रैलेका २६ वर्षीय प्रेमबहादुर तामाङ र ३६ वर्षीय धनबहादुर तामाङलाई ०५९ फागुन १३ गते राति निवर्तमान वडा सदस्य ४९ वर्षीय वीरबहादुर तामाङ, २२ वर्षीय बुद्धिमान तामाङ, २६ वर्षीय मंगले

तामाङ र २५ वर्षीय रामबहादुर तामाङले लाठी र फलामको रड प्रहार गरी सख्त घाइते बनाए। पीडक पक्षले पीडितको उपचार खर्च गाविसको सहमतिपछि तिरे।

बैरेनी गाविस-२ सिरवानीका मानवअधिकार कार्यकर्ता एवम् पत्रकार २६ वर्षीय सीताराम अधिकारीलाई पत्रिकामा मलेखुमा भएको खेल विवादसम्बन्धी समाचार लेखेको आरोपमा ०६० जेठ २७ गते बैरेनी गाविस-९ का राजकुमार कार्की, भरत नेपाल, अर्जुन श्रेष्ठ, नवीन कार्की, दिनेश कार्कीलगायत्का व्यक्तिहरुले बैरेनी बजारको कोठा घेरा हाली ज्यानमार्ने धम्की दिए। पीडकहरुले पीडितकी पत्नीलाई समेत मानसिक यातना दिई ज्यानमार्ने धम्की दिएका थिए।



सुरक्षाकर्मीद्वारा बेपत्ता बनाइएका रामप्रसाद आचार्य

गरी १ सय ७३ वटा मुद्दा परेकोमा यो अवधिमा सरकारवादी फौज्दारी २५, दुनियावादी फौज्दारी ४६ र दुनियावादी देवानी ७१ गरी १ सय ४२ वटा फर्स्यौट भई सरकारवादी फौज्दारी २८, दुनियावादी फौज्दारी ४६ र दुनियावादी देवानी ६० वटा गरी १ सय ३४ वटा मुद्दा फर्स्यौट हुन बाँकी छन्। सरकारवादी देवानी कुनै पनि मुद्दा दर्ता भएन।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

विस्थापित

यस जिल्लाको ग्रामीण क्षेत्रबाट माओवादीले भौतिक कारवाही गर्ने र ठूलो मात्रामा चन्दा माग्ने क्रम तीब्र भएपछि गाउँघरमा बस्न नसकी २ सय ५० भन्दा बढी विस्थापित भए। विस्थापित हुनेमा राजनीतिक नेता तथा कार्यकर्ता, शिक्षक, सामाजिक कार्यकर्ता तथा स्थानीय व्यापारीहरु रहेका छन्। यहाँ विस्थापित हुनेहरु आधा जसो सदरमुकाममा बसेका छन् भने आधाजसो काठमाडौं गएका छन्।

खरी गाविस-४ धुसेनीका ४५ वर्षीय मिनबहादुर भण्डारी, ८५ वर्षीय डिलकुमारी बस्नेत, २५ वर्षीय पम्फा भण्डारी र ९ वर्षीय विनिता भण्डारीलाई चन्दा नदिएको आरोपमा ०६० भदौ १९ गते माओवादीले घर निकाला गरे। पीडितहरुमध्ये डिलकुमारीको मंसिर २० गते चिसोले कठ्याङ्ग्रीएर मृत्यु भयो।

आर्थिक अधिकार

गजुरी गाविसस्थित लोकप्रिय गोबर ग्याँस तथा शौर्यशक्ति विकास प्रालिका कर्मचारी राधा कँडेल, जीवन सिलवालसमेत तीन जना कर्मचारीलाई आठ महिनाको पारिश्रमिक नदिई कामबाट निकालियो।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

पाँच राजनीतिक दलले शाही कदमको विरुद्ध निलकण्ठ-५ धादिङवेंशीमा निकालेको मसाल जुलुसमाथि ०६० वैशाख २८ गते प्रहरीले लाठिचार्ज गरे। जसबाट, नेकाँका सभापति रामनाथ अधिकारी, एमाले जिल्ला सचिव गुरु बुर्लाकोटी, पूर्व जिविस सभापति खेम लोहनी, जनमोर्चाका वेदनिधी अधिकारी लगायत्का ४३ जना घाइते भए।

विद्यार्थी नेताहरु गिरफ्तार गरिएको विरोधमा ०६० पुस ७ गते बेनिघाट गाविस-१ मलेखुमा सडक अवरुद्ध गरेका साङ्कोष गाविस-३ का २२ वर्षीय विकास श्रेष्ठ लगायत्का विद्यार्थीहरुलाई सेनाले हस्तक्षेप गरी कुटपिट गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा दुई वर्ष अगाडिको मुद्दा नभएकोमा ०५९/६० को सरकारवादी फौज्दारी १२, दुनियावादी फौज्दारी १७ र दुनियावादी देवानी ५६ गरी ८५ वटा मुद्दा आएकोमा ०६०/६१ को जिम्मेवारी सरकारवादी फौज्दारी २१, दुनियावादी फौज्दारी ४२ र दुनियावादी देवानी ६८ वटा गरी १ सय ३१ वटा मुद्दा छन्। ०५९ पुसदेखि ०६० मंसिरसम्म सरकारवादी फौज्दारी ४६, दुनियावादी फौज्दारी ५८ र दुनियावादी देवानी ६९ वटा

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

नलाङ गाविस-७ का माओवादी जिल्ला सदस्य ४० वर्षीय हरि तिमिल्सिनालाई माओवादीलाई सघाएको आरोपमा ०५९ माघ २ गते सुरक्षाकर्मीले गिरफ्तार गरी रिहा गरेकोमा पुनः गिरफ्तार गरे। पीडितलाई सोही दिन रिहा गरियो।

सलाङ गाविस-६ का मानवअधिकार कार्यकर्ता २१ वर्षीय रामजी पाण्डे, धुषा गाविस-८ का नेकपा (एमाले) का कार्यकर्ता ३५ वर्षीय धनप्रसाद थपलिया, सोही गाविस-७ का ३६ वर्षीय ऋषि सिलवाल, ३६ वर्षीय बुद्धि सिलवाल, रघुनाथ सिलवाल र वलराम त्रिपाठी सहित १० जनालाई ०५९ माघ ४ गते धुषा गाविस-७ स्थित स्यादुलबाट सुरक्षाकर्मीले पूजा भइरहेको ठाउँबाट गिरफ्तार गरी कुटपिट गर्दै आँखामा पट्टी बाँधेर ज्यान समेत मार्नेधम्की दिए। पीडितहरुलाई चार दिनपछि रिहा गरियो।



माओवादीद्वारा अपहरण गरी कुटपिट गरिएका सुक्देव रेग्मी

भूमेस्थान गाविसका २७ वर्षीय योगराज रिजाल, पीडा गाविसका २५ वर्षीय अर्जुन अर्याल, बैरेनी गाविसका ३२ वर्षीय ध्रुव अधिकारी र ना. १ ख ३३७६ नम्वरको ट्रक चालकलाई वालुवाखानीमा मान्छे मारेको आरोपमा ०५९ माघ ९ गते बैरेनी गाविस-७ बाट प्रहरीले गिरफ्तार गरी यातना दिए। पीडितहरुलाई ३ दिनपछि रिहा गरियो।

भूमेस्थान गाविसका २७ वर्षीय योगराज रिजाल, पीडा गाविसका २५ वर्षीय अर्जुन अर्याल, बैरेनी गाविसका ३२ वर्षीय ध्रुव अधिकारी र ना. १ ख ३३७६ नम्वरको ट्रक चालकलाई वालुवाखानीमा मान्छे मारेको आरोपमा ०५९ माघ ९ गते बैरेनी गाविस-७ वाट प्रहरीले गिरफ्तार गरी यातना दिए। पीडितहरुलाई दुई दिनपछि रिहा गरियो।

प्रहरीको लाठिचार्जमा परी घाइते भएका गणेशकुमार श्रेष्ठ

मैदी गाविस-९ छापथोकको सानोमाया दवाडीलाई ०५९ फागुन २८ गते आफ्नै पतिले झुण्ड्याएर हत्या गरेपछि दाहासंस्कारको लागि गएका सोही गाविसका ३६ जना मलामीहरुलाई ०५९ फागुन ३० गते प्रहरीले गिरफ्तार गरी यातना दिए। पीडितहरुलाई ३६ दिनपछि रिहा गरियो।

जीवनपुर गाविस-४ का ईश्वरीप्रसाद रेग्मीलाई माओवादीको आरोपमा ०६० कार्तिक १३ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई केही दिनपछि रिहा गरियो।

केवलपुर गाविस-४ का केदारनाथ रुपाखेतीलाई माओवादीको आरोपमा ०६० मंसिर १४ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी कुटपिट गर्दै आँखामा पट्टी बाँधे। पीडितलाई केही दिनपछि रिहा गरियो।

बेनिघाट गाविस-८ का ४५ वर्षीय सीताराम सुनारलाई माओवादीलाई सघाएको आरोपमा ०६० मंसिर १९ गते सुरक्षाकर्मीले आँखामा पट्टी बाँधी ब्यारेकमा लगी २ दिनपछि रिहा गरे।

बेनिघाट गाविस-१ का ३० वर्षीय राजेन्द्र त्रिपाठीलाई ०६० मंसिर १८ गते बेलुका सुरक्षाकर्मीले बेनिघाट गाविस-९ बाट गिरफ्तार गरी मंसिर २२ गते रिहा गरे।

भुमेस्थान गाविस-७ घले गाउँका हरिप्रसाद रिजाल, शम्भु रिजाल र ध्रुव दाहाललाई माओवादीको आरोपमा ०६० पुस ७ गते सुरक्षाकर्मीले गिरफ्तार गरी रिहा गरेकोमा पुस ८ गते पुन: गिरफ्तार गरी ३ दिनपछि रिहा गरे। पीडितहरुलाई आँखामा पट्टी बाँधी यातना दिइएको थियो।

बालअधिकार

थाक्रे गाविसकी कुँवर थरकी १५ वर्षीय एक बालिका र गजुरी गाविसकी विसुन्खे थरकी १६ वर्षीय एक युवतीलाई ०६० असार १९ गते गुम्दी गाविसकी सुवेदार्नी भनिने ५४ वर्षीय पिवा घलेले देहव्यापार गराउँदै आएकीमा प्रहरीले सहित तीनै जनालाई गिरफ्तार गरे। पीडक पिवा बाहेक सबैलाई रिहा गरिएको छ। घटनाका बारेमा सुनौलो मानवअधिकार शिक्षा रेडियो स्रोता क्लबले ४६ जना स्थानीयबासीको नेतृत्वमा मुद्दा दायर गरेपछि उनीहरुलाई प्रहरीले गिरफ्तार गरेको थियो।

महिला विरुद्ध हुने सबै प्रकारको

भेदभाव / दूर्व्यवहार

धनुषा जिल्ला घर भई काठमाडौंमा मजदुरी गर्ने ३३ वर्षीय सुनिता चौधरीलाई ०६० असार २५ गते काम लगाउने ठेकेदार सोही जिल्लाका गंगाराम चौधरीले भारततर्फ बिक्री गर्न लैजान लाग्दा थाक्रे गाविस-३ महादेवबेंशीबाट सोही ठाउँका बासिन्दाले समाती फर्काए।

मुरलीभञ्ज्याङ गाविस-३ कुमालगाउँकी २० वर्षीय एक अपाङ्ग महिलालाई ०५९ फागुन ३० गते प्रहरी सेवामा कार्यरत २२ वर्षीय रामकुमार कुवँरले आठ महिनाअघि गर्भवती बनाएर विवाह नगरी फुलमाया कुमालसँग विवाह गरेपछि गाउँलेहरुले उनलाई दोस्रो पत्नीको रुपमा भित्र्याए।

माओवादीले घर कब्जा गरेपछि जाडोले कठ्याङ्ग्रिएर मृत्यु भएकी दिलकुमारी बस्नेत

खाल्टे गाविसकी १९ वर्षीय एक शिक्षिकालाई ०५९ चैत २३ गते बैरेनी गाविस-८ को एउटा कोठामा पढ्न लागिरहेको अवस्थामा झापा जिल्ला घरका शिक्षक २५ वर्षीय सनवहादुर राईले बलात्कार प्रयास गरे। पीडकलाई माफी मगाई खुट्टामा ढोग्न लगाएपछि उनी जागिर नै छाडेर गए।

सल्यानकोट गाविस-४ फुलवारीकी १२ वर्षीय एक बालिकालाई ०६० वैशाख ८ गते आफ्नै काका पर्ने २२ वर्षीय रामशरण धरेलले बलात्कार गरी हत्या गरे। पीडितको लास ४ दिनपछि नाङ्गो अवस्थामा फेला पर्‍यो। पीडकलाई माओवादीले कारवाहीका लागि श्रमशिविरमा राखे।

नुवाकोट जिल्ला चारघरे गाविसकी १५ वर्षीय एक माओवादी महिला कार्यकर्तालाई ६ महिना अघिदेखि माओवादी जनसरकार निर्वाचन आयोगका प्रमुख सल्यानकोट गाविसका ५० वर्षीय बाबुराम गौलीले यौन दुराचार गरे। पीडकले ०६० साउन ७ गते पार्टीसमक्ष सार्वजनिक माफी मागी कालो टिका लगाए।

भुमेस्थान गाविस-८ की २० वर्षीय कान्छी तामाङलाई माइत गएको आरोपमा ०६० जेठ १२ गते आफ्नै पति २३ वर्षीय तोपबहादुर तामाङले कुटपिट गरे। पीडितको लास तीन दिनपछि घर नजिकै कुलामा फालिएको थियो। पीडकलाई ज्यान मारेको अभियोगमा मुद्दा चलाइएको छ।

बैरेनी गाविस-७ अदुवावारीकी ४६ वर्षीय चन्द्रमाया दमिनी र उनकै छोरी १० वर्षीय गिता दमिनीलाई बोक्सीको आरोपमा ०५९ माघ १९ गते छिमेकी २५ वर्षीय कान्छो सार्की र २२ वर्षीय हरि अधिकारीले कुटपिट गर्दै छातीमा टेकेर ज्यानमार्ने धम्की दिए। गाविसमा उजुरी दिएपछि मिलापत्र गराइयो।

बैरेनी गाविस-९ की ३२ वर्षीय पार्वती पन्तलाई बोक्सीको आरोपमा ०५९ फागुन १७ गते आफ्नै देवर २८ वर्षीय राजु पन्त र देउरानी २५ वर्षीयसृजना पन्तले घरनजिकै बारीमा कुटपिट गरे।

निलकण्ठ गाविस-६ भुलभुलेकी ३७ वर्षीय गर्मी गुरुङलाई बोक्सी लाएर गाउँलेलाई बिरामी पारेको आरोपमा ०५९ फागुन १९ गते छिमेकी ५२ वर्षीय धनी गुरुङलगायत् केही व्यक्तिहरुले कुटपिट गरी ज्यानमार्ने धम्की दिए।

सुनौलाबजार गाविस-१ की ३५ वर्षीय सानी सार्कीलाई ०५९ चैत १८ गते खाल्टे गाविस-५ भैंसीभीरमा आफ्नै पति ४५ वर्षीय मिठ्ठे भनिने ऋषे सार्कीले ढुंगाले हिर्काई हत्या गरे। पीडकलाई हाल थुनामा राखिएको छ।

बैरेनी गाविस-९ बाहुनपलाङ्की ३८ वर्षीय सीता विश्वकर्मालाई बोक्सी लागेको आरोपमा ०६० जेठ १५ गते जेठानी ४० वर्षीय सान्नानी विश्वकर्मा, हिरा विश्वकर्मा, राधिका विश्वकर्मा र कान्छी विश्वकर्माले लाठी र खुट्टाले पेटमा हिर्काउनुका साथै ज्यानमार्ने धम्की दिए।

बैरेनी गाविस-१ कार्कीडाँडाकी ३६ वर्षीय मिठु सार्कीलाई बोक्सीको आरोपमा ०६० असार ३० गते छिमेकी ४० वर्षीय इन्द्रबहादुर दमाई र १५ वर्षीय उर्मिला दमाईले कुटपिट गरी घाइते बनाए। पीडकहरु फरार छन्।

मुरलीभञ्ज्याङ गाविस-६ की ४२ वर्षीय जुनकुमारी दवाडी र २६ वर्षीय राधिका दवाडीलाई बोक्सीको आरोपमा ०६० जेठ २६ गते छिमेकी २६ वर्षीय सीतामाया दवाडी र ३९ वर्षीय नन्दकुमारी दवाडीले गालीगलौज गरी मानसिक यातना दिए।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार जातीय छुवाछूत समेत

कल्लेरी गाविस-४ आमडाँडाका २३ वर्षीय बालकृष्ण विश्वकर्मालाई दलित भएर बाहुनको घरभित्र पस्न खोजेको आरोपमा ०६० कार्तिक २१ गते स्थानीय कटहरे माइला खतिवडाले कुटपिट गरे। उक्त घटनामा

छुट्याउन गएकी ४२ वर्षीय आमा जुनकिरी र पत्नी २० वर्षीय पानमतीलाई पनि ढोकामा पुग्दा नै लाठीले हानी घाइते बनाए।

सलाङ गाविस-३ इटापानीका २० वर्षीय कुलबहादुर विश्वकर्मा र १९ वर्षीय लक्ष्मी श्रेष्ठलाई ०६० कार्तिक ८ गते स्थानीय नेवारहरुले दलित र नेवार बीच विवाह गरेको भनी गाउँ निकाला गरे। पीडितलाई मानवअधिकारकर्मीहरुको पहलमा मानवअधिकार दिवसको दिन गाउँ फर्काइयो।

विविध

संरचना क्षति

पीडा गाविसको जखेरस्थित ३३ के. भी. विद्युत सबस्टेशन ०६० असोज २३ गते राति माओवादीले बम विस्फोट गराई ध्वस्त पारे।

सुनौलाबजारको भैरवीस्थानमा रहेको टेलिफोन टावर ०६० असोज १२ गते राति माओवादीले बम विस्फोट गराई ध्वस्त पारे।

पीडाको घाटबेंशीस्थित गाविस भवन ०६० कार्तिक २६ गते माओवादीले मट्टितेल छर्की आगो लगाई ध्वस्त पारे।

वेनिघाट गाविस-८ वेनिघाट वजारस्थित जिल्ला पशु विकास भवनको पशुसेवा उपकेन्द्र र कृषि सेवा उपकेन्द्रको कार्यालय ०६० कार्तिक २७ गते माओवादीले आगो लगाई ध्वस्त पारे।

नेपाल विद्युत प्राधिकरण काठमाडौंको वा. ३ च २५१९ नम्वरको गाडी राप्रपाका कार्यकर्ता वोकेको आरोपमा ०६० पुस ५ गते माओवादीले टारीबेंशीमा जलाए।

खरी गाविस भवनमा ०६० असार २५ गते माओवादीले भत्काएर गाउँलेहरुलाई बाँडीदिए।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष १५ जना महिलाले आत्महत्या गरे। विष सेवन गरी ४ र झुण्डिएर १५ जनाको मृत्यु भयो। दुर्घटनाका ३३ घटनामा ५४ पुरुष, २३ महिला र १३ नावालकको मृत्यु भयो। ०६० असोज २९ गते गोरखावाट काठमाडौं जाँदै गरेको वस त्रिशुली नदीमा खस्दा ५५ यात्रुको मृत्यु भयो।

विगतको अनुगमन

सुरक्षाकर्मीले गोली हानी वेपत्ता परिएका वुद्धिलाल तामाङले यस वर्ष काठमाडौंमा सुरक्षाकर्मीसमक्ष आत्मसमर्पण गरे।

मैदी गाविस-७ का तत्कालीन रेडक्रस जिल्ला शाखाका मन्त्री ३३ वर्षीय बोधनारायण श्रेष्ठलाई रेडक्रसको गोष्ठीबाट काठमाडौं जाँदै गर्दा सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी नजरबन्दमा राखिएकोमा २ सय ३४ दिनपछि ०५९ माघ १८ गते रिहा गरियो।

२.१७ सिन्धुपाल्चोक



जनसंख्या : ३०५८५७
साक्षरता प्रतिशत : ४०.२
महिला साक्षरता प्रतिशत : २९.१
क्षेत्रफल (वर्ग कि.मी.) : २५४२
गाविस/नपा संख्या : ७८/०
निर्वाचन क्षेत्र : ३
विद्यालय : ४९६
क्याम्पस/उच्च मावि : ३/८
अस्पताल/स्वास्थ्य चौकी : १/७८
टेलिफोन लाइन : २१२
मोटर सडक (कि.मी.) : २५०.५
प्रहरी कार्यालय संख्या : ४
हुलाक संख्या : ७९
मानव विकास सूचकांक : ०.२७७
प्रति एक डाक्टर जनसंख्या : ५८७४४
प्रति परिवार सरदर संख्या : ५.०६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

सिन्धुकोट गाविस-४ का ५२ वर्षीय वीरबहादुर तामाङ र सोही गाविस-५ का १८ वर्षीय गोकुलप्रसाद

सापकोटालाई माओवादीको आरोपमा ०६० भदौ २१ गते सिन्धुकोट गाविस-५ स्थित धुसिने भन्ने ठाउँमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

राम्चे गाविस-४ मा ०६० भदौ २५ गते दिउँसो सुरक्षाकर्मीले एक जना व्यक्तिलाई गोली हानी हत्या गरे। पीडितको नाम, ठेगाना खुल्न सकेन।

बराम्ची गाविस-४ का कृष्णबहादुर तामाङ र स्याउले गाविस-२ का रिफेल तामाङलाई माओवादीको आरोपमा ०६० कार्तिक १७ गते बराम्ची गाविस-४ मा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

सिपापोखरे गाविस-७ का २४ वर्षीय रामशरण नेपालीलाई माओवादीको आरोपमा ०६० कार्तिक २१ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी सोही गाविस-४ स्थित एक खोल्सामा लगी गोली हानी हत्या गरे।

हैबुङ गाविस-७ का १९ वर्षीय अशोक लामालाई माओवादीको आरोपमा ०६० कार्तिक २१ गते सुरक्षाकर्मीले घरबाट केही पर लगी गोली हानी हत्या गरे।

हैबुङ गाविस-६ का १८ वर्षीय अशोककुमार तामाङलाई माओवादीको आरोपमा ०६० कार्तिक २८ गते सुरक्षाकर्मीले सोही ठाउँस्थित आफ्नै गाई गोठमा जान लाग्दा गोली हानी हत्या गरे।

भोताङ गाविसका पदमबहादुर तामाङ र सोही ठाउँका लक्ष्मी तामाङ, अमृत तामाङ र गर्जेन तामाङलाई माओवादीको आरोपमा ०६० कार्तिक २९ गते सुरक्षाकर्मीले भोताङ गाविसस्थित एक खोल्सामा लगी गोली हानी हत्या गरे।

महांकाल गाविसका महेन्द्र तामाङ, सोही ठाउँका लिला दंगाल, हैवुङ गाविस-५ का फूर्पा लामा, भोटेचौर गाविसकी सुभद्रा खतिवडा, मेलम्ची गाविस-४ का सोमरसिं तामाङ र सोही ठाउँकी तारा तामाङलाई माओवादीको आरोपमा ०६० मंसिर ९ गते थकनी गाविस-३ राउतगाउँबाट सुरक्षाकर्मीले गिरफ्तार गरी हैबुङ गाविसस्थित काउले दोभान जंगलमा लगी गोली हानी हत्या गरे।

मांखा गाविस-७ का ४८ वर्षीय जीतबहादुर तामाङलाई माओवादीको आरोपमा ०६० मंसिर १४ गते आफ्नै घरमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी केही पर लगी गोली हानी हत्या गरे।

जेठल गाविसस्थित २१ किलो भन्ने ठाउँमा माओवादीले बसमा चन्दा उठाउन लागिरहेको अवस्थामा ०६० मंसिर १४ गते सुरक्षाकर्मीसँग जम्काभेट हुँदा सुरक्षाकर्मीले चलाएको गोली एकजना माओवादी कार्यकर्ता र ओखलढुंगा जिल्ला घर भएका एक सैनिक जवानको मृत्यु भयो।

माओवादीबाट

धुस्कुन गाविस-७ का १९ वर्षीय भरत नेपाललाई सुराकीको आरोपमा ०६० साउन २५ गते माओवादीले घरबाट बोलाएर सोही गाविस-४ मा लगी खुकुरी प्रहार गरी हत्या गरे। पीडित पूर्व माओवादी कार्यकर्ता हुन्।

धुस्कुन गाविस-४ मा ०६० साउन २६ गते प्रहरी जवान नवराज थापालाई माओवादीले बम प्रहार गरी हत्या गरे।

बतासे गाविस-७ का २६ वर्षीय शम्शेरबहादुर कार्कीलाई ०६० भदौ १८ गते माओवादीले घरबाट बोलाई केही पर पुऱ्याई हातखुट्टा बाँधी, घाँटीमा डोरीले कसेर हत्या गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट								राज्यबाट पीडित				
	अन्यबाट पीडित					माओवादीबाट पीडित							
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	३	२	१		३	११	१५	१५	११	१७	२	४	२३
घाइते	२	१	१		२	७	१४	१४	१	१			१
गिरफ्तारी/यातना									११	१५	२		१७
बेपत्ता									१	१			१
कुटपिट						२	२	२	९	१०			१०
धम्की						५	५	५					
महिलाअधिकार	७		८		८								
वालअधिकार	७		१०	१	११								
अपहरण						१७	२२	२२					
जम्मा	१९	३	२०	१	२४	४२	५८	५८	३३	४४	४	४	५२

कुविण्डे गाविस-४ का ५८ वर्षीय रंगबहादुर श्रेष्ठलाई सुराकीको आरोपमा ०६० भदौ १८ गते माओवादीले घरभन्दा केही माथि लगी खुकुरी प्रहार गरी हत्या गरे।

ठूलो सिरुवारी गाविस-२ का ४२ वर्षीय वलबहादुर थापालाई सुराकीको आरोपमा ०६० भदौ १८ गते माओवादीले घरवाट डाकी सोही ठाउँको कोटडाँडाको जंगलमा लगी खुकुरी प्रहार गरी हत्या गरे।

ज्यामिरे गाविस-३ का पत्रकार तथा शिक्षक ३३ वर्षीय ज्ञानेन्द्र खड्कालाई सुराकीको आरोपमा ०६० भदौ २१ गते विद्यालयमा वैठक बसिरहेको अवस्थामा माओवादीले वोलाई विद्यालयकै प्रांगणको पोलमा बाँधी खुकुरी प्रहार गरी हत्या गरे। पीडित राससका प्रतिनिधि थिए।

फुल्पिङडाँडा गाविसको कोठेमा ०६० भदौ २४ गते माओवादीले बम प्रहार गरी तीनजना संयुक्त सुरक्षाकर्मीको हत्या गरे।

साँगाचोक गाविस-१ का ४० वर्षीय विदुरकुमार पाठकलाई ०६० भदौ २५ गते घरवाट माओवादीले बोलाएर सोही ठाउँको खत्रीथोक भन्ने ठाउँमा लगी खुकुरी प्रहार गरी हत्या गरे।

वाह्रविसे गाविस-४ धार्पाका २८ वर्षीय प्रेमवहादुर तामाङलाई सुराकीको आरोपमा ०६० असोज ७ गते माओवादीले घरवाट वोलाई केही पर लगी गोली हानी हत्या गरे।

गोली बम विद्युतीय धरापद्वारा घाइते

माओवादीवाट

टेकानपुर गाविस-२ का ४५ वर्षीय हेमवहादुर वुढाथोकीलाई ०५९ माघ ३ गते सामुदायिक वन उपभोक्ता समितिको वैठक बसिरहेको अवस्थामा माओवादीले गोली हानी घाइते वनाए। पीडितलाई उपचारार्थ काठमाडौं लगियो।

मेलम्चीवाट गस्तीमा हिंडिरहेका सुरक्षाकर्मीहरुमाथि ०६० साउन २६ गते माओवादीले बम प्रहार गर्दा एक जना सुरक्षाकर्मी घाइते भए। पीडितलाई उपचारार्थ काठमाडौं लगियो।

धुस्कुन गाविस-४ मा ०६० साउन २६ गते सुरक्षाकर्मीमाथि माओवादीले विद्युतीय धराप थापी वम प्रहार गर्दा सहसेनानी निराकर पोखरेल, जवानहरु खड्गवहादुर पुन, ईश्वर वस्नेत, आङडुङ शेर्पा र प्रहरी जवान कुलवहादुर श्रेष्ठ घाइते भए। पीडितहरुलाई उपचारार्थ काठमाडौं लगियो।

फुल्पिङडाँडा गाविस स्थित कोठेमा ०६० भदौ २४ गते माओवादीले वम प्रहार गर्दा चारजना सुरक्षाकर्मी घाइते भए। पीडितहरुलाई उपचारको लागि काठमाडौं लगियो।

चौताराबाट काठमाडौंतर्फ जान लागिरहेको बा. अ ९७२९ नम्बरको यात्रु बसमाथि ०६० असोज २७ गते साँगाचोक गाविस-७ हर्रेडाँडामा माओवादीले बम प्रहार गरी वसका कन्डक्टर काभ्रे जिल्ला घर भएका सुरेश श्रेष्ठलाई घाइते बनाए। पीडितलाई उपचारार्थ काठमाडौं लगियो।

जेल र बन्दीहरु

जिल्ला सदरमुकामस्थित सिन्धुपाल्चोक जेलको क्षमता ३५ जनाको भए पनि कारागार निर्देशिकामा ८० जनाको क्षमता भएको उल्लेख छ। हाल यस जेलमा २ जना महिलासहित ५६ जना बन्दी छन्। बन्दीहरुमध्ये कैद नतोकिएका ३६ र कैद तोकिएका २० जना छन्। यस वर्ष ८ जना बन्दीलाई रिहा गरियो। यस जेलमा नजरवन्दमा कोही पनि छैनन्। बन्दीहरुलाई ६-६ महिनामा एक जोर लगाउने कपडा र २-२ वर्षमा ओढ्ने-ओछ्याउने कपडा दिइन्छ। यो जेल पुरानो भएकाले जीर्ण अवस्थामा छ। वर्षादको समयमा पानी चुहिने गर्दछ। पानीको धारा महिला गृहतर्फ १ र पुरुष गृहतर्फ २ गरी ३ वटा छन् भने महिलातर्फ १ र पुरुषतर्फ २ चर्पी छन्। जेलभित्र पुस्तकालय छ तर पर्याप्त पुस्तक छैनन्। कान्तिपुर दैनिक वाहेक अन्य पत्रिका उपलव्ध छैनन्। बन्दीहरुले विभिन्न माग राखी ०६० असार २३ गतेदेखि ३१ गतेसम्म आमरण अनशन बसे। प्रमुख जिल्ला अधिकारी र अनशनकारीवीच छलफलपछि सहमति भएर विवाद टुंगियो।

बेपत्ता अपहरण

राज्यबाट

कुन्चोक गाविस-६ का ३६ वर्षीय कृष्णबहादुर विकलाई माओवादीको आरोपमा ०६० असोज २० गते सिपापोखरे गाविस-२ अर्चलेबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा हालसम्म अवस्था अज्ञात छ।

माओवादीवाट

वतासे गाविस-२ का मानवहादुर थापा र सोही गाविस-४ का ५० वर्षीय भीमवहादुर थापालाई ०६० साउन २२ गते माओवादीले घरतर्फ आउँदै गर्दा फुल्पिङडाँडा गाविस-१ नौविसेबाट अपहरण गरे। पीडित मध्ये भीमवहादुर थापालाई साउन २४ गते र मानबहादुरलाई असोज २५ गते मुक्त गरियो।

राम्चे गाविस-३ का २८ वर्षीय नगेन्द्र पौड्याल, सोही गाविस-६ का १९ वर्षीय हरेराम पौड्याल र

मानेश्वारा गाविस-६ का २२ वर्षीय रामहरि पौड्याललाई नक्कली माओवादी बनेर हिंडेको आरोपमा ०६० साउन २९ गते माओवादीले घरबाटै अपहरण गरे। पीडितहरुलाई भदौ २ गते मुक्त गरियो।

बाँसबारी गाविस-५ घर भई मानेश्वारा गाविस-८ स्थित भद्रकाली माविका प्रधानाध्यापक राजकुमार भट्टराईलाई चन्दा नदिएको आरोपमा ०६० साउन २९ गते माओवादीले अपहरण गरे। पीडितलाई साउन ३१ गते मुक्त गरे।

मांखा गाविस-६ का गाविस सचिव ४६ वर्षीय माधवराज पराजुलीलाई चन्दा नदिएको आरोपमा ०६० साउन ३१ गते माओवादीले अपहरण गरे। पीडितलाई साउन ३२ गते मुक्त गरियो।

ठूलोसिरुबारी गाविस-१ का ५१ वर्षीय रामबहादुर पुरीलाई ०६० भदौ १८ गते माओवादीले घरबाटै अपहरण गरे। पीडितले घेरा तोडी भागेर भदौ १९ गते सदरमुकाम चौतारा पुगे।

काभ्रे जिल्ला घर भई किउल गाविसस्थित भुमेश्वरी माविका प्रधानाध्यापक ५५ वर्षीय पञ्चराम तामाङलाई ०६० भदौ २२ गते माओवादीले विद्यालयबाट अपहरण गरे। पीडितलाई भदौ २५ गते विद्यालयमा ल्याई मुक्त गरियो।

बाँसबारी गाविस ढकालखर्क घर भई महेन्द्रय मावि पाटीडाँडा थुम्पाखरका प्रधानाध्यापक ३८ वर्षीय बालकृष्ण चालिसेलाई ०६० भदौ २८ गते माओवादीले विद्यालयबाट अपहरण गरे। पीडितलाई असोज १ गते जेठल गाविसको २१ किलो भन्ने ठाउमा लगी मुक्त गरियो।

साँगाचोक गाविस-९ पोखरेका पूर्व प्रहरी ४५ वर्षीय रामबहादुर गिरीलाई ०६० भदौ २८ गते माओवादीले घरबाट अपहरण गरी बेपत्ता पारे।

बाह्रबीसे गाविस-६ का ३५ वर्षीय ज्ञानेन्द्र राउतलाई ०६० भदौ ३१ गते गुठी तथा सोही सरोकार समितिको बैठक बसिरहेको अवस्थामा ठाेकर्पा गाविस-५ पिङडाँडाबाट माओवादीले अपहरण गरे। पीडितलाई असोज १ गते जेठल गाविसको २१ किलो भन्ने ठाउमा लगी मुक्त गरियो।

सिन्धुपुरानागाउँ माविका शिक्षक कृष्णजंग रायमाझीलाई ०६० असोज १ गते विद्यालयबाट माओवादीले अपहरण गरे। पीडितलाई केही दिनपछि मुक्त गरियो।

नवलपुर गाविस-८ का ३१ वर्षीय राजेन्द्र खरेललाई सेनामा जागिर खाएको आरोपमा ०६० असोज १६ गते घर जान लाग्दा सिपापोखरे गाविस-३ बाट माओवादीले अपहरण गरे। पीडित असोज २० गते सोही गाविसबाट घेरा तोडी भागेर सिपाघाट पुगे।

भोटेचौर गाविस-७ का ३५ वर्षीय रामप्रसाद खतिवडालाई ०६० असोज २४ गते माओवादीले अपहरण गरे। पीडितलाई केही दिनपछि मुक्त गरियो।

चोकटी गाविस- २ का नेकपा (एमाले) का जिल्ला सदस्य ५१ वर्षीय मेघनाथ पौड्याललाई ०६० कार्तिक १५ गते खेतमा काम गरिरहेको अवस्थामा माओवादीले पेस्तोल देखाई अपहरण गरे। पीडितलाई सम्पूर्ण पक्षको दबावपछि मंसिर १९ गते पिस्कर गाविस-४ मा पुऱ्याई मानवअधिकारकर्मी नातिबाबु धिताल र पत्रकार सूर्य थापाको रोहबरमा मुक्त गरियो।

पाल्चोक गाविस-२ का ५२ वर्षीय विष्णुप्रताप खड्कालाई ०६० कार्तिक २९ गते सेराबेंशीस्थित आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडितलाई मंसिर ३ गते इचोक गाविस-६ मा पुऱ्याई मुक्त गरियो।

मांखा गाविस-७ का ६० वर्षीय कार्साङ दोर्जे तामाङ, सोही ठाउँका सञ्चबहादुर तामाङ र सोमबहादुर तामाङलाई सुराकीको आरोपमा ०६० पुस ६ गते माओवादीले आ-आफ्नै घरबाट अपहरण गरे। पीडितहरुमध्ये सञ्चबहादुरलाई पुस ७ गते र अन्यलाई पुस ११ गते मुक्त गरियो।

मांखा गाविस-७ का ४५ वर्षीय केशव आचार्यलाई ०६० पुस ७ गते माओवादीले घरैबाट अपहरण गरे। पीडितलाई पुस ११ गते मुक्त गरियो।

धम्की ज्यानमार्ने धम्की कुटपिट

राज्यबाट

फुलपिङडाँडा गाविस-२ बिन्जेलका २४ वर्षीय बालकृष्ण तिमिल्सिनालाई कर्के आँखाले हेरेको आरोपमा ०६० जेठ २ गते सुरक्षाकर्मीले चौतारा बजारबाट कुटपिट गर्दै ब्यारेकमा पुऱ्याई दुई घण्टाको यातनापश्चात् रिहा गरे।

बतासे गाविस-३ का ३० वर्षीय भूपेन्द्र पराजुलीलाई माओवादीको घर देखाएको आरोपमा ०६० भदौ ११ गते सुरक्षाकर्मीले पिठो पिध्ने घट्ट जानलाग्दा कुटपिट गरे। पीडित उपचारार्थ काठमाडौं गए।

बराम्ची गाविस-१ का २६ वर्षीय तोकबहादुर विकलाई ०६० भदौ ११ गते जलबीरे बजारमा सुरक्षाकर्मीले मार्ने धम्की दिए।

साँगाचोक गाविस-७ का २१ वर्षीय रामकुमार खतिवडालाई माओवादीको आरोपमा ०६० असोज ४ गते सुरक्षाकर्मीले चिउरा कुट्न मिलमा जान लागिरहेको अवस्थामा कुटपिट गरे।

बाडेगाउँ गाविस-३ का संस्कृत मावि, तिनघरेका

प्रधानाध्यापक ५० वर्षीय रामप्रसाद न्यौपानेलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६० असोज २० गते आफ्नै घरमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीले कुटपिट गरी मार्ने धम्की दिए।

फुल्पिङडाँडा गाविस-१ का सोही गाविस-२ स्थित सेतिदेवी प्राविका शिक्षक ३६ वर्षीय रेशमबहादुर कार्कीलाई माओवादी नदेखाएको आरोपमा ०६० कार्तिक २२ गते सुरक्षाकर्मीले विद्यालयको प्रांगणमा गई कुटपिट गरे। पीडितको उपचार काठमाडौंमा गरियो।



माओवादीद्वारा हत्या गरिएका पत्रकार ज्ञानेन्द्र खड्का

माओवादीबाट

सानोसिरुबारी गाविस-३ का ४० वर्षीय टंकबहादुर श्रेष्ठलाई घरमा पोष्टर नटाँस्नुहोला भनेको आरोपमा ०६० वैशाख ८ गते माओवादीले कुटपिट गरे।

बतासे गाविस-१ का ७५ वर्षीय गेंदबहादुर थापालाई सुराकीको आरोपमा ०६० साउन ६ गते आफ्नै खेतमा काम गरिरहेको अवस्थामा माओवादीले बोलाई जलबीरे बजारमा लगी कुटपिट गरे।

जलबीरे गाविसका ५८ वर्षीय नारायणदास श्रेष्ठलाई पैसा नदिएको आरोपमा ०६० साउन १५ गते माओवादीले कुटपिट गरी मार्ने धम्की दिए।

चौतारा गाविस-२ का ४५ वर्षीय शेरबहादुर श्रेष्ठलाई ०६० असोज २३ गते माओवादीले गाविस भवन ध्वस्त गर्न आउँदा कुटपिट गरे।

मांखा गाविस-७ का ६० वर्षीय कार्साङ दोर्जे तामाङलाई ०६० पुस ११ गते माओवादीले कुटपिट गरी खुट्टा भाँचिदिए। पीडितलाई उपचारार्थ काठमाडौं लगियो।

अभिव्यक्ति भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

पेट्रोलियम पदार्थमा गरिएको मूल्यवृद्धिको विरुद्धमा सात विद्यार्थी संगठनले ०६० वैशाख ६ गते चौतारामा जुलुस प्रदर्शन गर्दा प्रहरीले हस्तक्षेप गरे।

शाही घोषणाविरुद्ध आन्दोलनरत पाँच राजनीतिक दलहरुले ०६० वैशाख २८ गते चौतारामा जुलुस प्रदर्शन गर्दा प्रहरीले हस्तक्षेप गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा २ सय ५५ वटा मुद्दा विचाराधीन छन्। जसमधये ७४ वटा मुद्दा फर्स्यौट भए। बाँकी मुद्दामा ८० वटा देवानी, ४७ वटा दुनियावादी फौज्दारी र ५४ वटा सरकारवादी फौज्दारी छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

विस्थापन

यस वर्ष माओवादीका कारण विभिन्न गाविसका ३६ जना व्यक्तिहरु घर छाडी काठमाडौं तथा सदरमुकाममा बस्दै आएका छन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

जेठल गाविस-६ की २० वर्षीय नक्कली श्रेष्ठ, राम्चे गाविस-४ का २६ वर्षीय दुर्गाबहादुर तामाङ, रामेछाप जिल्ला हिमगगा गाविस-४ का २७ वर्षीय दिलबहादुर थापा, पांकली गाविस-२ ओखलढुंगाका २७ वर्षीय दिनेश गौतम र हिलेदेवी गाविस-२ रामेछापका २८ वर्षीय रामबहादुर मगरलाई माओवादीको आरोपमा ०५९ फागुन १५ गते पिस्कर गाविस-८ दात्रीखोला नुहाइरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुलाई हातहतियार खरखजना मुद्दामा थुनामा राखिएको छ।

मांखा गाविस-७ का ५१ वर्षीय कृष्णप्रसाद आचार्यलाई माओवादीको आरोपमा ०६० भदौ ८ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा हालसम्म अवस्था अज्ञात छ।

जलबीरे गाविसबाट ०६० भदौ ११ गते दिउँसो सुरक्षाकर्मीले दुईजना पुरुषलाई गिरफ्तार गरे। पीडितहरुको नाम, ठेगाना खुल्न सकेन। पीडितहरुको अवस्था हालसम्म अज्ञात छ।

मानेश्वारा गाविस-१ का गाविस सचिव ३६ वर्षीय विष्णु पौड्याललाई माओवादीलाई आर्थिक सहयोग गरेको आरोपमा ०६० भदौ ११ गते सुरक्षाकर्मीले आफ्नै घरबाट गिरफ्तार गरे। पीडितलाई भदौ १३ गते रिहा गरियो।

मांखा गाविस-९ का ३० वर्षीय रत्नध्वज तामाङलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६० भदौ १७ गते सुरक्षाकर्मीले आफ्नै घरबाट गिरफ्तार गरी भदौ २० गते रिहा गरे।

कुविण्डे गाविस-१ का २८ वर्षीय रघु तामाङलाई माओवादीको आरोपमा ०६० असोज २३ गते

चौतारावजारवाट सुरक्षाकर्मीले गिरफ्तार गरी असोज २६ गते रिहा गरे।

कुविण्डे गाविस-७ का ५० वर्षीय तिलक सापकोटालाई सुराकीको आरोपमा ०६० कार्तिक ४ गते बेलुका चौतारा गाविस-५ स्थित आफ्नै पसलवाट सुरक्षाकर्मीले गिरफ्तार गरी मंसिर ११ गते रिहा गरे। लितक माओवादी पक्षवाट पनि पीडित भएका व्यक्ति हुन्।

मेलम्ची गाविसका कुमार पाण्डे, भीमसेन डंगोल र उपेन्द्र तामाङलाई ०६० कार्तिक १५ गते मेलम्ची बजारवाट सुरक्षाकर्मीले विनाकारण गिरफ्तार गरी कार्तिक १६ गते रिहा गरे।



माओवादीद्वारा अपहण गरिएका मेघनाथ पौडेल

सानोसिरुवारी गाविस४ की १९ वर्षीय राधिका थापामगरलाई माओवादीलाई सहयोग पुऱ्याएको आरोपमा ०६० पुस ४ गते चौतारास्थित टुँडिखेलनजिकवाट सुरक्षाकर्मीले गिरफ्तार गरी पुस ८ गते रिहा गरे।

बालअधिकार

माहांकाल गाविस-४ का क्रमश: १२, १३ र १४ वर्षीय तीनजना वालिकालाई ०५९ पुस २२ गते सोही गाविस-२ का २८ वर्षीय आलमान तामाङले विक्री गर्ने उद्देश्यले लान लाग्दा प्रहरीले गिरफ्तार गरे। पीडकलाई थुनामा राखियो।

सांगाचोक गाविस-१ की ६ वर्षीय एक वालिकालाई ०५९ माघ ७ गते सोही ठाउँका ७९ वर्षीय वमवहादुर खत्रीले चकलेट किनिदिन्छु भनी फकाएर आफ्नै घरमा लगी वलात्कार गरे। पीडकलाई थुनामा राखिएको छ।

स्याउले गाविस-१ की १४ वर्षीय एक वालिकालाई ०५९ माघ २१ गते सोही ठाउँका ३६ वर्षीय सोमवहादुर तामाङले वलात्कार गरे। पीडक फरार छन्।

वाडेगाउँ गाविस-४ की १८ वर्षीय सुन्तली मगरले ०५९ फागुन १४ गते आफैले जन्माएको वच्चा जन्मनासाथ हत्या गरिन्। पीडितलाई कानुनी कारवाही नभएपछि समुदायले वहिस्कार गऱ्यो।



माओवादीद्वारा हत्या गरिएका शमशेरबहादुर कार्की

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दुर्व्यवहार

इचोक गाविस-५ की २१ वर्षीय एक महिलालाई ०५९ चैत १५ गते सोही ठाउँका सिरमान तामाङले विक्री गर्ने उद्देश्यले विदेश लान लाग्दा प्रहरीले गिरफ्तार गरे। पीडकलाई थुनामा राखिएको छ।

दुवाचौर गाविस-६ की एक महिलालाई ०६० वैशाख ३१ गते सोही गाविसका २५ वर्षीय सोमबहादुर तामाङलगायत् तीन जनाले बिक्री गर्ने उद्देश्यले लान लाग्दा प्रहरीले गिरफ्तार गरे। पीडकहरुमध्ये सोमबहादुरलाई थुनामा राखिएको छ भने अन्य फरार छन्।

महांकाल गाविस-२ का चारजना महिलालाई ०६० जेठ १६ गते सोही गाविस-३ का सान्चा तामाङले विक्री गर्ने उद्देश्यले लान लाग्दा प्रहरीले गिरफ्तार गरे। पीडकलाई थुनामा राखिएको छ।

माहांकाल गाविस-७ का दुई जना महिलालाई ०६० असार १९ गते माहांकाल गाविस-७ की मंगली तामाङ, इचोक गाविस-८ का गोरे तामाङ, सोही गाविस-९ का लाराङ तामाङ, सोही गाविस-८ का सोक्ते तामाङ र साहिला तामाङले विक्री गर्ने उद्देश्यले विदेश लान खोज्दा प्रहरीले गिरफ्तार गरे। पीडकहरुमध्ये मंगली, सोक्ते र साहिलालाई थुनामा राखिएको छ भने अन्य फरार छन्।

वाडेगाउँ गाविस-६ की २५ वर्षीय एक महिलालाई ०६० मंसिर १५ गते दाउरा लिन सोही ठाउँको करौजे जंगलमा जाँदा एक अज्ञात व्यक्तिले बलात्कार गरी हत्या गरे।

चौतारा गाविस-२ का ३४ वर्षीय कृष्णवहादुर नापितले आफ्नो घरमा पत्नीसहित तीन जनाको परिवार हुँदाहुँदै ०६० जेठ १५ गते कुविण्डे गाविस-१ की बेलीमाया श्रेष्ठसँग दोस्रो विवाह गरे। पतिले वहुविवाह गरेको सम्वन्धमा प्रहरीसमक्ष उजुरी दिंदा पनि कारवाही नभएको पीडितले वताइन्।

बतासे गाविस-६ का २८ वर्षीय नारायणप्रसाद ढुंगानाले ०६०

असार २ गते सोही ठाउँकी भाउजु नाता पर्ने २७ वर्षीय इच्छादेवी ढुंगानालाई दुध वेच्न डेरीतर्फ जान लाग्दा घरायसी कारण देखाई कुटपिट गरे। पीडितले प्रहरीसमक्ष कारवाहीको माग राख्दा कुनै कारवाही गरिएन।सोही ठाउँका जनताले पीडकलाई उठवस गराए।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

पेट्रोलियम पदार्थमा गरिएको मूल्यबृद्धिको विरुद्धमा सञ्चालित विरोध कार्यक्रममाथि ०६० वैशाख ६ गते प्रहरीले विद्यार्थी संगठनका कार्यकर्तालाई हातपात, धम्कीपूर्ण व्यवहार गरेकोप्रति ०६० वैशाख ७ गते अनेरास्ववियु, नेविसंघ र अनेरास्ववियु (एकीकृत) का जिल्ला अध्यक्षहरुले संयुक्त प्रेस वक्तव्य जारी गरी विरोध जनाए।

प्रतिगमनविरुद्ध आन्दोलनरत पाँच संसदवादी राजनीतिक दलहरुले ०६० वैशाख २८ गते निकालेको मसाल जुलुसमाथि प्रहरीले गरेको लाठिचार्ज, हातपात र धम्कीपूर्ण व्यवहारप्रति विरोध जनाउँदै जनमोर्चा नेपाल, नेकाँ र नेकपा (एमाले) का जिल्ला नेताहरुले ०६० वैशाख २९ गते संयुक्त प्रेस वक्तव्य जारी गरे।

माओवादीले पत्रकार ज्ञानेन्द्र खड्कालाई हत्या गरेको विरोधमा पत्रकार महासंघ जिल्ला शाखाले ०६० भदौ २३ गते प्रेस विज्ञप्ति जारी गऱ्यो।

नेकपा (माओवादी) द्वारा ०६० कार्तिक १५ गते नेकपा (एमाले) जिल्ला कमिटी सदस्य मेघनाथ पौड्याललाई अपहरण गरेको जनाउँदै एमाले जिल्ला कमिटीले ०६० कार्तिक १७ गते प्रेस विज्ञप्ति जारी गरी माओवादीलाई यस्ता अपराधिक क्रियाकलाप आगामी दिनमा नदोहोऱ्याउन अनुरोध गर्दै अपहरित पौड्यालको रिहाइको पहल गरिदिन मानवअधिकारकर्मीहरुलाई अनुरोध गऱ्यो।

नेकपा (माओवादी) द्वारा अपहरण गरिएका मेघनाथ पौड्यालको सकुशल रिहाइको अपिल गर्दै ०६० कार्तिक २८ गते जिल्लामा कार्यरत सबै मानवअधिकार संघ-संगठनहरुले प्रेस विज्ञप्ति जारी गरे।

संरचना क्षति

कदमवास गाविसस्थित वलेफी दुध चिस्यान केन्द्रवाट दुध लिएर काठमाडौंतर्फ जान लागिरहेको दुग्ध विकास संस्थानको ट्यांकरलाई ०६० असोज २३ गते माओवादीले वलेफीनजिक आगो लगाई ध्वस्त पारे। ट्यांकर ध्वस्त भएपछि २० दिनसम्म चिस्यान केन्द्र वन्द भयो।

पीपलडाँडा गाविस भवनमा ०६० भदौ ११ गते माओवादीले वम विस्फोट गराई भवन ध्वस्त पारे।

चौतारा गविसको भवनमा ०६० असोज २३ गते माओवादीले वम विस्फोट गराई क्षति पुऱ्याए।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्वन्धित)

यस वर्ष यो जिल्लामा झुण्डिएर ९ जना महिला र १० जना पुरुष तथा विष सेवन गरेर ३ जना महिलाले आत्महत्या गरे। वस दुर्घटनाका ७ वटा घटनामा ३ महिला र ५ पुरुषको मृत्यु भयो। आगलागीमा १ जना महिलाको मृत्यु भयो। एकजना महिलाको लास फेला पऱ्यो। लडेर १० पुरुष र चट्याङमा परी १ महिला र ४ पुरुषको मृत्यु भयो भने २ जना पुरुषको खोलामा परी मृत्यु भयो।

२.१८ नुवाकोट



जनसंख्या	:२८८४७८
साक्षरता प्रतिशत	:३१.७
महिला साक्षरता प्रतिशत	:१८.५
क्षेत्रफल (वर्ग कि.मी.)	:११२१
गाविस/नपा संख्या	:६१/१
निर्वाचन क्षेत्र	:३
विद्यालय	:५०१
क्याम्पस/उच्च मावि	:१/४
अस्पताल/स्वास्थ्य चौकी	: १/६६
टेलिफोन लाइन	:११००
मोटर सडक (कि.मी.)	:१७६
प्रहरी कार्यालय संख्या	:५
हुलाक संख्या	:६३
मानव विकास सूचकांक	:०.३१२
प्रति एक डाक्टर जनसंख्या	:४८०८०
प्रति परिवार सरदर संख्या	:५.४३

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या / गोली

राज्यबाट

जिलीङ घर भएकी अर्चना तामाङ र धादिङ जिल्ला घर भएकी प्रगती ढकाललाई माओवादीको आरोपमा ०६० भदौ २७ गते चारघरे गाविस-७ मा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

जिलीङ घर भएका प्रभात भनिने १९ वर्षीय राजेश ढुङ्गानालाई ०६० असोज ४ गते खानिगाउँ गाविस-६ शिवालय भन्ने ठाउँमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। सुरक्षाकर्मीमाथि सकेट बम प्रहार गर्न खोज्दा प्रतिकारमा मारिएको सुरक्षाकर्मीले जनाए।

नर्जामण्डप गाविस-८ का उदय भनिने २२ वर्षीय कृष्णराज तिमल्सिना, चौघडा गाविस-५ का २२ वर्षीय नवीन राई र ठेगाना नखुलेका उत्तम मगरलाई ०६० असोज २६ गते थानसिङ बेलायसपुर इलाकामा भएको दोहोरो भिडन्तमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

वागेश्वरी फलाटेमा ठेगाना नखुलेका २० वर्षीय नक्कले तामाङलाई ०६० कार्तिक १४ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

समुन्द्रटार गाविस-२ का राजकुमार नेपालीलाई ०६० कार्तिक १५ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितलाई सोही दिन समुन्द्रटारमा भएको विद्युतीय धराप विस्फोटमा संलग्न रहेको सुरक्षाकर्मीले जनाए।

धादिङ जिल्ला छत्रेदेउराली गाविसका ३७ वर्षीय प्रकाश कँडेल, कुमरी गाविस-३ नयाँवस्तीका कित्तावहादुर तामाङ र अन्य दुईजनालाई माओवादीको आरोपमा ०६० कार्तिक १५ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडित प्रकाश र कित्तावहादुर सर्वसाधारण थिए।

तलाखु गाविस-३ घर भएका ३८ वर्षीय शरण केसीलाई माओवादीको आरोपमा ०६० कार्तिक १८ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

रसुवा जिल्ला लहरेपौवा गाविसकी अञ्जु थापामगर र कल्याणपुर गाविस-२ का लाक्पा तामाङलाई माओवादीको आरोपमा ०६० मंसिर ८ गते तुप्चे मनकामना ईलाकामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

माओवादीबाट

थानसिङ गाविस-२ का जगदल गण, छाउनीमा कार्यरत सैनिक ३२ वर्षीय रामबहादुर कार्कीलाई ०६० साउन २६ गते माओवादीले अपहरण गरी भोलिपल्ट महेन्द्र मावि, थानसिङमा टाउकोमा खुकुरी प्रहार गरी हत्या गरे।

वेतीनी गाविस-५ गोल्फुका नेकाँका कार्यकर्ता २५ वर्षीय भद्र वहादुर तामाङलाई ०६० भदौ ९ गते माओवादीले टाउकोमा खुकुरी प्रहार गरी हत्या गरे।

लिखू गाविस-७ गौजीनीका नेपाल समता पार्टीका जिल्ला सदस्य ३५ वर्षीय विक्रम थापालाई ०६० भदौ १५ गते माओवादीले घरवाट अपहरण गरी नजिकैको जंगलमा लगी खुकुरी प्रहार गरी हत्या गरे।

वेतीनी गाविस-५ का ३५ वर्षीय सुरेन्द्र तामाङ (कान्छा) लाई सुराकीको आरोपमा ०६० असोज ७ गते समुन्द्रटारमा माओवादीले खुकरी प्रहार गरी हत्या गरे।

सुन्दरादेवी र समुन्द्रटार इलाकामा पर्ने वाह्रविसेमा ०६० कार्तिक १५ गते माओवादीले थापेको एम्वुसमा परी तारादल गणका सिपाही दिलवहादर श्रेष्ठको घटनास्थलमा नै मृत्यु भयो। उक्त घटनामा परी एकजना सैनिक जवान

घटनाको प्रकार	गैर राज्यपक्षबाट								राज्यबाट पीडित				
	अन्यबाट पीडित				माओवादीबाट पीडित								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या					८	९	१	१०	१०	१७	५	३	२५
घाइते					३	१	२	३	१	१			१
बम विस्फोटन					१	१		१					
गिरफ्तारी / यातना									५	१२			१२
कुटपिट	४	५		५	३	७		७					
अमानवीय व्यवहार	१	१	१	२									
अपहरण					६	१०		१०					
जम्मा	५	६	१	७	२०	२८	३	३१	१६	३०	५	३	३८

घाइते भएकोमा उपचारका लागी काठमाडौं लगियो।

धादिङ जिल्ला घर भई विदुर नपा-४ बट्टारमा मजदुरी गरी बस्ने दीपक लामालाई ०६० मंसिर २१ गते नुवाकोट जिल्ला रातमाटे भन्ने स्थानबाट माओवादी कार्यकर्ताले अपहरण गरी भोलिपल्ट देउराली भन्ने ठाउँमा लगी कुटपिट गरी हत्या गरे। पीडितको लास दुई हप्तापछि सोही ठाउँका बासिन्दाले गाडे।

तनहुँ जिल्ला घर भई तारादल गणमा कार्यरत सिपाई गमबहादुर थापा लाई ०६० मंसिर २१ गते नुवाकोट जिल्ला रातमाटे भन्ने ठाउँबाट माओवादीले अपहरण गरी परेखोलाको जंगलमा लगी ढुंगाले किची हत्या गरे।

हिरासतमै गोली हानी घाइते बनाइएका मधुप्रसाद लम्साल

थान्सिङ गाविसमा राजदरबारको स्वामित्वमा रहेको दरबारको फलफूल बगैंचाको कार्यालयमा ०६० भदौ ३१ गते माओवादीले बम विष्फोटन गराउने क्रममा एकजना माओवादीको मृत्यु भयो। मृतकको सनाखत हुन सकेन।

दोहोरो भिडन्त

सामरी गाविस-३ फलाटेका ५४ वर्षीय नाग्वा तामाङलाई ०६० कार्तिक १५ गते सुरक्षाकर्मी र माओवादीबीच भएको दोहोरो भिडन्तमा परी मृत्यु भयो। पीडित सर्वसाधारण थिए।

गोली बम विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

मदानपुर गाविस-९ पाखुरेमा ०६० पुस ७ गते माओवादीद्वारा राखिएको एम्बुस विस्फोट हुँदा बा. १ च २१७२ नम्बरको जीप ध्वस्त भयो भने देउराली गाविसका दयासिंह तामाङ र अन्य दुई जना घाइते भए।

जेल र बन्दीहरू

यस जिल्लाको विदुर नपा-२ नुवाकोट भन्ने ठाउँबाट सुरक्षाका लागि ०५९ सालदेखि विदुर नपा-३ स्थित जिल्ला सहकारी संघको घर भाडा लिई सारिएको छ। हाल जेलमा कैद नतोकिएका १२ पुरुष तथा कैद तोकिएका ३ पुरुष र २ महिला बन्दी छन्।

बेपत्ता अपहरण

माओवादीबाट

बेतिनी गाविसका ३५ वर्षीय सुब्बा तामाङ, ३४ वर्षीय माइला तामाङ, ३२ वर्षीय साँइला तामाङ र ३० वर्षीय काइँला तामाङलाई ०५९ पुस २१ गते माओवादीले अपहरण गरे। पीडितहरुलाई केही दिनपछि मुक्त गरियो।

तारुका गाविसका ५० वर्षीय खिलनाथ अधिकारी र २६ वर्षीय चन्द्रराज अधिकारीलाई ०५९ माघ ६ गते माओवादीले अपहरण गरी माघ ७ गते मुक्त गरें। पिडितहरुलाई ०५७ सालमा श्रीकृष्ण मावि तारुकामा भएको आगलागीबारे सोधपुछ गरेको पीडितहरुले बताए।

दुईपिपल गाविस-२ मुसुरेका तारादल गण, देवीघाटमा कार्यरत सिपाही २३ वर्षीय सरोज तामाङलाई ०६० साउन २४ गते घरबाट ब्यारेकमा फर्किरहेको अवस्थामा बाटोबाट माओवादीले अपहरण गरे। हाल पीडितको अवस्था अज्ञात छ।

गेर्खु गाविस- ८ माझगाउँका पूर्व प्रहरी ३५ वर्षीय नारायण प्याकुरेललाई ०६० असोज १ गते माओवादीले घरबाट अपहरण गरी भोलिपल्ट मुक्त गरे।

धम्की ज्यानमार्ने धम्की कुटपिट

माओवादीबाट

भद्रटार गाविसका मेजर ४० वर्षीय सुरेशराज थापाको घरबाट ०५९ पुस २३ गते माओवादीले २ लाख ४६ हजार रुपैयाँ बराबरको अन्नपात लुटे।

बेतीनी गाविस -५ सानो गोल्फूस्थित भक्तबहादुर तामाङ र कान्छा तामाङको घरमा ०६० माघ ७ गते माओवादीले आगो लगाए।

तारुका गाविस-७ बासीमुडाका तत्कालीन प्रहरी उपरीक्षक रामप्रसाद ढुंगानाको घरबाट ०५९ पुस १८ गते माओवादीले चामल, नगद र सूनचाँदी लुटे।

देउराली गाविस-८ का २५ वर्षीय कालुराम तामाङलाई सुराकीको आरोपमा ०६० भदौ १४ गते माओवादीले खुकुरीले घाँटी रेटी घाइते बनाए। पीडितको हालसम्म शिक्षण अस्पताल, महाराजगञ्ज काठमाडौंमा उपचार भइरहेको छ।

विदुर नपा-८ राइसिङबजार व्यापारी बिष्णुमान श्रेष्ठको घरमा अज्ञात व्यक्तिले ०६० असार ३१ गते आगो लगाई क्षति पुर्‍याए।

थानसिङ गाविस-३ स्थित तत्कालीन अर्थमन्त्री डा. प्रकाशचन्द्र लोहनीको पुर्ख्यौली घरमा ०६० भदौ ११ गते माओवादीले बम विस्फोट गराई आगो लगाइदिए।

बुधसिङ गाविस-२ का असई ३८ वर्षीय

माओवादीले आगो लगाई क्षति पुर्‍याएको बस

रामबहादुर वस्तीको घरमा माओवादीले ०६० असोज ४ गते आगो लगाई वम विस्फोट गराए।

काठमाडौं-त्रिशुली बस सेवा समितिको वा. १ ख ७०५३ नं. को विकास ट्राभल्समा ०६० भदौ २५ गते र साँघु वस सेवा समितिको वा.१ ख ७३८१ नं. को वसमा ०६० मंसिर २३ गते माओवादीले आगो लगाई क्षतिग्रस्त वनाए।

अन्य

स्पेस्टाइम दैनिकका समाचारदाता ३० वर्षीय लक्ष्मण श्रेष्ठलाई समाचारको निहुँमा ०६० जेठ २९ गते जिल्ला वन कार्यालयमा कार्यरत भरनबहादुर आचार्य र उनका छोरा रमेश आचार्यले विदुर नपा-५ गंगटेस्थित उनको घर अगाडि कुटपिट गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा अघिल्लो वर्षवाट जिम्मेवारी सरेर आएका ७८ र यस वर्ष दर्ता भएका २४ गरी कूल १ सय ३ वटा मुद्दा रहेकोमा ४२ वटा फर्स्यौट भई ५९ वटा वाँकी रहे।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

थार्नासिङ गाविस-४ का जनकप्रसाद अधिकारीलाई सर्वोच्च अदालतको आदेशवमोजिम ०५९ माघ १० गते रिहा भएपछि सुरक्षाकर्मीले गिरफ्तार गरी रसुवा जेल पठाए। पीडित सर्वोच्चको आदेश अनुसार रिहा भए।

अनेरास्ववियुका केन्द्रीय सदस्य नारायण वस्नेत, जिल्ला सचिव नारायण घिमिरे, जिल्ला सदस्य नरेन्द्र प्रधान, नेविसंघका जिल्ला अध्यक्ष जगदीश कुइँकेल, सदस्य किरणप्रसाद अधिकारी तथा अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला अध्यक्ष प्रेमबहादुर तामाङलगायत् ९ जनालाई ०६० वैशाख ७ गते विहान ८ वजे नेपाल वन्दको क्रममा हिंडिरेको अवस्थामा प्रहरीले गिरफ्तार गरी हिरासतमा राखे। पीडितहरुलाई सोही दिन वेलुका रिहा गरियो।

बागेश्वरी गाविसका ३५ वर्षीय मधु लम्साललाई ०६० भदौ १३ गते सुरक्षाफौजले गिरफ्तार गरी लगेकोमा ०६० मंसिर १ गते जिल्ला प्रहरी कार्यालयवाट तारिखमा रिहा गरियो। पीडितलाई ०६० भदौ २१ गते सुरक्षाफौजकै हिरासतमा गोली लागी उपचारको लागी वीरेन्द्र सैनिक अस्पताल काठमाडौं, छाउनी पुर्‍याइएको थियो।

कविलास गाविस-२ शहरेटारका कालिका निमाविका शिक्षक ३६ वर्षीय ध्रुव मिश्रलाई माओवादीको आरोपमा ०६० असोज २७ गते आफ्नै घरमा वसिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ५ दिन खरानीटारस्थित सुरक्षा वेस क्याम्पमा राखेर ०६० मंसिर २ गते तारिखमा रिहा गरियो।

बालअधिकार

तलाखु गाविस-५ ज्यामिरेका १० वर्षीय केशव केसी र ६ वर्षीय राजकुमार केसीको ०६० कार्तिक २२ गते वेवारिसे अवस्थामा भेटिएको सकेट वम खेलाउँदा विस्फोट भई मृत्यु भयो।

विविध

संरचना क्षति

शिवपुरी राष्ट्रिय निकुञ्जको सुरक्षार्थ स्थापित लिखु गाविस-९ र ११ तथा सिक्रे गाविस-२ मा रहेको शाही नेपाली सेनाको पोष्टका छुट्टाछुट्टै दुईवटा भवनमा ०६० असोज २ गते माओवादीले आगो लगाई ध्वस्त पारे।

भाल्चे गाविस-४ र ५ स्थित सरकारी भेंडा फार्ममा ०६० असोज २८ गते माओवादीले लुटपाट तथा तोडफोड गरे। माओवादीले फार्ममा रहेका भेंडा काटेर भोज खानुका साथै सातवटा भवनहरु क्षतिग्रस्त वनाए।

कविलास गाविस शहरेटारस्थित नेपाल विद्युत प्राधिकरणको ट्रान्सफर्मरमा ०६० असोज २८ गते राति माओवादीले वम विष्फोट गराई ध्वस्त वनाए।

साना किसान विकास आयोजनाको ढुंगेस्थित कार्यालयमा ०६० असोज २८ गते विहान माओवादीले वम विष्फोटन गराई क्षति पुर्‍याए।

काठमाडौंवाट त्रिशुलीतर्फ चकलेट वेच्न आइरहेको चकलेट कारखानाको एक टाटा मोवाईल गाडी ०६० कार्तिक १ गते मदानपुर गाविसको चिप्लेढुंगा भन्ने स्थानमा माओवादीले रोकी आगो लगाएर भीरबाट

खसालिदिए।

विदुर नपा-१ ढुङेस्थित साना किसान विकास परियोजनाअन्तर्गत जिलीङ र बागेश्वरी शाखाको कार्यालयमा ०६० असोज २८ गते माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए।

विदुर नपा-९ बागटारस्थित नेपाल विद्युत प्राधिकरण, रसुवा जिल्ला नुवाकोट डिभिजन कार्यालयको महसुल शाखामा ०६० कार्तिक २ गते माओवादीले बम विस्फोट गराई क्षतिग्रस्त बनाए।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष २ पुरुष ४ महिला गरी ६ जनाले झुण्डिएर आत्महत्या गरे भने विष सेवन गरेर ७ पुरुष र ७ महिला गरी १४ जना, खोलामा हाम फालेर १ पुरुष र २ महिला गरी ३ जना एवम् ब्लेडले काटिएर एक जनाले आत्महत्या गरे।

विदुर नपा-३ का ५७ वर्षीय दुर्गाबहादुर सुनारलाई भेदा र उनकै पत्नी ५२ वर्षीय सुकमाया सुनारलाई बोक्सीको आरोपमा ०६० साउन ९ गते बिहान सोही ठार्डस्थित पञ्चकन्या प्राविमा उनकै छोरी ३३ वर्षीय बिमला सुनार, २१ वर्षीय कमला सुनार, ज्वाइँ ४० वर्षीय कृष्णबहादुर सुनार, ३२ वर्षीय बलबहादुर सुनार र धामी ६० वर्षीय कृष्णबहादुर डंगोलले जबरजस्ती कुकुर डायनाको पान खान लगाई अपमानजनक व्यवहार गरे। पीडकहरूलाई प्रहरीले ११ दिनसम्म हिरासतमा राखि तारिखमा रिहा गरे। पीडित हाल बेपत्ता छन्।

विगतको अनुगमन

नुवाकोट जिल्ला महाकाली गाविसका ५५ वर्षीय इन्द्रबहादुर थापा र उनका छोरा २५ वर्षीय राजकुमार थापालाई माओवादीको आरोपमा ०५८ फागुन १३ गते काठमाडौंबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा पीडितपक्षबाट सर्वोच्च अदालतमा मुद्दा दायर गरिएपछि ०५९ फागुन १ गते अदालतको आदेशमा रिहा गरियो।

सुनखानी गाविस-८ का २२ वर्षीय नवराज गुणी र सोही गाविस-८ का ३८ वर्षीय भरत गुर्णीलाई माओवादीको आरोपमा ०५९ मंसिर १३ गते काठमाडौंस्थित टोखामा हिँडिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा पीडित पक्षबाट सर्वोच्च अदालतमा मुद्दा दायर गरिएपछि ०५९ चैत १४ गते अदालतले रिहा गर्न आदेश दिए पनि चैत १६ गते मात्र रिहा गरियो।

२.१९ रसुवा



जनसंख्या	:४८३३५
साक्षरता प्रतिशत	:३९.७०
महिला साक्षरता प्रतिशत	:३१.९२
क्षेत्रफल (वर्ग कि.मी.)	:१५१४
गाविस/नपा संख्या	:१८/०
निर्वाचन क्षेत्र	:१
विद्यालय	:९६
क्याम्पस/उच्च मावि	:०/२
अस्पताल/स्वास्थ्य चौकी	: १/१९
टेलिफोन लाइन	:१७७
मोटर सडक (कि.मी.)	:१७०
प्रहरी कार्यालय संख्या	:४
हुलाक संख्या	:१८
मानव विकास सूचकांक	:०.१०२
प्रति एक डाक्टर जनसंख्या	:१५५१४
प्रति परिवार सरदर संख्या	:४.८२

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या - गोली

राज्यबाट

गोल्जुङ गाविस-१ का माओवादीद्वारा घोषित जिल्ला जनसरकार सदस्य ३५ वर्षीय छिरिङ घलेलाई ०५९ पुस १९ गते सोही गाविसमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

सरमथली गाविस-७ का ३० वर्षीय वीरबहादुर तामाङ, २७ वर्षीय लीला तामाङ, २१ वर्षीय रामकृष्ण तिर्मिल्सिना र २४ वर्षीय शान्ति थिङलाई माओवादीको आरोपमा ०५९ फागुन ४ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

लहरेपौवा गाविस-१ की २३ वर्षीय अञ्जु थापामगरलाई माओवादीको आरोपमा ०६० मंसिर ८ गते मनकामना गाविस-२ मा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

डोटी जिल्लाका विजय भनिने पूर्णबहादुर खड्कालाई ०६० पुस ८ गते डाँडागाउँ गाविस-२ मा सुरक्षाकर्मीको गस्ती टोलीलाई देखी भाग्न लाग्दा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। सोही घटनामा धादिङ जिल्लाकी महिला माओवादी छापामार फुलमाया श्रेष्ठलाई सुरक्षाकर्मीले कब्जामा लिएकोमा हालसम्म बेपत्ता पारिएको छ।

सरमथली गाविस-१ मा ०६० कार्तिक १० गते सुरक्षाकर्मीको गोलीबाट दुई जना माओवादी कार्यकर्ताको मृत्यु भयो। उक्त घटनाबाट सुरक्षाकर्मीले सकेट बम र अन्य हातहतियार बरामद गरे। सुरक्षाकर्मीको गस्ती टोलीमाथि माओवादीले सकेट बम प्रहार गरेपछि उक्त घटना भएको सुरक्षाकर्मीले जनाए।

माओवादीबाट

भोर्ले गाविस-५ ठूलोभोर्लेका नेकाँका कार्यकर्ता ४४ वर्षीय मानबहादुर थोकालाई आफ्नो पार्टीविरुद्ध लागेको आरोपमा ०५९ माघ ९ गते माओवादीले गोली हानी हत्या गरे।

गोली बम विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

धुन्चेबाट गस्तीको क्रममा हिंडेको सैनिक ट्रक ०६० कार्तिक ४ गते धैबुङ गाविस-४ को डँडेलखोला नजिकै आइपुग्दा माओवादीको विद्युतीय धरापमा पर्दा तीन सैनिक घाइते भए। उक्त घटनामा सर्वसाधारणहरुलाई सोधपुछ गरी सैनिकहरुले १० जना युवकलाई कुटपिटसमेत गरेको पीडितहरुले बताए।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

धैबुङ गाविसका कृष्णबहादुर प्याकुरेल, दिपबहादुर मगर, बद्री न्यौपाने, कमलनाथ आचार्य, तारानाथ न्यौपाने, गोपाल मगर, खुप्रसाद भट्ट, भोलानाथ घिताललगायत्लाई माओवादीलाई सघाएको आरोपमा यस वर्ष विभिन्न मितिमा सुरक्षाकर्मीले कुटपिट गरे।

माओवादीबाट

यार्सा गाविस-६ का प्रेमबहादुर तामाङलाई सुराकीको आरोपमा ०५९ माघ १० गते माओवादीले कुटपिट गरी हातखुट्टा भाँचिदिए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

विस्थापन

ठूलोगाउँ गाविस-५ का पूर्व गाविस अध्यक्ष ५० वर्षीय शिलाबहादुर गुरुङको घर ०५९ पुस १३ माओवादीले आगो लगाई ध्वस्त पारेपछि पीडितको परिवार ०५९ पुस २४ गतेदेखि विस्थापित भए।

यार्सा गाविसका पूर्व जिविस सभापति लछिन लामा सो गाविसबाट विस्थापित भई ०५९ पुस १९ गते धुन्चेस्थित आफ्नो घरमा बस्दै आएका छन्।

भोर्ले गाविस-७ चिनिस्थित ज्वालामुखी प्राविका शिक्षक विष्णुप्रसाद आचार्यको परिवार ०६० मंसिर १४ गतेदेखि विस्थापित भई धैबुङ गाविस-५ कालिकास्थानमा बस्दै आएका छन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

धैबुङ गाविस-३ का राप्रपाका जिल्ला अध्यक्ष खेसमबहादुर मगर र लहरेपौवा गाविस-९ का अर्जुनप्रसाद अधिकारीलाई माओवादीलाई सघाएको आरोपमा ०५९ चैत १२ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरुलाई एक महिनापछि रिहा गरियो।

धैबुङ गाविस-८ का अइन्द्रनाथ पौडेललाई माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा ०५९ पुस २२ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई

घटनाको प्रकार	गैर राज्यपक्षबाट						राज्यबाट पीडित				
	अन्यबाट पीडित			माओवादीबाट पीडित							
	घटना संख्या	महिला	जम्मा	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या				१	१	१	५	५	२	२	९
घाइते				१	३	३					
गिरफ्तारी/यातना							३	६			६
बेपत्ता							१		१		१
कुटपिट				१	१	१	१			१०	१०
बालअधिकार	१	३	३								
जम्मा	१	३	३	३	५	५	१०	११	३	१२	२६

एक महिनासम्म हिरासतमा राखी रिहा गरियो।

धैवुङ गाविस-४ को डँडेलखोलामा ०६० कार्तिक ४ गते सैनिक गाडी एम्बुसमा परेपछि सोही ठाउँका युवाहरु कमलनाथ आचार्य, तारानाथ न्यौपाने, गोपाल मगरलगायत्लाई अनुसन्धानको लागि सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिएर रिहा गरे।

बालअधिकार

लहरेपौवा गाविस-९ का १३ र ११ वर्षीय तीन जना बालिकालाई ०६० असार २० गते घाँस काट्न गएको अवस्थामा नुवाकोट जिल्ला सुन्दरादेवी गाविस-७ का रामकृष्ण श्रेष्ठले फकाएर जागिरको लोभ देखाई भारततर्फ लैजान लाग्दा विदुरबाट प्रहरीले गिरफ्तार गरे। पीडकलाई हाल थुनामा राखिएको छ। सोही घटनामा गिरफ्तार गरिएका भारत कलकत्ताका चन्द्र कान्छालाई भने तत्कालै रिहा गरिएको जेलका कर्मचारीले जानकारी दिए।

विविध

संरचना क्षति

राम्चे गाविस भवनमा ०६० मंसिर २५ गते माओवादीले आगो लगाई ध्वस्त पारे। त्यसैगरी हाकु गाविस भवनका कागजातहरु ०६० मंसिर २७ गते जलाए।

धैवुङ गाविस-४ डँडेलखोलामा ०६० असोज ४ गते दिउँसो सडक विभागको एक लोडर माओवादीले क्षतिग्रस्त पारे। उक्त घटनामा सडक विभागको ६० लाख बराबर रुपैयाँको क्षति भएको जनाइयो।

स्याफ्रु गाविस-७ चन्दनबारीस्थित एक चीज कारखानामा ०६० भदौ १८ गते माओवादीले लुटपाट गरे। सो घटनामा ३६ हजार रुपैयाँ बराबरको क्षति भएको जानकारी दिइयो। उक्त घटनामा आफ्नो कुनै संलग्नता नरहेको माओवादीले विज्ञप्तिमार्फत् जानकारी गराए भने सुरक्षाकर्मीले माओवादीको संलग्नता रहेको जनाए।



माओवादीले जलाएका कालिका स्थित रेञ्जपोष्ट र प्रहरी चौकी

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

राम्चे गाविसस्थित दुर्गा बक्स गणको 'ग' गुल्म (राम्चे पोष्ट) ०६० साउन ३० गतेको वर्षाका कारण पहिरोले बगाउँदा मेजर महेन्द्र महतसहित २० जना सैनिकको मृत्यु भयो। सोही दिन पहिरोमा परी धैवुङ गाविस-७ प्राङ्सेका आइतराम नामाङको ५ जनाको परिवारको पनि मृत्यु भयो। पहिरोबाट एक झोलुङ्गे पुल, २ विद्यालय, १३ खानेपानी योजना, ८ सिंचाई योजना र १५ सय रोपनी खेतीयोग्य जमीन क्षतिग्रस्त भयो। पहिरोबाट १ सय ५० घर विस्थापित भए।

पश्चिमाञ्चल

३.१ तनहुँ
३.२ गोरखा
३.३ लमजुङ
३.४ स्याङ्जा
३.५ कास्की
३.६ मनाङ
३.७ नवलपरासी
३.८ रुपन्देही
३.९ पाल्पा
३.१० कपिलवस्तु
३.११ अर्घाखाँची
३.१२ गुल्मी
३.१३ वाग्लुङ
३.१४ पर्वत
३.१५ म्याग्दी
३.१६ मुस्ताङ

३.१ तनहुँ



जनसंख्या : ३१६१२७
साक्षरता प्रतिशत : ६९.९
महिला साक्षरता प्रतिशत : ५५.६
क्षेत्रफल (वर्ग कि.मी.) : १५४६
गाविस/नपा संख्या : ४६/१
निर्वाचन क्षेत्र : ३
विद्यालय : ५२९
क्याम्पस/उच्च मावि : ४/७
अस्पताल/स्वास्थ्य चौकी : २/४४
टेलिफोन लाइन : १७७९
मोटर सडक (कि.मी.) : ६८४
प्रहरी कार्यालय संख्या : ५
हुलाक संख्या : ५२
मानव विकास सूचकांक : ०.३८४
प्रति एक डाक्टर जनसंख्या : २१०१६
प्रति परिवार सरदर संख्या : ५.०१

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

तनहुँसुर गाविस-७ का माओवादीका एरिया कमाण्डर सुवास भनिने २८ वर्षीय प्रकाश आचार्य, किहुँका विकास भनिने रामचन्द्र सिग्देल र बन्दीपुरका रवी भनिने विष्णु थापाको ०६० भदौ ३१ गते बिहान ७.३० बजे व्यास नपा-९ दुम्सिकोटमा संयुक्त सुरक्षाकर्मीको गोलीद्वारा घटनास्थलमै मृत्यु भयो। घटनास्थलबाट १ लाख ९६ हजार नगद, कागजात र केही हतियार बरामद भएको सुरक्षाकर्मीले बताए। रेडियो नेपाल र टेलिभिजनबाट उक्त स्थानमा दोहोरो भिडन्तमा माओवादीको मृत्यु भएको समाचार प्रशारण गरिएता पनि दोहोरो भिडन्त नभएको स्थानीय बासिन्दाले बताए।

घरिङसुन्धारा गाविस-८ नयाँटार भन्ने ठाउँमा गरौलीटार निमाविमा कक्षा ४ मा अध्ययनरत ११ वर्षीय पवित्रा कुमाललाई ०६० कार्तिक ५ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। सोही घटनामा पीडितका बाबु एमालेबाट निर्वाचित पूर्व वडाध्यक्ष ४२ वर्षीय चित्रबहादुर कुमाल सुरक्षाकर्मीको गोली लागि घाइते भए। पीडितले हालसम्म क्षतिपूर्ति पाएका छैनन्।

गजरकोट घिरिङ सुन्धारा, कोटा र बैदी गाविसमा नाम खुल्न नसकेका ५ जना माओवादी कार्यकर्ताको ०६० कार्तिक ५ गते सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। सुरक्षानिकायले धुम्ती सेवा संचालन गर्ने पूर्व तयारीको क्रममा भएको भिडन्तमा उनीहरुको मृत्यु भएको थियो।

भानुमति गाविसका माओवादी उप-कमाण्डर जमुना भनिने चिजा कुमाल र जाजरकोट जिल्ला घर भएका नरेश परियार नामका माओवादी कार्यकर्तालाई ०६० मंसिर १५ गते सुरक्षाकर्मीले माझकोट गाविस-२ मा हत्या गरे। भानुमति गाविसबाट गिरफ्तार गरिएका ती कार्यकर्तालाई माझकोटमा लगी खाल्डोको बीचमा बस्न भनेर सुरक्षाकर्मीले गोली हानी हत्या गरेको माओवादीको दाबी छ। पीडितको लास सुरक्षाकर्मीले बाटोभन्दा केही तल खाल्डो खनाएर पुरेका थिए। उक्त घटना दोहोरो भिडन्तमा भएको सुरक्षा निकायले बतायो।

माओवादीबाट

अरुणोदय गाविस-४ घर भई कालिप्रसाद गण, म्याग्दीमा कार्यरत शाही नेपाली सेनाका हवल्दार ३३ वर्षीय विष्णुबहादुर थापालाई ०६० भदौ १५ गते राति ११ बजे आफ्नै घरमा सुतिरहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे। पीडित विदामा घर गएका थिए।

पुर्कोट गाविस-५ स्थित डुम्रे-वेंशीशहर सडक खण्ड, बाइस जाँगरेमा, सुरक्षा जाँच चौकीमा खटिएका खोटाङ जिल्ला घर भई पूर्कोट चौकीमा कार्यरत शाही नेपाली सेनाका हवल्दार ३३ वर्षीय नन्दबहादुर दाहाललाई ०६० भदौ २१ गते दिउँसो ३:३० बजे घरमा टेलिफोन गर्न सोही ठाउँको सार्वजनिक टेलिफोन बुथमा गइरहेको अवस्थामा माओवादीले टाउको र छातीमा गोली हानी हत्या गरे।

भोजपुर जिल्ला शिद्वेश्वर गाविस-८ का सैनिक जवान ३४ वर्षीय रामकुमार पाण्डेको ०६० मंसिर २४ गते जामुने गाविस-१ स्थित सडकमा माओवादीले थापेको विद्युतीय धराप निस्कृय पार्ने क्रममा विस्फोट भई मृत्यु भयो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

खैरेनीटार गाविस-७ कुम्लेखोलाको पुलमा ०६० भदौ २१ गते दिउँसो ११ बजे पृथ्वी राजमार्गको खैरेनीबजारदेखि थर्पू बजार खण्डको भागमा सुरक्षाकर्मीलाई निशाना बनाई माओवादीले विद्युतीय धराप विस्फोट गराउँदा रमेश सिलवाल, शम्भु महत, सुरेन्द्र रावल, ज्ञानबहादुर परियार, केशवबहादुर थापा, टीकाराम भुषाल, मानबहादुर राना, नवराज श्रेष्ठ र श्रीप्रसाद श्रेष्ठ सामान्य घाइते भए। घाइतेको जिल्ला अस्पतालमा उपचार गरियो।

छाङ गाविस-९ थाङ्लीमा सैनिक जवान अर्जुन श्रेष्ठसहित ३ जना सैनिक ०६० मंसिर १५ गते माओवादीले थापेको विद्युतीय धरापमा परी घाईते भए।

जेल र बन्दीहरू

कूल २५ जना क्षमता रहेको तनहुँ जेल "घ" श्रेणीको हो। यस जेलमा यस वर्षको अन्त्यमा क्षमता भन्दा दोब्बर ५१ जना बन्दी राखिएको छ। सबै बन्दी पुरुष छन्। कर्तव्य ज्यान मुद्दामा कैद नतोकिएका ११ र कैद तोकिएका ४ गरी १५ जना बन्दी छन्। ज्यानमार्ने उद्योगमा कैद नतोकिएका ३, चोरी मुद्दामा कैद नतोकिएका ३ र जीउ मास्ने बेच्ने मुद्दामा कैद नतोकिएका १२ र कैद तोकिएका २ गरी १४ जना वन्दी छन्। जबर्जस्ती करणी मुद्दामा १ जनाको कैद नतोकिएको र १ जना कैद तोकिएको छ।

कुटपिट अंगभंगको मुद्दामा १ जना कैद नतोकिएको छ। नकवजनी चोरीमा २ जनाको कैद नतोकिएको र १ जना कैद तोकिएको छ। जबरजस्ती चोरीको मुद्दामा १ जना कैद नतोकिएको र ३ जना कैद तोकिएको गरी ४ जना बन्दी छन्। बहुविवाहको मुद्दामा १ जनाको कैद तोकिएको छैन। सार्वजनिक अपराधसम्बन्धी मुद्दामा ३ जनाको कैद तोकिएको छैन।

बेपत्ता / अपहरण

माओवादीबाट

कोटा गाविस-९ का २१ वर्षीय चन्द्रहरि तिवारी र १५ वर्षीय प्रदीप तिवारीलाई प्रहरीमा जागिर खाएको आरोपमा ०५९ माघ ८ गते बैदी गाविस-७ कोटबैदीको बाटोमा हिंडिरहेको अवस्थामा माओवादीले अपहरण गरे। पीडितहरुलाई आँखामा पट्टी लगाई अज्ञात स्थानतर्फ लगेकोमा माघ १३ गते रिसिङ रानीपोखरीबाट मुक्त गरियो।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

दमौली बजारमा पाँच दलले निकालेको जुलुसमाथि ०६० असार १० गते प्रहरीले हस्तक्षेप गरी लाठिचार्ज गर्दा नेकपा (एमाले) का जिल्ला सचिव प्रतापलाल श्रेष्ठ, नेकाँ जिल्ला सचिव कृष्ण गौतम, एमाले जिल्ला सदस्य नारायणप्रसाद खनाल, तारानाथ उपाध्याय, श्रीप्रसाद श्रेष्ठ, राजेश्वर ढकाल, अनेरास्ववियुका विष्णुभक्त सिग्देल, प्रकाश भट्टराई, विष्णु ढकाल, मजदुर संगठनका जिल्ला अध्यक्ष इन्द्र थापा, नेकाँ नगर सभापति पुरुषोत्तम काफ्ले, तरुणदलका वीरबहादुर थापा, हिरा सिग्देल, नरेश गिरी र प्ररायुसंघका बाबुराम अधिकारी घाईते भए। प्रहरीले लाठिचार्ज गरेपछि आन्दोलनकारीहरुले त्यसैको विरोधमा ३ घण्टा बजार बन्द गरेका थिए।

दमौली बजारमा रहेका वाराही आवासीय मावि, शान्ति वर्ष मावि र सत्यवती माविलगायत्का शैक्षिक संस्थाहरु राज्यविरुद्धको अपराधमा तीन विद्यार्थी नेतालाई गिरफ्तार गरेको विरुद्धमा आन्दोलनरत विद्यार्थीहरुले बन्द गरे। शैक्षिक संस्था बन्दबाट विद्यार्थीहरुको पठनपाठन अवरुद्ध भयो।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित				
	अन्यबाट					माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१	४	१		५	४	४	४	४	४	२	५	११
घाइते						२	१२	१२					
गिरफ्तारी/यातना									४	६	१		७
धम्की	१		१		१								
जातीय विभेद	२		१	१	२								
महिलाअधिकार	४		६	•	६								
अपहरण						१	२	२					
जम्मा	८	४	९	१	१४	७	१८	१८	८	१०	३	५	१८

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा देवानी मुद्दा अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका १ सय ९२ मध्ये ६७ फस्यौट भई १ सय २५ बाँकी रहे। व्यक्तिवादी तथा सरकारवादी फौज्दारी मुद्दा अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका १ सय ३७ मध्ये ५४ वटा मुद्दा फर्स्यौट भई ८३ बाँकी रहे। यस वर्ष दर्ता भएका १ सय ३४ वटा देवानी मुद्दामा ४० वटा फस्यौट भई ९४ वटा बाँकी रहे। यस वर्ष दर्ता भएका २ सय ३ वटा व्यक्तिवादी तथा सरकारवादी फौज्दारी मुद्दाहरुमध्ये ७१ वटा फर्स्यौट भई १ सय ३२ वटा बाँकी रहे। देवानी तथा फौज्दारीतर्फ अघिल्लो वर्षबाट जिम्मेवारी सरेर आएका ३ सय २९ मध्ये १ सय २१ फर्स्यौट भई २ सय ८ वटा बाँकी रहे। देवानी तथा फौज्दारी दुवैतर्फ यस वर्ष दर्ता भएका ३ सय ३७ वटा मध्ये १ सय ११ वटा फर्स्यौट भई २ सय २६ वटा बाँकी रहे। देवानी तथा फौज्दारीतर्फ अघिल्लो वर्षको जिम्मेवारी सरेका र यस वर्ष दर्ता भएका गरी कूल ६ सय ६६ वटा मुद्दाहरु मध्ये २ सय ३२ वटा फस्यौट भई ४ सय ३४ वटा बाँकी रहे।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

घाँसीकुवा गाविस-६ का अनेरास्ववियु जिल्ला कमिटी सदस्य २२ वर्षीय रमेश आचार्यलाई ०६० भदौ २७ गते दिउँसो ४ बजे बन्दीपुर गाविस-१ डुम्रेबजारमा चन्दा संकलन गरिरहेकै समयमा प्रहरीले गिरफ्तार गरे। पीडितलाई आँखामा पट्टी लगाई भ्यानमा राखी मनकामना सशस्त्र प्रहरी गण भानु गाविस-६ नारेश्वरटारबाट रिहा गरियो।

भिमाद गाविसका पूर्व अध्यक्ष तथा एमालेका जिल्ला सल्लाहकार काजीमान श्रेष्ठ, सोही गाविसका बाबुराम सुनार र देवबहादुर ज्वारचनलाई ०६० कार्तिक १० गते, व्यास नपा-३ का एमालेका संगठित सदस्य जानुका सुर्खालीलाई ०६० कार्तिक २३ गते, भीरकोट गाविसका जनसाँस्कृतिक मञ्चका जिल्ला सचिव कृष्ण गजमेरलाई ०६० कार्तिक २७ गते, बन्दीपुर गाविसका पूर्व अध्यक्ष तथा एमालेका क्षेत्रीय कमिटी सदस्य रवी भट्टराई र सोही गाविसका एमाले कार्यकर्ता घनश्याम देवानलाई ०६० कार्तिक २८ गते, एमाले माझकोट गाउँ कमिटीका सचिव झकबहादुर थापालाई ०६० मंसिर १४ गते र आँबुखैरेनीका भवबहादुर गुरुङलाई ०६० मंसिर १२ गते सुरक्षाकर्मीले गिरफ्तार गरे।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

महिला किनबेच

भानु गाविस-८ चाम्बासकी शान्ता तामाङ, शिला तामाङ र लालश्री तामाङलाई ०६० मंसिरमा नुवाकोट जिल्ला थप्रेक गाविसका पूर्ण लामा, विष्णुमाया तामाङ र सुविर तामाङले रोजगारी दिलाउने प्रलोभनमा बम्बईतर्फ लैजाँदै गरेको अवस्थामा चितवनको बबई पोष्टमा कार्यरत सुरक्षाकर्मीहरुले गिरफ्तार गरे। पीडकहरुलाई पुर्पक्षका लागि थुनामा राखी कानुनी कारवाही भइरहेको छ।

बहुविवाहको एउटा घटनामा पीडितले प्रहरीसमक्ष जाहेरी दिइन्।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

सामुङ भगवतीपुर गाविस-३ मचागाउँमा ३८ वर्षीय सेतीमाया विकले निर्माण गरेको शिव मन्दिर ०५९ माघ ५ गते सोही ठाउँका नरबहादुर राना, धनमाया राना र कोकबहादुर राना सहितको एक समूहले तोडफोड गऱ्यो। ०५९ माघ ४ गते मन्दिरअगाडि फोहर गरेको विषयलाई लिएर सेतीमायाले गाली गलौज गरेपछि त्यसको अर्को दिन जातीय हिसाबले तोडफोड गरिएको थियो। पीडितले दिएको उजुरीउपर पीडकहरुले मन्दिरको भत्काएको भाग जस्ताको तस्तै बनाउने र सबै मिली मन्दिरको संरक्षण गर्ने सहमतिमा प्रशासनले मुद्दा मिलायो।

पोखरीभञ्ज्याङ गाविस-५ का दलितहरुलाई मगर जातिका व्यक्तिहरुले परम्परागत कुवाको पानी उपभोग गर्न दिएनन्। तुलबहादुर थापामगर सहितको एक समूहले कुवा समेत भत्काइदियो। जिल्ला प्रशासनले पीडकहरुलाई ०६० भदौ १७ गते भत्काएको कुवा मर्मत गर्न र दलित जातिलाई विना रोकटोक उपभोग गर्न दिने शर्तमा मिलापत्र गरायो। हाल पीडित परिवारले कुवाको पानी पूर्ववत् अवस्थामा प्रयोग गर्न पाएका छन्।

विविध

संरचना क्षति

इलाका प्रहरी कार्यालय, बेलचौतारामा ०६० भदौ १४ गते राति १ बजे माओवादीले कुकर बम विस्फोट गराई चौकी ध्वस्त बनाउनुका साथै चौकीमा आगो लगाए। घटना भएको थाहा पाउनासाथ प्रशासनले घटनास्थलमा गई आगो निभाउने काम गरेको थियो। उक्त कार्यालयमा कुनै पनि प्रहरी नभएको मौका छोपी कुकर बम प्रहार गरेका थिए। हाल चौकीको मर्मत कार्य भइरहेको र सुरक्षाकर्मी बस्दै आएका छन्।

अतिरिक्त जानकारीहरू
(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष व्यक्तिगत हत्याका ३ वटा घटनामा ३ जनाको मृत्यु भयो। खोलामा डुबेर १ र सवारी दुर्घटनामा ८ जनाको मृत्यु भयो। यस वर्ष २ महिला र १ पुरुष गरी ३ जनाले आत्महत्या गरे।

३.२ गोरखा



जनसंख्या	:२८८१०१
साक्षरता प्रतिशत	:५८.८७
महिला साक्षरता प्रतिशत	:५३.२४
क्षेत्रफल (वर्ग कि.मी.)	:३६१०
गाविस/नपा संख्या	:६६/१
निर्वाचन क्षेत्र	:३
विद्यालय	:४९२
क्याम्पस/उच्च मावि	:३/३
अस्पताल/स्वास्थ्य चौकी	:२/६८
टेलिफोन लाइन	:७९४
मोटर सडक (कि.मी.)	:२४
प्रहरी कार्यालय संख्या	:६
हुलाक संख्या	:६९
मानव विकास सूचकांक	:०.३०८
प्रति एक डाक्टर जनसंख्या	:४८०२२
प्रति परिवार सरदर संख्या	:४.८९

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या / गोली
राज्यबाट

आरुचनौटे गाविसको चापानीमा ०६० असोज ९ गते बिलबहादुर परियारलाई सुरक्षाकर्मीले गोली हानी हत्या गरे। माओवादीले थापेको विद्युतीय धरापमा सुरक्षाकर्मी परेपछि गिरफ्तार गरी आफ्नो साथमा ल्याएका बिलबहादुरलाई गोली हानिएको स्थानीय बासिन्दाले बताए।

गाइखुर गाविसका माओवादी कार्यकर्ता ववित भनिने मिलन पाण्डे र सल्यानका अमिर भनिने हुकम वलीलाई ०६० पुस ४ गते थुमी गाविसको आरखेतमा सुरक्षाकर्मीले गिरफ्तार गर्दा प्रतिकार गर्न खोजेको आरोपमा गोली हानी हत्या गरे। पीडितहरुबाट १ नाल कटुवा पेस्तोल बरामद गरेका सुरक्षाकर्मीले जनाए।

माओवादीबाट

फिनाम गाविस-८ का २५ वर्षीय विष्णुबहादुर थापामगरलाई सुराकीको आरोपमा ०६० भदौ २४ गते राति माओवादीले धारिलो हतियार प्रयोग गरी हत्या गरे। पीडित जलकन्या युवा क्लब, फिनामका अध्यक्ष एवम् समता पार्टीका कार्यकर्ता थिए।

ताप्ले गाविस घ्याम्पेसालतर्फ जाँदै गरेको सुरक्षाकर्मीको गस्ती टोली ०६० असोज ८ गते माओवादीले राखेको विद्युतीय धरामा पर्दा सैनिक जवान एकनारायण श्रेष्ठ र असई प्रमोद कुर्मी घाइते भएकोमा उपचारको क्रममा एकनारायणको मृत्यु भयो।

आरुचनौटे गाविसको चापानीमा ०६० असोज ९ गते माओवादीले थापेको विद्युतीय धरापमा परी शाही नेपाली सेनाका प्रेम अधिकारीको घटनास्थलमै मृत्यु भयो भने सेनाका जवान अर्जुन सापकोटा, चित्रबहादुर कार्की र प्रहरी जवानहरु अर्जुन वस्याल, गणेश थापा, रामचन्द्र नेपाल घाइते भए।

देउराली गाविसको मजुवा चेकपोष्टमा यात्रुहरु जाँचका लागि जिल्ला प्रहरी कार्यालयबाट खटिएका प्रहरीहरु अर्घाखाँची जिल्लाका लोकबहादुर कुवँर र नवलपरासी जिल्लाका स्थानेश्वर शर्मालाई ०६० कार्तिक ३ गते गोरखाबाट गएको ग. १ ख ७४१ नम्बरको मिनिबसबाट ओर्ली माओवादीले गोली हानी हत्या गरे। सोही घटनामा माओवादीले ३ थ्री नट थ्री राइफल पनि लुटेर लगे।

गोरखा जिल्ला च्याउली गाविसको विरुवाटारमा भाइटिकामा टिका थाप्न आफ्नो सहकर्मीसहित गएका प्रहरीहरु ०६० कार्तिक १० गते माओवादीले थापेको

विद्युतीय धरापमा पर्दा मनकामना सशस्त्र प्रहरी बल तनहुँका सशस्त्र प्रहरी एसपी सूर्यकुमार श्रेष्ठ, रामेछाप जिल्लाका प्रहरी जवानहरु भीमबहादुर श्रेष्ठ, गोविन्द श्रेष्ठ र पर्वत जिल्लाका लीलाबहादुर दर्जीको घटनास्थलमै मृत्यु भयो भने सशस्त्र प्रहरी निरीक्षक केदार खड्का, प्रहरी हवल्दार पूर्णबहादुर आलेमगर, हवल्दार जीतबहादुर नेपाली र प्रहरी जवानहरु रोलक थापा, विमलकुमार कटुवाल घाइते भए। सोही घटनामा भाइसँग आएकी सर्वसाधारण सोही ठाउँकी भुवनकुमारी श्रेष्ठ पनि घाइते भइन्।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

आरुपोखरी गाविसको भैंसेपोखरीमा ०६० असोज १० गते सुरक्षाकर्मीले गोली चलाउँदा जंगलमा घाँस काट्न गएका सोही ठाउँका सर्वसाधारण पति-पत्नी सूर्यमान श्रेष्ठ र राममाया श्रेष्ठ घाइते भए।

जेल र बन्दीहरु

कूल ५५ बन्दी क्षमताको 'घ' श्रेणीको गोरखा जेलमा हाल १६ जना बन्दी छन्। १३ जना पुरुष र ३ महिला छन्। महिलातर्फ कैद तोकिएका २ र कैद नतोकिएका १ तथा पुरुषतर्फ कैद तोकिएका ६ र नतोकिएका ७ जना रहेका छन्। तीमध्ये ६ जनालाई आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन ०५८ अन्तर्गत नजरवन्दमा राखिएको छ। जेलभित्र महिला, पुरुष दुवै तर्फ एक-एक टीभी र केही रेडियो रहेको छ। कारागारमा बन्दीका निम्ति पानीको समस्या छ। बन्दीहरुलाई आवश्यकता अनुसार स्वास्थ्य उपचार गराउने गरेको र बन्दीले जेलभित्रै मुढा, नाम्लो बुन्ने गरेको जेलर रेशमबहादुर गुरुङले बताउनु भयो।

बेपता / अपहरण

राज्यबाट

धुवाकोट गाविस-१ का सुकबहादुर हुमागाईलाई ०६० कार्तिक १० गते च्याङ्ग्नी गाविसको सतिघाटबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितको अवस्था अज्ञात छ।

घैरुङ गाविसकी बुकोट शहीद स्मृति माविका छात्रा एवम् अखिल (क्रान्तिकारी) का कार्यकर्ता १७ वर्षीय सरिता कुँवरलाई ०६० कार्तिक १४ गते ताप्लेको पौवाबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितको स्थिति हालसम्म सार्वजनिक गरिएको छैन।

माओवादीबाट

धुमी गाविस-८ का नेकपा (एमाले) का ११ नम्बर इलाका सचिव ४२ वर्षीय भीमबहादुर धमलालाई ०६० भदौ २५ गते बेलुका ८ बजे आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडितलाई भदौ २७ गते मुक्त गरियो।

पृथ्वीनारायण नपाका मनोनित नगरप्रमुख रुद्रराज पाण्डेलाई ०६० कार्तिक १४ गते माओवादीले छेवेटारस्थित घरबाट अपहरण गरी पदबाट राजिनामा गर्ने शर्तमा कार्तिक १५ गते मुक्त गरे।

देउरालीको रामशाह माविमा नियुक्ती लिई हाजिर गर्न गएका शिक्षकहरु धुवाकोट गाविस-८ का शंकर पाण्डे र हर्मी गाविस-८ का प्रकाश ढकाललाई ०६० मंसिर २३ गते विद्यालय प्रांगणबाटै माओवादीले अपहरण गरी सो विद्यालयमा हाजिर नगर्ने शर्तमा मंसिर २४ गते धुवाकोटबाट मुक्त गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	२		२	२	५	९	१		१०	४	२१		२१
घाइते					३	१२			१२	२	२	१	३
बम बिस्फोटन					२			२	२				
गिरफ्तारी/यातना										८	८	३२	४०
बेपत्ता										२	१	१	२
कुटपिट					४	५	२		७				
भेला/संगठित हुने अधिकार										१	२		२
महिलाअधिकार	१		१	१	१		१		१				
बालअधिकार	२		२	२									
अपहरण					३	४			४				
जम्मा	५		५	५	१८	३०	४	२	३६	१७	३४	३४	६८

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

तनहुँ जिल्ला घर भई गोरखामा कार्यरत जेटिए रामचन्द्र अधिकारीलाई बहुविवाह गरेको आरोपमा ०६० जेठ ३ गते बुंकोट गाविस खाप्दी भञ्ज्याङ्मा माओवादीले कुटपिट गरे।

ताङ्लीचोक गाविस-८ की पूर्णिमाया पन्तलाई ०६० जेठ ४ गते आफ्नो घरमा खाना खान आएका माओवादी कार्यकर्तालाई हातखुट्टा धुने पानी मागेकोमा "धारामै गएर धोऊ" भनेपछि माओवादीहरुले हातखुट्टा बाँधी लडाएर कुटपिट गरे। आफ्नी पत्नीलाई देखेपछि "पत्नीबाट केही गल्ती भएको भए क्षमा पाऊँ" भनी अनुरोध गर्ने पूर्णिमायाका पति कृष्ण पन्तलाई समेत माओवादीले कुटपिट गरे। सोही ठाउँका सूर्य पन्त र ईश्वरी पन्तलाई पनि माओवादीले सोही क्रममा कुटपिट गरे। माओवादीले १ महिला र ३ पुरुषलाई हातखुट्टा बाँधेर करिब २ घण्टासम्म चर्को घाममा राखेका थिए।

मसेल गाविसस्थित विन्द्रावती माविकी प्रधानाध्यापिका २७ वर्षीय अमृतादेवी वस्तीलाई ०६० जेठ ५ गते बेलुका माओवादीले कुटपिट गरी गम्भीर घाइते बनाए। पीडितलाई माओवादी पक्षले सुराकी गरेर पैसा कमाएको, संकटकालमा विद्यालय चलाएको, सोही विद्यालयका तत्कालीन प्रधानाध्यापक र दुई विद्यार्थीहरुलाई माओवादीको आरोपमा गिरफ्तार गराएको आरोप लगाउँदै लाठी र प्लाष्टिकको पाइपले कुटेर बेहोस अवस्थामा छोडे। आफूलाई आमा र पाँच वर्षको छोराका साथ घरमा बसेको अवस्थामा "हाम्रो कार्यक्रममा जाऔं" भनी घरबाट निकालेर केही छिनमै आँखामा पट्टी र हात डोरीले पछाडि बाँधेर धेरै मानिस भएको ठाउँमा पुऱ्याई विभिन्न प्रश्न गर्दै कुटपिट गर्न शुरु गरेको र त्यसपछि बेहोस भएको पीडितले बताइन्। पीडितलाई जिल्ला अस्पतालमा सामान्य उपचार गरी उपचारार्थ काठमाडौं पुऱ्याइएको थियो। हाल उनी त्यहाँबाट विस्थापित भई गोरखा सदरमुकामस्थित रत्नरौकटा मावि, वीरेन्द्रचोकमा पढाउँदैछिन्।

माओवादीद्वारा हत्या गरिएका विष्णुबहादुर थापामगर

ताप्ले गाविस-७ का दुर्गाप्रसाद भट्टलाई सोही ठाउँकी ६ वर्षीय एक बालिकालाई बलात्कारको प्रयास गरेको आरोपमा ०६० साउन १० गते माओवादीले मोसो लगाई कुटपिट गरेको माओवादीले विज्ञप्तिमार्फत् सार्वजनिक गरे।

अश्राङ गाविस-२ का भगप्रसाद उप्रेतीलाई काकी नाता पर्ने महिलामाथि हातपात गरेको आरोपमा ०६० मंसिर २ गते माओवादीले खाप्दीमा आयोजित एक कार्यक्रममा कुटपिट गर्नुका साथै बुकोटस्थित खाप्दी प्राविमा केही महिनासम्म लगातार नियमितरुपमा सरसफाई गर्नुपर्ने धम्की दिए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

पाँच राजनीतिक दलहरुद्वारा संचालित आन्दोलनअन्तर्गत ०६० असार १६ गते गोरखा बजारमा निकालिएको मसाल जुलुसमाथि प्रहरीले हस्तक्षेप गर्दा एमालेका जिल्ला सचिव बाबुराम थापा, नेकाँका जिल्ला सभापति चिनकाजी श्रेष्ठलगायतका नेता तथा कार्यकर्ताहरु घाइते भए। आन्दोलनकारीहरुले प्रहरीको घेरा तोड्नेक्रममा ३ जना प्रहरीसमेत घाइते भए।

गोरखा पर्यटकीयस्थलको जानकारी संकलन गर्नका निम्ति गोरखाको उत्तरी क्षेत्रमा गएका पत्रकारद्वय कान्तिपुर दैनिकका समाचारदाता ईश्वरी न्यौपाने र गोरखापत्र दैनिकका समाचारदाता किशोरजंग थापा जडिबुटी अध्ययनका निम्ति साथै जानुभएको प्राध्यापक उत्तमबाबु श्रेष्ठलाई माओवादीले माथि जान नदिई ०६० कार्तिक २० गते गुम्दा गाविसको खानीबेंशीबाट फर्काई दिए। उनीहरु जिविस गोरखाको लगानीमा पर्यटकीय क्षेत्रको प्रोफाइल तयार गर्न त्यसतर्फ गएका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा १ सय १ मुद्दा दर्ता भएकोमा देवानी ५८ वटा र फौज्दारी ४३ वटामध्ये देवानी १५ र फौज्दारी १६ गरी जम्मा ३१ वटा मुद्दा फर्स्यौट भए भने ७० वटा मुद्दा फर्स्यौट हुन बाँकी छन्। दुई वर्ष नाघेका ५ वटा र तीन वर्ष नाघेका २ वटा मुद्दा छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस वर्ष जिल्लामा बृद्ध, विधवा, अशक्त गरी ३

हजार ९ सय ३० जनालाई भत्ता वितरण गर्नुपर्नेमा पहिलो चौमासिकअन्तर्गत १ करोड ३५ लाख ५३ हजार ४ सय २२ रुपैयाँ भुक्तानी भइसकेको, दोस्रो चौमासिकअन्तर्गत ०६० कार्तिकदेखि कसैले पनि यी भत्ताहरु गाविस सचिवबाट पहिलो प्रतिवेदन नआइसकेको कारण सामाजिक सुरक्षाअन्तर्गत पाउनु पर्नेहरुले पाउन सकेका छैनन्।

विस्थापित

यस वर्ष ५३ जना विस्थापित भई गाउँबाट सदरमुकाम बस्दै आएका छन्। उनीहरु गाउँ फर्कन सकेका छैनन् भने सरकारबाट पनि कुनै व्यवस्था हुन सकेको छैन।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

चितवन जिल्ला घर भई गोरखा जिल्लामा व्यापार गर्दै आएका २४ वर्षीय कमल अर्याललाई मादक पदार्थ सेवन गरी झै-झगडा गरेको आरोपमा ०५९ फागुन ७ गते पृथ्वीनारायण नपाको शक्तिचोक बजारबाट प्रहरीले गिरफ्तार गरी कुटपिट गरे। पीडितलाई २ दिनपछि रिहा गरियो।

पृथ्वीनारायण नपा-११ का तारानगर उपस्वास्थ्य चौकीमा कार्यरत अहेब ३८ वर्षीय विष्णु चापागाईंलाई ०६० असोज ३ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा पर्सिपल्ट रिहा गरे। पीडितलाई संकटकालीन अवधिमा माओवादीको आरोपमा चार महिना थुनामा राखिएको थियो।

नारेश्वर गाविस-५ का चेतबहादुर विकलाई माओवादीको आशंकामा ०६० असोज ९ गते गस्तीमा गएको सुरक्षाकर्मीले दिउँसो घरबाटै गिरफ्तार गरी केही दिनपछि रिहा गरे।

च्याङ्ली गाविसका सचिव ४३ वर्षीय ईश्वरकुमार श्रेष्ठलाई च्याङ्लीमा माओवादीद्वारा गरिएको प्रहरी उपरीक्षक सूर्यकुमार श्रेष्ठको हत्याको योजना बनाउन सहयोग गरेको आरोपमा ०६० कार्तिक १० गते सुरक्षाकर्मीले सोही गाविस-६ स्थित उनकै घरबाट गिरफ्तार गरे। पीडितलाई जिल्ला अदालतले ०६० मंसिरमा तारिखमा रिहा गर्‍यो।

घ्याल्चोक गाविसकी सरिता कुवँरलाई ०६० कार्तिक १४ गते र राजेन्द्र कोइरालालाई ०६० असोजमा सुरक्षाकर्मीले गिरफ्तार गरेमा ०६० माघ २४ गते आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन ०५८ अन्तर्गत नजरबन्दमा राखियो।

द वर्ल्ड क्यापिटल सेकेन्डरी स्कूलका प्रिन्सिपल बाबुराम अर्याल, शुक्र मावि पाटेचौरका शिक्षक रामबाबु श्रेष्ठ र द्रव्यशाह क्याम्पसका सहायक प्राध्यापक दिलिप देवकोटालाई ०६० मंसिर १५ गते गोरखाबजारमा सुरक्षाकर्मीले गिरफ्तार गरी सोही दिन रिहा गरे।

नारेश्वर गाविस-५ का रामजी विकलाई माओवादीको आशंकामा ०६० मंसिर १६ गते गोरखा बसपार्कबाट सुरक्षाकर्मीले गिरफ्तार गरी मंसिर २० गते रिहा गरे।

ताप्ले गाविस-६ का ५५ वर्षीय भीमबहादुर बानिया र ४२ वर्षीय केशरबहादुर बानियालाई माओवादीलाई खाना खुवाएको आरोपमा ०६० मंसिर २४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी सोही दिन अनुसन्धानपछि रिहा गरे।

ताप्ले गाविस-६ का ४१ वर्षीय रोलकबहादुर बानियालाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६० पुस ९ गते सुरक्षाकर्मीले गिरफ्तार गरी तीन दिनपछि रिहा गरे।

बालअधिकार

गाइखुर गाविसकी शारीरिकरुपमा अशक्त १५ वर्षीय एक बालिकालाई सोही ठाउँका पदमप्रसाद धितालले ०५९ मंसिरमा बलात्कार गरी गर्भवती बनाएकोमा पीडित ०६० असार १३ गते जिल्ला प्रहरी कार्यालयमा गर्भवती अवस्थामा उजुरी हाल्न आइन्। प्रहरीले कारवाहीको प्रक्रिया शुरु गरेपछि पीडक फरार छन्।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

नेकपा (एमाले) गोरखाले सो पार्टीको ११ नं. इलाका सचिव भीमबहादुर धमलालाई माओवादीले अपहरण गरेकोमा सकुशल रिहाइको माग गर्दै ०६० भदौ २५ गते एक प्रेस विज्ञप्ति जारी गर्‍यो।

उद्योग वाणिज्य संघ, गोरखाका साधारण सदस्य प्रकाशचन्द्र श्रेष्ठको टाटा मोबाइल गोरखाको छेवेटारमा माओवादीले जलाएकोमा गम्भीर आपत्ति प्रकट गर्दै ०६० कार्तिक २१ गते उद्योग वाणिज्य संघ, गोरखाले एक प्रेस विज्ञप्ति जारी गर्‍यो।

अखिल (क्रान्तिकारी), गोरखाले आफ्नो कार्यकर्ता तथा शहिद स्मृति मावि बुकोटका छात्रा सरिता कुँवरलाई सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा रिहाइको माग गर्दै ०६० मंसिर २६ गते एक प्रेस विज्ञप्ति जारी गर्‍यो।

इन्सेक आबद्ध संस्था ग्रामीण सुदृढीकरण केन्द्रले नागरिकहरुलाई जबरजस्ती बेपत्ता पारिनबाट सुरक्षा प्रदान गर्न संयुक्त राष्ट्रसंघले घोषणापत्र जारी गरेको दिनको

अवसर पारेर प्रमुख जिल्ला अधिकारीसमक्ष ०६० पुस ३ गते ०५२ सालदेखि यता गोरखामा सरकारद्वारा बेपत्ता पारिएका १६ जनाको नामावलीसहित एक ज्ञापनपत्र बुझायो।

आत्मसमर्पण

लमजुङ जिल्ला विचौर गाविस-४ की १७ वर्षीय खोलमाया गुरुङले आफूले माओवादी परित्याग गरेको भनी गोरखास्थित सुरक्षाकर्मीसमक्ष आत्मसमर्पण गरिन्।

संरचना क्षति

लक्ष्मीबजार स्थित होटल हिल रिसोर्टमा ०६० भदौ २३ गते माओवादीले बम विस्फोट गराई ध्वस्त पारे।

पृथ्वीनारायण नपा-५ डण्डिडाँडास्थित कृषि विकास कार्यालय, गोरखाको भवनमा ०६० असोज २ गते माओवादीले बम विस्फोट गराई ध्वस्त बनाए।

नारेश्वर गाविस-९ बेनिखोलामा कुलो खन्ने प्रयोजनका निम्ति लगिएको एक्सामेटर (सानो डोजर) मा ०६० असोज २ गते माओवादीले आगो लगाई ध्वस्त पारे।

गोरखाका व्यापारी प्रकाशचन्द्र श्रेष्ठको बा ४ च २७९९ नम्बरको व्यक्तिगत टाटा मोवाइल गाडी व्यापारिक प्रयोजनका लागि संचालन भइरहेको बेला ०६० कार्तिक १३ गते पृथ्वीनारायण नपा-९ छेवेटारमा माओवादीले आगो लगाई ध्वस्त पारे।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष दुर्घटनाबाट ३ जनाको मृत्यु भयो भने ४ महिला र ८ पुरुष गरी १२ जनाले आत्महत्या गरे। पहिरोबाट २३ जनाको मृत्यु भयो।

विगतको अनुगमन

गत वर्षको वर्ष पुस्तकमा जेल र बन्दीमा एक नाबालक रहेको उल्लेख गरिएकोमा रिहा गरिसकेको छ। गत वर्षका राजनीतिक बन्दीहरु दोस्रो पटकको युद्धविरामको अवधिमा सबै रिहा गरिए।

राज्यबाट हत्यामा ०५९ वैशाख ३ गते आरुपोखरीमा सुरक्षाकर्मीको गोली लागि मिरा श्रेष्ठको साथ मृत्यु हुनेमा माइती प्रजा हुनु पर्नेमा अन्य हुन गएकोले सच्याइएको छ।

३.३ लमजुङ



जनसंख्या	:१९५३९०
साक्षरता प्रतिशत	:७३
महिला साक्षरता प्रतिशत	:६२
क्षेत्रफल (वर्ग कि.मी.)	:१६९२
गाविस/नपा संख्या	:६१/०
निर्वाचन क्षेत्र	:२
विद्यालय	:२७८
क्याम्पस/उच्च मावि	:५/११
अस्पताल/स्वास्थ्य चौकी	: १/६१
टेलिफोन लाइन	:३
मोटर सडक (कि.मी.)	:११९
प्रहरी कार्यालय संख्या	:४
हुलाक संख्या	:६१
मानव विकास सूचकांक	:०.३७५
प्रति एक डाक्टर जनसंख्या	:४४२८७
प्रति परिवार सरदर संख्या	:४.८५

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

पसगाउँ गाविसमा ०६० भदौ १६ गते देखि २० गतेसम्म माओवादी र सुरक्षाकर्मीबीच भिडन्त हुँदा १३ जना माआवादी कार्यकर्ताको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। पीडितहरुको सनाखत हुन सकेन।

नौथर गाविस र इलमपोखरी गाविसमा ०६० भदौ २५ गते माओवादी र सुरक्षाकर्मीबीच भिडन्त हुँदा नौथरमा ५ जना र इलमपोखरीमा ६ जना गरी ११ जना माओवादी कार्यकर्ताको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। पीडितहरुको सनाखत हुन सकेन।

सिम्पानी गाविसकी माओवादी महिला कार्यकर्ता सुमी भनिने कमला थापा र रचना भनिने "जीतमाया गुरुङको ०६० असोज २८ गते पामचोकबेंशीमा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

माओवादीबाट

भोटेओडार गाविस-६ वलिथुमका ६० वर्षीय पुण्य भुजेललाई सुराकीको आरोपमा ०६० असोज ७ गते माओवादीहरुले उनकै घरमा गोली हानी हत्या गरे।

उदिपुर गाविसमा पर्ने मध्यमर्स्याङ्दी जलविद्युत परियोजना नजिकको वाटोमा ०६० असोज १५ गते माओवादीहरुले सुरक्षाकर्मीलाई लक्षित गरी थापेको विद्युतीय धरापमा परी परियोजनामा काम गर्ने २ जना मजदुरको मृत्यु भयो। मृत्यु हुनेहरुमा मोहोरियाकोट गाविस-२ का विनोद थापा र उदिपुर गाविस-६ का गोपाल परियार थिए।

दोहोरो भिडन्त

नौथर गाविसको सेरा बजारमा ०६० भदौ ७ गते माओवादी र सुरक्षाकर्मीबीच भिडन्त हुँदा नाम नखुलेका ५ जना माओवादी कार्यकर्ताको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। भिडन्तमा पाचोक गाविस घर भई श्रीमन्ज्याङ गाविसको सेरा वजारमा वसोवास गर्दै आएकी १५ वर्षीय बालिका च्याम्वा गुरुङको मृत्यु भयो। पीडितमध्ये माओवादी कार्यकर्ताहरुको लास माओवादीले घटनास्थलमै गाडिदिए।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

उदिपुर गाविसको खुरखुरेमा माओवादीले सुरक्षाकर्मीलाई लक्षित गरी थापेको विद्युतीय धराप पड्किएपछि माओवादीको आशंकामा सुरक्षाकर्मीले गोली प्रहार गर्दा चिती गाविस-६ वरबोट फाँटका सर्वसाधारण १८ वर्षीय विष्णु प्रजा घाइते भए।

माओवादीबाट

भोर्लेटार गाविस नजिकको मोटर बाटोमा ०६० मंसिर १८ गते माओवादीले थापेको विद्युतीय धराप पड्कँदा ४ जना सुरक्षाकर्मी घाइते भए।

जेल र बन्दीहरु

कूल २५ जना क्षमता भएको लमजुङ जेल 'घ' श्रेणीको हो। यस जेलमा ३० जना बन्दी रहेका छन् र सबै पुरुष छन्। महिला वार्डमा समेत पुरुष राखिएको छ। जसमध्ये कैद तोकिएका ९ र कैद नतोकिएका २१ जना छन्। जेल भित्र मुडा, स्वेटर, टोपी बुन्ने गरेको पाइयो। टीभी, रेडियो पत्रपत्रिका पाउने गरेको बन्दीहरुले बताए।

बेपत्ता / अपहरण

राज्यबाट

चण्डिस्थान गाविसको चनौटेबाट एकजना माओवादी कार्यकर्तालाई ०६० कार्तिक १६ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा हालसम्म बेपत्ता पारिएको छ।

भोजे गाविस-९ का आसबहादुर गुरुङलाई ०६० मंसिर २३ गते बिहान सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई तीन दिनपछि घरमा लगिएको र पछि फेरि सुरक्षाकर्मीले लिएर गएकोमा हालसम्म बेपत्ता पारिएको छ।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

बेंशिशहर गाविस-२ का ४२ वर्षीय बलबहादुर

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	२		२	२	२	३		३	४	१४	४	१३	३२
घाइते					१	४		४	२	५		२	६
गिरफ्तारी / यातना									६	९			९
बेपत्ता									२	२			३
कुटपिट	१	१		१					२	३			३
धम्की	१	१		१	५	५		५					
महिलाअधिकार	१		१	१									
आर्थिक सामाजिक, सास्कृतिक अधिकार					१		१	१					
जम्मा	५	२	३	५	९	१२	१	१३	१६	३३	५	१५	५३

श्रेष्ठलाई ०५९ चैत १२ गते मट्टीतेल लिन गएको अवस्थामा लाइन मिलाउन खोज्दा लाइनमा बसेका सुरक्षाकर्मीले कुटपिट गरी घाइते बनाए।

रम्घा गाविसस्थित दुईपिप्ले बजारमा ०५९ चैत २२ गते आमसभाको प्रचारमा हिंडिरहेको अवस्थामा प्रताप भनिने देवेन्द्र पौडेल र विकल भनिने माओवादी कार्यकर्तालाई सुरक्षाकर्मीले गिरफ्तार गरे। २२ गते रिहा भएपछि पीडितहरुले आफूलाई सुरक्षाकर्मीले कुटपिट समेत गरेको र वार्ताको समयमा सरकारले आचारसंहिता उल्लंघन गरेको भन्दै विज्ञप्ति जारी गरे।

माओवादीबाट

ईशानेश्वर गाविस-७ का ३५ वर्षीय विष्णुदत्त सुवेदीलाई ०६० साउन ४ गते जेठी पत्नी बेचेको आरोपमा माओवादीले घरमा आई धम्की दिए।

घनपोखरा गाविसका जिविस सभापति हेमजङ्ग गुरुङको घर ०६० भदौ १० गते माओवादीले बम पड्काई ध्वस्त बनाएर ज्यानमार्ने धम्की दिए।

गाउँशहर गाविसका राप्रपाका कार्यकर्ता फणिन्द्रबहादुर थापालाई ०६० भदौ २० गते माओवादीले ज्यानमार्ने धम्की दिई घरमा आगो लगाइदिए।

ईशानेश्वर गाविस-७ घर भई शैलेश्वरी प्राविका प्रधानाध्यापक पशुपति घिमिरेलाई सुराकीको आरोपमा ०६० कार्तिक १ गते माओवादीहरुले धम्की दिए। उनी कार्तिक १५ गतेबाट घर छोडेर सदरमुकाम बेंशीशहर बस्न आए। उनले सरकार, माओवादी दुवैसँग जीवन रक्षाको लागि अनुरोध गर्दै विज्ञप्ति जारी गरे। उनी हाल घर फर्केका छन्।

भोटेओडार गाविसका राप्रपाका जिल्ला सदस्य मोहनलाल श्रेष्ठलाई ०६० मंसिर २० गते अपहरण गर्ने प्रयास गरे र ज्यानमार्ने धम्की दिए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

पाँच पार्टीद्वारा संचालन गरिएको संयुक्त आन्दोलनको क्रममा ०६० वैशाख २८ गते मसाल जुलुसमा भाग लिएका कारण नेकपा (एमाले) का जिल्ला पार्टी सचिव मायानाथ अधिकारी, एमालेका युवराज अधिकारी, सोमराज घिमिरे, राजेन्द्र बोहरा, रघुनाथ घिमिरे र नेकाँका जिल्ला सभापति शंकरकान्त जोशी, पूर्व सांसद रामबहादुर गुरुङ, हरिभक्त अधिकारी, नेकाँका कार्यकर्ता गणेश नेउपाने, श्रीकान्त घिमिरे र दुर्गाप्रसाद खनियालाई प्रहरीले कुटपिट गरी घाइते बनाए।

गाउँशहर गाविस घर भएका राजधानी दैनिकका जिल्ला संवाददाता २७ वर्षीय कृष्ण केसीलाई ०६० पुस १६ गते भ्रष्टाचारको समाचार लेखेका आधारमा लमजुङ कृषि क्याम्पसका प्रमुख रवी पौडेलले कुटपिट गर्ने धम्की दिए। यसको विरुद्धमा पत्रकार महासंघ लमजुङ शाखाले घोर भर्त्सना गरी विज्ञप्ति जारी गर्‍यो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा १ सय ३९ वटा मुद्दा दर्ता भए। ७४ वटा मुद्दा फर्स्यौट भए भने ६५ मुद्दा बाँकी रहे। जसमध्ये सरकारवादी मुद्दा २१ मध्ये ९ वटा फर्स्यौट भए भने १२ मुद्दा बाँकी रहे। सामान्य फौज्दारी मुद्दा ३५ मध्ये २१ फर्स्यौट भए १४ बाँकी रहे। देवानी मुद्दा ७९ मध्ये ४१ फर्स्यौट भए भने ३८ बाँकी रहे, संक्षिप्त देवानीतर्फ ४ मध्ये ३ फर्स्यौट भए। त्यस्तै, जिल्ला प्रशासनमा हातहतियार खरखजाना मुद्दा २ दर्ता भएकोमा एउटा फर्स्यौट भयो। सार्वजनिक अपराध सम्बन्धी २ वटा मुद्दा बाँकी रहे। जिल्ला वन कार्यालय अन्तर्गत २ मुद्दा परेकोमा २ वटा नै फर्स्यौट भए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

श्रीमञ्ज्याङ गाविस-२ लामाबगरमा ०६० असार १४ गते सोही गाविसका सचिव महेशराज पौडेलले वृद्ध भत्ता बाँड्दै गरेको अवस्थामा २ जना माओवादी आएर "वृद्ध भत्ता हामी बाड्छौं" भन्दै रकम लुटेर लगे।

आर्थिक अधिकार

मध्यमर्स्याङ्दी जलविद्युत परियोजनामा असुरक्षाको कारण देखाइ परियोजना निर्माण कार्यको ठेकेदार डीडीसी जेभीले ०६० असोज महिनामा ९ सय ५५ जना मजदुरहरुलाई निकालिदियो। यस कार्यको विरुद्ध मध्य मर्स्याङ्दी सरोकार केन्द्र, राजनीतिक पार्टी, ट्रेड युनियनहरुले भर्त्सना गर्दै विज्ञप्ति जारी गर्दै मजदुरहरुको रोजगारी तुरुन्त दिलाउन अनुरोध गरे।

विस्थापन

असुरक्षाका कारण यस जिल्लामा १ सय ६८ घर-परिवार विस्थापित भए। विस्थापित हुनेहरुमा अधिकांश राजनीतिक नेता र कार्यकर्ता रहेका छन भने केही सर्वसाधारण छन्। नेकाँका १ सय ५८ घर परिवार विस्थापित भएकोमा ५० घर अहिले फर्केको जनाइएको छ। एमालेले आफ्ना कार्यकर्ता ५ घर परिवार विस्थापित भएकोमा ३ परिवार घर फर्केको जनाएको छ। राप्रपाले ५

घर परिवार विस्थापित भएकोमा कोही पनि घर फर्कने स्थिति नभएको जनाएको छ। यीमध्ये अन्य पनि विस्थापित भएका छन्, तर आफू विस्थापित हुँ भनेर भन्न चाहेका छैनन्। जिल्ला प्रशासन कार्यालयमा ९६ जना व्यक्तिले विस्थापितमा आफ्नो नाम दर्ता गराएका छन्। विस्थापित भत्ता अहिले दिन नसकेको प्रशासनले जनाएको छ।

ईशानेश्वर गाविस-४ चिसंकुका जनार्दन घिमिरेका बुबा केदार घिमिरेलाई ०५८ माघ ६ गते माओवादीले हत्या गरेपछि जनार्दन घिमिरेसमेत उनको परिवारलाई गाउँ छोड्न माओवादीले धम्की दिए। उनको खेतबारी कसैले खेतीपाती गर्न नपाउने, बेचबिखन गर्न नपाउने गरी माओवादीले उनको खेतबारी २ वर्षसम्म बाँझै राखे। हाल जनार्दन घिमिरेको परिवार घर फर्केका छन्।

भलायखर्क गाविस-४ का नेकपा (एमाले) जिल्ला कमिटी सदस्य ऋषिकेश घिमिरेलाई माओवादीले गाउँ छोडन् धम्की दिएपछि ०५९ भदौबाट घर छोडी परिवारसहित काठमाडौं विस्थापित भए। उनको घर भाडामा लगाउन नपाउने, घर खेत कसैले बेचबिखन गर्न नपाउने, खेत कसैले अँधिया गर्न नपाउने गरी माओवादीले धम्की दिएपछि खेतबारी बाँझो रहेको छ।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

बेंशीशहर गाविस-९ सेरा घर भई लमजुङबाट प्रकाशित हुने अन्तरङ्ग साप्ताहिकका सम्पादक नवराज पहाडी र सोही ठाउँका अन्तरङ्गका सम्वाददाता चन्द्रकान्त पौडेललाई माओवादीसँग नजिक भएको आरोपमा ०६० असोज ४ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुलाई असोज ८ गते जेल चलान गरियो र कार्तिक ७ गते पत्रकार महासंघ र मानवअधिकारकर्मीको पहलमा रिहा गरियो।

मोहोरियाकोट गाविस-३ का ३५ वर्षीय विष्णुबहादुर थापालाई माओवादीको आरोपमा ०६० असोज २५ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा हाल तारिखमा रिहा गरिएको छ।

महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

खुदी गाविस-२ काउलेकी २६ वर्षीय जुनसिरी तामाङलाई ०६० साउन ४ गते बुहारी र ससुराबीच अनैतिक सम्बन्ध कायम रहेको आरोपमा सासुका भाई बुद्धिबहादुर तामाङ र जेठाजु बुद्धिबहादुर तामाङ भई सख्त घाइते हुनेगरी कुटपिट गरे। पिडित अहिले मामाको घरमा बस्छिन र न्यायको खोजीमा छिन्।

चण्डिस्थान गाविस-५ का २५ वर्षीय युवराज रावतले घरमा जेठी पत्नी हुँदाहुँदै ०६० साउन २४ गते दोस्रो विवाह गरे। जेठी पत्नी पवित्रा रावतले ०६० भदौ ३० गते जिल्ला अदालतमा उजुर गरेकी छिन्।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

खुदीबाट बेंशिशहर आउने बाटोमा हिंडिरहेका २ जना माओवादी कार्यकर्तालाई ०६० असार ११ गते सुरक्षाकर्मीले गिरफ्तार गरेको घटनालाई नेकपा (माओवादी) ले सरकारले वार्ताको समयमा आचारसंहिता उल्लंघन गरेको भनी विज्ञप्ति जारी गऱ्यो। ती २ जनालाई सोही दिन बेंशीशहरको मनाङ्गे चौतारामा ल्याई रिहा गरिएको थियो।

बेंशीशहर बजारमा होटल व्यवसाय गरी बस्ने ३२ जना महिलालाई बजारमा विकृति र विसंगति फैलाएको आरोपमा ०६० असार २९ गते प्रहरीले गिरफ्तार गरी भोलिपल्ट रिहा गरे। त्यसको विरोधमा बेंशिशहर बजारमा असार ३० गते महिलाहरुले विरोध जुलुस प्रदर्शन गरे।

संरचना क्षति

बेंशिशहर बजारमा ०६० कार्तिक २४ गते राति माओवादीले छोडेको बम विस्फोट हुँदा विद्युतका २ पोल र केही घरहरुमा क्षति पुग्यो।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष लमजुङ जिल्लामा ९ जनाले झुण्डिएर आत्महत्या गरे विद्युतको करेन्टबाट १ जना, गाडी दुर्घटनाबाट १ जना, घरको तलाबाट खसेर १ जना गरी ३ जनाको मृत्यु भयो। पहिरोमा परि २ जनाको मृत्यु भयो, जसमा २ जना महिला थिए। पानीमा डुबेर १ जना, भीरबाट खसेर १ जना र छुरी प्रहार गरी १ जनाको मृत्यु भयो।

उदिपुर गाविस-३ मा ०६० असार १० मा एक बेवारिसे लास भेटियो।

३.४ स्याङ्जा



जनसंख्या : ३७१७३३
साक्षरता प्रतिशत : ६८
महिला साक्षरता प्रतिशत : ३८.३
क्षेत्रफल (वर्ग कि.मी.) : ११६४
गाविस/नपा संख्या : ६०/२
निर्वाचन क्षेत्र : ३
विद्यालय : ८०९
क्याम्पस/उच्च मावि : ४/२६
अस्पताल/स्वास्थ्य चौकी : १/६८
टेलिफोन लाइन : ३४२
मोटर सडक (कि.मी.) : ३७५
प्रहरी कार्यालय संख्या : ५
हुलाक संख्या : ६६
मानव विकास सूचकांक : ०.३७८
प्रति एक डाक्टर जनसंख्या : ४५३३१
प्रति परिवार सरदर संख्या : ४५.३३१

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या गोली
राज्यबाट

निवुवाखर्कस्थित एक घरवाट माओवादी कार्यकर्ता पकवाढी गाविस-१ का डेलप्रसाद खनाललाई ०६० कार्तिक २ गते सुरक्षाकर्मीले गिरफ्तार गरी श्रीकृष्ण गण्डकी गाविस-३ वेलटारी लगी कार्तिक ३ गते गोली हानी हत्या गरे। पीडितलाई माओवादीले राखेको हतियार देखाउँछु भनी वेलटारी लगिएको तर हतियार नदेखाई भाग्न खोजेको आरोपमा हत्या गरिएको सुरक्षाकर्मीले वताए।

पिडीखोला गाविस-६ का माओवादी कार्यकर्ताहरु २६ वर्षीय बमबहादुर कुँवर क्षेत्री र वालिङ नपा-९ का २४ वर्षीय सोभन्त भुसाललाई ०६० कार्तिक ४ गते गस्तीमा गएका सुरक्षाकर्मीले निबुवाखर्क गाविसको एक घरमा गोली हानी हत्या गरे। माओवादी कार्यकर्ताहरु निबुवाखर्कको एक घरमा रहेको जानकारी पाएपछि कारवाही गरिएको सुरक्षाकर्मीले बताए।

सल्यान जिल्ला घर भएकी माओवादी कार्यकर्ता २६ वर्षीय मञ्जु शाहीको ०६० कार्तिक ५ गते सुरक्षाकर्मीको गोलीबाट मृत्यु भयो।

साँखर गाविस-२ का ४० वर्षीय कालुराम थापालाई माओवादीको आरोपमा ०६० मंसिर १४ गते सुरक्षाकर्मीले एक दिन आफ्नो नियन्त्रणमा राखी गोली हानी हत्या गरे। सोही घटनामा परवेश भनिने माओवादी कार्यकर्ता पनि मारिएका थिए।

साँखर गाविस-२ मा ०६० मंसिर १३ गते सुरक्षाकर्मीको कारवाहीमा परी अपार र उत्सव भनिने माओवादी कार्यकर्ताको मृत्यु भयो।

माओवादीबाट

स्वरेक गाविस-३ का माओवादीद्वारा घोषित गाउँ जनसरकार प्रमुख ५६ वर्षीय धनवहादुर विकलाई पार्टी हितविपरीत कार्य गरेको आरोपमा ०५९ फागुन १० गते सोही ठाउँस्थित आफ्नो घरवाट माओवादीले अपहरण गरी मनकामना गाविसको दक्षिण पश्चिम जंगलमा लगी हत्या गरे।

केवरे गाविस-३ का माओवादी कार्यकर्ता २५ वर्षीय यमजी गुरुङलाई ०६० भदौ २२ गते राति सोही गाविस-५ मा माओवादीले छातीमा गोली हानी हत्या गरे। तीनदिन अघि पीडितसहितको समूहले ताप्के गाउँमा हतियार देखाई लुटपाट गर्ने क्रममा स्थानीय वासिन्दाले हतियार खोसी सुरक्षाकर्मीलाई बुझाएका थिए। सोही आरोपमा उनको हत्या गरिएको वताइएको छ।

जगतभञ्ज्याङ गाविस-५ मा माओवादीले थापेको विद्युतीय धरापमा ०६० असोज ५ गते दिउँसो सशस्त्र प्रहरीको गाडी पर्दा सशस्त्र प्रहरी हवल्दार टेकवहादुर पुनको घटनास्थलमै मृत्यु भयो।

वालिङ नपा-२ मर्दिखोलामा ०६० मंसिर ८ गते माओवादीले सुरक्षाकर्मीलाई लक्षित गरी थापेको विद्युतीय धराप निस्क्रिय पार्न खोज्दा विस्फोट भई सिन्धुपाल्चोक जिल्लाका सशस्त्र प्रहरी इन्स्पेक्टर ४५ वर्षीय हरिवहादुर वस्नेत र नेपालगञ्ज घर भएका सशस्त्र प्रहरी हवल्दार ३२ वर्षीय अजितकुमार झाको घटनास्थलमै मृत्यु भयो भने ६ जना सुरक्षाकर्मी घाइते भए।

दोहोरो भिडन्त

चित्रेभञ्ज्याङ गाविसको दक्षिणपट्टिको जंगलमा गस्ती गरिरहेका सुरक्षाकर्मी र माओवादीबीच ०५९ माघ १० गते दोहोरो भिडन्त हुँदा ४ जना माओवादीहरुको मृत्यु भयो।

जेल र बन्दीहरु

यस जिल्लामा ३५ जना बन्दी क्षमता भएको "ङ" श्रेणीको जेल रहेको छ। हाल यस जेलमा २३ जना बन्दी छन्। जसमध्ये ५ जना कैद तोकिएका र अन्य नतोकिएका छन्। हप्ताको २ पटक बन्दीलाई भेट्न दिने व्यवस्था गरिएको छ। यहाँ बिजुली, पानीको राम्रो व्यवस्था छ। बन्दीहरुलाई दैनिक ३० रुपैयाँ दिइन्छ। यो जेलमा बालबालिका र महिला बन्दी छैनन्।

बेपत्ता / अपहरण

माओवादीबाट

सेतीदोभान गाविस-४ का २८ वर्षीय राजु क्षेत्रीलाई प्रहरीमा जागिर खाएको आरोपमा ०६० कार्तिक २५ गते घरमा आएको अवस्थामा माओवादीले अपहरण गरे। पीडितलाई प्रहरीको जागिर नखाने शर्तमा मंसिर १ गते मुक्त गरियो।

साँखर गाविस-६ का ४६ वर्षीय रामभक्त शर्मालाई सुराकीको आरोपमा ०६० मंसिर २१ गते माओवादीले घरबाट अपहरण गरे। पीडितलाई तनहुँ जिल्लाको पूर्वी भागमा पुर्‍याई आर्थिक सहयोग गर्ने शर्तमा मंसिर २२ गते घर नजिकै ल्याई मुक्त गरियो।

साँखर गाविस-२ स्थित दामोदर संस्कृत माविका शिक्षक ३७ वर्षीय तीर्थ अधिकारीलाई सुराकीको आरोपमा ०६० मंसिर २२ गते माओवादीले घरबाट अपहरण गरे। पीडितलाई मंसिर २३ गते साँझ आर्थिक सहयोग गर्ने सहमतिमा मुक्त गरियो।

वालिङ नपा-८ का मनोनित उपमेयर ४० वर्षीय महेश काफ्लेलाई उपमेयर पदबाट राजिनामा दिनका लागि माओवादीले ७२ घण्टे अल्टिमेटम दिएकोमा राजिनामा नदिएका कारण आफ्नै घरबाट ०६० मंसिर २७ गते राति माओवादीले अपहरण गरे। पीडितलाई राजिनामा र आर्थिक सहयोग गर्ने शर्तमा पुस २ गते मुक्त गरे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

पाँच राजनीतिक पार्टीहरुले आयोजना गरेको आन्दोलनमा ०६० जेठ १८ गते र असार १६ गते स्याङ्जा बजारमा निकालिएको मसाल जुलुसमाथि प्रहरीले हस्तक्षेप गर्दा असार १६ गते एमाले इलाका नं. ७ का उपसचिव विश्वनाथ पौड्याल घाइते भए। सोही क्रममा ०६० साउन १६ गते जिल्ला परिषद्को दोस्रो विशेष वैठक संचालन गरिरहेको अवस्थामा प्रहरीले हस्तक्षेप गरी लाठिचार्ज गर्दा पूर्व जिविस सभापति रामबहादुर थापा, उपसभापति लक्ष्मीकानत पौड्याल, जयप्रसाद पौड्याललगायत् दर्जनौं घाइते भए।

पाँच राजनीतिक दलले शाही घोषणाको विरोधमा ०६० जेठ १८ गते वालिङबाट निकालेको मसाल जुलुसमाथि प्रहरीले हस्तक्षेप गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा यस वर्ष दर्ता भएका र जिम्मेवारी सरेर आएका मुद्दामध्ये दुनियावादी १ हजार ६

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित			
	अन्यबाट					माओवादीबाट						
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	३	२	१		३	५	६	६	७	१२	१	१३
घाइते	१	२			२							
गिरफ्तारी/यातना									५	४	४	८
कुटपिट	१	२			२							
धम्की						१	१	१				
महिलाअधिकार	१		१		१							
बालअधिकार	४	१	२	१	४							
अपहरण						४	४	४				
जम्मा	१०	७	४	१	१२	१०	११	११	१२	१६	५	२१

सय १ मध्ये ५ सय २ फर्स्यौट भए। सरकारवादी पुराना जिम्मेवारी सरिआएका र नयाँ दर्ता भएका ५ सय २९ मुद्दामध्ये ७४ फर्स्यौट भए। संक्षिप्त फौज्दारी ८ मुद्दा दर्ता भएकोमा २ फर्स्यौट भए। साधारण फौज्दारी २४ मुद्दा दर्ता भएकोमा ५ फर्स्यौट भए भने विशेष अदालतमा ३४ दर्ता भएकोमा १६ वटा फर्स्यौट भए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

केवटे गाविस-६ ताप्केका ४८ वर्षीय पहलसिंङ सार्कीको घरमा ०६० भदौ १७ गते साँझ दुई जना हतियारधारी आई सवा एक लाख रुपैयाँ आर्थिक सहयोग मागे। उक्त माग बमोजिमको आर्थिक सहयोग नगरे ज्यान मार्ने धम्की दिंदा उनकी पत्नीले गुहार मागिन्। गाउँलेहरु प्रतिकारमा उत्रेपछि उनीहरुभागे। एक थान एसएलआर बन्दुक र १४ राउण्ड गोली गाउँलेहरुले सुरक्षाकर्मीलाई बुझाए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

विरुवा अर्चलेका शिक्षिकाद्वय ३० वर्षीय यामकुमारी थापा र २८ वर्षीय देवी थापालाई माओवादीको आरोपमा ०६० भदौ २६ गते जिल्ला सदरमुकाम आएको अवस्थामा स्याङ्जावजारवाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुलाई असोज ३ गते तारिखमा रिहा गरियो।

विरुवा अर्चले गाविस-६ का ५१ वर्षीय धनवहादुर विकलाई माओवादीको आरोपमा ०६० भदौ २९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ५ दिनपछि रिहा गरियो।

विरुवा अर्चले गाविसका नेकाँका कार्यकर्ता युवराज केसीलाई माओवादीको आरोपमा ०६० भदौ ३० गते स्याङ्जा वजारवाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुलाई असोज ४ गते तारिखमा रिहा गरियो।

थुमपोखरा गाविस-६ की २६ वर्षीय कल्पना अर्याल र आरुखर्क गाविस-४ की २९ वर्षीय लक्ष्मी पौड्याललाई ०६० असोज १२ गते दिउँसो १२ बजे सुरक्षाकर्मीको गस्ती टोलीले फापरथुम गाविस भुर्जुङखोलाबाट गिरफ्तार गरे। पीडितहरुलाई हाल नजरबन्दमा राखिएको छ।

बालअधिकार

साँखर गाविस-५ की ५ वर्षीय एक बालिकालाई ०५९ माघ २८ गते छिमेकीको घरमा पूजामा गएको अवस्थामा सोही ठाउँका १६ वर्षीय भोल्टे भनिने सन्तबहादुर विकले ललाई-फकाई घरको कौसीमा लगी बलात्कार गरे। पीडकलाई हाल जिल्ला प्रहरी कार्यालयमा हिरासतमा राखिएको छ।

वालिङ नपा-८ का १० महिनाका प्रेम गुरुङलाई ०६० असार २८ गते आफ्नै आमा रिमादेवी गुरुङले घाँटीमा डोरीले बाँधी मार्ने कोशिस गरिन्। बालकको घाँटीमा डोरीका डाम भएको, दाहिने हात धारिलो हतियारले काटिएको थियो। पीडितलाई उपचारका लागि स्थानीय बासिन्दा र इन्सेक जिल्ला प्रतिनिधिको सहयोगमा अञ्चल अस्पताल, पोखरामा लगियो। उपचारपछि इन्सेक र स्थानीय आमा समूहको सहयोगमा अनाथ बालकलाई बालमन्दिर नक्साल, काठमाडौं पुऱ्याइयो।

सिर्सेकोट गाविस-९ की ९ वर्षीय एक बालिकालाई ०६० साउन ६ गते सोही गाविस-४ का २१ वर्षीय डिलराज गुरुङले बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

पौवेगौडे गाविस-९ की लिलाकुमारी कार्कीले ०६० भदौ २० गते आफैले भर्खरै जन्माएको नवजात शिशुको घाँटी थिचेर हत्या गरिन्। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव दूर्व्यवहार

महिला किनबेच

स्वरेक गाविस-४ का २८ वर्षीय उदयराज अर्यालकी पत्नी १९ वर्षीय पवित्र अर्याल नन्दका साथ माइती घरबाट घरतर्फ हिंडिन् तर घर नआएको कुरा घर पक्षले बताए। छोरी हराएको र खोजी गरी पाउँ भनी माइतीले इलाका प्रहरी कार्यालयमा लिखित उजुरी गरे तापनि कार्यालयले बेवास्ता गऱ्यो। हाल उनी बेपत्ता छिन्।

एक जना महिलालाई आफ्नै पतिले हत्या गरे।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

पाँच दलद्वारा आयोजित स्याङ्जा जिल्ला परिषद्को दोस्रो विशेष बैठकमाथि ०६० साउन १६ गते प्रहरीले हस्तक्षेप गरेकोमा पाँच दलले पत्रकार सम्मेलन आयोजना गरी विरोध जनाए।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष २४ जनाले आत्महत्या गरे। जसमध्ये ११ महिला र १३ पुरुष छन्। दुर्घटनाबाट १६ जनाको मृत्यु भएकोमा ४ जना महिला थिए।

३.५ कास्की



जनसंख्या	:३८०५२७
साक्षरता प्रतिशत	:७१.९
महिला साक्षरता प्रतिशत	:६१.५
क्षेत्रफल (वर्ग कि.मी.)	:२०१७
गाविस/नपा संख्या	:४३/२
निर्वाचन क्षेत्र	:३
विद्यालय	:६७४
क्याम्पस/उच्च मावि	:१३/१०
अस्पताल/स्वास्थ्य चौकी	:५/४८
टेलिफोन लाइन	:१७०००
मोटर सडक (कि.मी.)	:५००
प्रहरी कार्यालय संख्या	:४१
हुलाक संख्या	:५१
मानव विकास सूचकांक	:०.४५०
प्रति एक डाक्टर जनसंख्या	:७१८०
प्रति परिवार सरदर संख्या	:४.४७

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

पोखरा उमनपास्थित विन्ध्यवासिनी मन्दिरको ओरालो सिंढी हुँदै प्रहरी बिटतर्फ बढ्दै गरेका एक जना अज्ञात व्यक्तिको प्रहरीले नभाग्न अनुरोध गरेकोमा जबरजस्ती भाग्न खोज्दा माओवादीको आशंकामा ०६० असोज २ गते प्रहरीले चलाएको गोली लागि मृत्यु भयो। ती व्यक्ति माओवादीसँग सम्बन्धित नभएको माओवादी स्रोतले जनायो।

पोखरा उमनपा-६ बैदाम घर भई पृथ्वीनारायण क्याम्पसमा अध्ययनरत १७ वर्षीय सुरेश बराललाई ०६० मंसिर २६ गते राति ९:१५ बजे मोटरसाइकलमा घर फर्कदै गरेको अवस्थामा पोखरा उमनपा-७ राष्ट्रबैंक चोकमा सुरक्षाकर्मीले माओवादीको आंशकामा गोली हानी हत्या गरे। सोही ठाउँका विद्यार्थी १९ वर्षीय वनकाजी गुरुङ सुरक्षाकर्मीको गोली लागी गम्भीर घाइते भए। सुरेशको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा पोष्टमार्टम भयो। ०६० मंसिर २८ गते लासलाई परिवारले सतगद् गरे। चिकित्सकका अनुसार मृतकको ढाड र गर्धनमा गोली लागेको थियो। जिल्ला प्रशासन कार्यालयमार्फत् पीडित परिवारले १ लाख रुपैयाँ राहत स्वरुप उपलब्ध गराएको छ। पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरामा उपचार भइरहेका घाइते वनकाजीलाई थप उपचारको लागी ०६० मंसिर १९ गते काठमाडौं वीर अस्पताल लगियो। उनको तिघ्रा र अण्डकोषमा गोली लागेको थियो। उपचारको लागी ९० हजार रुपैयाँ खर्च भए पनि उनले सरकारी निकायबाट सहयोग पाएका छैनन्। मानवअधिकार सञ्जाल र मानवअधिकार शान्ति समाजले पनि सो घटनाको स्थलगत अध्ययन गरी घटनामा निर्दोष माथि गोली चलाइएको जसको कारण एक जनाको मृत्यु हुनका साथै अर्का एक जना घाइते हुन पुगेको ठहर गरे। पीडितहरुलाई क्षतिपूर्ति प्रदान गर्न र पीडकलाई कारवाही गर्न माग गरेको थियो। उक्त गोलीकाण्डको छानविन गर्न पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखराका सहक्षेत्रीय प्रशासक बोधराज अधिकारीको संयोजकत्वमा ०६० मंसिर २८ गते ७ सदस्यीय समिति गठन गरियो। समितिले घटनाको प्रतिवेदन सार्वजनिक गरेको छैन।

माओवादीको पर्वत जिल्ला कमिटी सदस्य, तनहुँ जिल्ला केशवटार गाविस-९ का २३ वर्षीय प्रमोद भनिने गोकर्ण पण्डित र इलाका कमिटी सदस्य, पर्वत जिल्ला कटुवाचौपारी गाविस-७ का ४४ वर्षीय दिपक भनिने रामप्रसाद अधिकारीको ०६० मंसिर २२ गते घान्द्रुकमा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

माओवादीबाट

पोखरा उमनपा-७ राष्ट्रबैंक चोकस्थित पर्यटक बसपार्कमा ड्युटीमा रहेका प्रहरी जवान बाँके जिल्ला नेपालगञ्ज नपाका ३० वर्षीय राजु श्रेष्ठलाई ०६० भदौ २९ गते बिहान ९ बजे माओवादीले गोली प्रहार गरी हत्या गरे भने प्रहरी जवान शम्भु चौधरीलाई घाइते बनाए।

माछापुच्छ्रे गाविस-४ का पूर्व वडाध्यक्ष पूर्णबहादुर घर्तिलाई ०६० असोज ९ गते बेलुका माओवादीले घरबाट एक घण्टाको दूरीमा रहेको स्थानमा लगी हत्या गरे।

माओवादीका सैन्य ब्यूरो सदस्य तथा १२ नम्बर

बटालियन कम्पनी कमाण्डर ध्रुवसहित ३ जना माओवादी कार्यकर्ताको ०६० असोज १४ गते पोखरा उमनपा-१७ पार्दी बिरौटास्थित कर्मचारी संचय कोषको भवनमा बम बनाउने क्रममा अचानक विष्फोट हुँदा घटनास्थलमा मृत्यु भयो। बिहान १० बजेतिर शक्तिशाली प्रेसरकुकर बम विष्फोटन हुँदा मारिएका अन्य २ जना कार्यकर्ताको नाम, ठेगाना खुलेको छैन। माओवादीले घटनाको जिम्मेवारी लिएको छ। बम विष्फोटबाट ६ कोठे पक्की भवन क्षतिग्रस्त भयो। मृतकहरुको लाश चिन्न नसकिने गरी क्षतविक्षत भएको थियो।

लेखनाथ नपा-७ डाँडाकोनाकस्थित शिशुवा प्रहरीमा ०६० कार्तिक ११ गते अपरान्ह ४ बजे माओवादीले आक्रमण गर्दा स्याङ्जा जिल्ला घर भई सोही चौकीमा कार्यरत प्रहरी हवल्दार विष्णुबहादुर गोदार, पर्वत जिल्ला घर भएका प्रहरी जवान पूर्णबहादुर कार्की, रौतहटका सुरेन्द्र राय यादव, पर्वत जिल्ला थापाठानाका प्रहरी जवान जयबहादुर भण्डारी, लेखनाथ नपा-२ का महिला प्रहरी लक्ष्मी पराजुली, सिन्दुजुरे गाविस-९ का प्रहरी परिचर विष्णुबहादुर भण्डारी र विजयपुर ब्यारेकमा कार्यरत सैनिक प्युठ हरिचन्द ओझाको मृत्यु भयो। सोही घटनामा प्रहरी हिरासतमा रहेका लेखनाथ नपा-४ मद्दतपाटनका शिक्षक राजेन्द्र भण्डारी र लेखनाथ नपा-५ का चन्द्रबहादुर रानाभाटको मृत्यु भयो। सो आक्रमणमा परी घाइते भएका २ प्रहरीको पोखरास्थित मणिपाल शिक्षण अस्पतालमा उपचार भयो।

लेखनाथ नपा-३ अर्घाचोकका ४ वर्षीय रोशन पुनको ०६० कार्तिक ११ गते माओवादीले राखेको विद्युतीय धराप विस्फोटनमा मृत्यु भयो।

लेखनाथ नपा-१ भण्डारीढिकमा विद्युतीय धराप थाप्ने क्रममा ०६० कार्तिक ११ गते माओवादी कार्यकर्ता लामाचौर गाविसका संग्राम उपनाम गरेका दामोदर गौतम र कास्कीकोटका नेत्र लुइँटेलको बम विस्फोटनमा परी घटनास्थलमै मृत्यु भयो।

लमजुङ जिल्ला घर भई लेखनाथ नपा गगनगौंडास्थित नेपाल आयल निगमको कार्यालय सुरक्षार्थ खटिएका सैनिक जवान दुर्गाबहादुर भण्डारी ०६० पुस ८ गते माओवादीले गोली हानी हत्या गरे। नजिकै मुसेटुडाको घट्टेकुलोमा पानी लिन गएका पीडित माओवादीले प्रहार गरेको गोली लागि घटनास्थलमै मृत्यु भएको थियो। पीडितको साथमा रहेको हतियार माओवादीले लगेका थिए। पीडितसँगै रहेका अर्का सैनिक पनि माओवादीले प्रहार गरेको गोली लागि घाइते भए। उनको अवस्थाबारे जानकारी हुन सकेन।

गोरखा जिल्ला घर भई गोरखबहादुर गणमा कार्यरत सैनिक हवल्दार मिरसुन्दर श्रेष्ठको पोखरा उमनपा-५ पर्स्याङ्गमा ०६० पुस १० गते माओवादीले थापेको एम्बुस विष्फोटनमा परि मृत्यु भयो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

लुम्ले गाविसको बाल मन्दिर इङ्लिस स्कूलमा कक्षा २ मा अध्ययनरत १० वर्षीय सोमप्रसाद भारती, पाउधुर मावि कक्षा ४ मा अध्ययनरत १२ वर्षीय माया पुन र लुम्लेकाँडेका ४८ वर्षीय रामचन्द्र अधिकारी ०६० मंसिर

घटनाको प्रकार	मैर राज्यपक्षबाट पीडित										राज्यबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१	१			१	८	१९			१९	३	४			४
घाइते	१	१			१	२	६	१		७					
बम विस्फोटन						१			१	१					
गिरफ्तारी/यातना											९	११	१		१२
बेपत्ता											४	१०	१		११
कुटपिट	१	१			१						४	१०	६		१६
धम्की	१			१	१										
भेला/संगठित हुने अधिकार											३	१४	३	१	१८
महिलाअधिकार	१०		१०		१०										
बालअधिकार	१	१			१										
अमानवीय व्यवहार	१		१		१	२	३			३					
अपहरण						४	८			८	१	१			१
जम्मा	१६	४	११	१	१६	१७	३५	१	१	३७	२४	५०	११	१	६२

२९ गते माओवादीले सडकमा राखेको तुल बम विष्फोट हुँदा घाइते भए। तीनैजना घाइतेको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरामा उपचार भयो। सडकको किनारामा रहेको वम ट्याङ्कले किच्दा बिस्फोट भएको थियो।

पोखरा उमनपा-५ पर्स्याङमा ०६० पुस १० गते माओवादीले थापेको एम्बुस विस्फोटमा परी सैनिक प्यूठ मोहनलाल श्रेष्ठ, सिपाई टंकबहादुर थापा, सशस्त्र प्रहरी बलमा कार्यरत प्रकाश घर्ती र भरत गुरुङ्गसमेत एम्बुसमा परी घाइते भए। घाइते सैनिकको काठमाडौंमा र सशस्त्र प्रहरीको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा उपचार गरियो।

जेल र बन्दीहरु

महिला २० र पुरुष ४० गरी कूल ६० जना बन्दी क्षमताको कास्की जेल "ग" श्रेणीको हो। यस वर्षको अन्त्यसम्म यस जेलमा ७ विदेशीसहित १ सय १७ जना बन्दी रहेका छन्।

यस जेलमा रहेका ७३ जना पुरुष र १९ महिला गरी ९२ जनाको कैद तोकिएको छैन। २२ पुरुष र ३ महिला गरी २५ जना बन्दीको कैद तोकिएको छ। जेलमा रहेका ७ जना विदेशीहरुमा २ जना कैद तोकिएका र ५ जना कैद नतोकिएका छन्। यसबाहेक १ जना आश्रित बालक रहेका छन्।

माओवादीको आरोपमा कास्की जेलमा नजरबन्दमा राखिएका बन्दीहरुले आफ्नो रिहाइको माग राख्दै ०५९ फागुन २ गतेदेखि ५ गतेसम्म वालपेन्टिङ्ग, ६ गतेदेखि ११ गतेसम्म नारा जुलुस र १२ गतेदेखि १५ गतेसम्म रिले अनशन गरे। अनशनमा पत्रकार कोमलनाथ बराल र राजु क्षेत्रीलगायत्का बन्दीहरु बसेका थिए।

बेपत्ता / अपहरण

राज्यबाट

पुम्दीभुम्दी गाविस-१ का नेपाल पत्रकार महासंघका सदस्य तथा राष्ट्रिय स्वाभिमान साप्ताहिकका कार्यकारी सम्पादक २४ वर्षीय राजु क्षेत्रीलाई माओवादीको आरोपमा ०६० कार्तिक १ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा हाल कहाँ राखिएको छ भन्नेबारे सुरक्षा निकायले बताएको छैन।

तनहुँ जिल्ला दुलेगौडा घर भएका संगम भनिने ३४ वर्षीय भानु परियारलाई ०६० कार्तिक २० गते दिउँसो १ बजे खेतमा धान काट्दै गरेको अवस्थामा तारकाङ्ग गाविसबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितको अवस्था अज्ञात छ।

हेम्जा गाविस-६ सुइखेतका २० वर्षीय तीर्थ लुईटेल र लेखनाथ नपाका २३ वर्षीय नेत्रप्रसाद बराललाई ०६० कार्तिक २६ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा स्थिति अज्ञात छ। गोरखा जिल्लाका कृष्ण पन्त, चितवनका बुद्धि पाण्डे, चितवनका प्रकाश खनाल र देवीप्रसाद ढकाल र संगम सल्यानलाई पनि सोही दिन सुरक्षाकर्मीले गिरफ्तार गरेमा स्थिति अज्ञात छ।

भलाम गाविस-१ का २९ वर्षीय रामबहादुर अधिकारीलाई ०६० कार्तिक २७ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पोखरा उमनपा-१ बगरमा चिया पसल गरी बस्ने पीडितलाई कहाँ राखिएको छ भन्नेबारे सुरक्षा निकायले केही पनि बताएको छैन। सादा पोशाकमा आएका २ जना सुरक्षाकर्मीले पसलबाट ट्याक्सीमा लगेको प्रत्यक्षदर्शीले बताए।

माओवादीबाट

लेखनाथ नपा-९ का पत्रकार २५ वर्षीय पदमराज पौडेललाई माओवादीको नाममा चन्दा उठाएको आरोपमा ०६० जेठ २३ गते बिहान १० बजे पोखरा उमनपा-८ सृजनाचोकस्थित होटल रवीबाट माओवादीले अपहरण गरे। पीडितलाई असार ३ गते पुरनचोकमा सभाको आयोजना गरी ५ पटक कान समाती उठबस गर्न लगाई १ लाख १० हजार रुपैयाँ फिर्ता गराई मुक्त गरियो। सोही घटनामा सहयोग गरेको आरोपमा दीपेन्द्र कँडेल र राजेन्द्र कँडेललाई जेठ २३ गते, शुभराज अधिकारीलाई जेठ २७ गते, दुर्गा अधिकारी र राम भण्डारीलाई जेठ २५ गते माओवादीले अपहरण गरे। पीडितहरुमध्ये राजेन्द्रलाई जेठ २४ गते, दीपेन्द्र र शुभराजलाई पुरनचोकको सभामा ५ पटक कान समाती उठबस गराई मुक्त गरे भने दुर्गा र रामलाई सोही दिन मुक्त गरे।

पोखरा उमनपा-२ का एमाले कार्यकर्ता ३१ वर्षीय पाण्डुराज श्रेष्ठलाई ०६० असार ३ गते आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडितलाई १८ लाख रुपैयाँ बुझाउने शर्तमा असार २५ गते मुक्त गरियो।

माओवादीको बम विस्फोटमा परी मृत्यु भएका चार वर्षीय बालक रोशन पुन

लेखनाथ नपाका १७ वर्षीय गंगाबहादुर गुरुङ्गलाई ०६० असार २५ गते सिल्दुजुरे गाविसको न्याउले भन्ने ठाउँबाट माओवादीले अपहरण गरे। पीडितको अवस्था जानकारीमा आएको छैन।

धिताल गाविसको भेडाबारीका ऋषि दवाडीलाई सुराकीको आरोपमा ०६० असोज ३० गते माओवादीले ३ महिने श्रम शिविरमा पठाए। पीडितलाई रिवान गाविसको निष्पक्ष निम्न माविमा ३ महिनासम्म सरसफाई र दैनिक १ घण्टा आवश्यक परेका अन्य काम गर्न माओवादीले धम्की दिए।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

कृस्ती गाविस-३ वयलीका ५३ वर्षीय भिमलाल सुवेदी, सोही ठाउँका ५२ वर्षीय यशोमति सुवेदी, ३५ वर्षीय सिता सुवेदी, २१ वर्षीय युवराज सुवेदी र २१ वर्षीय दण्डपाणी सिग्देललाई ०६० कार्तिक ३ गते सुरक्षाकर्मीले कुटपिट गरे। सर्चमा गएको बेला सुरक्षाकर्मीले पीडितहरुलाई कुटपिट गरेका थिए।

लेखनाथ नपा- १२ मुसिटुँडा सुकुम्बासी बस्तीका १० जना सर्वसाधारण व्यक्तिलाई ०६० पुस ९ गते सेनाले कुटपिट गरे। अघिल्लो दिन माओवादीले सैनिक जवान दुर्गाबहादुर भण्डारीलाई हत्या गरेकोबारे सोधपुछका लागि लगिएका सोही ठाउँका ६१ वर्षीय केदारमान श्रेष्ठ, ६१ वर्षीय चिनीमाया श्रेष्ठ, ४५ वर्षीय लक्ष्मी गुरुङ, ४१ वर्षीय तुल्सीप्रसाद बाँस्तोला, ३२ वर्षीय दिलबहादुर नेपाली, ३१ वर्षीय कुलबहादुर गुरुङ, ३० वर्षीय यलबहादुर तामाङ, ३२ वर्षीय सरस्वती श्रेष्ठ, ६० वर्षीय युवराज बज्राचार्य र ३५ वर्षीय माया पुनलाई सेनाले कुटपिट गरी शारीरिक एवम् मानसिक यातना दिए। पीडितहरुले कुनै पनि क्षतिपूर्ति पाएनन्। पीडितहरुलाई तारिखमा बोलाएको भएपनि मानवअधिकारवादी र पत्रकारहरुले घटना सार्वजनिक गरेपछि सेनाले आफ्नो पक्षबाट भएको दुर्व्यवहारको घर-घरमा गएर गल्ती स्वीकार गरे।

माओवादीबाट

लेखनाथ नपा-७ शिशुवाका बुद्धिबहादुर थापालाई दोस्रो विवाह गरेको आरोपमा ०६० साउन २८ गते माओवादीले मोसो र जुत्ताको माला लगाई दुर्व्यवहार गरे। थापाले घरमा पत्नी, १ छोरा, १ छोरी हुँदाहुँदै कालिका गाविस धुँवाखोला घर भई शिशुवाकी हरिमाया तिमिल्सिनासँग दोस्रो विवाह गरेका थिए। हरिमायाको अघिल्लो पतिलाई २ छोरा पाल्न र १ लाख दिन माओवादीले दबाब दिए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

अनेरास्ववियु (क्रान्तिकारी) द्वारा आह्वान गरिएको नेपाल बन्दको क्रममा सो संगठनका जिल्ला अध्यक्ष हेमबहादुर थापालाई ०६० वैशाख १६ गते पोखरा उमनपा-११ रानीपौवाबाट प्रहरीले गिरफ्तार गरी सोही दिन राति ९ बजे रिहा गरे।

पाँच राजनीतिक दलद्वारा आयोजित प्रतिगमनविरुद्धको आन्दोलनमा ०६० वैशाख २८ गते पोखरा उमनपा-१ बगरचोकबाट निकालिएको मसाल जुलुसमाथि प्रहरीले हस्तक्षेप गरे। सो क्रममा प्रहरी र आन्दोलनकारीबीच झडप हुँदा कोमलनाथ सापकोटा घाइते भए।

पाँच राजनीतिक दलद्वारा संचालित आन्दोलन अन्तर्गत ०६० जेठ ५ गते पोखरा उमनपाको कार्यालयको सभाकक्षमा नगरपरिषद् संचालन गर्न गएका निवर्तमान जनप्रतिनिधिहरु सभाकक्षमा प्रवेश गर्न खोज्दा प्रहरीले हस्तक्षेप गरी लाठिचार्ज गर्दा ढाकामोहन पराजुली, चुडामणि जंगली, दामोदर बैरागी, ईश्वरी न्यौपानेलगायत् १२ जना आन्दोलनकारी घाइते भए।

पाँच दलको आन्दोलनका क्रममा ०६० जेठ ७ गते निवर्तमान जनप्रतिनिधिहरुको जुलुससहित जिल्ला परिषद्को बैठक बस्न गइरहेको अवस्थामा पोखरा उमनपा-७ शहीद चोकमा प्रहरीले हस्तक्षेप गर्नुका साथै १० राउण्ड अश्रु ग्याँस र लाठिचार्ज गर्दा एमालेका वैकल्पिक केन्द्रीय सदस्य तुलबहादुर गुरुङ्गसहित १६ जना, नेकाँका शारदा पौडेलसहित १७ जना र जनमोर्चा नेपालका डि.बी. थापासहित ३ जना गरी ३६ जना आन्दोलनकारी घाइते भए। आन्दोलनकारीहरुले प्रहार गरेको ढुंगा लागी प्रहरी जवानहरु मुरलीधर चौलागाईं र जयबहादुर भण्डारीसहित १० जना घाइते भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा देवानी मुद्दा गत वर्षबाट जिम्मेवारी सरेर आएर ५ सय ६७ र यस वर्ष दर्ता भएका ७ सय २४ गरी कूल १ हजार २ सय ५१ वटा मध्ये २ सय २७ वटा फस्यौट भई ४ सय ९६ वटा मुद्दा बाँकी रहे। सरकारवादी फौज्दारी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका ३ सय २३ र यस वर्ष दर्ता भएका ४ सय ९८ गरी कूल ८ सय २१ मध्ये २ सय २५ वटा फस्यौट भई २ सय ७३ वटा बाँकी रहे। जिल्ला अदालतमा गत वर्षका जिम्मेवारी सरेका ८ सय ९० र यस वर्ष दर्ता भएका १ हजार २ सय गरी २ हजार १ सय १२ मध्ये ४ सय ५२ वटा फस्यौट भई ७ सय ७० वटा बाँकी रहे।

पुनरावेदन अदालतमा देवानी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका १ सय ६० र यस वर्ष दर्ता भएका ८४ गरी २ सय ४४ वटा मध्ये ८२ वटा फस्यौट भई १ सय ६२ वटा बाँकी रहे। दुनियावादी तथा सरकारवादी फौज्दारी मुद्दा अघिल्लो वर्षबाट जिम्मेवारी सरेर आएका ९५ र यस वर्ष दर्ता भएका ६० गरी कूल १ सय ५५ वटा मध्ये ३९ वटा फस्यौट भई १ सय ५५ वटा बाँकी रहे। देवानी तथा फौज्दारीतर्फ गत वर्षबाट जिम्मेवारी सरेर आएका २ सय ५५ र यस वर्ष दर्ता भएका १ सय ४४ गरी ३ सय ९९ मुद्दा मध्ये १ सय २१ वटा फस्यौट भई २ सय ७८ वटा बाँकी रहे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

पोखरा उमनपा-९ कृष्णटोलका ५ सय सुकुम्बासीलाई हटाएर पोखरा उपत्यका नगर विकास समितिले बसपार्क बनाउने निर्णय गऱ्यो। सुकुम्बासीहरुले वास्तविक नगरविकास समितिले सुकुम्बासीलाई पहिचान गरी वैकल्पिक व्यवस्था नगरे ०६० पुस १३ गते चरणबद्ध आन्दोलन गर्ने घोषणा गरे।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

धिताल गाविस-७ हेम्जाकोटबाट तीनजना माओवादी कार्यकर्तालाई ०६० साउन २७ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। १ जना महिला र २ जना पुरुषलाई धम्पुस हुँदै गएको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरेको थियो।

ओखलढुङ्गा जिल्ला घर भई पोखरा उमनपा-९ न्यूरोड बस्ने खुल्ला प्रतिस्पर्धा साप्ताहिकमा कार्यरत २२ वर्षीय बालकुमार खड्कालाई सुरक्षाकर्मीले माओवादीको बारेमा सोधपुछको लागि ०६० भदौ ११ गते गिरफ्तार गरी भदौ १८ गते रिहा गरे। हिरासतमा रहँदा सुरक्षाकर्मीले मानसिक यातना दिइएको पीडितले बताए।

पोखरा उमनपास्थित कोकाकोला कम्पनीमा कार्यरत सूर्य खत्रीलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६० असोज १४ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। गोरखा जिल्ला घर भएका पीडितलाई केही समय जिल्ला प्रहरी कार्यालयमा राखिएको भएपनि हालको स्थिति जानकारी हुन सकेन। कृस्ती गाविस-३ का १९ वर्षीय रामचन्द्र सुवेदी र २४ वर्षीय श्रीराम सुवेदीलाई माओवादीको आशंकामा ०६० कार्तिक ३ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा हाल रिहा गरिएको छ। आफूहरुलाई हिरासतमा यातना दिइएको पीडितहरुले बताए।

मौजा गाविस-१ घर भई मौजा गाविसको कार्यालयमा मुखिया पदमा कार्यरत ३१ वर्षीय डम्बर गुरुङ्गलाई ०६० कार्तिक २६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। अनुसन्धानको लागि गिरफ्तार गरिएका पीडितलाई हाल रिहा गरिएको छ। पीडितलाई केही समय फूलबारी ब्यारेकमा राखिएको थियो।

काठमाडौं घर भई घडी व्यापार गरी बस्ने ४० वर्षीय अमरबहादुर थापालाई ०६० मंसिर १७ गते पोखरा उमनपा-८ सृजनाचोकबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल रिहा गरिएको छ।

बालअधिकार

पोखरा उमनपा-५ मा ०५९ चैत १३ गते भर्खरै जन्माएर हत्या गरी फालिएको शिशुको लास फेला पऱ्यो।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

पोखरा उपनपा-८ बगालेटोलमा ०५९ चैत २२ गते भारत मोतीहारी पकदीदयाल घर भई सोही ठाउँ बस्ने २६ वर्षीय सम्शेर आलम र सोही ठाउँ घर भई सोही ठाउँका ३२ वर्षीय नव्बु अहमद मियाले ललाईफकाई बिक्री गर्ने प्रयास गरे। पीडकलाई कारवाहीको लागि प्रहरीमा उजुरी परेको छ। हाल पीडकहरु फरार छन्।

सोलुखुम्वु जिल्ला घर भई पोखरा उमनपा-७ राष्ट्रवैंक चोकस्थित एक रेप्टुरेन्टमा कार्यरत १६ वर्षीय एक युवतीलाई ०६० जेठमा सोही रेप्टुरेन्टकी संचालिका ३० वर्षीय माया पुन (गुरुङ्ग) ले वेश्यावृति गर्न बाध्य पारिन्। मायाले पीडितलाई रेष्टुरेन्टमा आउने-जाने ग्राहकहरुसँग शारीरिक सम्पर्क राख्न प्रेरित गरेको पीडित पक्षको भनाई छ। पीडकलाई हाल पुर्पक्षका लागि थुनामा राखिएको छ।

पोखरा उमनपा-९ शान्तिवन सुकुम्बासी टोलकी १६ वर्षीय अनिता विश्वकर्मा (नेपाली) लाई ०६० मंसिर २८ गते आरुनै पति रामबहादुर नेपालीले मट्टितेल खन्याएर आगो लगाई गम्भीर घाइते बनाए। पीडितको उपचार पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा भइरहेको छ। अनिता र रामको ०६० असारमा अन्तरजातीय प्रेम विवाह भएको थियो।

यस वर्ष बहुविवाहका ५ वटा घटनामा पीडितले पीडकविरुद्ध मुद्दा दायर गरे।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

पोखरा उमनपा-१ बगरकी २९ वर्षीय राधा अधिकारीलाई दाइजो कम ल्याएको आरोपमा ०५९ फागुन २ गते आफ्नै पति ३३ वर्षीय हरि अधिकारीले घरको

कोठामा ढोका थुनी मट्टितेल खन्याएर आगो लगाइदिए। पीडकले छोराछोरीलाई कुटपिट गरेको अवस्थामा त्यसो नगर्न भन्दा पीडितलाई मट्टितेल खन्याएर आगो लगाइदिएका थिए।

लेखनाथ नपा-४ मट्टपाटनका ५२ वर्षीय रामबहादुर विकसहितको परिवारलाई माओवादीले शिशुवा प्रहरी चौकी आक्रमण गर्दा मारिएका २७ वर्षीय राजेन्द्र भण्डारीको विषयलाई लिएर ०६० कार्तिक १५ गते सोही ठाउँका बासिन्दाले गाउँ निकाला गरे। त्यसमा एक हजार जति गाउँले भेला गरी उनलाई दोषी ठहऱ्याउँदै उनको सम्पत्ति सार्वजनिक गरी सपरिवार गाउँ निकाला गर्ने निर्णय गरेको थियो। गाउँलेले परिवारलाई गाउँ निकाला गरेपछि पीडितकी पत्नी ५३ वर्षीय तुल्सी विक, छोरी संगीता विकसहितको ७ जनाको परिवार आफन्तकोमा बसेर गुजारा चलाए। रामबहादुर माओवादीले लेखनाथ चोकमा थापेको विद्युतीय धरापमा परी घाइते भएका थिए। स्थानीय आक्रोशित भिडले विकको घर तोडफोड र बालीनाली नष्ट गरेका थिए। १८ दिन अलपत्र भएका विकको परिवारलाई इन्सेकसहितका १० वटा मानवअधिकार संस्थाको पहलमा ०६० मंसिर २ गते पुनर्स्थापित गरियो।

विविध

संरचना क्षति

सात विद्यार्थी संगठनद्वारा आह्वान गरिएको ०६० वैशाख ७ गतेको नेपाल बन्दको क्रममा आन्दोलनकारीहरुले १ मोटरसाइकल र ५ गाडीमा ढुंगा प्रहार गरी क्षति पुऱ्याए। जिल्ला शिक्षा कार्यालय, क्षेत्रीय वन कार्यालय र पोखरा उमनपाको कार्यालयमा ढुंगा प्रहार गरी क्षति पुऱ्याए। आन्दोलनकै क्रममा ०६० वैशाख १७ गते पृथ्वीनारायण क्याम्पस अगाडि बा. १ भ ४४४६ नम्बरको गाडीमा ढुंगा प्रहार गरी क्षति पुऱ्याए। ०६० वैशाख ३० गते पृथ्वीचोकमा बा. १ ग १६३६ नम्बरको गाडी तोडफोड गरे।

पोखरा उपनपा-८ न्यूरोडस्थित पोखरा उमनपा कार्यालयको नक्शा फाँटमा ०६० भदौ ३१ गते माओवादीले आगो लगाई कागजपत्र नष्ट गराइदिए। दिउँसो १:१५ बजे २ जना माओवादीले नक्शा फाँटका कर्मचारीलाई हटाएर आगो लगाउँदा नपाका १८ वटा वडाका ३ सय ५२ वटा नक्शा जलेको सोही शाखामा कार्यरत हरिबहादुर थापाले बताए। माओवादीले नपा परिसरमा पार्किङ्ग गरी राखिएको ग. १ च ४४४ नम्बरको गाडीमा समेत आगो लगाए। आगजनीबाट गाडी सामान्य क्षति भयो।

सिसुवास्थित कञ्चनजंघा बोर्डिङ स्कूलको गाडीमा ०६० भदौ ३१ गते माओवादीले आगो लगाई क्षतिग्रस्त बनाए।

माओवादीद्वारा आव्हान गरिएको तीन दिने बन्दको पहिलो दिन ०६० असोज १ गते नेपाल रेडक्रस सोसाइटी रक्त सञ्चार केन्द्र, पोखराद्वारा सञ्चालित ग. १ च १७१० नम्बरको एम्बुलेन्स पोखराबाट धम्पुस गाविसमा बिरामी लिन गइरहेको अवस्थामा बिहान ११:४५ बजे धम्पुस गाविसको फेदीमा माओवादीले आगो लगाई क्षतिग्रस्त बनाए। माओवादीले एम्बुलेन्सका चालकलाई ओराली पेट्रोल छर्केर आगो लगाएका थिए।

पुरन्चौर गाविस कार्यालयमा ०६० असोज ९ गते बिहान माओवादीको एक समूहले आगो लगाई क्षति पुऱ्याए। आगजनीबाट ४ लाख रुपैयाँ बराबरको क्षति भएको सो गाविसमा पूर्व अध्यक्षले बताए।

पोखरा उमनपा-५ मालेपाटनमा ग १ ज २३५६ नम्बरको ट्याक्सी ०६० असोज ५ गते दिउँसो माओवादीहरुले जलाएर नष्ट गरे।

ल्वाङ्घलेल, घान्द्रुक र सिक्लेसस्थित एक्यापको कार्यालयका सबै सामान ०६० असोज १४ गते माओवादीले गाउँलेलाई बाँडे। एक्यापका ती कार्यालय हाल बन्द छन्।

सार्दी खोला गाविस-४ घलेखर्कमा रहेको अन्नपूर्ण क्षेत्र संरक्षण आयोजना (एक्याप) को कार्यालय ०६० असोज २४ गते माओवादीले कब्जा गरे। सोही दिन विहान ६ बजे आएका माओवादीले कार्यालयका सम्पूर्ण कागजपत्र नष्ट गरी त्यहाँ भएका भौतिक सामाग्री स्थानीय युवा क्लब तथा आमा समूहलाई बाँडेका थिए। कार्यालयमा रहेका कर्मचारीका समान १५ दिनभित्र लैजान माओवादीले आग्रह गरे।

लेखनाथ नपा-१ भण्डारढिकस्थित नेपाल एसबीआई बैंक शाखा कार्यालयको २५ लाख ५२ हजार ९ सय ३३ रुपैयाँ ०६० असोज २९ गते माओवादीको सशस्त्र समूहले लुटेर लगे। पेस्तोल लिएर आएका ३ जना माओवादीले सुरक्षागार्डको कञ्चटमा पेस्तोल ताकेर प्रबन्धक शिशिर प्रधान र कर्मचारी रमेश थापालाई ज्यानमार्ने धम्की दिई बैंकको लकर र काउण्टरबाट रकम झिकी गएका थिए।

पोखरा उपनपा-९ न्यूरोडस्थित गण्डकी अञ्चल यातायात व्यवस्थापन कार्यालयमा ०६० कार्तिक ११ गते माओवादीले बम विस्फोटन गराउँदा कार्यालयको अगाडिपट्टिको भाग क्षतिग्रस्त भयो। तिहारको भोलिपल्ट थाक समाज सेवाको भैलो खेल्न गएका सपना नेपाली र जुना नेपाली बम विस्फोटमा परि सामान्य घाइते भए। पोखराकै व्यस्त सडक न्यूरोडमा दुई जनाको संख्यामा आएका माओवादीले कर्मचारीलाई बाहिर निकाली बम

विस्फोटन गरी फरार भएको कार्यालय प्रमुख जीवन सेढाईले बताए।

पोखरा उपनपा-८ न्यूरोडस्थित तिरुपती फोम स्टोर्समा ०६० कार्तिक ४ गते साँझ माओवादीले आगो लगाई क्षति पुऱ्याए।

पोखरा उपनपा-१ बगरस्थित जिल्ला वन कार्यालयमा ०६० कार्तिक ६ गते माओवादीले बम विस्फोटन गराए। सो बम विस्फोटबाट कार्यालयमा खासै क्षति भएन।

पोखरा उमनपाको ग १ च २२३ र घरेलु तथा साना उद्योग कार्यालयको बा. १ भ ३८७३ नम्बरको गाडी ०६० पुस ११ गते जनप्रिय बहुमुखी क्याम्पस अगाडि विद्यार्थीहरुले तोडफोड गरे।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष सवारी दुर्घटनामा ३१ जनाको मृत्यु भयो। १८ पुरुष र १२ महिला गरी २८ जनाले आत्महत्या गरे। चट्याङ्मा परी १ जनाको मृत्यु भयो। बाढी पहिरोले ५ जना बेपत्ता भए। तालखोला नहरमा डुबेर १० जनाको मृत्यु भयो। आगजनी र विपत्तिमा परी १३ जनाको मृत्यु भयो। व्यक्तिगत कारणले भएका घटनामा ८ जनाको मृत्यु भयो।

विगतको अनुगमन

पोखरा उमनपा-१४ काजीपोखरीका संयुक्त क्रान्तिकारी जन परिषदका केन्द्रीय सदस्य, नेपाल जनजाति महासंघका केन्द्रीय उपाध्यक्ष तथा नेपाल मंगर संघका भूपू महासचिव ३४ वर्षीय लोकबहादुर थापाले ०५९ पुस १० गते स्थानीय प्रशासनसमक्ष आत्मसमर्पण गरे। थापालाई ०५८ माघ २७ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरेका थिए।

सरकार-माओवादीबीच युद्धविराम भएपछि माओवादीको आशंकामा विभिन्न समयमा गिरफ्तार भई नजरबन्दमा रहेका ७ जनालाई ०५९ पुस २३ गते रिहा गरियो। यसरी रिहा हुनेमा पोखरा उपनपा-१० का लक्ष्मण केसी, महेश्वर पहारी, सोही उमनपा-१४ का रामप्रसाद पौडेल, सराङ्कोट गाविस-३ का चुरामणी विक, ढिकुरपोखरी गाविस-१ का रुपा विक, छिस्दी गाविस-८ बाग्लुङ्का भुमिश्वर शर्मा र सराङ्कोट गाविस-३ का मिनबहादुर विक र काठमाडौं जिल्ला छैमले गाविस-३ का रविन्द्र विडारी छन्।

पुम्दीभुम्दी गाविस-३ का चण्डिकाप्रसाद ढकाल, कास्कीकोट गाविस-४ का उमानाथ सुवेदी, धिताल गाविस-८ का नेत्रप्रसाद अधिकारी, दुलेगौंडा गाविस-४, तनहुँका तिलबहादुर कार्की, भरतपुर नपा-९, चितवनका मोहन लोहनी, माछापुच्छ्रे गाविस-८ का हर्कबहादुर पुन, थुमाकोडाँडा गाविस-५ का भीमबहादुर अधिकारी, माझठाना गाविसका विष्णु तिवारी र सुभाष गुरुङ्ग, सराङ्कोट गाविस-३ का जीतबहादुर जिसी, पोखरा उमनपा-५ का तारानाथ अधिकारी र आरुर्खक गाविस-७, स्याङ्जाका गुरुदत्त पौडेल ०५९ चैत १ गते कास्की जेलबाट रिहा भए।

प्रगतिनगर स्याङ्जाका संघ ताम्राकार, लेखनाथ नपा-४ का कोमलनाथ बराल, कास्कीकोट गाविस-७ कि कोपिला रानाभाट, पोखरा उमनपा-८ का तेजकुमारी पौडेल, आरुखर्क गाविस-७, स्याङ्जाका लक्ष्मी पौडेल, पार्वती पौडेल, पैयूँपाटा गाविस-८ का भुवनेश्वर विक, लेखनाथ नपा तल्लो गगनगौडाका प्रकाशचन्द्र पागल, दाङ्सिङ्ग गाविस-६ का खुशिमान गुरुङ्ग, पुलतीबजार नपा-५ स्याङ्जाका सम्झना कुमाल, ढिकुरपोखरी गाविस-१ कि दुर्गाकुमारी विक, सोही गाविसकै मुना अधिकारी र शुशिला चौधरी ०५९ चैत २५ र २७ गते रिहा भए।

गत वर्ष मानवअधिकार वर्ष पुस्तकमा दुई जना माओवादी कार्यकर्ताको मृत्यु भएको प्रकाशित भएकोमा यस वर्ष निम्न उल्लेखित तथ्य खुल्न आयो।

पार्चे गाविसको सिक्लेसव बरचोकका २२ वर्षीय खिमबहादुर परियार र उनकी पत्नी १८ वर्षीय अनिता परियारलाई विवाहको दुरान फर्काउन माइती घर (ससुराली) गएका बखत सैमराङ्ग गाविस-५ मा ०५९ जेठ २६ गते बिहान सुरक्षाकर्मीले गोली प्रहार गरी हत्या गरे। उनीहरुको सुरक्षाकर्मीको भिडन्तमा परी मृत्यु भएको थियो। अनिताका बुवा लालबहादुर परियारका अनुसार, ०५९ बैशाख ८ गते उनीहरुको विवाह भएको थियो। पीडित खिमबहादुर जागीरको सिलसिलमा कतार गएका थिए। कतारबाटै अनितासँग विवाह गर्ने भनी आएका खिमबहादुर सो दिन दुरान फर्काउन ससुराली गई घर फर्किने तयारीमा थिए। सरकारले मृतकको परियारलाई क्षतिपूर्ति नदिए पनि आंतककारी बन्ने शब्द फिर्ता गरोस् भन्ने लालबहादुरको माग छ। पीडितहरु दुवै जनालाई माओवादीले शहीद घोषणा गरेको छ।

गत वर्ष संकटकालको अवधिमा गिरफ्तारपछि रिहा भएका पोखरा उपनपा-५ पर्स्याङ्का ज्ञानबहादुर कोइराला र पोखरा उमनपा-१० बुद्धचोकका महेश्वर पहारीलाई सुरक्षाकर्मीले पुन: गिरफ्तार गरे। यसअघि रिहा भएकी आरुखर्क, स्याङ्जाकी लक्ष्मी पौडेललाई सुरक्षाकर्मीले पुन: गिरफ्तार गरेकोमा हाल थुनामा राखिएको छ।

३.६ मनाङ



जनसंख्या :९४९५
साक्षरता प्रतिशत :४७.१
महिला साक्षरता प्रतिशत :३०.१
क्षेत्रफल (वर्ग कि.मी.) :२२४६
गाविस/नपा संख्या :१३/०
निर्वाचन क्षेत्र :१
विद्यालय :२९
क्याम्पस/उच्च मावि :०/२
अस्पताल/स्वास्थ्य चौकी : १/१३
टेलिफोन लाइन :२६
मोटर सडक (कि.मी.) :०
प्रहरी कार्यालय संख्या :५
हुलाक संख्या :१४
मानव विकास सूचकांक :०.३०६
प्रति एक डाक्टर जनसंख्या :४९९४
प्रति परिवार सरदर संख्या :५.४०

जेल र बन्दीहरू

भाडामा लिइएको मनाङ जेलको अवस्था जीर्ण छ। हाल जेलमा बन्दी छैनन्।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

अन्य

चामे गाविस-५ का जिल्ला कृषि विकास कार्यालयमा कार्यरत ५३ वर्षीय महेन्द्रलाल चौधरीलाई ०६० वैशाख ४ गते राति आफ्नै कार्यालयभित्र अज्ञात व्यक्तिहरुले कुटपिट गरे।

लमजुङ जिल्ला हिलेटक्सार गाविस-९ घर भएमा मनाङ जिल्ला फु गाविसका प्राविधिक सहायक ३२ वर्षीय शिवसिं तामाङलाई ०६० भदौ २० गते दिउँसो फु गाविस-७ का ४५ वर्षीय टसी नम्गेल लामाले दूरसञ्चार कार्यालय भवनभित्र ढुंगा प्रहार गरी कुटपिट गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा कुनै पनि मुद्दा दर्ता नभएको श्रेस्तेदार कुलप्रसाद भण्डारीले बताए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

माथिल्लो मनाङ गाविसका स्थानीय व्यक्तिहरुबाहेक अन्य गाविसका नागरिकहरुले वा अन्य कुनै जिल्लाका व्यक्तिहरुले जग्गा जमीन खरिद बिक्री गर्न नपाइनुका साथै कुनै स्थायीरुपमा व्यापार, होटल, उद्योग धन्दाहरु गर्न नपाइने चलन यथावतै छ। सो सम्वन्धमा मनाङ तल्लो गाविसका व्यक्तिहरुले स्वतन्त्ररुपमा आफ्नो अधिकारको प्रयोग गर्न पाउनु पर्छ भन्ने गुनासो छ।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष चामे गाविसका ६१ वर्षीय कर्म छिरिङ लामाको भीरबाट लडेर मृत्यु भयो भने नार गाविसस्थित एक घर आगलागीबाट ध्वस्त भयो।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित		
	अन्यबाट		
	घटना संख्या	पुरुष	जम्मा
कुटपिट	२	२	२
धम्की	१	१	१
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१	१	१
जम्मा	४	४	४

३.७ नवलपरासी



जनसंख्या :५६२०८८
साक्षरता प्रतिशत :६२.२
महिला साक्षरता प्रतिशत :३०
क्षेत्रफल (वर्ग कि.मी.) :२१६२.२
गाविस/नपा संख्या :७३/१
निर्वाचन क्षेत्र :४
विद्यालय :५२१
क्याम्पस/उच्च मावि :७/१०
अस्पताल/स्वास्थ्य चौकी : ३/८२
टेलिफोन लाइन :१५८५.८७
मोटर सडक (कि.मी.) :३९०६
प्रहरी कार्यालय संख्या :४
हुलाक संख्या :७४
मानव विकास सूचकांक :०.३००
प्रति एक डाक्टर जनसंख्या :७०.३५९
प्रति परिवार सरदर संख्या :५.७२

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रुपले बाँच्ने अधिकार
हत्या / गोली
राज्यबाट

कुमारवर्ती गाविस-४ का २७ वर्षीय डिल्लीराज थनैतलाई ०६० असोज १० गते माओवादी भएको आशंकामा चितवनस्थित शाही राष्ट्रिय निकुञ्जको गस्ती टोलीले गोली प्रहार गरी हत्या गरे। पीडित शाही नेपाली सेना, फस्ट राइफल गण, कावासोतीमा कार्यरत सैनिक जवान थिए।

रुचाङ गाविस-२ का २९ वर्षीय भीमबहादुर थापा, डेढगाउँ गाविस-९ का शिक्षक ३८ वर्षीय शुक्रराज च्याँइ र नाम, ठेगाना नखुलेका २ जना सहित ४ जनालाई ०६० कार्तिक ७ गते माओवादीले अपहरण गरी श्रम शिविरअन्तर्गत खाद्यान्न बोकेर जाँदै गर्दा डेढगाउँ गाविस-९ स्थित सार्वजनिक बाटोमा माओवादीको आरोपमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

माओवादीबाट

रजहरस्थित इलाका प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान २७ वर्षीय विष्णुप्रसाद यादवलाई ०६० साउन १६ गते बाढीपीडितको उद्दार गर्नको लागि रतनपुर गाविसतर्फ जाँदै गर्दा अमरापुरी गाविस-५ स्थित बाटोमा माओवादीले गोली हानी हत्या गरे।

दुम्कीबास गाविस-१ दुम्कीबास बजारका नेकाँ (प्रजातान्त्रिक) का कार्यकर्ता ४२ वर्षीय ज्ञानेन्द्र जिसीलाई ०६० भदौ २६ गते घरमै माओवादीले गोली हानी हत्या गरे।

तमसरिया र नयाँ बेलाहानीको सीमा जंगलमा ०६० असोज ११ गते सुरक्षाकर्मीको ट्रकलाई माओवादीले विद्युतीय धरापमा पारी काठमाडौंका १६ नं. बाहिनीका नायक सूर्य डुम्राकोटीको मृत्यु भयो।

शुक्रौली गाविस-२ घर भई रामग्राम नपा-५ स्थित कारागार शाखामा कार्यरत प्रहरी जवान सुरेन्द्र यादवलाई ०६० असोज ३० गते जेलको गेटमा माओवादीले गोली हानी हत्या गरे।

वेणिमणिपुर गाविस-८ स्थित सुनहरी खोलामा पर्वत जिल्ला खुम्जुङ गाविस-१ घर भई विन्दवासिनी सशस्त्र प्रहरी गण, वर्दघाटमा कार्यरत सशस्त्र प्रहरी हवल्दार २८ वर्षीय मनकाजी श्रेष्ठलाई ०६० कार्तिक ५ गते माओवादीले विद्युतीय धरापमा पारी हत्या गरे।

सुनवल गाविसस्थित वरगनाथ प्रहरी चौकीमा ०६० कार्तिक ९ गते माओवादीले आक्रमण गर्दा रुपन्देही जिल्ला छोटकी रामनगर गाविस-३ का गम्बप्रसाद यादव, बारा जिल्ला फुलबारीया गाविसका हिरालाल शाह, पर्वत जिल्ला डुलुन गाविस-६ का बेदनाथ सुवेदी, प्युठान जिल्ला नयाँगाउँका लंकनाथ योगी, गुल्मी जिल्ला हाडहाडे गाविस-४ का हेमचन्द्र श्रीस र बर्दिया जिल्ला गुलरिया नपा-८ का मितेन्द्र साहको मृत्यु भयो। सोही घटनामा रुपन्देही सीप विकास तालिम केन्द्रमा कार्यरत धनुषा जिल्लाका ३८ वर्षीय अशोक महतो र सोही चौकीअगाडि चिया पसल गरी बस्ने गुल्मी जिल्ला थोर्गाका ६० वर्षीय भोजराज ज्ञवालीको समेत मृत्यु भयो।

गैडाकोट गाविस-१ जुबुवा घर भई राष्ट्रिय अनुसन्धान शाखा, चितवनमा कार्यरत असई ३२ वर्षीय प्रमोदविक्रम हमाललाई ०६० कार्तिक २२ गते आफ्नै

घरमा सुतिरहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे।

रामेछाप जिल्ला घर भई रुपन्देही रामनगर सैनिक क्याम्पमा कार्यरत सैनिक जवान पदमबहादुर विकलाई ०६० मंसिर ६ गते दुम्कीबास गाविस-५ ज्यामिरे भन्ने ठाउँमा माओवादीले विद्युतीय धरापमा पारी हत्या गरे। पीडितहरु चितवनतर्फ जाँदै गर्दा घटना भएको थियो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

मधौलीया गाविसस्थित उखुबारीमा नाम, ठेगाना नखुलेको एकजना माओवादी कार्यकर्तालाई ०६० कार्तिक १ गते भाग्दै गर्दा सुरक्षाकर्मीले गोली हानी घाइते बनाए।

माओवादीबाट

सुनवल गाविस-७ गैंडाखालका ३८ वर्षीय लक्ष्मण रानालाई बन्द आह्वान गरेको बेला पसल खोलेको आरोपमा ०६० असोज १ गते माओवादीले गोली प्रहार गरी घाइते बनाए। पीडितको उपचार बुटवलस्थित अञ्चल अस्पतालमा गरियो।

जहदा गाविस-३ का राप्रपा गाउँ इकाई अध्यक्ष ५४ वर्षीय बाबुराम पौडेललाई ०६० असोज २५ गते घरमै बसिरहेको अवस्थामा माओवादीले गोली प्रहार गरी घाइते बनाए। पीडितको जिल्ला अस्पताल, परासीमा उपचार गराई थप उपचारका लागि काठमाडौं लगिएको थियो।

रामेछाप जिल्ला घर भई जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान २६ वर्षीय सुनिल सिंह, पर्सा जिल्लाका सैनिक देवबहादुर गुरुङलगायत् ४ जनालाई ०६० कार्तिक ५ गते वेणिमणिपुर गाविस-८ स्थित सुनही खोलामा माओवादीले विद्युतीय धरापमा पारी घाइते बनाए। पीडितहरुको उपचार काठमाडौंमा गरियो।

अमरापुरी गाविस-१ का २८ वर्षीय विष्णुबहादुर रानालाई नक्कली माओवादी बनी जनतालाई सताएको आरोपमा ०६० कार्तिक २६ गते घर नजिकैको सिसौघारीमा लगी माओवादीले गोली हानी घाइते बनाए। पीडितको उपचार चितवनस्थित मेडिकल कलेजमा गरियो।

दुम्कीबास गाविस-५ ज्यामिरेस्थित महेन्द्र राजमार्गमा बुटवलस्थित रामनगर सैनिक ब्यारेकबाट चितवन भरतपुरतर्फ जाँदै गरेको सैनिकको गाडीलाई ०६० मंसिर ६ गते माओवादीले विद्युतीय धरापमा पार्दा सैनिक जवान रामबहादुर थापा, चीरन गुरुङसहित ५ जना घाइते भए। पीडितहरुको उपचार अञ्चल अस्पतालमा गरियो।

शिवमन्दिर गाविस-३ स्थित इलाका मालपोत कार्यालयमा ०६० पुस २ गते माओवादीले बम विस्फोट गराउँदा कार्यालयका पियन मिनबहादुर चिलाउकोटी, नारायण गौतम, लेखनदास आत्माराम सुवेदी र सर्वसाधारण शिवमन्दिर गाविस-३ का देवबहादुर गुरुङ र तनहुँ जिल्लाका देवबहादुर शाही घाइते भए।

जेल र बन्दीहरू

३५ जनाको क्षमता रहेको 'घ' श्रेणीको नवलपरासी जेलमा ५४ जना बन्दी राखिएको छ। जसमा सजाय तोकिएका १७ जना छन् भने नतोकिएका ३७ जना छन्। ०५९ माघ ३ गते जेलभित्र रहेका दुई जना बन्दीहरु देवचुली गाविस-१ का भीमबहादुर नेपाली र सुनवल गाविस-१ की मुनमी नेपालीबीच जेल प्रशासनको रोहवरमा

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित			
	अन्यबाट					माओवादीबाट						
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	८	३	५		८	७	१५	१५	२	४	१	५
घाइते	३	३			३	९	२२	२२	१	१		१
गिरफ्तारी / यातना									३८	७७	४	८१
वेपत्ता									४	४	१	५
कुटपिट	१	१			१	२	२	२	१	१		१
धम्की						६	१२	१२	१	१		१
जातीय विभेद	१		१		१							
महिलाअधिकार	२२		२४		२४							
वालअधिकार	१३		१४		१४							
आर्थिक / सामाजिक / सांस्कृतिक अधिकार	१		१		१							
अमानवीय व्यवहार	१			१	१	१	१	१				
अपहरण	३	२	१		३	१३	१३	१३				
जम्मा	५३	९	४६	१	५६	३८	६५	६५	३७	८८	६	९४

प्रेम विवाह सम्पन्न भयो। यस जेलमा कार्यरत सुरक्षा गार्ड असई कर्णबहादुर गुरुङले बन्दीहरुलाई भेट्न आउने बन्दीका आफन्तहरुलाई जिस्काएको र अश्लील शब्द प्रयोग गरेको विरोधमा ०५९ माघ ११ गते बन्दीहरुले नाराबाजी गरे। पीडकलाई कुनै कारवाही भएन।

प्रगतिनगर गाविस-७ का तारा भुसाल, चितवनका नवराज पौडेल र शुष्पा खनालले युद्धविरामको अवस्थामा पनि रिहा नगरेको कारण क्षमताभन्दा बढी राख्न नहुने मागसहित ०६० असार २७ गते जेलभित्र अनशन बसे। उनीहरु त्यही अवधिमा रिहा भए।

बेपता / अपहरण

राज्यबाट

स्याङ्जा जिल्लाका सुरेश पौडेललाई प्रहरीलाई हत्या गर्ने प्रयास गरेको आरोपमा ०६० भदौ १९ गते जमुनिया गाविस-४ स्थित सेमरी बजारबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हालसम्म सार्वजनिक गरिएको छैन।

दाङ जिल्ला सौडियार गाविस-७ का राष्ट्रिय थारुवान मुक्ति मोर्चाकी इलाका सदस्य शर्मिला चौधरीलाई ०६० कार्तिक १९ गते रामनगर गाविस-६ बाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितको अवस्था अज्ञात छ।

कपिलवस्तु जिल्ला शिवगढी गाविसका लालबहादुर रोक्का र गोरखा जिल्ला आरुघाट गाविसका उक जना माओवादी कार्यकर्तालाई ०६० पुस ९ गते रामग्राम नपास्थित मालपोत कार्यालय नजिकबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुको अवस्था अज्ञात छ।

माओवादीबाट

रजहर गाविस-७ का २० वर्षीय चिताध्वज जि.सी.लाई नक्कली माओवादी बनेर जनता झुक्याएको आरोपमा ०६० असार १८ गते अमरापुरी गाविस-५ स्थित पेट्रोल पम्पबाट माओवादीले अपहरण गरी २० दिनपछि मुक्त गरे।

अमरापुरी गाविस-९ का टाइगर भनिने भरत पाण्डेलाई नक्कली माओवादी बनी चोरी, डकैती गरेको आरोपमा ०६० असार १८ गते माओवादीले अपहरण गरी साउन २१ गते खुट्टा भाँची अपांग बनाएर मुक्त गरे।

पञ्चनगर गाविस-१ का ३० वर्षीय यमलाल पुरीलाई चन्दा उठाई खर्च गरेको आरोपमा ०६० असार १८ गते माओवादीले अपहरण गरे। उनको अवस्था अज्ञात छ।

डेढगाउँ गाविस-३ का चिताबहादुर श्रेष्ठलाई पार्टीको आँच आउने क्रियाकलापमा संलग्न भएको आरोपमा ०६० असार १८ गते माओवादीले अपहरण गरी ७ दिनपछि मुक्त गरे।

रजहर गाविस-७ का नेकाँका सक्रिय कार्यकर्ता बमबहादुर अधिकारीलाई ०६० भदौ ३० गते राति आफ्नै घरबाट माओवादीले अपहरण गरी असोज ७ गते मुक्त गरे।

अमरापुरी गाविस घर भई दिव्यपुरी गाविस-२ स्थित दुम्कौली स्वास्थ्य चौकीमा कार्यरत अहेब २६ वर्षीय नवराज पौडेललाई ०६० असोज २ गते सोही ठाउँबाट माओवादीले अपहरण गरी एक महिनापछि मुक्त गरे।

गैडाकोट गाविस-९ थुम्सीका ४३ वर्षीय गंगाराम पाण्डेलाई ०६० असोज ३० गते आफ्नै घरबाट माओवादीले अपहरण गरी १४ दिनपछि मुक्त गरे।

रुचाङ गाविसका पूर्व उपाध्यक्ष तथा राप्रपाका कार्यकर्ता ४३ वर्षीय धनबहादुर विकलाई आर्थिक घोटाला गरेको आरोपमा ०६० कार्तिक १ गते माओवादीले अपहरण गरी लामो समयसम्म श्रम शिविरमा राखी मुक्त गरे।

वेणिमणिपुर गाविस-५ का ३८ वर्षीय प्रेम खत्रीलाई भ्रष्टाचार गरेको आरोपमा ०६० मंसिर १२ गते माओवादीले घरबाट अपहरण गरी तीन दिनपछि मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

दिव्यपुरी गाविस-२ क्युरेनीका ४२ वर्षीय कमल श्रेष्ठलाई ०५९ पुस २१ गते प्रहरीले "तपाईको पसल माओवादी आउने-जाने र चिठीहरु आदान-प्रदान हुने स्थान भएकाले तपाईलाई गिरफ्तार गरी कारवाही गर्न सकिनेछ" भनी धम्की दिए।

त्रिवेणी सुस्ता गाविस-३ का ३२ वर्षीय कुलबहादुर क्षेत्रीलाई ०६० साउन १४ गते घरमै सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले कुटपिट गरे।

माओवादीबाट

दिव्यपुरी गाविस-२ क्युरेनीका ४२ वर्षीय कमल श्रेष्ठलाई आफ्नै कार्यकर्ता देवी अधिकारीलाई गिरफ्तार गराएको आरोपमा ०५९ पुस २० गते माओवादीले कारवाही गर्ने धम्की दिए।

अमरापुरी गाविस-९ का ३८ वर्षीय टाइगर भनिने भरत पाण्डेलाई माओवादीको नाममा चोरी-डकैती गरेको आरोपमा ०६० साउन २१ गते माओवादीले खुट्टा भाँची अपाङ्ग बनाए।

सरावल गाविस-६ का नेकाँ (प्रजातान्त्रिक) का

कार्यकर्ता ४५ वर्षीय शिवनारायण फौजदारलाई ०६० भदौ २६ गते राति आफ्नै घरबाट माओवादीले बोलाएर केही पर लगी हातखुट्टा बाँधेर दुबै खुट्टा र एक हातमा खुकुरी प्रहार गरी सख्त घाइते बनाए। पीडितलाई उपचारार्थ बुटवल लगियो।

तमसरिया गाविस-७ चोरमारास्थित पश्चिमाञ्चल ग्रामीण विकास बैंक केन्द्रबाट ०६० भदौ ३० गते माओवादीले ३८ हजार ७ सय ४ रुपैयाँ लुटे।

रजहर गाविसका पूर्वसांसद महेन्द्रध्वज जिसी, प्रेम सापकोटा, विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष गणेश बस्नेत, पूर्व गाविस अध्यक्ष शिवहरि अधिकारी, पूर्व अध्यक्ष खिमबहादुर रावल, गाविस सचिव हरिहर कोइराला, राष्ट्रिय अनुसन्धान शाखा कार्यालयका राजेन्द्र जि.सी., एमाले गाउँ कमिटीका सचिव शंकर रिजाललगायत् ३२ जनालाई ०६० असोज ३ गते माओवादीले सोही गाविस-७ मा कारवाहीको सूची टाँसे।

धोवादी गाविस-७ जुकेपानीका ३५ वर्षीय युवराज मल्ललाई ०६० असोज २६ गते माओवादीले घर नजिक खुट्टामा बन्चरो प्रहार गरी घाइते बनाए। आर्थिक अभावका कारण पीडितको उपचार हुन सकेन।

मुकुन्दपुर गाविस-६ पितौजीस्थित प्रधान सेनापति प्यारजंग थापाको घरमा ०६० कार्तिक १ गते बम विस्फोट गराई ३० हजार ५ सय ५३ रुपैयाँ माओवादीले लुटे।

शिवमन्दिर गाविस-३ कावासती स्थित पश्चिमाञ्चल ग्रामीण बैंक शाखाले संकलन गरेको २० हजार ७ सय ७८ रुपैयाँ ०६० कार्तिक १७ गते माओवादीले लुटे।

पञ्चनगर गाविस-३ का ४८ वर्षीय हर्कबहादुर कार्कीको घर ०६० कार्तिक २८ गते माओवादीले ताला बन्द गरी घरजग्गा आफ्नो कब्जामा लिए।

तमसरिया गाविस-७ चोरमारास्थित पश्चिमाञ्चल ग्रामीण विकास बैंक शाखा कार्यालयबाट ०६० मंसिर ७ गते कर्मचारी माया थापाले ऋण तथा ब्याज बचत असुलेर फर्कँदै गर्दा माओवादीले लुटे।

अन्य

रजहर गाविस-७ का पत्रकार महासंघ, नवलपरासीका सदस्य नारायणप्रसाद भण्डारीलाई ०५९ फागुन १२ गते सोही गाविस-७ सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष बमबहादुर अधिकारी, उनका छोराहरु सुवर्ण अधिकारी, नरेश अधिकारीलगायत्ले वनमा भ्रष्टाचार गरेको भनी पत्रिकामा छपाएको आरोपमा रजहर गाविस-७ स्थित सार्वजनिक चोकमा ढुंगामुढा प्रहार गरी घाइते बनाए। पीडकहरुलाई प्रहरीले मिलापत्र गरायो।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

मिथुकराम गाविस-७ का टेकबहादुर आले, रेखबहादुर ठाडा मगर, सोही गाविस-२ का ३९ वर्षीय कृष्ण लामिछाने, लालबहादुर लामिछानेलगायत्का ४०-४५ घर परिवारलाई नक्कली माओवादीले जबरजस्ती लुटेको र माओवादीले जफत गरेको सामान वितरण गर्ने कार्यक्रममा सहभागी भएको आरोपमा ०५९ माघ १ गते जिल्ला प्रशासन कार्यालयले जबरजस्ती हाजिर गराए।

माकर गाविस-४ चिसापानीका दिव्यज्योति बहुमुखी क्याम्पसमा अध्ययनरत अनेरास्ववियु जिल्ला अध्यक्ष प्रकाश ज्ञवाली, प्रा.क. अध्यक्ष राजु न्यौपाने, प्रा.क. सदस्य जगदीश जि.सी., जिल्ला कमिटी सदस्य नवराज पोखरेल, क्षेत्रीय अध्यक्ष रामचन्द्र गौतम र रवीन्द्र सापकोटालाई ०६० वैशाख १५ गते बर्दघाटबाट पाँच विद्यार्थी संगठनले आयोजना गरेको नेपाल बन्दको कार्यक्रमबाट विन्दवासिनी सशस्त्र प्रहरी गणले गिरफ्तार गर्‍यो। पीडितहरुलाई स्थानीय जनताको दबाबमा ८ घण्टापछि रिहा गरियो।

रामग्राम नपा-३ पडसारेका ३२ वर्षीय अशोक खत्रीलाई ०६० वैशाख २० गते पाँच राजनीतिक दलले आह्वान गरेको बत्ती निभाउने कार्यक्रमअन्तर्गत बत्ती निभाउने क्रममा सुरक्षाकर्मीले गिरफ्तार गरी निर्मम यातना दिई रिहा गरे।

डेढगाउँ गाविस-४ का ४२ वर्षीय विष्णुबहादुर श्रेष्ठको जिल्ला अदालतमा अंश मुद्दा दर्ता गराएकोमा ०६० साउन २२ गते माओवादीले फिर्ता गरी आफूहरुको जनअदालतमा ल्याउन दबाब दिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा देवानी ६ सय ११, दुनियावादी फौज्दारी २ सय १५ र सरकारवादी फौज्दारी १ सय ४४ गरी जम्मा ९ सय ७० मुद्दा दर्ता भए। जसमा ४ सय ६७ देवानी, १ सय १६ सरकारवादी फौज्दारी र १ सय ३३ दुनियावादी फौज्दारी गरी जम्मा ७ सय १६ वटा मुद्दा फर्स्यौट भए। जिल्ला अदालतमा विगत वर्षहरुको जिम्मेवारी सरेर आएका १ सय ३३ वटा मुद्दा छन्।

जिल्ला प्रशासन कार्यालयमा यस वर्ष १९ मुद्दा दर्ता भए भने २६ वटा फर्स्यौट भए। जिल्ला प्रहरी कार्यालयमा खुन डाँका २, कर्तव्य ज्यान ९, ज्यानमार्ने उद्योग १, भवितव्य ज्यान २१, फुटकर ज्यान ९, विष खाई आत्महत्या २३, झुण्डिएर आत्महत्या २३, पानीमा डुबेर आत्महत्या २, जबरजस्ती चोरी २, नकवजनी चोरी २, साधारण चोरी ७, लागु औषध ४, सार्वजनिक अपराध १०,

नागरिक १, कुटपिट अंगभंग १, बहुविवाह १, जबर्जस्ती करणी १, उद्योग १, सवारी दुर्घटनाबाट मृत्यु ३२, घाइते २, आगलागी १, हातहतियार ३ गरी जम्मा १ सय ६५ मुद्दा तथा घटना दर्ता भए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

वेणिमणिपुर गाविस-७ की १४ वर्षीय देवी अधिकारीलाई माओवादीको पत्र पुऱ्याएको आरोपमा ०५९ पुस १९ गते दिव्यपुरी गाविस-२ बाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई दुई महिनापछि रिहा गरियो।

चितवन जिल्ला भरतपुर नपा-११ का माओवादीद्वारा घोषित इलाका जनसरकार प्रमुख सुदर्शन पौडेललाई ०५९ माघ २४ गते स्याँठी गाविसस्थित वनकट्टीबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई लामो समयसम्म त्रिवेणी ब्यारेकमा राखी ०६० असार १५ गते आफन्तलाई भेट गर्न दिएको थियो। पीडितलाई न्यायाधीश, पत्रकार र मानवअधिकारकर्मीको रोहवरमा सैनिक हिरासतबाट रिहा गरियो।

चितवन जिल्ला वीरेन्द्रनगर गाविस-३ का २६ वर्षीय नवराज पौडेललाई ०५९ माघ २६ गते नवलपरासी जिल्ला रामनगर गाविस-१ हरकट्टावाट सुरक्षाकर्मीले गिरफ्तार गरी सैनिक हिरासतमा राखी थुनामा राखे। पीडितलाई बन्दी प्रत्यक्षीकरण रिट परेको कारण पुनरावेदन अदालतले रिहा गऱ्यो।

दाउन्नेदेवी गाविस-७ पृथ्वीवस्तीका ३८ वर्षीय प्रेम विक र सोही गाविस-५ का २५ वर्षीय दुर्गाप्रसाद तिमिल्सिनालाई ०५९ चैत ६ गते लेनदेन विवादका कारण सोही ठाउँकी मुधमाया क्षेत्रीले जाहेरी दिएका कारण जाहेरवालाको घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी निर्मम यातना दिई मरणासन्न अवस्थामा पुऱ्याई भोलिपल्ट रिहा गरे। पीडितको अवस्था चिन्ताजनक भएका कारण सो ठाउँका जनताले दबाब दिएपछि सेनाले त्रिवेणी ब्यारेकभित्र ७ दिनसम्म भर्ना गरी उपचार गरेर घरमा पुऱ्याई रिहा गरे।

जमुनिया गाविस-४ गोपीगञ्जका ४२ वर्षीय क्षेत्रबहादुर थापा क्षेत्रीलाई ०५८ को संकटकालीन अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी कहिले सैनिक हिरासत र कहिले कारागारमा राख्दै आएकोमा ०५९ चैत १२ गते प्रक्रिया पुऱ्याई रिहा गरेपछि प्रशासन हाताबाट पुन: गिरफ्तार गरिएकोमा केही समयपछि रिहा गरियो।

डाँडाझेरी गाविस-१ का ३५ वर्षीय केशरबहादुर रानाभाटलाई सोही ठाउँकी ४० वर्षीय विष्णुमाया क्षेत्रीलाई बोक्सीको आरोपमा कुटपिट गरेको आरोपमा ०६० वैशाख १४ गते प्रहरीले गिरफ्तार गरी यातना दिए। पीडितले क्षतिपूर्तिको लागि अदालतमा मुद्दा दर्ता गराएकोमा हालसम्म चलिरहेको छ।

शिवमन्दिर गाविस-२ का अभिवक्ता ३४ वर्षीय चेतप्रसाद शर्मा डुम्रेलाई अवैधरुपमा जंगल फडानी गरेको आरोपमा ०६० जेठ ५ गते महाराज रेञ्जपोष्ट कावासोतीले घरबाटै गिरफ्तार गरी शारीरिक र मानसिक यातना दिई ७ दिनपछि रिहा गरे।

प्रगतिनगर गाविस-७ का अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला अध्यक्ष २७ वर्षीय तुल्सी भुसाल र सोही ठाउँका विद्यार्थी कार्यकर्ता २१ वर्षीय कुमार खत्रीलाई ०६० जेठ ३० गते प्रगतिनगर गाविसको वेल्डीयाबाट प्रहरीले गिरफ्तार गरे। पीडितहरुलाई ०६० असार १ गते रिहा गरियो।

दाउन्नेदेवी गाविस-४ कुकुरमाराका ३० वर्षीय फत्तबहादुर कामु, सोही ठाउँका कर्णसिंह थापालगायत् तीन जनालाई माओवादीको आरोपमा ०६० साउन ११ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितहरुलाई धरौटीमा रिहा भए।

पञ्चनगर गाविस-४ का ३५ वर्षीय प्रकाश अधिकारीलाई माओवादीलाई खाने, बस्ने व्यवस्था गरेको आरोपमा ०६० भदौ १९ गते सुरक्षाकर्मीले गिरफ्तार गरी तीन दिनपछि जमानतमा रिहा गरे।

पञ्चनगर गाविस-३ की २२ वर्षीय प्रतिमा दुवाडी (अधिकारी) लाई माओवादीको आरोपमा ०६० कार्तिक ६ गते दाउन्नेस्थित चेकपोष्टबाट सुरक्षाकर्मीले गिरफ्तार गरी तीन महिनापछि तारिखमा रिहा गरे।

मुकुन्दपुर गाविस-७ का नेकपा (एमाले) का इलाका सचिव ३९ वर्षीय रामप्रसाद भट्टराईलाई माओवादीको आरोपमा ०६० कार्तिक १७ गते घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी भरतपुर सैनिक क्याम्पमा राखी १० दिनपछि रिहा गरे।

मुकुन्दपुर गाविस-१ का पूर्व गाविस अध्यक्ष ४२ वर्षीय थमुनाथ आचार्यलाई माओवादीको आरोपमा ०६० कार्तिक १७ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई तीन महिनाको लागि चितवन जेलमा थुनामा राखिएको छ।

तनहुँ जिल्ला राइपुर गाविस-७ का २१ वर्षीय रामबन्धु भट्टराईलाई माओवादीको आरोपमा ०६० पुस ५ गते रामग्राम नपा-५ स्थित जिल्ला अस्पतालबाट सुरक्षाकर्मीले गिरफ्तार गरी १० दिनसम्म शारीरिक र मानसिक यातना दिई तारिखमा रिहा गरे।

बालअधिकार

सुनवल गाविस-१ की ५ वर्षीय एक बालिकालाई

०५९ माघ ११ गते सोही ठाउँका २४ वर्षीय शिवकुमार विकले घर नजिकैको जंगलमा लगी बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

सुनवल गाविस-६ की १५ वर्षीय एक बालिकालाई ०५९ चैत ३ गते सोही ठाउँका १७ वर्षीय माइला भन्ने काले दमाईले घर नजिकै लगी बलात्कार गर्ने प्रयास गरे। पीडक फरार छन्।

दुम्कीवास गाविस-१ दुम्कीवासका दुई बालिकालाई ०६० वैशाख ११ गते सोही ठाउँका १६ वर्षीय आशिष थापाले घरकै शौचालयमा लगी जबरजस्ती बलात्कार गरे। पीडकलाई कुनै कारवाही भएन।

हकुई गाविस-६ की १३ वर्षीय कुमारी केवटलाई ०६० जेठ ६ गते रुपन्देही जिल्ला बोधबारे गाविस-७ तरकुल्लाका २५ वर्षीय बल्ली केवटले आफ्ना छिमेकी साथीहरुसमेत १०-१२ जनाको समूहले जबरजस्ती घरबाट अपहरण गरी खानपिन र बाहिर निस्कनसमेत नदिई घरमै बन्दी बनाई राखे। पीडित पक्षले पुनरावेदन अदालतमा बन्दी प्रत्यक्षीकरणसम्बन्धी मुद्दा दर्ता गराएकोले ०६० असार २० गते अभिभावकको जिम्मा लगाए।

प्रगतिनगर गाविस-७ का ११ वर्षीय तुलबहादुर गुरुङलाई ०६० असार ३ गते सोही गाविस-८ को एक घरमा चोरी गरेको आरोपमा किटानी जाहेरीका आधारमा प्रहरीले शारीरिक र मानसिक यातना दिए। पीडित अदालतको आदेशमा रिहा भए।

नयाँ बेलाहानी गाविस-४ तमासपुरकी ७ वर्षीय एक बालिकालाई ०६० साउन ११ गते सोही ठाउँका ७५ वर्षीय टोपबहादुर परियारले घर नजिकैको जंगलमा लगी बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

कावासोती गाविस-४ की ११ वर्षीय एक बालिकालाई ०६० साउन १३ गते घरमै बसिरहेको अवस्थामा सोही ठाउँका ४५ वर्षीय बेनिराम महतोले बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

पिठौली गाविस-८ की १५ वर्षीय एक बालिकालाई ०६० भदौ ९ गते दाउन्नेदेवी गाविस-७ का आफ्नै भिनाजु प्रकाश यादवले घरमा बलात्कार गरे। पीडक फरार छन्।

कुडिया गाविस-४ की १२ वर्षीय एक बालिकालाई ०६० असोज ५ गते सोही ठाउँका १८ वर्षीय पवनकुमार धरिकारले घर नजिकैको रहरबारीमा लगी बलात्कार गरे। पीडकलाई ३० हजार रुपैयाँ धरौटीमा रिहा गरियो।

सुनवल गाविस-६ की ६ वर्षीय एक बालिकालाई ०६० कार्तिक ५ गते सोही ठाउँका १७ वर्षीय राजु परियारले सोही गाविस-३ स्थित किर्निपुर जंगलमा लगी बलात्कार गरे। पीडकलाई १२ हजार रुपैयाँ धरौटीमा रिहा गरियो।

तिलकपुर गाविस-१ की ९ वर्षीय एक बालिकालाई ०६० मंसिर ५ गते सोही ठाउँका ३१ वर्षीय रमानन्द हरिजनले सोही ठाउँको बुट्यान जंगलमा लगी बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

गैडाकोट गाविस-९ थुम्सीकी ६ वर्षीय एक बालिकालाई ०६० मंसिर १७ गते बारा जिल्ला बमौली गाविस-३ घर भई सोही गाविस-९ स्थित युनाइटेड पोली साक्स, लुममा कार्यरत लालबाबु शाहले आफ्नै डेरामा लगी बलात्कार गरे। पीडक फरार भए।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव दूर्व्यवहार

अमरापुरी गाविस-२ तारानगरकी २३ वर्षीय एक युवतीलाई ०५९ माघ २२ गते गुल्मी जिल्ला आँपचौर गाविस-६ का भोजराज भण्डारीले विवाहको नाटक रची भारतको बम्बई लगी बिक्री गर्ने प्रयास गरे। पीडित उक्त स्थानबाट फर्कन सफल भएकी छन् भने पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

त्रिवेणीसुस्ता गाविस-८ की ३२ वर्षीय एक महिलालाई ०५९ चैत १० गते सरावल गाविस-९ का ३५ वर्षीय रामबहादुर जिसीले भारततर्फ बिक्री गर्न लैजाँदै गर्दा महेशपुरस्थित सीमा प्रहरीले गिरफ्तार गरे। पीडितलाई अभिभावकको जिम्मा लगाइयो भने पीडकलाई जिल्ला प्रहरी कार्यालयले जिल्ला अदालतका अर्दली यमबहादुर जि.सी.को जमानतमा रिहा गर्‍यो।

देउराली गाविस-२ की ३० वर्षीय दुर्गादेवी पौडेललाई ०६० वैशाख ३ गते आफ्नै पति कृष्णप्रसाद पौडेलले गुप्ताङ्गमा खुर्सानीको धुलो राखी पीडित बनाए। पीडकलाई माओवादीले बाँधेर घाँस खुवाए।

सुनवल गाविस-१ प्रगतिटोलकी १६ वर्षीय एक युवतीलाई ०६० असोज २९ गते दाउन्ने बजारस्थित सपना होटलमा काम गरी बसेको अवस्थामा भारतबाट फलफूल ल्याउने ट्रकका चालक सुनिलकुमार र खलासी नुवाकोट जिल्ला चतुरआले गाविस-३ का लेखराज पाण्डेले बिक्रीको लागी कानपुर पुर्‍याएकोमा पीडित फर्कन सफल भइन् भने पीडकहरु फरार छन्।

डाँडाझेरी गाविस-१ की ४० वर्षीय विष्णुमाया रानाभाट र ३५ वर्षीय केशरबहादुर रानाभाटलाई बोक्सीको आरोपमा ०६० वैशाख १४ गते प्रहरीले गिरफ्तार गरी निर्मम यातना दिए। पीडितले क्षतिपूर्ति माग

गर्दै जिल्ला अदालतमा मुद्दा दर्ता गराएकोमा हालसम्म मुद्दा चलिरहेको छ।

तमसरिया गाविस-८ धजाहाटोलकी ४५ वर्षीय एक महिलालाई बोक्सीको आरोपमा ०६० साउन २२ गते सोही ठाउँका ३८ वर्षीय बद्रि चौधरी र ३५ वर्षीय कल्लु चौधरीले घर नजिकको ट्वाइलेटको खाल्टो नजिक कुटपिट गरे।

दुम्कीबास गाविस-४ की ३० वर्षीय एक अपाङ्ग महिलालाई ०५९ माघ १३ गते सोही ठाउँका ४९ वर्षीय भोजुराम नेपालीले एकान्त ठाउँमा बलात्कार गर्ने प्रयास गरे। अदालतको आदेशमा पीडकलाई थुनामा राखिएको छ।

बन्जरिया गाविस-९ धरमपुरकी ४० वर्षीय एक महिलालाई ०६० भदौ ७ गते सुनवल गाविस-५ का २४ वर्षीय चमेरा चौधरीले सोही ठाउँको पर्सवाल हसनापुर जंगलमा बलात्कार गरे। पीडक फरार छन्।

रामग्राम नपा-८ उनवचकी १७ वर्षीय एक युवतीलाई ०६० कार्तिक २६ गते सोही ठाउँका १८ वर्षीय रदमकुमार यादवले बलात्कार गरे। पीडकले सहमतिमा बलात्कार गरेको भनी १२ हजार रुपैयाँ धरौटीमा रिहा भए।

माका गाविस-९ सुकुम्बासीटोलकी २३ वर्षीय एक लाटी महिलालाई ०६० पुस १५ गते सोही ठाउँका ३० वर्षीय सुरेश मुसहर र कल्लु चौधरीले घरदेखि उत्तरतर्फ उखुबारीमा लगी बलात्कार गरे।

रामग्राम नपा-२ की २१ वर्षीय सरिता अग्रहरीलाई दाइजो कम ल्याएको आरोपमा ०५९ पुस २७ गते आफ्नै पतिले कुटपिट गरे। पीडित एक्लै बस्दै आएकी छिन्।

त्रिवेणी सुस्ता गाविस-२ हर्दिवारीकी ४० वर्षीय विष्णुमाया श्रेष्ठलाई ०६० जेठ १० गते आफ्नै पति ४४ वर्षीय कृष्णबहादुर श्रेष्ठले फलामको रड प्रहार गरी हत्या गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

डाँडाझेरी गाविस-१ की ४० वर्षीय विष्णुमाया रानाभाटलाई बोक्सीको आरोपमा ०५९ फागुन २२ गते सोही ठाउँका ३० वर्षीय केशर रानाभाट, उनकी पत्नी २४ वर्षीय खिनुमाया रानाभाट र सोही ठाउँका ५६ वर्षीय केमल रानाभाटले निर्ममतापूर्वक कुटपिट गरी कैचीले टाउकोमा घोची घाइते बनाए। अदालतमा मुद्दा चलिरहेको छ।

अन्यबाट

देउराली गाविस-३ गिरुबारीकी दुई छोराछोरीकी आमा २१ वर्षीय सेती भन्ने तुलसीदेवी भण्डारीलाई ०६० असार १७ गते आफ्नै पति गोविन्द भण्डारी, ससुरा दयानिधि भण्डारी, जेठाजु शोभाखर भण्डारी र सोही ठाउँका दुवराज पौडेलले घरमा हत्या गरी नजिकको सिसौंको रुखमा लगी झुण्डाए। सासु ससुराको अदालतमा मुद्दा चलेको छ भने पति, जेठाजु र दुवराजलाई पुर्पक्षको लागि थुनामा राखिएको छ।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूत समेत

जमुनिया गाविस-४ गोपीगन्जकी १६ वर्षीय सोविता धोवीलाई अनैतिक सम्बन्ध राखेको आरोपमा ०५९ फागुन १ गते आफ्नै आमा मनकली धोवी र दाजु किशुन धोवीले सोही ठाउँमा पसल गरी बस्ने १८ वर्षीय प्रेम मिश्रसँग जबरजस्ती मिलाइदिए। पीडितले अदालतमा मुद्दा दर्ता गराएकी छन्।

माकर गाविस-५ खजुराकी २० वर्षीय लक्ष्मीकुमारी पाइजा मगरलाई बोक्सीको आरोपमा ०५९ फागुन ६ गते आफ्नै पति भुगबहादुर पाइजा मगर, ससुरा ४५ वर्षीय उद्धिमबहादुर पाइजा मगर र सासु पदमा कुमारी पाइजा मगरले कुटपिट गरी घरबाट निकाले। घटना बारे अदालतमा सार्वजनिक अपराध मुद्दा चलिरहेको छ।

कुडिया गाविस-८ की १० वर्षीय निर्मला दुसादलाई ०५९ चैत १६ गते सोही ठाउँको सार्वजनिक स्थलको महायज्ञमा त्रिवेणीदेखि ल्याएको जल चढाउन खोज्दा यज्ञ समितिले दलित भएको आरोपमा जल चढाउनबाट वञ्चित गर्‍यो। पीडकहरुलाई कारबाही भएन।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

नेकपा (एमाले) इलाका कमिटीका सचिव एवं पूर्व गाविस अध्यक्ष यमुनाथ आचार्यलाई माओवादीको आरोपमा ०६० कार्तिक १७ गते सुरक्षाकर्मीले गिरफ्तार गरेको जनाउँदै जीवन रक्षा र शीघ्र रिहाइको माग गर्दै सो पार्टीले एक प्रेस विज्ञप्ति जारी गर्‍यो।

संरचना क्षति

सेमरीस्थित इलाका प्रहरी कार्यालयको खाली भवनमा ०६० भदौ ३० गते माओवादीले आगो लगाई ध्वस्त बनाए। त्यसैगरी इलाका वन कार्यालय, अरुणखोलाका कागजपत्र र फर्निचरमा समेत आगो लगाई क्षतिग्रस्त बनाए। माओवादीहरुले मुकुन्दपुर गाविस बेल्डीयास्थित बैंकबाट ४४ हजार रुपैयाँ नगद लुटेर लगे भने तनसरिया गाविस चोरमारास्थित पश्चिमाञ्चल विकास बैंकबाट ३८ हजार ४ सय ७ रुपैयाँ तथा कागजपत्र लुटेर लगे।

रामनगर गाविस-१ भुमीस्थित पश्चिमाञ्चल

ग्रामीण विकास बैंक शाखा कार्यालयबाट ०६० मंसिर ३ गते माओवादीले २३ हजार रुपैयाँ लुटी कार्यालयको सम्पूर्ण कागजातमा मट्टितेल खन्याई आगो लगाए।

रामनगर गाविस-२ बडेरास्थित इलाका वन कार्यालयमा ०६० असोज २ गते, जमुनिया गाविस-४ सेमरीमा खाली रहेको इलाका प्रहरी कार्यालयमा ०६० भदौ ३० गते, तमसरिया गाविस-७ चोरमारास्थित टिम्बर कर्पोरेशनका सम्पूर्ण कागजात ०६० असोज ६ गते, माकर गाविस-४ बर्दघाट प्रहरी चौकीमा ०६० असोज १४ गते, कुमारवर्ती गाविस-१ स्थित राजसभा स्थायी समितिका पूर्व सभापति केशरजंग रायमाझीको घरमा ०६० कार्तिक १४ गते, गैंडाकोट गाविस-९ थुम्सी चोकमा रहेको सडक दस्तुर संकलन केन्द्रमा रहेको सम्पूर्ण कागजात ०६० कार्तिक २८ गते, रजहरस्थित पूर्व-पश्चिम राजमार्गमा रहेको इलाका प्रहरी कार्यालयको खाली भवनमा ०६० कार्तिक २९ गते, रामग्राम नपा-३ स्थित जिल्ला नापी शाखा कार्यालय भवनमा ०६० मंसिर ८ गते, सुनवलस्थित पूर्व-पश्चिम राजमार्गमा रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालयमा ०६० मंसिर २५ गते, शिवमन्दिर गाविस-३ कावासोतीस्थित मालपोत कार्यालयमा ०६० पुस २ गते, माकर वर्दघाटस्थित इलाका वन कार्यालय भवनमा ०६० पुस ३ गते, अर्ग्यौली गाविस-३ की ४५ वर्षीय मिनाकुमारी तिवारीको घरमा ०६० पुस १० गते र त्रिवेणी सुस्ता वजारस्थित प्रहरी चौकीमा ०६० कार्तिक १८ गते माओवादीले वम विस्फोट गरी क्षति पुऱ्याए।

मुकुन्दपुर गाविस-६ स्थित गोरखा ब्रुअरी फ्याक्ट्रीमा चन्दा नदिएको आरोपमा ०६० कार्तिक १ गते माओवादीले आगो लगाई तोडफोड गरी करौडौंको क्षति पुऱ्याए। उद्योगमा रहेको ३ वटा कम्प्युटर माओवादीले लिएर गए भने ३ वटा तोडफोड गरे। त्यसैगरी बा. ३ च २२०२ नम्बरको टाटा भ्यानमा मट्टितेल छर्केर आगो लगाए। उद्योगका वरिष्ठ इन्जिनियरको ना. ३ पा ५१७९ नम्बरको मोटर साइकल र ३ वटा सञ्चार सेट माओवादीले लुटेर लगे।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष १३ पुरुष र ८ महिलाले झुण्डिएर आत्महत्या गरे। आगो लगाई १ पुरुष र १ महिला, सवारी दुर्घटनामा परी २८ पुरुष र ७ महिला, भवितव्यबाट ११ पुरुष र ५ महिलाको मृत्यु भयो भने २ पुरुष र १ महिलाको लास फेला पऱ्यो। एक जना महिलाको गैंडाको आक्रमणबाट मृत्यु भयो।

विगतको अनुगमन

०५८ मा संकट लागू भएपछि गिरफ्तार गरिएका प्रगतिनगर गाविस-७ का माओवादी कार्यकर्ता तारा भुसाललाई ०६० साउन ५ गते, सुकौली गाविस-५ घिनाहका चिनक कुर्मी र नहदा गाविस-६ का बाबुराम खनाललाई ०६० असार १९ गते पुनरावेदन अदालतको आदेशमा रिहा गरियो।

चितवन जिल्ला चयनपुर गाविस-७ की सुष्मा खनाललाई ०६० साउन १९ गते सर्वोच्च अदालत काठमाडौंको आदेशमा रिहा गरियो।

जमुनिया गाविस-४ गोपिगञ्जका क्षेत्रबहादुर थापा पनि सरकार-माओवादी युद्धविराम भएको अवधिमै रिहा भए।

३.८ रूपन्देही



जनसंख्या	:७०२५३
साक्षरता प्रतिशत	:४६
महिला साक्षरता प्रतिशत	:३३
क्षेत्रफल (वर्ग कि.मी.)	:१४०१
गाविस/नपा संख्या	:६९/२
निर्वाचन क्षेत्र	:५
विद्यालय	:४६७
क्याम्पस/उच्च मावि	:२/३०
अस्पताल/स्वास्थ्य चौकी	: ५/६९
टेलिफोन लाइन	:२२०००
मोटर सडक (कि.मी.)	:१०९२.६४
प्रहरी कार्यालय संख्या	:१३
हुलाक संख्या	:४५
मानव विकास सूचकांक	:०.३६१
प्रति एक डाक्टर जनसंख्या	:१८६४३
प्रति परिवार सरदर संख्या	:६.०१

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

स्याङ्जा जिल्ला विचारी चौतारा-९ परेवाडाँडा घर भई रुपन्देहीस्थित बुटवल बहुमुखी क्याम्पसमा अध्ययनरत नेपाल प्रगतिशील विद्यार्थी युनियनका जिल्ला अध्यक्ष २२ वर्षीय देवीलाल पौडेललाई ०५९ चैत २५ गते क्याम्पस हाताभित्रै प्रहरीले गोली हानी हत्या गरे। विद्यार्थी संगठनद्वारा पेट्रोलियम पदार्थको मूल्यवृद्धिको विरोधमा आयोजना गरिएको आधा घण्टे चक्काजाम कार्यक्रम सम्पन्न गरी क्याम्पस प्रांगणमा पुगेका विद्यार्थीहरुलाई माइक्रो बसका कर्मचारीहरुले कुटपिट गर्न शुरु गरेपछि दुवै पक्षबीच झडप शुरु भयो। स्थितिलाई नियन्त्रण गर्ने नाममा शुरुमै प्रहरीले चलाएको गोली देवीलालको कन्चटमा लागेर मृत्यु भएको थियो। घटनाका कारण यस घटनाले देशभर प्रभाव पार्‍यो। बुटवल ४ दिनसम्म तनावग्रस्त बन्यो। सिडीओ दीपकराज जोशी र एस्पी नवराज ढकालसमेतले घटनाको नैतिक जिम्मेवारी लिंदै दोषीमाथि कारवाही गरिने र पीडितलाई क्षतिपूर्ति दिने तथा आन्दोलनमा गिरफ्तार विद्यार्थीहरुलाई रिहा गर्ने ७ दिनको अल्टिमेटममा घटना टुंगिएको थियो। पीडितको परिवारलाई सरकारले क्षतिपूर्तिस्वरुप रकम पनि उपलब्ध गरायो। घटनाको छानबिनका लागि स्थानीयस्तरमा नागरिक समाज, बुटवलद्वारा गठित ७ सदस्यीय छानबिन समितिले ०६० वैशाख ४ गते घटनामा प्रहरी प्रशासनको कमजोरी भएको प्रतिवेदन सार्वजनिक गरेको थियो।

सिक्टहन गाविस पेटवारीमा ०६० भदौ १५ गते र बुटवल नपा बसपार्कमा कर्फ्यू उल्लंघन गरेको आरोपमा ०६० भदौ ३० गते, सुरक्षाकर्मीको गोलीद्वारा नाम, ठेगाना थाहा नभएका दुई जनाको मृत्यु भयो।

आमा गाविस-८ भैसाहीमा जीवलाल सुवेदी र चिनक यादवलाई माओवादीको आरोपमा ०६० असोज ७ गते सुरक्षाकर्मीले हानी हत्या गरे।

सिद्धानगर नपा-१३ की ४२ वर्षीय मञ्जु लोहनीको ०६० मंसिर २४ गते घरमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीले अन्धाधुन्ध चलाएको गोली लागी मृत्यु भयो। पीडित पक्षलाई क्षतिपूर्ति दिने बारेमा कारवाही भएको प्रशासनले जनायो।

दुधराक्ष गाविस-५ बाँसगढीमा अनेरास्ववियु (क्रान्तिकारी) का केन्द्रीय सदस्य कमल पौडेल, नाम ठेगाना थाहा नभएका एक जना र सोही गाविस-९ का सर्वसाधारण २८ वर्षीय गोपाल रिजाललाई माओवादीको आरोपमा ०६० मंसिर २५ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

माओवादीबाट

केरवानी गाविस-६ का ४२ वर्षीय प्रेम शाहीलाई ०६० असार २६ गते अज्ञात समूहले कुटपिट गरेकोमा उपचारको क्रममा असार ३० गते मृत्यु भयो। उक्त घटनाको बारेमा एमालेले माओवादीद्वारा कुटपिट गरी हत्या गरेको आरोप लगाएको छ भनी माओवादीले घटना आफ्नो पार्टीले नगरेको जनायो।

दयानगर गाविसस्थित इलाका प्रहरी कार्यालयमा ०६० भदौ १४ गते दिउँसो माओवादीले आक्रमण गरी चार जना प्रहरीको हत्या गरे। माओवादीले कार्यालय भवन

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित				
	अन्यबाट					माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१०	६	५		११	८	१२		१२	६	९	१		१०
घाइते						६	२४	२	२६	१	१			१
गिरफ्तारी/यातना										२	५	१		६
बेपत्ता										१	१			१
कुटपिट						१	१		१	१	१			१
भेला/संगठित हुने अधिकार										१			१	१
महिलाअधिकार	७		८		८									
बालअधिकार	२		२		२									
अमानवीय व्यवहार	१			१	१									
अपहरण	२	२			२									
जम्मा	२२	८	१५	१	२४	१५	३७	२	३९	१२	१७	२	१	२०

ध्वस्त पार्नुका साथै त्यहाँ रहेका हातहतियार लुटेर लगे। आक्रमणमा मृत्यु हुने प्रहरीहरुमा नवलपरासीका असई भक्तबहादुर पौडेल, गुल्मीका प्रहरी जवान मानबहादुर बलाल, गोरखाका प्रहरी जवान पदमबहादुर राना र रुपन्देहीका भान्से बलराम न्यौपाने थिए। आक्रमण हुन थालेपछि बलरामले टाढैबाट आत्मसमर्पण गरेको तर, वरपर गोली वर्षिन नरोकिएपछि ज्यान जोगाउन नजिकैको पोखरीमा लुकेको अवस्थामा माओवादीले पोखरीबाट बाहिर निकालेर प्रहरी कार्यालय भवन अगाडि लगी गोली हानेर हत्या गरेका थिए।

खडवा बनगाई गाविस घर भई इलाका प्रहरी कार्यालय, बुटवलमा कार्यरत प्रहरी हवल्दार ३८ वर्षीय चक्रप्रसाद चौधरीलाई ०६० भदौ २७ गते बिहान सेमलारा गाविस, नरयानापुरमा ड्युटीमा रहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे।

पोखरभिण्डी गाविस-२ का ३२ वर्षीय राजकमल पाण्डेलाई ०६० भदौ ३० गते सिद्धार्थनगर नपा-८ लुम्बिनी रोडमा माओवादीले गोली हानी हत्या गरे। पीडित राष्ट्रिय अनुसन्धान विभागको सहयोगी भएको बताइयो।

हाटिवनगाई गाविस-१ का राप्रपाका निवर्तमान क्षेत्रीय सदस्य ४५ वर्षीय भागिरथी यादवलाई ०६० भदौ ३१ गते बिहान घर नजिक स्कूलमा बसिरहेको अवस्थामा माओवादीले बोलाई गोली हानी हत्या गरे। पीडितलाई सख्त घाइते बनाइएकोमा भैरहवा अस्पतालमा उपचार हुँदाहुँदै सोही दिन मृत्यु भएको थियो।

केरवानी गाविस-४ का २८ वर्षीय रोशन गुरुङलाई आफ्नो पार्टी छाडी विभिन्न आपराधिक घटनामा संलग्न भएको आरोपमा ०६० कार्तिक २५ गते दिउँसो आफ्नै घरमा माओवादीले गोली हानी हत्या गरे।

लुम्विनी इलाका प्रहरी कार्यालयबाट गस्तीमा गएका प्रहरी जवान २५ वर्षीय छोटेलाल यादवलाई ०६० कार्तिक २६ गते आमा गाविस-८ कालिदहमा माओवादीले गोली हानी हत्या गरे। उक्त घटनामा परी सर्वसाधारण लुम्बिनी आदर्श गाविस-३ का ३० वर्षीय इरसाद अहमद खाँको पनि मृत्यु भयो भने असई झपटबहादुर अधिकारी घाइते भए।

पुनरावेदन अदालत, बुटवलमा ड्युटीमा खटिएका बर्दिया जिल्ला सानोश्री गाविस-६ का प्रहरी जवान ३० वर्षीय विनोदकुमार गुरुङलाई ०६० मंसिर ५ गते माओवादीले गोली हानी हत्या गरे।

अन्य

दुर्गौलीस्थित प्रहरी कार्यालयमा कार्यरत प्रहरी असई सुदर्शन घिमिरेले पारिवारिक झगडाका कारण ०६० जेठ १० गते चौकी हाताभित्र आफ्नै पत्नी चन्द्रा घिमिरेलाई गोली हानी हत्या गरी आफूले पनि आफ्नै कन्चटमा गोली हानी आत्महत्या गरे।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

गुल्मी जिल्ला दरबार देविस्थान गाविस-५ घर भई बुटवल नपा-५ डेरा गरी बस्ने २३ वर्षीय हरिप्रसाद घिमिरे ०६० असोज २९ गते कोठामा सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले अकस्मात चलाएको गोली लागी घाइते भए। पीडितको उपचार बुटवल अस्पतालमा गरियो।

माओवादीबाट

रुद्रपुर हरैयातर्फ गस्तीमा गइरहेका सई महावीर यादव र महिला प्रहरी रामकुमारी कुवँर ०५९ माघ ३ गते माओवादीले हरैया जंगलमा थापेको विद्युतीय धरापमा परी घाइते भए।

बुटवल नपास्थित ३ नं. सैन्य तालिम केन्द्रअगाडि सुरक्षा जाँचमा रहेका सैनिक रामनारायण यादवलाई लक्षित गरी ०६० असोज २४ गते माओवादीले गोली प्रहार गरे।

धकधई गाविस-३ मा भैरहवाबाट गस्तीमा गएको सुरक्षाकर्मीको टोलीमाथि ०६० कार्तिक १ गते माओवादीले थापेको विद्युतीय धरापमा परी सई रघुनन्दन पाण्डे, हवल्दार टेकेन्द्र खनाल, सुदीप घर्ती क्षेत्री, प्रहरी जवान खिमबहादुर थापा, हरिभजन चौधरी, दलवहादुर कार्की, जयप्रकाश श्रीवास्तव, वीरवहादुर कार्की र यज्ञराज ठाकुर घाइते भए।

बुटवल नपा-६ आदर्शनगरका ३५ वर्षीय रितु खड्कालाई गलत काम गरेको आरोपमा ०६० कार्तिक २१ गते माओवादीले गोली हानी घाइते बनाए। पीडितको उपचार काठमाडौंमा गरियो।

सशस्त्र प्रहरी विन्दवासिनी गण, बुटवलबाट पश्चिमतर्फ गएको सुरक्षाकर्मीको गाडी ०६० कार्तिक २९ गते सालझण्डीको वनकट्टी जंगलमा माओवादीले थापेको विद्युतीय धराप विस्फोट हुँदा दुर्गाबहादुर विक, मानबहादुर भोला, रामबहादुर तामाङ, जीतबहादुर घलाल, वासुदेव हरिजन, दिनेश हीताङ, इन्द्रबहादुर महतो, थमनध्वज कायस्थ, सोमबहादुर सुर्खेती, जगत सुनार, कमल रानाभाट, तेजबहादुर तामाङ र नवराज देउजा घाइते भए।

जेल र बन्दीहरू

६० जना वन्दी क्षमता भएको 'ख' श्रेणीको

रुपन्देही जेलमा कैद तोकिएका ७० र नतोकिएका १ सय १३ गरी १ सय ८३ जना बन्दी छन्। जेललाई दुई भागमा बाँडिएको छ। जेलको भौतिक अवस्था जीर्ण छ। बन्दी सबै पुरुष छन्। बिरामी भई उपचारको क्रममा बन्दी दिलबहादुर परियारको मृत्यु भयो।

बेपत्ता / अपहरण

अन्यबाट

मोतिपुर गाविस-१ का २३ वर्षीय भीमलाल तिवारीलाई ०६० असोज २९ गते अज्ञात समूहले घरबाट गिरफ्तार गरी बेपत्ता बनाए। पीडितको अवस्था अज्ञात छ।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

सिद्धार्थ बस व्यवसायी समिति र पश्चिमाञ्चल बस व्यवसायी समितिबीच चलेको विवादमा मसिना गाविस-१ का बस ड्राइभर २४ वर्षीय नफिस मुसलमानलाई सिद्धार्थनगर नपा-१ बेलहियामा ०६० असार २१ गते प्रहरीले लाठी प्रहार गरी दायाँ हात भाँचिदिए।

माओवादीबाट

मसिना गाविस-९ का ४८ वर्षीय श्रीशंकर गुप्तालाई सुराकीको आरोपमा ०६० मंसिर २९ गते माओवादीले कुटपिट गरी हात भाँचिदिए। पीडितको उपचार काठमाडौंमा गरियो।

अन्य

बुटवल नपा-८ मा चोरी गरी हिंड्ने १६ वर्षीय श्याम श्रेष्ठलाई ०५९ फागुन २३ गते स्थानीय महिलाहरुले चारपाटा मुडी बजार घुमाए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

बुटवलमा जनमोर्चा, नेपालले शाही घोषणाको विरोधमा ०५९ माघ २ गते एक घण्टे चक्का जाम गर्दा सो पार्टीका लेखनाथ खनाल, पुरुषोत्तम कँडेल, लक्ष्मीकान्त पौडेल, बाबुराम आचार्य, गोविन्द शर्मा, पुष्कर सापकोटा, रामबहादुर बुढामगर, चोपलाल आचार्य, किरण जि.सी., राजेश विक, ओमचन्द्र पाण्डे, अनिल किशोर घिमिरे, भानुभक्त कार्की, मानव के.सी, चक्रव्युह थापा, प्रमोद धिताल, नरीश्वर न्यौपाने, दीपेश आचार्य, सिताराम बी.सी., रीता थापा, कमला खड्कालाई प्रहरीले गिरफ्तार गरी सोही दिन साँझ रिहा गरे।

सुरक्षाकर्मीद्वारा हत्या गरिएकी मन्जु लोहनी

परौंहा गाविस-५ मुर्गीया बजारमा शाही कदमको विरोधमा ०६० जेठ १७ गते निकालिएको जुलुसमाथि प्रहरीले लाठिचार्ज गर्दा जनमोर्चा नेपालका जिल्ला सदस्य ५० वर्षीय कृष्ण बम मल्ल घाइते भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका ८ सय ७२ र यस वर्ष दर्ता भएका ३ सय ९६ गरी कूल १ हजार २ सय ६८ मुद्दा फर्स्यौट हुन बाँकी छन्।

पुनरावेदन अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका १ हजार ७५ र यस वर्ष दर्ता भएका ५ सय ४३ गरी कूल १ हजार ६ सय १८ मध्ये ६ सय १९ फर्स्यौट भई ९ सय ९९ बाँकी छन्।

जिल्ला प्रहरी कार्यालयमा यस वर्ष ३ सय ५२ मुद्दा दर्ता भए। जिल्ला प्रशासन कार्यालयमा यस वर्ष फर्स्यौट नभएका मुद्दाको संख्या ९१ छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

यस जिल्लामा विभिन्न खालका ३ हजार ९ सय ४४ उद्योगहरु दर्ता भई संचालनमा रहेको र ती उद्योगहरुमा २३ हजार ६ सय ६४ मजदुर कार्यरत रहेको कुरा घरेलु तथा साना उद्योग कार्यालय रुपन्देहीले जनायो।

०५९ भदौ महिनादेखि बन्द रहेको बुटवल धागो कारखाना ०६० माघ १ गतेदेखि श्री ५ को सरकारले संचालन गर्नका लागि साल्ट ट्रेडिङ लिमिटेडलाई जिम्मा दिएकोमा उद्योग संचालन हुन नपाउँदै विनासूचना २५ जना मजदुर कर्मचारीलाई अवकाश दिएपछि विवाद शुरु भयो। उक्त कार्यको विरोध गर्दै मजदुरहरुले तालाबन्दी गरे भने विभिन्न संघ-संगठनहरुले विज्ञप्ति जारी गरे।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

पडसरी गाविस-६ बाट तारा गुरुङ, पदम महत, खेमबहादुर विक र बुद्धिबहादुर विकलाई माओवादीको आरोपमा ०६० असार १३ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुलाई हालसम्म रिहा गरिएको छैन।

टिकुलीगढ गाविस-९ का ज्ञानप्रसाद



माओवादीद्वारा छपिया प्रहरी चौकी आक्रमणमा मारिएका सई मानबहादुर बलाल र परिचर बलराम न्यौपाने

भूर्तेल र चितवन जिल्लाकी अम्बिका मुडवरीलाई माओवादीको आरोपमा ०६० साउन २० गते चन्दा संकलन गर्दै गरेको अवस्थामा सिद्धार्थनगर नपा-१२ बाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुलाई हालसम्म रिहा गरिएको छैन।

बालअधिकार

बुटवल नपा-७ की ४ वर्षीय एक बालिकालाई ०५९ माघ २५ गते भारत घर भई सोही ठाउँमा बस्ने १९ वर्षीय मंगल चमारले फकाई बलात्कार गरे। पीडकलाई थुनामा राखिएको छ।

दुधराक्ष गाविस-१ का ६ वर्षीय विजय डुम्रेलाई ०६० जेठ ५ गते घरमा सुतिरहेको अवस्थामा अज्ञात व्यक्तिले अपहरण गरे। पीडितको अवस्था अज्ञात छ।

बुटवल नपा-९ दिपनगरकी १४ वर्षीय एक बालिकालाई ०६० साउन ८ गते सोही ठाउँका २९ वर्षीय भोलाबहादुर गलामीले बलात्कार प्रयास गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएकोमा हाल धरौटीमा रिहा गरिएको छ।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

सूर्यपुरा गाविस-५ की १८ वर्षीय एक युवतीलाई ०५९ पुस २१ गते कपिलवस्तु जिल्ला बुड्डी गाविस-५ का १८ वर्षीय प्रकाश परियारले फकाई भारत लगी बिक्री गरे। पीडित ०६० वैशाख ८ गते फर्किइन्। पीडक फरार छन्।

दोलखा जिल्ला घर भई भक्तपुर जिल्ला बस्ने २६ वर्षीय दिपा महत र सिन्धुपाल्चोक जिल्ला घर भई काठमाडौंमा बस्ने १८ वर्षीय रुपा परियारलाई ०६० असार २ गते चितवन जिल्लाका ३० वर्षीय हरि अधिकारीले बिक्री गर्न लैजाँदा बेलहिया प्रहरी चौकद्धिारा पीडितहरुलाई माइती नेपालको जिम्मा लगाइयो। पीडक फरार भए।

माओवादीको कुटपिटबाट मृत्यु भएका प्रेमबहादुर शाही

मर्कहर गाविस-८ की १८ वर्षीय एक युवतीलाई ०५९ फागुन ३ गते सोही ठाउँका वसन्त शाहीले बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

नवलपरासी जिल्ला माकरकी १९ वर्षीय एक युवतीलाई रुपन्देही जिल्ला मर्कहर गाविस-६ स्थित आफ्नो दिदीको घरमा आएको अवस्थामा ०६० वैशाख ९ गते सोही ठाउँका २५ वर्षीय धीरेन पुनले बलात्कार गरे। पीडकलाई थुनामा राखिएको छ।

करहीया गाविस-१ की २२ वर्षीय एक युवतीलाई ०६० कार्तिक २५ गते सोही ठाउँका १८ वर्षीय गोकर्ण नेपालले बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

देवदह गाविस-४ की २४ वर्षीय ववितापौडेललाई दाइजो कम ल्याएको र गर्भपतन नगराएको भनी ०६० कार्तिक २ गते आफ्नै पति ३० वर्षीय उपेन्द्र पौडेलले आपराधिक समूहका मानिसहरुलाई पैसा दिएर हत्या गर्न लगाए। डाँकाहरु फरार रहेका छन् भने उपेन्द्रलाई थुनामा राखिएको छ। दाइजो विरोधी अभियानका महिला संगठनले पीडकको सम्पत्तिबाट १ लाखको वविता अक्षयकोष स्थापना गरेका छन्।

यसबाहेक यस वर्ष यो जिल्लामा पारिवारिक झगडाका कारण ३ जना महिला र दाइजो कम ल्याएको आरोपमा १ जना महिलालाई आफ्नै पतिले हत्या

गरेका घटना सार्वजनिक जानकारीमा आए।

बुटवल नपा-५ की २६ वर्षीय अन्जु क्षेत्रीलाई ०५९ चैत २ गते आफ्नै पति ३० वर्षीय तुफान क्षेत्रीले कुटपिट गरी अभद्र व्यवहार गरे। पीडित घर छोडी बाहिर बसेकी छिन्।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूत समेत

बुटवल नपा-५ का २३ वर्षीय राजु लामालाई ०५९ माघ ७ गते सर्पले टोकी उपचारका लागि अञ्चल अस्पताल ल्याई उपचार गर्दा गलत उपचार गरिएकाले मृत्यु भयो। उक्त घटनामा विद्यार्थीहरुले अस्पतालमा नाराबाजी सहित विरोध प्रदर्शन गरे।

विविध

संरचना क्षति

माओवादीको एक समूहले ०६० भदौ ३१ गते बेलुका ५ सय टेलिफोन लाईन क्षमताको लुम्बिनी एक्सचेन्ज स्वीचबोर्डमा बम विष्फोट गराई क्षति पुऱ्याए। जसका कारण, २ सय लाइन टेलिफोन सम्पर्कविहीन भयो।

रत्यौरास्थित इलाका प्रहरी कार्यालय भवन ०६० भदौ ३१ गते धकधईस्थित इलाका प्रहरी कार्यालय भवन ०६० असोज ३ गते र जिल्ला शिक्षा कार्यालय, रुपन्देहीमा ०६० पुस १ गते माओवादीले आगो लगाई क्षति पुऱ्याए।

विद्युत प्राधिकरणको मंगलपुर शाखाबाट ०६० कार्तिक २ गते १ लाख ५२ हजार, बैंक अफ काठमाडौंको बुटवल शाखाबाट ०६० कार्तिक १२ गते ४२ लाख र विद्युत प्राधिकरणको मुर्गीया शाखाबाट ०६० कार्तिक १८ गते २ लाख ५३ हजार ४ सय ३ रुपैयाँ माओवादीले लुटे।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष आत्महत्याका ८९ घटनामा ४६ पुरुष र ४३ महिलाले आत्महत्या गरे। विभिन्न किसिमको दूर्घटनामा परी १ सय १६ जनाको मृत्यु भयो जसमा ८६ पुरुष र ३० महिला थिए।

विगतको अनुगमन

गत वर्ष थुनामा रहेका कमल चुदाली सरकार-माओवादी वार्ताको समयमा यस वर्ष रिहा भए।

गत वर्ष बलात्कारको घटनामा थुनामा रहेका पप्पु थापा मगर यस वर्ष रिहा भए।

३.९ पाल्पा



जनसंख्या :२६७८७३
साक्षरता प्रतिशत :५४.५
महिला साक्षरता प्रतिशत :४१
क्षेत्रफल (वर्ग कि.मी.) :१३६६
गाविस/नपा संख्या :६५/१
निर्वाचन क्षेत्र :२
विद्यालय :४५६
क्याम्पस/उच्च मावि :५/२५
अस्पताल/स्वास्थ्य चौकी : २/६५
टेलिफोन लाइन :१९२७
मोटर सडक (कि.मी.) :४४९
प्रहरी कार्यालय संख्या :२
हुलाक संख्या :६६
मानव विकास सूचकांक :०.३३७
प्रति एक डाक्टर जनसंख्या :४४७.५९७
प्रति परिवार सरदर संख्या :५.३८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

ज्यामिरे गाविस-४ बतासास्थित जंगलमा ०६० मंसिर १६ गते दिउँसो ४ बजे नाम, ठेगाना थाहा नभएका ४ जना माओवादीलाई सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

मित्याल गाविस-५ स्थित जंगलमा ०६० मंसिर १७ गते दिउँसो १ बजे नाम, ठेगाना थाहा नभएका ४ जना र साँझ ७ बजे ५ जना माओवादीलाई सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

गाडाकोट गाविस-३ थाममा ०६० मंसिर १८ गते

बिहान नाम, ठेगाना थाहा नभएका ३ जना माओवादीलाई सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

माओवादीबाट

तानसेन नपा-१० स्थित खल्लुकधारा नजिकै ०६० असोज २८ गते गस्तीबाट फर्कँदै गरेको संयुक्त सुरक्षाकर्मी चढेको गाडीमा लक्षित गरी माओवादीले विद्युतीय धराप विस्फोट गराउँदा असई २७ वर्षीय सागर सिं ठकुरी, प्रहरी जवान १९ वर्षीय टोपबहादुर बगाले र २९ वर्षीय अरुणकुमार यादवको घटनास्थलमै मृत्यु भयो।

अन्य

मदनपोखरा गाविस-६ की ६० वर्षीय बसुन्धरा ढकाल र उनकै बुहारी ३१ वर्षीय लक्ष्मी ढकाललाई बोक्सीको आरोपमा ०६० भदौ ४ गते सोही ठाउँका १६ वर्षीय चन्द्र बस्याल, १९ वर्षीय दिना बस्याल र २१ वर्षीय शारदा बस्यालले बाँसको दाउराले टाउको प्रहार गरी कुटपिट गरी हात भाँचिदिए। पीडितलाई ४ दिन मिसन अस्पतालमा र एक हप्ता सिभिक्ट, काठमाडौंमा उपचार गरियो। पीडकलाई उपचार खर्च भराउने काम भयो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

तानसेन नपा-१० स्थित खल्लुकधारा नजिकै ०६० असोज २८ गते गस्तीबाट फर्कँदै गरेको संयुक्त सुरक्षाकर्मी चढेको गाडीमा लक्षित गरी माओवादीले विद्युतीय धराप विस्फोट गराउँदा प्रहरी हवल्दार लोकबहादुर थापा र देवी राना घाइते भए।

जेल र बन्दीहरु

कूल ३ सय ५० जना क्षमता रहेको पाल्पा जेलमा हाल १ सय ५३ बन्दी छन्। जेलमा कैद नतोकिएका ३९ पुरुष र ६ महिला तथा कैद तोकिएका ८२ पुरुष र २६ महिला छन्। यहाँ आश्रित नाबालक १ र बालिका १ छन् भने ६ जना भारतीय छन्।

जेलमा निम्न माध्यमिकस्तरको विद्यालय छ। घरेलु कार्यालयद्वारा संचालित घरेलु तान धेरै बिग्रेका र केही मात्रै चालु हालतमा रहेको छन्। उत्पादित वस्तुको बजार राम्रो नभएकाले ज्याला पाउन नसकेको गुनासो बन्दीहरुको छ। जेलमा गोरखापत्र, कान्तिपुर दैनिक नियमितरुपमा उपलब्ध गराइएको छ भने टिभीको पनि व्यवस्था गरिएको छ।

यस जेलमा राजनीतिक बन्दीहरुलाई तुरुन्त रिहा गर्नुपर्ने, ९० दिन सजाय भोगेकालाई पुन: परिसरबाटै गिरफ्तार गर्न नहुनेलगायत्का १० सूत्रीय माग राखी बन्दीहरुले ०६० वैशाख २३ गतेदेखि २७ गतेसम्म विभिन्न चरणको हड्ताल गरे। बन्दीहरुको मागका सम्बन्धमा उचित र सकारात्मक व्यवहार गर्ने बचन जेल प्रशासनले दिएपछि हड्ताल बन्द भयो।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

कसेनी गाविसस्थित दिव्यज्योति मावि सराइमा ०६० असोज २७ गते अनेरास्ववियु रापस २२ वर्षीय विनोदचन्द्र देवकोटा, जिल्ला स्तरीय नेता १९ वर्षीय रेवतबहादुर राना र २० वर्षीय तिलक अधिकारीलाई

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित							राज्यबाट पीडित		
	अन्यबाट				माओवादीबाट					
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	जम्मा
हत्या	९	७	२	९	१	३	३	३	१६	१६
घाइते					१	२	२	२	६	६
गिरफ्तारी/यातना								२	२	२
कुटपिट	१	१		१				२	११	११
धम्की					१	१	१			
महिलाअधिकार	२		३	३						
बालअधिकार	६	१	५	६						
जम्मा	१८	९	१०	१९	३	६	६	९	३५	३५

माओवादी समर्थित विद्यार्थीहरुको सभा भएको आशंकामा सुरक्षाकर्मीले घेरा हाली मुखमा पट्टी र हातमा डोरीले बाँधी कुटपिट गरे।

सहलकोट गाविसस्थित बालहित माविका शिक्षक दयाराम पंगेनीसहित ८ जनालाई ०६० मंसिर १८ गते बाटोमा एम्बुस विस्फोट भएको विषयलाई लिएर सुरक्षाकर्मीले सोही विद्यालयका कुटपिट गरे।

माओवादीबाट

खस्यौली गाविसका पूर्व गाविस उपाध्यक्ष ५८ वर्षीय राधेलाल अमात्यलाई ०६० कर्तिक २१ गते माओवादीले विभिन्न आरोप लगाउँदै ५० हजार रुपैयाँ बुझाउनु पर्ने अन्यथा भौतिक कारवाही गर्ने सूचना टाँसी सभामार्फत् धम्की दिए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

तानसेन नपा-३ टुडिखेल मैदानमा पाँच राजनीतिक दलद्वारा ०६० जेठ १९ गते प्रतिगमनको पुत्ला जलाउने कार्यक्रममाथि प्रहरीले हस्तक्षेप गरी लाठिचार्ज गर्दा ४७ वर्षीय धनेन्द्रराज घिमिरे, ४८ वर्षीय राजनप्रसाद पन्त, ४४ वर्षीय यज्ञ आचार्य, ५१ वर्षीय यादवबहादुर रायमाझी र २३ वर्षीय शालिकराम काफ्ले घाइते भए।

तानसेन नपा-४ स्थित त्रिभुवन बहुमुखी क्याम्पसका विद्यार्थीहरुले ०६० मंसिर ९ गते मसाल जुलुस प्रदर्शन गरी समापनको क्रममा प्रहरीले क्याम्पसभित्र पसी फायरिङ गर्दै लाठी प्रहार गर्दा २१ वर्षीय तुलसी पाण्डे, २२ वर्षीय टंक पन्थी, २५ वर्षीय हरिबोल भट्टराईलगायत् १५-१६ जना विद्यार्थी घाइते भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा विगत वर्षको जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका गरी कूल ३ सय ७ मुद्दा मध्ये १ सय ९ वटा फर्स्यौट भई १ सय ९८ बाँकी रहे। दुई वर्ष नाघेका ९ वटा मुद्दा छन्। थुनुवा मुद्दा १९ वटा छन्।

जिल्ला प्रशासन कार्यालयमा गत वर्षको जिम्मेवारी सरेर आएका २ र यस वर्ष दर्ता भएका ८ गरी १० वटा मुद्दा रहेकोमा ७ वटा फर्स्यौट भई ३ वटा बाँकी रहे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

रामपुर, दर्छा, कसेनी, अर्गली गाविस तथा तानसेन नपाका विभिन्न वडाहरुमा ५ सय सुकुम्बासी बसोबास गर्दछन्।

जिल्लामा रहेका जेष्ठ नागरिकहरु ३ हजार ७ सय ७७, असहाय विधवा ३ हजार ८ सय ३४ र अपाङ्ग ४८ लाई भत्ता उपलब्ध गराइएको छ।

आन्तरिक द्वन्द्वका कारण जिल्लाका विभिन्न गाविसका ४१ जना व्यक्तिले जिल्ला प्रशासन कार्यालयबाट विस्थापित भत्ता लिने गरेका छन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

चिर्तुङ्धारा गाविस-५ बाकासका ३९ वर्षीय जीतबहादुर नेपालीलाई माओवादीलाई सघाएको आरोपमा ०६० असोज १२ गते मिसन अस्पतालबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ९ दिन नजरबन्दमा राखी यातना दिइयो।

अर्गली गाविस-४ का ५४ वर्षीय पदमप्रसाद पाण्डेलाई माओवादीको आशंकामा ०६० असोज १५ गते मालपोत कार्यालयमा आएको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी १९ गतेसम्म नजरबन्दमा राखी यातना दिएर रिहा गरे।

बालअधिकार

ख्याहा गाविस-४ चौतारीकी १४ वर्षीय एक बालिकालाई ०५९ फागुन २८ गते बेलुका ५:३० बजे सोही ठाउँका २६ वर्षीय लिलाबहादुर रानाले विद्यालयबाट घर फर्किने बाटो ढुकी बलात्कार गरे।

तानसेन नपा-८ भगवती टोलस्थित पाण्डे होटलमा विगत तीन महिनादेखि मासिक ५ सय रुपैयाँ पाउने शर्तमा कार्यरत बालश्रमिक १२ वर्षीय अर्जुनबहादुर विकलाई ०६० जेठ २७ गते बिहान काम राम्रो नगरेको आरोपमा होटल मालिकले कुटपिट गरी पुरै रकम भुक्तानी दिई निकाले।

चिदीपानी गाविस-९ माडीकी ८ वर्षीय एक बालिकालाई ०६० कार्तिक ९ गते साँझ ६:३० बजे सोही ठाउँका ४३ वर्षीय विक्रम जोशीले ललाई-फकाई बलात्कार गरे। पीडकलाई हाल थुनामा राखिएको छ।

मस्याम गाविस-८ शिखरडाँडाकी ४ वर्षीय एक बालिकालाई ०६० मंसिर १६ गते आफ्नै हजुरबाबु ५३ वर्षीय जीतबहादुर पन्थमगरले घरमा कोही नभएको अवस्थामा बलात्कार गरे। पीडकलाई हाल थुनामा राखिएको छ।

चिर्तुङ्धारा गाविस घोरबन्दालगायत्का कुमाल

जातिका १४ वर्ष मुनिका २ सय ६१ जना बालबालिकाले तानसेनमा ट्रकमा ल्याएका निर्माण सामग्री बोक्दछन्। बालबालिकाले ज्याला भने आधा दिनको मात्र पाउँछन्। यसैगरी आर्यभञ्ज्याङ, हार्थोक, बर्तुङ, केराबारी र तानसेनका अधिकांश होटलहरुमा १० देखि १४ वर्षसम्मका बालबालिका काम गर्दछन्। होटल, जीप तथा ट्याक्सीमा काम गर्ने बालबालिकाको संख्या १ सय ३२ रहेको छ।

सुरक्षाकर्मीद्वारा कुटपिट गरी घाइते अनेरास्ववियुका रेवतबहादुर राना

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

चिदीपानी गाविस-३ भुटुकेभञ्ज्याङकी ३८ वर्षीय एक महिलालाई ०५९ फागुन ४ गते सोही गाविस-५ का ४४ वर्षीय खुमराज तिमिल्सेना, सोही गाविस-३ का ४२ वर्षीय सीता थापा र ३२ वर्षीय दुर्गा पाण्डेले अरब पठाइदिने लोभ देखाई बम्बईको वेश्यालयमा बिक्री गरे। पीडकहरुलाई पीडितको जाहेरीमा ०६० कार्तिक १४ गते गिरफ्तार गरी थुनामा राखिएको छ।

मदनपोखरा गाविस-४ जरेपिपलकी ३५ वर्षीय सीमा दर्जीलाई ०६० साउन ६ गते आफ्नै पति ४१ वर्षीय कुलबहादुर दर्जीले र हुगी गाविस-१ पैराका ७० वर्षीय हिराकुमारी न्यौपानेलाई ०६० मंसिर २९ गते आफ्नै नाति २६ वर्षीय रुकमागंल न्यौपानेले हत्या गरे। पीडकहरुलाई हाल थुनामा राखिएको छ।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

कसेनी गाविसस्थित दिव्य ज्योति माविमा ०६० असोज २७ गते विद्यार्थीमाथि सुरक्षाकर्मीले कुटपिट गरेको विरोधमा अनेरास्ववियु, नेविसंघ र अनेरास्ववियु (एकीकृत) ले एक संयुक्त प्रेस विज्ञप्ति जारी गरी विरोध जनाए।

सहलकोट गाविसस्थित बालहित माविका शिक्षकहरुमाथि सुरक्षाकर्मीले ०६० मंसिर १८ गते कुटपिट गरेको विरोधमा शिक्षक संगठनहरुले एक प्रेस विज्ञप्ति जारी गरी विरोध जनाए।

तानसेन नपा-६ बसन्तपुरका ८ वर्षीय एक बालिकालाई ०६० पुस ८ गते सोही ठाउँका ४० वर्षीय उपेन्द्र नेपालले कुटपिट गरेको विरोधमा इन्सेक र शान्ति समाजले एक संयुक्त प्रेस विज्ञप्ति प्रकाशित गरी विरोध जनाए।

संरचना क्षति

माओवादीले ८ वटा गाविस भवन, ३ वटा प्रहरी चौकी र ४ वटा संस्थाको कार्यालय भवनमा बम प्रहार गरी क्षति पुऱ्याए।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यो वर्ष यस जिल्लामा ११ पुरुष र १० महिलाले आत्महत्या गरे। सवारी दुर्घटनामा २३ पुरुष र २१ महिला तथा आगलागी, खोलाले बगाएर, ढुंगाले किचेर र पहिरोमा परी १३ जनाको मृत्यु भयो। भवितव्यमा परी ३ जनाको मृत्यु भयो।

तानसेन नपा-९ बर्तुङ चौराहा नजिकै ४८ वर्षीय केशव नेपालको घरमा ०६० भदौ ३१ गते राति १२:४५ बजे सुरक्षाकर्मीले माओवादीले आक्रमणको लागि तयारी गरेको हुनसक्ने आशंकामा घर घेरा हाली १५-१६ राउण्ड गोली फायर गरे। उक्त फायरबाट केशव नेपालकी पत्नी बेहोश हुनुका साथै घरको ढोका र झ्यालमा गोली लागी प्वालै-प्वाल पऱ्यो।

प्रहरीद्वारा लाठिचार्ज गरी घाइते बनाइएका विनोदचन्द्र देवकोटा र तुलबहादुर अधिकारी

३.१० कपिलवस्तु



जनसंख्या	:४९१५९२
साक्षरता प्रतिशत	:४१.४५
महिला साक्षरता प्रतिशत	:२९.३
क्षेत्रफल (वर्ग कि.मी.)	:१७३८
गाविस/नपा संख्या	:७७/१
निर्वाचन क्षेत्र	:४
विद्यालय	:३४७
क्याम्पस/उच्च मावि	:२/६
अस्पताल/स्वास्थ्य चौकी	: ३/७८
टेलिफोन लाइन	:१७३६
मोटर सडक (कि.मी.)	:७३
प्रहरी कार्यालय संख्या	:५
हुलाक संख्या	:८९
मानव विकास सूचकांक	:०.२८६
प्रति एक डाक्टर जनसंख्या	:६८८५४
प्रति परिवार सरदर संख्या	:६.६१

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

महाराजगन्ज गाविस पडरीमा चन्दा संकलनको क्रममा गएका एकजना माओवादी कार्यकर्तालाई ०६० असोज २८ गते दिउँसो गस्तीमा गएका सुरक्षाकर्मीले गोली प्रहार गर्दा घटनास्थलमै मृत्यु भयो। घटनास्थलबाट एउटा मोटरसाइकल, थ्री नट थ्री राइफलको २ राउण्ड गोली, ५ हजार ५ सय २ रुपैयाँ, चन्दा संकलन रसिद, दस्तावेज आदि बरामद गरेको सुरक्षाकर्मीले जनाए।

माओवादीबाट

रोल्पा जिल्ला गाम गाविसका ५५ वर्षीय वीरबहादुर बुढा र २५ वर्षीय जसपति गुरुङलाई ०६० भदौ ३० गते माओवादीले मृत्युदण्ड सुनाउँदै दुवैजनालाई खुकुरी प्रहार गरी हत्या गरे।

शिवगढी गाविस धानखोलामा ०६० असोज १ गते माओवादी र सुरक्षाकर्मीबीच दोहोरो भिडन्त हुँदा सशस्त्र प्रहरी गण, चन्द्रौटाका हवल्दार जीवन कार्कीको घटनास्थलमा नै मृत्यु भयो।

वीरपुर गाविस चन्द्रौटास्थित इलाका प्रहरी कार्यालयमा कार्यरत सईद्वय गुल्मी जिल्ला धमिरका ३५ वर्षीय डाइमनसिंह कार्की र रामेछाप जिल्लाका ३६ वर्षीय बलबहादुर थापालाई ०६० असोज २ गते चन्द्रौटा बजारमा चिया खाँदै गर्दा माओवादीले गोली हानी हत्या गरे।

महेन्द्रकोट गाविस-६ का ३८ वर्षीय ओमप्रकाश बेलबासेलाई ०६० असोज १० गते माओवादीले घरबाट अपहरण गरी लगेकोमा कार्तिक ३ गते सूचना जारी गरी सुराकीको आरोपमा सफाया गरेको सार्वजनिक गरे। माओवादीले पीडितको लास परिवारलाई बुझाएनन्।

अर्घाखाँची जिल्लाका ४० वर्षीय रमेश पाण्डे र तनहुँ जिल्लाका ३८ वर्षीय माधव थापालाई ०६० असोज १३ गते दिउँसो १२ बजे कपिलवस्तु नपा-२ भिक्षुचोकमा ड्युटीमा बसिरहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे भने प्रहरी जवान गगन नेपाली, सर्वसाधारण कपिलवस्तु नपा-४ का ३८ वर्षीय शैलेन्द्र रायमाझी र उनका ८ वर्षीय छोरा प्रशान्त रायमाझीलाई गोली हानी घाइते बनाए। घाइतेहरुलाई उपचारार्थ काठमाडौं लगियो। शैलेन्द्र र प्रशान्त रिक्सा खोज्न बाटोमा निस्किएको अवस्थामा गोली लागेको थियो।

कपिलवस्तु नपा-३ का ३८ वर्षीय डिन डिन मुसलमानलाई सुराकीको आरोपमा ०६० कार्तिक ५ गते दिउँसो ४ बजे जीतपुरबाट तौलिहवा आउने क्रममा ४ नं. बाट पिछा गर्दै आएका माओवादीले हथौसा गाविस-२ देउवापारमा हँसिया, ढुङ्गा, मुढा प्रहार गरी हत्या गरे।

धनकौली गाविस-२ मलवाका ७० वर्षीय रामरक्षक कुर्मी, ४० वर्षीय मनिराम कुर्मी र ३० वर्षीय यदुनन्दन कुर्मीको ०६० कार्तिक ५ गते राति ७:३० बजे गाउँले र माओवादीबीचको दोहोरो भिडन्तका क्रममा घटनास्थलमै मृत्यु भयो। सोही घटनामा माओवादीले २८ वर्षीय हरिराम कुर्मीलाई अपहरण गरी हत्या गरे। माओवादीको सशस्त्र समूह गाउँ प्रवेश गरेपछि गाउँलेहरुले प्रतिकार गरेका थिए। २५-३० जनाको संख्यामा आएका माओवादीले ३ वटा ट्याक्टर र ३ वटा

घरमा आगो लगाउनुका साथै गाउँलेसँग रहेका हतियार लुटेर लगेका थिए।

कपिलवस्तु नपास्थित राष्ट्रिय वाणिज्य बैंकमा ०६० पुस १५ गते बिहान १०:३० बजे पैसा लिएर आएको शाही नेपाली सेनाको गाडीमाथि माओवादीले आक्रमण गर्दा ३ जना सैनिकको घटनास्थलमै मृत्यु भयो भने १ सैनिक र ड्राइभर घाइते भए। मृत्यु हुनेहरुमा ओखलढुंगा जिल्लाका ३० वर्षीय अशोक धिमाल, नुवाकोट जिल्लाका २८ वर्षीय जवान नवराज लामिछाने र अर्को एकजना थिए। घाइते हुनेहरुमा नुवाकोट जिल्लाका रामकुमार तिवारी र कपिलवस्तु जिल्ला जहदीको ड्राइभर थिए। रामकुमारलाई उपचारार्थ काठमाडौं पठाइयो भने ड्राइभर जिल्ला अस्पतालमा उपचार गरी घर फर्किए।

गोली / बम / विद्युतीय घरपद्धारा घाइते

माओवादीबाट

कृष्णनगरस्थित भन्सार कार्यालयमा खटिएका राजश्व अनुसन्धान गस्तीमा कार्यरत सैनिक जवान धनबहादुर थापा र कृष्णनगरस्थित प्रहरी बिटमा कार्यरत प्रहरी जवान राजेन्द्र यादवलाई ०६० भदौ १४ गते साँझ ५ बजे माओवादीले गोली हानी घाइते बनाए।

कृष्णनगरस्थित इलाका प्रहरी कार्यालयमा कार्यरत असई ३५ वर्षीय जीवन अधिकारीलाई ०६० कार्तिक २८ गते बजार गर्न कृष्णनगरको गोलघरनेर हिँडिरहेको अवस्थामा माओवादीले गोली प्रहार गरी गम्भीर घाइते बनाए। पीडितको शरीरका ५ ठाउँमा गोली लागेको थियो। पीडितको उपचार बुटवलमा गरियो।

जेल र बन्दीहरु

कूल एक सय जनाको क्षमता भएको कपिलवस्तु जेलमा यस वर्षको अन्त्यसम्ममा ७१ जना बन्दी रहे। बन्दीहरुमध्ये ४४ पुरुष र ४ महिला गरी ४८ जना कैद नतोकिएका तथा २१ पुरुष र २ महिला गरी २३ जना कैद तोकिएका छन्। जेल भवन मर्मत गरिएको छ। जेलमा चर्पी र खानेपानीको राम्रो व्यवस्था छ। जेलमा बन्दीहरुका लागि ३ वटा टीभी र ५ वटा रेडियो छन् जसमध्ये एउटा टीभी प्रजिअ मोदराज डोटेलले उपलब्ध गराउनु भएको हो भने एउटा रेडियो इन्सेकले उपलब्ध गराएको छ। यस जेलका १३ जना बन्दीलाई घरेलु तथा साना उद्योग कार्यालयको सहयोगमा ३ महिने सिलाई-कटाई तालिम र १२ जनालाई हाउस वायरिङ तालिम दिइएको छ। पत्रपत्रिकाहरु उपलब्ध गराइएको छैन, बन्दीहरु आफैले किनेर पढ्ने गरेका छन्।

यस जेलमा माओवादीको नाममा बन्दी बनाइएका २४ जनाले ०६० वैशाख १७ गते जिल्ला प्रशासनमा ज्ञापनपत्र बुझाए। उक्त ज्ञापनपत्रमा आस्थाका बन्दीहरुलाई तत्काल रिहा गर्नुपर्ने बन्दीहरुको सुविधा बढाइनुपर्ने, औषधी उपचार गराइनुपर्ने, जेलको भौतिक सुधार गरिनुपर्ने जस्ता विभिन्न मागहरु उल्लेख गरिएको थियो।

बेपत्ता / अपहरण

राज्यबाट

धनकौली गाविस-१ का ३८ वर्षीय मिजान उजिन फकिरलाई ०६० असोज २६ गते गाउँमा चन्दा उठाउने क्रममा सोही गाविस-२ मलवाका जनताले समाती सैनिक ब्यारेकमा बुझाए। उजिनलाई कहाँ राखिएको छ भन्नेबारे

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	४	६		६	८	१९		१९	१	१			१
घाइते	१	१		१	४	५		५					
गिरफ्तारी यातना									१७	५३	२		५५
बेपत्ता									१	१			१
कुटपिट					१	१		१	५	९			९
धम्की					२	६		६	१	२			२
महिलाअधिकार	४		१५	१५									
बालअधिकार	२		२	२					२			१०१	१०१
आर्थिक सामाजिक/सांस्कृतिक अधिकार	१	९		९									
अपहरण					६	९	१	१०					
जम्मा	१२	१६	१७	३३	२१	४०	१	४१	२७	६६	२	१०१	१६९

कुनै कुरा जानकारीमा आएको छैन। सैनिकले रिहा गरेको बताए भने उनी हालसम्म बेपत्ता नै छन्।

माओवादीबाट

राजपुर गाविस-९ मोहमदनगरका ३५ वर्षीय मानुल्ला मुसलमानलाई ०६० जेठ २१ गते सोही ठाउँका एक छिमेकीको घरबाट माओवादीले अपहरण गरे। पीडित माओवादीको घेराबाट भाग्न सफल भए।

खुरहुरिया गाविसका निवर्तमान गाविस अध्यक्ष तथा नेकाँका महाधिवेशन प्रतिनिधि ४० वर्षीय शितलकुमार चाईलाई ०६० साउन ६ गते आफ्नै खेतमा धान रोपिरहेको अवस्थामा १ सय ५० जनाको संख्यामा आएका माओवादीले अपहरण गरे। पीडितलाई यसअघि पनि अपहरण गरिएको र १ लाख रुपैयाँ दिएपछि मुक्त गरिएको थियो। यसपटक पनि माओवादीले चन्दा मागेका र नदिएका कारण अपहरण गरिएको परिवारले बताए। पीडितलाई भदौ ४ गते सुन्दरीडाँडाबाट मुक्त गरियो।

बलरामपुर गाविस-३ का ३० वर्षीय मुल्ला मुसलमान, १७ वर्षीय लगेडा मुसलमान, २० वर्षीय कुमार अली, ३० वर्षीय मुरकी भर र १४ वर्षीय रितु भरलाई ०६० साउन ८ गते साँझ ७:३० बजे माओवादीले अपहरण गरी हरिहरपुर गाविसको एक विद्यालयमा ३ दिनसम्म थुनेर राखे।

पर्साहिया गाविसस्थित उपस्वास्थ्य चौकीमा कार्यरत घनश्याम यादवलाई सुराकीको आरोपमा ०६० भदौ ४ गते कार्यालयबाट माओवादीले अपहरण गरे। पीडित भदौ ९ गते माओवादीको घेराबाट भाग्न सफल भए।

रंगपुर गाविस रम्मापुर गाउँका नेकाँ (प्रजातान्त्रिक) का कार्यकर्ता बृजलाल गिरीलाई ०६० भदौ ८ गते राति ८ बजे आफ्नै घरमा सुतिरहेको अवस्थामा माओवादीले अपहरण गरे। पीडितलाई १ हप्तापछि मुक्त गरियो।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

कपिलवस्तु नपा-१ का ४० वर्षीय सुरज बर्मा र अन्य एक जनालाई ०६० असार ३१ गते दिउँसो २ बजे शाही नेपाली सेनाको ब्यारेक अगाडि मोटरसाइकलमा हिँडिरहेको अवस्थामा पछाडि बसेको व्यक्तिले हेलमेट नलगाएको आरोपमा सैनिकले कुटपिट गर्नुका साथसाथै खुट्टा माथि र टाउको तल पारी ब्यारेकभित्र रहेको रुखमा झुन्डाई यातना दिए। सो घटनाको विरुद्धमा ५ राजनीतिक पार्टीले प्रजिअसमक्ष ज्ञापनपत्र पेश गरे भने मानवअधिकारकर्मीहरुले प्रजिअलाई भेटी दोषीमाथि कारवाहीको माग गरे।

कुशहवा गाविस-४ का ५५ वर्षीय बुधराम अहिरलाई ०६० साउन १४ गते कुशहवास्थित प्रहरी चौकीका असई हरिराम यादवले कार्यालयमा बोलाई कुटपिट गरे। कुटपिटबाट बुधरामको दायाँ हात भाँचियो भने शरीरमा लाठी र बुट प्रहार गरेको निलडाम परे। पीडकले सोही दिन दिउँसो २ बजे गाउँकी एक महिलासँग यौन सम्पर्क गर्दा पीडितले देखेका कारण कुटपिट गरिएको थियो। सो घटनालाई लिएर कुशहवाका निवर्तमान गाविस अध्यक्षसमेत करिब १ सय ५० जनाले हस्ताक्षरसहित असई हरिरामलाई कारवाही गरिपाउँ भनी जिल्ला प्रहरी कार्यालयमा निवेदन दिए भने मानवअधिकार संस्थाका प्रतिनिधिलाई सहयोग गरिदिन अनुरोध गरे। पीडितलाई क्षतिपूर्तिस्वरुप १२ हजार रुपैयाँ दिलाइयो। पीडकलाई विभागीय कारवाही गरिने जानकारी दिइयो। हाल पीडकलाई सरुवा गरिएको छ।

कृष्णनगर गाविस-२ का ३५ वर्षीय आजादसिंह

माओवादी र जनता बीच दोहोरो भिडन्तमा मारिएका गाउँले यदुनन्दन कुर्मी र मनिराम कुर्मी

थापालाई ०६० साउन १८ गते कृष्णनगर भन्सार कार्यालयमा खटिएका राजश्व अनुसन्धान गस्तिका २ जना सैनिक जवानले कुटपिट गरी गम्भीर घाइते बनाए। पीडितले भारतबाट २-३ प्याकेट बिस्कुट ल्याएर आउँदा विवाद भएकोमा कुटपिट गरिएको थियो पीडितको उपचार बुटवलस्थित अञ्चल अस्पतालमा गरियो। घटनाको विषयलाई लिएर कृष्णनगरका समाजसेवी, मानवअधिकारकर्मी, राजनीतिक पार्टीका प्रतिनिधि, प्रहरी र सेनाका अधिकृतहरुसहितको सर्वपक्षीय बैठक बसी कुटपिट गर्ने सैनिक जवानलाई विभागीय कारवाही गर्ने र घाइतेलाई उपचार खर्च तथा क्षतिपूर्ति दिने सहमति भयो।

शिवपुर गाविसका उमेश पौडेललाई ०६० कार्तिक १ गते अर्घाखाँचीस्थित पुर्ख्यौली घर जाने क्रममा अर्घाखाँची जिल्लाको जलुकेमा गस्तीमा गएका सुरक्षाकर्मीले कुटपिट गरे। आफू एमालेको पार्टी सदस्य भएको कार्ड देखाउँदासमेत माओवादीको आरोपमा सुरक्षाकर्मीले कुटपिट गरेको पीडितले बताए।

माओवादीबाट

वीरपुर गाविस पिपरीका नेकाँ महासमिति सदस्य डा. रुद्रप्रताप शाहको घरमा ०६० भदौ ६ गते माओवादीले लुटपाट गरे।

राजपुर गाविस-६ का उदयराज कुर्मीको घरमा ०६० भदौ २८ गते राति १० बजे माओवादीले आक्रमण गरी २ सय क्वीन्टल चामल, गहुँ, तोरी, भाँडाकुँडा र नगद गरी करिब २० लाख रुपैयाँ बराबरको धनमाल लुटेर लगे भने ट्याक्टरमा पेट्रोल खनाई आगो लगाए। माओवादीले पीडितको घरको धुरी र खेतमा झण्डा गाडि घर र खेत कब्जा गरेको घोषणा गर्नुका साथै घरमा बसे वा धान काटेमा कारवाही गर्ने धम्की दिए। पिडितहरु विस्थापित भए।

लवनी गाविसका देवीशरण चौधरी, वृजकिशोर चौधरी, जोखु यादवलगायत्को घरबाट ०६० भदौ २९ गते

माओवादी र जनताबीच भएको दोहोरो भिडन्तमा मारिएका रामरक्षक कुर्मी

करिब १० लाख रुपैयाँ बराबरको धनमाल माओवादीले लुटेर लगे।

वरइपुर गाविसका निवर्तमान अध्यक्ष ५५ वर्षीय हरिवंश शुक्ला र उनको परिवारका अन्य सदस्यलाई ०६० असोज ८ गते राति ११ बजे माओवादीले घरबाट निकाली कुटपिट गरे। कुटपिटबाट हरिवंशको २ वटा हात र एउटा खुट्टा थिचिएको थियो। पीडितको घरमा भएको अन्न, सुन, चाँदी, नगद, भाँडाआदि माओवादीले लग्नुका साथै एउटा ट्याक्टरमा पेट्रोल खनाई आगो लगाए। पीडितलाई उपचारार्थ काठमाडौं लगियो।

क्षेत्र नं. २ अन्तर्गत उत्तरी भेगका ८ वटा गाविसका सचिवलाई माओवादीले पत्र पठाई ०६० असोज २६ गतेदेखि काम नगर्न धम्की दिए। माओवादीले ती गाविसमा आगोसमेत लगाइसकेका थिए। सोही कारणबाट ४ वटा गाविसका सचिवहरुले आफ्नो पदबाट राजिनामा जिविसमा पठाएको भए पनि स्वीकृत भने भएको छैन।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

प्रतिगमनविरुद्ध पाँच राजनीतिक पार्टीले संचालन गरेको जनआन्दोलनको पहिलो चरणको कार्यक्रमअन्तर्गत ०६० वैशाख २८ गते तौलिहवामा शान्तिपूर्णरुपमा निकालिएको मसाल जुलुसमाथि प्रहरीले हस्तक्षेप गरी एमालेका जिल्ला उपसचिव डम्बर शर्मा, जिल्ला कमिटी सदस्य नेत्रज्योति गिरी, नेपाल बार एशोसिएशनका इकाई उपाध्याय हुमनाथ पाण्डे, हर्लेस्कका अध्यक्ष सन्तराम गुप्ता, नेकाँका कार्यवाहक जिल्ला सभापति सुधाकर पाण्डे, सचिव ललितसिंह बाँस्कोटा, जनमोर्चाका जिल्ला अध्यक्ष दधिराम आचार्य, सदस्य नारायण खनाल, सदभावना (आ.) का सचिव रामदयाल ठाकुर, एमाले नगर सचिव आजाद अहमद दर्जी, गोपालप्रसाद गुप्ता, कृष्ण जिसी लगायत् दर्जनौं व्यक्तिलाई गिरतार गरे। पीडितहरुलाई ५ घण्टा हिरासतमा राखी रिहा गरिएको थियो। सोही दिन गोरुसिंगे इलाका प्रहरी कार्यालयका प्रहरीले एमाले जिल्ला सदस्य पिताम्बर खनाल, इलाका सदस्य भेषराज खनाल, गाउँ सदस्य ईश्वरी खनाललगायत्लाई गिरफ्तार गरी २ घण्टापछि रिहा गरे।

पाँच राजनीतिक पार्टीले संचालन गरेको शान्तिपूर्ण जनआन्दोलनका क्रममा ०६० जेठ ७ गते जिल्ला परिषद्को बैठक गर्न जिविसको हलमा जानेक्रममा निवर्तमान जिविस सदस्य, निवर्तमान अध्यक्षहरु र राजनीतिक पार्टीका नेता तथा कार्यकर्ताहरुलाई प्रहरीले गेटभित्र जान दिएनन्।

पाँच राजनीतिक पार्टीद्वारा प्रतिगमनको पुत्ला जलाउने क्रममा ०६० जेठ १७ गते तौलिहवामा प्रहरीले हस्तक्षेप ती पार्टीका नेता तथा कार्यकर्ताहरुलाई गिरफ्तार गरी ६ घण्टापछि रिहा गरे। आन्दोलनकारीमाथि प्रहरीले हस्तक्षेप गरेको फोटो खिच्न लागेका फोटो पत्रकार विकास बञ्जाडेको क्यामरा प्रहरीले खोस्ने प्रयास गरेका थिए भने समाचार संकलन गर्न गएका लुम्बिनी दैनिकका सम्वाददाता भोजराज खनाललाई गिरफ्तार गरेका थिए। जेठ २३ गतेको आन्दोलनका क्रममा एमाले जिल्ला सदस्य टिकाराम अर्याल, जनमोर्चाका जिल्ला अध्यक्ष दधिराम आचार्य, शिव पौडेल, पत्रकार भोजराज खनाल, तीर्थ आचार्य, भगवानदास पासी, गंगा यादव, नेत्र गिरीलगायत् १० जनालाई प्रहरीले गिफ्तार गरी ८ घण्टापछि रिहा गरे।

प्रहरीबाट कुटपिट गरी घाइते बनाइएका बुधराम अहिर

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका देवानी ६ सय ९६, दुनियावादी फौज्दारी १ सय ९९ र सरकारवादी फौज्दारी ५७ गरी कूल ९ सय ५२ र यस वर्ष दर्ता भएका देवानी ५ सय ८१, दुनियावादी फौज्दारी २ सय १० र सरकारवादी फौज्दारी ९८ गरी कूल ८ सय ८९ मध्ये ०६० मंसिरसम्म देवानी ७ सय २६, दुनियावादी फौज्दारी २ सय ५६ र सरकारवादी फौज्दारी ९५ गरी कूल १ हजार ७७ वटा फर्स्यौट भए। २ वर्ष भन्दा पुराना १५ वटा मुद्दा बाँकी छन्।

मुद्दाको प्रकृतिको आधारमा छुट्टाछुट्टै इजलास गठन भएको छ। संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको आर्थिक सहयोगमा यस अदालतलाई ०६० साउन १ गतेदेखि नमूना अदालतका रुपमा लिई सर्वोच्च अदालतद्वारा न्यायपालिका सुधार कार्यक्रम संचालन गरिएको छ। यस अदालतमा एउटा फौज्दारी इजलास र ३ वटा देवानी इजलासको व्यवस्था गरिएको छ।

यस वर्ष जिल्ला प्रशासन कार्यालयमा फौज्दारीसम्बन्धी १४ वटा मुद्दा दर्ता भएकोमा कुनै फर्स्यौट भएका छैनन्।

त्यसैगरी जिल्ला प्रहरी कार्यालयमा १ सय ७८ वटा घटनाहरु दर्ता भएकोमा ५४ वटा फर्स्यौट भए। शान्ति सुरक्षा तथा झै-झगडासम्बन्धी १ सय ८३ वटा निवेदन परेकोमा छलफलपछि मिलापत्र भयो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

गत वर्षको तथ्याङ्क अनुसार करिब ६ सय ८५ घरपरिवारका (२ हजार ५ सय ८० जना) सुकुम्बासीका झुप्रा सरकारले भत्काएको थियो। यस जिल्लामा सुकुम्बासीहरुको कुनै तथ्याङ्क नभए पनि करिब २५ हजारभन्दा बढी सुकुम्बासी भएको अनुमान छ।

यस जिल्लामा ७५ वर्ष माथिका बृद्ध २ हजार ४ सय ४३, असहाय विधवा ३ हजार ७ सय २५ र अपाङ्गहरुको संख्या ५० रहेको छ। बृद्ध भत्ता १ सय ५० र असहाय भत्ता १ सय दिने व्यवस्था भए पनि पर्याप्त रकम नहुँदा बृद्ध-बृद्धा र असहायहरुले पूरा भत्ता पाएनन्। माओवादीले केंही गाविसहरुमा आगो लगाएको र गाविस सचिवहरुलाई काम नगर्न धम्की दिएका कारण थुप्रै गाविसहरुमा बृद्ध तथा असहाय भत्ता बाँडिएन।

द्वन्द्वबाट प्रभावित जिल्ला रोल्पा, रुकुम, सल्यान, प्युठान, दाङ र अर्घाखाँची जिल्लाका युद्धपीडित, बाबुआमा नभएका, घरको आर्थिक अवस्था कमजोर भएका ६७ जना अनाथ बालबालिकालाई कपिलवस्तु जिल्लास्थित बालगृहमा राखिएको छ। ती बालबालिकालाई सरकारले प्रतिव्यक्ति मासिक १ हजार रुपैयाँका दरले रकम उपलब्ध गराई पुनर्स्थापनाको रुपमा खाने, बस्ने र पढ्ने-लेख्ने व्यवस्था मिलाएको छ।

कृष्णनगर गाविस-८ का मिर्जा रसिद वेगले कपिलवस्तु नपा-२ की २२ वर्षीय अञ्जु बर्मासँग प्रेमविवाह गरेकोमा धार्मिक कारणले गर्दा बिछोड पारियो। अञ्जु धनी परिवारकी हिन्दु केटी थिइन् भने मिर्जा मुस्लिम थिए। उनीहरुबीच पहिलेदेखि प्रेम रहेकोमा ०६० बैशाखमा विवाह गरेका थिए। अञ्जुका बाबु रामलखन बर्माले आफू धनी परिवारको भएको जनाउँदै पैसाको धाक देखाएर उनीहरुबीचको प्रेमलाई जबरजस्ती बिछोड तुल्याए। प्रहरीले अञ्जुलाई गिरफ्तार उनका बाबुको जिम्मा लगाए र बाबुले उनलाई अन्यत्र विवाह गरिदिए। मिर्जाले अदालत, मानव

अधिकार आयोग, महिला अधिकार आयोगमा उजुरी दिए। रामलखनले कपिलवस्तु नपा-२ की २४ वर्षीय शारिका जैसवाल, १९ वर्षीय दिलिप सिंह र २० वर्षीय वविता रेग्मीलाई आफ्नी छोरीलाई मुसलमान केटासँग पोइल लगाइदिएको आरोपमा ०६० वैशाख १५ गते २४ घण्टा आफ्नै घरको कोठामा थुनेर राखेका थिए।

आर्थिक अधिकार

रौतहट जिल्ला विसनपुर गाविसका कृषि मजदुरहरु २८ वर्षीय विहारी चौधरी, ३२ वर्षीय अच्छेलाल मुखिया, ३२ वर्षीय जमाहिर मुखिया, ३० वर्षीय जियालाल मुखिया, ३० वर्षीय गोपाल धोवी, २२ वर्षीय राम उचित मुखिया, २२ वर्षीय वनावरी सुनार, ३५ वर्षीय विद्यानन्द वैद्य र ३० वर्षीय मेघु मुखियालाई ०६० साउन १५ गतेदेखि १५ गतेसम्म कपिलवस्तु नपा-१४ का देवेन्द्र मिश्रले काम गराई ज्याला नदिई धम्की दिए। ८ विगाह खेत रोपाएकोले प्रतिविगाह २ हजार रुपैयाँका दरले ज्याला दिनुपर्नेमा २ विगाह खेतमा पानी जमेर रोपो मरेपछि ४ हजार रुपैयाँ ज्याला दिएनन्। ठगिनेहरुमा रौतहट जिल्ला विसनपुरका रहेका छन्। मानवअधिकार वर्ष पुस्तक जिल्ला प्रतिनिधि नन्दराम पौडेल र हुर्लेस्कका प्रतिनिधि भोजराज खनालको पहलमा सहायक प्रजिअको सहयोगमा पीडकलाई जिल्ला प्रशासन कार्यालमा झिकाई कृषि मजदुरहरुको ज्याला दिलाइयो।

पुरुषोत्तमपुर गाविसमा संचालित १० महिने बाल शिक्षा र अभिभावक शिक्षा संचालन गर्ने राइज नामक संस्थाले ९ जना सहयोगी शिक्षक-शिक्षिकाको ५ महिनाको तलव दिएन। पटक-पटक तलव माग्न आउँदासमेत सो संस्थाका अध्यक्ष जीतबहादुर चौधरीकी पत्नीले गाली बेइज्जति गरी धम्की दिएर पठाएको पीडित शिक्षकले बताए। मासिक ५ सय रुपैयाँ र स्टेशनरी दिने भनेकोमा स्टेशनरी पनि नदिएको र प्रति महिना बचतको नाममा एक सय रुपैयाँसमेत कट्टा गरी वचत गरेको रकम समेत नदिइएको पीडितहरुले बताए। त्यसैगरी तिलौराकोटमा पनि बाल शिक्षा पढाएकी शिक्षिकालाई ५ महिनाको तलब दिइएन। पटक-पटक दैनिक पत्र-पत्रिकामा समेत समाचार प्रकाशित भएको थियो।

विस्थापित

राज्यपक्ष र माओवादीका कारण थुप्रै जनता विस्थापित हुन वाध्य छन्। राज्यपक्षले माओवादीको नाममा दुःख दिने र माओवादीलाई खान खुवाएको, बस्न दिएको आरोपमा दुःख दिने गर्दछ भने माओवादीले सुराकीको आरोप, राजनीतिक विरोध गरेको कारण अपहरण गर्ने, हत्या गर्ने, कुटपिट तथा लुटपिट गर्नेजस्ता आदिका कारण थुप्रै व्यक्तिहरु घर छाड्न वाध्य छन्। खाना खान तथा चन्दा नदिएको कारण मार्ने र घर छाड्न आदेश दिएका घटना सार्वजनिक हुने गरेका छन्। नेकाँका क्षेत्रीय सभापति सुरेन्द्र आचार्य, निवर्तमान जिविस सदस्य केशव श्रेष्ठ, महेन्द्रकोट गाविसका पूर्व अध्यक्ष वीरेन्द्र मिश्र, कुसहवाका पूर्व अध्यक्ष महेन्द्र श्रेष्ठ, जमिन्दार उदयराज कुर्मी, वरइपुरका निवर्तमान अध्यक्ष हरिवंशनाथ शुक्ला, निग्लिहवाका दीपक गुरुङ, पत्थरदेइयाका निवर्तमान अध्यक्ष, बलरामपुर गाविस-९ का जगदीशप्रसाद तिवारी, धनकौली गाविस-२ का रामउजागिर कुर्मी, बलराम कुर्मी, सहसराम कुर्मी, रोहीत कुर्मी, राजेश कुर्मी, शत्रुधन कुर्मी, टिन्टु कुर्मी र कृष्णकुमार चौधरी विस्थापित छन्। त्यसैगरी नेकाँ महासमिति सदस्य बुडदीका टेकराज घिमिरे, भलवाडका नेकाँका कार्यकर्ता हरि घिमिरेलगायत्का थुप्रै नेता तथा कार्यकर्ता जिल्ला सदरमुकाम र राजधानीमा विस्थापितको रुपमा बस्न बाध्य छन् तर विस्थापितको यकिन तथ्यांक भने उपलब्ध छैन।

धन्कौली गाविस-२ का जनता र माओवादीबीच ०६० कार्तिक ५ गते दोहोरो भिडन्त भएपछि सो गाउँका ७ जना युवा विस्थापित भई सदरमुकाममा बसेका छन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

कपिलवस्तु जिल्लाबाट प्रकाशित हुने सोमेश्वर साप्ताहिक पत्रिकामा "वादशाहलाई घोडाबाट खसाल्दा" भन्ने लेख छापिएवापत सो पत्रिकाका सम्पादक गिरीराज घिमिरे र लेखक नारायण खनाललाई ०६० वैशाख १६ गते प्रहरीले गिरफ्तार गरे। लेखको खण्डन छपाउने र आइन्दा छाप्नेछैन भनी माफी मागेपछि सोही दिन रिहा गरियो।

कृष्णनगर गाविस-८ का २१ वर्षीय मिर्जा रसिद वेगलाई ०६० जेठ ३ गते बुटवलबाट प्रहरीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय, तौलिहवामा ल्याई निर्मम कुटपिट गरेर यातना दिई कृष्णनगरस्थित इलाका प्रहरी कार्यालयमा ७ दिनसम्म राखे भने पत्नी अञ्जु बर्मालाई उनीबाट छुट्याई बेपत्ता पारे। हिरासतबाट रिहा भएपछि पीडितले बुटवलमा गई पत्रकार सम्मेलन गरी प्रहरी र अञ्जुका बाबुले अञ्जुलाई बेपत्ता पारेको सार्वजनिक गरे। पीडितले अञ्जुको खोजीका लागि सर्वोच्च अदालतमा मुद्दा दिएपछि अञ्जुलाई हाजिर गराउन अदालतले आदेश दिएको थियो तर अदालतमा हाजिर गराइएन। अञ्जुका बाबु

रामलखन बर्माले उनलाई अन्यत्र विवाह गरिदिए।

अनेमसंघ (क्रान्तिकारी) का कार्यकर्ताहरुले राष्ट्रिय अधिवेशनको सिलसिलामा कृष्णनगर बजारमा चन्दा संकलन गरिरहेको अवस्थामा ०६० असार १२ गते प्रहरीले गिरफ्तार गरी २३ दिन हिरासतमा राखी १-१ हजार रुपैयाँ धरौटीमा रिहा गरे।

मोतिपुर गाविस-४ का कलाधर न्यौपाने, विष्णु पाण्डे र कण्डक्टर शिव शर्मालाई अनेकिसंघ (क्रान्तिकारी) को आयोजनामा अर्घाखाँची जिल्लामा भएको आमसभामा कपिलवस्तु जिल्लाबाट बस लगिएकोमा हतियार लगेको आरोप लगाई ०६० साउन २५ गते गाडीसहित प्रहरीले गिरफ्तार गरी ४ दिनपछि रिहा गरे।

विठुवा गाविसका निवर्तमान अध्यक्ष तथा नेपाल रेडक्रस सोसाइटी, जिल्ला समितिका महामन्त्री रामरुची चौधरीलाई माओवादीलाई खान, बस्न दिइएको र हतियार राखेको आरोपमा ०६० असोज ५ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी ३ दिन शाही सेनाको ब्यारेकमा रिहा गरे।

निग्लिहवा गाविस-४ का ३५ वर्षीय गोविन्द घिमिरे र ३४ वर्षीय केशव केसीलाई माओवादीको आशंकामा ०६० मंसिर १९ गते तौलिहवाको जेलटोलमा मोटरसाइकलमा हिँडिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुमध्ये गोविन्दलाई भोलिपल्ट र केशवलाई ४ दिनपछि रिहा गरियो।

हतैसा गाविस-७ का नेकपा (एमाले) जिल्ला परिषद सदस्य ३५ वर्षीय महेन्द्र अर्यालसलाई माओवादीको आशंकामा ०६० मंसिर २० गते आफ्नै निवासबाट सुरक्षाकर्मीले गिरफ्तार गरी ३ दिन हिरासतमा राखी रिहा गरे।

बालअधिकार

यस जिल्लाका प्रायः होटल, चियापसल, सवारी साधन, इँटा कारखाना, सडकको काम, उद्योगधन्दा आदिमा बालबालिकाहरुले काम गर्ने गरेका छन्। बालश्रमिकलाई कम ज्याला दिए पनि हुने र बढी समय काम गराउन सकिने हुँदा उनीहरुलाई राख्ने गरेको होटल व्यवसायीहरु बताउँछन्। जिल्ला सदरमुकाम तौलिहवामा मानवअधिकार वर्ष पुस्तक जिल्ला प्रतिनिधि र इन्सेक आबद्ध संस्था हुर्लेस्कले गरेको सर्भेक्षणमा ७० प्रतिशत होटल र चिया पसलमा बालश्रमिकहरु रहेको पाइयो।

जवाभारी गाविस-४ का १२ वर्षीय विनोद वढईलाई ०५९ चैत १४ गते प्रहरीले विनापुर्जी गिरफ्तार गरी ३ दिन हिरासतमा राखे। कुटपिटको घटनामा विनोदका बुवा र दाजुले एक जना व्यक्तिलाई कुटपिट गरि भागेका कारण नाबालक विनोदलाई प्रहरीले गिरफ्तार गरी दाजु र बाबुलाई नबुझाएसम्म थुनामा राखिरहने बताए। पीडितलाई ३ दिन पछि रिहा गरियो।

विठुवा गाविस पिपराटोलकी ६ वर्षीय एक बालिकालाई ०६० वैशाख १२ गते सोही ठाउँका १५ वर्षीय कृष्णमोहन पाण्डेले बलात्कार गरे। खेतमा काम गर्न आमा-बाबुसँग जान हिँडेकी बालिकालाई बाटोमा समाती पीडकले बलात्कार गरेका थिए। बलात्कारपछि बेहोश अवस्थामा गाउँलेहरुले भेटाई उपचारार्थ अञ्चल अस्पताल, बुटवल पुऱ्याइयो। पीडकलाई थुनामा राखिएको छ।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दुर्व्यवहार

गणेशपुर गाविस-९ वडसडवामा ०५९ माघ २० गते १५-२० जनाको समूहमा आएका व्यक्तिहरुले एकै रातमा ७ जना महिलालाई बलात्कार गरी लुटपाट गर्नुका साथसाथै घरमा आगोसमेत लगाई क्षति पुऱ्याए। मुखमा कालोपट्टी बाँधेर आएका पीडकहरुले पीडितहरुका पति र बाबुलाई बाँधी बलात्कार गरेका थिए। पीडकहरुमध्ये मिठाइलाल चौहानलाई प्रहरीले गिरफ्तार गरी थुनामा राखे।

भलवाद गाविस-८ की २० वर्षीय एक युवतीलाई ललाई-फकाई भारतको सिद्धार्थनगरस्थित मेघवा नगरमा पाँच हजारमा बिक्री गर्ने भलवाड गाविस-४ का मुल्ला भन्ने जुकलरुप सैयद अलिर र उनकी पत्नी वकाली सैयदलाई ०६० असार १७ गते प्रहरीले गिरफ्तार गरे। पीडित आफू बेचिएको थाहा पाई त्यहाँबाट भाग्न सफल भइन्। पीडकलाई हाल थुनामा राखिएको छ।

पिपरा गाविस-६ चाकल चौडाकी १९ वर्षीय एक युवतीलाई जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान ३० वर्षीय वीरेन्द्र यादवले विवाह गर्ने प्रलोभनमा ललाई-फकाई यौन शोषण गर्दै आएकोमा युवतीले ०६० जेठ २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएको भएपनि कुनै पहल नभएको बताइन्। पीडकमाथि कारवाहीको माग गर्दै महिला संघका पदाधिकारीहरु प्रहरीसमक्ष प्रति विपि भण्डारीले समेत गएको थियो।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

पत्थरदेहिया गाविस वडसडवामा भएको सामुहिक बलात्कार, लुटपाट र आगजनीको घटनाको विरोध गर्दै पीडकलाई कारवाही र पीडित पक्षलाई क्षतिपूर्तिको माग गर्दै मानवअधिकार वर्ष पुस्तक जिल्ला प्रतिनिधि र

मानवअधिकार संस्था हुर्लेस्कद्वारा एक संयुक्त विज्ञप्ति जारी गरियो।

संरचना क्षति

बहादुरगञ्ज र महाराजगञ्जस्थित इलाका प्रहरी कार्यालय, पिपरास्थित प्रहरी चौकी र महाराजगञ्ज गाविस भवनमा ०६० भदौ २५ गते, बुद्धीस्थित साना किसान परियोजना, इमिलिया र ४ नं. जीतपुरस्थित कृषि विकास बैंक कार्यालयमा ०६० भदौ ३० गते, गजेहडा गाविस पकडीस्थित इलाका प्रहरी कार्यालयमा असोज १ गते, मोतिपुर, वाणगंगा, कोपवा, भलवाड र हथौसा गाविस भवनमा असोज २ गते, निग्लिहवास्थित साना किसान परियोजनामा असोज ७ गते, रङपुर गाविसमा असोज ३ गते, पर्सोहिया गाविसमा असोज ८ गते, वीरपुर गाविस चन्द्रौटास्थित नेपाल विद्युत प्राधिकरणको सब स्टेशन र इमिलियामा एक यात्रुबाहक बसमा ०६० असोज २५ गते माओवादीले आगो लगाई क्षतिग्रस्त बनाए।

धानखोलास्थित पुलमा ०६० असोज २ गते माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष २७ जनाले भ्फुण्डिएर, ११ जनाले विष सेवन गरेर र आगो लगाई ८ जनाले आत्महत्या गरे। डुबेर १ जनाको मृत्यु भयो। सवारी दुर्घटनामा २३ जनाको मृत्यु भयो भने ३ जनाको लास फेला पऱ्यो।

विगतको अनुगमन

विगत वर्षमा विभिन्न ठाउँबाट गिरफ्तार गरी कपिवलस्तु जेलमा राखिएका चइन गाविस-५ की पुष्पा पाण्डे, शिवगढी गाविस-४ का वलेश्वर थारु, महेन्द्रकोट गाविस-४ की मञ्जु परियार, गर्जहडा गाविस-३ की विमला मुखिया, सुनिल चौधरी र मोतिपुर गाविस-२ का हुमाकान्त भाट क्षेत्रीलाई ०५९ चैत ८ गते रिहा गरियो।

चनई गाविस-५ की २० वर्षीय उमा पाण्डे, सोही गाविस-५ की १९ वर्षीय लरा पोखरेल र पटना गाविस-७ का १९ वर्षीय जगन्नाथ पोखरेललाई आतंककारी गतिविधिमा लागेको आरोपमा ०५८ माघ २१ गतेदेखि थुनामा राखिएकोमा ०६० वैशाख २५ गते जगन्नाथकी आमा सरस्वती पोखरेलले पुनरावेदन अदालत, बुटवलमा बन्दी प्रत्यक्षीकरणको मुद्दा दिएकीमा पुनरावेदन अदालतले ०६० जेठ १७ गते २० वर्ष भन्दा कम उमेरका बन्दीलाई तत्काल रिहा गर्न जिल्ला प्रशासन कार्यालयलाई आदेश दिएपछि रिहा गरियो।

३.११ अर्घाखाँची



जनसंख्या	:२३८८३९
साक्षरता प्रतिशत	:४७.४
महिला साक्षरता प्रतिशत	:३२
क्षेत्रफल (वर्ग कि.मी.)	:११९३
गाविस/नपा संख्या	:४२/०
निर्वाचन क्षेत्र	:२
विद्यालय	:४२४
क्याम्पस/उच्च मावि	:२/८
अस्पताल/स्वास्थ्य चौकी	: १/४१
टेलिफोन लाइन	:१८४
मोटर सडक (कि.मी.)	:५८
प्रहरी कार्यालय संख्या	:२
हुलाक संख्या	:४२
मानव विकास सूचकांक	:०.३३१
प्रति एक डाक्टर जनसंख्या	:४१६७८
प्रति परिवार सरदर संख्या	:५.१०

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

मरेङ गाविस-१ देउरालीमा माओवादी कार्यकर्ता २५ वर्षीय सुमन प्रभातलाई ०६० भदौ ८ गते माइकिङ् गरिरहेको अवस्थामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। सो घटनामा दोहोरो भिडन्तमा माओवादीको मृत्यु भएको भनिएता पनि त्यहाँ दोहोरो भिडन्त भएको थिएन।

शिद्धारा गाविस-५ सिमलद्विपमा नाम थाहा नभएका एक जना माओवादीलाई ०६० असोज २९ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

जुकेना गाविस-५ देउरालीमा अनेमसंघ

(क्रान्तिकारी) का जिल्ला सचिव २२ वर्षीय विमला केसी लाई ०६० कार्तिक ७ गते खाना पकाइरहेको अवस्थामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। सुरक्षाकर्मी र माओवादीबीच दोहोरो भिडन्त हुँदा उक्त हत्या भएको थियो।

बल्कोट गाविस-८ च्यानडाँडाका ३० वर्षीय अलाउद्धिन मियालाई माओवादीको आरोपमा ०६० कार्तिक १० गते सुरक्षाकर्मीले वाङ्ला गाविस-४ को मथुराबेंशीमा गोली हानी हत्या गरे। सुरक्षाकर्मीद्वारा दोहोरो भिडन्तमा मृत्यु भएको भनिएता पनि उक्त स्थानमा दोहोरो भिडन्त भएको थिएन।

सितापुर गाविस-९ निपानेमा माओवादी कार्यकर्ता ठेगाना थाहा नभएका जनादेश शर्मालाई ०६० कार्तिक २० गते माओवादीको नाममा चन्दा संकलन गरिरहेको अवस्थामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

चिदीका गाविस-३ का ४७ वर्षीय यादव अर्याल, वाङ्ला गाविस-७ का २१ वर्षीय कमला भुसाल र ठेगाना नखुलेकी सुनिता थापालाई ०६० मंसिर १६ गते धनचौर गाविस-२ हल्देमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। उक्त घटनामा दोहोरो भिडन्तमा ४ जनाको मृत्यु भएको सरकारी सञ्चार माध्यमले बताएता पनि तीन जनाको मृत्यु भएको थियो। पीडित सबैलाई अनुहारमा नचिनिने गरी गोली हानिएको थियो।

माओवादीबाट

वाङ्ला गाविस-५ जिखौदीका जिल्ला विकास समिति भूपू सभापति र राप्रपा जिल्ला अध्यक्ष ७२ वर्षीय शोभाखर भुसाललाई ०६० असोज २ गते साँझ घरबाट माओवादीले "केही काम छ" भनी स्थानीय शिवालय मन्दिरमा लगी गोली हानी हत्या गरे।

छत्रगञ्ज गाविस-८ खैरेनीका नेकाँ क्षेत्रीय प्रतिनिधि ४५ वर्षीय शिवलाल पोखेललाई सुराकीको आरोपमा ०६० असोज ४ गते साँझ माओवादीले घरबाट स्थानीय म्यालपानी पधेरोमा लगी रड प्रहार गरी हत्या गरे।

अर्घातोष गाविस-९ का एमाले कार्यकर्ता ३८ वर्षीय हुमानन्द बञ्जाडेलाई मागे जति चन्दा नदिएको र सुराकको आरोपमा ०६० असोज १२ गते आफ्नै पसलमा माओवादीले पहिला गोली प्रहार र पछि खुकुरीले टाउको गिडी हत्या गरे।

बेपत्ता / अपहरण

राज्यबाट

चनई गाविस-७ वनकट्टीकी २० वर्षीय हिमा विक र हरिहरपुर गाविस-१ का १८ वर्षीय सुनिल विक लाई माओवादीको आरोपमा ०५९ भदौ १९ गते अर्घाखाँची जिल्ला पाप्राबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुको अवस्थाको बारेमा कुनै जानकारी प्राप्त भएको छैन।

माओवादीबाट

खन गाविस-९ घर भई जिल्ला प्रहरी कार्यालयमा कार्यरत सई धर्मराज मुडहरी र प्रहरी जवान रमेश केसी लाई ०६० असार ३२ गते मुचुल्का टास गर्न गएको अवस्थामा माओवादीले अपहरण गरे। पीडितहरुलाई प्रहरी जागिर नखान चेतावनी दिई सोही दिन मुक्त गरियो।

अर्घा गाविस-९ पोखेडाँडाका जनमोर्चाका गाउँ पार्टी सचिव रुद्र पराजुलीलाई माओवादी गतिविधिको विरोध गरेको आरोपमा ०६० असार १० गते माओवादीले

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित							राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	४	३	१	४	३	३	३	७	५	४		९
घाइते								१			५	५
गिरफ्तारी / यातना								९	८	२		१०
बेपत्ता								१	१	१		२
कुटपिट					१	१	१	३	६			६
धम्की					२	२	२	१	१			१
जातीय बिभेद	१		१	१								
अपहरण					४	६	६					
जम्मा	५	३	२	५	१०	१२	१२	२२	२२	७	५	३४

सुरक्षाकर्मीद्वारा हत्या गरिएका सुनिता थापा र कमला भुसाल

अपहरण गरी ४ दिनपछि मुक्त गरे।

मरेङ गाविस-३ का पूर्व गाविस उपाध्यक्ष एमाले कार्यकर्ता ४० वर्षीय बाबुराम आचार्यलाई ०६० असोज ३ गते बिहान ४ बजे माओवादीले अपहरण गरी तीन दिनपछि मुक्त गरे।

धनचौर गाविस-८ का ६० वर्षीय रामबहादुर गुरुङ र ५७ वर्षीय इन्द्रमणि चुदालीलाई चन्दा नदिएको आरोपमा ०६० कार्तिक २० गते माओवादीले अपहरण गरी ५ दिनपछि मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

बागी गाविस बरम्कोटका गोपबहादुर विकलाई माओवादीको आरोपमा ०६० भदौ २५ गते सुरक्षाकर्मीले कुटपिट तथा गाली बेइज्जती गरी ज्यानमार्ने धम्की दिए।

माओवादीबाट

पटौटी गाविस-८ का २८ वर्षीय कमल पोखेललाई नक्कली माओवादी बनी चन्दा उठाएको आरोपमा ०६० भदौ १५ गते माओवादीले दुवै खुट्टा भाँचिदिए। पीडित चार महिनासम्म उपचार गरी फर्किएका छन्।

सुरक्षाकर्मीद्वारा हत्या गरिएका यादव अर्याल

खन गाविस-१ गौमुखेधाराका यमबहादुर दर्जीलाई माओवादी पार्टीमा नलागेको आरोपमा ०६० भदौ २५ गते माओवादीले कुटपिट गरी ज्यानमार्ने धम्की दिए। पीडित हाल भारतमा छन्।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सन्धिखर्क गाविस-६ स्थित जिविस प्रांगणमा जिल्ला परिषद्को लागि भेला भएका नेकपा (एमाले) जिल्ला कमिटी सचिव चेतनारायण आचार्य, पूर्व जिविस सभापति पिताम्बर भुसाल, एमाले जिल्ला परिषद सदस्य त्रसन्त श्रेष्ठ, नेकाँ जिल्ला सभापति पिताम्बर भुसाल, सचिव विष्णु मुस्कान, जनमोर्चा, नेपालका सागर केसी र शेरबहादुर केसीलाई ०६० जेठ ७ गते प्रहरीले लाठी प्रहार गरी घाइते बनाए।

चिदी गाविस-८ का ३१ वर्षीय घनश्याम ज्ञवालीलाई ०६० भदौ २९ गते माओवादीले एमाले गाउँ कमिटी सचिवबाट जबरजस्ती राजिनामा गराए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा गत वर्षका १ सय ३८ वटा र यस वर्षका ५५ गरी कूल १ सय ९३ वटा मुद्दा बाँकी छन्। यस अदालतमा गत वर्षका जिम्मेवारी सरेर आएका देवानी १ सय ३८ मुद्दामध्ये ३२ वटा फर्स्यौट भई १ सय ६ वटा बाँकी रहे। सरकारवादी गत वर्षका २१ मध्ये २ वटा फर्स्यौट भई १९ वटा बाँकी रहे। गत वर्षका दुनियावादी फौज्दारी मुद्दा २७ वटामध्ये १० वटा फर्स्यौट भई १७ वटा बाँकी रहे।

यस वर्ष देवानी मुद्दा ३९ वटामध्ये १८ वटा फर्स्यौट भई २१ वटा बाँकी रहे। सरकारवादी मुद्दा २ मध्ये

माओवादीद्वारा हत्या गरिएका हुमानन्द बञ्जाडे, शोभाकर भुसाल र शिवलाल पोखेल

दुवै फर्स्यौट भए। यस वर्ष दुनियावादी मुद्दा १६ वटामध्ये १३ वटा फर्स्यौट भई ३ वटा बाँकी रहे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा २ सयदेखि २ सय ५० जना वास्तविक सुकुम्बासी रहेको भएता पनि हालसम्म कसैले जग्गा पाउन सकेका छैनन्।

यस जिल्लामा १ हजार ३ सय पुरुष र १ हजार ७ महिला गरी कूल २ हजार ४ सय ७ जनाले बृद्ध भत्ता पाउँदै आएको भएता पनि यस वर्ष कसैले पनि उक्त भत्ता पाएनन्। अशक्त अपांग भत्ता ५० जनालाई र विधवा भत्ता ११ जनालाई विगत वर्षमा दिइएता पनि यस वर्ष उपलब्ध गराइएन।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

नुवाकोट गाविस-४ च्यूरामाटीका अनेरास्ववियु जिल्ला अध्यक्ष र पाणिनी बहुमुखी क्याम्पसका स्ववियू सभापति २४ वर्षीय प्रेमनारायण गिरीलाई पाँच पार्टीको आन्दोलनमा सहभागी भएको आरोपमा ०६० वैशाख २१ गते साँझ प्रहरीले गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

मरेङ गाविस-१ देउरालीमा ठेगाना नखुलेकी २० वर्षीय कमला विक र रुकुम जिल्लाका सुन्दरसिं ओलीलाई माओवादीको आरोपमा ०६० भदौ ८ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुलाई हाल गुल्मीमा सैनिक हिरासतमा राखिएको छ।

अर्घातोष गाविस-१ का ३२ वर्षीय ऋषि भुसाल र हंशपुर गाविस-३ का धर्म पन्थीलाई माओवादीको आरोपमा ०६० भदौ १३ गते सन्धिखर्क गाविस-६ स्थित शहीद बगैंचाबाट सुरक्षाकर्मीले गिरफ्तार गरी सोही दिन रिहा गरे। पीडितहरु अनेरास्ववियु जिल्ला कमिटीका भूपू उपाध्यक्ष र सदस्य हुन्।

अर्घातोष गाविस-३ चिदीपानीका शिक्षक मेयरसिंह कुँवरलाई माओवादीको आरोपमा ०६० भदौ २३ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ७४ दिनपछि रिहा गरियो।

बागी गाविस-१ कर्नमारेका यमलाल पन्थीलाई ०६० भदौ २५ गते गस्तीमा गएको सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई एक हप्तापछि रिहा गरियो।

अर्घा गाविस-२ खाणका ४८ वर्षीय खुमानसिं विकलाई माओवादीको आरोपमा ०६० भदौ २७ गते सुरक्षाकर्मीले गिरफ्तार गर्‍यो। पीडितलाई एक हप्तापछि रिहा गरियो।

किमडाँडा गाविस-२ किमडाँडाकी १८ वर्षीय विष्णुमाया भुसाललाई माओवादीको आरोपमा ०६० असोज १९ गते सन्धिखर्क गाविस-७ बाट सुरक्षाकर्मीले गिरफ्तार गरी २७ दिनपछि रिहा गरे।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूत समेत

भगवती गाविस-१ मडेलचउरका २५ वर्षीय सावित्रा विक्लाई धारामा गाग्रीको पानी छोएको आरोपमा ०५९ माघ २९ गते सोही ठाउँका रोनबहादुर आचार्य र निर्मला आचार्यले कुटपिट गरी घाइते बनाए। पीडितले जिल्ला प्रशासन कार्यालयमा उजुरी हालिन्। जिल्ला प्रशासन कार्यालयबाट पीडकलाई २ हजार रुपैयाँ जरिवाना गरी मिलापत्र गराइयो।

विविध

संरचना क्षति

ढिकुरा गाविस-९ सेङलेङको डाँडामा अवस्थित नेपाल दूरसञ्चार सस्थानको रिपिटर टावरमा ०६० भदौ २१ गते माओवादीले दुई वटा बम विस्फोट गराई ध्वस्त पारे। उक्त घटनामा २ करोड रुपैयाँ बराबरको क्षति भएको दूरसञ्चार संस्थानले जनायो।

छत्रगञ्ज गाविस भवनमा ०६० भदौ २६ गते माओवादीले आगो लगाई ध्वस्त पारे।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष आत्महत्याका ९ वटा घटनामा ८ पुरुषले झुण्डिएर आत्महत्या गरे भने एक जनाले ब्लेडले घाँटी रेटेर आत्महत्या गरिन्। एक जना छात्राको खोलाले बगाएर मृत्यु भयो भने एक जना महिला चिप्लिएर लड्दा मृत्यु भयो। सवारी दुर्घटनामा परी २४ जनाको मृत्यु भयो भने ६० जनाभन्दा बढी पीडित भए। चोरीका ४ वटा घटनामा १८ जना पीडित भए।

३.१२ गुल्मी



जनसंख्या	:२९६६५४
साक्षरता प्रतिशत	:६६
महिला साक्षरता प्रतिशत	:५४
क्षेत्रफल (वर्ग कि.मी.)	:११४९
गाविस/नपा संख्या	:७९/०
निर्वाचन क्षेत्र	:३
विद्यालय	:४५३
क्याम्पस/उच्च मावि	:३/१२
अस्पताल/स्वास्थ्य चौकी	: १/८०
टेलिफोन लाइन	:१२
मोटर सडक (कि.मी.)	:५५१
प्रहरी कार्यालय संख्या	:१
हुलाक संख्या	:७२
मानव विकास सूचकांक	:०.३२८
प्रति एक डाक्टर जनसंख्या	:४९४४२
प्रति परिवार सरदर संख्या	:५.०१

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

दोहोरो भिडन्त

अर्खवाङ्ग र ह्वाङ्दी गाविसको बीचमा पर्ने खेतमा ०५९ माघ १३ गते माओवादी र सुरक्षाकर्मीबीच भएको दोहोरो भिडन्तमा बुटवल कालिकानगर घर भएका प्रहरी इन्स्पेक्टर ४० वर्षीय सूर्यबहादुर केसी, प्रहरी जवानहरु स्याङ्जा जिल्ला चन्डिकालिका गाविस-९ का ३३ वर्षीय झपट घर्तिमगर, पोखरा उमनपा-१७ का २७ वर्षीय सूर्यप्रसाद भण्डारी, गुल्मी जिल्ला तम्घास गाविस-९ का २९ वर्षीय कमलप्रसाद पाण्डे र दैलेख जिल्लाका सशस्त्र प्रहरी हर्कबहादुर खत्रीको घटनास्थलमै मृत्यु भयो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

तम्घास गाविस-३ बाघमारेका व्यापारी ४५ वर्षीय प्रेमचन्द्र भुसाल र उनका पत्नी ३२ वर्षीय बालकुमारी भुसाललाई ०६० मंसिर ८ गते राति घरमै सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले गोली हानी घाइते बनाए। पीडितहरु सुतिरहेको अवस्थामा सटर छेडी गोली भित्र पसेको थियो।

जेल र बन्दीहरु

कूल २५ जना बन्दी क्षमता भएको यस जेलमा हाल २९ जना बन्दी छन्। बन्दीहरुमध्ये कैद नतोकिएका १० पुरुष र २ महिला गरी १२ जना तथा कैद तोकिएका १४ पुरुष र ३ महिला गरी १७ जना छन्। यो जेलमा एक जना हातहतियार तथा खरखजना मुद्दामा राजनीतिक बन्दी छन्। जेलको अवस्था जीर्ण भएकोले जेलको भवन र व्यवस्थापनमा हाल सामान्य सुधार गरिएको छ। विभिन्न संघ-संस्थाहरुले बन्दीहरुको पठन-पाठनका लागि पत्रपत्रिकाहरु उपलब्ध गराएका छन्। शहरी विकास कार्यालयबाट हालै पुरुष बन्दी बस्ने कोठामा काठका फल्याक विच्छ्याउने काम गरिएको छ भने महिला बन्दी बस्ने कोठामा सृजनशील सामुदायिक विकास केन्द्र, गुल्मीले फल्याकहरु विच्छ्याएको छ।

बेपता / अपहरण

माओवादीबाट

नयाँगाउँ गाविस-७ का ५४ वर्षीय गणेश मल्ललाई माओवादी जिल्ला जनसरकार सदस्यको हैसियतले प्रशासन समक्ष आत्मसमर्पण गरेको भनी ०५९ माघ ६ गते माओवादीले घरबाटै अपहरण गरे। पीडितलाई घरबाट

कतै जान नपाइने शर्तमा माघ १७ गते मुक्त गरे।

भ्यालपोखरी गाविसको भ्यालपोखरी निमाविबाट ०५९ माघ ८ गते माओवादीले कक्षा ६ की एक छात्रा र कक्षा ८ का ३५ जना छात्रलाई अपहरण गरे। पीडित विद्यार्थीहरुलाई अभिभावकको पहलमा माघ ११ गते मुक्त गरियो।

जैसिथोक गाविस-७ का कोष तथा लेखा नियन्त्रण कार्यालय तम्घासमा कार्यरत लेखापाल ५१ वर्षीय महा शर्मा भण्डारीलाई ०६० असार २८ गते नयाँगाउँ गाविस-९ को सिमाघाटबाट माओवादीले अपहरण गरी तीन दिनपछि मुक्त गरे।

खड्गकोट गाविस-२ का शिक्षक ३७ वर्षीय कविराज ढकाललाई भ्रष्टाचार गरेको आरोपमा ०६० साउन २० गते माओवादीले घरबाट अपहरण गरी १ लाख ३६ हजार रुपैयाँ जरिवाना लिई १७ दिनपछि मुक्त गरे।

वस्तु गाविस-१ का ४२ वर्षीय बोमलाल भण्डारी, सोही गाविस-८ का ४५ वर्षीय विष्णु भण्डारी र ३६ वर्षीय कृष्ण बेलवासेलाई ०६० भदौ ११ गते माओवादीले अपहरण गरे। पीडितहरुमध्ये बोमाललाई भदौ १२ गते र अन्य दुई जनालाई भदौ १३ गते मुक्त गरियो।

वस्तु गाविस-२ का पूर्व जिविस उपसभापति एवम् एमाले जिल्ला कमिटी सल्लाहकार सदस्य ७७ वर्षीय परमानन्द भण्डारीलाई ०६० भदौ ११ गते माओवादीले घरबाट अपहरण गरी भदौ १२ गते मुक्त गरे। पीडितलाई संविधानसभाको विषयमा छलफल गर्न लगेको माओवादीले सार्वजनिक गरे।

वागला गाविस-६ का पूर्व गाविस अध्यक्ष ४७ वर्षीय गोविन्द देवकोटालाई ०६० भदौ ११ गते माओवादीले अर्जे गाविस-९ स्थित आफ्नै घरबाट अपहरण गरी ६ दिनपछि मुक्त गरे। पीडित उपर माओवादी जनअदालतमा परेका उजुरीहरुका कारण सोधपुछ र छानबिनका लागि लगेको कुरा माओवादीले सार्वजनिक गरे।

पिपलधारा गाविस-५ का नेकाँका कार्यकर्ता ४२ वर्षीय हरिबहादुर थापालाई ०६० भदौ १३ गते माओवादीले घरबाट अपहरण गरी राजनीति नगर्ने चेतावनी दिई ४ दिनपछि मुक्त गरे।

खड्गकोट गाविस-५ का शिक्षक ३५ वर्षीय वीरेन्द्र केसी लाई ०६० भदौ १५ गते माओवादीले अपहरण गरी चन्दा दिने शर्तमा मुक्त गरे।

वस्तु गाविस-५ का नेकाँका कार्यकर्ता ५३ वर्षीय लालमणि भण्डारीलाई ०६० भदौ २१ गते माओवादीले अपहरण गरे। पीडितलाई दुई दिनपछि मुक्त गरियो।

दोहोली गाविस-४ का ५१ वर्षीय चन्द्रबहादुर महतलाई ०६० असोज २ गते माओवादीले अपहरण गरी ४ दिनपछि मुक्त गरे। पीडित सोही गाविसका सचिव भएकाले विभिन्न कुराहरु सोधपुछ गर्नका लागि अपहरण गरिएको कुरा माओवादीले सार्वजनिक गरे।

अश्लेवा गाविस-१ का सचिव ३९ वर्षीय वेदनिधि पाण्डेयलाई गाविसका कामहरुको बारेमा सोधपुछ गर्न ०६० असोज ६ गते माओवादीले अपहरण गरी २ लाख रुपैयाँ नगद लिएर एक हप्तापछि मुक्त गरे। सो घटनामा गाविसका कागजपत्र माओवादीले जलाएका थिए।

बाँफकटेरी गाविस-६ का ४६ वर्षीय घनश्याम भुसाललाई चन्दा नदिएको आरोपमा ०६० असोज ३० गते माओवादीले अपहरण गरी ३ लाख रुपैयाँ बुझाउने शर्तमा कार्तिक ४ गते मुक्त गरे।

हुँगा गाविस-९ का शिक्षक ४२ वर्षीय पदमणि न्यौपानेलाई विद्यालय सम्बन्धी उजुरीको आधारमा ०६० कार्तिक १५ गते माओवादीले अपहरण गरी ४ दिनपछि मुक्त गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	७	६	२	८	१	५			५	१	१	१	३
घाइते					२	४			४	१	१		१
बम विस्फोटन					१			१	१				
गिरफ्तारी/यातना										५	३	२	५
कुटपिट	२	१	१	२						३	३		३
धम्की					५	३	३	१	७	१	१		१
जातीय विभेद	३		३	३									
महिलाअधिकार	६		६	६									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	१			१				
अपहरण					२३	६५	१		६६				
जम्मा	१८	७	१२	१९	३३	७८	४	२	८४	११	९	३	१२

गौंडाकोट गाविस-१ का ४५ वर्षीय यमबहादुर घिमिरेलाई राजनीतिक मतभेदका कारण ०६० कार्तिक १७ गते माओवादीले अपहरण गरी ४ दिनपछि मुक्त गरे।

बलेटक्सार गाविस-५ का ४५ वर्षीय टंकप्रसाद श्रेष्ठलाई सार्वजनिक जग्गा मिच्नेको र ड्राइभरलाई तलव नदिएको आरोपमा ०६० कार्तिक २१ गते माओवादीले अपहरण गरी मंसिर ७ गते मुक्त गरे।

दुवीचौर गाविस-५ का शिक्षक ४५ वर्षीय शालिकराम थापालाई विद्यालयमा रकम हिनामिना गरेको उजुरी परेको आरोपमा ०६० कार्तिक २४ गते माओवादीले घोर्ले मावि दुवीचौरबाट अपहरण गरी ५ दिनपछि मुक्त गरे।

तम्घास गाविस-१ का व्यापारी ३२ वर्षीय हरिप्रसाद भुसाललाई मादक पदार्थको व्यापार गरेको आरोपमा ०६० कार्तिक २६ गते माओवादीले बलेटक्सार बजारबाट अपहरण गरी आइन्दा सो व्यापार नगर्ने शर्तमा मंसिर २ गते मुक्त गरे। पीडितले गाडीमा ल्याएको १ लाख ५० हजार रुपैयाँ बराबरको मादक पदार्थ पनि माओवादीले नष्ट गरे।

हुँगा गाविस-९ का ३७ वर्षीय हरिप्रसाद न्यौपानेलाई शिक्षक नियुक्ति र विकास निर्माणको काममा पारदर्शिता नभएको आरोपमा ०६० कार्तिक २९ गते माओवादीले पल्लिकोट गाविस-१ को भेंड्वा वजारवाट अपहरण गरी मंसिर १ गते मुक्त गरे।

खड्गकोट गाविस-७ का नेकाँका कार्यकर्ता ३३ वर्षीय दलबहादुर थापा मगर र २२ वर्षीय जीतबहादुर थापा मगरलाई माओवादीको प्रतिकार गरेको आरोपमा ०६० मंसिर ४ गते माओवादीले ग्वाधा गाविस-२ को जोगीटोलीवाट अपहरण गरी मंसिर ५ गते भुतुङ गाविसमा पुऱ्याई मुक्त गरे।

ग्वाधा गाविस-२ का ५२ वर्षीय दौलतसिंह थापामगर, ६९ वर्षीय हेमकर्ण पुन, १७ वर्षीय दोर्णबहादुर थापामगर, खड्गकोट गाविस-१ का २२ वर्षीय श्रीप्रसाद थापा मगर र २४ वर्षीय गोविन्द नेपालीलाई जनमोर्चा, नेपालको कार्यक्रममा सहयोग गरेको आरोपमा ०६० मंसिर ११ गते माओवादीले ग्वाधा गाविस-२ बाट अपहरण गरे। पीडितहरुलाई माओवादीले निर्मम कुटपिट गरी जनमोर्चामा नलाग्ने शर्तमा मंसिर १३ गते मुक्त गरे।

म्यालपोखरी गाविस-२ का अग्लुङ गाविस सचिव ३० वर्षीय डिल्लीराज भट्टराईलाई ०६० मंसिर १६ गते माओवादीले "विशेष काम छ" भनी गाविस कार्यालयबाट अपहरण गरे। पीडितलाई "माओवादीको निर्देशनमा गाविसको कामकाज संचालन गर्नु" भनी मंसिर १७ गते मुक्त गरियो।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

तम्घास गाविस-४ का ४९ वर्षीय रेशमबहादुर फुंजालीलाई मोटरबाटोमा रक्सी खाएर सुतेको आरोपमा ०५९ फागुन ९ गते शाही नेपाली सेनाको गस्ती टोलीले कुटपिट गरे।

दोहोली गाविस-६ घर भई तम्घास गाविस-१ क्याम्पसरोडमा डेरा गरी बस्ने गोरखा जिल्ला प्रहरी कार्यालयमा कार्यरत २९ वर्षीय प्रहरी हवल्दार मीनबहादुर दर्लामीलाई ठाडो व्यवहार गरेको आरोपमा ०५९ फागुन १५ गते आफ्नै डेरामा बसिरहेको अवस्थामा सादा पोशाकमा हिंडेका सेनाले कुटपिट गरे। पीडितलाई सैनिक ब्यारेकमा ल्याई दुवै पक्षबीच मिलापत्र गरियो।

दर्लामचौर गाविस-६ घर भई तम्घास पुरानो बजारमा होटल व्यवसाय गरी बस्ने ३४ वर्षीय खिमलाल कुँवरलाई ०६० भदौ २८ गते राति ९:४५ बजे कोठामा बत्ती बालेको आरोपमा सुरक्षाकर्मीले घर बाहिर निकाली छातीमा राइफल ताकी गोली हान्ने धम्की दिए।

माओवादीबाट

अर्खवाङ गाविस-८ की ५० वर्षीय देवकला अर्याललाई ०५९ चैत ८ गते माओवादीले "तँ घरमा आएर बस्ने अधिकार छैन" भनी घर बाहिर निकाले। पीडित ०५६ माघदेखि पति चन्द्रकान्त अर्यालसहित विस्थापित भएर जिल्ला सदरमुकाम तम्घासमा बसेकी थिइन्। युद्धविराम भएपछि गोठ बनाउन र घरको रेखदेख गर्न जाँदा आफूलाई माओवादीले घरमा पस्न नदिएको पीडितले बताइन्।

खड्गकोट गाविस-४ का देउराली माध्यमिक विद्यालय, खड्गकोटका प्रधानाध्यापक तथा नेराशिसंका सदस्य ४५ वर्षीय कृष्ण ज्ञवालीलाई राजनीति गरेको आरोपमा ०६० असार ८ गते दिउँसो माओवादीले विद्यालयबाट बाहिर निकालिदिनुका साथै जुत्ताको माला लगाए। उक्त घटनाको विद्यार्थी र अभिभावकले विरोध गरे।

सिमिचौर गाविस-५ का पूर्व गाविस अध्यक्ष तथा नेकाँका कार्यकर्ता ४५ वर्षीय जयप्रसाद अर्याललाई जनयुद्धको विरोध गरेको तथा माओवादीलाई गिरफ्तार गर्न र हत्या गर्न सहयोग गरेको आरोपमा ०६० असोज १ गते साँझ सिमिचौर दहदेखि केही परको बाटोमा माओवादीले सफाया गर्ने घोषणा गर्दै टाउको, घाँटी र हातमा खुकुरी प्रहार गरी सफाया भयो भनी हिंडे। पीडितलाई बेहोश अवस्थामा गाउँलेहरुले तत्काल उद्दार गरी जिल्ला अस्पताल पुऱ्याई उपचार गरेपछि होशमा आएकोमा त्यहाँ उपचार नहुने भएका कारण हेलिकोप्टरबाट काठमाडौं लगियो।

पीडितलाई ०५८ पुस ४ गते माओवादीले कुटपिट गरी ढकले किचेर हात भाँचिदिनुका साथै घरमा आगोसमेत लगाएका थिए। पीडितले युद्धविरामपछि रेसुङ्गा मानवअधिकार सचेतन संस्था, गुल्मीको आयोजनामा तम्घासमा भएको द्वन्द्व रुपान्तरण विषयक गोष्ठीमा युद्धपीडितको तर्फबाट माओवादीका व्यवहारको कडा आलोचना गरेका थिए।

अश्लेवा गाविस-१ का ४१ वर्षीय चिन्तामणि पाण्डेयको पसलबाट ०६० असोज ६ गते माओवादीले पसलका सामान तथा खाताहरु लुट्नुका साथै पसल आफ्नो कब्जामा लिएर सम्पूर्ण सामान लुटे। जसबाट २५ लाख रुपैयाँ बराबरको क्षति भएको अनुमान गरिएको छ। सो पसल हालसम्म माओवादीले तालाबन्दी गरिरहेका छन्।

कुर्घा गाविस-८ का ५२ वर्षीय नरहरि सापकोटाको भुवाचिदीस्थित पसल ०६० कार्तिक ९ गते साँझ माओवादीले लुटे। जसबाट ८ लाख रुपैयाँ बराबरको क्षति भएको कुरा पीडित पक्षले जानकारी गराए।

तम्घासस्थित महेन्द्र उच्च मावि, अर्जुन आवासीय मावि र रिडर्स हाइस्कूल अनेरास्ववियु (क्रान्तिकारी) को विद्यालय बन्द गर्नु भन्ने पत्रका आधारमा ०६० असोज ५ गतेदेखि कार्तिक २० गतेसम्म बन्द रहँदा ती विद्यालयका अध्ययनरत २ हजार ६ सय विद्यार्थीहरु नियमित पठनपाठनको अधिकारबाट वञ्चित भएका थिए। क्रान्तिकारीका जिल्ला अध्यक्ष भुपाल पोखरेलको हस्ताक्षर भएको पत्रमा सम्बन्धित विद्यालयहरु आफ्नो संगठनले बोलाएको ठाउँमा नआएको, विद्यार्थीहरुबाट चर्को शुल्क असुल गरेको र आफ्नो संगठनसँग गरेको सम्झौता कार्यान्वयन नगरेको कारण विद्यालयहरु बन्द गर्न निर्देशन दिएको कुरा उल्लेख गरिएको थियो।

दरबारदेविस्थान गाविस-३ का ४५ वर्षीय कर्णबहादुर टण्डनको ७१२५ नम्बरको ट्रकमा ०६० कार्तिक १८ गते बलेटक्सार गाविस-७ धरमपोखरामा माओवादीले आगो लगाए।

रुरु गाविस-६ रिडी बजारस्थित जनकपुर चुरोट कारखाना लिमिटेडको शाखा कार्यालयबाट ०६० कार्तिक ३० गते बिहान माओवादीले ४ लाख २५ हजार १ सय ५६ रुपैयाँ नगद लुटे।

ग्वाधा गाविस-२ की २४ वर्षीय भीमकुमारी थापा, ४२ वर्षीय सावित्रा थापा र २२ वर्षीय तेजबहादुर थापालाई ०६० मंसिर १६ गते जनमोर्चा नेपालको कार्यक्रम सफल गर्न सहयोग गरेको आरोपमा माओवादीले घरमै कुटपिट गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा देवानी मुद्दा ७७ वटा दर्ता भएकोमा २८ वटा फर्स्यौट भई ४९ वटा बाँकी रहे। सरकारवादी फौज्दारी मुद्दा १६ वटा दर्ता भएकोमा ६ वटा फर्स्यौट भई १० वटा बाँकी रहे भने दुनियावादी फौज्दारी ५२ वटा दर्ता भएकोमा २९ फर्स्यौट भई २३ बाँकी रहे। अदालतमा दुई वर्ष नाघेका देवानी ६ र सरकारवादी फौज्दारी १ गरी ७ मुद्दा रहेका छन्। एक वर्षसम्म फर्स्योट नभएका देवानी २७, सरकारवादी फौज्दारी ५ र दुनियावादी फौज्दारी ७ गरी ३९ वटा मुद्दा छन्।

जिल्ला प्रशासन कार्यालयमा सार्वजनिक अपराध सम्बन्धी ३ वटा मुद्दा दर्ता भएकोमा एउटा फर्स्यौट भई २ वटा बाँकी रहे। कालो बजारी र झुट्टा विवरण पेश गरेको एक-एक मुद्दा दर्ता भई फर्स्यौट भए। गत वर्ष दर्ता भई बाँकी रहेका हातहतियार र सार्वजनिक अपराध समबन्धी एक-एक मुद्दा फर्स्यौट भए।

जिल्ला प्रहरी कार्यालयमा यस वर्ष ६१ वटा मुद्दा दर्ता भएकोमा २१ वटा फर्स्यौट भई ४० वटा बाँकी रहे।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

तम्घास गाविस-१ का ५५ वर्षीय लालबहादुर सार्कीलाई तम्घासस्थित किरण पुस्तकालय तोडफोड गरेको आरोपमा ०५९ माघ १६ गते प्रहरीले गिरफ्तार गरी हिरासतमा यातना दिई दायाँ हात भाँचिदिए।

नयाँगाउँ गाविस-५ घर भई तम्घास बजारमा व्यापार गरी बस्ने ५५ वर्षीय कुसुम मल्ललाई माओवादीको आरोपमा ०६० वैशाख ८ गते प्रहरीले गिरफ्तार गरे। ०५८ माघ गते गिरफ्तार गरेकोमा सैनिक हिरासत र त्यसपछि थुनामा राखिँदै आएकोमा उक्त दिन रिहा गरिएको थियो। थुनामुक्त गरिएको पुर्जी दिएपछि सोही दिन पुन: गिरफ्तार गरिएको थियो। पीडितलाई १० दिनसम्म हिरासतमा राखेर रिहा गरियो।

ठूलोलुम्पेक गाविस-७ की २२ वर्षीय ललिता भनिने लीला थापा मगरलाई ०६० भदौ १९ गते दिउँसो कारागार शाखा, तम्घासबाट रिहा गरिएपछि सुरक्षाकर्मीले पुन: गिरफ्तार गरे। पीडितलाई ०५९ जेठ १० गते अश्लेवा गाविसको रामबारीबाट माओवादीको आरोपमा गिरफ्तार गरिएको थियो। हाल शिवदल गुल्म, तम्घासमा राखिएको बुझिएको छ।

नयाँगाउँ गाविस-७ की १९ वर्षीय मिठु कुँवरलाई माओवादीको आरोपमा ०६० मंसिर ९ गते सुरक्षाकर्मीले सोही गाविस-५ बाट गिरफ्तार गरे। पीडितलाई यस वर्षको

अन्त्यसम्म सैनिक हिरासतमा राखियो।

सिमिचौर गाविस-९ का ५३ वर्षीय नन्दराम रानामगरलाई माओवादीका लागि चन्दा उठाएको आरोपमा ०६० मंसिर २५ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी मंसिर २६ गते तारिखमा रिहा गरे। पीडितलाई माओवादीको आरोपमा ०५८ पुस ६ गते गिरफ्तार गरी ०५९ कार्तिक ३ गतेसम्म तम्घास जेलमा राखी तारिखमा रिहा गरिएको थियो।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

अर्खले गाविस-७ की ३२ वर्षीय कमला गौतमका पति ३४ वर्षीय ओमप्रसाद गौतमले ०५९ पुस २ गते अर्घाखाँचीकी रमा पन्थीसँग दोस्रो विवाह गरे। पीडित कमला शिक्षक तालिम सकेर भैरहवाबाट घर फर्कंदा उनका पतिले दोस्रो विवाह गरेका थिए। पीडितलाई सासु र नन्दले रातिदन गाली बेइज्जति गर्ने र खान लाउन नदिएपछि मानवअधिकार वर्ष पुस्तक जिल्ला प्रतिनिधि र आमा समूहको पहलमा घरमा खाने-बस्ने व्यवस्था मिलाइयो।

गैंडाकोट गाविस-१ की २६ वर्षीय जमुना सुवेदीका पति २६ वर्षीय पूर्णबहादुर सुवेदीले ०५९ फागुन ५ गते दरवार देविस्थान गाविसकी विष्णु टन्डनसँग दोस्रो विवाह गरे। सासु धनकला सुवेदीले हेला गरेर घरमा खान-बस्न नदिएका कारण जेठाजुको घरमा बस्दै आएको र सुत्केरी भएर माइतमा गई बसेको अवस्थामा पति विदेशबाट आई दोस्रो विवाह गरेका थिए। पीडितलाई घरमा सासुले पस्न र बस्न नदिएकाले ११ महिनाकी छोरीसहित माइतमा बस्दै आएकी छिन्।

दिगाम गाविस-६ की ५३ वर्षीय दमन्ती खनाललाई उनका छोरा ३४ वर्षीय जगन्नाथ खनाल र बुहारी ३२ वर्षीय शारदा खनालले घरबाट निकाली खान बस्न नदिएका कारण ०५९ फागुन ११ गते जिल्ला अदालतमा अंश मुद्दा दायर गरिन्। पीडितले आफू ०५६ असोजदेखि विधुवा भएका कारण छोरा बुहारीले हेला गरी घरबाट निकालिदिएको बताइन।

तम्घास गाविस-२ की २० वर्षीय माया कुँवरलाई ०५९ चैत २१ गते आफ्नै सासु ४५ वर्षीय मीना कुँवरले घरमा पस्न नदिएका कारण भैंसी गोठमा बसेर रात काटिन्। मायालाई ०५९ भदौ १२ गते सासु मिनाले मायाले लगाउने कपडा, विस्तारा र पढ्ने पुस्तकहरु समेत जलाइदिएर घरबाट निकाली दिएका कारण आफ्नो पतिसँग भेट्न भारत गएकी र त्यहाँ पनि पतिले बेवास्ता गरेका कारण फर्केर माइतीमा आई बसेकी छन्। उनी सुत्केरी भई छोरा जन्मिएको नौ दिनपछि माइतीहरुले उनलाई घरमा छोड्न जाँदा सासुले घरमा पस्न दिइनन्। अर्को दिन पनि पीडकले मायालाई घरभित्र पस्न नदिई सुत्केरी बस्ने यहीं हो भनी खोल्सामा टिनको छाप्रो हालिदिएपछि आमा समूह र इन्सेक मानवअधिकार वर्ष पुस्तक जिल्ला प्रतिनिधिको पहलमा मायाको छोरालाई उनको घर-आँगनमा न्वारान गराई घरको एउटा कोठामा बस्ने व्यवस्था मिलाइयो। त्यसपछि पनि सासुले गाली गर्ने र ट्वाइलेटमा साँचो लगाएर जान नदिने गरेकाले मायाले प्रमुख जिल्ला अधिकारीसमक्ष उजुरी गरिन्। प्रहरीको सहयोगमा मायालाई पुन: घरमा बस्ने व्यवस्था मिलाइयो। फेरि पनि सासुले खान बस्न नदिएका कारण उनी पुन: माइती घरमा गई बसेकी छन्।

तम्घास गाविस-१ का ३६ वर्षीय सूर्यबहादुर बस्नेतले घरमा पत्नी र ५ वटी छोरी हुँदाहुँदै छोरा नभएको भनी ०६० जेठ ३ गते लिम्घा गाविसकी कमलासँग दोस्रो विवाह गरे। जेठी पत्नीले पटक-पटक आग्रह गर्दा पनि पतिले आफ्नो नागरिकता बनाइदिने र छोरीहरुको जन्म दर्ता गर्ने काम नगरेको र पतिले आफूलाई मानसिक यातना दिने गरेको कुरा पीडितले बताइन्।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार जातीय छुवाछूत समेत

तम्घास गाविस-३ की ३४ वर्षीय उजेली विश्वकर्मालाई ०६० असार १ गते सोही ठाउँका भोजेन्द्र श्रेष्ठ र उनकी भाउजुले धारामा पानी थाप्दा गाग्रो छोइयो भनेर कुटपिट गरे। पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। दुवै पक्षलाई प्रहरी कार्यालयमा बोलाई आइन्दा त्यस्तो नगर्ने शर्तमा मिलापत्र भयो।

अर्खले गाविस-९ की शिक्षिका मामोनी सुनारलाई ०६० पुस १२ गते उत्पीडित जाति भएका कारण सोही गाविस-७ का चिरन्जीवी मरासिनीले टिका लगाइदिन अस्वीकार गरे। उक्त दिन उनले पढाउने बुद्ध निमाविमा वार्षिक उत्सव र सरस्वती पूजा आयोजना गरिएको थियो। पूजामा अन्य शिक्षकहरुसँगै टिका थाप्न लामबद्ध बनेकी शिक्षिका मामोनीलाई छोडेर गुरुले अन्य उपल्लो जातका भनिने शिक्षक शिक्षिकाहरुलाई मात्र टिका लगाइदिएका थिए।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

माओवादीले गरेका अपहरण, कुटपिट, तोडफोड आदिको बारेमा विभिन्न राजनीतिक दलहरुले प्रेस विज्ञप्ति जारी गरे। जनमोर्चा नेपालद्वारा माओवादीले आफ्ना कार्यकर्तामाथि गरेको अपहरण, कुटपिट आदि

क्रियाकलापको विरोधमा जिल्लाका विभिन्न भागमा भण्डाफोर कार्यक्रम आयोजना गरी विरोध सभाहरु भए।

संरचना क्षति

तम्घास गाविस-३ स्थित पश्चिमाञ्चल क्षेत्रीय सिंचाई सब-डिभिजनल कार्यालयमा ०६० भदौ ३१ गते साँझ माओवादीले बम विस्फोट गराई भुईंतलाका सबै कोठा र पहिलो तलाका २ कोठा गरी ८ कोठा, कार्यालयका सबै फर्निचर, कम्प्यूटर र टेलिभिजन ध्वस्त गराउँदा २५ लाख रुपैयाँ बराबरको क्षति भयो।

तम्घास गाविस-३ स्थित घरेलु तथा साना उद्योग विकास समितिको शाखा कार्यालयमा ०६० असोज ६ गते साँझ ६:५० बजे माओवादीले बम विस्फोट गराउँदा कार्यालय सहायक ४० वर्षीय प्रेमबहादुर मगरको आँखा र कानमा चोट लाग्यो। उक्त विस्फोटबाट भवन पछाडिको ट्वाइलेट, बाथरुम र भऱ्याङ क्षति भयो।

वीरबास गाविसको केही कागजपत्रहरु ०६० असोज ६ गते माओवादीले जलाएर मालपोत नउठाउन गाविस सचिवलाई धम्की दिए।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष झुण्डिएर ७ पुरुष र ८ महिला, विष सेवन गरेर १ पुरुष र २ महिला तथा खोलामा हाम्फालेर १ पुरुषले आत्महत्या गरे। सवारी दुर्घटनामा १० पुरुषको मृत्यु भयो। बेवारिसे अवस्थामा ४ पुरुषको लास फेला पऱ्यो। पहिरोले पुरिएर ३ पुरुष र ७ महिलाको मृत्यु भयो। आगलागी र चोरीका २/२ वटा घटना भए।

विगतको अनुगमन

घमिर गाविस-८ स्थित जंगलमा ०५९ जेठ २८ गते सुरक्षाकर्मीको गोलीबाट एकजना माओवादी कार्यकर्ताको मृत्यु भएको भनिएकोमा उक्त दिन सोही ठाउँमा कसैको मृत्यु नभएको तथ्य खुल्न आयो।

दाङ जिल्ला गढवा गाविस-३ का २१ वर्षीय सुनिल विश्वकर्मालाई माओवादीको आरोपमा ०५८ पुस ७ गते सुरक्षाकर्मीले वीरबास गाविस-१ बाखेबाट गिरफ्तार गरेकोमा सैनिक हिरासत र जेलमा राखी ०६० वैशाख ६ गते तम्घास जेलबाट रिहा गरे।

फोक्सिङ गाविस-४ का ३० वर्षीय प्रेम विश्वकर्मालाई माओवादीको आरोपमा ०५९ जेठ ७ गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरिएकोमा बेपत्ता पारिएको छ।

३.१३ बाग्लुङ



जनसंख्या	:२६८९३७
साक्षरता प्रतिशत	:५५.२१
महिला साक्षरता प्रतिशत	:४६.२५
क्षेत्रफल (वर्ग कि.मी.)	:१७८४
गाविस/नपा संख्या	:५९/१
निर्वाचन क्षेत्र	:३
विद्यालय	:४९०
क्याम्पस/उच्च मावि	:१/१२
अस्पताल/स्वास्थ्य चौकी	:२/६६
टेलिफोन लाइन	:१३००
मोटर सडक (कि.मी.)	:३५
प्रहरी कार्यालय संख्या	:५
हुलाक संख्या	:६२
मानव विकास सूचकांक	:०.३२६
प्रति एक डाक्टर जनसंख्या	:४९४४२
प्रति परिवार सरदर संख्या	:५.०१

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

रुकुम जिल्ला बाफिकोट गाविसका माओवादी कार्यकर्ता अभिनय भनिने चन्द्रबहादुर खड्कालाई ०६० भदौ १५ गते नेपाल बैंक लिमिटेड, बाग्लुङ लुट्ने असफल प्रयासपछि भाग्ने क्रममा बाग्लुङ नपा-४ रातमाटाबाट सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिए। पीडितलाई २ दिनपछि बेलुका ८:३० बजे सोही नपा-५ रातमाटा जीवे ढुंगामा लगी सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

तित्याङ गाविस-८ कुमालडाँडाका ५० वर्षीय लालबहादुर थापालाई ०६० कार्तिक २ गते खड्गदल

गुल्मबाट गएका सुरक्षाकर्मीको टोलीले शंकास्पद ठानी गोली प्रहार गर्दा मृत्यु भयो। पीडित मानसिक असन्तुलनका कारण १०-१२ वर्षदेखि भीर, ओडारमा बस्दै आएका थिए।

माओवादीका जिल्ला सदस्य हरिया गाविस-२ का रवी भनिने गुरुप्रसाद रेग्मी, दलित मुक्ति मोर्चा एरिया समिति, प्युठानका सदस्य शिखर भनिने शंकर विक र माओवादी एरिया समिति, प्युठानका उपाध्यक्ष बलदेव शर्मालाई जनविद्रोह अभियानको सिलसिलामा नरेठाँटी गाविस-७ फायरखेतमा पुगेको अवस्थामा ०६० कार्तिक ५ गते बिहान हटिया गाविसबाट गस्तीमा गएका सुरक्षाकर्मीले गोली प्रहार गर्दा मृत्यु भयो।

माओवादीबाट

बोहोरागाउँ गाविस-५ का १२ वर्षीय भुपेन्द्र कुँवर र ८ वर्षीय शेरबहादुर कुँवरलाई ०५९ फागुन ६ गते सोही गाविस-४ स्थित बोहोरागाउँ प्राविचौरमा खेलिरहेको अवस्थामा माओवादीको एसएलआर बन्दुक पड्कँदा पेट र मुटुमा गोली लागी मृत्यु भयो। माओवादीले पीडितका परिवारसँग क्षमायाचना गरी शहीद घोषणा गर्दै २-२ हजार रुपैयाँ क्षतिपूर्ति दिन खोज्दा पीडित पक्षबाट इन्कार गरियो। उक्त घटनाको विरोधमा जनमोर्चा नेपालले एक विरोध सभाको आयोजना गर्‍यो।

देविस्थान गाविस-९ घइरेनीका खलबहादुर मल्ललाई ०६० भदौ १० गते राति डिलबहादुर कार्कीको हत्याको विषयमा अनुसन्धान गर्न भनी माओवादीले अपहरण गरी बेपत्ता पारे। पीडितका आफन्त र सुरक्षा निकायको खोजतलासका क्रममा ०६० भदौ २५ गते बोहोरागाउँ गाविस-१ स्थित गोठमा झुण्डिएर मुखबाट रगत बगेको अवस्थामा पीडितको लास फेला पर्‍यो। माओवादीले उक्त घटनाको बारेमा एक विज्ञप्तिमार्फत अनुसन्धानको लागि जनहिरासतमा लिइएको र कोही नभएको मौका पारी पीडितले आफै आत्महत्या गरेको भनी खण्डन गरे पनि उक्त हत्या माओवादीले नै गरेको हो भन्ने पीडित पक्षको दाबी रह्‍यो।

मल्म गाविस-८ का पूर्व गाविस उपाध्यक्ष कृष्णबहादुर थापालाई सुराकीको आरोपमा ०६० भदौ २६ गते बेलुका माओवादीले हत्या गरे। उक्त घटनाको विरोधमा नेकाँले एक विज्ञप्ति जारी गर्‍यो।

अन्य

देविस्थान गाविस-४ का पूर्व गाविस उपाध्यक्ष डिलबहादुर कार्कीलाई ०६० असार ११ गते राति अज्ञात व्यक्तिले हत्या गरे। उक्त घटनाका बारेमा माओवादी जिल्ला जनसरकार प्रमुख चन्द्रबहादुर बुढाले आफ्नो पार्टीको संलग्नता नरहेको बताए। सोही घटनामा संलग्न रहेको आरोपमा देविस्थान गाविस-४ का चुडाबहादुर कार्कीलाई असार १७ गते सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी अदालतको आदेशानुसार थुनामा राखी कारवाही चलाइयो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

खडगदल गुल्म वाग्लुङमा कार्यरत सैनिक जवान मोतिलाल कुमाल र तेजप्रसाद खनाल ०६० कार्तिक १० गते बेलुका सर्च अभियानको गस्तीबाट फर्की कोतमा हतियार राख्ने क्रममा ब्लस फायरिङ हुँदा गोली लागी घाइते भए। पीडितहरुको उपचार मणिपाल शिक्षण अस्पताल, पोखरामा गरियो।

माओवादीबाट

बोहोरागाउँ गाविस-४ दमैटोलका ११ वर्षीय गणेश नेपाली ०५९ फागुन ६ गते माओवादी लापर्वाहीका कारण चलेको गोली लागी घाइते भए। उक्त घटनाको माफी माग्दै १० हजार सहयोग गर्ने भन्ने माओवादीको आग्रहलाई पीडित पक्षले अस्वीकार गरे। घटनाको विरोधस्वरुप जनमोर्चा नेपालले सो स्थानमा एक विरोध सभा गर्‍यो।

पर्वत जिल्ला राम्जादेउराली गाविस घर भई नेपाल बैंक लिमिटेड, वाग्लुङमा कार्यरत खजान्ची ५४ वर्षीय मेघनाथ शर्मालाई ०६० भदौ १५ गते माओवादीले बैंक लुट्न गोली हानी घाइते बनाए। पीडितको उपचार गण्डकी अस्पतालमा भयो।

खडक दल गुल्मका एक सैनिक ०६० भदौ ३१ गते बिहान ६:३० बजे वाग्लुङ नपा-४ रात्माटास्थित सरस्वती मन्दिरमा माओवादीले एम्बुस विस्फोट गराउँदा घाइते भए। पीडितको उपचार पोखरामा भयो।

जेल र बन्दीहरू

'घ' श्रेणीको वाग्लुङ जेलको बन्दी क्षमता २५ जनाको हो। हाल यस जेलमा ३३ जना बन्दी छन् जसमध्ये १० पुरुष र २ महिला गरी १२ कैद नतोकिएका तथा १८ पुरुष र ३ महिला गरी २१ कैद तोकिएका बन्दी छन्। बन्दी महिलाका एक जना नाबालक पनि छन्। माओवादीसँग सम्बन्धित १ महिला र ३ पुरुष छन्। वाग्लुङ उद्योग वाणिज्य संघ र घरेलु तथा साना उद्योग कार्यालयको आयोजनामा बन्दीहरुलाई तीन महिने ढाका बुनाई तालिम संचालन गरिएको छ।

बेपत्ता / अपहरण

माओवादीबाट

बिहुँ गाविस-३ ज्यामिरेका २८ वर्षीय फुलनाथ शर्मालाई सुराकीको आरोपमा ०५९ पुस २३ गते माओवादीले अपहरण गरे। पीडितलाई ०५९ पुस २९ गते भाग्न खोजेको भनी कुटपिट गरेर दायाँ हात भाँचिदिए। पीडितको गण्डकी अञ्चल अस्पताल पोखरामा उपचार गरियो।

राजकुत गाविस-३ का खुङ्गा गाविस सचिव ४२ वर्षीय कर्णबहादुर कुँवरलाई ०५९ माघ १० गते सोही गाविस-७ हुन्द्राफेदीबाट माओवादीले अपहरण गरे। पीडितलाई गाविसको काम नगर्न चेतावनी दिएको पीडितले बताए। सरकारको घुम्ती सेवामा नगएको आरोपमा पीडितको केही समयको तलब जिविसबाट रोक्का भएको भनियो।

बुर्तिवाङ गाविस-४ का २४ वर्षीय नरबहादुर कुमाललाई सुराकीको आरोपमा ०५९ माघ ५ गते साँझ माओवादीले अपहरण गरे। पीडित भागेर सदरमुकाम आए।

पाला गाविस-९ दानविसौनाका २८ वर्षीय कुमारबहादुर चर्मकारलाई चोरी गरेको आरोपमा ०५९ फागुन ९ गते माओवादीले अपहरण गरी भोलिपल्ट जरिवाना गरी मुक्त गरे।

ग्वालीचौर गाविस-४ का २३ वर्षीय जीवलाल खरेल र सोही गाविस-६ का हरिदत्त आचार्यलाई आफूहरुलाई नसोधी विकास कार्यक्रमको सम्झौता गरेको आरोपमा ०६० साउन २९ गते माइक्रो हाइड्रो संचालन गर्न गएको अवस्थामा माओवादीले अपहरण गरे। माओवादीले जीवलाललाई मानवअधिकार संस्था शान्ति समाजको सदस्य भई नेविसंघको राजनीति नगर्न चेतावनी दिए। पीडितहरुलाई ५१ घण्टापछि ०६० साउन ३१ गते मुक्त गरियो।

ब्रिटिश गोरखा सैनिकमा भर्ना हुन इच्छुक युवाको प्रारम्भिक छनौटका लागि लेखानी गाविस गई युवा छनौट गर्दै गरेका बेलायती नागरिक कर्णेल ग्रिफिथ, मेजर बालकृष्ण गुरुङ, गल्ला कर्णबहादुर काउचा र भरिया प्रेमबहादुर तामाङलाई ०६० कार्तिक २ गते माओवादीले अपहरण गरे। पीडितहरुको सकुशल रिहाइका लागि बेलायती दुतावासले आग्रह गऱ्यो। युवा छनौट नगर्ने शर्तमा कार्तिक ४ गते बिहान बिहुँ गाविसस्थित अमर माविबाट पीडितलाई मुक्त गरियो।

पैयुँपाटा गाविस-७ बाँस्कोटका ६७ वर्षीय लक्ष्मीप्रसाद पौडेललाई जनता मावि नारायणस्थानको जग्गाको सम्बन्धमा सोधपुछ गर्न ०६० कार्तिक ३ गते माओवादीले अपहरण गरी ६ दिनपछि मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

बाग्लुङ नपा-४ सुन्डाँडाका ३६ वर्षीय अरुण श्रेष्ठलाई माओवादीलाई होच्याएर बोलेको आरोपमा ०६० भदौ १५ गते घरायसी कामको सिलसिलामा पाला गाविस-५ करिना गएको अवस्थामा माओवादीले कुटपिट गरे।

मल्म गाविस-८ आँगाखेतका ६० वर्षीय स्वास्थ्यकर्मी दुर्गाबहादुर थापालाई ०६० भदौ २१ गते राति माओवादीले कुटपिट गरी खुट्टा भाँचिदिए। पीडितको

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित							राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	२	१	१	२	४	५	५	४	५	१		६
घाइते					३	३	३	३	४	१		५
गिरफ्तारी / यातना								५	१७	१		१८
कुटपिट					२	३	३	१	१			१
धम्की					१	१	१					
भेला / संगठित हुने अधिकार								१			१	१
जातीय विभेद	२	१	३	४								
महिलाअधिकार	२		२	२								
बालअधिकार	१	१		१								
अपहरण					८	१३	१३					
जम्मा	७	३	६	९	१८	२५	२५	१४	२७	३	१	३१

उपचार शिक्षण अस्पताल, काठमाडौंमा गरियो। पीडितलाई राज्यपक्षबाट माओवादीलाई उपचार गरेको भनी गिरफ्तार गरी एक महिना बेपत्ता पारिएको थियो। सोही दिन सोही ठाउँका शिक्षक टेकबहादुर थापालाई पनि माओवादीले कुटपिट गरी नसुध्रेमा खतरा हुने चेतावनी दिए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

अनेरास्ववियु (एकीकृत) जिल्ला समितिद्वारा आयोजित शैक्षिक संस्थामा कालो झण्डा गाड्न ०५९ माघ १३ गते दिउँसो २:२५ बजे निस्किएको विद्यार्थी जुलुसमाथि अगाडि बढेमा लाठिचार्ज गर्ने धम्की दिई महेन्द्र पथमा प्रहरीले झण्डा खोसे। विद्यार्थीहरुले महेन्द्र क्याम्पस गई कार्यक्रम सम्पन्न गरेपछि क्याम्पसमा गाडिएको कालो झण्डा प्रहरीले निकाले।

पाँच राजनीतिक दलहरुले ०६० वैशाख २९ गते आयोजित ब्लाक आउट कार्यक्रमका बेला निकालिएको जुलुसमाथि प्रहरीले हस्तक्षेप गरी एमाले जिल्ला कमिटी सचिव श्रीप्रसाद शर्मालाई गिरफ्तार गरे भने एमाले केन्द्रीय सदस्य रामजीप्रसाद शर्मा, एमाले जिल्ला कमिटी सदस्यहरु जनक पौडेल र डिल्लीराज गौतम, अनेरास्ववियु (एकीकृत) का केन्द्रीय सदस्य हेमराज आचार्य, सोही संगठनका अनबहादुर विक, प्ररायुसंघ जिल्ला सचिव शालिकराम शर्मा र नेकाँ (प्रजातान्त्रिक) का तेजेन्द्र थापालाई गिरफ्तार गरे। पीडितहरुलाई ३० गते रिहा गरियो।

विद्यामन्दिर माविका शिक्षक तथा शिक्षक संघका जिल्ला अध्यक्ष जगन्नाथ आचार्य, त्रिभुवन मावि पैयुवाटाका शिक्षक राजु पौडेल र नारायण शर्मा र साग्दी प्रावि बाटाकाचौरका शिर्षक पूर्ण न्यौपानेलाई ०६० मंसिर २६ गते संयुक्त शिक्षक आन्दोलनको क्रममा शिक्षा कार्यालय घेराउ तथा धर्ना कार्यक्रमको सिलसिलामा प्रहरीले लाठिचार्ज गरी गिरफ्तार गरे। प्रहरीको लाठिचार्जमा परी राजु पौडेल र रविप्रसाद शर्मा घाइते भए। पीडितहरुलाई दुई दिनपछि रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा कूल १ सय ५७ वटा मुद्दा बाँकी छन्। तीमध्ये दुनियावादी देवानी १ सय १४, दुनियावादी फौज्दारी २९ र सरकारवादी फौज्दारी १४ वटा छन्। एटा कर्तव्यज्यानसम्बन्धी मुद्दा प्रतिवादी फरार रहेका कारण तीन वर्ष नाघेको छ भने दुई वर्ष नाघेका फौज्दारी मुद्दा २ वटा छन्। यस वर्ष देवानी तर्फ १ सय १८ मुद्दा परी ४० वटा फर्स्यौट भए भने ७८ बाँकी छन्। दुनियावादी फौज्दारीतर्फ २३ वटा दर्ता भई ७ वटा फर्स्यौट भई १६ बाँकी छन्। सरकारवादी फौज्दारीतर्फ १२ वटा दर्ता भई २ वटा फर्स्यौट भए भने १० वटा बाँकी छन्।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड
गिरफ्तारी र यातना

दाङ जिल्ला बिजौरी गाविस-४ का विश्व नेपाली र म्याग्दी जिल्ला बरंजा गाविस-१ का रुद्रप्रसाद सापकोटालाई ०६० साउन २८ गते बुर्तिबाङ गाविसस्थित सिमलचौरबाट भिमगिठेबाट गएका सुरक्षाकर्मीले गिरफ्तार गरे। भदौ ५ गते माओवादी जिल्ला सचिव किरणले पीडितको रिहाइको माग गर्दै विज्ञप्ति जारी गरे। भदौ २४ गतेदेखि सार्वजनिक अपराध मुद्दामा थुनामा राखियो।

वाग्लुङ नपा-४ रात्माटाकी ३० वर्षीय सितादेवी शर्मा र उनकै पति नन्दराम शर्मालाई ०६० भदौ ३१ गते बिहान सोही ठाउँस्थित सैनिक चेकपोष्टमा एम्बुस पड्काउने माओवादी नदेखाएको आरोपमा खडग दल गुल्मका सुरक्षाकर्मीले गिरफ्तार गरे। नन्दरामलाई कुटपिट समेत गरिएको थियो। पीडितहरुमध्ये नन्दरामलाई दिउँसो रिहा गरियो भने सितादेवीलाई असोज २ गते रिहा गरियो। सोही घटनालाई लिएर सोही नपा-२ का २९ वर्षीय उमाशंकर सापकोटालाई ०६० भदौ ३१ गते सोही नपा-५ बोक्सेबाट सुरक्षाकर्मीले कुटपिट गर्दै गिरफ्तार गरी बाटोमा फालिएको जुत्ता बोकाएर यातना दिँदै सैनिक क्याम्प लगे।

हरिचौर गाविस-९ का अखिल अनेकिसंघ (क्रान्तिकारी) का जिल्ला सचिव तिलक उप्रेती र रुकुम जिल्ला विजयश्वरी गाविस-१ की अनेमसंघ (क्रान्तिकारी) एरिया सदस्य दिला शर्मालाई ०६० कार्तिक ५ गते हटियाबाट गएका सुरक्षाकर्मीको गस्ती टोलीले गिरफ्तार गरी यातना दिए। पीडितहरुलाई मंसिर २ गतेदेखि आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐनअन्तर्गत नजरबन्दमा राखियो।

बालअधिकार

कुश्मीशेरा गाविस-४ की १६ वर्षीय पूर्णकला पौडेललाई ०६० पुस ४ गते रामडाँडा गाविस-७ ओखलेस्थित दिदीको घरमा गएको अवस्थामा रायडाँडा गाविस-७ भगराका ३० वर्षीय लाटा महेन्द्र सापकोटासँग विवाह गराइयो। केटीको परिवारबाट जोगाउन दुवैलाई तनहुँ पठाइयो। उक्त कुरा केटीका दाजु पदमराम पौडेलले थाहा पाई खोज्दै जाँदा तनहुँमा फेला पारेपछि जिल्ला प्रहरी कार्यालय, वाग्लुङमा रायडाँडा गाविस-७ भगराकी टीकादेवी सापकोटा र अमलाचौर गाविस-५ का विष्णु पुलामीको मिलोमतोमा बाल विवाह गराइयो भन्ने उजुरी दिएपछि उनीहरुलाई वाग्लुङ जिल्ला अदालतबाट जनही ८

हजार रुपैयाँ धरौटी लिई रिहा गरियो। अदालतमा पीडित पूर्णकलाले फकाएको कारण मन्जुर गरेको तर लाटासँग बस्न नसक्ने हुँदा विवाह गर्दिन भनेकी थिइन्, पीडितको मानसिक निर्णय गर्ने क्षमता नभई सुस्त मनस्थितिकी छिन्। पीडितका दाजुले पीडितको उमेर १३ वर्ष भएको दावी गरेको भए पनि मेडिकल रिपोर्टमा उनको उमेर १४ देखि १८ वर्ष उल्लेख गरिएको पाइन्छ।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दुर्व्यवहार

वाग्लुङ नपा-३ गुठिकी जिल्ला बाल कल्याण समितिमा सहायक पदमा कार्यरत एक युवतीलाई कास्की पोखरा घर भई जिल्ला प्रशासन कार्यालय, वाग्लुङमा कार्यरत सहायक प्रमुख जिल्ला अधिकारी राजेन्द्रराज अधिकारीले यौन शोषण गर्दै आएकोमा गर्भ रही ०६० माघ ११ गते कास्की जिल्ला पोखरास्थित फेवासिटी अस्पतालमा गर्भपतन गराउँदा प्रहरीले गिरफ्तार गरे। दुवैले विवाह गरिसकेको भनी छुटेपछि पीडकले पीडितसँग कुनै सम्बन्ध नरहेको भन्ने कागज गराई नेपालगञ्ज सरुवा भएपछि पीडितले करकापले कागज गराएको भनी वाग्लुङ जिल्ला अदालतमा उजुरी गरिन्।

नारायणस्थान गाविस-२ की १९ वर्षीय एक महिलालाई ०६० जेठ २७ गते दिउँसो २ बजे सप्तरी जिल्ला घर भई चण्डिका प्रहरी गण, पर्वतमा कार्यरत प्रहरी हवल्दार सुरेन्द्रप्रसाद यादवले पैयुँपाटा गाविस-७ स्थित तहै वनमा बलात्कार गर्ने प्रयास गरे। पीडित चिच्याउँदै भागेपछि पीडकले लखेटे। सोक्रममा पीडित लड्दा दायाँ कोखामा घाउ लाग्यो। पीडक भाग्दै गर्दा बटुवाले समाती प्रहरीमा बुझाएपछि ज्यानमार्ने उद्योगमा कारवाही चलाइयो।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूत समेत

रायडाँडा गाविस-६ स्थित सार्वजनिक सरस्वती मन्दिरमा रायडाँडाका तल्लो जाति भनिनेहरुले ०५९ माघ २३ गते पूजा गर्न खोज्दा सोही ठाउँस्थित मन्दिरका पुजारी लक्ष्मण गौतम र लालिगुराँस महिला समूहका अध्यक्ष कृष्णकुमारी केसीले मन्दिर पस्न दिएनन्। पीडितहरुले मन्दिर प्रवेश गर्न खोजेमा कुटपिट गर्ने धम्कीसमेत दिइयो। पीडितहरुले गाविस सचिवसमक्ष निवेदन दिए। गाविसबाट न्याय नपाएपछि जिल्ला अदालतमा छुवाछूतसम्बन्धी मुद्दा दर्ता गरे। पीडित र पीडकको समझदारी भई मिलापत्र गरियो।

वाग्लुङ नपा-६ ढाडखवारा घर भई सोही नपा-२ महेन्द्रपथ डेरा गरी बस्ने ३ वर्षीय पुनम सुनारलाई पानी छोएको आरोपमा ०५९ चैत १३ गते सोही ठाउँका हेमा श्रेष्ठसँग झगडा भयो। सोही झगडाको कारण दिलबहादुर श्रेष्ठ र हेमा श्रेष्ठले पीडितकी आमा हरिकला सुनार र देवी विकलाई धनमाल लुटिदिए भनी प्रहरीमा ठाडो उजुरी दिए। प्रहरी कार्यालयमा छलफल हुँदा पीडितको गल्ती नदेखिएपछि पीडकलाई सम्झाएर पीडितलाई फेरी आउने शर्तमा रिहा गरियो।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष व्यक्तिगत हत्याका ४ घटनामा २ पुरुष, १ महिला र १ बालिका पीडित भए। ९ पुरुष र ३ महिला गरी १२ जनाले आत्महत्या गरे। भीरबाट खसी २ जना, नदीले बगाएर १ जना तथा अरिंगालले टोकेर १ जनाको मृत्यु भयो। ट्राफिक दुर्घटनाका घटनामा २ जनाको मृत्यु र ५ जना घाइते भए।

३.१४ पर्वत



जनसंख्या	:१८२१११
साक्षरता प्रतिशत	:६७
महिला साक्षरता प्रतिशत	:५६
क्षेत्रफल (वर्ग कि.मी.)	:४९४
गाविस/नपा संख्या	:५५/०
निर्वाचन क्षेत्र	:२
विद्यालय	:३२७
क्याम्पस/उच्च मावि	:३/९
अस्पताल/स्वास्थ्य चौकी	: २/५७
टेलिफोन लाइन	:५२०
मोटर सडक (कि.मी.)	:२२६
प्रहरी कार्यालय संख्या	:४
हुलाक संख्या	:५६
मानव विकास सूचकांक	:०.३५७
प्रति एक डाक्टर जनसंख्या	:५२६०९
प्रति परिवार सरदर संख्या	:४.८२

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

क्याङ्ग गाविस-४ लेसपारमा माओवादीले चन्दा संकलन र प्रचार-प्रसार गरी हिंडिरहेको अवस्थामा ०६० मंसिर २२ गते कार्किनेटा गाविस-७ का ३२ वर्षीय नवीन भनिने हरिप्रसाद शर्मा र धाइरिङ् गाविस- ९ की १९ वर्षीय शर्मिला भनिने उजेली अधिकारी सुरक्षाकर्मीलाई देखेर विद्यालय नजिकै खोल्सातिर भाग्दा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

पाङ गाविस-१ सहस्रधाराकी १४ वर्षीय सृजना सुवेदीलाई ०५९ चैत ३० गते वाग्लुङ महोत्सवबाट फर्की आउँदा वाग्लुङ र पर्वतको सिमानामा पर्ने मालढुंगामा खड्गदल गुल्मका सैनिक जवान सूर्य खड्काले गोली हानी बगरमा फ्याँके। पीडितलाई उपचारका लागि काठमाडौं लगियो। पीडकलाई आन्तरिक कारवाही गरिएको गुल्मपति प्रेमध्वज अधिकारीले बताए। उक्त घटनाको बारेमा विभिन्न संगठनहरु, अनेरास्ववियु (एकीकृत), अनेरास्ववियु (क्रान्तिकारी), नेविसंघले आचारसंहिताको उल्लंघन गरी गोली प्रहार गर्नेलाई कारवाहीको माग सहित अपिल जारी गरे।

शालिजा गाविसमा ०६० भदौ २० गते शालिजा मावि‌मा कक्षा ६ मा अध्ययनरत १४ वर्षीय रामु रेग्मी सुरक्षाकर्मीले हेलिकप्टरबाट प्रहार गरेको बम लागि घाइते भइन्। स्थानीय एक घर क्षतिग्रस्त भयो।

कार्कीनेटा गाविस-७ की ४८ वर्षीय मिना पौडेल ०६० मंसिर २ गते सुरक्षाकर्मीले प्रहार गरेको गोली दायाँ पाखुरा र टाउकोमा लागी घाइते भइन्।

जेल र बन्दीहरु

पर्वत जेल “घ” श्रेणीको हो। २५ जना बन्दी क्षमता भएको यो जेलमा हाल कैद तोकिएका ३ महिला सहित १४ जना र नतोकिएका ८ जना बन्दी छन्। यस वर्ष भौतिक सुधारको केही काम भएको छ। इन्सेक मानवअधिकार वर्ष पुस्तक जिल्ला प्रतिनिधि माधवराज पाण्डेको पहलमा विश्व मानवअधिकार दिवसको अवसरमा जिविसले भलिवल र नेट, हरियाली पार्टीका जिल्ला अध्यक्ष प्रकाश पौडेलले चेसबोर्ड र सिविआर वाग्लुङ्गका पदम थापाबाट लुडो सहयोग भयो। बन्दीहरुले आफैं रकम उठाएर टीभी र मासिक केवुलको रकम बुझाइरहेका छन्। बन्दी चन्द्र मल्लको अध्यक्षतामा मासिक ५ रुपैयाँका दरले सामुहिक वचत गरिरहेका छन्। हाल पत्रिकाको व्यवस्था नभएको बन्दीहरुको गुनासो छ।

बेपत्ता / अपहरण

माओवादीबाट

बेउलीवास गाविस-३ का गोमनसिह थापा, लिटल थापा र रेशम थापालाई रोशन रानाको हत्याको आरोपमा ०६० जेठ ५ गते हुवास गाविस-३ बाट तथा सोही आरोपमा बेउलीवास गाविस-३ का डिलप्रताप सेन, लक्ष्मण सेन, रामबहादुर थापा, दीपक थापा र धनबहादुर रानालाई जेठ ६ गते माओवादीले अपहरण गरे। माओवादीले रोशन रानाको परिवारलाई दुई लाख रुपैयाँ दिनुपर्ने, दुई दिन श्रमदान गर्ने र गाउँ छोडी बाहिर जान नपाउने गरी ०६० असार २८ गते मुक्त गरे। सोही घटनामा संलग्न ५ जना ०६० मंसिरमा विदेश गए।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	३	३		३					२	३		३
घाइते	१	२		२					२	१	१	२
गिरपतारी/यातना									१०	१७		१७
कुटपिट	७	९	२	११	२	३		३				
धम्की					२	३		३				
महिलाअधिकार	११		११	११								
बालअधिकार	१		१	१					१		१	१
अपहरण	१		१	१	१२	१९	३	२२				
जम्मा	२४	१४	१५	२९	१६	२५	३	२८	१५	२१	२	२३

बाच्छा गाविस-४ का १६ वर्षीय रामबहादुर कोइराला र १५ वर्षीय शोभा गुरुङलाई ०६० भदौ १ गते माओवादीले घरबाट अपहरण गरे।

थापाठाना गाविस-६ का त्रिभुवन उच्च माविका प्राचार्य ठाकुरप्रसाद शर्मालाई ०६० भदौ ३० गते विद्यालयबाट माओवादीले "केही बुझ्न छ" भनी अपहरण गरेकोमा भोलिपल्ट मुक्त गरे।

त्रिवेणी गाविस-१ का नेपाल तरुण दलका जिल्ला अध्यक्ष भीमसेन गुरुङलाई ०६० असोज ४ गते "केही बुझ्नुछ" भनी माओवादीले अपहरण गरी असोज ७ गते मुक्त गरे। पीडितलाई वालिङ-हुवास मोटरबाटोमा उठाइने चुङ्गी कर नउठाउन माओवादीले उर्दी जारी गरे।

त्रिवेणी गाविस-४ का भूपू ब्रिटिश आर्मीका ५५ वर्षीय डिलबहादुर थापालाई नेपाली युवा शक्तिलाई विदेशमा लैजान र भाडाका सैनिकमा भर्ति गराउन रोकथाम गर्नका लागि भनेर ०६० असोज २५ गते लुंखु गाविसबाट माओवादीले अपहरण गरी कुटपिट गरे। पीडितलाई असोज २७ गते मुक्त गरियो।

देविस्थान गाविसका निर्मल जनसेवी उच्च माविका प्रधानाध्यापक ४९ वर्षीय चिरञ्जीवी पौडेललाई राजनीतिक असहमति जनाएको र चन्दा नदिएको आरोपमा ०६० असोज २७ गते माओवादीले अपहरण गरी असोज ३० गते मुक्त गरे।

लुंखु गाविस-३ का १९ वर्षीय शम्भु पौडेल र २२ वर्षीय जगत पौडेललाई ०६० कार्तिक १६ गते माओवादीले अपहरण गरे। जगत भागी भारततर्फ गए।

लुंखु गाविस-३ का ६० वर्षीय जानुभक्त पौडेल, ३८ वर्षीय लिलाधर पौडेल र १७ वर्षीय शिव पौडेललाई शिक्षक जयदेव पौडेलको हत्यामा संलग्न भएको आरोपमा ०६० कार्तिक १६ गते माओवादीले अपहरण गरी कार्तिक १८ गते मुक्त गरे।

ठूलीपोखरी गाविस-३ का ३८ वर्षीय रामप्रसाद लामिछानेलाई ०६० कार्तिक २४ गते माओवादीले अपहरण गरे। पीडितलाई माओवादीको गण्डक ३ नं. एरियाका बुद्धिजीवी फाँटका सदस्य समेतबाट राजिनामा गरी कार्तिक २१ गते पत्रकार सम्मेलन गरी माओवादी परित्याग गरेका कारण अपहरण गरिएको थियो। पीडित माओवादीको कब्जाबाट भागी भारत गए।

रानीपानी गाविस-१ का नेकाँका कार्यकर्ता ५९ वर्षीय बिजुला कुँवर र ५७ वर्षीय नन्दाकला न्यौपानेलाई ०६० मंसिर ३ गते माओवादीले अपहरण गरे। पीडितलाई मंसिर ६ गते मुक्त गरियो। पीडितलाई छोराहरु नगेन्द्र कुँवर, युवराज न्यौपानेलगायत्का ४ जनाले माओवादीबाट निर्माण गरिएको स्वागतद्वार साउनमा फालिदिएको र नयाँ सिमेन्टको निर्माण गर्ने मितिलाई वास्ता नगरेको कारण अपहरण गरिएको थियो।

माओवादीद्वारा अपहरण गरिएका सूर्यविक्रम महत

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

कार्कीनेटा गाविस-७ का देउराली प्राविका प्रधानाध्यापक मेघबहादुर विक र उनका छोरा दिपक विकलाई ०५९ पुस २५ गते माओवादीले विद्यालयमा गई शिक्षक पदबाट राजिनामा नदिए ज्यानमार्ने धम्की दिइएकोले जिल्ला शिक्षा शाखामा राजिनामा दिए। तर, राजिनामा स्वीकृत भएन। शिक्षकले विद्यालय संचालक समिति बोलाई छोरा दीपकलाई शिक्षकमा नियुक्ति मिलाएको र गाउँका युवकलाई विदेश पठाइदिने भनी रकम लिएको आरोप लगाइएको थियो।

ठानामौला गाविस-६ का ६६ वर्षीय बलबहादुर कुँवरलाई बुहारीलाई खान लाउन र बस्न नदिएको आरोपमा ०५९ माघ ६ गते माओवादीले कुटपिट गरे।

राम्जा देउराली गाविस-७ घर भई विश्वज्योति मावि, सिल्मीका शिक्षक एकनारायण तिमिल्सिनालाई चन्दा नदिएको र आदेश पालना नगरेको आरोपमा ०५९ माघ २८ गते पढाइरहेको अवस्थामा कक्षा ४ को कोठाबाट माओवादीले घोक्राउँदै कुटपिट गरी ज्यानमार्ने धम्की दिए।

शंकरपोखरी गाविसका माओवादीद्वारा घोषित गाजस उपप्रमुख दिलबहादुर विकर देविस्थान गाविस-९ का एरिया कमाण्डर रामचन्द्र घिमिरेलाई पार्टी हित विपरीत कार्य गरेको आरोपमा ०५९ फागुन २७ गते माओवादी छापामारहरुले मोसो दली जुत्ताको माला लगाई शंकरपोखरी थापाठाना हुँदै कार्कीनेटा लगी ६ महिनासम्म परीक्षणको लागि श्रम शिविरमा राखे।

कार्कीनेटा गाविस-५ का ३२ वर्षीय मोहनलाल श्रेष्ठलाई ०६० साउन १६ गते माओवादीले कुटपिट गर्नुका साथै ज्यानमार्ने धम्की दिए।

युगल फार्मेसीका मालिक अर्जुनकुमार श्रेष्ठको ना. ३ च ६९३१ को जीपको चाबी ०६० पुस १ गते माओवादीले खोसी तीन लाख रुपैयाँ माग गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

पर्वत जिल्ला अदालतमा जिम्मेवारी सरेर आएका ७१ वटा देवानी र यस वर्ष दर्ता भएका ३६ गरी जम्मा १ सय ७ वटा मुद्दा मध्ये २९ वटा फर्स्योट भई ७८ वटा बाँकी रहे।

दुनियावादी फौज्दारी मुद्दा जिम्मेवार सरेर आएका २९ र यस वर्ष दर्ता भएका ७ वटा गरी ३६ वटामध्ये १३ फर्स्यौट भई २३ बाँकी रहे। सरकारवादी ज्यानसम्बन्धी मुद्दा जिम्मेवार सरेर आएका ९ वटामध्ये यस वर्ष दर्ता भएका ६ वटा गरी १५ मध्ये दुई फर्स्यौट भई १३ बाँकी रहे। ३ वर्ष नाघेका ३ वटा देवानी र दुईवटा सरकारवादी मुद्दा छन्। दुई वर्ष नाघेका १० देवानी मुद्दा र ६ वटा सरकारवादी मुद्दा छन्। शिक्षक जयदेव पौडेलको हत्याको ज्यानसम्बन्धी मुद्दा हालसम्म दर्ता भएको छैन।

मालपोत कार्यालयले दाखेल खारेजतर्फ यस वर्ष २४ वटा दर्ता भएकोमध्ये २३ वटा फर्स्यौट भए। नामसारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका २४ र यस वर्ष दर्ता भएका सहित १ सय ३७ मध्ये १ सय ५ वटा फर्स्यौट भए। छुट जग्गा दर्ता जिम्मेवार सरेर आएका २ सय ७९ र यस वर्ष दर्ता भएका समेत ३ सय २ मध्ये १ सय ५४ वटा फर्स्यौट भए। नापीको समयमा उजुरी परेका १३ र यस वर्ष दर्ता भएका समेत २० मध्ये ४ वटा फर्स्यौट भए। हक सफातर्फ गत वर्षको २ मध्ये एउटा फर्स्यौट भई एउटा बाँकी रह्यो।

सुरक्षाकर्मीको गोलीद्वारा घाइते सृजना सुवेदी

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

विस्थापित

यस वर्ष नेकाँ जिल्ला सदस्य रानीपानी गाविस-१ का ७३ वर्षीय गगनबहादुर कुँवर, उनकै छोरा नरेन्द्र कुँवर र छोरी सुनिता कुँवर विस्थापित हुन पुगे।

यस वर्ष यो जिल्लामा जिविसमार्फत् ३ हजार ४ सय ९ जनाले जेष्ठ भत्ता बुझे भने असहाय, विधवा भत्ता ३ हजार ६ सय ५७ अपाङ्ग भत्ता ५० जनाले बुझे।

जिल्ला शिक्षा शाखाबाट दलित छात्रवृत्तितर्फ २ हजार ३ सय ९२ जनाले तथा राष्ट्रिय दलित छात्रवृत्ति ३ हजार ६ सय ४ जनाले, जेहेन्दार छात्रवृत्ति ४० जनाले र स्थानीय छात्रवृत्ति ५३ जनाले पाएको जनाइयो।

आर्थिक अधिकार

माओवादीले ०६० जेठ ४ गते बेउलीबासमा भएको रोशन रानाको हत्यामा संलग्न भएको आरोपमा बेउलीबास गाविस-३ का मेघबहादुर थापा, सोही गाविस-२ का यामबहादुर राना, देउबहादुर राना र भीमबहादुर रानाको बाबुआमाबाट पाउने भारतीय सैनिकको पेन्सन खोसी आर्थिक अधिकारबाट वञ्चित गराएका छन् भने उनीहरु प्रशासनको कार्यालयमा हाजिर हुन आएको कारण माओवादीले कारवाही गरिएको र गाउँबाट चिठी, खबर, भेटघाटसमेत गर्न नपाउने र फिर्ता बोलाउने भनी उर्दी जारी गरेका छन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

कटुवाचौपारी गाविस-७ का ४३ वर्षीय रामप्रसाद अधिकारीलाई माओवादीको आरोपमा ०५९ पुस २७ गते घरमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हिरासतमा राखिएकोमा माघ ८ गतेदेखि नजरबन्दमा राखी ०६० जेठ ९ गते रिहा गरियो।

पकुवा गाविस-१ सिल्मीका गंगाबहादुर नेपालीलाई माओवादी गतिविधिमा सहयोग पुऱ्याएको आरोपमा ०६० जेठ १४ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी ०६० जेठ १७ गते रिहा गरे।

वहाकीठाँटी गाविस-९ का १९ वर्षीय हरिप्रसाद भट्टराई र २२ वर्षीय गोविन्द भट्टराईलाई माओवादीको गतिविधिमा संलग्न भएको आरोपमा ०६० भदौ ४ गते नागरिकता र लाइसेन्स बनाउन कुश्मामा आउँदा सुरक्षाकर्मीले गिरफ्तार गरी हिरासतमा राखे। पडितहरुमध्ये हरिप्रसाद भट्टराईलाई असोज १ गते र गोविन्दलाई ३ महिना राखी पुस १ गते रिहा गरियो।



सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएका तेजराज पाध्या

राम्जादेउराली गाविस-७ का ६० वर्षीय तेजराज पाध्यालाई छोरा माओवादी भएको आरोपमा ०६० भदौ ५ गते घरमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी ०६० भदौ १२ गते रिहा गरे।

हुवास गाविस-१ का ५२ वर्षीय जीतबहादुर विक र भारतीय भूपू सैनिक ४७ वर्षीय भगवानसिंह विकलाई माओवादी गतिविधिमा संलग्न भएको

आरोपमा ०६० कार्तिक १५ गते सशस्त्र प्रहरी क्याम्प, वालिङले गिरफ्तार गऱ्यो। पीडितहरु हालसम्म घर फर्केका छैनन्।

वर्राचौर गाविस-९ का १९ वर्षीय शंकर नेपाली र २२ वर्षीय कूलबहादुर नेपालीलाई माओवादीमा संलग्न भएको आरोपमा ०६० मंसिर २९ गते शिवालयमा आत्मनिर्भर विकास मञ्चको कार्यकर्ता निर्माण तालिममा सहभागी भएको अवस्थामा मुस्ताङ गेस्ट हाउसबाट सुरक्षाकर्मीले गिरफ्तार गरी पुस ३ गते रिहा गरे।

बालअधिकार

पकुवा गाविस-१ सिल्मीका १४ वर्षीय शान्ति सुवेदी र ७ वर्षीय साधना सुवेदीलाई अपांग भएकोले घरमा खोर बनाई खोरभित्र थुनेर राखिएको छ।

शिवालय गाविस-८ का १६ वर्षीय आशिष श्रेष्ठ अपाङ्ग भएको कारण जन्मदेखि नै हालसम्म कोठामा बन्दी जीवन बिताउन बाध्य भएका छन्। बाबु होमनारायण श्रेष्ठ र आमा लिला श्रेष्ठले समाजमा अपाङ्ग छोरालाई देखाउन लाज हुने भएका कारणबाट हालसम्म भूमिगत गराइराखेका छन।

बाजुङ गाविस-६ की ४ वर्षीय एक बालिकालाई ०६० भदौ १९ गते १६ वर्षीय धनबहादुर वैरागी क्षेत्रीले काँक्रो खान बोलाई बलात्कार गर्ने प्रयास गरे। पीडकलाई हाल पुर्पक्षको लागि थुनामा राखिएको छ।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूत समेत

खुर्कोट गाविस-१ बगैंचाका ओमबहादुर विक, डिल्लीराम विक, झपटबहादुर विक, झलकबहादुर विक, तुलसीकुमारी विकसमेतका १२ घर परिवारका व्यक्तिहरूलाई खानेपानीको धारा काटी पानी खानबाट वञ्चित बनाइयो भने एउटै धारा दुईतिर फर्काई दलित र गैरदलित गराइएकोमा दलिततर्फको धारा काटी दलितहरूलाई पानी खानबाट वञ्चित गराई खानेपानी कार्यालयमा उजुरी दिएता पनि कुनै कारवाही भएन।

पाङ गाविस-८ का २८ वर्षीय टेकबहादुर नेपाली र प्रेमबहादुर नेपालीलाई ०६० असार ९ गते नेत्रबहादुरको पसलमा खाजा खाई भाँडा नमाझेपछि निवर्तमान वडा सदस्य जुद्धबहादुर क्षेत्री र टेकबहादुर क्षेत्रीले विभिन्न गालीगलौज गरी कुटपिट गरे। पीडक पक्षले माफी मागे।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा ५ जना पुरुष र ३ जना महिलाले आत्महत्या गरे। भवितव्यमा १० जनाको मृत्यु भयो। सवारी दुर्घटनामा ४ जनाको मृत्यु भयो। ३ वटा लास फेला परे।

विगतको अनुगमन

चितवन जिल्ला भरतपुर नपा-१० का मेघनाथ शर्मालाई लुंखु पाखापानी इलाकाबाट गिरफ्तार गरिएको भनी ०६० वैशाख ३ गते पर्वत जेलमा नजरबन्दमा राखिएकोमा उनलाई स्याङ्जा जिल्लाको जेलबाट पर्वतमा ल्याइएकोमा सर्वोच्च अदालतबाट बन्दी प्रत्यक्षीकरणको आदेशबाट रिहा गर्ने फैसलाबमोजिम ०६० जेठ २९ गते रिहा गरियो।

३.१५ म्याग्दी



जनसंख्या	:११५४१२
साक्षरता प्रतिशत	:५०.१३
महिला साक्षरता प्रतिशत	:३९.८२
क्षेत्रफल (वर्ग कि.मी.)	:२२९७
गाविस/नपा संख्या	:४१/०
निर्वाचन क्षेत्र	:१
विद्यालय	:२०६
क्याम्पस/उच्च मावि	:१/३
अस्पताल/स्वास्थ्य चौकी	:१/४२
टेलिफोन लाइन	:५१०
मोटर सडक (कि.मी.)	:४५
प्रहरी कार्यालय संख्या	:१
हुलाक संख्या	:३८
मानव विकास सूचकांक	:०.३०९
प्रति एक डाक्टर जनसंख्या	:३८१४९
प्रति परिवार सरदर संख्या	:४.६८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

अन्य

सदरमुकाम बेनीस्थित सैनिकहरु डेरा गरी बस्ने एक घरमा ०६० जेठ ५ गते बम विस्फोट हुँदा घर धनी ७० वर्षीय कुलबहादुर रिजाल, पाहुना बसेका ज्यामरुककोट गाविस-२ की ७७ वर्षीय दधिमाया खड्का र सोही ठाउँकी १२ वर्षीय सरस्वती कार्कीको मृत्यु भयो भने घर धनी ६४ वर्षीय पद्मकुमारी रिजाल र वीरगञ्ज घर भई सोही घरमा डेरा गरी बस्ने सैनिक पत्नी १९ वर्षीय लक्ष्मी श्रेष्ठ घाइते भए।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

पिप्ले गाविस-१ घुमाउनेतालस्थित सैनिक शिविरमा ०५९ चैत १२ गते बम बिष्फोट हुँदा ५ जना सैनिक घाइते भए। उनीहरुको नाम सार्वजनिक गरिएन र कारण पनि खुलाइएन।

माओवादीबाट

वेनी घर भई म्याग्दी बहुमुखी क्याम्पस, वेनीमा आईए दोश्रो वर्षमा अध्ययनरत १७ वर्षीय विनय श्रेष्ठ ०६० भदौ २० गते माओवादीले बिच्छ्याएको एम्वुसमा परी घाइते भए। पीडितको टाउकोमा चोट लाग्यो।

जेल र बन्दीहरू

कूल २५ जना बन्दी क्षमता भएको म्याग्दी जेलमा हाल ३२ जना बन्दी छन्। यस जेलमा महिला तथा बालबालिका छैनन्। कूल बन्दीमध्ये १९ जना कैद तोकिएका र १३ जना कैद नतोकिएका छन्। बन्दीहरुका लागी टीभी, रेडियो, क्यासेट प्लेयर, क्यारेमवोर्ड, चेस, भलिबलजस्ता खेलकुद तथा मनोरञ्जनका सामाग्री र पत्रपत्रिकाको व्यवस्था गरिएको छ। बन्दीहरुलाई सिपमूलक तालिम दिइएको छ र उनीहरु व्यवसायिक काममा संलग्न छन्। जेल सुधारको लागी जिल्लाका सुरक्षा अधिकारीहरु बेला-बेलामा जेलमा पुगी भौतिक तथा आर्थिक सहयोग गर्ने गरेका छन्।

बेपता / अपहरण

माओवादीबाट

नेपाल रेडक्रस सोसाईटी, दरवाङका सचिव मनप्रसाद पटेल र सोही गाविस-१ मा पसल गरी बस्ने टकेन्द्र पुनलाई सुराकीको आरोपमा ०६० भदौ १२ गते माओवादीले अपहरण गरी २० गते मुक्त गरे। अपहरणको विरोध गर्दै रेडक्रस सोसाइटीले विज्ञप्ति जारी गरी विरोध जनायो।

बरंजा गाविसका नेकपा (एमाले) का कार्यकर्ता लालबहादुर पुन, सोही गाविस-६ घर भई सिङ्गा गाविस-४ मा होटल गरी बस्ने वीरबहादुर छन्त्याल र अन्य २ जनालाई ०६० भदौ ११ गते बेलुका आफ्नै घरबाट माओवादीले अपहरण गरे।

वेगखोला गाविस-८ का ६० वर्षीय नन्दवहादुर भट्टचनलाई ०६० भदौ १४ गते माओवादीले आफ्नै घरवाट अपहरण गरे। पीडितलाई सेनाको गस्ती टोलीले भदौ ३१ गते दरवाङ गाविस-२ रातोढुंगा भन्ने ठाउँबाट फेला पारी फिर्ता ल्याएको थियो। बिरामी परी हिंड्न नसक्ने भएपछि माओवादीले वाध्य भएर पीडितलाई छोडेर भागेका थिए।

शिख गाविस-७ का जयराम बरुवाललाई सुराकीको आरोपमा ०६० असोज ३ गते माओवादीले अपहरण गरे। पीडित ६ गते अपहरणबाट फुत्केर आए। माओवादीले उनको परिवारलाई नै गाउँबाट निकाला गरी

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	२	१	१	२	१	१	२	३				
घाइते	२	८		८	१	५		५	१	५		५
गिरफ्तारी/यातना									३	७	२	९
महिलाअधिकार	२		२	२								
अपहरण					८	१०		१०				
जम्मा	६	९	३	१२	१०	१६	२	१८	४	१२	२	१४

घर कब्जा गरेपछि सपरिवार विस्थापित भई सदरमुकाममा बस्दै आएका छन्।

पाखापानी गाविस-२ का २७ वर्षीय टंकबहादुर पाईजालाई नक्कली माओवादी भएको आरोपमा ०६० कार्तिक १४ गते माओवादीले अपहरण गरी मंसिर ५ गते मुक्त गरे।

बावियाचौर गाविस-४ का ५६ वर्षीय नन्दलाल शर्मालाई ०६० पुस ४ गते माओवादीले अपहरण गरी एक हप्तापछि मुक्त गरे। अपहरण गर्नुको कारण खुलाएन।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

आईएनएफ म्याग्दीमा कार्यरत रिमप्रकाश थापा र मानबहादुर कार्कीलाई पिप्ले गाविस-४ रानीपौवामा फिल्ड गएको अवस्थामा सोही ठाँउका यामबहादुर कटुवालले माओवादीको आरोपमा २०६० असार २४ गते छुरा प्रहार गरी घाइते बनाए। पीडक कटुवाल सेनाको हेटौडास्थित चुनमुन ब्यारेकमा कार्यरत भई घर विदामा आएका थिए। घटना सार्वजनिक भएपछि उनलाई सेनाकै म्याग्दीस्थित कालीप्रसाद गणले कब्जामा लिई आन्तरिक कारवाही गरेको बतायो।

अभिव्यक्ति भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

पाँच राजनीतिक दलद्वारा प्रतिगमनविरुद्ध संचालित नेपाल बन्दको प्रचारका क्रममा ०६० वैशाख १४ गते पार्वती भण्डारी, खुमबहादुर बानिया, बुद्धि पुर्जा र शिव कुमारी केसीलाई प्रहरीले गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

पाँच राजनीतिक दलद्वारा प्रतिगमनविरुद्ध संचालित पुत्ला जलाउने कार्यक्रममा ०६० वैशाख २७ गते प्रहरीले हस्तक्षेप गर्दा एमाले जिल्ला कमिटी सचिव रामबहादुर बीसी, हरिकृष्ण श्रेष्ठलगायत १६ जना, नेकाँ सचिव रेशम बानियाँसमेत ६ जना र जनमोर्चाका शिव श्रेष्ठसहित ४ जनालाई प्रहरीले गिरफ्तार गरे। पीडितहरुलाई सोही दिन रिहा गरियो।

बेनी बजारस्थित एक घरमा भएको बम विस्फोटमा परी मृत्यु भएका कुलबहादुर रिजाल १२ वर्षीय सरस्वती कार्की

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा ९२ वटा मुद्दा दर्ता भए। जसमध्ये देवानी ५७, दुनियावादी फौज्दारी २७ र सरकारवादी फौज्दारी ८ वटा थिए। नयाँ र पुराना गरी यस वर्षको अन्त्यसम्म ४५ वटा मुद्दा फर्स्यौट हुन बाँकी रहे। जसमध्ये, ५ वटा मुद्दा दुई वर्ष नाघेका छन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

पुलाचौर गाविस-८ घर भई हाल सदरमुकाम हुलाकचोकमा डेरा गरी बस्ने पूर्व सांसद चन्द्रप्रकाश बानियाँलाई माओवादीलाई सहयोग पुऱ्याएको आरोपमा ०६० भदौ ९ गते राति सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई अदालतको आदेशद्वारा ०६० मंसिर १९ गते रिहा गरियो।

अर्थुङे गाविस-१ का गंगाबहादुर बानियाँलाई माओवादी छोरी फिर्ता नल्याएको आरोपमा ०६० असोज १ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी नजरबन्दमा राखे। पीडितलाई मंसिर २२ गते रिहा गरियो।

बालअधिकार

जिल्लाका आठ गाविसका ३४ वडाहरुमा विश्व शिक्षाको सहयोगमा ग्रामीण वातावरण तथा सशक्तिकरण केन्द्रद्वारा उज्यालो भविष्य कार्यक्रमका सन्दर्भमा गरिएको सर्वेक्षणमा ३ सय ५८ बाल श्रमिकहरु रहेका छन्। जसमध्ये, २ सय २५ बालक र १ सय ३३ बालिका छन्।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

गुर्जा गाविस-६ का वीरमान छन्त्यालले ०५९ फागुन ९ गते सोही गाविस-९ की काशी छन्त्यालसँग दोस्रो विवाह गरे। पीडकले पहिली पत्नी दमनी

छन्त्याललाई ०६० जेठ ७ गते घरबाट निकाली सम्बन्ध विच्छेद गरे।

दोवा गाविस-८ की ५२ वर्षीय दुर्गा विकलाई बोक्सीको आरोपमा ०६० वैशाख ५ गते सोही ठाउँका २८ वर्षीय पूर्णबहादुर चोचाडी मगरले कुटपिट गरे। छोरी बिरामी परेपछि पीडितलाई बोक्सीको आरोप लगाइएको थियो। हाल पीडित परिवार नारच्याङ गाविस-७ मा छोरीको घरमा आश्रय लिएर बसेका छन्। जिल्ला अदालतले पीडक पूर्णबहादुरले मुद्दाको प्रतिवादी लगाउन नसके पनि पीडितले साक्षी बकाउन नसकेको भन्दै मुद्दा खारेज गरिदियो। अघि पीडितले प्रशासनमा उजुरी गरेकी थिइन्। प्रशासनले प्रहरीलाई पत्र लेखी पीडकलाई गिरफ्तार गरी ल्याउन भनेको थियो। तर, असुरक्षाको कारण प्रहरी गाउँमा पुगेर पीडकलाई ल्याउन सकेनन्।

विविध

संरचना क्षति

माओवादीले म्याग्दी जिल्लाका ४० मध्ये ३८ वटा गाविस कार्यालयमा क्षति पुऱ्याउनुका साथै घोडेपानी, भालुखर्क र देवीस्थानस्थित टेलिफोन रिपिटर टावर ध्वस्त पारे। भकिम्ली र घतान गरि २ वटा हुलाक कार्यालयमा क्षति पुऱ्याइयो। माओवादीले एक्यापको एउटा पर्यटक चेकपोष्टमा आगलागी गरे भने विद्युतको २ वटा पावर हाउसमा विस्फोटन गरी क्षति पुऱ्याए

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

व्यक्तिगत रिसइवीका कारण २ जनाको हत्या भयो। ८ जनाले झुण्डिएर र १ जनाले खोलामा हाम्फालेर आत्महत्या गरे। नदीमा खसेर २ जनाको मृत्यु भयो भने भीरबाट खसेर १ जनाको मृत्यु भयो। अज्ञात समूहले २ वटा विद्यालयमा आगलागी गराए।

विगतको अनुगमन

बरंजा गाविस-८ बुकेनीका ४० वर्षीय सोमबहादुर रोकालाई ०५९ असार १२ गते माओवादीले अपहरण गरी लगेकोमा हालसम्म मुक्त गरिएको छैन।

३.१६ मुस्ताङ



जनसंख्या	:१४८८०
साक्षरता प्रतिशत	:५५.५८
महिला साक्षरता प्रतिशत	:४०.५४
क्षेत्रफल (वर्ग कि.मी.)	:३५७३
गाविस/नपा संख्या	:१६/०
निर्वाचन क्षेत्र	:१
विद्यालय	:६६
क्याम्पस/उच्च मावि	:
अस्पताल/स्वास्थ्य चौकी	: २/१७
टेलिफोन लाइन	:१६४
मोटर सडक (कि.मी.)	:०
प्रहरी कार्यालय संख्या	:४
हुलाक संख्या	:१६
मानव विकास सूचकांक	:०.३१६
प्रति एक डाक्टर जनसंख्या	:३८१४९
प्रति परिवार सरदर संख्या	:४.६२

जेल र बन्दीहरु

मार्फा गाविस-५ स्थित जेलको क्षेत्रफल ६ रोपनी २ आना र १ पैसा छ। यस जेलमा रहेका आठ वटा कोठा अँध्यारा र साँघुरा छन्। विगत वर्षहरुमा गौहत्या काण्डमा बन्दी जीवन बिताउँदै आइरहेका दुई जना बन्दी जीतबहादुर विक र मिनबहादुर परियार हालै रिहा भए।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

जोमसोम विमानस्थलको प्रवेशद्वारमा हेलिकप्टर चार्टर गरी पोखरा उड्न लागिरहेका लेते गाविस धम्पुका

कृष्ण शेरचन र सुरक्षाकर्मीहरुबीच भएको झै-झगडामा कृष्ण शेरचन सख्त घाइते भए। उक्त घटनामा बढी दोषी देखिएका एकजना प्रहरी हवल्दारबाट शेरचनको उपचारको लागि १८ हजार रुपैयाँ उपलब्ध गराउने र दुई वर्षसम्म बढुवा हुन नपाउने शर्तमा दुवै पक्षबीच मिलापत्र गराई फैसला भएको सम्बन्धित निकायले जनायो।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित अन्यबाट			राज्यबाट पीडित		
	घटना संख्या	महिला	जम्मा	घटना संख्या	पुरुष	जम्मा
कुटपिट				१	१	१
महिला अधिकार	१	१	१			
जम्मा	१	१	१	१	१	१

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा यस वर्ष विभिन्न चार वटा मुद्दा दर्ता भए। जिल्ला प्रहरी कार्यालयमा यो वर्ष भवितव्यबाट ६ जनाको मृत्यु भएका घटना दर्ता गरिए। विगतमा राष्ट्रियस्तरमा चर्चित रहेको मुस्ताङ्गे राजा जिग्मी पलवर विष्ट र उनकी भाउज्यू डिकी डोल्कर विष्टको अंशबण्डा मुद्दा सम्बन्धमा पुनरावेदन अदालत, बाग्लुङ्ले गरेको फैसलाविरुद्ध जिग्मी पलवरले सर्वोच्च अदालतमा जाहेर गरेको पुनरावेदन विचाराधीन छ। यही मुद्दामा तथा फैसलाविरुद्ध फैसला वदर गरी पाउँ भनी उपरोक्त वादी र प्रतिवादी दुवैलाई विपक्षी बनाई राजाका माहिला दाई स्वर्गीय थुक्देन ग्याचो विष्टकी पत्नी छेन्जोङ विष्टले ०६० वैशाख २८ गते जिल्ला अदालतमा मुद्दा दायर गरेको जानकारीमा आयो।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दुर्व्यवहार

मार्फा गाविस-५ जोमसोम विमानस्थलका ४७ वर्षीय मनकुमारी शेरचनले पारिवारिक असमझदारी तथा झगडाको कारण दर्शाई पारपाचुके गरी छुट्टै बस्ने इच्छा लिई आफ्ना पति देवेन्द्र शेरचनविरुद्ध चल-अचल सम्पत्तिबाट अंश दिलाई पाउँ भनी ०६० भदौ २२ गते जिल्ला अदालतमा मुद्दा दायर गरिन्।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष आत्महत्याको एउटा घटनामा एकजना पुरुषको मृत्यु भयो। हिउँ पहिरोमा परी एकजना पुरुषको मृत्यु भयो। भीरबाट खसी एकजना पुरुषको मृत्यु भयो भने साइकल दुर्घटनामा एकजना पुरुषको मृत्यु भयो।

लेते गाविस-६ स्थित धवलागिरी प्राविधिक शिक्षालयमा ०५९ माघमा अचानक आगलागी भयो।

बरगाउँ गाविस-८ हुम्लाका ३५ वर्षीय आङ्जेन लामा, सोही गाविस-४ का ४० वर्षीय डन्डुप लामा र राङ्खानी गाविस-५ बाग्लुङका २६ वर्षीय दुर्गाबहादुर श्रीसलाई हातहतियार लिई डोल्पातिर गइरहेको अवस्थामा केही महिना अगाडि गिरफ्तार गरिएको थियो। उनीहरुसँग सुरक्षाकर्मीहरुद्वारा सोधपुछ गरिदा आफूहरुलाई दिनुपर्ने पैसा फर्काउन आलटाल गरेका तिब्बतका एक चिनेजानेका व्यापारीलाई हातहतियार देखाई धम्काउने, तर्साउने र आफ्नो पैसा असुल गर्ने विचार लिई हातहतियार बोकी डोल्पा हुँदै तिब्बत हिँडेको भन्ने थाहा भयो। ती तीनजना व्यक्तिहरुलाई हातहतियार खरखजाना मुद्दा चलाई अनुसन्धान पूरा गरी जिल्ला प्रशासन कार्यालय मुस्ताङ्गबाट आङजेन लामाबाट २४ हजार र बाँकी दुई जनाबाट जनहरी १० हजार रुपैयाँ धरौटी लिई तारिख धाउने गरी उनीहरुलाई मुक्त गरेको थियो।

मध्यपश्चिमाञ्चल

४.१ दाङ

४.२ प्युठान

४.३ रोल्पा

४.४ सल्यान

४.५ रुकुम

४.६ बाँके

४.७ वर्दिया

४.८ सुर्खेत

४.९ जाजरकोट

४.१० दैलेख

४.११ डोल्पा

४.१२ जुम्ला

४.१३ कालिकोट

४.१४ मुगु

४.१५ हुम्ला

४.१ दाङ



जनसंख्या : ४६२३८०
साक्षरता प्रतिशत : ५७.७
महिला साक्षरता प्रतिशत : ४६.७२
क्षेत्रफल (वर्ग कि.मी.) : २९५५
गाविस/नपा संख्या : ३९/२
निर्वाचन क्षेत्र : ४
विद्यालय : ३८६
क्याम्पस/उच्च मावि : ४/७
अस्पताल/स्वास्थ्य चौकी : ५/४०
टेलिफोन लाइन : ३५१०
मोटर सडक (कि.मी.) : १३९
प्रहरी कार्यालय संख्या : ४
हुलाक संख्या : ४५
मानव विकास सूचकांक : ०.२९९
प्रति एक डाक्टर जनसंख्या : ४६२३८
प्रति परिवार सरदर संख्या : ५.६०

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या / गोली
राज्यबाट

तुल्सिपुरस्थित वीरेन्द्रचोकमा गस्ती गएका सुरक्षाकर्मीले ०६० असोज १३ गते बेलुका अन्धाधुन्ध गोली चलाउँदा नेपालगञ्जबाट तुल्सीपुरतिर आइरहेको रा १ ख २१९ नम्बरको यात्रुबाहक बसमा यात्रा गरिरहेका बाघमारे गाविस-५ का २१ वर्षीय होमराज डाँगी, सल्यान जिल्ला छायाँक्षेत्र गाविस-८ का ३५ वर्षीय शान्ति नेपाली सार्कीको बसभित्रै गोली लागी मृत्यु भयो भने वीरेन्द्रचोक नजिकको घरमा बसिरहेको अवस्थामा भारत घर भई तुल्सीपुरमा काठको काम गर्ने ४२ वर्षीय रामप्रसाद गुप्ताको झ्यालबाट छिरेर गोली लागी मृत्यु भयो। उक्त घटनालाई सुरक्षानिकायले माओवादी र गस्तीमा गएका सुरक्षाकर्मीबीच भएको दोहोरो भिडन्तका क्रममा मारिएको जनायो भने माओवादीले सो घटनामा आफ्नो संलग्नता नभएको जनायो।

त्रिभुवन नपा-११ ओखरामा सविन भनिने निराजन चौधरी र विद्युत भनिने ऋषिराज खड्कालाई ०६० असोज २४ गतेसुरक्षाकर्मीले गोली हानी हत्या गरे। गस्तीमा गएको सुरक्षाकर्मीमाथि आक्रमण गर्ने प्रयास गरेको अवस्थामा सो घटना भएको सुरक्षास्रोतले जनायो।

हाँसीपुर गाविस कुडुलेमा ०६० असोज २८ गते सुरक्षाकर्मीको गोलीद्वारा ७ जना माओवादीको मृत्यु भयो। सशस्त्र प्रहरी तालिम केन्द्र, भालुवाङमा आक्रमण गरी फर्कनेक्रममा हाँसीपुर कुडुले क्षेत्रका घरमा आश्रय लिई बसेको सूचना पाएपछि सुरक्षाकर्मीले कारवाही गरेको बतायो। पीडितहरूको नाम खुल्न सकेन।

त्रिभुवननगर नपा-११ झिगौंराका ३२ वर्षीय लौटन चौधरीलाई माओवादीको आरोपमा ०६० कार्तिक २३ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी मसिना भन्ने ठाउँमा लगि गोली हानी हत्या गरे।

रोल्पा जिल्ला ओत गाविस घर भई दाङमा बस्दै आएका विशाल भनिने एक माओवादी कार्यकर्ताको ०६० मंसिर ५ गते सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

पवननगर गाविस-६ सेउलेडाँडामा झपेन्द्र घर्ती, केशव केसी, झपेन्द्र पुन, नकुल गिरी, तिलक खड्का, डिल्लीबहादुर खड्का, जीतबहादुर गिरीसमेत १२ जना माओवादी कार्यकर्ताको ०६० मंसिर ७ गते सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। गाउँलेहरूले १२ जनाको मृत्यु भएको बताएका थिए भने बाँकी पाँच जनाको नाम खुल्न सकेन।

तुल्सिपुर नपा-१० असुरकोटमा एम्बुस थाप्दै गरेका ४ जना माओवादीहरूको ०६० मंसिर १० गते सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। पीडितहरूको नाम खुल्न सकेन।

माओवादीबाट

गोलटाकुरी गाविस-८ का २६ वर्षीय केशवकुमार देवकोटालाई नक्कली माओवादी भएको आरोपमा ०५९ फागुन १० गते राति १० बजे माओवादीले गोली हानी हत्या गरे।

हेकुली गाविस-१ बैवाङका २२ वर्षीय धर्मबहादुर बुढाथोकीलाई ०५९ फागुन ११ गते बेलुकी माओवादीले चक्कु प्रहार गरी हत्या गरे।

टरीगाउँ गाविस-४ का २४ वर्षीय कर्णबहादुर चौधरीलाई सुराकीको आरोपमा ०६० भदौ २४ गते माओवादीले गोली हानी हत्या गरे।

बिजौरी गाविस-५ का महेन्द्र संस्कृत विश्वविद्यालयका कानुनी सल्लाहकार अधिवक्ता दुर्गाप्रसाद मजगैयाँलाई ०६० भदौ २७ गते राति मागे जति चन्दा नदिएको आरोपमा माओवादीले कुटपिट गरी सख्त घाइते बनाए। पीडितलाई काठमाडौं वीर अस्पतालमा उपचारार्थ भर्ना गरिएकोमा ०६० असोज ९ गते राति मृत्यु भयो। पीडित नेकपा (एमाले) राप्ती अञ्चल समन्वय कमिटीका पूर्व सदस्य थिए।

त्रिभुवन नपा-१० का २५ वर्षीय केशव पुनलाई ०६० भदौ २८ गते दिउँसो ११:३० बजे रामपुर गाविस-४ रामपुर बजारमा माओवादीले गोली हानी हत्या गरे। पीडितलाई संकटकाल अवधिमा माओवादीको आरोपमा ६ महिनाभन्दा बढी सुरक्षाकर्मीले नियन्त्रणमा राखेका थिए।

तुल्सिपुर नपा-९ दोघरे चेकपोष्टमा रहेका प्रहरीमाथि ०६० भदौ २८ गते बिहान माओवादीले गोली प्रहार गर्दा बसपार्क नजिकै रहेको लु १ ज ६११ नम्बरका जीप चालक देवबहादुर भण्डारीको बायाँ हातको पाखुरा र दुवै कोखामा लागेकोमा उपचारको क्रममा मृत्यु भयो। सोही घटनामा परी प्रहरी हवल्दार लिलाधर भट्ट र पपेन्द्र केसी घाइते भए।

लक्ष्मीपुर गाविस डाँडागाउँका सुनिल चौधरीलाई ०६० भदौ २८ गते माओवादीले अपहरण गरी हत्या गरे।

गोवरडिहा गाविस-७ का विष्णुप्रसाद शर्मालाई ०६० भदौ ३१ गते माओवादीले अपहरण गरी खुकुरी प्रहार गरी हत्या गरे। पीडित नेकपा (एमाले) का क्षेत्रीय सदस्य तथा प्रावि महादेवाका पूर्व शिक्षक थिए।

गोवरडिहा गाविस-४ पचाहाका ३३ वर्षीय गुरुद्दिन यादव, २५ वर्षीय तीर्थनारायण पाण्डे, ३० वर्षीय तुमनाथ चौधरी र सशस्त्र प्रहरी वेस क्याम्प, गढवाका बाबुराम महतलाई ०६० असोज २ गते र अन्य तीन जनालाई असोज ४ गते माओवादीले अपहरण गरी हत्या गरे।

डुरुवा गाविस-६ दक्षिण कुरियाका शेरबहादुर सुवेदीलाई विभिन्न आरोप लगाई ०६० असोज ६ गते माओवादीले अपहरण गरी मानपुर गाविस-५ जोगिडाँडा भन्ने ठाउँमा हत्या गरी फालिएको अवस्थामा असोज १४ गते फेला परे।

नारायणपुर गाविस-८ बुधौराका १८ वर्षीय घनश्याम पुनलाई ०६० असोज २४ गते आफ्नो ससुराली बिजौरी गाविस-९ बेलझुण्डी गएको अवस्थामा माओवादीले अपहरण गरेकोमा ०६० असोज २५ गते बिहान मानपुर गाविस-९ दुधरासको बेलौनीडाँडामा लास फेला पर्‍यो।

दैलेख जिल्ला नारायण नपा घर भई जिल्ला प्रहरी कार्यालय दाङमा कार्यरत प्रहरी हवल्दार रविन्द्र रानालाई ०६० कार्तिक १ गते बिहान १०:३० बजे दीपशिखा रोडस्थित आफ्नो डेरामा जाँदै गर्दा माओवादीले गोली हानी हत्या गरे।

नारायणपुर गाविस-१ मा अपरिचित एक व्यक्तिलाई ०६० कार्तिक ५ गते माओवादीले घाँटी रेटी हत्या गरे। पीडित सशस्त्र प्रहरी, शमशेरगञ्ज १ नं. गणमा कार्यरत वर्दिया जिल्ला नेउलापुर गाविस-१ का धनिराम चौधरी भएको माओवादीले छोडेको पर्चाबाट खुल्न आयो। उक्त घटनाको बारेमा जिल्ला प्रहरी कार्यालय दाङले शमशेरगञ्जमा बुझ्दा सो नाम गरेको व्यक्ति आफ्नो कार्यालयको नभएको जनायो।

तुल्सिपुर नपा-६ गोलौराका १९ वर्षीय रोवर वस्नेतलाई सुराकीको आरोपमा ०६० मंसिर २ गते तुल्सिपुर बजारबाट घरतर्फ जाँदै गरेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	७	४	२		७	२०	४७			४७	९	३१		३०	६१
घाइते	२	२			२	५	२२			२२					
गिरफ्तारी/यातना											३१	४०८	१९५	१	६०४
बेपत्ता											१३	११	२		१३
कुटपिट	१८	१५	५		२०	५	७			७	५	९	१		१०
धम्की						६	७	१		८					
भेला/संगठित हुने अधिकार						१			१	१	१	८	२		१०
महिलाअधिकार	६		६		६										
बालअधिकार	९		८	१	९										
अमानवीय व्यवहार						२	३	३		६					
अपहरण						९	११			११					
जम्मा	४०	२१	२२	१	४४	४८	९७	४	१	१०२	४९	४८७	२००	३१	६९८

ललितपुर जिल्ला घर भई दाङमा बस्दै आएका २८ वर्षीय अविनाश बुढाथोकीलाई सुराकीको आरोपमा ०६० मंसिर १५ गते माओवादीले धारिलो हतियारले घाँटी रेटेर हत्या गरे। पीडित प्रहरी जवान भएको र माओवादी कार्यकर्ता विनिता चौधरीलाई गिरफ्तार गराएको आरोपमा सफाया गरिएको माओवादीद्वारा वितरित पर्चामा उल्लेख गरिएको थियो भने प्रहरीले पीडित प्रहरी नभएको जनाए।

लालमटिया गाविस-३ पाखापानीमा खेतमा फ्याँकिएको बम ०६० मंसिर ९ गते विस्फोट हुँदा घाइते भएकी २८ वर्षीय भुमा कँडेलको ०६० पुस ३ गते मृत्यु भयो। सो बम असोज २५ गते सुरक्षाकर्मी र माओवादीबीच भएको भिडन्तको क्रममा माओवादीले रुयाँकेको आशंका गरिएको छ।

गोवरडिहा गाविस-१ धानखोलामा ०६० पुस १ गते बिहान ५ बजे माओवादीले थापेको विद्युतीय धरापमा परि ५ जना जनपथ प्रहरी र शाही नेपाली सेनाका उपसेनानीसहित ५ गरी १० जनाको घटनास्थलमा मृत्यु भयो भने ४ जना गम्भीर घाइते भए। घाइतेहरुलाई उपचारार्थ हेलिकप्टरबाट काठमाडौं लगियो। मृत्यु हुनेहरुमा प्रहरी हवल्दारहरु अर्घाखाँची जिल्ला सुर्वणखाल गाविस-४ का ३० वर्षीय रेणुकान्त भण्डारी, गोर्खा जिल्ला फिनाम गाविस-८ का ३५ वर्षीय शेरबहादुर थापा, प्रहरी जवानहरु नवलपरासी जिल्ला सुनवल गाविस-४ का २४ वर्षीय सोमबहादुर नेपाली, गोर्खा जिल्ला धौदुङ गाविस-३ का २५ वर्षीय घनश्याम श्रेष्ठ, नवलपरासी जिल्ला रामग्राम नपा-१ का २३ वर्षीय शिवनारायण चौधरी, गोरुसिंगे ब्यारेकमा कार्यरत उपसेनानी २५ वर्षीय बालकृष्ण तामाङ, सैनिक जवान २७ वर्षीय उत्तम खड्का, २५ वर्षीय संजय श्रेष्ठ, २८ वर्षीय कृष्ण थापा र २७ वर्षीय जीवन कार्की थिए। घटनापछि केही बेर भिडन्त भएको र ६ घण्टासम्म राजमार्ग बन्द भएको थियो।

दोहोरो भिडन्त

भालुवाङ्स्थित सशस्त्र प्रहरी तालिम केन्द्रमा ०६० असोज २६ गते राति माओवादी र सुरक्षाकर्मीबीच दोहोरो भिडन्त हुँदा १४ सुरक्षाकर्मी र ३० भन्दा बढी माओवादीको मृत्यु भयो। उक्त आक्रमणमा परी मृत्यु हुने सुरक्षाकर्मीहरूमा सशस्त्र प्रहरी सहायक निरीक्षक टिका रानाभाट, सशस्त्र प्रहरी वरिष्ठ हवल्दार घनश्याम जोशी, सशस्त्र प्रहरी हवल्दार तिलक उपाध्याय, ललित थापा, रामस्वरुप मण्डल, जोरासिं ठकुरी, मानसिं खत्री, सशस्त्र प्रहरी जवान दिपक पाण्डे, लाहन चौधरी, पुरुषोत्तम श्रेष्ठ, डम्बरबहादुर सिंह, नरेन्द्र बढु, कृष्ण तामाङ, लालसिंह खड्का रहेका छन्। सोही आक्रमणमा परी ११ जना सुरक्षाकर्मीहरू घाइते भए। आक्रमण राति १०:१५ बजेबाट सुरु भएको थियो। राति १ बजेतिर नेपालगञ्ज र पोखरा बाहिनीबाट दुई वटा नाइटभिजन हेलिकप्टरबाट हवाई फाइरिङ भएको थियो भने बिहान ५ बजेसम्म भिडन्त जारी थियो। आक्रमणपश्चात् माओवादीले भालुवाङ बजारमा रहेका तीन वटा बसलाई आफ्नो नियन्त्रणमा लिई प्युठानतर्फ लगेका थिए। सो घटनामा १ सय ५० जनाभन्दा बढी माओवादीको मृत्यु भएको सुरक्षा निकायले जनायो। तर, ३० वटा मात्र लास फेला परे।

प्रहरीको गोलीबाट बसभित्रै मृत्यु भएका होमराज डाँगी

सुरक्षाकर्मीले गिरफ्तार गरी हत्या गरेका लौटन चौधरी

राजपुर गाविस-९ भौका नाकामा ०६० कार्तिक १७ गते बिहान सुरक्षाकर्मी र माओवादीबीच भिडन्त हुँदा सुल्तान भनिने देउखुरी क्षेत्रका माओवादी कमान्डरको मृत्यु भएको सुरक्षास्रोतले बतायो।

अन्यबाट

गोवरडिहा गाविस-४ का ३४ वर्षीय महावीर चौधरीलाई ०५९ माघ-७ गते बेलुका ८.३० बजे राप्ती नदीको बगरमा अज्ञात व्यक्तिले हत्या गरे। उनीसँगै रहेका सोही ठाउँका गोकुल चौधरी सख्त घाइते भए।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका हत्याका २ वटा घटनामा १ जना पुरुष र १ जना महिलाको मृत्यु भयो। एक जना व्यक्तिको लास फेला पऱ्यो।

दुरुवा गाविस-५ पहरूवाका

३४ वर्षीय श्रीहर्ष सुवेदीलाई ०६० कार्तिक २५ गते बिहान ६:४५ बजे रा. १ प १५०९ नम्बरको मोटरसाइकलबाट घोराहीदेखि ३ कि.मि. पश्चिम कपाली बगिया भन्ने ठाउँमा हतियारधारी समूहले गोली प्रहार गरी हत्या गरे। उक्त घटना सुरक्षाकर्मीले माओवादीद्वारा गरिएको आशंका गरेको छ भने माओवादीले सो घटनाको जिम्मेवारी लिएको छैन।

गोली / बम / एम्बुसद्वारा घाइते

माओवादीबाट

भालुवाङ्स्थित सशस्त्र प्रहरी तालिम केन्द्रमा कार्यरत प्रहरी एस्पी ५५ वर्षीय सनतकुमार बस्नेत, सशस्त्र प्रहरी इन्स्पेक्टर ४४ वर्षीय हरिकृष्ण गिरी, ४२ वर्षीय उमेश महर्जन, सशस्त्र प्रहरी हवल्दार चिरञ्जीवी पाण्डे, रानु तामाङ्ग, प्रहरी सई नारायण थापा र प्रहरी हवल्दार देवबहादुर श्रीस ०५९ पुस १८ गते दिउँसो गोवरडिहा गाविस-१ मलमलामा माओवादीको एम्बुसमा परी घाइते भए।

रोल्पा जिल्ला जंकोट गाविस घर भई त्रिभुवननगर नपा-१० बस्ने २५ वर्षीय जयबहादुर घर्तीलाई ०६० असार १६ गते राति अज्ञात व्यक्तिले टाउकोमा गोली हानी घाइते बनाए। पीडितको दाङमा उपचार हुन नसकेपछि नेपालगञ्ज पुऱ्याइएको थियो। पीडितलाई माओवादीले गोली हानेको आशंका गरिएको छ।

दैलेख जिल्ला चौराठा गाविस-३ घर भई दुरसञ्चार कार्यालयको सुरक्षार्थ जान लागेका प्रहरी जवान भुवन शाहीलाई ०६० असोज १२ गते साँझ माओवादीले गोली हानी घाइते बनाए।

लालमटिया गाविस-३ भालुवाङ्गका एकै परिवारका ५५ वर्षीय अमृता नेपाली, ८ वर्षीय नाति दीपेन्द्र नेपाली र ५ वर्षीय नाती दीपक नेपालीको ०६० कार्तिक ११ गते सकेट बम विस्फोट भई मृत्यु भयो। उक्त विस्फोटमा परी

दोहोरो भिडन्तमा भालुवाङमा मारिएका माओवादी

अमृताका छोरा २८ वर्षीय दिलबहादुर नेपाली, बुहारी २४ वर्षीय शान्तिकला नेपाली र नातिनी २ वर्षीय दिपा नेपाली घाइते भए। अमृताले भालुवाङ्गबाट टेपले बेरिएको फलाम ल्याएको र सो माओवादीले भालुवाङ्ग आक्रमण गर्दा छोडेको सकेट बम हुनसक्ने प्रहरीले बताए।

जेल र बन्दीहरू

यस जिल्लामा रहेका दुई जेल मध्ये घोराही स्थित जिल्ला कारागार ०५८ मंसिर ८ गते नेकपा (माओवादी) ले ध्वस्त बनाएपछि तुल्सिपुरमा रहेका कारागार शाखामा मात्र हाल बन्दी रहेका छन्। यस जेलको बन्दी क्षमता १ सय जनाको हो तर हाल यहाँ १ सय ३ जना बन्दी छन्। यस जेलमा २९ जना थुनुवा र ६८ जना बन्दी गर्री ९० जना रहेका छन्। जसमध्ये ९ जना महिला र ४ जना नाबालक गरी कूल १ सय ३ जना बन्दी छन्।

बेपत्ता / अपहरण

राज्यबाट

गोवरडिहा गाविस-९ सुपैलाका २१ वर्षीय रोशन रावतलाई माओवादीको आशंकामा ०५९ पुस १७ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई तुल्सिपुर जेलमा राखिएकोमा पूर्व जनप्रतिनिधिको रोहवरमा रिहा गरिएकोमा पुनः गिरफ्तार गरी बेपत्ता पारियो। पीडितको हालको अवस्था अज्ञात छ।

मानपुर-७ बनकट्टीका २१ वर्षीय सुरेश केसीलाई माओवादीको आरोपमा ०६० भदौ २१ गते घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाए। हाल पीडितको अवस्था अज्ञात छ।

ढिकपुर गाविस-९ कर्मटियाका २५ वर्षीय धनवीर चौधरीलाई माओवादीको आरोपमा ०६० असोज १२ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाए। पीडित पूर्व माओवादी कार्यकर्ता हुन्।

बिजौरी गाविस-८ का ४० वर्षीय गेदुलाल चौधरीलाई माओवादीको आशंकामा ०६० मंसिर ८ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाए। हाल पीडितको अवस्था अज्ञात रहेको छ।

गंगापरस्पुर गाविस-१ हरैयाका करिब ३५ वर्षीय मानबहादुर बोगटीलाई माओवादीको आशंकामा ०६० मंसिर ८ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाए।

बिजौरी गाविस बघौसीकी उषा अधिकारीलाई ०६० पुस २ गते चैलाही गाविस-२ लमहीबाट सशस्त्र प्रहरीले गिरफ्तार गरी बेपत्ता बनाएकोमा डेढ महिनापछि रिहा गरे।

माओवादीबाट

डुरुवा गाविस-८ का ३५ वर्षीय करम चौधरी र सोही गाविस-९ का १७ वर्षीय कमल विकलाई गाउँमा आतंक मच्चाएको आरोपमा ०५९ फागुन ७ गते राति माओवादीले अपहरण गरे। अब आइन्दा गाउँमा त्यस प्रकारका क्रियाकलाप नगर्ने शर्तमा पीडितहरूलाई मुक्त गरियो।

मानपुर गाविस-४ का ३५ वर्षीय पूर्णबहादुर वलीलाई चोरी/बलात्कारको आरोपमा ०६० जेठ २२ गते माओवादीले अपहरण गरी जेठ २६ गते मुक्त गरे।

शान्तिनगर गाविस-१ एक्लीका रेशम कँडेललाई ०६० असार १४ गते माओवादीले अपहरण गरी कुटपिट गरे। पीडितलाई जेठान नाता पर्ने धनिराम कँडेलसँग सोही दिनको सामान्य विवादलाई निहुँ बनाएर राति माओवादीले अपहरण गरी नजिकैको वनमा लगेकोमा दिसा गर्ने निहुँमा माओवादीको कब्जाबाट भागेका थिए।

माओवादी जिल्ला सदस्य एवं क्षेत्र नं. १ का पूर्व इन्चार्ज खम्बु चन्दलाई ०६० भदौ ३० गते आफ्नो ससुराली गोवरडिहा गएको अवस्थामा माओवादीले अपहरण गरेकोमा सिसहनिया गाविस पत्थरगढवाबाट भागे।

फुलबारी गाविस-९ बराखुटीका धर्मराज पौडेल र उरहरी गाविस-६ बेलटाकुराका दिलीप खनाललाई माओवादीको नाममा विभिन्न ठाउँमा चन्दा संकलन गरेको आरोपमा ०६० असोज २२ गते माओवादीले अपहरण गरी मुक्त गरे।

उरहरी गाविस-५ हसनापुरका २३ वर्षीय राजीव बस्नेतलाई गाउँघरमा होहल्ला गरेको आरोपमा ०६० मंसिर ८ गते माओवादीले अपहरण गरी २ दिनपछि मुक्त गरे।

सिसहनिया गाविस-६ पिपरीका ३० वर्षीय दानबहादुर चौधरीलाई नक्कली माओवादी बनी लुटपाट गरेको आरोपमा ०६० मंसिर २५ गते बिहान घरमै बसिरहेको अवस्थामा माओवादीले अपहरण गरे। पीडितलाई हालसम्म मुक्त गरिएको छैन।

चैलाही गाविस-९ वनगाउँका ३२ वर्षीय निरञ्जन पण्डितलाई ०६० मंसिर २० गते कामको सिलसिलामा प्युठान गएको अवस्थामा बडडाँडा भन्ने ठाउँबाट माओवादीले अपहरण गरी बेपत्ता बनाएकोमा ०६० पुस ९ गते अर्घाखाँचीबाट मुक्त गरे।

बसभित्रै मारिएकी सर्वसाधारण शान्ति सार्की

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

तुल्सीपुर नपा-५ की २७ वर्षीय याङ्ली शेर्पालाई ०५९ फागुन १० गते साँझ ८ बजे सुरक्षाकर्मीले कुटपिट गरे।

लालमटिया गाविस-३ का ३८ वर्षीय मोहमद फाजिललाई समृद्ध केसीको खुट्टा भाँचिदिएको आरोपमा ०६० जेठ ९ गते प्रहरीले कुटपिट गरी यातना दिए।

गोवरडिहा गाविस-९ सुपैलाका १८ वर्षीय शरद कार्कीलाई माओवादीको आशंकामा ०६० भदौ २४ गते सुरक्षाकर्मीले कुटपिट गरी घाइते बनाए। पीडितको हालको अवस्था सामान्य छ।

चैलाही गाविस-३ देउपुरमा हात्तीले घर भत्काइदिने, बालिनाली खाइदिनेजस्ता आतंक मच्चाएपछि ०६० असोज १० गते गाउँलेहरू जुटी राँको बालेर हात्तीको हुललाई जंगलतर्फ लखेट्नेक्रममा फेला परेपछि सशस्त्र र जनपथ प्रहरीको संयुक्त गस्ती टोलीले गाउँलेहरूलाई कुटपिट गरे। कुटपिट गरिनेहरूमा कमल चौधरी, बिल्लु चौधरी, राजु चौधरी र केकु चौधरी थिए। कर्फ्यु उल्लंघन तथा निषेधित क्षेत्र नाघेको आरोपमा कुटपिट गरिएको प्रहरीले जनाए।

सिसनिया गाविस-५ कालापानीका २२ वर्षीय तुकमान चौधरीलाई माओवादीको आरोपमा ०६० कार्तिक १० गते सशस्त्र प्रहरी बेस क्याम्प, गढवाका प्रहरीले कुटपिट गरी घाइते बनाए। कुटपिटकै कारण पीडितले मानसिक सन्तुलनसमेत गुमाए।

माओवादीबाट

त्रिभुवन नपा-११ का २८ वर्षीय रामबहादुर

नेपाली र बेला गाविस-१ का २१ वर्षीय सुमन केसी लाई नक्कली माओवादी बनी चन्दा संकलन गरेको आरोपमा ०५९ माघ ३ गते माओवादीले बेला गाविसको जनज्योति माविको प्राङ्गणमा कुटपिट गरे।

सोनपुर गाविस-१ का २१ वर्षीय राकेश चौधरीलाई नक्कली माओवादी र बलात्कारीको आरोपमा ०५९ माघ ३ गते राति माओवादीले दायाँ हात नाडीबाट काटी हत्या गर्ने प्रयास गरे।

पवननगर गाविस-८ का ४१ वर्षीय गोविन्द अर्याललाई ०५९ चैत ६ गते दिउँसो माओवादीले मिल चलाएमा नराम्रो घटना हुने धम्की दिए।

हेकुली गाविस-१ का सुरेन्द्र बुढाथोकीलाई ०५९ फागुन ११ गते माओवादीले चक्कु प्रहार गरी घाइते बनाए

धनौरी गाविस-९ का ५६ वर्षीय धनिराम चौधरीलाई ०६० जेठ १५ गते दिउँसो माओवादीले मागेको रकम एक महिनामा नदिए नराम्रो घटना हुने धम्की दिए।

रामपुर गाविसका २५ वर्षीय सोना चौधरीलाई सुपथ मूल्यको मट्टितेलको कुपन वितरण गरेको आरोपमा ०६० जेठ २३ गते दिउँसो माओवादीले नराम्रो घटना गराउने धम्की दिए।

गढवा गाविस-९ शान्तिपुरका ओमराज ठकुरी र सोपबहादुर केसीलाई ०६० भदौ ४ गते माओवादीले कुटपिट गरी घाइते बनाउनुका साथै उनीहरूसँग रहेको खुकुरी र खुर्पा लुटे। ओमराज र सोपबहादुरले यस अघि स्थानीय मोहन थापाको पसलबाट उधारो समान नदिएको आरोपमा कुटपिट गरेको मोहनले बताए।

टरिगाउँ गाविस-४ का रामकुमार चौधरीलाई सुराकीको आरोपमा ०६० भदौ २४ गते माओवादीले कुटपिट गर्नुका साथै अन्य दुई जनालाई सामान्य सोधपुछपछि मुक्त गरे।

उरहरी गाविस-६ मोतिपुरका राप्रपा कार्यकर्ता तेजबहादुर बस्नेतको घरबाट ०६० भदौ २८ गते माओवादीले सम्पूर्ण धनमाल लुटेर लगे।

फुलबारी गाविस-४ रनियापुरका मनोहर पौडेललाई ०६० भदौ २९ गते माओवादीले कुटपिट गरी घाइते बनाए। प्रहरीमा भर्ना भएका आरुना छोरालाई जागिर छोड्न लगाउन गत वर्षदेखि माओवादीले दवाब दिँदै आएको पीडितले बताए।

राजपरिषद स्थायी समितिका सभापति परशुनारायण चौधरीको गोबरडिहास्थित घरमा ०६० भदौ ३० गते माओवादीले लुटपाट गर्नुका साथै वम विस्फोट गराए।

पवननगर गाविस-६ वालापुर नजिकै काजी भन्ने व्यक्तिको घरमा ०६० भदौ ३० गते माओवादीले लुटपाट गरे।

गोलीद्वारा मारिएका सर्वसाधारण रामप्रसाद गुप्ता

नारायणपुर गाविस-९ बनगाउँका बलदेव शर्माको घरमा रहेको सात तोला सुन र नगद १३ हजार रुपैयाँ ०६० असोज २३ गते आफूलाई माओवादी बताउने अज्ञात समूहले लुटेर लगे।

बिजौरी गाविसस्थित अमर एण्ड सन्स व्यापार सेवाबाट ०६० असोज २७ गते राति हतियारधारीहरूको एक समूहले नगद ६३ हजार १ सय ४ रुपैयाँ लुटेर लगे।

सर्वोच्च अदालतका न्यायाधीश हरिप्रसाद शर्माको टरिगाउँ गाविस-२ रझेनास्थित घरको धनमाल ०६० कार्तिक २७ गते हतियारधारी एक समूहले लुटेर लगे।

तुल्सिपुर नपा-६ रजौराका लोकबहादुर डाँगीको घरबाट ०६० कार्तिक २९ गते हतियारधारी एक समूहले नगद तथा जिन्सी गरी करिब १० हजार बराबरको धनमाल लुटे।

उरहरी गाविस-९ सुकौराका बुद्धिराम भण्डारीको घरबाट ०६० मंसिर २९ गते माओवादीले ४५ क्वीन्टल धान लुटेर लगे।

अन्य

गढवा गाविस-९ का ४१ वर्षीय खडकबहादुर केसीलाई चन्दा नदिएको आरोपमा ०५९ पुस ३० गते नक्कली माओवादी कार्यकर्ता बनी बेला गाविस-१ का २१ वर्षीय सुमन केसी र धर्ना गाविस-७ का २४ वर्षीय अमित वस्नेतले कुटपिट गरे।

चैलाही गाविस-८ का ३९ वर्षीय रामप्रसाद चौधरीलाई चन्दा दिन नसक्ने भनेपछि ०५९ माघ ३ गते अज्ञात व्यक्तिहरूले कुटपिट गरे।

चैलाही-८ का ३९ वर्षीय रामप्रसाद चौधरीलाई ०५९ माघ-३ गते राति चन्दा दिन नसक्ने भनेपछि अज्ञात व्यक्तिहरूले कुटपिट गरे।

अनेरास्ववियुका कार्यकर्ताहरू तुलसीपुर नपा-११ का २२ वर्षीय धनीराम रोका, सोही नपा-६ का २२ र २१ वर्षीय भिमार्जुन रेग्मी र सुशिल काफ्लेलाई अनेरास्ववियुको क्रियाकलापबारे छलफल गरेको र उत्प्रेरणा दिएको आरोपमा ०५९ फागुन २३ गते तुलसीपुर नपा-५ का शम्भु बुढालगायत् ६-७ जनाले कुटपिट गरे। पीडकहरूलाई कुनै कारवाही भएन।

भालुवाङ-प्यूठान सडक खण्डमा पर्ने बर्दबेला भन्ने ठाउँमा ०६० पुस १३ गते ना. २ ख ६०३८, लु. १ ख १३५२ र एउटा स्थानीय जिपमा अज्ञात व्यक्तिहरूको समूहले लुटपाट गरे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेकपा (एमाले) डुरुवा गाउँ कमिटीको अधिवेशनमा माओवादीले ०५९ पुस २८ गते मावि, भोजपुरमा वम विस्फोट गरे।

गढवा गाविस-६ का २८ वर्षीय मेटमणि चौधरी, डुरुवा गाविस-६ का १८ वर्षीय विवेक श्रेष्ठ, रुकुम जिल्ला पोखरा गाविसका २४ वर्षीय सर्जन गौतम र जिल्ला प्रहरी कार्यालयका प्रहरी जवान कृष्णराज त्रिपाठी ०६० वैशाख ७ गते दिउँसो बजार बन्द कार्यक्रमको सिलसिलामा विद्यार्थी र प्रहरीबीच भिडन्त हुँदा घाइते भए।

पाँच राजनीतिक पार्टीहरूको प्रतिगमनविरोधी आन्दोलन अन्तर्गत जिल्ला प्रशासन कार्यालयमा धर्ना दिन गइरहेका त्रिभुवन नपा-१ का ४२ वर्षीय घनश्याम बुढाथोकी, सोही नपा-८ का २५ वर्षीय रीता मानुसी, गोवरडिहा गाविस-३ का ५९ वर्षीय रश्मी नेपाली, उरहरी गाविस-३ का ४० वर्षीय डम्बर वली, तुल्सिपुर नपा-४ का ४३ वर्षीय भरत भण्डारी, चैलाही गाविसका ३९ वर्षीय रेवतीरमण शर्मा, त्रिभुवन नपा-११ का ५४ वर्षीय देवी पोखेल, ५४ वर्षीय कमानसिं डाँगी, ४३ वर्षीय वीरकेशरी गौतम र २४ वर्षीय सुक्रिया चौधरीलाई ०६० जेठ ८ गते प्रहरीले कुटपिट गरे।

हापुर गाविस-९ घर भई त्रिभुवन नपा-१० बस्ने ३५ वर्षीय निर्मल न्यौपाने, २९ वर्षीय दीपक पाण्डे, २७ वर्षीय परिणय विक्रम शाह, सोही नपा-११ का ३० वर्षीय दमनध्वज चन्द र ३१ वर्षीय ऋषिकेश जङ्ग शाहलाई शाही घोषणाको विरोधमा आधा घण्टा सडक अवरुद्ध गरेको आरोपमा ०५९ चैत २० गते प्रहरीले गिरफ्तार गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष यो जिल्ला अदालतमा व्यक्तिवादी देवानी शीर्षकमा २ सय ५२ मा दर्ता भएकोमा १ सय १५ थान फर्स्यौट भइ १ सय ३७ वटा बाँकी रह्यो भने जिम्मेवारी सरेर आएको २ सय १७ वटामा ० वटा फर्स्यौट भई १ सय ३७ बाँकी रहे। त्यसैगरी व्यक्तिवादी फौज्दारी शीर्षकमा यस वर्ष १ सय ४० थप मुद्दा दर्ता भएकोमा ७९ वटा फर्स्यौट भई ६१ वटा बाँकी रहे भने जिम्मेवारी सरेर आएको १ सय १२ वटामा २ वटा फर्स्यौट भई ८४ वटा बाँकी रहे। यसैगरी सरकारवादी फौज्दारी शीर्षकमा यस वर्ष ७९ वटा दर्ता भएकोमा ४७ वटा फर्स्यौट भई ३२ वटा बाँकी रहे। जिम्मेवारी सरेर आएको ५२ वटा मुद्दामा २२ वटा फर्स्यौट भई ३० वटा बाँकी रहे।

पुनरावेदन अदालत तुल्सिपुरमा जिम्मेवारी सरेर आएको व्यक्तिवादी देवानी १ सय वटामा ३२ वटा फर्स्यौट भई ६८ बाँकी रहे। व्यक्तिवी फौज्दारीमा जिम्मेवारी सरेर आएको २२ वटामा १० वटा फर्स्यौट भई १२ वटा बाँकी रहे। त्यसैगरी सरकारवादी फौज्दारी १ सय ६६ वटाम ५४ वटा फर्स्यौट भई १ सय १२ वटा बाँकी रहे।

यस वर्ष व्यक्तिवादी देवानीमा ८५ वटा लगत रहेकोमा ९ वटा फर्स्यौट भई ७६ वटा बाँकी रहे। व्यक्तिवादी फौज्दारी ३४ वटा लगत रहेकोमा १७ वटा फर्स्यौट भई १७ वटा बाँकी रहे। सरकारवादी फौज्दारीमा

प्रहरीद्वारा गिरफ्तार गरिएका खुमलाल पोखरेल र विनोद केसी

७१ वटा लगत रहेकोमा १५ वटा फर्स्यौट भई ५६ वटा मुद्दा बाँकी रहे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, तुल्सिपुरबाट ०६० भदौ ११ गते बिहान सादा पोशाकमा आएका १५-२० जना माओवादीको एक समूहले बैंकका कर्मचारीलाई आफ्नो नियन्त्रणमा लिई ७१ लाख ७७ हजार ५ सय रुपैयाँ लुटे। बैंक लुट्नेक्रममा माओवादीले चलाएको गोली लागी बैंकका प्रवन्धक केशवकुमार शर्मा घाइते भए। माओवादीले बैंक सुरक्षार्थ बसेका गार्ड जुद्धबहादुर पुनलाई पेस्तोल तेर्स्याएर बाह्रबोर बन्दुक खोसेका थिए। बैंक लुटिसकेपछि माओवादी समूह रा. १ ज १३७ नम्बरको जीप प्रयोग गरी भागेका थिए।

विस्थापित

काभ्रे गाविसका पूर्व अध्यक्ष भेषराज खत्रीको सम्पूर्ण सम्पत्ति ०६० असोज ५ गते माओवादीले जफत गरी गाउँ निकाला गरे। पीडित ९ जनाको परिवारसहित सदरमुकाम घोराहीमा बस्न बाध्य भएका छन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

गोवरडिहा गाविस-७ का ३५ वर्षीय नन्दराम शर्मा, २८ वर्षीय सुशिल शर्मा, २१ वर्षीय भागिरथी शर्मा र २५ वर्षीय कालु नेपालीलाई माओवादीको आशंकामा ०५९ माघ ४ गते दिउँसो प्रहरीले गिरफ्तार गरे। पीडितलाई एक हप्तापछि रिहा गरियो।

तुल्सिपुर नपा-५ का २७ वर्षीय हुकुमबहादुर डाँगीलाई माओवादीको आशंकामा ०५९ माघ १२ गते साँझ प्रहरीले खाना खाँदै गरेको अवस्थामा गिरफ्तार गरी यातना दिए। पीडितलाई सोही दिन रिहा गरियो।

गोवरडिहा गाविस-८ का ३२ वर्षीय बालिका शर्मा र २९ वर्षीय माधव घिमिरेलाई माओवादीको कार्यक्रम संचालक तथा अगुवा भएको आरोपमा ०५९ माघ २४ गते सुरक्षाकर्मीले गिरफ्तार गरे।



माओवादीको कुटपिटका कारण मृत्यु भएका दुर्गाप्रसाद मजगैयाँ

रुकुम जिल्ला पोखरा गाविस-१ का २३ वर्षीय विनोद केसी, फुलबारी गाविसका २२ वर्षीय निमकान्त न्यौपाने, हापुर गाविस-४ का २१ वर्षीय उमेश गौतम, धनौरी गाविस-४ का १७ वर्षीय मुकुन्द जि.सी., डुरुवा गाविस-८ का गेहेन्द्र बस्नेत, रोल्पा जिल्ला डुब्रिङ गाविस-४ का २३ वर्षीय तेजबहादुर बुढा, १९ वर्षीय प्रकाश डाँगी, त्रिभुवन नपा-७ का २५ वर्षीय माधव केसी, प्युठान जिल्लाका २५ वर्षीय खुमलाल पोखेल र सोही जिल्ला दाङवाङका २१ वर्षीय गणेश आचार्यलाई ०६० वैशाख ७ गते प्रहरीले गिरफ्तार गरेकोमा आइन्दा चन्दा नलिने शर्तमा रिहा गरियो।

पवननगर गाविस-८ का २६ वर्षीय विजय शर्मा, ३२ वर्षीय सुनिल शर्मा र २९ वर्षीय झविलाल शर्मालाई मसाल जुलुस निकालेको आरोपमा ०६० वैशाख २८ गते प्रहरीले गिरफ्तार गरी यातना दिए। पीडितहरूले पाँच राजनीतिक पार्टीको कार्यक्रमअनुसार मसाल जुलुस निकालेका थिए। पीडितहरूलाई सोही दिन रिहा गरियो।

बिजौरी गाविस-९ का २० वर्षीय विष्णु ऐडी, बालिका घर्ति, २३ वर्षीय प्रेमबहादुर नेपाली, २० वर्षीय सपना विष्ट, मानपुर गाविस-६ का २३ वर्षीय सत्कार चौधरी र २१ वर्षीय पुष्पा चौधरीलाई चन्दा उठाएको आरोपमा ०६० असार १२ गते हलवार गाविस-६ वायखोलाबाट सुरक्षाकर्मीले गिरफ्तार गरे।

पवननगर गाविस-९ का ३४ वर्षीय शोभाराम डाँगीलाई माओवादीको आरोपमा ०६० कार्तिक २ गते आफ्नै घरमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई शाही नेपाली सेनाको बेस क्याम्प, तुल्सिपुरमा राखिएको परिवारका सदस्यले बताए। पीडितलाई एक हप्तापछि रिहा गरियो।

स्पेसटाइम दैनिकका सम्वाददाता, प्रेस चौतारी नेपालका केन्द्रीय सदस्य एवम् पत्रकार महासंघ, दाङ शाखाका सदस्य शरद अधिकारीलाई जनआस्था साप्ताहिकमा प्रकाशित समाचारलाई लिएर ०६० कार्तिक २७ गते सेनाले गिरफ्तार गरी सोही दिन रिहा गरे।

गोवरडिहा गाविस-९ सुपैलाका २० वर्षीय मानसिङ पुनलाई माओवादीको आशंकामा ०६० मंसिर २० गते गोठमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीले कुटपिट गरी घाइते बनाउनुका साथै गिरफ्तार समेत गरे। पीडितलाई हाल तारिखमा रिहा गरिएको छ।

रोल्पा तथा दाङका विभिन्न गाउँका मानिसहरू कामको खोजीमा काठमाडौंका विभिन्न इँटाभट्टामा जाने क्रममा घोराहीका विभिन्न ठाउँमा बसेको अवस्थामा ०६० पुस १ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। त्यसरी गिरफ्तारीमा पर्नेहरूमा ३ सय ५२ पुरुष र १ सय ८७ महिला थिए। पीडितहरूलाई १२ घण्टापछि रिहा गरियो।

बालअधिकार

लालमटिया गाविस-३ पुल्चोककी सुस्त मनस्थिति भएकी १३ वर्षीय एक बालिकालाई ०६० साउन ५ गते त्रिभुवन नपा-१० घर भई भालुवाङ्मा डेरा गरी बस्ने केशवकुमार श्रेष्ठले आफ्नै कोठामा बोलाई बलात्कार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गऱ्यो।

भारत सिद्धार्थनगर जिल्ला इटावाबजार घर भई त्रिभुवन नगर नपा-११ मा डेरा गरी बस्ने ५० वर्षीय बाबु लावेला सलमानी मसुलमानले ०६० साउन १३ गते आफ्नै छोरी १२ वर्षीय बालिकालाई बलात्कार गरेको अभियोगमा जिल्ला अदालत दाङले थुनामा राख्ने आदेश दियो। पीडकलाई तुल्सिपुर जेलमा राखिएको छ।

तुल्सिपुर नपा-१ खमारीकी १० वर्षीय एक बालिकालाई ०६० भदौ ३ गते सोही ठाउँका ७६ वर्षीय अमृत खड्काले बलात्कार गरे। पीडकलाई स्थानीय बासिन्दाले मोसो दली जुत्ताको माला लगाई गाउँ घुमाए। पीडककी पत्नीको उजुरीका आधारमा स्थानीय टोल विकास संस्थाको अगुवाईमा मोसो दलिएको थियो।

टरीगाउँ गाविस-१ की ३ वर्षीय एक बालिकालाई ०६० भदौ २२ गते हजुरबाबु नाता पर्ने ३५ वर्षीय दामोदर रेग्मीले बलात्कार गरे। पीडकलाई हाल थुनामा राखिएको छ।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दुर्व्यवहार

लमहीस्थित कान्छीरोडको भुसाल होटलमा काम गर्ने १६ वर्षीय एक युवतीलाई ०६० भदौ १५ गते सोही ठाउँका ३८ वर्षीय डोरबहादुर केसीले बलात्कार प्रयास गरे। पीडक फरार छन्।

नारायणपुर गाविस-७ घर भई त्रिभुवननगर नपा-११ काठेकोल बस्ने जमुना बुढाथोकीको घरमा काम गरी बस्ने १२ वर्षीय एक बालिकालाई ०६० कार्तिक १९ गते एक अपरिचित युवकले बलात्कार गरे। पीडकको देब्रे गालामा टाटो भएको पीडितले बताइन्।

पुरन्धारा गाविस-२ की ५ वर्षीय एक बालिकालाई ०६० मंसिर ५ गते सोही ठाउँका ६० वर्षीय सन्तवीर



प्रहरीको लाठिचार्जबाट घाइते भएका घनश्याम बुढाथोकी र भरत भण्डारी

विकले बलात्कार गरे। पीडकलाई गाउँलेहरूले केही रकम जरिमाना गरे।

नारायणपुर गाविस-२ कि १५ वर्षीय एक युवतीलाई ०६० मंसिर ७ गते बिहान खेतमा घाँस काट्न गएको अवस्थामा करिब ३५ वर्षीय एक अपरिचित व्यक्तिले नम्किन खुवाएर बेहोस बनाई बलात्कार गरे। पीडकको देब्रे गालामा टाटो भएको पीडितले बताइन्।

चैलाही गाविस-२ की १८ वर्षीय शिवरानी चौधरीलाई ०५९ चैत २९ गते जेठी पत्नीको दबाबले सूर्यबहादुर चौधरीले घरबाट निकाले। पीडितलाई चैत २४ गते पत्नी तुल्याई ल्याएका थिए।

बिजौरी-९ पकर्रे का ५८ वर्षीय कल्ली चौधरीलाई बोक्सीको आरोपमा ०६० असोज १४ गते सोही ठाउँका ३५ वर्षीय सुन्तली बस्नेतले गम्भीर घाइते हुनेगरी कुटपिट गरीन्।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूत समेत

चैलाही गाविस-८ का ३० वर्षीय नवीन चौधरी, सोही गाविस-९ की २५ वर्षीय गौरी चौधरी र २८ वर्षीय विनोदकुमार चौधरीलाई ०६० जेठ २८ गते दिउँसो माओवादीले यौन शोषण गरेको आरोपमा मोसो दली, जुत्ताको माला लगाई अमानवीय व्यवहार गरे।

बिजौरी गाविस-५ बिजौरीका गणेश भन्ने भोलाप्रसाद पोखेलले आफ्नै भाइ बुहारी कुन्ति पोखेललाई बोक्सीको आरोप लगाउँदै दुर्व्यवहार गरे।

विविध

संरचना क्षति

मध्यपश्चिम सडक डिभिजन नं. २ घोराहीका

चालु अवस्थामा रहेका भे. अ. त्र ४१ नं. को ल्याण्ड रोवर, जिप, ना. १ अ ४८३७ को जीप र बा. १ भ ५६४५ नं. को मोटरमा ०६० भदौ २८ गते माओवादीले आगो लगाई क्षति पुऱ्याए।

खैरा-कोठरी सडक खण्डमा पर्ने बकुलाई गाउँमा रहेको कच्ची पुल ०६० भदौ ३० गते माओवादीको एक समूहले भत्काए।

त्रिभुवननगर नपा-११ डिके एण्ड सन्स पेट्रोल पम्प अगाडि रहेको प्रहरी सुरक्षा चेकपोष्टमा ०६० असोज ४ गते माओवादीहरूले बम विस्फोट गराई क्षति पुऱ्याए।

जिल्ला प्रहरी कार्यालयको बा. १ ग ७४९ नं. को भ्यानमा ०६० असोज २८ गते माओवादीले आगो लगाई क्षति पुऱ्याए।

थारु मध्यम साक्षरता तथा आयमूलक परियोजनाको बा. १ च ८७२७ नम्बरको पजेरो गाडीमा ०६० कार्तिक ४ गते तुल्सिपुर नपा-६ शितलपुरनजिक माओवादीले मट्टितेल छर्किं आगो लगाए।

विगतको अनुगमन

बेपत्ता

डुरुवा गाविस-५ का ३५ वर्षीय कुइरा चौधरी, १८ वर्षीय खुशीराम चौधरी र २० वर्षीय जागीराम चौधरीलाई माओवादीको आरोपमा ०५९ भदौ २१ गते सुरक्षाकर्मीले गिरफ्तार गरेका थिए। पीडितलाई बेपत्ता पारिएको तथ्य खुल्न आयो।

रोल्पा जिल्ला सेरम गाविस-६ घुसवाङका २२ वर्षीय दिलबहादुर घर्तिलाई माओवादीको आरोपमा ०५९ मंसिर १३ गते राति त्रिभुवननगर नपा-८ बडहरास्थित सानी आमाको घरमा बसेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरेका थिए। पीडितलाई बेपत्ता पारिएको तथ्य खुल्न आयो।

त्रिभुवननगर नपा-८ बडहराकी १८ वर्षीय रामपुरा घर्तीलाई माओवादीको आरोपमा ०५९ मंसिर १४ गते घरमै बसिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरेका थिए। पीडितलाई बेपत्ता पारिएको तथ्य खुल्न आयो।

हापुर गाविस-६ शिवपुरका २८ वर्षीय बलबहादुर योगीलाई माओवादीको आरोपमा ०५९ मंसिर १५ गते सुरक्षाकर्मीले गिरफ्तार गरेका थिए। पीडितलाई बेपत्ता पारियो।

४.२ प्युठान



जनसंख्या :२१२५२२
साक्षरता प्रतिशत :३५
महिला साक्षरता प्रतिशत :१७
क्षेत्रफल (वर्ग कि.मी.) :१३०९
गाविस/नपा संख्या :४९/०
निर्वाचन क्षेत्र :२
विद्यालय :३६३
क्याम्पस/उच्च मावि :१/१
अस्पताल/स्वास्थ्य चौकी : १/११
टेलिफोन लाइन :३५३
मोटर सडक (कि.मी.) :१५०
प्रहरी कार्यालय संख्या :१
हुलाक संख्या :५०
मानव विकास सूचकांक :०.३२३
प्रति एक डाक्टर जनसंख्या :१४१६६
प्रति परिवार सरदर संख्या :५.२९

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रुपले बाँच्ने अधिकार

हत्या/गोली

माओवादीबाट

सारी गाविसका २३ वर्षीय मदन बुढाथोकीलाई सुराकीको आरोपमा ०५९ पुस १८ गते माओवादीले गोली हानी हत्या गरे। पीडितको लास भोलिपल्ट बर्जिवाङ्ग गाविसको धनवाङ खोलामा भेटिएको थियो।

जिल्ला प्रहरी कार्यालयका असई प्रकाश अधिकारीलाई ०५९ पुस २७ गते बेलुका ५ बजे चुजा गाविसको चुकाहा खोलाबाट माओवादीले अपहरण गरी हत्या गरे। पीडितको लास भोलिपल्ट सोही गाविसमा फेला पऱ्यो।

नयाँगाउँ गाविस-१ की २५ वर्षीय रिमादेवी हौंजालीको ०६० जेठ २५ गते बिहान जंगलमा घाँस काट्न गएको अवस्थामा बेवारिसे बम विस्फोट हुँदा मृत्यु भयो। पीडितको लास सोही दिन बिजुवार अस्पताल ल्याइएकोमा डाक्टर नभएकोले दाङबाट डाक्टर आई ४ दिनपछि पोष्टमार्टम गरिएको थियो।

माझाकोट गाविस-५ का ४८ वर्षीय खिमबहादुर जिसीलाई सुराकीको आरोपमा ०६० भदौ २८ गते माओवादीहरूले अपहरण गरी भदौ २९ गते राति धर्मावती गाविस-४ दम्ती शान्तिनगर भन्ने ठाउँमा छुरी र गोली प्रहारी गरी हत्या गरे। पीडितको शवलाई भदौ ३० गते प्यूठान अस्पतालमा ल्याई पोष्टमार्टम गरिएको थियो।

गोली/बमद्वारा घाइते

माओवादीबाट

रोल्पा जिल्लाबाट काठमाडौंतर्फ जान लागिरहेको ना. २ ख ५६८४ नम्बरको बस ०६० कार्तिक २६ गते नयाँगाउँ गाविसको जाबुनेमा माओवादीले रोक भन्दा नरोकेपछि गोली चलाउँदा बसका सहयोगी निमबहादुर विक गोली लागी घाइते भए। पीडितको कार्तिक २७ गते प्यूठान अस्पतालमा ल्याई खुट्टामा लागेको गोली निकालिएको थियो।

जेल र बन्दी

प्यूठान जेल 'घ' श्रेणीको हो। जेलको क्षमता २५ जनाको रहे पनि हाल २६ जना बन्दी छन्। जसमध्ये कैद तोकिएका १६ र नतोकिएका १० जना बन्दी छन्।

बन्दीहरूमध्ये २४ पुरुष र २ महिला छन्। बन्दीहरूको लागि टीभी र रेडियोको व्यवस्था गरिएको छ। जेलमा धारा/चर्पी र बिजुलीको सुविधा छ। बन्दीको स्वास्थ्य उपचारको लागी हालको स्थितिले गर्दा सदरमुकामस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा लगिन्छ। त्यहाँ उपचार हुन नसके बाहिर लैजाने व्यवस्था छैन। बन्दीहरू टोपी, गलबन्दी, चोलो आदि बुन्छन्।

प्यूठान जेलमा जन्म कैद ठहर भई सजाय भोगिरहेका ४६ वर्षीय पुठे गयलको ०६० जेठ ४ गते मृत्यु भयो। मृतकको लास प्यूठान अस्पताल ल्याई पोष्टमार्टम गरिएको थियो। मृतक पुठेले ०५६ चैत १६ गतेदेखि कैद भोगिरहेका थिए।

बेपत्ता/अपहरण

माओवादीबाट

धरमपानी गाविस-३ बञ्चरेका शाही नेपाली सेनाका नायक ३५ वर्षीय राजकुमार श्रेष्ठलाई ०५९ पुस १७ गते आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडितलाई पुस २४ गते घरमै भेला गराई मुक्त गरे।

विजुली गाविस-१ घर भई रस्यूरकोट गाविस-४ स्थित अमरज्योति प्राविका शिक्षक ३८ वर्षीय मानबहादुर थापालाई ०५९ पुस २५ गते माओवादीले अपहरण गरी पुस ३० गते मुक्त गरे।

धरमपानी गाविस-७ का ४० वर्षीय रामबहादुर थापालाई ०५९ पुस २७ गते माओवादीले अपहरण गरी केही दिनपछि मुक्त गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	३	४	१	५	५	४	१	५				
घाइते	१		१	१	१	१		१				
हिरासत वा थुनामा मृत्यु									१	१		१
गिरफ्तारी/यातना									२	१	१	२
वेपत्ता									१	१		१
धम्की					१	१		१	१	१		१
महिलाअधिकार	१		१	१								
अमानवीय व्यवहार	१	१	१	२								
अपहरण					१३	३३	३	३६				
जम्मा	६	५	४	९	२०	३९	४	४३	५	४	१	५

जिविस, प्यूठानका स्थानीय विकास अधिकारी ध्रुवकुमार कार्कीलाई ०५९ पुस २७ गते वेलुका ५ बजे चुजा गाविसको चुकाहा खोलाबाट माओवादीले अपहरण गरे। पीडितलाई मानवअधिकार वर्ष पुस्तक जिल्ला प्रतिनिधि महेन्द्रप्रसाद श्रेष्ठ, नेपाल पत्रकार महासंघका जिल्ला सभापति सूर्यबहादुर विक, प्यूठान समाचार साप्ताहिकका सम्पादक इमानसिंह भारती, हिमालय टाइम्सका सम्वाददाता देवेन्द्र वर्मा, नेपाल बार एसोसियसनका सदस्य चुडामणी भुषाल र रासस प्रतिनिधि मेघराज भट्टको रोहवरमा चुँजाठाटी इलाकामा एक सभाको आयोजना गरी ०५९ माघ २ गते मुक्त गरे।

अर्खा गाविस स्वार गाउँका ५२ वर्षीय लिलबहादुर थापा र ५० वर्षीय पूर्णबहादुर थापालाई ०६० जेठ २३ गते माओवादीले अपहरण गरे। उनीहरूलाई ०६० जेठ २२ गते पञ्चमीको मेलामा माओवादीले जाँडरक्सी फालिदिएपछि स्थानीय जनता र माओवादीबीच झडप हुँदा गाउँलेहरूले कुटपिट गरी लखेटेका कारण अपहरण गरेका थिए।

विजयनगर गाविस-३ का ६८ वर्षीय कविराज शर्मालाई ०६० जेठ २३ गते आफ्नै घरबाट माओवादीले मोटरबाटो निर्माणमा उत्पन्न विवाद र खड्गबहादुर कुँवरको जग्गा हडपेको उजुरी उनीहरूसमक्ष परेको कारणले तथा उनका छोरा २२ वर्षीय वामदेव शर्मालाई ०६० जेठ २७ गते आफ्नै घरबाट बुवाको अपहरण बारे प्रहरीलाई खवर गरी पत्रिकामा प्रकाशन गरेको आरोपमा अपहरण गरे। कविराजलाई जनताको बीचमा जग्गा फिर्ता गराउने शर्तमा ०६० असार १ गते र वामदेवलाई शारीरिक यातना दिई १५ हजार रुपैयाँ जरिवाना गरी मुक्त गरे। कविराजले प्रहरीलाई खवर नगरेको र पत्रिकामा पनि नछपाएको बताए।

खाल गाविस-४ की निमा खत्री र रोल्पा जिल्ला मसिना गाविस-९ का चुडामणि केसीलाई पति कृष्णबहादुर खत्री भारतमा रहेको अवस्थामा अवैध सम्बन्ध गरी जन्मिएको बच्चा जंगलमा लगी मारेको कारणले माओवादी जनअदालतले ०६० जेठ २५ गते देखि ३ वर्ष ६ महिनाको लागि श्रम कैद गऱ्यो। चुडामणि केसीलाई १२ हजार रुपैयाँ जरिवाना गराए भने निमा खत्रीलाई ज्यान केशसमेत गरेकोले बढी सजाय भोग्नुपर्ने माओवादी जनअदालतले ठहर गरेको छ।

लुङ्ग गाविस-५ का ३१ वर्षीय दामोदर रिजाल र सोही ठाउँकी २८ वर्षीय पवित्रा रिजाललाई अवैध सम्बन्ध राखेको आरोपमा ०६० साउन ८ गते माओवादीले अपहरण गरे। पीडितहरू नाताले छोरा र कान्छी आमा पर्दछन्। उनीहरूलाई भदौ २९ गते एमाले जिल्ला कमिटी सचिव धनबहादुर रायमाझी र उपसचिव हरिप्रसाद रिजालको उपस्थितिमा गंगा मा.वि. लुङ बहानेबाट मुक्त गरियो।

जिल्ला वन कार्यालयका रेञ्जर ४२ वर्षीय हरिप्रसाद खरेल र नेपाल विद्युत प्राधिकरण कार्यालय विजुवारमा कार्यरत ३० वर्षीय असिम केसीलाई २-४ वर्षअघिदेखि अनैतिक सम्बन्ध रहेको आशंकामा ०६० साउन २२ गते राति ११.३० बजे विजुवार गाविस-६ स्थित शोभा होटलबाट माओवादीले आफ्नो कब्जा लिई अज्ञात स्थलतर्फ लगे। पीडितहरूलाई ०६० साउन २३ गते मित्रमणी चोकमा ल्याई आइन्दा त्यस्तो गल्ती नदोहोऱ्याउने शर्तमा माफी माग्न लगाई मुक्त गरियो।

विजुवार बजारस्थित मध्यपश्चिम सिंचाई विकास डिभिजन नं. ४ का कार्यालय प्रमुख ४२ वर्षीय राम विलास शाहलाई लुङ्ग्री, माडी सिंचाई योजनामा लाखौं रुपैयाँ भ्रष्टाचार गरेको आरोपमा ०६० भदौ २७ गते राति ७:३० बजे कार्यालय परिसरबाट माओवादीले अपहरण गरे। पीडितलाई ०६० असोज ५ गते लुङ्ग गाविसस्थित गंगा मावि, बाहेनमा भाइ शिवजी शाह, साला सुशील शाह, कार्यालयका लेखापाल विश्वराज थापा, पत्रकार महासंघका जिल्ला सभापति सूर्यबहादुर विक र इन्सेक प्रतिनिधि महेन्द्रप्रसाद श्रेष्ठको रोहवरमा मुक्त गरे।

जनमोर्चा, नेपालका कृष्ण श्रेष्ठ, विष्णु भुपाल, उमाराम आचार्य, चक्रमणि पौडेल, चन्द्रबहादुर राना, इन्द्रबहादुर खड्का, कमला खड्का, डिलबहादुर नेपाली, रामप्रसाद पोखरेल, धनबहादुर नेपाली, वेगम नेपाली, ममता शान्ति राना, तारापति भट्टराई, दलबहादुर बस्नेत, सत्यमान राना, कर्णबहादुर रायमाझी, घमानसिंह रायमाझी र श्याम नेपालीलगायत्का नेता/कार्यकर्ताहरू तथा शिक्षकहरूलाई ०६० असोज १३ गते माओवादीले अपहरण गरे। अपहरितहरूमध्ये कृष्ण श्रेष्ठ, विष्णु भुपाल, उमाराम आचार्य, चक्रमणि पौडेल, चन्द्रबहादुर राना र इन्द्रबहादुर खड्कालाई ०६० मंसिर २६ गते विजुली गाविसको धाइरेचौरबाट मानवअधिकार सेवा केन्द्र, प्युठानका सभापति झपेन्द्रराज वैद्य, पत्रकार, जनमोर्चा नेपालका भू.पू. जिल्ला सभापति बोमबहादुर खत्रीको रोहवरमा कार्यक्रमको आयोजना गरी मुक्त गरे।

धर्मावती गाविस-१ वाग्दुलाका ३५ वर्षीय दिपेन्द्रकुमार कक्षपतीलाई ०६० कार्तिक २३ गते माओवादीले अपहरण गरे। पीडितलाई मंसिर ५ गते मुक्त गरियो।

लुङ गाविस-५ का ५३ वर्षीय दुर्गाप्रसाद रिजाल, २१ वर्षीय केशव रिजाल, २६ वर्षीय वामदेव रिजाल र २० वर्षीय गने केसीलाई ०६० पुस ९ गते माओवादीले अपहरण गरे। पीडितलाई पुस १ गते राति अज्ञात व्यक्तिहरूले हत्या गरेको आसंकामा अनुसन्धानको लागी अपहरण गरेको माओवादीले बताए। अपहरित व्यक्तिहरू एमाले, कांग्रेस समर्थक भएको बुझियो। पीडितहरूमध्ये गने केसीलाई केही दिनपछि मुक्त गरे भने अन्यलाई आफ्नै कब्जामा राखेका छन्।

धम्की/ज्यान मार्ने धम्की/कुटपिट

राज्यबाट

खलंगा गाविसका २६ वर्षीय मनोजकुमार श्रेष्ठलाई टेलिफोन गर्दा परिचय नदिएका कारण ०६० असार १९ गते जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब निरीक्षक (लेखापाल) निलकण्ठ शाहले कार्यालयमा बोलाई अपशब्द प्रयोग गरी कुटपिट गर्ने धम्की दिए। पीडित कामको सिलसिलामा साथीको पसलमा बसिरहेको अवस्थामा अज्ञात स्थलबाट फोन आई "साथी बाहिर गएको जानकारी गराउँदा तैले फोन किन उठाइस् ? तँलाई परिचय किन चाहियो ?" भन्ने जस्ता शब्द प्रयोग गरी पीडकले विना कारण जिल्ला प्रहरी कार्यालय लगी कुटपिट गर्ने धम्की दिए।

माओवादीबाट

पाल्पा जिल्ला घर भई बिजुवार गाविस-६ मा व्यापार गरी बस्ने ४२ वर्षीय रमेश सुनुवार र दाङ जिल्ला भालुवाङकी ३५ वर्षीय सरी गुरुङलाई ०६० जेठ २ गते अनेमसंघ (क्रान्तिकारी) का जिल्ला नेताको उपस्थितिमा बिजुवारका महिलाहरूले मोसो दले। रमेश सुनारले घरमा पत्नी हुँदाहुँदै सरी गुरुङसँग सम्पर्क गरेकोमा मोसो दलिएको थियो।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

तिराम गाविस-२ का ४५ वर्षीय थानेश्वर अधिकारीलाई २०६० मंसिर १३ गते घरबाट रोल्पा जिल्ला कोटगाउँ माविमा हाजिर हुन गएको अवस्थामा नयाँगाउँस्थित लामाचौर सैनिक ब्यारेक चेकपोष्टबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई माघ १५ गते लामाचौर ब्यारेकबाट खलंगा ल्याई ०६० माघ १६ गते रिहा गरियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

जिल्ला पशु कार्यालय प्युठानका प्रमुख नन्दलाल वर्माले रम्दी गाविस-७, ८ र ९ मा गठित बाख्रा पालन समूहको लागि श्री ५ को सरकारले निकासा गरेको ६० हजार रुपैयाँमध्ये ४२ हजार रुपैयाँको मात्र बाख्रा खरीद गरी बाँकी १८ हजार रुपैयाँ आफूले लिए। उनले समूहका महिलाहरूलाई धम्काई खाली चेकमा हस्ताक्षर गर्न लगाई चेक बुक आफैले राखी बैंकबाट रकम निकाले। उक्त घटना सार्वजनिक भएपछि ०६० साउन १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरी समूहमार्फत् पीडित पक्षलाई जिल्ला प्रहरी कार्यालयदेखि जिल्ला पशु कार्यालयसम्म गई अनियमित रकम निमित्त कार्यालय प्रमुख विष्णुबहादुर खड्कालाई प्रमुख जिल्ला अधिकारी रामप्रसाद घिमिरेले जम्मा गर्न लगाए। कार्यालय प्रमुख नन्दलाल २८ हजार रुपैयाँ धरौटीमा तारिखमा रहेका छन्। उनले स्थानीय कर्मचारी कृष्णप्रसाद श्रेष्ठलाई सहयोग नगरेको आरोपमा सरुवा गर्छु भनी धम्की दिएकोमा हाल डोल्पा सरुवा गरिएको छ।

विस्थापित

धर्मावती गाविस-३ गेजवाङका ५५ वर्षीय खड्कबहादुर थापालाई ०६० भदौ २४ गते राति माओवादीले घरबाट निकाली घरमा रहेका केही सामान, कागज पत्र आँगनमा ल्याई जलाए। पीडितको परिवार भदौ २५ गते जिल्ला छोडी आफन्त कहाँ दाङ गएका छन्।

लिवाङ गाविसका ५८ वर्षीय मीनबहादुर खत्रीसहित घरका सबै परिवारलाई ०६० कार्तिक ३ गते माओवादीले गाउँ निकाला गरे। पीडितको परिवार हाल सदरमुकाम खलंगा बसेका छन्। हाल उनले सरकारले दिएको मासिक १ हजार ५ सय रुपैयाँ भत्ता र जापान सरकारद्वारा दिइएको ड्राईफुडले गुजारा चलाउँदै आएका छन्।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दुर्व्यवहार

नारीकोट गाविस-७ की २६ वर्षीय एक महिलालाई ०६० असार ५ गते जिल्ला पशु कार्यालयमा प्रयोगात्मक ज्ञान लिन आएको अवस्थामा कार्यालय प्रमुख नन्दलाल वर्माले करणी गर्ने मनसायले करणीको प्रस्ताव राखेको र सो प्रस्ताव अस्वीकार गरेका कारण पीडितको दैनिक हाजिरी, कार्य प्रगति डायरी प्रमाणित गरेनन्। पीडितले

जिल्ला प्रशासन कार्यालयमा दिएको उजुरीको आधारमा ०६० असार २४ गते जिल्ला प्रहरी कार्यालयले पीडकलाई गिरफ्तार गरी ३ दिनपछि रिहा गरे। उक्त घटनाको सम्बन्धमा नेकपा (एमाले) जिल्ला सचिव धनबहादुर रायमाझीको नेतृत्वमा गएको प्रतिनिधि मण्डलले दोषीमाथि कारवाहीका लागि प्रशासनलाई दबाब दिएको थियो।

विजयनगर गाविस-३ का ३६ वर्षीय भेषबहादुर कुमालले आफ्नै भाइ बुहारी २४ वर्षीय देवा कुमाललाई ०५९ चैत २७ गते कुटपिट गरे। पीडितले गाविसमा निवेदन दिए पनि कारवाही नभएपछि जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिई दोषीमाथि कारवाहीको माग गरिन्।

विजयनगर गाविस- १ दैलेसिमलका ७२ वर्षीय लक्ष्मी कुवँरलाई ०५९ फागुन १९ गते आफ्नै कान्छी बुहारी ३३ वर्षीय लिला कुवँरले सामान्य विवाद हुँदा खुर्पाले टाउँकोमा हानी घाइते बनाइन्।

एक जनालाई आरुनै पतिले बञ्चरो प्रहार गरी हत्या गरे।

अतिरिक्त जानकारीहरू
(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस जिल्लामा झुण्डिएर आत्महत्या २०, विष सेवन ५, सवारी दुर्घटना १, पानीमा डुबेर १, आगो लागीबाट १ जना गरी जम्मा २८ जनाको मृत्यु भएकोमा १६ पुरुष र १२ महिला रहे।

प्यूठान जिल्ला विकासमा ०५९ फागुन १४ गते स्थानीय स्वयंसेवकहरूको अर्न्तवार्ता अनुसार सफल उम्मेदवार अनमी पदमा शारदा खड्कालाई नियुक्ति नगरी जिविसमा स्थानीय विकास अधिकारी धुवकुमार कार्की नभएको अवस्थामा सह-योजनाकार सविता पौडेलले वैकल्पिक उम्मेदवार यशोधा वैद्यलाई नियुक्त गरिन्।

४.३ रोल्पा



जनसंख्या	:२२०२०५
साक्षरता प्रतिशत	:५२.८४
महिला साक्षरता प्रतिशत	:२२.८८
क्षेत्रफल (वर्ग कि.मी.)	:१८७९
गाविस/नपा संख्या	:५१/०
निर्वाचन क्षेत्र	:२
विद्यालय	:३०१
क्याम्पस/उच्च मावि	:०/२
अस्पताल/स्वास्थ्य चौकी	: ०/७
टेलिफोन लाइन	:२
मोटर सडक (कि.मी.)	:५८
प्रहरी कार्यालय संख्या	:२
हुलाक संख्या	:५१
मानव विकास सूचकांक	:०.२६४
प्रति एक डाक्टर जनसंख्या	:१०५००२
प्रति परिवार सरदर संख्या	:५.४५

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रुपले बाँच्ने अधिकार
हत्या / गोली
राज्यबाट

जंकोट गाविस-१ माडीचौरका ४५ वर्षीय हस्तु पुनको ०५९ पुस २३ गते बिहान ८ बजे सोही गाउँको नजीकै भिरमा घाँस काट्न गएको समयमा सुरक्षाकर्मीले अन्धाधुन्ध गोली प्रहार गर्दा गोली लागि मृत्यु भएको थियो। सो घटनालाई रेडियो नेपालबाट दोहोरो भिडन्त हुँदा एक जना आतङ्ककारीको मृत्यु भएको भनेर प्रशारण गरियो।

लिवाङ गाविस-५ पिपल चौताराको प्रहरी पोष्टमा ०६० भदौ १८ गते दिउँसो ४ बजे माओवादीले आक्रमण गरेर भागेपछि प्रहरीले अन्धाधुन्द गोली चलाउँदा

होमा गाविस-३ गर्पाका बाल कल्याण उच्च मा. वि. लिवाङमा कक्षा ८ मा अध्ययनरत १५ वर्षीय टेकबहादुर सुनार विद्यालयबाट घरतिर जान लाग्दा लिवाङ गाविस-५ जंकोटेनजिक गोली लागि सख्त घाइते भएकोमा उपचारका लागि नेपालगञ्ज लग्दै गर्दा ०६० भदौ २० गते बाटोमा मृत्यु भयो। राज्यपक्षले उपचारको लागि कुनै वास्ता गरेन। आफैं चन्दा उठाएर उपचार गर्न बसबाट लग्दा ढिलो भएको थियो।

होमा गाविस-७ चोयवाङका मावि माडीचौरमा कक्षा ८ मा अध्ययनरत १४ वर्षीय वीरप्रसाद बुढा ०६० भदौ ३० गते दिउँसो १२ बजे जंकोट गाविस-१ माडीचौरका ५५ वर्षीय पुनिराम पुनको घरको बार्दलीमा बसेको समयमा सोही गाउँको चौतारामा बम विष्फोट भएको आवाज सुनेर घरभित्र जान लाग्दा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। लास घटनास्थलमै छोडिएको थियो। पीडित घरबाट आउँदा विद्यालय जाने अबेर भएकाले डेरामा बसेका थिए। तीन दिनपछि पीडितका बुबा आएपछि दाहसंस्कार गरेका थिए।

जौलीपोखरी गाविस- टिम्मुरकोटबाट माओवादी कार्यकर्ता सम्भवलाई ०६० पुस १० गते बिहान ११ बजे सुरक्षाकर्मीले गिरफ्तार गरी सदरमुकाम लिवाङतिर ल्याउँदै गर्दा सोही दिन दिउँसो २ बजेतिर जेदवाङ गाविस-१ बाजवाङमा ल्याएर गोली हानी हत्या गरी लास घटनास्थल नजिक गाडे। रेडियो नेपालबाट जेदवाङ इलाकामा सुरक्षाकर्मीको कारवाहीमा १ जना आतङ्ककारीको मृत्यु भएको प्रशारण गरिएको थियो।

ओत गाविस-५ भिताबाङमा सोही गाउँको एकजना पुरुषलाई ०६० भदौ ३१ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितको लास घटनास्थलमै छोडेका थिए। पीडितको नाम थाहा हुन सकेको छैन।

माओवादीबाट

रुकुम जिल्ला मोरावाङ गाविस-६ घर भई जिल्ला प्रहरी कार्यालय, रोल्पामा कार्यरत प्रहरी हवल्दार चक्रवीर शाहलाई लिवाङ गाविस-५ सवलधारा प्रहरी पोष्टमा ड्यूटीमा रहेको बेला ०६० भदौ १४ गते बिहान १०.३० बजे माओवादीले प्रहरी पोष्टमा आक्रमण गरी हत्या गरे। घटनापछि माओवादीले थ्री नट थ्री १ थान र सञ्चार सेट १ थान लगेर गए।

धवाङ गाविस-८ भनभनेका १८ वर्षीय रेगबहादुर वलीलाई ०६० भदौ २५ गते लिवाङबाट घर जाँदै गर्दा धवाङ गाविस-६ धाड्सी धवाङ खोला दोभानबाट माओवादीले अपहरण गरे। पीडितलाई ०६० असोज २ गते भाग्न खोज्दा गोली हानी हत्या गरेको उल्लेख गरिएको पर्चा सार्वजनिक स्थानहरूमा माओवादीले टाँसे। पीडितको हालसम्म लास फेला परेको छैन।

धवाङ गाविस-८ भनभनेका ३७ वर्षीय ओवीलाल वलीलाई सुराकीको आरोपमा ०६० भदौ २९ गते राति १२ बजे आफ्नो घरमा सुतेको अवस्थामा माओवादीले अपहरण गरेकोमा ०६० असोज ८ गते लिवाङ गाविस-८ बाह्रबीसेनजिक धाङसी खोलाको बगरमा फेला पऱ्यो। पीडितले धवाङ गाविस-२ धवाङमा १६ जना माओवादी कार्यकर्ताहरूलाई सुराकी गरी सुरक्षाफौजद्वारा हत्या गराएको हुँदा ०६० असोज ४ गते हत्या गरिएको उल्लेख गरिएको पर्चा माओवादीले सार्वजनिक गरे।

दोहोरो भिडन्त

कोर्चाबाङ गाविस-८ हान्नीङमा ०६० भदौ २१ गते दिउँसो १२:३० बजे सुरक्षाकर्मीलाई माओवादीले आक्रमण गर्दा नयाँ गोरख गण रोल्पामा कार्यरत चितवन जिल्ला घर भएका सिपाही राजन गौली र सिन्धुली जिल्ला घर भएका सिपाही कुमार गौतमको घटनास्थलमै मृत्यु भयो। अन्य ५ जना घाइते भए। आक्रमणपछि दोहोरो भिडन्त हुँदा ८ जना माओवादीको घटनास्थलमै मृत्यु भएको र २४ जना घाइते भएको माओवादीद्वारा सञ्चालित एफएमले प्रशारण गरेको थियो। उक्त भिडन्त हुँदा ४५ वर्षीय ललितबहादुर घर्ति, ४० वर्षीय दुर्गे घर्ति, ४० वर्षीय बलबहादुर घर्ति, राजधानी दैनिकका सम्वाददाता २१ वर्षीय खेमबहादुर बुढाको घरको छानो र भित्तामा गोली लागि प्वाल परेर क्षति भएको थियो।

जंकोट गाविस-६, ७ र भावाङ गाविस-२ हिउवाङबीचको जंगलमा ०६० भदौ ३१ गते सुरक्षाकर्मी र माओवादीबीच दोहोरो भिडन्त हुँदा ५८ जना माओवादी छापामारको मृत्यु भएको पुष्टी भएको, सयौं जना हताहत भएको आशंका भएको र सयौं घाइते भएको, एक जना प्रहरी र ५ जना सैनिकको मृत्यु भएको, २५ जना सुरक्षाकर्मी घाइते भएको कुरा रेडियो नेपालबाट प्रशारण गरियो। तर, सो घटनामा ७ जना माओवादीको मृत्यु र १५ जना घाइते भएको स्थानीय माओवादी कार्यकर्ताहरूले बताए। घटनामा मृत्यु भएका र घाइतेहरूको नाम खुल्न सकेको छैन।

पाछावाङ गाविस-७ र ४ को सिमाना घुयालचौरमा ०६० मंसिर २७ गते दिउँसो ४ बजे सुरक्षाकर्मी र माओवादीबीच दोहोरो भिडन्त हुँदा माओवादीका कार्यकर्ता विवेक, लक्ष्मी, अधिक र एक जना नाम थाहा हुन नसकेका गरी ४ जनाको मृत्यु भयो। दोहोरो भिडन्त हुँदा पाछावाङ गाविस-४ सिर्वालीका ७० वर्षीय देवप्रसाद वली र सोही गाउँका ३२ वर्षीय नैनसिंह

वलीको घरमा आगलागी हुँदा घरमा भएको सम्पूर्ण सामान जलेर नष्ट भयो। पीडितहरूको लास घटनास्थलको नजिक सुरक्षाकर्मीले गाडेका थिए।

पाछावाङ गाविस-८ बसुन्धारामा ०६० मंसिर २९ गते माओवादी र सुरक्षाकर्मीबीच दोहोरो भिडन्त हुँदा कम्युनिष्ट उपनाम भएका माओवादी कार्यकर्ताको घटनास्थलमा मृत्यु भयो। लास सुरक्षाकर्मीले घटनास्थलमै गाडे।

अन्यबाट

एकजना पुरुषलाई आफ्नै पत्नीले दाउराले हिर्काई हत्या गरिन्।

गोली / बम / एम्बुसद्वारा घाइते

राज्यबाट

तालावाङ गाविस-६ सिस्नेरीकी ४३ वर्षीय भिमु घर्ति ०६० असोज १ गते बिहान ८.३० बजे घाँस काटेर गोठतिर जान लाग्दा गोठ नजिक आइपुगेको बेला सुरक्षाकर्मीले गोली हानी सख्त घाइते बनाए। आफ्नो पत्नीलाई गोली लागेको सुरक्षाकर्मीलाई जानकारी गराउन गएको बेला उल्टै पति ४७ वर्षीय हर्कमान घर्तिलाई सुरक्षाकर्मीले कुटपिट गरे। कुटपिटका कारण आफू बिरामी भएपछि पत्नीलाई उपचार गर्न अस्पताल लान नसकेको र उपचार गाउँमा गरेको हालसम्म सन्चो नभएको हर्कमान बताउँछन्।

माओवादीबाट

जंकोट गाविस-२ चौतारानजिक सुरक्षाफौज भावाङतिर जान लाग्दा ०६० भदौ ३० गते दिउँसो १२ बजे माओवादीले एम्बुस पड्काएपछि दुईजना सुरक्षाकर्मीहरू घाइते भए।

जेल र बन्दीहरू

'घ' श्रेणीको रोल्पा जेलको क्षमता ५० जनाको छ। यस वर्ष यो जेलमा ८ जना बन्दी छन्। जसमध्ये कैद नतोकिएका २ पुरुष र १ महिला गरी ३ जना तथा कैद तोकिएका ४ पुरुष र १ महिला गरी ५ जना छन्। माओवादी गतिविधिमा संलग्न भएको आरोपमा गिरफ्तार गरिएका ३ जना पुरुष छन्। व्यक्तिगत मुद्दामा २ महिला र ३ पुरुष गरी ५ जना छन्। यस वर्ष १ महिला र ११ पुरुष गरी १२ जना थुनामा परे। माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा गिरफ्तार भई ९० दिन नजरबन्दका लागि ४ जना पुरुषलाई थुनामा राखियो। तीमध्ये ३ जना पुरुष छुट्न बाँकी छन्। यस वर्ष ३ महिला र ४२ पुरुष गरी ४५ जना रिहा भए। जेलमा महिला र पुरुष बन्दी गृह एउटै भएकाले महिलाहरूलाई राति कोठामा ताला लगाएर राखिन्छ। जसले गर्दा, महिलाहरूले कोठामा नै दिसा पिसाब गर्नुपर्ने बाध्यता छ। बन्दीहरू बिरामी भएमा हेल्थपोष्ट र हेल्थसेन्टरमा उपचार गरिन्छ। बन्दीहरूका लागि टीभी राखिएको छ भने केही पत्रिकाको व्यवस्था गरिएको छ।

बेपत्ता / अपहरण

राज्यबाट

धवाङ गाविस-५ थामका निमात्रि गाथा, धवाङमा कक्षा ६ मा अध्ययनरत १४ वर्षीय अम्मर रोका, सोही गाविस-४ धाङसीका सोही विद्यालयमा कक्षा ७ मा

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित							राज्यबाट पीडित				
	अन्यबाट			माओवादीबाट								
	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१	१	१	६	१२		१२	८	२०		८	२८
घाइते	१	१	१	१		५	५	२	१		२४	२५
बम विस्फोटन								१	२			२
गिरफ्तारी / यातना								१०	१३	१		१४
बेपत्ता								१	३			३
कुटपिट								१	२			२
महिलाअधिकार								१		१		१
आर्थिक / सामाजिक / सांस्कृतिक अधिकार								२	७	१		८
अपहरण				१४	२१		२१					
जम्मा	२	२	२	२१	३३	५	३८	२६	४८	३	३२	८३

अध्यनरत १४ वर्षीय अम्मरजीत रोका र सोही गाविस-५ वजङगेका उच्च मावि लिवाङमा कक्षा ७ मा अध्यनरत १४ वर्षीय राजेन्द्र रोकालाई माओवादीको आरोपमा ०६० कार्तिक १९ गते दिउँसो १ बजे राजेन्द्र रोकाको लिवाङ गाविस-५ पिपल चौतारास्थित डेराबाट प्रहरीले गिरफ्तार गरे। राजेन्द्रलाई ०६० कार्तिक २७ गते रिहा गरियो भने अम्मर रोका र अम्मरजीत रोकालाई हालसम्म बेपत्ता पारिएको छ। गिरफ्तार गरिएका सबैलाई धवाङ गाविस-६ धाङसीमा संयुक्त सुरक्षाफौजसँग गस्तीमा लगी सोही ठाउँमा हत्या गरेको आशंका गरिएको छ। रेडियो नेपालबाट धवाङ इलाकामा तीनजना आतङ्ककारीको सुरक्षाफौजको कारवाहीमा मृत्यु भएको भनेर प्रशारण गरिएको थियो। तर, त्यहाँ कुनै पनि लास फेला परेन।

माओवादीबाट

मिरुल गाविस-६ ताधाका ४८ वर्षीय तीर्थ रोकालाई सुराकीको आरोपमा ०५९ पुस २३ गते बिहान १० बजे आफ्नो घरबाट माओवादीले अपहरण गरे। पीडित ०५९ माघ २९ गते भाग्न सफल भएर सदरमुकाम लिवाङमा आए। आफूलाई अपहरण गरेपछि मानसिक, शारीरिक यातना दिएको र जरिवानास्वरुप २१ हजार रुपैयाँ तिरेको पीडितले बताए।

इरिवाङ गाविस-८ थुनिकोटका ५० वर्षीय दीपेन्द्र थापालाई ०६० साउन ५ गते राङकोट गाविस-२ पुतलाखोलाका झक्कुप्रसाद घर्तिको घरबाट माओवादीले अपहरण गरी घरमा बस्ने, सदरमुकाम नजाने शर्तमा ०६० भदौ २ गते मुक्त गरे। पीडित हाल काठमाडौं गएका छन्।

इरिवाङ गाविस-८ थुनिकोटका २५ वर्षीय भिमसेन थापालाई ०६० साउन ५ गते आफ्नै घरबाट माओवादीले अपहरण गरी घरमा बस्ने सदरमुकाम नजाने शर्तमा ०६० भदौ १७ गते मुक्त गरे। पीडितलाई ०६० माघ ९ गते सुरक्षाकर्मीले घरबाट रुकुम मुसिकोट हुँदै हेलिकप्टेरबाट सदरमुकाम लिवाङ ल्याएर छोडेकोमा हाल लिवाङमा बस्दै आएका छन्।

राङ्कोट गाविस-२ पुर्तला खोलाका २३ वर्षीय झुक्कुप्रसाद घर्तिलाई ०६० साउन ९ गते बिहान १०.३० बजे आफ्नै घरबाट माओवादीले अपहरण गरी ०६० भदौ ४ गते राङकोट गाविस-३ गुरीचौरबाट मुक्त गरे।

धवाङ गाविस-३ माझिङका २७ वर्षीय कर्मराज वलीलाई ०६० साउन २० गते माओवादीले आफ्नै घरबाट अपहरण गरे। पीडित ०६० असोज १२ गते भाग्न सफल भई सदरमुकाम लिवाङ आए।

जुगार गाविसस्थित उच्च माविका प्राचार्य कुलानन्द गिरीलाई सोही विद्यालयका शिक्षक विश्वनाथ ज्ञवालीलाई कुटपिट गरेको आरोपमा ०६० भदौ ६ गते माओवादीले अपहरण गरी भोलिपल्ट मुक्त गरे।

नुवागाउँ गाविस-९ झङलुङका २५ वर्षीय दीपज्योती उलंगे घर्तिलाई ०६० भदौ ९ गते जुगार गाविस-४ नेर्पा उच्च मावि जुगारबाट माओवादीले गरी ०६० भदौ १७ गते मुक्त गरे।

धवाङ गाविस चिउरीधाराका पूर्व गाविस उपाध्यक्ष ४५ वर्षीय कुलमान बुढालाई ०६० भदौ २६ गते माओवादीले आफ्नै गोठबाट अपहरण गरी ०६० असोज १० गते सोही गाउँबाट मुक्त गरे। पीडित नेकाँको तर्फबाट गाविस उपाध्यक्ष पदमा निर्वाचित भएका थिए।

धवाङ गाविस-४ गापाका १८ वर्षीय नरवीर पुनलाई ०६० भदौ २६ गते राति १० बजे घरबाट माओवादीले अपहरण गरे। पीडित ०६० असोज १२ गते भाग्न सफल भई सदरमुकाम लिवाङ आए।

खुमेल गाविस-४ थापाडेराका ४२ वर्षीय लालचन्द्र थापालाई निमावि, खुमेलको भवनन निर्माण गरेको आरोपमा ०६० भदौ २७ गते बेलुका ७ बजे सोही गाविसको लुम्पुजाबाट माओवादीले अपहरण गरे। ०६० असोज ३ गते १४ हजार ८ सय ५० रुपैयाँ बुझाएपछि फगाम गाविस लाल्टीवाङबाट पडितलाई मुक्त गरियो।

धवाङ गाविस-३ माझिङका ४२ वर्षीय डोरबहादुर ओलीलाई सुराकीको आरोपमा ०६० भदौ २९ गते सोही गाउँको साउनेपानीबाट माओवादीले अपहरण गरे। पीडितलाई हालसम्म मुक्त गरिएको छैन।

धवाङ गाविस-३ माझिङका ४२ वर्षीय तुलबहादुर थकालीलाई ०६० असोज ३ गते बेलुका ७ वजे आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडितलाई हालसम्म मुक्त गरिएको छैन।

गुल्मी जिल्ला घर भएका उच्च मावि, जुगारका शिक्षक ४२ वर्षीय विश्वनाथ ज्ञवाली, दाङ जिल्ला टरिगाउँ

प्रहरीको गोली लागी घाइते भई उपचारको क्रममा मृत्यु भएका टेकबहादुर सुनार (बायाँ तर्फ दोस्रो)



सुरक्षाकर्मीले कुटपिट गरी घाइते बनाइएका हर्कमान घर्ती

गाविस घर भएका सोही विद्यालयका शिक्षक तथा नेपाल राष्ट्रिय शिक्षक संगठनका इलाका सदस्य ४३ वर्षीय नरबहादुर वली, जुगार गाविस-४ लाखरका सोही विद्यालयमा कक्षा १० मा अध्ययनरत २१ वर्षीय कुशबहादुर खड्का, जुगार गाविस-६ पिमाखुका कक्षा १२ मा अध्ययनरत २१ वर्षीय भेदबहादुर खड्का, जुगार गाविस-७ जावलका ३३ वर्षीय खुमबहादुर राना, बुढागाउँ गाविस-३ छापका २५ वर्षीय नन्दराम राना र जुगार गाविस-३ लापडाँडाका एमाले जिल्ला कमिटी उपसचिव शान्तकुमार वलीलाई सोही विद्यालयका प्राचार्य तथा नेपाल राष्ट्रिय शिक्षक संगठन केन्द्रीय सदस्य कुलानन्द गिरीले सोही विद्यालयका शिक्षक विश्वनाथ ज्ञवालीलाई माओवादीले कुटपिट गरेको विरुद्धमा ०६० भदौ ९ गते आयोजना गरिएको विरोध सभामा माओवादीको विरोधमा बोलेको, विद्यार्थी अभिभावकहरूलाई उक्साएर विद्यालय बन्द गराएको, माओवादीको स्थानीय सत्तालाई जानकारी नदिएर विद्यार्थी, अभिभावकहरूलाई हस्ताक्षर गराएर प्राचार्य कुलानन्द गिरीलाई अन्यत्र सरुवा गरी पठाइदिने मात्र गरी जिल्ला शिक्षा कार्यालय र जिल्ला प्रशासन कार्यालयमा पठाएको आरोपमा सोही दिन दिउँसो ३:३० बजे सोही विद्यालयबाट माओवादीका कार्यकर्ताहरूले अपहरण गरे। पीडितहरूमध्ये विश्वनाथ, कुशबहादुर, भेदबहादुर, खुमबहादुर र नन्दरामलाई ०६० भदौ ११ गैरीगाउँ गाविस-६ तिलाबाट र नरबहादुरलाई ०६० पुस ७ गते मुक्त गरे। नन्दलाल र शान्तकुमारलाई तालावाङ गाविस-३ तालावाङबाट ०६० भदौ १४ गते राति १२ बजे सुतेको समयमा भाग्न सफल भए।

कोटगाउँ गाविस-८ डाँडवाँडका २६ वर्षीय नरबहादुर घर्तिलाई चोरीको आरोपमा ०६० मंसिर २२ गते आफ्नै घरबाट माआवादीले अपहरण गरे। चोरी गरेको सजायस्वरुप जरीवाना तिराएर आउँदा दिनमा कुनै पनि गलत क्रियाकलाप नदोहोऱ्याउने शर्तमा ०६० पुस ३० गते मुक्त गरियो।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

लिवाङ गाविस-६ कालीमाटीकी ६० वर्षीय लिला सुवेदी, सोही गाउँका ५६ वर्षीय मुसे विक र २४ वर्षीय अम्मर वि. क. को मकैबारी सैनिक ब्यारेक नजिक भएका कारण मकैबारीबाट लुकेर माओवादी आउने आशंकामा ०६० भदौ १४ गते सुरक्षाकर्मीले फडानी गरिदिए। मकै फडानी गरिएको क्षतिपूर्ति दिइएको छैन।

जिनावाङ गाविस-४ बडादुङ्गाका २५ वर्षीय भिमबहादुर खत्री, सोही गाउँका ४० वर्षीय भूपेन्द्र खत्री, ४० वर्षीय खुमराज केसी, २८ वर्षीय खिमलाल केसी, २५ वर्षीय चुडामणि केसी र ३७ वर्षीय लक्ष्मीकुमारी केसीको सोही गाउँको मनीवारे भन्ने ठाउँको एकतले गोठमा माओवादी बसेको आरोपमा ०६० भदौ २२ गते सल्यानबाट आएका सुरक्षाकर्मीले आगो लगाए। यसबाहेक अन्य ४ वटा गोठहरूमा पनि सुरक्षाकर्मीले आगो लगाइदिए। गोठमा भएका सम्पूर्ण सामान जलेर नष्ट भए।

कोर्चावाङ गाविस गरालेका ६० वर्षीय प्यारु वि. क. को भाँडा बनाउने आरण, ३६ वर्षीय नरसिंह विक को एक तले घर र सोही वडा हान्निङका ४५ वर्षीय अमृतबहादुर घर्तिको घरमा ०६० भदौ २२ गते सुरक्षाफौजले आगो लगाइदिए। सोही गाउँका ३० वर्षीय घमण्डबहादुर घर्तिको घरमा रहेको पसल र ३८ वर्षीय ललितबहादुर घर्तिको मेडिकलमा पनि सुरक्षाकर्मीले आगो लगाइदिए। उक्त आगजनीबाट पसलको सामान र मेडिकलको औषधी जलेर नष्ट भयो।

जंकोट गाविस-२ डाँङडुङका बहादुर पुन र ३२ वर्षीय प्रेमबहादुर पुनको सोही गाउँको चौतारस्थित घरनजिकै ०६० भदौ ३० गते दिउँसो १२ बजे माओवादीले सुरक्षाफौज भावाङ जान लाग्दा विद्युतीय धराप पड्काएपछि सोही दिन दिउँसो २ बजे दुवै घरमा सुरक्षाकर्मीले बम पड्काएर ध्वस्त पारे। ती दुवैको घरमा पसल रहेको थियो।

धवाङ गाविस-१ कुटिवाङका २६ वर्षीय डिलबहादुर खत्री र सोही गाविस बोरम्पुका २७ वर्षीय छविलाल डाँगीलाई ०६० असोज ४ गते सदरमुकाम लिवाङमा पसलमा सामान किनिरहेको अवस्थामा प्रहरीले बोलाएर जिल्ला प्रहरी कार्यालयमा लगी कुटपिट गरे। सोही दिन रिहा गरेको पीडितले बताए।

राङसी गाविस-७ गोपेडाँडाका ४५ वर्षीय रणबहादुर के. सी. को एक तले गोठ माओवादीले प्रयोग गरेको आरोपमा ०६० असोज ६ गते सुरक्षाकर्मीले आगो लगाइदिए।

पाछावाङ गाविस-४ सिर्वालीका ३६ वर्षीय रुपलाल वली, सोही गाउँका ३७ वर्षीय लिलबहादुर वली र ४० वर्षीय तुलबहादुर वलीको सोही गाविस-७ र ४ को सिमाना भुपालचौरमा रहेको घरमा ०६० मंसिर २७ गते रुकुमबाट आएका सुरक्षाकर्मीले आगो लगाइदिए। घरमा भएको सम्पूर्ण सामान जलेर नष्ट भयो।

पाछावाङ गाविस-४ सिर्वालीका ५० वर्षीय मनबहादुर वली, सोही गाउँका २६ वर्षीय चन्द्रबहादुर वली, ४२ वर्षीय लालमणि वली, ४४ वर्षीय कर्णबहादुर वली, ४२ वर्षीय मानसिंह वली र ५० वर्षीय प्रताप वलीको घर सोही गाविस-७ र ४ को सिमाना घुयालचौरमा रहेका घरहरूमा ०६० मंसिर २८ गते रुकुमबाट आएका सुरक्षाकर्मीले आगो लगाइदिए। उक्त आगजनीबाट घरमा भएका सम्पूर्ण सामान जलेर नष्ट भए।

लिवाङ गाविस-६ लिवाङका ४५ वर्षीय हरिबहादुर मल्ल, सोही गाउँका ३८ वर्षीय हरिबहादुर वि. क., ५८ वर्षीय मुक्तिराम आचार्य, ६८ वर्षीय हरिबहादुर केसी, सोही गाविस-५ पिपल चौताराका ३२ वर्षीय घनश्याम आचार्य, ३५ वर्षीय भिमबहादुर नेपाली र २० वर्षीया राधा नेपालीको भदौ १८ गते र सोही ठाउँ पिपल चौताराकी ६५ वर्षीय भिमलादेवी आचार्य, सोही गाउँका ७२ वर्षीय भानुभक्त आचार्य, ५८ वर्षीय ताराप्रमाद आचार्य, ३१ वर्षीय भोजराज आचार्य, ५८ वर्षीय गिरीराज आचार्य, ६० वर्षीय कोकिला आचार्य, ६० वर्षीय चिन्तामणि आचार्य र ४९ वर्षीय सनतकुमार आचार्यको ०६० भदौ २० गते जानकारी नदिएर मकैबारीको मकै प्रहरीहरूले फडानी गरिदिएका थिए। माओवादीहरू मकैबारीमा लुकेर आउने र मकैले गर्दा नदेखिने आशंका गरेर प्रहरीले फडानी गरे। मकै पोलेर खान नमिल्ने भएकाले सबै मकै काम नलाग्ने भएको थियो। हालसम्म कसैलाई पनि क्षतिपूर्ती दिइएको छैन।

माओवादीबाट

मिफिङ गाविस-९ कोइराला खर्कका २६ वर्षीय गञ्जबहादुर क्षेत्रीले सोही गाविस-७ सुलिचौरमा संचालन गरेको सिम्रिक इङ्लिश बोर्डिङ् स्कूलको शैक्षिक सामग्रीहरू ०६० साउन ३० गते माओवादीहरूले जलाइदिए। सोही दिनदेखि स्कूल बन्द भयो।

सुरक्षाकर्मीले गोली हानी सख्त घाइते बनाइएकी भिमु घर्ती

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा सरकारवादी फौज्दारी मुद्दा ५ वर्ष वा सोभन्दा बढी समयसम्म फर्स्यौट नभएका ५ वटा, ४ वर्ष वा सोभन्दा बढी समयसम्म फर्स्यौट नभएका १ वटा, ३ वर्ष वा सोभन्दा बढी समयसम्म फर्स्यौट नभएका ३ वटा, २ वर्ष वा सोभन्दा बढी समयसम्म फर्स्यौट नभएका २ वटा, १ वर्ष वा सोभन्दा बढी समयसम्म फर्स्यौट नभएका २ वटा, ६ महिना वा सोभन्दा बढी समयसम्म फर्स्यौट नभएका २ वटा गरी जम्मा १५ मुद्दा रहेका छन्।

देवानी मुद्दा ३ वर्ष वा सोभन्दा बढी समयसम्म फर्स्यौट नभएका १ वटा, २ वर्ष वा सोभन्दा बढी समयसम्म फर्स्यौट नभएका १ वटा, १ वर्ष वा सोभन्दा बढी समयसम्म फर्स्यौट नभएका ५ वटा, ६ महिना वा सोभन्दा बढी समयसम्म फर्स्यौट नभएका ६ वटा गरी जम्मा १३ वटा मुद्दा रहेका छन्।

साधारण फौज्दारी मुद्दा ३ वर्ष वा सोभन्दा बढी समयसम्म फर्स्यौट नभएका १ वटा, १ वर्ष वा सो भन्दा बढी समयसम्म फर्स्यौट नभएका २ वटा, ६ महिना वा सोभन्दा बढी समयसम्म फर्स्यौट नभएका १ वटा गरी जम्मा ४ वटा मुद्दा रहेका छन्।

गत वर्षका सरकारवादी फौज्दारी मुद्दा १३ वटा, देवानी मुद्दा १७ वटा र साधारण फौज्दारी मुद्दा ३ वटा गरी २३ वटा र यस वर्ष दर्ता भएका सरकारवादी फौज्दारी मुद्दा २ वटा, देवानी मुद्दा ६ वटा, र साधारण फौज्दारी मुद्दा १ वटा गरी कूल ९ वटा मुद्दा रहेका छन्।

गत वर्षका २३ वटा र यस वर्ष दर्ता भएका ९ वटा गरी कूल ३२ वटा मुद्दा फर्स्यौट हुन बाँकी छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा गत वर्ष बृद्ध भत्ता ९ सय ६५, विधवा भत्ता १ हजार ९ सय ४७, अपाङ्ग भत्ता ४९ जनालाई वितरण गरिएको थियो भने यस वर्ष गाविस सचिवहरू सदरमुकाम बस्ने बाध्यता भएको र गाउँबाट वृद्ध, विधवा र अपाङ्गहरू सदरमुकाम आउन कठिनाइ भएको कारण आफूले पाउने भत्ता पाउन सकेका छैनन्।

विस्थापित

रोल्पा जिल्लामा माओवादी जनयुद्धका कारण गाउँमा बस्न नसकी २ सय १ घर परिवारका ७ सय ७७ जना व्यक्तिहरू विस्थापित भएका छन्। अधिकांश व्यक्तिहरू जिल्ला सदरमुकाम लिवाङमा बसेका छन् भने केही दाङ जिल्लाको घोराही, तुल्सिपुर, लमही र भालुवाङमा बसेका छन्। केही काठमाडौं, पोखरा, नेपालगञ्ज लगायत् नेपालको विभिन्न ठाउँहरूमा विस्थापित भई बसेका छन्। जिल्ला सदरमुकाममा बसेका अधिकांश विस्थापितहरू मजदुरी गरेर जीवन गुजारा गरिरहेका छन्। विस्थापितहरूमध्ये धेरैजसो गाउँमा प्रहरी चौकी हुँदा प्रहरीलाई सहयोग गरेको र माओवादी विचारभन्दा फरक विचार राख्ने राजनीतिक कार्यकर्ताहरू छन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

धवाङ गाविस-५ धाङसीका २६ वर्षीय सुबीलाल घर्तिलाई माओवादीको आरोपमा ०५९ पुस २० गते सदरमुकाम लिवाङतिर आउँदै गरेको समयमा सोही गाविस-६ धाङसी धवाङखोला दोभानबाट सुरक्षाकर्मीले गिरफ्तार गरी सदरमुकाम लिवाङमा ल्याए। पीडितलाई ०५९ पुस २६ गते नजरबन्दका लागि थुनामा राखिएकोमा ०५९ चैत २७ गते रिहा गरियो।

धवाङ गाविस-७ भनभनेका १९ वर्षीय नरबहादुर वलीलाई माओवादीको आरोपमा लिवाङ गाविस-६ लिवाङ बजारबाट ०५९ पुस २० गते प्रहरीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा लगे। पीडितलाई ०५९ पुस २६ गते नजरबन्दका लागि थुनामा राखियो।

सुरक्षाकर्मीले आगो लगाई ध्वस्त पारेको छ्यालचौरको एक घर

कोर्चावाङ गाविस-५ तल्लो धापाका २ वर्षीय मानवीर पुनलाई माओवादीको आरोपमा ०६० भदौ १५ गते दिउँसो १२:४५ बजे आफ्नो पत्नी २० वर्षीय सिताकुमारी पुनलाई हेल्थसेन्टर, लिवाङबाट उपचार गरी घरतिर गइरहेको समयमा लिवाङ गाविस-५ सिमलधाराबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई तीन दिन हिरासतमा राखी बोलाएको बेला तीन दिनभित्र हाजिर हुने शर्तमा ०६० भदौ १७ गते रिहा गरियो।

लिवाङ गाविस-८ वाइघाउका १८ वर्षीय मेघबहादुर चन्द, सोही गाउँका १८ वर्षीय चन्द्रबहादुर घले गुरुङ र १८ वर्षीय भरतबहादुर घले गुरुङलाई माओवादीको आरोपमा ०६० भदौ १८ गते दिउँसो ४ बजे उच्च मावि लिवाङबाट प्रहरीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा लगे। थुनुवा पुर्जी नदिएर ६ दिनसम्म राखी ०६० भदौ २३ गते मेघबहादुरको बुबा पुनारामको जिम्मेवारीमा रिहा गरियो। सोही दिन लिवाङ गाविस-५ पिपलचौताराको प्रहरी पोष्टमा माओवादीले आक्रमण गरी भागेको हुँदा पीडितहरू पोष्टमा आक्रमण गरी भागेको आशंकामा गिरफ्तार गरी कुटपिट गरेर घाइते बनाई जिल्ला प्रहरी कार्यालयमा लगिएको थियो।

फेनाम गाविस-८ का सोही गाविस-४ दहवनमा पसल गरी बस्ने रामप्रसाद योगीलाई केही कुरा बुझ्ने भनी ०६० भदौ २१ गते बिहान ९ बजे दाङबाट आएका सुरक्षाकर्मीले पसलबाट गिरफ्तार गरे। पीडितलाई भदौ ३० गते रिहा गरियो।

फेनाम गाविस-४ दहवनका घर्तिलाल पुनलाई "केही कुरा बुझ्नु छ" भनेर ०६० भदौ २१ गते सोही ठाउँबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०६० भदौ ३० गते रिहा गरियो।

कुरेली गाविस-९ सर्सुबारीका २४ वर्षीय भीमबहादुर बुढालाई माओवादीको आरोपमा ०६० असोज ३० गते सदरमुकाम, लिवाङमा राहदानी बनाउन आएको समयमा लिवाङ गाविस-५ पिपलचौताराबाट प्रहरीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा लगे। पीडितलाई ०६० कार्तिक १३ गते जेल चलान गरी ०६० माघ १४ गते रिहा गरियो। रिहा भएपछि पनि ५ दिनसम्म जिल्ला प्रहरी कार्यालय लिवाङमा राखी १५-१५ दिनको तारिखमा हाजिर हुने गरी रिहा गरियो।

धवाङ गाविस-९ भनभनेका २३ वर्षीय टोपबहादुर थापालाई माओवादीको आरोपमा ०६० कार्तिक ७ गते सदरमुकाम लिवाङबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई शान्ति

सुरक्षाअन्तर्गत ९० दिनको लागि नजरबन्दका लागि ०६० कार्तिक १३ गते जेल चलान गरी नजरबन्दको अवधि पूरा भएपछि ०६० माघ १४ गते रिहा गरियो। रिहा भएपछि ३ दिनसम्म पुन: जिल्ला प्रहरी कार्यालयमा राखी १५-१५ दिनको तारिखमा उपस्थित हुने गरी रिहा गरियो।

गुम्धाल गाविस-७ गुम्धालका ३४ वर्षीय झकमान विष्टलाई माओवादीको आरोपमा ०६० कार्तिक १५ गते लिवाङबाट प्रहरीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा लगे। प्रहरी हिरासत र सुरक्षाफौजको हिरासतमा गरी ०६० मंसिर १० गते शान्ति सुरक्षाअन्तर्गत ९० दिनका लागि नजरबन्दका लागि जेल चलान गरियो। हाल जेलमा रहेका छन्।

पाछावाङ गाविस-४ सिर्वालीका ३६ वर्षीय टोपबहादुर वली र सोही गाविस-३ कालापोखराका ३० वर्षीय खड्कबहादुर वलीलाई माओवादीको आरोपमा ०६० मंसिर २७ गते २:३० बजे सोही गाविस-३ कालापोखरवाट सुरक्षाफौजले गिरफ्तार गरे। पीडितहरूलाई ०६० पुस ४ गते रुकुम जिल्लाको साँख गाविसको ट्याखोलाबाट रिहा गरियो।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दुर्व्यवहार

खुमेल गाविस-३ खुमेलकी २२ वर्षीय एक युवतीलाई ०६० कार्तिक २४ गते राति ८.१५ बजे सुरक्षाकर्मीले बारीमा बलात्कार गरे। आफूलाई बलात्कार गरेको भनि पीडितले उजुरी गरेपछि बलात्कार गरेको ३७ दिनपछि गोरखा जिल्ला साधु गाविस-६ का रोल्पा सातदोबाटास्थित संयुक्त सुरक्षा बेस क्याम्पमा कार्यरत युनिफाइड कमाण्डका प्रहरी हवल्दार लक्ष्मण भट्टलाई उक्त महिलालाई बलात्कार गरेको आरोपमा ०६० पुस ३ गते झिकाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखियो। पीडकहरूलाई हाल जबरजस्ती करणी गरेको मुद्दामा पुर्पक्षका लागि ०६० पुस १० गतेदेखि थुनामा राखिएको छ।

विविध

संरचना क्षति

घर्तिगाउँ गाविस र भावाङ गाविसको सिमानामा पर्ने माडीखोलामा रहेको झोलुङ्गे पुल ०६० असोज २ गते माओवादीले भत्काए।

लिवाङ गाविस-३ सिमलवाङ र होमा गाविस-९ रिसवाङको बीचको धाङसी खोलामा रहेको झोलुङ्गे पुलका दुई वटा लठ्ठा ०६० असोज २ गते माओवादीले छिनाले। उक्त पुलबाट केटाकेटी, बुढाबुढीहरूलाई पुल तर्न अप्ठ्यारो भएको छ।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष बाढी पहिरोले ५ महिला र ५ पुरुष गरी १० जनाको मृत्यु भयो। २५ वटा घर र ४० वटा गोठ भत्किए। एकजना प्रहरीले आत्महत्या गरे। भीरबाट लडेर एकजनाको मृत्यु भएको थियो।

४.४ सल्यान



जनसंख्या : २१४५८३
साक्षरता प्रतिशत : ४४.४५
महिला साक्षरता प्रतिशत : ४०.७७
क्षेत्रफल (वर्ग कि.मी.) : १९५१
गाविस/नपा संख्या : ४७/०
निर्वाचन क्षेत्र : २
विद्यालय : ३५८
क्याम्पस/उच्च मावि : १/३
अस्पताल/स्वास्थ्य चौकी : १/४८
टेलिफोन लाइन : १९६
मोटर सडक (कि.मी.) : १२५
प्रहरी कार्यालय संख्या : २
हुलाक संख्या : ४७
मानव विकास सूचकांक : ०.२५०
प्रति एक डाक्टर जनसंख्या : १५१६१
प्रति परिवार सरदर संख्या : ५.६१

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

धनवाङ गाविस-१ कपुरकोटमा कम्ब्याट ड्रेसमा आएका एक जना नाम, ठेगाना थाहा हुन नसकेका माओवादीलाई ०६० भदौ १९ गते सकेट बम फाली आफूमाथि आक्रमण गर्न खोजेको आरोपमा शाही नेपाली सेनाले गोली हानी हत्या गरे।

लक्ष्मीपुर गाविस-४ का ३६ वर्षीय धर्मराज रावतलाई माओवादी भई भागेको आरोपमा ०६० असोज १९ गते सेनाले गोली हानी हत्या गरे। पीडित आफ्नो पार्टीका शुभचिन्तक भएको कुरा राप्रपाले दाबी गरेको छ।

काल्चे गाविस-६ को जंगलमा ०६० असोज २५ गते नाम, ठेगाना खुल्न नसकेका एक माओवादी कार्यकर्तालाई रोकिन भन्दा नमानी भागेको आरोपमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

काप्रेचौर गाविस-२ की १९ वर्षीय अनिता भट्टराई र नाम ठेगाना खुल्न नसकेका अन्य ५ जना माओवादी कार्यकर्तालाई ०६० असोज २७ गते सोही गाविस-८ मा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। उक्त घटनाको बारेमा रक्षा मन्त्रालयले तीन माओवादी मारिएको बतायो। ६ जनाको लास आफूहरूले देखेको स्थानीय बासिन्दा बताउँछन्।

काल्चे गाविस-७ मा नाम, ठेगाना नखुलेका एक माओवादी कार्यकर्तालाई ०६० असोज २७ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

लक्ष्मीपुर गाविस-८ मा ठेगाना थाहा नभएका २६ वर्षीय मिलन भनिने सुरेन्द्र थापा मगरलाई ०६० असोज २८ गते कालिमाटी रामपुरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी ल्याउँदै गरेको अवस्थामा सोही दिन घेरा तोडी भाग्न खोजेको आरोपमा गोली हानी हत्या गरे।

सल्यानको वनभुषा इलाकामा एक जना माओवादी कार्यकर्ताको ०६० कार्तिक १९ गते सुरक्षाकर्मीको कारवाहीमा परी मृत्यु भएको समाचार रक्षा मन्त्रालयको प्रेस विज्ञप्ति मार्फत् आए पनि पुष्टि हुन सकेन।

निगाल्चुला गाविस-२ का ३८ वर्षीय आइतेबहादुर कामीलाई माओवादीको आरोपमा ०६० मंसिर २६ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी ल्याउँदै गरेको अवस्थामा मार्के गाविस-५ मा ल्याई दिइएको यातनाका कारण हिंड्न नसकेपछि गोली हानी हत्या गरे।

माओवादीबाट

धनकुटा जिल्ला घर भई श्री सवुज गण सिमखर्कमा कार्यरत सैनिक जवान २२ वर्षीय डिकबहादुर तामाङ गस्तीमा हिंड्दै गरेको अवस्थामा ०६० असोज २४ गते निगाल्चुला गाविस-२ को जंगलमा माओवादीको विद्युतीय धरापमा परी मृत्यु भयो।

खलंगा गाविस-९ का २५ वर्षीय रिमेन्द्र बस्नेतलाई ०६० कार्तिक २३ गते दाङतर्फ जाँदै गरेको अवस्थामा धनवार गाविस-१ कपुरकोटमा माओवादीले गोली हानी हत्या गरे। पीडित प्रहरी सेवाबाट निलम्बन गरिएका थिए। सोही घटनामा परी प्युठान जिल्ला घर भई कपुरकोट चेकप्वाइन्टमा खटिएका असई ३५ वर्षीय बलबहादुर महतारालाई माओवादीले गोली हानी घाइते बनाए।

अन्यबाट

छायाँक्षेत्र गाविस-८ का ४५ वर्षीय लालबहादुर

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१	१		१	२	४		४	९	३५	१		३६
घाइते					४	३	१	४	४	२	२		४
गिरफ्तारी/यातना									१९	३८	४	१८	६०
कुटपिट	५	५		५	३	६		६	१	३			३
धम्की					१	१		१	१	१			१
जातीय विभेद	२	१	२	३									
महिलाअधिकार	२		२	२									
बालअधिकार	१	३		३	१		२	२					
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार									१	१			१
अपहरण					३८	३५	९	४४					
जम्मा	११	१०	४	१४	३९	५०	१२	६२	३५	६०	६	१८	९५

खड्कालाई माओवादी कार्यकर्ता भई आफूहरूलाई सताएको आरोपमा ०६० वैशाख १ गते राति सोही गाविस-९ का ३६ वर्षीय इन्द्रबहादुर अधिकारी, सेजवालटाकुरा-८ का ४१ वर्षीय मोविर बुढाथोकी (महतारा) र २८ वर्षीय दिपबहादुर बुढाथोकीलगायत्का व्यक्तिहरूले इन्द्रबहादुरकै घरमा बोलाएर कुटपिट गर्नुका साथै फलामको घन (मार्तुल) प्रहार गरी हत्या गरे।

सोही हत्याको आरोपमा ०६० वैशाख ६ गते छायाँक्षेत्र गाविस-९ का चन्द्रबहादुर अधिकारी, इन्द्रबहादुर अधिकारी, सोही गाविस-८ का राजबहादुर भण्डारी र सेजवालटाकुरा-८ का दिपबहादुर बुढाथोकीलाई माओवादीले अपहरण गरे भने सेजवालटाकुरा गाविस-८ का मोविर महताराले आफूलाई माओवादीले अपहरण गर्छन् भन्ने कुरा थाहा पाउनासाथ घरमा गई घाँटीमा डोरीले पासो लगाएर आत्महत्या गरे। अपहरितमध्ये दिपबहादुर र राजबहादुरलाई करीब ३ महिनाभित्र मुक्त गरियो भने अन्य दुई जनालाई अझै पनि मुक्त गरेका छैनन्। दिपबहादुरलाई माओवादीले छोड्नासाथ प्रहरीले गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा राखेको छ।

दोहोरो भिडन्त

काल्चे गाविस-६ मा सेना र माओवादीबीच ०६० भदौ १४ गते भएको दोहोरो भिडन्तमा ११ जना माओवादी र १ जना स्थानीय बासिन्दा २७ वर्षीय विनाराम घर्ति गरी १२ जनाको सेनाले चलाएको गोलीद्वारा र २ जना शाही सेनाको माओवादीले चलाएको गोलीद्वारा मृत्यु भयो। जसमध्ये, विनाराम माओवादी नभई सर्वसाधारण व्यक्ति भएको तर उनलाई सेनाले माओवादीको आरोपमा घरभित्रबाट बाहिर निकाली गोली हानी हत्या गरेको स्थानीय बासिन्दाहरूले बताए। उक्त घटना सुर्खेतको मालारानीमा भएको रक्षा मन्त्रालयको विज्ञप्तिमा आएता पनि सल्यानको काल्चे गाविस-६ मा भएको पुष्टी हुन आयो।

गोली/बम/विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

कालीमाटी रामपुर गाविस-८ का २२ वर्षीय ताजाराम विष्टलाई आफूहरूदेखि भागेकाले माओवादीको आरोपमा ०५९ पुस २६ गते साँझ मार्के गाविस-७ मा मामाको घर जान लागेको अवस्थामा सेनाले गोली हानी घाइते बनाए। पीडितलाई सेनाले काठमाडौंसम्म लगेर औषधी उपचार गरी ठिक बनाएर पठाए।

मार्के गाविस-७ की १६ वर्षीय अमृता बस्नेत ०५९ फागुन २० गते नरसिंह दल गुल्मको निषेधित क्षेत्रभित्र घाँस काट्न गएको अवस्थामा सेनाले जमीनमुनि गाडेर राखेको बम विष्फोटनमा परी सख्त घाइते भइन्। पीडितलाई सेनाले नै उद्दार गरी उपचारार्थ नेपालगञ्ज पुऱ्याए।

मार्के गाविस-४ की ४ वर्षीय शारदा आचार्य ०५९ चैत ५ गते सोही गाविस-७ स्थित नरसिंह दल गुल्मको जंगल क्षेत्रभित्र घाँस काट्न गएको अवस्थामा सेनाले गाडेर राखेको बम विष्फोटनमा परी सख्त घाइते हुनुका साथै दायाँ खुट्टासमेत गुमाइन्। पीडितलाई सेनाले नै नेपालगञ्जमा लगि औषधी उपचार गरिदिए।

मार्के गाविस-७ का १९ वर्षीय बलबहादुर वली ०६० साउन ३ गते आफ्नो घरदेखि नजिकै पर्ने सबुज गणको रककट्टी क्षेत्रमा बिहान ७ बजे घाँस काट्न गएको समयमा सेनाले गाडेर राखेको बम विष्फोटनमा परी सख्त घाइते भए। पीडितले उक्त विष्फोटनबाट आफ्नो दाहिने खुट्टा पनि गुमाए।

माओवादीबाट

कुपिण्डे गाविस-६ का ४१ वर्षीय भिमबहादुर बस्नेतलाई चन्दा उठाउन आएका आफ्ना कार्यकर्तालाई कुटपिट गरी धपाएको आरोपमा ०५९ पुस ३० गते राति माओवादीले उनकै घरमा आई कुटपिट गरी सख्त घाइते बनाए।

काल्चे गाविस-७ का ५२ वर्षीय हस्तबहादुर पुन आफ्नो गोठमा माओवादीले जबरजस्ती राखेको विष्फोटक पदार्थको विष्फोटनमा परी ०६० जेठ २५ गते सख्त घाइते भए भने उनको सो गोठमा भएका १५ वटा बाखा र एउटा गोरुसमेत मारिए। पीडितलाई पीडक पक्षले नै औषधी उपचार गरे।

लेखपोखरा गाविस-२ का ५५ वर्षीय दुर्गाबहादुर केसी र कोर्वाङ झिम्पे गाविस-४ ठूलीखर्क घुम्न गएको अवस्थामा सोही ठाउँका शेरबहादुर बलीले ओढारबाट भेटाएर ल्याएको सेतो धुलो माओवादीले बेवारिसे अवस्थामा फालेको टीएनटी पाउडर ठानी ढुङ्गामा पिस्न लाग्दा विष्फोट भई ०५९ चैत २४ गते दायाँ हात गुमाए।

जेल र बन्दी

'घ' श्रेणीमा पर्ने सल्यान जेलको बन्दी क्षमता २० जनाको छ। यस जेलमा ३ महिला र १७ पुरुष गरी २० जना कैद तोकिएका तथा १ जना कैद नतोकिएका गरी २१ जना बन्दी छन्। यसबाहेक २ जना नाबालक छन्। बन्दीहरूमध्ये २ जना राजनीतिक बन्दीहरू छन्।

माओवादीले गोली हानी हत्या गरेका रिमेन्द्र बस्नेत

उनीहरुलाई सार्वजनिक सुरक्षा ऐनअन्तर्गत तीन महिना कैद तोकिएको छ। महिला र पुरुष बस्ने कोठाहरू छुट्टाछुट्टै छन्।

बेपत्ता/अपहरण

माओवादीबाट

डाँडागाउँ गाविस-९ का ३४ वर्षीय कान्तप्रकाश गिरीलाई आत्मसमर्पण गराएको आरोपमा ०५९ पुस १९ गते सोही गाविस-८ बाट माओवादीले अपहरण गरी मानसिक तथा शारीरिक यातना दिँदै आफ्नो कब्जामा राखी ०५९ माघ १९ गते मुक्त गरे। पीडित सोही गाविसका मुखिया हुन्।

दमाचौर गाविस-६ का ४६ वर्षीय मेघराज वलीलाई सुराकीको आरोपमा ०५९ पुस २८ गते आफ्नै घरबाट माओवादीले अपहरण गरी ६ महिनासम्म शारीरिक तथा मानसिक यातना दिँदै आफ्नो कब्जामा राखे। पीडित ०६० असार १४ गते माओवादीको कब्जाबाट भाग्न सफल भई भारततर्फ विस्थापित भए।

सेवाबाट हटाइएका पत्रकार उत्तम हमाल

जाजरकोट जिल्ला खलंगा गाविस-१ का डाँडागाउँ गाविसका सचिव ४६ वर्षीय श्रीवत शाक्यलाई ०५९ माघ २ गते देवस्थल गाविस-७ सल्लीबजारबाट माओवादीले अपहरण गरे। पीडितलाई एक महिनापछि मुक्त गरियो।

कोटमौला गाविस-८ की १७ वर्षीय युवतीले रोल्पा जिनाबाङ गाविस-७ का २७ वर्षीय नन्दलाल वलीसँग अवैध यौन सम्बन्ध राखी बच्चा जन्माएको आरोपमा ०६० जेठ १३ गते आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडितले ५ वर्ष कसैसँग पनि विवाह गर्न नपाउने शर्तमा बच्चाको पालन-पोषणका लागि ३० हजार रुपैयाँ नन्दलालबाट दिलाएर एक हप्तापछि मुक्त गरे। पीडित बच्चा पालेर आफ्ना आमा-बुबाको घरमा बसिरहेकी छिन्।

प्रहरीद्वारा गिरफ्तार गरी रिहा गरिएका ढाँकु चन्द

कोटमौला गाविस-८ का प्रावि शिक्षक ४५ वर्षीय इमानसिंह वली र सोही ठाउँकी कक्षा ५ मा अध्ययनरत १५ वर्षीय शान्ति खड्कालाई अनमेल विवाह गरेको आरोपमा ०६० जेठ १५ गते आफ्नै घरबाट माओवादीले अपहरण गरी २५ हजार रुपैयाँ असुल गरी ०६० जेठ २५ गते मुक्त गरे।

रिम गाविस-५ का उपस्वास्थ्य चौकी, रिममा कार्यरत अहेब ४० वर्षीय धरम बुढालाई गरेका यौन कुकृत्यहरूको भण्डाफोर गरेको आरोपमा ०६० असार १ गते आफ्नै घरबाट माओवादीले अपहरण गरी ०६० भदौ ११ गते मुक्त गरे।

कोर्वाङझिम्पे गाविस-५ का ४५ वर्षीय गाविस सचिव बुद्धिप्रकाश शर्मालाई भ्रष्टाचार गरेको आरोपमा ०६० असार १६ गते आफ्नै घरबाट माओवादीले अपहरण गरी ५० हजार रुपैयाँ जरिवाना गरी ०६० असार १९ गते मुक्त गरे।

कोटमौला गाविस-९ का ३२ वर्षीय नेत्रप्रकाश वलीलाई ०५६ मा सुराकीका आरोपमा ०६० असार २२ गते आफ्नै घरबाट माओवादीले अपहरण गरी २ महिनापछि मुक्त गरे। छोरालाई अपहरण गर्न आएका माओवादीसँग प्रतिरोध गर्दा पीडितकी बृद्ध आमालाई समेत माओवादीले कुटपिट गरे।

लेखपोखरा गाविस-४ का ३१ वर्षीय डम्बरबहादुर भण्डारी र सोही ठाउँकी २८ वर्षीय कुमारी घर्तिलाई अवैध यौन सम्बन्ध राखेको आरोपमा ०६० जेठ १२ गते माओवादीले अपहरण गरी पीडितहरूलाई १० हजार रुपैयाँ जरिवाना गर्नुका साथै १५ दिन श्रम कैद भोग्नुपर्ने शर्तमा ०६० जेठ १९ गते मुक्त गरे।

डाँडागाउँ गाविस-१ का ३८ वर्षीय मानबहादुर भण्डारी र सोही ठाउँकी १८ वर्षीय एक युवतीलाई अवैध यौन सम्बन्ध राखेको आरोपमा ०६० जेठ २० गते आ-आफ्नै घरबाट माओवादीले अपहरण गरी पीडितहरूलाई करिब १ महिनाभन्दा बढी आफ्नो कब्जामा राखी ३२ हजार रुपैयाँ मानबहादुर भण्डारीबाट असुल गरेर २५ हजार रुपैयाँ ती युवतीलाई दिए भने ७ हजार आफूहरूले लगे। पीडित आफ्नै आमा-बुबा घर बसेकी छिन्।

पिपलनेटा गाविस-४ का २५ वर्षीय गणेश गौतम र लेखपोखरा गाविस-७ का १७ वर्षीय रुपा घर्तिलाई बुहविवाह गरेको आरोपमा ०६० जेठ २५ गते माओवादीले अपहरण गरी पीडितहरूलाई ५ हजार रुपैयाँ जरिवाना गर्नुका साथै वैवाहिक सम्बन्धसमेत विच्छेद गराई ०६० असार २ गते मुक्त गरे। केही दिनपछि दुवैजना भागेर भारततिर गए।

दमाचौर गाविस-५ का ३४ वर्षीय चुडामणि घर्ति र सोही ठाउँकी ३३ वर्षीय एक

विधवा महिलालाई अवैध यौन सम्बन्ध राखी गर्भधारण गरेको आरोपमा ०६० असार १२ गते आ-आफ्नै घरबाट माओवादीले अपहरण गरी चुडामणिसँग ५० हजार रुपैयाँ असुल गरी १० हजार रुपैयाँ पीडित विधवा महिलालाई सुत्केरी खर्च दिए भने ४० हजार रुपैयाँ आफूहरूले राखे।

ढाकाडाम गाविस-९ का सूर्योदय मावि, गोठीवन ढाकाडामका प्रावि शिक्षकद्वय २८ वर्षीय नरेश वली र पत्नी २७ वर्षीय कालिका चन्द (वली) लाई सुराकीको आरोपमा ०६० भदौ ५ गते माओवादीले अपहरण गरे। पीडित दुवै जना ०६० भदौ ६ गते भाग्न सफल भई जिल्ला सदरमुकाममा विस्थापित भए।

धनवाङ गाविस-१ किमुचौरका ६४ वर्षीय बलबहादुर शाहीलाई सुराकीको आरोपमा ०६० भदौ १९ गते स्थानीय बजार कपुरकोट दुध बेच्न गएको अवस्थामा माओवादीले केहीमाथि लगेपछि दुवै हात पछाडि डोरीले बाँधेर अपहरण गरे। पीडितलाई ५ महिनापछि मुक्त गरियो।

घाँजरी पिपल गाविस-३ का २८ वर्षीय हरिलाल राना मगरलाई माओवादीले ०६० भदौ २७ गते अपहरण गरी लाठी, लात र बन्दुकको कुन्दाले कुटेर पीडितको पाखुरामा बेलना लगाई खुट्टा ठाडो पारेर पैतलामा लाठीले हानी मरनासन्न अवस्थामाा पुगेपछि घरमा ल्याएर छोडिदिएक। पीडितले औषधी उपचार गराएर पनि उठ्न-बस्न समेत नसक्ने अवस्थामा छन्।

काल्चे गाविस-८ का तुलप्रसाद खराललाई ०६० भदौ ३१ गते माओवादीले अपहरण गरी बयान गराउने क्रममा खाडलमा हाली वरिपरिबाट माटो हाल्दै खाँद्दै प्रश्न सोधे। हुँदै नभएका, गर्दै नगरेका क्रियाकलाप पनि "गरेको हुँ त्यो कुरा सत्य हो" नभन्दाको स्थितिसम्म माओवादीले उक्त कार्य जारी राखे। तर, निर्दोष शरीरले त्यस्तो प्रकारको चरम यातनाको पीडालाई खप्न नसक्ने अवस्था आएपछि आफ्नो विरुद्ध आफै साक्षी बकी मुक्त भएको पीडितले बताए।

काल्चे गाविस-८ का ३२ वर्षीय तुलप्रसाद खराल र काल्चे गाविस-७ का ७२ वर्षीय केशवराज शर्मालाई आफ्नो क्रियाकलापमा सहयोग नगरेको आरोपमा ०६० भदौ ३१ गते आ-आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडितहरूलाई एक हप्ताभन्दा बढी आफ्नो कब्जामा राखेर तुलप्रसादलाई ५० हजार रुपैयाँ र केशवराजलाई १ लाख रुपैयाँ आर्थिक कारवाही गरी मुक्त गरे।

घाँजरी पिपल गाविस-३ का २८ वर्षीय हरिलाल रानामगरलाई सुराकी गर्न पसल गरी बसेको आरोपमा ०६० भदौ २७ गते देवस्थल गाविस-७ सल्लीबजारबाट माओवादीले अपहरण गरी यातना दिए। पीडित अस्वस्थ भएको हुँदा औषधी उपचारका लागि भनेर ०६० असोज ४ गते मुक्त गरे। पीडित सेनाको नोकरी छाडेर आएका थिए।

सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएका जुद्धबहादुर कुँवर

काल्चे गाविस-७ का २८ वर्षीय बेलबहादुर चन्दलाई आफ्नो गतिविधिमा सहयोग नगरेको र सोही ठाउँकी १७ वर्षीय युवतीसँग अवैध यौन सम्बन्ध राख्ने गरेको आरोपमा ०६० असोज १ गते आफ्नै घरबाट माओवादीले अपहरण गरी १० हजार रुपैयाँ आर्थिक कारवाही गरी डेढ हप्तापछि मुक्त गरे भने युवतीलाई १५ दिन श्रम कैद बनाई मुक्त गरे।

कजेरी गाविस-९ का ५० वर्षीय बुदे कामीलाई परस्त्रीसँग अवैध यौन सम्बन्ध राखेको आरोपमा ०६० असोज १ गते आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडित ०६० असोज ३ गते कब्जाबाट भागेर परिवार समेत साथमा लिई भारततर्फ विस्थापित भए।

दाङ जिल्ला टरिगाउँ घर भई खलंगा गाविस-२ बस्ने स्थानीखाल गाविसका सचिव ४५ वर्षीय जंगबहादुर रावतलाई आफ्नो कार्यालयमा नबसेको आरोपमा ०६० असोज ३ गते आफ्नै डेराबाट माओवादीले अपहरण गरी २४ घण्टासम्म आफ्जो कब्जामा राखी ५० हजार रुपैयाँ लिनुका साथै ०६० कार्तिक १ गतेदेखि जागिरबाट राजिनामा दिनुपर्ने शर्तमा ०६० असोज ४ गते मुक्त गरे।

लक्ष्मीपुर गाविस-१ का ५० वर्षीय खुमबहादुर भण्डारीलाई जिल्ला सदुरमुकाममा बसी सुराकीको आरोपमा ०६० असोज ८ गते आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडित ०६० असोज १९ गते माओवादीको कब्जाबाट भाग्न सफल भई जिल्ला सदरमुकाम आएर बसेका छन्।

काभ्रा गाविस-८ की नेपाल महिला संघकी जिल्ला सचिव २२ वर्षीय विष्णु शर्मा र सोही गाविस-७ की २४ वर्षीय विष्णु डाँगी (पौडेल) लाई ०६० असोज १६ गते माओवादीले आ-आफ्नै घरबाट अपहरण गरे। पीडितहरूलाई असोज २० गते मुक्त गरियो। पीडितहरूलाई राजनीतिक पूर्वाग्रह र प्रहरीको पत्नी भएका कारण अपहरण गरिएको थियो।

कुपिण्डे गाविस-२ का २९ वर्षीय मुमे कवँरलाई सुराकीको आरोपमा ०६० कार्तिक १ गते आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडित सोही दिन साँझ

सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएका कृतिबहादुर वली र युद्धबहादुर राना

माओवादीको कब्जाबाट भाग्न सफल भएपछि उनका ५६ वर्षीय पिता सोवे कवँर र पत्नी २९ वर्षीय काली कवँरलाई अपहरण गरे। माओवादीले ०६० कार्तिक ३ गते उनीहरूको दोकानमा भएको १ लाख ७० हजार रुपैयाँ बराबरको सामान लुटेर लगे। पीडितहरूमध्ये काली कवँरलाई ५ गते मुक्त गरे भने सोवे ६ गते भागी मुक्त भए। सोही दिन माओवादीले लुटेर लगेको सामान सुरक्षाकर्मीले बरामत गरी पीडितहरूलाई नै फिर्ता गराए।

कजेरी गाविस-३ की २५ वर्षीय सुकी खड्कालाई सुराकीको आरोपमा ०६० कार्तिक ७ गते आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडितका साथमा दुई वर्षकी छोरी पनि थिइन्। पीडितलाई पति भेट्न खलंगा नजाने शर्तमा तीन दिनपछि मुक्त गरे। उनका पति खलंगामा बस व्यवसायीमा कार्यरत छन्।

थारमारे गाविस-९ का २७ वर्षीय पूर्णबहादुर वलीलाई शारदा नामको गैरसरकारी संस्थामा जागिर खाई खलंगामा बसेको आरोपमा ०६० कार्तिक १३ गते आफ्नै घरबाट माओवादीले अपहरण गरेकोमा जागिर खान र खलंगा जान नपाउने शर्तमा कार्तिक १६ गते मुक्त गरे।

बडागाउँ गाविस-२ का ५५ वर्षीय खिलतसिंह राठोरलाई सुराकीको आरोपमा ०६० कार्तिक १४ गते आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडितलाई १५-१६ दिनपछि मुक्त गरे।

लेखपोखरा गाविस-३ का २२ वर्षीय दलबहादुर डाँगीलाई विदेश जान लागेको आरोपमा ०६० पुस ११ गते आफ्नै गाउँबाट माओवादीले अपहरण गरे। पीडित भोलिपल्ट कब्जाबाट उम्किए।

धम्की/ज्यान मार्ने धम्की/कुटपिट

राज्यबाट

खलंगा गाविस-२ का ५० वर्षीय मानबहादुर चनारा, लेखापोखरा-७ का २८ वर्षीय मेहरमान भण्डारी र बाँफकाँडा गाविस-११ का ३८ वर्षीय भिमसेन बस्नेतलगायत् १०/१२ जना सर्वसाधारण व्यक्तिहरूलाई सादा पोशाकमा गएका प्रहरीले विना कुनै कारण ०५९ चैत १९ गते खलंगा गाविस-२ को श्रीनगर बजारमा कुटपिट गरे।

माओवादीबाट

शिद्धेश्वरी गाविस-३ का ३९ वर्षीय टिकाराम चलाउने र ६० वर्षीय रेउतु चलाउनेलाई शशिराम चलाउनेको मुद्दाविरुद्ध साक्षी बसेको आरोपमा ०५९ चैत २३ गते शशिरामकै घरमा बोलाई माओवादीले कुटपिट गरे भने सोही ठाउँका ६५ वर्षीय पोष्तु चलाउनेलाई धरपकड गरे।

घाँजरी पिपल गाविस-७ का ४३ वर्षीय शंकर शाहलाई ०६० जेठ ८ गते युद्धविरामको समयमा आफ्नै घरमा लगाएको ताला खोली दिन अनुरोध गर्दा माओवादीले कुटपिट गरे। पीडित वर्दियातिर विस्थापित जीवन बिताइरहेका छन्।

कुपिण्डे गाविस-२ का ५६ वर्षीय सोवे कवँरलाई ०६० कार्तिक १ गते राति माओवादीले अपहरण गरी लगेपछि बयान गराउने क्रममा मान्छे बराबरको खाडलमा हालेर चारै तिरबाट माटो हाल्दै खाँद्दै प्रश्न सोधे। माटोले पुर्दै छातीसम्म ल्याई पुऱ्याउँदा पनि माओवादीले लगाएको सुराकी आरोपलाई नस्वीकारेपछि पुनः माटो तानी फालेर खाडलबाट निकाले।

थारमारे गाविस-३ की १८ वर्षीय हिमसरा शर्मालाई पति जिल्ला सदरमुकाम गई बसेको आरोपमा ०६० मंसिर २५ र पुस ४ गते गरी दुईपटक घरमै आई माओवादीले पतिलाई घरमा बोलाई नल्याएमा सम्पूर्ण परिवारलाई घरबाट निकाल्नुका साथै भएको सम्पूर्ण सम्पत्ति कब्जा गर्ने धम्की दिए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

जिल्ला सदरमुकाम खलंगामा नेकपा (एमाले), नेकाँ लगायत् पाँच राजनीतिक दलले प्रतिगमनका विरुद्ध ०६० वैशाख २७ गते दिउँसो श्री ५ ज्ञानेन्द्रको पुतत जलाउँदै गरेको अवस्थामा नेकपा (एमाले) का जिल्ला कमिटी सचिव धीरेन्द्रबहादुर श्रेष्ठ, उपसचिव लोकबहादुर डाँगी, कार्यालय सचिव पुरुषोत्तम भट्टराईलगायत् २१ जना र नेकाँ जिल्ला कार्य समितिका सभापति डिल्लीराज रेग्मी, सचिव गणेश चन्दलगायत् ९ जना गरी जम्मा ३० जनालाई प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई ५ घण्टा प्रहरी हिरासतमा राखी सोही दिन साँझ रिहा गरियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

जिविसको कार्यालयबाट विभिन्न योजनाहरूमा छुट्याइएको आर्थिक वर्ष ०५९/०६० को विकास बजेट जिल्लाका दुर्गम गाउँबस्तीहरूमा माओवादीले योजनाहरू संचालन हुन नदिएकाले खर्च हुन सकेन। तर, श्री ५ सरकारको राजस्व खातामा पनि थाँती बस्न पाएन किनभने कास्की जिल्ला पोखरा घर भई तत्काल जनप्रतिनिधिविहीन अवस्थामा रहेको जिविसको कार्यालयमा कार्यरत स्थानीय विकास अधिकारी डण्डपाणि बरालले कार्य शुरु नभएको ठाउँमा काम भएको, थोरै काम भएको ठाउँमा काम पूरा भएको र थोरै पर्ने सामानलाई धेरै परेको कुरा कागजीरुपमा देखाई निकाशा गरेर मोटो रकम कुम्ल्याउन सफल भए। यसको विरुद्धमा नेकपा (एमाले) ले प्रमाण जुटाई छानबिन तथा कारवाहीका लागि विभिन्न ५ वटा सम्बन्धित निकायहरूमा मुद्दा दर्ता गरायो। तर, हालसम्म कुनै पनि कारवाही अगाडि बढाइएको छैन।

खलंगा गाविस-५ का ३१ वर्षीय उत्तम हमाललाई ०६० जेठ ६ गते रेडियो नेपाल जिल्ला सम्वाददाताबाट अवकाश दिइयो। ०५९ असोज १८ गतेको शाही घोषणा तथा प्रतिगमनविरुद्ध पाँच राजनीतिक पार्टीहरूले संचालित आन्दोलनको पक्षमा समाचार लेखेको आरोपमा आफूलाई निलम्बन गरेको कुरा पीडितले बताए।

सांस्कृतिक अधिकार

कुपिण्डे गाविस-६ का ४८ वर्षीय गोपाल बस्नेतलाई धर्म परिवर्तन गरेको आरोपमा ०५९ माघ १ गते आफ्नै घरमा माओवादीले अशक्त अवस्थामा पुग्नेगरी कुटपिट गर्नुका साथै जबरजस्ती ११ हजार रुपैयाँ असुल गरी लगे।

मूलखोला गाविस-४ का ४३ वर्षीय हिरालाल विष्टलाई आफ्ना मामा मरेको बेला कपाल फालेको आरोपमा ०५९ फागुन २९ गते माओवादीले हप्काई-दप्काई गर्नुका साथै आइन्दा यस्तो गरिस् भने थाहा होला भनी धम्की दिए।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

काल्चे गाविस-८ का २८ वर्षीय गोकुल कँडेल र 'सरिक' उपनाम भएका एक माओवादी कार्यकर्तालाई ०६० साउन ९ गते (युद्ध विरामकै समयमा) काल्चे गाविस-४ बालुवाबाट सेनाले गिरफ्तार गरे। पीडितहरूलाई गिरफ्तार गर्नासाथ कुटपिट गरेको कुरा प्रत्यक्षदर्शी बताउँछन्। पीडितहरूलाई ३ महिनापछि कार्तिक ६ गते रिहा गरिएको कुरा बताए पनि पुन: गिरफ्तार गरी सैनिक हिरासतमा राखिएको छ।

बाँफकाँडा गाविस-९ कागखोलाका २३ वर्षीय मानबहादुर बस्नेतलाई माओवादीको आशंकामा ०६० भदौ १९ गते खलंगा गाविस-५ बसपार्कबाट सेनाले गिरफ्तार गरे। पीडितलाई ०६० असोज ५ गते तारिखमा रिहा गरे।

लक्ष्मीपुर गाविस-६ का २७ वर्षीय जुद्धबहादुर राना, १९ वर्षीय रुद्रबहादुर राना, ४२ वर्षीय पुष्कर कुमाई र २८ वर्षीय टेकबहादुर रानालाई माओवादीको आरोपमा ०६० असोज १९ गते आ-आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई तीन महिनासम्म हिरासतमा राखी ०६० पुस २५ गते रिहा गरियो।

हिवल्चा गाविस-१ का २८ वर्षीय भक्तबहादुर वली र २९ वर्षीय मित्रबहादुर रानालाई माओवादीको आशंकामा ०६० असोज २१ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई असोज २४ गते रिहा गरे।

काल्चे गाविस-३ मा १२ वर्षीय जुद्धबहादुर कुवँरलाई ०६० असोज २७ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई सवुज गणमा राखिएको छ। उनलाई पठन-पाठनको गराउने कामको जिम्मा सवुज गणले नै लिएको कुरा गणपति सुवर्णबहादुर महतले बताए।

कुपिण्डे गाविस-३ का ४३ वर्षीय देवबहादुर कुवँरलाई माओवादीको आंशकामा ०६० कार्तिक १७ गते जिल्ला प्रशासन कार्यालयबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई कार्तिक २० गते रिहा गरे।

कोटवारा गाविस-५ का २५ वर्षीय अर्जुनकुमार वली, सोही गाविस-६ का २२ वर्षीय कुलबहादुर वली र थारमारे गाविस-८ का २७ वर्षीय शालिकराम बुढाथोकीलाई माओवादीको आशंकामा ०६० कार्तिक १८ गते जिल्ला शिक्षा कार्यालयबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई पटक-पटक गरी एक हप्तापछि रिहा गरियो।

कोटमौला गाविस-८ का २८ वर्षीय कृतिबहादुर वलीलाई माओवादीको आशंकामा ०६० कार्तिक २० गते खलंगा गाविस-५ बाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा करिब एक महिनापछि रिहा गरियो।

दमाचौर गाविस-३ का २४ वर्षीय ढाँकु चन्दलाई माओवादीको आशंकामा ०६० कार्तिक २४ गते खलंगा गाविस-५ बाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा कार्तिक २६ गते रिहा गरियो।

बडागाउँ गाविस-८ का २७ वर्षीय हरिलाल बुढा र भल्चौर गाविस-५ की २३ वर्षीय आशा चन्दलाई खलंगा गाविस-५ बाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई एक महिना फरक-फरक दिनमा रिहा गरियो।

सप्तरी जिल्ला घर भई हाल सिद्धेश्वरी निमावि, निगालचुलामा कार्यरत शिक्षक ३७ वर्षीय योगेन्द्रप्रसाद यादव र २६ वर्षीय गौरीशंकर रायलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०६० कार्तिक २४ गते खलंगा गाविस-६ बाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये गौरीशंकरलाई कार्तिक २७ गते रिहा गरियो भने योगेन्द्रलाई सार्वजनिक सुरक्षा ऐनअन्तर्गत् तीन महिना सजाय तोकी मंसिर १ गते देखि थुनामा राखिएको छ।

लक्ष्मीपुर गाविस-४ का १९ वर्षीय हिमाल बुढाथोकीलाई माओवादीको आशंकामा ०६० कार्तिक २५ गते खलंगा गाविस-६ बाट सुरक्षाकर्मीले गिरफ्तार गरी कार्तिक २९ गते रिहा गरे।

धनुषा जिल्ला घर भई हाल छायाँक्षेत्र गाविस-८ मा होटेल गरी बस्ने ३५ वर्षीय शेषकान्त ठाकुरलाई माओवादीको आशंकामा ०६० मंसिर १ गते आफ्नै होटलबाट सुरक्षाकर्मीले गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

छायाँक्षेत्र गाविस-१ की १७ वर्षीय निशा खड्का, १५ वर्षीय मुना वली र सोही गाविस-८ की १६ वर्षीय निता वलीलाई अन्तर्राष्ट्रिय बालअधिकार दिवस मनाउन आएको अवस्थामा ०६० मंसिर ३ गते माओवादीको आशंकामा सुरक्षाकर्मीले खलंगा गाविस-६ बाट गिरफ्तार गरे। पीडितहरूमध्ये निशा र नितालाई मंसिर ४ गते र मुनालाई ५ गते रिहा गरियो। पीडितहरू त्रिभुवन जनता मावि भोटेचौरमा अध्ययनरत छन्।

थारमारे गाविस-८ का एमाले कार्यकर्ता २८ वर्षीय प्रेमबहादुर डाँगीलाई माओवादीको आरोपमा ०६० मंसिर १६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई सार्वजनिक सुरक्षा ऐनअन्तर्गत ३ महिना कैद किटान गरी मंसिर २० गते जेल चलान गरे।

खलंगा गाविस-९ का ३९ वर्षीय टोपबहादुर थापा र काभ्रा गाविस-८ की २२ वर्षीय विष्णु शर्मालाई राजतन्त्रविरोधी नारा लगाएको आरोपमा ०६० पुस ९ गते सोही गाविस-५ बाट प्रहरीले गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

बालअधिकार

यस जिल्लामा पनि गरीबी र हत्या-हिंसाका कारण हजारौं बालबालिका आफ्नो बालअधिकारबाट कोही पूर्णतः र कोही आंशिक रुपमा बन्चित छन्। उदाहरणका लागि गरीबीका कारण हजारौं बालबालिका प्राथमिकस्तरभन्दा माथि पढ्न-लेख्न पाइरहेका छैनन् भने सयौं बालबालिका शहर बजारका कोठी र होटेलहरूमा भाँडा माझ्न बाध्य छन्। त्यसैगरी गाउँका स-साना सयौं बालबालिका दाउराको भारी बोकेर शहर बजारमा गई दाउरा बेच्न बाध्य छन्। सेजवालटाकुरा गाविस-९ का १० वर्षीय सनद बस्नेत, ११ वर्षीय टोपबहादुर रेउले र १२ वर्षीय बलबहादुर बस्नेत आफ्नी आमाहरूका साथ आफूभन्दा ठूलो दाउराको भारी बोकेर ०५९ चैत १३ गते दुई घण्टाको बाटो हिँडेर जिल्ला सदरमुकामतर्फ दाउरा बेच्न आउँदै गरेको दृश्य यसको एउटा ज्वलन्त उदाहरण हो।

त्यसैगरी, हत्या-हिंसाका कारण कुनै-कुनै विद्यालय शिक्षकविहीन भएर पढ्न, लेख्नबाट बञ्चित भएका छन् भने विभिन्न समयमा माओवादीले गरेको विद्यालय बन्द आन्दोलनले पनि बालवालिकाको पठन-पाठनमा ठूलो असर पारेको छ। अर्कोतर्फ, हत्या-हिंसाको कारण अभिभावकविहीन भएर बालवालिकाले आफ्ना अधिकार गुमाउन बाध्य छन्।

खलंगा गाविस-६ की १५ वर्षीय बालिकालाई ०५९ पुस २४ गते पिपलनेटा गाविस-४ का २२ वर्षीय शिवकुमार गौतमले स्कूलतर्फ जाँदै गरेको अवस्थामा खलंगा गाविस-५ स्थित बाटोमा जबरजस्ती समाती बलात्कार गर्ने प्रयास गरे। सम्वन्धित निकायमा उजुरी गरे तापनि कुनै कारवाही हुन सकेन।

महिला अधिकार

कजेरी गाविस-८ का ६९ वर्षीय पुनी यरीलाई बोक्सीको आरोपमा ०५९ चैत ३० गते आफ्नै जेठा छोरा ४६ वर्षीय चित्रबहादुर यरीले सार्वजनिकरुपमा बेइज्जती समेत गरे।

जातीय विभेद

मार्के गाविस-७ का ४० वर्षीय निन्याउरी विक (बुढाथोकी) लाई तल्लो जातकी बुहारी भएकीले आफ्नो कुल नै बिग्रने कारण देखाई ०६० वैशाख २ गते आफ्नै ससुरा ६२ वर्षीय ठगु बुढाथोकीले गोठमा समेत वस्न नदिई घर नछोडेमा काट्ने-मार्ने धम्की दिई घरबाट निकाले। बुबाले त्यसो गर्दा पनि पति तिलक बुढाथोकीले एक शब्द

नबोली मौन समर्थन जनाए। पीडित २ वर्षकी छोरी लिएर माइतीको घरमा गई बसेकी छिन्।

विविध

संरचना क्षति

माओवादीले जिल्ला सिंचाई कार्यालयका कागजपत्र तथा फर्निचर जलाएर नष्ट गरे।

अतिरिक्त जानकारीहरु

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस जिल्लामा ७ वटा व्यक्तिगत कुटपिटका घटनाहरूमा १० जना पीडित भए। ६ पुरुष र १ महिला समेत ७ जनाले आत्महत्या गरे। भीरबाट लडेर १ जनाको र पानीमा डुबेर १ जनाको मृत्यु भयो। बस दुर्घटनामा ८ जनाको मृत्यु भएको पुष्टी भयो भने झण्डै ५२ जना जति बससँगै भेरी नदीमा खसेर बेपत्ता भएको आशंका गरिएको छ। केटाकेटीले आगो खेलाएका कारणले ५ वटा व्यक्तिगत घरहरू जलेर नष्ट भए। मिलको पट्टामा परेर १ नाबालिकाको मृत्यु भयो भने अरिंगालले टोकेर १ जना युवकको मृत्यु भयो।

विगतको अनुगमन

बेपत्ता

सिद्धेश्वरी गाविस-३ का २४ वर्षीय रत्नलाल परियार र सोही गाविस-६ का ३० वर्षीय गौरीलाल परियार, २२ वर्षीय अर्जुन परियारलाई माओवादीको आरोपमा ०५८ फागुन १९ गते धनवाङ गाविस-१ कपुरकोटबाट सुरक्षाकर्मीले गिरफ्तार गरेका थिए। उनलाई केही समयपछि रिहा गरेको बताए पनि पीडितहरूलाई हालसम्म रिहा नगरी बेपत्ता पारिएको आफन्तहरूले बताए।

बाँफकाँडा गाविस-५ का २१ वर्षीय वेदबहादुर बुढाथोकी र सोही गाविस-६ का २३ वर्षीय मेघबहादुर बुढाथोकीलाई माओवादीको आरोपमा ०५८ चैत ८ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरेका थिए। उनीहरुलाई विभिन्न समयमा रिहा गरिएको बताए पनि पीडितहरूलाई हालसम्म बेपत्ता पारिएको कुरा आफन्तहरूले बताए। उक्त घटनामा सोही गाविसका १० जना गिरफ्तारीमा परेका थिए।

सेजवालटाकुरा गाविस-८ का ४१ वर्षीय वासुदेव शर्मालाई माओवादीको आरोपमा ०५९ वैशाख २३ गते जिल्ला प्रशासन कार्यालयबाट सुरक्षाकर्मीले गिरफ्तार गरेका थिए। उनी हालसम्म बेपत्ता छन्। पीडित कुपिण्डे गाविस-४ ज्यामिरे प्राविका शिक्षक हुन्।

पिपलनेटा गाविस-५ का २९ वर्षीय दिलबहादुर केसी लाई माओवादीको आरोपमा ०५८ मंसिर महिनामा जिल्ला प्रशासन कार्यालयबाट गिरफ्तार गरेका थिए। उनलाई हालसम्म बेपत्ता पारिएको छ।

थारमारे गाविस-४ का २५ वर्षीय चोवे सार्की र २० वर्षीय रेत सार्कीलाई माओवादीको आरोपमा ०५९ असार १७ गते जिल्ला प्रशासन कार्यालयबाट सुरक्षाकर्मीले गिरफ्तार गरेका थिए। उनलाई महिनापछि रिहा गरेको बताएता पनि पीडित चोवे सार्की हालसम्म बेपत्ता छन्।

बडागाउँ गाविस-५ का ५३ वर्षीय प्रेम भडेललाई माओवादीको आरोपमा ०५८ चैत १९ गते खलंगा गाविस-३ को घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरेका थिए। पीडित हालसम्म बेपत्ता छन्। पीडित भल्चौर गाविसमा पर्ने कालिका प्राविका शिक्षक हुन्।

सिनवाङ गाविस-२ का २६ वर्षीय राजकुमार बुढाथोकीलाई माओवादीको आरोपमा ०५८ चैत २७ गते त्रिवेणी गाविस-१ बाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित हालसम्म बेपत्ता छन्।

सिनवाङ गाविस-६ का १४ वर्षीय रेशम बोहरालाई माओवादीको आशंकामा ०५९ वैशाख २० गते धनवाङ गाविस-१ कपुरकोटबाट सुरक्षाकर्मीले गिरफ्तार गरको थिए। हालसम्म बेपत्ता छन्। रेशम सोही गाविसमा पर्ने भवानी निमावि छायानाथमा कक्षा ६ मा अध्ययनरत विद्यार्थी हुन्।

गिरफ्तारी

कोटवारा गाविस-६ का ३७ वर्षीय केशरबहादुर वलीलाई माओवादीमा लागेको आरोपमा ०५९ जेठ १६ गते खलंगा गाविस-५ बाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित बालकन्या प्राविका शिक्षक हुन्। आईसीआरसीले पठाएको चिठीको आधारमा घर परिवारले पीडितको काजकिरिया गरेता पनि मृत्यु दर्ता भने जिल्ला प्रशासन कार्यालयले गर्न नदिएको कुरा पीडितका आफन्तले बताए।

मार्के गाविस-६ का २१ वर्षीय लोकबहादुर खत्रीलाई माओवादीको आरोपमा ०५९ असोज ८ गते जिल्ला प्रशासन कार्यालयबाट प्रहरीले गिरफ्तार गरी ६ महिना सैनिक हिरासतमा राखी ०५९ चैत २ गते रिहा गरियो।

धनवाङ गाविस-९ का ५० वर्षीय भूपबहादुर कठायतलाई ०५९ कार्तिक १ गते आफ्नो घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी ५ महिनासम्म सैनिक

हिरासतमा राखी ०५९ चैत २ गते रिहा गरे। पीडित एमाले गाउँ कमिटीका सदस्य हुन्।

कोटमौला गाविस-७ का ४६ वर्षीय जीवराज ढकाललाई माओवादीको आरोपमा ०५९ कार्तिक ६ गते जिल्ला प्रशासन कार्यालयबाट सुरक्षाकर्मीले गिरफ्तार गरी ०५९ चैत २ गते रिहा गरे। पीडित दामाचौर गाविस-१ स्थित लक्ष्मी प्राविका शिक्षक हुन्।

धनवाङ गाविस-९ का २३ वर्षीय मंगल सिंह विक कालिमाटी रामपुर गाविस-९ का वीरबहादुर मिजाली र सिनवाङ गाविस-३ का फौदबहादुर खड्कालाई गत वर्ष सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारेकोमा यस वर्ष रिहा भए।

माओवादीबाट अपहरण

सिनवाङ गाविस-४ का ५२ वर्षीय कमानसिंह बस्नेतलाई भ्रष्टाचार गर्नुका साथै माओवादी प्रतिकार समिति गठन गरेको आरोपमा ०५९ असोज ७ गते आफ्नै घरबाट माओवादीले अपहरण गरी शारीरिक तथा मानसिक यातना दिई ४० हजार रुपैयाँ असुल गरी ०५९ कार्तिक १८ गते मुक्त गरे।

सिनवाङ गाविस-४ का ४३ वर्षीय चूडामणि खड्कालाई पञ्चायत कालमा भ्रष्टाचार गरेको र अहिले माओवादी प्रतिकार समिति गठन गरेको आरोपमा ०५९ असोज ९ गते आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडित केही दिनपछि भाग्न सफल भएर भाग्न गएको कुरा आएता पनि हालसम्म कहाँ छन् खुल्न सकेको छैन।

सिनवाङ गाविस-६ का ४१ वर्षीय लोकबहादुर पुनलाई माओवादी प्रतिकार समिति गठन गरेको आरोपमा ०५९ असोज ९ गते माओवादीले अपहरण गरी २ हजार रुपैयाँ जरिवाना लिई ०५९ असोज २४ गते मुक्त गरे।

सिनवाङ गाविस-३ का २९ वर्षीय दिनेश वलीलाई माओवादी प्रतिकार समिति गठन गर्ने योजना बनाउनुका साथै लेख्ने काम गरेको आरोपमा ०५९ असोज २४ गते भवानी निमाविबाट माओवादीले अपहरण गरे। पीडित सोही विद्यालयका शिक्षक हुन्। पीडितलाई मानसिक यातना दिई ५० हजार रुपैयाँ जरिवाना गरेर ०५९ मंसिर २९ गते मुक्त गरे।

डाँडागाउँ गाविस-९ का २२ वर्षीय गजेन्द्र गिरी र २१ वर्षीय शेरबहादुर पुनलाई सुराकीको आरोपमा ०५९ कार्तिक ५ गते सिद्धेश्वरी गाविस-९ बाट माओवादीले अपहरण गरे। पीडितलाई ०५९ माघ २१ गते मुक्त गरे।

४.५ रुकुम



जनसंख्या	:१८८४३८
साक्षरता प्रतिशत	:३९.५
महिला साक्षरता प्रतिशत	:२८.६०
क्षेत्रफल (वर्ग कि.मी.)	:२८७७
गाविस/नपा संख्या	:४३/०
निर्वाचन क्षेत्र	:२
विद्यालय	:३१०
क्याम्पस/उच्च माविं	:१/४
अस्पताल/स्वास्थ्य चौकी	:१/४४
टेलिफोन लाइन	:३
मोटर सडक (कि.मी.)	:०
प्रहरी कार्यालय संख्या	:१
हुलाक संख्या	:४३
मानव विकास सूचकांक	:०.२७०
प्रति एक डाक्टर जनसंख्या	:६२६१३
प्रति परिवार सरदर संख्या	:५.६२

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या गोली

राज्यबाट

खारा र मुरु गाविसको सिमाना झुल्नेटामा ०५९ पुस २२ गते सुरक्षाकर्मीको गोलीबाट एक बृद्धको मृत्यु भयो।

स्यालापाखा गाविस-१ की सर्वसाधारण ३६ वर्षीय ओबी पुनलाई माओवादीको आरोपमा ०६० असोज १० गते सुरक्षाकर्मीले घरमा गोली हानी हत्या गरे।

आठबीस डाँडागाउँ गाविस-८ का २४ वर्षीय सेते खत्रीलाई माओवादीको आरोपमा ०६० कार्तिक १५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी मग्मा गाविस-३ मा ल्याएर गोली हानी हत्या गरे।

स्यालापाखा गाविस-४ का वन उपभोक्ता महासंघ, रुकुमका तालिम सहजकर्ता २१ वर्षीय लालसिंह बोहरालाई माओवादीको आरोपमा ०६० मंसिर ४ गते सोही गाविस-३ सिमाचौरमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितलाई स्थानीय जनसत्ताको आदेश उल्लंघन गरेको आरोपमा भदौ २० गते माओवादीहरूले अपहरण गरी १५ हजार रुपैयाँ जरिवाना गरेर ८ दिनपछि मुक्त गरेका थिए। नागरिक समाजको दबाबमा पीडितपक्षलाई राज्यपक्षबाट क्षतिपूर्ति स्वरुप १ लाख रुपैयाँ दिने निर्णय भएको छ।

रोल्पा जिल्ला गजुल गाविसका अन्दाजी १६/१७ वर्षीय मगर जातिका सृजना र बिमला नाम गरेका २ युवतीलाई माओवादीको आरोपमा ०६० मंसिर १६ गते सुरक्षाकर्मीले चौखावाङ गाविस-५ हिलमा गिरफ्तार गरी सोही ठाउँको जुवाला प्रावि नजिकै गोली हानी हत्या गरे। पीडितहरू माओवादी कार्यकर्ता थिए।

पेउघा गाविस-८ का माओवादीद्धारा घोषित खलंगा गाजस उपप्रमुख ३२ वर्षीय पूर्णबहादुर खड्कालाई चौखावाङ-५ को जंगलमा सुरक्षाकर्मीले साँख गाविसको झिंजाबाट गोली हानी हत्या गरे।

माओवादीबाट

खारा र मुरु गाविसको सिमानामा रहेको झुल्नेटामा ०५९ पुस २२ गते सादा पोशाकमा रहेका २ जना सैनिक जवानलाई होटलमा चिया खाइरहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे।

अन्यबाट

जाङ गाविस-८ का ३२ वर्षीय मानबहादुर रामाजालीलाई आफ्नोविरुद्ध काम गरेको आरोपमा ०६० भदौ २९ गते माओवादीहरूले अपहरण गरे। पीडितलाई २ महिनापछि मुक्त गरेकोमा पुन: एक्कासी बेपत्ता भए। १ महिनापछि डोल्पा र रुकुमको सिमानामा उनको लास फेला पर्‍यो। हत्याको जिम्मा माओवादीहरूले लिएनन्। माओवादीहरू सेनाले मारेको बताउँछन् भने सेना हालसम्म त्यहाँ नगएको स्थानीय बासिन्दाले बताए।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

आठबीसकोट गाविस-२ का १३ वर्षीय विवेक नेपाली ०६० जेठ २६ गते गाई चराउन गएको अवस्थामा माओवादीले छोडेर गएको विष्फोटक पदार्थ (ग्रिनेट) विष्फोट भई घटनास्थलमै मृत्यु भयो। सोही घटनामा सोही ठाउँका १० वर्षीय धर्मराज नेपाली गम्भीर घाइते भए। पीडितको चौरजहाडी मिसन अस्पतालमा उपचार गराउँदा-गराउँदै सात दिनपछि मृत्यु भयो।

महत गाविस-१ का १२ वर्षीय भोम्ले बुढाको गाई चराउन गएको अवस्थामा अज्ञात समूहले छाडेर गएको बम बिष्फोटन भई ०५९ फागुन २६ गते घटनास्थलमै मृत्यु भयो। पीडित कक्षा-२ मा अध्ययनरत् थिए।

जेल र बन्दीहरू

हिरासतमा मृत्यु

शोभा गाविस-४ का माओवादी कार्यकर्ता २४ वर्षीय लालबहादुर पुनको ०६० असोज २८ गते राति जिल्ला प्रहरी कार्यालयको प्रहरी हिरासतमा झुण्डिएर मृत्यु भयो। झुण्डिएर मृत्यु भएको कुरा प्रहरीले बताएपछि उनको फोटो खिच्न दिइएन। पीडित पक्षको धारणा संकलग्न गर्न नसकिए पनि घटनाको प्रकृति रहस्यमय रहेको पाइयो। लासको पोष्टमार्टम गर्ने डा. भवानी शर्माले खुलेर आत्महत्या हो भन्न सकेनन्। पीडितलाई कहाँबाट, कहिले र कुन अवस्थामा गिरफ्तार गरिएको हो भन्ने कुरा

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	२	१	१	२	२	४			४	६	५	२	७
घाइते										१		१	१
हिरासत वा थुनामा मृत्यु										१	१		१
गिरफ्तारी/यातना										९	१८		१६
कुटपिट	१	२		२						३	३	१	४
धम्की					४	३		१	४				
महिलाअधिकार	२		२	२									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१७	२१	१		२२				
अपहरण					३२	३९	४		४३				
जम्मा	५	३	३	६	५५	६७	५	१	७३	१९	२५	४	२९

प्रहरीले बताएनन्। सेनाले असोज २८ गते प्रहरीलाई बुझाएको जानकारी प्रहरी सूत्रले बताए। घटनास्थलको स्थलगत अध्ययन गर्दा पीडित झुण्डिएको भनिएको ४ इन्च जति लामो फलामको काँटी बाङ्गीएको र जुत्ताको तनाले झुण्डिएर पीडितले आत्महत्या गरेको प्रहरीले बताए। घटनास्थल बाहिर पीडितको १ जोडा जुत्ता र १ जोडा चप्पल थियो।



सुरक्षाकर्मीद्वारा हत्या गरिएका लालसिंह बोहरा

बेपत्ता / अपहरण

माओवादीबाट

मग्मा गाविस-१ का ५५ वर्षीय प्रताप खत्रीलाई सुराकीको आरोपमा ०५९ पुस १८ गते माओवादीहरूले अपहरण गरी चैत ४ गते १६ हजार रुपैयाँ जरिवाना गरेर मुक्त गरे।

बाँफीकोट गाविस-४ का ३५ वर्षीय धनु जैसीलाई सुराकीको आरोपमा ०५९ माघ २ गते माओवादीले अपहरण गरी हात भाँचिदिए। अपहरण अवधिभर खाएको खानाको पैसा पीडित आफैले तिरेको बताए। पीडितलाई १ महिनापछि मुक्त गरिएको थियो

मग्मा गाविस-९ का २२ वर्षीय हर्के खत्रीलाई अर्काकी पत्नीसँग विवाह गरेको आरोपमा ०५९ माघ १२ गते माओवादीले अपहरण गरी २८ हजार रुपैयाँ जरिवाना गरी चैत २६ गते मुक्त गरे।

खोलागाउँ गाविस-४ का ४३ वर्षीय धने बुढाथोकीलाई माओवादीका बन्दीहरूलाई कुटपिट गरेको आरोपमा ०५९ चैत १७ गते माओवादीले अपहरण गरी ३ महिनापछि मुक्त गरे।

विजयश्वरी गाविस-२ का ४५ वर्षीय मोतिराम बटालालाई सुराकीको आरोपमा ०५९ चैत २२ गते माओवादीले घरबाटै अपहरण गरे। पीडित ४ दिनपछि भाग्न सफल भए।

मग्मा गाविस-३ का ३० वर्षीय भक्तबहादुर दमाईलाई ०६० वैशाख ३ गते पीडितकै घरबाट माओवादीले अपहरण गरे। पीडितलाई जेठ ५ गते सदरमुकाममा आयोजित आमसभामा ल्याइएको र त्यहींबाट भागेको माओवादी सूत्रले बतायो भने पीडित पक्षले घटनामा माओवादीको षडयन्त्र भएको बताए।

कोल गाविस-४ का शिक्षक ४४ वर्षीय हस्तबहादुर बुढा र ४५ वर्षीय कृष्ण पुनलाई जनसत्ताको आदेश पालना नगरेको आरोपमा ०६० वैशाख ४ गते माओवादीले अपहरण गरी कृष्णलाई ४ दिनपछि र हस्तबहादुरलाई १७ दिनपछि मुक्त गरे।

साँख गाविस-८ का प्रावि कालिमाटीका विद्यालय व्यवस्थापन समिति अध्यक्ष ३२ वर्षीय ओपेन्द्र शर्मा र सोही विद्यालयका प्रधानाध्यापक २२ वर्षीय नन्दराम विकलाई विद्यालयमा आगो लगाएको आरोपमा ०६० बैशाख १० गते माओवादीले अपहरण गरे। नन्दराम वैशाख १२ गते भागेर मुक्त भए भने ओपेन्द्र शर्मालाई २९ दिनपछि मुक्त गरियो।

साँख गाविस-३ का २६ वर्षीय क्षेत्रबहादुर वलीलाई परस्त्रीसँग अबैध यौन सम्बन्ध राखेको आरोपमा ०६० वैशाख १६ गते साँखस्थित विद्यालयबाट माओवादीले अपहरण गरी १ महिनापछि मुक्त गरे।

प्वाङ गाविस-८ का १८ वर्षीय गणेश खड्कालाई युवती जिस्क्याएको आरोपमा ०६० असार १ गते माओवादीले अपहरण गरी ३ महिनापछि मुक्त गरे।

प्वाङ गाविस-४ का २६ वर्षीय रामबहादुर बिसीलाई परस्त्रीसँग यौन सम्पर्क राखेको आरोपमा ०६० असार ३ गते माओवादीले अपहरण गरी ४ महिनापछि मुक्त गरे।

गोतामकोट गाविस-६ का २६ वर्षीय प्रेम थापालाई स्थानीय जनसत्ताको नियम पालना नगरेको आरोपमा ०६० असार ३ गते माओवादीले अपहरण गरी निर्मम यातना दिए। पीडित सोही दिन राति ११ बजे भागे।

छिवाङ गाविस-७ का ४२ वर्षीय पदमबहादुर विष्टलाई परस्त्रीसँग यौन सम्बन्ध राखी बच्चा जन्माएको आरोपमा ०६० असार १० गते माओवादीले अपहरण गरे। पीडितलाई ११ हजार रुपैयाँ जरिवाना गरी असार २० गते मुक्त गरियो।

जाङ गाविस-९ का २३ वर्षीय सार्की रोका र उनकै पत्नी १९ वर्षीय कमारी रोकालाई उमेर नपुग्दै विवाह गरेको आरोपमा ०६० साउन २९ गते माओवादीले अपहरण गरी ७ हजार ५ सय रुपैयाँ जरिवाना लिएर २ महिनापछि मुक्त गरे।

जाङ गाविस-८ का १८ वर्षीय अते दमाई र उनकै पत्नी १८ वर्षीय रामसरी दमाईलाई उमेर नपुग्दै विवाह गरेको आरोपमा ०६० भदौ ११ गते माओवादीले अपहरण गरी ९ हजार रुपैयाँ जरिवाना गरी २ महिनापछि मुक्त गरे।

मैकोट गाविस-९ का २८ वर्षीय भक्तबहादुर विकलाई सुराकीको आरोपमा ०६० भदौ १९ गते माओवादीले अपहरण गरी ४ हजार ५ सय रुपैयाँ जरिवाना गरेर १८ दिनपछि मुक्त गरे।

स्यालापाखा गाविस-४ का सामुदायिक वन उपभोक्ता महासंघ, रुकुमका अध्यक्ष ३६ वर्षीय दलबहादुर रेउले, खलंगा गाविस-१ की वन उपभोक्ता महासंघ, रुकुमकी सचिव २१ बर्षीय निर्मला गिरी, स्यालापाखा गाविस-४ का २३ वर्षीय लालसिंह बोहरा र सोही गाविस-३ का ६५ वर्षीय इन्द्रबहादुर मल्ललाई ०६० भदौ २० गते वन उपभोक्ता संघको तालिम संचालन गरिरहेको अवस्थामा स्यालापाखा गाविस-३ स्थित वन उपभोक्ता महासंघको तालिम कक्षबाट माओवादीले अपहरण गरी ८ दिनपछि ६५ हजार रुपैयाँ जरिवाना गरी मुक्त गरे। हाल माओवादी "जनअदालत" मा उनीहरूको मुद्दा विचाराधीन रहेको छ।

माओवादीद्वारा अपहरण गरिएका पूर्णकुमार गिरी

मग्मा गाविस-५ का साहित्यप्रेमी शान्ति जागरण रेडियो श्रोता क्लब मग्माका अध्यक्ष २३ वर्षीय रामचन्द्र शाहीलाई ०६० भदौ २३ गते माओवादीहरूले अपहरण गरे। पीडितको अवस्था अज्ञात छ।

खलंगा गाविस-८ का जिल्ला शिक्षा कार्यालयका श्रोत व्यक्ति डम्मबरबहादुर खड्कालाई आर्थिक भ्रष्टाचार गरेको र पक्षपातपूर्ण ढंगले शिक्षक सरुवा गरेको आरोपमा ०६० भदौ ३१ गते माओवादीहरूले अपहरण गरे। पीडितलाई असोज १७ गते साँझ मुक्त गरियो।

झुला गाविस-२ का २२ वर्षीय पूर्णकुमार गिरीलाई सुराकीको आरोपमा ०६० कार्तिक २३ गते सोही गाविस-३ भेराखेतबाट माओवादीहरूले अपहरण गरे। पीडित ५ दिनपछि नेल र हतकडीसहित भागेर सदरमुकाम आए।

साँख गाविस-८ का जिल्ला वन कार्यालयमा कार्यालय सहायक पदमा कार्यरत २७ वर्षीय जीवराज महतलाई सुराकीको आरोपमा ०६० कार्तिक २५ गते आरुनै घरबाट माओवादीहरूले अपहरण गरी एउटा खुट्टा भाँचिदिए। पीडितको उपचार काठमाडौंमा गरियो।

आठबीस डांडागाउँ गाविस-९ का २३ वर्षीय खड्कबहादुर विकलाई सुराकीको आरोपमा ०६० कार्तिक २२ गते माओवादीहरूले आफ्नै घरबाट अपहरण गरे। पीडितलाई मंसिर २८ गते मुक्त गरियो।

साँख गाविस-१ की ५५ वर्षीय टोपकुमारी थापालाई सुराकीको आरोपमा ०६० कार्तिक २६ गते माओवादीहरूले अपहरण गरी हात बाँधेर यातना दिई ५ हजार रुपैयाँ जरिवाना गरेर २ दिनपछि मुक्त गरे।

साँख गाविस-२ का ५० वर्षीय पूर्णबहादुर बुढालाई सुराकीको आरोपमा ०६० कार्तिक २४ गते माओवादीले घरबाट अपहरण गरी २ दिनसम्म यातना दिएर ५० हजार रुपैयाँ जरिवाना गरी मुक्त गरे।

साँख गाविस-३ का ५२ वर्षीय उपेन्द्र पाण्डेलाई सुराकीको आरोपमा ०६० कार्तिक २४ गते घरबाट माओवादीहरूले अपहरण गरी ५० हजार रुपैयाँ जरिवाना गरेर २ दिनपछि मुक्त गरे।

साँख गाविस-७ का ४२ वर्षीय धनबहादुर थकालीलाई सुराकीको आरोपमा ०६० कार्तिक २६ गते माओवादीहरूले अपहरण गरी २५ हजार रुपैयाँ जरिवाना गरेर २ दिनपछि मुक्त गरे।

शोभा गाविस-५ का शिक्षक ३२ वर्षीय लेखनाथ गौतम र अर्का शिक्षक ३५ वर्षीय गणेश शाहलाई विद्यालयमा हाजिर नभएको आरोपमा ०६० कार्तिक १७ गते पीडितहरूकै घरबाट माओवादीहरूले अपहरण गरे। लेखनाथलाई १ लाख १० हजार ४ सय २ रुपैयाँ धरौटी माग गरिएको छ। पीडितहरूलाई हालसम्म मुक्त गरिएको छैन।

साँख गाविस-२ का ४२ वर्षीय रामचन्द्र पाण्डेलाई सुराकीको आरोपमा ०६० कार्तिक २४ गते माओवादीहरूले अपहरण गरी ५ दिनपछि मुक्त गरे।

साँख गाविस-१ का ३८ वर्षीय गेदलाल गिरीलाई व्यक्ति हत्याको आरोपमा ०६० साउन १५ गते पीडितकै घरबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई ०६० मंसिर १६ गते सुरक्षाफौजले मुक्त गरायो।

साँख गाविस-३ का आँशीराम पाण्डे, सोही गाविस-२ का कमानसिंह पुन, सोही गाविस-१ का ससु पुन र चालु घर्तिलाई राज्यपक्षको सर्जमिन मुचुल्कामा हस्ताक्षर गरेको आरोपमा ०६० मंसिर ६ गते माओवादीहरूले पीडितहरूकै घरबाट अपहरण गरे। पीडितहरूलाई ०६० मंसिर १६ गते सुरक्षाफौजले चौखावाङ गाविस-५ हिलबाट मुक्त गरायो।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

खलंगा गाविस-४ की २७ वर्षीय सरस्वती केसीलाई ०६० असोज ११ गते खाद्य संस्थानको चामल लिन गएको अवस्थामा प्रहरीले हातपात गरे।

खलंगा गाविस- १ की १९ वर्षीय गीता

सिंजालीलाई ०६० कार्तिक १० गते प्रहरीले कञ्चटमा हिर्काई घाइते बनाए। पीडितको उपचार नेपालगञ्जमा गरियो।

माओवादीबाट

जाङ गाविस-८ का २५ वर्षीय मस्तबहादुर समाललाई आफूहरू विरुद्ध काम गरेको आरोपमा ०६० असोज १७ गते माओवादीले कुटपिट गरे।

आठबीस डाँडागाउँ गाविस-६ का प्रधानाध्यापक गोसाई चौधरीलाई माओवादी जनसत्ताको नियम उल्लंघन गरेको आरोपमा ०६० कार्तिक ८ गते माओवादीले कुटपिट गरे। सोही घटनाका कारण पीडित जागिर छोडेर पुर्ख्यौली घर सप्तरी फर्किए। साथै पीडितसँग यौनसम्पर्क राखेको आरोपमा उनकै साली शुसिला नेपालीलाई दलित मुक्ति मोर्चाका कार्यकर्ताहरूले ब्लाउज निकाली स्तनका मुन्टा निचोरेर कुटपिट गरे।

आठबीसकोट गाविस-२ का ३८ वर्षीय बलबहादुर शाहीको जग्गा ०६० कार्तिक २३ गते विनाकारण माओवादीहरूले सार्वजनिकीकरण गरे। साथै, पीडितलाई ५ सय रुपैयाँ जरिवाना गरी आफ्नो जग्गा कहिल्यै पनि हकदावी नगर्ने वा गर्न नपाउने कागज गराएर लालपूर्जा समेत लगे।

जाङ गाविस-८ का ३० वर्षीय पूर्णवहादुर ओलीलाई जनसत्ता विरोधी भ्रम सृजना गराएको आरोपमा ०६० मंसिर १० गते माओवादीहरूले अपहरण गरी २ दिनसम्म राखेर सार्वजनिक कार्यक्रममा ८० पटक उठबस गराई मुक्त गरे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

असोज १८ को शाही घोषणाविरुद्ध आन्दोलनरत पाँच पार्टीहरूको आयोजनामा ०६० असार ३ गते बाँफीकोट गाविसमा आयोजना गरिएको संयुक्त जनसभालाई बिथोल्न माओवादीहरूले धेरै प्रयास गरे। पूर्व जिविस उपसभापति ठगेन्द्रप्रकाश पुरी मञ्चमा बोलिरहेको अवस्थामा माइक खोसेर हातपातसमेत गरे। तर, कार्यक्रम १ घण्टापछि सुचारुरुपले संचालन भयो।

नुवाकोट गाविस-७ का नेकपा (एमाले) जिल्ला कमिटीका सचिव ४८ वर्षीय शेरबहादुर के. सी. शोभा गाविस-५ का नेकपा (एमाले) का जिल्ला उपसचिव ४५ वर्षीय नन्दलाल शर्मा, जिल्ला कमिटी सदस्य ३४ वर्षीय हरिप्रसाद शर्मालगायत् नौ जना एमाले कार्यकर्ताहरूलाई माओवादीको आरोपमा प्रतिगमनविरुद्धको कार्यक्रममा काठमाडौं जाँदै गर्दा खारा सतिपोलेस्थित क्याम्पका शाही नेपाली सेनाले अभद्र व्यवहार गर्नुका साथै कुटपिटसमेत गरे। पीडितहरूका निजी डायरी र चिट्ठी-पत्रहरूसमेत सेनाले लुटेर लिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

रुकुम जिल्ला अदालतमा ५ वर्षसम्म फर्स्योट नभएका १५ वटा, ४ वर्षदेखिका ४ वटा, ३ वर्षदेखिका २ वटा, २ वर्ष देखिका १० वटा, १ वर्ष देखिका ३३ वटा र ६ महिनासम्मका २० वटा मुद्दा छन्। प्रायः पुराना मुद्दाहरू जग्गासम्बन्धी छन्। यस वर्ष यो अदालतमा देवानी १५ र फौज्दारी २२ गरी ३७ वटा मुद्दा दर्ता भए भने १८ देवानी र ३० फौज्दारी गरी ४८ वटा मुद्दा फर्स्योट भए। यस अदालतमा देवानी २७ र फौज्दारी ९ गरी ३६ वटा मुद्दा बाँकी छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सांस्कृतिक अधिकार

आठबीसकोट-८ का सेते खत्रीको ०६० कार्तिक १५ गते सुरक्षाफौजद्वारा हत्या गरिएका घरमा काजकिरिया गर्न माओवादीहरूले रोक लगाए।

आर्थिक अधिकार

खलंगा गाविस-१ का स्यार्पूदह साना जलविद्युत कम्पनीका ठेकेदार ३२ वर्षीय प्रेमप्रकाश वलीद्वारा संचालित विद्युत प्रशारणवाट उठेको महसुल एकमुष्ट ८२ हजार ५ सय ५० रुपैयाँ ०५९ चैन १४ गते माओवादीहरूले लुटेर लगे।

बाँफीकोट गाविस-२ का ४५ वर्षीय नरबहादुर चन्दलाई सुराकीको आरोपमा ०५९ चैत २४ गते आफूलाई जरिवाना गरिएको पीडितले बताए। माओवादीले ७ हजार रुपैयाँ जरिवाना गरे।

मग्मा गाविस-३ का ५८ वर्षीय धनवहादुर खत्रीलाई ०५९ माघ २५ गते सैनिक लगाएर घर भत्काएको आरोपमा माओवादीहरूले कब्जामा लिई ९ महिनाको श्रम कैद गरे। पीडितले ९ महिना श्रम कैदको प्रतिदिन ४५ रुपैयाँको दरले ११ हजार ८ सय रुपैयाँ माओवादीहरूलाई बुझाउन बाध्य भए।

मग्मा गाविस-१ का ४४ वर्षीय रिट्टे खत्री र मणि खनाललाई अवैध यौन सम्पर्क गरेको आरोपमा ०५९ फागुन २२ गते माओवादीहरूले क्रमशः ९ हजार र ४ हजार ५ सय रुपैयाँ जरिवाना गरे।

मग्मा गाविस-३ का २१ वर्षीय लिले सार्कीलाई अर्काकी पत्नी विवाह गरेको आरोपमा ०५९ चैत १३ गते माओवादीहरूले कब्जामा लिई ११ हजार रुपैयाँ जरिवाना गरे।

छिवाङ गाविस-८ का २९ वर्षीय लालबहादुर रोकालाई आफ्नी पत्नीको रेखदेख नगरेको आरोपमा ०६० जेठ २८ गते माओवादीहरूले १० हजार रुपैयाँ जरिवाना गरे।

स्यालापाखा गाविस-९ का ५४ वर्षीय तिलक केसी र ३९ वर्षीय लालबहादुर केसीलाई साना सिंचाई कार्यक्रमको कुलो निर्माण गरेको आरोपमा ०६० जेठ २७ गते माओवादीहरूले कब्जामा लिई ९ हजार रुपैयाँ जरिवाना गरे।

स्यालापाखा गाविस-३ का त्रिपुरा मावि, छिङका प्रधानाध्यापक सुवर्ण शाही र विद्यालय व्यवस्था समितिका अध्यक्ष इन्द्रबहादुर मल्ललाई पुरानो सत्ताको काम गरेको आरोपमा ०६० जेठ १६ गते माओवादीहरूले ४० हजार रुपैयाँ जरिवाना गरे।

विस्थापित

आन्तरिक द्वन्द्वका कारण यो जिल्लामा ५ सय ९२ जना व्यक्ति विस्थापित भए। सम्पूर्ण गाविस कार्यालयहरू सदरमुकाममै केन्द्रित भएका कारण वृद्ध, अशक्त तथा विधवा भत्ता लिन सम्बन्धित सबै सदरमुकाम धाउनु पर्ने वाध्यता छ।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

चुनवाङ गाविस-४ का २१ वर्षीय ओमप्रसाद डाँगी र सोही गाविस-३ का रमेश भन्ने १९ वर्षीय मुघु बुढालाई माओवादीको आरोपमा ०५० माघ ९ गते सुरक्षाकर्मीले गिरफ्तार गरी फागुन १६ गते रिहा गरे।

साँख गाविस-८ भिंजाका ३५ वर्षीय माओवादी कार्यकर्ता भानु मल्ललाई माओवादीको आरोपमा ०५९ फागुन १ गते घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी चैत १६ गते रिहा गरे।

प्वाङ गाविस-२ का २८ वर्षीय रुद्रबहादुर खड्का, चुनवाङ गाविसका २६ वर्षीय बलबहादुर खड्का र चौखावाङ गाविसका ३२ वर्षीय भीमबहादुर पुनलाई माओवादीको आरोपमा ०६० भदौ २८ गते सुरक्षा फौजले गिरफ्तार गरी १० दिनपछि रिहा गरे।

शोभा गाविस-६ का २७ वर्षीय श्रीकुमार मल्ललाई माओवादीको आरोपमा ०६० असोज ९ गते सोही गाविस-३ सिमलबोटबाट सुरक्षाकर्मीले गिरफ्तार गरी १८ दिनपछि रिहा गरे।

आठबीस डाँडागाउँ गाविस-८ का २६ वर्षीय चन्द्रे विष्ट, २० वर्षीय भगबहादुर विष्ट र २४ वर्षीय धनबहादुर पुनलाई माओवादीको आरोपमा ०६० कार्तिक १४ गते सोही ठाउँबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये चन्द्रे विष्टलाई ४ घण्टापछि रिहा गरियो भने अन्यलाई हिरासतमा नै राखियो। त्यसैगरी, सोही गाविस-८ का ३५ वर्षीय दलबहादुर खत्री, ३६ वर्षीय प्रताप खत्री, ४२ वर्षीय डण्डे कुसारी र १४ वर्षीय नन्दराम पुनलाई माओवादीको आरोपमा ०६० कार्तिक १४ गते सोही गाविसको विभिन्न स्थानबाट सुरक्षाकर्मीले गिरफ्तार गरे।

चौखावाङ गाविस-५ हिल का २३ वर्षीय कमला केसीलाई ०६० मंसिर ५ गते त्रिभुवन जनता उच्च मावि, खलंगाबाट माओवादीको आरोपमा सुरक्षाफौजले गिरफ्तार गरे। पीडितलाई पुनर्स्थापनाका लागि भनेर ढकालटार, तनहुँ पठाइएको छ। पीडित सोही विद्यालयमा कक्षा १२ मा अध्ययनरत थिइन्।

त्रिभुवन जनता उच्च माध्यमिक विद्यालय खलंगामा अध्ययनरत १७ वर्षीय नरबहादुर खडका, तुलसिंह केसी, १८ वर्षीय नवराज शर्मा र १८ वर्षीय भगवती ओलीलाई माओवादीको आरोपमा ०६० मंसिर ५ गते सुरक्षाकर्मीले विद्यालयबाटै गिरफ्तार गरी नवराज बाहेक अन्यलाई सोही दिन र नवराजलाई ५ दिनपछि रिहा गरियो।

चुन्वाङ गाविस-७ लाखरका २८ वर्षीय शिक्षक कमानसिंह विष्टलाई माओवादीको आरोपमा ०६० पुस ४ गते खलंगाबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई ६ दिनपछि रिहा गरियो।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

विश्व मानवअधिकार दिवसको अवसरमा ०६० मंसिर २४ गते हरप्लेस, रुकुमले द्वन्द्वरत पक्षहरूलाई मानवअधिकार संरक्षणप्रति संवेदनशील रहन आग्रह गर्दै एक प्रेस विज्ञप्ति जारी गऱ्यो।

संरचना क्षति

खलंगा गाविस-८ स्थित पशुपति माध्यमिक विद्यालय रातामाटामा बन्दको अवस्थामा विद्यालय खोलेको आरोपमा ०६० असोज २ गते माओवादीहरूले शिक्षकहरूलाई पुन: त्यस्ता कार्य दोहोऱ्याएमा ज्यानमार्ने धम्की दिई विद्यालयका कागजात र फर्निचरहरू विद्यालयकै कार्यालयमा जलाउनुका साथै २ वटा बम विष्फोट गराए।

बाँफीकोट र स्यालापाखा गाविसलाई जोड्ने फलामे गौंडा पुल ०६० मंसिर ३ गते माओवादीहरूले काटेर फाल्नुका साथै त्यसमा रहेका फल्याकहरू निकालेर फ्याँके।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष पहिरोले पुरिएर १ पुरुष, २ महिला र १ छ महिने बालिकाको मृत्यु भयो। स्यार्पु तालमा डुबेर १ पुरुषको मृत्यु भयो। सानीभेरी नदीमा हाम्फालेर २ पुरुषको मृत्यु भयो। रुखबाट खसेर १ पुरुषको मृत्यु भयो भने बिजुलीको करेन्ट लागेर १ महिलाको मृत्यु भयो।

४.६ बाँके



जनसंख्या	:३८५८४०
साक्षरता प्रतिशत	:५७.३६
महिला साक्षरता प्रतिशत	:४८.३६
क्षेत्रफल (वर्ग कि.मी.)	:२३३७
गाविस/नपा संख्या	:४६/१
निर्वाचन क्षेत्र	:३
विद्यालय	:२७०
क्याम्पस/उच्च मावि	:७/८
अस्पताल/स्वास्थ्य चौकी	: ३/३६
टेलिफोन लाइन	:४१९७
मोटर सडक (कि.मी.)	:४८०
प्रहरी कार्यालय संख्या	:७
हुलाक संख्या	:४२
मानव विकास सूचकांक	:०.३०९
प्रति एक डाक्टर जनसंख्या	:१२४४६
प्रति परिवार सरदर संख्या	:५.७४

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

फत्तेपुर गाविस-५ पिपरहवाका ३५ वर्षीय अमृका मुराउलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५९ पुस १८ गते कम्दी गाविसस्थित राप्ती नदीको छेउमा गस्ती गएका सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

खासकुश्मा गाविस-२ कुसुममा ०५९ पुस १९ गते गस्तीमा गएका सुरक्षाकर्मीले माओवादी कार्यकर्ता वलवीर वुर्जा, नरबहादुर खत्री, तिलक केसी र नाम थाहा नभएका तीन जनालाई गोली हानी हत्या गरे। उक्त घटनालाई रक्षा मन्त्रालयको विज्ञप्ति भनि रेडियोले दोहोरो भिडन्तमा ६ जना माओवादी कार्यकर्ता मारिएको प्रशारण गऱ्यो।

वसुदेवपुर गाविस-१ आलानगरका १३ वर्षीय अमराज घर्ति मगरको क्याम्प नजिकैको क्षेत्रमा सुरक्षाको लागि राखिएको विद्युतीय धरापमा परी ०६० असार १२ गते मृत्यु भयो। मृतक नेपाल राष्ट्रिय प्राथमिक विद्यालय कंठ्ठीपुरमा कक्षा ५ मा अध्ययनरत भएको र उक्त दिन साथीहरूसँग विद्यालय नगई च्याऊ टिप्न क्याम्प नजिकैको क्षेत्रमा गएको अवस्थामा विद्युतीय धरापमा परी घाइते भई उपचार गर्दागर्दै मृत्यु भएको थियो।

खासकुश्मा गाविसको दाङको सिमाना नजिक सुरक्षाकर्मीको आपसी भिडन्तमा ०६० जेठ ३१ गते दुई जना सुरक्षाकर्मीको मृत्यु भयो। दुई समूहमा रहेका सुरक्षाकर्मीले एकले अर्कोलाई माओवादी ठानी गोली प्रहार गर्दा सो घटना भएको थियो।

वनकट्टी गाविस-५ वनकट्टीमा नाम नखुलेका तीनजना माओवादी कार्यकर्तालाई ०६० भदौ २३ गते साँझ स्थानीय एक व्यक्तिको घरमा खाना खाइरहेको अवस्थामा सुरक्षाकर्मीले आफ्नो नियन्त्रणमा लिई गोली प्रहार गरी हत्या गरे। पीडितहरू साथै आएका अन्य तीनजनामध्ये दुईजना भागेका र एकजनालाई सुरक्षाकर्मीले नियन्त्रणमा लिएका थिए। यस घटनालाई रक्षा मन्त्रालयले आफ्नो विज्ञप्तिमा फूलटेक्रामा तीन जना माओवादी मारिएको जनायो।

रझेना गाविस-४ तीनघरुवा (एनसीसीएन) नजिकै महेन्द्र राजमार्गमा रिक्सामा यात्रा गरी पश्चिमतर्फ गइरहेका दुई जना माओवादी कार्यकर्तालाई ०६० असोज ५ गते दिउँसो दुई बजे सादा पोशाकमा आएका सुरक्षाफौजले गोली हानी हत्या गरे।

महादेवपुरी गाविस-२ बुचापुरका १५ वर्षीय हरिबहादुर शाही (सिर्जनसिंह शाही) लाई ०६० असोज १५

गते साँझ ५ बजे गस्तीमा गएका सुरक्षाफौजले गोली हानी हत्या गरे। पीडित गणेश मावि, ढकेरीमा कक्षा १० मा अध्ययरत थिए।

दाङ जिल्ला घर भई भेरी क्षेत्रीय इकाई प्रहरी कार्यालय, नेपालगञ्जमा कार्यरत प्रहरी जवान २३ वर्षीय विकास रेग्मी ०६० असोज २६ गते राति करिब १०:३० बजेतिर सुर्खेत रोडस्थित सिताराम बैंक नजिकै हिंडिरहेको अवस्थामा शाही नेपाली सेनाले चलाएको गोलीबाट गम्भीर घाइते भएकोमा उपचार गर्दागर्दै मृत्यु भयो।

नरैनापुर गाविस-४ का ४६ वर्षीय संझला मुराऊ र ५३ वर्षीय छोटकौ कोरीलाई ०६० कार्तिक २१ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। नरैनापुर गाविस नौसहराका ६ जनालाई ०६० असोज ७ गते सुरक्षाकर्मीले गिरफ्तार गरी लगेको र उनीहरूलाई सोनवर्षास्थित संयुक्त सुरक्षा बेस क्याम्पमा राखेको अवस्थामा कम्मल र लुगा लिएर भेट गर्न जाँदै गर्दा सुरक्षाकर्मीले पीडितलाई गोली हानी हत्या गरेको पीडितका परिवारहरूले बताए।

फत्तेपुर गाविस-६ लालपुरकी १६ वर्षीय चम्पा परियारलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०६० कार्तिक १७ गते बैजापुर गाविसको खयरभट्टी भन्ने ठाउँमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

फत्तेपुर गाविस-८ पनेरियाका १८ वर्षीय ममता थारुलाई ०६० कार्तिक १७ गते बैजापुर गाविसको खयरभट्टी भन्ने ठाउँमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

महादेवपुरी गाविस-३ उदायनकी ३४ वर्षीय हितकला डाँगी र ३३ वर्षीय जयकला खत्रीलाई ०६० पुस १ गते राति चुरे पहाडको फेदी बाङ्गेसाल भन्ने ठाउँको गोठबाट सुरक्षाकर्मीले "हामी माओवादी हौं" भनी आफ्नो नियन्त्रणमा लिएर गए। खोजबिनकै क्रममा पीडितहरूको लास गोठदेखि करिब २ किलोमिटर टाढा डुम्रिबास खोलामा ढुंगाले पुरिएको अवस्थामा १७ दिनपछि फेला पर्‍यो।

महादेवपुरी गाविस-२ बुचापुरका माओवादी कार्यकर्ता २१ वर्षीय सुशिल शाहीलाई ०६० पुस २ गते सोही गाविस-१ बाङ्गेसाल खोलामा नुहाइरहेको अवस्थामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

माओवादीबाट

बागेश्वरी सशस्त्र प्रहरी गण, शमशेरगञ्जदेखि शाही नेपाली सेनाको कमान्डमा गएका सुरक्षाकर्मी खासकुश्मा गाविस-७ गावरस्थित महेन्द्र राजमार्गको पुलमुनि राखिएको विद्युतीय धराप निस्क्रिय बनाई फर्किरहेको अवस्थामा ०५९ पुस १९ गते दिउँसो ३ बजे सोही ठाउँ नजिकै माओवादीले राखेको धरापमा पर्दा सशस्त्र प्रहरी वरिष्ठ हवल्दार नरबहादुर खत्री, म्याग्दी जिल्लाका बलवीर बुर्जा र रोल्पा जिल्लाका सशस्त्र प्रहरी सहायक हवल्दार तिलकबहादुर केसीको घटनास्थलमै मृत्यु भयो। सोही घटनामा सशस्त्र सई सूर्यबहादुर शाही, सशस्त्र प्रहरी हवल्दार गोरखबहादुर महतरा, सशस्त्र प्रहरी सहायक हवल्दारहरू बर्दियाका सूर्यबहादुर मल्ल, दाङका यमबहादुर पुन, बाँके नौवस्ताका हुकुमबहादुर राना क्षेत्री, कृष्णबहादुर बाठामगर, शिवबहादुर मल्ल, दाङका

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित							राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	४	४		४	१२	३३	३३	१४	३३	२	४३	७८
घाइते					७	२८	२८	२	२			२
गिरफ्तारी/यातना								३४	५५	४		५९
बेपत्ता								७	६	१		७
कुटपिट	२	२		२	२	२	२	६	७			७
धम्की								१	१			१
महिलाअधिकार	१०		११	११				४		५		५
बालअधिकार	५	१	५	६				१	१			१
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	१	१					
अपहरण	३	२	१	३	७	९	९					
जम्मा	२४	९	१७	२६	२९	६३	६३	६९	९५	१२	४३	१५०

घनश्याम चौधरी, कविलाल बुढाक्षेत्री र बाँके राधापुर गाविस-२ का विजय श्रेष्ठ घाइते भए।

कम्दी गाविस-८ कम्दीका ३९ वर्षीय जोगीराम यादवलाई सुराकीको आरोपमा ०५९ पुस २७ गते राति आरुनै घरबाट माओवादीले अपहरण गरी हत्या गरे। पीडितको लास दुईदिनपछि राप्ती नदीको किनारमा फेला पर्‍यो।

फत्तेपुर गाविस-८ पनेरियाका १७ वर्षीय नारायण थारुको ०५९ माघ १ गते सोही गाविस-७ सुनपुरवा गाउँमा आफैले बनाउँदै गरेको बम विस्फोट हुँदा घटनास्थलमै मृत्यु भयो।

सुरक्षाकर्मीले हत्या गरेका सर्जनसिंह शाही

महेश्वरी सशस्त्र क्षेत्रीय प्रहरी कार्यालय, नेपालगञ्जमा कार्यरत इन्सपेक्टर ४२ वर्षीय कन्हैया सिंह सरदारलाई ०६० भदौ २९ गते बिहान ८:३० बजे नेपालगञ्ज, चौलीकाबाबा चोकमा माओवादीले गोली हानी हत्या गरे।

नेपालगञ्ज नपा-१६ बीपीचोकमा सुरक्षार्थ खटिएका वडा प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवानहरू दार्चुला जिल्लाका कमलपति पन्त, बाँके जिल्ला खजुराका तेजबहादुर बस्नेत र नवलपरासी जिल्लाका तुलसी विकलाई ०६० असोज २९ गते बेलुका ५:१५ बजेतिर चाट खाइरहेको अवस्थामा मोटरसाइकलमा आएका माओवादीहरूले गोली प्रहार गरी हत्या गरे भने प्रहरी हवल्दार देवबहादुर बोहोरा र औद्योगिक क्षेत्रमा कार्यरत सर्वसाधारण हरिशचन्द्र यादवलाई घाइते बनाए।

माओवादीद्वारा कुसुमको आक्रमणमा मारिएका प्रहरी तेजबहादुर दर्जी

बनकटुवा गाविस-८ सम्झना चोकनजिकै कोहलपुरबाट पश्चिमतिर गइरहेको बसमा यात्रा गरिरहेका एक यात्रुलाई ०६० कार्तिक २ गते साँझ ६ बजे राजमार्गमा बस रोकेर बाहिर निकाली माओवादीले गोली प्रहार गरी हत्या गरे। पीडितको नाम, ठेगाना खुल्न सकेको छैन।

शमशेरगञ्ज गाविस-४ स्थित बनकट्टी चोकमा नाम ठेगाना नखुलेका एक व्यक्तिलाई ०६० कार्तिक ३ गते साँझ माओवादीले गोली हानी हत्या गरे। २४-२५ वर्ष उमेरका मंगोलियन अनुहारका पीडित माओवादी पार्टी परित्याग गरेका कारण माओवादीले हत्या गरेको आशंका सुरक्षाकर्मीले गरेको छ।

गंगापुर गाविसको सोनवर्षास्थित संयुक्त बेस क्याम्पबाट ०६० कार्तिक १७ गते सर्चमा हिंडेका सुरक्षाकर्मीहरूलाई लक्षित गरी थापिएको विद्युतीय धराप विस्फोट हुँदा एक सैनिक जवानको मृत्यु भयो भने सुरक्षाकर्मीको गोलीद्वारा एक जना माओवादीको मृत्यु भयो।

नेपालगञ्ज नपा जमुनाह भन्सार कार्यालयमा खटिएका राजश्व गस्तीमा तैनाथ शाही नेपाली सेनाका हवल्दार खगेन्द्र महतोलाई ०६० मंसिर २२ गते बेलुका करिब ६:३० बजे माओवादीले गोली हानी हत्या गरे भने सैनिक जवानहरू दयानन्द अधिकारी र गोदावरी घिसिङलाई गोली हानी घाइते बनाए। घाइतेहरूलाई उपचारार्थ काठमाडौं लगियो।

वनकट्टी गाविस-६ हलवलडोलीका नेकाँ (प्रजातान्त्रिक) का कार्यकर्ता एवम् सोही गाविसका पूर्व उपाध्यक्ष ५३ वर्षीय समिउल्ला खाँलाई सुराकीको आरोपमा ०६० पुस ३ गते राति माओवादीले छातीमा गोली हानी, खुकुरी प्रहार गरी हत्या गरे। त्यसैगरी ४८ वर्षीय खिलवल खाँ र ३० वर्षीय शहाबुद्दिन खाँलाई माओवादीले कुटपिट गरी घाइते बनाए।

सुरक्षाकर्मीले गिरफ्तार गरेर लगेकोमा मृत अवस्थामा भेटिएको हितकला डाँगी

दोहोरो भिडन्त

खासकुश्मा गाविस-२ कुसुम बजारस्थित सशस्त्र प्रहरी बेश क्याम्पमा ०६० असोज २३ गते राति करिब ९:१५ बजे माओवादी र सशस्त्र प्रहरीबीच दोहोरो भिडन्त हुँदा माओवादीको गोली प्रहारबाट तनहुँ जिल्ला घर भएका असई हरि नेपाली, पाँचथर जिल्ला घर भएका वरिष्ठ हवल्दार तेजबहादुर दर्जी र जाजरकोट जिल्ला घर भएका हवल्दार सुशील धोबीको घटनास्थलमै मृत्यु भयो। उक्त

घटनामा ४३ माओवादीको मृत्यु भयो। भिडन्तमा सुरक्षाकर्मीतर्फ सशस्त्र प्रहरी निरीक्षक नरेश पौडेल, वरिष्ठ हवल्दार खडानन्द सापकोटा, हवल्दारहरू शेरबहादुर खत्री, रणबहादुर बडुवाल, पूर्णबहादुर चौधरी, हरिबहादुर थापा तथा प्रहरी जवानहरू राधेश्याम चौधरी, झुपबहादुर विक, तिलक बस्नेत, प्रेमबहादुर विक र शिवराज सुवेदी घाइते भए। दोहोरो भिडन्तमा परी एक जना स्थानीय बासिन्दा कुलमान सिंह वली पनि घाइते भए। घाइते कुलमानको नेपालगञ्जमा उपचार गरियो। मारिएका माओवादीहरू कम्ब्याट ड्रेसमा रहेका थिए भने केहीको दर्ज्यानी चिन्हसमेत रहेकाले माओवादी कमान्डर हुनसक्ने दाबी सुरक्षास्रोतले गऱ्यो। घटनास्थल नजिकै राप्ती नदीको किनार, गजरी र बैरिया खोलाहरूमा लास गाडिएको अवस्थामा भेटिएका थिए।

माओवादीद्वारा अपहरित
उदयबहादुर कार्की

अन्यबाट

विनौना गाविस-९ गोरधोईका २४ वर्षीय चेतप्रकाश खत्री ०६० पुस ९ गते दिउँसो फत्तेपुर गाविसमा आफ्नी ठूली आमाकी छोरी १९ वर्षीय तुलसा पुनसँग घरबाट गई साइकलमा मटेहिया गाविसको भोजभगवानपुरबाट फर्किरहेको अवस्थामा फत्तेपुर गाविस-७ सर्रामा सँगै आएकी बहिनीलाई "अगाडि हेल्थपोष्टमा जाँदै गर, म दिसा गरेर आउँछु" भनी गएकोमा आधा घण्टासम्म नफर्किएपछि खोज्दै जाँदा मृत अवस्थामा लास फेला पऱ्यो। चेतप्रकाश इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्ज अन्तर्गत शान्ति र विकास कार्यक्रमका लागि विनौना गाविसमा सहजकर्ताको रुपमा कार्यरत थिए।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

नेपालगञ्ज, कोहलपुर राजमार्गको पीपरी हवल्दारपुरस्थित सवारी जाँचमा रहेका प्रहरी टोलीमाथि ०६० भदौ २३ गते साँझ ६ बजे मकैबारीमा लुकेर बसेका माओवादीले गोली प्रहार गर्दा इलाका प्रहरी कार्यालय, कोहलपुरमा कार्यरत प्रहरी जवान २६ वर्षीय खुमबहादुर गुरुङ खुट्टामा गोली लागी घाइते भए। पीडितको उपचार वीरेन्द्र प्रहरी अस्पताल, नेपालगञ्जमा गरियो।

कोहलपुर गाविस-८ पिपरीका ५६ वर्षीय चन्द्र गिरीलाई ०६० भदौ २५ गते बेलुका करिब ८ बजे माओवादीले गोली हानी घाइते बनाए। पीडितको उपचार नेपालगञ्जस्थित भेरी अञ्चल अस्पतालमा गरियो।

वनकटुवा गाविस-४ का एमाले जिल्ला कमिटी सदस्य एवम् वनकटवा गाविसका पूर्व अध्यक्ष ३८ वर्षीय भिमबहादुर पुनलाई ०६० मंसिर २ गते आफ्नै घरबाट नेपालगञ्ज आइरहेको अवस्थामा माओवादीले गोली हानी हत्या गर्ने प्रयास गरे। पीडितलाई माओवादीले पटक-पटक आक्रमण गरेकोमा उनी पेस्तोल खोसी भागेका थिए।

जेल र बन्दीहरू

'ख' श्रेणीको बाँके जेलको बन्दी क्षमता २ सय जनाको छ। हाल यस जेलमा कैद तोकिएका १ सय १८ जना पुरुष र ११ जना महिला गरी १ सय २९ जना तथा कैद नतोकिएका ५५ जना पुरुष र १० जना महिला गरी ६५ जना बन्दीहरू छन्। यस बाहेक दुई जना नाबालक आश्रित रहेका छन्। गैर नेपाली ४ जना कैद तोकिएका र १० जना कैद नतोकिएका गरी १४ जना पुरुष बन्दी छन्। बन्दीहरूका लागि महिलातर्फ २ र पुरुषतर्फ १६ वटा कोठा छन्। जेलमा महिलातर्फ १ र पुरुषतर्फ ३ वटा खानेपानीका धारा तथा एक/एक वटा पानी ट्याङ्कीको व्यवस्था गरिएको छ। बन्दीहरूको मनोरञ्जनका लागि टीभीको पनि व्यवस्था गरिएको छ। स्थानीय व्यक्तिलाई हप्ताको २ पटक र बाहिरका व्यक्तिलाई सबै दिन बन्दीहरूसँग भेट गर्न दिइन्छ। जेलमा एक जना डाक्टरको दरबन्दी भए तापनि डाक्टर नभएकाले उपचारको लागि जिल्ला प्रशासन र जेल प्रमुखको सिफारिसमा भेरी अञ्चल अस्पतालमा लगिन्छ। त्यहाँ पनि उपचार हुन नसकेपछि सिफारिस अनुसार बाहिरको अस्पतालमा लगी उपचार हुने व्यवस्था भएको जेलर बताउँछन्।

यस जेलमा पुरुषहरूले ढाकाको टोपी बन्ने, तान काट्ने, ऊनी तथा अन्य कपडाको धागो कात्ने, सीपहरू पाएको भएता पनि उत्पादित बस्तुको विक्री वितरण गर्ने बजारको व्यवस्था नमिलाइएको बन्दीहरूको गुनासो छ।

बेपत्ता / अपहरण

राज्यबाट

फत्तेपुर गाविस-९ डाँडाटेपरीका १३ वर्षीय वर्माद्दिन गोडियालाई माओवादीको आरोपमा ०६० कार्तिक २३ गते गंगापुर गाविसको दोन्द्रा गाउँमा आफ्नी दिदीको घरमा गएको अवस्थामा सुरक्षाकर्मीले कुटपिट गरी गिरफ्तार गरे। पीडितलाई हालसम्म बेपत्ता पारिएको छ।

नेपालगञ्ज नपा-२ धम्बोजीका गौरी विनायक ट्रेडिङ कन्सर्नका मालिक ३८ वर्षीय भूपेन्द्र उप्रेतीलाई ०६० मंसिर २३ गते कारोबारको सिलसिलामा पसलबाट धम्बोजीबजारतर्फ गइरहेको अवस्थामा गस्तीमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरी इमामनगर ब्यारेकमा लिएर गएको पीडितकी पत्नीले बताइन्। पीडितलाई हालसम्म घर-परिवारसँग भेट गर्न दिइएको छैन र हालको अवस्था पनि सार्वजनिक गरिएको छैन।

फत्तेपुर गाविस-७ सनपुरवाका १८ वर्षीय सावितराम थारुलाई माओवादीको आरोपमा ०६० भदौ २८ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी हालसम्म बेपत्ता पारे।

माओवादीबाट

कोहलपुर गाविस-५ खरगवारका राप्रपा कार्यकर्ता ४२ वर्षीय प्रेमबहादुर वलीलाई खाना खान नदिएको र सुराकीको आरोपमा ०६० भदौ २२ गते घरबाटै माओवादीले अपहरण गरी बेपत्ता पारे।

कोहलपुर गाविस-८ पिपरीका ४० वर्षीय भोजराज ढकाल, ३९ वर्षीय दण्डपाणि शर्मा र भूपू हवल्दार ३५ वर्षीय वसन्त श्रेष्ठलाई ०६० भदौ २५ गते माओवादीले अपहरण गरेकोमा शर्मा र श्रेष्ठ भोलिपल्ट भागेर फर्किए। नेकपा (एमाले) ४ नं. इलाका कमिटी सदस्य रहेका भोजराज माओवादीले दिएको यातनाका कारण सिकिस्त भएकाले भाग्न नसकेको बताइयो। पीडितलाई हालसम्म बेपत्ता पारिएको छ।

फत्तेपुर गाविस-९ डाँडाटेपरीका १६ वर्षीय हनुमान गोडियालाई सुराकीको आरोपमा ०६० असोज ३ गते माओवादीले सिद्धेश्वर माविमा पढिरहेको अवस्थामा कक्षाबाटै अपहरण गरे। पीडितलाई हालसम्म बेपत्ता पारिएको छ।

फत्तेपुर गाविस-६ लालपुरका ४० वर्षीय मनोज शाहीलाई ०६० असोज ७ गते बिहान माओवादीले अपहरण गरी बेपत्ता पारे। पीडितको अवस्था अज्ञात छ।

कोहलपुर नपा-८ पीपरीका ४६ वर्षीय धनबहादुर खड्कालाई ०६० कार्तिक ८ गते राति आफ्नै घरबाट माओवादीले अपहरण गरी कार्तिक १६ गते मुक्त गरे।

बनकट्टी गाविस-६ तिवारीपूर्वाका ३० वर्षीय विनोदकुमार तिवारीलाई सुराकीको आरोपमा ०६० मंसिर २६ गते राति ११ बजेतिर माओवादीले अपहरण गर्नुका साथै घरमा बम विस्फोट गराई क्षतिग्रस्त बनाए। पीडितलाई इन्सेकको पहलमा पुस ७ गते मुक्त गरियो।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

कालाफाँटा गाविस-१ का ३३ वर्षीय शालिकराम बढहीलाई विपक्षीको साक्षी बसेको आरोपमा ०५९ फागुन २० गते मजदूरी गर्न गएको समयमा इलाका प्रहरी कार्यालय भोजभगवानपुरमा कार्यरत प्रहरी हवलदार उदयराज शर्माले हातखुट्टा बाँधेर कुटपिट गरी सख्त घाइते बनाए।

विद्यार्थी संगठनहरूले पेट्रोलियम पदार्थको मूल्य बृद्धि फिर्ता गर्न दवाब दिन नेपालगञ्ज विद्युत प्राधिकरणको भवन तोडफोड गर्न लागेको समाचार संकलन गर्न गएका नमस्कार शाह, जनक नेपाल, वेदप्रकाश तिमिल्सिनालगायत् आधा दर्जन पत्रकारहरूलाई विनाकारण ०५९ चैत २८ गते साँझ ६ बजे सुरक्षाकर्मीले कुटपिट गरे। त्यसैगरी महेन्द्र बहुमुखी क्याम्पसका विद्यार्थी दीपककुमार गुप्ता, रत्नबहादुर खत्री, दीपक भण्डारीलगायत् दर्जनौंलाई सुरक्षाकर्मीले कुटपिट गरे।

माओवादीबाट

मटैया गाविस-३ का ३८ वर्षीय बाबुलाल मुकेरीलाई सुराकीको आरोपमा ०६० मंसिर २८ गते साँझ माओवादीले कुटपिट गरी घरमा विस्फोट गराएर क्षति पुऱ्याए। पीडितको एक ट्याक्टर र मोटरसाइकल आगो लगाइदिएको पीडितले बताए।

सुरक्षाकर्मीले गिरफ्तार गरी हत्या गरेका जाहिर खाँ मुल्लाहा र प्रहरीले हत्या गरेका छोटे कोरी

गंगापुर गाविस-६ भोजभगवानपुरका ३० वर्षीय तवारक अलि मुकेरीलाई सुराकीको आरोपमा ०६० मंसिर २८ गते साँझ माओवादीले कुटपिट गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा पुनरावेदन र जिल्ला गरि दुईवटा

अदालत रहेका छन्। यसवर्षमा पुनरावेदन अदालतमा देवानी ४ सय १५ र फौज्दारी १ सय ९६ वटा मुद्दा दर्ता भएकोमा देवानी २ सय ८५ फर्स्यौट भए र फौज्दारी ७४ वटा मुद्दा फर्स्यौट भए। दुई वर्षसम्म नाघेका मुद्दाको जिम्मेवारी सारेका देवानी ३ र फौज्दारी ७ रहेका छन्। यस वर्ष बन्दी प्रत्यक्षीकरणको मुद्दा ५ वटा दर्ता भएकोमा २ वटामात्र फर्स्यौट भए। यस वर्ष रिट निवेदनमा १ सय ३६ दर्ता भएकोमा ८२ वटा फर्स्यौट भए। दुईवर्ष नाघेका ४ वटा मुद्दा रहेका छन्।

यस वर्ष जिल्ला अदालतमा देवानी १ हजार २ सय १३ मुद्दा दर्ता भएकोमा ४ सय १६ मात्र फर्स्यौट भए भने फौज्दारी २ सय ३६ दर्ता भएको ७७ वटा मात्र फर्स्यौट भए। गतवर्षको जिम्मेवारी सरेका देवानी ८ सय ९३ र फौज्दारी १ सय ३ मुद्दा फर्स्यौट हुन अझै बाँकी रहेका छन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

बेतहनीया गाविस-५ का ४० वर्षीय पर्शुराम केवट, ३५ वर्षीय भोला केवट र सोही गाविस-९ का ३८ वर्षीय जगदिश खटिकलाई माओवादीको आरोपमा ०५९ माघ ५ गते राति गस्तीमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई कुटपिट गरी भोलिपल्ट रिहा गरियो।

बेतहनी गाविस-३ रामनगरका जनमोर्चा, नेपालका कार्यकर्ता ४० वर्षीय सुन्दरलाल लोहनीयालाई माओवादीको आशंकामा ०५९ माघ १४ गते राति सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरी माघ २० गते तारिखमा रिहा गरे।

बर्दिया जिल्ला घर भई एवं महेन्द्र बहुमुखी क्याम्पस नेपालगञ्जमा आईए दोस्रो वर्षमा अध्ययनरत अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला सदस्य २१ वर्षीय हरिबहादुर चौधरी र २३ वर्षीय बहारु चौधरीलाई ०५९ माघ २९ गते क्याम्पस अगाडिबाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखी केही दिनपछि रिहा गरियो।

नौबस्ता गाविस-८ नेउलापुरका माओवादी कार्यकर्ता २८ वर्षीय वीरबहादुर थापालाई ०५९ फागुन १ गते बागेश्वरी गाविस-३ भण्डारीयाबाट सुरक्षाकर्मीले गिरफ्तार गरी दुई हप्तापछि तारिखमा रिहा गरे।

माओवादी कार्यकर्ता २१ वर्षीय ठाकुरसिंह थारु, ३३ वर्षीय देवराज योगी र ३५ वर्षीय कर्णबहादुर गेलाङ्गलाई चन्दा उठाई पर्चा पम्प्लेटिङ गरेको आरोपमा ०५९ फागुन ४ गते दिउँसो मानखोला पुलबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई एक महिनापछि तारिखमा रिहा गरियो।

नेपालगञ्ज नपा-५ की तेजकुमारी केसी, भगवती लामिछाने, नर्वदा पौडेल र कृष्णकुमारी चौधरीलाई माओवादीको आशंकामा ०५९ फागुन ११ गते बर्दिया जिल्ला गुलरियाबाट आइरहेको अवस्थामा नेपालगञ्ज खजुरा रोडमा सवारी साधन जाँचबुझ गर्दा सुरक्षाकर्मीले गिरफ्तार गरी जाँचबुझपछि रिहा गरे।

नेपालगञ्जस्थित महेन्द्र बहुमुखी क्याम्पसमा बिए अध्ययनरत अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला सचिव २४ वर्षीय खेम गौतम, जिल्ला सदस्य २३ वर्षीय द्रव्य शाह, नेपालगञ्ज नपा-३ का २१ वर्षीय अमर चौधरी, बागेश्वरी गाविसका २१ वर्षीय रामबहादुर चौधरी र १९ वर्षीय टेकबहादुर सञ्ज्याललाई ०६० वैशाख १६ गते दिउँसो १२ बजेतिर कार्यक्रम गरिरहेको अवस्थामा नेपालगञ्ज नपा-१४ वीपीचोकबाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई सोही दिन तारिखमा रिहा गरियो।

रनीयापुर गाविस-३ घर भई बाँके जिल्ला विकास समितिअन्तर्गत गाविस सचिवमा कार्यरत ४२ वर्षीय मोफिउद्दिन खाँलाई ०६० भदौ २५ गते दिउँसो २ बजे कामको सिलसिलामा काठमाडौं जाँदै गर्दा दाङ जिल्ला भालुवाङस्थित सशस्त्र चेकपोष्टमा कार्यरत सुरक्षाकर्मीले सोधपुछको लागि नियन्त्रणमा लिए। पीडितका बाबुको भनाइ अनुसार मोफिउद्दिनलाई माओवादीको आरोपमा १७ महिना जेलमा राखेको र हाल जिविस बाँकेमा काजको काम गरिरहेको समयमा एक्कासी जाजरकोट जिल्लामा सरुवा गरेको हुनाले सरुवा रोक्काको लागि काठमाडौं जाँदै गर्दा बाटामा सुरक्षाफौजले गिरफ्तार गरेका थिए।

नरैनापुर गाविस-९ का ५० वर्षीय जहीर खाँ मुल्लाह, सोही गाविस-४ का ३३ वर्षीय विकाउलाल कोरी, ३२ वर्षीय चरणदास धोबी, ३० वर्षीय कृपाराम मुराऊ, २३ वर्षीय ननकौ अन्सारी, सोही गाविस-३ नौसहराका १७ वर्षीय तसिब खाँ र ३५ वर्षीय सबिर खाँलाई माओवादीको आरोपमा ०६० असोज गते आ-आफ्नै घरमा सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी सैनिक हिरासतमा राखे। पीडितहरूलाई दुई हप्तापछि तारिखमा रिहा गरियो।

फत्तेपुर गाविस-७ भेलौनीका ५६ वर्षीय गंगाराम बुढाथोकी, ५४ वर्षीय कुवेर तमौली र सोही गाविस-७ सर्राका ६० वर्षीय सीताराम चौधरीलाई माओवादीको आरोपमा ०६० असोज २२ गते दिउँसो १ बजे आ-आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई असोज २८ गते तारिखमा रिहा गरियो।

रझेना गाविस-५ कौशिल्यानगरका जनमोर्चा निकट अखिल नेपाल ट्रेड युनियन महासंघ, बाँकेका सदस्य

३५ वर्षीय परशुराम लामिछाने र सोही ठाउँका हरिबहादुर खत्रीलाई ०६० असोज २४ गते दिउँसो २ बजे सादा पोशाकमा आएका सुरक्षाकर्मीले कोहलपुर नपा-३ कोहलपुर बजारबाट गिरफ्तार गरे। दुवैजनालाई असोज २६ गते रिहा गरे।

विनौना गाविस-४ चिलरिया गाउँका भुवर भवानी माविमा कक्षा ८ मा अध्ययनरत १७ वर्षीय प्रकाश पुनलाई अनेरास्ववियु (क्रान्तिकारी) मा संलग्न भएको आरोपमा ०६० कार्तिक १९ गते बिहान ९:३० बजेतिर घरबाट विद्यालयतर्फ जाँदै गर्दा गस्तीमा गएका सुरक्षाकर्मीले विनापुर्जी गिरफ्तार गरे। पीडितलाई तारिखमा रिहा गरियो।

विनौना गाविस-५ का २३ वर्षीय मनिराम थारु र २७ वर्षीय तिलकराम थारुलाई माओवादीको आरोपमा ०६० कार्तिक १९ गते बिहान खेतमा जोतिरहेको अवस्थामा सुरक्षाकर्मीले विनापुर्जी गिरफ्तार गरे। पीडितहरूलाई हाल थुनामा राखिएको छ।

विनौना गाविस-१ सन्तपुरका नेकपा (एमाले) गाउँ कमिटी सदस्य ४२ वर्षीय टिकाराम गिरी र सोही ठाउँका २८ वर्षीय शेरबहादुर ओलीलाई माओवादीको आरोपमा ०६० कार्तिक २१ गते बिहान ७ बजेतिर आ-आफ्नै घरबाट सुरक्षाकर्मीले विनापुर्जी गिरफ्तार गरे। हाल पीडितहरूलाई नजरबन्दमा राखिएको छ। पीडितहरूमध्ये टिकाराललाई गत वर्ष पनि ६ महिनासम्म जेलमा राखी रिहा गरिएको थियो।

बनकटवा गाविस-४ का २६ वर्षीय धनबहादुर क्षेत्रीलाई माओवादी गतिविधिमा संलग्न भएको आशंकामा ०६० कार्तिक २६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई तीन दिनपछि तारिखमा रिहा गरिएकोमा पुनः गिरफ्तार गरी मंसिर ६ गते राति १० बजे चिसापानी ब्यारेकमा लगी पुस ३ गते तारिखमा रिहा गरियो।

नौवस्ता गाविस-८ फकलपुरका २५ वर्षीय ओमबहादुर थारु, ३० वर्षीय प्रेमबहादुर थारु र ३३ वर्षीय चरतमान थारुलाई माओवादीको आरोपमा ०६० मंसिर २ गते राति आफ्नै घरमा सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई चिसापानी सैनिक ब्यारेकमा राखी दुई दिनपछि तारिखमा रिहा गरियो।

नौवस्ता गाविस-८ जन्मटोलका २३ वर्षीय फूलाराम थारुलाई माओवादीको आरोपमा ०६० मंसिर २ गते सुरक्षाकर्मीले कुटपिट गर्नुका साथै गिरफ्तारसमेत गरे। पीडितलाई हाल रिहा गरिएको छ।

नौवस्ता गाविस-८ वानीयाभारका २५ वर्षीय फालुराम थारु, १२ वर्षीय हरिराम थारु र २५ वर्षीय रामदिप थारुलाई माओवादीको आशंकामा ०६० मंसिर २ गते आफ्नै घरमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये हरिबहादुर र रामदिपलाई भोलिपल्ट र फालुरामलाई एक हप्तापछि तारिखमा रिहा गरियो।

झापा जिल्ला स्थायी घर भई विगत ४ वर्षदेखि नौवस्ता गाविस-८ वानीयाभारमा ढकाल मेडिकल हल संचालन गर्दै आएका ३२ वर्षीय दिपकराज आचार्यलाई माओवादीलाई औषधी उपचार गरेको आरोपमा ०६० मंसिर ६ गते राति करिब ११ बजे आफ्नै कोठामा सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई एक हप्तापछि चिसापानी ब्यारेकबाट तारिखमा रिहा गरियो।

बनकटवा गाविस-४ का ४६ वर्षीय टेकबहादुर रिजाल र ४४ वर्षीय कुवेर रिजाललाई माओवादी गतिविधिमा संलग्न भएको आशंकामा ०६० मंसिर ६ गते राति १० बजे चिसापानी सैनिक ब्यारेकबाट गएका सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई एकहप्तापछि तारिखमा रिहा गरियो।

नेपालगञ्ज नपा-१ वीरेन्द्रनगरचोक (धम्बोजी) का ड्राइभर पेशा गरिरहेका ३६ वर्षीय सुनिल केसीलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०६० मंसिर २३ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई पुस ११ गते तारिखमा रिहा गरियो।

रोल्पा जिल्ला जुँगार गाविस-३ घर भई नेपालगञ्ज नपा-२ धम्बोजीमा अवसर सञ्चार केन्द्र र अवसर मम सेन्टर संचालन गरेका नेकपा (एमाले) का तर्फबाट निर्वाचित जुँगार गाविसका निवर्तमान गाविस अध्यक्ष ४२ वर्षीय मित्रलाल घर्तीमगरलाई माओवादीको आशंकामा ०६० मंसिर २५ गते बेलुका करिब ७ बजे सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई पुस २ गते तारिखमा रिहा गरियो।

मटैहिया गाविस-३ का २४ वर्षीय नासिफ मुकेरी र सोही ठाउँका २० वर्षीय अहमद मुकेरीलाई माओवादीको आशंकामा ०६० मंसिर २९ गते बिहान आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई पुस ३ गते सोनवर्षा संयुक्त बेस क्याम्पबाट तारिखमा रिहा गरियो।

कोहलपुर गाविस-५ खर्कवारका ४२ वर्षीय दीपक उपनामका माओवादी कार्यकर्तालाई ०६० पुस २ गते बिहान महादेवपुरी गाविस-१ महादेवाबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा हाल उनको अवस्था अज्ञात छ।

नेपालगञ्ज नपा-२ घरबारीटोलस्थित भरिपूर्ण होटलका मालिक ३६ वर्षीय नारद पुरीलाई ०६० पुस २

गते राति सादा पोशाकमा आएका सुरक्षाकर्मीले आँखामा पट्टी बाँधी गिरफ्तार गरे। पीडितलाई पुस ५ गते तारिखमा रिहा गरियो।

बालअधिकार

खासकारकाँढो गाविस-३ की ९ वर्षीय विन्दु रैदासलाई सोही ठाउँस्थित दुर्गा मन्दिरका पुजारी ५० वर्षीय सुचालीदाम बाबाले आफ्नो नियन्त्रणमा लिई भारतको उज्नीया भन्ने ठाउँमा ०५९ फागुन ५ गते भारतीय प्रहरीले जाँचबुझ गर्दा बोरामा मुख थुनेर राखेको अवस्थामा फेला परेपछि बाबा फरार भए। पीडित बालिकालाई भारतीय प्रहरीमार्फत् नेपाल प्रहरीलाई जिम्मा लगाई उद्दार गरेको थियो।

कोहलपुर गाविस-४ की ४ वर्षीय एक बालिकालाई ०५९ फागुन १५ गते राति सोही ठाउँका १९ वर्षीय पहलमान ओलीले बलात्कार गरे। पीडक फरार छन्।

नेपालगञ्ज नपा-५ गणेशपुरकी ६ वर्षीय दिपीका चौधरीलाई स्कूलबाट फर्किरहेको समयमा मगन्ते जोगीले विषाक्त मिठाई खुवाएर भारततर्फ लैजाँदा प्रहरीले ०५९ चैत २१ गते फेला पारी उद्दार गरे। पीडक फरार छन्।

नेपालगञ्ज नपा-१४ की १४ वर्षीय गुडिया भन्ने चुग्गु जसगठलाई ०५९ माघ १९ गते नेपालगञ्ज नपा-५ गणेशपुरका १९ वर्षीय चाँदबाबु मोचीले विवाह गर्छु भनी भगाएर भारत लगी बम्बैको कोठी मालिकलाई बेच्न लागेपछि पीडित भागेर नेपाल फर्किन सफल भइन्।

जिल्ला शिक्षा कार्यालयले दिएको तथ्याङ्कअनुसार सरकारी मावि ३४ र सस्थागत निजी विद्यालय २२, सरकारी निमावि २२ र सस्थागत निजी विद्यालय ९, सरकारी प्रावि १ सय ४९ र संस्थागत निजी विद्यालय २७ मा अध्ययरत ८२ हजार, २ सय १२ विद्यार्थीहरूको पठन-पाठन पटक-पटक माओवादीपक्ष र अन्य संगठनबाट शैक्षिक क्षेत्र बन्दको आयोजना गर्दा प्रत्यक्ष प्रभावित भयो।

नौबस्ता गाविस-८ बानीयाभारकी १५ वर्षीय एक बालिकालाई ०६० भदौ ३ गते राति करिब १० बजेतिर ५० वर्षीय विषराम थारु (साधु महाराज) ले लागु पदार्थ सेवन गरी बलात्कारको प्रयास गरे। पीडकलाई गाउँका अन्य व्यक्तिहरूले कुटपिट गर्दै गाउँ निकाला गरे।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दुर्व्यवहार

टिहिरिया गाविस-७ थपुवागाउँकी १८ वर्षीय एक महिलालाई ०६० मंसिर १० गते राति गस्तीमा गएका सुरक्षाकर्मीले २ घण्टा आफ्नो नियन्त्रणमा लिई बलात्कार गरेको पीडितले बताइन्। आफ्नै पतिसँग सुतिरहेको अवस्थामा पतिलाई सुरक्षाकर्मीले नियन्त्रणमा लिई आफूलाई एक जना सुरक्षाकर्मीले बलात्कार गरेको पीडितले बताइन्। कानूनी सहायताको लागि पीडित पक्षले कहीं-कतै पहल गरिनन्।

बर्दिया जिल्ला बेलुवा गाविस-५ महादेवा घर भई रझेना गाविस-४ एनसीसीएन भन्ने ठाउँमा सशस्त्र प्रहरी तालिम केन्द्रको भवन निर्माणमा काम गर्ने १६ र १७ वर्षीय दुई युवतीलाई ०६० असोज १० गते राति गस्तीमा गएका सुरक्षाकर्मीहरू सई जुद्धबहादुर शाही, प्रहरी हवल्दार उपेन्द्र खड्का, प्रहरी जवानहरू भीमबहादुर चन्द, रामकृष्ण खत्री, मनजीत वली, रामबहादुर सुनार र भक्तबहादुर नेपालीले आफ्नो नियन्त्रणमा लिएर बलात्कार गरे । पीडकहरूलाई हाल थुनामा राखिएको छ।

गनापुर गाविस-१ की ३७ वर्षीय एक महिलालाई ०६० साउन २३ गते राति मुख र आँखामा पट्टी बाँधेर आएका अज्ञात व्यक्तिहरूले बलात्कारको प्रयास गरे। आफूलाई माओवादी हौं भन्ने ४-५ जना व्यक्तिले गर्भवती ती महिलालाई बलात्कारको प्रयास गरी केही रकमसमेत लुटेर लगेको र गाउँमा आतंक मच्चाएर त्रास फैलाएको कुरा स्थानीय बासिन्दाहरूले बताए।

सीतापुर गाविस-२ सीगाउँकी ३० वर्षीय एक महिलालाई ०६० साउन २५ गते राति सुतिरहेको अवस्थामा आफूलाई माओवादी बताउने ४-५ जना व्यक्तिहरूले बलात्कार गरे। पीडकहरूले पीडितका

मानवअधिकार रक्षक चेतप्रकाश खत्री मृत अवस्थामा

पतिलाई आँखामा पट्टी बाँधी पत्नीलाई बलात्कार गरेका थिए।

बैजापुर गाविस-१ बैशाकी १७ वर्षीय एक युवतीलाई ०६० मंसिर २९ गते खासकुश्मा गाविस-२ कुसुमस्थित सशस्त्र प्रहरी बेस क्याम्पमा कार्यरत सशस्त्र प्रहरी जवान २५ वर्षीय हिरामणि खत्री र २७ वर्षीय दिनेश केसीले चार घण्टा आफ्नो नियन्त्रणमा लिएर बलात्कार गरे। खासकुश्मा गाविस-५ भम्कामा विवाहमा गएर घर फर्किरहेको अवस्थामा सादा पोशाकमा हतियारसहित आएका पीडकहरूले डर-धम्की देखाएर राप्ती नदीको किनारमा आफ्नो कब्जामा लिई बलात्कार गरेको पीडितले बताइन्। घटनालाई प्रचारमा ल्याए माओवादीको आरोप लगाई गोली हान्ने धम्कीसमेत पीडकहरूले दिएका थिए। हाल पीडितको उपचार काठमाडौंमा भइरहेको छ। पीडकविरुद्ध जिल्ला प्रहरी कार्यालयमा मुद्दा दर्ता गरिएको छ।

यस वर्ष बहुविवाहको ५ वटा मुद्दा सार्वजनिक जानकारीमा आयो।

विविध

संरचना क्षति

यस जिल्लामा हालसम्म १९ वटा गाविस भवन, ११ वटा प्रहरी चौकी, ५ वटा पुल, ६ वटा वन रेन्जपोष्ट, १३ वटा स्वास्थ्य चौकी, १२ वटा हुलाक, ४ वटा पशु सेवा केन्द्र, ३ वटा कृषि सेवा केन्द्र र ५ जना राजनीतिक कार्यकर्ता र सर्वसाधारणका घर माओवादीद्वारा क्षतिग्रस्त बनाइएका छन्। त्यसैगरी ३ वटा बैंक कार्यालयहरू गाउँबाट सदरमुकाममा सारिएको छ।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष विष सेवन गरेर २० महिला र १५ पुरुष, झुण्डिएर ६ महिला र ५ पुरुष, आगो लगाएर १ महिलाले आत्महत्या गरे। स्टोभ पड्किएर १ महिला, पानीमा डुबेर २ महिला र १ बालक, कर्तव्य ज्यानमा ९ महिला र ११ पुरुषको मृत्यु भयो। धारिलो हतियार प्रयोग गरेर २ पुरुष, डाँका खुनबाट २ पुरुष, सवारी दुर्घटनामा ९ महिला र १६ पुरुषको मृत्यु भयो। सडक दुर्घटनामा ३३ जना घाइते भए। आगलागीबाट ९ घरमा क्षति पुग्यो। २ जनाको बेवारिसे लास फेला पर्‍यो।

४.७ बर्दिया



जनसंख्या	:३८२६४९
साक्षरता प्रतिशत	:४५.४१
महिला साक्षरता प्रतिशत	:३५.६४
क्षेत्रफल (वर्ग कि.मी.)	:२०२५
गाविस/नपा संख्या	:३१/१
निर्वाचन क्षेत्र	:३
विद्यालय	:२४१
क्याम्पस/उच्च मावि	:१/५
अस्पताल/स्वास्थ्य चौकी	:१/३३
टेलिफोन लाइन	:९०९
मोटर सडक (कि.मी.)	:१३७
प्रहरी कार्यालय संख्या	:२
हुलाक संख्या	:३३
मानव विकास सूचकांक	:०.३०४
प्रति एक डाक्टर जनसंख्या	:६३७७५
प्रति परिवार सरदर संख्या	:६.४२

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

मानपुरटपरा गाविस-३ का जनमोर्चा नेपालका कार्यकर्ता ३० वर्षीय टोपबहादुर कार्की र उनका बाबु ५३ वर्षीय भोजबहादुर कार्कीलाई माओवादीको आरोपमा ०५९ पुस ३० गते राति ९ बजे घरमा बसेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी कुटपिट गरी हत्या गरे। पीडितको लास घरदेखि ३ सय मिटर पर गहुँबारीमा फालिदिए। यस घटना सम्बन्धमा शाही नेपाली सेनाले पीडितहरू निर्दोष व्यक्ति भएको ठहर गरी पीडकलाई ७

वर्ष सैनिक हिरासतको घोषणा गरेको थियो। हाल पीडकहरू सजाय भोगिरहेका छन्।

सूर्यपट्टुवा गाविस-४ का २५ वर्षीय पुष्प चौधरी र उनकी पत्नी २३ वर्षीय कल्पना चौधरीलाई माओवादीको आरोपमा ०५९ माघ ४ गते बिहान ६ बजे सोही गाविस-५ अम्मरपुरबाट सुरक्षाकर्मीले पक्राउ गरी सोही दिन गोली हानी हत्या गरे। पीडितको लास सोही गाविसको ओराली बजारनजिक जंगलमा सुरक्षाकर्मीले एउटै खाल्डोमा गाडिदिए।

कालिका गाविस-४ का ३५ वर्षीय प्रभू चौधरीलाई माओवादीको आरोपमा ०६० असोज ३० गते बिहान ९.०० बजे डेउढाकला गाविस-कालाबन्जारमा सेनाले गोली हानी हत्या गरे। लासको पोष्टमार्टम गरिएन। लास सेनाले नै कालाबन्जारस्थित खेतमा गाडिदिए।

गुलरिया नपा-३ खैरापुरमा ०६० कार्तिक २३ गते दिउँसो सुरक्षाकर्मी र माओवादीबीच दोहोरो भिडन्त हुँदा नाम थाहा हुन नसकेको करिब २५ वर्षीय एक पुरुष माओवादी कार्यकर्ताको मृत्यु भयो। लासको पोष्टमार्टम जिल्ला अस्पतालमा गरियो। सो घटनामा एक थान एसएमजी र २ थान म्यागजीन पनि फेला परेको सुरक्षाकर्मीले जनाए।

धधवार गाविस-८ मा ०६० मंसिर १९ गते सुरक्षाकर्मीको गोलीद्वारा नाम थाहा हुन नसकेका २ जना माओवादीको मृत्यु भयो। ती लास माओवादीहरूले सोही वडाको जबदहवा गाउँनजिक चौरमा झण्डा ओढाई गाडे।

शिवपुर गाविस-८ मा ०६० मंसिर ९ गते बिहान ७.३० बजे माओवादीहरूले बाटोमा एम्बुस राखेको खबर थाहा पाई सेनाले घेरा हाली गोली प्रहार गर्दा एक जना माओवादीको मृत्यु भयो। लासको पोष्टमार्टम गरिएन। मृत्यु हुने व्यक्ति थारु जातिको करिब २० वर्षीय थियो।

माओवादीबाट

बदालपुर गाविस-४ का ४५ वर्षीय हरिप्रसाद रिजाललाई सुराकीको आरोपमा ०५९ पुस २९ गते राति ७ बजे आफ्नै घरमै बसेको अवस्थामा माओवादीले लाठी प्रहार गरे। पीडितलाई भोलिपल्ट उपचार गर्न गुलरिया लाँदा-लाँदै बाटामा मृत्यु भयो।

पर्सा जिल्ला गोविन्दपुर गाविस-४ घर भई गणेशपुर प्रहरी चौकी महम्मदपुरमा कार्यरत २१ वर्षीय प्रहरी जवान अनिरुद्ध रायलाई ०६० भदौ १७ गते साँझ पौने ७ बजे गस्तीमा जान भनी चौकीबाट निस्कन लागेको बेला माओवादीहरूले गोली हानी हत्या गरे। उक्त चौकीबाट माओवादीहरूले ५ थान थ्री नट थ्री राइफल लुटेर लगे।

खैरीचन्दनपुर गाविस-२ का राप्रपाका कार्यकर्ता ४८ वर्षीय किरण केसीलाई ०६० कार्तिक ४ गते बिहान ८ बजे सोही गाविसस्थित कोठियाघाटबाट माओवादीहरूले अपहरण गरी कुटपिट गरी हत्या गरे। ०६० कार्तिक ५ गते कोठियाघाटस्थित कर्णाली नदीको किनारमा पीडितको लास फेला पर्‍यो।

ढोढरी गाविस-४ का नेकाँ (प्रजातान्त्रिक) का कार्यकर्ताहरू ३५ वर्षीय बमबहादुर सिंह र ३८ वर्षीय बदला चौधरीलाई ०६० कार्तिक १३ गते राति ८.३० बजे क्रमश: बहिनीको घर र आफ्नै घरमा बसिरहेको

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	४	३	१	४	६	८		८	६	१२	१	१३
घाइते					६	१२	१	१३				
हिरासत वा थुनामा मृत्यु									१	१		१
गिरफ्तारी/यातना									१५	१६	९	२६
बेपत्ता									५	५	१	६
कुटपिट	१	१		१	३	३		३	१	१		१
महिलाअधिकार	६		६	६								
बालअधिकार	३		३	३								
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार									१	१		१
अपहरण					१	१		१				
जम्मा	१५	४	११	१५	१८	२४	१	२५	३०	३६	११	४८

अवस्थामा माओवादीले अपहरण गरी घरनजिक रहेको नेपाल राष्ट्रिय निमाविको गेटमा लगी धारिलो हतियार प्रहार गरी हत्या गरे।

ढोढरी गाविस-८ का ४६ वर्षीय खेमराज न्यौपानेलाई ०६० मंसिर १३ गते राति ११.०० बजे घरमै सुतिरहेको अवस्थामा माओवादीहरूले विना आरोप धारिलो हतियार प्रहार गरी हत्या गरे। माओवादीहरूले घरभित्रै हत्या गरी लास भित्रै छोडि बाहिरबाट चुकुल लगाइदिएका थिए।

सूर्यपटुवा गाविस-४ का सैनिक जवान २० वर्षीय राजेश चौधरीलाई ०६० कार्तिक १३ गते साँझ ४.०० बजे सोही गाउँबाट घर आइरहेको अवस्थामा माओवादीहरूले बाटोबाट अपहरण गरी सोही दिन गोली हानी हत्या गरे। घर बिदामा तिहार पर्व मान्न आएका पीडित रणभीम गण, सिराहामा कार्यरत थिए।

दोहोरो भिडन्तमा सुरक्षाकर्मीको गोलीद्वारा मारिएका नाम नखुलेका माओवादी कार्यकर्ता

राजापुर गाविसस्थित सुरक्षाफौजको बेस क्याम्पमा कार्यरत सशस्त्र प्रहरी सहायक हवल्दार २२ वर्षीय जोगी धोलीको ०६० पुस १ गते बदालपुर गाविस-३ मा हिँडेर गस्ती गएको बेला माओवादीहरूले बिच्छ्याएको विद्युतीय धरापमा परी मृत्यु भयो। त्यसैगरी सोही क्याम्पमा कार्यरत जनपथ प्रहरी २३ वर्षीय मेघराज शाही घाइते भए। घाइतेलाई उपचारार्थ वीरेन्द्र प्रहरी अस्पताल लगियो।

दोहोरो भिडन्त

पाताभार गाविस-९ मा ०६० मंसिर ४ गते दिउँसो २.३० बजे सुरक्षाकर्मी र माओवादीबीच दोहोरो भिडन्त हुँदा नाम थाहा हुन नसकेका ३ जना माओवादी कार्यकर्ताको मृत्यु भयो। मृत्यु हुनेमा १ जना महिला र २ जना पुरुष थिए। सो स्थानबाट २ थान एसएमजी हतियार बरामद गरेको सुरक्षाकर्मीले जनाए।

अन्य

यस वर्ष व्यक्तिगत कारणले भएका हत्याका घटनामा १ जना महिला र ३ जना पुरुषको मृत्यु भयो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

गुलरिया नपा-८ घर भई नेपाल राष्ट्रिय माध्यमिक विद्यालय ढोढरीमा कार्यरत शिक्षक ३१ वर्षीय किरणनाथ योगीलाई चन्दा नदिएको आरोपमा ०६० असोज ४ गते दिउँसो २.३० बजे माओवादीले विद्यालयमा रहेको अवस्थामा विद्यालयदेखि ५० मिटर पश्चिम बगियामा लगी उठबस गर्न लगाई गोली हानी घाइते बनाए। गोली पीडितको टाउकोमा लागेको थियो। पीडितको उपचार लखनऊमा गरियो।

गुलरिया नपा-३ का ६५ वर्षीय धनीराम यादव ०६० कार्तिक २३ गते दिउँसो ४ बजे खेतमा काम गरिरहेको अवस्थामा प्रहरी र माओवादीबीच भएको दोहोरो भिडन्तमा माओवादीको गोली लागी घाइते भए। पीडितको दायाँ खुट्टामा गोली लागेको थियो भने उपचार जिल्ला अस्पतालमा गरियो।

महम्मदपुर गाविस-४ का ८ वर्षीय शिवराज यादव, ७ वर्षीय राकेश खटिक, ७ वर्षीय बाबु खटिक, ७ वर्षीय जम्ली खटिक, १० वर्षीय कृपाल खटिक, ७ वर्षीय महेश खटिक र १२ वर्षीय निता खटिक ०६० मंसिर ८ गते बाख्रा चराउन गएको अवस्थामा सोही वडाको गणेशपुरमा माओवादीद्वारा राखिएको बम खेलाउँदा पड्केर घाइते भए। घाइतेको उपचार जिल्ला अस्पतालमा गरियो।

जेल र बन्दीहरू

"ग" श्रेणीको बर्दिया जेलको क्षमता १ सय जनाको हो। हाल यस जेलमा ८५ जना बन्दी छन्। बन्दीहरूमध्ये कैद नतोकिएका ३१ पुरुष तथा कैद तोकिएका ४३ पुरुष र २ महिला छन्। नजरबन्दमा २ महिला र ७ पुरुष छन्। जेलमा आर्सेनिकयुक्त पानी भएकाले बन्दीहरू खानेपानीका कारण पेटको रोग र हाइड्रोशिल जस्ता रोगबाट पीडित छन्। जेलमा बन्दीहरूलाई टोपी बुन्ने काममा संलग्न गराइएको छ। तर, उत्पादित टोपीहरू बजार व्यवस्थाको अभावका कारण पर्याप्त मात्रामा नबिक्ने बन्दीहरू गुनासो गर्दछन्। नजरबन्दमा परेका व्यक्तिहरूलाई आफन्तबाहेक अन्यसँग भेटघाट गर्न दिइँदैन। टाढाबाट भेट्न आएकाबाहेक अन्यलाई जेलमा बन्दीसँग हप्तामा २ पटक मात्र भेट्न दिइन्छ।

मगरागाडी गाविस-६ घर भई बर्दिया कारागारमा कर्तव्य ज्यान मुद्दामा बन्दी जीवन बिताइरहेका ५१ वर्षीय गेदुराम थारु ०५९ माघ ६ गते बिरामी भई जिल्ला अस्पताल गुलरिया पुऱ्याइएकोमा उपचार हुँदाहुँदै मृत्यु भयो। पीडित १८ महिना अघिदेखि जेलमा रहेका थिए।

बेपत्ता / अपहरण

राज्यबाट

भिम्मापुर गाविस-७ का ३८ वर्षीय रामकरण थारु र सोही ठाउँका १५ वर्षीय नेपाली चौधरीलाई माओवादीको आरोपमा ०५९ पुस २३ गते मानपुरटपरास्थित सैनिक क्याम्पका सेनाहरूले राति करिब १० बजेतिर आफ्नै घरबाट पक्राउ गरी बेपत्ता पारे।

ढोढरी गाविस-९ का करण थारुलाई माओवादीको आरोपमा ०५९ पुस २८ गते सोही गाविसबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

मगरागाडी गाविस-८ का २२ वर्षीय जीतबहादुर चौधरीलाई ०६० असोज १७ गते साँझ ८ बजे आफ्नै घरमा बसेको अवस्थामा गस्तीमा हिँडेको शाही नेपाली सेनाको टोलीले माओवादीको आशंकामा गिरफ्तार गरी बेपत्ता पारे।

सूर्यपटुवा गाविस-४ का २० वर्षीय हिरालाल चौधरीलाई माओवादीको आरोपमा ०६० मंसिर २६ गते आफ्नै घरमा बसिरहेको अवस्थामा सेनाले गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई हाल के-कस्तो अवस्थामा राखिएको छ भन्नेबारेमा केही थाहा हुन सकेको छैन।

मोतिपुर गाविस-७ का २९ वर्षीय खड्कबहादुर चौधरीलाई माओवादीको आरोपमा ०६० मंसिर २६ गते राति १.०० बजे आफ्नै घरमा सुतिरहेको अवस्थामा सेनाले गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई हाल के-कस्तो अवस्थामा राखिएको छ भन्ने बारेमा केही थाहा हुन सकेको छैन।

माओवादीबाट

धधवार गाविस-४ घर भई हाल सशस्त्र प्रहरी क्याम्प, शम्शेरगञ्जमा कार्यरत २२ वर्षीय हवल्दार राजेन्द्र चौधरीलाई घर बिदामा घर आई ०५९ माघ ४ गते बिहान करिब १० बजे घरबाट फर्कन लाग्दा घरदेखि १ सय मिटर उत्तरबाट "केही सोधपुछ गर्नुछ, साँझ ४ बजेसम्म छोडिदिन्छौं" भनी माओवादीहरूले अपहरण गरी बेपत्ता पारे। पीडितका बाबुले छोरा अपहरण भएको एक हप्तामा माओवादीले मारेको भनी गाविसमा मृत्यु दर्ता गराई क्षतिपूर्तिका लागि निवेदन दिएका छन्।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

ताराताल गाविस-९ का ४८ वर्षीय आशबहादुर तामाङलाई ०६० मंसिर ७ गते बिहान ५.३० बजे घरमा आगो तापिरहेको अवस्थामा सुरक्षाकर्मीले नाम सोधी घरदेखि केही अगाडि अर्को व्यक्तिको आँगनमा लगेर कुटपिट गरे। पीडित ८ दिनसम्म हिँडडुल गर्न सकेनन्। उनलाई सिभिक्टमार्फत् उपचार गराइयो। सोही दिन सो गाउँका अन्य ६ जनालाई पनि सुरक्षाकर्मीले कुटपिट गरेका थिए।

माओवादीबाट

खैरीचन्दनपुर गाविस-७ का एमाले कार्यकर्ता ४५ वर्षीय दुर्गा भट्टराईलाई सुराकीको आरोपमा ०५९ पुस २२ गते साँझ ६ बजे घरमै रहेको अवस्थामा माओवादीहरूले लठ्ठीले कुटेर हात-खुट्टा भाँचिदिए। त्यसैगरी सोही गाविस-८ का ३५ वर्षीय तिलक चौधरीलाई सुराकी गरेको आरोपमा ०५९ माघ १५ गते राति ७ बजे आफ्नै घरमा रहेको अवस्थामा माओवादीहरूले घरदेखि बाहिर निकाली कुटेर दुवै हात भाँचिदिए। पीडितहरूको भेरी अञ्चल अस्पताल नेपालगञ्जमा उपचार गरियो।

मोतिपुर गाविस-७ का २८ वर्षीय जग्गु थारुलाई बलात्कार गरेको आरोपमा ०६० जेठ २३ गते दिउँसो माओवादीहरूले बाँसको लठ्ठीले शरिरमा नीलडाम हुनेगरी कुटपिट गर्नुका साथै चारपाटा कपाल मुडिदिए।

मोतिपुर गाविस-६ का शिक्षक ३८ वर्षीय शंकर खनाललाई ०६० मंसिर २१ गते बेलुका ८ बजे घरमा बसिरहेको अवस्थामा माओवादीले विना आरोप लाठी प्रहार गरी कुटपिट गरे। पीडितलाई माओवादीहरूले आँखामा पट्टी र हातमा डोरीले बाँधेर घरदेखि करिब आधा किमी दक्षिणसम्म लगेका थिए। पीडितको टाउकोमा ७ टाँका लगाइयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा देवानीतर्फ १ सय ९२ मुद्दा दर्ता भए भने २९ वटा फर्स्यौट भए। सरकारवादी मुद्दातर्फ ४४ दर्ता भए भने ११ फर्स्यौट भए। त्यसैगरी दुनियावादी फौज्दारीतर्फ ७६ दर्ता भए भने १४ फर्स्यौट भए। यस वर्ष जिम्मेवारी सरेर आएका देवानी १ सय ८४ मध्ये ७३ फर्स्यौट भए भने सरकारवादी मुद्दा ४१ मध्ये १६ र दुनियावादी फौज्दारी ६६ मध्ये ३४ फर्स्यौट भए।

यस अदालतमा ५ वर्षसम्म फर्स्यौट नभएको सुनिल पौडेलको जाहेरी रहेको कर्तव्य ज्यान प्रतिवादी रविलाल पुरीसमेतको मुद्दा छ। त्यसैगरी ३ वर्षसम्म फर्स्यौट नभएका मुद्दामा दुनियावादी २, सरकारवादी १, २ वर्षसम्म फर्स्यौट नभएका दुनियावादी १२ र सरकारवादी १० वटा मुद्दा छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

धधवार गाविस-८ का ३५ वर्षीय पञ्चराम थारु, बानियाभार गाविस-१ का २८ वर्षीय सुन्दर थारुलगायत् जिल्लास्थित मुक्त कमैयाहरूले ०६० साउन २ गते मुक्त कमैया पुनर्स्थापनासम्बन्धी ज्ञापन-पत्र जिल्ला प्रशासन कार्यालय बर्दियामार्फत् प्रधानमन्त्रीको कार्यालय सिंहदरबार काठमाडौंमा दिए। उक्त ज्ञापन-पत्रमा मुक्त भएको तेस्रो वर्षमा प्रवेश गरिसक्दा पनि हामी मुक्त कमैयाहरूको उचित पुनर्स्थापना हुन नसकेका विभिन्न १० मागहरू उल्लेख गरिएको थियो।

यस जिल्लामा ०५७ र ०५८ सालमा रातो कार्ड प्राप्त मुक्त कमैयाको संख्या २ हजार ६ सय ९१ रहेको थियो जसमध्ये २ हजार ३ सय २६ जनालाई ५ सय ३ विगाह ५ कठ्ठा २५ धुर जग्गा उपलब्ध गराइयो। नीलो कार्ड १ हजार ३ सय १० जनाले पाएकोमा १ हजार २ सय ६० जनालाई २ सय ३५ विगाह ११ कठ्ठा ५ धुर जग्गा वितरण गरियो। पहेंलो कार्ड १ हजार १ सय १५ जना र सेतो कार्ड १ हजार ८ सय ३३ जनालाई वितरण गरिएको थियो। पहेंलो र सेतो कार्ड प्राप्त गरेकाहरूलाई हालसम्म जग्गा वितरण गरिएको छैन।

०५९ सालमा पहिचान गरिएका थप मुक्त कमैयाहरूमध्ये २ हजार ३ सय २६ जनालाई रातो कार्ड, ३ हजार ३७ जनालाई नीलो कार्ड र पहेंलो कार्ड १ हजार ९ सय ९४ जनालाई वितरण गरियो। ०५९ सालमा पहिचान भएकामध्ये १ हजार ८ सय ९२ जना दोहोरो पहिचान भएका, पहिचानको क्रममा सम्पर्कमा नआएका र कमैया बसेको प्रमाण पेश नभएका रहेका छन्।

आर्थिक अधिकार

गुलरिया नपा-९ का ३७ वर्षीय बत्रिद अलीलाई ०६० जेठ ५ गते जिल्ला सिंचाई कार्यालय बर्दियाले पियन काम गरे बापतको तीन महिनाको तलब ७ हजार रुपैयाँ ज्याला दिएनन्। हाल सिंचाई कार्यालय जिल्लाबाट नेपालगञ्जमा सरेको छ।

दोहोरो भिडन्तमा घाइते भएका धनिराम यादव

विस्थापित

राजापुर क्षेत्रमा सुरक्षाफौजले ०५९ कार्तिकबाट सर्च अभियान शुरु गरेपछि राजापुर क्षेत्रमा घर भई सुरक्षाफौजमा कार्यरत व्यक्तिहरूका घर-परिवारलाई माओवादीले १५ दिनभित्र या त घर छोड्ने या छोरालाई जागिर छोड्न लगाउने भनेपछि गत वर्ष सुरक्षाफौजका १ सय ७७ परिवार विस्थापित भएका थिए। गत वर्ष नै यस जिल्लामा १ सय १५ राजनीतिकर्मी विस्थापित भएका थिए। ०५९ माघ १५ मा सरकार र माओवादीबीच युद्धविराम भएपछि थुप्रै विस्थापितहरू घर फर्किए।

यस वर्ष थप २० परिवार विस्थापित भएको कुरा जिल्ला प्रशासन कार्यालयले जनाएको छ। सो कार्यालयले यस वर्ष विस्थापितहरूमध्ये २० जना युवाहरूलाई विदेश पठाउने प्रकृयामा रहेको जनाएको छ।

इन्सेकको तथ्यांकअनुसार, सदरमुकाम गुलरियामा २१ परिवारका १ सय ६८ जनाले विस्थापित जीवन बिताइरहेका छन्। विस्थापितहरूमध्ये कोही डेरा गरी, कोही आफन्तको घरमा, कोही घर बनाई बसेका छन्। नेपाल रेडक्रस सोसाइटी, बर्दियाले जिल्लाबाट हालसम्म विस्थापित भएका २ सय २ परिवारलाई लत्ता-कपडा र अन्य सामग्री वितरण गरेको छ।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

पाताभार गाविस-७ का ३८ वर्षीय लक्ष्मीप्रसाद पौडेललाई माओवादीहरूको धान संकलन गरिदिएको आरोपमा ०५९ पुस २६ गते बिहान ११ बजे गुलरिया नपा-६ बाट शाही नेपाली सेनाले गिरफ्तार गरी पुस २८ गते मानपुरटपरास्थित सैनिक क्याम्पमा सम्पर्क राख्ने शर्तमा रिहा गरे।

राजापुर गाविस-६ का २२ वर्षीय धनिराम थारुलाई माओवादीको आरोपमा ०५९ पुस ३० गते राति गुलरिया नपा-९ पुष्प होटलबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई हाल रिहा गरिएको छ।

मगरागाडी गाविस-७ का २४ वर्षीय गोपाल पौडेललाई ०६० असार १२ गते दिउँसो गुलरिया नपा-८ मा अनेरास्ववियु (क्रान्तिकारी) को राष्ट्रिय सम्मेलनका लागि सहयोग रकम संकलन गरिरहेको बेला प्रहरीहरूले सरले बोलाउनु भयो भनी गिरफ्तार गरी साँझ पीडितले उठाएको रकम र सहयोग रसिद प्रहरीले राखेर रिहा गरे।

कालिका गाविस-३ की १८ वर्षीय निर्जनी चौधरी र बानियाभार गाविस-२ की २० वर्षीय रेखा थारुलाई माओवादीको आरोपमा ०६० साउन २३ गते डेउढाकला गाविस-६ बाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई हाल बाँके जेलमा राखिएको छ।

डेउढाकला गाविस-८ का ४२ वर्षीय गंगाराम थारु र ३२ वर्षीय खरखोसन थारुलाई ०६० साउन २२ गते राति १ बजे घरमा रहेको अवस्थामा शाही नेपाली सेनाले विना आरोप गिरफ्तार गरी घर नजिकको जंगलमा रातभरि राखी माओवादी को-को छन्, कहाँ बस्छन् भन्ने कुरा सोधी भोलिपल्ट रिहा गरे।

धधवार गाविस-८ का १८ वर्षीय धनमोती चौधरी र १८ वर्षीय गीताकुमारी चौधरीलाई ०६० भदौ १८ गते सोही गाविस-८ को बालापुरघाटबाट सेना र प्रहरीको संयुक्त गस्ती टोलीले शंकास्पद चिट्ठी भेट्टाएका कारण गिरफ्तार गरे। पीडितहरूलाई हाल रिहा गरिएको छ।

गुलरिया नपा-६ घर भई सोही नपा-८ मा पसल गर्ने ५० वर्षीय भपेन्द्र अधिकारीलाई ०६० भदौ १८ गते दिउँसो ३ बजे पसलबाट प्रहरीहरूले "सा'बले बोलाउनु भएको छ" भनी विनापुर्जी गिरफ्तार गरे। पीडितलाई एक हप्तापछि रिहा गरियो।

पदनाहा गाविस-३ का ३६ वर्षीय हरिराम थारु, ४१ वर्षीय गुरुप्रसाद थारु, २५ वर्षीय कृष्णप्रसाद थारु, ३० वर्षीय भोलाराम थारु, ३३ वर्षीय मोहन थारु र ३० वर्षीय महादेव थारुलाई ०६० असोज २२ गते दिउँसो ३ बजे शाही नेपाली सेना र प्रहरीको संयुक्त गस्ती टोलीले कसैलाई घरबाट कसैलाई बाटोबाट नाम सोध्दै लिष्ट हेर्दै गिरफ्तार गरे। ०६० असोज २९ गते गुरुप्रसाद थारुबाहेक अन्यलाई रिहा गरे। गुरुप्रसादलाई हाल बर्दिया जेलमा राखिएको छ।

धधवार गाविस-८ बेलभारका १६ वर्षीय हिरालाल चौधरी, १५ वर्षीय बजारी चौधरी, १३ वर्षीय रुकमति चौधरी, १६ वर्षीय रमिता चौधरी, १६ वर्षीय सुखराम चौधरीसमेत १२ जना विद्यार्थीहरूलाई माओवादीको आरोपमा ०६० असोज १२ गते विहान ७ बजे आ-आफ्नो घरबाट सुरक्षाकर्मीहरूले गिरफ्तार गरे। पीडितहरूलाई असोज १६ गते रिहा गरियो।

बदालपुर गाविस-९ की २० वर्षीय गिता चौधरी र पाताभार गाविस-३ की १८ वर्षीय पार्वती थारुलाई माओवादीको आरोपमा ०६० असोज २४ गते दिउँसो बदालपुर गाविस-९ बाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई कार्तिक १३ गतेदेखि बर्दिया जेलमा राखिएको छ।

मगरागाडी गाविस-८ का जनमोर्चा, नेपालका जिल्ला सचिव ३१ वर्षीय रमेश तिवारीलाई माओवादीको आशंकामा ०६० कार्तिक १९ गते दिउँसो धान भाँटिरहेको अवस्थामा सुरक्षाकर्मीले खलिहानबाट "एकछिन काम छ" भनी गिरफ्तार गरे। पीडितलाई कार्तिक ३० गते रिहा गरियो।

बालअधिकार

जमुनी गाविस-६ की १४ वर्षीय एक बालिकालाई ०६० जेठ ११ गते सोही गाविस-८ का २५ वर्षीय चन्द्रसिंङ विकले बलात्कार गरे। पीडितले इलाका प्रहरी कार्यालय मैनापोखरामा निवेदन दिएपछि पीडकबाट जरिवाना तिराई घटना मिलाइयो।

डेउढाकला गाविस-७ की १४ वर्षीय एक बालिकालाई ०६० साउन ८ गते आफ्नै मालिक मोतिपुर गाविस-६ का ६० वर्षीय मार्कण्ड शर्माले बलात्कार गरे। पीडकलाई नेकपा (एमाले) ले पार्टीको साधारण सदस्य समेत नरहने गरी कारवाही गर्‍यो।

नेउलापुर गाविस-९ की ६ वर्षीय एक बालिकालाई ०६० कार्तिक ९ गते बेलुका ८.०० बजे तिहारको भैलो खेलिरहेको अवस्थामा सोही ठाउँका २४ वर्षीय नारायण खनालले बोलाएर घर नजिक लगी बलात्कार गरे। पीडित पक्षले कार्तिक १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडकलाई कुनै कारवाही भएको छैन।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

कालिका गाविस-४ की २० वर्षीय लालकुमारी सुनारलाई ०६० बैशाख १ गते चितवन जिल्ला पिप्ले गाविस-७ का २६ वर्षीय कृष्ण विकले दिल्लीमा काम गर्ने पीडितका पति कवि विकले बोलाउनु भएको भुटो समाचार बताई दिल्लीमा पुर्‍याउन भनी लगेर दिल्लीस्थित गुड गाउँमा अवस्थित गेष्ट हाउसमा लगेर बेचे।

धधवार गाविस-८ की २२ वर्षीय एक महिलालाई ०६० जेठ १ गते डेउढाकला गाविस-६ का ३२ वर्षीय फुलिराम थारुले राति १०.३० बजे पीडितको घरमा मादक पदार्थ सेवन गरी बलात्कार गर्ने प्रयास गरे।

डेउढाकला गाविस-३ की २६ वर्षीय एक महिलालाई ०६० जेठ २ गते राति १२ बजे सोही ठाउँका ७० वर्षीय गंगे बुढाले घरमा सुतेको अवस्थामा बलात्कार गर्ने प्रयास गरे।

सानोश्री गाविस-७ की २९ वर्षीय एक महिलालाई ०६० साउन ४ गते राति २.३० बजे सोही गाविसका २० वर्षीय लोकबहादुर दमाईले घरमा सुतेको अवस्थामा ज्यानमार्ने धम्की देखाई बलात्कार गरे। पीडितले प्रहरी कार्यालयमा उजुरी दिएको भए पनि पीडकलाई कुनै कारवाही भएन।

महम्मदपुर गाविस-१ की २५ वर्षीय एक महिलालाई ०६० पुस ५ गते राति २.०० बजे घरमा सुतिरहेको अवस्थामा सोही ठाउँका ३० वर्षीय जाकिर मनिहार र कन्छेन मनिहारले घरबाट उठाई नजिकैको बारीमा लगी बलात्कार गरे। पीडितले भोलिपल्ट गाउँका मानिसहरू जम्मा गरी पीडक चिनाउँदा कुनै कारवाही भएन। पीडकले पीडितलाई कहीं भनेमा घरमा बम विस्फोट गराइदिने धम्की दिएकाले पीडितले अन्यत्र उजुरी नगरेको बताइन्।

गुलरिया नपा-९ की ३६ वर्षीय सुमित्रा केसीलाई ०६० असार ३ गते साँझ खाना खाइरहेको अवस्थामा आफ्नै पति ४० वर्षीय कुलबहादुर केसीले रक्सी खाई बिना कारण दाहिने हातको कान्छी औंला टोकेर घाउ बनाइदिए। पीडितलाई पीडकले बिगतमा मार्छु भनी छुराले हानेका थिए तर हातमा लागेको थियो।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूत समेत

डेउढाकला गाविस-३ की ३८ वर्षीय टिकासरा खत्रीलाई ०६० बैशाख २७ गते सोही ठाउँका २९ वर्षीय भीमबहादुर जिसीले आफ्ना बहिनीलाई बोक्सी लगाई बिरामी बनाएको आरोपमा इलाका प्रहरी कार्यालय बाँसगढीमा निवेदन दिई सार्वजनिक वेइज्जती गरे।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

वर्दिया जिल्लामा बेपत्ता पारिएकाहरूलाई सार्वजनिक गरियोस् भनी ०६० पुस ३ गते इन्सेक र हुरिकोकको आयोजनामा गुलरियामा जुलुस प्रदर्शन भयो। सो अवसरमा जारी गरिएको प्रेस विज्ञप्तिमा वर्दिया जिल्लामा हालसम्म राज्यले १ सय ६० र माओवादीले ३ जनालाई बेपत्ता पारेको कुरा सार्वजनिक गरिएको थियो।

संरचना क्षति

यस वर्ष माओवादीले २ वटा प्रहरी कार्यालय, २ वटा सरकारी कार्यालय, १ वटा व्यक्तिगत घरमा बम विस्फोट गराई ध्वस्त बनाए। त्यसैगरी ५ वटा गाविस कार्यालय पनि क्षतिग्रस्त बनाए।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस जिल्लामा यस वर्ष २८ पुरुष र २२ महिलाले आत्महत्या गरे। सडक दुर्घटनामा परी ५ सैनिकको मृत्यु भयो। सडक दुर्घटनामा अन्य ८ जना व्यक्तिको मृत्यु भयो। १६ जनाले झुण्डिएर र २४ जनाले विष सेवन गरी आत्महत्या गरे।

विगतको अनुगमन

यस अघिल्लो वर्ष पुस्तकमा प्रकाशित घटनाका सम्बन्धमा मानवअधिकार वर्ष पुस्तक २००३ मा प्रकाशित हुनु पर्ने तर यस वर्ष मात्र सार्वजनिक भएका र पुष्टि भएका घटनाहरु

बेपत्ता

राज्यपक्षबाट

पाताभार गाविस-६ का ३५ वर्षीय डिलाराम वनलाई ०५८ चैत २४ गते आफ्नै घरमा सुतिरहेको अवस्थामा माओवादीको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

ठाकुरद्वारा गाविस-४ का एमाले कार्यकर्ता ३८ वर्षीय हुकुमबहादुर शाहीलाई ०५८ चैत २४ गते शाही नेपाली सेनाको कार्यालय, ठाकुरद्वारामा मेजरलाई भेट गर्न गएको अवस्थामा माओवादीको आशंकामा सोही कार्यालयबाट सेनाले गिरफ्तार गरी बेपत्ता पारे।

मगरागाडी गाविस-१ का ३५ वर्षीय चुल्हवा थारुलाई माओवादीको आरोपमा ०५८ भदौ १ गते बिहान ६ बजे आफ्नै घरवाट सेनाको गस्ती टोलीले गिरफ्तार गरी बेपत्ता पारे।

मगरागाडी गाविस-१ का २२ वर्षीय रामकिसुन थारुलाई माओवादीको आरोपमा ०५९ असोज १४ गते राति ११ बजे आफ्नै घरमा सुतिरहेको अवस्थामा सेनाको गस्ती टोलीले गिरफ्तार गरी बेपत्ता पारे।

मगरागाडी गाविस-५ का ४९ वर्षीय जंगु थारुलाई माओवादीको आरोपमा ०५९ साउन २६ गते राति ९ बजे आफ्नै घरमा सुतिरहेको अवस्थामा सेनाको टोलीले गिरफ्तार गरी बेपत्ता पारे। *(मानवअधिकार वर्ष पुस्तक २००३ मा गिरफ्तारी र यातना शीर्षकमा परेको घटना)*

मगरागाडी गाविस-५ का ४१ वर्षीय जगतराम थारुलाई माओवादीको आरोपमा ०५९ साउन २६ गते राति १२ बजे घरमा सुतिरहेको अवथामा सेनाको गस्ती टोलीले गिरफ्तार गरी बेपत्ता पारे। *(मानवअधिकार वर्ष पुस्तक २००३ मा गिरफ्तारी र यातना शिर्षकमा परेको घटना)*

मगरागाडी गाविस-५ का ३९ वर्षीय टाटेराम थारुलाई माओवादीको आरोपमा ०५९ साउन २४ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। *(मानवअधिकार वर्ष पुस्तक २००३ मा गिरफ्तारी र यातना शीर्षकमा परेको घटना)*

सूर्यपटुवा गाविस-४ का ४५ वर्षीय निलप्रसाद योगीलाई माओवादीको आशंकामा ०५९ चैत २५ गते ठाकुरद्वारा गाविसस्थित आफ्नै पीसीओबाट सेनाले गिरफ्तार गरी बेपत्ता पारे।

मगरागाडी गाविस-४ का ३३ वर्षीय बसन्तप्रसाद चौधरीलाई माओवादीको आरोपमा ०५९ भदौ २ गते बिहान आफ्नै पसलबाट सेनाले गिरफ्तार गरी बेपत्ता पारे।

मगरागाडी गाविस-९ का ३८ वर्षीय बालकिसन थारुलाई माओवादीको आरोपमा ०५८ चैत १५ गते घर नजिकैको पसलमा चिया पिइरहेको अवस्थामा सेनाले गिरफ्तार गरी बेपत्ता पारे।

मगरागाडी गाविस-५ का २३ वर्षीय हरिराम चौधरीलाई माओवादीको आरोपमा ०५९ साउन २४ गते राति आफ्नै घरमा सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। (मानवअधिकार वर्ष पुस्तक २००३ मा गिरफ्तारी र यातना शीर्षकमा परेको घटना)

धधवार गाविस-७ का ४५ वर्षीय चमारी थारुलाई माओवादीको आरोपमा ०५९ जेठ १ गते बिहान ८ बजे खेत जोतिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

धधवार गाविस-७ का २८ वर्षीय राजबहादुर चौधरीलाई ०५८ चैत ७ गते राष्ट्रिय निकुञ्जअन्तर्गत रम्मापुर ब्यारेकका सुरक्षाकर्मीले उपभोक्ता समितिको बैठक छ भनी बोलाएर लगेकोमा बेपत्ता पारे।

खैरीचन्दनपुर गाविस-८ का ३५ वर्षीय छुनुवा थारुलाई माओवादीको आशंकामा ०५९ कार्तिक ३ गते दिउँसो खेतमा हलो जोत्न लागेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

महम्मदपुर गाविस-८ भैंसाहीका २० वर्षीय लिखराम थारुलाई ०५९ असार २७ गते बाँके जिल्ला राझा बेरियलमा सेनामा भर्ती हुन जाँदा बेरियलबाटै तत्कालीन क्याप्टेन रमेश स्वाँरले गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई ०५९ साउन १८ सम्म बाँके जिल्लाको चिसापानी सैनिक क्याम्पमा राखिएको थियो।

मगरागाडी गाविस-१ का २६ वर्षीय रामसाद थारुलाई माओवादीको आरोपमा ०५९ भदौ १७ गते राति ३ बजे आफ्नै घरमा सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

बेलवा गाविस-३ का २६ वर्षीय यज्ञबहादुर रावललाई माओवादीको आशंकामा ०५८ चैत ३१ गते नेउलापुर गाविस-७ स्थित आफ्नै फोटो स्टुडियोमा बसिरहेको अवस्थामा सेनाले गिरफ्तार गरी बेपत्ता पारे। *(मानवअधिकार वर्ष पुस्तक २००३ मा हत्या गरिएको आशंका भनी प्रकाशित घटना)*

धधवार गाविस-७ का १४ वर्षीय तेजबहादुर थारुलाई ०५८ चैत २७ गते राति छिमेकीको घरमा सुतिरहेको अवस्थामा माओवादीको आशंकामा सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

महम्मदपुर गाविस-९ की अनेरास्ववियु (क्रान्तिकारी) की केन्द्रीय सदस्य २० वर्षीय जनकी चौधरीलाई ०५९ वैशाख १० गते बाँके जिल्लाको थपुवाबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

ठाकुरद्वारा गाविस-६ का ४० वर्षीय टोपबहादुर चौधरीलाई माओवादीको आशंकामा ०५९ वैशाख १ गते बिहान ७ बजे घरमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

शिवपुर गाविस-९ का २६ वर्षीय लक्ष्मण थारुलाई माओवादीको आरोपमा ०५८ फागुन २४ गते दिउँसो १ बजे घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

नेउलापुर गाविस-४ का एमाले कार्यकर्ता ३१ वर्षीय केशर बस्नेतलाई माओवादीको आरोपमा ०५८ फागुन २७ गते दिउँसो भुरीगाउँ बजारबाट सेनाले गिरफ्तार गरी बेपत्ता पारे।

मगरागाडी गाविस-२ का अंशुवर्मा माविका शिक्षक ४० वर्षीय राजदेव मण्डललाई माओवादीको आरोपमा ०५९ असोज १३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

मानपुरटपरा गाविस-८ का २१ वर्षीय रामकरण थारुलाई माओवादीको आरोपमा ०५९ कार्तिक ३ गते राति १२ बजे आफ्नै घरमा सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

मानपुरटपरा गाविस-८ का २८ वर्षीय रुन्चया थारुलाई माओवादीको आरोपमा ०५९ कार्तिक २ गते राति ११ बजे आफ्नै घरमा सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

मानपुरटपरा गाविस-८ का ३१ वर्षीय राधेश्याम चौधरीलाई माओवादीको आरोपमा ०५९ कार्तिक ३ गते राति २ बजे आफ्नै घरमा सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

बदालपुर गाविस-४ का २८ वर्षीय मंगरु थारुलाई माओवादीको आरोपमा ०५९ कार्तिक ५ गते राति १ बजे घरमा सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

मनाउ गाविस-८ का १८ वर्षीय राधुलाल थारु, सोही ठाउँकी १९ वर्षीय कमली चौधरी, १९ वर्षीय लौटी थारु, १६ वर्षीय चिल्लुराम थारु, १९ वर्षीय धनीराम थारु, २३ वर्षीय प्रेमप्रकाश चौधरी, १४ वर्षीय सोनीराम थारु, १९ वर्षीय मोहनलाल थारु, खैरीचन्दनपुर गाविस-२ का

३५ वर्षीय पतिराम चौधरी, १६ वर्षीय केशवकुमार चौधरी र ४० वर्षीय भगौटी चौधरीलाई माओवादीको आरोपमा ०५८ चैत २९ गते राति आ-आफ्नो घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। *(मानवअधिकार वर्ष पुस्तक २००३ मा हत्याको आशंका गरिएको उल्लेख गरिएको)*

खैरीचन्दनपुर गाविस-३ का २४ वर्षीय भागीराम चौधरीलाई माओवादीको आरोपमा ०५९ कार्तिक ३ गते बिहान ८.३० बजे घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

मानपुरटपरा गाविस-२ का २४ वर्षीय फक्लु थारुलाई माओवादीको आरोपमा ०५९ कार्तिक ७ गते बिहान ८ बजे आफ्नो पसलबाट घरतर्फ आइरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

मनाउ गाविस-७ का २६ वर्षीय विष्णु थारुलाई माओवादीको आरोपमा ०५९ कार्तिक २३ गते जोगिपुरमा वनभोजको लागि सामान लिन गएको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

मनाऊ गाविस-९ का ३६ वर्षीय जगतप्रसाद थारुलाई माओवादीको आरोपमा ०५८ फागुन १३ गते बिहान ४ बजे आरुनै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

मानपुरटपरा गाविस-९ का ३० वर्षीय अतिराम थारुलाई माओवादीको आरोपमा ०५९ कार्तिक ४ गते राति आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

नेउलापुर गाविस-१ का ३३ वर्षीय भोकरा थारुलाई माओवादीको आरोपमा ०५९ असार १५ गते शक्तिनगरबाट घर आउँदा बाटोबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

मनाउ गाविस-९ का २४ वर्षीय निर्मल चौधरीलाई माओवादीको आरोपमा ०५८ फागुन १३ गते बिहान ५ बजे आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

बदालपुर गाविस-३ का ४० वर्षीय मोतीलाल थारुलाई माओवादीको आरोपमा ०५९ कार्तिक ५ गते दिउँसो ४.३० बजे खेतबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

नेउलापुर गाविस-४ का आकाश भनिने बन्धु चौधरीलाई माओवादीको आरोपमा ०५९ जेठ २१ गते वगनाहा गाविसबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

मोतिपुर गाविस-५ की समीक्षा भनिने गिता चौधरीलाई माओवादीको आरोपमा ०५९ भदौ १५ गते सोही गाविस-७ दमौलीबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

वगनाहा गाविस-६ का विनोद भनिने खुशीराम थारुलाई माओवादीको आरोपमा ०५८ फागुन २७ गते नेउलापुर गाविसबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

सूर्यपटुवा गाविस-४ की नविना भनिने बसन्ती चौधरीलाई ०५८ फागुन २७ गते नेउलापुर गाविसबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

ठाकुरद्वारा गाविस-४ की अस्मिता भनिने मञ्जु चौधरीलाई ०५८ फागुन २९ गते वगनाहा गाविसबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

सूर्यपटुवा गाविस-९ की ज्वाला भनिने उषा चौधरी र सोही गाविस-४ की चेतना भनिने गोहनी थारुलाई माओवादीको आरोपमा ०५८ चैत १८ गते सोही गाविसबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

ठाकुरद्वारा गाविस-४ की जनजना भनिने तेइनी थारुलाई माओवादीको आरोपमा ०५८ फागुन २८ गते सोही गाविसबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

वगनाहा गाविस-८ का मसुहर थारुलाई माओवादीको आरोपमा ०५८ माघ ९ गते सूर्यपटुवा गाविसबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

नेउलापुर गाविस-८ का उपहार भनिने साइते चौधरीलाई माओवादीको आरोपमा ०५९ जेठ २१ गते वगनाहा गाविसबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

ढोढरी गाविस मधुवनका छहरा भनिने शोभाराम चौधरीलाई माओवादीको आरोपमा ०५९ जेठ १६ गते सोही गाविसबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

सोरहवा गाविस-५ की ममुना भनिने सितापति चौधरीलाई माओवादीको आरोपमा ०५९ भदौ २९ गते बेलवा गाविस महादेवाबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

सूर्यपटुवा गाविस-९ का असुल भनिने भरतकुमार थारुलाई माओवादीको आरोपमा ०५८ चैत १८ गते सोही वडाबाटै सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

गुलरिया नपा-४ की रिता भनिने रामरती चौधरी र भूपिन भनिने हिक्मत चौधरीलाई माओवादीको आरोपमा ०५९ असार ५ गते महम्मदपुर गाविसबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

वगनाहा गाविस-१ का शेरसिंह थारुलाई माओवादीको आरोपमा ०५९ असार १५ गते सोही गाविसबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

ठाकुरद्वारा गाविस-३ का जीउलाल चौधरीलाई माओवादीको आरोपमा ०५८ फागुन १८ गते सोही गाविसबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

सूर्यपटुवा गाविस-४ का रुपलाल थारुलाई माओवादीको आरोपमा ०५८ चैत २७ गते सोही गाविसबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

सूर्यपटुवा गाविस-४ का उत्तरघरिया थारुलाई माओवादीको आरोपमा ०५८ फागुन १८ गते सोही गाविसबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

सूर्यपटुवा गाविस-४ का जमुना थारु, भोसु थारु, धामु थारु र बलुवा थारुलाई माओवादीको आरोपमा ०५९ जेठ महिनामा सोही गाविसबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

बेलवा गाविस-७ का आनन्द परियार, गोबरा थारु र सर्जप्रसाद थारुलाई माओवादीको आरोपमा ०५९ पुस १४ गते आ-आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

पाताभार गाविस-४ की १७ वर्षीय जनकीया चौधरीलाई माओवादीको आरोपमा ०५८ फागुन २३ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

मनाउ गाविस-९ की जानकी थारुलाई ०५९ भदौ महिनामा राप्रपा जिल्ला उपाध्यक्ष एवम् गुलरिया नगर प्रमुख राजेन्द्र श्रीवास्तवले बलात्कार गर्ने प्रयास गरेको कुरा ०६० पुस ३ गते सार्वजनिक गरिन्। पीडितका पति ३६ वर्षीय जगतप्रसाद थारुलाई र सोही ठाउँकै दिलमोहनीको पति २४ वर्षीय निर्मल चौधरीलाई ०५८ फागुन १३ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारेका थिए। आफ्ना पतिको खोजीका लागि मेयर श्रीवास्तवको घरमा जाँदा श्रीवास्तवले ०५९ भदौ महिनामा खोजविनवापत जानकीसँग २ हजार र दिलमोहनीसँग ३ हजार रुपैयाँ लगेको कुरा पनि पीडितले बताइन्। पीडितहरूले ०६० पुस ३ गते जिल्ला प्रहरी कार्यालयमा निवेदन दिई जिविस, जिल्ला प्रशासन कार्यालय, राप्रपा, नगरपालिका, हुरिकोकमा बोधार्थ दिएका थिए। कारवाहीको प्रक्रिया अगाडि नबढेपछि ०६० पुस ९ गते जिल्ला प्रशासनमार्फत गृहमन्त्रालयमा ज्ञापनपत्र पेश गरेका थिए। पीडितहरूलाई काठमाडौंस्थित सिभिक्ट कार्यालयमा मनोवैज्ञानिक उपचार गरियो।

मानवअधिकार वर्ष पुस्तक २००३ को पृष्ठ ४०५ मा रहेको भौना थारुको घटना ०५९ जेठ १६ गते हुनुपर्नेमा ०५९ जेठ १४ गते भएकोले सोही अनुसार बुझ्न्/बुझाउन अनुरोध गर्दछौं। उक्त घटनाका सम्बन्धमा पीडित पक्षले क्षतिपूर्तिका लागि सर्वोच्च अदालतमा निवेदन दिएका छन्।

४.८ सुर्खेत



जनसंख्या	:२८८६९१
साक्षरता प्रतिशत	:६२.४८
महिला साक्षरता प्रतिशत	:५१.४९
क्षेत्रफल (वर्ग कि.मी.)	:२४५१
गाविस/नपा संख्या	:५०/१
निर्वाचन क्षेत्र	:३
विद्यालय	:४६१
क्याम्पस/उच्च मावि	:२/६
अस्पताल/स्वास्थ्य चौकी	: १/५
टेलिफोन लाइन	:१७८५
मोटर सडक (कि.मी.)	:२३०
प्रहरी कार्यालय संख्या	:१
हुलाक संख्या	:५१
मानव विकास सूचकांक	:०.३५७
प्रति एक डाक्टर जनसंख्या	:२६९८७
प्रति परिवार सरदर संख्या	:५.३४

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

जाजरकोट जिल्ला जगतिपुर गाविसकी २३ वर्षीय कमला भनिने माओवादी कार्यकर्तालाई ०५९ माघ ४ गते आगीगाउँ गाविस-२ ताकुलाबाट सुरक्षाकर्मीले गिरफ्तार गरी गोली हानी हत्या गरे। एक प्रत्यक्षदर्शीका अनुसार, आत्मसमर्पण गर्न नमान्दा सल्यानको सल्लीबजार नजिकै सुरक्षाकर्मीले गोली हानी हत्या गरेका थिए।

बाबियाचौर गाविसको माध्यमिक विद्यालयको प्राङ्गणमा ०५९ माघ ९ गते माओवादीले जबरजस्ती

उपस्थित गराई आयोजना गरेको भेलामा सेनाले हवाइ फायरिङ्ग गर्दा बाबियाचौर गाविस-५ रैचेका सर्वसाधारण २१ वर्षीय नयराज विश्वकर्माको घटनास्थलमै मृत्यु भयो भने घाटगाउँ गाविसकी १४ वर्षीय बालिका राधा बीसी गोली लागी घाइते भइन्।

दशरथपुर गाविसको सिम्लेमा माओवादी जिल्ला संगठन समिति, सुर्खेतका सदस्य अटूट भनिने भुषण जीसी, एरिया इन्चार्ज विवेक भनिने गणेश शर्मा र समुन्द्र भनिने नरबहादुर पुनलाई ०६० भदौ १० गते सादा पोशाकमा रहेका सेनाले कब्जामा लिई तत्कालै गोली हानी हत्या गरेको स्थानीय बासिन्दाहरूले बताए। तर, सुरक्षाकर्मीले दोहोरो भिडन्तमा मारिएको बताए।

कल्याण गाविस खोल्टेपानीको जंगलमा सुरक्षाकर्मीलाई लक्षित गरी एम्बुस पड्काउन खोजेका २ जना माओवादी कार्यकर्तामध्ये १ जनाको घटनास्थलमा र अर्कोको भाग्दै गर्दा ०६० भदौ १७ गते सुरक्षा गस्तीमा खटिएका सुरक्षाकर्मीले चलाएको गोलीबाट मृत्यु भयो। पीडितहरूको सनाखत हुन सकेन।

जाजरकोट जिल्ला घर भई सशस्त्र प्रहरी रक्तकाली गण, सुर्खेतमा कार्यरत वरिष्ठ प्रहरी हवल्दार २८ वर्षीय दानसिंह थापालाई असोज ७ गते बिहान रक्तकाली गणबाट हातहतियारसहित भागेको आरोपमा ०६० असोज ९ गते दिउँसो १२ बजे छिन्चुमा संयुक्त सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

जिल्ला शिक्षा कार्यालयमा ०६० असोज १२ गते राति नाम नखुलेका एक माओवादी कार्यकर्तालाई सुरक्षाकर्मीले गोली हानी हत्या गरे। कार्यालयमा बम विस्फोटन गराउन आएका अवस्थामा सो घटना भएको सुरक्षास्रोतले बतायो।

लेखफर्सा गाविस-६ की माओवादी कार्यकर्ता २० वर्षीया कविता भनिने कौशिला घिमिरे र अवलचोड गाविस-८ की सुनिता गैरेलाई ०६० कार्तिक २९ गते दिउँसो सेनाले कब्जामा लिई दशरथपुर गाविसको जंगलमा गोली हानी हत्या गरे। पीडितहरूलाई कविताको घरबाट कब्जामा लिई छिन्चु बेस क्याम्पतर्फ ल्याउँदै गर्दा गोली हानी हत्या गरिएको स्थानीय बासिन्दाहरूले बताए। सो घटनालाई सुरक्षाकर्मीले दोहोरो भिडन्त भएको बताए।

माओवादीबाट

कुनाथरी गाविस र लेखगाउँ गाविसको बीचमा पर्ने हुड्केको जंगलमा ०५९ माघ ९ गते माओवादीले सुरक्षाकर्मीलाई लक्षित गरी थापेको विद्युतीय धरापमा परी रक्तकाली गण सुर्खेतमा कार्यरत सशस्त्र प्रहरी जुम्लाका २२ वर्षीय लोकेन्द्र शाही, सुर्खेत साटाखानीका २३ वर्षीय टेकबहादुर हुचिङ्ग मगर र बाबियाचौर गाविसका १९ वर्षीय गणेशबहादुर शाहीको मृत्यु भए। सो घटनामा १७ जना सशस्त्र प्रहरी घाइते भए।

कुनाथरी गाविसको सोतखोला नजिकैको जंगलमा ०६० भदौ २६ गते शाही नेपाली सेना अछाममा कार्यरत नाम नखुलेका एक सेनालाई माओवादीले अछामबाट कब्जामा लिई दुवै आँखा झिकी, हातखुट्टा चिरेर कन्चटमा गोली हानी विभत्स ढंगले हत्या गरी बीच सडकमै

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	५	१	४	५	६	९	१		१०	९	२७	३	९	३९
घाइते	२	१	२	३	२	३	१		४	२	६			६
गिरफ्तारी/यातना										२४	३०	३		३३
बेपत्ता										७	६	४		१०
कुटपिट	१०	१४	२	१६	१५	२२			२२	१६	१५	२		१७
धम्की	१	१		१	१०	९		१	१०	८	७	१	१	९
जातीय विभेद	१		१	१										
महिलाअधिकार	५		५	५										
बालअधिकार	२		२	२	२	२			२					
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	१			१					
अमानवीय व्यवहार	१	१		१	१		१		१					
अपहरण					२७	३०			३०					
जम्मा	२७	१८	१६	३४	६४	७६	३	१	८०	६६	९१	१३	१०	११४

फ्याँकिदिए। हप्ता दिनसम्म पनि पीडितको लास सडकमै रहँदा यातायात आवागमनमा अवरोध र वरपरका स्थानीय बासिन्दा त्रसित भए।

जर्बुटा गाविस-१ गागेतालका राजपरिषद्का सदस्य ६५ वर्षीय गंगाप्रसाद सुवेदीलाई ०६० असोज ३ गते माओवादीले पानी खाने निहुँमा घरभित्र पसी गोली प्रहार गरी हत्या गरे।

रोल्पा जिल्ला घर भएका ६५ वर्षीय पुरुषलाई सुराकीको आरोपमा र आफ्नो कब्जामा रहेको २ जना अन्य व्यक्तिलाई ०६० असोज १३ गते राति घुमखहरे गाविस-९ भेडाबारी पुलबाट माओवादीले जिउँदै भेरी नदीमा फ्याँकी हत्या गरे। स्थानीय बासिन्दाहरूका अनुसार, सोही ठाउँका एक घरमा मरणासन्न हुनेगरी कुटपिट गरिसकेपछि हातखुट्टा बाँधेर उनीहरूलाई नदीमा फ्याँकिएको थियो। माओवादीले भने उक्त घटनाको पुष्टि गरेका छैनन्।

रामघाट गाविस-८ घरमा जिल्ला प्रहरी कार्यालय सुर्खेतमा कार्यरत प्रहरी जवान कर्णबहादुर बुढालाई ०६० कार्तिक १० गते तिहारको टिका लगाएर फर्कदै गरेको अवस्थामा न्याउलेचौरको जंगलमा माओवादीले गोली हानी हत्या गरे।

वीरेन्द्रनगर बहुमुखी क्याम्पसमा ०६० कार्तिक २४ गते बीएड प्रथम वर्षको परीक्षाका लागि सुरक्षार्थ खटिएका प्रहरीमाथि माओवादीले गोली चलाउँदा प्रहरी हवल्दार नरबहादुर बुढाको घटनास्थलमै मृत्यु भयो। सो घटनामा प्रहरी जवानत्रय भेषराज भट्टराई, दाङका उत्तम कुमार योगी र रोल्पाका देवबहादुर बुढा सख्त घाइते भए।

दोहोरो भिडन्त

साटाखानी गाविस-४ बदीपाटीमा सुरक्षाकर्मी र माओवादीबीच ०६० भदौ २१ गते साँझ ७ बजे भिडन्त हुँदा भेरी उपनामका माओवादीको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। पीडितको लास तीन दिनसम्म नउठाउँदा वरिपरिको गाउँ दुर्गन्धित र त्रासमय बन्यो।

मालारानी गाविस-७ काल्चेडाँडामा संयुक्त सुरक्षा फौज र माओवादीबीच ०६० भदौ १४ गते ९ बजेदेखि शुरु भएको २ घण्टा लामो दोहोरो भिडन्तमा २ जना सुरक्षाकर्मी र ९ जना माओवादी मारिए। स्थानीय बासिन्दाहरूका अनुसार, भिडन्तमा माओवादी कमाण्डर प्रतीकसहित २० जनाभन्दा बढी माओवादी मारिए। सुरक्षाकर्मीले ३ जनालाई कब्जामा लिइसकेपछि हत्या गरेको माओवादीको आरोप छ।

गुमी गाविस र मैनतडा गाविसको जरेघाटमा भएको संयुक्त सुरक्षा फौज र माओवादीबीच भएको ११ घण्टा लामो दोहोरो भिडन्तमा ३ जना माओवादीको मृत्यु भयो भने ५ जना सुरक्षाकर्मी घाइते भए। दोहोरो भिडन्तमा सुरक्षाकर्मीले हवाई फायरिङ्ग गर्दा घाइते भएकालाई माओवादीले बोकेर लैजाँदै गर्दा मृत्यु भएको थियो। स्थानीय बासिन्दाहरूका अनुसार, मृतक माओवादीमध्ये २ जनालाई गुमी गाविसको सैयाको जंगलमा, १ जना महिलालाई धुमखहरे गाविस-६ हनिमानमा र २ जनालाई आनन्द उच्च मावि गुमी नजिकैको जंगलमा माओवादीले पुरेका थिए।

राकम गाविस-६ पुलजीपमा माओवादी र सुरक्षाकर्मीबीच भएको दोहोरो भिडन्तमा गोली लागी घाइते भएका माओवादी कार्यकर्ता पुष्कर चौधरीलाई ०६० कार्तिक ८ गते सुरक्षाकर्मीले कब्जामा लिई गोली हानी हत्या गरे। प्रत्यक्षदर्शीका अनुसार पीडित खुट्टामा गोली लागी घाइते भएका थिए।

राकम गाविस-६ पुलजीपमा ०६० पुस ८ गते सुरक्षाकर्मी र माओवादीबीच दोहोरो भिडन्त हुँदा निर्भिक उपनामले चिनिने एकजना र नाम नखुलेका २ जना माओवादीको घटनास्थलमै मृत्यु भयो भने एक सुरक्षाकर्मी घाइते भए। उक्त घटनामा सुरक्षाकर्मीले चलाएको गोली लागी माओवादी छापामार कमाण्डर सौगातसहित तीनजना छापामारहरू घाइते भए। घाइतेहरूको माओवादीले उपचार गरिरहेको पनि माओवादीले जनाए।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

प्रहरीले ०६० असोज २ गते माओवादीको प्रतिकारमा चलाएको गोलीबाट लाटिकोइली गाविस-१ धुलियाविटकी ८ वर्षीय बालिका टिका सुनार घाइते भइन्। घाइते बालिकालाई प्रहरीले नै उपचार गरेका थिए।

जेल र बन्दीहरू

कूल २५ जना बन्दी क्षमता रहेको सुर्खेत जेलमा २७ जना बन्दी रहेका छन्। जसमध्ये कैद तोकिएका १६ र कैद नतोकिएका ११ जना बन्दी छन्।

माओवादी कार्यकर्ता रेश्मा विष्ट र विष्णा विकलाई कर्तव्य ज्यान मुद्दामा थुनामा राखिएको छ। अर्का माओवादी कार्यकर्ता, राज्यविरुद्धको अभियोगमा जेलमा राखिएकी राधिकालाई चार वर्ष अघि गिरफ्तार गरिएको थियो। उनीहरूको मुद्दाका बारेमा हालसम्म कुनै टुंगो लागेको छैन।

जेल भवन दिन-प्रतिदिन जीर्ण बन्दै गएको छ। जेलर बस्ने निवास छैन। ०५८ माघ ३ गते ३० जना माओवादी बन्दी फरार भएयता जेलको भौतिक अवस्थामा केही परिवर्तन गरिएको भए पनि सुरक्षाकर्मी र जेलर बस्ने स्थानको उचित व्यवस्था भने गरिएको छैन। गत असार

महिनासम्म जेलरको आवास खर्चको लागि १ सय ५० रुपैयाँ दिने गरे पनि त्यसयता सो रकम समेत नदिइएको जेलर श्यामलाल लामिछानेले गुनासो गरे।

बेपत्ता / अपहरण

राज्यबाट

छिन्चुस्थित सुरक्षा बेसक्याम्पबाट ०६० भदौ ११ गते छिन्चु बजारबाट नाम नखुलेका २ जना महिला माओवादीलाई सुरक्षाकर्मीले गिरफ्तार गरी केही दिन हिरासतमा राखेपछि बेपत्ता पारे।

वीरेन्द्रनगरको पिपल चौतारीबाट सादा पोशाकमा आएका २ जना सेनाले इन्सेकद्वारा आयोजित तीज प्रतियोगितामा नाच हेरिरहेका जटिल उपनामका सञ्चार क्षेत्रमा कार्यरत माओवादीलाई ०६० भदौ १३ गते दिउँसो कब्जामा लिई यातना दिँदै सुरक्षा क्याम्पतर्फ लगी बेपत्ता पारे।

दशरथपुर गाविस-५ का कर्णबहादुर दमाईलाई माओवादीको आरोपमा ०६० असोज २ गते छिन्चुस्थित सुरक्षा बेस क्याम्पबाट गस्तीमा गएका सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। पीडितको स्थिति हालसम्म सार्वजनिक गरिएको छैन।

दशरथपुर गाविस-५ का गिता के.सी र गिता बोहरालाई माओवादीको आरोपमा ०६० असोज ५ गते सुरक्षाकर्मीले घर नजिकैबाट गिरफ्तार गरे। पीडितहरूको स्थिति हालसम्म सार्वजनिक गरिएको छैन।

जाजरकोट जिल्ला जुंगाथापाचौर गाविस-८ का भुपबहादुर शाहीलाई ०६० मंसिर २१ गते भारतमा मजदुरी गर्न हिंडेको अवस्थामा माओवादीको आरोपमा वीरेन्द्रनगर बजारबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। पीडितको स्थिति हालसम्म सार्वजनिक गरिएको छैन।

माओवादीबाट

राकम गाविस-२ जाम्ने बजारका अहेब सम्मरबहादुर चन्दलाई सुराकीको र चन्दा नदिएको आरोपमा ०५९ माघ २४ गते माओवादीले अपहरण गरी कुटपिट गरे।

सुरक्षाकर्मीद्वारा मारिएकी माओवादी कार्यकर्ता

हरिहरपुर गाविस-७ का पूर्व प्रधानपञ्च एवम् राप्रपाका कार्यकर्ता शम्भु पन्तलाई सुराकीको आरोपमा ०६० वैशाख १ गते राति माओवादीले अपहरण गरी मानसिक यातना दिए। पीडितलाई माओवादीले "मैले सुराकी गरी माओवादीलाई मार्नमा सहयोग पुऱ्याएको छु" भनी जबरजस्ती कागज गर्न लगाएकोमा कागज नगरेका कारण पीडितको १ हल गोरु, खसी र बाख्रा कब्जामा लिनुको साथै सर्वस्वहरण गरेका थिए।

काफलकोट गाविस-९ तिमिल्सिनाका २३ वर्षीय मंगल खत्री र आगीगाउँ गाविस-१ का ५० वर्षीय बलवीर नेपालीलाई गाउँकै एक युवतीलाई भक्तबहादुर नेपालीले गर्भ बोकाएको भन्ने आरोपमा ०६० जेठ १२ गते माओवादीले अपहरण गरी यातना दिई पीडित दण्ड सजायस्वरुप रुपैयाँ समेत असुली गरे।

गुमी गाविस-३ थिवनगरका पूर्व सैनिक २७ वर्षीय वीरेन्द्र रेग्मीलाई स्थानीय एक युवतीमाथि अनैतिक सम्बन्ध राखेको आरोपमा ०६० जेठ २६ गते माओवादीले अपहरण गरी यातना दिए। माओवादीले पीडितलाई मोसो दलेर थिवनगर बजार परिक्रममा पनि गराए।

बाँके जिल्ला चिसापानी गाविस-६ मकैबारीका प्रहरी २३ वर्षीय पूर्णबहादुर पुनलाई ०६० साउन १५ गते आफन्तलाई भेटघाट गर्न जाँदै गरेको समयमा दशरथपुर इलाका वन कार्यालय नजिकैबाट अपहरण गरी यातना दिई बेपत्ता गरे। पीडितलाई सुर्खेतको अवलचिङ्ग गाविसमा कैदमा राखेको माओवादीले जनाए।

मालारानी गाविस-९ का शिक्षक नन्दविर वलीलाई सुराकीको आरोपमा ०६० भदौ १४ गते माओवादीले अपहरण गरे। पीडितलाई कुटपिट गर्दै दुई दिनपछि मुक्त गरियो।

तातोपानी गाविसका प्राविधिक सहायक लक्ष्मीकान्त सत्याललाई ०६० भदौ १७ गते माओवादीले अपहरण गरे। पीडितलाई कुटपिट गर्दै चन्दा लिएर २ हप्तापछि मुक्त गरे।

विजौरा गाविस-६ का प्रहरी जवान भरत विसीलाई सुराकीको आरोपमा ०६० भदौ २८ गते माओवादीले अपहरण गरे। नेपालगन्जमा प्रहरीमा भर्ना भई आफ्नो घरमा भेटघाट गर्न आएका पीडितलाई माओवादीले हालसम्म सार्वजनिक गरेका छैनन्।

मैनतडा गाविस-५ का शिक्षकहरू टोपबहादुर खत्रीलाई ०६० भदौ ३१ गते र गणेशबहादुर वलीलाई सुराकीको आरोपमा ०६० असोज १ गते माओवादीले अपहरण गरे। पीडितहरूमध्ये खत्रीलाई एक महिनापछि र

वलीलाई एक हप्तापछि मुक्त गरे।

सालकोट गाविसका पूर्व अध्यक्ष रेशमबहादुर रानालाई गाविसको हिसाबकिताब नदेखाएको आरोपमा ०६० कार्तिक १२ गते माओवादीले अपहरण गरी यातना दिए। पीडित छिमेकीको सहयोगमा माओवादी कब्जाबाट उम्के। पीडितको ६ जनाको परिवार हाल वीरेन्द्रनगरमा बस्दै आएका छन्।

दहचौर गाविसका पूर्व उपाध्यक्ष दलबहादुर सुनारलाई सुराकी गरेको तथा छोराहरूलाई प्रहरीमा जागिर खुवाएको आरोपमा ०६० कार्तिक १२ गते माओवादीले अपहरण गरे। पीडितसँग १ लाख चन्दा लिई एक हप्तापछि मुक्त गरे।

दहचौर गाविस-२ का २२ वर्षीय तोपबहादुर घर्तीलाई ०६० कार्तिक १२ गते माओवादीले अपहरण गरे। पीडितलाई शरीरका विभिन्न भागमा पत्तीले चिरेर यातना दिँदै दुई दिनपछि मुक्त गरे। पीडित मानसिक स्थिति असन्तुलित भएका व्यक्ति हुन्।

दहचौर गाविस-९ का पूर्णबहादुर केसी, उनका छोरा १४ वर्षीय धनबहादुर सलामी, १५ वर्षीय लाटा कामी र २० वर्षीय मले घर्तीलाई हत्याको आरोपमा ०६० कार्तिक २९ गते माओवादीले अपहरण गरे। पीडितहरूको स्थिति हालसम्म सार्वजनिक गरिएको छैन।

इन्टरनेशनल कोअपरेटिभ एकेडेमीका प्रिन्सिपल नैनसिं खत्रीलाई ०६० कार्तिक १६ गते माओवादीले आफ्नै घरबाट अपहरण गरे। पीडितलाई शारीरिक तथा मानसिक यातना दिई १० दिनपछि मुक्त गरियो।

मैनतडा गाविस-२ का वृखबहादुर सुनारलाई प्रहरीमा भर्ना हुन गएको आरोपमा ०६० कार्तिक १५ गते माओवादीले अपहरण गरी यातना दिए। पीडितलाई एक हप्तासम्म हिरासतमा राखियो।

कल्याण गाविस-१ रानागाउँका २८ वर्षीय सुरेन्द्र थापालाई मदिरा सेवन गरेको आरोपमा ०६० मंसिर १० गते माओवादीले अपहरण गरी कुटपिट गरे। उनी दुई दिनपछि माओवादीको अपहरणबाट भागेर मुक्त भए।

धुमखहरे गाविस-८ भ्याक्रेघारीका हरिप्रसाद आचार्यलाई सहयोग नगरेको आरोपमा ०६० मंसिर ८ गते माओवादीले अपहरण गरे। पीडित माओवादीको कब्जाबाट ७ दिनपछि भागेका थिए।

सुरक्षाकर्मीद्वारा कुटपिट गरिएका कलिमान पुन

पोखरीडाँडा गाविस-४ का २५ वर्षीय वीरबहादुर खड्कालाई ०६० मंसिर ९ गते माओवादीले अपहरण गरे। पीडितको स्थिति हालसम्म पनि सार्वजनिक गरिएको छैन।

दशरथपुर गाविस-५ का चित्रबहादुर खरेललाई सुराकीको आरोपमा ०६० मंसिर १७ गते माओवादीले अपहरण गरी १५ दिनपछि मुक्त गरे।

साहारे गाविस-८ सिमघाटस्थित नेराप्राविका जगन्नाथ पौडेललाई चन्दा नदिएको आरोपमा ०६० मंसिर २४ गते माओवादीले अपहरण गरे। पीडितलाई माओवादीले तोकेको चन्दा बुझाएपछि मुक्त गरियो।

रामघाट गाविस-१ का टिकाराम सुवेदीलाई सुराकीको आरोपमा ०६० मंसिर २६ गते घरबाटै माओवादीले अपहरण गरी भोलिपल्ट मुक्त गरे।

कुनाथरी गाविस-४ बड्डीचौरका कृष्णबहादुर मर्साङ्गीलाई वैदेशिक रोजगारमा पठाइदिन्छु भनी रकम ठगी गरेको आरोपमा ०६० पुस १४ गते माओवादीले अपहरण गरे। पीडितको स्थिति हालसम्म अज्ञात छ।

मैनतडा गाविस-२ ठूलोजात्रीका अर्जुन सुनारलाई माओवादीले अपहरण गरे। माओवादीद्वारा अपहरण गरिएका वृखबहादुर रानालाई छुटाउन गएका पीडितलाई माओवादीले दुई हप्तापछि मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

वीरेन्द्रनगर नपा-४ की सरस्वती गौतमलाई ०६० भदौ १६ गते शाही नेपाली सेना ४ नम्बर बाहिनी अड्डा सुर्खेतका दुई जना सादा पोशाकमा रहेका सुरक्षाकर्मीले धम्की दिए। सेनाद्वारा बेपत्ता पारिएका आफ्ना पति रमेश गौतमको बारेमा सोधपुछ गर्दा पीडितलाई समेत सिध्याइदिन्छौं भनी धम्की दिएको पीडितले बताइन्।

पुनरावेदन बार सुर्खेतका सचिव अधिवक्ता नन्द भण्डारीलाई ०६० असोज ७ गते प्रहरीले स्थानीय एक व्यक्तिसँग भएको विवादका कारण पुरानो रिसइवी साध्ने मनसायले मानसिक यातना दिए। पीडित सिभिक्टको सुर्खेतस्थित संयोजक रहनुभएको थियो।

माओवादी र सुरक्षाकर्मीबीच ०६० असोज १४ गते भएको दोहोरो भिडन्तमा गुमी गाविस-५ का धनबहादुर खत्री, टेकबहादुर गुरुङ, देवबहादुर गुरुङ, देवनारायण बुढा र रणबहादुर गुरुङको घर, गोठ ध्वस्त भए। सुरक्षाकर्मीले गरेको हवाई आक्रमणबाट उक्त घटना भएको थियो।

सातापानी गाविस-२ इन्द्रपुरकी सिताकुमारी रावतलाई ०६० असोज १८ गते जर्बुटा गाविस-१ धुलियाविट चेकपोष्टका सशस्त्र प्रहरीले माओवादीको आरोपमा बीच बाटोमा रोकी "तँ माओवादी होस्, तँलाई ठीक पार्छु" भनी अमानवीय व्यवहार गरे। पीडितलाई प्रहरीले जिल्ला प्रहरी कार्यालय आउनु पर्ने तारिखसमेत लगाए।

उत्तरगंगा गाविस-८ तातापानीका अम्मरबहादुर सुनारलाई कर्फ्यूको समय उल्लंघन गरेको आरोपमा ०६० कार्तिक २२ गते सुरक्षाकर्मीले प्रहार गरी सख्त घाइते हुनेगरी कुटपिट गरे।

साटाखानी गाविस-६ का धर्मराज ढकाललाई माओवादीको आरोपमा ०६० कार्तिक २४ गते सुरक्षाकर्मीले कुटपिट गरे।

वीरेन्द्रनगर नपा-८ का पूर्व वडाध्यक्ष शिवप्रसाद गौतमलाई साक्षी बस्न नमानेको आरोपमा ०६० कार्तिक २४ गते प्रहरीले कुटपिट गर्नुका साथै ज्यानमार्ने धम्की दिए।

उत्तरगंगा गाविस-५ राकसपाईलास्थित नेराप्राविका शिक्षक टिका चौधरीलाई ०६० पुस ३ गते माओवादीले विद्यालय नजिकै विद्युतीय धराप विछ्याएको जानकारी नदिएको आरोपमा सशस्त्र प्रहरी रक्तकाली गण बाङ्गेसिमल, सुर्खेतका सशस्त्र प्रहरी जवानहरूले ज्यानमार्ने धम्की दिए। प्रहरीहरूले सम्पूर्ण विद्यालय परिवारलाई पनि ज्यानमार्ने धम्की दिएको पीडितहरूले बताए।

काप्रीचौर गाविस-८ का तारे दमाईको घर ०६० पुस ७ गते सुरक्षाकर्मीले ध्वस्त पारे। राकममा भएको दोहोरो भिडन्तपछि माओवादीहरू भाग्न सक्ने स्थानमा हवाई फायरिङ गर्दा सुरक्षाकर्मीले प्रहार गरेको हवाई फायरिङबाट तारेको घर ध्वस्त हुन पुगेको थियो।

सेनाको लन्चरबाट ध्वस्त भएको एक घर

राकम गाविस-६ पुलजीपका २० परिवारका घर ०६० पुस ८ गते सुरक्षाकर्मीले आगो लगाई ध्वस्त पारे। माओवादी र सुरक्षाकर्मीबीच भएको दोहोरो भिडन्तको क्रममा सुरक्षाकर्मीले प्रहार गरेको रकेट लन्चरबाट ती घरहरू ध्वस्त भएका थिए। पीडितहरूलाई हालसम्म कुनै क्षतिपूर्ति दिइएको छैन। वीरबहादुर दमाईसहित २० जना राकमबासीको घर पूर्णरुपमा ध्वस्त भएपछि इन्सेकको पहलमा विभिन्न सामाजिक संस्थाहरूले पीडित परिवारहरूलाई राहत वितरण गरेका थिए। पीडितहरूले सरकारबाट क्षतिपूर्ति पाएनन्।

राकम गाविस-६ पुलजीपका लालबहादुर शाहीसहित ५ जना सर्वसाधारणको घरमा ०६० पुस ८ गते सुरक्षाकर्मीले क्षति पुऱ्याए। माओवादी र सुरक्षाकर्मीबीच भएको दोहोरो भिडन्तको क्रममा सुरक्षाकर्मीले रकेट लन्चर प्रहार गर्दा ती घर क्षति भएका थिए।

राकम गाविस-६ पुलजीपका कलिमान पुनलाई ०६० पुस ८ गते सुरक्षाकर्मीले कुटपिट गरे। सुरक्षाकर्मी र माओवादीबीच राकममा भएको दोहोरो भिडन्तपछि माओवादी भाग्नासाथ गाउँ प्रवेश गरेका सुरक्षाकर्मीले पीडितलाई कुटपिट गरेका थिए। पीडितलाई "माओवादी देखा कहाँ लुकाईस्" भनी बन्दूक र राइफलको कून्दाले हिर्काउँदा देब्रे आँखामा गहिरो चोट लागी आँखाको दृश्यशक्ति गुम्यो।

राकम गाविस-६ स्थित नेराप्राविका शिक्षिका निमाकुमारी सिंह, सोही गाविस-६ का शेरबहादुर नेपाली, सोही ठाउँका ४६ वर्षीय स्वामीन्द्र सिं र वीरबहादुर दमाईलाई ०६० पुस ८ गते सुरक्षाकर्मीले कुटपिट गरे।

वीरेन्द्रनगर नपा-५ का ३६ वर्षीय भुपेन्द्र तिवारीलाई सीट क्षमता भन्दा बढी यात्रु बोकेको भनी ०६० मंसिर २८ गते छिन्चुस्थित सुरक्षा बेस क्याम्पका सुरक्षाकर्मीले कुटपिट गरे।

साटाखानी गाविस-४ बढीपाटीका ३३ वर्षीय कुलवीर थापालाई सशस्त्र प्रहरी सहायक हवल्दारलाई भगाउन सहयोग पुऱ्याएको आरोपमा ०६० पुस ७ गते सशस्त्र प्रहरीले आफ्नै घरमा आई ज्यानमार्ने धम्की दिए।

राकम गाविस-६ पुलजीपका मानबहादुर बुढालाई ०६० पुस ८ गते सुरक्षा गस्तीमा गएका सुरक्षाकर्मीले कुटपिट गर्नुका साथै उनको पसल लुटपाट गरे। माओवादीसँगको दोहोरो भिडन्तपछि गाउँ पसेका

सुरक्षाकर्मीले पसलमा लुटपाट मच्चाएका थिए। पीडितले ३० हजार रुपैयाँ मूल्य बराबरको सामान सुरक्षाकर्मीले लुटेको बताए।

आग्रीगाउँ गाविस-७ का जीतबहादुर सिंहको घर ०६० पुस १० गते सुरक्षागस्तीमा खटिएका सुरक्षाकर्मीले तोडफोड गरे। पीडितको घर०५९ पुस १० गते माओवादीले कब्जामा लिएपछि जीतबहादुर वीरेन्द्रनगरमा बस्दै आएका छन्।

माओवादीबाट

वीरेन्द्रनगर नपा-६ का कानुन व्यवसायी भक्त केसीलाई झुट्टा मुद्दाको पक्षमा बहस पैरवी गरेको आरोपमा ०६० जेठ २२ गते माओवादी महिलाहरूको एक समूहले मोसो दलेर कुटपिट गर्दै बजार परिक्रमा गराए। केसीले माओवादीले आफूलाई अनाहकमा दुःख दिएको पीडितले बताए।

काफलकोट गाविस-४ का २२ वर्षीय गोपाल सिं ठकुरीलाई चन्दा नदिएको आरोपमा ०६० फागुन ११ गते माओवादी कमाण्डर सुरेन्द्रसिं विटालु (क्रान्ति) सहित ४ जनाको समूहमा आएका माओवादीले घरमै कुटपिट गरे।

धुमखहरे गाविस-३ अवलसुर्माका ३३ वर्षीय वीरबहादुर खत्री र सोही गाउँका २५ वर्षीय लालबहादुर विश्वकर्मालाई ०६० असार ७ गते माओवादीले अपहरण गरी कुटपिट गरे। सो घटनायता पीडितद्वय वीरेन्द्रनगरमा बस्दै आएका छन्।

सल्यान जिल्ला कापुरचौर गाविस-१ का दलबहादुर महतरालाई चन्दा नदिएको आरोपमा ०६० साउन ११ गते आफ्नै घरमा माओवादीले मरणासन्न हुनेगरी कुटपिट गरे।

सल्यान जिल्लाको देवस्थल गाविसस्थित एक मन्दिरमा बस्ने ४८ वर्षीय लते जोगीलाई मन्दिरमा पूजाआजा गर्दै आएको भन्ने आरोपमा ०६० साउन २३ गते माओवादीको एक समूहले कपाल मुडिदिनुको साथै कुटपिट गरे।

माहारे गाविस-४ का नोखिलाल वली र युवराज फौजालाई ०६० साउन २७ गते माओवादीले आफ्नो कब्जामा लिए। पीडित नोखिलाललाई कुटपिट गर्दै चार दिनपछि चन्दा लिएर मुक्त गरे भने पूर्व माओवादी कार्यकर्ता फौजालाई एक महिनापछि मुक्त गरे।

वीरेन्द्रनगर नपा-६ का मनबहादुर विष्टलगायत् ७ जना युवकलाई कुनाथरी गाविसको गिरीघाट खोलामा विषादी प्रयोग गरी माछा मारेको आरोपमा माओवादीले ०६० साउन ३१ गते कुटपिट गरे।

खानेखोला गाविस-२ का नेकाँ (प्रजातान्त्रिक) का जिल्ला सदस्य इन्द्रबहादुर चन्दलाई सुराकीको आरोपमा ०६० भदौ ११ गते माओावादीले ज्यानमार्ने धम्की दिए। अघि पनि माओवादीले पीडितको सर्वस्वहरण समेत गरेका थिए।

काफलकोट गाविस-४ काफलकोटका ३२ वर्षीय भुवनसिंह ठकुरीलाई चन्दा नदिएको तथा सुराकीको आरोपमा ०६० भदौ २८ गते माओवादीले कुटपिट गरे। पीडित कुटपिटबाट घाइते भएकोमा एक हप्तापछि मात्र होस खुलेको थियो।

दशरथपुर गाविसका पूर्व प्रधानपञ्च कर्णबहादुर शाहीलाई सुराकीको आरोपमा ०६० असोज १२ गते माओवादीले आगो लगाई घर ध्वस्त पारे। यस अघि पनि माओवादीले उनको सर्वस्वहरण गरेका थिए।

साल्कोट गाविसका माओवादीद्वारा गठित जनसरकार प्रमुख वीरबहादुर दमैलाई पार्टी नीति विपरीत कार्य गरेको आरोपमा ०६० असोज १७ गते माओवादीले कुटपिट गर्नुका साथै मोसो दलेर गाउँ घुमाए।

बाबियाचौर गाविस-५ का भीमबहादुर रावतलाई स्थानीय सामुदायिक वन उपभोक्ता समितिको रकम हिनामिना गरेको आरोपमा ०६० असोज २५ गते माओवादीले ज्यानमार्ने धम्की दिए।

कुनाथरी गाविस-४ र ५ का सुरक्षाकर्मीहरूका परिवारलाई ०६० असोज २६ र २७ गते माओवादीले तत्काल घर छोड्न धम्की दिए। ती दुवै वडाका १ सय ५० भन्दा बढी सुरक्षाकर्मीका परिवारलाई भेला गराई सुरक्षाकर्मीलाई घर नबोलाए घर नै छोड्नुपर्ने धम्की दिएका थिए।

बाबियाचौर गाविस-५ बरैचेका काशीराम थापालाई सुराकी गरेको र चन्दा नदिएको आरोपमा ०६० असोज २७ गते माओवादीले कुटपिट गरे।

बाबियाचौर गाविस-५ बरैचेका २८ वर्षीय धौली सुनारलाई ०६० कार्तिक ७ गते गाउँकै युवासँग विवाह गर्न खोजेको आरोपमा माओवादीले कुटपिट गरे।

धुमखहरे गाविस-३ अवलसुर्माका धनबहादुर खत्रीलाई सुराकीको आरोपमा ०६० कार्तिक ११ गते माओवादीले कुटपिट गरे।

दहचौर गाविस-४ का रामबहादुर घर्ती र रणबहादुर घर्तीलाई ०६० कार्तिक १७ गते तोकिएको चन्दा नदिए तत्काल घर छोड्नुपर्ने धम्की दिए। पीडितद्वयका छोरा शाही नेपाली सेनामा कार्यरत छन्। पीडितहरू हाल घर छोड्न बाध्य भए।

रामघाट गाविस-४ रामघाट बजारमा व्यापार गर्दै आएका दयाराम गिरीको चन्दा नदिएको आरोपमा ०६०

कार्तिक २९ गते माओवादीले ट्रक जलाइदिने धम्की दिए। पीडितबाट माओवादीले एक लाख रुपैयाँ चन्दा मागेका थिए।

तातापानी गाविस-९ का इन्द्रबहादुर जोशीलाई पुरेत्याइँ र झारफुक गरेको आरोपमा ०६० मंसिर ४ गते माओवादीले कुटपिट गरे।

कल्याण गाविस-१ रानागाउँकी भद्रीकला गाहालाई सुराकीको आरोपमा ०६० मंसिर १० गते माओवादीले ज्यानमार्ने धम्की दिए। उनको सर्वस्वहरण पनि गरिएको छ।

विद्यापुर, छाप्रे, बाबियाचौर र खालकोट गाविसका जनतालाई ०६० मंसिर १६ गते माओवादीले आन्तरिक भिसा लागू गरी सो आदेशको पालना नगरे गाउँ छोड्नुपर्ने धम्की दिए।

उत्तरगंगा गाविस-५ राकसपाईलास्थित नेराप्राविमा कक्षा १ मा अध्ययनरत ५ वर्षीय देवबहादुर भण्डारीलाई ०६० मंसिर १७ गते माओवादीले धम्की दिए। सो विद्यालय नजिकै माओवादीले थापेको विद्युतीय धरापको तार काटिदिएको रीसमा माओवादीले ती नाबालकलाई धम्क्याएका थिए। माओवादीले सो प्राविका शिक्षक टिकाराम चौधरीलाई पनि धम्की दिएका थिए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

प्रतिगमनविरुद्ध आन्दोलनरत पाँच दलद्वारा ०६० वैशाख २९ गते वीरेन्द्रनगरमा निकालिएको शान्तिपूर्ण जुलुस तथा ब्ल्याक आउट कार्यक्रममा प्रहरीले लाठिचार्ज गर्दा वीरेन्द्रनगर नपा-९ का २५ वर्षीय सोमबहादुर नेपालीसहित १ दर्जनभन्दा बढी राजनीतिक कार्यकर्ताहरू घाइते भए।

उत्तरगंगा गाविस-८ तातापानीका नेपाल विद्यार्थी संघका केन्द्रीय सदस्य देवकुमार सुवेदीलाई ०६० मंसिर ३ गते प्रतिगमनविरोधी आन्दोलनमा सहभागी भएको अवस्थामा प्रहरीले कुटपिट गरे।

अनेरास्ववियुका केन्द्रीय सदस्य टेकेन्द्र बस्नेत र एमालेका जिल्ला सचिव ऋषिप्रसाद शर्मालाई ०६० पुस ३ गते प्रतिगमनविरुद्ध मसाल जुलुस निकाल्नेक्रममा सुरक्षाकर्मीले कुटपिट गरे।

नेपाल मजदुर किसान पार्टीका जिल्ला अध्यक्ष बमबहादुर शाहीलाई ०६० पुस ३ गते प्रतिगमनविरुद्ध आन्दोलनमा सहभागी भएको आरोपमा प्रहरीले कब्जामा लिई ज्यानमार्ने धम्की दिए।

जनमोर्चा, नेपालका जिल्ला अध्यक्ष रत्नविक्रम प्यासीलाई प्रतिगमनको विरुद्ध आन्दोलनका क्रममा ०६० पुस ३ गते मसाल जुलुस निकाल्ने क्रममा प्रहरीले कुटपिट गरे।

अनेरास्ववियुका जिल्ला सदस्य एकराज शर्मालाई प्रतिगमन विरुद्धको आन्दोलनमा सहभागी भएको अवस्थामा ०६० पुस ३ गते प्रहरीले गिरफ्तार गरी तीन घण्टापछि रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

पुनरावेदन अदालतमा विगतका वर्षको जिम्मेवारी सरेर आएका देवानी ७, फौज्दारी २ र परमादेश ३ वटा गरी १२ वटा मुद्दा रहेका छन्। जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका ११ देवानी, ९ सरकारवादी फौज्दारी र १ परमादेश गरी ३३ वटा मुद्दामध्ये ६ देवानी, ७ फौज्दारी र ४ परमादेशका मुद्दा फर्स्यौट भए। यस वर्ष फर्स्यौट हुनुपर्ने १५ वटा मुद्दा हालसम्म फर्स्यौट हुन सकेका छैनन्। ती मुद्दाहरू चालु अवधिभित्रमा फर्स्यौट गरिसक्नुपर्ने अदालतमा म्याद नाघेका मुद्दाहरू नभएको पुनरावेदन अदालत, सुर्खेतका रजिष्ट्रार कुलप्रसाद शर्माले बताउनु भयो। सुर्खेत, दैलेख र जाजरकोट जिल्ला कार्यक्षेत्र रहेको यो अदालतमा 'जनयुद्ध' को कारण मुद्दाको कमी आएको र भौगोलिक विकटता एवं रीत नपुगेका कारण मुद्दा फर्स्यौटमा केही कमी कमजोरी देखिएको छ।

जिल्ला अदालतमा विगत वर्षबाट जिम्मेवारी सरेर आएका दुनियावादी देवानी १ सय ४९, संक्षिप्त देवानी ४, सरकारवादी फौज्दारी ६३, दुनियावादी फौज्दारी ४७ र संक्षिप्त फौज्दारी २० गरी २ सय ८३ वटा मुद्दा रहेका छन्। यस वर्ष दुनियावादी १ सय ३६, संक्षिप्त देवानी ४, सरकारवादी फौज्दारी ६९, दुनियावादी फौज्दारी ४३ र संक्षिप्त फौज्दारी १५ गरी २ सय ६७ मुद्दा दर्ता भए। ती मध्ये २ सय २१ मुद्दा फर्स्यौट भए भने ३ सय २९ मुद्दा फर्स्यौट हुन सकेका छैनन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

शान्ति सुरक्षाको अभावमा मानिसहरु सदरमुकाम केन्द्रित हुन पुगेका कारण यस वर्ष जिल्लाका बृद्ध, अपांग एवं विधवाहरूले भत्ता पाउन सकेनन्। गाउँ-गाउँमा गई भत्ता वितरण गर्ने कर्मचारीलाई माओवादीले अवरोध पुऱ्याउने गर्नाले नै गाउँ-गाउँमा गएर भत्ता वितरण गर्न नसकिएको जिविसले जनायो।

आर्थिक अधिकार

विद्युत प्राधिकरण शाखा, सुर्खेतको ट्रकमा ०६० कार्तिक १२ गते माओवादीले मेहेलकुना बजारमा मट्टितेल

छर्की आगो लगाई ध्वस्त पारे।

कर्णाली राजमार्गमा निर्माणाधीन ५ सय भन्दा बढी मजदुर तथा पेटीमा ठेक्का लिएका २० जनाभन्दा बढी ठेकेदारहरूलाई सो सडक निर्माणको जिम्मा लिएको चिनिया कम्पनी सिटनो र सल्ल्यान्सी खिम्पातले समयमै रकम भुक्तानी नदिनुका साथै २५ देखि ५० प्रतिशतसम्म घटाई रकम भुक्तानी दिएको मजदुरहरूको गुनासो छ। आफूले पाउनुपर्ने काम अनुसारको रकम भुक्तानीको लागि मजदुर तथा ठेकेदारहरूले पटक-पटक आन्दोलन, धर्ना गरेपनि मागबमोजिमको रकम भुक्तानी दिइएको छैन।

विस्थापित

सालकोट गविस-९ टोकमाका बमबहादुर विकलाई सुराकीको आरोपमा ०६० भदौ १७ गते माओवादीले सर्वस्वहरण गरे। पीडितको १४ जनाको परिवार वीरेन्द्रनगरमा बस्दै आएका छन्।

आग्रीगाउँ गाविस-५ का शिवकुमार बुढालाई सुराकीको आरोपमा ०६० कार्तिक २० गते माओवादीले सर्वस्वहरण गरे। सर्वस्वहरणपछि पीडितको ४ जनाको परिवार विस्थापित भएका छन्।

हरिहरपुर गाविसका पूर्व गाविस अध्यक्ष दलबहादुर खड्कालाई सुराकीको आरोपमा ०६० कार्तिक २४ गते माओवादीले सर्वस्वहरण गरे।

दैलेख जिल्ला पिलाडी गाविस-७ का इन्द्रबहादुर बुढाको परिवारलाई सुराकीको आरोपमा ०६० कार्तिक २९ गते माओवादीले घर छोड्ने धम्की दिए। पीडितको परिवार धम्कीपछि वीरेन्द्रनगरमा बसेका छन्।

अवलचिङ्ग गाविसका पूर्व अध्यक्ष हर्कबहादुर रानालाई सुराकीको आरोपमा ०६० कार्तिक ३० गते माओवादीले सर्वस्वहरण गरे। सर्वस्वहरणपछि पीडितको ६ जनाको परिवार वीरेन्द्रनगरमा बस्दै आएका छन्।

लाटीकोइली गाविस-८ तातापानीका ६४ वर्षीय टेकबहादुर दर्लामीलाई छोरा सेनामा कार्यरत भएको आरोपमा ०६० मंसिर ९ गते माओवादीले घर छोड्ने धम्की दिए। पीडित ४ वर्षदेखि नै माओवादी त्रासका कारण लाटीकोइलीमा बस्दै आएका छन्। उनको घर गढी गाविसमा पर्दछ।

कल्याण गाविस-१ रानागाउँका भिमसेन थापालाई मदिरा सेवन गरेको भन्ने आरोपमा ०६० मंसिर ९ गते र सोही ठाउँकी २१ वर्षीय भद्रीवला गाहालाई ०६० पुस १० गते माओवादीले सर्वस्वहरण गरे। पीडितहरूको परिवार सर्वस्वहरणपछि वीरेन्द्रनगरमा बस्दै आएका छन्।

राकम गाविस-६ पुलजीपका सयौं बासिन्दाहरूलाई ०६० पुस ८ गते माओवादीले घर छोड्नुपर्ने धम्की दिए। माओवादीले मिर्मिरे उज्यालोसँगै सेनासँग भिडन्त गर्न ठाउँ खाली गर्नको लागि त्यहाँका बासिन्दालाई घर छोड्न लगाएका थिए।

यस वर्ष ४ सय ५० आन्तरिक र अन्य जिल्लाका १ सय २० भन्दा बढी घरपरिवारका ३ हजारभन्दा बढी जनता विस्थापित भए। मध्यपश्चिमको क्षेत्रीय सदरमुकामसमेत रहेको सुर्खेत जिल्लामा विशेषगरी दैलेख, कालिकोट, जुम्ला र जाजरकोटका बासिन्दाहरू असुरक्षाका कारण विस्थापित हुँदै आएका छन्।

गत आर्थिक वर्ष ०५९/६० मा ४ हजार ५ सयका दरले २ सय ७२ घर परिवारलाई विस्थापित भत्ता वितरण गरिएको भए पनि यस वर्ष भने भत्ता वितरण नगरिएको जिल्ला प्रशासन कार्यालयका अधिकृत शेखर अधिकारीले बताए। उनका अनुसार यस वर्ष ५२ जना विस्थापितहरूको लागि विस्थापित भत्ता माग गरिएको भए पनि गृह मन्त्रालयले हालसम्म पठाएको छैन। ०६० साउनमा सुरक्षा समितिको बैठकले ती ५२ जना विस्थापितहरूको लागि आवश्यक खर्च माग गरेको थियो। माओवादी त्रासका कारण घर छोड्न बाध्य भएकाहरु भत्ताका लागि जिल्ला प्रहरी कार्यालय धाउने गरेका छन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

दशरथपुर गाविस दशरथपुर बजारबाट माओवादी कार्यकर्ता इनाम भनिने धनबहादुर विश्वकर्मा र विद्रोही भनिने नन्दा बस्नेतलाई ०५९ फागुन ५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी छिन्चुस्थित सुरक्षा बेस क्याम्पमा ल्याई अमानवीय अपशब्द प्रयोग गर्दै यातना दिई फागुन ७ गते रिहा गरे।

वीरेन्द्रनगर बजारबाट माओवादी जिल्ला संगठन समिति, सुर्खेतका सदस्यहरू संगीन भनिने थम्मर विष्ट र जितेन्द्र भनिने कृष्ण जिसीलाई चन्दा असुली गरेको आरोपमा ०६० जेठ २६ गते दिउँसो प्रहरीले गिरफ्तार गरी स्थानीय व्यापारीहरूबाट चन्दा असुलेको प्रमाण फेला नपरेपछि २ हप्ता हिरासतमा राखी रिहा गरे।

लाटीकोइली गाविस-९ पदमपुरकी माओवादी कार्यकर्ता दिपा वली र नाम नखुलेको एक पुरुषलाई ०६० साउन २४ गते छिन्चुस्थित सुरक्षा बेस क्याम्पबाट खटिएका सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। छिन्चुस्थित सुरक्षा बेस क्याम्पमा ती दुवैजनालाई राखिएको भए पनि आफन्तहरूलाई भेटघाट गर्न नदिइएको दिपाका आफन्तले बताए।

वीरेन्द्रनगर नपा-१० खजुराका ट्रक ड्राइभर भेषराज जी.सी. र सोही ट्रकका खलासी खगेन्द्र सुनारलाई ०६० कार्तिक २४ गते प्रहरीले गिरफ्तार गरी यातना दिए। वीरेन्द्र बहुमुखी क्याम्पसमा बीएड प्रथम वर्षको परीक्षाका लागि सुरक्षार्थ खटिएका प्रहरीमाथि गोली चलाउन ट्रकको आड लगाउन सजिलो पारिदिएको भन्ने आरोप लगाइएको थियो।

अनेरास्ववियु (क्रान्तिकारी) का ईश्वरभक्त विश्वकर्मालाई ०६० साउन १५ गते प्रहरीले वीरेन्द्रनगर बजारबाट गिरफ्तार गरी २ दिनसम्म यातना दिई रिहा गरे। पीडितका अनुसार २ वटा छाता, केही पाठ्यपुस्तक प्रहरीले कब्जामा राखेको छ।

दैलेख जिल्ला नाउले कटुवाल गाविस-१ घर भई वीरेन्द्र बहुमुखी क्याम्पसमा अध्ययनरत दिनेश खड्कासहित ४ जना सर्वसाधारणलाई माओवादीको आशंकामा ०६० भदौ २० गते प्रहरीले गिरफ्तार गरे। सो घटनाको लगत्तै इन्सेकको पहलमा खड्कासहित ४ जनालाई प्रहरीले रिहा गरे।

लेखपराजुल गाविस-६ कुन्नीपानीका धनबहादुर कामीलाई माओवादीको आरोपमा ०६० भदौ २६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई दुई महिनापछि रिहा गरियो।

दैलेख जिल्ला चौगठा गाविस-३ का २० वर्षीय विमल चन्दलाई माओवादीको आरोपमा ०६० भदौ ३० गते वीरेन्द्रनगरबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई ७ दिनपछि रिहा गरियो।

सुर्खेत शिक्षा क्याम्पसका प्रमुख पिताम्बर ढकाल, सहायक क्याम्पस प्रमुख मिथिलेश्वर कुमार लाल कर्ण तथा बीएड तेस्रो वर्षमा अध्ययनरत वीरबहादुर थापा लगायतलाई ०६० कार्तिक २४ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। प्रमुख तथा सहायक क्याम्पस प्रमुखलाई मानसिक यातना दिँदै चार घण्टापछि रिहा गरियो भने अन्यलाई भोलिपल्ट रिहा गरियो।

वीरेन्द्रनगर नपा-४ भैरवस्थानका शिक्षक रमेश गौतमलाई "तपाईंसँग केही बुझ्नु छ" भनी माओवादीको आरोपमा ०६० भदौ १४ गते साँझ सादा पोशाकमा गएका सेनाले घरबाटै गिरफ्तार गरी सुर्खेतस्थित ४ नं. बाहिनी अड्डामा १ महिना हिरासतमा राखी असोज १६ गते रिहा गरे।

लेखफर्सा गाविस-९ स्थित आदर्श माविका शिक्षक महानन्द अर्याललाई माओवादीको आरोपमा ०६० असोज २ गते विद्यालयबाट घर फर्कंदै गर्दा सुरक्षाकर्मीले गिरफ्तार गरी छिन्चुस्थित सुरक्षा बेस क्याम्पमा हिरासतमा राखी हप्ता दिनपछि रिहा गरे।

वीरेन्द्रनगर नपा-६ का पुनरावेदन अदालत बार एशोसिएसनका सचिव अधिवक्ता नन्द भण्डारीलाई लाटीकोइली गाविस-९ मुस्त बकससँग भएको सामान्य विवादका कारण ०६० असोज ७ गते प्रहरीले गिरफ्तार गरी १ रातभर हिरासतमा राखी रिहा गरे।

वीरेन्द्रनगर नपा धुलियाविट चोकमा नेपालगञ्जबाट सुर्खेततर्फ आइरहेका ठेगाना नखुलेका पूर्णबहादुर थापालाई माओवादीको आशंकामा जाँचमा खटिएका प्रहरीले ०६० असोज ३ गते दिउँसो गिरफ्तार गरी केही दिनसम्म हिरासतमा राखी रिहा गरे।

जाजरकोट जिल्ला जुंगाथापाचौर गाविस-८ का गणेशबहादुर शाहीलाई माओवादीको आरोपमा ०६० मंसिर २१ गते वीरेन्द्रनगरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई भोलिपल्ट रिहा गरियो।

दहचौर गाविस-५ पिप्लेका तसबहादुर पुनलाई ०६० पुस ११ गते काठमाडौं गई मजदूरी गर्ने उद्देश्यले हिंडेको अवस्थामा माओवादीको आरोपमा छिन्चु बजारबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हालसम्म रिहा गरिएको छैन।

बालअधिकार

लाटीकोइली गाविस-३ का ८ वर्षीय रोशन चौधरी, ८ वर्षीय कमल भण्डारी, ९ वर्षीय ललित चौधरी र ११ वर्षीय लेखबहादुर चौधरीलाई ०५९ चैत ४ गते सोही गाविस-४ का पुष्प कोइराला र चेतन योगीले यौन दुर्व्यवहार गरे। पीडित बालकहरूलाई खुकुरी देखाई धम्की काँक्रे बिहारको जंगलमा लगी सो कार्य गरेका थिए। पीडकहरूले पीडित बालकहरूलाई आफ्नो पिसाब समेत खुवाएका थिए। घटना सार्वजनिक गरेमा मारिदिने धम्की समेत दिएको कुरा पीडितहरू बताउँछन्। इन्सेकको पहलमा पीडितहरूले हालै जिल्ला अदालतमा मुद्दा दायर गरेका छन्।

लाटीकोइली गाविस-९ की १४ वर्षीय साल्मा खातुनलाई ०६० वैशाख ६ गते सोही ठाउँका मुल्ली वकस र साबेरा व.दी. ले ललाई फकाई बर्दिया जिल्ला सानोश्री गाविस-६ का २५ वर्षीय महम्मद अलिसँग विवाह गराइदिए। पीडित बालिकाले विवाह बदरका लागि जिल्ला अदालतमा मुद्दा दिएकी छन्।

वीरेन्द्रनगर नपा-१ का ११ वर्षीय शर्मा नेपालीलाई चोरीको आरोपमा ०६० साउन २४ गते प्रहरीले गिरफ्तार गरी तीन दिन हिरासतमा राखेर रिहा गरियो।

दहचौर गाविस-२ का चुदरे दर्लामीसहित २५ जना बालकहरूलाई माओवादीले सैन्यका रुपमा प्रयोग गरेका

छन्। माओवादीले ती बालकलाई अवलचिङ्मा युद्धकलासम्बन्धी तालिम दिइरहेका थिए। उनीहरूको तालिम ०६० साउन महिनादेखि असोज महिनासम्म संचालन भएको थियो।

उत्तरगंगा गाविस-९ की ८ वर्षीय एक बालिकालाई ०६० कार्तिक १० गते दिउँसो वीरेन्द्रनगर नपा-१० का टोपबहादुर श्रेष्ठले अपहरण गरी काक्रेबिहारको जंगलमा पुऱ्याई बलात्कार गरे। पीडक फरार छन्।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दुर्व्यवहार

वीरेन्द्रनगर नपा-११ की १८ वर्षीय एक युवतीलाई ०६० जेठ २ गते सोही ठाउँका बुद्धिबहादुर सार्कीले बलात्कार गरे। पीडक फरार छन्।

जाजरकोट जिल्ला घर भएकी १७ वर्षीय एक युवतीलाई ०६० भदौ १२ गते जर्बुटा गाविस-१ का कमल मल्लसहित तीन जना युवकले साताखाने गाविस-४ को जंगलमा बलात्कार गरे। पीडितलाई २० हजार रुपैयाँ दिई पीडकहरू उम्कन सफल भए।

वीरेन्द्रनगर नपा-६ की एक महिलालाई ०६० भदौ २४ गते उनकै जेठाजु खड्गबहादुर सार्कीले बलात्कार गर्ने प्रयास गरे।

यस वर्ष यो जिल्लामा पारिवारिक हिंसाका सार्वजनिक भएका घटनाहरुमा महिलाहरुलाई आफ्नै पतिद्वारा कुटपिट गरिएका थिए।

लेखपराजुल गाविस-८ डुङ्गीखोलाकी सुमित्रा विक (श्रेष्ठ) लाई ०६० मंसिर १४ गते आफ्नै पति ज्ञानबहादुर श्रेष्ठ र सासु विष्णुकुमारी श्रेष्ठले तल्लो जातको भनी घरबाट निकाले। विगत दुई वर्षदेखि श्रेष्ठले मितेनी छोरी नाता पार्ने सुमित्रालाई प्रेमजालमा फसाई ८ महिनाको गर्भसमेत बोकेको र घरमा जाँदा उनीहरूले सुमित्रालाई घरबाट निकाला गरिदिएका थिए। श्रेष्ठ परिवारले सुमित्राको परिवारलाई समेत ज्यानमार्ने धम्की दिएको पीडित परिवार बताउँछन्। सुमित्राले ०६० मंसिर २९ गते जिल्ला अदालतमा अंश मुद्दा दायर गरेकी छिन्।

घाटगाउँ गाविसमा संगीता उपनामले चिनिने माओवादी कार्यकर्तालाई ०६० जेठ १२ गते माओवादीले दिसा खुवाई अमानवीय व्यवहार गरे। घाटगाउँ गाविसका माओवादी कमान्डरका भाइसँग यौन सम्पर्क गरेको आरोपमा माओवादीद्वारा उक्त अमानवीय कार्य गरिएको थियो। पीडित माओवादीको कब्जामै छन्।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

प्रगतिशील लेखक संघ, सुर्खेतका सदस्य एवम् शिक्षक रमेश गौतमलाई सुरक्षाकर्मीले बेपत्ता पारेको घटनाको विरोध गर्दै प्रगतिशील लेखक संघले ०६० भदौ २१ गते प्रेस विज्ञप्ति जारी गऱ्यो।

उत्तरगंगा गाविस-८ की ८ वर्षीय एक बालिकालाई वीरेन्द्रनगर नपा-१० का टोपबहादुर श्रेष्ठले बलात्कार गरेको घटनाको निन्दा गर्दै दोषीमाथि कारवाही हुनुपर्ने माग गर्दै ०६० कार्तिक २० गते इन्सेक, सिभिक्टलगायत १२ वटा संघ-संस्थाले संयुक्त विज्ञप्ति जारी गरे।

नेकपा (एमाले) इलाका नं. २ का सचिव टिकाराम सुवेदीलाई माओवादीले अपहरण गरेको घटनाको विरोध गर्दै तत्काल मुक्त गर्नुपर्ने मागका साथ नेकपा (एमाले) ले ०६० मंसिर २७ गते एक विज्ञप्ति जारी गऱ्यो।

लेखपराजुल गाविस-८ की सुमित्रा श्रेष्ठ (विक) लाई तल्लो जातको भनी पति ज्ञानबहादुर श्रेष्ठले अलपत्र पारेको घटनाको विरोधमा एसडीसी, नेपाल दहचौरले ०६० मंसिर २९ गते प्रेस विज्ञप्ति जारी गऱ्यो।

संरचना क्षति

उत्तरगंगा गाविस-८ तातोपानी स्थित जय माँ लक्ष्मी तेल उद्योगमा ०६० असोज ३० गते माओवादीले बम विस्फोट गराए।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष झुण्डिएर १० जनाले, विष सेवन गरेर ७ जनाले र आगो लगाई ३ जनाले आत्महत्या गरे भने व्यक्तिगत रिसइवीका कारण ७ जनाको हत्या भयो।

४.९ जाजरकोट



जनसंख्या :१३९९६८०
साक्षरता प्रतिशत :३९.३६
महिला साक्षरता प्रतिशत :२८.९३
क्षेत्रफल (वर्ग कि.मी.) :२२३०
गाविस/नपा संख्या :३०/०
निर्वाचन क्षेत्र :२
विद्यालय :२३८
क्याम्पस/उच्च मावि :१/१
अस्पताल/स्वास्थ्य चौकी :२/३२
टेलिफोन लाइन :२
मोटर सडक (कि.मी.) :१०७
प्रहरी कार्यालय संख्या :१
हुलाक संख्या :१
मानव विकास सूचकांक :०.२१०
प्रति एक डाक्टर जनसंख्या :४४९५६
प्रति परिवार सरदर संख्या :५.४९

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

खलंगा-८ पिपेकी १४ वर्षीय मिरा दमाईलाई माओवादीको आशंकामा ०५९ पुस २२ गते ११ बजे सुरक्षाकर्मीले गिरफ्तार गरी सोही गाविस-९ रावतगाउँस्थित भेरी नदी किनारमा गोली हानी हत्या गरे।

माओवादीबाट

कोर्ताङ गाविस-२ कोर्ताङका २८ वर्षीय भक्तबहादुर सिंहलाई मादक पदार्थ सेवन गरेको आरोपमा ०६० कार्तिक ११ गते माओवादीले मजकोट गाविस-१ बाट आफ्नो कब्जामा लिई कुटपिट गरे। कुटपिटकै कारण कार्तिक १९ गते पीडितको मृत्यु भयो।

दोहोरो भिडन्त

रग्दा गाविस-१ ताँत्रामा आफैले बोकेको बम विस्फोटन हुँदा ०५९ माघ २८ गते माओवादी कार्यकर्ता भगवती गाविस-४ का शक्तिबहादुर बस्नेत, रग्दा गाविस-७ का विष्णु बस्नेत, सोही गाविस-६ का पूर्णबहादुर मल्ल र सोही गाविस-२७ का देवीलाल मल्लको मृत्यु भयो।

डाँडागाउँ गाविस-८ छेप्कास्थित नि:शुल्क स्वास्थ्य शिविर संचालन गर्न हिँडिरहेको सुरक्षाकर्मीमाथि ०६० असार ४ गते अपरान्ह ३ बजे खगेनकोट गाविस-१ दल्लीबाट माओवादीले गोली चलाउँदा दोहोरो भिडन्त हुन गई दैलेख जिल्ला घर भएका माओवादी सैन्य कमाण्डर गजेन्द्र दर्लामी सुन्दरको मृत्यु भयो।

खगेनकोट गाविस-२ काँडादल्लीका ३५ वर्षीय पूर्णबहादुर गिरीको ०६० असार ४ गते अपरान्ह ३.१७ बजे सुरक्षाकर्मी र माओवादीबीच भएको दोहोरो भिडन्तमा परी मृत्यु भयो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

सक्ला गाविस-२ घर भई हाल खलंगा गाविस-२ थाप्लेमा बस्दै आएकी २८ वर्षीय विष्णुमाया विक सोही ठाउँस्थित अस्थायी प्रहरी चौकी परिसरमा प्रहरीद्वारा बिच्छ्याइएको बम ०६० मंसिर १४ गते विस्फोट हुँदा घाइते भइन्।

माओवादीबाट

नवलपरासी जिल्ला घर भई वीरदल गुल्म, जाजरकोटमा कार्यरत अ. म. सजन चौधरी ०६० भदौ १७ गते बिहान ९.४५ बजे खलंगा गाविस-४ पासागारमा माओवादीले बिच्छ्याएको विस्फोटनमा परी गम्भीर घाइते भए।

जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान लक्ष्मीराम दर्लामी र दिपक चन्द ०६० मंसिर ५ गते बिहान खलंगा गाविस-२ माथिल्लो थाप्लेमा माओवादीद्वारा गरिएको बम विष्फोटमा परी घाइते भए।

जेल र बन्दीहरु

यस जिल्लाको जेल "घ" श्रेणीको हो। २५ जना बन्दी क्षमता भएको यस जेलमा हाल २ जना बन्दी छन्। जेलबाहिर कम्पाउण्ड भएता पनि त्यति फराकिलो भने छैन। कम्पाउण्डभित्र बन्दीहरुलाई बिहान १० बजेदेखि

बेलुका ५ बजेसम्म छोडिने गरिएको छ। जेलभित्र पुस्तकालयको व्यवस्था हुनुपर्ने कुरा बन्दीहरू बताउँछन्।

बन्दीहरूमध्ये एक जनाको कैद तोकिएको छ भने एकजना शान्ति सुरक्षा ऐनअन्तर्गत थुनामा रहेका छन्।

बेपत्ता / अपहरण

माओवादीबाट

रामीडाँडा गाविस-८ का पृथीलाल जोतीलाई ०५९ पुस १८ गते, सक्ला गाविस-२ कोल्लेनीका निवर्तमान वडाध्यक्ष ज्ञानी सिंहलाई माघ १० गते, रामीडाँडा गाविस-८ रामीडाँडाका १५ वर्षीय धर्मराज जोतीलाई फागुन ११ गते र सोही ठाउँका १८ वर्षीय कवारी जोतीलाई फागुन १३ गते आफ्नो पार्टीलाई आर्थिक सहयोग नगरेको आरोपमा माओवादीले अपहरण गरे। पीडितहरूलाई केही दिनपछि मुक्त गरियो।

सक्ला गाविस-२ सेजुखोलाका विश्व हिमाल प्राविका शिक्षक लकबहादुर सिंहलाई ०५९ माघ २४ गतेदेखि माओवादीले नजरबन्दमा राखेका छन्।

ढिमे गाविस-१ का पृथीबहादुर चन्दलाई ०५९ पुस २६ गते, खलंगा गाविस-१ का उमेश सिंहलाई माघ १२ गते, सोही ठाउँका प्रदिप श्रेष्ठलाई माघ १२ गते खलंगा-६ रिसाङ्बाट र खलंगा-१ भगवती टोलकी पुष्पा सिंहलाई खलंगा-६ भ्यालिखेतबाट माओवादीले अपहरण गरी केही दिनपछि मुक्त गरे।

साल्मा गाविस-४ का निवर्तमान अध्यक्ष कालीवहादुर खड्कालाई राजनीतिक पूर्वाग्रहका कारण ०५९ फागुन १४ गतेदेखि माओवादीले नजरबन्दमा राखेका छन्।

लहँ गाविस-३ कोठी गाउँका बलबहादुर बानियाँले आफ्नो पत्नी हुँदाहुँदै सहोदर भाउजुलाई ०५९ चैत ७ गते विवाह गरेको आरोपमा ०५९ चैत १३ गते माओवादीले अपहरण गरेकोमा हाल मुक्त गरिएको छ।

खलंगा गाविस-१ भगवती टोलकी ४८ वर्षीय भूमिदेवी सिंहलाई खलंगा गाविस-६ दारबाट माघ १५ गते, लक्ष्मी प्रावि खुर्पाका शिक्षक कृष्णबहादुर विष्टलाई माघ २८ गते, ढिमे-१ दमदालाका कर्णबहादुर थापा, सोही ठाउँका पशुपति निमाविका शिक्षक धर्मबहादुर थापा र खलंगा गाविस-५ राङ्सीका धर्मबहादुर वलीलाई माघ २९ गते र ढिमे गाविस-५ का रामबहादुर शाहीलाई ०५९ फागुन-८ गते माओवादीले आ-आफ्नै घरबाट अपहरण गरी केही दिनपछि मुक्त गरे।

रामीडाँडा गाविस-४ सिल्पाचौरका जयवान थापालाई ०६० वैशाख ४ गते, लहँ गाविस-९ गर्छिनाका चन्द्रबहादुर घर्ति, सोही ठाउँका गोविन्द घर्ति, मानबहादुर रोकाया र निमबहादुर घर्तिलाई परम्परागत विवाह गराएको आरोपमा ०६० वैशाख २६ गते माओवादीले अपहरण गरे। पीडितहरूलाई अलग-अलग मितिमा मुक्त गरियो।

भाप्रा गाविस-१ का लोकेन्द्र खत्री र सोही ठाउँका लालबहादुर चदारालाई ०६० वैशाख १४ गते आ-आफ्नै घरबाट माओवादीले अपहरण गरी केही दिनपछि मुक्त गरे।

डाँडागाउँ गाविस-८ करुवाका १८ वर्षीय चन्द्रबहादुर घर्ति र उनकै पत्नी १७ वर्षीया शिला रोकायालाई ०६० वैशाख २६ गते परम्परागत तरिकाले विवाह गरेको आरोपमा माओवादीले अपहरण गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	२	२		२	२	५			५	४	१०	१	११
घाइते					२	३			३	१		१	१
बम विस्फोटन					३			३	३				
गिरफ्तारी/ यातना										१४	२७		२७
कुटपिट	५	७		७	५	६			६	१	१		१
धम्की					४६	३०	२	७७०	८०२	२	२		२
महिलाअधिकार	११		११	११	१		१		१	२		३	३
बालअधिकार	१५	१५		१५	१	१			१				
आर्थिक/ सामाजिक/ सांस्कृतिक अधिकार					५	१		४	५				
अमानवीय व्यवहार					३	३			३				
अपहरण					९६	१००	९		१०९				
जम्मा	३३	२४	११	३५	१६४	१४९	१२	७७७	९३८	२४	४०	५	४५

पीडितहरूमध्ये शिलालाई सोही दिन र चन्द्रबहादुरलाई ८ दिनपछि मुक्त गरियो।

डाँडागाउँ गाविस-८ का ३२ वर्षीय कमल साहलाई ०६० वैशाख ३० गते, १६ वर्षीय वीरबल रोकाया र १७ वर्षीय गणेश थापालाई बैशाख ३१ गते र स्याँना पुनलाई जेठ १ गते परम्परागत विवाह गरेको आरोपमा माओवादीले अपहरण गरी केही दिनपछि मुक्त गरे।

नायकवाडा गाविस-३ मैनाका बलबहादुर बोहोरालाई ०६० जेठ ५ गते घरमै बसेको समयमा माओवादीले अपहरण गरे। पीडितलाई केही दिनपछि मुक्त गरियो।

खगेनकोट गाविस-२ काँडादल्लीका ३७ वर्षीय नेत्रबहादुर गिरी र ३० वर्षीय बलराम गिरीलाई मादक पदार्थ सेवन गरेको आरोपमा ०६० जेठ २ गते माओवादीले अपहरण गरे। पीडितहरूलाई जेठ ७ गते मुक्त गरियो।

जगतीपुर गाविस-१ पाखेमटेलाका ३९ वर्षीय नन्दे राना र सोही ठाउँका ३७ वर्षीय दलबहादुर रानालाई आपसमा विवाद गरेको आरोपमा ०६० जेठ १९ गते बिहान घरमै बसिरहेको अवस्थामा माओवादीले अपहरण गरे। पीडितहरूलाई जेठ २४ गते मुक्त गरियो।

नायकवाडा गाविस-७ नायकवाडाका ३६ वर्षीय हरिबहादुर सिंहलाई ०६० जेठ २८ गते र जुम्ला थापाचौर गाविस-४ नान्नेका नेकाँ (प्रजातान्त्रिक) का जिल्ला सदस्य एवम् महाधिवेशन प्रतिनिधि ३४ वर्षीय कृष्ण रेग्मीलाई ०६० असार १ माओवादीले अपहरण गरे। पीडितहरूलाई अलग-अलग समयमा मुक्त गरियो।

लहँ गाविस-४ खालचौरका २९ वर्षीय माधव रावललाई ०६० असार ४ गते, गुल्मी घर भई हाल खगेनकोट गाविस-७ स्थित प्रावि कायामैदेमा कार्यरत शिक्षक कृष्ण ज्ञवालीलाई ०६० असार १० गते र नायकवाडा गाविस-१ का जसवीर बुढालाई माओवादीले अपहरण गरे। पीडितहरूलाई मुक्त गरिएको छ।

साल्मा गाविस-१ का इन्द्र ज्योति प्राविका अध्यक्ष परिबहादुर रावतलाई ०६० असार ८ गते र रामीडाँडा-९ का विर्खबहादुर नेपालीलाई ०६० असार १४ गते आफूहरूलाई आर्थिक सहयोग नगरेको आरोपमा माओवादीले अपहरण गरे। पीडितहरूलाई कुटपिट गरी केही दिनपछि मुक्त गरियो।

रामीडाँडा गाविस-९ का विश्वबहादुर नेपालीलाई आफूहरूलाई सहयोग नगरेको आरोपमा ०६० असार १४ गते माओवादीले अपहरण गरेकोमा हाल मुक्त गरिएको छ।



सुरक्षाकर्मीको भिडन्तमा मारिएका पूर्णबहादुर गिरी

गर्खाकोट गाविस-१ मटेलाका पदमबहादुर शाही र उनकै पत्नी लीली शाहीलाई बहुविवाह गरेको आरोपमा ०६० असार १६ गते माओवादीले अपहरण गरी दुवैलाई असार २६ गते मुक्त गरे।

रामीडाँडा गाविस-१ का जसवीर बुढालाई आफूहरूलाई अन्न सहयोग नगरेको आरोपमा ०६० असार १७ गते माओवादीले घरमै बसेको समयमा अपहरण गरेकोमा हाल मुक्त गरिएको छ।

खलंगा गाविस-६ रिसाङ्गका शेरबहादुर रावतलाई नक्कली माओवादी बनी गाउँमा लुटपाट मच्चाएको आरोपमा ०६० असार १७ गते माआवोदीले अपहरण गरी असोज १९ गते मुक्त गरे।

रामीडाँडा गाविस-१ का १५ वर्षीय धर्मराज जोतीलाई ०६० असार १७ गते, अर्छानी गाविस-५ बस्ने सोही गाविसका सचिव पृथीबहादुर बस्नेतलाई ०६० असार २३ गते जिल्ला पहरी कार्यालय जाजरकोटमा कार्यरत प्रहरी जवान वीरबहादुर थापालाई ०६० असार १४ गते, खलंगा गाविस-२ स्यालाका गणेशबहादुर वलीलाई ०६० साउन १४ गते आ-आफ्नै घरवाट र सोही ठाउँका २५ वर्षीय दलबहादुर बुढालाई ०६० असार १८ गते माओवादीले अपहरण गरे। पीडितहरूलाई मुक्त गरिएको छ।

गर्खाकोट गाविस-१ मटेलाका कला वस्नेतलाई वोक्सीको आरोपमा ०६० असार १८ गते दिउँसो माओवादीले अपहरण गरी मुक्त गरे।

कार्कीगाउँ गाविस-१ काप्तोलाका ३० वर्षीय मानबहादुर सिंहलाई ०६० साउन ८ गते, सोही ठाउँका २१ वर्षीय पवित्रा सिंहलाई ०६० साउन ११ गते जुम्लाथापाचौर गाविस-५ बाट अपहरण गरे। सोही गाविस-३ काँडाका पदमबहादुर अधिकारीलाई ०६० साउन १३ गते, रोकायागाउँ गाविस-१ रोकाया गाउँका विष्णु पुनलाई ०६० साउन २६ गते घरमै बसेको अवस्थामा र गर्खाकोटा गाविस-५ मैपका तुलराज शाहीलाई विभिन्न खाले आरोपहरू लगाउँदै ०६० भदौ ५ गते माओवादीले अपहरण गरे। पीडितहरूलाई हाल मुक्त गरिएको छ।

अर्छानी गाविस-८ ताङ्गाचौरका भगवती शाहीलाई ०६० असार १ गते, पजारु गाविस-३ का १८ वर्षीय भगवती सिंहलाई वैशाख ३० गते, सोही ठाउँका गोरखबहादुर बुढालाई असार २८ गते, टालेगाउँ गाविस-१ टालेगाउँका ३८ वर्षीय वीरवहादुर सिंहलाई साउन १७ गते र टालेगाउँ गाविस-७ तिमिलधाराका २२ वर्षीय कृष्णबहादुर सिंहलाई

विभिन्नखाले आरोपहरू लगाई माओवादीले अपहरण गरे। पीडितहरूलाई हाल मुक्त गरिएको छ।

पजारु गाविस-८ घोगीबरलेका २४ वर्षीय करवीर चदारालाई ०६० भदौ २१ गते माओवादीले अनिश्चित कालसम्मका लागि नजरबन्दमा राखेका छन्। सोही गाविस-८ घागीका २१ वर्षीय मानबहादुर बुढा र सोही गाविस-१ का राप्रपाका जिल्ला अध्यक्ष धनबहादुर अधिकारीलाई भदौ २२ गते, रग्दा गाविस-१ का भीमबहादुर मल्ललाई भदौ २४ गते र गर्खाकोट गाविसका निवर्तमान अध्यक्ष देव खड्कालाई भदौ २९ गतेदेखि अनिश्चित कालसम्मका लागि माओवादीले नजरबन्दमा राखेका छन्।

खगेनकोट गाविस-५ हल्चौरका हर्के जैशीलाई भदौ पूर्णिमा मनाउन लागेको आरोपमा ०६० भदौ २८ गते माओवादीले अपहरण गरे। पीडितलाई असोज १ गते मुक्त गरे।

ढिमे गाविस-५ का हर्कबहादुर सिंहलाई ०६० असोज २ गते, नायकवाडा गाविस-३ जिरीका कालो रावतलाई भदौ २६ गते, खगेनकोट गाविस-५ हलचौरका हर्के जैसीलाई भदौ २८ गते, सुवानाकली-२ आफगानका सेरबहादुर रावतलाई असोज ४ गते, खलंगा गाविस-९ का तिलकबहादुर राना, सोही गाविस-९ पिपेका २३ वर्षीय वहादुरे खत्री र भुमे रानालाई असोज ९ गते, सोही गाविस-९ रावतगाउँका धनबहादुर रावत र खलंगा गाविस-३ फूलवारीका २२ वर्षीय रामप्रसाद शर्मालाई असोज १२ गते माओवादीले अपहरण गरी कुटपिट गरे। हाल पीडितहरूलाई मुक्त गरिएको छ।

पैंक गाविस-१ का २९ वर्षीय सुरेश आरसीलाई ०६० असोज १८ गते, गर्खाकोट गाविस-२ गर्खाकोटका धर्मबहादुर शाहलाई असोज १८ गते, सोही ठाउँका २२ वर्षीय टिकाराम शाही र १७ वर्षीय कालीबहादुर शाहीलाई असोज २० गते, इन्द्रवहादुर शाहीलाई असोज २१ गते, रेशम शाहीलाई असोज २२ गतेर २२ वर्षीय पदमवहादुर शाही र १६ वर्षीय कृष्णबहादुर शाहीलाई असोज २३ गते माओवादीलाई सहयोग नगरेको र मादक पदार्थ सेवन गरी आपसमा विवाद गरेको आरोपमा आ-आफ्नै घरबाट माओवादीले अपहरण गरी श्रम जेलमा राखे। पीडितहरूलाई १० दिनपछि मुक्त गरियो।

जगतीपुर गाविस-१ मटेलाका हरिप्रसाद शर्मालाई ०६० असोज २७ गते तथा पुतला शर्मा, ज्ञानीप्रसाद शर्मा, कृष्णप्रसाद शर्मा, कृष्ण शाही र गोपाल सुनारलाई ०६० असोज १७ गते सुरक्षाकर्मीलाई लक्षित गरी विच्छ्याइएको बम गाउँबाट निकाली फ्याँकेको आरोपमा माओवादीले अपहरण गरी केही दिनपछि मुक्त गरे।

नायकवाडा गाविस-१ का घमण्ड शाहीलाई ०६० असोज २८ गते, कार्कीगाउँ गाविस सचिव मोतिलाल खत्रीलाई कार्तिक ७ गते, गर्खाकोट गाविस-५ मैपका २५ वर्षीय गिता शाहीलाई कार्तिक ८ गते र पुन्मा गाविस-९ का जनकबहादुर डाँगीलाई कार्तिक १२ गते आफूहरूलाई सहयोग नगरेको आरोपमा माओवादीले अपहरण गरे। पीडितहरूमध्ये गितालाई हालसम्म मुक्त गरिएको छैन भने अन्यलाई मुक्त गरिएको छ।

भूर गाविस-२ पौरीका १७ वर्षीय प्रविण खत्रीलाई सुराकीको आरोपमा ०६० कार्तिक ८ गते घरबाट माओवादीहरूले अपहरण गरी कार्तिक १० गते मुक्त गरे।

कार्कीगाउँ गाविस-७ व्यानवाडाका ३१ वर्षीय मानसिंह खत्रीलाई सुराकीको आरोपमा ०६० कार्तिक ११ गते माओवादीले अपहरण गरी कार्तिक १३ गते मुक्त गरे।

पुन्मा गाविस-९ का नारायणी मावि, कार्कीगाउँमा कार्यरत शिक्षक जनकबहादुर डाँगीलाई मादक पदार्थ सेवन गरेको आरोपमा ०६० कार्तिक १२ गते माओवादीहरूले अपहरण गरी केही दिनपछि मुक्त गरे।

खलंगा गाविस-२ स्याँलाकी १६ वर्षीय धनमाया विकलाई सुराकीको आरोपमा ०६० कार्तिक १७ गते विहान सोही गाविस-८ पिप्लेबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई पुस १ गते सोही ठाउँबाट मुक्त गरे।

खलंगा गाविस-१ घर भई प्राथमिक स्वास्थ्य केन्द्र, गर्खाकोटमा कार्यरत ग्रामीण स्वास्थ्य कार्यकर्ता

माओवादीद्वारा अपहरण गरिएका गीता शाही, कृष्ण रेग्मी, रामप्रसाद शर्मा र होमजंग शाह

गोविन्दबहादुर वलीलाई आफ्नो पार्टीलाई आर्थिक सहयोग नगरेको आरोपमा ०६० कार्तिक २१ गते माओवादीहरूले गर्खाकोट गाविस-१ बाट अपहरण गरी कार्तिक २३ गते मुक्त गरे।

खलंगा गाविस-१ का उद्योग वाणिज्य संघका जिल्ला अध्यक्ष होमजंग शाहलाई सुराकीको आरोपमा ०६० कार्तिक २९ गते सोही गाविस-९ घोयलनेटाबाट माओवादीले अपहरण गरे। पीडितलाई पुस ७ गते सोही गाविस-६ नाउलीबाट आफन्त र इन्सेक मानवअधिकार वर्ष पुस्तक जिल्ला प्रतिनिधिको रोहवरमा मुक्त गरियो।

खलंगा गाविस-९ घर भई इलाका स्वास्थ्य चौकी, घरंगामा कार्यरत पियन शान्तबहादुर रावतलाई मादक पदार्थ सेवन गरी आफ्ना कार्यकर्तासँग विवाद गरेको आरोपमा ०६० पुस १ गते माओवादीले अपहरण गरी सख्त कुटपिट गरे। पीडितलाई उक्त ठाउँमा अनिश्चित कालको लागि नजरबन्दमा राखिएको छ।

गर्खाकोट गाविस-१ मटेलाका ५२ वर्षीय वीरजीत बस्नेतलाई भ्रष्टाचार गरेको आरोपमा ०६० पुस २ गते आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडितलाई हालसम्म मुक्त गरिएको छैन।

खलंगा गाविस-३ रामजानकी टोलका ४५ वर्षीय विष्णु भडेल र कार्कीगाउँ गाविस-९ गाँडेसिमलका वीरबहादुर पुनलाई सुराकीको आरोपमा ०६० पुस ६ गते भूर गाविस-७ गिमाबाट माओवादीले अपहरण गरी पुस ११ गते मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

लहँ गाविस-९ गैरेनीका नरेन्द्रबहादुर वुढालाई आफूहरूलाई सहयोग नगरेको आरोपमा ०५९ फागुन १९ गते माओवादीले कुटपिट गरे।

गाविस संचालनार्थ खटिगएका कोर्ताङ्ग गाविस सचिव वीरबहादुर विकलाई ०६० वैशाख २२ गते माओवादीले विभिन्न खालको धम्की दिई गाविसको कार्य संचालनमा प्रतिबन्ध लगाए।

स्थानीय विकास कोषअन्तर्गत संचालित जगतीपुर गाविस-१ स्थित लामीटारा सामुदायिक संस्थाका आवश्यक कागजपत्रहरू ०६० असार १४ गते माओवादीले लुटे।

विश्व खाद्य कार्यक्रमअन्तर्गत विद्यालयलाई उपलब्ध गराउँदै आएको पौष्टिक आहार जिल्लास्थित ढुवानी कार्यालयले ढुवानी टेण्डर आव्हानमा पेशागत अन्य ठेकेदारलाई टेण्डर हाल्न ०६० साउन २६ गते कार्यालयले प्रतिबन्ध लगाए।

पुन्मा गाविस-१, पैंक गाविस-१, टालेगाउँ गाविस, अर्छानी गाविस-१, झाप्रा गाविस-१, पजारु गाविस गाविस-१, जुंगाथापाचौर गाविस, सीमा गाविस र भगवती गाविस-२ स्थित अतिरिक्त हुलाक कार्यालयहरू क्रमश: ०६० कार्तिक ८, ९, १०, १७ र १८ गतेदेखि तथा रोकायागाउँ गाविस, दशेरा गाविस-१, थालारैकर गाविस-१ र गर्खाकोट गाविस-१ स्थित इलाका हुलाक कार्यालयहरू क्रमश: ०६० कार्तिक १६ र १७ गतेदेखि संचालनमा माओवादीले रोक लगाइदिए। त्यसैगरी रामीडाँडा गाविस-१, नायकवाडा गाविस-१ र सक्ला गाविस-२ स्थित अतिरिक्त हुलाक कार्यालय ०६० कार्तिक १६ गतेदेखि, खगेनकोट गाविस-१ स्थित इलाका हुलाक कार्यालय, रग्दा गाविस-१, लहँ गाविस र डाँडागाउँ गाविसस्थित अतिरिक्त हुलाक कार्यालय कार्तिक १८ गतेदेखि संचालनमा माओवादीले रोक लगाइदिए।

रग्दा गाविस-१ रग्दास्थित उपस्वास्थ्य चौकीका औषधीहरू ०६० कार्तिक २५ गते माओवादीले लुटेर लगे।

भुर गाविसका निवर्तमान अध्यक्ष हरिबहादुर रानालाई ०६० कार्तिक २५ गतेदेखि माओवादीहरूले घरमै अनिश्चितकालीन नजरबन्दमा राखेका छन्।

पुन्मा गाविस-३ खलटाकुराका जिविसका निवर्तमान सदस्य कृतिबहादुर चन्दलाई ०६० कार्तिक २८ गतेदेखि माओवादीहरूले आफ्नै घरमा नजरबन्दमा राखेका छन्।

जगतीपुर गाविस-८ कुदुका सोही गाविसका निवर्तमान अध्यक्ष गोपाल बटालालाई ०६० मंसिर ७ गतेदेखि माओवादीहरूले आफ्नै घरमा अनिश्चित कालका लागि नजरबन्दमा राखेका छन्।

गर्खाकोट गाविस-१ मटेलाका २१ वर्षीय दिपक बस्नेतलाई जिविसद्वारा उक्त ठाउँमा सम्पन्न योजनामा भ्रष्टाचार गरेको आरोपमा ०६० पुस २ गतेदेखि माओवादीहरूले अनिश्चित कालसम्मका लागि नजरबन्दमा राखेका छन्।

पैंक गाविस-१ का सोही गाविसका निवर्तमान अध्यक्ष भक्तबहादुर आरसीको घरजग्गा ०६० कार्तिक २७ गतेदेखि माओवादीले कब्जामा लिए। आरसीलाई माओवादीहरूले भ्रष्टाचारको आरोप लगाएका छन्।

गर्खाकोट गाविस-४ बाँमीबाटा घर भई हाल कोर्ताङ गाविसमा कार्यरत गाविस सचिव कृष्णबहादुर साहलाई माओवादीको आरोपमा ०६० मंसिर २५ गते माओवादीले सम्पूर्ण अचल सम्पत्ति कब्जामा लिए।

स्थानीय विकास कोषअन्तर्गत संचालित जगतीपुर गाविस-८ काँस्तरा महिला समूह असार १५ गते, सोही गाविस-४ मा संचालित माझघाट सामुदायिक समूह असार १५ गते, सोही गाविस-२ स्थित संचालित बैलगार

प्रहरीद्वारा यातना दिइएका किशोर कुमार श्रेष्ठ, डम्बरबहादुर सिंह, हरिश कार्की, प्रकाशकुमार कार्की र चन्द्रबहादुर शाही

सामुदायिक समूह असार १६ गते, सोही ठाउँको शिव शक्ति सामुदायिक समूह असार १८ गते, वडा नं. २ अन्तर्गत संचालित सृजनशील सामुदायिक समूह असार १९ गते, हरियाली सामुदायिक समूह असार २१ गते माओवादीले आवश्यक कागजपत्र लुटी संस्थाको कार्य संचालन बन्द गरिदिए।

जगतीपुर गाविस-१ स्थित अतिरिक्त हुलाक कार्यालय कार्तिक ३ गते र ढिमे गाविस-१ स्थित इलाका हुलाक कार्यालय कार्तिक ८ गतेदेखि माओवादीले बन्द गरिदिए। कार्यालयका आवश्यक कागजपत्रहरू पनि माओवादीले लुटे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

असोज १८ गतेको शाही घोषणा फिर्ता लिई अधिकार सम्पन्न सर्वदलीय सरकारको माग राख्दै नेकपा (एमाले), नेकाँलगायत्का पार्टीले विरोधस्वरुप ०६० जेठ २८ गते मालपोत कार्यालय घेराउ गरे।

पाँच दलले गरेको विरोध कार्यक्रमअन्तर्गत कालो झण्डा प्रदर्शनीका क्रममा पूर्व सहायकमन्त्री झलकनाथ वाग्ले, निवर्तमान सांसद रत्नप्रसाद शर्मा, निवर्तमान जिविस सभापति भैरवसुन्दर श्रेष्ठलाई ०६० वैशाख २६ गते अपरान्ह ४.३३ बजे खलंगा गाविस-३ रामजानकी टोलबाट सशस्त्र प्रहरीले गिरफ्तार गरे। सोही दिन नेकपा (एमाले) जिल्ला सचिव लालबहादुर महतारा र उपसचिव डम्बरबहादुर सिंहलाई खलंगा गाविस-२ ठाँटीबजारबाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई सोही दिन रिहा गरियो।

पाँच राजनीतिक दलले गरेको विरोध कार्यक्रमअन्तर्गत सदरमुकाम, खलंगामा कालो झण्डा प्रर्दशनी गरेको आरोपमा ०६० वैशाख २६ गते नायकवडा गाविस-९ का मानबहादुर चलाउने, जगतीपुर गाविस-१ का दीपक चन्द, गर्खाकोट गाविस-२ का ढालराज शाही, ढिमे गाविस-९ का खम्बप्रसाद सिंहलाई सशस्त्र प्रहरीले खलंगा गाविस-२ ठाँटीबाट गिरफ्तार गरे। पीडितहरूलाई सोही दिन रिहा गरियो।

पाँच दलले ०६० वैशाख २८ गते मसाल जुलुस प्रदर्शनी गर्दा जाजरकोट क्षेत्र नं. २ बाट निर्वाचित निवर्तमान सांसद रत्नप्रसाद शर्मा, खलंगा गाविस-१ का किशोर श्रेष्ठ, सोही ठाउँका चन्द्रबहादुर शाही, नेकाँका सचिव हरिश कार्की र तरुणदलका सचिव प्रकाश कार्कीलाई सोही गाविस-१ सृजना टोल र ३ बाट सुरक्षाकर्मीले गिरफ्तार गरी हिरासतमा यातना दिए। पीडितहरूलाई भोलिपल्ट रिहा गरियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

धार्मिक अधिकार

लहँ गाविस-४ खालचौरस्थित प्रत्येक वर्ष मनाउँदै आएको जेठ पुराण (ब्रम्हदेवता) मान्ने धार्मिक पर्वलाई ०६० असार १ गतेदेखि माओवादीले प्रतिबन्ध लगाए।

खगेनकोट गाविस-५ र रग्दा गाविस-१ ताँतामा मनाउँदै आएको धार्मिक परम्पराअन्तर्गत भदौ पुराणलाई ०६० भदौ २८ गते माओवादीले प्रतिबन्ध लगाए।

विस्थापित

जाजरकोट जिल्लामा प्रत्येक गाविस र जिल्ला विकास समितिबाट सिफारिस लिई जीवन निर्वाहको निम्ति कामको सिलसिलामा भारततर्फ पलायन हुने २ सय ५६ जना छन्। जिल्ला प्रशासन कार्यालयबाट विस्थापित भत्ता/राहत लिने जम्मा ३५ जना छन्। तर, विस्थापितको संख्या बढी छ।

हाम्रो सर्वेक्षण अनुसार, विस्थापित भई जिल्ला भरिका कुल ६ सय ४१ जना विस्थापित भए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

प्रजातान्त्रिक राष्ट्रिय युवा संघका केन्द्रीय सदस्य निरज आचार्य र सोही संगठनका जिल्ला कमिटी सचिव मोतीलाल खत्रीलाई ०५९ फागुन २६ गते सशस्त्र प्रहरीले

जिविस सभाहल परिसरबाट गिरफ्तार गरे। पीडितहरूलाई उक्त संगठनले गरेको कार्यक्रममा अनेरास्ववियु (क्रान्तिकारी) लाई सहभागी बनाई वक्ता बनाएको आरोपमा सोही दिन ३ बजे गिरफ्तार गरी ७ बजे रिहा गरिएको थियो।

खलंगा गाविस-२ सिमलगौरीका १९ वर्षीय जनक रोकायालाई ०५९ चैत १६ गते घरमै बसेको समयमा प्रहरीले गैरकानुनी तरिकाबाट गिरफ्तार गरी निर्मम यातना दिए। पीडितलाई भोलिपल्ट रिहा गरियो।

खलंगा गाविस-१ की सृजना चौधरीलाई प्रहरीलाई गाली गरेको आरोपमा ०६० जेठ १७ गते अपरान्ह ४ बजे गैरकानुनी तरिकाबाट सशस्त्र प्रहरीले गिरफ्तार गरी हिरासतमा राखिएको छ। पीडितहरूलाई सामान्य सोधपुछ गरी ०६० जेठ १८ गते बिहान रिहा गरियो।

खलंगा गाविस-३ रामजानकीटोलका नेराशिसंका जिल्ला उपाध्यक्ष अच्युतप्रसाद शर्मा र ढिमे गाविस-१ का पदमबहादुर खत्रीलाई सशस्त्र प्रहरीले गैरकानुनी तरिकाबाट ०६० असोज १५ गते गिरफ्तार गरी हिरासतमा लिए। पीडितहरूलाई सोधपुछपछि असोज १६ गते रिहा गरियो।

खलंगा गाविस-४ का ३९ वर्षीय हरिप्रकाश मल्ललाई बैंक उपशाखा प्रमुखसँग विवाद गरेको आरोपमा ०६० कार्तिक २८ गते दिउँसो खलंगा गाविस-१ भगवतीटोलबाट सुरक्षाकर्मीले विनापुर्जी गिरफ्तार गरे। पीडितलाई प्रत्येक दिन जिप्रकामा हाजिर हुनेगरी मंसिर २ गते रिहा गरिएकोमा हाल १५ दिनमा हाजिर हुनुपर्ने तारिख लगाइएको छ।

खलंगा गाविस-१ का २५ वर्षीय भरतकुमार श्रेष्ठलाई एक जिविस कर्मचारीसँग विवाद गरेको आरोपमा ०६० मंसिर २० गते बिहान ८ बजेतिर सादा पोशाकमा आएका प्रहरीले गैरकानुनी ढंगले गिरफ्तार गरे। पीडितलाई प्रहरी कार्यालयको परिसरभित्र सिडिओले यातना दिएर सोही दिन रिहा गरे।

बालअधिकार

पुन्मा गाविस-३ गंगटियाका १३ वर्षीय छकबहादुर नेपाली, कालिबहादुर नेपाली, रामबहादुर नेपाली र १४ वर्षीय दलबहादुर चन्द, सोही गाविस-७ खलटाकुराका १४ वर्षीय रण विक, रमेश विक, वीरबहादुर नेपाली र १३ वर्षीय कमलविष्णु परियारलाई सृजना टोलमा गठित ढुंगाछपाई उपभोक्ता समितिद्वारा ०६० मंसिरदेखि ढुंगा बोक्ने कार्यमा संलग्न गराई बालश्रम शोषण गरिएको छ।

खलंगा गाविस-७ डिंगाका १४ वर्षीय बिसे नेपाली, १३ वर्षीय नरबहादुर नेपाली र रुद्रबहादुर नेपाली, रुकुम जिल्ला पुर्तिमकाँडा गाविस-९ का १४ वर्षीय गगन राना, १३ वर्षीय गंगाराम पुन र १४ वर्षीय शशीराम पुनलाई खलंगा गाविस-३ रामजानकीटोलमा गठित ढुंगाछपाई उपभोक्ता समितिद्वारा ०६० मंसिर र पुस महिनादेखि ढुंगा बोक्ने कार्यमा संलग्न गराई श्रमशोषण गरिएको छ।

अनेरास्ववियु (क्रान्तिकारी) द्वारा आफ्ना विभिन्न माग राख्दै ०६० मंसिर ७ गतेदेखि १४ गतेसम्म गरिएको भेरी-कर्णाली शैक्षिक हडतालअन्तर्गत जाजरकोट जिल्लामा रहेका मावि, निमावि र प्रावि गरी २ सय २३ वटा विद्यालयहरू सात दिनसम्म पूर्णरुपमा बन्द रहे। यसबाट, ४ हजारभन्दा बढी विद्यार्थीहरूको पठनपाठन प्रभावित भयो।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दुर्व्यवहार

यस वर्ष बहुविवाहका ७ वटा घटना सार्वजनिक जानकारीमा आए।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

प्रजातान्त्रिक राष्ट्रिय युवा संघ नेपाल, जिल्ला कार्य समितिले ०५९ फागुन २७ गते सदरमुकाम खलंगामा "प्रजातन्त्रका लागि हाम्रो दायित्व" विषयक विचार गोष्ठीमा अनेरास्ववियु (क्रान्तिकारी) लाई बोल्न दिएको आरोपमा प्ररायुसंघ केन्द्रीय सदस्य निरज आचार्य र जिल्ला कमिटी सचिव मोतीलाल वलीलाई गैरजिम्मेवार तरिकाले गिरफ्तार गरेको विरुद्ध प्रेस विज्ञप्ति जारी गऱ्यो।

नेकाँ (प्रजातान्त्रिक) का सदस्य कृष्ण रेग्मीलाई तत्काल रिहाई गर्न ०६० असार १७ गते सोही पार्टीका जिल्ला कमिटी अध्यक्ष यज्ञबहादुर खत्रीले प्रेस विज्ञप्ति जारी गरे।

संरचना क्षति

जगतीपुर गाविस-१ मटेलास्थित प्रतिक्षालय ०६० असोज २७ गते राति माओवादीले आगो लगाई ध्वस्त पारे।

४.१० दैलेख



जनसंख्या	:२२५२०१
साक्षरता प्रतिशत	:४०.४४
महिला साक्षरता प्रतिशत	:३१.८२
क्षेत्रफल (वर्ग कि.मी.)	:१५०२
गाविस/नपा संख्या	:५५/१
निर्वाचन क्षेत्र	:२
विद्यालय	:४३०
क्याम्पस/उच्च मावि	:२/४
अस्पताल/स्वास्थ्य चौकी	: १/६२
टेलिफोन लाइन	:२
मोटर सडक (कि.मी.)	:१६८
प्रहरी कार्यालय संख्या	:१
हुलाक संख्या	:५६
मानव विकास सूचकांक	:०.२४६
प्रति एक डाक्टर जनसंख्या	:५६३००
प्रति परिवार सरदर संख्या	:५.४७

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रुपले बाँच्ने अधिकार
हत्या / गोली

राज्यबाट

लालिकाडा गाविस-१ धरमपोखरामा माओवादी एरिया इन्चार्ज अभियान क्षेत्री भनिने २५ वर्षीय ऐनबहादुर शाहीलाई ०६० साउन १८ गते सुरक्षाकर्मीले आफ्नो कब्जामा लिई २ घण्टापछि विद्यालयनजिकै घाँटी र टाउको (कञ्चट) मा गोली हानी हत्या गरे।

नारायण नपा-१ श्रीस्थान जंगलमा नाम खुल्न नसकेको एक जनालाई ०६० असोज ९ गते शाही नेपाली सेना र प्रहरीको संयुक्त गस्ती टोलीले हत्या गरी छामघाट खोलामा फ्याँकिदिए।

नारायण नपा-३ भैसेखोर (देशीगाडे) मा ०६० असोज ११ गते सुवास भनिने माओवादी एरिया इन्चार्ज र ०६० असोज १२ गते मृतक सुवासको लास उठाउन खोज्ने अर्को नाम नखुलेको कम्ब्याट पोशाकसहितको माओवादीलाई सुरक्षाकर्मीले पिठ्यूँ र घाँटीमा गोली हानी हत्या गरे।

बेलपाटा गाविसको मटेलामा ०६० असोज २२ गते कुनै पक्षबाट नाम र ठेगाना खुल्न नसकेका २ जना माओवादी कार्यकर्तालाई सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

राकमकर्णालीको जाक्सी भन्ने ठाउँमा माओवादी एरिया इन्चार्ज निरकबहादुर शाहीलाई ०६० कार्तिक ५ गते सुरक्षाकर्मीले कब्जामा लिई २ घण्टापछि गोली हानी हत्या गरे। पीडितको लास कर्णाली नदीमा फ्याँकी अर्को १ जनाको नदी पार गर्दा-गर्दै सेनाको गोलीद्वारा मृत्यु भयो।

राकमकर्णाली गाविस-७ का जसे कामीको ०६० कार्तिक ५ गते सिगासैन गाविसको रोल भन्ने जंगलमा सुरक्षाकर्मीले प्रहार गरेको लञ्चरको गोलीद्वारा मृत्यु भयो। पीडित केही समयअघि माओवादीको जनसरकारमा जबर्जस्ती राखिएका स्थानीय बासिन्दा थिए।

भवानी गाविसको सातमुल भन्ने ठाउँमा २१ वर्षीय माओवादी कार्यकर्तालाई ०६० मंसिर ३ गते दिउँसो २ बजे ग्रिनेट आक्रमण गर्न खोज्दा सुरक्षाकर्मीले छाती र टाउकोमा गोली हानी हत्या गरे। सोही ठाउँमा छोडिएको लास माओवादीले अर्को दिन लगी दाहसंस्कार गरेका थिए।

डाँडापराजुल र बराह गाविसको बीचमा पर्ने माथिल्लो डुङ्गेश्वर बजारको पक्किपुलको पल्लो किनारमा जम्बुकाँध गाविस घर भएका माओवादी सञ्चारमा काम गर्ने २२ वर्षीय पुष्कर शर्मालाई ०६० मंसिर १० गते दैलेख बजारबाट सादा पोशाकमा गस्ती गर्न गएका दुई सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितको लास छामघाट खोलाको किनारमा लगी गाडिएको थियो।

तोली गाविसका माओवादी घोषित गाजस प्रमुख गोरे जैसी र अन्य तीन जना माओवादी कार्यकर्तालाई ०६० मंसिर २८ गते बिहान ४:४५ बजे भवानी गाविसको छान्नामा सादा पोशाकमा गएका सुरक्षाकर्मीले छाती र टाउकोमा गोली हानी हत्या गरे।

माओवादीबाट

द्वारी गाविस-९ का अमरबहादुर रोका मगर र जयबहादुर रोका मगरलाई सुराकीको आरोपमा ०६० भदौ २९ गते माओवादीले गाउँबाट अपहरण गरी लगेकोमा असोज १९ गते रानीवन गाविसको कुईयापानी जंगलमा लगी कुटपिट गरी हत्या गरे। माओवादीले पीडितहरूको

लास सोही ठाउँमा खाडल खनी गाडिदिए।

चौराठा गाविस-३ की २१ वर्षीय देवी चन्दलाई सुराकीको आरोपमा ०६० मंसिर ७ गते माओवादीले घरबाटै अपहरण गरेकोमा वासी र भैरी कालिकाथुम गाविसको सिमानामा पर्ने जंगलमा पुऱ्याई मंसिर २३ गते घाँटी रेटेर हत्या गरे। हत्या गर्नुभन्दा पहिले पीडितलाई घाँटीमा आरोपको कार्ड झुन्ड्याई विभिन्न गाविसहरूमा घुमाइएको थियो। पीडित जीटीजेडको सहयोगमा संचालित महिला सशक्तिकरण तथा हातेमालो कार्यक्रमको अध्यक्ष थिइन्।

सल्लेरी गाविस-४ का १४ वर्षीय धनबहादुर शाहीको ०६० मंसिर ९ गते लोहोरे खोलामा फालिएको बम विस्फोट हुँदा मृत्यु भयो। सो बम माओवादीले फालेको हुनसक्ने आशंका गरिएको छ।

खरिगैरा गाविस-८ की २१ वर्षीय दुर्गा रानालाई सुराकीको आरोपमा ०६० मंसिर ११ गते माओवादीले घरबाटै अपहरण गरी खरिगैरा र रानीवनको सिमामा पर्ने राउटेमाटा रानीवन जंगलमा पुऱ्याई गोली हानी हत्या गरे। पडितको लास माओवादीले बाटोमै छोडिदिएका थिए। पीडित आरसीआईडब्लूमा सामाजिक परिचालिकाको रुपमा कार्यरत थिइन्।

नारायण नपा-६ घर भएका भवानी गाविस डाँडागाउँस्थित नेराप्राविका प्रधानाध्यापक अमृत रेग्मीलाई सुराकीको आरोपमा ०६० पुस ६ गते माओवादीले विद्यालयबाटै अपहरण गरी सोही गाविसको जरायोखोला जंगलमा लगी पुस ७ गते दाहिने हात काटेर कंचटमा गोली हानी हत्या गरे। पीडितको शरीरभरि निलडामहरू देखिन्थे। लासको पोष्टमार्टम पुस ९ गते गरिएको थियो।

गोली / बम / विद्युतीय घरापद्वारा घाइते

राज्यबाट

सुर्खेत जिल्ला वीरेन्द्रनगर नपा घर भई हाल नारायण नपामा डेरा गरी बस्ने १४ वर्षीय गायत्री ०६० असोज ११ गते धारामा नुहाइरहेको अवस्थामा प्रहरी र सेनाको संयुक्त अभ्यास गर्नेक्रममा अचानक गोली लाग्न गई घाइते भइन्। पीडितको जिल्ला अस्पतालमा उपचार गरियो।

राकमकर्णाली गाविस-७ सेरावाडामा ०६० कार्तिक ५ गते सुरक्षाकर्मीको गस्ती टोलीले प्रहार गरेको गोली जोतिरहेका दाने कामीको पाखुरामा लागी घाइते भए।

माओवादीबाट

नारायण नपा-९ घर भई जिल्ला शिक्षा कार्यालयमा कार्यरत पियन हुर्मत खत्री ०६० भदौ १९ गते कार्यालयमा माओवादीले राखेको बम विस्फोट हुँदा घाइते भए।

जेल र बन्दीहरू

'ङ' श्रेणीको दैलेख जेलको बन्दी क्षमता १६ जनाको छ। सय वर्ष पुरानो जेल भवन जीर्ण अवस्थामा रहेको छ। यस जेलमा कर्तव्य ज्यान मुद्दामा रहेका ५ जना

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	८	७	१	८	५	४	२	६	११	१७		१७
घाइते	३	३		३	५	८		८	५	६	१	७
गिरफ्तारी/यातना									१८	२४	६	३०
बेपत्ता									१	२		२
कुटपिट	१	१		१	१	१		१	२	२		२
धम्की	१		२	२	५	१४	१	१५				
महिलाअधिकार	३		३	३								
बालअधिकार	१		१	१								
अपहरण					४३	५५	३	५८				
जम्मा	१७	११	७	१८	५९	८२	६	८८	३७	५१	७	५८

कैद तोकिएका बन्दीहरू मात्र छन्। बन्दीहरूका लागि कान्तिपुर र स्पेसटाइम दैनिक र इन्सेकको मासिक प्रकाशन अभियान नियमितरुपमा उपलब्ध भइराखेको बन्दीहरू बताउँछन्।

बेपत्ता / अपहरण

राज्यबाट

जाजरकोट जिल्ला जगतिपुर गाविसका माओवादी पार्टीका दैलेख जिल्ला सेक्रेटरी विवेक आचार्यलाई ०६० भदौ २४ गते बेलपाटाको चुप्रा बजारबाट दुई माओवादी कार्यकर्तालाई ०६० मंसिर ७ गते नारायण नपा-६ काँडाचौरबाट ग्रिनेटसहित सुरक्षाकर्मीले गिरफ्तार गरी क्याम्पमा लगेकोमा स्थिति अज्ञात छ। पीडितहरूको हत्या भइसकेको आशंका गरिएको छ।

माओवादीबाट

बेलपाटा गाविसका नेकाँका कार्यकर्ता पूर्ण चालिसे र नारायण नपा-९ का रमेश विकलाई ०६० साउन २३ गते रावतकोट गाविसको मस्ठाथानबाट माओवादीले अपहरण गरे। आफूहरूलाई मानसिक यातना दिनुका साथै चन्दा माग गरेको कुरा पीडितहरूले बताए।

तोलीजैसी गाविस-५ का आरसीआईडब्ल्यूमा कार्यरत नरबहादुर शाहीलाई तीलेपाटा गाविस-९ बाट ०६० भदौ ९ गते र सोही संस्थामा कार्यरत ओभरसियर भुपेन्द्र जैसी तथा अर्का एक यादव थरका इन्जिनियरलाई सिगासैनको रोलबाट भदौ ६ गते माओवादी अपहरण गरे। माओवादीले पीडितहरूलाई धम्की दिँदै चन्दा मागेका थिए। भदौ ११ गते तिलेपाटा माविबाट उनीहरूलाई मुक्त गरियो।

यस वर्ष माओवादीद्वारा विभिन्न आरोपमा थुप्रै व्यक्तिहरूलाई अपहरण गरी मुक्त गरिएका घटनाहरू सार्वजनिक भए। जसमा- पादुका गाविस-४ का डम्बर शाहलाई ०५९ माघ १३ गते, सोही गाविस-२ का सुन्दर शाहलाई ०५९ फागुन ३० गते, तिलेपाटा गाविस-७ का नरबहादुर सिंजापतिलाई ०५९ फागुन ८ गते, तोरीजैसी गाविस-५ का दिपबहादुर शाही र लैन शाहीलाई ०५९ चैत ७ गते र सोही ठाउँकी जया शाहीलाई ०५९ चैत ८ गते, राकमकर्णाली गाविस-८ का पूर्व गाविस अध्यक्ष खड्ग माझीलाई ०६० वैशाख १९ गते, तिलेपाटा गाविस-९ का एमाले इलाका नं. ११ का सचिव खड्गराज उपाध्यायलाई ०६० साउन २८ गते, सल्लेरी गाविस-३ का नवीन रानामगर र तिलेपाटा गाविस-९ का विर्षबहादुर शाहीलाई ०६० भदौ ९ गते, चामुण्डा गाविस घर भई जम्बुकाँध गाविसका सचिव विष्णु रेग्मीलाई ०६० असोज १६ गते र मंसिर ११ गते, कुशापानी गाविस-५ का शिक्षक पद्ममणि पौडेललाई ०६० कार्तिक ११ गते, चामुण्डा गाविस-९ का टिकाराम शाहीलाई ०६० कार्तिक २७ गते, पादुका गाविस-३ का जिविस कर्मचारी मणिराज जैशीलाई ०६० कार्तिक २८ गते, चामुण्डा गाविस-१ का कमल कामीलाई ०६० कार्तिक २९ गते, कालभैरव गाविस-२ का दानबहादुर थापालाई ०६० कार्तिक २५ गते, भैरीकालिकाथुम गाविस-३ का केशवबहादुर शाहीलाई ०६० कार्तिक २८ गते, दैलेख खानेपानी र वेलासपुर खानेपानीका चौकीदारहरू वसन्त शर्मा, मिनप्रसाद शर्मा र माधवप्रसाद शर्मालाई ०६० मंसिर २६ गते, गौरी गाविसका गंगाराम दाहाललाई ०६० पुस ५ गते र लकान्द्रा गाविस-९ का गाउँ विकास कार्यक्रमका कर्मचारी भक्तबहादुर शाहीलाई ०६० पुस ५ गते माओवादीले अपहरण गरी केही दिनपछि मुक्त गरे।

त्यसैगरी बासी गाविसका एमाले गाउँ कमिटीका सचिव जोरा बडुवाल र उनका छोरा रामबहादुर बडुवाललाई ०६० कार्तिक २४ गते, सोही गाविस-३ का एमाले कार्यकर्ता कर्णबहादुर शाहीलाई ०६० कार्तिक २५ गते, रानीवन गाविस-५ का पूर्व गाविस अध्यक्ष प्रताप थापालाई ०६० कार्तिक २५ गते, पौष्टिक आहार कार्यक्रम दैलेखका कर्मचारी नारायण ढुंगेल र चेमप्रसाद कोइरालालाई ०६० कार्तिक २ गते, तिलेपाटा गाविस-७ का नेकाँ (प्रजातान्त्रिक) का जिल्ला नेता तथा पूर्व जिविस सदस्य भद्रबहादुर शाहीलाई ०६० कार्तिक ३० गते, बडलम्जी गाविस-३ का द्रोसाचल क्याम्पसमा अध्यापन गर्ने डिल्ली पाण्डेलाई ०६० कार्तिक २९ गते, नारायण नपा-६ का पौष्टिक आहार कार्यक्रमका कर्मचारी जयप्रसाद कोइरालालाई ०६० मंसिर ७ गते, सात्तला गाविस-६ का दीपक नेपालीलाई ०६० मंसिर ८ गते, जम्बुकाँध गाविस-५ र ६ का नन्दप्रसाद जैसी र कान्तिप्रसाद शर्मालाई ०६० मंसिर ६ गते, चामुण्डा



माओवादीद्वारा हत्या गरिएका अमृत रेग्मी

उच्च माविका शिक्षक शिवराज पाण्डे, खडानन्द शर्मालगायतका शिक्षक र विद्यार्थीलाई ०६० मंसिर १ गते, चौराठा गाविस-३ का सुरज रसाईली र उनकी पत्नीलाई ०६० मंसिर १३ गते, सोही गाविसका दत्तबहादुर थापा र सूर्यबहादुर रानालाई ०६० मंसिर १३ गते माओवादीले अपहरण गरी केही दिनपछि मुक्त गरे।

त्यसैगरी पादुका गाविस-२ का महेन्द्रनाथ योगीलाई ०६० मंसिर ८ गते, खरिगैरी गाविस-८ देवलकाँडामा आरसीआईडब्लू नामक संस्थाका परिचालक चन्द्रकला थापालाई ०६० मंसिर ११ गते, सल्लेरी गाविस-३ का महेन्द्र रानामगरलाई ०६० मंसिर ६ गते, नौमुले माविका शिक्षक टेकबहादुर खत्रीलाई ०६० मंसिर ९ गते, सल्लेरी गाविस-३ का विलाल रानालाई ०६० मंसिर ५ गते, नारायण नपा-३ का अहेब सदानन्द जैशीलाई ०६० मंसिर २३ गते, सोही ठाउँका भक्तिराम जैशीलाई ०६० मंसिर २२ गते, छिउडीपुसाकोट गाविस-७ का गोपिराम जोशीलाई ०६० पुस १० गते, रावतकोट गाविस-१ का वडलम्जी गाविसका सचिव खड्गबहादुर थापालाई ०६० पुस ४ गते, लाकुरी गाविस-६ का ६० वर्षीय दलबहादुर थापालाई ०६० पुस १० गते र मात्तला गाविस-७ का चन्द्र कामीलाई ०६० पुस १२ गते माओवादीले अपहरण गरी केही दिनपछि मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

चौराठा गाविस-९ घर भई नेराप्रावि ठान्डाँडाका शिक्षक ३८ वर्षीय टोपबहादुर चन्दलाई माओवादीलाई सघाएको आरोपमा ०६० जेठ २१ गते सुरक्षाकर्मीले कुटपिट गरे। कुटपिटबाट कान र खुट्टामा गम्भीर चोट

प्रहरीद्वारा कुटपिट गरिएका एमाले नेता गोविन्दप्रसाद कोइराला

लागेको थियो। पीडितलाई माओवादीले पनि असहयोग गरेको आरोपमा एक वर्ष पहिले कुटपिट गरी खुट्टा भाँचिदिएका थिए।

नारायण नपा-१ श्रीस्थानमा पसल गरी बस्ने ३६ वर्षीय भुपेन्द्र बस्नेतलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६० असोज १२ गते सुरक्षाकर्मीले कुटपिट गरी घाइते बनाए।

माओवादीबाट

यस वर्ष यो जिल्लामा माओवादीले विभिन्न आरोपमा सर्वसाधारण व्यक्तिहरूलाई कुटपिट गर्ने, धम्की दिने, गाउँ निकाला गर्ने, जग्गाजमीन कब्जा गर्ने घटनाहरू सार्वजनिक भए। जसमा- तिलेपाटा गाविस-७ का डम्बर शाही र पैल शाहीलाई ०६० असोज १ गते, लाकुर गाविस-५ का दलबहादुर गुरुङलाई ०६० भदौ १५ गते, खरिगैरी गाविस-६ का कनकसिंलाई ०६० कार्तिक २० गते, कालभैरव गाविस-४ का धनबहादुर खड्का, टोपबहादुर भण्डारी, गणेश थापा र लालबहादुर थापालाई ०६० कार्तिक १० गते, छिउडी पुसाकोट गाविसका एमाले जिल्ला कमिटी सदस्य लक्ष्मी पोखरेल, गमौडीका हर्क खड्का, मालिका गाविसका ढकेन्द्र शाही र विर्खबहादुर शाही, सोही गाविसका रामबहादुर शाही, कालभैरव गाविसका पूर्व अध्यक्ष खगेन्द्र थापा र धनबहादुर खड्का, गौरी गाविसका गंगाराम दाहाल र पूर्व अध्यक्ष कवि दाहाल, छिउडी पुसाकोट गाविसका पूर्व अध्यक्ष मोतिराम खड्का, पादुका गाविस-७ का शिक्षक हिरण्य दाहाल, छिउडी पुसाकोट गाविस-८ का मोति शाही र पिपलकोट गाविस-२ का नेकाँ जिल्ला कार्यसमिति सदस्य रामप्रसाद शर्मालाई ०६० मंसिर १२ गते माओवादीले धम्की दिए र दुर्व्यवहार गरे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

अनेरास्ववियुका जिल्ला अध्यक्ष भक्क शर्मालाई ०६० वैशाख ६ गते सरकारी ज्यादतिको विरोधमा जुलुस निकाल्ने तयारी गर्दै गरेको अवस्थामा प्रहरीले गिरफ्तार गरी सोही दिन रिहा गरे।

पाँच राजनीतिक पार्टीहरूले राज्य आतंक र महंगी तथा संविधान मिची काम कारवाही भएको भनी ०६० वैशाख २८ गते संयुक्तरुपमा मसाल जुलुस निकाल्दा प्रहरीले हस्तक्षेप गर्दा एमाले भेरी अञ्चल इन्चार्ज तथा केन्द्रीय सदस्य गोविन्द कोइरालाको हात भाँचिएर घाइते भए। सोही घटनामा एमाले जिल्ला कमिटी सदस्य लोकेन्द्र शाही र संगठित सदस्य सोभाखर शर्माका साथै नेकाँका

जिल्ला कार्य समिति सदस्य कृष्णकुमार विसीसमेत घाइते भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा यस वर्ष देवानी र सरकारवादी मुद्दा दर्ता नभएको तर दुनियावादी मुद्दा गत वर्षको जिम्मेवारी जिम्मेवारी सरेर आएका ३० र यस वर्ष दर्ता भएको ४ समेत गरी ३४ मध्ये २४ वटा फर्स्यौट भई हाल १० वटा मात्र बाँकी रहे। सरकारवादी फौज्दारी मुद्दा गत वर्ष जिम्मेवारी सरेर आएका ४ र यस वर्ष दर्ता भएका ४ गरी ८ वटा रहेकोमा २ वटा फर्स्यौट भई ६ वटा मात्र बाँकी रहे। सरकारवादी फौज्दारी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएको १७ र यस वर्ष दर्ता भएका ६ वटा गरी २३ वटा रहेकोमा १६ वटा मुद्दा फर्स्यौट भई ७ वटा बाँकी रहे।

यसैगरी संक्षिप्त फौज्दारीमा जिम्मेवारी सरेर आएका २ र यस वर्षका २ गरी ४ वटामा ४ वटै फर्स्यौट भए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

चौराठा गाविस-७ घर भई मावि गिरखानीमा कार्यरत शिक्षक कटबहादुर चन्दलाई ०५९ माघ ५ गते छानबिनको लागि नारायण नपा-१ बाट प्रहरीले गिरफ्तार गरी तीन दिनपछि रिहा गरे

विशाला गाविस-२ का सोही ठाउँको माविका शिक्षक भक्तिराम तिमिल्सेनालाई माओवादीको आरोपमा ०५९ माघ २५ गते दैलेख बजारबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई फागुन १६ गते मानवअधिकार वर्ष पुस्तक जिल्ला प्रतिनिधि सूर्यबहादुर शाही र शिक्षक संगठनका राजबहादुर बुढाको रोहवरमा रिहा गरियो। पीडितको शारीरिक अवस्था नाजुक भएकाले सिभिक्टले उपचार गरी सहयोग पीडितको दायाँ खुट्टा सुकेर मसिनो भयो। हिरासतमा लाठी, बुट र बन्दुकको कुन्दाले लगातार कुटपिट गरी यातना दिएका कारण त्यस्तो भएको पीडितले बताए।

माओवादी सांस्कृतिक टोलीमा काम गर्ने पत्मा शाही, पार्वती माझी, मीना पाण्डे, सुस्मिता सिंह, यशोदा खड्का र अमृतालाई ०६० साउन १८ गते पिलाडी गाबिस-१ धरमपोखरा बजारबाट सुरक्षाकर्मीले गिरफ्तार गरी साउन २२ गते जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

चामुण्डा गाविस-५ का जिविस दैलेखका पियन खगेन्द्र खत्रीलाई केही बुझ्नु छ भनी ०६० असोज १३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

बालुवाटार गाविस-१ लेकटोलीका भेषराज ढकाललाई ०६० असोज १२ गते भारतको जैसीमोठबाट घर फर्कदै गर्दा रातानाङ्ला टावरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी असोज २२ गते जिल्ला प्रहरी कार्यालयबाट तारिखमा रिहा गरे। पीडितको शारीरिक अवस्था ठीक छैन।

नारायण नपाका मुखिया टीकाराम उपाध्याय, रमेश सिजापति र पियन सोमराज रेग्मीलाई ०६० असोज ३० गते सुरक्षाकर्मीले गिरफ्तार गरी २४ घण्टापछि रिहा गरे।

नारायण नपा-६ का सोमराज रेग्मीलाई ०६० कार्तिक १ गते, रानीवन गाविस-६ का मणिराम ज्ञवालीलाई ०६० कार्तिक २६ गते, जिविस दैलेखका ओभरसियर देव नेपालीलाई ०६० कार्तिक १४ गते, बडलम्जी गाविस-१ का डिल्लीप्रसाद आचार्य र रावतकोट गाविस-१ का कमल थापालाई ०६० कार्तिक २४ गते, चौराठा गाविस-५ का हरिदत्त थापालाई ०६० पुस १० गते, जिल्ला हुलाकका भीमबहादुर खत्रीलाई ०६० जेठ २ गते, नारायण नपा-३ का आइसी सार्कीलाई ०६० जेठ १९ गते, नारायण नपा-१ का विष्णुमान श्रेष्ठलाई ०६० जेठ २४ गते, नारायण नपा-१ का डेकेन्द्रराज थापा र वालकृष्ण केसी लाई ०६० असार १५ गते र नारायण नपा-६ की पदम थापालाई ०६० असार १९ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूमध्ये सोमराज, देव, डिल्लीप्रसाद, कमल, विष्णुमानलाई सोही दिन, हरिदत्त, भीमबहादुर, आइसी, डेकेन्द्रराजलाई दुईदिनपछि र पदम थापालाई असार २२ गते तारिखमा रिहा गरियो।

रुम गाविस-७ का खड्गबहादुर शाही र थीरबहादुर शाहीलाई माओवादीको आशंकामा ०६० कार्तिक १ गते नारायण नपा-१ बाट तथा नारायण नपा-१ का विनोद खड्का, निर्मल मल्ल, गणेश थापालाई ०६० कार्तिक ४ गते प्रहरीले गिरफ्तार गरे।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

राजनीति दलहरूले ०६० वैशाख २८ गते आयोजना गरेको मसाल जुलुसमा प्रहरीले हस्तक्षेप गर्दा एमालेका केन्द्रीय सदस्य गोविन्द कोइराला र नेकाँका जिल्ला सदस्य कृष्ण वि.सी. घाइते भएको विरोध जनाउँदै संयुक्त जनआन्दोलन जिल्ला समितिले वैशाख २९ गते संयुक्त प्रेस विज्ञप्ति जारी गऱ्यो।

नेकाँका जिल्ला सभापति तथा पूर्व सहायक मन्त्री गणेशबहादुर खड्का, पूर्व जिविस उपसभापति तथा एमाले

जिल्ला कमिटीका सचिव सूर्यबहादुर शाही र विद्यार्थी कर्णबहादुर शाहीलाई प्रतिगमन विरोधी कार्यक्रममा ०६० जेठ १६ गते नौमुले गएको अवस्थामा माओवादीले धम्की दिई फर्किन बाध्य पारेको विरोधमा संयुक्त जनआन्दोलन संयोजन समितिले ०६० जेठ २८ गते विज्ञप्ति जारी गर्‍यो। यसैगरी दैलेख बजारको खानेपानीको लाइन काटी जनजीवन प्रभावित बनाएकोमा ०६० पुस २ गते आन्दोलनरत पाँच पार्टीहरूले विज्ञप्ति प्रकाशित गरी मानवअधिकारवादी संघ-संस्था, नेपाल रेडक्रसलाई सो पुनर्निर्माणका लागि पहल गरिदिन आह्वान गरे।

संरचना क्षति

जिल्ला शिक्षा कार्यालयमा ०६० भदौ २० गते राति माओवादीले बम विस्फोट गराउँदा दुई तले भवन क्षतिग्रस्त भयो। यसबाट ३८ लाख रुपैयाँ मूल्य बराबरको क्षति भएको कार्यालयले जनायो। यसैगरी जिल्ला हुलाक कार्यालयमा ०६० असोज १ गते र नारायण नपा भवनमा ०६० असोज ४ गते माओवादीले बम विस्फोट गराउँदा क्रमश: १ लाख रुपैयाँ र ७ सय ७७ रुपैयाँ बराबरको क्षति भएको सम्बन्धित कार्यालयहरूले जनाए।

दैलेख बेलासपुर खानेपानी पाइप लाइन, खरीगैरा गाविस-७ र दैलेख बजार खानेपानी लाइन भवानी गाविस-५ मा ०६० मंसिर २४ गते माओवादीले काटेका कारण दैलेख बजारका १० हजार जति बासिन्दाहरू खानेपानीको समस्या भोग्न बाध्य भएका छन् भने बजारमा फोहरमैला बढ्न गई वातावरण प्रदुषित भएको छ।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

पादुका गाविस-४ की शोभा शाहीले ०५९ माघ १२ गते सोही गाविस-२ का डम्बर शाहको आँगनको आँपको रुखमा झुण्डिएर आत्महत्या गरिन्। डम्बर र शोभाको बीचको सम्बन्धलाई लिएर माओवादीले डम्बर शाहलाई अपहरण गरी केही दिनपछि मुक्त गरे।

बेलपाटा गाविस-३ की २३ वर्षीय गीता विकले पति तथा परिवारका सदस्यहरूबाट माया, ममता र सहयोग नपाएको कारण ०५९ फागुन १५ गते सोही गाविस-४ अधेरीखोला भन्ने ठाउँमा झुण्डिएर आत्महत्या गरिन्।

बडाभैरव गाविस-३ का कैथरा भण्डारी, उनका छोरा राम भण्डारी, हरि भण्डारी र छोरी रत्ना भण्डारीको ०६० भदौ २१ गते राति गएको पहिरोबाट मृत्यु भयो।

४.११ डोल्पा



जनसंख्या	:२९५५४
साक्षरता प्रतिशत	:३४.६६
महिला साक्षरता प्रतिशत	:१९.६१
क्षेत्रफल (वर्ग कि.मी.)	:७८८९
गाविस/नपा संख्या	:२३/०
निर्वाचन क्षेत्र	:१
विद्यालय	:१३३
क्याम्पस/उच्च मावि	:०/१
अस्पताल/स्वास्थ्य चौकी	: ०/२४
टेलिफोन लाइन	:१५०
मोटर सडक (कि.मी.)	:०
प्रहरी कार्यालय संख्या	:२
हुलाक संख्या	:१८
मानव विकास सूचकांक	:०.२१८
प्रति एक डाक्टर जनसंख्या	:२९५५४
प्रति परिवार सरदर संख्या	:५.०८

जेल र बन्दीहरू

'घ' श्रेणीको डोल्पा जेलमा एक जना बन्दीलाई तारिखमा हाजिर गराउने गरिएको छ। ०५७ असोज ८ गते राति माओवादीले जेल ध्वस्त पारेका थिए। तीन वर्ष वितिसक्दा पनि जेल पुनर्निर्माणको काम पूरा भएको छैन।

बेपत्ता / अपहरण

माओवादीबाट

सल्यान जिल्ला खलंगा गाविस-९ घर भई रिमी गाविसको चौरीकोट उपस्वास्थ्य चौकीमा कार्यरत ग्रामीण स्वास्थ्य कार्यकर्ता ४१ वर्षीय ज्ञानेन्द्रबहादुर बस्नेतलाई ०५९ माघ ४ गते राति सरुवा भई आफ्नो जिल्लातर्फ

हिंडेको बेला सुराकी गर्न हिंडेको आरोपमा माओवादीले अपहरण गरे। पीडितलाई ज्यानमार्ने धम्की दिँदै माओवादीले कुटपिट गरे। पीडित माघ ९ गते भागेर उम्कन सफल भए।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

बाँके जिल्ला मनिकापुर गाविस-८ घर भई दुनै बजारमा व्यापार गरी बसेका १८ वर्षीय रामकृष्ण रेग्मीलाई ०६० असार १० गते राति ९ बजेतिर खाना खाएर दिदीलाई घरमा पुऱ्याउन जाने क्रममा जिल्ला प्रहरी कार्यालयको गेट अगाडि ड्यूटीमा बसेका असई टेकबहादुर चापाईले अबेरसम्म हिंडेको आरोपमा कुटपिट गरे।

दुनै गाविस-१ का २३ वर्षीय देवेन्द्र न्यौपानेलाई आफूले भनेको नमानेको आरोपमा ०६० कार्तिक ९ गते दिउँसो देउसी खेलिरहेको अवस्थामा रक्सी सेवन गरेर आएका दुई जना शाही नेपाली सेनाका जवानहरुले कुटपिट गर्नुका साथै गोली हानेर उडाइदिने धम्की दिए। सेनाका मेजरलाई घटनाका बारेमा बताएपछि दोषीहरुलाई विभागीय कारवाही गर्ने आश्वासनमा मिलापत्र भयो।

दुनै गाविस-१ का ३६ वर्षीय अर्जुनबहादुर शाही, २५ वर्षीय लावरे श्रेष्ठ, ४३ वर्षीय श्रीवहादुर शाही, सांही गाविस-४ का ३८ वर्षीय गोविन्दबहादुर शाही र जाजरकोट जिल्ला अर्छानी गाविस-८ जाजरकोट घर भई हाल दुनै गाविस-१ मा होटल व्यवसाय गरी बस्ने ३१ वर्षीय वैकुण्ठराज महतलाई ०६० असोज २२ गते राति ९ बजेतिर मदन थापाले व्यक्तिगत रिसइवीका कारण मेरो दुकानमा ढुङ्गा हान्यो भनी फोन गरेको भरमा सामान्य छानविन नै नगरी प्रहरीले गिरफ्तार गरेको पीडितले बताए। आफूलाई किन जिल्ला प्रहरी कार्यालय ल्याइयो भनी पीडितहरुले प्रश्न गर्दा जिल्ला प्रहरी कार्यालयभित्र प्रहरीले कुटपिट गरेका थिए। पीडितहरु लावरे, बैकुण्ठ र श्रीबहादुर शाहीलाई २ घण्टापछि गोविन्दबहादुर र अर्जुनबहादुरलाई भोलिपल्ट रिहा गरियो।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित — माओवादीबाट				राज्यबाट पीडित			
	घटना संख्या	पुरुष	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
बम विस्फोटन	१		१	१				
गिरफ्तारी/यातना					४	७	१	८
कुटपिट	२	२		२	२	७		७
अपहरण	१	१		१				
जम्मा	४	३	१	४	६	१४	१	१५

माओवादीबाट

रिर्मा गाविस-८ का ३९ वर्षीय उज्वल बडुवाललाई सुराकी गर्न सदरमुकामतर्फ मान्छे पठाएको आरोपमा ०५९ माघ ४ गते बिहान माओवादीले ज्यानमार्ने धम्की दिँदै कुटपिट गरे।

काइगाउँ गाविस-५ का ६१ वर्षीय नरबहादुर बुढाथोकीको धन सम्पत्ति ०६० मंसिर १३ गते दिउँसो माओवादीले राजनीतिक प्रतिशोधका कारण लुटेर लगे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा ४ वर्ष नाघेको एउटा, २ वर्ष नाघेका ३ वटा र १ वर्ष नाघेका २ वटा मुद्दा फर्स्यौट भए। जिल्ला प्रशासन कार्यालयमा ५ वर्ष नाघेका २ वटा र १ वर्ष नाघेका ३ वटा मुद्दा छन्। यस वर्ष ६ वटा मुद्दा फर्स्यौट भए भने नयाँ मुद्दा दर्ता भएनन्। जिल्ला प्रहरी कार्यालयमा कर्तव्यका ९ वटा र भवितव्यका ३ वटा मुद्दा रहेका छन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

लहाँ गाविस-९ का अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला अध्यक्ष १९ वर्षीय धर्मजीत वोहोरा र सचिव कालिका गाविस-५ का १८ वर्षीय बागवहादुर बुढालाई ०५९ फागुन १२ गते दुनै आउँदै गरेको बेला सेनाले गिरफ्तार गरी आँखामा पट्टी बाँधी मार्ने धम्की दिए। पीडितहरुलाई भोलिपल्ट रिहा गरियो।

विगतको अनुगमन

बेपत्ता अपहरण

राज्यबाट

त्रिपुराकोट गाविस-२ का ३२ वर्षीय नन्दप्रसाद न्यौपाने र सर्मी गाविस-३ का २१ वर्षीय प्रसाद बुढालाई माओवादीको काम गर्ने क्रममा ०५५ जेठ ९ गते जाजरकोट जिल्लाको रग्दा गाविस-३ घ्यारगाउँ खोलाबाट प्रहरीले विनापुर्जी गिरफ्तार गरी प्रहरी चौकीहरु चौखा, दल्ली हुँदै रिम्नामा पुऱ्याइएको तर त्यहाँबाट कहाँ लगियो, कहाँ राखिएको छ वा मारियो भन्ने कुरा हालसम्म थाहा हुन सकेको छैन।

रह गाविस-९ का ३० वर्षीय गणेश बुढालाई माओवादीको आरोपमा ०५८ पुस १४ गते

सुरक्षाकर्मीले गिरफ्तार गरी नेपालगञ्जमा थुनामा राखेकोमा ०५९ फागुन २८ गते रिहा गरियो।

रिमी गाविस-४ की १७ वर्षीय राज्कु विकलाई माओवादीको आरोपमा ०५८ फागुन ३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी नेपालगञ्ज लगेर थुनामा राखेकोमा ०५९ फागुन २८ गते रिहा गरियो।

४.१२ जुम्ला



जनसंख्या : ८९४२७
साक्षरता प्रतिशत : ३२.४१
महिला साक्षरता प्रतिशत : १६.७०
क्षेत्रफल (वर्ग कि.मी.) : २५३१
गाविस/नपा संख्या : ३०/०
निर्वाचन क्षेत्र : १
विद्यालय : १२५
क्याम्पस/उच्च मावि : १/०
अस्पताल/स्वास्थ्य चौकी : १/३८
टेलिफोन लाइन : ६
मोटर सडक (कि.मी.) : ०
प्रहरी कार्यालय संख्या : ६
हुलाक संख्या : ३१
मानव विकास सूचकांक : ०.२१८
प्रति एक डाक्टर जनसंख्या : २३०७५
प्रति परिवार सरदर संख्या : ५.६५

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या गोली
राज्यबाट

रारालिही गाविस-३ सितानगरमा जिल्लाबाट गएको शाही नेपाली सेनाको टोलीले संचालन गरेको स्वास्थ्य शिविरमा माओवादीले आचारसंहिता उल्लंघन भएको भनी हल्ला गर्न शुरु गरेपछि ०६० असार ८ गते दिउँसो स्थितिलाई नियन्त्रण गर्न सेनाले चलाएको गोली लागी १ जना माओवादीको घटनास्थलमा मृत्यु भयो। सुरक्षाकर्मीको भनाइअनुसार, माओवादीले गस्तीमाथि आक्रमण गर्न प्रयास गरेपछि गोली चलाउँदा मृत्यु भएको थियो। स्थानीय बासिन्दाहरूका अनुसार माओवादी पाखाबाट लुकेर हेरिरहेको समयमा सेनाले चलाएको गोली लाग्दा मृत्यु भएको थियो।

तलिहुम गाविस-८ जातिमिडका २७ वर्षीय अमित भनिने रत्नबहादुर थापालाई ०६० असोज १४ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितलाई सुरक्षाकर्मीले चारैतिरबाट घेरा हाली नाकाबन्दी गर्दा भाग्ने प्रयास गरेपछि गोली हानी हत्या गरेका थिए।

तलिहुम गाविस-९ जातिमिडका २६ वर्षीय कमेन्द्र धरलालाई माओवादीको आरोपमा ०६० असोज १८ गते बजारबाट सामान खरिद गरी घर फर्किरहेको अवस्थामा महत गाविस र तलिहुम गाविसबीचमा पर्ने खलाचौरमा सामान खानतलासी गरी झोलामा तीन जोर जुत्ता र क्यामरा भेटिएकोले सुरक्षाकर्मीले जंगलमा लगी गोली हानी हत्या गरे। पीडित माओवादी नभएको स्थानीय बासिन्दाहरूले बताए।

कुडारी गाविस-१ सरस्वती मावि कुडारीको अगाडि ओकेला भनिने माओवादी कार्यकर्तालाई ०६० कार्तिक ७ गते दिउँसो ३ बजे सुरक्षाकर्मीको घेरा तोडी भाग्ने प्रयास गरेपछि सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

पातरासी गाविस-९ गोठीगाउँका २५ वर्षीय नाम थाहा नभएका माओवादी कार्यकर्तालाई ०६० कार्तिक १६ गते सुरक्षाकर्मीले घेरा हाल्दा कुटपिट गर्ने प्रयास गरेको आरोपमा गोली हानी हत्या गरे।

माओवादीबाट

महत गाविस-४ महतगाउँका ३५ वर्षीय पूर्णबहादुर महतलाई चन्दा नदिएको, कैदीहरूलाई दुःख दिएको र सुराकीको आरोपमा ०६० कार्तिक २६ गते बेलुका माओवादीले अपहरण गरी घरदेखि पश्चिम सोही गाविसमा पुऱ्याई गोली हानी हत्या गरे। पीडित जेलर हुन्।

चन्दननाथ गाविस-४ कालेखोलीका १४ वर्षीय शुकलाल बोहोरा र सोही ठाउँका १० वर्षीय रिक्सा लामाको घोडा चराउन गएको बेला ०५९ माघ ८ गते जुम्ला आक्रमण गर्दा माओवादीले छोडेर गएको बम थाहा नपाई हातले समातेपछि विस्फोट भई घटनास्थलमै मृत्यु भए।

जेल र बन्दीहरू

यस जिल्लाको जेलमा ०५९ कार्तिक २८ गते माओवादीले आक्रमण गरेपछि हालसम्म पूर्णरुपमा व्यवस्थित हुन सकिरहेको छैन। हाल चन्दननाथ गाविसको मावि नजिक भाडाको घरमा काम चलाउन जेलको स्थापना गरिएको छ। हाल यहाँ कैद तोकिएका ४ पुरुष र १ महिला गरी ५ जना तथा कैद नतोकिएका १ जना बन्दी छन्। यस बाहेक १ जना आश्रित नाबालक छन्। जेलमा खाना, लुगा कपडाको व्यवस्था भए पनि पत्रपत्रिका तथा सञ्चार माध्यमको खाँचो देखिन्छ।

बेपत्ता / अपहरण

माओवादीबाट

हाँकु गाविस-८ गिडीखोलाका ४१ वर्षीय नारायण रोकायालाई सुराकीको आरोपमा ०६० भदौ २१ गते दिउँसो ४ बजे आफ्नै घरबाट माओवादीले अपहरण गरी आँखामा कालो पट्टी बाँधी अपहरण गरे। पीडित हाल मुक्त भई विस्थापित भएका छन्।

तलिहुम गाविस-८ जातिमिडका २६ वर्षीय राममाया थापालाई सुराकीको आरोपमा ०६० असोज २४ गते बेलुका माओवादीले अपहरण गरे। पीडितका पति खड्कबहादुर थापा माओवादीबाट आत्मसमर्पण गरेर जिल्ला सदरमुकाममा विस्थापित भएका छन् भने पत्नीलाई माओवादीको विरुद्धमा सुराकी गरेको आरोपमा माओवादीले अपहरण गरिएका थिए।

तलिहुम गाविस-६ कोटिलाका ६० वर्षीय हर्कबहादुर शाहीलाई गाउँमा शोषण गरेको र माओवादी कार्यकर्तालाई दु:ख दिएको आरोपमा ०६० असोज २५ गते माओवादीले अपहरण गरे। पीडितलाई हाल मुक्त गरिएको छ।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

पाण्डवगुफा गाविस-४ का २५ वर्षीय नरेन्द्रराज हमाललाई ०५९ पुस १८ गते दिउँसो २.२५ बजे घर खर्चका लागि सामान खरीद गरी घर फर्किरहेको अवस्थामा माओवादीलाई सहयोग गर्ने सामान खरीद गरेको आरोपमा जिल्ला सदरमुकाम खलङ्गाबाट प्रहरीले कुटपिट गरी दिनभरि जिल्ला प्रहरी कार्यालयमा राखेर बेलुकी सख्त घाइते अवस्थामा रिहा गरे। पीडितको हालको अवस्था सामान्य छ।

तातोपानी गाविस-६ राँकाका २९ वर्षीय पूर्णवीर बुढालाई जिल्लाबाट सुरक्षाकर्मीको टोलीले स्थानीय राँका गाविसको राँका गाउँमा माओवादीको पक्षमा कुरा गरेको आरोपमा आवश्यक सोधपुछका लागि ०५९ पुस २९ गते बेलुकी ३:३० बजे समाती सख्त घाइते हुनेगरी कुटपिट गरे। तर, स्थानीय बासिन्दाहरूका अनुसार, पीडित माओवादी तथा माओवादीको पक्षधर नभएको र सुरक्षाकर्मीले आवश्यक सोधखोज नै नगरी कुटपिट गरेका थिए।

चन्दननाथ गाविस-१ तलिचौरकी ३२ वर्षीय काली दमाईलाई खाद्य संस्थानमा लाइनमा नबसी चामल लिन भित्र गएको वेला ०५९ पुस ३० गते दिउँसो-१ बजे प्रहरीले सख्त घाइते हुने गरी कुटपिट गरे। पीडितको अस्पतालमा उपचार भई दुई दिनपछि ठीक भए।

चन्दननाथ गाविस-४ जुम्ला बजारस्थित

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या					३	५		५	६	८		८
गिरफ्तारी/यातना									२३	२७	१	२८
कुटपिट	२	२		२	१०	१२	१	१३	१३	१६		१६
धम्की									१	२	२	४
महिलाअधिकार	४		५	५					१		१	१
अपहरण					५	४	१	५				
जम्मा	६	२	५	७	१८	२१	२	२३	४४	५३	४	५७

चन्दननाथ माविको टहरामा सामान खरीद गरिरहेको अवस्थामा ०५९ माघ १८ गते दिउँसो ४ बजे सादा पोशाकमा गस्तीमा आएका सेनाले तथा अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला अध्यक्ष २४ वर्षीय नरेन्द्र न्यौपानेलाई भिडियो क्यामरामा फोटो खिच्न खोज्दा नखिच्नु भनी विरोध गरेपछि घाइते हुनेगरी कुटपिट गरी मार्ने धम्कीसमेत दिए। पीडित विना हतियार सदरमुकाम प्रवेश गरेका थिए। हाल पीडितको अवस्था सामान्य छ।

महत गाविस-३ छिनाका २२ वर्षीय जिल्ला कारागार शाखा जुम्लाका बन्दी चेतबहादुर रावललाई कारागारमा राखिएको बन्दी पुस्तिकामा हाजिरी लगाई नजिकैको पसलबाट सामान चोरेर भागेको अवस्थामा ०५९ माघ २१ गते राति प्रहरीहरूले कुटपिट गरी सख्त घाइते बनाए।

लाम्रा गाविस-५ हिआखोला अगाडि बाजाराउल नजिकै ०५९ माघ २९ गते दिउँसो २.३० बजे सुरक्षाकर्मीको टोली र माओवादी कार्यकर्ताबीच भेट भई सुरक्षाकर्मीले माओवादीको सम्पूर्ण सामान खोल्दा माओवादीसँग ८ वटा सकेट बमहरू भेटाएकोले सबै हतियारहरू बरामद गरी नजिकको नदीमा लगी निस्कृय गराएर भने माओवादीको भनाई तथा वक्तव्यमा उल्लेख गरेअनुसार माओवादी कार्यकर्तालाई कुटपिट गरे। हाल माओवादीहरूलाई मुक्त गरिएको छ।

चन्दननाथ गाविस-४ बुडथापा गाउँका ३५ वर्षीय हस्तबहादुर बुढथापालाई मादक पदार्थ सेवन गरी जथाभावी गरेको आरोपमा प्रहरीले भारतीवडा नजिकबाट समाती ०५९ चैत २५ गते सख्त घाइते हुनेगरी कुटपिट गरे। पीडितको उपचारको लागि ३ दिनसम्म अस्पतालमा रहनु परेको थियो।

महत गाविस-३ का ६२ वर्षीय गोर्खबहादुर रावललाई जिल्ला कारागार शाखाभित्र आफ्नो कैद समय समाप्त भइसकेको दावी गर्दै रिहाइको माग गरी अनसन बसिरहेको अवस्थामा सोही शाखाका कर्मचारी तथा प्रहरीहरूले ०५९ फागुग २६ गते दिउँसो २ बजे अनसन तोड्नको लागि दबाब दिई सख्त घाइते हुनेगरी कुटपिट गरे। पीडित विगत ६ वर्षदेखि ज्यानमारा मुद्दामा बन्दीको रुपमा राखिएका थिए। पीडितको हालको अवस्था सामान्य छ र थुनामा राखिएको छ।

महत गाविस-६ महतगाउँका २६ वर्षीय राजबहादुर सेजुवाललाई राति ९ बजे धर्मशालाको होटलमा बसेर चिया खाइरहेको समयमा प्रहरीले बाटोमा ल्याई ०६० असार १५ गते सख्त घाइते हुने गरी कुटपिट गरे। पीडितको हालको अवस्था उपचारपछि स्वस्थ भएको छ।

तातोपानी गाविस-१ गोतमवाडाका पर्वत भनिने २५ वर्षीय मुनिकेस गौतमलाई चन्दा उठाएको र कालिकोटमा हुनलागेको जनसभामा जानुपर्छ भनी जनतालाई दबाब दिएको आरोपमा ०६० असार ३ गते बिहान १० बजे शाही सेनाको टोलीले महत गाविस-१ विजयनगरबाट गिरफ्तार गरी दायाँ गाला, बायाँ खुट्टा र ढाडमा गम्भीर चोट लाग्ने गरी कुटपिट गरे। पीडितको नेपालगञ्ज अस्पतालमा उपचार गरिएको थियो।

गर्ज्याङकोट गाविस-१ देपालगाउँमा माओवादीका एरिया कमिटी सदस्य कमललाई ०६० जेठ १८ गते बिहान १० बजेतिर सेनाले बन्दुकको बुना र लट्ठीले दायाँ आँखा र दायाँ हातको औंला छिनिने गरी कुटपिट गरे। माओवादीले पीडितलाई स्ट्रेचरमा बोकेर अस्पतालमा लगी उपचार गराएका थिए।

महत गाविस-७ का ४० वर्षीय हरिश्चन्द्र सार्की र सोही गाविस-७ का ५० वर्षीय रुन सार्कीलाई ०६० असोज १८ गते घर फर्किरहेको अवस्थामा प्रहरीले कुटपिट गरे।

तलिहुम गाविस-५ का २६ वर्षीय बुल बोहोरालाई ०६० कार्तिक १८ गते नेपालगञ्ज आउने जहाजको टिकट लिन जाँदा प्रहरीले घाइते हुने गरी कुटपिट गरे।

माओवादीबाट

बुम माडिचौर गाविस-५ थार्मायाका ३५ वर्षीय नेपाले बोहोरालाई मादक पदार्थ खाई माओवादीलाई जथाभावी गाली गलौज गरेको र नक्कली माओवादी वनी गाउँका सर्वसाधारणलाई दु:ख दिएको ०५९ फागुन २० गते बेलुकी माओवादीले घाइते हुनेगरी कुटपिट गरे।

महत गाविस-५ महतगाउँका २४ वर्षीय मानबहादुर महत, २३ वर्षीय दिपक महत र २१ वर्षीय अमरबहादुर महतलाई ०५९ चैत १९ गते कार्तिकस्वामी गाविस-७ बारकोटेमा नक्कली माओवादी बनी जथाभावी गरेको आरोपमा माओवादीले सख्त घाइते हुनेगरी कुटपिट गरे।

हाँकु गाविस-७ गिडिखोलाका २६ वर्षीय कमल पाण्डेलाई विभिन्न ठाउँमा माओवादीको नाममा ठगी गर्दै हिंडेको आरोपमा ०५९ चैत २८ गते माओवादीले कुटपिट गरी सख्त घाइते बनाए। पीडितले तातोपानी, कुडारी र राँकामा विभिन्न खालको नराम्रा क्रियाकलापहरूमा संलग्न भएका र घर-घरमा गई खाना खाने र पैसा माग्ने जस्ता गलत क्रियाकलापहरू गरेकोको कुटपिट गरेको कुरा माओवादीले टाँसेको पर्चामा उल्लेख गरियो।

चन्दननाथ गाविस-६ खोलीडोरका २६ वर्षीय बालाराम नेपालीलाई जिल्ला स्वास्थ्य कार्यालयको काममा

कुडारी हुँदै ताम्नी जान लागेको वेला बाटोमा माओवादीहरूले रारालीहीको स्वास्थ्य शिविरमा आएको आरोपमा ०६० असार ९ गते दिउँसो ३ बजे दायाँ हात नचल्ने गरी कुटपिट गरे। पीडितको स्थिति हालसम्म पनि चिन्ताजनक छ।

कुँडारी गाविस-६ रावतवाडाका ४३ वर्षीय गोर्खवहादुर शाहीलाई दोस्रो विवाह गरेको र रावतवाडामा सिचाई कुलो निर्माण गर्दा अनियमितता गरेको आरोपमा ०६० जेठ २६ गते दिउँसो माओवादीहरूले सख्त घाइते हुनेगरी कुटपिट गरे। हाल पीडितको अवस्था सामान्य छ।

कुँडारी गाविस-४ सापुल्लीका ४० वर्षीय दिपवहादुर शाहीलाई गाविस अध्यक्ष पदमा रहेको समयमा टेलिफोन सेट्लगायत्का सामानहरू खरीद गर्न गएको तर सामान खरीद नगरी फर्केर आएको पैसा आफैले खाएको आरोपमा ०६० जेठ ४ गते दिउँसो ३ वजे माओवादीले घेरा हाली सख्त घाइते हुने गरी कुटपिट गरे। हाल पीडितको स्थिति सामान्य छ।

तातोपानी गाविस-३ जर्मीका नाग्म-जुम्ला हरित सडक निर्माण समितिका अध्यक्ष ४३ वर्षीय पुन्नवहादुर रोकाया र सचिव सोही गाविस-८ का ४० वर्षीय क्षेत्रवहादुर शाहीलाई कामदारहरूको ज्याला भुक्तानीको लागि जिविसले दिएको ४४ हजार रुपैयाँ र ९ को अगाडि १ थपी १९ क्वीन्टल चामल वनाई भ्रष्टाचार गर्न खोजेको आरोपमा माओवादीको एक समूहले ०६० जेठ ९ गते दिउँसो २.३० वजे तातोपानी गाउँको जर्मीमा सख्त घाइते हुनेगरी कुटपिट गरे। पीडितहरूले पैसा र चामल फिर्ता गरे।

तलिहुम गाविस-१ श्रीढुस्काका निवर्तमान गाविस अध्यक्ष ५६ वर्षीय मुनप्रसाद उपाध्यायलाई मागेको चन्दा नदिएको आरोपमा ०६० असार १३ गते १० वजे मुखमा कालो पट्टी वाँधी आएका २०-२५ जना माओवादीहरूले सख्त घाइते हुनेगरी कुटपिट गरे। पीडितको उपचारका लागि जुम्लावजार नजान माओवादीले चेतावनी दिएपछि घरमै उपचार गरियो। हालको स्थिति सामान्य छ।

हाँकु गाविस-८ गिडिखोलाका २२ वर्षीय मन्नु पाण्डेलाई खान खान नदिएको आरोपमा ०६० कार्तिक २ गते विहान १० वजे माओवादीले सख्त घाइते हुनेगरी कुटपिट गरे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

पाँच राजनीतिक दलहरूले ०६० असार २०, असार २७ र साउन १८ गते निकाल्ने जुलुसमा प्रहरी दमन भएको थियो। यस क्रममा कुटपिट, गिरफ्तारी तथा अन्य अमानवीय व्यवहारहरू पनि भएका थिए। जसले गर्दा राजनीतिक स्वतन्त्रतामाथि हस्तक्षेप भएको स्थिति देखियो।

महत गाविस-४ का एमाले उपसचिव ४१ वर्षीय शान्तिलाल महत, एमाले जिल्ला कमिटी सदस्य ३३ वर्षीय धिरेन्द्रराज गिरी र संयुक्त जनमोर्चा, नेपाल जिल्ला शाखाका अध्यक्ष ४० वर्षीय अध्यक्ष महेन्द्र महतलाई ०६० जेठ २९ गते दिउँसो ११ बजे पाँच राजनीतिक दलहरूले आयोजना गरेको मालपोत कार्यालय घेराउ कार्यक्रममा प्रहरीले गिरफ्तार गरी रिहा गर्‍यो।

महत गाविस-३ छिनाका नेकपा (एमाले) जिल्ला कमिटीका सचिव ४० वर्षीय देवीलाल थापा, गर्जाङको-६ का निवर्तमान गाविस अध्यक्ष गोविन्द अधिकारी र कार्तिकस्वामी गाविस-१ बोहोरागाउँका ४५ वर्षीय नेमकिपाका कार्यालय सचिव राजेश्वर देवकोटालाई ०६० असार १६ गते चन्दननाथ गाविस-६ जुम्ला वजारमा प्रतिगमनको विरुद्धमा मसाल जुलुस प्रदर्शन गरिरहेको अवस्थामा प्रहरीले सख्त घाइते हुने गरी कुटपिट गरे। पीडितहरूको शरीरमा निलडाम, अनुहार र घुँडामा चोट लाग्यो। पछि प्रदर्शनकारीहरूको भीडले होहल्ला गरेपछि कुटपिट गर्न छोडिएको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

गत वर्ष जिल्ला अदालत र पुनरावेदन अदालतमा रहेका सम्पूर्ण कागजातहरू नष्ट पारिएका थिए भने हाल जिल्ला अदालत जुम्लामा ६ वटा र पुनरावेदन अदालतमा १० वटा गरी १६ मुद्दाहरू दर्ता भएका छन्। जसमा देवानी २, राज्यविरुद्धको अभियोग ३, दुनियावादी ५ र अन्य ७ वटा छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा सुकुम्वासी समस्या खास छैन। जिल्लामा व्यापकरुपमा हलियाप्रथाले जरा गाडेको छ। गाउँघरतिरका प्रत्येक घरमा हलि राख्ने र कमभन्दा कम पैसामा वा विना पारिश्रमिक काम गर्ने/गराउने प्रकारको स्थिति हाल पनि जीवन्त छ। कम पैसामा गाई चराउने, वच्चा खेलाउने आदि काम गर्न घरमा मानिसहरू राखिएको हुन्छ।

विस्थापित

यस जिल्लामा जम्मा १ सय ५ घरका ५ जना विस्थापितको आधारमा जम्मा ५ सय २५ जना विस्थापित भएको अवस्था छ।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

कार्तिकस्वामी गाविस-१ का २० वर्षीय कर्णवीर नेपालीलाई ०६० असोज ३ गते जंगलमा दाउरा लिन गइरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित हाल रिहा भएका छन्।

हाँकु गाविस-५ पत्थेनीका ३५ वर्षीय कमलबहादुर पाण्डेलाई माओवादीलाई खान खान र सुत्न दिएको, सहयोग गरेको आरोपमा ०६० असोज ५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बन्दुकको कून्दा र लाठी प्रयोग गरी कुटपिट गरे।

हाँकु गाविस-३ का ५० वर्षीय गौरीशंकर न्यौपानेलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६० असोज २० गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित हाल रिहा भएका छन्।

तलिहुम गाविस-४ का ३१ वर्षीय विर्खबहादुर शाहीलाई ०६० असोज २६ गते जुम्ला बजारबाट सामान खरिद गरी फर्किरहेको अवस्थामा महत गाविस-४ महत गाउँ अगाडि गस्तीमा गएका सुरक्षाकर्मीको टोली फर्केर आइरहेको अवस्थामा झोला तथा सामान खानतलासी गरी बढी सामान भेट्टाएपछि गिरफ्तार गरिएको थियो। पीडितलाई हाल रिहा गरिएको छ।

तलिहुम गाविस-४ का ३० वर्षीय धइमले सार्कीलाई माओवादीको आरोपमा ०६० कार्तिक ९ गते विहान ११ बजे सुरक्षाकर्मीले घरवाट गिरफ्तार गरे। पीडित हाल रिहा भएका छन्।

गुठिचौर गाविस-५ का २६ वर्षीय अमरवहादुर बुढालाई माओवादीको आशंकामा ०६० कार्तिक ११ गते सामान खरीद गरी फर्किरहेको अवस्थामा सुरक्षाकर्मीले तलिचौर गाउँबाट गिरफ्तार गरे। पीडितलाई हाल रिहा गरिएको छ।

बुम्रमाडीचौर गाविस-५ बुम्रका २९ वर्षीय दलबहादुर रावतलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६० कार्तिक ११ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल रिहा गरिएको छ।

महत गाविस-७ मिचाका २३ वर्षीय हर्कवहादुर नेपालीलाई चन्दा संकलन, चिठी वितरण गरेको आरोपमा ०६० कार्तिक २३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी ५ दिनपछि रिहा गरे।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव

दूर्व्यवहार

महत गाविस-७ मिचाकी २४ वर्षीय जयकली सार्कीलाई ०६० कार्तिक ६ गते लाम्राका २६ वर्षीय हस्त सार्कीले विवाह गरेबापत् महत गाविस-७ का जयकलीका पति कर्णबहादुर सार्कीले ६० हजार रुपैयाँ जारी लिए।

यस पटक यस जिल्लामा वहुविवाहका ५ वटा घटनाहरू सार्वजनिक जानकारीमा आए।

यस वर्ष जारीका अन्य ३ वटा घटना पनि भएका थिए।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

शिक्षकहरूको तलब समयमा उपलब्ध नभएको विरोधमा ०६० मंसिर २९ गते तत्काल शिक्षकहरूलाई तलबको व्यवस्था हुनुपर्छ भनेर एक प्रेस विज्ञप्ति प्रकाशित गरे।

ग्रामीण विकास समूह कार्यक्रम, जुम्लाको मानवअधिकारको बारेमा अनुगमन गरी जिल्लामा भएका घटना तथा आचार संहिता पालना कोबाट कति भनी पत्रकार सम्मेनल सहित एक प्रेस वक्तव्य प्रकाशित गऱ्यो।

संरचना क्षति

जिल्ला कारागार शाखाको नवनिर्मित भवनमा माओवादीले ०६० मंसिर ४ गते बम विस्फोट गरी क्षतिग्रस्त बनाए।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

कनकासुन्दरी गाविस-९ लेकपुरका १४ वर्षीय विशाखर बुढा र सोही गाविसका १३ वर्षीया हाजिरा बुढा स्थानीय लेकपुरको जंगलमा भेडा, बाखा चराइरहेको समयमा एक्कासी आगो लाग्दा आगोमा पोलिएर मृत्यु भयो।

जुम्लावाट सुर्खेततिर गएको स्काईल्याण्ड एयरवेजको हवाईजहाज दुर्घटनाग्रस्त हुँदा चालक दलका २ जना सदस्य र २ जना यात्रुको मृत्यु भयो।

विगतको अनुगमन

ताम्ती गाविस-७ मा अशोक भनिने माओवादी कार्यकर्ताको ०५९ कार्तिक ६ गते माओवादीको बम विस्फोटमा परि मृत्यु भएको खुल्न आयो।

४.१३ कालिकोट



जनसंख्या : १०५५८०
साक्षरता प्रतिशत : २७.५१
महिला साक्षरता प्रतिशत : १६.९८
क्षेत्रफल (वर्ग कि.मी.) : १७४१
गाविस/नपा संख्या : ३०/०
निर्वाचन क्षेत्र : १
विद्यालय : १५२
क्याम्पस/उच्च मावि : ०/२
अस्पताल/स्वास्थ्य चौकी : १/१३
टेलिफोन लाइन : २
मोटर सडक (कि.मी.) : ०
प्रहरी कार्यालय संख्या : १
हुलाक संख्या : २९
मानव विकास सूचकांक : ०.१७७
प्रति एक डाक्टर जनसंख्या : ५०७५५
प्रति परिवार सरदर संख्या : ५.७१

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

सुकाटिया गाविस-१ का ३४ वर्षीय रतन शाहीलाई माओवादीको आरोपमा ०५९ फागुन १४ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

सुर्कटिया गाविस-२ का एमाले कार्यकर्ता ३३ वर्षीय हस्त चौलागाई र सोही गाविस-७ का सोही पार्टीका कार्यकर्ता २९ वर्षीय रविलाल वोहरालाई ०५९ फागुन १४ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

पाँखा गाविस-४ का २१ वर्षीय गगनवहादुर मल्ललाई माओवादीको आशंकामा ०६० साउन २६ गते सुरक्षाकर्मीले हत्या गरे।

ओदानकु गाविस-४ डिल्लीकोटकी माओवादी बटालियन सदस्य रचना भनिने २० वर्षीय मनपुरा सिंहलाई सुरक्षाकर्मीले ०६० भदौ ८ गते पाँखा गाविस-८ मा पर्ने भरालोडाँडामा गोली हानी हत्या गरे।

फूकोट गाविस-६ का २१ वर्षीय हुकुमवहादुर शाहीलाई माओवादीको आरोपमा ०६० भदौ १३ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

फूकोट गाविस-७ उपरगाउँका २५ वर्षीय हुकुमबहादुर शाहीलाई सुराकीको आरोपमा ०६० भदौ १३ गते मान्म गाविसको सियाला भन्ने भीरमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडित माओवादी भातृ संगठन, सेती-महाकाली साँस्कृतिक संगठन परित्याग गरी साधारण नागरिकसरह जीवन बिताउने प्रण गरी करिब १ महिना पहिले सदरमुकाम आएका थिए।

छाप्रे गाविस-४ का २३ वर्षीय गौरीकला रावतलाई माओवादीको आरोपमा ०६० असोज २४ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

छाप्रे गाविस-४ का २५ वर्षीय राकेश (थर नखुलेको) लाई माओवादीको आरोपमा ०६० असोज २४ गते सुरक्षाकर्मीले हत्या गरे।

सिपखाना गाविस-६ का २७ वर्षीय देउ जैसीलाई माओवादीको आरोपमा ०६० असोज २४ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

पाँखा गाविस-४ का माओवादी कार्यकर्ता २० वर्षीय मध्ये दमाई (मदन) लाई ०६० असोज २४ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

सिपखाना गाविस-६ का २४ वर्षीय जगतवहादुर बोकटीलाई माओवादीको आरोपमा ०६० असोज २७ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

माओवादीबाट

पाखा गाविस-४ का ७ वर्षीय चन्द्रवहादुर मल्ल र ९ वर्षीय भैरववहादुर मल्लको माओवादीले छोडेको बम विस्फोटनमा परी ०५९ पुस १८ गते मृत्यु भयो।

कुमालगाउँ गाविस-४ का सर्वसाधारण २५ वर्षीय लहवीरे कठायतलाई सुराकीको आरोपमा ०५९ फागुन १८ गते माओवादीले हत्या गरे।

गेला गाविस-७ का ५५ वर्षीय भानु कामीलाई चोरी गरेको आरोपमा ०५९ भदौ ११ गते माओवादीले घरबाट अपहरण गरी छिमेकीको घरमा पिट्दा-पिट्दै बेहोस पारे। छिमेकीले बोकेर घरमा ल्याउँदा-ल्याउँदै पीडितको मृत्यु भएको थियो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

छाप्रे गाविसमा सदरमुकामबाट गएको संयुक्त सुरक्षाकर्मीको गस्ती टोलीका हवल्दार मानबहादुर सिंहलाई ०६० साउन २४ गते माओवादीले गोली हानी घाइते बनाए। पीडितको टाउकोमा गोली लागी उपचारको लागि नेपालगन्ज लगिएको थियो।

जुविथा गाविसको खल्लागाडमा शाही नेपाली सेनाका उपसेनानी पवन घिमिरेलाई ०६० भदौ २७ गते माओवादीले विद्युतीय धरापमा पारी सख्त घाइते बनाए। पीडितको एउटा आँखा बाहिर निस्केकोले अवस्था चिन्ताजनक भएको हुँदा उपचारका लागि हेलिकप्टरबाट काठमाडौं लगिएको बनाए।

जेल र बन्दीहरू

जिल्लाको जेल 'ङ' श्रेणीको हो। यस जेलको बन्दी क्षमता २५ जना रहेको छ। ०४१ सालमा बनेको अति पुरानो ढाँचाको बनावट भएकोले बन्दी र सुरक्षा गार्ड राख्ने छुट्टै कोठा र ब्यारेक नभएकाले बन्दी र सुरक्षाकर्मी दिनभरी सँगसँगै रहनुपर्ने अवस्था सृजित भएकाले यस जेलको अवस्था जीर्ण रहेको छ। बन्दीहरु बस्ने नमिल्ने भएवाट ०५८ मंसिरदेखि ०५९ भदौसम्म बन्दीहरुलाई जिल्ला प्रहरी कार्यालयको नयाँ भवनमा राख्ने गरिएको थियो।

जेलमा रहेका कर्तव्यज्यानमा रहेका पुरुष वन्दी ९, विस्फोटक पदार्थसम्वन्धी मुद्दाका १ जना समेत १० जना बन्दीलाई केन्द्रीय कारागार शाखा बाँकेमा स्थानान्तरण गरिएकोले हाल यस जेलमा बन्दी छैनन्।

बेपत्ता / अपहरण

माओवादीबाट

मान्म गाविस-५ का २३ वर्षीय पदमबहादुर शाही र २४ वर्षीय केशबहादुर शाहीलाई मदिरा सेवन गरेको आरोपमा ०५९ फागुन २३ गते बदालकोट गाविसको रेगिंल भन्ने ठाउँमा माओवादीले अपहरण गरी तीन दिनपछि कोटवाडा गाविसबाट मुक्त गरे। पीडितहरू रक्सी किन्न भनेर रास्कोटतिर गएको समयमा माओवादीहरूले अपहरण गरेका थिए।

सुकाटिया गाविस-१ थालाका एमाले जिल्ला कमिटी उपसचिव ३६ वर्षीय कुर्मराज शाहीलाई ०६० असार १४ गते माओवादीले अपहरण गरे।

जुविथा गाविस घर भई मान्म गाविस-५ बस्ने २३ वर्षीय देवेन्द्रबहादुर शाहीलगायत् १०-१५ जनालाई आफ्नो पार्टीमा समाहित गराउनका लागि ०६० साउन २१ गते माओवादीले अपहरण गरे। पीडितहरूलाई गाउँ-गाउँमा घुमाई शारीरिक अभ्यास सिकाउँछौं भन्ने आश्वासन दिएका थिए। पीडित १५ दिनपछि भागेर सुर्खेत पुगी हेलिकप्टरबाट कालिकोट आए।

गेला गाविसका ४० वर्षीय नेकपा (एमाले) जिल्ला कमिटी सदस्य राजेन्द्रबहादुर थापालाई राजनीतिक मतभेदका कारण ०६० जेठ ७ गते माओवादीले अपहरण गरी यातना दिए। पीडितलाई मुग्राह गाविसबाट आफ्नो कब्जामा लिई विभिन्न धम्की दिई केही दिनपछि मुक्त गरियो।

पाँखा गाविस-१ का ३० वर्षीय कलबहादुर मल्ल र ४४ वर्षीय मानबहादुर मल्ललाई सुराकीको आरोपमा जुविया गाविसको खल्लागाडबाट ०६० असार ८ गते माओवादीले अपहरण गरे। पीडितहरू किडाक नामक संस्थाको आयोजनामा कर्णाली भेलामा भाग लिनका लागि

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित						राज्यबाट पीडित			
	अन्यबाट			माओवादीबाट						
	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या				४	५	५	१६	१३	३	१६
गिरफ्तारी/यातना							५	६		६
कुटपिट	२	२	२	१२	१३	१३	५	२८		२८
धम्की				१	१	१	१	५		५
अपहरण				११	१६	१६				
जम्मा	२	२	२	२८	३५	३५	२७	५२	३	५५

जुम्ला गएको समयमा माओवादीहरूले अपहरण गरेका थिए। पीडितहरूलाई विभिन्न यातना दिई मुक्त गरियो।

पाँखा गाविस-१ का एमाले जिल्ला सचिव तथा पूर्व उपसभापति तुलराज विष्ट र ३७ वर्षीय जिविस सभापति तिलबहादुर शाहीलाई सुराकीको आरोपमा ०६० असार १४ गते सोही ठाउँको सेरावाडाबाट माओवादीले अपहरण गरे। पीडितहरूलाई विभिन्न किसिमका बयान गराई २३ दिनपछि पाँखा गाउँमा इन्सेक प्रतिनिधि र पत्रकारको जिम्मा लगाई मुक्त गरियो।

सुरक्षाकर्मीद्वारा हत्या गरिएका हुकुम शाही

थिर्पु गाविस-४ का १८ वर्षीय पसलबहादुर शाही, सोही गाविस-३ का १८ वर्षीय लक्ष्मणबहादुर बम र १६ वर्षीय चम्पाकुमारी बमलाई आफ्नो पार्टीको अभियानमा जानुपर्छ भनी ०६० असोज १९ गते माओवादीले अपहरण गरे। पीडितहरूलाई १५ दिनपछि मुक्त गरियो।

बर्दिया जिल्ला घर भई जिल्ला प्रहरी कार्यालय कालिकोटमा कार्यरत २८ वर्षीय मानबहादुर वराईलीलाई ०६० जेठ ७ गते माओवादीले अपहरण गरे। पीडितलाई १ दिनपछि मुक्त गरियो।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

मान्म गाविस-५ मा माओवादीको भेलामा उपस्थित गराइएका जनता तथा माओवादी कार्यकर्तालाई नारा जुलुस गरी प्रशासनलाई धम्की दिएको आरोपमा ०६० वैशाख ५ गते सुरक्षा निकायले हवाई फायर गर्दा दर्जनौं जनता घाइते भएका थिए भने माओवादीका कार्यकर्ता मुक्तिले यातनासमेत पाए।

मान्म गाविस-९ का ४८ वर्षीय धनप्रसाद पाण्डेलाई मदिरा सेवन गरी ड्यूटीमा सुरक्षार्थ खटिएका जवानलाई अनावश्यक धम्की दिएको आरोपमा ०६० असोज १८ गते सैनिक जवानले कुटपिट गरे। पीडित दशैंको दिनमा टिका थाप्नका लागि सदरमुकामदेखि आफ्नो गाउँ ताडीमा गएका थिए।

माओवादीबाट

थिर्पु गाविस-४ का २० वर्षीय कक्षा १० मा अध्ययनरत विद्यार्थी दीपेन्द्रबहादुर बमलाई सामाजिक अपराध गरेको आरोपमा ०५९ माघ ५ गते स्थानीय सरस्वती माविको प्राङ्गणमा लगी जनमासको बीचमा माओवादी ले कुटपिट गरे।

थिर्पु गाविस-२ का ५५ वर्षीय दलबहादुर बमलाई अर्काको पत्नीलाई यौन दुर्व्यवहार गरेको आरोपमा ०५९ माघ ६ गते माओवादीले कुटपिट गरे। तर, पीडित आफूले यौन दुर्व्यवहार नगरेको बताए।

थिर्पु गाविस-३ का ६० वर्षीय ऐवान सिंह बमलाई आफ्नो पार्टीको आमसभामा नगएको आरोपमा ०५९ चैत १८ गते माओवादीले कुटपिट गरे।

थिर्पु गाविस-३ का नेकपा (एमाले) का पूर्व गाविस अध्यक्ष ५२ वर्षीय खड्कबहादुर बमले गाविसको रकम खाएको आरोपमा ०६० वैशाख २६ गते माओवादीले घरमा भएको जिन्सीका सामानहरू लुटेर लग्नुका साथै जग्गासमेत आफ्नो कब्जामा लिए। हाल पीडितको सम्पूर्ण परिवार कैलाली जिल्लाको लम्की भन्ने ठाउँमा बसेका छन्।

पाँखा गाविस-१ का ४० वर्षीय पूर्णबहादुर मल्ललाई आफ्नो पार्टीको विरोध सभामा नगएको आरोपमा माओवादीले ०६० वैशाख २९ गते पीडितकै घरमा गई कुटपिट गरे। पीडित राति ९ बजे घरबाट भागेर सदरमुकाम पुगेका थिए।

पाँखा गाविस-४ का अनेकिसंघ जिल्ला सचिव ४२ वर्षीय मानबहादुर मल्ललाई सुराकीको आरोपमा ०६० असार १४ गते माओवादीले कुटपिट गरे।

पाँखा गाविस-१ का प्ररायुसंघ जिल्ला अध्यक्ष ३२ वर्षीय कलबहादुर मल्ललाई ०६० असार १६ गते माओवादीले कुटपिट गरे।

खापा गाविस-१ का शिक्षक ३७ वर्षीय कृष्णबहादुर मल्ललाई सुराकीको आरोपमा ०५९ साउन ६ गते माओवादीले कुटपिट गरे।

थिर्पु गाविस-१ का एमाले कार्यकर्ता ४५ वर्षीय धीरबहादुर बमलाई सुराकीको आरोपमा ०६० भदौ ३ गते माओवादीले कुटपिट गरे।

मान्म गाविस-९ का कान्तिपुर दैनिकका समाचारदाता २८ वर्षीय तुलाराम पाण्डेलाई आफ्नो पार्टीले गरेको कुनै पनि समाचार नलेखेको आरोपमा ०६० भदौ ४ गते माओवादीले पिली भन्ने ठाउँमा अंग भंग गर्छौं भनी धम्की दिए।

दाहाँ गाविस-५ का २० वर्षीय नरजन शाहीलाई

सुराकीको आरोपमा ०६० असोज २० गते बदालकोट गाविसको जिम्जेडी भन्ने ठाउँबाट माओवादीले कब्जामा लिई सिकु भन्ने ठाउँमा कुटपिट गरे। पीडितको दायाँ हातमा असर परेको थियो।

थिर्पु गाविस-३ का ३६ वर्षीय कर्णध्वज बमलाई गाविसका योजना खाएको र लुकी-छिपी सदरमुकाम गएको आरोपमा ०६० कार्तिक ४ गते माओवादीले कुटपिट गरे। पीडितलाई घरबाट राति लगी एक किलो मिटर टाढामा पर्ने गाउँमा फलामको डल्लोले शरीरका विभिन्न अंगमा हानी हिँडडुल गर्न नसक्ने अवस्थामा छोडेको प्रत्यक्षदर्शीले बताए।

थिर्पु गाविस-१ का २० वर्षीय गोगनबहादुर बमलाई पार्टीको गोपनियता भंग गरेको आरोपमा ०६० कार्तिक ५ गते माओवादीले कुटपिट गरे। पीडित माओवादीकै कार्यकर्ता थिए।

थिर्पु गाविस-३ का ४६ वर्षीय अजवीर बमलाई नाकाबन्दी तोडेर जिल्ला हुलाक कार्यालय, मान्ममा तलब भत्ता लिनका लागि गएको आरोपमा माओवादीले ०६० कार्तिक १० गते पीडितकै घरमा सामान्य कुटपिट गरी धम्की दिए।

यसवर्ष माओवादीले झण्डै ४० भन्दा बढी परिवारको सर्वस्व हरण गर्नुको साथै ६० घर परिवारको सम्पत्ति लुटपाट गरे।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

पाँखा गाविस-१ का नेकपा (एमाले) ले जिल्ला कमिटीका सचिव ५७ वर्षीय तुलाराज विष्ट, सुकाटिया गाविस-२ का ३२ वर्षीय कुर्मराज शाही, ३० वर्षीय कलबहादर मल्ल, राँचुलीका नरदीप शाही, नानीकोट गाविस-७ का ६० वर्षीय जयकृष्ण सञ्ज्याल, ४४ वर्षीय मानबहादुर मल्ल, ३७ वर्षीय तिलबहादुर शाही, छाप्रे गाविस-१ का ३० वर्षीय रत्न अधिकारी र फूकोटका ४० वर्षीय काशीचन्द्र न्यौपानेलाई "मे" दिवस मनाउने क्रममा नारा जुलुस गर्ने तयारी गरिरहेको समयमा निषेध आदेश उल्लंघन गरेको आरोपमा ०६० वैशाख १८ गते प्रहरीले कुटपिट गरे।

लालु गाविस-५ का ५८ वर्षीय पंखबहादुर विष्ट, पाँखा गाविस-१ का ३७ वर्षीय तिलबहादुर शाही, ३० वर्षीय कलबहादुर मल्ल, राँचुली गाविस-८ का ४० वर्षीय नवराज कोइराला र भर्ता गाउँका ४८ वर्षीय नन्दबहादुर शाहीलाई पाँच पार्टीद्वारा संचालित शाही घोषणाको विरुद्धमा विरोध सभा गरी निषेध आदेश उल्लंघन गरेको आरोपमा ०६० जेठ ७ गते प्रहरीले कुटपिट गरे।

फूकोट गाविसका ४० वर्षीय काशीचन्द्र न्यौपाने, दाहाँ गाविस-५ का ५५ वर्षीय जगदीश शाही, सुकाटिया गाविस-१ का ३२ वर्षीय कुर्मराज शाही, पाँखा गाविस-१ का ३७ वर्षीय तिलबहादुर शाही, भर्ता गाविसका ४८ वर्षीय नन्दबहादुर शाही, राँचुली गाविसका ४० वर्षीय नवराज कोइराला, लालु-५ का ५८ वर्षीय पंखबहादुर विष्ट, जुविधा गाविस-६ का ५५ वर्षीय अम्बबहादुर शाही, नानीकोट गाविस-७ का ६० वर्षीय जयकृष्ण सञ्ज्याल र स्यूना गाविस-५ का ५५ वर्षीय देवजंग शाहीलाई पाँच पार्टीद्वारा संचालित गाउँ परिषद् घेराउ कार्यक्रम गरी निषेध आदेश उल्लंघन गरेको आरोपमा ०६० जेठ ८ गते प्रहरीले लाठिचार्ज गरी कुटपिट गरे।

नानीकोट गाविस-५ का २७ वर्षीय कमलबहादुर शाहीलाई निषेध आदेश उल्लंघन गरेको आरोपमा प्रहरीले ०६० वैशाख २६ गते गिरफ्तार गरी १ घण्टापछि मुक्त गरे। पीडितले प्रतिगमनको विरुद्धमा पुत्ला जलाएका थिए।

राम्नाकोट-१ का २८ वर्षीय हर्षबहादुर बम र स्यूना गाविस-५ का ३० वर्षीय मीनबहादुर शाहीलाई निषेध आदेश जारी भएको समयमा बजारमा मसाल जुलुस निकालेको आरोपमा ०६० असार १५ गते प्रहरीले गिरफ्तार गरी २ घण्टापछि रिहा गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा यस वर्ष सरकारवादी फौज्दारीअन्तर्गत ५ थान, कर्तव्य ज्यान-१ थान र ज्यानमार्ने उद्योग गरी ६ थान मुद्दाहरु फैसला नभएका र यस वर्ष १ थान गाली बेइज्जती मुद्दा परेकोमा सो मुद्दा फैसला भइसकेको छ।

यस्तै देवानी मुद्दातर्फ फैसला बदर १ र अंशबण्डा १ गरी दुई थान मुद्दा परेकोमा हालसम्म फैसला हुन सकेको छैन। दुनियाँवादी फौज्दारी अर्न्तगत १ थान मात्र किर्तेजालसादी मुद्दा परेकोमा सो मुद्दा



माओवादीद्वारा हत्या गरिएका शिक्षक ऐनबहादुर शाही, तिलबहादुर शाही र शिक्षक कलेन्द्रबहादुर शाही

पनि फैसला हुन नसकेको र संक्षिप्त कार्यविधि अन्तर्गत कुनैपनि मुद्दा नआएको अदालतले जनाएको छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

गाविसमा वितरण हुने अशक्त, बृद्ध, विधवा भत्ता कुनै पनि गाविसमा कार्यालय र कर्मचारी नभएका कारण सो कार्य सदरमुकाममा नै सिमित रहयो।

माओवादीद्वारा अपहरण गरिएका तुलाराज विष्ट र कुर्मराज शाही

विस्थापित

सशस्त्र द्वन्द्वका कारण यस वर्ष २ सय ६१ परिवार विस्थापित भए। यसरी विस्थापित हुनेहरुमा अधिकांश सरदमुकाम मान्म, खडाचक्र र सुर्खेत, बाँके, वर्दिया, काठमाडौं तथा कैलाली जिल्लामा बसोबास गर्दै आएका छन्। २ सय ६१ परिवारका झन्डै १ हजार ३ सय ५ जना विस्थापित हुनुपरे पनि हालसम्म उनीहरु गाउँ फर्कन सकेका छैनन्।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

नेकपा (एमाले) का जिल्ला सचिव तुलाराज विष्टलाई ०६० असार १४ गते माओवादीले अपहरण गरेको दिन जिल्लाका विभिन्न संघ-संस्था र नागरिक समाजले संयुक्त प्रेस विज्ञप्ति जारी गरे। विज्ञप्तिमा अपहरित तुलाराज विष्टको राजनीतिक सम्मानका साथ रिहाई गर्न माओवादीसँग जोडदार माग गरिएको थियो।

नेकपा (एमाले) का तीन जना नेता तथा कार्यकर्तालाई ०६० असार ८ र १४ गते माओवादीले अपहरण गरेपछि इन्सेक प्रतिनिधि हर्कबहादुर बम र हुरेन्डेक अध्यक्ष जजराज शाहीले प्रेस विज्ञप्ति जारी गरे। विज्ञप्तिमा अपहरित तुलाराज विष्ट, मानबहादुर मल्ल र कलबहादुर मल्लको बाँच्न पाउने अधिकार रक्षा गर्दै छिटोभन्दा छिटो मुक्त गर्न माओवादीसँग अनुरोध गरिएको थियो।

सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएका हर्कबहादुर बम

संरचना क्षति

हिंसात्मक द्वन्द्वका कारण यस जिल्लामा करौडौ मूल्य बराबरको क्षति व्यहोर्नु पऱ्यो। दुईवटा ठूलठूला झुलुङ्गे पुल ध्वस्त पारिनुको साथै सबै गाविस भवन, टेलिफोन, हुलाक, साना जलविद्युत प्रहरी चौकी लगायत्का भौतिक संरचनामा क्षति पुऱ्याइयो। गत वर्ष ध्वस्त पारिएका पुल, गाविस, भवन हुलाक कुनै पनि निर्माण हुन सकेका छैनन्।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष ३ वटा आत्महत्याका घटना भए।

बदालकोट गाविस-३ का २७ वर्षीय नवराज शाहीको ०५९ फागुन २६ गते फूकोट गाविसको नडी भन्ने ठाउँमा माछा मार्ने डोरी (झरौंला) तान्न लाग्दा कर्णालीको तिरमा अग्लो ढुंगाबाट खसी मृत्यु भयो।

विगतको अनुगमन

हत्या

राज्य पक्षबाट

सिपखाना गाविस-३ का २६ वर्षीय रंगे टमट्टालाई माओवादीको आरोपमा ०५९ पुस ७ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

कोटवाडा गाविस-२ का २१ वर्षीय घनबहादुर विष्टलाई माओवादीको आरोपमा ०५९ असार २५ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

सिपखाना गाविस-६ की १८ वर्षीय मिना शाहीलाई माओवादीको आरोपमा ०५९ असार २७ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

मान्म गाविस-१ का १९ वर्षीय निर्मल वोगटीलाई माओवादीको आरोपमा

०५९ साउन २ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

भर्ता गाविस-२ का एमाले कार्यकर्ता ३५ वर्षीय ऐनबहादुर सिंलाई ०५९ भदौ ९ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

भर्ता गाविस-८ का एमाले कार्यकर्ता ६५ वर्षीय वीरबहादुर मल्ललाई ०५९ भदौ ९ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

भर्ता गाविस-५ का एमाले कार्यकर्ता ३५ वर्षीय गोपीचन्द्र अधिकारीलाई ०५९ भदौ ९ गते सुरक्षाकर्मीले हत्या गरे।

माओवादीद्वारा धम्की दिइएका पत्रकार तुलाराम पाण्डे

भर्ता गाविस-८ का अनेरास्ववियुका १८ वर्षीय दीर्घबहादुर मल्ललाई ०५९ भदौ ९ गते सुरक्षाकर्मीले गोली हत्या गरे।

भर्ता गाविस-८ का अनेरास्ववियुका ३० वर्षीय विजयसिं कामीलाई ०५९ भदौ ९ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

मान्म गाविस-३ का २१ वर्षीय मैनाकुमार बराललाई माओवादीको आरोपमा ०५९ असोज १४ गते सुरक्षाकर्मीले आफ्नो कब्जामा लिई हत्या गरे।

मान्म गाविस-७ का २४ वर्षीय चंखे विश्वकर्मालाई माओवादीको आरोपमा ०५९ असोज ८ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

मान्म गाविस-३ का २५ वर्षीय जनम बराललाई माओवादीको आरोपमा ०५९ कार्तिक ५ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

मान्म गाविस-९ का २२ वर्षीय मनरुप पाण्डेलाई माओवादीको आरोपमा ०५९ कार्तिक ३ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

भर्ता गाविस-४ का २५ वर्षीय नैन अधिकारीलाई माओवादीको आरोपमा ०५९ असोज १४ गते मुगाहा गाविसमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

भर्ता गाविस-२ का २० वर्षीय खगेन्द्र शाहीलाई माओवादीको आरोपमा ०५९ कार्तिक ५ गते सुरक्षाकर्मीले हत्या गरे।

भर्ता गाविस-८ का वर्षीय जनक मल्ललाई माओवादीको आरोपमा ०५९ कार्तिक ८ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।



माओवादीद्वारा कुटपिट गरिएका नरजनबहादुर शाही

पाखा गाविस-१ का सर्वसाधारण २८ वर्षीय मुनाराज मल्ललाई ०५९ साउन २२ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

राम्नाकोट गाविस-४ का सर्वसाधारण ३५ वर्षीय रघुजन शाहीलाई माओवादीको आशंकामा ०५९ जेठ ९ गते सुरक्षाफौजले गोली हानी हत्या गरे।

राम्नाकोट गाविस-६ का १९ वर्षीय मने कामीलाई माओवादीको आरोपमा ०५९ भदौ ७ गते गोली सुरक्षाफौजले हानी हत्या गरे।

राम्नाकोट गाविस-८ का २२ वर्षीय धनीराम ऐडीलाई माओवादीको आरोपमा ०५९ भदौ १८ गते सुरक्षाफौजले गोली हानी हत्या गरे।

राम्नाकोट गाविस-५ का २० वर्षीय थुगा सेजुवाललाई माओवादीको आरोपमा ०५९ असोज १३ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

राम्नाकोट गाविस-९ का २१ वर्षीय कुम्भ ऐडीलाई माओवादीको आरोपमा ०५९ वैशाख २७ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

राम्नाकोट गाविस-८ का २३ वर्षीय कर्म कठायतलाई माओवादीको आरोपमा ०५९ कार्तिक २८ सुरक्षाकर्मीले गते गोली हानी हत्या गरे।

राम्नाकोट गाविस-५ का २० वर्षीय मनिषा नाम भएकी, थर नखुलेकी एक युवतीलाई माओवादीको आरोपमा ०५९ मंसिर १३ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

फुकोट गाविस-४ का २३ वर्षीय विष्णुलाल न्यौपानेलाई माओवादीको आरोपमा ०५९ कार्तिक २८ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

जुविथा गाविस-३ का १८ वर्षीय दीपरण न्यौपानेलाई माओवादीको आरोपमा ०५९ कार्तिक ३० गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

जुविथा गाविस-३ का १४ वर्षीय तीर्थबहादुर न्यौपानेलाई माओवादीको आरोपमा ०५९ भदौ ५ गते सुरक्षाकर्मीले हत्या गरे।

माओवादी पक्षबाट

जुविथा गाविस-५ का शिक्षक १९ वर्षीय धीरेन्द्रबहादुर शाहीलाई सुराकीको आरोपमा ०५९ वैशाख १

गते माओवादीले गोली हानी हत्या गरे।

छाप्रे गाविस-६ का नेकाँ कार्यकर्ता ४५ वर्षीय कालीबहादुर बमलाई सुराकीको आरोपमा ०५९ वैशाख १८ गते माओवादीले हत्या गरे।

धौलागोह गाविस-२ का एमालेका कार्यकर्ता २५ वर्षीय धनसुर कामीलाई सुराकीको आरोपमा ०५९ वैशाख १८ गते माओवादीले हत्या गरे।

खिन गाविस-२ का एमाले कार्यकर्ता २५ वर्षीय सिंहरुप बमलाई सुराकीको आरोपमा ०५९ वैशाख १८ गते गोली माओवादीले हानी हत्या गरे।

मान्म गाविस-५ का वर्षीय नेविसंघका दीपेन्द्रबहादुर शाहीलाई नेकपा माओवादीले घरबाटै अपहरणपछि ०५९ भदौ २२ गते हत्या गरे।

मान्म गाविस-६ का २६ वर्षीय सिताराम आचार्यलाई सुराकीको आरोपमा ०५९ कार्तिक २१ गते माओवादीले हत्या गरे।

दाहा गाविस-५ का ३८ वर्षीय शिक्षक ऐनबहादुर शाहीलाई सुराकीको आरोपमा ०५९ जेठ २८ गते माओवादीले घरबाट अपहरणपछि नजिकैको जंगलमा हत्या गरे।

स्यूना गाविस-४ का ३६ वर्षीय कलेन्द्रबहादुर शाहीलाई चन्दा नदिएको तथा सुराकी गरेको आरोपमा ०५९ वैशाख १ गते माओवादीले कुटपिट गरी हत्या गरे।

मुग्रा गाविस-१ का राप्रपाका कार्यकर्ता ५४ वर्षीय चन्द्रलाल सिंखडालाई सुराकीको आरोपमा ०५९ वैशाख २७ गते माओवादीले हत्या गरे।

लालु गाविस-१ कासर्वसाधारण ३५ वर्षीय पले सार्कीलाई सुराकीको आरोपमा ०५९ असोज १५ गते माओवादीले घरबाट अपहरणपछि हत्या गरे।

ओदानकु गाविस-१ का नेकाँ कार्यकर्ता ५५ वर्षीय हस्त कामीलाई सुराकीको आरोपमा ०५९ कार्तिक ५ गते माओवादीले हत्या गरे।

माओवादीबाट कुटपिट

खापा गाविस-१ का शिक्षक ३७ वर्षीय कृष्णवहादुर मल्ललाई सुराकीको आरोपमा ०५९ साउन ६ गते माओवादीले कुटपिट गरे।

४.१४ मुगु



जनसंख्या	: ४३९३७
साक्षरता प्रतिशत	: २७.७९
महिला साक्षरता प्रतिशत	: ९.१९
क्षेत्रफल (वर्ग कि.मी.)	: ३५३५
गाविस/नपा संख्या	: २४/०
निर्वाचन क्षेत्र	: १
विद्यालय	: १२४
क्याम्पस/उच्च मावि	: ०/२
अस्पताल/स्वास्थ्य चौकी	: १/२५
टेलिफोन लाइन	: ६
मोटर सडक (कि.मी.)	: ०
प्रहरी कार्यालय संख्या	: १
हुलाक संख्या	: २
मानव विकास सूचकांक	: ०.१४७
प्रति एक डाक्टर जनसंख्या	: ३१४६५
प्रति परिवार सरदर संख्या	: ५.३२

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या गोली

राज्यबाट

सेरी गाविस-२ की ३५ वर्षीय विदुरा बुढाको ०६० भदौ ६ गते घट्टभित्र खाद्यान्न पिसिरहेको अवस्थामा माओवादी र सुरक्षाकर्मीबीच निगालबोट भन्ने ठाउँमा भिडन्त हुँदा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। माओवादीले उक्त घट्ट नजिक सुरक्षाकर्मीलाई लक्षित गरी राखिएको एम्वुस विस्फोट भएपछि अन्धाधुन्ध गोली चलेको थियो।

माओवादीबाट

ह्याङ्लु गाविसका खड्कबहादुर कार्कीको ७ वर्षीय पदम कार्की र ५ वर्षीय छोराको ०६० कार्तिक ७ गते घर नजिक बम खेलाउँदा विस्फोट भई मृत्यु भयो। उक्त बम माओवादीले राखेको आशंका गरिएको छ।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

रोवा गाविस-८ लुम्समा सुरक्षाकर्मी र माओवादीबीच ०५९ फागुन २ गते दोहोरो भिडन्त हुँदा जुम्ला जिल्ला चन्दननाथ गाविस-५ का पशुपालक ६२ वर्षीय मुनप्रसाद उपाध्याय दायाँ हातमा गोली लागी घाइते भए। पीडितको उपचार सदरमुकाममा गरियो।

जेल र बन्दीहरू

कूल १५ जनाको क्षमता भएको 'घ' श्रेणीको जेल अहिले निजी घर भाडामा लिई राखिएको छ। यस जेलमा बन्दीहरू छैनन्।

बेपत्ता / अपहरण

राज्यबाट

रुगा गाविस-१ का माओवादीको वडा प्रमुख २८ वर्षीय जयबहादुर रोकाया आफ्नो घरायसी कामले सदरमुकाम आइरहेको अवस्थामा गमगढी बजारबाट ०६० असोज ६ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई पानीभित्र डुबाई सिस्नोले हिर्काउने, करेन्ट लगाउने, खानामा नुन बढी हालिदिने नराम्रो व्यवहार गरी कुटपिट गर्ने जस्ता यतना दिइयो। पीडितलाई तीन महिना सैनिक हिरासतमा राखी पुस १२ गते रिहा गरियो।

माओवादीबाट

श्रीनगर गाविस-३ का ३१ वर्षीय नेकपा (एमाले) जिल्ला कमिटीका सदस्य र कार्यालय सचिव धीरेन्द्र मल्ल आफ्नो लेनदेनको सिलसिलामा बाजुरा जिल्लाको बगेल्टीका भक्तबहादुर शाहीलाई भेट्न जाने भनी घरबाट ०६० भदौ १० गते हिँडेकोमा बाजुराको बगेल्टीस्थित होटलबाट माओवादीले अपहरण गरे। पीडितको अवस्था हालसम्म अज्ञात छ।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

सुकाढिक गाविसका अमरबहादुर शाहीबाट चन्दास्वरुप नरेश र विस्तार भनिने दुई माओवादी कार्यकर्ताले क्रमश: ५ हजार र ६० हजार रुपैयाँ ०६० जेठ २ गते लगे पनि आफूहरूले कुनै किसिमको रकम नलगेको भनी अमरबहादुर शाहीबाट पुन: तोके अनुसारको चन्दा ८० हजार रुपैयाँ दिनुपर्ने धम्की दिए।

रोवा गाविस-१ घट्टलेखका १७ वर्षीय बिजसरा सेजुवाललाई पार्टीको रकम हिनामिना र पार्टी परित्याग गरी आत्मसमर्पण गरेको आरोपमा ०६० असार २४ गते माओवादी कार्यकर्ताले रुगा गाविस-४ रुँगागाउँमा हात खुट्टा बाँधी २ दिनसम्म पानीसमेत नदिई दाउरा र धान कुट्ने मुसलले पिटी सख्त घाइते बनाए।

माग्री गाविस-८ का १९ वर्षीय हस्तबहादुर

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या					२	२	१		३	१		१	१
घाइते	१	१		१	३	२	१		३	१	१		१
गिरफ्तारी/यातना										५	५		५
बेपत्ता										१	१		१
कुटपिट	३	२	१	३	३	३			३				
धम्की					४	२७		१	२८				
जातीय विभेद	१	१		१									
महिलाअधिकार	२		२	२									
बालअधिकार	३	१	२	३									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	१			१				
अपहरण					१	१			१				
जम्मा	१०	५	५	१०	१४	३६	२	१	३९	८	७	१	८

ऐडीलाई पार्टीको रकम हिनामिना गरेको आरोपमा ०६० असार २४ गते रुगा गाविस-४ रुगा गाउँमा माओवादीले दुवै हात खुट्टा बाँधी २ दिनसम्म अँध्यारो कोठामा थुनी दाउरा र लात्तीले कुटपिट गरे।

नार्थक गाविस-४ का सोही गाविसका गाविस सचिव दलबहादुर शाहीलाई गाविसको रकम विकास निर्माणमा नलगाई आफ्नो घरायसी काममा लगाएको आरोपमा ०६० साउन १३ गते माओवादीले रकम ३ लाख ५० हजार रुपैयाँ नदिए ज्यानमार्ने धम्की दिए। पीडितले माओवादीले मागेको रकम बुझाए।

जुम्ला जिल्लाबाट मुगु जिल्लाको लागि ढुवानी गराइएको ८३ क्वीन्टल खाद्यान्न ०६० भदौ १५ गते माओवादीले जुम्लाको चौथा र मुगुको घुच्ची लेखबाट लुटेर लगे भने खच्चड धनीलाई अबदेखि सरकारपक्षको कुनै सामान पनि ढुवानी नगर्न चेतावनी दिए।

श्रीकोट गाविस-१ का २३ वर्षीय खम्बा वानियालाई ०६० भदौ ८ गते जबर्जस्ती पार्टीमा प्रवेश गर्न लगाएपछि माओवादीको कुरा अस्वीकार गरेकोले कुटपिट गरे।

खत्याड भेगको गम्था गाविसका २५ जना युवकलाई ०६० मंसिर ७ गते माओवादीले प्रशिक्षण दिन हातहतियार सहित कम्पनीमा हालेको घोषणा गरे। पीडित युवकहरूले नमानेपछि माओवादीले घर आगो लगाई दिने धम्की दिए। युवकहरू भागी भारत गए।

खत्याड भेगका ३५ विद्यालयका १ सय ४४ शिक्षक/शिक्षिकालाई ०६० मंसिर २८ गते माओवादीले आफ्नो पार्टीलाई ५ प्रतिशत, जिल्लाका भातृसंगठनलाई २ प्रतिशत लेवी, चन्दा दिनुपर्छ भन्दै नदिए कुनै पनि शिक्षक/शिक्षिका आफ्नो पार्टीको कारवाहीमा पर्नसक्छ भनी धम्की दिए। यसैगरी अनेरास्ववियु (क्रान्तिकारी) को शैक्षिक क्यालेण्डर लागू नगरे ०६० पुस १ गतेदेखि विद्यालयहरू बन्द गर्नुपर्ने र नगरेमा शिक्षक शिक्षिकालाई ज्यान मार्ने धम्की दिए। यस वर्षको अन्त्यसम्म विद्यालयहरू बन्द रहे।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

अनेरास्ववियु (क्रान्तिकारी) को शैक्षिक क्यालेन्डर लागू गर्न दवाव दिएपछि खत्याड भेगका १ सय ४४ शिक्षक/शिक्षिका सहितको टोली सदरमुकाम गमगढी गई जिल्ला शिक्षा कार्यालयमा ०६० पुस १ गते माओवादीले जबरजस्ती शैक्षिक क्यालेन्डर लागू गर्ने भनिएको जानकारी सहित निकाशको लागि दवाव दिँदै पुस २ गतेदेखि पुस १५ गतेसम्म जिल्ला शिक्षा कार्यालयमा धर्ना दिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

गत वर्ष फर्स्यौट नभएका २१ मुद्दामध्ये दुनियावादी देवानी १३, सरकारवादी फौज्दारी १ र दुनियावादी फौज्दारी ७ गरी जम्मा २१ र यो वर्षका दुनियावादी देवानी ३, दुनियावादी फौज्दारी ७ र सरकारवादी फौज्दारी केही नरहेकोले जम्मा ३१ वटामध्ये सरकारवादी फौज्दारी १, दुनियावादी फौज्दारी ९ र दुनियावादी देवानी ६ वटा मुद्दा फर्स्यौट भए भने ५ दुनियावादी फौज्दारी, १० दुनियावादी देवानी बाँकी रहे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस वर्ष २४ गाविसका ४ सय ४३ जना अशक्त वृद्ध, ६ सय १८ जना विधवा र ५६ जना अपांगले क्रमश: मासिक १ सय ५०, १ सय र १ सय रुपैयाँका दरले पाउनुपर्ने रकममध्ये ०५९/६० सम्मको तीन/तीन महिनाको रकम गाविस सचिवले झिकी सम्बन्धित वृद्ध, विधुवा, अपांगलाई नबाँढी आफैले लिए। ०६०/६१ को भत्ता श्री ५ को सरकारले निकासा नगरेकोले भत्ता पाउनबाट वञ्चित भए।

विस्थापित

जिल्ला प्रशासन कार्यालयका अनुसार, खमाले गाविसका धनसिंह रोकाया, खड्कबहादुर शाही र उनका भाई, श्रीकोट गाविसका दिप शाही, माग्री गाविसका छिरिङ क्याप्ले लामा, कार्कीवाडा गाविसका भीम रावल, श्रीनगर गाविसका सुनबहादुर मल्ल, रेखा गाविसका रामसिंह ऐडीको परिवार, रुगा गाविसका पुरिलाल सावद, रोवा गाविसका रामबहादुर बुढा, श्रीनगर गाविसका गजेन्द्रबहादुर मल्ल, जीम गाविसका लोगबहादुर शाही, ऐनबहादुर शाही, नापुर्व गाविसका नरेन्द्र मल्लका परिवार, रोवा गाविसका रत्न सेजुवाल तथा जिल्ला प्रशासन कार्यालयमा सम्पर्क नरहेका थप ५ घर परिवार र १० जना विस्थापित भए। जिल्ला शिक्षा कार्यालयका अनुसार, जिल्लाका १४ शिक्षक जिल्लाभित्र नै विस्थापित छन् भने २ जना शिक्षक जिल्ला बाहिर विस्थापित भएका छन्।

आर्थिक अधिकार

खत्याड भेग र बाजुराको कोल्टी जोड्ने कामको लागि खाद्यान्न कार्यक्रम अन्तर्गत गोरेटो बाटो निर्माणका अध्यक्ष ह्याङल गाविसका जयबहादुर बुढाले काम गरेका १ हजार घर परिवारको हरहिसाव नगरी २ लाख ५० हजार रुपैयाँ झिकेर भागे। उनी हालसम्म वेपत्ता भका छन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

रोवा गाविस-७ का २० वर्षीय भिमसेन बुढालाई युद्धविराम भएको बेला पार्टीको प्रचार सामग्री किन्न सदरमुकाम आएको समयमा प्रहरीको गस्ती टोलीले गिरफ्तार गरी पुन: पार्टीमा प्रवेश नगर्ने चेतावनी दिई ०६० असार २८ गते थुनाबाट रिहा गरे। पीडित जिल्लामा बसेपछि पुन: माओवादीमा प्रवेश गर्छन् भनी हेलिकप्टरबाट नेपालगञ्ज हुँदै भारत पुऱ्याइयो।

खमाले गाविस-५ का २२ वर्षीय रामबहादुर बुढालाई ०६० भदौ २४ गते माओवादीलाई खाना खुवाउने र माओवादी समर्थक भनी सुरक्षाकर्मीले बन्दुकको कून्दा, लात्ती, मुक्काले हानी मुखबाट दिसा पिसाब आउने गरी कुटपिट गरे। पीडितलाई उपचारको लागि भारतमा लगियो।

खत्याड भेगबाट ब्यारेकतिर फर्किने क्रममा बाटोमा माओवादीले विद्युतीय धराप विस्फोट गराएको घटना स्थलभन्दा ५ सय मिटर टाढाको सोही गाविस बाउपानीका ३२ वर्षीय विर्ष बुढालाई ०६० भदौ २६ गते अर्को बाटो देखाई हिंड भनी बाटोमा विद्युतीय धराप राखेको किन थाहा पाइनस् भनी सुरक्षाकर्मीले बन्दुकको कुन्दा, लात्ती र मुक्काले हान्दै रारा ब्यारेकमा लगी एक दिनपछि मुखबाट रगत र दिसापिसाब आउने गरी कुटपिट गरी रिहा गरे,

पिन गाविस-२ का शिक्षकद्वय २४ वर्षीय पदमबहादुर शाही र ३१ वर्षीय दानबहादुर शाहीलाई ०६० असोज २३ गते माओवादीसँग सम्पर्क भइरहन्छ भनी पीडितकै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी ३ दिनसम्म थुनामा राखी मानसिक यातना दिई ०६० असोज २६ गते प्रत्येक २ दिनमा एकपटक सुरक्षा निकायसमक्ष सम्पर्क गर्नुपर्ने तारिखमा रिहा गरियो।

बालअधिकार

श्रीनगर गाविस-५ का भरतकुमार शाहीको छोरा ८ वर्षीय तेजप्रकाश शाहीलाई ०६० असार ३२ गते गाई चराइरहेको अवस्थामा सर्पले टोकेपछि समयमै अस्पताल पुऱ्याईसक्दा पनि औषधी उपचार नपाई मृत्यु भयो।

माग्री गाविस-३ की १२ वर्षीय सृजना बुढालाई ०६० पुस ७ गते जिल्ला प्रहरी कार्यालयमा कार्यरत भई हाल रोल्पा जिल्ला प्रहरी कार्यालयमा सरुवा भएका २५ वर्षीय प्रहरी जवान सन्तोष विष्टले घरमा पत्नी हुँदाहुँदै मुगु गमगढीबाट भगाएर लगे।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दुर्व्यवहार

श्रीनगर गाविस-१ की १९ वर्षीय सम्पन परियारलाई ०६० जेठ २२ गते देहव्यापारमा लगाउने उद्देश्यले कार्कीवाडा गाविस-६ का १९ वर्षीय करुणा सुनारले आफूले भनेको कुरा नमानेपछि आफूले भनेको कुरा बाहिर फिजिने भएकोले खाने कुरामा मुसा मार्ने औषधी प्रयोग गरी विषादी खान दिए। पीडितले खाएको ५ मिनेटमै अचेत भएपछि पीडकले थाहा नहोस् भनी अन्न राख्ने भकारीभित्र बन्द गरी राखेको ६ घण्टापछि मुखबाट फिंज निकाली रहेको अचेत अवस्थामा पीडितका परिवारले भेट्टाए।

रोवा गाविस-१ घट्टलेखकी २१ वर्षीय जमुना सेजवाललाई ०६० साउन २१ गते आफ्नै पति ज्ञानबहादुर सेजुवालले दुर्व्यवहार गरेपछि पीडितले विष सेवन गरी मुखबाट फिँज निकाली अचेत रहेको अवस्थामा गाउँलेहरूले भेट्टाएर घर ल्याई उपचार गरी निको पारे।

कार्कीवाडा गाविस-६ की १९ वर्षीय सानुलाई पति रमेश भामले खराब आचरण भएको भनी ०५९ चैत २२ गते घरबाट निकालिदिए। पीडितबाट जन्मेको बच्चा आफ्नो भएको पीडकले दावी गरे। हाल उनी माइतीमा बसिरहेकी छिन्।

कार्कीवाडा गाविस-२ का १६ वर्षीय अमृत भामले घरमा पत्नी र छोराछोरी हुँदाहुँदै सोही गाविस-४ का पृथ्वी मल्लको छोरीलाई ०६० कार्तिक २१ गते घर भित्र्याए। पीडकको पहिलो विवाह १४ वर्षको उमेर भएको र १ छोरासमेत रहेको छ भने पहिलो पत्नीलाई घरबाट निकालिदिएका छन्। पीडित हाल आफ्नै घरमा बस्दै आएकी छन्।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

श्रीनगर गाविस-३ का १९ वर्षीय बसन्त परियारलाई ०५९ चैत १५ गते सदरमुकाम गमगढीस्थित कालिका-मालिका मन्दिरका पुजारी ५० वर्षीय श्रीकान्त चौलागाईले मन्दिरभित्र तल्लो जातको मान्छे गए अशुद्ध हुन्छ भनी पुजा गर्न र टिका लगाउन दिएनन्।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

इन्सेक प्रतिनिधि जीवन सेजुवाल, कर्णाली एकीकृत ग्रामीण केन्द्रका जिल्ला संयोजक सुरेशबहादुर शाही र फोतु गाविसका मानवअधिकार रेडियो श्रोता क्लब मुगुका

राजबहादुर शाहीले प्रेस विज्ञप्ति जारी गरी माओवादी र सरकार दुवै पक्षलाई शान्ति वार्ताको लागि कटिबद्ध भई दुवै पक्षले २२ बुँदे आचार संहिताको पालना गर्न आग्रह गर्दै दुवै पक्षले आचार संहिताको पालना गरे/नगरेको अनुगमन गर्न टोली गठन गरिएको जनाए।

संरचना क्षति

मुगु जिल्ला श्रीनगर गाविसस्थित जिल्ला खानेपानी भवनको कार्यालयमा ०६० असोज ८ गते राति १ बजे माओवादीले प्रेसर कुकर बम विस्फोट गराए। उक्त विस्फोटबाट २ वटा कोठा क्षतिग्रस्त भए।

रुँगा गाविसस्थित गमगढी बजार जोड्ने मुगु कर्णालीको रुबलिन ०६० साउन २९ गते माओवादीले काटिदिएको कारण त्यस क्षेत्रका ७ गाविसका जनतालाई सदरमुकाम आउन तीन महिनासम्म अवरोध खडा भयो।

अतिरिक्त जानकारीहरू
(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

श्रीकोट गाविस-३ का ४२ वर्षीय लालचन्द्र कामीको ०६० कार्तिक १२ गते घरको लागि दाउरा लिन गएको अवस्थामा जंगलमा भालुको आक्रमणमा परी घाइते भएपछि उपचार नपाई घरायसी उपचार गर्दागर्दै कार्तिक २० गते मृत्यु भयो।

रुँगा गाविस-४ की ६ वर्षीय बालिका नानी भाउ लावडको ०६० भदौ १४ गते ताँगुल्ला (रुबलीन) बाट खसेर मृत्यु भयो। माओवादीले सदरमुकाम जोड्ने झोलुङ्गे पुल काटिदिएपछि अस्थायी आवत जावतको लागि यस क्षेत्रका जनताले रुबलिन बनाएका थिए। रुबलिन पनि माओवादीले काटिदिएपछि पुनः जनताले ताँगुल्ला बनाए।

४.१५ हुम्ला



जनसंख्या	:४०५९५
साक्षरता प्रतिशत	:२६.६२
महिला साक्षरता प्रतिशत	:११.५२
क्षेत्रफल (वर्ग कि.मी.)	:५६५५
गाविस/नपा संख्या	:२७/०
निर्वाचन क्षेत्र	:१
विद्यालय	:११२
क्याम्पस/उच्च मावि	:०/१
अस्पताल/स्वास्थ्य चौकी	:१/२६
टेलिफोन लाइन	:२
मोटर सडक (कि.मी.)	:०
प्रहरी कार्यालय संख्या	:१
हुलाक संख्या	:१
मानव विकास सूचकांक	:०.२४४
प्रति एक डाक्टर जनसंख्या	:१३५३२
प्रति परिवार सरदर संख्या	:५.८४

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या / गोली
राज्यबाट

माओवादी जिल्ला सदस्य ३८ वर्षीय हिमाल भनिने धनबहादुर लामा र नाम थाहा नभएको एक जनालाई ०५९ माघ ४ गते खर्पेल गाउँमा सुतिरहेको अवस्थामा राति सदरमुकामबाट गएका सुरक्षाकर्मीले गिरफ्तार गरी भोलिपल्ट सदरमुकाम आउने बाटोस्थित चोरखारा भन्ने ठाउँमा ल्याई गोली हानी हत्या गरे।

स्याडा गाविस-१ का ३० वर्षीय चीन बुढा र सोही ठाउँका २८ वर्षीय रामभक्त बुढालाई माओवादीको

आशंकामा ०६० असोज २५ गते संयुक्त सुरक्षाकर्मीले धारापोरी इलाकामा गोली हानी हत्या गरे। सोही दिन सुरक्षाफौजका वीरभद्रजंग गुल्मबाट धारापोरी इलाकामा गस्तीमा गएका सैनिक जवान दानबहादुर सुनुवारलाई माओवादीले हत्या गरेका थिए। माओवादी भागेपछि घटनास्थलनजिकै रहेका गाउँले चीन र रामभक्तलाई सुरक्षाकर्मीले गोली हानी हत्या गरेका थिए। स्थानीय बासिन्दाहरूका अनुसार, पीडितहरूको लास सुरक्षाकर्मीले कर्णाली नदीमा फ्याँकेर "माओवादी आतंककारी" भएको प्रचार गरे।

माओवादीबाट

जरैं गाविस-५ का २५ वर्षीय कर्णबहादुर रावतलाई पार्टी छोडी प्रशासनसमक्ष आत्मसमर्पण गरेको आरोपमा ०५९ माघ ३ गते दिउँसो सदरमुकामबाट दाउरा लिन गएको मौका पारी माओवादीले अपहरण गरी लगे। अपहरणपछि एक आमसभामा बोल्न लगाई गोली हानी हत्या गरे। पीडित ३ वर्ष जति भूमिगत भई माओवादी पार्टीको एरिया कमाण्डरसमेत भएका थिए र ०५९ भदौ ५ गते सो पार्टी परित्याग गरी भागेर सदरमुकाममा जीवनयापन गरिरहेका थिए।

कालिका गाविस-५ का १९ वर्षीय कलवहादुर बुढालाई सुराकीको आरोपमा ०६० कार्तिक ६ गते माओवादीले मदना गाविसमा निर्मम यातना दिई हत्या गरे। स्थानीय बासिन्दाका अनुसार, जिउँदै खाल्डोमा हाली हतियार प्रहार गरी हत्या गरेका थिए। पीडितलाई साउन मसान्तमा अपहरण गरी लगिएको थियो। आफ्नो कार्यकर्ताको नाम सूचीसमेत तयार पारेको, अछाम (साँफे बगरमा) सुराकी गरी पैसा खाएको जस्ता १० वटा आरोप लगाई सफाया गरिएको जानकारी माओवादीले दिए। पीडितका दाई सशस्त्र प्रहरीमा कार्यरत भएका कारण उनका बाबुलाई समेत माओवादीले कुटपिट गरेका थिए।

ठेहे गाविस ठेहेगाउँमा घुम्ती सेवा संचालन भएको अवस्थामा ०६० पुस १५ गते तर्साउनका लागि माओवादीले बम विस्फोटन गराउन खोज्दा आफैले बोकेको बम विस्फोट हुँदा "आवाज" भन्ने रामे रावतको घटनास्थलमा मृत्यु भयो भने एक जना घाइते भए।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

डाँडाफया गाविस-६ की ३५ वर्षीया डल्ली शाहीलाई ०६० असोज १८ गते दिउँसो बारीमा फालेको बम विस्फोट भई दुवै पिडौलामा छर्रा लागेर घाइते भइन्। पीडित आफ्नै बारीमा बाली काट्न गएकी थिइन्। माओवादीका कार्यकर्ताले बम फालेर भागेको स्थानीय बासिन्दाले बताए। पीडितलाई घटनाको भोलिपल्ट घरबाट बोकी जिल्ला अस्पताल सिमिकोट ल्याई उपचार गरियो।

जेल र बन्दीहरू

यस जिल्लाको जेल "घ" श्रेणीको हो। २० जना बन्दी क्षमता भएको यस जेलमा हाल ६ जना बन्दी छन्। ५ जना माओवादी कार्यकर्ता बन्दी रहेकोमा पुसमा एक जना रिहा भए। एक जना बन्दी कैद तोकिएका छन् भने बाँकी कैद नतोकिएका छन्। सबै पुरुष बन्दी छन्।

जेलको भवन पुरानो भएकाले वर्षामा पानी चुहिने हुँदा बन्दीलाई समस्या पर्ने गरेको छ। बन्दीहरूलाई रेडियो, टीभी, पत्रपत्रिकाजस्ता सामाग्रीहरूको व्यवस्था गरिएको छैन। बन्दी विरामी भएमा जिल्ला अस्पतालमा उपचार गरिन्छ।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा
हत्या					३	३			३	२	४		४
घाइते	२	१	१	२						३	७		७
गिरफ्तारी/यातना										४	५		५
कुटपिट					३	३			३	४	६	१	७
धम्की					४	२		२	४	१	२		२
महिलाअधिकार	२		२	२									
वालअधिकार	१		१	१	१		१		१				
अपहरण					१७	१६	२		१८				
जम्मा	५	१	४	५	२८	२४	३	२	२९	१४	२४	१	२५

बेपत्ता / अपहरण

माओवादीबाट

खार्पूनाथ गाविस-४ का ६० वर्षीय भीमबहादुर शाहीलाई सुराकीको आरोपमा ०५९ माघ ६ गते माओवादीले पीडितकै घरबाट अपहरण गरे। पीडितलाई १ हप्तापछि मुक्त गरियो।

कालिका गाविस-१ का २३ वर्षीय माने टमट्टा र सोही गाउँकी गोरीकला टमट्टालाई अवैध यौन सम्पर्क गरेको आरोपमा ०६० असार ३ गते माओवादीले अपहरण गरे। गोरीकलालाई २ महिनापछि र मानेलाई कार्तिक ६ गते मुक्त गरियो।

मदना गाविस-६ का २१ वर्षीय बर्खे बुढा र सोही गाउँकी २६ वर्षीय लछी बुढालाई यौन सम्बन्ध गरी गर्भधारण गरेको आरोपमा ०६० जेठ २२ गते माओवादीले अपहरण गरी श्रम जेलमा राखे। माओवादीले ६ महिना माओवादीको श्रम शिविरमा कारवाही गरेपछि हाल दुवै अलग-अलग बसेका छन्।

कालिका गाविस-३ का सोही गाविसमा कार्यरत पियन २३ वर्षीय सिंग बोहरालाई गाविसमा बृद्ध, विधवा, अशक्त, सामाजिक सुरक्षा भत्ता ल्याई गाउँमा बाँडेको आरोपमा ०६० असार १८ गते माओवादीले बाँडेका पैसासहित असुल गरी अपहरण गरे। पीडितलाई माओवादीले ४ महिनासम्म माओवादीको श्रम जेलमा काम गराई ०६० कार्तिक ६ गते मुक्त गरियो।

मदना गाविस-३ का २८ वर्षीय राजबहादुर बोगटीलाई सोही गाउँकी एक युवतीसँग यौन सम्पर्क गरेको आरोपमा ०६० जेठ २० गते माओवादीले अपहरण गरे। पीडितहरूलाई श्रम जेलमा राखी ०६ कार्तिक ६ गते मुक्त गरे।

राया गाविसका पूर्व अध्यक्ष ४३ वर्षीय प्रेमबहादुर बुढालाई गाउँमा सोलार बत्ती ल्याउँदा मूल्यमा फरक पारेको आशंकामा ०६० असार ६ गते माओवादीले अपहरण गरे। पीडितलाई हाल गाउँबाट बाहिर नजाने र माओवादीको निगरानीमा रहने गरी १ महिनापछि मुक्त गरे।

श्रीनगर गाविस-६ का पूर्व गाविस अध्यक्ष ४५ वर्षीय दीपबहादुर महतारालाई गाविस अनुदानको दुरुपयोग गरेको आरोपपमा ०६० असार २२ गते माओवादीले घरबाट अपहरण गरे। पीडितलाई गाउँभन्दा बाहिर नजाने र घरमै रहने शर्तमा २ हप्तापछि मुक्त गरे।

कालिका गाविस-२ का १८ वर्षीय दन्तवीर शाही र सोही गाविस-३ की १४ वर्षीय सुपारी सिंहलाई पुरानो चलनअनुरुप बिहे गरेको आरोपमा ०६० असार १० गते माओवादीले अपहरण गरी केटा र केटीलाई छुट्टाछुट्टै ठाउँमा माओवादीको श्रम शिविरमा काम गराए। पीडितहरूलाई २५ दिनको श्रम कैदमा राखी २ वर्षपछि विवाह गर्नु भनी मुक्त गरे।

कालिका गाविसका माओवादीद्वारा घोषित गाजसका उपप्रमुख लालबहादुर बुढालाई गाउँमा हतियार बेचबिखन गरेको आरोपमा ०६० साउन २० गते माओवादीले कारवाहीका लागि उनीहरुको श्रम शिविरमा राखी ०६० कार्तिक ७ गते मुक्त गरे।

डाँडाफया गाविस-४ का २९ वर्षीय नरेन्द्रबहादुर शाहीलाई सुराकीको आरोपमा ०६० असोज ५ गते माओवादीले अपहरण गरे। पीडितलाई मंसिर १० गते मुक्त गरियो।

गोठी गाविस-१ का ५१ वर्षीय खाम्पा रोकायालाई सुराकीको आरोपमा ०६० असोज १८ गते घरबाटै माओवादीले अपहरण गरे। पीडित सदरमुकाममा खसीको मासु बेच्ने कार्यमा संलग्न भएकोमा युद्धविरामको अवधिमा घर गएका थिए। हाल पीडितलाई माओवादीद्वारा घरमै नजरबन्दमा राखिएको छ।

श्रीनगर गाविस-६ का २१ वर्षीय ओदान थापालाई पार्टीविरुद्ध कार्य गरेको आरोपमा ०६० असोज १८ गते आफ्नै घरबाट माओवादीले अपहरण गरी लगेकोमा हालसम्म मुक्त गरिएको छैन।

ठेट्टे गाविस-४ का ४९ वर्षीय भ्याले बोहोरालाई छोरालाई पार्टीबाट भगाएर प्रहरीमा भर्ती गराएको आरोपमा ०६० असोज २६ गते माओवादीले घरबाट अपहरण गरे। पीडितलाई हालसम्म मुक्त गरिएको छैन। पीडितको छोरा पहिले माओवादीमा लागेर २ वर्ष काम गरेकोमा आत्मसमर्पण गरी प्रहरीमा भर्ती भएका थिए।

श्रीनगर गाविस-४ का नेत्र फडेरालाई गल्फागाड साँघु निर्माणको अध्यक्ष भई रकम हिनामिना गरेको आरोपमा माओवादीले ०६० असोज ३० गते अपहरण गरे। पीडितलाई मुक्त गरिएको छैन। पीडितलाई सोधपुछको क्रममा कुटपिट गरी दायाँ हातसमेत भाँचिदिएको कुरा सोही ठाउँका बासिन्दाले बताए।

श्रीनगर गाविस-४ का ३५ वर्षीय हरि फडेरालाई ०५९ सालमा सोही गाविस-३ की एक महिलासँग यौन धन्दा गरेको आरोपमा ०६० कार्तिक २ गते माओवादीले अपहरण गरी २ महिनापछि मुक्त गरे।

धम्की ज्यानमार्ने धम्की कुटपिट

राज्यबाट

वरगाउँ गाविस-५ का ३५ वर्षीय गे लामा र सोही गाउँका ५० वर्षीय काल्चा बोहोरालाई माओवादीको आशंकामा ०५९ पुस १९ गते सुरक्षाकर्मीले कुटपिट गरी

पीडितसँग भएको बन्चरो, डोरी र हँसिया खोसी लगे।

जिविसका भूपू उपसभापति चक्र फडेरा, भूपू सदस्य कालीबहादुर शाही र बरगाउँ गाविसका कार्मा लामालाई हवाईजहाजको टिकटका लागि विमानस्थलमा हुलदंगा गरेको आरोपमा ०५९ पुस २६ गते विमानस्थलमा सुरक्षार्थ खटिएको प्रहरीले कुटपिट गरे।

सिमिकोट गाविस-७ का ३० वर्षीय सुनाम लामा र सोही गाउँका ४० वर्षीय लुण्डुप लामालाई ०५९ पुस २५ गते विमानस्थलमा भित्र टिकटबारे हल्ला गरेको आरोपमा प्रहरीले कुटपिट गरे।

ठेह्रे गाविस-८ दोत्राम घर भई सदरमुकाम होटल गरी बस्ने ४८ वर्षीय तार्के लामालाई युद्धविराम भएको बेला माओवादीको कार्यकर्तालाई बस्न, खान दिई सहयोग गरेको आरोपमा ०६० वैशाख २६ गते राति ११ बजे प्रहरीले छापा मारी कुटपिट गरे। सो होटलमा आफ्नो पानी खाने २२ वटा १ लिटर जाने प्लाष्टिक गेलेनसमेत प्रहरीले बरामद गरी लगेको माओवादीले बताए।

ठेह्रे गाविसको ठेहे गाउँ र बरगाउँ गाविस बरगाउँका पुरुषहरुलाई माओवादीबारे जानकारी नदिने भनी ०६० असोज १ गते सदरमुकामबाट गएका सुरक्षा संयुक्त गस्ती टोलीले गाउँमा भेटेका सबै लोग्ने मानिसलाई कुटपिट गर्दै हात खुट्टाले टेकेर घिस्रिएर हिँडाए। पीडित पक्षका महिलाहरूले भोलिपल्ट गाउँबाट सदरमुकाम धर्ना दिन आई प्रमुख जिल्ला अधिकारीसँग भेटी अब त्यस्ता क्रियाकलाप नदोहोरिने आश्वासन दिएपछि सबै महिला आ-आफ्नो घर फर्किए।

माओवादीबाट

दार्म गाविस-४ का १९ वर्षीय गोविन्द शाहीलाई सुराकी गर्न सदरमुकाम गएको आरोपमा ०५९ पुस १८ गते ट्यूशन पढ्न सदरमुकाम आएको अवस्थामा माओवादीले गाउँबाट आफन्त पठाई घरमा बोलाएर नजरबन्दमा राखे।

छिप्रा गाविस छिप्रागाउँमा नेपाल रेडक्रस शाखा, हुम्लाको स्वास्थ्य तथा सरसफाई कार्यक्रम भएको बेला ०६० वैशाख १० गते माओवादीले कार्यक्रम गर्न दिएनन्। युद्धविरामको समयमा गाउँमा किन आएको भनी माओवादीले धम्की दिए।

मदना गाविस-२ का ३७ वर्षीय रामशरण जैसीलाई पिछडिएका जातिको हातबाट पानी खान नमानेपछि ०६० असार १८ गते माओवादीका कार्यकर्ताले आमसभामा कुटपिट गर्नुको साथै जबर्जस्ती मुखमा पानी हाली खुवाए। पीडित रामशरण गाउँका मण्ठादेव देवताका धामी पनि थिए।

छिप्रा गाविस-८ का ४० वर्षीय डबलबहादुर शाहीलाई ०६० असार ३१ गते मादक पदार्थ सेवन गरी गाउँमा आएको आरोपमा माओवादी कार्यकर्ताले गाविस भवनमा लगी सोधपुछ गरी कुटपिट गरे। पीडित १ हप्ता उपचारपछि निको भए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

यस वर्ष माओवादीले फिल्डका कर्मचारीहरूलाई जबर्जस्ती "बुद्धिजीवी" फाँटमा बस्न लगाई एक ठाउँ-ठाउँमा गोष्ठी, भेलामा सहभागी गराउने गरेका छन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत हाल मुद्दाविहीन छ। गत वर्षको जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका गरी जम्मा २७ वटा मुद्दा पुस मसान्तभित्रै फर्स्यौट भएकाले अहिले अदालतमा एउटा पनि मुद्दा छैन। जिल्ला अदालतका अनुसार, देवानीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १४ वटा र यस वर्षको एउटा गरी १५, दुनियावादी फौज्दारी विगत वर्षको जिम्मेवारी सरेर आएका १० वटा र सरकारवादी फौज्दारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका २ वटा गरी कूल २७ वटा मुद्दा भएकोमा यस वर्षको अन्त्यसम्म फर्स्यौट भए।

सदरमुकामबाहिर माओवादी प्रभावित क्षेत्रमा माओवादीले मुद्दाको विषय हेरी दोषीलाई "श्रम शिविर" मा राख्ने र ठूलै अपराधी ठहऱ्याए "सफाया" जस्ता क्रियाकलाप गर्दै आएका छन्। सजायका लागि जेल निश्चित ठाउँमा नभई कुनै गाउँ वा भवन बनाउने ठाउँमा काम लगाउने गरेका छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

मदना, मैला कालिका, श्रीनगर जैरलगायत्का गाविसहरूमा सामाजिक भत्ता वितरण गर्न गएका कर्मचारीबाट माओवादीको असार मसान्तमा रकम लुटेर लगे। ०५८ सालयता माओवादी प्रभावित क्षेत्रमा सो सामाजिक रकम वितरण हुने गरेको छैन। आफन्तले बुझ्ने गरेको कुरा सम्बन्धित गाविसका सचिवहरूको भनाई रहेको छ।

मानसरोवर उच्च माविका पिछडिएका तथा दलित छात्राहरूको लागि विदेशी दाताले दिएको अनुदान रकम ०६० वैशाख मसान्तमा सोही विद्यालयका शिक्षकले हिनामिना गरे। विद्यार्थीलाई युनिसेफद्वारा वितरित झोलामा

मूल्य बढाएर ठगी गरेकोले जिल्ला शिक्षा कार्यालयले ठेकेदारलाई झोला फिर्ता गरायो।

जनकल्याण प्राविका ११ जना दलित छात्रछात्रालाई दिइने छात्रवृत्ति रकम यस वर्ष शिक्षा कार्यालयले तथ्यांक हराएको कारण पाएनन्। विद्यालयबाट त्यस सम्बन्धी रकमको तथ्यांक जिल्ला शिक्षा कार्यालयमा पठाए पनि नभेटिएकोले रकम नै नआएको कार्यालयले जनायो।

विस्थापित

साँया गाविस-१ का ४९ वर्षीय पूर्व अध्यक्ष प्रेमबहादुर शाहीको ०५९ चैत ४ गते घरमा भएका गाईवस्तु तथा सामान उनकै छोरीको घरबाट माओवादीले लुटी लगे। पीडित गत वर्षदेखि घर छोडी परिवार सहित सदरमुकाममा विस्थापित भई बसोबास गरेका छन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

सौर्य शक्ति केन्द्रका चौकीदार ३८ वर्षीय लली रोकायालाई ०६० भदौ २९ गते माओवादीले कार्यालयमा बम विस्फोटन गराई क्षति पुऱ्याएकोमा सो घटना सम्बन्धमा जानकारी नदिएको र उनीहरूलाई सहयोग गरेको आरोपमा कार्यालयबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई ३ दिनसम्म हिरासतमा राखी कार्यालय प्रमुखको रोहबरमा तारिखमा रिहा गरियो।

युनिसेफ, हुम्लाका पियन ३५ वर्षीय भीमबहादुर शाहीलाई ०६० असोज ३ गते माओवादीले राष्ट्रिय वाणिज्य बैंक नजिक बम विस्फोटन गराउँदा सहयोग गरेको आरोपमा प्रहरीले गिरफ्तार गरे। पीडितलाई ७ दिन थुनामा राखी तारिखमा रिहा गरियो।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव दूर्व्यवहार

डाँडाफया गाविस-३ माइती घर भई नापी शाखा हुम्लाका कर्मचारीसँग दोस्रो विवाह गरेकी पत्नी डुम्पानी शाहीलाई ०५९ पुस १९ गते सौताबाट बच्चा नभई उनको कोखबाट छोरा जन्मिएपछि छोरा आफूसँग राखी घरबाट निकाला गरिदिए। स्थानीय बासिन्दाको सहयोगमा ३ महिनापछि पुनः मिलेमतो गरि हाल सँगै बसेका छन्।

मैला गाविस-६ की १५ वर्षीय एक बालिकालाई ०५९ चैत ३ गते राति घट्ट पिस्न गएको मौका पारी उनकै गाउँले नातेदार काकाले बलात्कार गरे। पीडित रुँदै-कराउँदै गुहार मागेपछि माओवादी कार्यकर्ताले पीडकलाई मोसो र जुत्ताको माला लगाए।

सिमिकोट गाविस-६ की थुम्कली रोकायालाई ०६० भदौ ४ गते सोही गाविस-४ का बुदे बोहोराले दोस्रो विवाह गरे। जेठी पत्नीले अदालतमा बहुविवाह मुद्दा दिएपछि अदालतको रोहबरमा कान्छी रुपकलालाई माइती घरमा फिर्ता गरी मिलापत्र गरे।

कालिका गाविस-३ की १८ वर्षीय मञ्जु रावलसँग श्रीनगर गाविस-४ का भुपु जिविस उपसभापति चक्र फडेराले ०५९ पुस २६ गते दोस्रो विवाह गरे। फडेराको पहिलो पत्नीबाट एक छोरा र एक छोरी छन्।

विविध

संरचना क्षति

सौर्य शक्ति केन्द्र, हुम्लाको सोलार प्यानलमा ०६० भदौ २८ गते राति माओवादीले बम विस्फोट गराई ४० वटा सोलार प्यानल क्षतिग्रस्त बनाउनुको साथै ११ लाख ५० हजार रुपैयाँ बराबरको क्षति पुऱ्याए।

राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय नजिकै बाटोमा ०६० असोज २ गते राति सोही दिन रेयुकाई शाखा कार्यालय र स्नोल्याण्ड एकीकृत विकास केन्द्रको संयुक्त भवनमा केही समयको फरक पारी माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष दैविक विपत्तीले ५ जनाको मृत्यु भयो। बाढी पहिरोले २ जना महिलाको मृत्यु भयो भने साँघुबाट खसेर एक नाबालिकाको मृत्यु भयो। माटो खन्न गएको अवस्थामा ओढार भत्किएर एकजना वृद्धको मृत्यु भयो। वर्षातको कारण तारा प्राविको ३ कोठे भवन भत्कियो भने हेप्का गाविसका ४ वटा काठेपुल बगे। सीमिकोट गाविसस्थित नवनिर्मित आधुनिक पानी घट्टमा आगलागी हुँदा घट्ट बन्द भयो भने त्यसबाट ४ सय घर-परिवार प्रभावित भए।



सुदूरपश्चिमाञ्चल

५.१ कैलाली

५.२ अछाम

५.३ डोटी

५.४ बाजुरा

५.५ बझाङ

५.६ कञ्चनपुर

५.७ डडेलधुरा

५.८ वैतडी

५.९ दार्चुला

५.१ कैलाली



जनसंख्या	६१९१३१
साक्षरता प्रतिशत	३१.२
महिला साक्षरता प्रतिशत	१५.७
क्षेत्रफल (वर्ग कि.मी.)	३२३५
गाविस/नपा संख्या	४२/२
निर्वाचन क्षेत्र	५
विद्यालय	६३५
क्याम्पस/उच्च मावि	३/४
अस्पताल/स्वास्थ्य चौकी	२/४९
टेलिफोन लाइन	२५३६
मोटर सडक (कि.मी.)	२३७.४
प्रहरी कार्यालय संख्या	२९
हुलाक संख्या	५७
मानव विकास सूचकांक	०.२९९
प्रति एक डाक्टर जनसंख्या	२८०३२
प्रति परिवार सरदर संख्या	६.५३

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रुपले बाँच्ने अधिकार
हत्या / गोली
राज्यबाट

दुर्गौली गाविस-९ जगतपुरमा माओवादीका बविता र मनिपा भनिने दुईजना महिला कार्यकर्तालाई ०५९ पुस १८ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

नारायणपुर गाविस-४ आम्वासामा नाम नखुलेका एकजना माओवादी कार्यकर्तालाई ०५९ पुस २७ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितको सनाखत भएन।

रामशिखरझाला गाविस-२ गणेशपुरमा ०५९ माघ १० गते सुरक्षाकर्मी र माओवादीबीच भएको दोहोरो भिडन्तमा माओवादी कार्यकर्ता आशाराम चौधरीको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

मसुरीया गाविस-४ बडैपुरमा ०६० साउन २६ गते सुरक्षाकर्मी र माओवादीबीच भएको दोहोरो भिडन्तमा प्लाटुन कमान्डर बलिदान, सेक्सन कमान्डर हिमाल, छाँया, दिनेश र आवरण भनिने माओवादीको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

हसुलिया गाविसका २४ वर्षीय लालुराम चौधरीलाई माओवादीको आरोपमा ०६० भदौ ५ गते दिउँसो ३ बजे बेस क्याम्प अगाडि बजारतिरबाट साइकलमा जाँदै गर्दा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

चौमाला गाविस-१ खुरखुरीयामा ०६० भदौ १४ गते नाम नखुलेका एक महिलासहित तीन माओवादी कार्यकर्तालाई सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

रामशिखरझाला गाविसको गणेशपुरमा ०६० भदौ १५ गते नाम नखुलेका एक जना माओवादी कार्यकर्तालाई सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

सुंगुरखाल गाविस-१ चोसेकाँडाका ३५ वर्षीय दानबहादुर थापालाई माओवादीको आरोपमा ०६० भदौ २२ गते घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी वासपानी भन्ने ठाउँमा पुऱ्याई गोली हानी हत्या गरे।

सहनपुर गाविसको फल्टुडेमा ०६० भदौ २९ गते सुरक्षाकर्मी र माओवादीबीच भएको दोहोरो भिडन्तमा सगरमाथा उपनाम गरेका माओवादी कार्यकर्ताको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

मुनुवा गाविस-४ लटकनियाका २२ वर्षीय जुगराम चौधरी, २४ वर्षीय प्यारेलाल चौधरी र २५ वर्षीय पूर्ण चौधरीलाई ०६० असोज ७ गते सशस्त्र प्रहरी बल, उग्रतारा गण टीकापुरका सुरक्षाकर्मीले गिरफ्तार गरी टीकापुरको जंगलमा पुऱ्याई गोली हानी हत्या गरे। पीडित केही दिनअघि मात्र दशैं मान्नका लागि भारतबाट घर आएका थिए।

टीकापुर नपा-९ वनगाउँका १६ वर्षीय प्रेम चौधरीलाई ०६० असोज ७ गते घरबाट पचास मिटर जति टाढा लगी उग्रतारा गण टीकापुरका सुरक्षाकर्मीले गोली हानी हत्या गरे। सरस्वती मावि वनगाउँमा कक्षा १० मा अध्ययन गर्ने पीडित बिहान घरमा अध्ययन गरी बसेका थिए।

बर्दिया जिल्ला राजापुरको भवरामा घर भएका जनादेश साप्ताहिकका कैलाली सम्वाददाता विनोद कुमार सजना (चौधरी) लाई ०६० असोज ११ गते समाचार संकलनको क्रममा हसुलिया गाविसको के गाउँमा हसुलिया बेस क्याम्पमा कार्यरत सादा पोशाकमा रहेका एक सुरक्षाकर्मीले गोली हानी हत्या गरे। सोही घटनामा अर्का

एक नाम नखुलेका माओवादी कार्यकर्ताको पनि मृत्यु भयो। पीडितहरूको लास आफन्तले लिन पाएनन्।

खैलाड गाविसको बिजुलिया क्षेत्रमा ०६० असोज २१ गते नाम नखुलेका दुई जना माओवादी कार्यकर्तालाई सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

सुंगरखाल गाविस-५ पत्थरगढमा ०६० असोज २२ गते माओवादीका एरिया कमान्डर कैलाश भनिने २७ वर्षीय भीम कुँवरसहित ४ जनालाई सुरक्षाकर्मीले गोली हानी हत्या गरे। माओवादीले कार्यक्रम गर्ने खबर पाएपछि सुरक्षाकर्मी सो क्षेत्रमा पुगेका थिए।

रामशिखरझाला गाविसको गणेशपुरमा ०६० असोज २४ गते नाम नखुलेका एकजना माओवादी कार्यकर्ताको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

हसुलिया गाविस तथा परेवा गाविसको बीच जंगलमा ०६० असोज २९ गते नाम नखुलेका एकजनालाई सुरक्षाकर्मीले गोली हानी हत्या गरे। मृतकको सनाखत हुन नसकेको स्थानीय बासिन्दाले बताए।

साँढेपानी गाविसको बेलार क्षेत्रमा ०६० असोज २९ गते नाम नखुलेका एक जनालाई सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

भजनी गाविसको काणा क्षेत्रमा ०६० कार्तिक २ गते नाम नखुलेका दुई जना महिला माओवादी कार्यकर्तालाई सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितहरू सुरक्षाकर्मीलाई देख्नेबित्तिकै भाग्न लाग्दा सुरक्षाकर्मीले गोली हानेका थिए।

खैलाड गाविस-८ मा ०६० कार्तिक ३ गते नाम नखुलेका दुई जना महिला माओवादी कार्यकर्तालाई सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

हसुलिया गाविस-१ वनकट्टा क्षेत्रमा ०६० कार्तिक ३ गते नाम नखुलेका एकजनालाई सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

अनेरास्ववियु (क्रान्तिकारी) का कैलाली जिल्ला उपाध्यक्ष २४ वर्षीय गणेश चौधरीलाई ०६० कार्तिक १२ गते राति ७ बजेतिर धनगढी नपा-५ हसनपुरमा प्रहरीले गोली हानी हत्या गरे।

पहलमानपुर गाविस-५ आम्बासाका ५८ वर्षीय जंजीरू डगौरा र सोही गाविस-२ लठैयाका ४२ वर्षीय जंगली डगौरालाई माओवादीको आरोपमा ०६० कार्तिक २३ गते सुरक्षाकर्मीले पहलमानपुर गाविसको आमखैया भन्ने ठाउँमा गोली हानी हत्या गरे। जंजीरू गहुँको बीउ खोज्न मसुरिया जाँदै थिए भने जंगली मसुरियाको अन्डैमा मुक्त कमैया शिविरतर्फ जाँदै गरेका थिए। जंगली नीलो परिचय प्राप्त मुक्त कमैया हुन्।

खैराला गाविस-८ का २२ वर्षीय जयबहादुर सभै, सोही गाविस-९ का २३ वर्षीय लालबहादुर सिंजाली, ३० वर्षीय हरिसिंह भुल, २५ वर्षीय गगन थापा र ३५ वर्षीय कृष्णबहादुर सार्कीलाई माओवादीको आरोपमा ०६० कार्तिक १४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी खैराला गाविस-८ खैरालामा गोली हानी हत्या गरे। स्थानीय बासिन्दाका अनुसार, मारिने सबै सर्वसाधारण व्यक्तिहरू हुन्। पीडितहरूमध्ये दुई जना धान ठटाउँदै गरेका थिए। गगन पन्डौन स्वास्थ्य चौकीबाट छोरालाई पुऱ्याई फर्किँदै थिए। उनलाई माओवादीसमक्ष खबर पुऱ्याउने भन्दै हत्या गरेको प्रत्यक्षदर्शी बताउँछन्।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	३	२	१		३	१८	२२			२२	३३	४५	११		५६
घाइते						९	२०	२		२२	५	८	१		९
गिरफ्तारी/यातना											१५	१५	१	२	१८
बेपत्ता											४	२	४		६
कुटपिट	१	१			१	१०	१३			१३	१६	२९	२		३१
धम्की	४	६		१	७	२	१		१	२	१		२		२
भेला/संगठित हुने अधिकार											३	१६		१	१७
जातीय विभेद	३	४	१		५										
महिलाअधिकार	५		७		७										
बालअधिकार	४	१	३		४						१			१	१
अपहरण	१		२		२	६	१३	१		१४					
जम्मा	२१	१४	१४	१	२९	४५	६९	३	१	७३	७८	११५	२१	४	१४०

बसौटी गाविसको बसौटी जंगल क्षेत्रमा ०६० मंसिर १ गते नाम नखुलेका एकजनालाई हसुलिया बेस क्याम्पबाट गएका सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

हसुलिया गाविस-३ वनकट्टीका माओवादी कार्यकर्ता झरना भनिने १९ वर्षीय हरिकला भण्डारी र सृजना भनिनेलाई ०६० मंसिर ४ गते सुरक्षाकर्मीले वनकट्टीमा गोली हानी हत्या गरे। पीडितहरुलाई सामूहिक बलात्कार गरी हत्या गरिएको माओवादीले जनाए।

सुरक्षाकर्मीद्वारा हत्या गरिएका सर्वसाधारण जयबहादुर सभे

सुंगरखाल गाविस-३ सल्लेरीमा ०६० मंसिर ११ गते माओवादी कार्यकर्ता ३३ वर्षीय शेरबहादुर जैसीलाई गाउँलेहरूलाई चामल बोकाएर लैजाँदै गर्दा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

चौमाला क्षेत्रमा ०६० मंसिर १३ गते नाम नखुलेका एकजनालाई माओवादीको आरोपमा ०६० मंसिर १३ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

मसुरिया गाविस माहुलियामा ०६० मंसिर १३ गते नाम नखुलेका तीनजना माओवादी कार्यकर्तालाई सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितहरूलाई जिल्लाको पहाडी क्षेत्रमा खाद्यान्न लैजान लागेको अवस्थामा सुरक्षाकर्मीले थाहा पाएपछि हत्या गरेका थिए।

मसुरिया गाविसकी माओवादी कार्यकर्ता ४३ वर्षीय दुर्गादेवी गिरीलाई ०६० मंसिर १५ गते मोहन्याल गाविस-७ राजमा जंगलमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

मोहन्याल गाविसका २१ वर्षीय तिलकबहादुर बस्नेतलाई माओवादीको आरोपमा ०६० मंसिर १८ गते पन्डौन गाविसको खिमडीमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडित आफ्ना ससुरालाई भेट्न खिमडी आएका थिए।

माओवादीबाट

श्रीपुर गाविस-९ जोनापुरका २७ वर्षीय रामप्रसाद चौधरीलाई सेनामा जागिर खाएको आरोपमा ०५९ माघ १ गते माओवादीले घाँटी रेटी हत्या गरे। पीडित प्युठानमा कार्यरत रहेकोमा माघी मनाउन विदामा घर आएका थिए।

श्रीपुर गाविस-९ जोनापुरका २५ वर्षीय प्रेम चौधरीलाई प्रहरीमा जागिर खाएको आरोपमा ०५९ माघ १ गते घरबाटै माओवादीले अपहरण गरी पर्सिपल्ट चौमालामा पुऱ्याई गोली हानी हत्या गरे। पीडित जिल्ला प्रहरी कार्यालय कञ्चनपुरमा कार्यरत थिए।

थापापुरको जंगलमा २८ वर्षीय बिजुली चौधरीलाई सुराकीको आरोपमा ०६० जेठ २७ गते माओवादीले घरबाट अपहरण गरी खुकुरी प्रहार गरी हत्या गरे।

धनसिंहपुर गाविस-१ बटनपुरका २२ वर्षीय हरिराम चौधरीलाई आफ्ना कार्यकर्ताको हत्यामा संलग्न भएको आरोपमा ०६० असार १९ गते घरबाट अपहरण गरी माओवादीले बौनिया गाविस-१ खर्चुवामा पुऱ्याई कुटपिट गरी हत्या गरे।

जिल्ला प्रहरी कार्यालय, कैलालीमा कार्यरत प्रहरी सहायक निरीक्षक वीरबहादुर सार्कीलाई ०६० भदौ १४ गते माओवादीले धनगढी नपा-१ क्याम्पस रोडमा गोली हानी हत्या गरे।

दरख गाविसको सुखड बजारमा सुखड बेस क्याम्पमा कार्यरत सैनिक जवान सोम तामाङलाई ०६० भदौ २१ गते माओवादीले गोली हानी हत्या गरे।

टीकापुर नपा-१ व्यवसाय क्षेत्रका सशस्त्र प्रहरी जवान कृष्णबहादुर बोगटीलाई ०६० भदौ २१ गते नारायणपुर गाविस-८ सति बजारमा माओवादीले गोली हानी हत्या गरे। बोगटी सशस्त्र प्रहरी बल राजापुर, बर्दियामा कार्यरत थिए।

सशस्त्र प्रहरी बल, उग्रतारा गण टीकापुरमा कार्यरत प्रहरी अम्मरबहादुर खत्रीलाई ०६० भदौ २४ गते माओवादीले गोली हानी घाइते बनाए। सोही घटनामा परी सर्वसाधारण टीकापुर नपा-९ का ५५ वर्षीय लक्ष्मीदत्त भट्टराईको मृत्यु भयो।

मालाखेती अत्तरियास्थित प्रहरी चौकीमा कार्यरत प्रहरी जवान २९ वर्षीय प्रेम विकलाई ०६० भदौ २६ गते

दोहोरो भिडन्तमा सुरक्षाकर्मीद्वारा हत्या गरिएका सर्वसाधारण तिलक बस्नेतको लास गाडिएको ठाउँ

अत्तरिया बजारमा माओवादीले गोली हानी हत्या गरे।

सहजपुर गाविस फल्टुडेमा प्रहरी जवान कृष्णराज भट्टलाई ०६० भदौ २९ गते माओवादीले गोली हानी हत्या गरे।

अत्तरिया सुरक्षा बेस क्याम्पमा कार्यरत सैनिक जवान बलबहादुर थापालाई ०६० भदौ ३० गते मोहन्याल मावि भजनीको होटलमा चिया पिइरहेको अवस्थामा विद्यार्थीको ड्रेसमा आएका एकजना माओवादी कार्यकर्ताले गोली हानी हत्या गरे। सो घटनामा सोही विद्यालयका छात्र मानबहादुर साउद घाइते भए।

सशस्त्र प्रहरी बल, उग्रतारा गण टीकापुरमा कार्यरत प्रहरी जवान ढकबहादुर बस्नेत र शैलेन्द्र थापालाई ०६० कार्तिक ५ गते टीकापुर नपा-९ टीकापुर बजारमा माओवादीले गोली हानी घाइते भएकोमा नेपालगञ्जमा उपचार गर्दागर्दै मृत्यु भयो।

इलाका प्रहरी कार्यालय भजनीमा कार्यरत प्रहरी हवल्दार २८ वर्षीय रेगलाल खड्कालाई ०६० कार्तिक २५ गते माओवादीले भजनी बजारमा पत्नीसँगै सामान किनिरहेको अवस्थामा गोली हानी हत्या गरे।

पहलमानपुर गाविस-६ जवलपुरका २८ वर्षीय ठग्गुराम चौधरीलाई सुराकीको आरोपमा ०६० कार्तिक २६ गते माओवादीले घरबाटै अपहरण गरी राति १० बजे घरदेखि केही पर लगी घाँटी रेटी हत्या गरे। पीडितको टाउको विनाको शरीर लडेको अवस्थामा भेटिएको थियो।

खैराला गाविस-५ खैरालाका ५८ वर्षीय पहलवहादुर तारामीलाई ०६० कार्तिक २९ गते माओवादीले कुटपिट गरी हत्या गरे। पीडितलाई शरीरका विभिन्न ठाउँमा चोट लागेको अवस्थामा नजिकैको तलाउमा लास फालिएको थियो। पीडितलाई के आरोपमा हत्या गरिएको हो भन्ने बारेमा केही थाहा हुन सकेन।

टीकापुर नपा-८ बन्दीपुरका ४० वर्षीय भीमबहादुर थापालाई ०६० मंसिर १ गते मालिका विकास बैंकमा सुरक्षा गार्ड बसिरहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे।

त्रिनगर सिमा प्रहरी चौकीमा कार्यरत प्रहरी जवान लवदेव पाण्डेयलाई ०६० मंसिर २४ गते साँझ खाना खाइरहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे।

दोहोरो भिडन्त

पण्डौन गाविसको भृकुटी माविमा माओवादी र सुरक्षाकर्मीबीच ०६० मंसिर १६ गते दोहोरो भिडन्त हुँदा सुरक्षाकर्मीतर्फ चुडामणि जोशी, रामबहादुर बम, वीरेन्द्र विष्ट, भागिराम तारणी, शालिकराम ठकुल्ला र लंक अधिकारीको मृत्यु भयो। सोही घटनामा १७ जना माओवादी मारिएको सुरक्षाकर्मीले बताए पनि माओवादीले ६ जना कार्यकर्ता मात्र मारिएको दाबी गऱ्यो।

सुरक्षाकर्मीद्वारा हत्या गरिएका सर्वसाधारण लालबहादुर सिजाली

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

पण्डौन गाविस खिमडीका ६० वर्षीय सेते विक, ३२ वर्षीय वीरबहादुर विक, ९ वर्षीय जमुना विक र ६० वर्षीय भाना विक ०६० मंसिर १६ गते सुरक्षाकर्मीले प्रहार गरेको गोलीको छर्रा लागी घाइते भए।

माओवादीबाट

जिल्ला प्रहरी कार्यालय, कैलालीमा कार्यरत प्रहरी जवान शेरबहादुर बोगटी र केशवसिंह भण्डारीलाई ०६० भदौ ७ गते मसुरिया गाविस-४ उदासीपुरमा माओवादीले गोली हानी घाइते बनाए।

पूर्व प्रधानमन्त्री तथा नेकाँ (प्रजातान्त्रिक) का सभापति शेरबहादुर देउवामाथि ०६० भदौ ८ गते पहलमानपुर गाविसको आमखैयानजिक माओवादीले गोली प्रहार गरे। नेकाँ (प्रजातान्त्रिक) को सुदूरपश्चिमाञ्चल स्तरीय कार्यक्रम धनगढीमा सकेर नेपालगञ्ज फर्कने क्रममा साँझ ४ बजे उहाँ चढेको गाडीमाथि गोली प्रहार गरिएको थियो। उक्त आक्रमण गल्तीवस हुन पुगेको माओवादीले स्वीकार गरे।

नेपाल विद्युत प्राधिकरण, जिल्ला शाखा कार्यालयमा बसेका कर्मचारी बलराम कुँवर र चन्द्रलाल घिमिरे ०६० भदौ १७ गते माओवादीले कार्यालय परिसरमा राखेको बम विस्फोटमा परी घाइते भए।

बोराडाँडी ब्यारेकमा कार्यरत सैनिक जवान रेमबहादुर रावललाई ०६० भदौ २६ गते धनगढी नपा-७ क्याम्पस रोडमा गस्तीमा गएको अवस्थामा माओवादीले गोली हानी घाइते बनाए।

डडेल्धुरा जिल्ला घर भई हाल धनगढी नपा-१ सेतोपुल नजिक डेरा गरी बस्ने ३५ वर्षीय नरुडेवी बोहोरा अज्ञात स्थलवाट आएको गोली लागी ०६० कार्तिक १ गते घाइते भइन्। घर बाहिर गोलीको आवाज सुनेपछि सडकमा खेलिरहेका आफ्ना बच्चाहरु घरभित्र ल्याउन खोज्दा गोली लागेको थियो।

सुरक्षास्रोतले उनलाई माओवादीको गोली लागेको दावी गरेको छ।

मालाखेती गाविस-३ चौकीडाँडाका विष्णु खड्का, भवानी खड्का, दिव्यश्वरी रावल, कमल विक, डोम धामी र तेजबहादुर साउनको ०६० कार्तिक १० गते दुई माओवादीले बोकेको सकेट बम विस्फोट हुँदा घाइते भए भने माओवादीको घटनास्थलमै मृत्यु भयो।

पहलमानपुर गाविसको आमखैया भन्ने ठाउँमा माओवादीले बिच्छ्याएको विद्युतीय धराप विस्फोट हुँदा ०६० कार्तिक २३ गते ६ जना सुरक्षाकर्मी घाइते भए। घाइते सुरक्षाकर्मीको नाम थाहा हुन सकेन।



माओवादीद्वारा अपहरण गरिएका प्रहरी जवान मानबहादुर बम

सशस्त्र प्रहरी बल, बडिमालिका गणको प्रहरी टोलीलाई लक्षित गरी ०६० मंसिर ३ गते गेटाको मोहनपुरमा माओवादीले प्रहार गरेको गोली लागी प्रहरी जवान कृष्णबहादुर चौधरी घाइते भए। पीडितको दायाँ हातमा गोली लागेको थियो।

दोहोरो भिडन्त

डडेल्धुरा जिल्ला घर भई धनगढी नपा-१ सेतो पुल नजिक होटल व्यवसाय संचालन गर्दै आएकी ३५ वर्षीय नरूदेवी बोहरा ०६० कार्तिक १ गते माओवादी र सुरक्षाकर्मीबीच दोहोरो भिडन्त हुँदा गोली लागी घाइते भइन्। सुरक्षाकर्मीले नरूदेवीलाई माओवादीको गोली लागेको दाबी गरेको छ भने माओवादीले आफ्नो गोली नभएको बताएको छ।

माओवादी र सुरक्षाकर्मीबीच ०६० मंसिर १ गते घसौटी गाविसमा भएको दोहोरो भिडन्तमा एकजना माओवादी कार्यकर्ताको मृत्यु भयो।

अन्यबाट

सुडारखाल गाविस-७ सोल्टाका २७ वर्षीय जनकबहादुर शाहीलाई ०६० पुस १४ गते एक अज्ञात समूहले गोली हानी हत्या गरे। शाही भारत जानेक्रममा चिसापानी पुगेको अवस्थामा त्यहाँबाट केही अज्ञात व्यक्ति आई काम छ भनी १ कि.मि. उत्तर पितमारीनजिक पुऱ्याई हत्या गरिएको थियो। उक्त हत्या माओवादीले गराएको सुरक्षा निकायले दावी गरेपनि माओवादीले सो घटनामा आफ्नो संलग्नता नरहेका बताए।

जेल र बन्दीहरू

७५ जना क्षमता भएको यस जिल्लाको कारागारमा अहिले १ सय ५० जना रहेका छन्। 'ग' श्रेणीको यस जेलमा ९४ बन्दी र ५१ पुरुष र ५ महिला समेत ५६ जना कैद तोकिएका छन्।

बेपत्ता / अपहरण

राज्यबाट

मोहन्याल गाविस-५ जिमिट्टेका ५० वर्षीय कर्णसिंह घर्तिमगरलाई माओवादीको आरोपमा ०५९ वैशाख २३ गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरी बेपत्ता पारे।

माओवादीका महिला कार्यकर्ता आशा चौधरी र रामपति चौधरीलाई ०६० जेठ २८ गते हसुलिया बेस क्याम्पका सुरक्षाकर्मीले रतनपुर गाविसको बसन्ताबाट गिरफ्तार गरे। पीडितहरूको अवस्था अज्ञात छ।

खैलाड गाविस-७ खैलाडबाट ०६० जेठ २८ गते माओवादी कार्यकर्ता सन्तोष चौधरीलाई सुरक्षा बेस क्याम्प भजनीबाट गस्तीमा गएका सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई जिल्ला प्रहरी कार्यालय पुऱ्याएको बताए पनि उनको स्थिति हालसम्म अज्ञात छ।

टीकापुर नपा-७ झन्झटपुरबाट ०६० असोज ६ गते नाम नखुलेका दुईजना महिला माओवादी कार्यकर्तालाई सशस्त्र प्रहरी बल, उग्रतारा गण, टीकापुरका प्रहरीले गिरफ्तार गरे। पीडितहरूको अवस्था हालसम्म अज्ञात छ।

गोलीको छर्रा लागी घाइते भएका एक स्थानीय व्यक्ति

माओवादीबाट

जोशीपुर गाविसका पूर्व अध्यक्ष ५० वर्षीय टीकाराम महतो र ४५ वर्षीय नाम नखुलेका महतोलाई सुराकीको आरोपमा ०६० जेठ १० गते माओवादीले अपहरण गरे। पीडितलाई जेठ ३० गते मुक्त गरियो।

जोशीपुर गाविस-२ लकरमण्डीका दादु चौधरी, प्रकाश चौधरी, दिनेश चौधरी, मेवालाल चौधरी, आशाराम चौधरी, जितेन्द्र चौधरी, रामप्रसाद चौधरी र बलिराम चौधरीलाई ०६० जेठ १० गते माओवादीले ट्याक्टरमा राखी अपहरण गरे। पीडितहरूलाई जेठ २० गते मुक्त गरियो।

सशस्त्र प्रहरी गण, वनवेहडामा

कार्यरत प्रहरी जवान रामबहादुर गुरूङलाई ०६० जेठ ५ गते आफ्नो घर खैराला गाविसको बालुवा गडाबाट माओवादीले अपहरण गरी भोलिपल्ट मुक्त गरे।

रामशिखरझाला गाविस-८ घर भई जिल्ला प्रहरी कार्यालय, बाजुरामा कार्यरत प्रहरी जवान मानबहादुर बमलाई ०६० असार २१ गते युनिफाइड कमान्डको तालिमका लागि तेघरी ब्यारेकमा आएको अवस्थामा आफ्नै घरबाट माओवादीले अपहरण गरी बेपत्ता पारे।

खैराला गाविसका पूर्व उपाध्यक्ष भक्तबहादुर तारामीलाई एमालेमा सक्रियताका साथ लागेको आरोपमा ०६० जेठ ९ गते माओवादीले अपहरण गरी जेठ १८ गते मुक्त गरे।

खैलाड गाविसका पूर्व अध्यक्ष एवम् नेकाँका जिल्ला सदस्य प्रमोद उप्रेतीलाई आफूहरूले कब्जा गरेको जमीनमा खेती गरेको र गाविसमा विकास निर्माणका काम गरेको आरोपमा ०६० कार्तिक ६ गते घरबाटै माओवादीले अपहरण गरी कार्तिक १० गते सोही गाविसका पूर्व उपाध्यक्षको जिम्मामा मुक्त गरे।

अन्यबाट

श्रीपुर गाविस बढेहाका १७ वर्षीय गहनी चौधरी र १६ वर्षीय विन्दु चौधरीलाई ०६० पुस ९ गते आज्ञात समूहले अपहरण गरी पुस २४ गते मुक्त गरे।

धम्की ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

नेकाँले आयोजना गरेको क्षेत्रीय आमसभामा भाग लिन ०५९ माघ २२ गते धनगढी आउँदै गरेका नेविसंघका सयौं विद्यार्थीलाई बोराडाँडी ब्यारेकका सुरक्षाकर्मीले लाठिचार्ज गर्दै कुटपिट गरे।

भजनी गाविस-३ भजनीका ५५ वर्षीय गणेशबहादुर श्रेष्ठलाई माओवादीलाई घरको पर्खालमा लेख्न दिएको आरोपमा इलाका प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान विष्णु सापकोटाले ०५९ फागुन ४ गते कुटपिट गरे।

दोहोरो भिडन्त भएको भृकुटी मावि पण्डौन

खानेपानी कार्यालय पण्डौन कोल्तडीमा कार्यरत कर्मचारी ३५ वर्षीय बालाराम घर्तिमगरलाई माओवादीको आरोपमा ०६० वैशाख २२ गते सुरक्षाकर्मीले कुटपिट गरे।

थापापुर गाविसका पूर्व अध्यक्ष तेजराम चौधरीलाई ०६० वैशाख ३० गते इलाका प्रहरी कार्यालय भजनीबाट प्रहरी सहायक निरीक्षक दानबहादुर खड्काको नेतृत्वमा गएका प्रहरीले कुटपिट गरे।

धनसिंहपुर गाविस-९ बैदीका गोविन्द कोइराला तथा टीकापुर नपा-८ का विजय विकलाई ०६० जेठ १५ गते सुरक्षाकर्मीले लाठिचार्ज गरी कुटपिट गरे। टीकापुर अस्पतालका डाक्टर विनोद महासेठको लापर्वाहीका कारण टीकापुर बहुमुखी क्याम्पसका एक विद्यार्थीको मृत्यु भएको भन्दै विरोधस्वरूप अस्पताल घेराउ गर्ने क्रममा लाठिचार्ज गरिएको थियो।

टीकापुर नपा-६ टीकापुरमा जुत्ता पसल संचालन गर्दै आएका २५ वर्षीय भक्तबहादुर नेपालीलाई जुत्ता नसिदिएको आरोपमा ०६० जेठ २१ गते इलाका प्रहरी कार्यालय, टीकापुरमा कार्यरत प्रहरी जवान दिलिप चौधरीले कुटपिट गरे।

पण्डौन गाविस-९ कोल्तडीका दीपक ओली, विमल ओली, चेतबहादुर ओली, खुमबहादुर पौडेल, सोही गाविस-९ कोल्तडीका पूर्व वडाध्यक्ष उद्धव खड्का र स्थानीय बृजबहादुर ओलीलाई माओवादीलाई खाना खुवाएको आरोपमा ०६० भदौ २० गते सुरक्षाकर्मीले कुटपिट गरे।

नेपाल रेडक्रस सोसाइटी, पण्डौन कोल्तडी शाखाका सभापति खड्क कठायतलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६० भदौ २१ गते सुरक्षाकर्मीले हातपात गर्नुका साथै अपशब्द प्रयोग गर्दै लछार पछार गरे।

पण्डौन गाविस-९ कोल्तडीका ३५ वर्षीय तुल्सा अधिकारीलाई माओवादीलाई घरमा राखेको आरोपमा ०६० भदौ २१ गते सुरक्षाकर्मीले कुटपिट गरे। पीडित गर्भवती थिइन्।

माओवादी कार्यकर्ताले सशस्त्र प्रहरी बल, उग्रतारा गण टीकापुरका प्रहरीलाई ०६० भदौ २४ गते गोली प्रहार गरी घाइते बनाएको विषयलाई लिएर टीकापुरका युगयान साप्ताहिकका सम्पादक प्रकाशक सम थापा, कान्तिपुर समाचारदाता गणेश चौधरी, शिक्षक प्रकाश भण्डारी, विद्यार्थी नरेन्द्र तिमिल्सिनालगायत्का व्यक्तिलाई प्रहरीले हातपात गर्नुका साथै अमानवीय व्यवहार गरे।

नेकपा (एमाले) कैलाली जिल्ला कमिटी सदस्य

होरीलाल चौधरीलाई माओवादीलाई खाना खान दिएको आरोपमा ०६० मंसिर ३ गते आफ्नै घर हसुलिया बनकट्टामा सुरक्षाकर्मीले कुटपिट गरी घाइते बनाए।

मोहन्याल गाविस-५ कटौजेका ३५ वर्षीय तिलसरा थापालाई माओवादीलाई बस्न दिएको आरोपमा ०६० मंसिर १४ गते सुरक्षाकर्मीले कुटपिट गरे।

पण्डौन गाविस ओखलढुंगाका ५२ वर्षीय चन्द्रबहादुर रास्कोटीलाई माओवादीलाई खान बस्न दिएको आरोपमा ०६० मंसिर १५ गते सुरक्षाकर्मीले कुटपिट गर्नुका साथै ज्यानमार्ने धम्की दिए।

पण्डौन गाविसस्थित भृकुटी माविका शिक्षक दिलबहादुर राना, विष्णुबहादुर बुढा, भजनबहादुर तिरूवा र पियन भागिराम भण्डारी तथा विद्यार्थी वीरबहादुर रोका मगर, तुलाराम हौजाली मगर, भक्तबहादुर बाठा, भुवनसिंह बोगटी, गगनराज घर्ती र विमलाकुमारी घर्तीलाई माओवादीको आरोपमा ०६० मंसिर १८ गते सुरक्षाकर्मीले कुटपिट गरी यातना दिए।

पण्डौल गाविस खिमडीका ३५ वर्षीय जयसरादेवी रावल र ६० वर्षीय देवु बोहोरालाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६० मंसिर १८ गते सुरक्षाकर्मीले ज्यानमार्ने धम्की दिए।

बोक्सीको आरोपमा अमानवीय व्यवहार गरिएकी मनादेवी विश्वकर्मा

माओवादीबाट

जिल्ला मालपोत कार्यालय, कैलालीका सम्पूर्ण कर्मचारीलाई घुस खाएको र जनताको काममा ढिलासुस्ती गरेको आरोपमा ०६० जेठ २ गते माओवादीले पत्र पठाएर कारवाही गर्ने धम्की दिए।

राष्ट्रिय मावि, नारायणपुर बेलुवाका प्रधानाध्यापक दिनेश चौधरीलाई काम विशेषले बर्दिया जिल्लाको बदालपुर गई फर्किएको अवस्थामा आफ्नो अनुमति नलिएर आएको भनी ०६० जेठ ७ गते माओवादीले ज्यानमार्ने धम्की दिए।

धनसिंहपुर गाविस-९ खक्रोलाका ३५ वर्षीय खुसीराम चौधरीलाई सुराकीको आरोपमा ०६० जेठ ७ गते माओवादीले कुटपिट गरे।

खैराला गाविसका ३३ वर्षीय पूर्णबहादुर तारामीलाई एमालेको कार्यक्रममा सक्रियरूपमा काम गरेको आरोपमा ०६० जेठ १९ गते माओवादीले कुटपिट गरे।

जोशीपुर गाविस-६ जोशीपुरका ३५ वर्षीय ढेवराज कुस्मीलाई सुराकीको आरोपमा ०६० असार १० गते माओवादीले कुटपिट गरी घाइते बनाए। पीडितलाई सेती अञ्चलमा उपचार हुन नसकेपछि नेपालगञ्ज पुऱ्याइएको थियो।

धनसिंहपुर गाविस-१ बटनपुरका २५ वर्षीय गोपाल साउद र २० वर्षीय रामदास चौधरीलाई ०६० असार १७ गते माओवादीले घरबाट अपहरण गरी बौनिया गाविस-१ खर्चुवामा पुऱ्याई कुटपिट गरी घाइते बनाए।

टीकापुर नपा-७ भन्भटपुरका ३२ वर्षीय चेतमान रावललाई चन्दा नदिएको आरोपमा ०६० साउन १५ गते माओवादीले कुटपिट गरे।

उर्मा गाविस-६ रामपुरका २० वर्षीय वीरबहादुर चौधरी र २५ वर्षीय बलराम चौधरीलाई सुराकीको आरोपमा ०६० भदौ १२ गते माओवादीले कुटपिट गरे।

पथरैया गाविस-८ पूर्वी खैरीफाँटाका ३४ वर्षीय धर्म विकलाई काठ तस्करी गरेको आरोपमा ०६० भदौ २९ गते माओवादीले कुटपिट गरे।

पथरैया गाविस-५ बनदेवीपुरका २८ वर्षीय कृष्णबहादुर रावल र २९ वर्षीय शेरबहादुर रावललाई सुराकीको आरोपमा ०६० भदौ ३१ गते माओवादीले कुटपिट गरे।

दुर्गौली गाविसका ४५ वर्षीय फगना चौधरीलाई चन्दा नदिएको आरोपमा ०६० असोज १ गते माओवादीले कुटपिट गरे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

पेट्रोलियम पदार्थमा सरकारले गरेको मूल्य बृद्धिको विषयलाई लिएर सात विद्यार्थी संगठनले विरोधस्वरूप ०५९ चैत २१ गते धनगढीमा प्रदर्शन गरेको मसाल जुलुसमाथि प्रहरीले हस्तक्षेप गरी विद्यार्थीहरूमाथि लाठिचार्ज गरे।

सात विद्यार्थी संगठनद्वारा ०६० वैशाख १४ गते आयोजना गरिएको नेपाल बन्दका क्रममा जिल्ला प्रहरी

कार्यालयनजिकै नारा लगाउँदै गर्दा कैलाली बहुमुखी क्याम्पसमा अध्ययनरत नरेन्द्र खड्कालाई प्रहरीले लाठिचार्ज गरी घाइते बनाए। पीडितलाई उपचारका लागि भारत लगिएको थियो।

पेट्रोलियम पदार्थको मूल्यवृद्धिको विरोधमा आह्वान गरिएको नेपाल बन्दको अनुगमन गर्न बजारमा निस्किएको अवस्थामा कैलाली क्याम्पस स्ववियू सभापति केजी पाण्डे, विद्यार्थीहरू रणबहादुर चन्द, यज्ञराम ढुंगाना, विमलकुमार जोशी, देवीप्रसाद खनाल, विष्णु चन्द, सन्देश जोशी, हरि अधिकारी, भरत खड्का, पूर्ण कुँवर, प्रकाश रावत, बाबुराम आचार्य र रूप केसीलाई ०६० वैशाख १४ गते प्रहरीले लाठिचार्ज गर्दै गिरफ्तार गरे। पीडितहरूलाई सोही दिन साँझ रिहा गरियो।

प्रतिगमनविरूद्ध संचालित आन्दोलनको पहिलो चरणअन्तर्गत ०६० वैशाख २८ गते धनगढीमा आयोजना गरिएको मसाल जुलुसमाथि प्रहरीले हस्तक्षेप गरी लाठिचार्ज गर्दा एमालेका केन्द्रीय सदस्य भीम रावल, नेकाँका केन्द्रीय सदस्य सुनिलकुमार भण्डारीलगायत् दर्जनौं घाइते भए।

प्रतिगमनविरूद्ध पाँच दलले संचालन गरेको आन्दोलनप्रति ऐक्यवद्धता जनाउँदै विद्यार्थीहरूद्वारा ०६० पुस ८ गते निकालिएको मसाल जुलुसमाथि प्रहरीले हस्तक्षेप गरी लाठिचार्ज गर्दा लक्षिराम आचार्य, पूर्ण कुँवर, हेमराज जोशी, महेश जोशी र राजेन्द्र जोशी घाइते भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा यस वर्ष विभिन्न शीर्षक अन्तर्गत १ सय ५ वटा मुद्दा दर्ता भएकोमा २६ वटा फर्स्यौट भए। विगत वर्षको तुलनामा यस वर्ष कम मुद्दा परेको जिल्ला अदालतले जनाएको छ।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

मुनुवा गाविस-२ कञ्चनपुरका २२ वर्षीय कमल चौधरीलाई ०५९ पुस ३० गते काम विशेषले टीकापुर गएको अवस्थामा सशस्त्र प्रहरी बल, उग्रतारा गण, टीकापुरका प्रहरीले गिरफ्तार गरी माघ १८ गते तारिखमा रिहा गरे।

अनेरास्ववियु (क्रान्तिकारी) का सांस्कृतिक टोलीका आठ जना कलाकारलाई ०५९ चैत ९ गते सुरक्षाकर्मीले गिरफ्तार गरी भोलिपल्ट रिहा गरे। पीडितहरूको नाम खुल्न सकेन।

धनगढी बजारबाट ०६० जेठ ३० गते डायमण्ड उपनाम गरेका माओवादी कार्यकर्तालाई सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितको अवस्था हालसम्म अज्ञात छ।

दरख गाविस-५ कौवाका सुगराम चौधरी, रामबहादुर चौधरी र सुरज चौधरीलाई ०६० असार १८ गते सुखड बेस क्याम्पबाट गएको सुरक्षाकर्मीले गिरफ्तार गरी असार १९ गते तारिखमा रिहा गरे।

राजधानी दैनिकका टीकापुर समाचारदाता तथा टीकापुरबाट प्रकाशित हाम्रो जन सन्देश साप्ताहिकका कार्यकारी सम्पादक योगश रावललाई प्रहरीका बारेमा समाचार प्रकाशित गरेको आरोपमा ०६० कार्तिक ७ गते सशस्त्र प्रहरी बल, उग्रतारा गण, टीकापुरले गिरफ्तार गरी कार्तिक १२ गते तारिखमा रिहा गरे।

इन्सेक आवद्ध संस्था मानवअधिकार सचेतन तथा सामाजिक विकास केन्द्र (हुराड्स) का जिल्ला सचिव फिरूलाल चौधरीलाई माओवादीको भातृ संगठनसँग संलग्नता रहेको आशंकामा ०६० कार्तिक १२ गते सशस्त्र प्रहरी बल, उग्रतारा गण टीकापुरका प्रहरीले गिरफ्तार गरी सोही दिन साँझ रिहा गरे।

टीकापुर नपा-४ बागमाराका विष्णु शाहलाई माओवादीको आशंकामा ०६० कार्तिक १७ गते माओवादीको भेषमा आएका प्रहरीले गिरफ्तार गरी मंसिर ७ गते रिहा गरे।

अनेरास्ववियु (एकीकृत) का जिल्ला अध्यक्ष लक्ष्मीराम आचार्य र जनमोर्चाका प्रतिनिधि कमल खड्कालाई माओवादीको आरोपमा ०६० कार्तिक २७ गते पार्टी कामको सिलसिलामा पहलमानपुर जानेक्रममा रामशिखरझाला गाविस-९ शिवपुरमा सुरक्षाकर्मीले गिरफ्तार गरी हात पछाडि बाँधी यातना दिई अमानवीय व्यवहार गरे।

सुर्खेत जिल्ला विहनपुर गाविस घर भई आफन्त भेट्न टीकापुर आएका बालकृष्ण उपाध्यायलाई माओवादीको आरोपमा ०६० मंसिर १ गते टिकापुरबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई हाल थुनामा राखिएको छ।

दुर्गौली गाविसको धर्मापुरस्थित महेन्द्र शिशु माविको कक्षा १० मा अध्ययनरत टिकाराम चौधरीलाई माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा ०६० मंसिर १५ गते सशस्त्र प्रहरी बल, उग्रतारा गण टीकापुरका प्रहरीले गिरफ्तार गरी एक हप्तापछि तारिखमा रिहा गरे।

मसुरिया गाविस घर भई विगत ६ वर्षदेखि धनगढीको कञ्चन अटो इन्जिनियरिङमा काम गर्न आएका २२ वर्षीय नवीन गिरीलाई माओवादीको आशंकामा ०६० मंसिर २४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी एक हप्तापछि रिहा गरे।

बालअधिकार

थापापुर गाविस-७ की १५ वर्षीय एक बालिकालाई ०६० वैशाख २८ गते सोही ठाउँका विलाल अहमदले बलात्कार गरे।

नारायण गाविस-६ की एक महिलालाई ०६० जेठ ७ गते रामावि वेलुवाका शिक्षक ३० वर्षीय जादोलाल रायले बलात्कार गरे।

गदरीया गाविस-६ बेनौलीका १० वर्षीय शेरबहादुर साउदले आफ्नी सौतेनी आमा जयसरा साउदको शारीरिक तथा मानसिक यातना खप्न नसकी ०६० असार २ गते झुण्डिएर आत्महत्या गरे।

धनगढी नपा-४ सालघारीकी ९ वर्षीय एक बालिकालाई ०६० जेठ ३१ गते सोही ठाउँका लालबहादुर मल्लले बलात्कार प्रयास गरे। पीडकलाई वडा प्रहरी कार्यालयले गिरफ्तार गरी केही दिनपछि रिहा गरे।

बलिया गाविस-९ राजीपुरकी १६ वर्षीय एक बालिकालाई ०६० असोज १३ गते डांडोधरा गाविस मुडाका कर्ण वादीले बलात्कार गरे। पीडकलाई जिल्ला प्रहरी कार्यालयले गिरफ्तार गरी मुद्दा दायर गरिएपछि कार्तिक १८ गतेदेखि थुनामा राखिएको छ।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दुर्व्यवहार

नुवाकोटको नाहाचल घर भएकी माइली तमाङ, ठूलीकान्छी तामाङ, ठूली तामाङ र कान्छीमाया तामाङलाई सोही ठाउँका कान्छा तामाङ र सत्ये तामाङले धनगढी घुम्न जाने भन्दै भारततर्फ बिक्री गर्न लैजाने क्रममा माइती नेपाल, धनगढी आवधिक गृहले ०६० जेठ २० गते फेला पार्‍यो।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

धनगढी नपा-१२ जुगेडाका २५ वर्षीय विर्ष नेपालीलाई ०५९ फागुन २३ गते सोही ठाउँका कृष्ण भण्डारीले सूर्तीजन्य सुपारी खाइरहेको अवस्थामा छोएको भनी कुटपिट गरे।

धनगढी नपा-७ गौडीकी २४ वर्षीय सईली डगौरा र उनका पति २६ वर्षीय दुखीराम डगौरालाई बोक्सीको आरोपमा ०६० जेठ ४ गते सोही ठाउँका प्रभु चौधरी, नरबहादुर चौधरी र बम्मर चौधरीले कुटपिट गरे।

धनगढी नपा-१२ जुगेडाकी ४५ वर्षीय मनादेवी विकलाई बोक्सीको आरोपमा ०६० जेठ २५ गते सोही ठाउँका वीरबहादुर थापा र उनकै पत्नी पार्वती थापाले दिसा खुवाउनुका साथै कुटपिट गरे। पीडित मनादेवीलाई क्षतिपूर्ति बापत श्री ५ को सरकारले ३० हजार रूपैयाँ प्रदान गर्‍यो।

इन्सेक क्षेत्रीय कार्यालय, धनगढीका क्षेत्रीय संयोजक खडकराज जोशीलाई जातीय विभेद अन्त्य गर्नुपर्छ भन्ने मान्यताअनुसार, दलितहरूलाई मन्दिर प्रवेश गराएको आरोपमा ०६० जेठ २६ गते श्रीपुर गाविसका केही व्यक्तिले हातपात गरे।

चौमाला गाविस-८ झिलका सुरत भुल र विर्मा कठायतले अन्तरजातीय विवाह गरेको आरोपमा ०६० असार ३ गते सोही ठाउँका कठायत परिवारले गाउँ छोड्न धम्की दिए।

धनगढी नपा-९ गौरी कटानका ३५ वर्षीय मानसिंह लोहारलाई दलित भएको र दलितका पशुहरूले आफ्नो खेती नोक्सानीको आरोपमा ०६० कार्तिक १३ गते स्थानीय अम्मर कठायत र मानबहादुर कठायतले कुटपिट गरे।

पण्डौन गाविस खिमडीका खिमबहादुर सुनार, चक्रबहादुर नेपाली र दिलबहादुर नेपालीसहितका दलित बालिकालाई जातीय विभेद गरी ०६० पुस १६ गते खानेपानीका धारा प्रयोग गर्नबाट माथिल्लो जातिका भनिने व्यक्तिहरूले वञ्चित गरे।

गोदावरी गाविस-१ ओलानीकी नन्दा सार्कीलाई सोही ठाउँका चक्र रावलले नाता प्रमाणित गरेपछि पनि स्वीकार गरेका छैनन् र खान वस्न नदिएर मानसिक यातना दिएका छन्। खान वस्न नदिएको र पत्नी नस्वीकारेको भन्दै ०६० पुस १६ गते पीडितले जिल्ला प्रशासन कार्यालयमा मुद्दा दिएकी छिन्।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष विष सेवन गरेर ४२ जना झुण्डिएर ३८ जना, आगो लगाएर ६ जना, भवितव्यमा २४ र सवारी दुर्घटनामा परी ३४ जनाको मृत्यु भयो।

सशस्त्र प्रहरी बल, उग्रतारा गण, टीकापुरमा ०६० पुस १५ गते दिनेश ट्राभल्सको ७५५२ नम्बरको गाडी चेक गर्ने क्रममा अज्ञात व्यक्तिले बसभित्र राखेको बम विस्फोट हुँदा प्रहरी जवान केशव भट्टको मृत्यु भयो। सोही विस्फोटमा परी बसकी कन्डक्टर पवित्रा मल्ल घाइते भइन्।

५.२ अछाम



जनसंख्या : २२४१८६
साक्षरता प्रतिशत : २८.५
महिला साक्षरता प्रतिशत : ११
क्षेत्रफल (वर्ग कि.मी.) : १६९२
गाविस/नपा संख्या : ७५/०
निर्वाचन क्षेत्र : २
विद्यालय : ३४४
क्याम्पस/उच्च मावि : २/४
अस्पताल/स्वास्थ्य चौकी : २/७६
टेलिफोन लाइन : १६
मोटर सडक (कि.मी.) : २७
प्रहरी कार्यालय संख्या : ३
हुलाक संख्या : ६९
मानव विकास सूचकांक : ०.२३५
प्रति एक डाक्टर जनसंख्या : ७७०९५
प्रति परिवार सरदर संख्या : ५.२६

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या गोली
राज्यबाट

कालेकाडा गाविसका माओवादीको एरिया नं. २ का २१ वर्षीय चञ्चल भनिने श्रीप्रसाद भाटलाई ०५९ माघ ९ गते सुरक्षाकर्मीले कुइका गाविस-९ गैरीटाडा बजारमा बसिरहेको अवस्थामा गोली हानी हत्या गरे।

शोडषा गाविस माडिगडाका नृप विक, फुपे रावल र रमेश भनिने एकजना माओवादी कार्यकर्तालाई ०६० कार्तिक १५ गते माओवादीको आरोपमा माडिगडामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

माओवादीबाट

रहफ गाविसका ३५ वर्षीय चाउरो रावललाई ०६० जेठ २४ गते आफ्नै घरबाट माओवादीले अपहरण गरी जेठ २५ गते कुटपिट गरी हत्या गरे। माओवादीले पीडितको लास कर्णाली नदीमा फ्याँकिदिएका थिए।

वस्ती गाविस-५ का ७० वर्षीय कलु कामीलाई सुराकीको आरोपमा ०६० असोज ६ गते आफ्नै घरबाट माओवादीले अपहरण गरी मंसिर ५ गते हिच्मा गाविस र ढकारी गाविसको बीचमा रहेको लेकमा पुऱ्याई गोली हानी हत्या गरे।

वीरपत गाविस-५ का ५३ वर्षीय प्रेमबहादुर शाहीलाई सुराकीको आरोपमा ०६० कार्तिक १५ गते आफ्नै घरबाट माओवादीले अपहरण गरी कार्तिक १७ गते नौहाडीको जंगलमा कुटपिटपछि गोली हानी हत्या गरे।

दोहोरो भिडन्त

बर्दादेवी गाविसस्थित जयगढ बजारमा साँफेबगर सशस्त्र प्रहरी बल बेस क्याम्पबाट गएको सुरक्षाकर्मीको गस्ती टोली र माओवादीबीच ०५९ पुस २१ गते बिहान ११:३० बजे दोहोरो भिडन्त भयो। सो घटनामा ५ जना माओवादीको मृत्यु भएको प्रहरीले दावी गऱ्यो भने स्थानीय बासिन्दा र माओवादीले त्यहाँ कसैको मृत्यु नभएको बताए। साँफेबगरबाट थप सुरक्षाकर्मी घटनास्थल पुग्दा नजिकै रहेको सरस्वती मावि जयगढका प्राध्यापक झपट रावलको हाजिरीमा सशस्त्र प्रहरीले गयल लेखी गरेका थिए। सुरक्षाकर्मीले बजार खानतलासी गरी नगद, सुन चाँदी लुटेका थिए। व्यापारी टेकबहादुर साउदका अनुसार गम्भीर साउदबाट १० हजार रुपैयाँ, खम्भ शाहबाट ६ सय रुपैयाँ, यगराज ठकुल्लाबाट १ हजार ४ सय रुपैयाँ, श्यामलाल सुनारबाट पौने तोला सुन, जगत भण्डारीबाट ४ सय भारू, अम्बर खत्रीबाट ४ सय रुपैयाँ, सर्जन ढकुल्लाबाट १ पेटी चाउचाउ लानुका साथै व्यापारी, विद्यार्थी र सर्वसाधारण गरी ८७ जनालाई लाइन लगाई सुरक्षाकर्मीले कुटपिट गरेका थिए।

विन्देवासिनी गाविस जाब्लामा ०६० भदौ २१ गते बिहान ७ बजे सुरक्षाकर्मी र माओवादीबीच दोहोरो भिडन्त हुँदा सैनिक हवल्दार राजेन्द्र चौधरी र एकजना नाम थाहा हुन नसकेका सशस्त्र प्रहरी हवल्दारको घटनास्थलमै मृत्यु भयो। दोहोरो भिडन्तका क्रममा सर्वसाधारण नन्दराज भट्टराई घाइते भए। भिडन्तमा ८ जना माओवादीको मृत्यु भएको कुरा सुरक्षा निकायले बतायो। तर, माओवादीले अधिराज्य उपनाम गरेका कार्यकर्ता घाइते भएको र कसैको मृत्यु नभएको दावी गरे। दोहोरो भिडन्तपछि सोही ठाउँका ८६ वर्षीय खम्म अधिकारी, १९ वर्षीय दुर्गादेवी भट्टराई र

५० वर्षीय विन्दु सार्कीलाई माओवादीलाई लुकाइराखेको आरोपमा घरमा गई सुरक्षाकर्मीले गोली हानी हत्या गरे भने गोपी धामी, दलबहादुर रावत, नन्देगडा गाविस-७ का टेकबहादुर नेपाली र गोपीसिंह नेपालीलाई कुटपिट गरे।

शोडषा गाविसको भ्रुडीगाउँ लेकमा ०६० असोज २८ गते सुरक्षाकर्मी र माओवादीबीच दोहोरो भिडन्त हुँदा सुरक्षाकर्मीतर्फ सशस्त्र प्रहरी हवल्दार पञ्चराम चौधरीको मृत्यु भयो भने एक जना सैनिक घाइते भए। माओवादीतर्फ विमल, शैलेन्द्र, पर्वत, साहसी भनिने कार्यकर्ताहरूको मृत्यु भयो। सो घटनामा १७ पुरूष र ८ महिला गरी २५ जना माओवादीको मृत्यु भएको कुरा सुरक्षाकर्मीले बताए। माओवादीले भने २ जना मात्र छापामारको घटनास्थलमा मृत्यु भएको र घटना हुनुअघि गिरफ्तार गरिएका २ जनालाई सुरक्षाकर्मीले सो ठाउँमा ल्याई हत्या गरेको कुरा सार्वजनिक गऱ्यो।

वर्दादेवी गाविसस्थित जनज्योति प्राविमा ०६० भदौ ८ गते माओवादी कार्यकर्ताहरू बसी खाना खाइरहेको अवस्थामा सशस्त्र प्रहरी आई गोली प्रहार गर्दा दोहोरो भिडन्त भयो। विद्यालय संचालन भइरहेको अवस्थामा भएको सो भिडन्तमा कुनै क्षति भने भएन।

अन्यबाट

भटाकटिया गाविस-९ का १२ वर्षीय बलबहादुर साउद र १३ वर्षीय तेजबहादुर साउदको ०५९ माघ १० गते अज्ञात समूहले राखेको बम विस्फोट भई मृत्यु भयो। सुरक्षाकर्मी र माओवादीबीच ०५९ पुस २० गते दोहोरो भिडन्त हुँदा छुटेको बम रहेको थियो।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका हत्याका २ वटा घटनामा १ जना पुरूष र १ जना महिलाको मृत्यु भयो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

जनालीबंडाली गाविस ठूलासैनमा ०६० असोज ४ गते सुरक्षाकर्मीमाथि माओवादीले सकेट बम प्रहार गर्दा सोही गाविसका सर्वसाधारण २२ वर्षीय राधा दमाई, २ वर्षीय प्रेम दमाई, ५ वर्षीय मदन भण्डारी, ४० वर्षीय धना भण्डारी र कलु भण्डारी घाइते भए। पीडितहरूको स्वास्थ्य उपचार जिल्ला अस्पतालमा भयो।

भटाकाटिया गाविस र सुतार गाविसको सीमानामा पर्ने करे खोला वरिपरिबाट सुरक्षाकर्मी र माओवादीबीच ०५९ पुस २७ गते दोहोरो भिडन्त हुँदा दुईजना सुरक्षाकर्मी घाइते भए। पीडितहरूको नाम, ठेगाना थाहा हुन सकेन।

आफ्नै गोलीबाट

मंगलसेन बजारमा ०६० भदौ २४ गते सुरक्षाकर्मीले खानतलासी गर्नेक्रममा आफैले बोकेको बन्दुक पड्कँदा एक जना सैनिक घाइते भए।

जेल र बन्दीहरू

कूल २५ जना बन्दी क्षमता भएको अछाम जेल "घ" श्रेणीको हो। ०५८ फागुन ४ गते राति माओवादी आक्रमणका कारण जेल भवन भत्किएको थियो। हाल जेल भवन निर्माण भइसकेको छ तर भवन भत्किएयता शान्ति

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	२	२	१	३	४	७			७	५	२९	९		३८
घाइते					५	६	२	२	१०	२	३			३
बम विस्फोटन					१			१	१					
गिरफ्तारी/यातना										१४	२०	९		२९
बेपत्ता										३	४			४
कुटपिट	१	१		१	१६	२८			२८	१२	२०			२०
धम्की					१०	११	१		१२	३	३			३
भेला/संगठित हुने अधिकार										१			१	१
महिलाअधिकार	३		३	३						२		२		२
बालअधिकार	१		१	१	१			१	१					
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					२	२			२	१	३			३
अमानवीय व्यवहार					१	१			१					
अपहरण					१६	८२	२		८४					
जम्मा	७	३	५	८	५६	१३७	५	४	१४६	४३	९२	२०	१	११३

सुरक्षाका कारण बन्दीहरूलाई जिल्ला प्रहरी कार्यालयनजिक बंकरमा राखिएको छ। यहाँ ११ जना बन्दी रहेका छन्। बन्दीहरूमध्ये १० जना पुरूष र १ जना महिला बन्दी छन्। बन्दीहरूमध्ये कैद तोकिएका १० जना र नतोकिएका १ जना छन्।

बेपत्ता / अपहरण

राज्यबाट

ठाटी गाविस-२ का शैलेन्द्र शाहलाई माओवादीको आरोपमा ०६० भदौ १९ गते वाब्ला गाविसको बगुडाबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई जिल्ला प्रहरी कार्यालय मंगलसेन लगिएकोमा हाल स्थिति अज्ञात छ। पीडितलाई मारिएको आशंका गरिएको छ।

भागेश्वर गाविस-७ का महेन्द्र माविमा कक्षा १० मा अध्ययनरत १७ वर्षीय दीपेन्द्र बोहोरालाई नागरिकता बनाउन जिल्ला प्रशासन कार्यालय जाँदा मंगलसेन बजारबाट ०६० असोज १५ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा हालसम्म स्थिति अज्ञात छ। पीडितलाई गिरफ्तार गरी बेपत्ता पारिनुको कारण खुल्न सकेको छैन।

वीरपत गाविस- ५ का छत्रबहादुर शाही र सोही गाविस-६ का भीमबहादुर शाहीलाई माओवादीको आरोपमा ०६० असोज ९ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा हालसम्म स्थिति अज्ञात छ।

माओवादीबाट

विनायक गाविस-५ का एमाले जिल्ला कमिटी सदस्य नन्दसिंह कठायतलाई ०५९ पुस १७ गते माओवादीले विनायक वजारबाट अपहरण गरी पुस १८ गते साँझ वारला गाविसमा पुऱ्याई मुक्त गरे। पीडितलाई पुन: पुस १९ गते अपहरण गरी पुल्लेतोला, बारला, तोली गाविसमा लगी पुस २१ गते मुक्त गरे।

भागेश्वर गाविस-४ रिठागाउँ घर भई उपत्यका ट्राफिक प्रहरी कार्यालय, काठमाडौंमा कार्यरत प्रहरी जवान २६ वर्षीय भरतबहादुर रावललाई घरविदामा घर आई कार्यक्षेत्रतर्फ फर्किरहेको अवस्थामा ०६० भदौ ८ गते जाल्पादेवी गाविसको श्रीकोटबाट माओवादीले अपहरण गरे। पीडितलाई जागिर नखाने शर्तमा २० हजार रूपैयाँ लिई भदौ २८ गते मुक्त गरियो।



सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी बेपत्ता पारिएका दिपेन्द्र बोहरा

कुइका गाविसका २७ वर्षीय मातृका तिमिल्सिनालाई माओवादीको समाचार छापेको आरोपमा ०६० भदौ १२ गते ढकारी पिसीओबाट माओवादीले अपहरण गरे। पीडितलाई भदौ १५ गते कालिकास्थान गाविसबाट मुक्त गरियो।

मंगलसेन गाविस-६ घर भई बारा जिल्लामा कार्यरत सशस्त्र प्रहरी हवल्दार २१ वर्षीय मिनबहादुर खत्रीलाई आफ्नो कार्यक्षेत्रतर्फ जानेक्रममा ०६० भदौ २८ गते जाल्पादेवी गाविस गोयलापानीबाट माओवादीले अपहरण गरे। पीडितलाई विभिन्न ठाउँ घुमाई २५ हजार रूपैयाँ लिएपछि ०६० भदौ २९ गते मुक्त गरियो।

वलीगाउँ गाविस-९ का मंगल नेपाल राष्ट्रिय माविका शिक्षक तथा नेपाल रेडक्रस सोसाइटी उपशाखा वलीगाउँका सभापति ४८ वर्षीय प्रेमबहादुर रावललाई सुराकीको आरोपमा ०६० भदौ ३१ गते माओवादीले अपहरण गरे। पीडितलाई हाल मुक्त गरिएको छ।

नन्देगडा गाविस-१ का ६० वर्षीय शोभे साउदलाई सुराकीको आरोपमा ०६० भदौ ३१ गते आफ्नै घरबाट माओवादीले अपहरण गरी बेपत्ता पारे। पीडितको स्थिति हालसम्म अज्ञात छ।

दुनी गाविसका पूर्व गाविस अध्यक्ष ४३ वर्षीय केहरसिंह साउदलाई विभिन्न आरोप लगाई ०६० असोज १५ गते घरबाट माओवादीले अपहरण गरे। पीडितलाई कुटपिट गरी ७० हजार रूपैयाँ लिएपछि असोज १६ गते मुक्त गरियो।

मुली गाविसका ६३ वर्षीय जनकवहादुर विष्टलाई सुराकीको आरोपमा ०६० असोज १८ गते घरबाट माओवादीले अपहरण गरे। पीडितको अवस्था हालसम्म सार्वजनिक गरिएको छैन।

दुनी गाविसकी १४ वर्षीय कल्पना साउद र १३ वर्षीय ललिता साउदलाई ०६० असोज २८ गते माओवादीले अपहरण गरे। पीडितहरू भागेर फर्किए।

मल्लेखस्थित जनता उच्च माविका शिक्षकहरु भीमबहादुर बोहोरा, गगनसिंह बोहोरा, महेश यादव, महम्मद हस्तकिन, कुलबहादुर खड्का, नागेश्वर मिश्र र पौवाप्रसाद अधिकारीलाई ०६० मंसिर २ गते विद्यालयमा अध्यापन गराइरहेको अवस्थामा माओवादीले अपहरण गरी अन्तरक्रिया कार्यक्रममा लगे। पीडितहरूलाई मंसिर ४ गते मुक्त गरे।

जयगढस्थित सरस्वती माविका, शिक्षक मानबहादुर स्वाँर, मनिराम खड्का, उजीरसिंह सेटी, नारद ताम्राकार, नवराज ताम्राकार, रामबहादुर रावल, पूर्ण स्वाँर, झिमराज शर्मा, अग्रनारायण चौधरी, झनकराज शर्मा र गोकुल साउदलाई ०६० मंसिर २४ गते माओवादीले अपहरण गरी अन्तरक्रिया कार्यक्रममा पुऱ्याएर मंसिर २७ गते मुक्त गरे।

बेतालमाण्डौ माविका शिक्षक नेत्र बुढा, गोकुल शाह र जागेश्वर मिश्र, वाब्लास्थित राष्ट्रिय माविका शिक्षक टंक रावल, वीरबहादुर कुवँर, लोकप्रसाद अधिकारी, जनता प्राविका नथुनी शाह, रामाविका पारस शाह, भीमबहादुर रावल, त्रिपुरासुन्दरी प्राविका भीमबहादुर शाह, जाल्पादेवी प्राविका उमाकान्त जोशी, सूर्योदय प्राविका हर्क बटाला, भक्त विष्ट, रामाविका इन्द्रबहादुर बटाला, एमालेका कार्यकर्ता सागर सुनार, सोही पार्टीका इलाका सचिव राईसिं बटाला र सोवित पण्डितसमेत ३६ जना विद्यार्थीलाई ०६० मंसिर १२ गते माओवादीले अपहरण गरी अन्तरक्रियामा सहभागी गराए। पीडितहरूलाई मंसिर १५ गते मुक्त गरियो।

माओवादीद्वारा ज्यानमार्ने धम्की दिएका कारण विस्थापित भएका पत्रकार वेदप्रकाश तिमिल्सिना

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

बाटुलासैन गाविस-५ का ४० वर्षीय मिनबहादुर शाह, छोरा टेकबहादुर शाह र १७ वर्षीय नृपबहादुर शाहलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५९ माघ २ गते सुनपानी बजारमा पसलमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीले कुटपिट गरे।

वीरपत गाविसस्थित गैरीटाउ बजारका ३५ वर्षीय छत्रबहादुर शाहीलाई घरमा माओवादीले सामान राखेको आरोपमा ०५९ फागुन २२ गते सुरक्षाकर्मीले घर खानतलासी गरी ज्यानमार्ने धम्की दिए।

मंगलसेन गाविस-६ का ५४ वर्षीय बलभद्र ढुंगानालाई ०५९ चैत २७ गते जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान मोहनसिंह कार्कीले लाठी प्रहार गरी खुट्टा भाँचिदिए। पीडकले सोही ठाउँ बस्ने एक महिलालाई बलात्कार गरेको आरोपमा जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिन आएको अवस्थामा पीडितलाई कुटपिट गरेका थिए।

घोडासेन गाविसका १६ वर्षीय एकिन्द्र बजगाईं र १४ वर्षीय शिव बजगाईंलाई चोरीको आरोपमा ०६० जेठ १८ गते बजारबाट प्रहरीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा पुऱ्याई कुटपिट गरी भोलिपल्ट रिहा गरे।

चण्डिका गाविस-५ का ६५ वर्षीय अजी मियाँलाई ०६० साउन २४ गते साँफेबगरमा आँप बेचिरहेको अवस्थामा माओवादीलाई सहयोग गरेको आरोप लगाउँदै आँप नबेच्न प्रहरीले धम्की दिए।

उत्पीडित जनजाति तथा सचेतन केन्द्र (वाक) का अध्यक्ष तथा जिल्ला बालकल्याण समितिका सदस्य ज्ञानेन्द्र रावललाई मदिरा सेवन गरेको आरोपमा ०६० साउन २८ गते सशस्त्र प्रहरी हवल्दार गणेश राईले घुम्न जाउँ भनी बेस क्याम्पनजिक पुऱ्याई कुटपिट गरे। पीडितको उपचार नेपालगन्जमा गरियो।

नवाठाना गाविस-१ का २० वर्षीय लोकबहादुर बोगटी र २० वर्षीय मदन कुवँरलाई विना कुनै आरोप ०६० साउन २८ गते सशस्त्र प्रहरीले माउलागढी जात्रामा कुटपिट गरे।

कालागाउँ गाविसका पृथ्वी भण्डारीलाई ०६० असोज १० गते नेपालगन्जतर्फ गइरहेको बेला साँफेबगरमा सुरक्षाकर्मीले विना आरोप कुटपिट गरे। पीडित जिविसका भूपू सभापति हुन्।

घुघुरकोट गाविसका नेकपा (एमाले) ३ नं. इलाका सचिव तथा गैरसरकारी संस्था महासंघका जिल्ला अध्यक्ष ३० वर्षीय प्रकाश शाहलाई माओवादीको आरोपमा ०६० भदौ १० गते साँफेबगरको हाट बजारमा सशस्त्र प्रहरीले कुटपिट गरे।

दर्ना गाविसका भक्तबहादुर धामीलाई माओवादीलाई सामान बेचेको आरोपमा ०६० भदौ ११ गते साँफेबगर हाट बजारमा सशस्त्र प्रहरीले कुटपिट गरे।

रिडिकोट गाविस-२ का इलाका हुलाक कार्यालय, बयालपाटामा कार्यरत २५ वर्षीय कैलाश कुमाललाई विना कुनै आरोप ०६० भदौ १९ गते साँफेबगरमा सशस्त्र प्रहरीले कुटपिट गरे।

नवाठाना गाविस-९ का सुरत बोहोरालाई विना कुनै आरोप ०६० भदौ २१ गते साँफेबगरमा प्रहरीले कुटपिट गरे।

नन्देगडा गाविस उपस्वास्थ्य चौकीमा कार्यरत ग्रामीण स्वास्थ्य कार्यकर्ता ४३ वर्षीय गोरखबहादुर

भण्डारीको औषधी पसलमा माओवादीलाई औषधी बेचेको आरोपमा ०६० भदौ २२ गते सुरक्षाकर्मीले आगो लगाई ८० हजार रूपैयाँ बराबरको धनमाल नष्ट गरे।

नवाठाना गाविस-९ का १६ वर्षीय एकिन्द्र बोहोरा र सोही गाविस-३ का ३५ वर्षीय थुइरे बडलाई विना कुनै आरोप ०६० असोज १४ गते बाटोमा हिँडिरहेको अवस्थामा प्रहरीले कुटपिट गरे।

चण्डिका गाविस बयलपाटा बजारमा बैंक गार्ड कैलाश श्रेष्ठ, व्यापारी मोहन कुवँर, पत्रकार शम्भु कुवँर, देवेन्द्र कुवँर, हर्क भूल र सुरेन्द्र कुवँरलाई सुरक्षाकर्मी र माओवादीबीचको दोहोरो भिडन्तका क्रममा ०६० असोज १५ गते सुरक्षाकर्मीले कुटपिट गरे। सोक्रममा एकजना माओवादी कार्यकर्तालाई सुरक्षाकर्मीले गिरफ्तार गरेका थिए।

मष्टामाण्डौ गाविस-३ का युएनडीपी सूचना प्रविधि केन्द्रका प्रबन्धक २२ वर्षीय विक्रम बुढालाई विना कुनै आरोप ०६० असोज १३ गते साँफेबगरमा सुरक्षाकर्मीले शरीरमा नीलडाम हुनेगरी कुटपिट गर्नुका साथै पीडितको ६ हजार ७ सय रूपैयाँ, पैसा राख्ने ब्याग र परिचयपत्र समेत खोसी हराइदिए।

माओवादीबाट

चाल्सा गाविस-९ का २९ वर्षीय उज्ज्वल थापालाई कदक साउदसँग खसी किनेर ल्याएको आरोपमा ०५९ पुस २१ गते बीरपत गाविसको गैरीटाड बजारमा माओवादीले कुटपिट गरे। पीडितको शरीरमा नीलडाम बसेका थिए।

पायल गाविस स्थित वैधनाथ माविका शिक्षक सर्लाही जिल्ला हेमपुर गाविस-४ का २८ वर्षीय सुरेश प्रसाद शाह र स्थानीय शिक्षक २४ वर्षीय पूर्ण कुमाललाई विद्यार्थीलाई ट्यूसन पढाएको आरोपमा ०५९ फागुन २० गते माओवादीले ज्यान लिने धम्की दिनुका साथै ट्यूसन पढाएको ४ सय रूपैयाँ फिर्ता गर्न लगाए।

प्रहरीद्वारा लाठी प्रहार गरी खुट्टा भाँचिएका बलिभद्र ढुंगाना

बैधनाथ गाविस-६ का ५० वर्षीय गोविन्द शाहको घरमा खाना खान नदिएको आरोपमा ०५९ चैत ११ गते माओवादीले काटेर टुक्राटुक्रा बनाउने धम्की दिए।

कुइका गाविस-५ का ४० वर्षीय भानुभक्त जैशीलाई आरएचपी/जीटीजेटबाट संचालित सडकको उपभोक्ता समितिको अध्यक्ष भएको आरोपमा ०५९ चैत २८ गते माओवादीले घरमा आई ज्यानमार्ने धम्की दिए।

रानीवन गाविस-३ का २८ वर्षीय तिलक बुढालाई एमालेको कार्यक्रममा गएको र एमाले नेतालाई घरमा राखेको आरोपमा ०५९ चैत २८ गते माओवादीले ज्यानमार्ने धम्की दिए।

बारला गाविस-६ का नेकपा (एमाले) जिल्ला कमिटी सदस्य नन्दबहादुर शाहीलाई एमाले भएको आरोपमा ०६० वैशाख ६ गते माओवादीले कुटपिट गरी हातको पाखुरा भाँची १० दिनसम्म उपचार गर्न दिएनन्। पीडितको १० दिनपछि जिल्ला अस्पताल मंगलसेनमा उपचार गरियो।

ठाटीस्थित इलाका हुलाक कार्यालयका कर्मचारी जगतबहादुर धामीलाई ०६० वैशाख ९ गते र सुरतबहादुर शाहीलाई ०६० वैशाख १६ गते माओवादीले हुलाक सेवा बन्द गर्न धम्की दिए।

लुंग्रा गाविस-९ का शिक्षक ५७ वर्षीय कटकबहादुर खड्का र गणेश खड्कालाई ०६० वैशाख १७ गते माओवादीले कुटपिट गरे। गतवर्ष माओवादीद्वारा कब्जा गरिएको गहुँ बालीको बारेमा माओवादी पक्षलाई सोध्दा पीडितहरूलाई कुटपिट गरिएको थियो।

कालिका गाविस-२ का ७२ वर्षीय सालीभाने कडाराले आफ्नै नातिनीसँग शारीरिक सम्पर्क गरेको आरोपमा ०६० वैशाख २१ गते माओवादीले गाउँ घुमाई कुटपिट गरे।

कालिका गाविस-२ का २३ वर्षीय भरत रावललाई कुनै एक महिलासँग शारीरिक सम्पर्क राखेको आरोप लगाई ०६० वैशाख २३ गते घरमा बसिरहेको अवस्थामा माओवादीले कुटपिट गरे। घटना भएको केही दिनपछि माओवादी आई माफ गर्नुहोस् भन्दै माफी मागे।

श्री विद्या मन्दिर उच्च मावि, विनायकमा कक्षा १० मा अध्ययनरत १६ वर्षीय छत्र रावललाई एमाले भएको र माओवादी समर्थक कमिटीमा नबसेको आरोपमा ०६० जेठ ७ गते माओवादीका गंगाराम तिमिल्सेना, कमान खत्री, टंक खत्री, दिपेन्द्र रावल र रंग विकले स्कूलबाट लखेट्न

लगाई सो स्कूलमा नपढ्न चेतावनी दिए।

लुंग्रा गाविस-६ का ७२ वर्षीय मोहनसिंह खड्कालाई ०६० जेठ १२ गते माओवादीले काठले हिकाई घाइते बनाए। पीडितले आफूसमेत माओवादीहरूलाई घर बाहिर बसेर खाना खाऔं भनेकाले कुटपिट गरेका थिए।

कालिकास्थान गाविस, लयाटी गाविस र बारला गाविसका सचिवलाई ०६० जेठ १६ गते विनायक गाविसस्थित विनायक बजारबाट वृद्ध भत्ता, असहाय अपाङ्ग, विधवा भत्ता वितरण गर्न गएको अवस्थामा साथमा रहेको ४५ हजार २ सय ५० रूपैयाँ माओवादीले लुटी अबदेखि यस इलाकामा नपस्ने धम्की दिए।

कुइका गाविस-१ का २१ वर्षीय वासुदेव तिमिल्सिनालाई विभिन्न आरोप लगाई ०६० जेठ २२ गते माओवादीले कुटपिट गरी गैरीटार बजारदेखि विनायक बजारसम्म घुमाए।

जाल्पादेवी गाविस-७ का पूर्व गाविस अध्यक्ष ५९ वर्षीय भक्तबहादुर शाहीलाई मदिरा सेवन गरेको आरोपमा ०६० जेठ २४ गते किर्तिखाम पसलमा बसिरहेको अवस्थामा माओवादीले कुटपिट गरे।

रानीवन गाविस-१ का २१ वर्षीय शेरबहादुर कोलीलाई नेकपा (एमाले) भएको आरोपमा ०६० जेठ २३ गते माओवादीले ज्यानमार्ने धम्की दिए। हाल पीडित सदरमुकाममा विस्थापित भएका छन्।

स्वच्छ वातावरण तथा मानव विकास मञ्चका कर्मचारी चण्डिका गाविस-५ का भक्तमान ताम्राकार र सोही गाविस-३ का भीम कुवँरलाई द्वन्द्वपीडित बालबालिकाको तथ्यांक संकलन गर्न गएको अवस्थामा ०६० असार १ गते दर्ता गाविसबाट माओवादीले फिर्ता गराइदिए।

चाल्सा गाविस-४ का दीर्घबहादुर साउदलाई सोही गाविसमा कार्यरत विभिन्न सरकारी, गैरसरकारी संघ-संस्थाका समूहहरू निर्माण गरी बचत गर्ने उद्देश्यले स्थापना भएका स्थानीय विकासअन्तर्गत पीडीडीपीको हिसाब खाता माओवादीलाई नबुझाएको आरोपमा ०६० असार ५ गते माओवादीले कुटपिट गरे।

चाल्सा गाविस-६ का ३३ वर्षीय जोगी ढोली, सोही गाविस-८ का ३२ वर्षीय ललिते ढोली, सोही गाविस-६ का ३५ वर्षीय काल्चे कामी र २२ वर्षीय खम्म ढोलीलाई नेकपा (एमाले) भएको आरोपमा ०६० असार २८ गते माओवादीले कुटपिट गरे।

चाल्सा गाविस-१ का २७ वर्षीय पदम साउद, सोही गाविस-४ का २७ वर्षीय पूर्णबहादुर साउद र सोही गाविस-६ का २३ वर्षीय महोनसिं ढोलीलाई माओवादी नभएको आरोपमा ०६० असार २९ गते माओवादीले कुटपिट गरे।

भैरवस्थान गाविस-९ का २५ वर्षीय कुलबहादुर बुढा, ३० वर्षीय छन्चरे बुढा, सोही गाविस-८ का ४० वर्षीय भजनसिं बुढा, ४० वर्षीय रतिराम भाट, ३५ वर्षीय चक्रबहादुर बुढा र २२ वर्षीय हर्क बुढालाई आफ्नो कार्यक्रममा कालो झण्डा देखाएको आरोपमा ०६० असार ३० गते माओवादीले कुटपिट गरे।

तोषी गाविसका करिब ३५ वर्षीय भक्तबहादुर शाहीलाई राजनीतिक कार्यकर्ता भएको आरोपमा ०६० साउन ७ गते माओवादीले अनुहारमा मोसो दली गाउँ घुमाए।

भैरवस्थान गाविस-७ का नेकपा (माले) जिल्ला सचिव तथा बचत तथा ऋण सहकारी संघ, अछामका अध्यक्ष बमबहादुर बिसीलाई राजनीतिक कारणले गर्दा ०६० साउन ८ गते आफ्नै घरमा माओवादीले कुटपिट गरे।

मार्कु गाविसका शेरबहादुर बोगटीलाई शोषक, सामन्त भएको आरोपमा ०६० भदौ २० गते माओवादीले धान कुट्ने मुसलले शरीर पेली घाइते बनाए। पीडितको उपचार मंगलसेनमा गरियो।

बाब्ला गाविसस्थित आरुढलामा बाजुरा जिल्लाबाट ल्याइएको डाँक हुलाकी गंगारामको हातबाट खोसी ०६० भदौ २४ गते माओवादीले जलाइदिए।

पायल गाविस-३ का ४८ वर्षीय चन्द्र कुवँरलाई सुराकी गरेको र पैसा ब्याजमा लगाएको आरोपमा ०६० भदौ २५ गते माओवादीले कुटपिट गर्नुका साथै ६ हजार ५ सय रूपैयाँ लुटेर लगे। माओवादीले पीडितसँग १ लाख रूपैयाँ माग गरेका थिए।

गाञ्रा गाविसका पूर्व प्रहरी महानिरीक्षक मोतिलाल बोहोराको घरमा ०६० असोज १ गते बेलुका माओवादीले आगो लगाई क्षति पुऱ्याए।

चाफामाण्डौ गाविसका १७ वर्षीय वृख रावललाई माओवादीको अभियान कार्यक्रममा नगएको आरोपमा ०६० असोज १ गते माओवादीले कुटपिट गरी घाइते बनाए।

बर्दादेवी गाविस-४ का २५ वर्षीय प्रकाश खड्का र २७ वर्षीय पदम सेटीलाई माओवादीको मृत्यु हुँदा खसी खाएको आरोपमा ०६० असोज ७ गते माओवादीले घरबाट धारासैनस्थित ज्योति प्राविमा लगि कुटपिट गरे।

यसबाहेक यस वर्ष मादक पदार्थ सेवन गरेको आरोपमा ३ जना पुरूषलाई माओवादीले कुटपिट गरे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

मंगलसेन खुल्ला मञ्चमा माओवादीले ०५९ फागुन २ गते तय गरेको कार्यक्रम सुरक्षाकर्मीले गर्न नदिई लखेटे। पछि शोडषा माविको प्रांगणमा पनि गर्न नदिई भाटवाडा स्कूलको प्रांगणमा संचालन गरिएको थियो। माओवादीले कार्यक्रमको बारेमा जिल्ला प्रशासन कार्यालयमा जानकारी गराएका थिए।

मलातीकोट गाविसको मलाताबाट युएनको भ्रमण टोलीमा गएको डा. बालगोपाल बैद्यको टोलीलाई ०६० वैशाख १० गते माओवादीले फिर्ता गरिदिए। उक्त टोली युद्धबाट पीडित नागरिकको हातको अवस्था के छ र तत्कालिन राहत के गर्न सकिन्छ भन्ने उद्देश्यले त्यसतर्फ गएको थियो। माओवादीले "हामी कुनै पनि संघ-संस्थाको मान्छेलाई पस्न दिदैनौ" भन्दै रोकेका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा ४ वटा मुद्दा दर्ता भए भने विगत वर्षको जिम्मेवारी सरेर आएको एउटा र यस वर्ष दर्ता भएका २ वटा मुद्दा फर्स्यौट भए। हाल अदालतमा फर्स्यौट हुन बाँकी मुद्दा संख्या २ छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

धार्मिक स्वतन्त्रता

विनायक गाविसस्थित विनायकमा कालो सिम्लो मुस्टो देवताको मन्दिरको छाना ०६० जेठ २६ गते माओवादीले भत्काएर मूर्ति तोडफोड गरी मन्दिरमा दिसापिसाब गरेको कुरा स्थानीय बासिन्दाले बताए।

आर्थिक अधिकार

वाटुलासेन गाविस-७ सुनपानी बजारमा ललिजंग बटालाको पसलमा माओवादीको सिफारिस गर्न कागजपत्र भेटाएको आरोपमा ०५९ माघ २ गते सुरक्षाकर्मीले पसलमा आगजनी गराई सम्पूर्ण सामान ध्वस्त पारे।

मार्कु गाविस स्थित सान्तीकोटी देवीको मन्दिरमा पसी ०५९ चैत ९ गते माओवादीले मन्दिरमा भएको सम्पूर्ण सामान लगे।

कुइका गाविस-१ का ३५ वर्षीय नरराज तिमिल्सेना र १९ वर्षीय वेदराज तिमिल्सेनालाई सामन्तको आरोपमा ०६० जेठ २७ गते घरमा भएको सम्पूर्ण पोशाक माओवादीले लुटी जग्गा जमिन आफ्नो कब्जामा लिई घरजग्गा छोड्न भनेका थिए। पीडितका परिवार ०५५ असारदेखि नै विस्थापित भई हाल नेपालगञ्जमा बसेका छन्।

बढोदेवी गाविस-१ का दिपक ताम्राकार, रमेश ताम्राकार र शेर ताम्राकारलाई साँफेबगरबाट भाँडा खरीद गर्न आउँदा ०६० साउन २० गते प्रहरीले ल्याउन दिएन। पीडितहरूले भाँडा खरीद गरी गाउँघरमा बिक्री गर्ने गर्दथे।

विस्थापित

यस जिल्लामा द्वन्द्वका कारण यस वर्ष ३४ पुरूष र १७ महिला गरी ५१ जना विस्थापित भए। त्यसमध्ये सदरमुकाममा ५ जना रहेका छन् भने २९ जना काठमाडौं, ८ जना कैलाली र ९ जना भारत गए। अहिलेसम्म जिल्ला प्रशासन कार्यालयमा यस जिल्लाका १ सय ६ जना विस्थापित भएको रिकर्ड छ।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

बर्दादेवी गाविसस्थित जयगढ बजारबाट अञ्जु जैशीलाई माओवादीको आरोपमा ०५९ माघ २१ गते सुरक्षाकर्मीले गिरफ्तार गरी माघ २६ गते रिहा गरे।

ठाटी गाविसका १२ वर्षीय राजकुमारी साह, विन्देवासिनी गाविसकी सत्यकुमारी खड्का र कालिकोट जिल्लाका विचार भनिने प्रेमराज शर्मालाई ०६० असार १३ गते गस्तीमा गएका सुरक्षाकर्मीले विन्देवासिनी गाविसबाट गिरफ्तार गरे। पीडितहरूलाई ४ दिनपछि रिहा गरियो।

बस्ती गाविसबाट माओवादी कार्यकर्ताहरू जीवित भनिने एन सञ्जेल, रघु गाविस-२ कालिकोटका मर्म भनिने कुलबहादुर बोगटी, ठप्सा गाविस-२ कालिकोटका अनिष भनिने देवराज देवकोटा र शिवखाना गाविस-५ कालिकोटका हिक्मतलाई ०६० असार १६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे भने सोही घटनामा माओवादीकै विमर्श भनिने वीरेन्द्रको सुरक्षाकर्मीले गोली हानी हत्या गरे। गिरफ्तार गरिएकाहरूलाई असार १९ गते जिल्ला प्रहरी कार्यालय, मंगलसेनबाट रिहा गरियो।

वैधनाथ गाविस कालिमाटीका केशव र भटाकाटिया गाविसका श्रीखण्ड भनिने माओवादी कार्यकर्तालाई ०६० साउन ७ गते राति बैंकबाट लुटेको सुन वितरण गर्न लागिरहेको अवस्थामा साँफेबगरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी २ हप्तापछि रिहा गरे।

नन्देगडा गाविस-१ का नवराज सावद, सोही गाविस-४ का शेरबहादुर सावद र नवराज सावदलाई माओवादीको आरोपमा ०६० भदौ २२ गते घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई जिल्ला प्रहरी कार्यालय, मंगलसेन पुऱ्याई एक हप्तापछि रिहा गरियो।

नन्देगडा गाविस-३ का तिलकबहादुर सावद, सोही गाविस-४ का चक्रबहादुर सावद र सोही गाविस-७ का खम्मसिंह सावदलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०६० भदौ २४ गते आफ्नै घरबाट प्रहरीले

गिरफ्तार गरे। पीडितहरूलाई जिल्ला प्रहरी कार्यालय पुऱ्याई भदौ ३१ गते रिहा गरियो।

नन्देगडास्थित उपस्वास्थ्य चौकीमा कार्यरत अहेव पूर्णप्रसाद काफ्लेलाई ओच्छ्यानको सिरानमा गोली भेटाएको आरोपमा ०६० भदौ २३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय पुऱ्याएर भदौ २७ गते रिहा गरे।

साँफेबगरबाट मंगलसेनमा मालसामान ढुवानी गर्ने व्यापारी पुण्यराज आचार्यलाई पुरानो सिफारिस देखाई मालसामान ढुवानी गरेको आरोपमा ०६० मंसिर ६ गते प्रहरीले साँफेबगर बुढीगंगा नदीमा भिजाई बालुवामा सुत्न लगाए। पीडितलाई सोही दिन रिहा गरियो।

बालअधिकार

कालिका गाविस-२ की ५ वर्षीय एक बालिकालाई ०५९ चैत २७ गते आफ्नै हजुरबाबु ७२ वर्षीय सालीभाने कुडाराले बलात्कार गरे। बालिकालाई उपचारको लागि भारत लगियो। पीडकलाई कुनै कारवाही भएन।

नन्दा मावि, बाहुनगाउँका कक्षा ९ का ७ जना र कक्षा १० का १५ जना छात्रछात्राले माओवादी समस्याका कारण विद्यालयमा आर्थिक अभाव भई शिक्षक नपाएपछि विद्यालय बन्द भएका कारण सो विद्यालय छोड्नुपऱ्यो। उनीहरूले जयगढ गई अध्ययन गरिरहेका छन्।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव दूर्व्यवहार

मष्ठामाण्डौ गाविस-१ की ३० वर्षीय एक महिलालाई ०५९ चैत २४ गते सशस्त्र प्रहरी बल बेस क्याम्पका एक प्रहरी जवानले बलात्कार गर्ने प्रयास गरे। पीडकलाई १ हजार रूपैयाँ जरिवाना गरिएको थियो।

बाँके जिल्ला कोहलपुर गाविस घर भई सिद्धेश्वर गाविस-४ साँफेबगर बस्ने २७ वर्षीय एक महिलालाई ०५९ फागुन १३ गते सिद्धेश्वर गाविसका करिब ३५ वर्षीय नृप कुवँरले बलात्कार गर्ने प्रयास गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरे।

सिद्धेश्वर गाविसस्थित साँफेबगर हाटबजारमा होटल गरी बसेकी बाजुरा जिल्लाकी ३४ वर्षीय एक महिलालाई ०५९ चैत ३० गते सशस्त्र प्रहरीले बलात्कार गरे। पीडितका पतिलाई प्रहरीले राइफलको कून्दाले हानी कुटपिट गरे। सो घटनामा पीडितको निवेदन लिई बेस क्याम्प गएपछि पीडकलाई कारवाही नगरी १५ हजार रूपैयाँ जरिवाना गरिएकोमा नागरिक समाज, व्यापारी सबैले बजार बन्द गरी नारा जुलुस गरी बेस क्याम्पमा गएका थिए।

वलीगाउँ गाविसस्थित मंगला राष्ट्रिय माविमा "अभियान" कार्यक्रमका सन्दर्भमा गइरहेका मनिषा, रसिला, रचना नाम गरेका दुई जना, ममिता, रोशन, विष्णा, विकास, एभरेष्ट, विशाल उपनामका र वास्तविक नाम खगेन्द्र सिंह भएका माओवादी कार्यकर्ताहरूलाई ०६० साउन २९ गते दिउँसो २ बजेतिर सुरक्षाकर्मीको टोलीले आफ्नो कब्जामा लिई महिला कार्यकर्ताहरूलाई जमीनमा टाउको राख्न लगाई सम्पूर्ण लुगा च्यातिदिएर नांगो बनाउनुका साथै संवेदनशील अंगहरूमा तिखो वस्तुले घोचेको पीडितहरूले बताए। घटनापछि सुरक्षाकर्मीले पीडितहरू सबैलाई गिरफ्तार गरी मंगलसेन पुऱ्याउने क्रममा महिलाहरुलाई बलात्कार गरेका थिए। पीडितहरूलाई सोही दिन राति ९ बजे रिहा गरिएको थियो।

जनालीकोट गाविस-५ की २० वर्षीय एक अपांग युवतीलाई आफ्नै दाजु नाता पर्ने २५ वर्षीय ओमप्रकाश सुनारले ०६० मंसिर ४ गते ७ वटा ५०० एमजीका ब्रुफिन औषधी सेवन गराई गर्भपतन गराए। पीडितका अनुसार, असार महिनामा मदिरा सेवन गरी पीडकले बलात्कार गरेका थिए र गर्भ रहेको थियो। पछि गाउँमा हल्ला भएपछि औषधी खुवाई गर्भपतन गराइएको थियो। पीडक भारत फरार भएकोमा हालसम्म फर्केका छैनन्।

विविध

संरचना क्षति

चाल्सा गाविसमा संचालित गरिबी निवारणका लागि कार्यरत सृजना वचत तथा ऋण सहकारी संस्था र गाविस कार्यक्रमका ११ वटा समूहका कागजपत्र, हिसाब खाता ०६० असार १७ गते माओवादीले आगो लगाई नष्ट गरे।

सदरमुकामस्थित जिविस कार्यालयमा ०६० भदौ २३ गते माओवादीले बम विस्फोट गराई सामान्य क्षति पुऱ्याए।

मंगलसेन गाविसस्थित कैलाश खोला साना जलविद्युत केन्द्रको पावर हाउसमा ०६० भदौ ३१ गते माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा सडक दुर्घटनामा परी ४ वर्षीय एक बालकसहित ३ जना पुरूषको मृत्यु भयो। सिद्धेश्वर गाविसस्थित साँफेबगर हाट बजारमा विद्युत करेन्टका कारण आगलागी हुँदा ३५ वटा पसल क्षतिग्रस्त भए। डढेलोका कारण ३ जना महिलासहित ५ जनाको मृत्यु भयो।

५.३ डोटी



जनसंख्या : २१२६७०
साक्षरता प्रतिशत : ३०
महिला साक्षरता प्रतिशत : ११
क्षेत्रफल (वर्ग कि.मी.) : २०२५
गाविस/नपा संख्या : ५०/१
निर्वाचन क्षेत्र : २
विद्यालय : ३२६
क्याम्पस/उच्च मावि : १/७
अस्पताल/स्वास्थ्य चौकी : ४/५१
टेलिफोन लाइन : ४७९
मोटर सडक (कि.मी.) : २३५
प्रहरी कार्यालय संख्या : ५
हुलाक संख्या : ५३
मानव विकास सूचकांक : ०.२४९
प्रति एक डाक्टर जनसंख्या : ३४५११
प्रति परिवार सरदर संख्या : ५.६८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या गोली

राज्यबाट

महादेवस्थान गाविस-१ मा माओवादी कार्यकर्ता गोविन्द भण्डारी र डम्मरबहादुर शाहीलाई ०५९ पुस ३० गते खाना खाइरहेको अवस्थामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

अछाम र डोटीको सीमास्थित लोडेपुलमा पल्चौर गाविसका ७ वर्षीय डबलप्रसाद जैशी, उनका बाबु ३१ वर्षीय टेकप्रसाद जैशी, आमा २९ वर्षीय चन्द्रकला जैशी, हजुरबुवा ५१ वर्षीय विष्णुप्रसाद जैशी, भट्टे कामी र अछाम जिल्ला बस्ती गाविसका ६ वर्षीय किन्थी धामीलाई ०६० भदौ २३ गते धान काटेर फर्किरहेको अवस्थामा मङ्गलसेनबाट गएको सुरक्षाकर्मीको गस्ती टोलीले अछाम जिल्लाको बस्ती गाविस-८ बाट गोली प्रहार गरी हत्या गरे। पीडितहरूको सनाखत नगरी आतंककारी हुन भन्दै पीडितहरूको लास पुलबाट फ्याँकिदिए ।

दिपायल सिलगडी नपा-११ का प्रहरी जवान भरतबहादुर खड्का र डडेल्धुरा जिल्लाका बस ड्राइभर कर्ण मालीलाई ०६० असोज ३ गते राति ८ बजे प्रहरी हवल्दार धीरेन्द्र चन्दले विना कारण गोली हानी हत्या गरे। पीडकलाई हाल थुनामा राखिएको छ।

मुडभरा गाविस-१ स्थित शारदा उच्च माविका विद्यार्थी सुशीला जोशी, यदुनाथ जोशी, मिना विक र हरिना भण्डारीलाई ०६० असोज २६ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितहरूलाई माओवादीको सांस्कृतिक कार्यक्रम हेर्न माओवादीद्वारा जबरजस्ती लगिएको थियो। सोही घटनामा टेकबहादुर विक, डम्मरी विक, विष्णु शर्मा, राम बोहरा र धर्म भूत्याल सख्त घाइते भए। सो घटनामा ६ जना माओवादीको पनि मृत्यु भयो।

माओवादीबाट

लाटामाण्डौ गाविस-६ का टिका भूललाई ०६० भदौ ६ गते खेतमा पानी लगाइरहेको अवस्थामा माओवादीले हत्या गरे। सो घटनामा संलग्न भएको आरोपमा लाटामाण्डौ गाविस-६ का लालबहादुर बोहरालाई गिरफ्तार गरी थुनामा राखिएको छ।

गगुडा गाविस-९ का यज्ञराज विनाडीलाई सुराकीको आरोपमा ०६० असोज २५ गते आफ्नै घरबाट माओवादीले अपहरण गरी हत्या गरे।

जेल र बन्दीहरू

'ग' श्रेणीको डोटी जेलको क्षमता ४५ जनाको छ। जेलमा यस वर्षको अन्त्यसम्म जम्मा २३ जना बन्दी छन्। यस जेलमा महिला बन्दी छैनन्। बन्दीहरूमध्ये कैद तोकिएका १५ र कैद नतोकिएका ८ जना छन्। जसमध्ये नजरबन्दमा ७, कर्तव्य ज्यान ६, कस्तुरी चोरी २, केही सार्वजनिक अपराध १, डाँका चोरी १ र सैनिक अपराधमा ६ छन्। जेलको अवस्था ज्यादै जीर्ण छ। पानी पर्दा चुहिने भएकाले बन्दीहरू बस्न अप्ठेरो छ। जेलमा मनोरञ्जनका लागि रेडियो र टीभीको व्यवस्था गरिएको, स्वास्थ्य उपचारको उचित व्यवस्था नभएको कुरा बन्दीहरु बताउँछन्।

बेपता अपहरण

माओवादीबाट

पचनाली गाविस-३ का डबलबहादुर

ताम्राकारलाई ०६० भदौ १८ गते माओवादीले मुडभरा गाविस-५ बाट अपहरण गरी भोलिपल्ट मुक्त गरे।

दिपायल सिलगडी नपा घर भई हाल जिविस डोटीबाट संचालित आरएएफपी कार्यक्रमका कर्मचारी पंकज जोशीलाई ०६० असोज ५ गते दुर्गामाण्डौ गाविस वायलबाट माओवादीले अपहरण गरी जिजोडामाण्डौ गाविसमा लगी मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

दिपायल सिलगडी नपा-२ का २५ वर्षीय अमृत बागचनलाई लुगा नसिलाएको आरोपमा ०६० वैशाख ६ गते जिल्ला प्रहरी कार्यालयका प्रहरी ज्ञानसिं खत्रीले कुटपिट गरे।

छपाली गाविसका २१ वर्षीय वीरबहादुर देउवालाई ०६० असार २५ गते जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी चक्रबहादुर सावदले कुटपिट गरी ज्यानमार्ने धम्की समेत दिए।

पचनाली गाविस-३ का मोहन फुलारा, पुष्पराज फुलारा, टिका फुलारा र सिद्धराज फुलारालाई माओवादी नदेखाइदिएको आरोपमा ०६० असोज २७ गते सुरक्षाकर्मीले कुटपिट गरे।

पचनाली गाविस-५ का ३८ वर्षीय रमेश जोशी, २१ वर्षीय भक्तराज जोशी र १८ वर्षीय मदनराज जोशीलाई माओवादीको शंकामा ०६० असोज २५ गते सर्चको क्रममा गएका सुरक्षाकर्मीले कुटपिट गरे।

माओवादीबाट

मुडभरा गाविसस्थित शारदा उच्च माविका शिक्षकहरूलाई ०६० भदौ १३ गते आफ्नो तलबको केही रकम दिनु पर्ने र नदिए ज्यानमार्ने धम्की माओवादीले दिए।

डौड गाविस-७ का मुक्तिनाथ शर्मालाई सुराकीको आरोपमा ०६० भदौ १९ गते माओवादीले खुकुरी प्रहार गरी कुटपिट गरे। पीडितको भारतमा उपचार गरियो। पीडित प्रभात उच्च माविका प्राचार्यसमेत हुनुहुन्छ।

मुडभरा गाविस-१ का एक व्यापारीलाई ०६० भदौ २५ गते आफ्नो पसलमा खाना खाएको रकम मागेको आरोपमा माओवादीले ज्यानमार्ने धम्की दिए। पीडितले आफ्नो नाम नखुलाउन अनुरोध गरे ।

मुडभरा गाविस-७ का ५७ वर्षीय डम्बरबहादुर मल्ललाई खाना नदिएको आरोपमा ०६० असोज ७ गते माओवादीले मरणासन्न हुनेगरी कुटपिट गरे। पीडितलाई स्थानीय स्वास्थ्य चौकीमा उपचार गरियो।

लक्ष्मीनगर गाविस-९ का २५ वर्षीय भीमप्रकाश ओलीलाई ०६० असोज २० गते आफ्नै घरबाट माओवादीले अपहरण गरी कुटपिट गरे। पीडित हाल माओवादीको कब्जाबाट भागी सदरमुकाममा विस्थापित भएका छन्।

मुडभरा गाविस-७ का १५ वर्षीय मानबहादुर मल्ल, १५ वर्षीय नरबहादुर मल्ल, १६ वर्षीय चक्रबहादुर मल्ल र १२ वर्षीय भरत जोशी समेत ७ जनालाई ०६० असोज २४ गते विना कारण माओवादीले कुटपिट गरे।

भुमिराजमाण्डौ गाविस सलेनाका पूर्व गाविस अध्यक्ष ७२ वर्षीय प्रसाद वलायरलाई ०६० असोज २८ गते माओवादीले मरणासन्न हुने गरी कुटपिट गरे। पीडितको उपचार काठमाडौंमा गरियो।

लाठामाण्डौ गाविस-२ का जंगबहादुर रावललाई रक्सी सेवन गरेको आरोपमा ०६० असोज २८ गते बजारबाट घर गइरहेको अवस्थामा वैरकोट भन्ने ठाउँमा माओवादीले कुटपिट गरे। पीडितको दुवै खुट्टा भाँचिएकोमा

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित				
	अन्यबाट					माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या						२	२		२	६	१०	५		१५
घाइते	३	३			३	१	१		१					
गिरफ्तारी/यातना										१३	३०	३	३	३६
कुटपिट	४	४	२		६	१३	१९	१	२०	४	९			९
धम्की	१	१	१		२	३	२	१	३	१	४			४
भेला/संगठित हुने अधिकार										१			१	१
जातीय विभेद	५	३	१	१	५									
महिलाअधिकार	४		४		४									
बालअधिकार	३	१	२		३									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१			११	११									
अपहरण						३	३		३					
जम्मा	२१	१२	१०	१२	३४	२२	२७	२	२९	२५	५३	८	४	६५

उपचारको लागि भारततिर लगियो।

मुडभरा गाविस-८ का ठगी महरा, कृपाल महरा, टिका महरा, लोकबहादुर महरा र सोही गाविस-७ का देवराज जोशीलाई रक्सी सेवन गरेको आरोपमा ०६० कार्तिक ८ गते माओवादीले कुटपिट गरे। पीडितहरूको जनै र टुपी समेत माओवादीले काटिदिए।

लक्ष्मीनगर गाविस-३ का कृतबहादुर ओलीलाई सुराकीको आरोपमा ०६० कार्तिक २८ गते आफ्नै घरमा माओवादीले कुटपिट गरे।

सरस्वतीनगर गाविसका श्रीपुर प्राविका शिक्षक ५२ वर्षीय सिद्धराज ओझाले माओवादीको धम्कीका कारण ०६० मंसिर १६ गते ६ महिनाको असाधारण विदा लिई सबै परिवार धनगढी, कैलालीतिर गए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

दिपायल सिलगडी नपा-२ मा विद्यार्थीहरूले जुलुस प्रदर्शन गर्दा ०६० वैशाख ६ गते प्रहरीले हस्तक्षेप गरी रामहरि ओझा, सच्चिदानन्द जोशी र कृष्ण बडुवाल घाइते भए भने रामहरि ओझालाई गिरफ्तार गरी रिहा गरियो।

पाँच राजनीतिक दलहरूले सिलगडी बजारमा निकालेको जुलुसमाथि ०६० वैशाख २८ गते प्रहरीले हस्तक्षेप गरी यज्ञराज पाठक, भरत खड्का र प्रेम आलेलाई गिरफ्तार गरी यातना दिए भने कृष्ण मलासी, केशर सिं कडायत, केशवराज उपाध्याय, पदम रावत र मदन भण्डारी सख्त घाइते भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा दुनियावादी देवानी मुद्दा ३९ वटा दर्ता भएकोमा ४ वटा फर्स्यौट भई ३५ बाँकी रहे। त्यसैगरी सरकारवादी फौज्दारी मुद्दा ८ दर्ता भएकोमा ३ फर्स्यौट भई ५ बाँकी रहे। दुनियावादी फौज्दारी मुद्दा ३ दर्ता भएकोमा २ फर्स्यौट भई १ बाँकी रह्यो।

विशेष अदालत (गाली बेइज्जतिसम्बन्धी) ३ दर्ता भएकोमा १ फर्स्यौट भई १ बाँकी र संक्षिप्त कार्यविधि अन्तर्गत ४ दर्ता भएकोमा २ फर्स्यौट भई २ बाँकी रहे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

दिपायल सिलगडी नपा-१२ मालिका प्राविको भवन निर्माण गर्ने ११ जनालाई सोही ठाउँका निर्माण समितिका अध्यक्ष ४२ वर्षीय गगनसिं साउदले काम गरेपश्चात् पाउनु पर्ने पारिश्रमिक दिएनन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

लडागडा गाविसमा ६ जना माओवादी कार्यकर्तालाई ०५९ फागुन ११ गते गस्तीमा गएका सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिए। पीडितहरूलाई फागुन १३ गते रिहा गरियो।

अछाम जिल्ला घर भई डोटी मालपोत कार्यालयमा कार्यरत पियन कृष्णप्रसाद ढुंगानालाई ०५९ चैत २४ गते राति आफ्नै घरमा बसिरहेको अवस्थामा डोटी जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी सहायक निरीक्षक ४० वर्षीय रमेश धापुकले कुटपिट गरी गिरफ्तार गरे। पीडितलाई भोलिपल्ट रिहा गरियो।

दिपायल सिलगडी नपा-७ का सोभान बोहरा र गोविन्द खड्कालाई ०६० वैशाख १५ गते शाही घोषणाको विरोध गर्दा सुरक्षाकर्मीले गिरफ्तार गरी २ घण्टापछि रिहा गरियो।

दिपायल सिलगडी नपा-७ स्थित श्री नं. ५ बाहिनी राजपुरमा ०६० जेठ २२ गते नाम नखुलेका तीन जना माओवादीलाई बाटोमा हिंडिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिए। पीडितहरूलाई दुई दिनपछि रिहा गरियो।

दिपायल सिलगडी नपा-१ मा तीन जना माओवादी कार्यकर्ता मिना शाही, कलसा विक, गौरीप्रसाद धमलालाई चन्दा मागिरहेको अवस्थामा ०६० असार ५ गते प्रहरीले गिरफ्तार गरी २ दिनपछि रिहा गरे।

माओवादी कार्यकर्ता अग्नी शर्मा, सागर र बाग भनिने तीन जनालाई ०६० साउन १६ गते दिपायल सिलगडी नपास्थित रेडियो नेपाल क्षेत्रीय प्रशारण केन्द्र नजिक रहेका सुरक्षाकर्मीले गिरफ्तार गरी केही घण्टापछि रिहा गरे।

अछाम जिल्लाका शिवसुन्दर शाहीलाई ०६० भदौ १३ गते दिपायल सिलगडी नपा-३ बाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई अझै थुनामा राखिएको छ।

घण्टेश्वर गाविस-७ का राप्रपा कार्यकर्ता चक्रबहादुर मल्ललाई माओवादीको आरोपमा ०६० भदौ १५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी कुटपिट गरे। पीडितलाई उपचारका भारत लगियो।

वाजककानी गाविस-८ का १८ वर्षीय दिपक खड्कालाई माओवादी नेताको फोटो र सैनिकको फोटो बोकेका कारण ०६० मंसिर २० गते दिपायल सिलगडी नपास्थित एयरपोर्टबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई भोलिपल्ट रिहा गरियो।

बालअधिकार

दिपायल सिलगडी नपा-१४ की १५ वर्षीय एक वालिकालाई ०६० असार १ गते गाइवस्तु हेरिरहेको अवस्थामा सोही ठाउँका २० वर्षीय देउसी कोलीले बलात्कारको प्रयास गरे।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

सरस्वतीनगर गाविस-४ स्यालाकी ४८ वर्षीय कुन्तादेवी अवस्थीलाई ०५९ माघ १० गते आफ्नै पति ५५ वर्षीय हरिप्रसाद अवस्थीले कुटपिट गरी आफूसँग भएको चल अचल सम्पत्ति नदिई पत्नीबाट अलग्गै बसेका छन्।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूत समेत

सिलगडीको शैलेश्वरी मन्दिरमा लाग्ने प्रत्येक १२ वर्ष पछिको कोटीहोम मेलामा ०५९ माघ १९ देखि फागुन ४ गतेसम्म यहाँ रहेका दलित समुदायले मन्दिरभित्र प्रवेश गरी हाम्रो परम्परा नै अन्त्य हुन्छ भनी दलितहरूलाई केन्द्रविन्दू बनाई पूजा सामग्रीहरू लिएर बाहिरबाट पूजा गरिनुपर्ने परिपाटी चलाए।

कालिकास्थान गाविस-७ का २२ वर्षीय शेरवहादुर लुहारले १८ वर्षीय निमा वादीसँग अन्तरजातीय विवाह गरेका कारण उनका बाबु ५० वर्षीय सलुवा लुहारले ०५९ माघ २० गते दुवैलाई कुटपिट गरी घरपरिवार तथा समाजबाटै निकाले।

दिपायल सिलगडी नपा-१ का १७ वर्षीय कृष्ण नेपालीलाई ०५९ माघ २२ गते सार्वजनिक धारामा गाग्रोमा पानी भरिरहेका बेला सोही ठाउँकी ३० वर्षीय महिला भगु बोहराले धारा छोइदिएको भनी अमानवीय व्यवहार गरे।

दिपायल सिलगडी नपा-५ का १८ वर्षीय मानबहादुर पार्कीलाई ०६० मंसिर १४ गते सोही नपा-८ का २८ वर्षीय नारायण खड्काले दलित भएकै कारण अभद्र व्यवहार गरे। पीडितले जिल्ला प्रशासन कार्यालयमा निवेदन समेत दिएका थिए। पीडकलाई प्रशासनद्वारा माफी माग्न लगाइयो।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

मुडभरा गाविसको शारदा उच्चमाविमा सुरक्षाकर्मीद्वारा विद्यार्थीहरूको हत्या गरिएको विषयलाई लिएर ०६० कार्तिक ३ गते एमाले, नेकाँ र जनमोर्चाले मृतकका आफन्तहरूलाई क्षतिपूर्तिको माग गर्दै सो घटनाको घोर भर्त्सना गरे।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष १ पुरूष र १ महिलाले आत्महत्या गरे। चोरी र लुटपाट एक/एक वटा घटना सार्वजनिक भए। बाढी पहिरोका कारण १ पुरूष र १ महिलाको मृत्यु भयो।

५.४ बाजुरा



जनसंख्या	:१०८७८१
साक्षरता प्रतिशत	:३१.७
महिला साक्षरता प्रतिशत	:११
क्षेत्रफल (वर्ग कि.मी.)	:२११८
गाविस/नपा संख्या	:२७/०
निर्वाचन क्षेत्र	:१
विद्यालय	:१५३
क्याम्पस/उच्च मावि	:१/३
अस्पताल/स्वास्थ्य चौकी	: १/२७
टेलिफोन लाइन	:१०८
मोटर सडक (कि.मी.)	:६७
प्रहरी कार्यालय संख्या	:२
हुलाक संख्या	:८
मानव विकास सूचकांक	:०.२०१
प्रति एक डाक्टर जनसंख्या	:५४३९१
प्रति परिवार सरदर संख्या	:५.३४

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या / गोली
राज्यबाट

जगन्नाथ गाविसबाट १९ वर्षीय एकजना माओवादी कार्यकर्तालाई ०६० असोज २३ गते सुरक्षाकर्मीले गिरफतार गरी भोलिपल्ट कोल्टी सुरक्षा वेस क्याम्प नजिकैको दैया भन्ने ठाउँमा गोली हानी हत्या गरेको कुरा स्थानीय बासिन्दाले बताए। तर, सुरक्षाकर्मीले दोहोरो भिडन्तमा मृत्यु भएको उल्लेख गरे।

जगन्नाथ गाविस हुनीमा एकजना माओवादी कार्यकर्तालाई ०६० असोज २४ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितको नाम, ठेगाना खुल्न सकेन।

जगन्नाथ गाविस हुमागाउँमा एकजना माओवादी कार्यकर्तालाई ०६० असोज २४ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितको नाम, ठेगाना खुल्न सकेन।

गोत्री गाविस नाराकोटमा ०६० असोज २४ गते करिब २५ वर्षीय एकजना माओवादी कार्यकर्तालाई सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितको नाम, ठेगाना खुल्न सकेन।

अनेमसंघ (क्रान्तिकारी) की जिल्ला अध्यक्ष रिचा शाही र उपाध्यक्ष धना उपाध्यायलाई ०६० कार्तिक १८ गते कैलाशमाण्डौ गाविस कैलाशडाँडामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

माओवादीबाट

जगन्नाथ गाविस-३ पैगाउँका ४८ वर्षीय पूर्ण विष्टलाई गत वर्ष आफ्नो छोरालाई सुरक्षा निकायसमक्ष आत्मसमर्पण गर्न लगाएको आरोपमा ०६० असोज ३ गते माओवादीले घर नजिकैको चौरमा कुटपिट गरी हत्या गरे।

तोलीदेवलडाँडा गाविस-२ का ५३ वर्षीय तुले साउदलाई आफूहरूलाई खाना खान नदिएको, कार्यक्रममा सहभागी नभएको तथा अपशब्द बोलेको आरोपमा ०६० असोज २२ गते आफ्नै घरबाट केही पर पुऱ्याई माओवादीले कुटपिट गरी हत्या गरे।

बाउली चेकपोष्टमा कार्यरत प्रहरी जवान राजेन्द्रमान डंगोललाई ०६० मंसिर १६ गते अज्ञात व्यक्तिले गोली हानी हत्या गरे। सो घटना माओवादीले गराएको प्रहरीले बताए।

दोहोरो भिडन्त

जगन्नाथ गाविस-४ पिलुचौरमा ०६० भदौ १९ गते विहान माओवादी र सुरक्षाकर्मीबीच भएको दोहोरो भिडन्तमा परी १ जना माओवादी कार्यकर्ताको मृत्यु भयो। सोही घटनामा माओवादीको गोलीद्वारा सशस्त्र प्रहरी हवल्दार दिपक देवकोटा घाइते भए। उनको खुट्टामा गोली लागेको थियो।

जेल र बन्दीहरू

"घ" श्रेणीको यस जिल्लाको जेलको बन्दी क्षमता २५ जनाको छ। यस जेलमा हाल कैद तोकिएका ३ पुरूष र कैद नतोकिएका १ पुरूष गरी ४ जना बन्दी छन्। जेलमा २ वटा धारा र ४ वटा चर्पी छन्। बन्दीहरूको मनोरञ्जनका लागि एउटा टीभीको व्यवस्था गरिएको छ। भवन जीर्ण अवस्थामा रहेको छ।

बेपत्ता / अपहरण
माओवादीबाट

जुकोट गाविस-८ जुकुका दिपराज जोशीलाई ०६० वैशाख २२ गते जुनदेवी सञ्ज्यालको हत्या प्रकरणमा पतिको हात छ भनी माओवादीले घरबाट अपहरण गरे।

आटीचौर गाविसका पूर्व गाविस उपाध्यक्ष वीरे नाथलाई ०६० असार १६ गते माओवादीले केही कुरा बुझ्नु छ भनी घरबाट अपहरण गरे। पीडितलाई ४ दिनपछि मुक्त गरियो।

कुल्देवमाण्डौ गाविस-४ का प्रहरी सेवामा कार्यरत ध्वजबहादुर थापालाई ०६० असार २६ गते विदाको समयमा घर आइरहेको अवस्थामा घर नजिकैबाट माओवादीले अपहरण गरी बभाङ जिल्लाको बुगल भन्ने ठाउँमा लगी ४ दिनपछि मुक्त गरे।

जिल्ला हुलाक कार्यालयमा कार्यरत ४७ वर्षीय आउसे भण्डारीलाई सुराकीको आशंकामा ०६० भदौ १४ गते डाँक बोकिरहेको अवस्थामा जगन्नाथ गाविस-४ पिलुचौरबाट माओवादीले अपहरण गरे। पीडितलाई कुटपिट गरी ३ दिनपछि मुक्त गरियो।

गोत्री गाविस-४ बाहुन जिउलाका ३८ वर्षीय प्रेमबहादुर बूढालाई ०६० भदौ १५ गते आफ्नै घरबाट चार हजार रूपैयाँ चन्दा नदिएको आरोपमा माओवादीले अपहरण गरेकोमा पीडितले केही दिनपछि मागे अनुसारको रकम दिने बताएपछि आठ दिनपछि मुक्त गरे। पीडित आफ्नो घर छाडी सदरमुकाममा बस्दै आएका छन्।

बाँधु गाविस-२ धीमका १८ वर्षीय दिपचन्द्र रोकायालाई संगठनमा लाग्नुपर्ने दवाव दिई ०६० भदौ १६ गते माओवादीले अपहरण गरे। पीडित मंसिर १७ गते भागेर कोल्टी आए।

जुकोटस्थित शम्भु सुनन्दा प्रस्तावित माविका शिक्षक रघुवीर शाहीलाई समयमा चन्दा नदिएको आरोपमा ०६० भदौ २० गते माओवादीले आफ्नै घरबाट

अपहरण गरी ९ दिनपछि मुक्त गरे।

वाइ गाविस-३ घर भई पशुसेवा कार्यालयमा कार्यरत जयलाल शाहीलाई आफूहरूको निर्देशनविपरीत कार्यालयको काममा फिल्ड गएको आरोपमा ०६० भदौ २१ गते वाई गाविसबाट माओवादीले अपहरण गरी ६ दिनपछि मुक्त गरे।

रूगीन गाविस-७ की रूपशिला कार्कीलाई आफूहरूलाई सहयोग नगरेको आरोपमा ०६० भदौ २६ गते आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडितलाई कार्तिक २१ गते मुक्त गरियो।

मार्तडी गाविस-५ का १८ वर्षीय प्रेम खड्का र ३० वर्षीय वीरबहादुर रावललाई सुराकीको आशंकामा ०६० भदौ २९ गते बुढिगंगा गाविसको जडांगाबाट माओवादीले अपहरण गरे। पीडितहरूमध्ये वीरबहादुरलाई ४ दिनपछि मुक्त गरियो भने प्रेमलाई हालसम्म मुक्त गरिएको छैन।

बिच्छ्या गाविस-८ का नेपाल रेडक्रस सोसाइटीमा कार्यरत ओभरसियर ३१ वर्षीय रणजीत रोकालाई चन्दा नदिएको आरोपमा ०६० भदौ २३ गते सोही गाविसबाट माओवादीले अपहरण गरे। पीडितलाई ५ दिनपछि मुक्त गरियो।

जगन्नाथ गाविस-७ का ५० वर्षीय भोटे गिरीलाई ०६० असोज ३ गते आफ्नै घरबाट माओवादीहरूले अपहरण गरे। पीडितको अवस्था हालसम्म अज्ञात रहेको छ।

कोटिला गाविस-१ का २२ वर्षीय नवराज शाहीलाई ०६० असोज ३ गते आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडितलाई अपहरण गरिनुको कारण र अहिलेको अवस्थाका बारेमा केही थाहा हुन सकेको छैन।

पाण्डुसैन गाविस-७ का जिविसमा कार्यरत कर्मचारी २९ वर्षीय चन्द्र विष्टलाई सुराकीको आशंकामा ०६० असोज ८ गते बिच्छ्या गाविसको बिच्छ्याबाट माओवादीले अपहरण गरे। पीडितलाई सख्त घाइते हुनेगरी कुटपिट गरेर ४ दिनपछि मुक्त गरियो।

ब्रह्मतोला गाविस-१ का नेराशिसंगठनका जिल्ला सचिव ३४ वर्षीय तुला थापालाई राजनीतिक आस्थाका कारण ०६० असोज ९ गते आफ्नै घरबाट माओवादीले अपहरण गरी असोज १४ गते मुक्त गरे।

बुढीगंगा गाविस-४ पानीनाउलाका ५० वर्षीय सुर्जे कार्कीलाई सुराकीको आरोपमा ०६० असोज ११ गते राति आफ्नै घरबाट माओवादीले अपहरण गरेकोमा भोलिपल्ट पैमा भन्ने ठाउँबाट मुक्त गरे।

वाई गाविस-३ जेराका शिक्षक ३६ वर्षीय लालबहादुर शाहीलाई ०६० असोज १९ गते घरबाट माओवादीले अपहरण गरे। पीडितलाई अपहरण गरिनुको कारण र अहिलेको अवस्थाका बारेमा केही थाहा हुन सकेको छैन।

दहकोट गाविस-३ अम्लिसका १९ वर्षीय भीमबहादुर रोकायालाई ०६० असोज २६ आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडितलाई अपहरण गरिनुको कारण र अहिलेको अवस्थाका बारेमा केही थाहा हुन सकेको छैन।

कुल्देवमाण्डौ गाविस-४ का प्ररायुसंघका जिल्ला अध्यक्ष २९ वर्षीय भरत थापालाई राजनीतिक आस्थाका आधारमा ०६० कार्तिक ४ गते आफ्नै घर नजिकबाट माओवादीले अपहरण गरी पुस १८ गते मुक्त गरे।

कञ्चनपुर जिल्ला सुडा गाविस-८ का नारायण सिंह ठगुन्नालाई सामान ढुवानी गरेको आरोपमा ०६०

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या						४	४			४	६	४	२		६
घाइते	१		१		१	१	१			१					
गिरफ्तारी/यातना											१५	१५	६		२१
कुटपिट	२	२		२	४	१८	२१	१		२२	४	१३			१३
धम्की						३२	३२	१	१	३४	४	४		१	५
जातीय विभेद	४	६			६										
महिलाअधिकार	६		६		६										
बालअधिकार						२	१	१		२					
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार						५	४	१		५	१	१			१
अमानवीय व्यवहार						१	१			१					
अपहरण	१	१			१	३४	३४	२		३६					
जम्मा	१४	९	७	२	१८	८७	८८	६	१	९५	३०	३७	८	१	४६

कार्तिक ९ गते खच्चडमा सिमेन्ट ल्याउँदै गरेका अवस्थामा कुल्देवमाण्डौ गाविस-७ मौरेबाट माओवादीले अपहरण गरी ६ घण्टापछि मुक्त गरे।

मार्तडी गाविस-१ रजातोलीका २५ वर्षीय तुलाराम पाध्यालाई सुराकीको आशंकामा ०६० कार्तिक १३ गते बिहान हलो जोतिरहेको अवस्थामा माओवादीहरूले अपहरण गरी भोलिपल्ट मुक्त गरे।

पाण्डुसैन गाविस-४ खड्कावाडाका महेन्द्र खड्का र कृष्ण खड्कालाई ०६० कार्तिक २६ गते दिउँसो आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडितको अवस्था हालसम्म अज्ञात छ।

पाण्डुसैन गाविस-७ अगाउपानीका सप्रोस नेपालमा कार्यरत धनबहादुर धामीलाई ०६० मंसिर १ गते कार्यालयको काममा पाण्डुसैन पुगेको अवस्थामा माओवादीले अपहरण गरी ११ दिनपछि मुक्त गरे।

वाई गाविस-७ की ६६ वर्षीय हिउकला गिरीलाई आरुना छोरालाई प्रहरी पेशाबाट छुटाउन दवाब दिने उद्देश्यले ०६० मंसिर ५ गते माओवादीले अपहरण गरे। पीडितलाई ०६० पुस २४ गते मुक्त गरियो।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

साप्पाटा गाविस-३ रूडीका ४१ वर्षीय हस्ते धामीलाई बाखा लिएर मार्तडी आउँदै गर्दा तथा मुगु जिल्लाका १० जना सर्वसाधारणलाई बाजुरा हुँदै भारततर्फ जान लाग्दा ०६० साउन १९ गते मार्तडी गाविसको दुदुल्लीमा सादा पोशाकमा रहेका सुरक्षाकर्मीले विना कारण कुटपिट गरी घाइते बनाए।

बाजुरास्थित राजधानी दैनिकका समाचारदाता २४ वर्षीय हरिनारायण सञ्ज्याल र जिविस सब-ओभरसियर शंकर उपाध्यायलाई माओवादीसँग भेटघाट गरेको आरोपमा ०५९ फागुन ५ गते सुरक्षाकर्मीले युद्धविराम भंग भएपछि ज्यानमार्ने धम्की दिए।

ब्रम्हतोला गाविस-१ ताप्राका ३३ वर्षीय खड्क लोहारलाई पैसा चोरेको आरोपमा ०६० भदौ २६ गते भारतको दिल्लीबाट घर फर्किरहेको अवस्थामा झलारी चेकपोष्टका सुरक्षाकर्मीले धम्की दिई ११ हजार भारतीय रूपैयाँ लुटेर लगे।

मार्तडी गाविस-८ र ९ का बासिन्दालाई सुरक्षाको कारण देखाई आफ्ना घरहरू भत्काउन ०६० कार्तिक ७ गते जिल्ला प्रहरी कार्यालयले निर्देशन दियो। तर, उनीहरू मुआब्जा वा अन्य स्थानमा बसोबासको व्यवस्था नमिलाइञ्जेल घरहरू नभत्काउने बताउँदै आएका छन्।

मार्तडी गाविस-५ मा टीभी, रेडियो मर्मतको व्यवसाय गर्ने ३४ वर्षीय धनबहादुर ऐडीलाई प्रहरी कार्यालयको टीभी मर्मत नगरेको आरोपमा प्रहरीले ०६० असोज ७ गतेदेखि १२ गतेसम्म प्रत्येक दिन बिहान ९ बजेदेखि बेलुका ६ बजेसम्म जिल्ला प्रहरी कार्यालयमा गई बस्न लगाए।

मार्तडी गाविस-५ बाउलीका तुले चहारालाई प्रहरीको हत्या सम्बन्धी घटनाबारे सोधपुछ गर्ने क्रममा ०६० मंसिर १६ गते प्रहरीले उनीसँग रहेको हसिया खोसी टाउकोमा प्रहार गरी घाइते बनाए। सोही दिन उक्त ठाउँमा एक जना प्रहरीको हत्या भएको थियो।

माओवादीबाट

कोटिला गाविस-७ कोटिलाका कटकबहादुर शाहीलाई ०६० वैशाख १८ गते एमालेका नेता प्रकाश शाहलाई खाना खुवाएको आरोपमा माओवादीले कुटपिट गरे।

रेडियो नेपालका बाजुरा समाचारदाता दयाराम पण्डितलाई ०६० असार १७ गते माओवादीले अपहरण गरेका आटिचौरका वीरे नाथका विषयमा खबर नपठाउनु भनी धम्की दिए।

कोटिला गाविस-२ का कालीबहादुर मल्ललाई चन्दा नदिएको आरोपमा ०६० असार २० गते माओवादीहरूले कुटपिट गरी घरबाट निकाले। पीडित हाल विस्थापित भएका छन्।

कोटीला गाविस-१ का नेकाँका कार्यकर्ता पदमबहादुर मल्ललाई राजनीतिक गतिविधिमा संलग्न भएको आरोपमा ०६० असार २८ गते माओवादीले घर निकाला गरे।

डोगडी गाविस-४ थामका ५९ वर्षीय धनबहादुर बुढालाई माओवादीका कुराको प्रतिवाद गरेकै कारण ०६० साउन ७ गते माओवादीले कुटपिट गरे।

कुल्देवमाण्डौ गाविस-४ नवाघरका ३३ वर्षीय मिनबहादुर लोहारलाई आफूहरूमाथि हातपात गरेको आरोपमा ०६० साउन २४ गते आफ्नै घरमा माओवादीले कुटपिट गरी सख्त घाइते बनाए। मानसिक अवस्था ठिक नभएका पीडितसँग भनाभन भएपछि शुरूमा ५ जना र केही समयपछि २०-२५ जना माओवादीले कुटपिट गरेका थिए।

रूगीन गाविस-८ का दल भण्डारीलाई ०६० भदौ २ गते माओवादी कार्यकर्ताहरूले दिल्लीमा नोकरी गर्दै गरेको छोरालाई तुरुन्त घर बोलाउनू भनी धम्की दिए।

मानाकोट गाविस-९ का ३० वर्षीय रामबहादुर

बुढालगायत् ४ जनालाई आफ्ना पार्टीलाई सहयोग नगरेको आरोपमा ०६० भदौ १८ गते आफ्नै गाउँमा माओवादीले कुटपिट गरे।

वाई गाविस-३ जेराका गोरखबहादुर शाहीलाई चन्दा नदिएको आरोपमा ०६० भदौ १९ गते आफ्नै घरमा माओवादीले कुटपिट गरे।

कुल्देवमाण्डौ गाविस-९ सराप्लाका विष्णु रेग्मी र प्रभु रेग्मीलाई मादक पदार्थ सेवन गरेको आरोपमा ०६० भदौ ११ गते माओवादीले कुटपिट गरी एक रात भैंसी गोठमा थुनेर राखे।

कुल्देवमाण्डौ गाविस-१ कोटका ३६ वर्षीय योगेन्द्र शाह, उनकी छोरी र मानसिक स्थिति ठिक नभएकी पत्नीलाई ०६० भदौ २२ गते राति माओवादीले बाहिर निकालेर घरमा आगो लगाई सामानहरू लुटे। उक्त घर बजुरेली राजाको पुर्ख्यौली दरबार हो।

जुकोट गाविस-३ जुकोटका १९ वर्षीय राजेश शाहीलाई सुराकीको आशंकामा ०६० भदौ २५ गते मार्तडी आउने क्रममा पोरखेको जंगलमा माओवादीले कुटपिट गरी ८ सय रूपैयाँसमेत लुटेर लगे।

कुल्देवमाण्डौ गाविस-७ का २७ वर्षीय चन्द्रराज गिरीलाई आफ्नो पार्टीको विरोध गरेको आरोपमा ०६० असोज ३ गते आफ्नै घरमा माओवादीले अपहरण गर्ने प्रयास गरेकोमा बीचबाट भाग्न सफल भए।

पाण्डुसैन गाविस-७ अगाउपानीकी ३४ वर्षीय रामदेवी बोहोरालाई सुरक्षाकर्मीलाई सघाएको आरोपमा ०६० असोज ४ गते राति आफ्नै घरमा माओवादीले कुटपिट गरे। पीडितका पतिलाई खोजेका पीडकहरूले उनलाई नभेटाएपछि पीडितलाई कुटपिट गरेका थिए।

बाह्रबीस गाविस-३ नुवाकोटका ९ कक्षामा अध्ययनरत पूर्ण थापालाई खाना खान दिन नसक्ने बताउँदै विरोध गरेको आरोपमा ०६० असोज १९ गते आफ्नै घर नजिक माओवादीले मरणासन्न हुनेगरी कुटपिट गरे।

गोत्री गाविस-८ घर भई जिल्ला हुलाक कार्यालयमा कार्यरत अम्मरसिंह बढुवाललाई आफूहरूले दिएको निर्देशन (डाँक नबोक्ने) पालना नगरेको आरोपमा ०६० भदौ १९ गते माओवादीले कुटपिट गरे। पीडकहरूले ०६० असोज २३ गते पीडितकी पत्नी दुखी बढुवाल र छोराछोरीलाई समेत घरबाट निकाले। उनीहरू हाल कोल्टीमा बसिरहेका छन्।

जुगाडा गाविस-२ का भरिया मजदुरहरू जयबहादुर विक तथा अन्य ३ जनालाई ०६० असोज २३ गते मार्तडीका व्यापारीको सामान ल्याउँदै गर्दा बाह्रबीस गाविस सिगाडामा कुनै पनि सामान सदरमुकाममा नलग्नू भनी माओवादीले धम्की दिए। जाल्पादेवी मावि, जुगाडाका प्रधानाध्यापक हेमराज पण्डितलाई बन्द आव्हान गरिएको दिन विद्यालय खोलेको आरोपमा ०६० मंसिर ११ गते माओवादीले कुटपिट गरी विद्यालय बन्द गर्न लगाए।

जगन्नाथ गाविस-८ ढाँडाकोटका सोही गाविसका पूर्व अध्यक्ष मनबहादुर विष्टको घर ०६० कार्तिक ३ गते माओवादीहरूले लुटेर सामान लगे। त्यसपछि मनबहादुरका परिवार अन्यत्र जान बाध्य भए।

मार्तडीस्थित विद्युतगृहमा कार्यरत काशी खाती र बल थापालाई ०६० कार्तिक ४ गते राति माओवादीहरूले कब्जामा लिई कन्चटमा पेस्तोल तेर्स्याएर आइन्दा बिजुली बाल्ने प्रयास गरेमा ज्यानमार्ने धम्की दिए।

जगन्नाथ गाविस-२ हुनिसेराका हुलाकी हिमलाल विष्टको घर ०६० कार्तिक ४ गते राति माओवादीहरूले लुटपाट गरे।

बुढीगंगा गाविस-९ जडांगाका कालु नाथलाई बन्द आव्हान गरिएको दिन पसल खोलेको आरोपमा ०६० मंसिर १२ गते माओवादीहरूले धम्की दिई पसलका सामानसमेत लुटेर लगे।

गोत्री गाविस-१ काभ्रीका अति रावललाई चन्दा नदिएको र डाँक बोकेको आरोपमा ०६० माघ १८ गते माओवादीले कुटपिट गर्नुका साथै जग्गा अधिग्रहण गरे। पीडित हाल विस्थापित भएका छन्।

यसबाहेक यस वर्ष यो जिल्लामा माओवादीले चन्दा माग गर्दै धम्की दिएका १४ वटा घटनामा २३ जना पुरूष र २ जना महिला पीडित भएको सार्वजनिक जानकारीमा आयो।

माओवादीहरूले जबर्जस्ती खाना खुवाउनका लागि धम्की दिएका १५ वटा घटनामा १८ जना पुरूष र ७ जना महिला प्रत्यक्ष पीडित भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा फर्स्यौट हुन बाँकी मुद्दा संख्या १० छन्। यस वर्ष ६ वटा मुद्दा दर्ता भए भने गत वर्षको जिम्मेवारी सरेर आएका ५ र यस वर्ष दर्ता भएका ४ गरी ९ वटा मुद्दा फर्स्यौट भए। अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका मुद्दा संख्या ४ रह्यो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा असहाय, वृद्ध भत्ताका लागि वर्षभरिमा ४६ लाख रूपैयाँ आवश्यक पर्ने भएता पनि यस वर्ष माथिल्लो निकायबाट ३९ लाख ७७ हजार ७ सय

रूपैयाँ मात्र निकासी भयो। त्यसमध्ये २० लाख ९३ हजार ६ सय रूपैयाँमात्र वितरण गरियो।

यस वर्ष जिल्ला शिक्षा कार्यालयले ५ हजार ७ सय ५७ जना छात्रालाई १४ लाख ३ हजार ९ सय रूपैयाँ छात्रवृत्ति दिने लक्ष्य राखेको भएता पनि ७ सय ९७ छात्रालाई १ लाख ९९ हजार २ सय ५० रूपैयाँ मात्र वितरण गऱ्यो।

सांस्कृतिक अधिकार

गोत्री गाविस-५ का अम्मरसिंह बढुवाललाई ०६० भदौ १० गते बाबुको किरिया कर्म गरिरहेको पाँचौं दिनमा माओवादीहरूले जबर्जस्ती किरियाबाट उठाए।

आर्थिक अधिकार

साप्पाटा गाविसस्थित मण्डाली प्रावि डुम्कोटका शिक्षक शंकर भण्डारी र रघुमाता निमाविका शिक्षक ध्रुव खनाल र रामएकबाल यादवलाई माओवादीहरूलाई सघाएको आरोप लगाई जिल्ला शिक्षा कार्यालयले यसवर्षको ७ महिनाको तलब रोक्का गऱ्यो। पीडितहरूको ०६० साउन १९ गते अघि गत वर्षको चार महिना समेत गरी ११ महिनाको तलब रोक्का गरिएको थियो।

यस जिल्लाका अवकाशप्राप्त ७ जना शिक्षकहरूले नियमानुसार पाउनुपर्ने निवृत्तीभरण, उपचार खर्च, उपदान आदि रकम यस वर्ष पनि पाएनन्। उनीहरूले यस्तो रकम ३ वर्षयता पाएका छैनन्।

जिल्ला प्रहरी कार्यालयले सुरक्षाका कारण कार्यालयसँगै रहेका जंगे सनाई, जब्बरे सनाइलगायत् १५ परिवारको घर भत्काउने कार्य गरे पनि उनीहरूले वैकल्पिक बासस्थान र मुआब्जा प्राप्त गरेका छैनन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

जुकोट गाविसबाट नाम, ठेगाना नखुलेका तीन जना दलित महिलालाई चन्दा संकलन गरिरहेको अवस्थामा ०६० जेठ २५ गते प्रहरीले गिरफ्तार गरे।

गोत्री गाविस-१ घर भई जिल्ला विकास समितिमा कार्यरत ओभरसियर ३२ वर्षीय हंश नेपालीलाई सोधपुछ गर्नुछ भनी ०६० असोज ७ गते कोल्टी गाविसस्थित सुरक्षाकर्मीले गिरफ्तार गरी ५ दिनपछि ब्यारेकबाट रिहा गरे।

कोटीला गाविस-१ कोटीला घर भई शिक्षण पेशामा संलग्न ३० वर्षीय रवीन्द्र शाहीलाई माओवादीको आशंकामा ०६० असोज ८ गते कोल्टीबाट सुरक्षाकर्मीले गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

मार्तडीका विनोद शाही, दीपेन्द्र अग्रवाललगायत् ५ जनालाई ०६० असोज १८ गते बेलुका दशैंको दिन मार्तडीमा नाचगान गरिरहेको अवस्थामा मादक पदार्थ सेवन गरी प्रहरीलाई कुटपिट गरेको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई १५ दिनपछि रिहा गरियो।

मार्तडी गाविस-८ का लक्षीमन बढुवाल र कालु बढुवाललाई जिल्ला प्रहरीसँगै रहेको आरुना घरहरू भत्काउन दिएको निर्देशन पूरा नगरेको आरोपमा ०६० असोज २४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी ३ घण्टापछि रिहा गरे।

गोत्री गाविस-४ का नेत्र शाहीलाई माओवादीको आशंकामा ०६० मंसिर १८ गते कोल्टीबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई २ दिनपछि रिहा गरियो।

गोत्री गाविसस्थित दुधेशिला प्राविमा कार्यरत एक शिक्षकलाई मार्तडीमा अध्ययन अनुमति पत्र लिन जाँदा नसोधेर गएको आरोपमा ०६० मंसिर १८ गते सुरक्षाकर्मीले कोल्टीबाट गिरफ्तार गरी भोलिपल्ट रिहा गरे। आफ्ना आँखामा पट्टी बाँधेर यातना दिइएको पीडितले बताए।

गोत्री गाविस-१ की शिक्षिका सरिता सेजवाललाई माओवादीलाई सघाएको आशंकामा ०६० मंसिर १९ गते कोल्टीबाट सुरक्षाकर्मीले गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

गोत्री गाविस-३ का धनमल सार्कीलाई माओवादीको आशंकामा ०६० मंसिर २५ गते कोल्टीबाट सुरक्षाकर्मीले गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

डोग्डीस्थित मष्टेश्वरी माविमा कार्यरत शिक्षक धनराज पाध्यालाई सोधपुछ गर्न भनी ०६० पुस ७ गते मार्तडीबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई ३ दिनपछि रिहा गरियो।

बालअधिकार

यस जिल्लाको उत्तरपूर्वी क्षेत्रका ७६ वटा विद्यालय ०६० भदौदेखि कार्तिकसम्म बन्द भएका कारण पठनपाठन अवरूद्ध भयो। माओवादीले चन्दा माग गरेको र सुरक्षा निकायले चन्दा दिएमा कारवाही गर्ने चेतावनी दिएपछि शिक्षकहरू विद्यालय फर्किन नसकेका कारण उक्त अवस्था आएको थियो। कार्तिकमा जिल्ला शिक्षा कार्यालयको समन्वयमा विद्यालयहरू खुले पनि हालसम्म पठनपाठन सुचारू हुन सकेको छैन।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दुर्व्यवहार

यस वर्ष जारीका ३ वटा घटना सार्वजनिक जानकारीमा आए।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूत समेत

कुल्देवमाण्डौ गाविस-६ का नयाँ लोहारलगायत् २० जनालाई ०६० साउन ५ गते स्थानीय देव कटुवालको परिवारले सार्वजनिक बाटोमा हिंड्न रोक लगाई कुटपिट गरी गाली गलौज गरे।

कुल्देवमाण्डौ गाविस-६ का राम दमाईलाई दलित भएकै कारण ०६० साउन १० गते शेरबहादुर धामीले चिया खाएको गिलास जबरजस्ती माझ्न लगाए।

बडीमालिका मन्दिरमा ०६० साउन २५ गते दलितहरूको एक समूह प्रवेश गर्न लाग्दा जगन्नाथ गाविसका अर्जुन विष्टले विरोध गरे।

विविध

संरचना क्षति

यस जिल्लामा हालसम्म २६ वटा गाविस भवन, भेटनरी २, कोल्टीस्थित लघु जलविद्युत आयोजनाको कार्यालय १, टाँटस्थित कृषि सेवा केन्द्र १, खानेपानी कार्यालय १, वन रेन्जपोष्ट ३, इलाका हुलाक १२ र प्रहरी चौकी ४ वटा माओवादीद्वारा क्षतिग्रस्त बनाइएका छन्। यी मध्ये यस वर्ष टाँटस्थित भेटनरी, कृषि सामग्री, हुलाक, रेन्जपोष्ट र मार्तडीस्थित विद्युत गृह क्षतिग्रस्त बनाइएको हो।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष एक महिलाले विष सेवन गरी आत्महत्या गरिन्। बाढी पहिरोमा परी ३ बालिका, एक महिला र एक पुरूषको मृत्यु भयो। लुटपाटको एउटा घटना भयो भने व्यक्तिगत कुटपिटबाट ३ जना पीडित भए।

यस जिल्लाको सदरमुकाममा माओवादीले अघोषित नाकाबन्दी लगाएका कारण जनताले समस्या भोग्नु पर्‍यो।

५.५ बझाङ



जनसंख्या : १६७०२६
साक्षरता प्रतिशत : ३८
महिला साक्षरता प्रतिशत : १६
क्षेत्रफल (वर्ग कि.मी.) : ३४२२
गाविस/नपा संख्या : ४७/०
निर्वाचन क्षेत्र : २
विद्यालय : २८८
क्याम्पस/उच्च मावि : १/४
अस्पताल/स्वास्थ्य चौकी : १/४५
टेलिफोन लाइन : १२०
मोटर सडक (कि.मी.) : ६०
प्रहरी कार्यालय संख्या : १३
हुलाक संख्या : १५
मानव विकास सूचकांक : ०.२०१
प्रति एक डाक्टर जनसंख्या : ३९६४९
प्रति परिवार सरदर संख्या : ५.८५

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

भैरवनाथ गाविसको सुडीखोला भन्ने ठाउँमा विक्रमबहादुर धामीलाई माओवादीको आरोपमा ०५९ फागुन ७ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

सुवेडा गाविस-६ मा पसलमा बसिरहेका २६ वर्षीय डब्बलबहादुर सिंह, २४ वर्षीय केशवहादुर सिंह र २३ वर्षीय दिलबहादुर सिंहलाई सुरक्षाकर्मीले ०६० असोज ३ गते गिरफ्तार गरी चैनपुर ल्याउने क्रममा कुटपिट, लछारपछार गरी हत्या गरे भने मृतक दिलबहादुर सिंहलाई अस्पताल लिएर आएका थिए। सुरक्षाकर्मी सोही दिन राति

सर्चमा गई जगतबहादुर सिंह, बमबहादुर सिंह, कलकबहादुर सिंह र ईश्वरबहादुर पाललाई कम्तिमा एक महिना १२ दिन सजाय दिई तारिखमा रिहा गरे।

कणेल गाविस जयपृथ्वीनगर भन्ने ठाउँमा विद्युतीय धराप थापी बसेका तीन माओवादी कार्यकर्तालाई ०६० असोज ३० गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

देउलीकोट गाविस-८ स्थित जंगलमा ०६० मंसिर १ गते ४-५ जनाको समूहमा रहेका मध्ये नाम नखुलेका एकजना माओवादी कार्यकर्तालाई सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

माओवादीबाट

सुवेडा गाविस-६ नौरातर्फ गइरहेको कालिजङ्ग गुल्म, बभाङ्गको सुरक्षाकर्मीको टोलीलाई ०६० असोज ३ गते माओवादीले विद्युतीय धरापमा पार्दा गोरखा जिल्ला घर भएका प्रकाश बस्नेतको मृत्यु भयो।

रिठापाटा गाविस-१ ग्वानीका जंगबहादुर बोहोरालाई ०६० असोज ११ गते माओवादीले गोली हानी हत्या गरे। पीडितका छोरा गणेश बोहोरालाई माओवादीले कुटपिट गर्न लागेपछि छुट्याउन पुगेको अवस्थामा गोली हानिएको थियो।

दोहोरो भिडन्त

पाराकाटने गाविसको पिखेत खोलामा ०६० भदौ ४ गते सुरक्षाकर्मी र माओवादीबीच दोहोरो भिडन्त हुँदा सुरक्षाकर्मीको गोली लागी एक महिला माओवादी कार्यकर्ताको मृत्यु भयो।

खिरातडी गाविस-९ स्थित जंगलमा ०६० कार्तिक ३० गते सुरक्षाकर्मी र माओवादीबीच दोहोरो भिडन्त हुँदा सुरक्षाकर्मीको गोली लागी अन्दाजी २५ जना माओवादी कार्यकर्ताको मृत्यु भयो। भिडन्त पछि लासहरू घटनास्थलमै छोडिएकोले गाउँ नै दुर्गन्धित भएको थियो। उक्त घटनामा ४ प्रहरी र ३ सेना सख्त घाइते भए।

खिरातडी गाविस र मामचौर गाविसको सिमानामा पर्ने रनलेख भन्ने ठाउँमा माओवादी र सेनाको दोहोरो भिडन्त हुँदा ०६० कार्तिक ३० गते माओवादीले पहाडबाट ढुंगा खसाल्दा ३ जना नाम नखुलेका शाही नेपाली सेनाका तीन जना जवानको मृत्यु भयो।

गोली / बम / एम्बुसद्वारा घाइते

राज्यबाट

चैनपुर गाविस-१ चैनपुर बजारका १५ वर्षीय मन्जुकुमारी सिंह ०५९ माघ २३ गते प्रहरीको गोलीबाट घाइते भइन्। चिया नास्ता गरिरहेको अवस्थामा आफूले बोकेको बन्दुक अकस्मात जमिनमा खस्न गई पट्कँदा पीडितको खुट्टामा गोली लागी घाइते भएको प्रहरीले बताए।

बेपता / अपहरण

माओवादीबाट

रिठापाटा गाविस-१ का २४ वर्षीय उत्तम बोहोरालाई सुराकीको आरोपमा ०६० साउन २७ गते माओवादीले अपहरण गरी दुई दिनपछि मुक्त गरे।

रिठापाटा गाविस-६ का रवी खड्कालाई नक्कली माओवादी बनेको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरी आत्मसमर्पण गराएपछि ०६० भदौ १५ गते माओवादीले अपहरण गरे। पीडित हाल मुक्त भएका छन्।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	३	२	१	३	४	६			६	६	८	१	२५	३४
घाइते					१	७			७	१		१		१
बम विस्फोटन					१			१	१					
गिरफ्तारी/यातना										३	१०	४	३	१७
कुटपिट	१	१		१	४	५	१		६					
धम्की	१	१		१	१	१			१	१	१			१
जातीय विभेद	३	२	१	३										
महिलाअधिकार	१०		१०	१०										
अपहरण					२	२			२					
जम्मा	१८	६	१२	१८	१३	२१	१	१	२३	११	१९	६	२८	५३

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

कणेल गाविस-१ घर भई शान्ति उच्च माविमा कार्यरत शिक्षक ३५ वर्षीय महेन्द्रबहादुर सिंहलाई माओवादी क्रियाकलापमा संलग्न भएको आरोपमा ०५९ माघ २४ गते सुरक्षाकर्मीले घर घेरा हाली ज्यानमार्ने धम्की दिए।

कणेल गाविस-६ का ४० वर्षीय शिवराज जैशीलाई माओवादी गतिविधिमा संलग्न रहेको आशंकामा ०५९ माघ २४ गते सुरक्षाकर्मीले घर घेरा हाली घरमा तोडफोड गरे।

माओवादीबाट

व्यासी गाविस-२ का ४० वर्षीय वैलु राना, ३५ वर्षीय सितादेवी थापा र ४५ वर्षीय दिलु थापालाई मादक पदार्थ बिक्री गरेको आरोपमा ०५९ माघ १ गते माओवादीले हातखुट्टा बाँधी कुटपिट गरे।

कणेल गाविसको बाहुनडाँडाका ३५ वर्षीय चन्द्रबहादुर सार्कीलाई मादक पदार्थ सेवन गरेको आरोपमा ०५९ माघ २८ गते माओवादीले मरणासन्न हुने गरी कुटपिट गरे।

चौधारी गाविस-८ का २२ वर्षीय नरेन्द्रबहादुर भण्डारीलाई झनाना बजारमा गाडीको शिशा तोडफोड गरेको आरोपमा ०५९ चैत १० गते माओवादीले हातखुट्टा भाँचिदिए।

भटेला गाविस-८ का ४५ वर्षीय पाण्डवबहादुर कठायतलाई मादक पदार्थ बिक्री गरेको आरोपमा ०६० वैशाख १७ गते माओवादीले कुटपिट गरे।

रिठापाटा गाविस-६ स्थित नेपाल खाद्य संस्थान शाखा कार्यालयका दुई जना कर्मचारीबाट ८ हजार रूपैयाँ र सदरमुकाम चैनपुरमा खाद्यान्न ढुवानी गर्न भनी ल्याएको ७ हजार रूपैयाँ ०६० भदौ १७ गते माओवादीले कर्मचारीको निधारमा पेस्तोल देखाई लुटे।

पाटादेवल गाविस-५ का डबलबहादुर खड्कालाई ०६० भदौ २५ गते माओवादीले एक लाख रूपैयाँ चन्दा माग्दा दिन नसक्ने भन्दा १० देखि १२ लाख रुपैयाँसम्मको क्षति हुने गरी धनमाल लुटे। पीडितले गाउँको गुठी जग्गामा राखेका दलितहरूको जग्गा सबै आफ्नो नाममा गरेर अलपत्र पारिदिएका थिए भनेर गाउँलेहरू बताउँछन्।

अन्य

सुर्मा गाविसको सुर्मा प्रावि विछडाका प्रधानाध्यापक ३५ वर्षीय नन्दराम जोशीलाई सोही विद्यालयका सहप्रधानाध्यापक राजेन्द्रबहादुर बोहोरा र व्यवस्थापन समितिका सदस्यहरू मानबहादुर बोहोरा, गणेश बोहोरा र कलक बोहोराले ०६० वैशाख २३ गते अफिस कोठाभित्रै कुटपिट गरे। घाइते प्रधानाध्यापकको टाउकोमा १४ टाँका लगाइएको थियो।

यातना तथा अन्य क्रुर अमाबवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

भैरवनाथ गाविसको सुडिखोलानजिक ०५९ फागुन ७ गते सुरक्षाकर्मी र माओवादीबीच दोहोरो भिडन्त हुँदा नाम नखुलेका तीन माओवादी कार्यकर्तालाई सुरक्षाकर्मीले गिरफ्तार गरे।

बझाङ्का प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाउन सदरमुकाम जान लागेका ९ जना माओवादी कार्यकर्तालाई ०६० साउन १२ गते रिठापाटा गाविसको सिमखेत भन्ने ठाउँबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई हिरासतमा राखियो।

कणेल गाविसको जयपृथ्वीनगर भन्ने ठाउँमा माओवादी कमान्डर उद्धव सिंहसहित ५ जना माओवादी कार्यकर्तालाई ०६० साउन २६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई सैनिक हिरासत चैनपुरमा राखिए।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव दूर्व्यवहार

सिमखेत बजारमा होटल व्यवसाय संचालन गरी बसेकी एक महिलालाई ०६० वैशाख १ गते रिठापाटा गाविस-६ का २८ वर्षीय रेवबहादुर खड्काले बलात्कार गरे। पीडकलाई हाल पुर्पक्षको लागि थुनामा राखिएको छ।

कणेल गाविस-१ की आफ्नै फुपु नाता पर्ने एक युवतीलाई ०६० वैशाख ३ गते सोही ठाउँका ३० वर्षीय कृष्णबहादुर सिंहले बलात्कार गरी गर्भ बोकाए। पीडित स्थानीय विद्यालयको कक्षा १० मा अध्ययरत छिन्।

कालुखेती गाविस-६ की २५ वर्षीय एक महिलालाई ०६० वैशाख २५ गते भटेला गाविसको भाँडे बगड हाटबजारमा दैनिक उपभोग्य सामान किन्न जाँदा बजारमा व्यापार गरी बस्ने लच्छु, खैजु, नवीन, भोज भनिने ९ जनाले बलात्कार गरे।

रिठापाटा गाविस-१ का गणेश बोहोराले सोही ठाउँकी कुन्ती दमाईसँग यौन शोषण गरिरहेको अवस्थामा ०६० साउन ४ गते स्थानीय बासिन्दाले रंगे हात फेला पारे। पीडकले कुन्तीसँगै विवाह गर्छु भनी लामो समयदेखि यौन शोषण गर्दै आएका थिए। स्थानीय जनताले रंगेहात

फेला पारेपछि १ लाख ५० हजार रूपैयाँ तिर्ने वा घटना बाहिर नल्याउन आग्रह गरे पनि माओवादीले थाहा पाएपछि दुवै जनालाई मोसो दली गाउँ घुमाए।

लेकगाउँ गाविस-६ का ३८ वर्षीय जयबहादुर धामीले ०६० वैशाख ६ गते आफ्नै पत्नीलाई कुटपिट गरी घरबाट निकाली दोस्रो विवाह गरे।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूत समेत

व्यासी गाविस-६ का रवीन्द्रकुमार विकलाई जातीय छुवाछूतका कारण ०५९ चैत १६ गते सोही गाविस-५ का २५ वर्षीय टेकबहादुर सिंहले गाली बेइज्जति गरे।

मेलविसौना गाविस-६ की २२ वर्षीय जला सार्कीलाई ०६० साउन १२ गते सोही ठाउँका २५ वर्षीय गणेश थापाले विवाह गर्छु भनी भारत लगेको र त्यहाँ पुऱ्याई जातको कारण देखाई विवाह गर्न इन्कार गरेपछि पीडितलाई नेपाल फिर्ता पठाए।

मेलविसौना गाविस-७ की २० वर्षीय एक युवतीलाई ०६० भदौ १५ गते सोही गाविस-१ का २० वर्षीय सुरेन्द्रबहादुर सिंहले लामो समयसम्म आर्थिक लोभलालच देखाई विवाह गर्छु भनी यौन सम्पर्क गर्दै आएका थिए। पीडकले जातियताको कारण विवाह नगरी अलपत्र पारे।

मेलविसौना गाविस-७ की २० वर्षीय एक युवतीलाई ०६० भदौ २२ गते सोही गाविस-६ का बाबाजी थापाले विवाह गर्छु भनी भारत लगेकोमा जातको कारण देखाई विवाह गर्न इन्कार गरेर नेपाल फिर्ता पठाए। पीडकले पीडितलाई विगत लामो समयदेखि यौन शोषण गर्दै आएका थिए।

पौवागढी गाविसकी १८ वर्षीय एक युवतीलाई विवाह गर्छु भनी आर्थिक लोभलालच देखाई ०६० मंसिर ८ गते सोही गाविस-७ गढीगाउँका २५ वर्षीय हिमराज जोशीले यौन शोषण गरे। पीडकमाथि कारवाहीको लागि स्थानीय जनताले माओवादीसमक्ष उजुरी गरेकोमा दुवै जनाको विवाह गराई गाउँ घुमाए। हाल पीडक भारततर्फ गएकाले आशादेवी अलपत्र परेकी छिन्।

विविध

संरचना क्षति

रिठापाटा गाविस-६ स्थित जालपा माविको नयाँ भवन निर्माण गर्नका लागि गाविस भवनमा राखिएका सामानहरू ०६० मंसिर १९ गते राति अज्ञात व्यक्तिहरूले जलाए। उक्त घटना भएको केही दिनपछि माओवादीले "हामीले यस्तो कार्य गरेका होइनौं" भनी दावी गरे।

मटेला गाविस स्थित झोलुङ्गे पुल यस वर्ष माओवादीले बम प्रहार गरी नष्ट गरे। माओवादीका कारण गाडी पुगिरहेको ठाउँबाट चामल, तेल, गहुँ आदि सदरमुकाम नाकाबन्दीका कारण सामान ल्याउन नपाई रिठापाटा, चैनपुर, हमेन्तवाडा, सुवेडा, लुयाटा र कैलास गाविसका जनता पूर्ण रूपमा वञ्चित भए। खाद्यान्नमा भएको चामल र साझा संस्थानमा भएको नुन, गहुँ, चामल सबै पुलिस प्रशासनले आफ्नो कब्जामा लिएपछि जिल्लावासीलाई अप्ठ्यारो परेको छ।

५.६ कञ्चनपुर



जनसंख्या	:३७७८९९
साक्षरता प्रतिशत	:६६.५६
महिला साक्षरता प्रतिशत	:५३.६१
क्षेत्रफल (वर्ग कि.मी.)	:१६१०
गाविस/नपा संख्या	:१९/१
निर्वाचन क्षेत्र	:३
विद्यालय	:३१२
क्याम्पस/उच्च मावि	:८/११
अस्पताल/स्वास्थ्य चौकी	: २/२१
टेलिफोन लाइन	:३५७०
मोटर सडक (कि.मी.)	:२१५
प्रहरी कार्यालय संख्या	:१४
हुलाक संख्या	:२३
मानव विकास सूचकांक	:०.३३२
प्रति एक डाक्टर जनसंख्या	:२०९९४
प्रति परिवार सरदर संख्या	:६.२८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

रामपुर विलासीपुर गाविस-२ भुडामा नाम, ठेगाना नखुलेका एक महिलासहित ५ माओवादी कार्यकर्ताको ०५९ पुस ३० गते सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। सोही ठाउँ बस्ने शाही नेपाली सेनाका जवान कमल पण्डितलाई माओवादीले हत्या गर्ने प्रयास गरेपछि गरिएको सुरक्षा कारवाहीमा माओवादीको मृत्यु भएको थियो।

अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला अध्यक्ष संगीन भनिने तिलक भण्डारीलगायत् ५ माओवादी कार्यकर्तालाई ०५९ माघ १३ गते सुडा गाविस-१ लालपुरमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

महेन्द्रनगर नपा-११ घर भई म. १ ज ४३ नम्बरको जीपमा खलासी काम गर्ने १८ वर्षीय काले सुनारलाई ०६० भदौ २७ गते प्रहरीले महेन्द्रनगरकै दशरथ चोकमा गोली हानी हत्या गरे। ट्राफिक चोक हुँदै बजार गइरहेको जीपलाई रोक्न अनुरोध गर्दा नरोकेपछि गोली चलाइएको प्रहरीले बतायो। उक्त घटनाको नेपाल यातायात मजदुर संगठनले तत्काल विरोध गर्दै पीडित पक्षलाई क्षतिपूर्ति दिन माग गरेको थियो।

दैजी गाविस-६ जडैपानीस्थित एउटा घरमा बसेका अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला संयोजक जयबहादुर चन्दसमेत ४ जनालाई ०६० असोज ११ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितहरूमध्ये रूपा चौधरी एरिया कमिटी २ की सदस्य भएको र अन्य दुई जनाको नाम खुल्न सकेको छैन।

झलारी गाविस-६ धारापानीको एउटा घरमा बसेको माओवादी कार्यकर्ता जुना चौधरीको ०६० कार्तिक ६ गते सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

झलारी गाविसको भुवनभोज भन्ने ठाउँमा माओवादी जिल्ला सदस्य विशाल, कार्यकर्ता चित्कार र लालु भनिने माओवादीलाई ०६० कार्तिक २३ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। उक्त घटना माओवादीले आक्रमण गरेपछि सुरक्षाकर्मीले प्रत्याक्रम गर्दा भएको दाबी सुरक्षास्रोतले गरे पनि प्रत्यक्षदर्शीहरू उनीहरूलाई अलग-अलग घरबाट गिरफ्तार गरी हत्या गरेको बताउँछन्।

माओवादीबाट

इलाका प्रहरी कार्यालय त्रिभुवन वस्तीमा कार्यरत प्रहरी जवान प्रेमकुमार चौधरीलाई ०५९ माघ १४ गते भारतको दुदुवा नेशनल पार्क नजिक माओवादीले धारिलो हतियार प्रहार गरी हत्या गरे। पीडितलाई माघ ७ गते अपहरण गरिएकोमा प्रहरीले खोजतलास गर्दा मृत अवस्थामा फेला परेका थिए।

रामपुर विलासीपुर गाविस-२ का ४० वर्षीय अमरवहादुर चन्दलाई सुराकीको आरोपमा ०६० भदौ ३१ गते माओवादीले आफ्नै घरवाट अपहरण गरी हत्या गरे। जनमोर्चा, नेपालका कार्यकर्ता पीडितको लास असोज ३ गते देखतभुलीको चान्देवमा फेला परेको थियो। पीडितको लास हेर्दा शरीर भरि नीलडाम देखिन्थे। उनलाई कुटपिट

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	८	५	३	८	१०	१३		१३	१०	२२	१		२३
घाइते	४	६	१	७	३	५	१	६	१	१			१
गिरफ्तारी/यातना									२५	७७	६		८३
वेपत्ता									२	७	१		८
कुटपिट					५	७		७	१	१			१
धम्की	१	१		१	३	५		५	२	२			२
भेला/संगठित हुने अधिकार									५	११	१	२	१४
जातीय विभेद	१	१		१									
महिलाअधिकार	३		३	३					५		५		५
बालअधिकार	३		३	३									
अपहरण					४	५	१	६					
जम्मा	२०	१३	१०	२३	२४	३५	२	३७	५१	१२१	१४	२	१३७

गरी हत्या गरिएको अनुमान गरिएको छ।

श्रीपुर गाविस-२ भकुण्डाका ३० वर्षीय बाबुराम चौधरीलाई सुराकीको आरोपमा ०६० असोज ११ गते माओवादीले अपहरण गरी भोलिपल्ट श्रीपुर गाविस-५ शान्तिपुरमा हत्या गरे। एमालेका सदस्य रहेका पीडितलाई यस अघि पनि माओवादीले पटक-पटक अपहरण गरी यातना दिएका थिए।

रामपुर गाविस-९ का २२ वर्षीय दीपकराज जोशीलाई नक्कली माओवादी बनी लुटपाट गरेको आरोपमा ०६० असोज १३ गते लक्ष्मीपुर गाविस-९ बुटाबारीमा माओवादीले खुकुरी प्रहार गरी हत्या गरे। पीडित बाइसी बिचवा गाविसकी एक महिलाको हत्या गर्ने गिरोहमा संलग्न रहेको प्रमाणित भएपछि हत्या गरिएको माओवादीको दाबी छ।

कालिका गाविस-१ का २९ वर्षीय कमल विक र २८ वर्षीय मइती विकलाई नक्कली माओवादी बनी जनता ठगेको आरोपमा ०६० कार्तिक ३ गते सोही गाविस-१ मा माओवादीले धारिलो हतियार प्रहार गरी हत्या गरे। उनीहरूलाई त्रिभुवनवस्ती गाविस-५ को सुकुम्बासी बस्तीमा माओवादीका नाममा चन्दा उठाइरहेको अवस्थामा स्थानीय वासिन्दाले समाती सुरक्षाकर्मीलाई बुझाउने तयारी गर्दा माओवादीले लगेका थिए। सोही घटनामा संलग्न रहेको आरोपमा त्रिभुवनवस्ती गाविस-३ का १७ वर्षीय मनबहादुर विक र कैलालीको मसुरीया घर भएका प्रकाश विकलाई कालिकाको पुरानो टिसिएन कम्पाउण्डमा धारिलो हतियार प्रयोग गरी हत्या गरे।

कालिका गाविसको आइवीआरडी बजारका सेनाका पूर्व हवल्दार ४० वर्षीय तेजबहादुर खड्कालाई नक्कली माओवादीको नाइके भएको आरोपमा ०६० कार्तिक ४ गते सोही गाविसको कान्छीबजारमा माओवादीले कुटपिट गरी हत्या गरे। पीडितको लास रूखमा झुण्ड्याइएको थियो।

महेन्द्रनगर नपा-१० गड्डाचौकीस्थित इलाका प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान रामबहादुर विष्टलाई ०६० मंसिर १७ गते ड्यूटीमा रहेको अवस्थामा गड्डाचौकी सीमामा माओवादीले गोली प्रहार गरी हत्या गरे। सोही घटनामा प्रहरी जवान भरतसिंह धामी गोली लागी घाइते भए।

वडा प्रहरी कार्यालय, महेन्द्रनगरमा कार्यरत प्रहरी जवान नारायण सिंह कार्कीलाई ०६० पुस ७ गते भानुचोकमा प्रहरी भ्यानको सुरक्षा गरिरहेको अवस्थामा माओवादीले गोली प्रहार गरी हत्या गरे। सोही घटनामा जिप चालक प्रहरी जवान योगेन्द्र चोख्याल घाइते भए।

अन्यबाट

लक्ष्मीपुर गाविस-५ घर भई लक्ष्मी मावि जबदियामा कार्यरत खरिदार ३८ वर्षीय पतिराम चौधरीलाई ०५९ चैत २० गते अज्ञात समूहले धारिलो हतियार प्रहार गरी हत्या गरे।

यस बाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका हत्याका घटनामा ६ जनाको मृत्यु भयो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

झलारी गाविस-६ धारापानीको एउटा बसेकी माओवादी कार्यकर्ता वेदना चौधरीलाई ०६० कार्तिक ६ गते सुरक्षाकर्मीले गोली हानी घाइते बनाए।

माओवादीबाट

कृष्णपुर गाविस-१ स्थित इलाका प्रहरी कार्यालय गुलरियामा कार्यरत असई गणेशबहादुर थापालाई ०६० भदौ २१ गते माओवादीले गोली प्रहार गरी घाइते बनाए। पीडितको उपचार नेपालगञ्जमा गरियो।

महेन्द्रनगर नपा-१० स्थित इलाका प्रहरी कार्यालय, गड्डाचौकीमा कार्यरत भई सीमा व्यरियलमा ड्युटी गरिरहेका प्रहरी जवानहरू कृष्णबहादुर बम र ज्ञानसिंह पुजारालाई ०६० असोज २४ गते माओवादीले गोली प्रहार गरी घाइते बनाए।

महेन्द्रनगर नपा-१० गड्डाचौकीमा मनिचेन्जर संचालन गरी बसेका ५८ वर्षीय चन्द्रबहादुर मल्ल, उनकी पत्नी इन्द्रा मल्ल र कर्मचारी मेघनाथ घिमिरेलाई ०६० मंसिर १७ गते माओवादीले गोली प्रहार गरी घाइते बनाए। मनिचेन्जर लुट्ने माओवादीको प्रतिकार गर्दा उनीहरूमाथि गोली प्रहार गरिएको पीडित पक्षको भनाइ छ।

जेल र बन्दीहरू

'ग' श्रेणीमा रहेको ७५ जना क्षमता भएको यस जिल्लाको जेलमा कैद तोकिएका ४२ र नतोकिएका ७५ गरी १ सय १७ जना बन्दी छन्। हातहतियार तथा खरखजाना ऐनमा २ महिला, १२ पुरूष, आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन अन्तर्गत २ महिला, २५ पुरूष र हत्याको आरोपमा २ पुरूष गरी जम्मा ४३ जना आस्थाका बन्दी छन्।

कञ्चनपुर जेलमा रहेका ५ जना आस्थाका बन्दीले सरकारले सिदा बढाउने घोषणा गरे पनि बढाइएको सिदा नपाएको, बन्दीलाई अन्य भौतिक सुविधा नदिएको जस्ता

१३ सूत्रीय माग राखी ०६० साउन १२ गतेदेखि आमरण अनशन गरे। बन्दी र जेल प्रशासनबीच साउन १६ गते सहमतिपश्चात् अनशन टुंगिएको थियो।

बेपत्ता / अपहरण

राज्यबाट

महेन्द्रनगर नपा-६ हल्दुखालबाट एक महिलासहित ५ माओवादी कार्यकर्तालाई ०६० साउन २२ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूको अवस्था अज्ञात छ।

दैजी गाविस-३ बीचफाँटा मुक्तकमैया शिविरका ३० वर्षीय कालु चौधरी र २२ वर्षीय मोहन चौधरीलाई गड्डाचौकीमा दुई दिनअघि भएको घटनामा संलग्न रहेको आरोपमा ०६० मंसिर १९ गते महेन्द्रनगर नपा-१० गड्डाचौकीबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा पीडितहरूको अवस्था अज्ञात छ।

माओवादीबाट

धनगढीस्थित प्रहरी गणमा कार्यरत महिला प्रहरी सुधा रानालाई ०५९ माघ ४ गते महेन्द्रनगर नपा-२ मा घर बिदामा आएको अवस्थामा घरबाटै माओवादीले अपहरण गरी भोलिपल्ट मुक्त गरे।

सुडा गाविस-५ का २८ वर्षीय पदमराज बोहरालाई सुराकीको आरोपमा ०६० असोज ७ गते सोही ठाउँको शिवशक्ति आयल स्टोरबाट अपहरण गरी तीन दिनपछि मुक्त गरे।

महेन्द्रनगर नपा-१९ का पूर्व माओवादी नेता रघुवीर जोशीलाई सुराकीको आरोपमा ०६० असोज ८ गते माओवादीले अपहरण गरी सोही दिन मुक्त गरे।

कालिका गाविस-८ का १६ वर्षीय मनोज भट्ट, १६ वर्षीय अर्जुन विक र लक्ष्मीपुर गाविस-७ का १५ वर्षीय नरेश आचार्यलाई नक्कली माओवादीलाई सहयोग गरेको आरोपमा माओवादीले अपहरण गरे। पीडितहरूमध्ये अर्जुन विक र नरेश आचार्यलाई तीन दिनपछि र मनोज भट्टलाई १५ दिनपछि मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

पिपलाडी गाविसको बन्सा घर भएका जनमोर्चा नेपालका जिल्ला कोषाध्यक्ष रामबहादुर कार्कीलाई ०५९ पुस १९ गते इलाका प्रहरी कार्यालयमा कार्यरत प्रहरी हवल्दार नन्दराज पाठकले झलारी बजारमा कुटपिट गरे। पीडित जिल्ला प्रशासन कार्यालयले आयोजना गरेको सर्वदलीय बैठकमा भाग लिन जानेक्रममा कुटपिट गरिएको थियो।

महेन्द्रनगरबाट प्रकाशित हुने अभियान दैनिकमा कार्यरत पत्रकार राजेन्द्र भट्टलाई प्रहरी विरूद्ध समाचार लेखेको आरोपमा ०६० मंसिर ४ गते जिल्ला प्रहरी कार्यालयमा कार्यरत एक प्रहरी निरीक्षकले प्रहरी विरूद्ध समाचार छापे थुनिदिने धम्की दिए। अभियान दैनिकको कार्तिक ३० गतेको अंकमा "प्रहरीद्वारा गड्डाचौकी सीमा ब्यरियलमा अभद्र व्यवहार" शीर्षकको समाचार प्रकाशित भएको थियो।

माओवादीबाट

रामपुर गाविस-२ भुडाका शाही सेनाका जवान कमल पण्डितलाई ०५९ पुस २७ गते माओवादीले कुटपिट गरे। पीडितलाई ज्यानमार्ने धम्की समेत दिइयो।

लक्ष्मीपुर गाविस-१ पडाउ घर भई देखतभुली गाविस-१ स्थित ससुरालीमा बस्न आएका २६ वर्षीय वीरबहादुर चौधरीलाई नक्कली माओवादी बनी लुटपाट गरेको आरोपमा ०६० जेठ १ गते माओवादीले टाउकाको कपाल उखेली यातना दिए।

देखतभुली गाविस-८ का ३६ वर्षीय विप्लु रानालाई नक्कली माओवादी बनी आफ्नै साढुसँग ३० हजार रूपैयाँ लुटेको आरोपमा ०६० जेठ १२ गते माओवादीले कुटपिट गरे।

शाही नेपाली सेनामा कार्यरत जवान कमल पण्डितको रामपुर विलासीपुर गाविस-२ स्थित घरमा बस्ने उनका बाबु, आमा र पत्नीलाई ०६० भदौ २६ गते माओवादीले घर नछोडे ज्यानमार्ने धम्की दिई घरमा ताला लगाए।

बेल्डाडी गाविस-१ मा पसल गरी बस्ने सरद राईलाई माओवादीले ज्यानमार्ने धम्की दिई पसलमा लुटपाट गरे। आफ्नो आधार इलाकामा बसेर जनतालाई शोषण गरेको र महिलामाथि अभद्र व्यवहार गरेकोले पसल कब्जा गरिएको उल्लेख गर्दै माओवादी एरिया नं. १ का सेक्रेटरी बहादुरले प्रेस वक्तव्य जारी गरे। प्रेस वक्तव्यमा व्यवहार नसुधारे राईको ज्यान समेत मार्ने धम्की दिइयो।

श्रीपुर गाविस-८ का २२ वर्षीय मदनसिंह विष्टलाई माओवादीको नाममा ठगी गरेको आरोपमा ०६० असोज ७ गते राति बेलौरी बजारमा माओवादीले कुटपिट गरी घाइते बनाए।

कृष्णपुर गाविस-४ का १६ वर्षीय लोकबहादुर कुँवर, प्रकाश कुँवर र १५ वर्षीय कृष्ण कुँवरलाई बाटो

नदेखाएको आरोपमा ०६० असोज २ गते माओवादीले कुटपिट गरे।

अन्यबाट

०५९ सालको एसएलसी परीक्षामा शून्य प्रतिशत नतिजा ल्याएको भन्दै जिल्ला शिक्षा अधिकारी र शून्य नतिजा ल्याउने नन्द मावि देखतभुली, गणेश मावि ३ घुर्सूवा, राष्ट्रिय मावि पहरीया, शिद्धनाथ वैजनाथ मावि मटैना, सरस्वती मावि परखेडी र जानकी कन्या मावि महेन्द्रनगरका प्रधानाध्यापकको ०६० असार १३ गते महेन्द्रनगरमा विभिन्न विद्यार्थी संगठनहरूले सामूहिकरूपमा सार्वजनिक वेइज्जति गरे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

माओवादीको भातृ संगठन थारूवान मुक्ति मोर्चाले ०५९ चैत १० गते महेन्द्रनगरमा गर्ने भनिएको आमसभा प्रशासनिक हस्तक्षेपका कारण हुन सकेन। कार्यक्रम शुरू हुनु केही घण्टा पूर्व मात्र महेन्द्रनगरलाई सभा जुलुस निषेधित क्षेत्र घोषणा गरेर प्रशासनले खुल्ला मञ्चको गेटमा समेत ताला लगायो।

पिपलाडी गाविस लोहारमा ०५९ फागुन ५ गते युद्धविरामको अवस्थामा आमसभा गरिरहेका माओवादी कार्यकर्तालाई घेरा हाली सुरक्षाकर्मीले १५ जना माओवादी कार्यकर्तालाई हिरासतमा राखे। हिरासतमा राखिएका मध्ये १२ जना ०५९ फागुन २४ गते हिरासतबाटै फरार भए भने बाँकी तीन जनालाई हातहतियार खरखजना ऐनअन्तर्गत थुनामा राखिएको छ।

पेट्रोलियम पदार्थको मूल्यबृद्धि विरूद्ध ०६० वैशाख १५ गते आयोजित नेपाल बन्दका क्रममा जुलुस प्रदर्शन गरिरहेका अनेरास्ववियु केन्द्रीय सदस्य नरबहादुर धामी, नेविसंघका पदमराज पन्त, गोपी उपाध्ययाय र अनेरास्ववियुका बचनकुमार सिंह, खेमराज ऐरी र निरन्जन भट्टलाई प्रहरीले गिरफ्तार गरी ४ घण्टा हिरासतमा राखी रिहा गरे।

प्रतिगमनको पुत्ला जलाइरहेका महेन्द्रबजारबाट पूर्व उपसभामुख भोजराज जोशी, एमाले कंचनपुरका उपसचिव राजेन्द्र सिंह रावल, सदस्यहरू ईश्वरीप्रसाद खरेल, राजेन्द्र जोशी, चम्फासिंह भण्डारी, नेपाल ट्रेड युनियनका केन्द्रीय सदस्य धर्मानन्द पन्त, पूर्व सांसद वासुदेव भट्ट, नेकाँ कंचनपुरका सहसचिव गोपाल भण्डारीलगायत् २१ जनालाई ०६० वैशाख २७ गते प्रहरीले गिरफ्तार गरी ४ घण्टा हिरासतमा राखे।

एमाले जिल्ला कमिटीका उपसचिव राजेन्द्रसिंह रावललाई ०६० जेठ ५ गते नगरपालिकामा धर्ना दिइरहेका बेला प्रहरीले टाउकोमा लाठी प्रहार गरी घाइते बनाए।

राष्ट्रिय सभाका सदस्य उर्वादत्त पन्तलाई ०६० जेठ ११ गते महेन्द्रनगरको भानु चोकमा विरोध सभा गरिरहेका बेला गिरफ्तार गर्ने क्रममा प्रहरीले अपशब्द प्रयोग गरे। विरोध सभाबाट राष्ट्रिय सभा सदस्य लालबहादुर विक, पूर्व सांसदहरू वासुदेव भट्ट, रामकुमार ज्ञवाली लगायत् ३१ जनालाई प्रहरीले गिरफ्तार गरे। गिरफ्तार गरिएका एमालेका खेम सुवेदी र पल्लवराज भट्टलाई प्रहरीले भ्यानबाट खसाली घाइते बनाए।

प्रतिगमनविरूद्ध पाँच राजनीतिक दलले ०६० वैशाख ३० गते आयोजना गरेको सरकारी गाडी रोक्ने कार्यक्रम, ०६० जेठ ११ गते विरोध सभा, ०६० जेठ २२ गते निस्किएको जुलुस, ०६० जेठ २७ गते मालपोत कार्यालय अगाडि धर्ना दिइरहेको अवस्थामा, ०६० जेठ ३० गते निकालेको जुलुसमाथि प्रहरीले हस्तक्षेप गरी विभिन्न नेता तथा कार्यकर्ताहरूलाई गिरफ्तार गरे।

प्रतिगमनको विरोध गर्दै ०६० पुस ८ गते महेन्द्रनगरमा मसाल जुलुस प्रदर्शन गरिरहेका तीन विद्यार्थी संगठनका ६ जनालाई प्रहरीले गिरफ्तार गरी डेढ घण्टा हिरासतमा राखे।

प्रतिगमनको विरोध गर्दै ०६० पुस १५ गते महेन्द्रनगरमा जुलुस निकालिरहेका विद्यार्थी समूहमाथि प्रहरीले लाठिचार्ज गर्दा अनेरास्ववियुका केन्द्रीय सदस्य नरबहादुर धामी घाइते भए। सो क्रममा प्रहरीले अनेरास्ववियुका केन्द्रीय सदस्य जनकराज अवस्थी, नेविसंघ केन्द्रीय सदस्य पदमराज पन्त समेत १४ जनालाई गिरफ्तार गरी २ घण्टापछि रिहा गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा देवानी मुद्दा ६५ वटा दर्ता भएकोमा ५ वटा मात्र फर्स्यौट भए। फौज्दारीतर्फ व्यक्तिगत फौज्दारीका ४४ र सरकारवादी ३६ वटा दर्ता भएकोमा व्यक्तिगत फौज्दारीका ६ वटा मुद्दा फर्स्यौट भए।

अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका १ सय ३४ मध्ये फर्स्यौट हुन बाँकी ८० र यस वर्षका ६० गरी जम्मा १ सय ४० वटा देवानी मुद्दा छन्।

व्यक्तिगत फौज्दारीतर्फ जिम्मेवारी सरेर आएका ७८ मध्ये फर्स्यौट हुन बाँकी ४१ र यस वर्षका ३८ गरी जम्मा ७९ मुद्दा छन्। यसैगरी सरकारवादी फौज्दारी तर्फ जिम्मेवारी सरी आएका ४८ मध्ये फर्स्यौट हुन बाँकी २७ र यस वर्षका ३६ गरी ६२ मुद्दा छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

कृष्णपुर गाविस-२ खललागोठमा बसोबास गर्दै आएका २ सय १४ घर धुरी रहेको सुकुम्बासी बस्तीमा ०५९ पुस २९ गते जिल्ला वन कार्यालयको नेतृत्वमा गएको सुरक्षाकर्मीको टोलीले आगो लगाए। आरक्षले हटाएपछि जिल्ला विकास समिति र जिल्ला वन कार्यालयको सहमतिमा आफूहरू त्यहाँ बसेको पीडित पक्षले बताए। पीडितहरू शाही शुक्लाफाँटा आरक्षबाट विस्थापित भएका थिए।

कृष्णपुर गाविस-२ गुन्यालफाँटाका ५० वर्षीय प्रेमबहादुर चन्दको शाही शुक्ला फाँट वन्यजन्तु आरक्षबाट संकटकालीन अवस्थामा हटाइएका पीडितहरूको पुनर्स्थापनाको माग गर्दै जिल्ला प्रशासन कार्यालय अगाडि रिले अनशनमा सहभागी हुँदा विरामी परी उपचारार्थ महाकाली अञ्चल अस्पतालमा उपचारको क्रममा ०६० असार १६ गते मृत्यु भयो।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

लक्ष्मीपुर गाविस-९ घर भई श्रीपुर गाविसको वेलौडी बजारमा पसल गरी बस्ने २६ वर्षीय पल्लवराज भट्टलाई ०६० वैशाख २७ गते पसलमा बसिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी तीन घण्टा हिरासतमा राखे।

अनेमसंघ (क्रान्तिकारी) को राष्ट्रिय सम्मेलनका लागि चन्दा संकलनमा हिंडेका जिल्ला अध्यक्ष शारदा चौधरी र सचिव रामपियारी चौधरीलाई ०६० असार ३ गते स्थानीय बसपार्कबाट प्रहरीले गिरफ्तार गरी ६ घण्टा हिरासतमा राखे।

अखिल (क्रान्तिकारी) को १६ औं राष्ट्रिय सम्मेलनका लागि चन्दा संकलनमा हिंडेका जिल्ला सचिव जयबहादुर चन्द, डडेल्धुरा जिल्ला अध्यक्ष नवराज भाट, कोषाध्यक्ष हेमा हमाल, जिल्ला कोषाध्यक्ष आशिष चौधरी र सदस्य उमेश भाटलाई ०६० असार १३ गते प्रहरीले गिरफ्तार गरी ४ दिनसम्म हिरासतमा राखे।

दैजी गाविस-४ बगुनका ३३ वर्षीय माधवप्रसाद भट्टलाई माओवादीलाई खान, बस्न दिएको आरोपमा ०६० असोज ४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी ४ दिनपछि तारिखमा रिहा गरे।

महेन्द्रनगर नपा-१० ब्रम्हदेवमा पसल गरी बस्ने मनिराम जोशी, भीम भट्ट, लालसिंह नेगी र गोपाल सिंह धामीलाई ब्रम्हदेवमा रहेको अस्थायी प्रहरी चौकी ध्वस्त पारेको आरोपमा ०६० असोज ३० गते सुरक्षाकर्मीले गिरफ्तार गरी एक रात हिरासतमा राखी तारिखमा रिहा गरे। सोही आरोपमा सोही ठाउँका २२ वर्षीय एक व्यापारीलाई समेत प्रहरीले तारिखमा राखेका छन्।

झलारी गाविस-९ कलुवापुरमा पसल गरी बस्ने १८ वर्षीय बसन्ती बोहरालाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६० कार्तिक ७ गते सुरक्षाकर्मीले गिरफ्तार गरी ६ दिनपछि रिहा गरे।

अर्घाखाँची जिल्लाको ढाकावाङ गाविस-९ का २४ वर्षीय दामोदर भुसाललाई ०६० कार्तिक १५ गते अध्ययनको क्रममा दिल्लीबाट घर फर्कने क्रममा महेन्द्रनगर नपा-१० गड्डाचौकीका प्रहरीले गिरफ्तार गरी १६ दिन हिरासतमा राखे। पीडितलाई माओवादीको आशंकामा गिरफ्तार गरेको र पछि केटी बेच्ने काममा संलग्न रहेको भनी झुटा मुद्दा लगाउन खोजेको पीडित पक्षको आरोप छ।

रामपुर विलासीपुर गाविस-६ का सुमन राना र नाम नखुलेका अर्को एक चौधरी थरका व्यक्तिलाई माओवादीको आरोपमा ०६० कार्तिक २८ गते महेन्द्रनगर आएका अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी तीन दिन हिरासतमा राखे।

पिपलाडी गाविस-८ का १९ वर्षीय प्रितम राना र रामपुर गाविस-९ का १६ वर्षीय अन्तराम रानालाई ०६० मंसिर २१ गते पिपलाडी गाविस-८ का राम भरोसा रानाको घर बनाउने काम गरिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी ३ दिनपछि रिहा गरे।

बालअधिकार

लक्ष्मीपुर गाविस-९ की ८ वर्षीय एक बालिकालाई ०६० जेठ २४ गते दिउँसो सोही ठाउँका विष्णु अधिकारीले खिर खान दिएर बलात्कार गरे। पीडकलाई प्रहरीद्वारा गिरफ्तार गरी थुनामा राखिएको छ।

कालिका गाविस-६ मोतिवस्तीकी ८ वर्षीय एक बालिकालाई सोही ठाउँका भक्त लोप्चनले ०६० असार २६ गते बलात्कारको प्रयास गरे। पीडकलाई कारवाही गर्न प्रहरीमा उजुरी गरिए पनि सुनुवाई नभएको पीडितको आरोप छ।

त्रिभुवनवस्ती गाविस-८ घर भई कालिका गाविसस्थित किन्डर गार्टेन बोर्डिङ स्कूलमा अध्ययनरत ६ वर्षीय पुष्पा विकलाई डेविड भनिने विद्यालयका प्रिन्सिपलले पढ्न नजानेको भनी कुटपिट गरे। पीडितको शरीरमा २७ वटा नीलडाम थिए।

दैजी गाविस-३ धरमपुरकी ४ वर्षीय एक बालिकालाई ०६० मंसिर २९ गते सोही ठाउँका अर्जुन दौल्याल थापाले घर नजिकको जंगलमा लगी बलात्कार गरे। पीडितले दिएको उजुरीका आधारमा पीडकलाई प्रहरीले हिरासतमा लिए।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दुर्व्यवहार

महेन्द्रनगर नपा-१० तिलकेनीकी २० वर्षीय एक युवतीलाई ०६० असार २८ गते सोही ठाउँमा औषधी पसल गरी बस्ने नन्दराज जोशीले काटिएको हातको उपचार गराउन जाँदा नशालु पदार्थ सुँघाई बेहोस बनाएर भारतको खटीमा पुऱ्याए। पीडित युवती एक हप्तापछि भागेर घर आइन्। पीडक हालसम्म फरार छन्।

कृष्णपुर गाविस-६ पवित्रवस्तीकी २२ वर्षीय एक महिलालाई ०६० भदौ २४ गते बेचबिखन गर्ने उद्देश्यले सोही ठाउँका गोपाल थापा र कालुराम ताम्राकारले गड्डाचौकी नाका हुँदै भारत लैजान खोजे। गड्डाचौकीमा चेलिबेटी बेचबिखन नियन्त्रण गर्ने काममा सक्रिय सर्भ नेपालको सहयोगमा पीडकहरूलाई प्रहरीले हिरासतमा राखी कारवाही चलायो।

महेन्द्रनगर नपा-४ को गल्ली नं. ४ मा डेरा गरी बस्ने २७ वर्षीय एक भारतीय महिलालाई ०६० कार्तिक १ गते आफूलाई सुरक्षाकर्मी बताउने एक युवकले बलात्कार प्रयास गरे। पीडकलाई सादा पोशाकमा आएका सुरक्षाकर्मीले ब्यारेकतर्फ लगेकाले पीडक सुरक्षाकर्मी भएको बुझिएको छ। पीडित महिलाले स्थानीय प्रहरी प्रशासनसमक्ष उजुरी गरे पनि सुनुवाई भएन।

दैजी गाविस-३ बीचफाँटा मुक्त कमैया शिविरका ४ महिलालाई ०६० मंसिर २० गते प्रहरीले बलात्कार गर्ने प्रयास गरे। माओवादीको खोजी गर्न गएका प्रहरीले राति करिब २ बजे शिविरमा पसी पुरूषहरूलाई बन्दुक देखाई महिलाहरूलाई बलात्कार गर्न खोजेको पीडितहरूले पत्रकार सम्मेलन मार्फत् जानकारी गराए। पीडितहरूले दिएको उजुरी अनुसार, जिल्ला प्रहरी कार्यालयले छानबिन टोली गठन गरे पनि प्रतिवेदन सार्वजनिक गरिएको छैन।

पिपलाडी गाविस-८ असैनाका २८ वर्षीय आशादेवी विष्टलाई ०६० वैशाख १ गते आफ्नै पति वीरबहादुर विष्टले हत्या गरे। पीडकलाई हाल पुर्पक्षको लागि थुनामा राखिएको छ।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

रैकवार बिचवा गाविस-५ का २३ वर्षीय प्रताप विकलाई चियाको गिलास छोएको आरोपमा ०६० असोज २३ गते सोही ठाउँका भीमबहादुर विष्ट, मदन विष्ट, गणेश विष्ट, डम्बर विष्ट, लालबहादुर सावद, विरमान सावदलगायत्का व्यक्तिले कुटपिट गरे।

विविध

संरचना क्षति

यस वर्ष माओवादीले विभिन्न मितिमा शंकरपुर, पिपलाडी, कृष्णपुर, झलारी, श्रीपुर, देखतभुली, लक्ष्मीपुर, त्रिभुवनवस्ती र परासन गाविस कार्यालय भवनमा आगजनी र बम विस्फोट गरे। दूरसञ्चार संस्थानका त्रिभुवनवस्ती, श्रीपुर र झलारी एक्सचेन्जमा माओवादीले क्षति पुऱ्याई २ सय २० टेलिफोन लाइन अवरूद्ध पारे। खाली रहेका इलाका प्रहरी कार्यालय त्रिभुवनवस्ती, बेलौरी, गुलरीया र झलारीका भवनमा माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए। शंकरपुर गाविसको अतिरिक्त हुलाक, वाणी इलाका हुलाक, देखतभुलीको इलाका हुलाक, रामपुरको अतिरिक्त हुलाक, कालिका इलाका हुलाक, त्रिभुवनवस्ती इलाका हुलाकमा विभिन्न मितिमा माओवादीले आगजनी गरे। ०६० असोज २८ गते पुनर्वास जनता क्याम्पसको कालिकामा रहेको छात्रावास भवनमा समेत माओवादीले आगजनी गरे।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष झुण्डिएर, विष सेवन गरेर र नदीमा हाम्फालेर ८६ जनाले आत्महत्या गरे। सवारी दुर्घटनामा १५ जनाको मृत्यु भयो। चोरी डकैतीका २० घटना जानकारीमा आए। व्यक्तिगत कुटपिटका ४७ घटना भए।

बाजुरा जिल्ला दोगडी गाविस-१ का खुमबहादुर रावतको ०६० भदौ ४ गते महेन्द्रनगर नपा-१ भाँसीमा सुरक्षाकर्मीले सवारी जाँच गर्ने क्रममा करेन्ट लागी मृत्यु भयो। उक्त घटनामा डडेल्धुरा जिल्लाको दोगडी गाविस-४ का २३ वर्षीय शेरबहादुर विक घाइते भए। सुरक्षाकर्मीले सामान देखाउन जबरजस्ती छतमा पठाउँदा करेन्ट लागेको पीडित पक्षको भनाइ छ।

५.७ डडेल्धुरा



जनसंख्या	:१२६१६२
साक्षरता प्रतिशत	:५१.६२
महिला साक्षरता प्रतिशत	:३३.०६
क्षेत्रफल (वर्ग कि.मी.)	:१५३८
गाविस/नपा संख्या	:२०/१
निर्वाचन क्षेत्र	:१
विद्यालय	:२२६
क्याम्पस/उच्च मावि	:३/५
अस्पताल/स्वास्थ्य चौकी	:२/२५
टेलिफोन लाइन	:६३७०
मोटर सडक (कि.मी.)	:२१०
प्रहरी कार्यालय संख्या	:२
हुलाक संख्या	:३०
मानव विकास सूचकांक	:०.२६५
प्रति एक डाक्टर जनसंख्या	:४२०५४
प्रति परिवार सरदर संख्या	:५.७४

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या गोली

राज्यबाट

आलिताल गाविस-६ घिमडामा ०६० असोज २७ गते दिउँसो ११ बजे डोटी जिल्ला बुडरबाट गएका संयुक्त सुरक्षाकर्मीको गोली प्रहारबाट एक माओवादी कार्यकर्ताको मृत्यु भयो।

जोगबुडा गाविस-४ सादनीका ३५ वर्षीय मदन धामी र १५ वर्षीय नरपति चुनारालाई माओवादीको आरोपमा ०६० कार्तिक ६ गते दिउँसो १२ बजे सुरक्षाकर्मीले गिरफ्तार गरी जोगबुडा सुरक्षा क्याम्पमा ल्याउँदै गर्दा सोही गाविस-२ बङ्घाट पुऱ्याएको अवस्थामा माओवादीले जंगलबाट लुकेर सकेट बम प्रहार गरेपछि सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

माओवादीबाट

भागेश्वर निमावि, सलौनका प्रधानाध्यापक ४५ वर्षीय चक्रबहादुर विष्टलाई सुराकीको आरोपमा ०६० भदौ १६ गते राति ९ बजे शिर्ष गाविस-४ टुडेलास्थित आफ्नै घरबाट माओवादीले अपहरण गरी करिब १० किमि टाढा जंगलमा लगी हत्या गरे। पीडितहरूको लास करिब डेढ महिनापछि गाउँलेहरूले फेला पारे।

गाङ्खेत गाविसस्थित गोगनपानी घोरडी भन्ने ठाउँमा ०६० असोज ७ गते बिहान १० बजे सुरक्षाकर्मीको गाडीलाई माओवादीले विद्युतीय धरापमा पारी गोली प्रहार गर्दा एकजना सुरक्षाकर्मीको घटनास्थलमै मृत्यु भयो भने तीनजना घाइते भए। सोही घटनामा सुरक्षाकर्मीको जवाफी कारवाहीमा माओवादीका दुईजना छापामारको मृत्यु भयो।

अमरगढी नपा-१ स्याउले ट्राफिक चेक पोष्टमा कार्यरत प्रहरी जवान रामशरण श्रेष्ठ र रामचन्द्र थापालाई ०६० असोज ९ गते निशस्त्र अवस्थामा ड्यूटीमा रहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे भने प्रहरी हवल्दार दत्तराम भाट घाइते भए। घाइतेको नेपालगञ्जमा उपचार हुँदाहुँदै मृत्यु भयो।

गाङ्खेत गाविस गैरामा ०६० असोज २८ गते ३:३० बजे सुरक्षाकर्मीको गाडीलाई माओवादीले एम्बुसमा पारी गोली प्रहार गर्दा तीनजना सुरक्षाकर्मीको घटनास्थलमै मृत्यु भयो भने १२ जना सुरक्षाकर्मी घाइते भए। उक्त घटनामा आफूहरुले सुरक्षाफौजबाट ठूलो मात्रामा हतियार लुटेर लगेको माओवादीले दावी गरे।

चिपुर गाविस-८ चिपुरमा ०६० कार्तिक ५ गते दिउँसो ३ बजे प्रगति भनिने १६ वर्षीय माओवादी कार्यकर्ताको आफैले बोकेको बम विस्फोट भई घटनास्थलमै मृत्यु भयो।

दोहोरो भिडन्त

जोगबुडा लालढुंगाबाट गएका सुरक्षाकर्मी र माओवादीबीच ०६० कार्तिक १० गते दिउँसो १२ बजे जोगबुढा गाविस-१ पुन्तुरामा भएको दोहोरो भिडन्तमा दुई माओवादी कार्यकर्ताको घटनास्थलमै मृत्यु भयो भने ३ जना घाइतेलाई माओवादीले नै बोकेर लगेको प्रत्यक्षदर्शीले बताए।

गोली बम एम्बुसद्वारा घाइते

माओवादीबाट

आलिताल गाविस-६ स्यालचौडीमा ०६० भदौ ११

गते सुरक्षाकर्मीको गस्ती टोलीलाई लक्षित गरी बुडर-जोगबुडा सडकको बीच भागमा माओवादीले एम्बुसमा पार्दा एक जना सुरक्षाकर्मी घाइते भए।

जेल र बन्दीहरू

कूल २५ जना क्षमता भएको डडेलधुरा जेलमा हाल कैद तोकिएका १६ पुरुष तथा कैद नतोकिएका २२ पुरुष र १ महिला गरी २३ जना बन्दी छन्। माओवादीको आरोपमा थुनामा रहेकी सीता साह नाम बताउने महिलालाई जेलमा राख्न ठाउँ नभएकाले जिल्ला प्रहरी कार्यालयमा नै राखिएको छ। ३९ जना बन्दीमध्ये २० जनालाई माओवादीको आरोपमा थुनामा राखिएको छ।

भौतिकरूपमा एकदमै जीर्ण अवस्थामा रहेको ५ कोठा, २ भान्सा, ३ शौचालय रहेको यस जेलमा भान्सार शौचालय एकदम नजिक रहेको छ। कोठाहरू साँघुरो हुँदा कोचिएर सुत्नु पर्ने गुनासो बन्दीहरूको छ। वर्षायाममा पानी चुहिन्छ। बन्दीहरू आफैले एउटा क्यारमबोर्ड किनेका छन् भने इन्सेकले दिएको रेडियो छ। सरकारी सुविधाका नाममा एउटा टीभी छ। पत्रपत्रिकाहरू बन्दीहरूले नै किनेर पढ्ने गरेका छन्। जेलभित्र कुनै पनि सीपमूलक तालिम प्रदान गरिएको छैन। बन्दीहरूले हप्ताको २ दिन बाहिर चिठी पठाउन पाउने व्यवस्था गरिएको छ। बन्दीका आफन्तहरूले भेट्न चाहेमा ५ मिनेट मात्र कुराकानी गर्ने अवसर दिने व्यवस्था गरिएको छ।

१३ महिना लामो बन्दी जीवन बिताएकी २० वर्षीय हेमा हमाल ०५९ फागुन १६ गतेदेखि रिहाइको माग राखी जेलभित्र अनशन बसिन्। उनलाई ७ दिनसम्मको लगातार अनशनपछि रिहा गरियो।

जेलमा माओवादीको आरोपमा ०६० असार २५ गतेदेखि बन्दी बनाइएका १० जना बन्दीहरु विभिन्न माग राखी असार ३२ गतेदेखि आमरण अनशन बसे। उनीहरूले जेलभित्र ओढ्ने ओछ्याउने कपडा, टीभी, पत्रपत्रिका उपलब्ध गराउनुपर्ने मागका सम्बन्धमा प्रशासनले पूरा गर्ने वचन दिएपछि साउन ५ गतेदेखि अनशन तोडेका थिए।

बेपत्ता / अपहरण

राज्यबाट

आलिताल गाविस-४ हम्तडको स्थानीय बासिन्दाको एक घरबाट २२ वर्षीय माओवादी कार्यकर्ता मानबहादुर विष्टलाई ०६० असोज १ गते दिउँसो २ बजे सुरक्षाकर्मीको गस्ती टोलीले सकेट बमसहित गिरफ्तार गरी बेपत्ता पारे। स्थानीय बासिन्दाका अनुसार, सुरक्षाकर्मीले गिरफ्तार गर्दा उनी सकेट बमसहित थिए। सुरक्षाकर्मीले पीडितलाई तत्काल रिहा गरेको बताए पनि पीडितका परिवारले उनी बेपत्ता नै भएको बताए।

माओवादीबाट

जोगबुडा गाविस-४ सादनी स्थित सिद्धनाथ माविमा अध्ययनरत १६ वर्षीय दानबहादुर विष्ट, १८ वर्षीय भरत विष्ट, १७ वर्षीय रामबहादुर धामी, १४ वर्षीय डम्बरबहादुर बोहरालगायत् १५ जना विद्यार्थीलाई ०५९ माघ ८ गते माओवादीहरूले अपहरण गरे। पीडितहरूलाई अखिल क्रान्तिकारीमा लाग्न बाध्य गरिएको कुरा आफन्तहरू बताउँछन्।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	५	५	१	६	४	९	१		१०	४	५	१		६
घाइते	१	१		१	४	१८			१८	२	२			२
गिरफ्तारी यातना										१२	२५	२		२७
बेपत्ता										१	१			१
कुटपिट	२	२		२	२६	३१	२		३३	१२	२६			२६
धम्की	१	१		१	७	७		१	८					
भेला संगठित हुने अधिकार										१	५			५
जातीय विभेद	२	२		२										
महिलाअधिकार	११		१२	१२										
बालअधिकार	३	१	२	३										
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	८	८		८	३	५			५	२	१		१	२
अमानवीय व्यवहार					१	१			१					
अपहरण					६	१९			१९					
जम्मा	३३	२०	१५	३५	५१	९०	३	१	९४	३४	६५	३	१	६९

भद्रपुर गाविस नौलाकोटका टेकराज पनेरूलाई सुराकीको आरोपमा ०६० साउन ३१ गते बगरकोट गाविसको बगरकोटबाट घर जाँदै गरेको अवस्थामा माओवादीले अपहरण गरी बन्दुकको कुन्दा, लाठी प्रहार जस्ता कार्य गरी २१ दिनपछि मुक्त गरे। पीडित यसअघि अनेरास्ववियु (क्रान्तिकारी) का अध्यक्ष समेत भइसकेकोमा ०६० साउन ६ गते प्रेस विज्ञप्ति प्रकाशित गरी संगठन त्याग गरेको घोषणा गरे।

चिपुर गाविसस्थित मणिलेक माविका ४५ वर्षीय निमित्त प्रधानाध्यापक कृष्णप्रसाद शर्मा र सोही गाविस-१ का २८ वर्षीय अर्जुन ऐडीलाई सुराकीको आरोपमा ०६० भदौ २५ गते साँझ ७ बजे माओवादीले घरबाट अपहरण गरे। पीडितहरू एक हप्तापछि माओवादीको कब्जाबाट भागे।

सिद्धनाथ मावि चन्दनीका शिक्षक रामलाल मण्डललाई दोस्रो विवाह गरेको र सुरक्षाकर्मीको गस्ती टोलीलाई खसी बेचेको आरोपमा ०६० कार्तिक १२ गते बिहान ७ बजे माओवादीले अपहरण गरी ४ दिनपछि मुक्त गरे।

गाङ्खेत गाविस-९ तिमुलीका २८ वर्षीय शंकर नाथलाई सुराकीको आरोपमा ०६० कार्तिक १६ गते राति १ बजे माओवादीले अपहरण गरी ३ दिनपछि मुक्त गरे।

धम्की ज्यानमार्ने धम्की कुटपिट

राज्यबाट

जोगबुडा गाविस-६ का २२ वर्षीय विष्णु भट्ट, ३४ वर्षीय गोपालसिंह धामी, ३२ वर्षीय धने बोहरा, ३४ वर्षीय रघुवीर बोहरा र ३२ वर्षीय गणेश बोहरालाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५९ माघ ४ गते बिहान सुरक्षाकर्मीले शरीरमा नीलडाम हुने गरी कुटपिट गरे।

महेन्द्र उच्च मावि, खलंगामा संचालन भएको कक्षा १२ को परीक्षामा सम्मिलित परीक्षार्थीहरू सुरेन्द्र साउद, ईश्वरी अवस्थी, लक्ष्मण ओझा, नरेन्द्र पन्त, माधव ओझा, टेकबहादुर विष्ट, खगेन्द्र साउद, मोहनराज जोशीलगायत् दुई दर्जनभन्दा बढी विद्यार्थीहरूलाई विद्यार्थी संगठनको झण्डा बोकेको र चीट सारेको आरोपमा ०६० वैशाख १८ गते शाही सेनाका सुरक्षाकर्मीले कुटपिट गरे।

जोगबुडा गाविस-६ जफतीका ४० वर्षीय देवराज जोशीलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६० साउन ३ गते सुरक्षाकर्मीले कुटपिट गरे।

जोगबुडा गाविस-१ सिद्धनाथका ४० वर्षीय कल्याण कामी र २८ वर्षीय विनोद कठायतलाई माओवादीलाई आश्रय दिएको आरोपमा ०६० भदौ १२ गते सुरक्षाकर्मीले कुटपिट गरे।

जोगबुडा गाविस-६ गाइवाट्टेमा सुरक्षाकर्मीलाई लक्षित गरी ०६० भदौ १४ गते माओवादीले एम्बुस विस्फोट गराउने प्रयास गरेपछि माओवादी नदेखेको भनेको आरोपमा वीरबहादुर सावदलाई सुरक्षाकर्मीले कुटपिट गरे।

शिर्ष गाविस-४ सलौन घर भई भागेश्वर मावि कटालमा कक्षा १० मा अध्ययनरत १६ वर्षीय मोहनसिंह बोहरालाई ०६० भदौ २० गते सुरक्षाकर्मीले डेराका लागि घरबाट सामल लगी जाँदै गरेको अवस्थामा माओवादीका लागि सामल बोकेको आरोप लगाई कुटपिट गरे।

यस वर्ष विभिन्न किसिमको आरोप लगाउँदै सुरक्षाकर्मीले कुटपिट, अभद्र व्यवहार गरेका घटना सार्वजनिक भए। जसमा- शिर्ष गाविस-७ कटाल बजारका व्यापारी २५ वर्षीय दानसिंह माल, २८ वर्षीय आनसिंह भार र २५ वर्षीय खेमसिंह माललाई ०६० असोज २ गते बिहान १० बजे, रूपाल गाविस-७ लटदेउका २० वर्षीय करन ठकुराठीलाई ०६० कार्तिक १ गते, जोगबुडा गाविस-२ कुणाका ४० वर्षीय राम नाथलाई ०६० कार्तिक ९ गते, बागबजारस्थित सावद फोटोकपि पसलमा बसेर समाचार लेखिरहेका कान्तिपुर दैनिकका सम्वाददाता डीआर पन्त, स्पटेसटाइम दैनिकका छत्र सावद, फारवेष्ट दैनिकका उमेश भट्ट र रेडियो नेपालका बाबुराम श्रेष्ठलाई ०६० कार्तिक १५ गते, रूपाल गाविस-४ चुडेलीका ३० वर्षीय लालमणि जोशीलाई ०६० असोज १० गते सुरक्षाकर्मीले कुटपिट गरे।

माओवादीबाट

चिपुर गाविस-९ की बिना ऐरलाई पति सेनामा भएको आरोपमा ०५९ माघ ४ गते माओवादीले घर घेरी अपहरण गर्न खोज्दा भागी सदरमुकाम आइन्।

जोगबुडा गाविस-९ का पूर्व वडाध्यक्ष कृष्णानन्द भट्टलाई गाउँलेलाई दुःख दिएको र फटाहा भएको आरोपमा ०५९ माघ ५ गते माओवादीले कुटपिट गरे।

शिर्ष गाविसका ३५ वर्षीय रामसिंह धामीलाई आफ्नै भाउजुलाई कुटपिट गरेको आरोपमा ०५९ माघ ५ गते दिउँसो माओवादीले निर्मम ढंगले कुटपिट गरे।

शिर्ष गाविस-६ का ३५ वर्षीय राजु थापालाई ०५९ माघ ६ गते राति ४ बजे माओवादीले घर घेरी अपहरण गर्न खोज्दा उनले माओवादीको बन्दुक खोसी भागी ३ किमि टाढा रहेको सुरक्षाकर्मीको क्याम्पमा बुझाए।

देवलदिव्यपुर गाविस-१ घोरसिलास्थित हेवल

माविका शिक्षक कृष्णदत्त पन्तलाई विद्यालयमा आर्थिक हिनामिना गरेको आरोपमा ०५९ माघ २९ गते विद्यालय हाताभित्रै माओवादीले कुटपिट गरे।

जोगबुडा गाविस-४ सादनीको चम्मन चौराहमा ०५९ फागुन १४ गते माओवादीले आयोजना गरेको कार्यक्रममा माओवादीले घर घरबाट जबरजस्ती लगी २ सय ५० जनालाई सहभागी गराए।

मणिलेक गाविस-७ का गोरे वोहरालाई नक्कली माओवादी बनी गाउँकै कृष्णबहादुर सुनारलाई चन्दाका लागि धम्की दिएको आरोपमा ०५९ वैशाख ७ गते माओवादीले केस मुन्डन गरी गाउँ घुमाए।

सदावहार सामुदायिक मौरी आलितालका अध्यक्ष धनवहादुर देउवालाई मर्मतभित्र अनियमितता गरेको र आफ्नो निर्देशन अनुसार नचलेको आरोपमा ०६० असार ६ गते माओवादीले कुटपिट गरे।

अजयमेरू गाविस रूणालाका ३२ वर्षीय हरिसिंह ऐर र ३५ वर्षीय बल्देवसिंह ऐरलाई रक्सी बिक्री गरेको आरोपमा ०६० असार ९ गते माओवादीले मोसो दल्नुका साथै कुटपिट गरे।

यस वर्ष माओवादीद्वारा विभिन्न आरोपमा कुटपिट, धम्कीका घटनाहरू सार्वजनिक भए। जसमा- शिर्ष गाविस-९ का ३० वर्षीय विश्वनाथ मिश्र, उनकै छोरा २५ वर्षीय मोहन मिश्र, जोगवुडा गाविस-४ का २५ वर्षीय नन्दलाल भट्टलाई ०६० साउन २० गते, सोही गाविस-६ का रमेशवहादुर सिंह, सोही ठाउँका चन्द्रसिंह वोहरालाई ०६० भदौ १० गते, जोगवुडा गाविस-४ का रनुवा दमैलाई ०६० साउन २२ गते, अजयमेरू गाविसका पूर्व उपाध्यक्ष शिवराज साउदलाई ०६० भदौ २० गते, भागेश्वर गाविसस्थित हुलाकका खरिदार अग्नि मिश्रलाई ०६० भदौ १९ गते, समभ्री गाविस-८ का २८ वर्षीय धीरेन्द्र विष्ट र सोही गाविस-५ का ३२ वर्षीय टेकवहादुर भण्डारीलाई ०६० भदौ २७ गते, अजयमेरू गाविस-१ का तेजवहादुर ऐर र सोही ठाउँकी गोलमादेवी ऐरलाई ०६० असोज ११ गते, रूपाल गाविस-९ का ४५ वर्षीय राजवहादुर ठकुरीलाई ०६० असोज १३ गते, जोगवुडा गाविस-१ का ३२ वर्षीय यजमान सावद, २८ वर्षीय पूर्णवहादुर थापा समेत १० जनालाई ०६० कार्तिक १० गते, शिर्ष गाविस-४ का ४० वर्षीय गणेशसिंह विष्टलाई ०६० कार्तिक १६ गते र सोही ठाउँका ६२ वर्षीय नरवहादुर वोहरालाई ०६० कार्तिक ५ गते, जोगवुडा गाविस-४ का ४५ वर्षीय दिलवहादुर विष्टलाई ०६० असार १५ गते, शिर्ष गाविस-१ का ४८ वर्षीय धनवहादुर विष्टलाई, अनिताल गाविसका खड्गवहादुर रावल र मोहन विष्टलाई ०६० मंसिर ३ गते, शिर्ष गाविस-१ का २५ वर्षीय जस्सो विष्टलाई ०६० मंसिर ५ गते, सोही गाविस-४ का रणवहादुर थापालाई ०६० कार्तिक १४ गते, सोही गाविस-२ का रामप्रसाद भट्टलाई ०६० कार्तिक १० गते, जोगवुडा गाविस-३ का कमानसिंह धामीलाई ०६० जेठ २१ गते, डोटी जिल्ला दिपायल सिलगडी नपा घर भई वगरकोट गाविस-७ बस्ने ४५ वर्षीय भगवानसिंह दुरा र उनका भाइ अनिल दुरालाई ०६० साउन २२ गते माओवादीले कुटपिट गरे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सात विद्यार्थी संगठनहरूले विभिन्न माग राखी ०६० वैशाख ७ गते आयोजना गरेको नेपाल वन्दको कार्यक्रममा २४ जना विद्यार्थीहरूलाई ०६० वैशाख १५ गते नेपाल वन्द गर्ने क्रममा निस्किएको जुलुसमाथि हस्तक्षेप गरी अनेरास्ववियु शिक्षा क्याम्पस प्राक उपाध्यक्ष रमेशवहादुर सिंहलाई वागवजारबाट प्रहरीले गिरफ्तार गरे।

पाँच राजनीतिक पार्टीहरूले ०६० वैशाख २८ गते सदरमुकाममा निकालेको मसाल जुलुसमाथि प्रहरीले हस्तक्षेप गर्दा एमाले जिल्ला कमिटी सदस्य धनवहादुर शाही, ०६० जेठ ८ गते जिल्ला प्रशासन कार्यालय अगाडि धर्ना दिइरहेका प्रदर्शनकारी माथि प्रहरीले लाठी प्रहार गर्दा एमाले जिल्ला कमिटी सदस्य गजेन्द्र शाही, नेकाँ जिल्ला सभापति शेरवहादुर ढाँटलगायत् ६ जना घाइते भए।

पाँच राजनीतिक दलहरूले शाही घोषणाविरूद्ध संचालन गरेको पाँचौं चरणको आन्दोलनअन्तर्गत ०६० असार १६ गते डडेल्धुरामा आयोजित मसाल जुलुसमाथि प्रहरीले हस्तक्षेप गरी मसाल खोसे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा यस वर्ष ४२ वटा मुद्दा दर्ता भए। जसमध्ये १८ वटा फर्स्यौट भए भने २४ वटा बाँकी छन्। जसमध्ये, देवानी मुद्दा १३ मध्ये फर्स्यौट भएका ४ र बाँकी ९ छन्। त्यसैगरी व्यक्तिगत फौज्दारी मुद्दा १६ मध्ये फर्स्यौट ८ र फर्स्यौट हुन बाँकी ८ छन्। सरकारवादी फौज्दारी मुद्दा १३ वटा र फर्स्यौट ६ मध्ये बाँकी ७ वटा रहेका छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार
आर्थिक अधिकार

यस जिल्लामा हलिया प्रथा कायमै छ। साहुहरूसँग

ऋण लिएका कारण ब्याज तिर्न नसकी अथवा ब्याजस्वरूप अर्काको घरमा हली बस्ने गरेको पाइन्छ। दलित भनिने जातिका व्यक्तिहरू प्रायः हलीको रूपमा काम गर्न बाध्य छन्। कतिपय मानिसहरू वर्षौं हलीको रूपमा काम गर्दा पनि न त ऋण तिर्न सकेका छन् न त ब्याज नै। अमरगढी गाविस-८ का ५० वर्षीय जयबहादुर सार्की स्थानीय एक व्यक्तिबाट पटक-पटक गरी १२ हजार रूपैयाँ ऋण लिएका कारण २८ वर्ष पहिलेदेखि हलीको रूपमा काम गर्न बाध्य छन्।

विस्थापित

यस वर्ष विभिन्न आरोपमा माओवादीले धम्की दिएका कारण र गाउँ निकाला गरेका कारण विस्थापित भएका घटनाहरू सार्वजनिक जानकारीमा आए। जममा-अतिताल गाविस-६ का चक्रबहादुर धामीको परिवारलाई ०६० भदौ २४ गते, शिर्ष गाविस-१ का गोविन्द नाथलाई ०६० असार १६ गते, गाङखेत गाविस-२ का ४५ वर्षीय डीपी बस्नेतलाई ०६० असोज ३० गते, जोगबुडा गाविस-५ का शाही नेपाली सेनाका जवान करवीरसिं बोहराको परिवारलाई ०६० असोज ४ गते, सोही गाविस-३ का बलदेव नाथलाई ०६० असोज ७ गते, सोही ठाउँका जगनसिं खडायतलाई ०६० असोज ८ गते माओवादीले गाउँ निकाला गर्ने धम्की दिएका कारण परिवारसहित विस्थापित भए। यसैगरी जोगबुडा गाविस-४ का प्रहरी जवान देवदत्त जोशीको घर जग्गा ०६० असोज १० गते र सोही ठाउँका प्रहरी जवान मानबहादुर बुढाको घर जग्गा ०६० असोज ११ गते माओवादीले कब्जा गरे।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

जोगबुडा गाविस-४ लामागाडाका ३५ वर्षीय टुङ्का नेगीलाई माओवादीको आरोपमा ०५९ माघ ६ गते सोही ठाउँस्थित घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिए। पीडितलाई ३ दिनपछि रिहा गरियो।

जोगबुडा गाविस-४ का २५ वर्षीय गणेशबहादुर थापा, ३० वर्षीय देवबहादुर घर्ती, २६ वर्षीय जयबहादुर रोका र २३ वर्षीय लक्ष्मी रोकालाई माओवादीको आरोपमा ०६० भदौ १७ गते सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिए। पीडितहरूलाई ४ दिनपछि रिहा गरियो।

उद्योग वाणिज्य संघ डडेल्धुराका अध्यक्ष प्रकाश सावद, बागबजारका व्यापारी एवं उद्योग वाणिज्य संघका सहसचिव अर्जुन विष्ट र हरमस डडेल्धुराद्वारा संचालित सहस्रलिङ उच्च मावि चमडाको बालचेतना समूहका अध्यक्ष १५ वर्षीय पदम सिंह ऐरलाई माओवादीको पत्र बोकेको आरोपमा ०६० कार्तिक १५ गते दिउँसो २ बजे सुरक्षाकर्मीले गिरफ्तार गरी थुनामा राखे।

अछाम जिल्ला ठाटी गाविसका २७ वर्षीय दिलबहादुर शाहलाई माओवादीको आशंका ०६० कार्तिक २२ गते सिलगडीबाट धनगढीतर्फ आइरहेको अवस्थामा सुरक्षाकर्मीले जाँचको क्रममा डडेल्धुरा दह व्यारेकबाट गिरफ्तार गरी थुनामा राखे।

शिर्ष गाविस-९ परिगाउँका २७ वर्षीय नन्दराम भट्टराई, ४० वर्षीय जयदेव भट्टराई, ३२ वर्षीय धनदेव नाथ र २५ वर्षीय गणेश ठगुन्नालाई महाकाली नदीमा मान्छे र मालसामान ओसार-पसार गरेको आरोपमा घरबाटै सुरक्षाकर्मीले गिरफ्तार गरी ४ दिनपछि रिहा गरे।

अछाम जिल्ला मोडपा गाविस-२ माडिनाहाका २० वर्षीय भगिरथ परियारलाई ०६० कार्तिक २२ गते भारततर्फ गइरहेको अवस्थामा गाडी जाँचका क्रममा सुरक्षाकर्मीले गिरफ्तार गरी कारागारमा थुनामा राखे।

डोटी जिल्ला गैरागाउँ गाविस-५ कोटकला घर भएका १८ वर्षीय खडक विकलाई माओवादीको आरोपमा ०६० कार्तिक ३० गते सिलगढीबाट धनगढी काम विशेषले गाडीमा आइरहेको अवस्थामा देह व्यारेकबाट चेक जाँचको क्रममा सुरक्षाकर्मीले गिरफ्तार गरी थुनामा राखे।

बाजुरा जिल्ला घर भएका माओवादी कार्यकर्ता नौले धामी र सिता शाहलाई ०६० मंसिर ५ गते सुरक्षाकर्मीले डोटी बुडरबाट गिरफ्तार गरी ३४ दिनसम्म डडेल्धुरा दह व्यारेकमा राखी हाल जेलमा ठाउँ नभएको भनी जिल्ला प्रहरी कार्यालयमा राखिएको छ।

अछाम जिल्ला बावला गाविस-८ बावलाका १८ वर्षीय कैलाश विकलाई माओवादीको आशंकामा ०६० मंसिर ९ गते दह व्यारेकमा जाँचका क्रममा सुरक्षाकर्मीले गिरफ्तार गरी थुनामा राखे।

बालअधिकार

डोटी जिल्ला मुडभरा गाविस-८ भाँडिवादलका १३ वर्षीय एक बालक ०६० मंसिर २ गते डडेल्धुरा होटलमा भाडा माझ्ने काम गर्दै आएका छन्। शारदा मावि मुडभरामा कक्षा ६ मा अध्ययन गर्दै गरेको अवस्थामा सुरक्षाकर्मीको गोलीद्वारा ८ जना निर्दोष विद्यार्थीसहित १६ जनाको विद्यालय हाताभित्रै मृत्यु भएपछि डरका कारण अभिभावकले विद्यालय बन्द गरेपछि उनी भागेर डडेल्धुरा आएको बताउँछन्।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव दूर्व्यवहार

शिर्प गाविस देउकट्टीकी १७ वर्षीय एक दलित महिलालाई ०५९ फागुन १७ गते सोही ठाउँका २० वर्षीय भानवहादुर साउदले अवैध यौन सम्पर्क राखी गर्भ धारण गरेपछि महिलाका वावुलाई २० हजार रूपैयाँ दिई तीन महिनाको गर्भ पतन गरे।

समौजी गाविस-४ र ८ को बीच जंगलमा वाखा चराइरहेकी २६ वर्षीय विवाहित महिलालाई ०६० वैशाख २ गते वेताल प्रावि मुद्राड समैजीका शिक्षक गणेशवहादुर ऐरले बलात्कार गर्ने प्रयास गर्दा महिलाले होहल्ला गरेपछि शिक्षक फरार भए।

शिर्प गाविस परिगाउँका कमल भट्टराईले १५ हजार रूपैयाँ जारी तिरी गाउँकै विवाहित महिला पद्मादेवी भट्टराईसँग ०५९ फागुन २९ गते दोस्रो विवाह गरे।

बैतडी जिल्ला त्रिपुरेश्वर गाविस घर भई अमरगढी नपा-५ वागवजार माइतघरमा बस्दै आएकी १८ वर्षीय जुनुदेवी थापालाई ०६० जेठ ११ गते आफ्नै पति भुवनकुमार थापाले गर्भपतन गराउन दबाब दिई कुटपिट गरे।

अमरगढी नपा-७ पोखराका ४५ वर्षीय उजली पार्कीलाई ०६० साउन ६ गते छिमेकी राम पार्कीसँग अवैध यौन सम्वन्ध रहेको आरोप लगाई आफ्नै पति ६० वर्षीय डुडरी पार्कीलगायत् घर परिवारले कुटपिट गरी घरबाट निकाले।

अमरगढी नपा-७ लटाउली घर भएकी ३३ वर्षीय डम्वरदेवी सार्कीलाई ०६० साउन ७ गते आफ्नै पति २५ वर्षीय मानवहादुर सार्कीले यातना दिए।

जिल्ला प्रशासन कार्यालयमा कार्यरत सहायक प्रहरी असई दमन घानुकले विगत दुई वर्षदेखि आफ्नै पत्नी विन्दु घानुकलाई २४ घण्टा कोठामा थुनेर राख्ने, पिसाव खुवाउने, राति चुल्ठो समाती सुत्ने जस्ता यातना दिने गरेपछि जिल्लामा कार्यरत विभिन्न महिलावादी संघ-संस्थाहरूको पहलमा ०६० साउन ४ गते मुक्त गरे।

अमरगढी नपा-६ चोडाकी पार्वती टमटालाई ०६० कार्तिक ५ गते घरायसी विवादका कारण उनकै पति ३५ वर्षीय सेरो टमटाले कुटपिट गरे। यस अघि पनि पीडकले पार्वतीलाई खान लाउन नदिने, कुटपिट गर्ने गरेको बुझियो।

गणेशपुर गाविस चिमरोडाका २८ वर्षीय सुनिदेवी जोशीलाई ०६० कार्तिक २९ गते घरायसी विवाद हुँदा आफ्नै देवर तेजराज जोशीले कुटपिट गरे।

कोटेली गाविस-७ ऐरोडाका २० वर्षीय दुर्गादेवी ऐरलाई घरमा सासु, ससुरा र पतिले कुटपिट गर्ने, खान लाउन नदिने भएपछि उनले ०६० मंसिर १२ गते जिल्ला अदालतमा मुद्दा दायर गरिन्।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार जातीय छुवाछूत समेत

जोगवुडा गाविस-२ सिमलखेतका ५५ वर्षीय दिलवहादुर समैले सोही ठाउँका ४० वर्षीय दलित महिला मिठु सुनारसँग विगत २२ वर्षदेखि शारीरिक सम्पर्क राखी ७ वटा सन्तान जन्माइसकेका छन्। दिलबहादुर मिठुसँग माइतमै शारीरिक सम्पर्क राखी सन्तान जन्माए पनि दलित महिला भएका कारण पत्नीको रूपमा घर भित्र्याउन नसक्ने बताउँछन्। पीडकको घरमा रहेकी पत्नीबाट पनि ६ वटा सन्तान रहेका छन्।

कैलपालमाण्डौ गाविस-१ स्थित दुर्गा प्राविमा ०६० असार ५ गते संचालित कार्यक्रममा दलित विद्यार्थीलाई अलग लाइन लगाई सोही विद्यालयका प्रधानाध्यापक पुन्यराज पनेरूले खाजा खुवाएर भेदभाव गरे।

अमरगढी नपा घर भएका सुरेश ताम्राकारलाई ०६० असोज २३ गते मैजी गाविस-८ पुइलेकमा पसल गरी वसेका दत्तीसिंह भण्डारीले दलित भनी गिलास धुन दवाव दिई भेदभाव गरे।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्वन्धित)

यस वर्ष यस जिल्लामा ६ महिला र २ पुरूष गरी ८ जनाले आत्महत्या गरे। भीरबाट लडेर १ जनाको मृत्यु भयो भने अत्यधिक मादक पदार्थ सेवन गरी २ जनाको मृत्यु भयो। सवारी दुर्घटनामा २ महिला र ३ पुरूष गरी ५ जनाको मृत्यु भयो। व्यक्तिगत रिसइवीका कारण १ महिला र ४ पुरूष गरी ५ जनाको हत्या भयो।

विगतको अनुगमन

रूपाल गाविस-४ लेकुडा घर भई जिल्ला प्रहरी कार्यालय डडेल्धुरामा कार्यरत प्रहरी दुर्गादत्त जोशीलाई ०५९ जेठ १२ गते घर गइरहेको अवस्थामा सोही गाविसको विर्खमबाट माओवादीले अपहरण गरी वेपत्ता पारेका थिए। पीडितलाई माओवादीले हत्या गरिसकेको पुष्टि हुन आएको छ।

५.८ बैतडी



जनसंख्या : २३४४१८
साक्षरता प्रतिशत : ५१.५५
महिला साक्षरता प्रतिशत : ३३.४३
क्षेत्रफल (वर्ग कि.मी.) : १५१९
गाविस/नपा संख्या : ६२/१
निर्वाचन क्षेत्र : २
विद्यालय : ३७५
क्याम्पस/उच्च मावि : २/७
अस्पताल/स्वास्थ्य चौकी : १/७०
टेलिफोन लाइन : १९७
मोटर सडक (कि.मी.) : १५५
प्रहरी कार्यालय संख्या : २
हुलाक संख्या : १४
मानव विकास सूचकांक :
प्रति एक डाक्टर जनसंख्या : ४६८८४
प्रति परिवार सरदर संख्या : ५.८०

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या / गोली
राज्यबाट

महादेवस्थान गाविसमा ०६० भदौ १५ गते नाम नखुलेका रन्जित भनिने एक जना माओवादी कार्यकर्तालाई सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

देहिमाण्डौ गाविस-७ मा ०६० भदौ २३ गते सुरक्षाकर्मी र माओवादीबीच जम्काभेट हुँदा सुरक्षाकर्मीको गोलीबाट एकजना नाम नखुलेका माओवादी कार्यकर्ताको मृत्यु भयो।

चोरेबाम गाविसको भावरमा गस्ती गएको सुरक्षाकर्मी र माओवादीबीच ०६० भदौ २४ गते जम्काभेट हुँदा नाम नखुलेका एक जना माओवादी कार्यकर्ताको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

सिद्धेश्वर गाविस ज्यापुलेकमा गस्ती गएका सुरक्षाकर्मी र माओवादीबीच ०६० भदौ २९ गते जम्काभेट हुँदा नाम नखुलेका एक जना माओवादी कार्यकर्ताको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

भटना गाविसमा गस्तीमा गएको सुरक्षाकर्मीले खोजतलासको क्रममा ०६० असोज १२ गते माओवादीको आरोपमा नाम नखुलेका तीनजना व्यक्तिलाई हत्या गरे। पीडितहरू सर्वसाधारण भएको स्थानीय बासिन्दाले बताए।

भिकोट गाविस-३ स्थित सिल्लेगाडामा सुरक्षाकर्मी र माओवादीबीच ०६० असोज १३ गते जम्काभेट हुँदा नाम नखुलेका एकजना माओवादी कार्यकर्ताको सुरक्षाकर्मीको गोलीबाट मृत्यु भयो।

गाजरी गाविसमा सुरक्षाकर्मी र माओवादीबीच ०६० असोज २७ गते जम्काभेट हुँदा सुरक्षाकर्मीको गोलीद्वारा नाम नखुलेका दुईजना माओवादी कार्यकर्ताको मृत्यु भयो।

सिद्धेश्वर गाविस-५ खोडपे बजारमा सुरक्षाकर्मी र माओवादीबीच ०६० असोज २८ गते जम्काभेट हुँदा सुरक्षाकर्मीको गोलीद्वारा चार जना माओवादी कार्यकर्ताको मृत्यु भयो।

कोटिला गाविस-५ का ४६ वर्षीय गोकुलसिंह विष्टलाई "माओवादी हौं, हाम्रा साथीहरू हराएका छन्, बाटो देखाई दिनुपर्‍यो" भनी ०६० कार्तिक ६ गते माओवादी भेषमा गएका सुरक्षाकर्मीले खेतमा काम गरिरहेको अवस्थामा केही पर लगी गोली हानी हत्या गरे। पीडित माओवादीद्वारा गठित सोही गाविसका गाजस उपप्रमुख थिए।

हाट गाविसमा माओवादीको आरोपमा ०६० कार्तिक ७ गते गस्तीमा गएका सुरक्षाकर्मीको गोलीबाट नाम नखुलेको एक जनाका मृत्यु भयो।

गाजरी गाविसमा ०६० कार्तिक १४ गते गस्तीमा गएका सुरक्षाकर्मी र माओवादीबीच जम्काभेट हुँदा माओवादीद्वारा गठित गाजस नाम नखुलेका वडाध्यक्ष र सर्वसाधारण लक्षी ढाटको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

सिद्धेश्वर गाविसको खोडपे इलाकमा माओवादीको आरोपमा ०६० कार्तिक २२ गते नाम नखुलेका एकजनाको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

माओवादीबाट

दशरथचन्द नपा-१ गोठलापानी स्थित बजारमा सादा पोशाकमा रहेका प्रहरी सहायक निरीक्षक ३६ वर्षीय महेन्द्रसिंह रावललाई ०६० भदौ १८ गते साँझ ६ बजेतिर माओवादीले गोली हानी हत्या गरे।

कोटपेटरा गाविस-६ का १८ वर्षीय सुशीलाकुमारी बोहरा र ७ वर्षीय गुणा बोहरालाई ०६० असोज ११ गते माओवादीले अपहरण गरी मंसिर २१ गते हत्या गरे। पीडितहरूलाई किन हत्या गरियो भन्ने कारण खुल्न सकेको छैन।

हाट गाविस-१ को कोपखेतमा ०६० मंसिर ४ गते प्रहरी असई ४५ वर्षीय दमन घानुकलाई माओवादीले घरबाट केही पर लगी हत्या गरे।

दोहोरो भिडन्त

बैतडी र दार्चुला जिल्लाको सिमानामा पर्ने बलाच क्षेत्रमा ०६० कार्तिक १९ गते सुरक्षाकर्मी र माओवादीबीच दोहोरो भिडन्त हुँदा नाम नखुलेका दुई जना सर्वसाधारण महिला सुरक्षाकर्मीको गोलीद्वारा घाइते भए। सोही घटनामा परी दार्चुला जिल्ला शिखर गाविस-५ भुइकुडाकी सर्वसाधारण ३५ वर्षीय हिरादेवी खडायत सुरक्षाकर्मीको गोली लागी सख्त घाइते भइन्। पीडितको उपचार नेपालगञ्ज मेडिकल कलेजमा भइरहेको छ।

जेल र बन्दीहरू

'घ' श्रेणीको २५ जना बन्दी क्षमता भएको जेलमा हाल जम्मा २२ जना बन्दी छन्। जसमध्ये १८ जना कैद तोकिएका र ४ जना कैद नतोकिएका छन्। तीमध्ये १५ वर्ष मुनिका २ जना, १५ देखि ४५ वर्षसम्मका १८ जना र ४५ वर्ष भन्दा माथिका २ जना छन्। ४ जनालाई माओवादीको आरोपमा थुनामा राखिएको छ। जेलमा महिला बन्दीहरू छैनन्।

बेपत्ता / अपहरण

माओवादीबाट

कटौजपानी गाविस-३ धुरा कफलकोटका ३५ वर्षीय रघुवीर महरालाई ०६० साउन १० गते माओवादीले घरबाटै अपहरण गरे। जन कारवाहीको सिलसिलामा अनुसन्धान गर्न अपहरण गरिएको बतायो। पीडितलाई १५ दिनसम्म आफ्नो कब्जामा राखी पछि तारिखमा उपस्थित हुने शर्तमा मुक्त गरियो।

हाट गाविसका पूर्व सांसद ५१ वर्षीय नरेन्द्र बम, सोही गाविस-५ का पूर्व जिविस सदस्य ४० वर्षीय धर्मराज जोशी, सोही ठाउँकै व्यापारी ४५ वर्षीय लालबहादुर बम र कोटिला गाविस-४ ऐरेडीका पूर्व गाविस अध्यक्ष ३८ वर्षीय वीरबहादुर विष्टलाई ०६० साउन १४ गते माओवादीले अपहरण गरी एक हप्तापछि मुक्त गरे।

मल्लादेही गाविस-१ डुम्याउडाका २८ वर्षीय पदमे लुहारलाई बहुविवाह गरेको आरोपमा ०५९ पुस २१ गते

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्यबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	२	१	३	४	३	२	२		४	१५	२२		२२
घाइते					२	२			२	२	२	१	३
गिरफ्तारी / यातना										१९	२६		२६
कुटपिट	२	२		२	१३	१५		२	१७	७	१२		१२
धम्की	७	७		७	६	६			६	१	१		१
जातीय विभेद	२	२		२									
महिलाअधिकार	६		६	६	१		१		१				
बालअधिकार	३	२	२	४									
अमानवीय व्यवहार	१	१		१	१	१			१				
अपहरण					३	६			६				
जम्मा	२३	१५	११	२६	२९	३२	३	२	३७	४४	६३	१	६४

माओवादीले घरबाट अपहरण गरी बेपत्ता पारे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

देउलेख गाविस-३ खोचलेक बजारका व्यापारी ४२ वर्षीय हरिसिंह धामी र सोही ठाउँका २९ वर्षीय लक्ष्मण कार्कीलगायत् ५ जनालाई "पसलको भित्तामा माओवादीलाई नारा लेख्न किन दिएको" भनी ०५९ माघ १३ गते सुरक्षाकर्मीले कुटपिट गरी सोही ठाउँको बीच बजारमा रहेको पिपलको रूखमा खुट्टा र तल टाउको गरी २० मिनेटसम्म झुन्डिन लगाए।

माओवादीद्वारा कुटपिट गरिएका दलबहादुर बोहरा

सिद्धेश्वर गाविसस्थित खोडपे बजारमा होटल गरी बस्ने ३२ वर्षीय रामसिंह ऐरी र ४३ वर्षीय गगनसिंह ऐरीलाई ०५९ चैत २४ गते राति अबेरसम्म पसल बन्द नगरेको आरोपमा सुरक्षाकर्मीले कुटपिट गरे।

पाटन-९ पाटन बजारमा होटल व्यवसाय गरी बस्ने २३ वर्षीय नरेश चन्द र ३५ वर्षीय लालसिंह विष्टलाई ०६० असोज १४ गते माओवादीलाई खाना खुवाएको आरोपमा सुरक्षाकर्मीले कुटपिट गरे।

माओवादीबाट

दशरथचन्द नपा-१ गोठालापानीस्थित वन कार्यालयका पियन ३४ वर्षीय रमेश लेखकलाई ०५९ पुस १७ गते राति माओवादीले कुटपिट गरी आँखामा पट्टी बाँधी कार्यालयबाट आधा किमिपर लगी मुक्त गरे। कार्यालयमा माओवादीले बम विस्फोट गराई ध्वस्त पारे।

कुवाकोट गाविस-६ कुवाकोटका ३४ वर्षीय विर्खबहादुर कुँवरलाई जनकारवाही गरेको भनी ०५९ चैत २५ गते घरनजिकै माओवादीले कुटपिट गरे।

परिवार नियोजन परियोजना शाखा, पाटनमा कार्यरत कर्मचारी ४५ वर्षीय रघुवीर थापालाई मादक पदार्थ सेवन गरेको आरोपमा ०६० वैशाख ५ गते माओवादीले पाटन बजारमै कुटपिट गरी उनीबाट चन्दा स्वरूप ६ सय रूपैयाँ लिए।

पाटन गाविसस्थित जिल्ला डिभिजन सडक कार्यालयका दुई कर्मचारीलाई ०६० वैशाख १५ गते अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताले नेपाल बन्द आह्वान गरेको दिन "कार्यालय किन बन्द नगरेको" भनी कार्यालयमै कुटपिट गरे।

कोट पेटरा गाविस-६ का ६० वर्षीय दलबहादुर बोहरालाई ०६० वैशाख २५ गते घरबाट केही पर लगी हामीलाई नसोधी आफ्नै भाइविरूद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी हालेको भनी मुठ्ठीमा ढुंगा च्यापी माओवादीले कुटपिट गरी घाइते बनाए। माओवादीले पीडितको घर जेठ २ गते कब्जा गरे पछि पत्नी माइतमा र दलबहादुर सदरमुकाममा विस्थापित भए।

जिल्ला हुलाकका हुलाकी ३५ वर्षीय वीरसिंह रावललाई ०६० जेठ २ गते चिठीपत्र बोकी सदरमुकामतर्फ आइरहेको अवस्थामा दशरथचन्द नपा-१३ सेरा भन्ने ठाउँमा माओवादीले कुटपिट गरी उनीसँग रहेका चिठीपत्रहरू जलाई हुलाक बोकेको देखे ज्यान लिने धम्की दिए।

युएनडीपीद्वारा संचालित स्थानीय विकास ट्रष्ट, बैतडीका सामाजिक परिचालक ३१ वर्षीय परमानन्द भट्ट र अर्को एक जना कर्मचारीलाई कार्यालयको कामको सिलसिलामा पुचौडी क्षेत्रको तल्लादेही गाविसबाट ०६० असार २१ गते माओवादीले समाती "हाम्रो आधार इलाकामा अनुमति विना किन प्रवेश गरेको" भनी कुटपिट गर्नुका साथै अबदेखि यस्ता गल्ती नदोहोऱ्याउन धम्की दिए। पीडितहरूलाई सोही दिन मुक्त गरियो।

कुलाउ गाविस-८ बगरेडीका २१ वर्षीय रमेश राम लुहारलाई ०६० असार २९ गते महिला कार्यकर्ताहरूको बारेमा गलत टिप्पणी किन गरेको भनी माओवादीले कुटपिट गरी घाइते बनाए। पीडितको उपचार भारतमा गरियो।

दुर्गास्थान गाविस-५ का गाविसका पियन ३५ वर्षीय टिकादत्त बडुलाई सोही गाविसको रौतगाउँमा दुर्गास्थान गाविसले वितरण गर्नुपर्ने मट्टितेल कुपन र बृद्ध भत्ता वितरण गरिरहेको अवस्थामा ०६० साउन २१ गते माओवादीले लाठी प्रहार गरी टिकादत्तको जिम्मामा रहेको मट्टितेलका कुपनहरू जलाई कुपन वितरण गर्न रोक लगाए।

देउखेल गाविस-२ खोलाका ३५ वर्षीय भरतसिंह महरालाई सुराकीको आरोपमा ०६० भदौ २८ गते माओवादीले कुटपिट गरे। पीडित हाल विस्थापित भई

तराईतिर सपरिवार बस्दै आएका छन्।

गाजरी गाविसका एमाले कार्यकर्ता ४० वर्षीय करवीर सिंह धामीलाई सुराकीको आरोपमा ०६० कार्तिक १७ गते माओवादीले जस्तोसुकै कारवाही हुन सक्ने धम्की दिए। पीडितलाई माओवादीले आफ्नो अनुमति विना बाहिर जान रोक लगाए।

कुवाकोट गाविस-८ का एमाले कार्यकर्ता ३८ वर्षीय पदमबहादुर कुवँरलाई ०६० कार्तिक १८ गते माओवादीले एक महिनाभित्र घर नफर्केमा घर नै ध्वस्त पारिदिने धम्कीपत्र घरमा टाँसिदिए। पीडित विगत डेढ वर्षदेखि माओवादीको डरले विस्थापित भई भारतमा बस्दै आएका थिए।

रूद्रेश्वर गाविस-४ का एमाले कार्यकर्ता ३८ वर्षीय सुरेन्द्रबहादुर पाललाई ०६० मंसिर १७ गते महादेवस्थान गाविसका सचिव ४८ वर्षीय जंगबहादुर बमलाई ०६० पुस १३ गते माओवादीले आफ्नो अनुमति विना गाउँ छाडेमा जस्तोसुकै कारवाही गरिने धम्की दिए।

राज्य र माओवादी दुवै पक्षबाट

दशरथचन्द नपा-३ का २६ वर्षीय नरेशराम लुहारलाई सुराकीको आरोपमा ०६० भदौ २३ गते र देहिमाण्डौ बजारमा घुमिरहेका माओवादीले कुटपिट गरे भने सोही दिन गस्तीमा रहेका सुरक्षाकर्मीले माओवादीको आरोपमा कुटपिट गरे।

अन्यबाट

दशरथचन्द नपा-१ स्थित जिल्ला प्रशासन कार्यालयको अगाडि प्रतिगमन विरूद्ध तीन दिने रिले अनशनमा बसिरहेका एमालेका जिल्ला कमिटी सदस्य पृथ्वीराज अवस्थीलाई ०६० असार २७ गते राति ८ बजे कानुन व्यवसायी एवम् नेपाल राष्ट्रिय मानवअधिकार संगठन शाखा बैतडीका अध्यक्ष राजबहादुर चन्दले रिले अनसनको विरोध गरी कुटपिट गरी ज्यानमार्ने धम्की दिए।

जातीय विभेदका कारण कुटपिट गरी घाइते बनाइएका मनिराम लुहार

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

भूमिराज गाविसका पूर्व गाविस अध्यक्ष तथा एमाले कार्यकर्ता ५० वर्षीय जगी साउद र सोही ठाउँकै नेकाँ गाविस तदर्थ समितिका सभापति ४७ वर्षीय परमानन्द अवस्थीलाई ०६० असार ३ गते माओवादीले सोही गाविसको भूमिराजमा जनभेला बोलाई आ-आफू संगठित रहेको पार्टी परित्याग गरेको जबरजस्ती घोषणा गर्न लगाए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा ३३ वटा मुद्दा परे। जसमध्ये फर्स्यौट भएका ९ र बाँकी २४ रहेका छन्। देवानी ११, सरकारवादी फौज्दारी ७, दुनियावादी फौज्दारी ९, संक्षिप्त फौज्दारी ४ र गाली बेइज्जति २ वटा मुद्दा छन्। ११ देवानी मुद्दामा ११ वटै फर्स्यौट हुन बाँकी छन्। दुनियावादी फौज्दारीका ५, सरकारवादी फौज्दारी मुद्दा ३ र संक्षिप्त फौज्दारीका २ वटा मुद्दा फर्स्यौट हुन बाँकी छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

विस्थापित

यस जिल्लामा द्वन्द्वबाट प्रभावित भएर विस्थापित हुनेको संख्या लगभग १ सय २५ जना छन् भने ५ जना विभिन्न व्यक्तिहरूको घर कब्जा गरी उनीहरूको चल अचल सम्पत्ति सबै माओवादीले आफ्नो कब्जामा लिएका छन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

हठैराज गाविस-६ परिगाउँका ५५ वर्षीय गोपी चन्द, ३५ वर्षीय वीरबहादुर चन्द र २८ वर्षीय नरबहादुर चन्दलाई जुम्ला जिल्ला तातोपानीका ३३ वर्षीय घोडा व्यापारी चित्रप्रसाद न्यौपानेको ज्यान बेपत्ता पारेको आरोपमा ०५९ फागुन २ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई ३ दिन ल्याई रिहा गरियो।

नर्गाजुन गाविस-५ बरतोलीका ३३ वर्षीय खेमसिंह भण्डारीलाई सोही ठाउँका शेरसिंह भण्डारीको हत्या गरेको आशंकामा ०६० जेठ २१ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई ५ दिनसम्म अनुसन्धानका लागि थुनामा राखी रिहा गर्‍यो।

देहिमाण्डौ गाविस-७ का

२० वर्षीय श्याम भुललाई माओवादीको आशंकामा ०६० भदौ २४ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई केही दिनपछि रिहा गरियो।

दशरथचन्द नपा- ३ जरग घर भई सोही नपा-१ गोठलापानीमा डेरा गरी बस्ने २६ वर्षीय भानिराम लुहारलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६० असोज १ गते गोठपानीबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई केही दिनपछि रिहा गरियो।

बझाङ जिल्लाका १४ वर्षीय राइसिंहबहादुर गुरू धामी, १७ वर्षीय दिपक सिंह र कैलाली जिल्लाका १९ वर्षीय तेजबहादुर चौधरीलाई माओवादीको आरोपमा ०६० पुस १४ गते बैतडी र बझाङ जिल्लाको सीमानाबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई थुनामा राखिएको छ।

बालअधिकार

दशरथचन्द नपा-४ नौहाट प्राविमा कक्षा ७ मा अध्ययनरत सोही ठाउँकी १५ वर्षीय एक बालिकालाई ०५९ चैत ७ गते सोही विद्यालयका शिक्षक ४२ वर्षीय केशवराज भट्टले विद्यालय नजिकै बलात्कार गरे। पीडकलाई कुनै कारवाही भएन।

गाँजरी गाविस-२ खोल्टीका ४० वर्षीय गोरे कामीले घरमा पत्नी हुँदाहुँदै छोरा नभएको भनी सोही ठाउँकी १४ वर्षीय घर्मा कामीसँग जवरजस्ती विवाह गरे। घर्माले ०६० वैशाख ७ गते उक्त विवाह बदर गरी पाउँ भनी जिल्ला अदालतमा मुद्दा दायर गरिन्।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव दुर्व्यवहार

दशरथचन्द नपा-१ बबेतकी ३५ वर्षीय उमादेवी ओडलाई आफ्नै दाजुसँग अवैध यौन सम्पर्क गरेको आरोपमा ०६० जेठ ८ गते आफ्नै पति ४२ वर्षीय पदमे ओडले कुटपिट गरी घाइते बनाए। पीडित उमादेवी एक वर्षे नाबालक छोरा सहित अन्य ६ वटा छोराछोरीहरू साथमा लिई आफ्नो माइती घर दशरथचन्द नपा-८ डुंगरीमा बसेकी छन्।

दार्चुला जिल्ला डाँडाकोट गाविस-२ का २८ वर्षीय चन्द्र गिरीले ०६० साउन २२ गते घरनजिक पर्ने मन्दिर परिसरमा आफ्नै ७ वर्षीय छोरा मनोज गिरीको हत्या गरे। पीडितको लास बोरामा हाली आफ्नो ससुराली बैतडी जिल्ला दनपा-६ टाकगाउँमा लगी माइतीमै बसेकी पत्नीसँग रहेकी ४ वर्षीय निर्मला गिरी र २ वर्षीय लक्ष्मी गिरीको माइतीघर नजिकै दशरथचन्द नपा-६ टाकगाउँ नजिकैको खोलामा साउन २३ गते हत्या गरे। पीडकलाई हाल थुनामा राखिएको छ।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार : जातीय छुवाछूत समेत

उदयदेव गाविस-१ खुच्याउडाका २५ वर्षीय दानीराम पहरीलाई जातीय विभेद विरूद्ध जनचेतना अभिवृद्धि गर्ने कार्यअन्तर्गत छुवाछूत विरूद्धको पोस्टर पसलमा किन टाँसेको भनी ०५९ पुस १९ गते सोही ठाउँका ३३ वर्षीय पदमबहादुर चन्दले कुटपिट गरे।

उदयदेव गाविस-१ कपाडीस्थित उदय प्राविमा कक्षा २ देखि ५ सम्म अध्ययनरत सोही ठाउँका १४ वर्षीय गजेन्द्र पहरी, १० वर्षीय जनकराम ओड, १२ वर्षीय लोकेन्द्रराम ओड र शिवराम ओड, १३ वर्षीय देवीराम ओड र १४ वर्षीय भद्रीराम ओडले विद्यालयका प्रधानाध्यापक, अन्य शिक्षक, उपल्लो जातका विद्यार्थी र विद्यालय व्यवस्थापन समितिका पदाधिकारी समेतले जातीय विभेद गरेको जनाउँदै ०५९ पुस २९ गते सामूहिकरूपमा विद्यालय छाडी छिमेकी गाविस विशालपुर स्थित शिव प्राविमा भर्ना भए।

महाकाली गाविस-२ खुलकुह्याका ४१ वर्षीय मनिराम लुहारलाई खानेपानी छोएको आरोपमा ०६० वैशाख १० गते सोही गाविस-३ का ४५ वर्षीय मोतिराम मंगोला र ३२ वर्षीय ठ्यामसिंह मंगोलाले कुटपिट गरी वायाँ खुट्टा र छातीको करङ्गको हड्डीसमेत भाँचिदिए। पीडित पक्षले उपचार खर्च र क्षतिपूर्तिको मागसहित दोषीमाथि कारवाही गर्न जिल्ला प्रशासन कार्यालयमा निवेदन दिए।

पाटन गाविस-३ पौडीका गाविस सचिव ४३ वर्षीय जंगबहादुर विष्टलाई गाजसको अनुमतिविना सरकारी अनुदानको रकम खर्च गरेको आरोपमा ०६० असोज २३ गते माओवादीले कान समाई तीन पटक उठवस गराए।

विशालपुर गाविस-६ का ३१ वर्षीय वीरसिंह विष्टलाई घरमा पत्नी हुँदाहुँदै दोस्रो विवाह गरेको भनी ०६० कार्तिक २६ गते माओवादीले चार धर्के पारी कपाल काटी गाउँ घुमाए। वीरसिंह विष्ट हाल विस्थापित भई भारततिर गएका छन्।

विविध

संरचना क्षति

राष्ट्रिय वाणिज्य बैंकको बैतडीस्थित शाखा कार्यालयमा ०६० भदौ २९ गते ३ बजे राति माओवादीले बाल्टिन बम विस्फोट गराई क्षति पुऱ्याए। त्यसैगरी माओवादीहरूले जिल्ला सिंचाई र जिल्ला भू-संरक्षण पाटनमा रहेका कार्यालयहरू जलाए।

अतिरिक्त जानकारीहरू
(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस जिल्लामा यो वर्ष झुण्डिएर ६ जनाले आत्महत्या गरे भने सवारी दुर्घटनाबाट ४ जनाको मृत्यु भयो। भीरबाट लडेर एक जनाको मृत्यु भयो भने व्यक्तिगत कुटपिटका १४ वटा घटनाहरू सार्वजनिक भए।

दशरथचन्द नपा-३ जरगमा गस्तीमा गएको सुरक्षाकर्मीलाई देखी भाग्न खोज्दा ०६० पुस ५ गते नाम नखुलेका एक जना माओवादी कार्यकर्ताको भीरबाट लडी मृत्यु भयो।

५.९ दार्चुला

जनसंख्या	:१०१६८३
साक्षरता प्रतिशत	:४९.३९
महिला साक्षरता प्रतिशत	:३२.३९
क्षेत्रफल (वर्ग कि.मी.)	:२३२२
गाविस/नपा संख्या	:४१/०
निर्वाचन क्षेत्र	:१
विद्यालय	:२६४
क्याम्पस/उच्च मावि	:१/४
अस्पताल/स्वास्थ्य चौकी	: १/४१
टेलिफोन लाइन	:१८४
मोटर सडक (कि.मी.)	:१८
प्रहरी कार्यालय संख्या	:१
हुलाक संख्या	:४३
मानव विकास सूचकांक	:०.२८६
प्रति एक डाक्टर जनसंख्या	:४०६६५
प्रति परिवार सरदर संख्या	:५.८०

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या / गोली
राज्यबाट

ब्रम्हदेव गाविसमा ०६० भदौ ८ गते माओवादी कार्यकर्ता रवीन्द्र विक र प्रतिभा चन्द (गिरी) लाई गस्तीमा गएका सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

माओवादीबाट

व्यास गाविसको छाङग्रुममा ०६० भदौ २३ गते भएको दोहोरो भिडन्त हुँदा माओवादीको गोलीबाट गस्तीमा गएका प्रहरी सई विष्णुदत्त जोशी, प्रहरी हवल्दार प्रेम जोहारी, प्रहरी जवान भानबहादुर चन्द, विसनबहादुर बमको मृत्यु भयो। सोही घटनामा परी प्रहरी जवानहरू गोपाल विष्ट, रामसिंह बोहोरा र कमलसिंह बुढाथोकी घाइते भए।

अन्य

हुती गाविस-८ स्थित हिमालय उच्च माविका शिक्षक विसनसिंह कुँवरलाई ०५९ फागुन १८ गते राति आफ्नै घरमा अज्ञात समूहले धारिलो हतियारले घाँटी रेटी हत्या गरे।

जेल र बन्दीहरू

०२२ सालमा स्थापना भएको दार्चुला जेलको बन्दी क्षमता ४० जना भए पनि हाल ५६ जना बन्दी छन्। यस जेलमा कैद तोकिएका २७ जना पुरूष छन् भने सार्वजनिक सुरक्षा ऐनअन्तर्गत २ महिलासहित २९ जना बन्दी छन्।

दार्चुला कारागारका बन्दीहरूको स्वास्थ्य उपचार नगरेको ०६० वैशाख ३ गते उपचारको माग राख्दै बन्दीहरूले जेलमा तालाबन्दी गरे।

बेपत्ता / अपहरण
माओवादीबाट

सितला गाविस-६ का ३० वर्षीय विसनसिंह देउरूखीलाई स्थानीय जनतालाई दुःख दिएको र माओवादीको विरोध गरेको आरोपमा ०६० असार १५ गते आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडितको अवस्था हालसम्म अज्ञात छ।

काँटै गाविस-५ का ३८ वर्षीय जितसिंह सितालीलाई माओवादीको विरोध गरेको आरोपमा ०६० असार २१ गते सोही गाविसको मैखोलीबाट माओवादीले अपहरण गरे। पीडितलाई आगामी दिनमा माओवादीको विरोध नगर्ने शर्तमा ६ घण्टापछि मुक्त गरियो।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

इअरकोट गाविसका पूर्व अध्यक्ष तथा एमाले जिल्ला कमिटी सदस्य धनसिंह ठगुन्नालाई माओवादीलाई सेल्टर दिएको आरोपमा ०५९ माघ ८ गते सुरक्षाकर्मीले घरमै कुटपिट गरे।

माओवादीबाट

हापरी गाविस-७ का टेकबहादुर धामीलाई महिला माओवादी कार्यकर्तामाथि हातपात गरेको आरोपमा ०५९ फागुन १३ गते काँटै गाविसमा माओवादीले कुटपिट गरे।

ग्वासी गाविस-३ का दिले धामी र सोही ठाउँका माधव धामीलाई मदिरा बिक्री गरेको आरोपमा ०६० जेठ ३१ गते माओवादीले ज्यानमार्ने धम्की दिए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

पाँच राजनीतिक पार्टीहरूद्वारा संचालित प्रतिगमनविरूद्धको आन्दोलनका क्रममा सदरमुकाममा निकालिएको मसाल जुलुसमाथि ०६० असार १६ गते प्रहरीले हस्तक्षेप गरी लाठिचार्ज गर्दा एमाले दार्चुलाका सचिव वीरबहादुर ठगुन्ना, उपसचिव रामदत्त जोशी, अम्वादत्त पन्त, जनकसिंह ठगुन्ना, खडकसिंह बडाल, हरकसिंह धामी र कृष्णसिंह ठगुन्ना घाइते भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा यस वर्ष विभिन्न प्रकृतिका ६० वटा मुद्दा दर्ता भए। दर्ता भएका मुद्दामध्ये २६ वटा फर्स्यौट भए भने ३४ वटा बाँकी छन्। जिल्ला अदालतका अनुसार, दुनियावादी देवानी २१, सरकारवादी फौज्दारी ५, दुनियावादी फौज्दारी १६, अंश मुद्दा ६, लिखत बदर २, लेनदेन १, सम्बन्ध विच्छेद ४, गाली बेइज्जति ३, किर्ते जालसाजी १ र लुटपिट/कुटपिट १ वटा मुद्दा परेका थिए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

इयरकोट गाविस-४ का दिलिपसिंह महतालाई माओवादीको आरोपमा ०५९ फागुन १२ गते खलंगा गाविस-५ बाङबगरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी सोही दिन रिहा गरे।

खण्डेश्वरी गाविस-७ का डबलसिंह बोहरालाई स्थानीय व्यापारी शेरसिंह धामी र देवेन्द्र रोकायाको पसलमा आगो लगाइदिएको आरोपमा ०५९ फागुन १४ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई केही दिनपछि रिहा गरियो।

अनेरास्ववियुका जिल्ला कमिटी सदस्य जनकसिंह ठगुन्नालाई माओवादीको आरोपमा ०६० वैशाख ५ गते खलंगाबाटै सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई साउन २७ गते तारिखमा रिहा गरियो।

हुती गाविसका महेश कुँवर, करन सिंह कुँवर, गगनसिंह भाट, इन्द्र सिंह विष्ट, नरसिंह धामी, सागर धामी, डम्बरबहादुर बम, परमानन्द बडु, करनसिंह धामी, परमानन्द भट्ट र लक्ष्मणसिंह कुँवरलाई माओवादीको जनसरकारमा बसेको आरोपमा ०६० वैशाख १० गते सुरक्षाकर्मीले गिरफ्तार गरी सोही दिन तारिखमा रिहा गरे।

गोकुलेश्वर गाविस-७ बाट माओवादी कार्यकर्ताहरू गंगालाल पहरी, महेन्द्र कुँवर, शालिमान

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्यबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१	१		१	१	४		४	१	१	१		२
घाइते					१	३		३					
गिरफ्तारी/यातना									९	३३	२	१४	४९
कुटपिट					१	१		१	१	१			१
धम्की					३	४	२	६					
भेला/संगठित हुने अधिकार									२	१		१	२
महिलाअधिकार	१		१	१									
अपहरण					३	३		३					
जम्मा	२	१	१	२	९	१५	२	१७	१३	३६	३	१५	५४

धामी, सुनमती ठगुन्ना, मनोरथ ठगुन्ना, दीपेन्द्र धामी, अर्जुन ठगुन्ना, सुरेन्द्र सिंह विष्ट, हरजीतसिंह विष्ट, मैनाकुमारी ठगुन्ना, धनसिंह ठगुन्ना, मोहनसिंह कार्की, अमरबहादुर विष्ट, जनकराम दमाई, रणवीरसिंह बोहरा, जनकराज भट्ट र खेमराज बोहरालाई ०६० जेठ २७ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई हाल थुनामा राखिएको छ।

गुल्जर गाविस-९ का ३० वर्षीय दशरथसिंह ठगुन्नालाई माओवादीको आरोपमा ०६० साउन ७ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई साउन २२ गते रिहा गरियो।

सुनसेरा गाविसका पूर्व उपाध्यक्ष वीरपल धामीलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६० पुस १२ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई यस वर्षको अन्त्यसम्म हिरासतमा राखिएको छ।

डाँडाकोट गाविसस्थित उपस्वास्थ्य चौकीका अहेब गणेश गिरीलाई माओवादीलाई उपचार गरेको आरोपमा ०६० पुस १२ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई यस वर्षको अन्त्यसम्म हिरासतमा राखिएको छ।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दुर्व्यवहार

दत्तु गाविस-७ की एक महिलालाई ०६० असार २७ गते सोही ठाउँका शिक्षक सुन्दरसिंह नगरीले बलात्कार प्रयास गरे।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

लटीनाथ गाविस-५ का ४५ वर्षीय इन्द्रबहादुर सिंह र ५२ वर्षीय भक्तबहादुर सिंहलाई उपस्वास्थ्य चौकीको फर्निचर लगेको प्रचार गरेको आरोपमा ०६० वैशाख १ गते माओवादीले मोसो दली गाउँ घुमाए।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष ११ जनाले आत्महत्या गरे। जसमध्ये, ७ जना झुण्डिएर, २ जना विष सेवन गरे र २ जना र नदीमा हाम्फालेका थिए। एउटा चोरी र आगजनीका १-१ वटा घटना भए।

विगतको अनुगमन

डाँडाकोट गाविस-२ लिमाका २५ वर्षीय अमृत गिरीलाई माओवादीको आरोपमा ०५९ वैशाख २२ गते खलंगास्थित महेन्द्र उच्च माविको परीक्षा हलबाट सुरक्षाकर्मीले गिरफ्तार गरेका थिए। पीडितलाई हाल थुनामा राखिएको छ।

लाटिनाथ गाविस-७ का चक्रानन्द जोशीलाई माओवादीको आरोपमा ०५९ वैशाख ४ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा वैशाख १९ गते रिहा गरे।

खलंगा गाविस-९ का ३० वर्षीय राजेन्द्र महरलाई माओवादीको आरोपमा ०५८ पुस ४ गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरेका थिए। पीडितलाई हालसम्म थुनामा राखिएको छ।

शंकरपुर गाविसका तरूण दल गाउँ कमिटीका सचिव पिताम्बर पन्तलाई माओवादीको आरोपमा ०५८ पुस १ गते भारतको पिथौरागढबाट भारतीय प्रहरीको सहयोगमा गिरफ्तार गरेकोमा ०५९ माघ २६ गतेदेखि थुनामा राखिएको छ।

खार गाविस-३ का २५ वर्षीय मदनसिंह विष्टलाई माओवादीको आरोपमा ०५८ पुस ७ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल थुनामा राखिएको छ।

अनुसूची २

मानवअधिकार उल्लंघन तथ्याङ्क २००३

परिशिष्ट १.१ : नेपाल - घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यपक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या															
घाँटी रेटेर						४	४			४					
घाँटी थिचेर	१०	६	४		१०	१	१			१					
घाँटी काटेर	५	४	३		७	३	३			३	२	२			२
विद्युतीय धरापमा परी						४१	११९	३	१	१२२	१	१			१
बम विस्फोटबाट	३	३	१		४	२७	५३	५		५८	२	१	२		३
बलात्कारपछि	९	१	८		९	१	१			१					
दोहोरो भिडन्तमा	२०	२०	२	१	२३	३८	११६	२		११८	९२	२२१	३७	१२९	४०७
आफ्नै विद्युतीय धरापमा परी						२	४			४ .					
आफ्नै बम विस्फोटबाट मृत्यु	१	१			१	९	१४	२		१६					
भीर वा डाँडाबाट खसाली	१	१			१										
झुण्डाएर	८	४	४		८	३	३			३					
विष खुवाएर	५	१	६		७						१		१		१
कुटपिट गरेर	७४	५९	२०		७९	१४	१५			१५	१	२			२
गाडीले किचाएर	२	१	१		२										
गोली हानी	२६	२५	२		२७	१७४	२२०	४		२२४	४२१	६८७	९८	१५	८००
धारिलो हतियार प्रहार गरी	१२२	९४	५०		१४४	६५	६६	३		६९	१	१			१
हत्याको प्रकृति नखुलेको	३८	३२	१८	१	५१	५	५	२		७					
घाइते															
विद्युतीय धरापमा परी						५१	२४५	२	५५	३०२	२		३		३
बम विस्फोटबाट	६	१०	२		१२	४६	१००	२५	२८	१५३	७	७	९		१६
आफ्नै बम विस्फोट भई						२	६	१		७					
कुटपिटबाट	३८	४४	७		५१	२९	५०	३		५३	४३	१२२	३	४९	१७४
गोलीबाट	२२	२३	७		३०	८९	१५५	९	७	१७१	३८	४८	१०	२७	८५
धारिलो हतियार प्रहारबाट	३०	३५	६		४१	६	९	२		११	१		१		१
हवाई फायरका क्रममा गोलीद्वारा	३	४			४	५	१०			१०	४	३	२		५
बम विस्फोट															
बम विस्फोटबाट आतंकित						२४	३		२२	२५	२	३			३
हिरासत/थुनामा मृत्यु															
हिरासत/थुनामा मृत्यु											६	६			६
गिरफ्तारी/यातना															
गिरफ्तारी/यातना											९९६	२१९४	३८९	१२२	२७१६
बेपत्ता															
बेपत्ता पारिएका	१		२		२						२७६	२२९	३९		३६८

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यपक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
कुटपिट															
कुटपिट	१९१	२२२	३७	४	२६३	२८८	३६८	२३	७	३९८	२१८	४१४	३५	११	४६०
खुट्टा भाँचिएको						२	३			३	१	१			१
हात भाँचिएको	१	१			१	४	४			४					
धम्की															
धम्की	३९	३९	६	२	४७	२२२	२७७	१८	७८७	१०८२	३९	४६	६	२	५४
भेला संगठित हुने अधिकार															
भेला/संगठित हुने अधिकार	३	८			८	१			१	१	२२	३७	३	८७६	९१६
लाठिचार्ज											१५	५१	३	२५	७९
जातीय विभेद															
सार्वजनिक स्थलमा प्रवेशबाट वञ्चित	४	५	२		७										
अन्तरजातीय विवाहपछि दूर्व्यवहार	७	६	५		११	१	१	१		२					
जागिरबाट निष्काशन	२	२			२										
जातीय छुवाछूत	३६	३१	१३	१	४५										
विभिन्न अवसरबाट वञ्चित	४	२	१	२	५										
निष्पक्ष जाँचपड्ताल र सुनुवाइको अधिकार															
निष्पक्ष जाँचपड्ताल र सुनुवाइको अधिकार						१	२			२	१		१		१
भूमिहीन सुकुम्बासी															
भूमिहीन सुकुम्बासी	२	२	१		३						३			११२१४	११२१४
महिलाअधिकार															
वेश्यावृतिमा लगाएको	३		४		४										
बोक्सीको आरोपमा कुटपिट/दूर्व्यवहार	५४		६६		६६	१		१		१					
बलात्कार	५५		६८		६८						७		९		९
बलात्कारको प्रयास	४२		४४		४४						५		८		८
बहुविवाह	७६		८०		८०										
महिला भएकै कारण यातना	१५		२१		२१										
महिला बेचबिखन	२०		२९		२९										
जारी	८		९		९										
बेचबिखनको प्रयास	१४		२०		२०										
पारिवारिक हिंसा	९९		१०४		१०४	१		१		१					
यौन दूर्व्यवहार	२२		२२		२२	१		१		१					
कुटपिट	३२		३३		३३	४		४		४	१		१		१
गर्भपतन	६		६		६										
धम्की	१		१		१										

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यपक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
बालअधिकार															
बेपत्ता											१	१			१
बालश्रम	३४	३५	३		३८										
बालबालिका बेचबिखन	२०	२	३१		३३										
बालविवाह	११	४	९		१३										
औषधोपचारबाट बञ्चित	१	१			१						१			२६४	२६४
अपहरण	४	२	२		४	५	३	३		६					
नवजात शिशुको हत्या	१४	६	२	६	१४										
विभिन्न अवसरबाट वञ्चित	१	१	१		२						१		१		१
शिक्षाबाट बन्चित	४	२	१	२	५	२		१	१	२	६	४	१	२०४	२०९
यौन दूर्व्यवहार	१०४		१०९		१०९	१		१		१	१		३		३
कुटपिट	२०	२७	१८		४५	१	१			१	२	६			६
हत्याको प्रयास	३	३			३						१		१		१
आर्थिक सामाजिक सांस्कृतिक अधिकार															
ज्यालाबाट वञ्चित	११	२२		११	३३	१	२			२	३	३			३
ज्यालामा भेदभाव	५	४	१		५										
ट्रेड युनियन अधिकारबाट वञ्चित											१	५	२		७
अन्य	१	१			१	४	१		३	४	६	६५	१	२	६८
आफ्नो सम्पत्तिको अधिकार	४	४			४	३१	३५	२		३७	७	१५	१	१	१७
जागिरबाट निष्काशन	३	४	१		५						२	१	१		२
धार्मिक स्वतन्त्रता	१	१	१		२	४	३	१	२	६					
अमानवीय व्यवहार															
अनुहारमा मोसो लगाएको	९	८	३		११	१०	१३	५		१८					
जुत्ताको माला लगाएको						२	२			२					
कपाल खौरिएको	१			१	१	१	१			१					
अन्य	७	६	२	१	९	६	६	१		७					
अपहरण															
अपहरण	५२	५२	११		६३	७१५	११२२	६६	५१	१२३९					
भौतिक संरचनामा क्षति															
रेन्जपोष्ट कार्यालय						१			२	२					
स्वास्थ्य केन्द्र						१	१			१					
संस्थानको कार्यालय						२	१		१	२					
सञ्चार क्षेत्र						१			१	१					
सरकारी सवारी साधनहरु	१			१	१	९			१२	१२					
सरकारी कार्यालयहरु						१०			१४	१४					
व्यक्तिगत घर	१	२	३		५	१२	१०	१	२	१३	११	१५	१	२२	३८
बैंक	१			१	१	२			२	२					

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यपक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
दूरसञ्चार टावर						२			२	२					
नीजि सवारीसाधन	४			४	४	१२	४		१०	१४					
नीजि कार्यालयहरु	१			१	१	३	२		१	३					
नगरपालिका भवन						२			२	२					
जलविद्युत आयोजना						१			१	१					
पुल						६			७	७					
प्रहरी चौकी	१			१	१	१२			२२	२२					
सिनेमा हल						१		१		१					
जिल्ला वन कार्यालय						४			४	४					
जिविस भवन						२			२	२					
विद्युतसँग सम्बन्धित क्षेत्र						३			३	३					
विद्यालय	२			२	२	४	१		३	४					
विश्वविद्यालय	१			२	२										
उद्योग						१			१	१					
कृषि उपकेन्द्र						५			५	५					
गाविस भवन						२०			५७	५७					
गैरसरकारी संस्था						१			१	१					
खानेपानीसँग सम्बन्धित कार्यालय तथा संरचना						३			३	३					
हुलाक कार्यालय						४			४	४					
विस्थापन															
अन्तरजातीय विवाहका कारण	१	१	१		२										
जातीय छुवाछूतका कारण	१		१		१										
यौन दुर्व्यवहारका कारण	३		३		३										
अन्य	३	३			३										
द्वन्द्वका कारण	५०	१३९१	३२२	९२६५	१०९७८*	१९०	४७२	४६		५१८	४	१६	१६	११०	१४२
जम्मा	१५४२	२२७८	१२४०	९३०९	१२८२७	२२८२	३५३७	२४०	११२७	४९०४	२२५६	४२१७	६८८	१४००४	१९००९

* द्वन्द्वका कारण भयभित भएर विस्थापित

अतिरिक्त जानकारीका घटनामा पीडित संख्या

घटनाको प्रकार	पुरुष	महिला	नखुलेको	जम्मा
डकैती	९८	९	११०	२१७
दुर्घटना	३९३	१४४	३६९	९०६
आत्महत्या	४३२	३८०	५६७	१३७९
जम्मा	९२३	५३३	१०४६	२५०२

परिशिष्ट १.२ : नेपाल - पीडितको प्रकार र संख्या उमेरको आधारमा

पीडितको प्रकार	१५ वर्ष मुनि				१५ देखि ४५ वर्ष			
	पुरुष	महिला	नखुलेको	जम्मा	पुरुष	महिला	नखुलेको	जम्मा
राजनीतिक कार्यकर्ता					१०१३	१२६	२	११४१
स्वास्थ्य सहायक						१		१
स्वास्थ्यकर्मी					९			९
सुकुम्बासी					१			१
सेना					१२७			१२७
जागिरे / कर्मचारी					३५६	२५		३८१
सामाजिक कार्यकर्ता					२४	१		२५
उद्योग व्यवसायी					३१८	५१		३६९
ईन्जीनियर					१			१
बन्दी					६			६
मानवअधिकारकर्मी					२			२
मजदुर	९	९		१८	२५२	९५	१	३४८
भारतीय नागरिक					२			२
भारतीय प्रहरी								
फोटोग्राफर					२			२
पत्रकार					७७			७७
प्रदर्शनकारी					२८	३		३१
प्रहरी					२९०			२९०
विद्यार्थी	९५	९१		१८६	६१५	११०		७२५
शिक्षक					२८१	१८		२९९
चोर तथा डाँका					६			६
कृषक	५८	५९		११७	२०३१	५६८		२५९९
कानुन व्यवसायी					१५	२		१७
गृहिणी						३०		३०
शरणार्थी					४	५		९
उपलब्ध नभएको	३७	५३	२	९२	४०३	१२१	१३	५३७
जम्मा	१९९	२१२	२	४१३	४८६३	११५६	१६	६०३५

पीडितको प्रकार	४५ वर्ष भन्दा माथि				उमेर नखुलेको	जम्मा			
	पुरुष	महिला	नखुलेको	जम्मा	जम्मा	पुरुष	महिला	नखुलेको	जम्मा
राजनीतिक कार्यकर्ता	१५७	२	३	१६२	७०२	१६१८	१९४	१९४	२००६
स्वास्थ्य सहायक					२	२	१		३
स्वास्थ्यकर्मी	२			२		११			११
सुकुम्बासी	१			१		२			२
सेना	६			६	१३१	२६४			२६४
जागिरे/कर्मचारी	६६	२		६८	३४	४६०	२८	१	४८९
सामाजिक कार्यकर्ता	१२			१२	१	३७	१		३८
उद्योग व्यवसायी	५१	४		५५	१५	३८५	५६		४४१
ईन्जीनियर						१			१
बन्दी					१	७			७
मानवअधिकारकर्मी					१	३			३
मजदुर	१७	५		२२	२७	२९५	११८	२	४१५
भारतीय नागरिक						२			२
भारतीय प्रहरी	१	१		२		१	१		२
फोटोग्राफर						२			२
पत्रकार	७			७		८४			८४
प्रदर्शनकारी	२			२	८८८	३०	३	८८८	९२१
प्रहरी	४			४	१८५	४७४		५	४७९
विद्यार्थी	५			५	११५८	७९६	२०३	१०६८	२०६७
शिक्षक	४१			४१	१३४	४५५	१८	१	४७४
चोर तथा डाँका						६			६
कृषक	४५७	९९		५५६	१४०५	३०२०	९२४	७३१	४६७५
कानुन व्यवसायी	२			२		१७	२		१९
गृहिणी		२		२			३२		३२
शरणार्थी	२	१		३		६	६		१२
उपलब्ध नभएको	५४	६		६०	२३५९६	२१५४	५८१	२१५५०	२४२८५
जम्मा	८८७	१२२	३	१०१२	२८२८०	१०१३२	२१६८	२४४४०	३६७४०

परिशिष्ट १.३ : नेपाल - पीडित हुनेहरूको संख्या, घटनाको प्रकार र महिना

घटनाको प्रकार	Jan	Feb	Mar	Apr	May	Jun	Jul	Aug	Sep	Oct	Nov	Dec	जम्मा
हत्या	१७१	३३	५५	४४	४४	५४	४४	२२२	४३४	५३७	३५१	२४७	२२३६
घाइते	७४	१६	२८	३१	८१	३३	२८	१४७	२९०	१४१	१३०	१३०	११२९
वम विस्फोटन	३	१						३	१२	६	३		२८
हिरासत वा थुनामा मृत्यु	१		१	१	१				२				६
गिरफ्तारी/यातना	८१	१७४	११०	३२९	२३४	१३६	१२०	१५०	२५०	१७४	२१५	७३२	२७१६
वेपत्ता	१५		१	१	१	६	६	३५	७१	८६	९८	४८	३६८
कुटपिट	९०	५६	७२	८६	१६७	८०	८८	९१	११३	१२२	६५	११०	११४०
धम्की	७६६	२०	२७	२४	३०	२८	१७	५०	६४	२७	८८	३२	११८३
भेला/संगठित हुने अधिकार	६	५	४	१८	४०	२५	१०		८६४			३२	१००४
जातीय विभेद		९	६	२	५	८	७	९	३	१०	४	८	७२
निष्पक्ष जाँचपड्ताल र सुनुवाईको अधिकार									१	२			३
भूमिहीन/सुकुम्बासी	१२१२५				२								१२१२७
महिलाअधिकार	२८	६१	५३	६२	६४	६४	५०	४७	२२	२१	२८	२२	५३२
वालअधिकार	२८	११०	२४	१२६	२०	३२०	३२	२५	११	१०	२१	२५	७६२
आर्थिक सामाजिक सांस्कृतिक अधिकार	६	१३	४	१५	११	७२	२२	१२	१६	७	५	१३	१९६
अमानवीय व्यवहार	४		१	७	६	६	११	३	२	८	१		४९
अपहरण	१२०	७७	२९	९८	७९	१०८	६८	१३९	१८५	१३५	२०३	६३	१३०४
संरचनामा क्षति	७	१		६	१	२३	२	१६	९४	३२	९	४७	२३८
विस्थापन	१०५५	५२२	१८१	१०८४	८४	७१	२६७	३०३६	३६२	३८२९	१२८१	१४	११६४७
जम्मा	१४५९०	११०९	५९६	१९४५	८७०	१०३४	७७२	३९८५	२७९६	५०१७	२५०२	१५२४	३६७४०

परिशिष्ट १.४ : पूर्वाञ्चल - घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	८४	५९	३२		९१	७८	१०४	४		१०८	१४४	२४२	४६	९	२९७
घाइते	२७	३३	३		३६	४९	११५	१०		१२५	२०	५२	१२	१	६५
बम विस्फोटन						२	२		१	३					
हिरासत वा थुनामा मृत्यु											१	१			१
गिरफ्तारी/यातना											२०२	३९७	३२		४२९
बेपत्ता											२५	४५	३		४८
कुटपिट	४१	७१	७		७८	६५	७९	८	४	९१	३८	७२	१२		८४
धम्की	१३	१२	१		१३	२५	२९	५	२	३६	५	४	१		५
भेला/संगठित हुने अधिकार	२	६			६						२			२	२
जातीय विभेद	७	१०	१	१	१२	१	१	१		२					
निष्पक्ष जाँचपड्ताल र सुनुवाईको अधिकार						१	२			२	१		१		१
भूमिहीन/सुकुम्बासी	२	२	१		३										
महिलाअधिकार	९८		११४		११४										
बालअधिकार	४८	१०	३९	२	५१						३	१	१	३६६	३६८
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	५	७	१		८	३	३	१		४	३		१	२	३
अमानवीय व्यवहार	५	६	१		७	४	७			७					
अपहरण	६	४	२		६	८१	१५४	१०	१	१६५					
जम्मा	३३८	२२०	२०२	३	४२५	३०९	४९६	३९	८	५४३	४५४	८१४	१०९	३८०	१३०३

परिशिष्ट १.५ : मध्यमाञ्चल - घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१३२	१०४	४३	२	१४९	१३१	२१२	६	१	२१९	१४८	२४३	३१	१२	२८६
घाइते	४१	४७	१३		६०	९७	२१६	२०	८३	३१९	३०	६२	५	४४	१११
बम विस्फोटन						१२	१		११	१२	१	१			१
हिरासत वा थुनामा मृत्यु											२	२			२
गिरफ्तारी/यातना											३५२	६३०	४७	९२	७६९
बेपत्ता	१		२		२						१८०	२१३	१९		२३२
कुटपिट	७६	७८	१७	२	९७	४८	५९	८		६७	४६	८८	११	१०	१०९
धम्की	५	७	१		८	३५	५०	४	३	५७	१	१			१
भेला/संगठित हुने अधिकार	१	२			२						१४	२८		८९०	९१८
जातीय विभेद	१३	१३	५		१८										
भूमिहीन/सुकुम्बासी											३			१२१२४	१२१२४
महिलाअधिकार	१७२		१९४		१९४	४		४		४	२		२		२
बालअधिकार	६९	४४	७४	४	१२२	१		१		१	५	९	४		१३
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	८	११	१		१२	१	१			१	८	७५	३		७८
अमानवीय व्यवहार	६	५	२		७	२	२	२		४					
अपहरण	३५	४१	४		४५	१८१	२८६	१४	५०	३५०	१	१			१
जम्मा	५५९	३५२	३५६	८	७१६	५१२	८२७	५९	१४८	१०३४	७९३	१३५३	१२२	१३१७२	१४६४७

परिशिष्ट १.६ : पश्चिमाञ्चल घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	५७	४३	२३		६६	५३	१०४	३		१०७	४६	९९	१६	१८	१३३
घाइते	९	१७			१७	३१	९९	३		१०२	१५	२६	३	७	३६
बम विस्फोटन						४			४	४					
गिरफ्तारी यातना											११३	२२७	५२		२७९
बेपत्ता											१५	२०	४		२४
कुटपिट	१६	१८	३		२१	१३	१६	२		१८	२२	४६	६		५२
धम्की	४	२	१	१	४	२५	३४	३	१	३८	४	५			५
भेला संगठित हुने अधिकार											६	१६	३	३	२२
जातीय विभेद	९	१	९	१	११										
महिलाअधिकार	७३		९०		९०	१		१		१					
बालअधिकार	३२	४	२८	१	३३						३		१	१०१	१०२
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	३	१०	१		११	२	१		१	२					
अमानवीय व्यवहार	३		१	२	३	३	३			३					
अपहरण	६	४	२		६	८६	१५३	५		१५८	१	१			१
जम्मा	२१२	९९	१५८	५	२६२	२१८	४१०	१७	६	४३३	२२५	४४०	८५	१२९	६५४

परिशिष्ट १.७ : मध्य पश्चिमाञ्चल घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	३७	२८	११		३९	७५	१३५	५		१४०	१०१	१९५	१४	९०	२९९
घाइते	१२	९	४		१३	३४	८२	४	५	९१	१९	२५	५	२४	५४
बम विस्फोटन						४			४	४	१	२			२
हिरासत वा धुनामा मृत्यु											३	३			३
गिरफ्तारी/यातना											२०७	६७९	२२५	१९	९२३
बेपत्ता											३६	३५	८		४३
कुटपिट	४८	५३	८		६१	६४	८१	१		८२	६०	१००	४	१	१०५
धम्की	२	१	२		३	८२	९५	४	७७५	८७४	१६	२१	३	१	२५
भेला/संगठित हुने अधिकार						१			१	१	१	८	२		१०
जातीय विभेद	४	२	३		५										
महिलाअधिकार	५५		५७		५७	१		१		१	८		१०		१०
बालअधिकार	४०	२०	२२	१	४३	५	३	३		६	१	१			१
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार						२४	२५	१	४	३०	४	९	१		१०
अमानवीय व्यवहार	२	२	१		३	६	६	४		१०					
अपहरण	३	२	१		३	३०३	३७२	३१		४०३					
जम्मा	२०३	११७	१०९	१	२२७	५९९	७९९	५४	७८९	१६४२	४५७	१०७८	२७२	१३५	१४८५

परिशिष्ट १.८ : सुदूर पश्चिमाञ्चल घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्यबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	२४	१८	१०		२८	४८	६९	३		७२	८३	१४६	३१	२५	२०२
घाइते	९	१०	२		१२	२५	६३	५	२	७०	१२	१५	३		१८
वम विस्फोटन						२			२	२					
गिरफ्तारी/यातना											१२४	२६१	३३	२२	३१६
वेपत्ता											११	१४	५		१९
कुटपिट	१३	१३	२	२	१७	१०५	१४०	४	३	१४७	५४	१०९	२		१११
धम्की	१५	१७	१	१	१९	६६	६९	२	६	७७	१३	१५	२	१	१८
भेला/संगठित हुने अधिकार											१५	३६	१	६	४३
जातीय विभेद	२०	२०	३	१	२४										
महिलाअधिकार	४९		५२		५२	१		१		१	३		६		६
वालअधिकार	१७	५	१३		१८	३	१	१	१	३	१			१	१
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	९	८		११	१९	१०	११	१		१२	४	५		१	६
अमानवीय व्यवहार	१	१			१	४	४			४					
अपहरण	२	१	२		३	६७	१५७	६		१६३					
जम्मा	१५९	९३	८५	१५	१९३	३३१	५१४	२२	१४	५५१	३२०	६०१	८३	५६	७४०

परिशिष्ट १.९ : नेपाल - सन् २००३ डिसेम्बर महिनासम्म जेलमा रहेका बन्दीहरूको संख्या

क्र.सं.	जिल्ला	थुनुवा	बन्दी	पुरुष	महिला	नाबालक	नाबालिका	जम्मा
१.१	झापा	११२	१६८	२६२	१८			२८०
१.२	इलाम	३४	४८	७२	१०		१	८३
१.३	पाँचथर	५	३२	३७				३७
१.४	ताप्लेजुङ	३	२३	२६				२६
१.५	मोरङ	२४८	१८७	३९९	३६			४३५
१.६	सुनसरी	जेल छैन						
१.७	धनकुटा	१२	२९	३९		२		४१
१.८	तेह्रथुम	१०	१६	१९	७			२६
१.९	भोजपुर	५	३३	३५	२		१	३८
१.१०	संखुवासभा	१४	२०	१७	३			२०
१.११	सप्तरी	४१	७७	११५	३			११८
१.१२	सिराहा	३७	५७	८१	८	२		९१
१.१३	उदयपुर	३०	२०	५९	१			६०
१.१४	खोटाङ	४०	२८	६०	८	१	१	७०
१.१५	ओखलढुंगा	५	६	८	३			११
१.१६	सोलुखुम्वु			५				५
२.१	धनुषा	जेल छैन						
२.२	मोहोत्तरी	१०२	९०	१८४	१२	४		२००
२.३	सर्लाही	६०	२८	८५	३			८८
२.४	सिन्धुली	२१	१९	४०				४०
२.५	रामेछाप	७	११	११	७		२	२०
२.६	दोलखा	१९	१८	३७	६			४३
२.७	रौतहट	३६	७०	९८	८			१०६
२.८	वारा	जेल छैन						
२.९	पर्सा	२६४	१९१	४२४	२७	४		४५५
२.१०	चितवन	१०८	४१	१४९	१४	२		१६५
२.११	मकवानपुर	४१	२५	६६				६६
२.१२	ललितपुर	११०	११३	२२३				२२३
२.१३	काभ्रे	४२	४४	८६				८६
२.१४	भक्तपुर	जेल छैन						
२.१५	काठमाडौं	७२६	८८३	१४९९	११०	४		१६१३
२.१६	धादिङ	११	१२	२०	३			२३
२.१७	सिन्धुपाल्चोक	३६	२०	५४	२			५६
२.१८	नुवाकोट	१२	५	१५	२			१७
२.१९	रसुवा			१३				१३

क्र.सं.	थुनुवा	बन्दी	पुरुष	महिला	नाबालक	नाबालिका	जम्मा	
३.३	लमजुङ	२१	९	३०				३०
३.४	स्याङ्जा	१८	५	२३				२३
३.५	कास्की	९७	२७	९५	२२			११७
३.६	मनाङ	बन्दी छैनन्						
३.७	नवलपरासी	३७	१७	५२	२			५४
३.८	रुपन्देही	११३	७०	१८३				१८३
३.९	पाल्पा	४५	१०८	१२१	३२			१५३
३.१०	कपिलवस्तु	४८	२३	६५	६			७१
३.११	अर्घाखाँची	जेल छैन						
३.१२	गुल्मी	१२	१७	२४	५			२९
३.१३	वाग्लुङ	१२	२१	२८	५	२		३५
३.१४	पर्वत	८	१४	२०	३			२३
३.१५	म्याग्दी	१३	१९	३२				३२
३.१६	मुस्ताङ	बन्दी छैनन्						
४.१	दाङ	२९	६८	९०	९	४		१०३
४.२	प्युठान	१०	१६	२४	२			२६
४.३	रोल्पा	६	५	९	२			११
४.४	सल्यान	१	२०	१८	३	२		२३
४.५	रुकुम	बन्दी छैनन्						
४.६	बाँके	६५	१२९	१९४	२१	२		२१७
४.७	वर्दिया	३८	४५	८३	४			८७
४.८	सुर्खेत	११	१६	२७				२७
४.९	जाजरकोट	२३	२	२५				२५
४.१०	दैलेख		५	५				५
४.११	डोल्पा		१	१				१
४.१२	जुम्ला	१	५	५	१	१		७
४.१३	कालिकोट	बन्दी छैनन्						
४.१४	मुगु	४	१	५				५
४.१५	हुम्ला	३	१	४				४
५.१	कैलाली	५६	९४	१४५	५		१	१५१
५.२	अछाम	१०	१	१०	१			११
५.३	डोटी	८	१५	२३				२३
५.४	वाजुरा	१	३	४				४
५.५	वझाङ			१२				१२
५.६	कञ्चनपुर	११४	४२	१५६	४			१६०
५.७	डडेल्धुरा	२२	१६	३८	१	२९		७८
५.८	वैतडी	४	१८	२२				२२
५.९	दार्चुला	२९	२७	५४	२			५६
	जम्मा	३०८९	३१८५	५९१५	४२३	६९	६	६४१३

परिशिष्ट १.१०: राज्य, माओवादी र अन्यबाट पीडित भएका महिला संख्या घटनाको प्रकार अनुसार

(१ जनवरी – ३१ डिसेम्बर, २००३)

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित				राज्यपक्षबाट पीडित	
	अन्यबाट		माओवादीबाट			
	घटना संख्या	जम्मा	घटना संख्या	जम्मा	घटना संख्या	जम्मा
हत्या	१०३	११९	१७	२१	७०	१३८
घाइते	१८	२२	२३	४२	१८	२८
गिरफ्तारी/यातना					७५	३८९
वेपत्ता	१	२			२६	२९
कुटपिट	६६	८८	१९	२७	१५	३६
धम्की	५	७	१०	१८	४	६
भेला/संगठित हुने अधिकार					२	६
जातीय विभेद	१८	२१	१	१		
निष्पक्ष जाँचपड्ताल र सुनुवाईको अधिकार					१	१
भूमिहीन/सुकुम्बासी	१	१				
वेश्यावृत्तिमा लगाएको	३	४				
वोक्सीको आरोपमा कुटपिट/दुर्व्यवहार	५४	६६	१	१		
वलात्कार	५५	६८			७	९
वलात्कारको प्रयास	४३	४४			५	८
वहुविवाह	७६	८०				
महिला भएकै कारण यातना	१५	२१				
महिला वेचविखन	२०	२९				
जारी	८	९				
वेचविखनको प्रयास	१४	२०				
पारिवारिक हिंसा	९९	१०४	१	१		
यौन दुर्व्यवहार	१२६	१३१	२	२	१	३
गर्भपतन	६	६				
वालश्रम	३	३				
वालिका बेचबिखन	१९	३१				
वालविवाह	८	९				
नवजात शिशुको हत्या	२	२				
विभिन्न अवसरबाट वञ्चित	१	१			१	१
शिक्षाबाट वञ्चित	१	१	१	१	१	१
हत्याको प्रयास					१	१
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	३	३	३	३	४	५
मुखमा मोसो लगाएको	२	३	२	५		
अपहरण	१२	१३	४३	६९		
अन्य	२	२	१	१		
जम्मा	७८४	९१०	१२४	१९२	२२१	६७१

अनुसूची ३

सन् २००३ को मानवअधिकार स्थितिबारे राजनीतिक पार्टीहरूको धारणा

नेपाली काँग्रेस

नेपाल कम्युनिष्ट पार्टी (एमाले)

नेपाल मजदुर किसान पार्टी

नेपाली काँग्रेस (प्रजातान्त्रिक)

राष्ट्रिय प्रजातन्त्र पार्टी

नेपाल सद्भावना पार्टी

नेपाली काँग्रेस

विगत केही वर्षदेखि हाम्रो देशमा मानवअधिकारको अत्यन्त भयावह रुपले अतिक्रमण भइरहेको छ। यो क्रम न्यून हुँदै जानु पर्नेमा हरेक वर्ष अझ अकल्पनीय रुपमा बढ्दै जानु एक अत्यन्त चिन्ता र एक अत्यन्त सोचनीय विषय हो। सन् २००२ मा मानवअधिकार उल्लंघनको जुन नाजुक र दुःखद स्थितिलाई देश र देशवासीहरुले व्यहोर्नु पऱ्यो, त्यसको तुलनामा सन् २००३ मा त्यो स्थिति बढेर अझ कहालिलाग्दो रुपमा पुग्यो। नियम, कानुन र संविधान प्रदत्त आधारभूत अधिकारहरुबाट वञ्चित भएर मात्र होइन, अति बर्बर तवरले ज्यान गुमाएर नेपाली जनताले मानवअधिकार उल्लंघनको अति दुःखदायी अवस्थालाई आजसम्म बेहोरिरहन परेको छ।

अहिले हाम्रो देश दुई थरी बन्दुकको कठोर घेराबन्दीमा परेको छ। ती दुवै बन्दुकबाट प्रत्येक दिन निर्दोष र निहत्था जनताको अपहरण भइरहेको छ, प्रत्येक दिन अझ वीभत्स र अझ हृदयविदारक तवरले हत्या र हिंसा भइरहेको छ। प्रत्येक व्यक्तिले आफ्नो आस्थाप्रति प्रतिबद्ध रहन पाउने उसको नैसर्गिक र मानवोचित हक हो। तर त्यसैको आधारमा नेपाली कांग्रेसका कतिपय निहत्था कार्यकर्ताहरुले निरन्तर रुपमा अङ्गभङ्ग, अपहरण र हत्याको आततायी मार झेलिरहनु परेको छ। यस्ता अति जघन्य, अनि बर्बर एवं अति पाशविक घटनाहरुले मुलुकलाई अझ अन्धकारतिर धकेलिरहेका छन्। यी घटनाहरु मानवअधिकार उल्लंघनका अत्यन्त निन्दनीय र घोर कलंकित घटनाहरु हुन्। हामी सबैले यस्ता घटनासँग सम्बद्ध सबै क्रियाकलापको कडा विरोध र घोर भर्त्सना गर्नु पर्छ।

माओवादीहरुको यावत क्रियाकलाप नितान्त आतंककारी प्रवृत्तिका छन्। उनीहरुको अनेकौं अपहरण, हत्या र हिंसाका श्रृङ्खलाहरुले मुलुक आक्रान्त छ। यो मानवअधिकार उल्लंघनको चरम स्थिति हो। तर प्रचलित नियम-कानुनको परिधिमा रहनु पर्ने देशको सुरक्षा निकायले पनि त्यस्तै रुपमा प्रस्तुत भएर, कसैलाई पनि विना पूर्जी पक्राउ गर्ने र बेपत्ता पार्ने जस्ता कार्यलाई निर्बाध अघि बढाइ रहनु ज्यादै चिन्ताप्रद विषय हो। यसले सरकारको निरंकुशतालाई र आफ्नो दायित्वप्रति अलिकति पनि सचेत नभएको कुरालाई स्पष्ट इंगित गर्छ। त्यसैले सन् २००३ लाई मानवअधिकारको सन्दर्भमा दृष्टिगत गर्दा, अत्यन्त निराशाजनक र दुःखदायी स्थिति हाम्रो अगाडि आउँछ। यो स्थितिको रोकथाममा यहाँका राजनीतिक पार्टी, मानवअधिकारवादी संघ-संस्था एवं अरु सबै सचेत वर्गको अविलम्ब ध्यान आकर्षण हुन आवश्यक छ। त्यसो हुन सकेन भने मानवअधिकार उल्लंघनको अवस्थाले विकराल रुप लिनेछ।

हाम्रो देशको मानवअधिकार उल्लंघनका घटनाप्रति सरोकार राखेर, तिनीहरुको निराकरणमा हाम्रो देशका मानवअधिकारवादी संघ-संस्था एवं राष्ट्रिय मानव अधिकार आयोग र विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरुले देखाएको सजगता अत्यन्त सराहनीय छ। सन् २००४ ले २००३ को जस्तो मानवअधिकार अतिक्रमणको भयावह स्थितिलाई बेहोर्न नपरोस्। हाम्रा निहत्था दाजु-भाइ तथा दिदी-बहिनीहरुले पशुवत यातना बेहोरेर, दुई तिरबाट तेर्सिएका बन्दुकको बेदीमा आफूलाई बलिदान गर्न नपरोस्, यसै दिशामा हाम्रा यावत प्रयत्नहरु परिचालित हुन सकुन्।

गिरिजाप्रसाद कोइराला
सभापति

नेकपा (एमाले)

नेपाल अधिराज्यको संविधान २०४७ ले नेपाली जनताको आधारभूत मानवअधिकार सुरक्षित गर्ने घोषणा गरेको छ। संविधानको प्रस्तावना मार्फत् यस्तो घोषणा गरिएको भए पनि यससम्बन्धी व्यावहारिक कार्यान्वयनको स्थिति भने सकारात्मक रहेको छैन। विगत एक वर्षको मानवअधिकार उल्लंघनका घटनाक्रमहरुलाई हेर्दा यो वर्षको मानवअधिकारको स्थिति झन् बढी नकारात्मक र गम्भीर बन्न पुगेको देखिन्छ। सशस्त्र द्वन्द्वले पीडित देशले शाही प्रतिगमनको थप समस्या भोग्नु पर्दा मानवअधिकारको स्थिति थप जटिल बन्न गएको देखिन्छ।

शाही प्रतिगमन

संविधानमाथि नाङ्गो प्रहार गर्दै ०५९ साल असोज १८ गते निर्वाचित सरकारलाई बर्खास्त गरी प्रत्यक्ष र औपचारिक रुपमै देशमा शाही प्रतिगमनको शुरुवात गरिएको छ। परिणामस्वरुप देशमा निर्वाचित सरकार छैन र असंवैधानिक, अनुत्तरदायी तथा जनसमर्थनविहीन सरकार क्रियाशील छ। निर्वाचित स्थानीय निकायको सट्टा असंवैधानिक सरकारद्वारा मनोनित निकाय कार्यरत छ। संविधानको व्यवस्थाविपरीत लामो समयदेखि देश प्रतिनिधिसभाविहीन अवस्थामा छ। देश अहिले

अध्यादेशद्वारा संचालित छ र यो स्थितिको अन्त्य हुने संकेतसम्म देखिएको छैन। यसबाट नेपाली जनता प्रत्यक्ष र स्वतन्त्र रुपले चुनिएका प्रतिनिधि मार्फत् देशको सरकार र सार्वजनिक जीवन संचालनमा भाग लिने अधिकारबाट वञ्चित भएका छन्। साथै स्वतन्त्र र निष्पक्ष रुपले सम्पन्न हुने आवधिक निर्वाचनमा मतदान गर्ने र निर्वाचित हुने महत्वपूर्ण अधिकारबाट पनि नेपाली जनतालाई वञ्चित गरिएको छ। यसरी शाही प्रतिगमनको परिणामस्वरुप विगत एक वर्षभन्दा बढी समयदेखि नेपाली जनता मानवअधिकार सम्बन्ध यो महत्वपूर्ण नागरिक तथा राजनीतिक अधिकारबाट वञ्चित छन्।

राज्यद्वारा मानवअधिकार उल्लंघन

शाही प्रतिगमनको परिणामस्वरुप देशमा असंवैधानिक, अनुत्तरदायी र जनसमर्थन नभएको सरकार छ। यस्तो सरकारबाट नेपाली जनताको आधारभूत मानवअधिकारको सुरक्षा हुने आशा गर्न सकिँदैन। विगत एक वर्षको मानवअधिकार उल्लंघनका गम्भीर घटनाक्रमहरुले यो तथ्यलाई स्थापित गरेको छ। यस सम्बन्धी केही प्रवृत्तिहरुको बारेमा तल उल्लेख गरिएको छ।

१. शाही प्रतिगमनपश्चात्को अवधिमा गैरन्यायिक हत्याको संख्यामा अत्याधिक वृद्धि भएको छ। काठमाडौं-चक्रपथ, दोरम्बा, भीमाद तथा जुगेडी जस्ता घटनाहरुमा सुरक्षाकर्मीद्वारा भएका हत्याहरुमा गैरन्यायिक हत्याको एउटा प्रवृत्ति देखिन्छ भने अत्याधिक संख्यामा देशव्यापी रुपमा गिरफ्तारी पश्चात् भएको हत्यालाई सामान्यत: दोहोरो भिडन्तको परिणामको रुपमा प्रचारित गर्ने गरिएको पाइन्छ। दोहोरो भिडन्तको रुपमा प्रचारित घटनाहरु मध्ये कुनै घटना तत्काल रीसको आवेगमा आएर सुरक्षाकर्मीद्वारा भएको देखिन्छ। धेरैजसो घटनाहरु भने माओवादी भएको आशंकामा जानीबुझी नै भए गरेको देखिन्छ। यस्ता हत्या मध्ये कतिपय घटनाहरु परिवार तथा सामान्य जनताकै अगाडि भएको पाइएको छ। यस्ता कतिपय घटनाहरुमा सुरक्षाकर्मीहरुले सामान्य नागरिकको भेषमा गिरफ्तार गर्ने र हत्या गर्दा भने सुरक्षाकर्मीको पोशाक लगाउने गरेको पनि देखिएको छ। बन्दुक बोकेको समूह देखेर डराई भाग्ने सामान्य जनता आशंकामा मारिएका कतिपय घटनाहरु पनि देखिएका छन्।

२. सुरक्षाकर्मीद्वारा गैरकानुनी ढंगले हिरासतमा लिइएका व्यक्तिहरुलाई बेपत्ता पार्ने प्रवृत्तिमा वृद्धि भएको छ। यस्ता व्यक्तिहरुको हकमा सरकारले कुनै जानकारी नभएको जवाफ दिने गरेको पाइन्छ भने कुनै व्यक्ति पछिबाट प्रचारित दोहोरो भिडन्तमा हत्या भएको समेत देखिएको छ। राज्यद्वारा बेपत्ता पारिएका व्यक्तिहरुको संख्यामा निरन्तर वृद्धि भएको देखिएको छ। यस्ता व्यक्तिहरुलाई गिरफ्तार गरिएकोबारे राज्यले इन्कार गरे पनि परिवारका सदस्यहरु भने सुरक्षाकर्मीले गिरफ्तार गरी हिरासतमा राखेको किटानी दावी गर्दछन्।

३. शाही प्रतिगमनपश्चात् राज्य संरक्षित हत्याको एउटा श्रृङ्खला नै शुरु भएको हो कि भन्ने आशंका सार्वजनिक रुपमा उठिरहेको छ।

४. सुरक्षाकर्मीद्वारा गरिएका गैरन्यायिक हत्याका घटनाहरुमा हत्या हुनु अगाडि बलात्कार भएका घटनाहरु पनि देखिएका छन्। यस्ता घटनाहरुमा सामान्य गाउँले महिलादेखि माओवादीको आशंका गरिएका महिलाहरु समेत पीडित बन्न पुगेको देखिएको छ।

५. सुरक्षाकर्मीद्वारा गैरकानुनी रुपमा गिरफ्तार गरी कानुन विपरीत व्यक्तिलाई हिरासतमा राख्ने गरेका धेरै घटनाहरु देखिएका छन्। यस्ता व्यक्तिहरुलाई हिरासतमा यातना समेत दिने गरेको पाइन्छ। यातना दिंदा खुट्टाको पाइतालामा हिर्काउने, जथाभावी हिर्काउने र चक्कु समेतको प्रयोग गर्ने गरेको पाइन्छ। सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएकाहरुलाई मुद्दा नचलाउने, कानुन बमोजिम पूर्जी नदिने र अनुहार पट्टीले छोपिदिने जस्ता घटनाहरु आमरुपमा भए गरेका देखिएका छन्।

६. संविधानप्रदत्त शान्तिपूर्ण जुलुस प्रदर्शन र विरोध सभा जस्ता कार्यहरु समेतमा राज्यले दमन, हस्तक्षेप गर्ने गरेको देखिन्छ। शान्तिपूर्ण संयुक्त जनआन्दोलनको क्रममा पाँच दलद्वारा राजधानीमा भएको जुलुस प्रदर्शन तथा विरोध सभामा भएको लाठी प्रहार, प्रदुषित पानी फोहराको प्रयोग र गिरफ्तारीलाई प्रस्तुत सन्दर्भमा उल्लेख गर्न सकिन्छ। राज्यद्वारा देशव्यापी रुपमा यस्ता कार्यहरु भएका छन्। तेह्रथुम, सिरहा, मोरङ, पाल्पा, लमजुङ, अर्घाखाँची, दैलेख र अछाम लगायत विभिन्न स्थानहरुमा पांच राजनीतिक दलहरुले गरेको शान्तिपूर्ण विरोध कार्यक्रममा सुरक्षाकर्मीद्वारा भएको लाठिचार्ज र गिरफ्तारी केही उदाहरण मात्र हुन्। राज्यद्वारा भएका यी दमनकारी घटनाहरुमा आन्दोलनहरु मध्ये कसैको टाउको फुटेको, कसैको हातखुट्टा भाँचिएको र युवा नेता रमेश शर्माको आँखा फुटी काम नलाग्ने भएको थियो। मूल्यवृद्धिको विरोधमा जुलुस प्रदर्शन गर्ने बटवलका

विद्यार्थीहरुमाथि त प्रहरीले गोली प्रहार गरी विद्यार्थी नेता देविलाल पौडेलको हत्या नै गरेका छन्।

७. शाही प्रतिगमन देशमा अपारदर्शिता र जवाफदेहिताविहीनताको स्थितिलाई निरन्तरता दिन चाहन्छ। यस क्रममा प्रतिगमनको उपज वर्तमान सरकार राष्ट्रिय मानवअधिकार आयोग र अन्य मानव अधिकारवादी संस्थाहरुलाई कमजोर तथा निष्प्रभावी बनाउन क्रियाशील रहेको देखिएको छ।

माओवादी ज्यादती

सार्वजनिक प्रतिबद्धताको विपरीत माओवादी पक्षलाई पनि आफ्ना विगतका ज्यादतिहरुलाई निरन्तरता दिइरहेको देखिन्छ। यो प्रवृत्तिलाई निम्न बमोजिम उल्लेख गर्न सकिन्छ।

१. माओवादी पक्ष गाविस भवन र सार्वजनिक भवन लगायत् भौतिक संरचना ध्वस्त गर्ने कार्यमा अहिले पनि क्रियाशील रहेको पाइएको छ। यस क्रममा अन्य राजनीतिक दलसँग सम्वद्ध व्यक्तिहरु तथा सामान्य जनताको घरदेखि लिएर सार्वजनिक पुल पुलेसासम्म माओवादी प्रहारको निशाना बन्न पुगेको देखिन्छ।

२. सुराकीको निहुँमा अन्य राजनीतिक दल तथा सामान्य व्यक्तिको हत्या गर्ने घटनाहरुमा कमी आएको छैन। गस्तीको क्रममा गाउँ आउँदा सुरक्षाकर्मी वसेको र कुराकानी गरेकोसम्म आधारमा माओवादीले कारवाही गरेको देखिएको छ। हत्या गर्दा माओवादीले कतिपय अवस्थामा गाउँलेहरुलाई सुराकी नगर्न आतंकित गर्ने उद्देश्यले क्रूर तरिका अपनाएको देखिन्छ। माओवादीहरुले सम्वन्धित क्षेत्रमा आफ्नो पकड कायम गर्न स्थानीय रुपमा लोकप्रिय रहेका विपक्षी राजनीतिक कार्यकर्तालाई अपहरण गर्ने र हत्या गर्ने समेतका कार्य गरेका छन्। यसो गर्दा माओवादीहरुले पीडितमाथि सुराकीको आरोप लगाउने गरेको देखिएको छ। माओवादीहरुले निशस्त्र सुरक्षाकर्मीहरुको समेत हत्या गर्ने गरेको देखिएको छ।

३. माओवादीहरुले यातनाका क्रूर तरिकाहरु अपनाउने गरेको पाइन्छ। विशेषत: आफूसँग असहमत र आफूले भनेको नमान्नेहरुलाई माओवादीहरुले अपहरण गर्ने, कुटपिट गर्ने र यातना दिने गरेको देखिएको छ।

४. विपक्षी राजनीतिक दलका कार्यकर्ताहरुले भनेको नमानेमा गाउँवाट नै जबरजस्ती विस्थापित गरिदिने क्रममा पनि कमी आएको छैन। माओवादीले तोकेको चन्दा रकम भुक्तानी गर्न नसक्नले सामान्यत: यातनादेखि विस्थापनको सजाय भोग्नु पर्छ। विस्थापनमा पर्नेहरुको घरमा जबरजस्ती ताला लगाउने र जग्गा कब्जा गर्ने गरेको देखिएको छ।

५. माओवादीहरुद्वारा जबरजस्ती चन्दा असुली गर्ने कार्यमा कमी आएको छैन। शिक्षक, गाउँले र सामान्य व्यवसायीले माओवादीलाई नियमित कर (Tax) को रुपमा बुझाउनु पर्ने चलन चलाइएको छ। यस्तो रकम नतिर्दा यातना र मृत्युदण्ड वा गाउँबाट विस्थापनको सजायसम्म गरेको देखिएको छ।

६. माओवादीहरुले बाल सैनिकको प्रयोग गरेको देखिएको छ।

७. माओवादीहरुले सामान्य जनता, निशस्त्र व्यक्ति र बालबालिका समेत पर्ने गरी बारुदी सुरुङ्गको प्रयोग गर्ने गरेको पाइएको छ।

८. माओवादीहरुले पटक-पटक नाकावन्दी गर्ने गरेको देखिएको छ। सुरक्षाकर्मीको विरुद्ध लक्षित भनिएको नाकाबन्दीले सामान्य जनजीवन नै अत्याधिक रुपमा प्रभावित हुने गरेको देखिएको छ।

निष्कर्ष

शाही प्रतिगमनको यो अवधि मानवअधिकार उल्लंघनको दृष्टिकोणले नेपालको इतिहासमै सर्वाधिक रुपमा आलोच्य हुने प्रष्ट छ। प्रतिगमनलाई पराजित नगरी यो स्थितिमा परिवर्तन आउन सक्दैन।

माधवकुमार नेपाल
महासचिव

नेपाल मजदुर किसान पार्टी

मानव अधिकारको सुनिश्चितता उत्पादनका साधनहरुको स्वामित्वसँग सम्बन्धित हुन्छ। पूँजीवादी व्यवस्थामा उत्पादनका साधनहरु सीमित व्यक्तिहरुको नियन्त्रणमा हुन्छ। उत्पादनका साधनहरुमा मुट्ठीभर व्यक्तिहरुको नियन्त्रण कायम रहुन्जेल आर्थिकरुपले व्यापक जनताको मानवअधिकार हनन भइरहेकै हुन्छ। उत्पादनका साधनहरु सामाजिकीकरण भएमा मात्रै व्यापक जनताले आर्थिकरुपले मानवअधिकार उपभोग गर्न पाइरहेको सावित हुन्छ।

पूँजीवादी व्यवस्थामा पूँजीपति वर्गलाई मानवअधिकार, स्वतन्त्रता र प्रजातन्त्र प्राप्त हुन्छ भने कामदार वर्गले त्यसको कुनै अनुभूति गर्न पाएको हुँदैन। पूँजीपति वर्गको निम्ति स्वतन्त्रता, समानता र भातृत्व भनेकै पूँजीवादी प्रजातन्त्र हो।

०४६ सालको जनआन्दोलनबाट पूँजीवादी प्रजातन्त्रको पुन:स्थापना भयो। नेपाली जनतालाई त्यस आन्दोलनले सिद्धान्तत: सार्वभौम बनायो। मानवअधिकारको सुनिश्चितता, बालिग मताधिकार, संवैधानिक राजतन्त्र र संसदीय शासन प्रणालीबारे संविधानमै उल्लेख गरियो। तर, यथार्थमा व्यापक नेपाली जनताले त्यसको उपभोग गर्न पाएनन्। प्रजातन्त्रको पुन:स्थापनापश्चात् पनि नेपाली जनताको आर्थिक स्थितिमा कुनै सुधार भएन। निर्वाचनमा मन हाल्ने र नयाँ शासक निर्वाचित गर्नमै व्यापक जनताको राजनैतिक अधिकार सीमित रहयो। प्रजातन्त्रको फाइदा पूँजीपति वर्गले लियो। तिनीहरु लखपतिबाट करोडपति र करोडपतिबाट अरबपति बने। नेपाली जनताको आर्थिक स्थिति भने झन्-झन् खस्कँदै गयो। हुन त पूँजीवादी व्यवस्थाबाट समाजमा आमूल परिवर्तन सम्भव छैन। उत्पादनका साधन सामाजिकीकरण हुने जनताको प्रजातन्त्रले मात्रै व्यापक जनताको हित गर्दछ।

१८ असोज ०५९ को प्रतिगमनकारी शाही कदमबाट ०४६ सालको जनआन्दोलनबाट प्राप्त सीमित प्रजातान्त्रिक अधिकार पनि खोसियो। त्यस कदमले जनतामा निहित भनिएको सार्वभौमसत्ता र राजकीय सत्ताबारे समेत प्रश्न चिन्ह खडा गर्‍यो। संविधानमा लेखिँदैमा जनता सार्वभौम नहुने र सेना भएको जनतामात्रै साँचो सार्वभौम हुने यथार्थलाई त्यसले पुष्टि गर्‍यो। जनताको सार्वभौमसत्ता र अपहरित प्रजातान्त्रिक अधिकार फिर्ता गर्न शान्तिपूर्ण जनआन्दोलनबाहेक जनतासग अर्को विकल्प थिएन। यसर्थ संसदमा प्रतिनिधित्व गर्ने पाँच राजनैतिक दल नेमकिपा, नेका, एमाले, जनमोर्चा नेपाल र नेपाल सद्भावना पार्टीले प्रतिगमनको विरोधमा शान्तिपूर्ण आन्दोलन गर्ने घोषणा गरे। पाँच पार्टीले प्रजातन्त्रको पुन:स्थापनाको निम्ति संसदको पुन:स्थापना र सर्वदलीय सरकारको गठनलाई आन्दोलनको लक्ष्य बनाए। संविधानको क्रियाशीलताले मात्रै प्रजातन्त्रको पुन:स्थापना हुने ठहर गर्दै पाँच दलले ०६० वैशाख २१ गते खुलामञ्चबाटै शान्तिपूर्ण आन्दोलनको घोषणा गरे।

असंवैधानिक सरकारले शान्तिपूर्ण जनआन्दोलनलाई सेना र प्रहरीको बलले दबाउने कोसिस गर्‍यो। जनआन्दोलनको कार्यक्रमअनुसार ०६० वैशाख २८ गते काठमाडौंमा मसाल जुलुस भयो। त्यस जुलुसमाथि प्रहरी हस्तक्षेप भयो। प्रहरी हस्तक्षेपमा परी नेक्रायुसंघका महासचिव नारायण महर्जनलगायत् दर्जनौं आन्दोलनकारी घाइते भए। त्यस्तै जेठ १४ गते तेस्रो प्रतिनिधिसभाका सांसदहरुको बैठक बस्नअगाडि भएको र्‍याली भद्रकालीमा पुग्दा भएको प्रहरी हस्तक्षेपको कारण नेक्राकिसंघ भक्तपुर नगर समितिका सदस्य पृथ्वीकुमार प्रजापति गम्भीर घाइते भए भने राजनैतिक पार्टीका धेरै नेता, कार्यकर्ता तथा सांसदहरु पनि त्यस घटनामा घाइते भए। त्यसैगरी भदौ १८ देखि २४ गतेसम्म शान्तिपूर्ण अवज्ञा कार्यक्रममा सहभागी नेमकिपाका अध्यक्ष का. नारायणमान बिजुक्छे (रोहित), नेकाँका सभापति गिरिजाप्रसाद कोइराला, एमाले महासचिव माधवकुमार नेपाल, जनमोर्चा नेपालका अध्यक्ष अमिक शेरचन र नेपाल सद्भावना पार्टीका उपाध्यक्ष भरत बिमल यादवसहित दुई हजारभन्दा बढी नेता तथा कार्यकर्ताहरुलाई प्रहरीले गिरफ्तार गर्‍यो।

निरंकुश राजतन्त्र, संवैधानिक राजतन्त्र, पूँजीवादी गणतन्त्र र समाजवादी गणतन्त्रबारे बहस, छलफल र अन्तरक्रियाहरु गर्न पाउनु जनताको प्रजातान्त्रिक अधिकार हो। गणतन्त्रको नारा लगाएको अभियोगमा विद्यार्थी नेताहरुलाई 'राजद्रोह' को मुद्दा लगाउनु सरकारको तर्फबाट विचार स्वतन्त्रतामाथि बन्देज लगाउने दुस्प्रयास हो।

सुरक्षाकर्मीहरु माओत्सेतुङका रचनाहरु र 'क्रान्तिकारी' शब्दहरु भएका प्रकाशनहरुलाई आतंकवादी दस्तावेज देख्छन्। बजारमा खुलारुपमा बिक्री वितरण भइरहेका माओत्सेतुङका रचनाहरु जफत गर्ने कार्यहरुसमेत सुरक्षाकर्मीको तर्फबाट भयो। 'क्रान्तिकारी' शब्दकै कारण नेपाल मजदुर किसान पार्टीका भ्रातृ संगठनहरुमा आबद्ध कैयौं कार्यकर्ताहरु सुरक्षाकर्मीहरुबाट पीडित भए तथा कैयौं पार्टी र जनवर्गीय संगठनका प्रकाशनहरु जफत गरिए। ०६० साल माघ १८ गते नेमकिपा दैलेख जिल्ला समितिको कार्यालयमा सुरक्षाकर्मीहरुले खानतलासी गरे। खानतलासीको क्रममा माओत्सेतुङका रचनाहरु, 'क्रान्तिकारी' शब्द भएका पार्टी र जनवर्गीय संगठनहरुका प्रकाशनहरु, नेक्राविसंघका सहयोग रसिदहरु, चिट्ठी पत्रहरु र कार्यक्रमका फोटोहरु तिनीहरुले लिएर गए भने ०६० कार्तिक २६ गते सुर्खेत जिल्ला समितिको कार्यालयमा खानतलासी गरी त्यस्तै प्रकाशनहरु जफत गरे। पार्टी र जनवर्गीय संगठनहरुबारे पटक-पटक स्पष्ट पारिसक्दा पनि सुरक्षाकर्मीहरु स्पष्ट नहुनुले स्थितिलाई झन् जटिल बनायो। सुरक्षाकर्मीहरु यसबारे सुसूचित हुनु आवश्यक छ। तिनीहरु सुसूचित भएमा निर्दोष नागरिकहरुले दु:ख पाउने छैनन्।

असंवैधानिक थापा सरकारले अध्यादेशमार्फत देश चलाउँदैछ र स्थानीय निकायमा स्वेच्छाचारी ढंगबाट आफ्नो पक्षमा मानिसहरु मनोनित गर्दैछ। जननिर्वाचित प्रतिनिधिहरुको ठाउँ स्वेच्छाचारी ढङ्गले मनोनीतहरुले भर्नु र अध्यादेशबाट देश चलाउनु प्रजातान्त्रिक मूल्य र मान्यताविपरीतका कार्यहरु हुन्।

थापा सरकारले संसद नभएको अवस्थामा नेपाल र नेपाली जनताको हितविपरीत भारतसँग माथिल्लो कर्णाली, बूढी गण्डकी, सुख्खा बन्दरगाहसम्बन्धी सन्धि र नेपाल-भारत यातायात संचालन सम्झौता गर्‍यो। प्रतिनिधिसभा वा संसद नभएको वेला भएका ती सन्धिहरुवाट नेपालको सार्वभौमिकतामाथि भारतको ठाडो हस्तक्षेप र प्रजातन्त्रविरोधी पाइला मान्नुपर्दछ।

'माओवादी' दबाउने नाउँमा असंवैधानिक सरकारले ०६० कार्तिक महिनादेखि 'युनिफाइड कमाण्ड' लागू गर्‍यो। तत्पश्चात् देशमा क्रमश: सैनिक गतिविधिहरु बढ्न थाले र नागरिक प्रशासन निष्क्रिय हुँदै गयो। नागरिक प्रशासन निष्क्रिय हुनु भनेको देश सैनिकीकरण हुनु हो। 'युनिफाइड कमाण्ड' लागू गरिएपछि दिनहुँजसो निर्दोष नागरिकहरुको हत्या, महिलाहरुमाथि बलात्कार, गैरकानुनी गिरफ्तार, बेपत्ता पार्ने तथा शारीरिक र मानसिक यातना दिने जस्ता घटनाहरु निरन्तर जारी रहे। सरकार नागरिक प्रशासन बहाली रहेको अनुभूति दिनसमेत असफल भयो।

राज्यको तर्फबाट मानवअधिकार हननका धेरै घटनाहरु भए। ०६० साल साउन ३२ गते रामेछापमा घटित दोरम्बा घटना, असोज २६ गते डोटीको मुडभगस्थित शारदा उच्च माविका विद्यार्थीहरुको हत्या, कार्तिक २० गते काठमाण्डौमा चालक राजीव श्रेष्ठको हत्या आदि राज्य पक्षवाट भएका मानवअधिकार उल्लंघनका ज्वलन्त उदाहरणहरु हुन्।

त्यसैगरी 'माओवादी' पक्षवाट डर, धम्की र त्रास देखाई चन्दा असुल गर्ने, खाना खाने, जबरजस्ती आफ्नो कार्यक्रममा सहभागी गराउने, आफ्नो निर्देशन पालना नगर्ने तथा अन्य राजनैतिक पार्टीप्रति आस्था राख्ने कार्यकर्ताहरुलाई निर्मम यातना दिई हत्या गर्ने जस्ता कार्यहरु निरन्तर जारी रहे। नेमकिपा कालीकोट जिल्ला समितिका उपाध्यक्ष का. ऐनबहादुर शाहीलाई महिनौंसम्म घरमै नजरबन्द, जनमोर्चा नेपाल प्युठान जिल्ला समितिका सदस्य कृष्ण श्रेष्ठसहित २१ जनालाई ०६० असोज १३ गते अपहरण गरी लामो समयसम्म अज्ञात स्थानमा राखेको र अन्य पार्टीप्रति आस्था राखेकै कारण अङ्गभङ्ग हुने गरी कुटपिट गरेको तथा ज्यानसमेत लिने गरेका धेरै उदहरणहरु छन्।

माओवादीहरुको तर्फबाट आफ्नो नियन्त्रणमा आएका व्यक्तिलाई मध्ययुगीन अमानवीय यातना दिई हत्या गर्ने गरेका समाचारहरु पनि सार्वजनिक भएका छन्। जिब्रो काटेर गीत गाउन लगाउने र पछि हत्या गर्ने, पछाडि बम बाधी विस्फोट गराई हत्या गर्ने, जिउँदै आंखा निकाली पछि हत्या गर्ने, खुट्टामा किल्ला ठोकी नाच्न लगाई पछि हत्या गर्ने, वर्मा (काठमा प्वाल पार्ने ज्यावल) ले शरीरको ठाउँ ठाउँमा प्वाल पारी हत्या गर्ने सार्वजनिक घटनाहरु पनि मानवअधिकार हननका उलेख्य घटनाहरु हुन्।

नेपाल मजदुर किसान पार्टी 'माओवादी' गतिविधिलाई अराजकतावादी गतिविधि मान्दछ। अराजकतावादी गतिविधिको विरोधमा नेमकिपाले सैद्धान्तिक संघर्षमा जोड दिंदैआएको छ।

सन् २००३ को वर्षमा गत वर्ष झैं सरकार र 'माओवादी' दुवै पक्षवाट मानवअधिकार उल्लंघनका व्यापक घटनाहरु भए। राजा, माओवादी र संसदमा प्रतिनिधित्व गरेका राजनैतिक पार्टीहरुवीचको द्वन्द्व अन्त्य नहुञ्जेल मानवअधिकार उल्लंघनका घटनाहरु घट्ने स्थिति देखिंदैन। यसर्थ मानवअधिकार उल्लंघनका घटनामा कमी ल्याउन वर्तमान राजनैतिक संकटको निकास हुनु जरुरी छ।

नेपाल मजदुर किसान पार्टीले वर्तमान संकटको निकासको लागि अदालतवाट संसदको पुन:स्थापना गरी सर्वदलीय सरकार गठन गर्नुपर्ने र त्यही सरकारले सर्वपक्षीय सम्मेलन बोलाई माओवादीसहितको अन्तरिम सरकारको गठन गरी संविधान संशोधन वा संविधानसभाको निर्वाचनबारे जनमत संग्रहलगायत उचित अन्य उपयुक्त कदम चाल्नुपर्ने आफ्नो दृष्टिकोण स्पष्ट पारेको छ। राज्यलाई हत्या हिंसावाट मुक्त पार्ने यही नै अहिलेको सर्वोत्तम उपाय हो।

सुनिल प्रजापति
सचिव, केन्द्रीय कार्यालय

नेकाँ (प्रजातान्त्रिक)

मानवअधिकार सम्बन्धमा हालसम्म नेपालले हस्ताक्षर गरेका सोह्रवटा अन्तर्राष्ट्रिय सन्धि, महासन्धि तथा नेपाल अधिराज्यको संविधानद्वारा प्रत्याभूत मानवअधिकार सम्बन्धी प्रावधानहरुको सन् २००३ का वर्षमा गरिएको पालना, तथा कार्यान्वयन तथा उल्लंघनको अवस्थालाई नै समाविष्टमा गत वर्षको मानवअधिकार स्थितिको रुपमा उल्लेख गर्न सकिन्छ। सन् २००३ को मानवअधिकारको स्थितिका सम्बन्धमा चर्चा गर्दा खासगरी देशको सामाजिक, सांस्कृतिक परिवेश, मानिसको जीवनस्तर, सोचाई तथा भूराजनीतिक अवस्थालाई समेत विश्लेषण गर्दा खासगरी (१) महिलाको अधिकार, (२) बालअधिकार, (३) जनजातिका अधिकार, (४) दलितका अधिकार, (५) जेष्ठ नागरिकका अधिकार, (६) अपाङ्गका

अधिकार इत्यादिलाई अलग-अलग रुपमा उल्लेख गर्नुपर्ने हुन्छ।

१. **महिला अधिकार** : खासगरी महिला अधिकारका क्षेत्रमा राष्ट्रिय महिला आयोगको स्थापना मुलुकी ऐनको एघारौं संशोधनलाई कोशे ढुंगाको रुपमा लिन सकिन्छ। महिला, चेलिबेटी, बालबालिकाका विरुद्धको यौनजन्य अपराध, हिंसा, घरेलु हिंसा, अवसरको पहुँचमा भेदभाव तथा बोक्सीको आरोपमा यातना इत्यादिको घटनामा कमी नदेखिनुले सन् २००३ को वर्ष महिलाको मानवअधिकारको क्षेत्रमा अपेक्षाकृत सन्तोषजनक रहेको पाइएन।

२. **बालअधिकार** : कूल जनसंख्याको ४१ प्रतिशत बालबालिका (१६ वर्ष मुनिका) रहेकोमा २६ लाख श्रमिक (५-१४ वर्ष सम्मका) बालबालिका रहेको पछिल्लो तथ्याङ्कले नेपालको विकास सूचकांक पक्कै पनि नकारात्मक सूचकको रुपमा मान्न सकिन्छ। यस मध्येमा पनि करिब ३० प्रतिशत बालबालिका अत्यन्त निकृष्ट तथा जोखिमपूर्ण बाल श्रमिकको रुपमा जीवन गुजारा गरिरहेका छन्। बालविवाह, कुपोषण, सशस्त्र द्वन्द्व बालबालिकाका लागि एक विपदको रुपमा रहेको पाइन्छ। सशस्त्र द्वन्द्वमा द्वन्द्वरत पक्षद्वारा व्यापक मात्रामा बालबालिकाको प्रयोग, स्कूल गइरहेका तथा घर फर्किरहेका बालबालिकाको अपहरण, बाल यौन शोषण जस्ता मानवअधिकार उल्लंघनका जघन्य घटनाहरुको संख्यामा पनि सन् २००३ मा कमि भएको पाइएन।

३. **जनजातिका अधिकार** : बहुदलीय प्रजातन्त्र स्थापना पश्चात् जनजाति, उनीहरुको अधिकार, समूह, जातीय पहिचान अस्तित्व तथा मानवअधिकारसँग प्रत्यक्ष सरोकार राख्ने विविध विषयमा प्रश्न उठाउन थालिएको पाइन्छ।

नेपाल अधिराज्यको संविधान २०४७ ले मौलिक हक अन्तर्गत "सामान्य कानुनको प्रयोगमा कुनै पनि नागरिक माथि धर्म, वर्ण, लिङ्ग, जात, जाति वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन।"

यसैगरी, राज्यले नागरिक हकका बीचमा धर्म, वर्ण, लिङ्ग, जात-जातिका आधारमा भेदभाव नगर्ने व्यवस्था पनि नेपाल अधिराज्यको संविधान ०४७ को भाग ३ धारा ११ मा समानताको हक अन्तर्गत व्यवस्था गरेको पाइन्छ। विभिन्न जाति-जनजातिहरुको महत्वलाई स्वीकार गरेर करिब एक दर्जन भाषामा सरकारी सञ्चार माध्यम (रेडियो) बाट समाचार प्रशारण गरिनु तथा केही भाषामा प्राथमिक पाठ्यपुस्तकहरुको समेत तयार गरिनु सकारात्मक उपलब्धीका रुपमा रहेको भएता पनि जात पातका आधारमा छुवाछूत कायमै रहनु, दलितहरु उपर भात, भान्सा, सार्वजनिक समारोह तथा स्थलमा भेदभावपूर्ण व्यवहार कायमै रहनु मानवअधिकार उल्लंघनको स्थिति आजको यथार्थता हो।

४. **दलित अधिकार** : नेपालको सर्वाधिक समुदायको रुपमा रहेका दलितहरु मुलुकको कृषि योग्य भूमिको एक प्रतिशत भूमिमा समेत पहुँच नरहनु पक्कै पनि अत्यन्त दुःखद् पक्षका रुपमा रहेको मान्नु पर्दछ। दलित महिला, बालबालिकाको स्थिति अझ अत्यन्त दयनीय रहेको पाइन्छ। राजनीति, सरकारी सेवा, उच्च पदीय जिम्मेवारीमा दलित महिला सहभागिता अत्यन्त न्यून रहेको पाइन्छ। अन्तरजातीय विवाहलाई समेत सामाजिक रुपमा नै प्रत्यक्ष/अप्रत्यक्ष बहिष्कार गर्ने अवस्था यद्यापि विद्यमान रहनु मानवअधिकारका क्षेत्रमा नकारात्मक चित्रणका रुपमा उल्लेख गर्न सकिन्छ। यी सबै विद्यमान अवस्थाले दलितहरुलाई धर्म परिवर्तन प्रति प्रेरित गरिरहेको पाइन्छ।

५. **जेष्ठ नागरिकका अधिकार** : जेष्ठ नागरिकहरु आफ्ना युवा सन्तानहरुलाई द्वन्द्वरत पक्षहरुद्वारा अधिकतम प्रयोगमा ल्याइनुले अत्यन्त असुरक्षित बन्दै गएको पाइन्छ। शत्रुपक्षमा संलग्न रहेको आरोपमा जेष्ठ नागरिकहरुको हत्या, अपहरण, यातना, अंगभंग इत्यादि घटना मानवअधिकार उल्लंघनका घटनाको नियमितता नै बनेको पाइयो।

६. **अपाङ्गका अधिकार** : सशस्त्र द्वन्द्वका कारण हुने गरेका मानवअधिकार उल्लंघन सम्बन्धी विभिन्न किसिमका घटनाहरुद्वारा अपाङ्गता सम्बन्धी विषय पनि दिनानुदिन बढ्दै गइरहेको पाइन्छ। सन् २००३ को वर्ष देशको मानवअधिकार स्थितिका सम्बन्धमा विगतका वर्ष भन्दा अझ बढी संकटपूर्ण र कमजोर रहेको पाइयो।

खासगरी सन् २००२ अक्टोबर ४ को शाही घोषणाबाट जननिर्वाचित सरकारलाई अपदस्थ गरी संवैधानिक प्रक्रिया एवं जनउत्तरदायी शासन प्रणालीलाई किनारा लगाई अनुकूलता र प्रतिकूलताको सरकारको मनोनयन/निस्काशनको प्रक्रिया प्रारम्भ गरिनुबाट नै देशको समग्र मानवअधिकारको स्थिति अझ बढी संकटग्रस्त भएको हो भन्नेमा संकोच मान्नुपर्ने देखिँदैन।

नेपाल पक्ष रहेका मानवअधिकार सम्बन्धी विश्वव्यापी सन्धि एवं महासन्धि तथा नेपाल अधिराज्यको संविधान २०४७ तथा अन्य प्रचलित नेपाल कानुनमा विद्यमान मानवअधिकार सम्बन्धी विविध प्रावधानहरु मध्येका देशमा विद्यमान सशस्त्र द्वन्द्वको कारण केवल

मानव हत्या, अंगभंग, कुटपिट, अपहरण मात्र मानवअधिकार उल्लंघनका घटनाका रुपमा उल्लेख हुन थालेको जस्तो प्रतीत हुन्छ। सशस्त्र विद्रोह प्रारम्भ भए पश्चात् हजारौंको ज्यान गएको, पचासौं हजारलाई आफ्नो पूर्ख्यौली घरवाट जवरजस्ती लखेटिएको छ। स्थानीय स्तरमा जनमत र सशक्त संगठन नरहेका दलको सरकारको मनोनयन गरिनुका कारणले सशस्त्र द्वन्द्ववाट पीडित व्यक्तिहरुको मानवअधिकारको स्थितिप्रति राज्य समेत जिम्मेवार वनेको देखिदैन। पचासौं हजार विस्थापित द्वन्द्व पीडितहरुका वारेमा सरकारको वेवास्ताले आन्तरिक विस्थापितको भयावह समस्यालाई निरन्तरता दिन खोजेको त हैन भन्ने प्रश्न खडा भएको छ।

समग्रमा, सन् २००३ को नेपालको मानवअधिकार स्थितिको विगतका वर्षहरुसँग तुलानात्मक विवेचना गर्दा पक्कै पनि अझ बढी संकटपूर्ण र नकारात्मक रहेको पाइन्छ।

नेपाली कांग्रेस (प्रजातान्त्रिक) का मात्र सयौं कार्यकर्ता एवं समर्थकहरुको विनाकारण हत्या भएको छ। नेपाली कांग्रेस (प्रजातान्त्रिक) का सभापति एवं पूर्व प्रधानमन्त्री श्री शेरवहादुर देउवा उपर ०६० भदौ ८ गतेका दिन कैलाली जिल्लामा सांघातिक आक्रमण, पूर्व गृहराज्य मन्त्री देवेन्द्र राज कंडेल उपर ०६० भदौ १२ मा सांघातिक हमला, डोटी जिल्लाको मुडभरा गाविसमा भएको सशस्त्र भिडन्तमा विद्यालयमा अध्ययनरत ४ जना विद्यार्थीहरुको हत्या हुनु मानवअधिकार उल्लंघनका घटनाको निकृष्ट उदाहरणहरु हुन्।

निशस्त्र नागरिक, भिन्न राजनीतिक दलका नेता एवं कार्यकर्ता तथा सरकारी सेवामा रहेका व्यक्तिहरुको हत्या, अपहरण, वेपत्ता पारिनु, अङ्गभङ्ग कुटपिट र सम्पत्ति कब्जा लगायत् विभिन्न किसिमका आदेशपूर्ण पुर्जी जारी गरिने जस्ता मानवअधिकार उल्लंघनका जघन्य घटनाहरु द्वन्द्वरत पक्षहरुद्वारा सन् २००३ मा अझ बढी संख्यामा घटाइएको पाइयो।

अन्त्यमा, अक्टोवर ४, २००२ को शाही कदम पश्चात् जनउत्तरदायी एवं निर्वाचित सरकार तथा निकायहरुको अभाव हुनु र नेपाल अधिराज्यको संविधान ०४७ लाई अवरुद्ध पारिनुले मानवअधिकारको सम्मान संरक्षण एवं परिपालनका दिशामा सन् २००३ को वर्षमा गम्भीर संकट कायमै रहेको पाइयो।

जीवनप्रेम श्रेष्ठ
मुख्य सचिव
केन्द्रीय कार्यालय

राष्ट्रिय प्रजातन्त्र पार्टी

नेपाल राष्ट्र अहिले हत्या हिंसाले दिन प्रतिदिन ग्रस्त हुँदै गएको छ। एकातर्फ नेकपा (माओवादी) का तर्फवाट सुराकीको वहानामा वा सुरक्षाकर्मी सवैको हत्या हुँदै गएको छ भने अर्कोतर्फ सुरक्षाकर्मीको तर्फवाट माओवादीको आरोपमा असंख्य नेपाली जनताहरुको हत्या हुँदै गएको छ। अरवौं रुपैयाँ वरावरको धनमाल सम्पत्तिको नष्ट हुँदै गएको छ। राष्ट्रिय प्रजातन्त्र पार्टी यी दुवै तर्फको हत्या, हिंसा, आतंक, अपहरण, सम्पत्तिको क्षतिको भर्त्सना गर्दै यथाशिघ्र यस्तो कुकार्य रोकी, शान्तिपूर्ण तवरले वार्ताको माध्यमवाट माओवादी समस्या समाधान गरिनु पर्दछ भन्ने कुरामा विश्वास गर्दछ।

राष्ट्रिय प्रजातन्त्र पार्टी संवैधानिक राजतन्त्र, वहुदलीय प्रजातन्त्र, कानुनको शासनप्रति पूर्ण प्रतिबद्ध रही हरेक नेपाली नागरिकले आफ्नो वाँच्न पाउने अधिकार तथा आफ्नो भौतिक सम्पत्तिको उपभोग, संरक्षण गर्न पाउनु पर्दछ भन्ने मान्यतामा अडिग छ। कुनै पनि प्रकारका हत्या हिंसाद्वारा अथवा जनताको भयरहित वातावरणमा वाँच्न पाउने अधिकार माथि हाल भइरहेको वा हुन सक्ने सशस्त्र कारवाही, वर्वर र पाशविक क्रियाकलापको कानुन सम्मत तवरले विरोध र निन्दा गर्दछ। यसर्थ विगत आठ वर्षदेखि जनयुद्धको नाममा हजारौं नेपाली नागरिकको चाहे माओवादीको नाममा होस् चाहे सुरक्षाकर्मीको नाममा, चाहे आस्था जुनसुकै वहानामा भएका हत्या हिंसा, आतंक, कानुनको शासन विपरीतका क्रियाकलापको घोर निन्दा र भर्त्सना गर्दछ।

०५२ साल फागुन १ गते शुरु भएको नेकपा (माओवादी) को सशस्त्र आन्दोलनले लगातार आठ वर्षसम्म निरन्तरता पाइरहेको छ। यस वीचमा हजारौं मानिसहरुको हत्या हुन पुगेको छ। अरवौं रुपैयाँको क्षति भइसकेको छ। हजारौं मानिसहरु अनाथ हुन पुगेका छन्। कानुनको शासन, मानवअधिकारको ठाडो उल्लंघन भएको छ। माओवादीका तर्फवाट निर्दोष वालवच्चा, विद्यार्थीदेखि राजनीतिकर्मी, युवायुवतीहरु अपहरणमा परेका छन्। सुरक्षाकर्मीको तर्फवाट माओवादीका नाममा सयौं मानिसहरु वेपत्ता पारिएका छन्। स्वयं राज्यको तर्फवाट स्थापित सर्वोच्च अदालतवाट वन्दी प्रत्यक्षिकरणको आदेश दिंदा समेत त्यसको पालना भएको देखिदैन। सरकारी पक्ष मुक दर्शक भएर मात्र वसिरहेको छ।

यस स्थितिमा राष्ट्रका सवै तर्फवाट व्यापक दवाव वीच माओवादीहरु दुई पटक वार्ताको टेवुलमा आउँदा पनि

वार्ता सफल हुन सकेन, माओवादी समस्या दिनप्रति दिन बढ्दै गयो, मानवअधिकारको हनन हुँदै गयो, शान्तिपूर्ण तवरले माओवादी समस्या समाधान हुनु पर्दछ। हरेक नागरिकले बाँच्न पाउनु पर्छ, सम्पत्तिको उपभोग गर्न पाउनु पर्दछ, कानुनको शासनको स्थापना हुनु पर्दछ भन्ने कुरामा दुवै पक्ष विश्वस्त हुन नसकी राज्य र माओवादी दुवै पक्ष आफ्नो अठान, लिंडे ढिपीमा अडिग हुन जाँदा ती दुवै वार्ता विफल हुन गयो। यद्यपि वार्ताको ढोका अझै बन्द भएको छैन। माओवादी समस्या समाधानको अन्तिम विकल्प वार्ता नै हो र वार्ताको माध्यमबाट नै समस्या समाधान हुनु पर्दछ। यसको लागि सबै राजनीतिक तथा गैर राजनीतिक पार्टी, संघ-संस्था, बुद्धिजीवी, मानवअधिकारकर्मीहरुले आ-आफ्नो क्षेत्रबाट पहल गर्नु पर्दछ।

माओवादीको तर्फबाट जनयुद्धका नाममा हत्याहिंसाको क्रुर आन्दोलनबाट अकल्पनीय व्यक्ति हत्या, भौतिक सम्पत्तिको नासको शृङ्खलाले प्रतिहिंसा जन्माएको कुरा निर्विवाद छ। राप्रपा माओवादीको तर्फबाट चलाइएको हिंसा र त्यसलाई रोक्ने नाममा सरकारी तर्फबाट भएका प्रतिहिंसाको निन्दा र भर्त्सना गर्दछ किनकि यी दुवैको हिंसा र प्रतिहिंसाले मानवअधिकारको खुल्ला उपहास गरेको छ। माओवादी आतंकलाई नियन्त्रण गर्ने नाममा ०५८ मंसिर १ देखि ०५९ भदौ १२ गते बीचको संकटकालको घोषणाले आधारभूत मानवअधिकारको निलम्बन हुन पुगी त्यसले वैधानिकता पाउने कार्य हुन पुग्यो। पहिलो वार्ताको विफलतापश्चात् दाङ, स्याङ्जा, जुम्लाका सदरमुकाममा माओवादीको तर्फबाट भएको सशस्त्र आक्रमण भयो। दोरम्बा काण्डले सरकारी पक्षले गरेको मानवअधिकारप्रतिको ठाडो हस्तक्षेप प्रमाणित गरेको छ।

माओवादीकै मारमा राप्रपाका ६० जना कार्यकर्ता लगायत् करिब ८ हजार नेपाली जनता मारिइसकेका छन्। करिब २५ हजार जनता विस्थापित भएका र ४ सय जना जनिको अंगभंग भएका छन् भने सयौं जनताहरु अपहरित भएका छन्। कतिको अत्तोपत्तो छैन। स्वयम् सत्तासिन मन्त्रीहरु डा. प्रकाशचन्द्र लोहनीको नुवाकोट थानसिंह स्थित पूर्ख्यौली घर, माननीय मन्त्री हरिबहादुर बस्नेतको त्रियुगा स्थित पूर्ख्यौली घर, माननीय मन्त्री सर्वेन्द्रनाथ शुक्लाको रुपन्देही फरेन्द गाविस-८ स्थित पुर्खौली घर, गोरखा जिल्लाका नवनियुक्त जिल्ला सभापति जगतबहादुर रोकायाको पालुङटार स्थित २ वटा घर लगायत राप्रपाका केन्द्रीय उपाध्यक्ष पद्मसुन्दर लावतीको पाँचथर यासोङ गाविस स्थित पूर्ख्यौली घर, केन्द्रीय सदस्य प्रतिभा राणाको बर्दिया ढोढरी गाविसको पूर्ख्यौली घर समेत हजारौं राप्रपाका विभिन्न तहका असंख्य कार्यकर्ताहरुको धनमाल घरजग्गा माओवादीले नष्ट गरेका छन्। एमाले तथा नेपाली काँग्रेस लगायत् सबै पार्टीका कुनै न कुनै तहका कार्यकर्ताहरुको हत्या, अपहरण, धनमाल नष्ट गरेका छन्। विभिन्न जिल्ला विकास समिति, नगरपालिकाका प्रतिनिधि, कर्मचारीहरुलाई राजिनामा दिन बाध्य गरेका छन्। यसको ज्वलन्त उदाहरण चितवन रत्ननगर नगरपालिकाको नगर प्रमुख, उपप्रमुख लगायत् १ सय ४४ जना कर्मचारीहरुले एकै पटक राजिनामा दिएका छन्। नवनियुक्त मनोनित पदाधिकारीहरु राजिनामा दिने मनस्थितिमा पुगेका छन्। अधिराज्यभरिका करिब ८० प्रतिशत गाविस माओवादी आक्रमणहरुबाट ध्वस्त भएका छन् भने नगरपालिका, वडा कार्यालय, जिविस भवन लगायत् सयौं सरकारी कार्यालयहरु ध्वस्त भएका छन्।

यसर्थ माओवादीहरुले चलाएको हिंसक आन्दोलन र त्यसलाई नियन्त्रण गर्ने नाममा सरकारी तर्फबाट चलाएको प्रतिकारको कारवाहीले नेपाल र नेपाली जनता पीडित हुँदै गएका छन्। त्यसको प्रत्यक्ष प्रभाव मानवअधिकारमाथि पर्न गएको छ। यस परिप्रेक्ष्यमा राप्रपा माओवादी पक्षबाट तथा राज्यबाट भएका सबै प्रकारका हिंसा, हत्या, आतंक तुरुन्त रोकी विधिसम्मत तवरले राज्य संचालन हुनु पर्दछ भन्ने मत जाहेर गर्दै आएको छ भने अन्य पाँच राजनीतिक पार्टीहरु, नेकपा (एमाले), नेपाली कांग्रेस, सद्भावना (आनन्ददेवी), नेमकिपा, जनमोर्चा नेपाल भने ०५९ असोज १८ गतेको कदमलाई प्रतिगमनको संज्ञा दिँदै सर्वदलीय सरकारको लागि आन्दोलन गर्दै छन्। नेपाली कांग्रेस (प्रजातान्त्रिक) भने शेरबहादुर देउवाको सरकार पुनर्वहालीको माग राख्दै आन्दोलनमा उत्रिएको छ। सरकारी पक्ष भने निर्वाचन गराउने तयारीमा लागेको छ। यिनै राजनीतिक पार्टी तथा सरकारी पक्षको व्यवहार गर्दा माओवादी समस्या यथाशीघ्र समाधान हुनु पर्दछ, हत्या आतंक रोकी मानवअधिकारको सम्मान, कानुनको शासनको स्थापना हुनु पर्दछ भन्ने आम जनसरोकारको विषय केही कमजोर हुन पुगेको छ। तसर्थ, साना मसिना कुराहरुलाई थाती राखेर सबै राजनीतिक दल, संघ-संस्था, मानवअधिकारकर्मी लगायत्का सबै पक्ष मिलेर माओवादी समस्या समाधान गरिनु पर्दछ। मओवादीहरु हतियार बिसाएर शान्तिको मार्गमा आउनु पर्दछ। जसबाट मानवअधिकारको सम्मान हुन्छ, सम्मान गरिनु पर्दछ। यही नै अन्तिम विकल्प रहेको छ।

शविहरि पौडेल
कार्यालय सचिव
केन्द्रीय कार्यालय

नेपाल सद्भावना पार्टी

दुई ठूला विश्वयुद्धको प्रभाव र क्षतिलाई मानवीय सभ्यनाको विनासकारी युद्धको पुनरावृत्तिलाई निषेध गर्न र आपसी सहमति, सद्भाव बढाई पारस्परिक सहयोग विस्तार गर्न संयुक्त राष्ट्रसंघले कुनै पनि राज्य, समुदाय वा व्यक्तिको अधिकार कुनै पनि कारण वा वहानामा हनन नगरोस् भन्ने निश्चय गरी सबैलाई सम्मान र अवसरको समान अधिकार प्राप्त होस्, भावनाका साथ मानवअधिकारको सार्वभौम घोषणा गऱ्यो।

यस मान्यताको स्थापनापछि विश्वमै लोककल्याणकारी राज्य र संविधानको घोषणाहरु हुन थाल्यो। हाम्रो देशमा पनि नेपाल अधिराज्यको संविधान २०४७ ले मौलिक अधिकारहरुको व्यवस्था गरेको छ। जसमा समानता, स्वन्त्रताका हकहरुको व्यवस्था गरिएको छ। वर्तमान संविधानले 'सबै नागरिक कानुनको दृष्टिमा समान हुने छन्' भन्ने व्यवस्था गरेको छ। तर, व्यवहारमा त्यस्तो हुन सकेको छैन। उदाहरणका लागि नागरिकनाको समस्यालाई लिन सकिन्छ।

शताब्दियौंदेखि राज्यसत्तामा एउटै समुदायको प्रभाव र पकड रहिआएको छ। जसबाट सत्तामा बहुसंख्यक नेपालीको सहभागिता हुन सकेको छैन। फलस्वरुप देशमा विकृति र विसंगतिहरु अप्रत्याशित रुपमा चर्किन पुगेको छ। यसैक्रममा प्रजातान्त्रिक सरकारहरुद्वारा बनाइएका आयोगहरुले पेश गरेको प्रतिवेदनमा ४० लाख नेपाली नागरिक जसमा बहुसंख्यक मधेशी समुदायका व्यक्तिहरु छन्, गैरनागरिकको अवस्थामा बस्न बाध्य भएका छन्। यसरी कुनै पनि कारणले गैरनागरिक हुनु वा बनाइनु राज्यपक्षद्वारा गरिएको मानवअधिकारको ठूलो उल्लंघन भएको छ। यस विषयमा नेपाल अधिराज्यको संविधान २०४७ को नागरिकता सम्बन्धी धाराको संशोधनका लागि नेपाल सद्भावना पार्टी आग्रह र आन्दोलन गर्दै आएको छ।

नेपाल बहुभाषी, बहुजातीय र बहुसांस्कृतिक मुलुक हो। तथापि देशको शासन व्यवस्थामा सदियौंदेखि सम्पूर्ण वर्ग र समुदायको प्रतिनिधित्व हुन सकेको छैन। मुलुकमा मधेशी, जनजाति, आदिवासी, दलित तथा महिला सदियौंदेख उपेक्षित र शोषित रहेका छन्। वर्तमान जटिल अवस्थामा देखिएका द्वन्द्वका मूल कारण पनि यी नै हुन्। तसर्थ यसप्रकारको विविधता भएको मुलुकमा संघीय शासन व्यवस्थाले मात्र सबैको भावनालाई समेटन सक्ने क्षमता राख्दछ।

समानता मानवअधिकारको लागि अपरिहार्य हो। प्रजातन्त्रमा मात्र समानताको परिकल्पना गर्न सकिन्छ। समानताको अभावमा प्रजातन्त्रको कुनै अर्थ हुँदैन। तर देशमा सदियौंदेखिको शोषित वर्गले समानताको अनुभूति गर्न सकेका छैनन्। यी समुदाय रुढिवादी परम्परा र अन्धविश्वासको जालोमा अझै पनि जकडिएका छन्। पीछडिएका दलित, जनजाति, आदिवासी तथा महिला समुदायको उत्थानका लागि सबभन्दा प्रभावकारी उपाय आरक्षण व्यवस्था हो। विश्वका केही मुलुकहरुमा यस अवधारणालाई अंगिकार गरी सिंगो समाजको निर्माण अभियानलाई सफल बनाइएको पाइन्छ।

नेपालमा द्वन्द्व शुरु भएको आठ वर्षको अवधिमा सन् २००३ मा मानवअधिकार उल्लंघनका घटनाहरु सबैभन्दा बढी भएको वर्षको रुपमा रहेको छ। विश्व मानव विकास प्रतिवेदनमा पनि नेपालमा मानवअधिकार उल्लंघन भएको स्थिति उल्लेख गरिएको छ। यसमा पनि दिनानुदिन बढोत्तरी नै भइरहेको छ। सरकार र माओवादी दुवै पक्ष बीचको भिडन्तले मुलुक असफल राष्ट्र हुने खतरामा पुगेको छ। दिनानुदिन नागरिक हत्याको क्रम बढ्दै गएको छ। महिला, वृद्ध र बालबालिका पनि यस चपेटामा परेका छन्। आम जनता द्वन्द्वरत दुवैपक्षको कारणले प्रताडित र पीडित भएका छन्। उनीहरुको जीवनयापन कष्टप्रद भएको छ।

वर्तमान अवस्थामा देशको प्रथम आवश्यकता शान्ति हो। सरकार शान्ति स्थापना गर्न असफल भएको छ। देशमा दिगो शान्तिको लागि सामाजिक, आर्थिक असमानताले उत्पन्न माओवादी समस्या वार्ताबाट मात्र समाधान हुन्छ भन्ने नेपाल सद्भावना पार्टीको धारणा रहेको छ।

यसप्रकार उपरोक्त विषयहरु मानवअधिकारसँग सम्बन्धित छन् तथा यी समस्याहरुको समाधान नै अहिलेको ज्वलन्त प्रश्न हो। नेपाल सद्भावना पार्टीले आफ्नो स्थापनाकालदेखि नै उठाउँदै आएको उपरोक्त समस्याहरुका बारेमा राजपक्षबाट ठोस पहल हुन सकेको छैन। जसको परिणामस्वरुप आज देश जटिल स्थितिबाट गुज्रिरहेको छ। मानवअधिकारवादी संघसंस्थाहरुबाट पनि आफ्नो मूल नीति र उद्देश्य अनुरुपका विषयहरुलाई आत्मसात् गरी अगाडि बढ्नु पर्ने खाँचो महसुस गरिन्छ। आगामी दिनहरुमा राज्यपक्ष, मानव अधिकार आयोग, मानवअधिकारवादी संघसंस्थाहरु समेतले उक्त विषयहरुलाई प्राथमिकता दिएर कार्यक्रमहरु बनाउनु पर्ने आवश्यक छ। अनिमात्र मुलुकमा मानवअधिकारको संरक्षण र सम्वर्द्धन गर्न सकिन्छ।

अन्त्यकमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले प्रत्येक वर्ष संकलन र प्रकाशन गर्दै आएको मानवअधिकार वर्ष पुस्तक मानवअधिकारको बहाली, विश्लेषण र मूल्यांकनमा ठूलो योगदान भएको हामी मान्दछौं।

अमृता अग्रहरी
महासचिव

अनुसूची ४

सन् २००३ को मानवअधिकार स्थितिबारे विभिन्न निकायका धारणाहरू

परराष्ट्र मन्त्रालय

कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्रम तथा यातायात व्यवस्था मन्त्रालय

गृह मन्त्रालय

राष्ट्रिय मानव अधिकार आयोग

राष्ट्रिय महिला आयोग

नेपाल बार एशोसिएशन

प्रहरी प्रधान कार्यालय

परराष्ट्र मन्त्रालय

संयुक्त राष्ट्र संघको वडापत्रमा उल्लेखित मानवअधिकारको आधारभूत सिद्धान्त र मान्यतालाई स्वीकार गर्न र नेपाल अधिराज्यको संविधान २०४७ मा अंगिकार गरिएको मानवअधिकार तथा नागरिक स्वतन्त्रतालाई आत्मसात गर्न नेपालले प्रतिबद्धता जनाएको छ। मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा आधारित रहि अन्तराष्ट्रिय सन्धि अभिसन्धी मा व्यक्त प्रतिबद्धता अनुरुप नेपाली नागरिकहरुलाई संविधानले नागरिक तथा राजनैतिक अधिकार, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार सुनिश्चित गरेको छ। राज्यको निर्देशक सिद्धान्तले यी अधिकारको प्राप्ति राज्यको श्रोत साधनको परिधिभित्र रहेर क्रमिकरुपमा कानुनी ढंगले प्राप्त गर्न सक्ने व्याख्या गरेको छ।

मानवअधिकारको सम्मान र नागरिकको आधारभूत अधिकारको व्यवस्थाले राज्यको वैदेशिक नीतिका साथसाथै आर्थिक तथा सामाजिक विकासको नीतिमा प्रमुख भूमिका खेल्दछ। यसै भावना अनुरुप नेपाल १६ वटा अन्तर्राष्ट्रिय अभिसन्धिको पक्ष राष्ट्र भएको छ। यसमा ६ वटा प्रमुख अन्तराष्ट्रिय सन्धिहरु समेत रहेका छन। यसवाहेक नेपालले हस्ताक्षर गरेका ऐच्छिक अभिसन्धिहरुमा सशस्त्र द्वन्द्वमा वालवालिकाको प्रयोग सम्बन्धी वालअधिकार अभिसन्धि , वालबालिका वेचबिखन तथा वालवेश्यावृति विरुद्धको अभिसन्धि तथा महिला विरुद्ध हुने हिंसाको ऐच्छिक अभिसन्धीहरु•रहेका छन्।

श्री ५ को सरकारले अन्तराष्ट्रिय अभिसन्धिमा व्यक्त गरेका प्रतिवद्धताहरुलाई प्रचलित कानुनमा समावेश गर्न र पूर्ण रुपमा कार्यान्वयन गर्न आवश्यक पर्ने ऐन तथा कानुनको संशोधन, र नयाँ कानुनको तर्जुमा गर्न तदारुकता साथ लागि रहेको छ। यसै अनुरुप वालबालिका ऐन र यसको कार्यान्वयन, वालमजुर उन्मूलन र नियन्त्रण ऐन, महिलाहरुको अधिकार सुरक्षित गर्ने ऐन मुलुकी ऐन ११ औं संशोधन, कानुनी सहायता ऐन, यातना सम्बन्धी क्षतीपूर्ति ऐन तथा अन्य यस्तै खाले ऐनको कार्यान्वयन वितेका वर्षहरुमा गरिएको छ। श्री ५ को सरकारले विभिन्न श्रम सम्बन्धी अभिसन्धीहरुमा समेत प्रतिबद्धता व्यक्त गरेको छ। निश्चित रुपमा यी प्रयासहरुवाट नेपालमा मानवअधिकारको संरक्षण र प्रवर्द्धनमा योगदान पुगेको छ। श्री ५ को सरकारले मानवअधिकारको सवाललाई आफ्ना योजनाहरु तथा कार्यक्रमहरुमा प्रमुख महत्वका साथ समावेश गरेको छ। यसका साथै नेपालको मानवअधिकार प्रतिको प्रतिवद्धतालाई कार्यान्वयन गर्न र जनताको मानवअधिकार संस्कृतिको सम्मान गर्ने प्रमुख उद्देश्यका साथ नेपालले राष्ट्रिय मानव अधिकार कार्ययोजनाको Draft Action Plan लाई अन्तिम रुप दिएको छ। कार्ययोजनाले नागरिक तथा राजनैतिक अधिकारको साथसाथै आर्थिक सामाजिक र सांस्कृतिक अधिकार सुदृढीकरणको लागि अन्तराष्ट्रिय सन्धि अभिसन्धिमा व्याख्या गरिएका र संविधानले व्यवस्था गरेका प्रतिवद्धताहरुमा रहँदै मानव अधिकारका विभिन्न क्षेत्रमा ठोस सुधार गर्न गम्भिर रहेको छ। यसका साथसाथै पिछडिएका, जनजाति तथा दलित, बृद्ध नागरिक महिला तथा बालबालिकाहरु तथा विशेष क्षमता भएका व्यक्तिहरुका अधिकारहरु लागि सकारात्मक कदम चालिएको छन्।

श्री ५ को सरकारले राष्ट्रिय मानव अधिकार आयोग को क्षमता अभिबृद्धिको लागि ठोस कदम चालेको छ। सन २००० मा एक स्वायत्त संस्थाको रुपमा स्थापित राष्ट्रिय मानव अधिकार आयोगले मानवअधिकार उल्लंघनका घटनाहरुमा सचेतना अभिबृद्धि गर्ने काममा महत्वपूर्ण योगदान पुऱ्याएको छ साथै सम्बन्धित अधिकारीहरुलाई यस्ता खाले मानवअधिकार हननको क्षेत्रमा घचघच्याउने काम गरेको छ।

हालसालै श्री ५ को सरकारले प्रधानमन्त्रीको कार्यालयमा मानवअधिकार प्रवर्धन केन्द्रको स्थापना गरेको छ। जसको प्रमुख उद्देश्य नेपालले अन्तर्राष्ट्रिय स्तरमा प्रतिवद्धता जाहेर गरेका विभिन्न मानवअधिकारको सन्धि अभिसन्धिको पूर्णरुपमा पालनको लागि तथा मानव अधिकारको संरक्षण तथा प्रर्वद्धनको लागि विभिन्न सरकारी निकायहरुसंग आपसी सहयोग र सहकार्य गर्न रहेको छ। मानवअधिकारको संचेतना तथा वकालत गर्न तथा नागरिकको मानवअधिकारको रक्षार्थ आवश्यक कदम चाल्न विभिन्न सुरक्षा निकायहरुमा मानवअधिकार सेलको गठन गरिएको छ।

महिला तथा दलितको कार्य गर्न गठित छुट्टै आयोग तथा सरकारीस्तरका विभिन्न आयोगहरु जसले जनजाति तथ पिछडिएकाको विकासको लागि गरेका कार्यहरुले मानव अधिकारको सम्बर्द्धन तथा प्रबर्द्धनमा ठोस योगदान पुऱ्याएका छन्।

मानवअधिकारका प्रमुख ६ अन्तर्राष्ट्रिय अभिसन्धीहरुमा राज्यले व्यक्त गरेका प्रतिबद्धताहरुको नियमित रुपमा संयुक्त राष्ट्र संघमा पठाउनुपर्ने प्रतिवेदनहरु प्रति श्री ५ को सरकारको प्रयास उल्लेख्य रही आएको छ। महिलामाथि हुने भेदभाव विरुद्धको अभिसन्धिअन्तंगत नेपालको दोश्रो तथा तेश्रो समष्ठिगत रिर्पोट गत जनवरी १४, २००४ मा न्यूयोर्कमा प्रस्तुत गरिएको थियो । साथै

जातीय भेदभाव विरुद्धको प्रतिवेदन गत मार्च ४ र ५ मा प्रस्तुत गरिएको थियो । यातना विरुद्धको अभिसन्धीको नेपालको पहिलो दोश्रो र तेश्रो प्रतिवेदन तयारीको अन्तिम चरणमा रहेको छ । नागरिक तथा राजनैतिक अधिकार अभिसन्धि सम्बन्धी पहिलो दोश्रो तथा तेश्रो प्रतिवेदन तयारीको अन्तिम चरणमा रहेको छ। बालअधिकार सम्बन्धी महासन्धि तथा आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी महासन्धीको प्रतिवेदन प्रस्तुत गरि सकिएको, छ र सम्बन्धित समितिहरुबाट यसको सुनुवाई हुन बाँकी रहेको छ।

कालिप्रसाद पोखरेल
शाखा अधिकृत

कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

सन् २००३ मा मुलुकको मानवअधिकार स्थितिको बारेमा "मानवअधिकार वर्ष पुस्तक २००४" प्रकाशन गर्न लागेको जानकारी पाउँदा खुसी लागेको छ। गैरसरकारी क्षेत्रबाट जनतालाई आफ्नो अधिकारको बारेमा सचेत पार्ने, सरकारलाई आफ्ना काम कारवाईहरुप्रति पृष्ठपोषण (Feedback) प्राप्त भई मानवअधिकारको संरक्षण र सम्वर्द्धनमा सहयोग पुऱ्याउने दिशामा त्यस केन्द्रले पुऱ्याएको योगदान महत्त्वपूर्ण रहेको छ।

मुलुकमा विगतका वर्षहरुदेखि नै विद्यमान द्वन्द्वको कारण मानवअधिकारको संरक्षण र प्रवर्द्धनमा कठिनाई सिर्जना भइरहेको छ। यस्तो विषम परिस्थितिमा पनि मुलुकमा मानवअधिकारको स्थिति सामान्य रहनु खुसीको कुरा हो। श्री ५ को सरकार आफ्ना राष्ट्रिय एवं अन्तर्राष्ट्रिय प्रतिवद्धताअनुरुप आम नागरिकका अधिकारहरुको संरक्षण र प्रवर्द्धनमा समर्पित रहेको कुरा पुनः दोहोऱ्याउँदै पुस्तक प्रकाशनको सफलताको लागि आदेशानुसार हार्दिक शुभकामना व्यक्त गरिएको छ।

कोशल चन्द्र सुवेदी
शाखा अधिकृत

श्रम तथा यातायात व्यवस्था मन्त्रालय

मानवमात्रले पाउने आधारभूत सामाजिक, आर्थिक र नागरिक हक तथा स्वतन्त्रता नै मानवअधिकार हो। भय र त्रास मुक्त वातावरणमा स्वतन्त्रतापूर्वक बाँच्न पाउने मानवमात्रको नैसर्गिक हक हो। यो हक कसैबाट पनि कुण्ठित हुन नदिन प्रत्येक व्यक्तिको कर्तव्य पनि हो। वर्तमान परिस्थितिमा मानवअधिकारको यथार्थ र वस्तुपरक मूल्यांकन गर्नु अत्यन्त कठिन कार्य हो। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले वर्षेनी मानवअधिकार वर्ष पुस्तक प्रकाशित गरी मानवअधिकारको तुलनात्मक अवस्थाको जानकारी गराउँदै आएको छ। विगत दश वर्षदेखि प्रकाशित हुँदै आएको यो पुस्तक मानवअधिकार सम्बन्धी जानकारी लिन चाहिने सबैका लागि अत्यन्त उपयोगी सिद्ध भएको छ। यसका लागि श्रम तथा यातायात व्यवस्था मन्त्रालय इन्सेकप्रति आभार व्यक्त गर्दछ।

नेपालले मानवअधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धि र अभिसन्धिहरुमा हस्ताक्षर र अनुमोदन गरिसकेको छ। युद्धसम्बन्धी जेनेभा सन्धिमा पनि हस्ताक्षर गरिसकेको छ। यसबाट श्री ५ को सरकार सबै प्रकारका मानवअधिकारको संरक्षण र सम्वर्द्धनमा कटिवद्ध छ भन्ने प्रष्ट छ। मुलुक विगत केही वर्षदेखि हत्या, हिंसा र आतंकको स्थितिबाट ग्रसित छ। यस स्थितिबाट द्वन्द्वपीडित व्यक्ति तथा समूह लगायत् महिला, बालबालिका, दलित तथा विभिन्न जाति, जनजातिमा प्रत्यक्ष अप्रत्यक्ष प्रभाव परिरहेको छ। देशमा उपलब्ध उर्वरा शक्तिको रुपमा रहेका युवा श्रम शक्ति विदेशी श्रम बजारतर्फ पलायन हुने क्रम बढ्दो रुपमा रहेको छ। वैदेशिक रोजगारका लागि विदेश गएका नेपाली कामदारहरु विभिन्न प्रकारबाट शोषित पीडित हुने गरेका घटनाहरु समेत देखा पर्ने गरेका छन्। यी समस्या समाधानका लागि कुटनीतिक क्षेत्रको सहयोगबाट समेत समाधानको प्रयास गर्नु परेको छ। यसैगरी श्री ५ को सरकारको तर्फबाट निगरानी हुँदाहुँदै पनि स्वदेशी श्रम बजारमा समेत विभिन्न उद्योग, प्रतिष्ठान र कलकारखानामा बालश्रम लगायत् कामदारहरुको हक हित कुण्ठित हुने गरेका छन्। देशको विद्यमान परिस्थितिबाट द्वन्द्वपीडित र महिला, दलित तथा जनजातिका लागि वैदेशिक रोजगारमा श्री ५ को सरकारले कूल माग संख्याको १०% कोटा आरक्षित गरेको छ। उक्त रोजगारमा जाने व्यक्तिलाई लाग्ने खर्चको ८०% रकम समेत श्री ५ को सरकारले विना धितो ऋणको रुपमा उपलव्ध गराउने व्यवस्था गरेको छ। यसैगरी विदेशी श्रम बजारको माग बमोजिमको अर्धदक्ष र दक्ष जनशक्तिको विकासका लागि आवश्यक तालिम प्रदान गर्ने संस्थागत संरचनाहरुको व्यवस्था समेत गरिएको छ।

सन् २००३ मा मानवअधिकारको स्थिति हत्या, हिंसा, त्रास र भयको वातावरणबाट गुज्रिएको सर्वत्र क्षेत्रबाट अनुभूति गरिएको छ। यो मन्त्रालय समेत यस धारणाबाट मुक्त हुन सकेको छैन। आगामी दिनहरुमा यस

प्रकारको भयग्रस्त स्थिति अन्त्य भई स्वतन्त्र र सम्मानपूर्वक जीवनयापन गर्न सक्ने वातावरण सृजना भई व्यक्तिको नैसर्गिक हक स्थापित हुन सकोस् भन्ने कामना हामी सबैले गर्नु परेको छ। अतः इन्सेकले मानवअधिकार सम्वन्धी वर्ष पुस्तक २००४ प्रकाशन गर्न लागेकोमा हार्दिक शुभकामना व्यक्त गर्दै आगामी दिनहरुमा यस पुस्तकमा राजनैतिक रुपमा हुने गरेका मानवअधिकार सम्वन्धी घटनाहरु मात्र समावेश नगरी स्वदेशी तथा विदेशी श्रम बजारमा हुने गरेका मानवअधिकार उल्लंघनका घटनाहरुलाई समेत समेटन सकोस् भन्ने कामनाका साथ प्रकाशनको सफलताको कामना गर्दछु।

गणेश आचार्य
शाखा अधिकृत

गृह मन्त्रालय

१. श्री ५ को सरकारले मुलुकमा शान्ति सुव्यवस्था कायम राख्ने र सर्वसाधारण जनताको ज्यूधनको सुरक्षा गर्ने कार्यलाई आफ्नो अति महत्वपूर्ण दायित्वको रुपमा लिएको छ। गृह प्रशासन श्री ५ को सरकारको यस दायित्वप्रति अति सम्वेदनशील रही यसको निर्वाह गर्न पूर्ण रुपमा सक्रिय रहेको छ। सर्वसाधारणबाट निर्बाधरुपमा संविधान प्रदत्त अधिकारको उपभोग गर्न पाउने वातावरण सिर्जना गर्न यस मन्त्रालय कटिबद्ध रहेको छ। साथै, यस मन्त्रालय श्री ५ को सरकारको नीति अनुरुप प्रशासनलाई सेवामूलक बनाउने सुशासन कायम राख्न समेत विशेषरुपमा प्रयत्नशील रहेको छ।
२. यस मन्त्रालय अन्तरगतका सुरक्षा निकायहरुका सुरक्षाकर्मीहरुबाट आफ्नो कार्यसम्पादनको क्रममा मानवअधिकारको उल्लंघन हुन नदिन मन्त्रालय सजग रहेको छ। यस मन्त्रालय, प्रहरी प्रधान कार्यालय र सशस्त्र प्रहरी बल प्रधान कार्यालयमा गठन गरिएको मानवअधिकार सेललाई क्रियाशील तुल्याउनुका साथै यस मन्त्रालय अन्तरगत निकायहरुका सुरक्षाकर्मीहरुबाट मानवअधिकार उल्लंघन भएको गुनासो प्राप्त हुनासाथ तत्सम्वन्धमा छानविनको प्रक्रिया आरम्भ गर्ने गरिएको छ।
३. संयुक्त राष्ट्रसंघीय यातना तथा अन्य क्रुर, अमानवीय वा अपमान जनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि, (United Nations Convention Against Torture and Other Cruel, Inhuman Or Degrading Trestment or Punishment) को पक्ष राष्ट्को हैसियतले नेपालले बुझाउन पर्ने दोस्रो, तेस्रो तथा चौथो संयुक्त प्रतिवेदन संयुक्त राष्ट्रसंघको मानवअधिकार सम्वन्धी उच्च आयोगको कार्यालयमा पठाउन तयार भइसकेको छ। साथै, नागरिक तथा राजनीतिक अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धि (United Nations International Convention on Civil and Political Rights) नेपालले संयुक्त राष्ट्र संघको मानवअधिकार सम्वन्धी उच्च आयोगको कार्यालयमा पठाउनु पर्ने पहिलो र दोस्रो प्रतिवेदनको मस्यौदा तयार भई सम्वन्धित निकायहरुको प्रतिक्रिया लिने कार्य भइरहेको छ।
४. हिंसा, हत्या र आतंकको क्रियाकलापबाट कसैको पनि हित हुन सक्दैन। बरु यस्ता क्रियाकलापबाट राष्ट्रिय सम्पत्तिको ठूलो क्षति हुने र मुलुकलाई विनासको खाल्डोनिर धकेल्ने कुरा निर्विवाद छ। श्री ५ को सरकारले हत्या, हिंसा र आतंककारी क्रियाकलाप परित्याग गरी शान्तिपूर्ण जीवन यापन गर्न चाहने व्यक्तिहरुलाई आर्थिक सामाजिक एवम् भौतिक सुरक्षा प्रदान गर्ने निर्णय गरी ०६० पुस ३ गते आतंककारी क्रियाकलाप परित्याग गरी आत्मसमर्पण गर्न आह्वान गरेको। उक्त आह्वान पश्चात् हालसम्म विभिन्न ६६ जिल्लाहरुमा गरी ७ सय ५० जना भन्दा बढी व्यक्तिहरुले आतंककारी क्रियाकलाप परित्याग गरी आत्मसमर्पण गरेका छन्। आत्मसमर्पण गर्ने क्रम जारी रहेको छ। आत्मसमर्पण गर्ने व्यक्तिहरुलाई पनर्स्थापना गर्न तनहुँ जिल्लाको ढकालटारमा पुनर्स्थापना केन्द्र समेत स्थापना गरिएको छ।
५. आतंककारीहरुको सांघातिक आक्रमणबाट मृत्यु भएका व्यक्तिहरुको परिवारलाई एकमुष्ट आर्थिक सहयोग प्रदान गर्ने, मृतकका विदुर तथा विधवालाई उमेरको वन्देज नलगाई मासिक रुपमा भत्ता उपलब्ध गराउने, प्राथमिक तहदेखि उच्च तहसम्म अध्ययन गर्ने मृतकका आश्रित बालबालिकाहरुलाई छात्रवृत्ति प्रदान गर्ने, आतंककारीहरुको आक्रमणबाट घाइते भएका व्यक्तिहरुलाई उपचार खर्च उपलध गराउने र आतंककारीहरुबाट धन सम्पत्तिमा क्षति पुऱ्याइएका व्यक्तिहरुलाई आर्थिक सहयोग उपलब्ध गराउने कार्य यथावत रहेको छ।
६. श्री ५ को सरकारबाट प्रदान गर्नुपर्ने सेवालाई सेवाग्राही जनताको घरदैलो पुऱ्याउन घुम्ति सेवाको कार्यक्रमको अवधारणा ल्याइएको छ। यो कार्यक्रम सञ्चालनका लागि निर्देशिका समेत बनाइएको छ। यस कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न जिल्लास्तरमा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला अनुगमन तथा मूल्याङ्कन समिति र क्षेत्रीय

स्तरमा क्षेत्रीय प्रशासकको संयोजकत्वमा क्षेत्रीय अनुगमन समितिको समेत व्यवस्था गरिएको छ। घुम्ती सेवा कार्यक्रममा उत्साहवर्धक जनसहभागिता देखिएको छ।

गोपेन्द्रबहादुर पाण्डे
प्रवक्ता

राष्ट्रिय मानवअधिकार आयोग

सन् २००३ मा पनि नेपालमा मानवअधिकारको स्थितिमा सुधार आएन। विगत ९ वर्षदेखि द्वन्द्वरत राज्य पक्ष र माओवादी पक्ष बीच वर्षको केही अवधि युद्धविराम भई मानवअधिकारको उल्लंघनका घटनामा केही कमी आए तापनि युद्धविराम भङ्ग भएपश्चात्को स्थिति ज्यादै भयावह देखा पर्‍यो।

राज्य र माओवादी पक्ष बीचको द्वन्द्वको चेपुवामा परेर यसवर्ष हजारौँले अनाहकमा ज्यान गुमाए। राष्ट्रिय मानव अधिकार आयोगमा मात्र मानव अधिकार उल्लंघनका विरुद्धमा यस वर्ष ७१३ वटा उजुरीहरू परे। मानव अधिकार उल्लंघनका सीमित घटनाहरूको मात्र राष्ट्रिय मानव अधिकार आयोगमा उजुरीहरू पर्ने गरेका कारण मानव अधिकारको उल्लंघनका घटनाहरूको संख्या एकिन गर्न समेत गाह्रो पर्ने अवस्था रह्यो।

राज्यपक्षवाट वेपत्ता पार्ने, गैरकानुनी थुनामा राख्ने, आफन्तलाई भेटघाट गर्न नदिने, गिरफ्तारीमा परेका व्यक्तिहरूलाई कानून बमोजिम पेश गर्नुपर्ने अधिकारीसमक्ष पेश नगर्ने, कृत्रिम मुठभेडमा मानिसहरु मारिने, कारवाहीमा मारिएका व्यक्तिहरूको सनाखत र पोष्टमार्टम नगर्ने तथा अभिलेख पनि नराख्ने जस्ता क्रियाकलापहरूले विगतमा झैं यस वर्ष पनि निरन्तरता पायो। माओवादी पक्षबाट आफूसँग असहमति राख्नेहरूलाई सुराकीको आरोप लगाई निर्ममतापूर्वक हत्या गर्ने काम भयो। वालवालिकाहरूलाई ढालको रूपमा प्रयोग गर्ने, अपहरण गर्ने, सर्वसाधारणलाई जबर्जस्ती यातना दिने, जबर्जस्ती चन्दा उठाउने, शैक्षिक संस्था हड्ताल गर्ने जस्ता कार्यहरूले गर्दा त्रासको स्थिति पैदा भयो। खासगरी प्रत्यक्ष द्वन्द्वरत पक्षभन्दा सर्वसाधारणहरू नै युद्धको चपेटामा परेर नराम्ररी प्रभावित भए।

द्वन्द्वरत पक्षहरूले मानव अधिकारको पालनाप्रति मौखिकरूपमा सहमति जनाए पनि राष्ट्रिय मानव अधिकार आयोगद्वारा तयार पारिएको मानव अधिकार सम्झौतामा हस्ताक्षर गर्ने काममा चासो देखाएनन्। फलस्वरूप उनीहरूको मानव अधिकारप्रतिको प्रतिबद्धता मात्र सिद्धान्तको रुपमा सीमित रह्यो। व्यवहारमा मानव अधिकारप्रति सचेतता देखिएन। जनताले राज्यपक्षबाट सुरक्षाको अनुभूति गर्न सकेनन्। मानव अधिकारको उल्लंघन गर्नेलाई सजाय दिन राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिसप्रति राज्य पक्ष उदासीन देखियो। मूलतः ग्रामीण भेगका जनताहरूको आफ्नो मौलिक अधिकारको हनन भएको अवस्था देखा पर्‍यो। उनीहरूको बाँच्न पाउने अधिकारमा नै प्रश्न चिन्ह खडा भएपछि राजनैतिक, आर्थिक, साँस्कृतिक अधिकारहरू सवै छायाँमा परे।

यस वर्ष पनि राष्ट्रिय मानव अधिकार आयोगले विभिन्न क्षेत्रमा टोलीहरू पठाई देशको समग्र मानव अधिकारको स्थितिको अनुगमन गर्‍यो। अनुगमनबाट आएका तथ्यहरूबाट मानव अधिकारको संरक्षणको कार्यमा सुधार आउनुको सट्टा उल्लंघनका घटनामा वृद्धि भएको देखियो। समग्रमा सन् २००३ मा नेपालमा मानव अधिकारको स्थिति पटक्कै सन्तोषजनक हुन सकेन।

राधाकृष्ण उप्रेती
उप-सचिव

राष्ट्रिय महिला आयोग

नेपाली महिलाहरुले ००४ सालदेखि नै पुरुषहरुसँग काँधमा काँध जोडेर संघर्ष गर्दै आएका छन्। तर कानुन बनाउने बेलामा तथाकथित प्रजातन्त्रले महिलालाई अत्यन्तै निम्न तहमा राखी कब्जाएको छ। हाम्रो शिवशक्ति र अर्ध नारेश्वर राज्यमा महिला र विकास, लैंगिक र विकास, महिलाको सशक्तिकरण र लैंगिक मूल प्रवाहीकरणका चरणबद्ध पाश्चिमा मोडेलले न सर्वसाधारण महिलालाई प्रभाव पार्न सक्यो न कानुनी आचरणमा परिवर्तन आउन सक्यो।

सयौं अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैसस महिलाका नाममा काम गरिरहेका छन्। अब त महिला, दलित र जनजाति शब्द नभएर सरकारलाई समेत कहिंबाट रकम नआउने जस्तो देखिन थालेको छ। महिलाको शिक्षा, स्वास्थ्य, खानेपानीका पहुँच, सुरक्षित मातृत्व, पौष्टिक आहार, परिवार नियोजन, दाउरा, घाँस, साक्षरता, किशोरी शिक्षा, चेलिबेटी बेचबिखन, आय आर्जन, आदि इत्यादि विषय हुन्। महिलाका नाममा रकम ल्याउन सजिला उपायहरु। यी सवै सरकारी तथा गैससले निरन्तररुपमा गरे पनि महिलाको स्थितिमा उच्च वर्गका केही महिलाबाहेक अरुकोमा सकारात्मक परिवर्तन किन आउन

सकेन भन्ने। एउटा अत्यन्तै जटिल प्रश्न हो। कसको हेलचक्र्याईले गर्दा यो यथास्थिति रहेको छ वा छोरीले के गर्न नसकेर समग्ररुपमा महिलाको मानवअधिकार संरक्षण हुन सकेन त भनी अब पनि हामी पहिल्याउनतिर नलागेमा सबभन्दा तल परेका बहुसंख्यक संख्यामा रहेका महिलाले आन्दोलन छेडेका छन्। पहिलो शिकार हामी महिलाका भलाईका नाममा कार्यरत महिला नै हुनेछौं।

किनकि हामी गर्ने भनेका महिलाकै नियत प्रष्ट हुन नसकेर यो महिलाको मानवअधिकार संरक्षण हुन नसकेको हो कि हामी गम्भीर भएर सोचौं।

यही विडम्बनालाई हृदयंगम गरी राष्ट्रिय महिला आयोगले यसको पहिलो कार्यका रुपमा नेपालका सम्पूर्ण जिल्ला पुगी अन्तरक्रिया गरी महिलाका समस्यालाई बुझी समाधानका बाटा पहिल्याउन शुरु गरेको थियो। ६८ वटा जिल्ला सकिएपछि आन्तरिक कलहका कारण सातवटा जिल्ला सक्न पाइएन। तापनि महिलाका समस्यालाई एउटा अन्तर्राष्ट्रिय स्तरकै खाकामा ढाल्दा सबभन्दा पहिलो समस्या भनेकै महिलाको मानवअधिकार बुझ्न नसक्नाले महिलाका समस्या एकमाथि अर्को थपिएका रहेछन् भन्ने प्रष्ट देखा परेको छ।

महिला सशक्तिकरण सूचाङ्कलाई दीगो जिविकोपार्जन र अधिकारयुक्त दृष्टिकोणबाट विश्लेषण गर्दा एउटा निश्चित खाका तयार गरिएको छ। यो खाका तयारको आधार जिल्लाका तथ्याङ्क र आयोगमा परेका मुद्दा उजुरी रहेका छन्। अन्तर्राष्ट्रिय जगतबाट पाँच वटा क्षेत्रलाई यस खाका पारेको देखिन्छ भने हाम्रो अनुसन्धानमा सात वटा क्षेत्र परेका छन् भने सात वटा महिलाको मानवअधिकार हननका क्षेत्र हुन् नकारात्मक रुपमा अभिव्यक्त गर्दा। तर यसलाई सकारात्मक अभिव्यक्ति नदिंदा यी सात क्षेत्रमा केन्द्रित रही सरकारी तथा गैरसरकारी संस्थाले कार्य गरेमा महिलाको मानवअधिकार सतप्रतिशतले सुरक्षित रहेको ठहर हुनेछ र महिला विकासको उपल्लो स्थिति कायम रहने पनि यिनै सात क्षेत्रमा प्रगति गर्दा हुने हुनाले महिलाका समस्या पहिचान र समाधानका बाटा पनि यही खाका भित्र रहेको जानकारी गराउँछु।

(१) महिलाको मानवअधिकार अधिकार

महिला भएकै हैसियतमा राज्यले प्रत्येक महिलालाई आफ्नै स्वअस्तित्वमा बाँच्न पाउने अधिकार कानुनी रुपमा प्रदान गरी महिलाको अस्तित्वको मानवअधिकार संरक्षण गरिनु पर्दछ। त्यस्तै समाज र परिवारले पनि महिलाको स्वअस्तित्वलाई स्वीकारी व्यक्तिगत हैसियत प्रदान गर्नु पर्दछ।

(२) कानुनी र राजनीतिक अधिकार तथा सहभागिता

संविधान र अन्य सम्पूर्ण कानुनमा महिलाका लागि लैंगिक समान कानुनी बुँदा पुनर्निर्माण गर्ने। त्यस्तै सम्पूर्ण राजनीतिक निकायमा समान सहभागिता गराउने बाध्यात्मक कानुनी व्यवस्था गर्नु पर्दछ। यी सम्पूर्ण प्रक्रियामै महिलाको समानुपातिक सहभागिता रहेमात्र महिलाको मानवअधिकारलाई इज्जतपूर्वक मान्यता दिएको ठहर हुनेछ।

(३) मानवीय पूँजी

जबसम्म महिलाका मानवीय पूँजी शिक्षा, स्वास्थ्य, मनोवैज्ञानिक रुपमा स्वअस्तित्वमाथि विश्वास र तिनको आध्यात्मिक चेतनामाथि विश्वस्त हुने गरी विकास गरिन सकिँदैन तबसम्म महिलाको मानवअधिकार सुरक्षित रहनै सक्दैन। अत: महिलाको मानवअधिकार संरक्षणका लागि उपयुक्त शर्तहरु पूरा हुनै पर्दछ।

(४) सामाजिक पूँजी

महिलाको सरकारी संस्थाहरुमा पहुँच र नीति निर्माण तथा सेवाका सुविधा प्राप्त गर्ने प्रक्रिया मै उनको संलग्नता रहे मात्र महिलाका मानवअधिकार सही ढंगमा संरक्षित हुन सक्दछन्। नत्र भने अर्काले बोलिदिएका भरमा मात्र महिलाको मानवअधिकार पूर्ण रुपमा संरक्षण हुन सक्दैन।

(५) आर्थिक पूँजी

महिलाको मानवअधिकार सुरक्षित रहनका लागि महिलालाई पूर्ण रुपमा आर्थिक पूँजीमाथि स्वामित्व चाहिन्छ। ती आर्थिक पूँजीमा आर्थिक स्रोत जस्तै बचत, ऋण, पेन्सन, उपदान जस्ता कुरा पर्दछन्। जसले महिलालाई बैकल्पिक जीवन धान्न सम्भव होस्।

(६) प्राकृतिक स्रोत पूँजी

जबसम्म महिलाको जग्गामा स्वामित्व रहँदैन तबसम्म मानवअधिकारको सवालले पूर्णता पाउन सक्दैन। जग्गाको स्वामित्वका साथै जंगल, सिंचाई वातावरण, जैविक विविधता आदिका समेत पहुँच पुगी उनीहरुको जीवनमा सकारात्मक परिवर्तन आउन सकेमा महिलाको मानव अधिकारको संरक्षण भएको ठहर हुनेछ।

(७) भौतिक पूँजी

महिलाको जीवनमा सकारात्मक परिवर्तन आउन वा उनीहरुको जीवन केही सरल र सुविधाजनक बन्नको लागि आधारभूत भौतिक पूर्वाधार जस्तै सडक, यातायात, सञ्चार, बत्ती, पानी, बासस्थान वा कुनै पनि आधुनिक सामान जस्ले महिलाका जीवन यापनमा सजिलोपन ल्याउन सक्छ। त्यसले पनि महिलाको मानवअधिकार सम्वर्द्धनमा

सघाउ पुऱ्याउँछ। उदाहरण सञ्चारमा टेलिफोनको कुरा गरौं। महिलाले प्रयोग गर्न नपाए महिलाको मानवअधिकार हनन भएको नै ठहर हुन्छ।

अत: महिलाको मानवअधिकार भन्नु एउटा पक्ष मात्र रहेको छैन। यी मिश्रित पक्षमा जबसम्म सुधार गरिदैन तबसम्म महिलाको मानवअधिकारको संरक्षणको अवधारण नै अधुरो रहने हुन्छ। यी माथि उल्लेखित खाका पनि पचहत्तरै जिल्लामा उही प्रकारमा रहेका छैनन्। राज्यले गर्ने भेदभाव भने उही प्रकारका होलान्। क्षेत्रीय जस्तै हिमाली, उच्च पहाडी, पहाडी, चुरे पहाडी, भित्री मधेश र बाहिरी तराईका डिग्री फरक छ।

यतिबेला गत आर्थिक वर्ष देखिएको द्वन्द्व र महिलाको त्यस द्वन्द्वमा प्रत्यक्ष तथा परोक्ष प्रभावकारिता र संलग्नताले अर्को मोडेल खडा हुन सक्ने सम्भावनालाई पनि दृष्टिगत गर्नु बान्छनीय देखिन्छ। महिलाका मानवअधिकारलाई बुझ्न यतिबेला यसको अवधारणा, हनन् र समष्टिगत रुपमा अर्थ लगाई तत्अनुसार खाका तयार गरेर मात्र अघि बढ्न श्रेष्कर देखिन्छ। नत्र हामी छपन्न वर्षदेखि बालुवामा पानी हालेर रुख उम्रन नसकेको झैं अझै पनि पानी हालिरहने छौं र रुख कहिल्यै उम्रने छैन।

डा. दुर्गा पोखरेल
अध्यक्ष

नेपाल वार एशोसिएशन

१. अघिल्ला वर्षहरुमा झैं वितेको वर्ष पनि मानवअधिकारको दृष्टिकोणले नेपालको अवस्था अत्यन्त चिन्ताजनक र निराशाजनक रह्यो। विद्रोही पक्ष ने.क.पा. माओवादीद्वारा आफ्नो पटक पटकका सार्वजनिक प्रतिवद्धताका वावजूद आम जनताका दैनिक जीवनसंग सम्बन्धित सार्वजनिक सरोकारका विकासका संरचनाहरु ध्वस्त पार्ने र फरक मत राखेकै आधारमा विपक्षी राजनीतिक दलका कार्यकर्ताहरुलाई क्रुर र अमानवीय ढंगले हत्या गर्ने कार्य गरियो। विद्रोही पक्षको हत्याको श्रृंखलामा पत्रकार ज्ञानेन्द्र खड्का, कानून व्यवसायी दुर्गा प्र. मजगैया र अन्य सयौं निर्दोष नागरिकहरु पनि परेकोले विद्रोही पक्षद्वारा संचालिन "राजनैतिक आन्दोलन" ले गैर राजनीतिक चरित्र ग्रहण गर्न लागेको तर्फ हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ।

२. जस्तो सुकै प्रतिकूल र कठिन अवस्थामा पनि कानूनको शासन र स्थापित विधि प्रक्रिया प्रतिको आफ्नो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दायित्व पूरा गर्ने शपथ लिएको सरकारका क्रियाकलापहरु दिनानुदिन गैर संवैधानिक र गैर कानूनी हुदै गएका छन । मानव अधिकारको रक्षाको सवाल केवल नागरिक सरकार क्रियाशिल रहेको अवस्थामा मात्र औचित्यपूर्ण रहन्छ। अहिले मुलुकमा नागरिक सरकार क्रमश: कमजोर हुदै गएको अनुभूत गरिएको छ। कसुरदार वा शंकास्पद कसुरदारलाई गिरफ्तार गर्ने, अनुसन्धान गर्ने वा मुद्दा चलाउने विषय विशुद्ध नागरिक प्रशासनसँग मात्र सम्बन्धित विषय हुन्। यस्ता विषयमा गैर नागरिक प्रशासनको हस्तक्षेप र वल प्रयोगले नागरिक प्रशासन र नागरिक सरकारको अवधारणामा नै प्रश्न चिन्ह लाउने हुनाले वितेको वर्ष नागरिक सरकारको क्रियाशिलताको दृष्टिकोणले अत्यन्तै आलोचित रहेको छ। जसले मानवअधिकारको मौलिक चरित्रलाई नै संकटमा पारेको छ।

३. देशको मूल कानून संविधानको क्रियाशिलता र सर्वोच्चताको दृष्टिकोणले पनि गतवर्ष निराशाजनक रह्यो। संविधानले परिकल्पना गरेका संयन्त्रहरुको शुन्यता वा निश्क्रियताले जनतामा निहित सार्वभौमसत्ता र राजनीतिक अधिकारको प्रयोग हुन नपाएकोले मानव अधिकारको उल्लंघन गर्ने निकाय वा व्यक्तिहरु जनताप्रति जवाफदेही हुन नसकेकोले दण्डहिनताको स्थिति उत्पन्न हुन पुगेको छ।

४. आम जनताको अवस्था र विश्वासको धरोहरको रुपमा रहनु पर्ने स्वतन्त्र र सक्षम न्यायपालिकाको गरिमा र मर्यादा कायम राख्न राज्य संवेदनशील नरहेकोले अदालतका आदेश तथा फैसलाहरु समेत कार्यान्वयन नहुने स्थिति देखा पर्नु अत्यन्त दु:खद कुरा हो।

५. जनअनुमोदित राजनीतिक दलहरुद्वारा संचालित शान्तिपूर्ण विरोधका कार्यक्रमहरुमा राज्यद्वारा भएको वल प्रयोग र त्यस्ता कार्यक्रमहरु रोक्न राज्यले जारी गरेको निषेधाज्ञा जस्ता विषयले वर्तमान संविधान र अन्य प्रचलित कानूनहरुको ठाडो अवज्ञा मात्र भएको छैन। यस्ता कार्यले अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको मानव अधिकारप्रतिको प्रतिबद्धतामा समेत प्रश्न चिन्ह उठेको छ।

६. समग्रमा वितेको वर्ष मानवअधिकारको दृष्टिकोणले अत्यन्त निराशाजनक र आलोचित रहन पुगेको छ। नेपाल बार एशोसिएशन अपेक्षा गर्दछ। बितेका घटनाहरुबाट शिक्षा लिंदै राज्य तथा विद्रोही दुवै पक्षले मानवअधिकार प्रतिको प्रतिवद्धतालाई व्यवहारमै कार्यरुप दिने छन्।

शम्भु थापा, अध्यक्ष

प्रहरी प्रधान कार्यालय

विगत वर्षहरुमा जस्तै यस वर्ष पनि अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले मानवअधिकार वर्ष पुस्तक प्रकाशित गर्न लागेकोमा हामीलाई खुशी लागेको छ।

देश आज हत्या, हिंसा र चरम विद्रोहको अवस्थाबाट गुज्रिरहेको छ। विद्रोहमा संलग्न नभएका व्यक्तिहरु समेत, पीडित भएको अवस्था छ र सम्पूर्ण नागरिक समाज शान्तिका लागि व्याकुल बनेको छ। द्वन्द्वबाट पीडित विस्थापितहरुको संख्या दिन प्रतिदिन बढ्दै गएको छ। राष्ट्रका विकास र उन्नतिका पूर्वाधारहरु नष्ट गरिएका छन् र नागरिकहरुको बाँच्न पाउने अधिकार समेत कुण्ठित भएको छ।

प्रहरीबाट कुनै पनि अवस्थासँग नागरिकहरुको मानवअधिकारको हनन नहोस् भन्नेतर्फ नेपाल प्रहरी मानवअधिकार सेल विशेष सजग रहेको छ। हाम्रा प्रयत्नहरुको बावजुद पनि यस्ता घटनाहरु यदाकदा हुने गरेका उदाहरणहरु समेत हामी सामुमा रहेको छ। यस्ता घटनाहरुमा निष्पक्ष छानबिन गरी दोषी उपर यथोचित कारवाही गर्न हामी कटिबद्ध रहेका छौं। दण्डहीनताले कदापि प्रश्रय पाउनु हुन्न भन्नेतर्फ हामी विशेष रुपमा सजग रहेका छौं। राष्ट्रका सम्पूर्ण संयन्त्र र प्रणालीहरु नागरिकहरुलाई समान न्याय, सुरक्षा र प्रगतिका समान अवसरहरु प्रदान गर्नका लागि हुन्। प्रहरी कुनै पनि राष्ट्रको जिम्मेवार एवं महत्वपूर्ण निकाय हो। यसले आफ्नो आदर्श र कानुनी उद्देश्य अनुरुप सँधै निष्पक्षतापूर्वक कार्य गर्नु पर्दछ। नेपाल प्रहरी आफ्नो जिम्मेवारीमा अत्यन्त संवेदनशील रही आएको छ। र जिम्मेवारी वहन गर्दाका अवस्थामा आफ्नो तर्फबाट कुनै पनि प्रकारको नागरिकको अधिकारको हनन नहुने व्यवस्था मिलाउन कृतसंकल्पित रहेको छ। हामी द्वन्द्वरत पक्षहरु तथा अन्य सम्बद्ध निकायहरुलाई नागरिकहरुको मानवअधिकारको सम्वर्द्धनमा संवेदनशील हुन अनुरोध गर्दछौं। यसतर्फ इन्सेकबाट अझ सशक्त रुपमा कार्य हुने अपेक्षा गर्दै यस वर्ष पुस्तकको प्रकाशनको सफलताको कामना गर्दछौं।

ओमविक्रम राणा
प्रहरी नायव महानिरीक्षक

अनुसूची ५

क्रिया/प्रतिक्रिया

सन् २००२ नेपाल र नेपालीको लागि दुखद र कहालिलाग्दो वर्षको रुपमा रह्यो। यस वर्ष हत्या, बम, गोली, अपहरण, कुटपिट, यातना, हिंसा-प्रतिहिंसा आदि जस्ता घटनाहरु दिनहुँ भए। भौगोलिक संरचनाको क्षति के कति भयो त्यसको लेखाजोखा हुन बाँकी नै छ। यस बीचमा मानवअधिकार उल्लंघन भइसकेपछि पीडित व्यक्तिले उपचार प्राप्त गरेको भए सो समेत समेट्न सकिएको भए सुनमा सुगन्ध हुने थियो कि ! आगामी दिनहरुमा अझै निष्पक्षता र घटना सम्बन्धी तथ्य र आँकडाको प्रभावकारिता तर्फ सर्तकता र सजगता अपनाउँदै आफ्नो कार्यमा यसले निरन्तरता कायम राख्दै विगत एक वर्षमा घटेका घटनाहरुबाट पाठ सिक्दै, आत्म समिक्षा गर्दै अगाडि बढ्नु पर्ने समाजको मागको पूर्ति मानवअधिकार वर्ष पुस्तक २००४ मा समाहित हुने अपेक्षा राख्दछु।

दिपेन्द्र उपाध्याय
मुख्य न्यायाधीश पुनरावेदना अदालत, इलाम

वर्ष पुस्तक २००३ ले मानवअधिकार र सामाजिक न्यायको संरक्षणका लागि राज्यलाई खबरदारी गर्नुपर्ने गैरराज्य (विद्रोही) पक्षले मानवअधिकारमाथि ज्यादति गर्नेमा अगुवा बनेको पक्षलाई उजागर गरेको छ। कानुनी राज्यको मान्यता पूर्णरुपले खतरामा परेको संकेत दण्डहीनताको वर्बर अवस्था र ०५९ असोज १८ पछि एउटा शासकको पैतालामुनी किल्चिएर संविधान निसास्सिनु परेको अवस्थाले खुलासा गरेको छ।

होम दुलाल
नेपाली कांग्रेस (प्रजातान्त्रिक), इलाम

यसले समेटेका विषयवस्तुहरु समसामयिक छन्। मेरो विचारमा यो वर्ष पुस्तकको मूल्य अलि चर्को भएको महसुस गरेको छु। सर्वसाधारणहरुले समेत यो पुस्तक किनेर पढ्न असमर्थ देखिन्छ। यस पुस्तकमा उल्लेख भएका विषयवस्तुहरुलाई गाउँ-गाउँ, वस्ती-बस्तीहरुमा कक्षाको रुपमा पुऱ्याउन सके यसको महत्व बढ्नुको साथै यसको सही जानकारी जनमानसले पाउने थिए।

प्रद्युम्नप्रसाद उपाध्याय
अधिवक्ता, सिरहा

सतहमा घटेका घटना र पीडित पक्षले जानकारी गराएका संकलन गरी समावेश गर्न सकेको भए अन्तर्राष्ट्रिय जगतमा समेत यस पुस्तकको विश्वसनियता र महत्व बढेर जाने थियो भन्ने मेरो सुझाव छ।

गोविन्द काफ्ले, उदयपुर

इन्सेक जस्ता मानवअधिकार पक्षधर संघ संस्थाहरुले कुनै प्रकारको राजनीतिक छहारीमा नबसी निष्पक्ष, वस्तुनिष्ट, इमान्दारिता एवम् सत्य घटनामा आधारित मानवअधिकार र हननका घटनालाई खोतली मानवअधिकार र सम्वर्द्धन र संरक्षणको दिशामा भएका प्रयासहरुलाई समेत तटस्थ रुपमा छर्लङ्ग्याउन सकोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु।

ज्ञानप्रसाद शर्मा पंगेनी
प्रमुख जिल्ला अधिकारी, ओखलढुंगा

पुस्तक प्रकाशनबाट राज्य र गैरराज्य दुवै पक्षबाट भएका मानवअधिकार उल्लंघनका घटनाहरु सार्वजनिक भएबाट पीडकहरु निरुत्साहित हुने भई मानवअधिकारको संरक्षण र सम्बर्द्धनमा ठोस योगदान पुग्ने छ भन्ने अपेक्षा राखेको छु।

सन्तोषप्रसाद पराजुली
श्रेस्तेदार, जिल्ला अदालत, ओखलढुंगा

सामाजिक न्यायका लागि उपयुक्त वातावरण सिर्जना गर्न र हरेक मानवले कानुनद्वारा प्रदत्त हक अधिकारको उपभोग गर्न पाउनु पर्छ भनने मान्यता स्थापित गर्न प्रस्तुत प्रकाशनले अग्रगामी एवम् महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ। पुस्तकमा प्रकाशन गरिने विवरणहरु विवादरहित र पूर्ण रुपले तथ्यपरक पार्न

प्रकाशन पूर्व सम्बद्ध निकायहरुबाट यकिन गराउने परिपाटी बसाल्नु वान्छनीय देखिएको छ।

रेवतीराज काफ्ले, प्रमुख जिल्ला अधिकारी, धनुषा

जुनसुकै पक्षबाट र जुनसुकै तरहबाट भए गरेको मानवअधिकारको उल्लंघनको कार्यलाई दृढताका साथ तथ्य संकलन गरी वर्ष पुस्तक २००३ मा प्रकाशित गर्न सफल भएकोमा इन्सेक परिवार धन्यवादको पात्र रहेको छ। यस प्रकार तथ्य प्रकाशित गरिदिंदा मानवअधिकारको उल्लंघनको कार्यमा कमी आउने छ भन्ने विश्वास लिएको छु।

दिपककुमार कार्की
अध्यक्ष, नेपाल बार एशोसिएसन, जनकपुर

राज्यपक्षबाट भएका काम कारवाहीहरु वा आफ्नो कर्तव्य पालना गर्दा खेरी कहिलेकाहीं भुलवस कुनै कारवाही गर्दा खेरी त्यसलाई सबै मानवअधिकारवादी संस्थाहरुले चर्को रुपमा विरोध गर्ने र सुरक्षाकर्मीहरुको, निहत्था, सर्वसाधारण, बृद्ध, अशक्तता, विद्यार्थी, पत्रकार, राजनीतिज्ञहरको मानवअधिकार हनन हुँदा कुनै प्रतिक्रिया नगर्नु वा चर्कोरुपमा विरोध नगरिनुले मानवअधिकारवादी संस्थाहरु प्रतिको धारणा जतिको मात्रामा सकारात्मक हुनु पर्ने हो त्यति हुन पाएको जस्तो लाग्दैन। तर पनि इन्सेकले मानवअधिकार हनन विरुद्ध गरेको प्रयासलाई सह्रानीय मान्दै, भविष्यमा अझ बढी प्रभावकारी रुपमा मानव अधिकार हनन् गर्ने विरुद्धमा लाग्न सुझाव दिन चाहनछु।

टपेन्द्रध्वज हमाल
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, धनुषा

मानवअधिकार वर्ष पुस्तक २००३ ले नेपाल अधिराज्यको संविधान २०४७ मा छाएको अन्यौलता तथा अधिराज्यभर राज्य पक्ष र गैरराज्य (सशस्त्र माओवादी) पक्षले मानवअधिकार विरुद्ध गरेका ज्यादतिलाई हाम्रो सामू राम्रोसँग उजागर गरेको पाइयो।

रुद्रबहादुर खड्का
अध्यक्ष, मानवअधिकार शिक्षा रेडियो श्रोता क्लव, जिल्ला शाखा, सिन्धुली

समग्रमा हेर्दा मानवअधिकार वर्ष पुस्तकले समेटेका सबै मानवअधिकार सम्बन्धी विषयवस्तुहरु सह्रानीय छन्। मानवअधिकार उल्लंघनका रोकन वर्ष पुस्तक आफै असमर्थ भएता पनि मानवअधिकार उललंघनका घटनालाई सार्वजनिक गर्न यो वर्ष पुस्तक सफल भएको छ।

सुदर्शन राय
अधिवक्ता, रामेछाप

राजनीतिक विद्रोहको नाममा माओवादीले चलाएको अमानवीय र संवेदना सुन्य गतिविधिहरु र त्यसलाई दमन गर्ने निहुँमा सरकारबाट भएका, गैह्रकानुनी थुनछेक, हत्या र व्यक्तिलाई बेपत्ता पार्ने जसता अप्रजातान्त्रिक र मानवता विरोधी कारवाहीहरुले गर्दा हाम्रो मुलुक अहिले आक्रान्त छ। लामो समयदेखि इन्सेकले संकलन गर्ने गरेको सूचना र त्यसको सम्प्रेषणले मुलुकमा मानवीय मूल्य र प्रजातान्त्रिक संस्कारको संरक्षण र सम्बर्द्धनमा ठोस पहल भएको महसुस हामी सबैले गरिरहेका छौं।

मधुसुदन पौडेल
सचिव, नेकपा (एमाले), ललितपुर

मानवअधिकारको क्षेत्रमा लामो समयदेखि क्रियाशील संस्था इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्ष पुस्तक २००३ को माध्यमबाट नेपालको मानवअधिकार प्रतिको अन्तर्राष्ट्रिय प्रतिवद्धता र मानवअधिकारको वर्तमान स्थिति बारे वहृत् जानकारी प्राप्त भएको महसुस हुन्छ। आगामी दिनहरुमा पनि मानवअधिकारको वस्तुस्थितिको बारेमा अधिकतम जानकारी दिँदै परिस्कृत ढंगले बढी भन्दा बढी पाठकको पहुँचसम्म पुग्ने गरी प्रकाशित हुँदै जाओस् भन्ने कामना गर्दछु।

जनार्दनबहादुर खड्का
जिल्ला न्यायाधीश, जिल्ला अदालत, ललितपुर

मुलुक द्वन्द्वको कारणबाट आक्रान्त भइरहेको वर्तमान अवस्थामा देशमा भइरहेको मानवअधिकार उल्लंघनका घटनाहरुलाई तथ्य परक ढंगले प्रस्तुत गरिएको मानवअधिकार वर्ष पुस्तक २००३ को माध्यमबाट मानवअधिकार प्रति चासो राख्ने सम्पूर्ण व्यक्ति, संस्था र नागरिक समाज समेतलाई उपयोगी हुने विश्वास लिएको छु।

कृष्णमुरारी शिवाकोटी
श्रेस्तेदार, जिल्ला अदालत, ललितपुर

विगत आठ वर्षदेखि आन्तरिक विद्रोहको कारणले हामी र हाम्रो नागरिकको बीचमा सृजना गरेको हिंसा प्रतिहिंसाको अन्त्य गर्ने तर्फ युद्धलाई शान्तिमा रुपान्तरण गर्नका लागि इन्सेकले जुन खालको पहल र प्रयास गरेको छ त्यो निकै उदाहरणीय प्रयास गरेको छ। मानवअधिकारको

संरपण सम्बर्द्धन गर्ने वातावरणको प्रतिस्थापन हुने छ भन्ने हामीलाई लागेको छ।

अभिमन्यु खत्री

प्रमुख, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, ललितपुर

वर्ष पुस्तक राज्य पक्ष र गैह्र राज्यपक्षबाट भएका मानवअधिकार उल्लंघनका घटनालाई गहन विश्लेषण गरी उतारिएको ऐतिहासिक दस्तावेजका रुपमा रहन सफल रहेको छ। पुस्तकमा उल्लेखित घटनालाई अझ यथार्थपरक रुपमा चित्रण गर्न आवश्यकता रहेको छ।

श्रीमती शारदा झा

अध्यक्ष, शहीद स्मृति विकास समाज, भक्तपुर

जुनसुकै पक्षबाट भएका मानवअधिकारका उल्लंघन सम्बन्धी घटनाहरुको यथार्थ चित्रण गर्न यस पुस्तकले प्रयास गरेको हुँदा मानवअधिकारका हिमायती लगायत् सबैलाई यस पुस्तकले अमूल्य योगदान पुऱ्याएको छ भन्ने मलाई लागेको छ।

महेन्द्रबहादुर थापा

सहायक जिल्ला न्यायाधिवक्ता

जिल्ला सरकारी वकिल कार्यालय, भक्तपुर

राज्य र विद्रोही पक्षबाट मानवअधिकार हनन हुँदा सम्बन्धित ठाउँबाट न्याय नपाइएता पनि पुस्तकको रुपमा प्रकाशित विवरणबाट पीडित पक्षबाट केही राहतको अनुभव गर्ने गरेको छ। यस दिशामा यो पुस्तक आगामी दिनमा झनै परिस्कृत र मानवअधिकार जस्तो ज्वलन्त विषयमा झनै चनाखो भई अघि बढ्न सफलताको शुभकामना गर्दछु।

राजेन्द्र राजथला

सचिव, नेकपा (एमाले), जिल्ला कमिटी, भक्तपुर

मानवअधिकार हननको घटनाहरुको सचित्र तथा यथार्थ विवरण उल्लेख हुनु, प्रस्तुत पुस्तकको निष्पक्षता र निर्भिकताको परिचायक मान्न सकिन्छ। आउँदा दिनहरुमा पनि यस्तै नै निष्पक्षता र निर्भिकता पूर्वक मानवअधिकार उल्लंघनका घटनाहरुको यथार्थ विवरण बाहिर आउने छ भन्ने अपेक्षा गरेको छु।

प्रेमप्रसाद सिलवाल

जिल्ला न्यायाधीश, भक्तपुर

यस पुस्तकले निश्चय पनि मानवअधिकारको हननमा समग्र संघ-संस्था व्यक्तिलाई सचेत गराउनुका साथै मानवअधिकार हननमा न्यूनीकरण गर्ने विश्वास लिएको छु।

प्रभाकर खनाल

अधिवक्ता, भक्तपुर

पुस्तकमा राज्य पक्ष र गैर राज्यपक्षद्वारा भए गरिएको मानवअधिकार उल्लंघनका घटनालाई गहन रुपमा उल्लेख गरेको पाएँ। घटनाको विश्लेषण भने बढी यथार्थपरक भएमा राम्रो हुने आशा राख्दै संस्थाको उत्तरोत्तर प्रगतिका लागि कामना गर्दछु।

किरण न्यौपाने

अधिवक्ता, भक्तपुर

मानवको स्वतन्त्रतापूर्वक बाँच्ने र व्यवसाय गर्न पाउने प्राकृतिक एवं नैसर्गिक अधिकारहरुउपर भएका अतिक्रमणलाई घटाउन यस पुस्तकका प्रयासहरु प्रशंसनीय छन्। यस कार्यमा अझ बढी जिवन्तता प्रदान गर्न सकियोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

रुद्रनाथ बस्याल

प्रमुख जिल्ला अधिकारी, सिन्धुपाल्चोक

पुस्तकमा समेटिएका घटनाहरु कतिपय तथ्यगत रुपमा उलल्लेख गर्न खोजिएको पाइन्छ भने कतिपय घटनाहरु यथार्थताको नजिक पुग्न खोजेकोसम्म देखिन्छ तर पुगेको देखिँदैन। तसर्थ अझै तथ्यपरक र यथार्थतामा आधारित हुन सम्बन्धित घटनास्थलमा नै पुगी अध्ययन हुन सके अझै राम्रो हुने थियो। समष्टिमा पुस्तक पठनीय र संग्रहणीय छ।

खगराज पौडेल

जिल्ला न्यायाधीश, सिन्धुपाल्चोक

समग्रमा पुस्तकले निकैबटा विषय वस्तुलाई समेटेर प्रशंसनीय उदाहरण प्रस्तुत गरेको छ। अझै सही तथ्यांकको खोजी र घटनाहरु उजागर गर्दै नेपालको मानवअधिकार आन्दोलनलाई सशक्त नेतृत्व दिन सकिरहोस् यही मेरो शुभकामना छ।

भेषराज ढकाल

अधिवक्ता, सिन्धुपाल्चोक

मोफसल र शहरका घटनाहरुलाई समान स्थान दिई जनसाधारणलाई मानवअधिकार उल्लंघनका घटनाको यथोचित जानकारी प्रदान गरी नैतिक बलका साथ मानवअधिकार उल्लंघन गर्ने पक्ष जो कोही भए पनि त्यसको सशक्त विरोध गरी मानवअधिकार संरक्षणमा

पुऱ्याएको योगदानको प्रशंसा जति गरे पनि पर्याप्त हुनेछ ठान्दिन।

विनोद रखाल
श्रेस्तेदार, जिल्ला अदालत, स्याङ्जा

मानवअधिकारको आन्दोलनलाई मानव सेवाको जीवनशैलीमा व्यवहारिक बनाई "उदारचरितानां तु वसुधैव कुटुम्बकम्" को उद्घोषलाई प्रमाणित गर्ने कार्यमा अनौपचारिक क्षेत्र सेवा केन्द्र, नेपाललाई हार्दिक शुभकामना दिनु उपयुक्त कार्य ठान्दछु। प्रकाशनको निरन्तरताका लागि शुभकामना।

शंकरप्रसाद पाण्डेय
भूपू सांसद, स्याङ्जा

कुनै पनि क्षेत्रबाट भएको मानवअधिकारको उल्लंघनको घटना जनसमक्ष प्रकाशनमा ल्याई सम्पूर्ण नागरिकहरुलाई मानवअधिकार प्रति सचेत र जागरुक बनाउन पनि यस संस्थाको महत्वपूर्ण योगदान रहिआएको छ।

खगेन्द्रराज रेग्मी
सभापति, नेपाली कांग्रेस जिल्ला कार्यसमिति, स्याङ्जा

कुनै पनि क्षेत्रबाट भए गरेका मानवअधिकार उल्लंघनका घटनाहरुलाई जनसमक्ष प्रकाशमा ल्याई सम्पूर्ण नागरिकहरुलाई मानवअधिकार तथा विभिन्न घटनाहरुप्रति सचेत र जागरुक बनाउन पनि यस संस्थाको महत्वपूर्ण योगदान रहेको छ।

उदय श्रेष्ठ
कार्यालय सचिव, नेकपा (एमाले), स्याङ्जा

मानवअधिकारको विश्वव्यापी घोषणापत्र तथा मानवअधिकार सम्बन्धी अन्य अन्तर्राष्ट्रिय प्रलेखहरु एवम् नेपाल अधिराज्यको संविधान २०४७ ले प्रदान गरेको मानवअधिकारलाई हनन हुनबाट रोक्नको लागि मानवअधिकार वर्ष पुस्तक नेपालको सन्दर्भमा कोसेढुंगाको रुपमा देखिएको छ।

बलराम त्रिपाठी
जिल्ला सरकारी वकिल कार्यालय, स्याङ्जा

वर्ष पुस्तकले नेपाल अधिराज्यमा हाल भइरहेको मानवअधिकार हनन सम्बन्धी घटनाहरुको पारदर्शी पहिचान एवम् विश्लेषण गरी जनसमक्ष मानवअधिकार सम्बन्धी तथ्यपरक विषयवस्तुलाई प्रकाशन गर्न सक्षम होस् भन्ने विश्वासका साथ शुभकामना व्यक्त गरिन्छ।

बालकृष्ण चौधरी
नि. प्रहरी नायब उपरीक्षक, स्याङ्जा

यो पुस्तकले नेपालमा मानवअधिकारको क्षेत्रमा औंल्याएको कमी कमजोरीहरुलाई भविष्यमा दोहोरिन नदिई मानवअधिकारको विश्वव्यापी मान्यता अनुरुप चल्न सम्बन्धित सबैलाई मार्ग दर्शन गर्नेछ भन्ने आशा लिएको छु।

दुर्गाप्रसाद पोखरेल
प्रमुख जिल्ला अधिकारी, स्याङ्जा

०५९ जेठ ८ गते प्रतिनिधि सभा विघटन भए पछि जनइच्छा र जनआवाजको प्रतिनिधित्व गर्ने संवैधानिक निकाय छैन। यो अन्यौल यथावत रहेको कुरा वर्ष पुस्तकले मिहिन तरिकाले उजागर गरेको छ। अन्यौलको निराकरणबारे केही सुझाव, प्रस्तावको रुपमा आए सबैलाई मार्गदर्शन हुने थियो। त्यसको अलावा संविधानविदहरुको धारणा र संविधान निर्माताहरुको अभिमत समेत यही परिच्छेदमा पस्केर दिन पाएको भए अझ विश्लेषणात्मक हुने थियो। यो पक्ष छुट हुन गएको छ। यसबारे आगामी दिनमा यो संस्थाले अवश्य सोच्ने छ।

वर्ष पुस्तकमा अघिल्लो वर्ष दायर भएको बन्दी प्रत्यक्षीकरण सम्बन्धी करिब १२ वटा मुद्दाको निर्णयलाई सर्वोच्च अदालतले पटकपटक स्थगित गरेर टारेको न्यायिक निस्क्रियतालाई समावेश नगर्नु, कमजोरी रहेको छ।

वर्ष पुस्तक मानवअधिकार हननको तथ्यांक मात्र होइन समग्र देशको एउटा आँखीझ्याल हो। जसबाट नेपाल चियाउन मिल्छ। घटना क्रमको केस्रा-केस्रा केलाएर गरिने टिप्पणीहरु सन्तुलित र तथ्यपरक भएन भने फेरि त्यहीनेर मानवअधिकारको व्यापक हनन हुन्छ। साना पार्टीहरुको धारणामा पनि सारांशमा राखिदिएको भए अझ राम्रो रहने थियो। इन्सेकले यसबारे आउने दिनमा अवश्य सोच्ने छ। यसरी वर्ष पुस्तकलाई विगत दश वार्षदेखि देशको मुलभूत समस्यालाई टपक्क टिपेर हामीलाई झक्झकाएको अनुभूति मिल्छ। हाम्रो समाजमा व्याप्त उत्पीडन, ज्यादति, आर्थिक शोषण, भ्रष्टाचार इत्यादिका कारणले देश गम्भीर द्वन्द्वको भड्खालनिर गइरहेको संकेत वर्ष पुस्तकले पहिले नै दिइसकेको थियो।

हाम्रो राजनीतिक पार्टी र नेताहरुले त्यो संकेत बुझेर आफ्नो चरित्र र प्रवृत्ति सुधारेको भए शायद देशले अहिलेको जस्तो दुर्गति भोग्नु पर्ने थिएन। कतिपय अवस्थामा पुस्तकभित्र उल्लेखित नाम, ठेगाना, मिति फरक

परेको र कुनै साना घटना पनि भएको र कतै ठूलो घटना पनि छुटेको भेटिन्छ।

सुरेन्द्र थापा मगर
अधिवक्ता, कास्की

यस वर्ष पुस्तकले सन् १९९२ सालमा राष्ट्रको राजनीतिक संविधानको प्रयोग, राज्यका प्रत्येक अंगमा गरिएको राजनीतिकरणबाट राष्ट्रमा अशान्ति मानव अधिकारको उल्लंघन हुन सक्छ भन्ने विश्लेषण हाल राष्ट्रको संविधानको अन्यौलता र मानवअधिकारको उल्लंघनको स्थितिले सत्य सावित भएको देखाएको छ। यस पुस्तक प्रकाशनले राज्यको न्यायपालिका, व्यवस्थापिका, कार्यपालिका, राजनीतिक दल तथा जनतालाई प्रजातन्त्र, मानवअधिकारलाई व्यवहारमा सिद्धान्तमा प्रयोग गर्न गराउन राज्यको स्थितिको जानकारी राख्न दिशा निर्देश गराउने अत्यान्त सकारात्मक प्रभाव नेपाली समाजमा परेको छ।

यस पुस्तक प्रकाशनमा घटना संकलन यथार्थ हुन सकने भने पुस्तक आलोचित मात्र होइन, पुस्तकको विश्वसनियतामा संकट उत्पन्न हुन सक्छ। दिनानुदिन घटना संकलन, विभिन्न स्थानको सहज कुरा होइन। तसर्थ, घटना संकलन त्यति नै सक्षम राखी यथार्थ घटना संकलन गराइनु वर्ष पुस्तकको लागि फलदायक रहने सुझाव प्रस्तुत गर्न चाहन्छु।

गणेशबहादुर कुँवर
अधिवक्त, पर्वत

बन्दुकबाट राजनीतिक निकास निकाय भनी रस्साकस्सी गरिरहेका र अतिवादका बीचमा निर्दोष जनताको रगत बगिरहेको, गास वास उठिरहेको पीडालाई अबका दिनमा समेत आवाज दिई विधिको शासन कायम गराउने काममा मानवअधिकार क्षेत्रमा काम गर्ने सबै क्रियाशील रही मानवअधिकार उल्लंघनका विरुद्धमा अझ बढी सशक्त आवाज दिन इन्सेक सफल होस्।

कृष्णप्रसाद सिग्देल
संयोजक, मानवअधिकार समिति
ने.वा.ए., नवलपरासी

समग्रमा यस वर्ष पुस्तकले धेरै कुरालाई समेट्न सफल हुँदाहुँदै पनि सबै जिल्लाका वास्तविक घटना अझै छुटेका गाउं ठाउँमा पुगेर घटना पूर्ण रुपमा संकलन हुन नसकेका, पत्रपत्रिका बाहेक अन्य आधारहरुको पनि पहिचान गरी सत्यतथ्य घटना बाहिर आएको भए अझै राम्रो हुने थियो। शिक्षा क्षेत्रको अस्तव्यवस्तता छुटेको भान भयो।

बलभद्र खनाल
अधिवक्ता, पाल्पा

प्रत्येक नेपाली नागरिकको आधारभूत मानवअधिकार सुरक्षित गर्ने नेपाल अधिराज्यको संविधान २०४७ हो। तर मानवअधिकारलाई संविधानको प्रतिवद्धतामा सीमित नगरी व्यवहारमा समेत उतार्न तद्नुरुपको कानुन निर्माण कानुनको न्याय संगत कार्यान्वयन र प्रभावकारी अनुगमनको व्यवस्था परिहार्य भएकोमा यस्तो हुन नसक्दा सन् २००२ को वर्ष निराशा जनक रह्यो। राज्यपक्षको ज्यादति र २००२ को लामो आवधि सम्म लागू भएको संकटकालले थुप्रै अधिकारहरु निलम्बित र हननमा परे। अझ ०५९ असोज १८ पछिका दिन संविधानमाथिको प्रहार नै यस वर्षको प्रमुख समस्या रहन पुग्यो। यसरी यी पक्षहरुको समस्टी नै वर्ष पुस्तक २००३ हो।

टेकराज पौडेल
अधिवक्ता

प्रस्तुत पुस्तक मानवअधिकार वर्ष पुस्तक २००३ मा प्रकाशित समग्र घटनाहरु यथार्थपरक रहेको पाइयो। यसले देशको कुना कुनामा घटेका घटनाहरु संगालेर पुस्तकको रुपमा जन समक्ष ल्याई मानवअधिकार प्रति नेपाली जनतालाई जागरुक र सचेत पार्ने कार्य गरेकोले पुस्तक सह्रानीय छ।

कृष्णप्रसाद आचार्य
नि. जिल्ला शिक्षा अधिकारी, कपिलवस्तु

कपिलवस्तु जिल्लाको संक्षिप्त घटनाहरु अध्ययन गरिएको पाइयो। जसमा समावेश १/२ वटा घटनाहर छुटपुट एवं समावेश नगरिएको देखिएता पनि सगग्र रुपमा पढ्न पाउदा साह्रै खुशी लाग्यो। प्रशासनिक संयन्त्र सञ्चालनका क्रममा भए गरेका त्रुटीहरु जनसमक्ष ल्याई सुधारयुक्त रुपरेखा दिन सक्नु नै आजको प्रमुख आवश्यकता देखिएको वर्तमान अवस्थामा यसरी नै प्रत्येक वर्षमा गरिएका क्रियाकलापहरु जनसमक्ष आउने नै छ भन्दै प्रकाशक एवम् सम्पूर्ण मानवअधिकार प्रतिनिधिहरुमा यस जिल्ला प्रहरी कार्यालय, कपिलवस्तु परिवार हार्दिक शुभेच्छा प्रदान गर्दछौं।

लोकबहादुर कार्की
प्रहरी उपरीक्षक, कपिलवस्तु

राज्यपक्ष र गैह्र राज्यपक्षवाट भएका घटनाहरुको अतिरिक्त परिवार र समाजबाट खासगरी महिला वालबालिका एवम् पिछडिएका वर्ग माथि हुने गरेका असान्दिर्भक एवम् अमानवीय घटना र व्यवहार समेत खोजमूलक ढंगबाट पुस्तकमा समावेश गर्न सके अझै उपयोगी हुने ठान्दछु। साथै माओवादी पक्षको अमानवीय व्यवहारबाट पीडित भई विस्थापित भएका व्यक्तिहरुको वारेमा समेत विवरणहरु समाविष्ट भएमा वेश होला।

नेत्रप्रसाद शर्मा

प्रमुख जिल्ला अधिकारी, गुल्मी

सो पुस्तकमा मानवअधिकार उल्लंघनका घटनालगायत् राज्यका प्रमुख अंगहरुबाट गरिने काम कारवाहीलाई गम्भीरताका साथ लिई उक्त पुस्तकमा टिपणी गरेको कार्य ज्यादै स्तरीय पाएँ। राज्यका प्रमुख अंगहरुबाट भएको कमी कमजोरीलाई सुधार गर्न सो पुस्तकमा उललेखित अपेक्षित सुधारका कार्यक्रमहरु के कति सुधार भए/भएनन् ? र किन सुधार हुन सकेन ? भन्नेतर्फ आगामी वर्ष पुस्तक २००४ मा अझ बढी चासो लिइ बाँकी सुधारका कार्यक्रमहरुलाई मूर्त रुप दिलाउन चासो लिनु पर्ने देखिन्छ।

अवधी प्रसाद सिन्हा

जिल्ला न्यायाधीश, गुल्मी

मुलुकमा अहिलेको परिस्थितिमा मानवअधिकार उल्लंघन चर्को रुपमा भइरहेको अवस्थामा त्यसलाई सार्वजनिक गरेर भए पनि मानवअधिकार उल्लंघनको घटनामा केही कमी हुन सकेमा पुस्तकको सफलता ठहरिने छ।

अर्जुनप्रसाद जोशी

सभापति, नेपाली कांग्रेस, पर्वत

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले यस पर्वत जिल्ला अन्तरगत भएका घटना तथा केही थुनुवाहरुका बारेमा वास्तविक कुरा अगाडि ल्याउने प्रयास अझै जारी राखोस् भन्ने शुभेच्छा समेत चाहन्छु।

किरणराज तिवारी

जेलर, कारागार शाखा, पर्वत

नेपाल मानवअधिकार वर्ष पुस्तक २००३ ले समग्र मुलुकको मानवअधिकारको अवस्था वारे जानकारी दिलाउन भरमग्दुर प्रयास गरेको पाएँ। यस पुस्तकको अध्ययनले मानवअधिकारको विषयमा ज्ञानवर्द्धक कुराहरु पाएँ। अत: आगामी दिनमा निस्कन लागेको मानवअधिकार वर्ष पुस्तकले खोजमूलक र अनुसन्धान गरी सबै क्षेत्रलाई समेट्न सकोस् र अझ क्रियाशील हुने आशा गर्दछु।

बाबुराम कार्की

स.प्र.उ., सशस्त्र प्रहरी बल चण्डिका गण, पर्वत

नेपाल मानवअधिकार वर्ष पुस्तक २००३ अध्ययन गरी हेर्दा हाम्रो देशमा मानवअधिकार हननका सम्बन्धमा भएका विवरणहरुलाई खोजपूर्ण अनुसन्धान गरी यथार्थरुपमा निकाल्न खोजिएको देखिदा उक्त कार्य प्रसंशनीय भएको र अब आउने मानवअधिकारसम्बन्धी पुस्तक अझ यथार्थरुपमा प्रकाशित होस् भन्ने शुभकामना व्यक्त गरिन्छ।

रामकृष्ण खनाल

जिल्ला न्यायाधीश, जिल्ला अदालत, पर्वत

एकातिर देशमा प्रतिगमन भइरहेको र अर्कोतिर माओवादीहरुद्वारा जनयुद्धको नाममा सञ्चालित क्रियाकलापहरुले दिन प्रतिदिन मानवअधिकार उल्लंघनका घटनाहरु घटिरहेको सन्दर्भमा इन्सेकले गरेको खबरदारी उल्लेखनीय छ।

मोतिप्रसाद पौडेल

सचिव, नेकपा (एमाले) जिल्ला कमिटी, पर्वत

देशका ग्रामीण क्षेत्रमा घट्ने गरेका मानवअधिकार उल्लंघनसम्वन्धी घटनाहरुलाई समेत प्राथमिकता दिई सत्यतथ्य रुपमा प्रकाशित भएमा पाठक वर्गवाट अझ बढी विश्वास प्राप्त गर्न सक्ने र जनताहरुको विश्वास बढ्दै जाने मैले आशा लिएको छु। यस सम्बन्धमा इन्सेक परिवारले मानवअधिकारसम्वन्धी घटनाहरुको अझ थप अनुसन्धान एवम् विश्लेषण गर्नु पर्ने जस्तो ठानेको छु।

देशीराम पिया

प्रमुख जिल्ला अधिकारी, पर्वत

मानवअधिकार वर्ष पुस्तकले देशको कुना काप्चासम्म प्रत्येक मानवअधिकार उल्लंघनका घटना सम्बन्धमा चासो राख्ने प्रत्येक नागरिकहरुलाई महत्वपूर्ण सामाग्री भएको छ।

हरिकृष्ण खाँण

प्रहरी नायव उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, पर्वत

वर्ष पुस्तक २००३ ले देशमा भएका

मानवअधिकार उल्लंघनका घटनाहरुलाई पूर्वाग्रहविहीन, विश्लेषणात्मकरुपमा जनसमक्ष ल्याएकोमा हार्दिक धन्यवाद दिन चाहन्छु।

विश्वप्रकाश प्रसाई
सचिव, गैसस महासंघ, पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पर्वत

मानवअधिकार वर्ष पुस्तक २००३ उपयोगी रहेको छ। सम्पूर्ण इन्सेक परिवारको मिहेनतका साथै गाउँ शहरका जनताको सहयोगस्वरुपको प्रतिविम्व बन्न पुगेको छ। यस पुस्तकको अध्ययनबाट मानवअधिकार सम्बन्धी जानकारी नभएका कतिपय सरकारी तथा गैर सरकारी कर्मचारीहरुको लागि यो ज्योतिको काम गर्नेछ भने मानवअधिकार वर्ष पुस्तकका दश वर्ष नेपालमा मानवअधिकारको स्थितिका साथै अन्य उल्लेखित विषय सूचीका लागि उल्लेखनीय मानवअधिकारसम्बन्धी राज्यबाट भएका गल्तीहरुलाई सुधार्नेतर्फ ध्यानाकर्षण गराउन सक्षम छ।

पूर्णसिंह खड्का
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, दाङ

मानवअधिकार हननकर्तालाई सार्वजनिक (प्रकारान्तर रुपले) गर्ने, अन्तर्राष्ट्रियकरण गर्ने, दण्डहीनता विरुद्ध आवाज उठाउने, अराजक प्रवृत्तिको उजागर गर्ने, असहिष्णुतामा सहिष्णु बन्न प्रेरणा दिने, वर्ष पुस्तकको भूमिका "जान्नेलाई श्रीखण्ड र नजान्नेलाई खुर्पाको बिंड" का रुपमा रहेको छ।

डिल्लीराज आचार्य
रजिष्टार, पुनरावेदन अदालत, दाङ

मानवअधिकार वर्ष पुसतक अति नै उपयोगी एवं मानवअधिकार संरक्षणका लागि ज्ञानवर्धक छ। प्रत्येक वर्ष मानवअधिकार सम्बन्धमा भए गरेका यथार्थ घटनाहरुको संगालो मानवअधिकार वर्ष पुस्तकमा स्पष्ट देखिन्छ। पुस्तकमा गैरराज्य पक्षद्वारा गरिएको मानवअधिकार ज्यादतिका घटनाहरु समावेश गरिनु आवश्यक देखिन्छ। किनभने राज्यद्वारा होस् वा गैर राज्यपक्षद्वारा होस् तिनीहरुका क्रियाकलापहरुबाट मानवअधिकार ज्यादति हुनु हुदैन। सर्वप्रथम प्रत्येक नागरिक, राज्य पक्ष र गैरराज्यपक्षलाई मानवअधिकार सम्बन्धमा स्पष्ट ज्ञान हुनु अत्यावश्यक छ र आफू वा आफ्ना क्रियाकलाप, नीति, नियमले मानवअधिकार संरक्षण, सम्वर्द्धन प्रति कत्तिको प्रभावकारी छ भन्ने कुराको जानकारी हुनु जरुरी छ।

बालकृष्ण थापा, प्रहरी नायव निरीक्षक
जिल्ला प्रहरी कार्यालय, प्युठान

मानवअधिकारका घटनाहरु संकलन गरेर र मानवअधिकार बारे विभिन्न किसिमबाट व्याख्या गरेर नागरिकलाई सचेत गराउँदै वर्ष पुस्तकले मानवअधिकारको संरक्षण र सम्बर्द्धनमा उल्लेखनीय भूमिका निर्वाह गरेको पाइएको छ। चाहे राज्यपक्ष होस् वा गैरराज्य पक्ष होस् मानवअधिकार उल्लंघन हुने गरी गतिविधि र क्रियाकलाप गर्ने छुट मानवअधिकार सम्बन्धी विश्वव्यापी मान्यताले कसैलाई पनि दिदैन। विगतमा भन्दा क्रमश: उपयोगी र स्तरीय बन्दै गउको छ। तर अझै पनि सबै प्रकारका पूर्वाग्रहबाट माथि उठेर यथार्थमा आधारित सत्य तथ्य घनाहरुको विवरण संकलन र तिनको निष्पक्ष प्रस्तुतिमा अझ बढी ध्यान केन्द्रित गरी क्रियाशलि हुन आवश्यक देखिन्छ।

रामप्रसाद घिमिरे
प्रमुख जिल्ला अधिकारी, प्युठान

रोल्पाको एक वर्ष भित्र भए गरेका मानवअधिकार हननका विषयवस्तु तथा घटनाको विवरण वास्तविकता र सम्बन्धित ठाउँमा पुगेर उजागर गरेको उक्त किताब पढ्न पाइयो। मुलभूत रुपमा कुनै टिप्पणी गर्ने ठाउँ देखिएन केवल घटना विवरण अलि विश्लेषणात्मक ढंगले आए अझै राम्रो हुने थियो।

लोकबहादुर डि.सी.
जिल्ला कमिटी सदस्य
नेकपा (एमाले), रोल्पा

वर्ष पुस्तक २००३ ले यस अघि राज्य र माओवादीले अपहरण गरी बेपत्ता पारेका भनिएका व्यक्तिहरु के कुन अवस्थामा छन्, आदि बारेमा प्रकाश पारेन। मुक्त भए वा मारिए उल्लेख हुनु पर्दथ्यो। घर ध्वस्त भएका, लुटिएका व्यक्तिहरुले कहिले क्षति पाए कहिले पाएनन् साथै बेपत्ता पारिएका 'लास' नभेटिएका व्यक्तिहरुका परिवारले क्षतिपूर्ति पाए, पाएनन् सो सम्बन्धमा पनि यस पुस्तकमा उल्लेख भएन। ती मानवअधिकारका क्षेत्रमा यस वर्ष पुस्तकको मेहनत र प्रयत्न सह्रानीय छ।

माधवप्रसाद आचार्य
सभापति, नेपाली कांग्रेस जिल्ला समिति, रोल्पा

इन्सेकद्वारा प्रकाशित "मानवअधिकार वर्ष पुस्तक २००३" मा प्रकाशित रोल्पा जिल्लासँग सम्बद्ध

घटनाक्रमको सन्दर्भमा देहायअनुसारका प्रतिक्रिया पठाएको व्यहोरा अनुरोध गर्दछु।

१. मानवअधिकार उल्लंघनका घटनाहरुलाई उल्लेख गरी वर्ष पुस्तक प्रकाशनको क्रम प्शंसनीय छ। यसबाट मानवअधिकार हनन गर्ने पक्षलाई आफ्ना काम कारवाही सुधारी मानवअधिकार बहालीको लागि पृष्ठपोषण प्राप्त हुनेछ।

२. राज्यपक्षबाट अपहरण, गिरफ्तारी गरी हत्या गरिएका, आगजनी गरिएका घटनाहरु एकांगी देखिए। यी घटनाहर सुन्योजित होइनन्। पूर्ण युद्धको स्थितिमा दोहोरो डिन्त हुँदा व्यक्तिहरु मरेका हुन्। नियोजित तवरले ... जलाईउका होयनन्। घरमा लुकी माओवादी पक्षबाट सुरक्षाफौजलाई लक्ष्य गरी आक्रमण गर्दा केही घरहरु दोहोरो भिडन्तमा जलेका हुन्। गिरफ्तार गरी राज्यपक्षबाट कहीं कसैको हत्या गरिएको छैन। गिरफ्तार गरिएमा निजहरुलाई प्रचलित कानुन बमोजिम कारवाही गर्ने गरिन्छ। यस्ता धेरै उदाहरणहरु छन्। केही कुराहरु वर्ष पुस्तकमै पनि समावेश देखिन्छ। यसैले घटनाको बारेमा सबै पक्षबाट बुझी प्रस्तुत गर्दा वेश हुनेछ।

३. दोहोरो भिडन्तमा भवितव्य परी मृत्यु भएका व्यक्तिहरुलाई राज्यले क्षतिपूर्ति दिँदै आएको छ। यस जिल्लामा पनि पीडितहरुले यस्तो राहत रकम प्राप्त गरेका छन्। यस्ता पक्ष पनि वर्ष पुस्तकमा आएमा सकारात्मक नजरबाट मानवअधिकार संरक्षणमा वल पुग्न जान्थ्यो कि !

कानुनी आधार, प्रक्रिया वेगर कसैलाई पनि थुनामा नराखिएकोले यो विषयमा सहमत हुन सकिन।

५. गाम घटनामा माओवादी पक्षबाट मारिएका केही निजामति कर्मचारीहरुको नाम नामेसी यति ठूलो वर्ष पुस्तकमा समावेश हुन सकेन। अचम्म लाग्यो।

६. माओवादी पक्षबाट लखेटिएका मानिसहरुको घटना विवरण त दिइयो तर त्यसपछि उनीहरुको मानवअधिकारको स्थितिको उल्लेख भएन। त्यसपछिका पीडाहरु पनि वर्ष पुस्तकमा आइदिउको भए सम्बन्धितको ध्यानाकर्षण हुन्थ्यो कि !

७. वर्ष पुस्तक बढी भन्दा बढी वस्तुपरक, यथार्थ र पूर्ण बन्दै निरन्तर अगाडि बढोस्। हार्दिक शुभकामना।

तेजप्रसाद पौडेल
प्रमुख जिल्ला अधिकारी, रोल्पा

मानवअधिकार वर्ष पुस्तक २००३ सरसर्ती अध्ययन गर्दा बास्तविक सत्य तथ्यलाई उजागर गर्ने राम्रो प्रयास गरिएको देखियो। तर अझै धेरै प्रयासको आवश्यकता छ। आशा छ, आउँदो वर्ष पुस्तकमा सबै घटनाहरु समेटिने छन्।

ध्रुव
सेक्रेटरी, नेकपा (माओवादी)
जिल्ला संगठन समिति, रोल्पा

यस पुस्तकबाट देशको र हाम्रो कार्यक्षेत्रको मानवअधिकारको स्थिति बुझ्न सघाउ पुगेको छ। जिल्ला स्थित केही साझेदार संस्थाले पनि सो पुस्तक पढेका थिए र यसमा उल्लेखित तथ्यहरु वास्तविक भएकोले उनीहरु प्रभावित भए। सुझावको सम्बन्धमा, कुनै कुनै मानवअधिकार हननका घटनामा परेकाको पारिवारिक र सामाजिक पृष्ठभूमि सहित in-depth case studies पनि राखिएको भए राम्रो हुने थियो।

राजेन्द्र मानन्धर
सेभ द चिलड्रेन यु.के.
मध्य तथा सुदूर पश्चिमाञ्चल क्षेत्रीय कार्यालय,
नेपालगञ्ज

वर्ष पुस्तक अत्यन्त सान्दर्भिक छ। यसमा समसामयिक घटनाहरु समेटिएका छन्। तर पनि महिला र वालबालिकाको बारेमा जिल्लागत विस्तृत विवरण समेटिएको छैन। घटनाहरुको अध्ययन अनुसन्धान राम्रोसँग हुनु पर्ने र विस्थापित र बेपत्ता पारिएकाहरुको स्पष्ट विवरण समावेश गरिनु पर्छ।

शचिदानन्द जोशी
नेकपा (एमाले), डोटी

वर्ष पुस्तक प्रसशीय छ। यस्तो जटिल परिस्थितिमा पनि इन्सेकले देशभरिका घटनाहर संकलन गरेर पाठक समक्ष पुऱ्याउनु कठिन कार्य हो। पुस्तक अत्यन्त राम्रो भएता पनि केही घटनाहरु छुटेका छन्। सरकारी र पुस्तकको डाटा मिलेको छैन (डोटीको छेडामा भएको घटनाको)। घटनाहरु छुटेका छन्।

यज्ञराज पाठक
सभापति, नेपाली कांग्रेस, डोटी

यस्तो जटिल परिस्थितिमा पनि इन्सेकले वर्ष पुस्तक प्रकाशन गरी पाठक समक्ष ल्याउनु अत्यन्तै प्रशंसनीय कुरा हो। तर पनि घटनाहरुको राम्रो अध्ययन र अनुसन्धान गरिनु पर्दछ। जिल्ला प्रतिनिधिले घटनास्थलमा नै गएर जानकारी लिनु पर्दछ।

सिद्धराज भट्ट
मासम, केन्द्रीय सदस्य, डडेल्धुरा

अनुसूची ६

नेकपा (माओवादी) को
तर्फबाट वार्ताका क्रममा प्रस्तुत प्रस्तावको सारसंक्षेप

(क) प्रस्तावना

करिब सवा दुईसय वर्षदेखि अविच्छिन्न रुपमा संचालन हुँदै आइरहेको हाम्रो देश नेपालको पुरानो राज्यसत्ता आन्तरिक तथा वाह्य प्रतिगामी वर्गीय सम्बन्धका कारण गम्भीर संकटमा परेको र फलस्वरुप त्यसमा अन्तर्निहित वर्गीय, जातीय, क्षेत्रीय, लिंगीय अन्तर्विरोधहरुले अग्रगामी निकास खोजिरहेको तथा राज्यसत्ताको नै अग्रगामी पुनर्संरचना अवश्यम्भावी बनेको सुस्पष्ट छ। ००७ साल र ०४६/०४७ सालका राजनैतिक परिवर्तनहरुले त्यो संकटलाई आंशिकरुपले हल गर्न खोजेपनि ती प्रयासहरु राष्ट्रियता, प्रजातन्त्र र जनजीविकाका आधारभूत समस्याहरु समाधान गर्न यथेस्ट थिएनन् भन्ने कुरा विगत बाउन्न वर्ष र खासगरी विगत बाह्र वर्षका घटनाक्रमले पुष्टि गरिसकेका छन्। त्यसैकारण उत्पीडित वर्ग, जाति, क्षेत्र लिंग र समुदायका जनताले ने.क.पा.(माओवादी) को नेतृत्वमा ०५२ फागुन १ गतेवाट आमूल राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक परिवर्तन र त्यसलाई संस्थागत गर्ने नयाँ अग्रगामी राज्यसत्ताको निर्माण हेतु सशस्त्र विद्रोहको झण्डा उठाएका थिए। गत सात वर्षको भीषण गृहयुद्ध पश्चात् संकटग्रस्त पुरानो राज्यसत्ता र उदीयमान नयाँ राज्यसत्ताबीच रणनैतिक सन्तुलनको स्थिति कायम हुन पुगेको अवस्थामा देशको विशिष्ट भू-राजनैनिक स्थितिलाई समेत ख्याल गरी तत्काल शान्तिपूर्ण तरिकाले नै अग्रगामी राजनैतिक निकास खोज्नु वाञ्छनीय भएको महसुस गर्दै दुवै पक्षको सहमतिमा ०५९ माघ १५ गते युद्धविरामको घोषणा गरी वार्ता प्रकृयामा प्रवेश गर्ने निर्णय भएको सर्वविदितै छ। यसै परिप्रेक्ष्यमा वार्तामार्फत् अग्रगामी राजनैतिक निकासका निम्ति ने.क.पा.(माओवादी) को आधिकारिक वार्ताटोलीको तर्फवाट यो संक्षिप्त कार्यसूचिको प्रस्ताव प्रस्तुत गरिएको छ, जसलाई वार्ताको टेवुलमा आवश्यकता अनुसार थप व्याख्या र परिमार्जन गर्दै लैजान सकिनेछ।

(ख) लक्ष्य तथा उद्देश्य

पुरानो र नयाँ सत्तापक्षका प्रतिनिधिहरु बीचको वार्ताको लक्ष्य तथा उद्देश्य निम्नबमोजिम हुनुपर्दछ –

१. अग्रगामी राजनैतिक निकासद्वारा विद्यमान द्वन्दको स्थिति अन्त्य गर्ने र देशमा स्थायी शान्ति स्थापना गर्ने।

२. अग्रगामी आमूल राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक परिवर्तनमार्फत् विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लिंगीय र अन्य अन्तर्विरोधहरुको हल गर्ने । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरु समाधान गर्ने र प्रजातान्त्रिक समुन्नत नेपालको निर्माण गर्ने।

३. प्रजातन्त्र र राष्ट्रियतालाई अभिन्न, अन्योन्याश्रित र अन्तर्सम्बन्धित प्रवर्गहरुको रुपमा अंगीकार गरेर नयाँ, बलियो र जनमुखी राष्ट्रिय एकताको निर्माण गर्ने र राष्ट्रिय स्वाधिनता तथा सार्वभौमिकताको रक्षा गर्ने।

४. सबै र खासगरी विपन्न तथा उत्पीडित तह र तप्काका जनताको व्यापक मानव तथा नागरिक अधिकारहरुको सुनिश्चितता गर्ने र गृहयुद्धको दौरानमा पीडित पक्षहरुलाई उचित राहत र पुनर्स्थापनाको व्यवस्था गर्ने।

(ग) युद्धविराम र आचारसंहिताको कार्यान्वयन तथा वार्ताको सहज वातावरण निर्माण

सात वर्षसम्म चलेको गृहयुद्धपश्चात् अधिकांश ग्रामीण इलाकाहरु जनमुक्ति सेनाको नियन्त्रणमा पुगेको र राजधानी तथा जिल्ला सदरमुकामहरु र ठूला शहरहरु शाही सेनाको नियन्त्रणमा रहेको धरातलीय यथार्थलाई आत्मसात् गर्दै त्यो यथास्थितिलाई वार्ता अवधिभर कायम राख्ने र एक अर्काका इलाकामा सशस्त्र अतिक्रमण नगर्ने मूल मान्यतामा आधारित भई माघ १५ गते युद्धविराम घोषणा गरिएको र फागुन २९ गते २२ बुँदे आचारसंहिता जारी गरिएको तथ्य जगजाहेर छ। साथै गृहयुद्धको दौरानमा एकअर्काको कब्जामा रहेका र बेपत्ता पारिएका व्यक्तिहरुलाई सार्वजनिक गरेर रिहा गर्ने तथा पुरानो सत्तापक्षले जारी गरेका आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन २०५८ जस्ता मानवता विरोधी काला कानून र झुट्ठा मुद्दाहरु खारेज गर्नेतर्फ शीघ्र तथा प्रभावकारी कदम चालेर मात्र वार्ताको निम्ति सहज र विश्वसनीय वातावरण सृजना गर्न सकिन्छ। त्यस निम्ति निश्चित अवधि तोकेर निम्न कार्यहरु गरिनु पर्दछ :

१) ने.क.पा.(माओवादी) का केन्द्रीय सदस्य दण्डपाणि न्यौपानेलगायत् पुलिस तथा शाही सैनिक हिरासतवाट बेपत्ता पारिएका सम्पूर्ण युद्धबन्दीहरुको स्थिति ०६० वैशाख मसान्तसम्म सार्वजनिक गरिनुपर्छ।

२) बैकल्पिक पोलिटब्यूरो सदस्य रवीन्द्र श्रेष्ठ र बैकल्पिक केन्द्रीय सदस्यहरु वामदेव क्षेत्री, मुमाराम खनाललगायत शाही सैनिक हिरासत र जेलमा राखिएका सम्पूर्ण युद्धबन्दीहरुलाई १५ दिनभित्र रिहा गरिनुपर्दछ।

३) १५ दिनभित्र सम्पूर्ण झुट्ठा मुद्दाहरु खारेज गरिनुपर्दछ र सम्पूर्ण आस्थाका बन्दीहरुलाई रिहा गर्नुपर्दछ।

४) कथित आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण

तथा सजाय)ऐन २०५८ तत्काल खारेज गरिनुपर्छ।

५) शाही सेनालाई एक हप्ताभित्र व्यारेकमा फिर्ता गरिनुपर्छ र शाही सेनाद्वारा सर्वसाधारणको खानतलासी, धरपकड तुरुन्त बन्द गरिनुपर्छ।

६) आचारसंहिताको पालन तथा बेपत्ता पारिएकाहरुको स्थिति र बन्दीहरुको रिहाइको अनुगमन तथा जाँचपड्ताल गर्न विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकारवादी संघसंस्थाहरु प्रमुख पेशागत संगठनहरु र नागरिक समाजका प्रतिनिधिहरु सम्मिलित एक अधिकार सम्पन्न समिति तुरुन्त बनाइनुपर्छ।

(घ) वार्ता प्रकृया र समयतालिका

वार्ता प्रकृयालाई पारदर्शी र परिणाममुखी बनाउन निम्न बमोजिम गरिनुपर्छ -

१. वार्तालाई सहज र पारदर्शी बनाउन दुवै पक्षको सहमतिले निष्पक्ष र प्रतिष्ठित व्यक्तिहरु सम्मिलित सहजकर्ताहरुको टोली निर्माण गरिनुपर्छ र सो टोलीलाई औपचारिक वार्ता थालनीको बेलादेखि नै सबै चरणका वार्ताहरुमा सहभागी गराइनुपर्छ।

२. वार्ताको मिति र स्थान सहजकर्ताहरु मार्फत् दुवै पक्षको सहमतिमा तय गरिनुपर्छ।

३. वर्तमान द्वन्द्वको मुख्य कारक तत्व राज्यसत्ताको प्रश्न भएकोले वार्तामा राजनैतिक एजेण्डालाई प्राथमिकता दिइनुपर्छ र अन्य विषयहरु क्रमश: उठाउँदै जानुपर्छ।

४. चरम तरलताको स्थितिमा रहेको देशको वर्तमान राजनैतिक परिस्थितिलाई अनिश्चितकालसम्म लम्ब्याउनु अनुपयुक्त मात्र नभै जोखिमपूर्ण पनि भएकोले वार्ता प्रकृयालाई छिटो भन्दा छिटो सार्थक टुंगोमा पुऱ्याउने प्रयास गरिनुपर्छ ।

ङ) वार्ताको एजेण्डा

१. मूल राजनैतिक एजेण्डा

राज्यसत्ताको प्रश्न वा राजनैतिक प्रश्न नै सबै समस्याको कुंजी प्रश्न भएकोले वर्तमान वार्ता प्रकृयाको मूल एजेण्डा राजनैतिक हुनुपर्दछ र त्यसमा नै मुख्य ध्यान केन्द्रित हुनुपर्दछ। देशमा विद्यमान संकट समाधानको निम्ति नयाँ अग्रगामी राज्य प्रणाली र त्यसलाई परिभाषित गर्ने नयाँ संविधान अनिवार्य भएको र हाल देशमा २०४६-२०४७ को जनआन्दोलन पश्चात् निर्मित २०४७ सालको संविधान वस्तुत: मृत अवस्थामा पुगिसकेको र देश संविधानहीनताको स्थितिमा भएकोले यो धरातलीय यथार्थलाई स्वीकार्दै नयाँ संविधान निर्माणको विधि र नयाँ संविधानको न्यूनतम अन्तर्वस्तु नै वार्ताको मुख्य एजेण्डा हुनुपर्दछ। २०४७ को संविधानमा कतिपय प्रजातान्त्रिक सबल पक्षहरु (जस्तै- बहुदलीय प्रतिस्पर्धा, आवधिक निर्वाचन, विधिको शासन, वाक् तथा प्रेस स्वतन्त्रता इत्यादि) भएपनि त्यसमा केही गम्भीर त्रुटी र अपूर्णताहरु (जस्तै -कथित "अपरिवर्तनीय" विषयहरु, सार्वभौमसत्ता र राजकीयसत्ताबीचको विरोधाभास, बेलायती "औपचारिक प्रजातन्त्र" भित्र उत्पीडित वर्ग, जाति, क्षेत्र, लिंग आदिको "वास्तविक प्रजातन्त्र"को विलय, इत्यादि) थिए भन्ने कुरालाई विगत बाह्र वर्षको अनुभवले पुष्टी गरिसकेकोले अब निर्माण गरिने संविधानको विधि र अन्तर्वस्तु त्यो भन्दा अग्रगामी हुनुपर्ने निश्चित छ। एक्काइसौं शताब्दीको नयाँ जनचेतना र सात वर्षको भीषण गृहयुद्धले सिर्जना गरेको नयाँ राजनैतिक शक्ति सन्तुलनको स्थितिमा अब २०४७ साल भन्दा पछि फर्कने प्रतिगामी चिन्तन र २०४७ सालमा नै टाँसिइरहने यथास्थितिवादी चिन्तनले देश र जनताको नयाँ आवश्यकता पूर्ति गर्न नसक्ने र वर्तमान संकटको समाधान नहुने उत्तिकै सुस्पष्ट छ। त्यसैले नयाँ संविधान निर्माणको प्रकृया वा विधि र त्यसको न्यूनतम अग्रगामी अन्तर्वस्तु निम्न बमोजिम हुनुपर्छ।

(क) नयाँ संविधान निर्माणको प्रकृया वा विधि

१. आन्दोलनकारी शक्ति र देशका प्रमुख राजनैतिक शक्तिहरुको सहमतिमा आन्दोलनद्वारा जनतामा स्थापित सबै प्रजातान्त्रिक, देशभक्त र वामपन्थी शक्तिहरुको बृहत् गोलमेच सम्मेलन आयोजना गरिनुपर्छ।

२. सो गोलमेच सम्मेलनले २०४७ सालको संविधानले प्रत्याभूत गरेका प्रजातान्त्रिक अधिकारहरु कटौती नहुने गरी र नयाँ राजनैतिक शक्ति सन्तुलन प्रतिविम्वित हुने गरी अन्तरिम विधानको निर्माण गर्नु पर्दछ र आन्दोलनकारी शक्तिको नेतृत्वमा सर्वपक्षीय अन्तरिम सरकार गठन गरिनु पर्दछ।

३. अन्तरिम सरकारको मातहतमा छ महिनाभित्र विभिन्न वर्ग, जाति, क्षेत्र, लिंग र समुदायको समुचित प्रतिनिधित्व हुने गरी संविधानसभाको निर्वाचन गरिनुपर्छ र सो संविधानसभाले नयाँ संविधान निर्माण गरी जारी गर्नु पर्दछ।

(ख) नयाँ संविधानको न्यूनतम अन्तर्वस्तु

१. जनता पूर्णरुपले सार्वभौमसत्ता सम्पन्न हुनुपर्दछ र राज्यसत्ता सम्पूर्ण रुपमा जनताको हातमा हुनुपर्दछ।

२. जनताको सर्वोच्च प्रतिनिधि संस्थाको रुपमा सम्पूर्ण वर्ग, जाति-जनजाति, दलित जाति, महिला, भाषा, धर्म, क्षेत्र तथा विशिष्ट व्यक्तित्वहरु समेतको समुचित प्रतिनिधित्व हुनेगरी एक निर्वाचित जनप्रतिनिधिसभा

गठन हुनेछ। राज्यसत्ताका सम्पूर्ण अंगहरु जनप्रतिनिधिसभाप्रति उत्तरदायी हुनेछन्। सरकारमा पनि सोही अनुसार सबैको समुचित प्रतिनिधित्वको व्यवस्था हुनेछ।

३. जनप्रतिनिधिसभाको दुईतिहाई बहुमतद्वारा वा जनमतसंग्रह मार्फत् संविधानका जुनसुकै प्रावधानहरु संशोधन गर्न सकिने हुनुपर्दछ।

४. शाहीसेना र जनमुक्ति सेनामा उपयुक्त संरचनात्मक परिवर्तन गरी एकीकृत राष्ट्रिय सेनाको निर्माण गरिनु पर्दछ र सो राष्ट्रिय सेनालाई जनताका निर्वाचित प्रतिनिधिहरुको मातहतमा राखिनुपर्छ।

५. बहुदलीय प्रतिस्पर्धा, आवधिक निर्वाचन, वालिग मताधिकार, विधिको शासन, वाक् तथा प्रेस स्वतन्त्रता, मौलिक हक र मानव अधिकार, आदि सर्वस्वीकृत प्रजातान्त्रिक तथा नागरिक अधिकारहरुको ग्यारेण्टी गरिनुपर्दछ।

६. देशका सबै उत्पीडित जाति/जनजाति, मधेसी समुदाय र उत्पीडित क्षेत्रहरुलाई आत्मनिर्णयको अधिकारसहित जातीय तथा क्षेत्रीय स्वशासनको ग्यारेण्टी गरिनुपर्दछ।

७. मुलुकलाई पूर्णरुपले धर्मनिरपेक्ष राज्य बनाइनुपर्दछ।

८. शिक्षा, स्वास्थ्य र रोजगारी जनताको मौलिक अधिकार बनाइनुपर्दछ. सबैलाई नि:शुल्क एवं सर्वसुलभ आधारभूत शिक्षा तथा स्वास्थ्य सेवाको व्यवस्था गरिनुपर्दछ।

९. "जमीन जोत्नेको" सिद्धान्तको अधारमा नयाँ भूमिसम्बन्ध कायम गरिनुपर्दछ र जमीनको न्यायपूर्ण वितरण एवं उन्नत व्यवस्थापन गरिनुपर्छ। आत्मनिर्भर राष्ट्रिय औद्योगिकीकरणको नीति अवलम्बन गर्ने र राष्ट्रिय पूजी तथा श्रोत सम्पदालाई संरक्षण गर्ने नीति अनुसरण गर्नुपर्छ।

१०. सन् १९५० को नेपाल-भारत सन्धि लगायत् सबै असमान सन्धिहरु खारेज गरी सबैसँग पञ्चशील तथा असंलग्नताका आधारमा मैत्री सम्बन्ध कायम गर्ने स्वतन्त्र विदेश नीति अनुसरण गरिनुपर्छ। विदेशीसँग गरिने सबै सन्धि सम्झौताहरु प्रतिनिधिसभाको दुई तिहाई बहुमतले पारित गरिनुपर्छ।

युद्धविरामको स्थितिमा सरकार र माओवादीले पालना गर्नुपर्ने आचारसंहिता

१. वार्ताको माध्यमबाट समस्याको शान्तिपूर्ण निकास खोज्न दुवै पक्ष प्रतिवद्ध र प्रयत्नरत रहने।

२. राष्ट्रिय हितप्रति संवेदनशील रहँदै महत्त्वपूर्ण निर्णय गर्दा आमसहमति कायम गर्न कोसिस गर्ने।

३. दुवै पक्षवाट सबै प्रकारका हिंसात्मक वल प्रयोगका गतिविधि बन्द गर्ने।

४. दुवै पक्षले संवेदनशील क्षेत्रमा एक अर्कामा उत्तेजित पार्ने खालका गतिविधि नगर्ने।

५. एक अर्काको कब्जामा रहेका व्यक्तिलाई दुवै पक्षले क्रमिकरुपमा रिहा गर्दै जाने।

६. दुवै पक्षले जनहितका नियमित काम शान्तिपूर्ण ढंगले गर्ने विषयमा कुनै बाधा व्यवधान नगर्ने।

७. सरकारी सञ्चारमाध्यमवाट दुवै पक्षका विचार निष्पक्ष ढंगले प्रवाहित गर्ने।

८. सञ्चार माध्यमवाट वार्ता तथा शान्ति प्रक्रियालाई प्रतिकूल असर पार्ने खालका अभिव्यक्ति कसैले नगर्ने। आ-आफ्ना आस्थाअनुसारका राजनीतिक विचार प्रचारप्रसार गर्दा शिष्ट तथा मर्यादित भाषाको प्रयोग गर्न ध्यान दिने।

९. कसैसँग इच्छाविपरीत जिन्सी वा नगदी चन्दा र आर्थिक सहयोग नउठाउने।

१०. वार्ता अवधिभर हडताल, वन्द वा चक्काजाम जस्ता कार्यक्रम नगर्ने तर शान्तिपूर्ण ढंगका सभा जुलुस गर्न सकिने।

११. अनावश्यक खानतलासी गर्ने, गिरफ्तारी गर्ने, अपहरण गर्ने जस्ता कार्य दुवै पक्षले वन्द गर्ने।

१२. युद्धविरामको अवधिभर देशमा शान्तिव्यवस्था कायम गर्न दुवै पक्षले एक अर्कालाई सहयोग गर्ने।

१३. खाद्यान्न, औषधि तथा दैनिक उपभोगका वस्तुहरू ओसारपसार गर्न बन्देज नलगाउने।

१४. नागरिकको एक स्थानवाट अर्को स्थानमा स्वतन्त्रतापूर्वक आवतजावत गर्न पाउने अधिकारको हनन् दुवैपक्षले नगर्ने।

१५. आमजनताले प्राप्त गरेका मौलिक हकको उपभोग गर्नमा कुनै किसिमको बाधा विरोध नगर्ने।

१६. वार्तामा संलग्न हुने दुवै पक्षका व्यक्तिहरूको आगमन, गतिविधिमा कुनै प्रकारको बाधा व्यवधान नगर्ने।

१७. विस्थापित भएकालाई आ-आफ्नो घर फर्कन र शान्तिपूर्ण ढंगले पुनर्स्थापित हुने कार्यमा दुवै पक्षले सहयोग गर्ने।

१८. दुवै पक्षको सहमतिले आचारसंहिताको अनुगमन टोली वनाउने।

१९. आचारसंहितामा कुनै संशोधन गर्नुपर्ने भएमा दुवै पक्षको सहमतिमा मात्र गर्ने।

२०. आचारसंहिताको व्याख्यामा कुनै विवाद देखापरे दुवै पक्ष वसी समाधान गर्ने।

२१. दुवै पक्षको सहमतिवाट आचारसंहिताको अन्त्य गर्नसकिने।

२२. यो आचारसंहिता तत्काल लागू हुनेछ र हस्ताक्षर भएको मितिवाट तीन हप्ताभित्र पूर्णरुपमा लागू भइसक्नुपर्नेछ।

(ग) अग्रगामी राजनीतिक निकासद्वारा वर्तमान संकट हल गर्न चाहने राजनैतिक शक्तिहरुका बीचमा अग्रगामी नयाँ संविधानका उपर्युक्त न्युनतम अन्तर्वस्तुका बारेमा सहमति र समझदारी हुन सक्दछ र हुनुपर्दछ भन्ने हाम्रो दृष्टिकोण हो। तर नि:शर्तरुपमा हुने संविधानसभाले यस्तो नयाँ संविधान बनाउने भएकाले त्यसका सम्पूर्ण चरित्र एवं विषेशताहरुबारे अहिले नैं किटानी गर्नु सैद्धान्तिक र व्यवहारिक दुवै हिसाबले उपयुक्त हुँदैन। उपर्युक्त न्युनतम अन्तर्वस्तुमा राजसंस्था तथा अन्य थप अग्रगामी अन्तर्वस्तुहरु राजनैतिक शक्तिहरुले आ-आफ्नो दृष्टिकोण र मान्यता अनुसार जनताबीच लिएर जाने र जनताले नै अन्तिम फैसला गर्ने कुरा सबैलाई स्वीकार्य हुनुपर्ने कुरा स्वत: स्पष्ट छ।

२) राष्ट्रिय तथा आर्थिक सामाजिक प्रश्नहरु

१. आतंकवादको प्रतिकारको बहानामा विविध रुप र नामले राष्ट्रिय हितमाथि गम्भीर प्रभाव पार्ने तथा शान्ति वार्तालाई प्रतिकूल असर पार्ने गरी भएका सन्धि-सम्झौता, सैन्य सहयोग, विदेशी सेनाको उपस्थिति र चलखेल तत्कालै रोक्नु पर्दछ।

२. नेपाल-भारत खुल्ला सीमाना नियन्त्रित र व्यवस्थित गरिनुपर्छ। सीमा क्षेत्रमा हुने सबै प्रकारका घुसपैठ, अतिक्रमणलाई नियन्त्रण गरिनु पर्दछ। विदेशीलाई रोजगार दिंदा वर्कपरमिट प्रणाली लागू गर्नु पर्दछ।

३. राष्ट्रिय कलंकको रुपमा रहेको गोर्खा-भर्तीकेन्द्र रद्द गरिनु पर्दछ र नेपालीहरुलाई स्वदेशभित्रै सम्मानजनक रोजगारीको व्यवस्था गरिनुपर्छ।

४. उद्योग, वाणिज्य तथा वित्तीय क्षेत्रमा कायम रहेको वैदेशिक एकाधिकारलाई अन्त्य गरिनु पर्दछ। राष्ट्रिय उद्योग र स्वदेशी व्यापारीहरुलाई संरक्षण र प्रोत्साहन गरिनु पर्दछ। निश्चित अवधिभित्र देशलाई वैदेशिक ऋणको दुश्चक्रबाट पूर्णरुपले मुक्त गर्नुपर्दछ।

५. एन.जी.ओ. आई. एन.जी.ओ आदिका नाउँमा भइरहेको वैदेशिक घुसपैठ र अन्तर्ध्वंसको अन्त गरिनु पर्दछ। अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरुले लादेका र लाद्ने राष्ट्रिय हित विपरीतका शर्तहरु रद्द र अमान्य घोषित गरिनु पर्दछ।

६. देशको प्रचुर जदसम्पदाको समुचित उपयोगको निम्ति एकीकृत राष्ट्रिय जलनीति निर्माण गरिनु पर्दछ। साना तथा मध्यम जलविद्युत योजनाहरुलाई प्राथमिकता दिंदै निश्चित अवधिभित्र सम्पूर्ण देशको विद्युतीकरण गरिनु पर्दछ।

७ भूमिहीन तथा गरीब किसानहरुलाई सबै प्रकारको ऋणहरुबाट मुक्त गराई पूर्णरुपले रोजगारीको ग्यारेण्टी गरिनु पर्दछ।

८. रोजगारी र बसोबासको पूर्ण ग्यारेण्टी गर्दै कमैयाँ, हरुवा, चरुवा प्रथाको उन्मूलन गर्नुपर्दछ। सम्पूर्ण सुकुम्वासीहरुलाई उचित बसोबासको व्यवस्था गरिनु पर्दछ।

९. मल, बीऊलगायत कृषिजन्य वस्तुहरु सस्तो र सुलभ रुपमा उपलब्ध गराइनु पर्दछ र सिंचाइको समुचित व्यवस्था गरिनु पर्दछ। कृषिउत्पादनको उचित मूल्य र बजारको व्यवस्था गरिनु पर्दछ।

१०. पेट्रोलियम पदार्थ तथा अन्य दैनिक आवश्यकताका वस्तुहरुमा भएको र भैरहने मूल्यवृद्धिलाई नियन्त्रण गर्नुपर्दछ। मूल्य वृद्धिको अनुपातमा श्रमिकहरुको ज्यालादर र कर्मचारीहरुको तलब बृद्धि गरिनु पर्दछ।

११. भ्रष्टाचारी, तस्कर, कमिशनखोर र नाफाखोरहरुलाई तुरुन्त कडा कारवाही गर्ने उचित संयन्त्र निर्माण गरिनु पर्दछ।

१२. राष्ट्रिय र वैज्ञानिक शिक्षाप्रणाली लागू गर्नुपर्दछ। शिक्षालाई रोजगारीमूलक बनाइनु पर्दछ। शिक्षामा भइरहेको निजीकरण र व्यापारीकरणलाई तुरुन्त अन्त्य गरिनु पर्दछ।

१३. स्वास्थ्यसेवालाई निशुल्क र सर्वसुलभढंगले मुख्यत ग्रामीण र अन्य क्षेत्रमा विस्तार गरिनु पर्दछ।

१४. अन्धा, अपांग, वृद्ध, असहाय र बालबालिकाहरुको अधिकारको रक्षा गर्दै उनीहरुको हेरचाहको विशेष व्यवस्था गरिनु पर्दछ।

१५. महिलाहरुमाथि भएका सबै प्रकारका शोषणको अन्त गरिनु पर्दछ र पैतृक सम्पत्तिलगायत सबै क्षेत्रमा पुरुष सरह समान अधिकार दिइनु पर्दछ। महिला बेचबिखनलाई कडाइपूर्वक रोकिनु पर्दछ।

१६. दलित जातिमाथि छुवाछूतलगायत सम्पूर्ण शोषण उत्पीडनको अन्त्य गर्दै उनीहरुलाई सम्पूर्णरुपले अरु सरह समान अधिकार दिइनु पर्दछ।

१७. मजदुरहरुको निमित्त हप्ताको चालीस घण्टाको कार्यदिन र न्यूनतम ज्याला निर्धारण गरी त्यसको कडाइपूर्वक कार्यान्वयन गर्नु पर्दछ। उद्योगको व्यवस्थापनमा मजदुरहरुको सहभागिताको ग्यारेण्टी गरिनुपर्दछ।

१८. युवाहरुको सर्वांगीण विकासको लागि ठोस नीति बनाई योजनावद्ध ढंगले लागू गरिनु पर्दछ।

१९. साहित्यकार, सांस्कृतिककर्मी, बुद्धिजीवी, डाक्टर, वकिल, पत्रकार, लेखक, इन्जिनियर, शिक्षक आदिलाई देश र जनताको सेवामा समर्पित गराउन उनीहरुको प्राज्ञिक स्वतन्त्रता तथा पेशागत संरक्षणको सुनिश्चितता गरिनुपर्दछ।

२०. प्रतिगामी वैदेशिक सांस्कृतिक प्रदुषण र अतिक्रमणको देशभित्र छाडा सिनेमा, भिडियो र पत्रपत्रिकाहरुको आयात र वितरणमा रोक लगाइनु पर्दछ।

२१. गाउँ-गाउँमा खानेपानी, बाटो, पुल, बिजुली आदि पूर्वाधार विकास र विस्तारको विशेष योजना बनाएर तदारुकताकासाथ कार्यान्वयन गरिनु पर्दछ। गाउँ र शहर तथा विभिन्न भौगोलिक क्षेत्रहरुबीच विद्यमान असन्तुलन हटाएर सन्तुलित विकासको राष्ट्रिय योजना कार्यान्वयन गरिनु पर्दछ।

२२. रोजगारीका लागि विदेशमा गएका नेपालीहरुको हकहितको रक्षाको सुनिश्चितता गरिनु पर्दछ।

२३. देश र जनताका मुक्तिको लागि विभिन्न समयको जनआन्दोलन र जनयुद्धको क्रममा मारिएकाहरुलाई शहीद घोषणा गरिनु पर्दछ र हत्याराहरुलाई कडा कारवाही गर्नुपर्दछ।

२४. सम्पूर्ण तह र तप्काका जनसमुदाय र विभिन्न जनवर्गीय संगठनहरुले राखेका न्यायपूर्ण मागहरु तुरुन्त पूरा गरिनुपर्दछ।

३. मानव अधिकार तथा तात्कालिन राहत र पुनर्स्थापनाका विषयहरु

१. गृहयुद्धको क्रममा भएका मानवअधिकार उल्लंघनका घटनाहरुको निश्पक्ष छानबिन गर्न मानवअधिकारवादी संघ-संस्थाका प्रतिनिधिहरु समेत संलग्न उच्चस्तरीय र अधिकार सम्पन्न आयोग गठन गरिनु पर्दछ र उल्लंघनकर्ताहरुलाई आवश्यक कार्वाही गरिनु पर्दछ।

२. शहीदका परिवारहरुलाई तत्काल राहत तथा उचित क्षतिपूर्तिको व्यवस्था गरिनु पर्दछ।

३. गृहयुद्धको क्रममा घाइते भएकाहरुलाई निःशुल्क उपचारको व्यवस्था गरिनु पर्दछ।

४. गृहयुद्धको क्रममा विस्थापित भएका परिवारहरुलाई सोही स्थान वा अन्य उपयुक्त स्थानमा पुनर्स्थापना गरिनु पर्दछ।

(च) कार्यान्वयन र अनुगमन

१. वार्तामा दुवैपक्षबाट सहमति भएका विषयबस्तुहरु निश्चित समयभित्र कार्यान्वयन गरिनु पर्दछ र कार्यान्वयन भए नभएको अनुगमन गर्नकालागि एक निष्पक्ष अनुगमन टोली बनाउनु पर्दछ।

२०६० वैशाख १४

(बाबुराम भट्टराई)
संयोजक, वार्ता टोली
ने.क.पा.(माओवादी)

अनुसूची ७

वर्ष पुस्तक २००४ तयारीका क्रममा संलग्न व्यक्तिहरू

परिच्छेद लेखनमा संलग्न व्यक्तिहरू

परिच्छेद २ : अवरुद्ध प्रजातान्त्रिक अभ्यास

लेखक: वालकृष्ण कट्टेल

समीक्षक : प्रकाश ज्ञवाली

परिच्छेद ३

३.१ न्यायपालिका

लेखक: रञ्जना थापा

समीक्षक : उषा थपलिया

३.२ कार्यपालिका

लेखक: प्रेक्षा ओझा

समीक्षक : कृष्ण सुवेदी

३.३ व्यवस्थापिका

लेखक: कामदेव खनाल

समीक्षक : सम्झा श्रेष्ठ

परिच्छेद ४ : बढ्दो बर्बरता र अमानवीय क्रियाकलाप

लेखक: कुन्दन अर्याल

समीक्षक : जगदिश दाहाल

परिच्छेद ५ : सशस्त्र द्वन्द्व र आन्तरिक विस्थापन

लेखक: इन्दिरा फुयाल

समीक्षक : उपेन्द्र पौडेल

परिच्छेद ६ : आदिवासी जनजाति र मानवअधिकार

लेखक: मुक्तसिंह लामा

समीक्षक : हमिद अन्सारी

जिल्लागत प्रतिवेदन तथा तथ्यांक रुजु

१. गणेश भण्डारी

२. जीवन्त वाग्ले

जिल्ला प्रतिनिधिहरु

१. **पूर्वाञ्चल**

१.१ झापा - गणेश पोखरेल

१.२ इलाम - प्रकाश अधिकारी

१.३ पाँचथर - कृष्ण ओझा

१.४ ताप्लेजुङ - चन्द्रप्रकाश भट्टराई

१.५ मोरङ - दिपेन न्यौपाने

१.६ सुनसरी - राम कोइराला

१.७ धनकुटा - रमेशचन्द्र अधिकारी

१.८ तेह्रथुम - छत्र रिमाल

१.९ भोजपुर - चित्राङ्गत चौलागाई

१.१० संखुवासभा - लिलाप्रसाद श्रेष्ठ/विष्णु पोखरेल

१.११ सप्तरी - प्रकाश खतिवडा/उषा पोखरेल

१.१२ सिराहा - देवराज पोखेल

१.१३ उदयपुर - कुशलवावु वस्नेत

१.१४ खोटाङ - युवराज राई

१.१५ ओखलढुंगा - गुरुवहादुर वस्नेत

१.१६ सोलुखुम्वु - तेजनारायण राजभण्डारी

२. **मध्यमाञ्चल**

२.१ धनुषा - रोशनदीप ढकाल

२.२ महोत्तरी - ईश्वरी काफ्ले

२.३ सर्लाही - विदुर प्याकुरेल

२.४ सिन्धुली - आनन्दप्रसाद दाहाल

२.५ रामेछाप - नवराज पथिक

२.६ दोलखा - उद्धव पोखरेल

२.७ रौतहट - विपिन गौतम

२.८ वारा - रुद्र धिताल

२.९ पर्सा - प्रेम कार्की

२.१० चितवन - मुकुन्द दाहाल

२.११ मकवानपुर - प्रताप विष्ट

२.१२ ललितपुर - जीवन्त वाग्ले

२.१३ काभ्रेपलान्चोक - भोजराज तिमिल्सिना

२.१४ भक्तपुर - अकुर न्यौपाने

२.१५ काठमाडौं - गणेश भण्डारी

२.१६ धादिङ - सिताराम अधिकारी

२.१७ सिन्धुपाल्चोक - नातिवावु धिताल

२.१८ नुवाकोट - केशव मिश्र

२.१९ रसुवा - हेमनाथ खतिवडा

३. **पश्चिमाञ्चल**

३.१ तनहुँ - प्रकाशचन्द्र भट्टराई/प्रेमप्रसाद पौडेल

३.२ गोरखा - भीमलाल श्रेष्ठ

३.३ लमजुङ - कृष्ण अधिकारी

३.४ स्याङ्जा - निर्मला तिवारी

३.५ कास्की - श्यामनाथ कुंवर/लक्ष्मीराज पौडेल

३.६ मनाङ - कमानवहादुर गुरुङ

३.७ नवलपरासी - नारायण पराजुली

३.८ रुपन्देही - भीष्मराज पन्थी

३.९ पाल्पा - कृष्णप्रसाद वस्याल

३.१० कपिलवस्तु - नन्दराम पौडेल

३.११ अर्घाखाँची - खिमप्रसाद मरासिनी

३.१२ गुल्मी - दिलशोभा पुन
३.१३ बाग्लुङ - गोविन्द गौतम
३.१४ पर्वत - माधवराज पाण्डेय
३.१५ म्याग्दी - घनश्याम खड्का
३.१६ मुस्ताङ - चन्द्रबहादुर गुरु

४. मध्यपश्चिमाञ्चल
४.१ दाङ - विमलकुमार अधिकारी भरतमणि ढकाल
४.२ प्युठान - महेन्द्रप्रसाद श्रेष्ठ
४.३ रोल्पा - घनश्याम आचार्य
४.४ सल्यान - रामप्रकाश थापा
४.५ रुकुम - जिवन खड्का
४.६ बाँके - विजय चन्द
४.७ बर्दिया - नारायण सुवेदी
४.८ सुर्खेत - दुर्गा थापा भूपेन्द्र रावत
४.९ जाजरकोट - राजुकुमार शाक्य
४.१० दैलेख - सूर्यबहादुर शाही
४.११ डोल्पा - विष्णुलाल बुढा
४.१२ जुम्ला - गजेन्द्र महत
४.१३ कालिकोट - दुर्गा थापा हर्कबहादुर बम
४.१४ मगु - जिवन सिजवाल
४.१५ हुम्ला - रमेश एर्डी

५ सुदूर पश्चिमाञ्चल
५.१ कैलाली - हेमन्त पौडेल
५.२ अछाम - रतनबहादुर रावल
५.३ डोटी - लोकेन्द्र जोशी नरबहादुर आउजी
५.४ बाजुरा - अर्जुन शाह
५.५ बझाङ - प्रकाश विक अर्जुनबहादुर सिंह
५.६ कंचनपुर - युवराज घिमिरे कृष्णदेव पन्त
५.७ डडेलधुरा - केशव बोहोरा
५.८ बैतडी - शेरबहादुर चन्द
५.९ दार्चुला - नारायणदत्त भट्ट

क्षेत्रीय कार्यालयमा संलग्न

पूर्वाञ्चल
१. पोषराज अधिकारी २. पिताम्बर न्यौपाने

मध्यमाञ्चल
१. सम्झना श्रेष्ठ २. विनिता न्यौपाने सृजना शर्मा

पश्चिमाञ्चल
१. सोमराज थापा २. मधु पन्थी

मध्य पश्चिमाञ्चल
१. भोला महत २. भजन चौधरी

सुदूर पश्चिमाञ्चल
१. खड्कराज जोशी २. राजकुमार चौधरी

उत्कृष्ट जिल्ला प्रतिनिधिहरू

गत वर्षझैं यस वर्ष पनि सम्पूर्ण प्रतिनिधिमध्येबाट एक जनालाई राष्ट्रिय स्तरको "सर्वोत्कृष्ट जिल्ला प्रतिनिधि" पुरस्कारले, अन्य पाँच जनालाई "उत्कृष्ट जिल्ला प्रतिनिधि" पुरस्कारले पुरस्कृत गर्ने निर्णय भएअनुरुप निम्नानुसारका जिल्ला प्रतिनिधि छानिनुभएको छ। यसरी छानिंदा सकभर सबै विकास क्षेत्र समेट्ने प्रयास गरिने गरिएको छ। "सर्वोत्कृष्ट जिल्ला प्रतिनिधि" पुरस्कार रु. ७०००।-, "उत्कृष्ट जिल्ला प्रतिनिधि" पुरस्कार रु. ५०००।- र प्रशंसापत्र रहेको छ।

सर्वोत्कृष्ट
देवराज पोखेल, सिरहा



उत्कृष्ट
छत्र रिमाल, तेह्रथुम

उत्कृष्ट
रोशनदिप ढकाल, धनुषा

उत्कृष्ट
नारायण पराजुली, नवलपरासी

उत्कृष्ट
रतन रावल, अछाम

उत्कृष्ट
महेन्द्र श्रेष्ठ, प्युठान

अनुसूची ८

सन् २००३ मा राज्य पक्षद्वारा पीडित भएकाहरुको संख्या



राज्यपक्षद्वारा पीडित भएकाहरुको संख्या- जम्मा ७ हजार ९ जना

इन्सेक पुस्तक ११९/२०६०

"?!" **नेपालको वर्तमान अवस्था** शीर्षकमा कलाकार अस्मिना रञ्जितले ०६० मंसिर १३ गते बालमन्दिर, नक्साल-काठमाडौंमा यसरी प्रस्तुत गरिन्- समकालीन नेपालको तस्वीर। अस्मिनाको सटिक कलात्मक अभिव्यक्तिबाट प्रभावित भएर '**मानवअधिकार वर्ष पुस्तक २००४**' को आवरण सजाइएको छ।

सन् २००३ को अन्त्यसम्म आइपुग्दा नेपालको बहुदलीय व्यवस्था अन्तर्गत बाह्र वर्षसम्म गरिएको प्रजातान्त्रिक अभ्यास अवरुद्ध भएको छर्लङ्ग देखियो। त्यसबेलासम्म सत्चालीस सालको संविधानलाई पटक-पटक तोडमोड गरिसकिएको थियो। जनताको हातबाट सार्वभौमसत्ताको हरण भइसकेको थियो। संसद् भङ्ग गरिसकिएको थियो।

मानवअधिकार र कानुनी राजको यो पक्षाघातग्रस्त अवस्था रातारात उत्पन्न भएको भने होइन। बाह्र वर्ष अघि निरंकुशतावादलाई परास्त गरी स्थापित बहुलवाद विरुद्धको निरन्तरको षडयन्त्र आजको अवस्थाको एउटा कारक अवश्य हो। तर, छयालीस सालको ऐतिहासिक जनआन्दोलनका वाहकहरुले प्रजातान्त्रिक आचरण, सिद्धान्तनिष्ठता र स्वच्छताको उदाहरण प्रस्तुत गर्न सकेको भए प्रतिगमनको प्रयत्न पूर्णतः परास्त हुन सक्ने थियो। त्यसैले प्रजातन्त्रका आधारस्तम्भहरुको पुनर्निर्माण र प्रजातान्त्रिक हक, अधिकारहरुको पुनप्राप्तिका निम्ति विगतका कमी-कमजोरीहरुको समीक्षा आवश्यक छ।

इन्सेक insec
मानवअधिकार र सामाजिक न्यायका निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलंकी, स्युचाटार
पत्र पञ्जुषा : २७२६, काठमाडौं
फोन : ४२७८७७०
फ्याक्स : ४२७०५५१
ईमेल : insec@insec.org.np
वेभ साइट : www.insec.org.np

ISBN 99933-858-1-6